नेपाली-भाषामा

महर्षि वेद्व्यास-प्रणीत

श्रीमद्भागवत-महापुराण

(सचित्र)

प्रथम खण्ड [स्कन्ध १ देखि ७ सम्म]

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषा-प्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

नेपाली भाषामा

महर्षि वेदव्यास-प्रणीत

श्रीमद्भागवत-महापुराण

(सचित्र)

प्रथम खण्ड (स्कन्ध १ देखि ७ सम्म)

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

ने.भा.प्र.स.

मुद्रक:–

सु. ऋद्धिबहादुर मल्ल,
जोरगणेश प्रेस,
काठमाडौं, नेपाल।

भूमिका

द्वापर सकिएर कलियुग लाग्न लागेको समयमा वेद औ शास्त्रहरूको प्रचार शिथिल हुन लागेको देख्ता भगवान् व्यासले वेदहरूलाई चार भागमा विभक्त गर्नु भयो र वेदको अर्थ निर्णय तथा बिचार गर्नाका लागि इतिहास, पुराण, ब्रम्हसूत्रादिको निर्माण समेत गर्नु भयो । यति गर्दा पनि जीवहरूको स्थितिमा विशेष परिवर्तन नभएको देख्ता वाहाँ बहुतै चिन्तित हुनु भयो । आफ्नो कर्तव्य पालन गर्नामा ममा अवश्य कुनै त्रुटि हुनु पर्दछ, यसै कारणले मेरो अन्तःकरण सन्तुष्ट नभएको होला । यस प्रकारको चिन्ता मनमा लिएर सरस्वती–तटमा एकान्तमा बसिरहनु भएको बेलामा देवर्षि नारद त्यहाँ आइपुग्नु भयो र महर्षि वेदव्यासले वाहाँको स्वागत गरी आफ्नो चित्तको अशान्तिको कारण सोध्नु भयो ।

यस प्रश्नको उत्तरमा नारदले भन्नुभयो– महर्षे ! तपाईंले धर्म, अर्थ, काम औ मोक्षको जस्तो किसिमले वर्णन गर्नु भयो त्यस किसिमले ता भगवान्‌को निर्मल यशको निरूपण गर्नु भएको छैन । भगवान्‌को लीला–गायनले जत्तिको आत्मतुष्टि हुन्छ त्यत्तिको ता धर्म–कर्मको निर्णय औ विधि निषेधपट्टि मात्र अलमनिलाले कदापि हुन सक्तैन । यति भनेर देवर्षि नारद भगवन्नामको दिव्य–संगीत गाउँदै बिदा हुनु भयो र यता भगवान् व्यासले पनि श्रीमद्भागवत–संहिताको रचना गर्नु भयो ।

श्रीमद्भागवतशास्त्रको रचना ता भयो तर कसलाई यसको अध्ययन गराउने भन्ने प्रश्न मनमा उठनासाथ महर्षिवेदव्यासलाई आफ्ना छोरा श्रीशुकदेवको स्मरण भैहाल्यो । शुकदेवजी ता निबृत्ति परायण एवं ब्रम्हनिष्ठ हुनुभएकोले अध्ययन तथा अध्यापनको केही वास्ता नराखी समाधिमैस्थित रहनुहुन्थ्यो। वाहाँलाई श्रीमद्भागवतको अध्ययनतिर आकृष्ट गर्नाका लागि व्यासदेवले शुकदेवजी समाधि लगाएर

बस्नु भएको ठाउँमा गई भगवान्का लीला औ दयालुताका निम्न श्लोकहरू सुनाउन लाग्नु भयो:—

(क) अहो ! बकीयं स्तनकालकूटं
जिघांसया पाययदप्यसाध्वी ।
लेभे गतिं धात्र्युचितां ततोऽन्यं
कं वा दयालुं शरणं व्रजेम ।। ३।२।२३

(ख) बर्हापीडं नटबरवपुः कर्णयोः कर्णिकारं
बिभ्रद् वासः कनककपिशं वैजयन्तीं च मालाम् ।
रन्ध्रान् वेणोरधयसुधया पूरयन् गोपवृन्दै
र्वृन्दारण्यं स्वपदरमणं प्राविशद् गीतकीर्तिः १०।१५।५

यी श्लोकहरू सुन्नासाथ शुकदेवजीको चित्त गद्‌गद् भैहाल्यो, अतः समाधि औ आत्मानन्दनलाई त्यागी वाहाँ भगवत्प्रेमको अनन्त धारामा बग्न लागि हाल्नु भयो । भगवान्का लीला औ गुण कस्ता हुँदारहेछन्, तिनलाई सुन्नासाथ कुनै सहृदय व्यक्ति आनन्दित नभै रहनै सक्तैन भन्ने कुरा यस घटनाबाट स्पष्टै झल्किहाल्दछ । यस पछि श्री शुकदेवजीले महर्षि व्यासको आश्रममा आई सम्पूर्ण भागवतको अध्ययन गर्नु भयो ।

श्रीकृष्ण भगवान् आफ्नो परमधामतिर पाल्नु भएपछि पाण्डवहरू पनि यस लोकमा अड्न नसकी आफ्ना कर्म अनुसारको गतिमा प्राप्त भए । परीक्षित्‌को राजत्वकाल

(क) पापिनी पूतनाले आफ्ना स्तनमा हलाहल विष लगाएर श्रीकृष्णलाई मार्ने खोटो नियतले दूध चुसाइथी, त्यसलाई समेत भगवानले माताले पाउने योग्यको उत्तम गति दिनु भयो, वाहाँ-भन्दा बढ्ता दयालु को होला ? यसतालाई छाडेर हामीले कसको शरण लिन जाने हो ? ।

(ख) मयूरको प्वाँखको मुकुट धारण गर्नुभएको, कानमा कर्णिकारको फूल लगाउनु भएको शरीरमा सुन समानको प्रकाशमान पीताम्बर औ घाँटीमा पाँच प्रकारका सुगन्धित फूलले बनेको वैजयन्ती माला धारण गर्नु भएको नटबर वेषधारी कृष्णजीले बाँसुरीका प्वाललाई अधरामृतले पूर्ण गर्दै, आफ्ना चरण चिन्हले सुशोभित भएको वृन्दावनमा, ग्वालबालाहरूसंग उनको मुखबाट आफ्नो सुयशको गीत सुन्दै प्रवेश गर्नु भयो होला ।

पनि पाण्डबहरूको जस्तै प्रजाहरूको निम्ति आनन्ददायक थियो,तर कलियुगको आगमन भैसकेकोले वाहाँले धेरै दिनका लागि पाण्डवहरूले झैं राजशासन चलाउन सक्नु भएन।

एक दिन एउटी बूढी गाई औ एउटा गोरूलाई राजाहरूको जस्तो चिन्ह धारण गर्ने कुनै एक शूद्रले पिट्न लागेको वाहाँले देख्नु भयो । भोकले खिन्न भैराखेका उनीहरूलाई देख्ने बित्तिकै चिन्हेर राजा परीक्षित्ले शूद्रलाई धर्मरूपी गोरू औ पृथ्वीरूपी गाईलाई किन पिट्नलागेको भनि हप्काउनु भयो । शूद्रको रूप लिएको कलियुगले यिनले ता मलाई मार्ने पो हुन् कि भन्ने डरले राज चिन्ह मिल्काएर परीक्षित्को पाऊ परी हाल्यो । आफ्नो शरणमा परेको देखी वाहाँले उसको ज्यान ता लिनु भएन तर आफ्नो राज्य बाहिर जाने आदेश दिनु भयो । राज्य बाहिर ता मेरो अड्ने स्थानै छैन भनि उसले बारंबार बिन्ति गर्दा भैगयो तैंले असत्य, मद, काम, वैर औ रजोगुणमा प्रवृत्ति यी पाँच ठाऊंमा बस्नु भनि उसले बस्ने ठाऊँ तोकी दिनु भयो ।

क्षमा गर्नेहरू प्रति पनि विश्वासघात गर्ने दुष्टहरूको स्वभाव हुनाले कलिले महाराज परीक्षित्को मुकुट, शिकारको आश्रय लिएर वाहाँमाथि आक्रमण गरिहाल्यो र उसको प्रभावमा परी वाहाँले श्रृङ्गी ऋषिको तिरस्कार गर्नु भयो। यै तिरस्कार वाहाँको मृत्युको कारण बन्न गयो।

मृत्युको समेत सदुपयोग गर्ने महापुरूषहरूको विशेषता हुनाले महाराज परीक्षित्ले आफ्नो मृत्युको उपस्थितिमा अलिकता पनि नहडबडाई जगत्को ममता तथा राजकाजलाई त्यागी सात दिनको अनशन व्रत लिएर गङ्गा किनारमा बस्नु भयो र त्यहाँ महात्माहरूसितको सत्संग गर्न लाग्नु भयो। यस घटनालाई ता परीक्षित् एवं सारा संसारको निमित्त भगवान्को ठूलो कृपा संझनु पर्दछ, कारण यै घटनाले गर्दा संसारले श्रीमद्भागवत जस्तो महापुराण भेट्टायो ।

भगवान्ले परीक्षित्की माताको गर्भमा प्रवेश गरेर वाहाँलाई जीवनदान दिनु भएको थियो। अतः भगवानका यस्ता प्यारा भक्तले पाउनु पर्ने केही कुरा बाँकी ता थिएनन् तर पनि मृत्यु ग्रस्त प्राणीहरूको उद्धारको निम्ति भगवान्को

प्रेरणाले वाहाँले अनेक प्रश्न गर्नु भयो र श्री शुकदेवको मुखबाट भागबतधर्म परा-भक्ति, परम ज्ञान एवं श्रीकृष्णका लीलाहरूको बर्णन सुनेर परमादन्दको अनुभव गर्नु भयो। श्री शुकदेवजीले वर्णन गर्नु भएका यिनै कुरा श्रीमद्भागवतको नामले विख्यात छ।

यस प्रकारसंग रचना भएको श्रीमद्भागवत पुराण सम्पूर्ण बेद औ उपनिषद-हरूको सारांश हो भनेर सबैले जानेकै कुरा हो। यो सांख्य वेदान्त आदि छवोटै दर्शनहरूको तत्वविचारले भरिपूर्ण छ। यसै कारण "विद्यावतां भागबते परीक्षा" (अर्थात् विद्वान्‌हरूको परीक्षा भागबत पुराणमा हुन्छ) भन्ने उक्ति चलेको होला। वेद वेदान्त औ दर्शन आदि धर्मशास्त्रहरूको पूर्ण रूपले अध्ययन गरिसकेकाले मात्र प्रवेश गर्नु पर्ने यो ब्रह्मरूप, अचिन्त्य, गंभीर भागवतसागरमा म जस्ता अल्पज्ञले प्रवेश गर्न खोज्नु केवल धृष्टता संझिए तापनि कृपानिधि ईश्वरको लीला अपरम्पार छ। करूणानिधि वाहाँको अनुग्रह भएको खण्डमा एउटा तुच्छ कीराले पनि गरूडले भन्दा बर्ता काम गर्न सक्तछ, लाटो बोल्न सक्तछ, लगंडो पहाड चढ्न सक्तछ भने म जस्तो तुच्छ व्यक्तिबाट यस्तो महान कार्य सम्पन्न गराई दिनु पनि ती महानुभाव परमेश्वरको निम्ति कुनै विचित्रको कुरो होईन। विना ईश्वरको कृपाले एउटा पातसम्म पनि हल्लन सक्तैन भने उहोंकै प्रेरणाले नै यस अनुवादमा मेरो प्रवृत्ति भएको हो भन्नै पर्दछ। अतएव यो काम ईश्वरकै आज्ञाले भएको हो, जसको आज्ञा पालन गर्नु प्राणी मात्रको परम धर्म हो।

यो भागवतलाई परमार्थको द्वार भन्नु पर्दछ। ज्ञान औ वैराग्यको वर्णनमा समेत भगवद्भक्तिलाई प्रधानता दिएर यसैको पुष्टि गरिएको छ। कपटरहित परमहंस धर्मको वर्णन भएको यस ग्रन्थमा तीनै प्रकारका तापको जरै उखेल्ने, कल्याणकारी, सत विषय परब्रह्मको सर्वत्र प्रतिपादन गरिएको छ। यसै कारणले यसलाई सुन्ने इच्छा गर्नासाथ दुर्लभ हरि हृदयमा प्रकट भएर अज्ञानरूप अन्धकार-लाई दूर गरिदिनु हुन्छ। वास्तबमा यस कलियुगमा यो भक्तिमय भागवत शास्त्र एक मात्र मुक्तिको द्वार हो। यसलाई केवल सुन्नाले नै बडा बडा पातकी पापमुक्त

भए भन्ने कुरामा केही आश्चर्य छैन । मरने बेलामा छोरालाई बोलाउँदा एकचोटि नारायणको नाम मुखबाट निस्कनाले नै आजन्मपातकी अजामिल मुक्त भए । यै नामको महात्म्य यस शास्त्रमा सर्बत्र कहिएको छ । योग, यज्ञ, तप, ब्रत, दान, यम, नियम, संमय आदि कुनै साधन यसको समान छैन । यो व्यासजीको उज्ज्वल बुद्धिको ज्वलन्त 'उदाहरण हो । यो भगवद्वाक्य हो, यो भगबानको रूप हो । यसलाई पढनाले अथवा सुन्नाले माया मोह रहला भन्नै पर्दैन ।

वेदव्यासको हृदयको भाव संस्कृत नपढेका मानिसलाई समेत व्यक्त होस् भन्ने उद्देश्यले सर्बसाधारणले बुझ्ने गरी सकेसम्मको शरलभाषामा मूलग्रन्थको कुनै पदको अर्थ नछुट्ने गरी यो अनुवाद गरिएको छ । यस अनुवादमा म कहाँसम्म कृतकार्य भएको छु, यो कुरा निर्णय गर्नु ता सहृदय पाठकहरूमा निर्भर छ । आकाश अनन्त छ, त्यसमा चराचुरुङ्गीहरू आफ्नो आफ्नो शक्ति अनुसार उडिनै रहेका छन् त्यसै गरी मैले पनि अनेक टीकाहरूको सहायताले आफ्नो बुद्धि अनुसार यो अनुवाद गर्ने प्रयास गरेको छु, तसर्थ मैले राम्रै गरी बुझेर यो अनुवाद गरेको हूँ, मेरो यो अनुवाद निर्दोष छ भन्नु ता सर्वथा अयोग्य कुरा हो । पाठकहरूले यसमा देखिएका त्रुटिहरूको सूचना दिने अनुग्रह गर्नु भएमा दोस्रो संस्करणमा ती त्रुटिहरूमा यथाशक्य विचार गरिने छ ।

लोक परलोक दुबैलाई सपार्ने श्रीमद्भागबतको अहिलेसम्म हाम्रो मातृभाषामा यथार्थ पूरापूर अनुवाद नभएको र अधिकांश दाजु भाइमा मूलग्रन्थ बुझ्ने शक्ति नदेखिएकोले सर्वसाधारणमा यसको प्रचार गराउनु आफ्नो परम कर्तव्य संझी यसको अनुवाद गरेको हुँ ।

अन्त्यमा म हाम्रा प्रजाहितैषी, धर्मपरायण श्री ५ महाराजाधिराज महेन्द्रबीर विक्रम शाहदेबका करकमलमा श्रद्धाञ्जली समर्पण गर्दछु । मौसूफबाट लेखकको परिश्रम उपर कदर गरी बक्सी यस अनुवादको प्रकाशनका निमित्त प्रबन्ध गरिदिनु भन्ने हुकुम बक्सेकोले नै यसको प्रकाशन सम्भव भएको हो । उपर्युक्त हुकुम बमोजिम छपाउने प्रबन्ध मिलाइ दिने औ छपाउनका लागि चाहिने खर्चको निकासा गराइ दिने राजकर्मचारीहरूलाई म धन्यवाद अर्पण गर्दछु ।

बासुदेव भट्टराई

परिचय

मेरा गुरू श्री बासुदेव भट्टराईज्यूले गर्नु भएको श्रीमद्‌बाल्मीकीय रामायणको नेपाली अनुबाद अगि नै जनताको अगाडि परिसकेको छ। त्यसको भूमिका लेख्ने सौभाग्य पनि मलाई प्राप्त भएको थियो। त्यो अठ्ठार वर्ष अगिको अर्थात् वि. सं. १९९७ सालको घटना थियो। अहिले फेरि उहाँले नै अनुवाद गर्नुभएको श्रीमद्भागवतको विषयमा केही लेख्न पाउनु मैले गुरूको कृपा संझेको छु।

उहाँले संस्कृत तथा अङ्ग्रेजीको शिक्षा भारत बनारसमा प्राप्त गर्नु भएको हो। बि. ए. परीक्षाको अध्ययन समाप्त भएपछि वि. सं. १९७३ सालमा यहाँ नेपाल राजधानीमा आई स्वाध्याय सहित दरबार स्कूलमा अध्यापक हुनुभएको थियो, त्यस बेला आफ्नो चौध बर्षको उमेर देखि लिएर धेर पछिसम्म मैले उहाँसित संस्कृत पढेको थिएँ। यी सब कुराले संकोच लाग्दालाग्दै पनि मैले यो परिचय लेख्ने धृष्टता गरेको छु। २००४ सालदेखि उहाँ पद्मकन्या स्कूलमा पढाउनु हुन्थ्यो; २०१२ सालदेखि उहाँले सरकारी जागिरबाट अवकास लिनुभएको छ। यस पुस्तक लाई पूर्ण गर्नूभएको त धेरै अघिनै हो तर अहिले २०१५ सालमा यसको प्रकाशन हुने सौभाग्य प्राप्त भयो।

पूर्वीय आर्यहरूमा भारतका बाल्मीकि र वेदव्यासको कुन स्थान छ त्यो सर्ब बिदितै छ। उनको प्रभाव नेपालमा परेको कुरा पनि हाम्रो इतिहास जत्तिकै पुरानो छ। रामायण, महाभारत तथा भागवतका धेरै प्राचीन हस्तलिपी हाम्रो देशमा प्राप्य छन्, ती अमूल्य छन्। राम र कृष्णलाई हजारौं बर्षसम्म भारतका मात्र होइनन् नेपालका कविहरूलेपनि कविताका देवता बनाएका छन्। नेपाली भाषा केवल बोलचालको नभई यसमा कविता बन्न थालेपछि पनि त्यही परम्परा रह्यो 'ब्रज त बेस बन्यो तिम्रो जन्मले ....' तथा 'कोही एक मथुरापुरी नगरीमा

श्रीकृष्णऔतार भया' अनि भानुभक्तको रामायण र होमनाथको कृष्णचरित्र इत्यादि त्यही धारामा छन् ।

यसरी प्रचार हुनाको कारण ती ग्रन्थहरूलाई नियालेर हेर्नेले सजिलोसित पत्ता लगाउन सक्तछन् । उसमा पनि भागवत संसारमा एक विशिष्ट ग्रन्थ छ, त्यससित तुलना गर्नालाई हामी संसारभर त्यस किसिमको कुनै अर्को ग्रन्थ पाउँदैनौं ॥इलियद्, एनिद्, डिभाइन-कमिडिया आदि महाकाव्य संसारमा छन्, तिनको उच्चस्थान छ, परन्तु भागवतको तिनीहरू देखि भिन्न आफ्नै अपूर्व स्थान छ ।

संस्कृत साहित्यमा त भागवत सर्वमान्य सर्बश्रेष्ठ छँदैछ । पछि कालिदास, श्रीहर्ष, माघ, भारबीहरूले पनि महाकाव्य लेखे, उनमा कविताको चमत्कार र भाषाको परिष्कृति देखिन्छन् तर रूपमा तिनैलाई रामायण महाभारत र भागवत-हरूकै पुनरावृत्ति भने पनि हुन्छ किनभने कथानक दर्शन ज्ञान—बिज्ञान नीति धर्म आदिको मौलिकता पछिका काव्यहरूमा पाइँदैनन्, तिनको मूलस्रोत उनै प्राचीन महर्षि बाल्मीकि र व्यासका ग्रन्थमा छन् । दुइमध्ये बाल्मीकिमा कवितात्मक सरलता र यथार्थताको विशेषता छ, व्यासमा गएर सबै विषय चरम सीमामा विकसित पाइन्छ । पूर्वीय आर्यसंस्कृतिको मध्यान्हमा व्यास सबभन्दा अग्लिएको बेलाका सूर्य हुन् । उनलाई देख्ता फेदीमा बसेर सगरमाथामाथि आँखा साथसाथै हृदय दौडाई भन्नु परे जस्तै यसो भन्न करै लाग्दछ—'ओहो, कत्रो विशाल, कहाँसम्मको विस्तृत, कति अगाध !'

बेदव्यासलाई पश्चिमकाहरूसित तुलना गर्न खोज्यौं भने सत्रजनाको एकैचोटि नाम लिनु पर्दछ : होमर, इशप, सुकरात, जिजस, र्वाजिल, कर्पानिकस, शेक्सपियर निट्ज्शे, अफलानूँ, भाग्नर, भिक्तरहचुगो, मार्क्स, लिन्कन, फ्रूड, क्यान्ट, टलसटाइ र सन्त पितर, एकै व्यास यी सत्रको बराबरी छन् । यस्तो मस्तिष्क संसारमा फेरि जन्मेन । श्रीमद्भागवत उनको पनि सर्वोत्कृष्ट कृति हो जसका नायक श्रीकृष्ण छन् । भागवतैमा कृष्णको वर्णन— 'मल्लहरूले वज्र देखे ...... बेदान्ती—

हरूले ब्रम्ह देखें' यसरी गरे अनुसार भागवतले साना बालक बालिकालाई जति आनन्द दिन्छ त्यति नै ठूला ठूला सिद्ध महात्माहरूलाई परमानन्द दिएको छ ।

तसर्थ नेपालले धेरैं वर्ष अगाडि वेदव्यासलाई आफ्नै जस्तो गरी लिएको छ । शिवरात्रीलाई जस्तैं गरी नेपालले कृष्णाष्टमीलाई पनि मान्दै आएको छ, अनि भागवतको कथासित परिचित नभएको कुनै नेपाली होइन । भागवत यस्तो लोकप्रिय छ तापनि यसको अनुवाद गर्नु सजिलो कुरा छैन। हुन ता नेपाली भाषामा पहिले पनि भागवतको अनुवाद भइसकेको छ– गद्यमा पनि पद्यमा पनि। पं. बिश्वराज हरिहर शर्माद्वारा प्रकाशित पं. चिरंजीवी उपाध्यायको सुरवार्णव सबभन्दा पुरानो हो । तर ती पहिलेका अनुवादहरू यो गुरू श्री वासुदेवज्यूबाट गर्नु भएको सित दाँज्नु हुँदैन; विशुद्ध भाषाशैलीको स्तरले मात्र होइन, अक्षरशः अनुबाद भएकोले मात्रै पनि होइन, यो त केही मात्रामा टीका र व्याख्यान समेत हुन गएको छ, मनन र चिन्तना गर्नेहरूको निमित्त यो प्रदर्शक समेत बन्न गएको छ; सामान्य पौडी खेल्नेको निंति शान्त सरल सतह हुनाको साथै डुबुल्की मार्ने वा मोती खोज्नेको निंति यो उति गम्भीर छ किनभने निर्देशनको साथै यो यथार्थ अनुबाद भएको छ।

नेपाली भाषा यसद्वारा बिशेष अलंकृत हुनेछ, नेपाली पुस्तकालय गौरबान्बित हुने छ, भागबत–भक्तको निमित्त यो बासस्थान जत्तिकै आधार बन्ने छ, अरू कबि दार्शनिक लेखक, ऐतिहासिक कथाकार आदि सबको निमित्त पनि कामधेनु ठहरिने छ। यस्तो ठूलो पुस्तक छपाइदिबक्सेर विद्याप्रेमी श्री ५ महाराजाधिराज–बाट देशको सरस्वती मन्दिरमा एक बलियो ईंट थपाइदिइबक्सियो ।

आजकाल धेरैंजसो प्रेमलाई मान्यता दिन्छन्, भक्तितिर उस्तो मानिसको प्रबृत्ति देखिदैन । परन्तु भक्ति प्रेमलाई उच्च पारेको अर्को नाम हो, पारस्परिक प्रेम सामान्य बिषय हो, त्यसमा हार्दिक आदान प्रदान हुन्छ, तर भक्तिमा पूर्ण आत्मसमर्पण हुन्छ, सेवा भावनाको आधिक्य हुन्छ, भागबतमा त्यही भक्तिको पराकाष्ठा छ– उहीं व्यासको महानता छ । देश प्रेम र देशभक्तिलाई दाँझेर हामी यसो मन्न सक्तछौं– देशप्रेमीले देशलाई सिंगादछ, देशभक्तले देशलाई उठाउँछ ।

चालिस बयालिस वर्ष अगि गुरूसित संस्कृतका कथाहरू पढ्दा जुन आनन्द हुन्थ्यो अहिले उहाँको यो भागबतको अनुवाद पढ्दा पनि मलाई त्यही आनन्द लाग्यो। यसको कारण उहाँ स्वभावतः भाबुकताले पढ्ने लेख्ने गर्नु हुन्छ। यो पुस्तक उहाँले कर्तव्यले मात्र होइन भक्ति भावनाले लेख्नु भएको छ, यसको अनुभब स्वयं पाठकबर्गबाट हुने छ, म बढ्ता बोल्दिन।

बालकृष्ण सम
सदस्य-नेपाल एकेडेमा

ज्ञानेश्वर
२०१५ कार्तिक २८ गते

विषय-सूचि

माहात्म्य (पद्मपुरानान्तर्गत)

—०—

प्रथमस्कन्ध

—०—

द्वितीयस्कन्ध

—०—

तृतीय-स्कन्ध

—०—

चतुर्थस्कन्धः

अध्याय संख्या	विषय	पृष्ठ
६.	ब्रह्मादि देबताहरू कैलासमा जम्मा भएर भगवान् शंकरलाई मनाउँछन् ।	२९२–२९६
७.	रूद्र भगवान्‌को वरदान, दक्षको पुनर्जीवन यज्ञको पूर्ति औ सबै देवताहरूले गरेको विष्णु भगवान्‌को स्तुति ।	२९७–३०३
८.	सौतेनी आमाको मुटु छेड्ने कुरा सुन्दा ध्रुव वनतिर लाग्दछन् औ त्यहाँ नारदको उपदेशले भगवान्‌को आराधना गर्दछन् ।	३०३–३०९
९.	ध्रुवले भगवान्‌को दर्शन पाएपछि उहाँको स्तुति गर्दछन् र उहाँबाट वर पाएर घर फर्की राज्य चलाउँछन् ।	३०९–३१५
१०.	आपना भाइ उत्तमको यक्षहरूद्वारा बध भएको सुन्दा ध्रुव क्रुद्ध भएर यक्षहरूसित युद्ध गर्न थाल्दछन् ।	३१५–३१७
११.	स्वायम्भूव मनु ध्रुवलाई संझाई बुझाइकन युद्ध बन्द गर्ने उपदेश दिन्छन् ।	३१८–३२१
१२.	कुबेरबाट बरदान पाएर ध्रुव आफ्नो राजधानीमा फर्केर आउँछन् औ अनेक यज्ञ गरेर विष्णुलोक जान्छन् ।	३२१–३२५
१३.	ध्रुव वंशको वर्णन र यस वंशमा उत्पन्न भएको बेनको दुराचारले गर्दा अतिशय विरक्त भएका उसका पिता अङ्गले गृहत्याग गरेको कथा ।	३२५–३२८
१४.	वेनको राज्याभिषेक औ ब्राम्हणको श्रापले उसको प्राण नाश । वेनको तिघ्रा मथ्नाले विषादको उत्पत्ति ।	३२८–३३१
१५.	राजा पृथुको उत्पत्ति औ राज्याभिषेक ।	३३१–३३३
१६.	बन्दीजनद्वारा महाराज पृथुको स्तुति।	३३३–३३६
१७.	महाराज पृथु पृथ्वीमाथि झोकिन्छन् औ उनले शस्त्रधारण गरेको देख्ता पृथ्वी डराएर उनको स्तुति गर्दछिन् ।	३३६–३३८

—०—

पञ्चमस्कन्धः

अध्याय संख्या	विषय	पृष्ठ
	आग्नीध्रका छोरा राजा नाभिको चरित्र वर्णन।	४०७–४०९
४.	ऋषभदेवको अलौकिक चरित्र एवं राज्य शासनको वर्णन ।	४०९–४११
५.	ऋषभदेवले आफ्ना छोराहरूलाई दिएको उपदेश तथा स्वयं आफूले अवधूतबृत्ति ग्रहण गरेको वर्णन ।	४११–४१६
६.	ऋषभदेवको देहत्याग ।	४१६--४१८
७.	राजा भरतको चरित्र। यिनले पुलहाश्रममा गएर तपस्या गरेको वर्णन ।	४१८--४२०
८.	भरत मृगको मोहमा परेर मृगयोनीमा जन्म लिन्छन् ।	४२०--४२३
९.	भरत ब्राह्मणकुलमा जन्मन्छन् ।-जड भरतलाई भद्रकालीको मन्दिरमा राजाका नोकर बलि दिन लइजान्छन् तर देवी द्वारा उनको रक्षा हुन्छ ।	४२३–४२६
१०.	पालकी बोक्ने काममा नियुक्त भएका जड भरतको ज्ञान पूर्ण कुरा सुन्दा राजा रहूगण मैले ठूलो अपराध गरेछु भन्ने समझले डराएर उनीसित क्षमा माग्दछन् ।	४२७–४३०
११.	राजा रहूगणलाई ज्ञानको उपदेश गर्दा जड भरतजी संसारको मित्थ्यात्वको वर्णन गर्नु हुन्छ ।	४३१–४३३
१२	राजा रहूगणका संशयको समाधान, सत्संगको प्रशंसा र जड भरतजीको पूर्वजन्को वृत्तान्त ।	४३३–४३५
१३	भवांटवीको वर्णन औ रहूगणको संशय नाश।	४३५--४३८
१४	भवाटवी रूपकको सरल व्याख्या।	४३८--४४३
१५.	भरतवंशीय राजाहरूको वर्णन।	४४४–४४५
१६.	भुवन कोशको वर्णन।	४४५–४४८
१७.	गङ्गाजीको विवरण र रूद्रदेवले गरेको भगवान् संकर्षणको स्तुति।	४४८--४५१

—०—

षष्ठस्कन्ध।

अध्याय संख्या	विषय	पृष्ठ

सप्तमस्कन्धः

—०—

चित्र-सूचि

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

माहात्म्य

अनुवादक

वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

ॐ नमोभगवते वासुदेवाय

श्रीमद्भागवत-माहात्म्य

नेपाली भाषा

अध्याय – १

देवर्षि नारदको भक्तिसितको भेट ।

जगत्को उत्पत्ति, स्थिति औ विनाशका कारण, आध्यात्मिक, आधिदैविक तथा आधिभौतिक यी तीनै प्रकारका तापको विनाश गर्ने सच्चिदानन्दस्वरूप भगवान् श्रीकृष्णलाई हामी नमस्कार गर्दछौं ॥१॥

यज्ञोपवीत-संस्कारसमेत हुन नपाउँदैमा शुकदेवजी लौकिक-वैदिक सब प्रकारको कर्मलाई त्यागेर एक्लै वनतिर लाग्दाखेरि उहाँका पिता महर्षि द्वैपायनले पुत्रविरहले व्याकुल परी "ए छोरा ! ए छोरी ! तिमी कहाँ जान लाग्यौ ?" भनेर चिच्च्याउनुभयो । त्यस वेला शुकदेवजीको तरफबाट त्यहाँका रूखहरूले उत्तर दिए। यस घटनाबाट उहाँ सम्पूर्ण प्राणीको हृदयमा आत्माको रूपले विराजमान हुनुहुँदोरहेछ भन्ने सिद्ध हुन्छ। यस्ता ब्रह्ममय महामुनि शुकदेवलाई म नमस्कार गर्दछु ॥ २ ॥

एकचोटि हरिकथा-रूप अमृतरसको स्वाद लिनामा निपुण भएका शौनक मुनिले नैमिषारण्य क्षेत्रमा व्यासासनमा बसेका परमबुद्धिमान् सूतजीलाई नमस्कार गरेर उनीसित सोधे ॥ ३ ॥

शौनक मुनिले भने—

अज्ञानरूप अन्धकारलाई नष्ट गर्नाका लागि करोडौं सूर्यसमानको कान्ति धारण गर्ने हे सूतजी यस समयमा मेरो कानलाई अमृतसमान लाग्ने कुनै सारगर्भित कथा सुनाउनुहोस् ॥ ४ ॥ भक्ति ज्ञान औ वैराग्यद्वारा प्राप्त भएको विवेकको अधिकाधिक वृद्धि कुन उपायले हुन्छ, विष्णु भगवान्का भक्तहरूले कसरी मायाजनित मोहलाई दूर गर्न सक्तछन् ? कृपा गरी हामीलाई बताउनुहोस् ॥५॥ यो घोर कलिकालमा रजोगुण–तमोगुणको वृद्धि भएकोले जीव प्रायः आसुरी स्वभावका भइराखेका छन्, यसैकारण नाना प्रकारका आपत्तिले घेरिएका छन् । यो आसुरी स्वभावको सुधार गरेर जीवात्मालाई शुद्ध बनाउने कुन सर्वश्रेष्ठ उपाय हो सो पनि भन्नुहोस् ॥ ६ ॥ हे सूतजी ! यस मौकामा हामीलाई सबभन्दा बर्ता कल्याणकारी, अन्तःकरणलाई सबभन्दा बर्ता पवित्र पार्ने तथा सदाका लागि कृष्ण भगवान्को प्राप्ति गराउने कुनै उपाय बताउनुहोस् ॥ ७ ॥ चिन्तामणिले केवल लौकिक सुख दिन सक्तछ औ इन्द्रले स्वर्गीय सुख दिन सक्तछन् तर गुरुदेव प्रसन्न भएको खण्डमा ता उहाँले योगीहरूले समेत बडो मुश्किलसंग भेट्टाउने वैकुण्ठधाम (मोक्षपद) समेत दिन सक्नुहुन्छ ॥ ८ ॥

सूतजीले भने—

हे शौनकजी ! तिम्रो हृदयमा भगवान्प्रति प्रेम छ अतएव म आफ्नो मनमा विचार गरेर तिमीलाई जन्म मृत्युको भयलाई नाश गर्ने, भक्तिको वेगलाई बढाउने, औ कृष्ण भगवान्को प्रसन्नताको प्रधान कारणरूप यो सब सिद्धान्तको सारतत्त्व वर्णन गरेर सुनाउँछु, सावधान भई सुन ॥९-१०॥ कालरूप विकराल सर्पको आहारा बन्ने भयबाट जीवलाई छुटकारा दिलाउनको निम्तिमा यस कलियुगमा शुकदेवजीले श्रीमद्भागवत नामगरेको एउटा शास्त्र भन्नुभएको छ ॥ ११॥ मनलाई शुद्ध पार्नाको निम्तिमा योभन्दा ठूलो अरू कुनै साधन छैन, जन्म-जन्मान्तरको पुण्यको उदय भएपछि मात्र मानिसले भागवत पुराण सुन्ने मौका भेट्टाउँछन् ॥ १२॥ राजा परीक्षितलाई यो पुराण सुनाउनाको निम्ति शुकदेव सभामा विराजमान हुंदा देवताहरू अमृतको कलश लिएर त्यहाँ उपस्थित भए ॥१३॥ आफ्नो काम सिद्ध गर्नामा देवताहरू बडा पक्का हुन्छन् तसर्थ यहाँ पनि उनीहरूले शुकदेवलाई नमस्कार गरेर भने—"यो अमृत लिएर हामीलाई कथारूपी अमृत दिनुहोस्; यसप्रकारसँग सट्टापट्टा गर्नाले राजा परीक्षित अमृतपान गरेर अमर हुनेछन् र हामी देवताहरू पनि श्रीमद्भागवतरूपी अमृत पिउन पाएर कृतार्थ हुनेछौं" ॥१४-१५॥ "यस संसारमा कहाँ अमृत ! औ कहाँ हरिकथा ! कहाँ कांच ! औ कहाँ महामूल्य मणि !" यस्तो विचार गरेर शुकदेवजी देवताहरूको कुरामा हाँस्न लागे ॥ १६॥ र देवताहरूमा राजाको जस्तो भक्ति औ श्रद्धा नदेखेकोले उनीहरूलाई कथामृतको पान गराएनन्। यसैले यो श्रीमद्भागवतको कथा देवताहरूलाई समेत दुर्लभ छ भनेको हो ॥ १७॥

हे शौनकजी ! केवल श्रीमद्भागवतको श्रवणले नै राजा परीक्षितलाई मुक्त भएको देख्ता पूर्वकालमा ब्रह्माजीलाई समेत बडो आश्चर्य लाग्यो तसर्थ उहाँले सत्यलोकमा तराजू बाँधेर सबै साधनहरूको तौल गर्नुभयो ॥ १८॥ त्यस बखतमा दान, तप, व्रत इत्यादि सबै साधन तौलमा हलुको हुन गए र यो श्रीमद्भागवत आफ्नो महत्त्वले सबभन्दा भारी देखियो। यो देख्ता सारा ऋषिहरू बडो छक्क परे ॥ १९ ॥ तसर्थ उनीहरूले कलियुगमा भागवत शास्त्रलाई साक्षात् भगवान्को रूप र यसैलाई पढ्ने सुन्ने गर्नाले तत्काल मोक्ष पाइन्छ भनेर निश्चय गरे ॥ २०॥

सप्ताहपारायणको विधिले श्रवण गरेमा निश्चय यसले मुक्ति प्रदान गर्दछ। पूर्वकालमा परम दयालु सनकादिहरूले सप्ताहपारायण-विधिले यो पुराण नारदलाई सुनाएथे ॥ २१॥ नारदले पहिले नै ब्रह्माको मुखबाट यो भागवत सुनिसकेको भए तापनि सात दिनमा यसको पारायण सुन्ने विधि ता सनकादिहरूले नै उहाँलाई बताएका हुन् ॥ २२॥

शौनकजीले सोधे—

हे सूतजी ! नारद ता प्रायः सांसारिक झण्झटदेखि परै रहने औ कुनै एक ठाउँमा स्थिर भई बस्ने पनि होइनन्—फेरि यस्तालाई सप्ताहपारायणविधिले भागवत श्रवण गर्ने प्रेम कसरी भयो औ सनकादिहरूसित यिनको कुन ठाउँमा भेट भएको हो ? ॥ २३॥

सूतजीले भने—

अब म यस विषयमा तपाईंलाई एउटा भक्तिपूर्ण इतिहास सुनाउँछु। शुकदेवजीले मलाई आफ्नो प्रधान शिष्य सम्झेर एकान्तमा यो इतिहास सुनाउनुभएथ्यो ॥ २४ ॥ एकचोटि सनकादि चारै जना पवित्र हृदय भएका महर्षिहरू सत्संगका लागि बद्रीनारायणको अन्तर्गत विशालापुरीमा आएका थिए, त्यहाँ उनीहरूले नारदजीलाई देखे ॥ ५ ॥

सनकादिले सोधे—

हे ब्रह्मन्! तपाईंको मुख किन खिन्न देखिएको हो? कुन कुराको चिन्ताले तपाईंलाई ग्रस्त पारेको छ? यस्तो हतार गरेर कहाँ जान लाग्नुभएको हो? औ कताबाट पाल्नुभएको हो? ॥ २६ ॥ सर्वस्व लुटिएको मानिसको जस्तो तपाईंको मन अहिले चञ्चल देखिन लागेको छ, तपाईं समान विरक्त पुरुषको ता यस्तो दशा नहुनुपर्ने हो; अतः कृपा गरी आफ्नो चिन्ताको कारण भन्नुहोस् ॥ २७ ॥

नारदजीले भने—

मनुष्यलोकलाई कर्मभूमि भएकोले सर्वश्रेष्ठ सम्झेर यहाँ आएको थिएँ। यहाँ पुष्कर, प्रयाग, काशी, गोदावरी (नासिक), हरिद्वार, कुरुक्षेत्र, श्रीरङ्ग औ सेतुबन्ध आदि अनेक तीर्थस्थानमा यताउति घुमें तर मनलाई सन्तोष दिने शान्ति कतै पनि भेटिनँ। यस समयमा यो सारा पृथ्वीलाई अधर्मको सहायक कलियुगले पीडित गरिराखेको छ॥ २८-३० ॥ अहिले यहाँ सत्य, तप, शौच, दया, दानादि केही पनि छैन; विचरा सबै जीव आफ्नो पेट पाल्नामा लागिराखेका छन्। यी सबै असत्यवादी, अल्छी, मन्दबुद्धि औ भाग्यहीन भइराखेका छन्। यिनलाई नाना प्रकारका आपत्तिले घेरिराखेका छन् औ जो साधुसंत जस्ता देखिन्छन् ती ता पूरा पाखण्डी छन्। विरक्त जन अर्थात् वैरागीहरू समेत वास्तवमा घरबार भएका कुटुम्बी छन् ॥३१-३२॥ घर घरमा आइमाईको प्रभुता फैलिएको छ, साला जेठान सल्लाह दिनेभएका छन्, पैसाको लोभले मानिस आफ्ना छोरी बेच्तछन् औ प्रायः सर्वत्र लोग्ने-स्वास्नीमा झगडा मच्चिइरहन्छ ॥ ३३ ॥ महात्माहरूको आश्रम, तीर्थ औ नदीमा यवनहरूको अधिकार भइराखेको छ र यी दुष्टहरूले अनेक देवालयलाई समेत नष्ट-भ्रष्ट गरिदिएका छन् ॥ ३४ ॥ यस समयमा यहाँ योगी, सिद्ध, ज्ञानी अथवा सत्कर्म गर्ने कोही मानिस पनि देखिन्नन्। कलियुगरूप दावानलले योग तप आदि सारा साधन डढेर भस्म भएका छन् ॥३५॥ यस कलियुगमा प्रायः सबै देशवासी बजारमा अन्न बेचन लागेका छन्, ब्राह्मणहरू पैसा लिएर वेद पढाउँछन् औ स्त्रीहरूले वेश्यावृत्तिले आफ्नो निर्वाह गर्न थालेका छन् ॥ ३६ ॥

यसप्रकारका कलियुगका दोष हेर्दै, पृथ्वीमा भ्रमण गर्दागर्दैमा म यमुना नदीको तीरमा पुगें, जहाँ श्री कृष्ण भगवान्‌का अनेक बाललीला भएका थिए ॥ ३७ ॥ त्यहाँ मैले देखेको एउटा बडो विचित्र दृश्य तपाईंलाई भन्दछु—सुन्नुहोस्। त्यस ठाउँमा मैले एउटी तरुणी आइमाईलाई निन्याउरो मुख लगाएर बसेकी देखें ॥ ३८ ॥ त्यस स्त्रीको नगीचमा दोटा वृद्ध पुरुष अचेत अवस्थामा पडेर लामो लामो सास फेर्न लागेका

थिए । त्यो तरुणी उनीहरूको सेवामा लागेर कहिले उनलाई होशमा ल्याउने चेष्टा गर्दथी र कहिले उनको अगाडि रुन थाल्दथी ॥ ३९ ॥ बीच बीचमा आफ्नो शरीरको रक्षा गर्ने कोही आउँछ कि भन्ने आशाले त्यो दसै दिशामा नजर दौडाउँथी । त्यसलाई चारैतिरबाट घेरेर सयकडौं आइमाई पंखा हम्कन र वारंवार संझाउन बुझाउन लागेका थिए ॥ ४० ॥ टाढैबाट यो दृश्य देख्ता मनमा सकसक लागेकोले म त्यस स्त्रीनिर गएँ । मलाई देख्नासाथ त्यो तरुणी हत्तपत्त उठेर आकुल व्याकुल भईकन भन्न लागी ॥ ४१ ॥

युवतिले भनिन् —

म ता तपाईंलाई परोपकारी सज्जन संझन्छु, तसर्थ एक्कै छिन अडिएर चिन्ता पनि नष्ट गरिदिनुहोस् । तपाईं जस्ता साधुजनको दर्शनले संसारका सब प्रकारका पापलाई नष्ट गरिदिन्छन् ॥४२॥ तपाईंको वचनले मेरो दुःखको पनि निक्कै नै शान्ति हुनेछ भन्ने मेरो विश्वास छ । अत्यन्त सौभाग्यको उदय भएपछि मात्र मानिसले तपाईं जस्ता साधुको दर्शन गर्न पाउंछन् ॥४३॥

नारदजी भन्दछन् —

अनि मैले तिनीसित सोधें — हे देवि ! तिमी को हौ ? ती दुई वृद्ध पुरुष को हुन् ? औ तिम्रो नजीकका यी कमलनयनी स्त्रीहरु को हुन् ? आफ्नो दुःखको कारण मलाई विस्तारपूर्वक भन ॥४४॥

युवतिले भनिन् —

"भक्ति" मेरो नाम हो । यी दुई "ज्ञान, वैराग्य"को नामले प्रख्यात भएका मेरा छोरा हुन्। समयको फेरले गर्दा अहिले यिनीहरू यस्तो जराजर्जर भइराखेका छन् ॥ ४५ ॥ यी देवीहरू गङ्गा आदि नदी हुन् , मेरो सेवाका लागि यी सबै आइराखेका छन् । यसप्रकारसंग साक्षात् देवता– हरूले सेवा गर्दा पनि मलाई अलिकता पनि चैन छैन ॥४६॥ हे तपोधन ! अब अलि मन लगाएर मेरो वृत्तान्त सुन्नुहोस् । मेरो लामो वृत्तान्त सुनेर मलाई शान्तिप्रदान गर्नुहोस् ॥४७॥

म द्रविडदेशमा जन्मेर कर्णाटकमा हुर्केकी हुँ । कहीं कहीं महाराष्ट्र देशमा ता मेरो बेशै मान भएको हो तर गुजरातमा ता मलाई बुढ्याइँले घेरिहाल्यो ॥४८॥ त्यहाँ घोर कलियुगको प्रभावले पाखण्डीहरूले मेरो अङ्गभङ्ग गरिदिए। त्यस वेलादेखि धेरै कालसम्म आफ्ना छोराहरूका साथमा दुर्बल अवस्थामा रहनुपरेकोले म निस्तेज हुन गएं ॥४९॥ अब वृन्दावनमा आएको वेलादेखि ता म फेरि अत्यन्त प्यारो रूप भएकी सुन्दरी युवति बनेकी छु ॥५०॥ तर मेरो नजीक लडिररखेका यी मेरा दुई छोरा ता थकाइले गर्दा क्लेश भोगिराखेका छन् । अब म यो ठाउं छाडेर कतै बिदेशतिर जान चाहन्छु ॥५१॥ तर मेरो छोराहरु बूढा हुन गए, यै दुःखले म दुःखित भएकी छु । हे ब्रह्मन् ! म कसरी तरुणी भएं र मेरा छोराहरु किन बूढा भए ? हामी तीनै जना संगसंगै रहन्थ्यौं । छोरा बूढा हुने, आमा तरुणी बन्ने यो उल्टो कुरा कसरी भयो ? आमा बूढी भएर छोराहरुले पो तरुनो हुनु मुनासिब थियो ॥ ५२-५३ ॥ यसैकारण आश्चर्यले छक्क परेर म मनैमनमा शोकले व्याकुल भइराखेकी छु । तपाईं बुद्धिमान् औ योगनिधि हुनुहुन्छ, तसर्थ यो विपरीत कुराको के कारण होला विचार गरेर भन्नुहोस् ॥५४॥

नारदजीले भने —

हे अनघे ! ज्ञान-दृष्टिद्वारा आफ्नो हृदयमा तिम्रो यस दुःखको सारा कारण देखिरहेको छु, कुनै प्रकारको चिन्ता नगर, भगवान्‌ले तिम्रो कल्याण गर्नु हुनेछ ॥५५॥

सूतजी भन्दछन् —

एक्कै छिनमा त्यस दुःखको कारण पत्तो लगाएर मुनिवर नारदले भने ॥५६॥

नारदजीले भने —

ए नानी ! सावधान भएर सुन; यो भयङ्कर कलिकाल हो; यसैले अहिले सदाचार, योगमार्ग एवं तप आदि सबै लुप्त भइसकेका छन्॥५७॥यस समयमा मानिसहरूको स्वभाव शठता औ कुकर्मले गर्दा पापी दैत्यहरूको जस्तो हुन लागेको छ । संसारमा जताततै साधु सज्जनले दुःख भोगिराखेको तर दुष्ट-हरूले आनन्द मनाइराखेको देखिन्छ; यस बखतमा जसले धैर्य लिनसक्तछ त्यसैलाइ धीर, बुद्धिमान् र पण्डित संझनुपर्दछ॥५८॥ क्रमशः वर्ष नै शेषजीको निम्ति पृथ्वीको भार असह्य हुँदै गएको छ, यो कसरी पापै पापले व्याप्त भएको छभने यसमा बस्ने कुरा त परै रहोस् टुलुक्क हेर्न योग्यको पनि छैन ।

यहां कतै पनि मंगल देखिंदै देखिन्न ॥५९॥ तिमीतिर र तिम्रा छोरातिर कसैले हेर्नै चाहन्नन् । यसप्रकारसंग विषयान्ध पुरुषहरुले उपेक्षा गरेकोले नै तिमी जर्जर भएकी थियौ ॥६०॥ तर यो बृन्दावनको संसर्ग पाउनाले फेरि भर्खरकी तरुणी जस्ती भएकी हौ, अतः यो वृन्दावन धाम धन्य हो, जहाँ कि भक्ति जताततै नाच्तै हिंडिरहेकी छन् ॥६१॥ तर यी ज्ञान, वैराग्यको सोधपूछ गर्ने यहाँ कोही छैन, यसैकारण यिनीहरुको बुढ्याइँ दूर नभएको हो, तर मनमा अलिकता चैन भएकोले सुषुप्तिको जस्तो सुख अनुभव गरिरहेका छन् ॥६२॥

भक्तिले भनिन् —

हे भगवन् ! महाराज परीक्षितले यो पापी कलियुगलाई किन बस्न दिएको होला ? हेर्नोस्न यसको प्रवेश हुनासाथ सारा वस्तुको महान् सत्व कतातिर लागेछ । ॥६३॥ करुणामय भगवान्‌ले यस कलिको उपद्रव किन हेरिरहनु-भएको होला ? हे मुने ! मेरो यो सन्देह दूर गरिदिनोस् । तपाईंको वचन सुन्नाले मेरो मनमा बडो शान्ति भइराखेका छ ॥६४॥

नारदजीले भने —

तिमीले सोधेको सबै कुरा म भन्दछु, प्रेम-संग सुन; यसको रहस्य बुझेपछि तिम्रो सारा दुःख हटेर जानेछ ॥६५॥ जुन दिन कृष्ण भगवान् यो पृथ्वी छाडेर परमधामतिर लाग्नुभयो, त्यै दिनदेखि सम्पूर्ण साधनमा बाधा पार्ने कलियुगको यस पृथ्वीमा पूर्ण अधिकार हुनगयो ॥६६॥ राजा परीक्षितले दिग्विजयको समयमा यसलाई देख्नु-भएको हो तर बडो माया लाग्दोगरि आफ्नो शरणमा पर्न आएकोले, भ्रमरासमान सारग्राही उहाँले यसको बध गर्न उचित ठह्याउनुभएन किनकि यसमा एउटा बडो अपूर्व गुण छ, त्यो के होभने अरू अरू युगमा तप, योग औ समाधि-द्वारा जो फल पाइन्न त्यो फल यस कलियुगमा केवल हरिकीर्तनद्वारा पूर्णरूपले प्राप्त हुन सक्तछ ॥६७-६८॥ यसप्रकारसंग सारहीन कलि-युगलाई यो एक दृष्टिले सारयुक्त देख्ता महाराज परीक्षितले कलियुगमा उत्पन्न हुने प्राणीहरूको

सुखको निम्ति यसलाई बस्न दिनुभयो ॥६९॥

कुकर्मपट्टिको प्रवृत्ति भएकोले अहिले सारा वस्तुको सार निस्केर गएको हो औ पृथ्वीमा जति पदार्थ छन् ती सबै धानको गेडा नभएको भूस समान भइराखेका छन् ॥७०॥ ब्राह्मणहरू अधिकारी अनधिकारीको केही बिचारै नराखी अन्नको लोभले घरघरमा गएर जसलाई पायो उसलाई भगवान्को कथा सुनाउन लागेका छन्, यसैले कथाको सारा महत्व गइसकेको छ ॥७१॥ तीर्थमा बडा बडा भयङ्कर कर्म गर्ने नास्तिक औ नरकका अधिकारी धेरै मानिस बस्न लागेका छन्, यसैले तीर्थको पनि केही प्रभाव देखिंदैन ॥७२॥ जसको चित्त सदासर्वदा काम, क्रोध,लोभ औ तृष्णाले जलिरहन्छ तिनीहरू समेत तपस्याको आडम्बर देखाउन लागेका छन्, यसैले तपस्याको सार हराइसकेको छ॥७३॥ मनमाथिको संयम नहुनाले अर्थात् विषय-चिन्ताले मन सदा चञ्चल भइरहनाले तथा लोभ, दम्भ औ पाखण्डको आश्रय लिनाले एवं शास्त्रको पठन-पाठन उठिसकेकोले ध्यान योगको कुनै फल हुँदैन ॥७४॥ पण्डितजीहरू ता आफ्नी स्त्रीहरूको साथमा रांगोले झैं विषय भोग गर्नुहुन्छ, उहाँहरू सन्तान उत्पन्न गर्नामा ता बडो सिपालु हुनुहुन्छ तर मुक्ति-पट्टिको ता एउटा साधन (उपाय) पनि जान्नु-हुन्न ॥७५॥ सम्प्रदाय अर्थात् गुरुपरम्पराले प्राप्त भएको सदुपदेशअनुसारको वैष्णव धर्म कतै देखिंदैदेखिन्न । यसप्रकारसंग जताततै सारा वस्तुको सार लुप्त भइसकेको छ ॥७६॥ यो ता कलियुगको स्वभावै हो, यसमा कसैको दोष छैन, यसैकारण सदा नजीक रहे तापनि कमलनयन भगवान्ले यो सब खपिरहनुभएको छ ॥७७॥

सूतजी भन्दछन्—

हे शौनकजी ! देवर्षि नारदको यसप्रकारको वचन सुन्दा भक्तिलाई बडो आश्चर्य लाग्यो र यसपछि उनले जे जे कुरा भनिन् सो सुन्नुहोस् ॥ ७८ ॥

भक्तिले भनिन्—

हे देवर्षे ! तपाईं धन्य हुनुहुन्छ, मेरै सौभाग्यले गर्दा तपाईं याहाँ पाल्नुभएको हो । संसारमा साधुहरूको दर्शन नै सबभन्दा बर्ता सिद्धि दिने औ सर्वश्रेष्ठ साधन हो ॥७९॥ हे नारदजी ! आफ्नी आमाको गर्भमा छँदा एक मात्र तपाईंको उपदेश सुन्न पाएकोले कयाधूका छोरा प्रह्लादले संसारमा मायालाई जितेका हुन् औ तपाईंकै कृपाले बालक ध्रुवलाई अचलपद प्राप्त भएको हो । यस्ता सर्वमङ्गलमय औ साक्षात् ब्रह्माका छोरा तपाईंलाई म नमस्कार गर्दछु ॥८०॥

अध्याय–२

भक्तिको दुःख दूर गर्नको निम्तिमा नारदजीको उद्योग

नारदजीले भने—

ए नानी ! व्यर्थमा तिमी दिक्दार भइरहेकी छौ । अहो ! किन यसरी चिन्ताले आकुल व्याकुल परेको ? कृष्ण भगवान्को चरणकमलको चिन्तना गर, उहाँको कृपाले तिम्रो सारा दुःख दूर हुनेछ ॥१॥ जसले कौरवहरूको अत्याचारबाट

द्रौपदीको रक्षा गर्नुभएथ्यो औ गोपसुन्दरीहरूको कामना पूर्ण पार्नुभएथ्यो, उहाँ कृष्णभगवान् कतै जानुभएको छैन ॥२॥ तिमी भक्ति ता सदा-सर्वदा उहाँलाई प्राणभन्दा पनि बर्त्ता प्यारी छौ, तिमीले बोलाएको खण्डमा भगवान् नीच पुरुषको घरमा समेत पाल्नुहुन्छ ॥३॥ सत्य, त्रेता, द्वापर यी तीन युगमा ता ज्ञान औ वैराग्य मुक्तिका साधन थिए तर यस कलियुगमा ता केवल भक्तिबाट नै ब्रह्मसायुज्यरूप मोक्षको प्राप्ति हुन्छ ॥४॥ यै कुराको निश्चय गरेर परमानन्द चिन्मूर्ति ज्ञानस्वरूप भगवान्ले आफ्नो सत् स्वरूपले तिम्रो रचना गर्नुभएको हो, तिमी सुन्दरी कृष्णभगवान्की परम प्यारी छौ ॥५॥ एकचोटि तिमीले हात जोरेर कृष्ण भगवान्लाई "म के गरूँ" भनेर सोद्धा उहाँले "मेरा भक्त-हरूलाई पुष्ट गर" भन्ने आज्ञा दिनुभएथ्यो ॥६॥ तिमीले पनि भगवान्को यो आज्ञा स्वीकार गर्दा उहाँले प्रसन्न भएर तिमीलाई "मुक्ति" नाम गरेकी दासी र ज्ञान वैराग्य नामका यी दुई छोरा दिनुभयो ॥७॥ तिमी आफ्नो साक्षात् स्वरूपले वैकुण्ठलोकमा भक्तहरूको पोषण गर्दछ्यौ औ पृथ्वीमा तिमीले भक्तहरूको पोषणको निम्ति केवल छायारूप धारण गरिराखेकी छौ ॥८॥

तदनन्तर मुक्ति-ज्ञान-वैराग्यलाई साथमा ली तिमी पृथ्वीतलमा आयौ र सत्ययुगको शुरू-देखि लिएर द्वापरको अन्त्यसम्म बडो आनन्दसंग रह्यौ ॥९॥ कलियुगमा तिम्री दासी मुक्ति पाखण्डरूप रोगले पीडित भएर दिन प्रतिदिन क्षीण हुन लागिन्, यसैले उनी तिम्रो आज्ञाले फेरि झट्टै वैकुण्ठधाममा गइन् ॥१०॥ अहिले पनि यस लोकमा तिमीले स्मरण गर्दा उनी आउँछिन् र फेरि जाइहाल्दछिन् । तर यी ज्ञान औ वैराग्यलाई आफ्ना छोरा सम्झेर तिमीले आफूनिर राखी छाडेकी छौ ॥११॥ तर कलियुगमा मानिसहरूले तिम्रा यी छोराहरूको उपेक्षा गरेकोले यिनीहरू उत्साहरहित औ बूढा भइराखेका छन् । यसो भए तापनि चिन्ता नगर, म यिनको उद्धारको उपाय विचार गर्दछु ॥१२॥ हे सुमुखि ! कलियुग-समानको अरू कुनै युग छैन । यस कलियुगमा म घरघरैका प्रत्येक मानिसको हृदयमा तिमीलाई स्थापित गरिदिनेछु ॥१३॥ हेर त, अरू पाखण्ड धर्मको तिरस्कार गरेर नानाप्रकारका महोत्सवको साथसाथै लोकमा तिम्रो प्रचार गर्न सकिनभने ता म श्रीहरिको दास नै हुँइन ॥१४॥ यस कलियुगमा जुन जीवले तिम्रो आदर गर्नेछन्, तिनीहरू पापी भए तापनि निर्धक्कसंग कृष्ण भगवान्को परमधाम अर्थात् वैकुण्ठलोकमा जान पाउनेछन् ॥१५॥ जसको हृदयमा नित्य निरन्तर प्रेमरूपिणी भक्ति निवास गर्दछिन्, ती पवित्रमूर्ति पुरुषले सपनामा समेत यमराजको मुख हेर्नुपर्ने छैन ॥१६॥ जसको हृदयमा भक्ति महारानीको निवास छ तिनलाई ता प्रेत, पिशाच, राक्षस या दैत्य आदि कसैको पनि स्पर्शसम्म गर्ने हिम्मत हुँदैन ॥१७॥ तप, वेदाध्ययन, ज्ञान, कर्म आदि कुनै उपायले पनि भगवान् वशमा पर्नुहुन्न, उहाँलाई ता केवल भक्तिले वशमा गराउन सकिन्छ, यस विषयमा गोपिनी-हरू नै प्रमाण छन् ॥१८॥ हजारां जन्मको पुण्यले मानिसको भक्तिमा प्रेम हुन थाल्दछ, कलियुगमा केवल भक्ति नै सार हो, भक्तिभन्दा ठूलो अरू केही छैन, किनकि भक्तिको प्रभावले साक्षात् कृष्ण

भगवान् सामुन्ने उपस्थित हुनुहुन्छ ॥ १९ ॥ भक्तिको द्रोह गर्नेले ता तीनै लोकमा जताततै कष्ट भोग्नुपर्दछ, पूर्वकालमा भक्तको तिरस्कार गर्ने दुर्वासा ऋषिले बडो कष्ट भोग्नुपरेको थियो ॥२०॥ व्रत, तीर्थयात्रा, योगाभ्यास, यज्ञ, ज्ञानचर्चा इत्यादि साधनको केही आवश्यकता छैन, मुक्ति ता केवल भक्तिले नै भेटिन्छ ॥२१॥

सूतजी भन्दछन् —

यसप्रकारसंग नारदजीद्वारा निर्णय गरिएको आफ्नो महात्म्य सुन्दा भक्तिका सारा अङ्ग पुष्ट भइहाले र उनीले नारदजीलाई भन्न लागिन् ॥२२॥

भक्तिले भनिन् —

अहो नारदजी ! तपाईं ता धन्य हुनुहुन्छ, ममा तपाईंको अचल प्रीति छ, म सदासर्वदा तपाईंको, हृदयमा, कहिले पनि तपाईंलाई छाड्नेछैन ॥२३॥ हे साधो ! तपाईं बडो कृपालु हुनुहुन्छ, एक क्षणमा मेरो सारा दुःख दूर गरिदिनुभयो ; तर मेरा छोराहरुमा अझसम्म होश आएको छैन, तसर्थ कृपा गरी यिनलाई झट्टै सचेत गरिदिनुहोस् ॥२४॥

सूतजी भन्दछन् —

भक्तिको यो कुरा सुन्दा नारदजीको मनमा ठूलो करुणा आयो र उहाँले ज्ञान, वैराग्यलाई हातले हल्लाई हल्लाईकन ब्युँझाउने चेष्टा गर्न लाग्नुभयो ॥२५॥ र फेरि उनीहरुको काननिर मुख लगेर बडो चर्को स्वर झिकी "ए ज्ञान ! झट्टै ब्युँझ, ए वैराग्य ! झट्टै ब्युँझ" भन्न लाग्नुभयो ॥२६॥ यसपछि उहाँले वेदध्वनि, वेदान्तघोष (उपनिषद्को शब्द) र गीतापाठद्वारा वारंवार उनलाई ब्युँझाउन थालेपछि उनीहरु अलि होशमा आए जस्तो गरी बल्लतल्ल बडो मुश्किलसंग उठे ॥२७॥ तर उनीहरुले आखाँ उघारेर हेर्नसम्म पनि सकेनन् र बकुल्लाको जस्तो सेतो केश भएका ती दुबै भाइ आलस्यले गर्दा वारंवार हाई हाई गर्न लागे । शरीर सुक्खा काठ जस्तो निस्तेज औ साह्रो भएकाले फेरि ढलिहाले ॥२८॥ भोक-प्यासले गर्दा अत्यन्त दुर्बल भएका उनलाई फेरि सुत्न लागेको देख्ता नारदजीलाई बडो चिन्ता पर्‍यो र उहाँले विचार गर्न लाग्नुभयो—"अबलाई मैले के गर्ने हो ? यिनीहरूको यो निद्रा र योभन्दा पनि ठूलो यिनको वृद्धावस्था कसरी दूर हुने हो ?" हेशौनकजी ! यसप्रकारसंग चिन्ता गर्दा गर्दैमा नारदजी कृष्ण भगवान्को स्मरण गर्न लाग्नुभयो ॥२९॥ ठीक यै मौकामा यस्तो आकाश-वाणी भयो- "हे मुने ! तिमीले चिन्ता गर्नुपर्दैन, तिम्रो यो उद्योग निःसन्देह सफल हुनेछ ॥३१॥ हे देवर्षे ! यसको निम्तिमा तिमीले एउटा सत्कर्म गर्नुपर्दछ, यो सत्कर्म संतशिरोमणि साधु संतले तिमीलाई बताउनेछन् ॥३२॥ त्यस सत्कर्मको अनुष्ठान गर्नासाथ यिनीहरुको निद्रा औ वृद्धावस्था दूर भइहाल्नेछ र उत्तिखेरि नै भक्ति चारैतिर फैलिनेछ" ॥३३॥ त्यहाँ भएका सबैले साफसाफसंग यो आकाशवाणी सुने । यो सुन्दा नारदलाई बडो विस्मय भयो र "मैले ता यसको केही आशय नै बुझ्न सकिन" भन्न लाग्नुभयो ॥३४॥

नारदले भन्नुभयो —

यस आकाशवाणीले ता गुप्त शब्दमा पो कुरा भन्यो अर्थात् स्पष्टसंग कुरा खोलेर भनेन ।

ज्ञान-वैराग्यको निद्रा औ बुढयाइँ दूर गर्नलाई कुन सत्कर्म गर्नुपर्ने हो केही बुझ्न सकिएन ।।३५।। ती साधु-संत कहां भेटिने हुन् औ कसरी तिनीहरुले त्यो साधन बताउने हुन् ? आकाशवाणीले भनेको कुराअनुसार अब मैले के गर्नुपर्ने हो ? ।।३६।।

सूतजी भन्दछन् —

ज्ञान - वैराग्य दुबलाई त्यहीं भक्तिनिर छाडेर नारद मुनि सत्कर्म बताउने साधुको खोज गर्न त्यहांबाट हिंड्नुभयो र प्रत्येक तीर्थमा विचरण गर्दै बाटोमा भेटिएका मुनिहरूसंग त्यो साधन सोध्न लाग्नुभयो ।।३७।। उहांको कुरा सुन्न त सबैले सुने तर त्यस विषयमा निश्चय गरेर कसैले भन्न सकेनन् । कसैले "यो असाध्य छ" भने र कसैले "ठीक ठीकसंग यसको पत्तो लगाउन बडो गाह्रो छ" भन्ने जवाफ दिए । कोही सुनेर चुप्प लागे र कोही आफ्नो बेइज्जत हुने डरले कुरा फस्याङ्गफुसुङ्ग पारेर आफ्नो बाटो लागे ।।३८।। तीनै लोकमा बडो विस्मय-जनक हाहाकार मच्चिन लाग्यो । मानिसहरु पर-स्पर कानेखुसी गरेर भन्न लागे —"नारदको वेद-ध्वनि, वेदान्तघोष र गीतापाठ वारंवार सुन्दा पनि भक्ति - ज्ञान - वैराग्य यी तीनै ब्युंझन सकेनन् , यिनीहरुलाई ब्युँझाउनाको निम्तिमा अरू कुनै उपाय नै छैन ।।३९ - ४०।। जुन उपा-यको स्वयं योगिराज नारदले पत्तो पाउन सकेनन् त्यसलाई संसारका अरू साधारण मानि-सले कसरी बताउन सक्लान् ? ।।४१।। यसप्रका-रसंग जुन जुन ऋषिहरुसंग यस विषयमा सोधपूछ भएथ्यो, उनीहरुले निर्णय गरेर "यो अति दुःसाध्य कुरा हो " भन्ने जवाफ दिए ।।४२।।

अनि ता नारदजी बडो चिन्तित हुनुभयो र यो साधन भेट्टाउनाका लागि म यहां तप गर्दछु भन्ने निश्चय गरी वदरिकाश्रममा आउनुभयो ।।४३।। त्यहाँ पुग्नासाथ उहांले आफ्नो अगाडि करोडौं सूर्य समानका तेजस्वी सनकादि मुनीश्वर-हरुलाई देख्नुभयो र उनीहरुलाई देख्ता मुनि-श्रेष्ठ उहांले भन्न लाग्नुभयो ।।४४।।

नारदजीले भन्नुभयो —

हे महात्मा हो ! अहिले बडो भाग्यले तपाईं-हरुसंग समागम भएको छ, मेरा उपर कृपा गरी झट्ट त्यो साधन बताइदिनुहोस् ।।४५ तपाईंहरु सबै ठूला ठूला योगी, बुद्धिमान् औ विद्वान् हुनु-हुन्छ । हेर्दाखेरि पांच वर्षका बालक जस्ता देखिए तापनि तपाईंहरु हाम्रा पुर्खाका पनि पुर्खा हुनुहुन्छ ।।४६।। तपाईंहरु सदा वैकुण्ठधाममा बस्नुहुन्छ औ निरन्तर भगवान्‌को कीर्तनमा लागिरहनुहुन्छ अतएव भगवल्लीलारूपी अमृतको रसास्वादन गर्न पाएकोले हरबखत उन्मत्त जस्तो भइरहनुहुन्छ, हरिचर्चा नै तपाईंहरूको जीवनको एक मात्र आधार हो ।।४७।। तपाईंहरूको मुखमा सदा "हरिःशरणम्" (भगवान् नै हाम्रा रक्षक हुनुहुन्छ) भन्ने वाक्य रहन्छ, यसैले कालप्रेरित वृद्धावस्थाको बाधा तपाईंहरूको नजीक आउन सक्तैन ।।४८।। पूर्वकालमा केवल तपाईंहरूको आँखीभूईंको बङ्ग्याइले नै विष्णुभगवान्‌का द्वार-पाल जय विजयले उत्तिखेरि नै पृथ्वीमा झर्नुपरेको थियो र फेरि तपाईंहरूकै कृपाले वैकुण्ठधाममा प्राप्त भएथे ।।४९।। अहिले तपाईंहरूको दर्शन पाउनु मेरो ठूलो सौभाग्य हो; तपाईंहरू स्वभावैले दयालु हुनुहुन्छ अतएव म दीनमाथि तपाईंहरूको

अवश्य कृपा हुनुपर्दछ ।।५०।। आकाशवाणीले जुन सत्कर्म गर्नू भनेको छ, त्यो कस्तो साधन हो स्पष्ट गरी भन्नुहोस् र मैले कसरी त्यसको अनुष्ठान गर्ने हो सो पनि विस्तारपूर्वक वर्णन गर्नुहोस्।।५१।। भक्ति, ज्ञान औ वैराग्यलाई कसरी सुख प्राप्त हुन सक्तछ तथा कसरी सबै वर्णमा यिनका प्रेमपूर्वकको प्रचार गर्न सकिन्छ—कृपा गरी भन्नुहोस् ।।५२।।

सनकादिहरूले भने –

हे देवर्षे ! मनमा प्रसन्न रहनुहोस् , तपाईंले अलिकता पनि चिन्ता गर्नुपर्दैन, हेर्नुहोस् उनीहरूको उद्धारको एउटा सजिलो उपाय पहिलेदेखि नै मौजूद छ ।।५३।। हे नारदजी ! तपाईं धन्य हुनुहुन्छ; विरक्तहरूमध्येका शिरोमणि, कृष्ण भगवान्‌का दासहरूमा सदा अग्रगण्य औ योग-मार्गको साक्षात् सूर्य (प्रकाशक) हुनुहुन्छ ।।५४।। भक्तिको लागि तपाईंले यस्तो प्रयास गर्नु कुनै आश्चर्यको कुरो होइन, किनकि कृष्ण भगवान्‌का भक्तले सदा भक्तिको स्थापनामा चेष्टा गर्नैपर्दछ ।।५५।। ऋषिहरूले संसारमा अनेक मार्ग प्रकट गरेका छन् तर ती सबै कष्टसाध्य औ परिणाममा प्रायः स्वर्गरूप फल मात्र दिने हुन् ।।५६।। भगवान्‌को प्राप्ति गराउने अर्थात् मोक्षको मार्ग ता अहिलेसम्म अत्यन्त गुप्त नै छ, यसको उपदेश दिन सक्ने पुरुष ता प्रायः भाग्यले नै भेटिन्छन् ।।५७।। आकाशवाणीले तपाईंलाई संकेत गरेको सत्कर्म म भन्दछु, मनमा प्रसन्न भई एकाग्र भएर सुन्नुहोस् ।।५८।।

हे नारदजी ! द्रव्ययज्ञ, तपोयज्ञ, योगयज्ञ, औ स्वाध्यायरूप ज्ञानयज्ञ इत्यादि जति यज्ञ छन् ती सब ता केवल अस्थिर स्वर्गादि फल दिने कर्म मात्र हुन् ।। ५९ ।। पण्डितहरूले श्रीमद्भागवत पारायणरूप ज्ञान यज्ञलाई नै सत्कर्म (मुक्ति-दायक कर्म) को सूचक ठह्र्याएका छन् । शुक-देवादि महात्माहरूले पनि यस भागवतको वर्णन गरेका छन् ।।६०।। श्रीमद्भागवतको शब्द सुन्नाले भक्ति – ज्ञान-वैराग्यलाई ठूलो बल मिल्नेछ, यसद्वारा ज्ञान - वैराग्यको कष्ट हटेर जानेछ एवं भक्तिलाई समेत आनन्द प्राप्त हुनेछ ।।६१।। जसरी सिंहको गर्जना सुन्दा हुंडारहरु भाग्दछन् त्यसै गरी श्रीमद्भागवतको ध्वनिले कलियुगका सारा दोष दूर हुनेछन् ।।६२।। अनि ता प्रेमरस बगाउने भक्ति, ज्ञान औ वैराग्यको साथसाथै प्रत्येक घर औ प्रत्येक व्यक्तिको हृदयमा क्रीडा गर्न थाल्नेछन् अर्थात् सबै ठाउँमा भक्तिको खूबसंग प्रचार हुनेछ ।।६३।।

नारदजीले भने —

मैले वेद - वेदान्तको ध्वनि औ गीतापाठ गरेर उनीहरूलाई ब्युँझाउने खूब कोशिश गरेको हुँ तर यति गर्दा पनि भक्ति , ज्ञान औ वैराग्य यी तीनैको यो समुदाय ब्युँझेन ।।६४।। यस्तो भएकोले श्रीमद्भागवतको कथाले उनीहरुलाई कसरी ब्युँझाउन सक्ला ? किनकि भागवतको प्रत्येक श्लोक औ प्रत्येक पदमा पनि ता वेदकै सारांश भरिएको छ ।।६५।। तपाईंहरू ता शरणागतवत्सल हुनुहुन्छ तथा तपाईंहरुको दर्शन कहिले पनि निष्फल हुन्न, तसर्थ मेरो यो सन्देह मेटिदिनुहोस् ; यस विषयमा विलम्ब नगर्नुहोस् ।।६६।।

सनकादिहरुले भने —

श्रीमद्भागवतको कथा वेद औ उपनिषद्को सारले बनेको छ, यसैकारण फलको स्वरूपमा उनीहरुदेखि पृथक् भएकोले यो अति उत्तम मालुम हुन्छ ॥६७॥ जसरी रस रूखको जरादेखि लिएर माथि टुप्पासम्म सर्वत्र भरिएको हुन्छ तर यस स्थितिमा रसको आस्वादन गर्न सकिन्न, तर त्यै रस जब अलग्ग भई फलको रूपमा प्रकट हुन्छ अनि ता संसारमा सबैलाई निको लाग्ने हुन्छ॥६८॥ जसरी दूधमा घिउ ता हुन्छ तर त्यस वेला उसको बेग्लै स्वाद थाहा हुन्न, तर अलग गरिएको खण्डमा त्यै घिउ देवताहरुको निम्तिमा समेत स्वादवर्धक बन्नजान्छ ॥६९॥ अथवा ऊखुमा जसरी तल, माथि, बीचमा सर्वत्र शक्खर व्याप्त ता रहन्छ तर ऊखुको रसलाई निचरेर बेग्लै तय्यार पारेको सारस्वरूप शक्खरमा अर्कै किसिमको गुलियोपना हुन्छ, त्यसै गरी यो भागवत कथा पनि वेदादिदेखि पृथक् उनीहरुको सारस्वरूप हुनाले उनीहरूभंदा बर्ता मीठो औ विशेष फल दिने भएको छ ॥७०॥ यो भागवत - पुराण वेदसमान मानिएको छ वेदव्यासले भक्ति,ज्ञान औ वैराग्यका स्थापनाको निम्तिमा नै यसलाई प्रकट गर्नुभएको हो ॥७१॥ पूर्वकालमा जब वेद-वेदान्तका पूर्णज्ञाता औ गीताको समेत रचना गर्ने भगवान् व्यास खिन्न भएर अज्ञानको समुद्रमा गोता मारिरहेका थिए त्यस वेलामा तपाईंले नै उनलाई चार श्लोकमा भागवतको उपदेश दिनुभएथ्यो र यस उपदेशले उहाँका सारा चिन्ता दूर भएथे ॥७२—७३॥ फेरि त्यै भागवतको विषयमा हामीसंग यस्तो प्रश्न गरेर किन आश्चर्य मानिरहनुभएको हो ? अतः तपाईंले उनीहरुलाई शोक एवं दुःख दूर गर्ने श्रीमद्भागवत - पुराण नै सुनाउनुपर्दछ ॥७४॥

नारदजीले भने —

हेमुनीश्वरहो ! तपाईंहरु शेषजीको सहस्र मुखबाट कहिएको श्रीमद्भागवत - कथारूप अमृतको निरन्तर पान गरिरहनुहुन्छ, यसैले यहांहरुको दर्शनले मानिसको सम्पूर्ण पापलाई तत्काल नष्ट गरिदिन्छ र संसार दुःखरूप दावानलले खरिएका मानिसमाथि उत्तिखेरि नै शान्तिको बर्षा गर्दछ। त्यस्ता तपाईंहरूको शरणमा म प्रेमलक्षणा भक्तिको प्रकाश गर्ने उद्देश्यले आइराखेको छु ॥७५॥ अनेक जन्मदेखि सञ्चित भइराखेको भाग्यको उदय भएकोले जब मानिसलाई सत्सङ्ग भेट्टाउने मौका पर्दछ अनि पो त्यस सत्सङ्गको प्रभावले गर्दा भएको मोह र मदरूप अज्ञानको नाश गर्न भनी विवेकको उदय हुन्छ॥७६॥

अध्याय-३

भागवतको श्रवणले भक्तिको कष्ट – निवारण

नारदजी भन्दछन् —

भइगयो, अब म भक्ति, ज्ञान औ वैराग्य स्थापन गर्नाको निम्तिमा बडो यत्नसंग शुकदेवको मुखबाट निस्केको भागवतशास्त्रको कथाद्वारा उज्ज्वल ज्ञान - यज्ञको अनुष्ठान गर्नेछु ॥१॥ मैले त्यो यज्ञ कहां गर्नुपर्ने हो, त्यसको निम्तिमा मलाई कुनै ठाउं बताइदिनुहोस्। तपाईंहरु वेदका पूर्ण-

ज्ञाता हुनुहुन्छ तसर्थ शुकशास्त्रको अर्थात् भागवतको महिमा पनि सुनाइदिनुहोस् ।।२।। यस बाहेक श्रीमद्भागवतको कथा कति दिनमा सुन्नुपर्दछ औ सुन्ने विधि कस्तो छ, सो पनि बताइदिनुहोस् ।।३।।

सनकादिहरुले भने —

हे नारदजी ! तपाईं बडो नम्र औ विवेकी हुनुहुन्छ, अतएव तपाईंलाई सबै कुरा भन्दछौं, सुन्नुहोस्— गङ्गाद्वार अर्थात् हरिद्वारमा आनन्द नामक एउटा घाट छ ।।४।। त्यहां अनेक ऋषिहरु बस्तछन् औ देवगण एवं सिद्धगणको त्यहां आवत-जावत भइरहन्छ, थरि थरिका रूख औ लहराले गर्दा त्यो स्थान सुशोभित छ र त्यहां नवीन कमलो बालुवा ओच्छ्याइएको छ ।।५।। त्यो घाट बडो राम्रो औ एकान्त ठाउंमा छ, त्यस ठाउंमा सदासर्वदा सुनौला कमलको बास्ना आइरहन्छ र त्यसको वरिपरि बस्ने सिंह – हरिण आदि परस्पर स्वाभाविक वैरभाव हुने जीवको चित्तमा समेत वैरभाव देखिन्न ।।६।।त्यस ठाउँमा तिमीले विनाकुनै विशेष तयारी नगरेर नै ज्ञान-यज्ञ थाल्नुपर्दछ ; त्यहां जुन कथा हुनेछ त्यसमा अपूर्व रसको अनुभव हुनेछ ।।७।। भक्ति पनि, जराजीर्णशरीर भएका, अत्यन्त निर्बल, आफ्नो सामुन्नेमा पडिराखेका ती ज्ञान, वैराग्य आफ्ना दुबै छोरालाई साथमा लिएर त्यहां आउनेछन् ।।८।। किनकि जहां श्रीमद्भागवतको कथा हुन्छ त्यहां यी भक्ति आदि सबै स्वयं उपस्थित हुन्छन् । कथाको शब्द कानमा पर्नासाथ भक्ति-ज्ञान वैराग्य यी तीनै तरुना हुनेछन् ।।९।।

सूतजी भन्दछन् —

यति भनिसकेपछि नारदजीलाई संग लिएर सनकादि चारै जना कुमारहरू श्रीमद्भागवत कथारूप अमृत पान गर्ने लालसाले झट्टै त्यहांबाट गङ्गा-तटमा आइहाले । गङ्गातटमा उनीहरू पुग्नासाथ भूलोक, देवलोक, ब्रह्मलोक यी तीनै लोकमा सर्वत्र यो कथाको सुसमाचार फैलिहाल्यो ।।११।। भागवत कथारूप अमृत पिउनाको निम्तिमा उत्कण्ठित भएका जति रसिक विष्णुभक्त थिए ती सबै हतार हतार गरेर दगुर्दै सबभन्दा पहिले आउन लागे ।।१२।। भृगु, वशिष्ठ, च्यवन, गौतम, मेधातिथि, देवल, देवरात, परशुराम, विश्वामित्र, शाकल, मार्कण्डेय, दत्तात्रेय, पिप्पलाद, योगेश्वर, व्यास,पराशर,छायाशुक, जाजलि औ जह्नु आदि सबै मुख्य मुख्य मुनिहरु आफ्ना छोरा, शिष्य औ स्त्रीहरुको साथमा बडो प्रेमसंग त्यहां आए ।।१३ – १४।। यी बाहेक वेद, वेदान्त (उपनिषद्) मन्त्र, तन्त्र, सत्रैओटा पुराण औ छओटै शास्त्र पनि मूर्तिमान् भई त्यहां उपस्थित भए ।।१५।। गङ्गा आदि नदीहरु, पुष्करादि सरोवर, सबै क्षेत्र, जम्मै दिशा, दण्डकादि वन, हिमालयादि पर्वत, तथा देव, दानव दैत्य यी सबै पनि शरीर धारण गरी त्यहाँ आए । अज्ञानले गर्दा म ठूलो हूं भन्ने संझेर त्यहां आउन अनकनाएकाहरूलाई पनि भृगुजीले संझाई बुझाईकन त्यहां लिएर आउनुभयो ।।१६ – १७।।

यसपछि कथा सुन्नाको निम्ति दीक्षित भएर श्रीकृष्णपरायण सनकादिहरु, सबै श्रोताहरुद्वारा गरिएको वन्दना स्वीकार गरी नारदजीले बस्न दिनुभएको उच्चासनमा विराजमान भए ।।१८।। श्रोताहरुमा वैष्णव, विरक्त, सन्यासी औ ब्रह्मचारीहरु अघिल्तिर बसे र यी सबैभन्दा माथि

स्वयं नारदजी विराजमान हुनुभयो ।।१९।। एकातिर ऋषिहरु, एकातिर देवता, एकातिर वेद-उपनिषद्, एकातिर तीर्थ र एकातिर सबै आइमाईहरु कथा सुन्न भनी बसे ।।२०।। त्यस वेला सबैतिरबाट जय जयकार, नमस्कार औ शङ्ख-ध्वनिको शब्द हुन लाग्यो र अबीर, लावा एवं फूलको खूब वर्षा हुन थाल्यो ।।२१।। कइएक श्रेष्ठ देवताहरू ता विमानमा बसेर, त्यहाँ बसेका सबै जनामाथि कल्पवृक्षको फूलको वर्षा गर्न लागे ।।२२।।

सूतजी भन्दछन् —

यस प्रकारसंग पूजा समाप्त भएर सबै जना एकाग्रचित्त भएपछि सनकादि मुनिहरू नारदजीलाई श्रीमद्भागवतको महात्म्य स्पष्ट गरेर सुनाउन लागे ।।२३।।

सनकादिहरूले भने —

अब हामी तपाईंलाई भागवतशास्त्रको महिमा वर्णन गरेर सुनाउँछौं, यसका केवल श्रवणले नै मुक्ति हात परिहाल्दछ ।।२४।। यो श्रीमद्भागवत कथाको सदा सेवन गर्नुपर्दछ, यसको केवल श्रवण गर्दाखेरिमा नै हरि भगवान् हृदयमा आएर विराजमान हुनुहुन्छ ।।२५।। यस ग्रन्थमा अट्ठार हजार श्लोक र बाह्र स्कन्ध छन्, परीक्षित औ शुकदेवको संवादले युक्त भएको त्यै भागवतशास्त्र हामी तपाईंलाई सुनाउँछौं, ध्यान दिएर सुन्नुहोस् ।।२६।। जबसम्म एक क्षणको निम्ति भए पनि यो शुकशास्त्र भागवत - कथा कानमा पर्दैन तबसम्म जीवले अज्ञानवश यो संसारचक्रमा चक्कर खाइरहनुपर्दछ ।।२७।। केवल भ्रम उत्पन्न गराउने अनेकानेक शास्त्र औ पुराण सुन्नाले केही फाइदा छैन, मुक्ति दिनाको निम्तिमा त एक मात्र भगवत-शास्त्र नै गर्जना गरिरहेको छ (अतएव किन यसको श्रवण नगर्ने ?) ।।२८।। जसको घरमा रोज रोज श्रीमद्भागवतको कथा भइरहन्छ त्यो घर तीर्थसमान हुनजान्छ र त्यहां बस्ने सबै जनाको पाप नष्ट गरिदिन्छ ।।२९।। हजारौं अश्वमेध यज्ञ एवं सयकडौं वाजपेय यज्ञ यस भागवतशास्त्रको सोह्रौं खण्डको समेत बराबरी गर्न सक्तैनन् ।।३०।। हे तपोधन मुनि हो ! जबसम्म मानिस राम्रोसंग अर्थात् शुद्ध चित्तले मन लगाएर श्रीमद्भावगतको श्रवण गर्दैन तबसम्म मात्र उसको शरीरमा पाप अडिन सक्तछ ।।३१।। भागवत-कथा सुन्नाले, पढ्नाले जस्तो फल पाइन्छ त्यस्तो फल ता गङ्गा, गया, पुष्कर, काशी, प्रयाग आदि तीर्थमा स्नान औ दान गर्नाले पनि पाइन्न ।।३२।।

तपाईंलाई परम गति पाऊं भन्ने इच्छा छभने, आफ्नो मुखले रोज रोजै भागवतको आधा अथवा चौथाइ श्लोक भए पनि पाठ गर्नुहोस् ।।३३।। ॐकार, गायत्री, पुरुषसूक्त, तीनै वेद, श्रीमद्भागवत, ॐनमो भगवते वासुदेवाय - यो द्वादशाक्षर मन्त्र, बाह्र मूर्ति भएका सूर्यनारायण, प्रयाग, संवत्सररूप काल, ब्राह्मण, अग्निहोत्र, गाई, द्वादशी तिथि, तुलसी, वसन्तऋतु, र पुरुषोत्तम भगवान् यी सबैमा बुद्धिमान् मानिस वस्तुतः अलिकता पनि अन्तर मान्दैनन् अर्थात् यी सबैलाई एक मात्र ईश्वर हरि भगवान्को रूप (अंश) संझन्छन् ।।३४ - ३६।। जो मानिस रोज रोज अर्थको साथसाथै श्रीमद्भागवतको

पाठ गर्दछ अथवा गराउंछ त्यसले करोडौं जन्ममा गरेका पाप यस पाठको प्रभावले नष्ट हुनजान्छ, यसमा अलिकता पनि सन्देह छैन ॥३७॥ प्रतिदिन भागवतको आधा अथवा चौथाइ श्लोकसम्मको पनि पाठ गर्ने मानिसलाई राजसूय औ अश्वमेध यज्ञको फल मिल्दछ ॥३८॥ रोज रोजै भगवतको पाठ गर्नु, भगवान्को चिन्तन गर्नु, तुलसीको बोटको पोषण गर्नु, गाईको सेवा गर्नु– यी चारै एकैनासको कल्याण गर्ने हुन् ॥३९॥ जो मानिस अन्त्यसमयमा श्रीमद्भागवतको वाक्य सुन्दछ , भगवान् उदेखि प्रसन्न भएर आफ्नो वैकुण्ठधामसम्म पनि उसलाई दिनुहुन्छ ॥४०॥ सुनको सिंहासनमा राखेर यो भागवतको पुस्तक कुनै वैष्णव विद्वान्लाई दान दिने व्यक्तिले अवश्य श्रीकृष्ण भगवान्को साथमा सायुज्य भेट्टाउंछ ॥४१॥

जुन दुष्टले आफ्नो जिन्दगानीभरीमा भगवान्मा चित्त लीन गरेर अलिकता पनि हरिकथारसको स्वाद लिएको छैन, त्यसले ता आफ्नो सारा आयु चाण्डाल औ गधाले झैं व्यर्थमा नष्ट गरेको भन्नुपर्दछ, आफ्नी आमालाई प्रसव – पीडा दिनाको निम्तिमा नै त्यो उत्पन्न भएको हो ॥४२॥ "जसले यो भागवतशास्त्रको वचन अलिकता पनि सुनेको छैन, त्यो पापी पुरुष ता जिउंदो भए तापनि मुर्दासमान हो। पृथ्वीलाई भाररूप भएको पशुसमानको त्यस मानिसलाई धिक्कार छ" — स्वर्गवासी इन्द्रादि प्रधान देवताहरुको यस्तै भनाइ छ ॥४३॥

संसारमा श्रीमद्भागवतको कथा भेट्टाउनु ता साँच्चि नै अति दुर्लभ कुरो हो ; करोडौं जन्मको सञ्चित पुण्यको उदय भएपछि मात्र भागवतकथा सुन्न पाइन्छ ॥४४॥ यसैकारण हेयोगनिधे ! हे परम बुद्धिमान् नारदजी ! तपाईंले प्रयत्नपूर्वक यो भागवतकथा सुन्नुपर्दछ । यसलाई सुन्नाको निम्तिमा कुनै विशेष दिन अथवा समय नियत छैन, जहिले सुने पनि हुन्छ ॥४५॥ साँचो बोल्ने र ब्रह्मचर्यले रहने व्रत लिएर सर्वदा यसको श्रवण गर्नु उत्तम मानिएको छ, तर यो कलियुग हुनाले धेरै दिनसम्म माथि कहिएका नियमको पालना गर्न गाह्रो पर्दछ, यसैले शुकदेवजीले कथा - श्रवणको जुन विशेष विधि भन्नुभएको छ , त्यो जानिराख्नुपर्दछ ॥४६॥

कलियुगमा धेरै दिनसम्म चित्तका वृत्तिहरूलाई रोक्न, नियमको पालना गर्न, औ पुण्यकर्मको निम्तिमा दीक्षित भएर रहन एक प्रकारले अत्यन्त गाह्रो पर्ने हुनाले सप्ताहपारायण सुन्नु उचित छ ॥४७॥ श्रद्धापूर्वक नित्य श्रवण गर्नाले तथा माघ महीनामा श्रवण गर्नाले जुन फल मिल्दछ त्यही फल सप्ताहपारायण सुन्नाले प्राप्त हुन्छ भन्ने नियम शुकदेवजीले गरिदिनुभएको छ ॥४८॥ मनलाई दमन गरेर एकाग्र राख्न गाह्रो पर्ने, अनेक रोगको उत्पत्ति हुने र दिन परदिन मानिसको आयु क्षीण हुंदै गएको हुनाले औ कलियुगमा अरू पनि अनेक दोष देखिएकोले सप्ताहश्रवणको विधान गरिएको हो ॥४९॥ तप, योग, औ समाधिले जुन फल पाउन सकिन्न त्यो सम्पूर्ण फल सप्ताहश्रवणले सजिलैसंग पाउन सकिन्छ ॥५०॥ यज्ञ,व्रत , तप, तीर्थसेवा, योग, ध्यान, ज्ञान आदि यी सबैभन्दा बर्ता सप्ताहश्रवण गर्जन्छ; यसको गर्जनाको विष-

यमा बर्त्ता के भन्ने ? यो योग, ध्यान, ज्ञान यी सबैभन्दा बर्त्ता गर्जन्छ, जति पुण्यकर्म छन् ती सबै योमनिका हुन् ॥५१-५२॥

शौनकजीले सोधे —

ए सूतजी ! तपाईंले ता यो बडो अचम्म लाग्दो कुरा भन्नुभयो । अवश्य यो भागवत-पुराण योगवेत्ता ब्रह्माजीका समेत आदिकारण श्रीनारायणको निरूपण गर्ने हो, तर ज्ञानादि सम्पूर्ण धर्मसाधनलाई तिरस्कार गरेर अर्थात् सबैभन्दा ठूलो भएर कुन प्रकारसंग यो मोक्ष-प्राप्ति गराउनामा समर्थ हुनगयो ॥५३॥

सूतजीले भने —

हे शौनकजी ! जुन बखतमा कृष्ण भगवान् यो पृथ्वीतल छाडेर आफ्नो परमपदमा जान लाग्नुभएथ्यो त्यस वेला उहाँको मुखबाट एकादशस्कन्धमा वर्णन गरिएको ज्ञानको उपदेश सुनेर पनि उद्धवले उहाँसित सोधे ॥५४॥

उद्धवले भने —

हे गोविन्द ! तपाईं ता आफ्ना भक्तहरूको काम सिद्ध गरेर परमधाम जान लाग्नुभयो, तर मेरो मनमा एउटा ठूलो चिन्ता छ त्यसलाई दूर गरेर मलाई आनन्दित गराउनुहोस् ॥५५॥ हेर्नोस्, घोर कलियुग आउनै लागेको छ तसर्थ अब फेरि संसारमा अनेक दुष्ट प्रकट हुनेछन्, उनीहरुको संसर्गले जब अनेक साधु सज्जन पनि दुराचारी हुन थाल्नेछन् त्यस वेला उनीहरुको भारले थिचिएकी यी गोरूपा पृथ्वीले कसको शरण लिने हो ? हे कमलनयन ! म ता तपाईंसिबाय अरू कसैलाई पनि यसको रक्षा गर्न सक्ने देख्तिनँ ॥५६ ५७॥ तसर्थ हे भक्तवत्सल ! सज्जनहरु-माथि कृपा गरेर आफ्नो परमधामतिर सवारी नहोओस् । हे भगवन् ! निराकार औ चिन्मय भए तापनि भक्तहरुको निम्तिमा नै तपाईंले यो सगुण रूप धारण गर्नुभएको हो ॥५८॥ तपाईंसितको वियोग भएपछि ती भक्तहरू संसारमा कसरी रहलान् ? किनकि तपाईंको निर्गुण स्वरूपको उपसना गर्न ता अत्यन्त गाह्रो पर्दछ, तसर्थ मेरो भनाइमा अलिकता विचार गर्नुहोस् ॥५९॥

प्रभास क्षेत्रमा उद्धवको यो कुरा सुनेपछि कृष्ण भगवान् पनि भक्तहरुको अवलम्बनको निम्तिमा मैले के व्यवस्था गन हो भन्ने विषयमा विचार गर्न लाग्नुभयो ॥६०॥ अनि ता हे शौनकजी ! भगवान्ले आफ्नो सारा शक्ति भागवतमा राखिदिनुभयो र स्वयं अन्तर्ध्यान भई यस भागवतसमुद्रमा नै पस्नुभयो ॥६१॥ तसर्थ यो श्रीमद्भागवत कृष्ण भगवान्को साक्षात् शब्दमयी मूर्ति हो । यसको सेवन, श्रवण, पाठ अथवा दर्शन गर्नाले मानिसको सारा पाप नष्ट हुन्छ ॥६२॥ तसर्थ यसको सप्ताह-श्रवण सबभन्दा ठूलो साधन मानिएको छ, कलिकालमा सबै धर्म-साधनलाई छाडेर यसैलाई प्रधान धर्म मानेको छ ॥६३॥ कलियुगमा यै एउटा परम धर्म छ जसले दुःख, दरिद्रता, दुर्भाग्य औ पापलाई दूर गरिदिन्छ औ काम-क्रोधादि शत्रुहरुमाथि विजय प्राप्त गराउंछ ॥६४॥ नत्र ता देवताहरुलाई समेत छुट्कारा पाउन गाह्रो पर्ने विष्णु भगवान्को मायाबाट मानिसहरुले कसरी छुट्कारा पाउन सक्तछन् अतः यसबाट छुट्कारा पाउनाको निम्तिमा नै सप्ताहश्रवणको

विधान गरिएको हो ।।६५।।

सूतजी भन्दछन् —

हे शौनकजी ! सनकादि मुनिहरुले यस-प्रकारसंग सप्ताह - श्रवणको महिमा बखान गरिरहेको वेलामा त्यस सभामा जुन एउटा बडो अचम्म लाग्दो दृश्य उपस्थित भयो, त्यो म तिमीलाई भन्दछु, सुन ।।६६।। त्यहाँ तरुण अवस्थामा प्राप्त भएका आफ्ना दुबै छोरालाई साथमा ली अकस्मात् प्रेममयी भक्ति वारंवार "श्री कृष्ण ! गोविन्द ! हरे ! मुरारे ! हेनाथ !" इत्यादि भगवान्‌का नामको उच्चारण गर्दै प्रकट भइन् ।।६७।। भागवत भक्तहरुको निम्तिमा एक मात्र उत्तम आभूषण स्वरूप, सुन्दर वेष धारण गरेकी ती भक्तिलाई आएको देख्ता सभाका सबै सदस्यहरु आश्चर्य मानेर मुनिहरुको सभामा कसरी यिनको प्रवेश हुन गयो, यहाँ कसरी आइन् भनेर आपसमा तर्कना गर्न लागे ।।६८।। अनि सनकादिहरुले भने—"यी भक्तिदेवी कथाका प्रभावले नै यहाँ प्रकट भएकी हुन् ।" उनी-हरूको यो कुरा सुनेर भक्तिले आफ्ना छोरा-हरूको साथमा अति नम्र भएर सनत्कुमारलाई भनिन् ।।६९।।

भक्तिले भनिन् —

कलियुगमा म नष्टप्रायः भइसकेकी थिएं, अहिले तपाईंहरुले कथाको अमृतरस पान गराएर मलाई फेरि पुष्ट गरिदिनुभयो। अबलाई मैले कहाँ बस्ने हो सो कुरा कृपा गरी मलाई बताइ-दिनोस् । यो सुन्दा ब्रह्माका छोरा ती सनकादि-हरूले उनलाई भने ।।७०।। "तिमी भक्तहरुको हृदयमा गोविन्द भगवान्‌को रूप स्थापित गराउने, अनन्य प्रेमको सम्पादन गर्ने औ संसार-रोग-लाई निर्मूल गर्ने हौ । यसैकारण धैर्य लिएर नित्य निरन्तर स्थिरभावसंग विष्णु भगवान्‌का भक्तहरुको हृदयमा नै बस ।।७१।। कलि-युगका दोषले सारा संसारमा आफ्नो प्रभाव जमाउन सके तापनि त्यहाँ तिमीमाथि उनीहरुको दृष्टि पर्न सक्नेछैन ।" यसप्रकारको उनी-हरूको आज्ञा पाउनासाथ भक्ति तत्काल हरिभक्त-हरूको हृदयमा गएर विराजमान भइन् ।।७२।।

जसको हृदयमा एक मात्र श्रीहरिकी भक्ति बसेकी छन्, ती मानिस तीनै लोक चौद्ध भुवनमा सबभन्दा बर्ता निर्धन भए तापनि परम धन्य हुन् किनकि यस भक्तिको डोरीले बाँधिनु-भएको साक्षात् भगवान् नै आफ्नो परमधाम छाडेर ती भक्तहरुको हृदयमा आएर बस्नु-हुन्छ ।।७३।। यस पृथ्वीमा साक्षात् परब्रह्मको रूप लिएर रहेको यस भागवत-पुराणको महिमा तपाईंहरुलाई अरू बर्ता के भनौं ! यो पुराण सुन्ने सुनाउने, वक्ता श्रोता दुबैलाई श्रीकृष्ण भगवान्‌को समता अर्थात् उहाँको रूप प्राप्त हुन्छ । अतः अरू सबै धर्म छाडेर यसैको श्रवण, कीर्तन गर्नु उचित हो ।।७४।।

अध्याय - ४

धुन्धुकारी र गोकर्णको कथा।

सूतजी भन्दछन् --

यस बखतमा आफ्ना भक्तहरुको चित्तमा अलौकिक भक्तिको प्रादुर्भाव भएको देख्ता

भक्तवत्सल भगवान् आफ्नो धाम छाडेर त्यहां पाल्नुभयो ॥१॥ भगवान्ले वनमाला धारण गर्नुभएको थियो,उहाँको शरीर जलसहितको मेघ-समान श्यामवर्णको थियो, त्यस शरीरमा मनोहर पीताम्बर सुशोभित थियो, कम्मरमा सुनको कर्धनीको मुट्ठा लट्किराखेको थियो, शिरमा मुकुट औ कानमा कुण्डल झल्किराखेका थिए ॥२॥ उहाँको पेट मासुको तीनओटा लूंदाले शोभायमान थियो, छातीमा सुन्दर कौस्तुभमणि टल्किराखेको थियो, करोडौं कामदेवलाई समेत आफ्नो सौन्दर्यले लज्जित पार्ने उहाँको शरीरको प्रत्येक अंगमा मलयगिरिचन्दनको लेप थियो ॥३॥ यस्ता परमानन्दस्वरूप चैतन्यमूर्ति माधुरीमय मुरलीधर कृष्णभगवान् आफ्ना भक्त-हरूको निर्मल चित्तमा प्रकट हुनुभयो ॥४॥ त्यस वेलामा वैकुण्ठवासी उद्धव आदि वैष्णवहरू पनि गुप्तरूपले त्यहाँ कथा सुन्नाको निम्तिमा आइराखेका थिए ॥५॥ प्रभु प्रकट हुनासाथ त्यहाँचारैतिर जयजयकारको ध्वनि हुन लाग्यो। भक्तिरसको अद्भुत प्रवाह चल्न थाल्यो, वारं-वार अबीर पुष्पादिको वर्षा तथा शङ्खध्वनि हुन लाग्यो ॥६॥ त्यस सभामा जति बसेका थिए, ती सबैलाई भक्तिमा मग्न भएकोले आफ्नो शरीर घर इत्यादि कुनै कुराको पनि त्यस वेलामा होश थिएन। उनीहरूलाई यसरी भगवान्मा तन्मय भएको देख्ता नारदजी भन्न लाग्नुभयो ॥७॥

हे मुनीश्वर हो! आज मैले सप्ताहश्रवणको यो बडा अलौकिक महिमा देखें, यसको प्रभावले यहाँका महामूर्ख औ दुष्टहरू मात्र ह्वैन कि सारा पशु-पक्षीसमेत अत्यन्त निष्पाप भइराखेका छन् ॥८॥ अतः मेरो विचारमा यस कलिकालमा चित्तको शुद्धिको निम्ति, पाप-समूहलाई नाश गर्ने यो भागवत कथासमान यस मर्त्यलोकमा अर्को दोस्रो साधन छैन ॥९॥ हे सनकादि हो! तपाईंहरू बडा कृपालु हुनुहुन्छ, संसारको हित गर्ने विचारले नै तपाईंहरूले यो बिलकुल नयाँ मार्ग प्रकाशित गर्नुभएको हो। यो कथारूप सप्ताहयज्ञद्वारा कस्ता कस्ता मानिस पवित्र हुन्छन्, सो कृपा गरी मलाई भन्नुहोस् ॥१०॥

सनकादिहरूले भने—

थरी थरीको पाप गरिरहने, सदासर्वदा दुराचारमा प्रवृत्त रहने, कुमार्गको आश्रय लिएका, क्रोधाग्निले जलिराखेका, कुटिल औ कामपरायण यी सबै किसिमका मानिस यस कलियुगमा सप्ताहयज्ञले पवित्र हुन्छन् ॥११॥ कहिले पनि सांचो नबोल्ने, पितामाताको निन्दा गर्ने, तृष्णाले व्याकुल रहने, वर्णाश्रम-धर्मदेखि पतित भएका, दम्भी, अर्काको उन्नति भएको देख्न नसक्ने तथा अर्काको हिंसा गर्ने यी सबै कलि-युगमा सप्ताहयज्ञले पवित्र हुन्छन् ॥१२॥ पांच महापाप (मदिरापान - ब्रह्महत्या-सुनको चोरी-गुरुस्त्रीगमन - विश्वासघात) गर्ने, छल कपट गर्ने, क्रूर, पिशाचसमानका निर्दयी, ब्राह्मणको धन खोसेर अथवा ठगेर खाने, व्यभिचार गर्ने वा गराउने—यिनीहरु पनि कलियुगमा सप्ताह-यज्ञले पवित्र हुन्छन् ॥१३॥ दुष्टचाइँले गर्दा जानीजानीकन सधैं मन, वाणी औ शरीरद्वारा जो पाप गर्दछन्, जो अर्काको धनले आफ्नो औ आफ्ना परिवारका पालनपोषण गर्दछन्—यस्ता मैलो मनका औ दुष्ट विचारका मानिस—

समेत यस कलियुगमा सप्ताहयज्ञले पवित्र हुन्छन् ।।१४।। यस विषयमा म तिमीलाई एउटा प्राचीन इतिहास सुनाउंछु, त्या सुन्नाले नै सब पाप नष्ट हुन्छन् ।।१५।।

पूर्वकालमा तुङ्गभद्रा नदीको तीरमा एउटा उत्तम शहर थियो यस शहरमा बस्ने सबै मानिसहरू धर्मको आचरण गरेर सत्य औ सत्कर्ममा तत्पर रहन्थे ।।१६।। यस शहरमा सबै वेदको मर्म बुझ्ने, श्रौत -स्मार्त कर्ममा निपुण, दोस्रो सूर्यसमानका तेजस्वी आत्मदेव नाम गरेका एकजना ब्राह्मण रहन्थे ।।१७।। भिक्षा वृत्तिले जीवननिर्वाह गर्नेभए तापनि यिनी लोकमा पैसावाल ठहरिएका थिए। यिनकी पत्नीको नाम धुन्धुली थियो । यी बडी जिद्दीवाल अर्थात् आफ्नो कुरामा अडिने किसिमकी थिइन् , यिनको जन्म असल कुलमा भएको थियो औ राम्री पनि थिइन् ।।१८।। यी क्रूर स्वभावकी आइमाई सधैं अर्काको घरको परिपञ्च गरिरहन्थिन् , हरबखत बडबड गर्दथिन् । बडी लोभिनी र कलह गरिरहने भए तापनि घरको कामकाजमा ता खूब सिपालु थिइन् ।।१९।। यसो भए तापनि ती पतिपत्नीको परस्परमा बडो प्रेम थियो औ बडो आननदसंग मिलीजुलीकन गृहस्थाश्रममा रमाएर बसेका थिए । घरमा आरामको चीज औ पैसाको खांचो नभए तापनि कुनै सन्तान नभएकोले गृहस्थीमा यिनीहरूलाई अलिकता पनि सुख थिएन ।।२०।। यसकारण सन्तान – प्राप्तिका लागि उनीहरूले थरि थरिको पुण्यकर्म गर्न थाले र दीन, दुःखीलाई गाई, पृथ्वी, सुन औ वस्त्रादि दान दिन लागे ।।२१।। यसप्रकारसंग धर्ममार्गमा आफ्नो आधा जति धन खर्च गर्दा पनि उनीहरूको छोरा वा छोरी कुनै पनि सन्तान भएनन् ।।२२।।

एक दिन ती ब्राह्मणदेवता बडो दुःखी भएर घरबाट निस्की वनतिर हिंडिदिए । त्यहाँ मध्याह्नको समयमा तिर्खा लागेकोले उनी एउटा तलाउको किनारमा आए ।।२३।। जल पिइसके पछि सन्तानको चिन्ताले दुःखित औ व्याकुल भएका ती ब्राह्मणदेवता त्यहीं तीरमा बसे । उनी बसेको दुई घडीपछि एकजना सन्यासी महात्मा त्यहाँ आए ।।२४।। ती संन्यासीले जल पिइसकेको देख्ता ती ब्राह्मणदेवता उनीनिर गई चरणमा ढोग गरेर लामो लामो सास फेर्दै अगाडि उभिए ।।२५।।

सन्यासीले सोधे --

हे ब्राह्मणदेवता ! भनन तिमी किन रोइ-रहेको ? कुन प्रबल चिन्ताले गर्दा तिमी व्याकुल भएका ह्वौ ? झट्टै मलाई आफ्नो दुःखको कारण भन ।।२६।।

ब्राह्मणले भने --

म तपाईंलाई"आफ्नो दुःख के भनूँ ? यो सब मेरो पूर्वजन्मको पापको फल हो । मेरा पितृहरु पनि " योपछि हामीलाई कसले पानी दिने हो" भन्ने चिन्ताले तातो तातो सास फेर्दछन्, यसैकारण मैले उहांहरूलाई दिएको जलाञ्जलि उहांहरूको तातो सासले तातो हुन्छ ।।२७।। देवता औ ब्राह्मणहरू पनि मैले दिएको अन्न प्रसन्न मनले ग्रहण गर्दैनन् । सन्तान नहुनाले मलाई बडो दुःख भइराखेको छ, सारा संसार नै शून्य भएको छ । ये दुःखले गर्दा म यहां प्राण

त्याग्न आए को हुं ॥२८॥ विनासन्तानको जीवनलाई धिक्कार छ, जुन घरमा कुनै केटाकेटी छैनन् त्यो घरलाई पनि धिक्कार छ, जसको सन्तान छैन त्यसको कुल औ धनलाई समेत धिक्कार छ ॥२९॥ म जुन गाई पाल्दछु ती पनि बाँझी हुन्छिन, जुन रूख लगाउंछु त्यसमा समेत फल-फूल केही लाग्दैन ॥३०॥ मेरो घरमा जुन फल आउंछ त्यो पनि झट्टै बिग्रिहाल्दछ, अतः म जस्तो अभागी औ निःसन्तानको जीवन व्यर्थ हो ॥३१॥

यति भनिसकेपछि ती ब्राह्मणदेवता दुःखले व्याकुल भई ती महात्मा संन्यासीनिर उभिएर डांको छाडी छाडीकन रुन लागे। यो देख्ता सन्यासीको चित्तमा ठूलो दया उत्पन्न भयो ॥३२॥ ती संन्यासी योगनिष्ठ थिए, यसैले उनको निधारको रेखा हेरेर सारा वृत्तान्त थाहा पाइहाले र यसप्रकारसंग विस्तारपूर्वक ब्राह्मणलाई भन्नलागे ॥३३॥

सन्यासीले भने --

अज्ञानले गर्दा उत्पन्न भएका, सन्तान नहुनाको यो शोक छाडिदेऊ। हेर, कमको गति बडो प्रबल हुन्छ, टारेर टर्न सक्तैन। तसथ विवेकको आश्रय लिएर तिमीले संसारको वासनालाई त्यागिदिनुपर्दछ ॥३४॥ हे ब्राह्मण! सुन, अहिले तिम्रो प्रारब्ध हेर्दा कुनै तरहले पनि सात जन्मसम्म तिम्रो कुनै सन्तान हुन सक्तैन भन्ने मलाई निश्चय भएको छ ॥३५॥ हेर, पूर्वकालमा यै सन्तानका लागि राजा सगर औ अङ्गले कत्तिको दुःख भोग्नुपरेको थियो। अतः यो कुटुम्बी ममता छाडिदेऊ; त्यागमा ता सब प्रकारबाट सुखैसुख छ ॥३६॥

ब्राह्मणले भने -

तपाईंले उपदेश गर्नु भएको ज्ञानबाट ता मेरो चित्त बुझ्दैन। मेरो भाग्यमा सन्तान नभए तापनि आफ्नो तपोबलले मलाई छोरा दिनुहोस्, नत्र ता यस शोकले व्याकुल भएर तपाईंकै अगाडि आफ्नो प्राण त्यागिदिनेछु ॥३७॥ पुत्रकलत्रादिको सुख नभएको यो सन्यास ता सर्वथा नीरस नै हो। वास्तवमा छोरानातीले भरिपूर्ण भएका गृहस्थाश्रमलाई नै यस संसारमा सरस भन्नुपर्दछ ॥३८॥ ब्राह्मणको यस्तो आग्रह देख्ता ती तपोधन महात्माले भने—हेर, विधाताले लेखेको कुरा मेट्नाको निम्तिमा जिद्दी कस्नाले राजा चित्रकेतुले बडो कष्ट भोग्नुपरेथ्यो ॥३९॥ दैवद्वारा पुरुषार्थ नष्ट भइसकेको मानिसले झैं तिमीले पनि छोराबाट सुख पाउन सक्तैनौ, तिमी ता कुरा बुझ्दैनौ, केवल ढिपी मात्र गरिरहन्छौ, पुत्रप्राप्तिको अड्डी लिइराखेका तिमीलाई म के भनूँ ॥४०॥

ब्राह्मणको ज्यादै आग्रह देख्ता ती सन्यासीले उनलाई एउटा फल दिएर भने — "यो फल आफ्नी पत्नीलाई खानदेऊ, यसबाट उनको एउटा छोरा जन्मनेछ ॥४१॥ तिम्री ब्राह्मणीले एक वर्षसम्म साँचो बोल्ने, पवित्र रहने, दयापूर्वक दान दिने तथा दिनभरीमा केवल एकपटक मात्र भोजन गर्ने -- यी सब नियमको पालन गर्नुपर्दछ, उनले यसो गरेको खण्डमा त्यो बालक बडो शुद्ध स्वभावको हुनेछ" ॥४२॥

यति भनेर ती योगिराज बाटो लागे र ब्राह्मणदेवता आफ्नो घर फर्केर आए। घर

आएपछि त्यो फल आफ्नी स्त्रीको हातमा दिएर आफू कतै बाहिरतिर लागे ।।४३।। कुटिल स्वभाव भएकी तिनी तरुणी ब्राह्मणीले आफ्नी कुनै एक सखीको अगाडि रुँदै भनिन् - "ए सखी! मलाई ता ठूलो चिन्ता भइराखेको छ, म ता यो फल खाने होइन ।।४४।। किनकि फल खानाले गर्भ रहनेछ र गर्भले गर्दा पेट ठूलो हुनेछ, अनि ता भोजन अलिकता मात्र गर्न सक्नेछु, यसले गर्दा कमजोरी बढेपछि मैले घरको कामधन्दा कसरी गर्ने ? ।।४५।। दैव-संयोगले गाउंमा लूटमार मच्चियोभने गर्भिणी आइमाईले कसरी भाग्ने ? यसबाहेक शुकदेवजी झैं गर्भ बाह्र वर्षसम्म पेटभित्रै अडियोभने त्यसलाई बाहिर कसरी झिक्ने ? ।।४६।। कदाचित् प्रसवकालमा गर्भ बाङ्गिन गयोभने ता मेरो मरण नभई छाड्नेछैन, यसबाहेक प्रसवकालमा हुने भयङ्कर पीडालाई म सुकुमारी स्त्रीले कसरी खपुंला ? ।।४७।। प्रसवकालमा मलाई शिथिल परेको देख्ता नन्दले मेरो सर्वस्व लुटेर लैजानेछन् । यी सब कुराबाहेक मेरो पतिदेवले भन्नुभएको सत्य, शौच आदि नियमको मबाट पालन हुन ज्यादै गाह्रो देखिन्छ ।।४८।। सन्तान भएकी स्त्रीले सदासर्वदा बालकको लालन - पालनको दुःख भोगिरहनुपर्दछ । मेरो विचारमा ता वन्ध्या वा विधवा स्त्री नै यी सब दुःख खप्नु नपरेकोले सुखसंग बस्तछन् ।।४९।।

मनमा थरी थरीको यस किसिमको कुतर्क गरेर ती ब्राह्मणीले त्यो फल खाइनन् र पतिले फल खायौ कि खाइनौ ? भनेर सोद्धा खाएं भन्ने जवाफ दिइन् ।।५०।। केही कालपछि उनकी बहिनी एक दिन स्वयं उनको घरमा आइन् र ब्राह्मणीले पनि सारा वृत्तान्त सुनाएर भनिन्— "ए बहिनी ! सन्तान नहुंदा ब्राह्मणदेवतालाई के भन्ने हो भन्ने कुराको मलाई ठूलो चिन्ता छ ।।५१।। यै पीरले गर्दा म दिनदिनै दुब्ली हुंदै गएकी छु, ए बहिनी ! भनन, अब मैले के गर्ने हो ?" । बहिनीले भनिन्—"तिमी चिन्ता नगर, मेरो पेटमा गर्भ रहेको छ, बालक जन्मनासाथ त्यो बालक तिमीलाई दिनेछु ।।५२।। 'तबसम्म तिमी गर्भवतीले झैं गुप्ती तवरले मोजसंग घरमा बस । मेरा पतिलाई अलिकता धन दियौभने उनले तिमीलाई आफ्नो छोरा दिनेछन् ।।५३।। म आफ्ना छिमेकीमा मेरो छोरो छ महीनाको भएर मऱ्यो भन्ने कुरा फिंजाइदिनेछु र सधैं तिम्रो घरमा आएर त्यस बालकको पालन-पोषण गर्नेछु ।।५४।। परीक्षाको निम्ति यो फल आफ्नी गाईलाई ख्वाइदेऊ ।" यसपछि ती ब्राह्मणीले स्त्री-स्वभावअनुसार आफ्नी बहिनीले भनेमुताबिक काम गरिन् अर्थात् त्यो फल गाईलाई ख्वाइ-दिइन् ।।५५।।

समयानुसार त्यस स्त्रीको छोरा जन्मेपछि उसको बाबुले एकान्तमा ल्याएर त्यो बालक धुन्धुलीलाई दियो ।।५६।। धुन्धुलीले पनि आफ्नो पतिलाई सुखसंग बालक उत्पन्न भयो भन्ने सूचना दिइन् । आत्मदेवले छोरा पाए भन्ने सुन्दा सबै जनालाई बडो आनन्द भयो ।।५७।। आत्मदेवले त्यस बालकको जातकर्म संस्कार गराएर ब्राह्मण-हरूलाई दान दिए र उनको ढोकामा गाना-बजाना तथा अनेक प्रकारका मङ्गल उत्सव

हुन लागे ॥५८॥ यै मौकामा धुन्धुलीले आफ्नो पतिलाई भनिन्—"मेरो स्तनमा दूध छैन तसर्थ मैले अरू जातकी स्त्रीको दूधले कसरी यस बालकलाई पाल्ने हो ? ॥५९॥ मेरी बहिनीले पाएको छोरो भर्खरै मरेको छ तसर्थ बहिनीलाई बोलाएर घरमा राखेको खण्डमा उनले आफ्नो दूधले यस बालकको पालन-पोषण गर्नेछन्" ॥६०॥ पुत्रको रक्षाका लागि आत्मदेवले धुन्धुलीले भनेअनुसार नै गरे र आमाले त्यस बालकको नाम "धुन्धुकारी" राखिन् ॥६१॥

तीन महीना बितेपछि ती गाईबाट पनि फलको प्रभावले मनुष्यको आकार भएको एउटा बच्चा उत्पन्न भयो। सर्वाङ्गसुन्दर दिव्यरूप तथा सुवर्णको जस्तो अति स्वच्छ कान्ति भएको त्यस बालकलाई देख्ता ब्राह्मणदेवलाई बडो आनन्द भयो र उनले स्वयं बालकको सबै संस्कार गरे। गाईबाट मनुष्य-बालक जन्मेको सुन्दा सबै जनालाई बडो आश्चर्य लाग्यो र बालक हेर्न भनी उनीहरू त्यहां आए ॥६२-६३॥ त्यस बालकलाई देख्ता सबै जना आपसमा भन्न लागे—"अहो! आत्मदेवको भाग्यको उदय भएछ, यसैले ता गाईबाट पनि यस्तो दिव्यरूप भएको बालक उत्पन्न भयो; यो ता बडो आश्चर्यको कुरो हो" ॥६४॥ सबैले यो बालक दैवसंयोगले जन्मेको हो भन्ने ठहऱ्याए, कसैले पनि यसको गुह्यरहस्य बुझ्न सकेनन्, गाईको जस्तो कान देखेर आत्मदेवले त्यस बालकको नाम "गोकर्ण" राखे ॥६५॥

केही कालपछि ती दुवै बालक जवान भए। गोकर्ण चांहि ज्ञानी औ पण्डित भए तर धुन्धुकारी बडो दुष्ट भएर आयो ॥६६॥ त्यो ब्राह्मणले गर्नुपर्ने स्नान-शौचादि कुनै काम पनि गर्दैनथ्यो, खान-पीनमा अलिकता पनि परहेज थिएन, उसमा क्रोधको मात्रा निकै बढेको थियो, खराब खराब कुराको संग्रह गर्दथ्यो औ मुर्दाको हातले छोइएको अन्नसमेत खान्थ्यो ॥६७॥ अर्काको माल चोर्ने र सबैसंग शत्रुता गर्ने उसको स्वभाव थियो, लुकी लुकीकन अर्काको घरमा आगो सल्काइदिन्थ्यो, अर्काका छोराछोरीलाई खेलाउन भनेर काखमा लिन्थ्यो र चट्ट इनारमा फ्यांकिदिन्थ्यो ॥६८॥ हिंसा गर्नामा आनन्द मान्ने त्यो हरबखत अस्त्र-शस्त्र धारण गरिरहन्थ्यो र विचरा अन्धा दीन दुःखीलाई व्यर्थमा तंग गर्दथ्यो। सदासर्वदा हातमा पाशो ली कुक्कुरहरूको साथमा चाण्डालको जमातमा मिलेर घुमिरहन्थ्यो ॥६९॥ वेश्याहरूको कुसंगतमा परेर त्यसले आफ्नो बाबुको सारा सम्पत्ति बरबाद गरिदियो र एक दिन आमा बाबुलाई पीटपाट पारेर घरको सबै भांडाकुंडा लिएर हिंडिदियो ॥७०॥

यसप्रकारसंग सारा धन स्वाहा भएपछि शोचनीय अवस्थामा परेको उसको बाबु डांको छाडेर रुंदै भन्न लागे—"यसकी आमा बांझी भएर रहेको भए नै बेश हुनेथियो कुपुत्र ता बडो दुःख दिने हुन्छ ॥७१॥ अब मैले कहाँ बस्ने हो? कहां जाने हो? मेरो यस दुःखलाई कसले दूर गर्न सक्ला? अहो! मेरा उपर ता ठूलो कष्ट आइपरेको छ, यस दुःखले गर्दा मैले अवश्य एक दिन आफ्नो प्राण त्याग्नुपर्नेछ" ॥७२॥ यै मौकामा परमज्ञानी गोकर्णजी त्यहां आए र

पितालाई वैराग्यको उपदेश गरेर यसप्रकारसंग संझाउन बुझाउन लागे ।।७३।। "हे पिताजी ! यस संसारमा केही पनि सार छैन, यो ता अत्यन्त दुःखरूप औ मोह उत्पन्न गराउने पो हो । धन वा छोरा कहिले पनि कसैको भएको छ र ? यिनको माया ममतामा पर्नें मानिसले सदा भुट-भुटिइरहनुपर्दछ ।।७४।। इन्द्र अथवा चक्रवर्ती राजालाई समेत अलिकता पनि सुख छैन; सुख ता एक मात्र एकान्तवासी विरक्त मुनिलाई मात्र हुन्छ ।।७५।। तपाईं यो पुत्र–स्नेहरूपी अज्ञानलाई त्यागिदिनोस् । यस मोहमा पर्नाले ता नरकमैं जानुपर्दछ; अन्त्यमा यो शरीर पनि नष्ट नभइ-छाड्दैन, तसर्थ अहिलेदेखि नै सबथोक त्यागेर वनमा गई हरिभजन गर्नोस्" ।।७६।।

गोकर्णको कुरा सुनेर आत्मदेव वन जान भनी तयार भएर उनलाई भन्न लागे– "ए छोरा, वनमा गएर मैले के गर्ने हो सो कुरा विस्तार-पूर्वक बताइदेऊ ।।७७।। म ता बडो मूर्ख छु, अहिलेसम्म आफ्ओ कर्मले गर्दा स्नेह-पाशमा बाँधिएर लूलो लंगडो झैं घर - रूप अंध्यारो इनारमा पडिराखेको छु; तिमी ता बडो दयालु छौ, यसबाट मेरो उद्धार गर ।।७८।।

गोकर्णले भने --

हे पिताजी ! हाड, रगत, मासुको थुप्रो यो असार शरीरको अभिमान छाडेर अर्थात् यो शरीर नै म हुं भन्न छाडेर स्त्री-पुत्रादिमा यी मेरा हुन् भन्ने भाव त्यागिदिनोस् । रातदिन यो संसार क्षणभङ्गुर हो भन्ने समझ लिएर एक मात्र वैराग्यरूप रसको रसिक बनी सर्वदा भगवान्‌को भक्तिमा लागिराख्नोस् ।।७९।। भगवद्भजन नै सबभन्दा ठूलो धर्म हो, तसर्थ निरन्तर यसैको आश्रय लिनोस् अरू सब प्रकारका लौकिक धर्मलाई छाडिदिनोस्, साधुसंतको सेवा गर्नपट्टि लाग्नोस्, भोगको लालसा त्यागि-दिनोस्, झट्टै अर्काको दोष गुणमा विचार गर्न छाडी एक मात्र भगवत्सेवा औ भगवान्‌का कथाको रस-पान गर्नोस् ।।८०।।

छोराको यसप्रकारको भनाइले गर्दा साठी वर्षभन्दा बर्ता उमेर भएका आत्मदेव चित्त-लाई स्थिर गरेर घरद्वार छाडी वनतिर लागे र त्यहां मन लगाएर रोजरोजै भगवान्‌को पूजा गर्नाले औ नियमपूर्वक भागवतको दशमस्कन्धको पाठ गर्नाले उनी कृष्ण भगवान्‌को परमपदमा प्राप्त भए ।।८१।।

अध्याय – ५

धुन्धुकारी प्रेत-योनिमा प्राप्त भएको र भागवतको श्रवण गर्नाले उसको उद्धार भएको कथा ।

सूतजी भन्दछन् –

बाबु वनतिर लागेपछि, हे शौनकजी ! एक दिन धुन्धुकारीले आफ्नी आमालाई बेसरी पीटपाट पारेर भन्यो-– "भन, धन कहां राखेको छ ?, नत्र ता अहिले नै लात्तीले हिर्काउंछु" ।।१।। छोराको यसप्रकारको हप्क्याहटले डराएर औ सधैंको उसले गरेको दुष्टताले दुःखित भई तिनले रात्रिको समयमा इनारमा हामफालिन

र यसले गर्दा तिनको मृत्यु पनि भयो ॥२॥ यसप्रकारसंग आमा-बाबु कोही पनि नहुँदा सदा योगमा स्थित रहने गोकर्ण पनि तीर्थयात्रा गर्न भनी हिँडिदिए। उनलाई यस्ता घटनाबाट सुख अथवा दुःख केही पनि हुंदैनथ्यो किनकि उनको दृष्टिमा आफ्नो न कोही मित्र थियो न कोही शत्रु ॥३॥

अब ता धुन्धुकारी पाँचओटी वेश्याहरूलाई साथमा राखेर घरमा बस्नलाग्यो। उनीहरूको पालन पोषणको चिन्ताले उसको बुद्धिलाई एकदम नष्ट गरिदियो र यसैले नाना प्रकारका अति भयानक कर्म गर्न लाग्यो ॥४॥ एक दिन ती वेश्याहरूले उसित धेरै धेरै गहना मागे। कामले अन्धो भइराखेको धुन्धुकारी आफ्नो शिरमा सवार भइराखेको मृत्युको संझनै नराखेर ती गहना जुटाउन को निम्ति चोरी गर्न भनी घरबाट निस्क्यो ॥५॥ जताततबाट निक्कै धन चोर-चार पारेर घर फर्केर आयो र ती वेश्या हरूलाई अलिकता राम्रा राम्रा लुगा औ गहना पनि ल्याइदियो ॥६॥ त्यसले घरमा ल्याएको धनको ठूलो थुप्रो देख्ता ती वेश्याहरू रात्रिको समयमा आपसमा भन्न लागे— "यी ता रोज रोजै चोरी गर्दछन्, अतः राजाका मानिसले कुनै न कुनै दिन यिनलाई अवश्य पक्रनेछन् ॥ ७ ॥ राजाले सारा धन खोसेर अवश्य यिनलाई प्राण-दण्ड दिनेछन्, तसर्थ यो धन बचाउनाका लागि हामीले नै यिनलाई किन गुप्तरूपले नमार्ने? ॥८॥ यसलाई मारिसकेपछि यसको माल-मत्ता लिएर हामी यताबाट अन्यत्र कतै लागौं"। यस्तो निश्चय गरेर उनीहरूले सुतिराखेको धुन्धुकारीलाई डोरीले बेसरी बाँधे। ॥ ९ ॥ र घाँटीमा फाँसी लगाएर मार्ने चेष्टा गर्नलागे तर हतपती उसलाई नमरेको देख्ता उनीहरूलाई बडो चिन्ता भयो ॥ १० ॥ अनि ता उनीहरूले अनेक बल्दो आगोको फिलिङ्गो ल्याएर उसको मुखमा झोसिदिए। अग्निको ज्वालाले अत्यन्त दुःखित औ व्याकुल भएर त्यो छट्पटाई छट्पटाईकन मरिहाल्यो ॥ ११ ॥ यसपछि ती वेश्याहरूले उसको शरीरलाई एउटा खाल्डोमा जाकेर गाडिदिए, साँच्चि नै हो, आइमाईहरू बडो ठूलो साहस गर्न सक्तछन्। उनीहरूको यस करतूतको कसैले पनि पत्तो पाउन सकेनन् ॥ १२ ॥ कसैले उनीहरूसित धुन्धुकारी कहाँ गए भनेर सोध्यो-भने हाम्रा प्रियतम धनको लोभले आकृष्ट भएर यसपाला अलि टाढा जानुभएको छ, शायद यै वर्षभित्र फर्कनुहुनेछ ॥ १३ ॥ बुद्धिमान् पुरुषले कहिले पनि दुष्ट स्त्रीहरूको विश्वास गर्न हुन्न, जुन मूर्खले यिनीहरूको विश्वास गर्दछ त्यसले अवश्य थरीथरीको आपत्ति भोग्नु-पर्दछ ॥ १४ ॥ यिनीहरूको बोली अमृतसमान मीठो हुनाले कामी पुरुषको हृदयमा रस बढाउँछ तर हृदय भने छुराको धारसमान तीखो हुन्छ, यस्ता स्त्रीहरूको निम्तिमा कोही पनि प्यारो छैन ॥ १५ ॥

यसपछि अनेकानेक पुरुषहरूसितको सहवास गर्ने ती वेश्याहरू धुन्धुकारीको सारा मालमत्ता लिएर त्यहाँबाट अन्यत्र लागे र धुन्धुकारी पनि आफ्नो कुकर्मले गर्दा भयङ्कर प्रेत भयो ॥ १६ ॥ वायुको रूप धारणा गरेको त्यो प्रेत सदा दसै दिशामा दगुरिरहन्थ्यो र भोक, प्यास, जाडो,

गर्मीले आकुल-व्याकुल पर्न जाँदा "हे दैव! दैव!" भनेर चिच्च्याइरहन्थ्यो तर शरण भने कतै पाउन्नथ्यो। केही कालपछि गोकर्णले पनि मानिसहरूको मुखबाट धुन्धुकारी मरेको खबर थाहा पाए ॥ १७-१८॥ उसलाई अनाथ सम्झेर उनले गयाजीमा उसको श्राद्ध गरिदिए र अरू पनि जुन जुन तीर्थमा आफू जान्थे त्यहाँ उसको श्राद्ध गरिदिन्थे ॥ १९ ॥

यसप्रकारसंग भ्रमण गर्दा गर्दा गोकर्ण आफ्नो शहरमा आए र रात्रिको समयमा अरूको नजर बचाएर सुत्नाको निम्ति सोझै आफ्नो घरको आँगनमा पुगे ॥ २० ॥ त्यहाँ आफ्नो भाइलाई सुतिराखेको देख्ता धुन्धुकारीले आधा रातको समयमा आफ्नो बडो विकट रूप देखायो ॥२१॥ त्यो कहिले भेडा, कहिले हात्ती, कहिले राँगो, कहिले इन्द्र औ कहिले अग्निको रूप धारण गर्न-लाग्यो। अन्त्यमा त्यो मानिसको आकारमा प्रकट भयो ॥ २२ ॥ यस्तो विपरीत अवस्था देख्ता गोकर्णले यो दुर्गतिमा परेको कुनै जीव रहेछ भनेर बुझिहाले। मनमा यस्तो निश्चय गरेर उनले धैर्यपूर्वक उसित सोधे ॥ २३ ॥

गोकर्णले सोधे—

रात्रिको समयमा यस्तो भयानक रूप धारण गर्ने तिमी को ह्वौ? यस्तो दशा कसरी भएको हो? तिमी प्रेत, पिशाच, अथवा राक्षस को ह्वौ मलाई भन ॥२४॥

सूतजी भन्दछन् —

गोकर्णले यसप्रकारसंग सोध्दा धुन्धुकारी वारंवार चिच्च्याएर रुन लाग्यो। आफूमा बोल्ने सम्मको पनि शक्ति नहुँदा त्यसले केवल इशारा मात्रले आफ्नो दुःख औ कष्ट बतायो ॥ २५ ॥ गोकर्णले आफ्नो अञ्जलिमा जल लिएर मन्त्रको उच्चारण गर्दै उसको शरीरमाथि छर्किदिए। यस अभिषेकले गर्दा पाप केही शमन भएकोले उसले यसप्रकारसंग भन्न लाग्यो ॥२६॥

प्रेतले भन्यो—

म धुन्धुकारी नाम गरेको तिम्रो दाजु हुँ, मैले आफ्नो दोषले आफ्नो ब्राह्मणत्व नष्ट गरि-दिएँ ॥२७॥ महान् अज्ञानमा म परेको थिए; मेरा कुकर्मको गणना गरी साध्य छैन। जीवको हिंसा गर्ने मलाई अन्त्यमा मेरा दुष्ट स्वास्नीहरूले बडो यातना दिएर मारिदिए ॥२८॥ यसैले म अहिले प्रेत-योनिमा प्राप्त भएको छु। अब म तिमीलाई आफ्नो दुर्दशाको वर्णन गर्दछु। दैवाधीन कर्मफलको उदय भएकोले म अहिले केवल वायु-भक्षण गरेर बाँचिराखेको छु ॥२९॥ हे भाइ! तिमी ता दयाका सागर ह्वौ, अब कुनै उपायले झट्टै मलाई यस योनिबाट मुक्त गर। धुन्धुकारीको सारा कुरा सुनिसकेपछि गोकर्णले उसलाई भने ॥३०॥

गोकर्णले भने—

ए दाइ! तिम्रो निम्तिमा मैले गयामा विधि-पूर्वक पिण्डदान गरेको थिएँ, तैपनि तिमी प्रेत-योनिबाट किन मुक्त भएनौ— मलाई यस कुरामा बडो आश्चर्य लागिराखेको छ ॥३१॥ गयाश्राद्धबाट पनि तिम्रो मुक्ति नभएपछि ता यसका लागि म अरू कुनै उपाय देख्तिनँ। हे प्रेत! तिमीलाई कुनै उपाय थाहा छभने, तिम्रो निम्तिमा मैले के गर्नु-पर्ने हो सो कुरा विस्तारपूर्वक मलाई भन ॥३२॥

प्रेतले भन्यो —

मेरो मुक्ति ता गयामा सयपटक श्राद्ध गर्नाले

पनि हुन सक्तैन तसर्थ तिमीले नै यसको निम्तिमा अर्को कुनै उपाय विचार गर्नुपर्‍यो ॥३३॥

प्रेतको यो कुरा सुन्दा गोकर्णलाई बडौं आश्चर्य लाग्यो र उनी भन्नलागे— "सयकडा गयाश्राद्धले समेत तिम्रो मुक्ति हुन सक्तैनभने ता तिमीले यस योनिबाट छुट्कारा पाउनु असम्भवै छ ॥३४॥ हे प्रेत ! अहिले ता तिमी निर्भय भएर आफ्नो ठाउँमा बस, विचार गरेर तिम्रो मुक्तिको निम्तिमा अर्को उपाय गर्नेछु ॥३५॥

गोकर्णको आज्ञा पाएर धुन्धुकारी त्यहाँबाट आफ्नो ठाउँमा फर्केर आयो । यता गोकर्णले पनि त्यो रातभरी विचार गरे तर एक उपाय पनि उनको मगजमा पसेन ॥३६॥ बिहानीपख उनी आएका छन् भन्ने खबर पाएकोले सबै जना दङ्ग परेर उनीसित भेट गर्न आए । गोकर्णले पनि रातभरी आफूले देखे सुनेको सबै कुरा उनीहरूलाई सुनाइदिए ॥३७॥ यी गाउँलेहरू मध्ये जति विद्वान्, योगी, ज्ञानी औ वेदज्ञ थिए ती सबैले अनेक शास्त्र ओल्टाईपल्टाईकन हेरे, तर धुन्धुकारीको मुक्तिको कुनै उपाय पनि देखेनन् ॥३८॥ यसपछि उनीहरूले यसको मुक्तिको विषयमा सूर्यनारायणले जे भन्नुहुन्छ हामीले सोही गर्नुपर्दछ भन्ने निश्चय गरे । अतः गोकर्णले आफ्नो तपोबलले सूर्यको गतिलाई रोकेर उहाँको प्रार्थना गर्न-लागे ॥३९॥ "सारा संसारको साक्षी हुनुभएको हे भगवन् ! म तपाईंलाई नमस्कार गर्दछु, कृपा गरी धुन्धुकारीको मुक्तिको उपाय मलाई बताइ-दिनोस्" ।यो सुनेर सूर्यनारायणले टाढैबाट स्पष्ट शब्दमा भन्नुभयो ॥४०॥ ।"श्रीमद्भागवतको श्रवणद्वारा मुक्ति मिल्न सक्तछ, तसर्थ यसको सप्ताहपारायण गर" । सूर्यको यो धर्ममय वचन त्यहाँका सबैले सुने ॥४१॥ अनि ता सबै जना भन्न लागे— "सूर्यनारायणले बताएको यो साधन बडो सरल छ, प्रयत्नपूर्वक हामीले यै उपाय गर्नु-पर्दछ ।" अतः गोकर्णजी पनि निश्चय गरेर कथा सुनाउनको निम्ति तय्यार भए ॥४२॥


कथाको समाचार पाएर वरिपरिका देश औ गाउँबाट अनेक मानिस कथा सुन्न भनेर आउन लागे । यस वेलामा अनेक लंगडा, लूला, अन्धा, बूढा, औ मन्दबुद्धि भएका मानिससमेत आफ्नो पाप क्षीण गराउने उद्देश्यले त्यहाँ आए ॥४३॥ यसप्रकारसंग देवताहरूलाई समेत छक्क पार्ने किसिमको त्यहाँ बडो भारी भीड लाग्नगयो । गोकर्णजीले व्यास-गद्दीमा बसेर कथा भन्न थाल्नासाथ प्रेतसमेत त्यहाँ उपस्थित भयो र यताउति आफूलाई बस्नाको निम्ति ठाउँ खोज्दा खोज्दैमा उसको दृष्टि सातओटा आँख्ला भएको सोझो पारेर उभ्याएको बाँसमाथि पर्नगयो ॥४४-४५॥ त्यस बाँसको जरामा भएको प्वालभित्र पसेर त्यो कथा सुन्न भनी बस्यो । वायुरूप हुनाले त्यो बाहिर कतै पनि बस्न सक्तैनथ्यो, यसै-कारण बाँसभित्र पस्यो ॥४६॥

गोकर्णले एक जना वैष्णव ब्राह्मणलाई मुख्य श्रोता बनाएर प्रथम स्कन्धदेखि नै स्पष्ट स्वरले कथा सुनाउन थाले ॥४७॥ सायङ्कालमा जब कथालाई विश्राम दिइएथ्यो, त्यसबखतमा त्यहाँ एउटा बडो विचित्रको घटना भयो—त्यहाँ बसेका सभासद्हरूको सामुन्नेमा त्यस बाँसको एउटा आँख्लो पट्पट् शब्द गरेर फुट्न गयो ॥४८॥ यसैगरी दोस्रो दिन सायङ्कालमा दोस्रो आँख्ला

फुट्यो र तेस्रो दिन ठीक उही वेलामा तेस्रो आँख्लो फुट्यो ॥४९॥ यसप्रकारसंग सात दिनमा सातओटा आँख्ला फुटालेर धुन्धुकारी बाह्रै स्कन्धको पारायण सुन्नाले प्रेतयोनिबाट मुक्त भयो ॥५०॥ दिव्यरूप धारण गरेको त्यो धुन्धुकारी, मेघसमानको श्याम शरीरमा पीताम्बर पहिरेर, तुलसीको मालाले शुशोभित भई सबैको सामुन्नेमा प्रकट भयो। उसको शिरमा मुकुट र कानमा कुण्डल झल्किराखेका थिए ॥५१॥ त्यसले तुरुन्त भाइ गोकर्णलाई प्रणाम गरेर भन्यो—"ए भाइ ! तिमीले कृपा गरेर मलाई प्रेतयोनिको यातनाबाट मुक्त गरिदियौ ॥५२॥ अहो ! प्रेतयोनिको प्रबल पीडालाई नाश पार्ने यो श्रीमद्भागवतकथा धन्य हो। श्रीकृष्णधामरूप फल दिने यो सप्ताह-पारायण पनि धन्य हो ॥५३॥ सप्ताह सुन्ने विचार उठ्नासाथ सबै पापहरू 'यस भागवत-कथाले अब चाँडै नै हाम्रो अन्त गरिदिनेछ' भन्ने मनसायले थर्‌थर् काम्न लाग्दछन् ॥५४॥ जसरी आगोले चिसो-सुकेको-सानो-ठूलो सब किसिमको काठ डढाएर भस्म गराइदिन्छ त्यसै गरी यस सप्ताह-श्रवणले मन, वचन औ कर्मद्वारा गरिएका नयाँ-पुराना, साना-ठूला सबथरीका पापलाई नष्टगरिदिन्छ ॥५५॥

विद्वान्‌हरूले देवताको सभामा 'भारतवर्षमा जन्म पाएर जसले श्रीमद्भागवतको कथा सुन्दैन, त्यसको जन्म निष्फल हो' भनेर भनेका छन्॥५६॥ मोहपूर्वक लालनपालन गरेर यस अनित्य शरीरलाई हृष्टपुष्ट औ बलवान् बनाए तापनि कसैले श्रीमद्भागवतको कथा सुनेनभने त्यसले व्यर्थमा आफ्नो जीवन बिताएको भन्नुपर्दछ ॥५७॥ यो शरीर हाडरूपी थामको भरमा खडा छ, नसारूपी डोरीले बाँधिएको छ, माथिबाट मासु र रगत थुपारेर छालाले यसलाई मोरेको छ; यसको प्रत्येक अङ्गबाट दुर्गन्ध निस्कन्छ,किनकि यो ता मलमूत्रको भाँडो हो ॥५८॥ वृद्धावस्था औ शोकले गर्दा यो परिणाममा दुःखमय हुन्छ, रोगहरूको ता घरै भएकोले नित्य निरन्तर आकुल-व्याकुल रहन्छ, सदासर्वदा कुनै न कुनै कामनाले पीडित रहन्छ, तृप्ति भनेको कहिले पनि हुँदैन । यसलाई धारण गरिराख्नु पनि भार हो, रउँ रउमा दोष भरिएको दुष्ट स्वभावको यस शरीरलाई नाश हुन एक क्षण पनि लाग्दैन ॥५९॥ अन्तमा कीरा, विष्टा अथवा खरानीको थुप्रो बन्नु—यस शरीरका यी तीन गति बताइएका छन्; यस्तो अस्थिर शरीरद्वारा मानिस अविनाशी फल दिने कर्म किन सिद्ध गर्दैनन् ? ॥६०॥ बिहानीपख पकाएको अन्न साँझसम्ममा बिग्रेर जान्छ, त्यस्तो अन्नको रसले पुष्ट हुने यो शरीर कसरी नित्य हुन सक्ला ?॥६१॥

यस लोकमा सप्ताह-श्रवण गर्नाले झट्ट भगवान्‌को प्राप्ति हुन सक्तछ, अतः सब प्रकारका दोषको निवृत्तिका लागि यै मात्र एउटा साधन छ ॥६२॥ श्रीमद्भागवतको कथा नसुन्ने मानिस ता जलमा पानीको फोको र जीवमा लामखुट्टे-समान केवल मर्नाको निम्तिमा नै जन्मेका हुन् ॥६३॥ जसको प्रभावले जड औ सुक्खा बाँसको आँख्ला ता फुट्तछन्‌भने त्यस्तो भागवतको कथा सुन्नाले चित्तको गाँठो फुस्कनु कुनै आश्चर्यको कुरो होइन ॥६४॥ सप्ताह श्रवण गर्नाले मानिसको हृदय-ग्रन्थि फुस्कन्छ अर्थात् उसको देहात्मबुद्धि सदाका लागि दूर हुन्छ,उसका सारा संशय छ्यान्न-



धुन्धुकारीको उद्धार

मुद्रक—गीताप्रेस, गोरखपुर

ब्याप्त हुन्छन् औ सारा कर्म क्षीण भएर जान्छन् ।।६५।। विद्वान्‌हरूको भनाइअनुसार संसार-रूप हिलोलाई पखाल्नामा समर्थ भएको यो भागवत कथारूप तीर्थ हृदयमा स्थित भएपछि मानिसले अवश्य मुक्ति पाउँछ" ।।६६।।

धुन्धुकारीले यसप्रकारको कुरा भनिरहेको बखतमा वैकुण्ठवासी विष्णु भगवान्‌का पार्षद-हरूले शुशोभित भएको एउटा विमान त्यहाँ उपस्थित भयो, त्यस विमानले गर्दा चारैतिर मण्डलाकार प्रकाश फैलिरहेको थियो ।।६७।। सबैले हेर्दाहेर्दैमा धुन्धुलीको छोरो धुन्धुकारी त्यस विमानमा चढ्यो। यसपछि विमानमा विराजमान भएका विष्णुभगवान्‌का पार्षदहरूलाई देख्ता गोकर्णले उनीहरूलाई यसप्रकारसँग भने

गोकर्णले भने—

मैले भनेको कथा निर्भय चित्तले सुन्ने अनेक श्रोताहरू यहाँ उपस्थित छन्; उनीहरूको निम्ति पनि यस विमानको साथमा तपाईंहरूले अरू विमान-समेत एकैचोटि किन ल्याउनुभएन ? ।।६८।। भगवान्‌का हे पार्षद हो ! यहाँ ता सबैले समान भावले कथा सुनेको देख्तछु, तसर्थ फलमा यस प्रकारको भेद किन भयो ? मेरो यस सन्देहलाई दूर गरिदिनोस् ।।७०।।

भगवान्‌का सेवकहरूले भने—

सबैले एउटै भावसँग कथा सुनेनन् , त्यसैले फलमा भेद भएको हो; सुन्न ता सबैले सुने तर यी धुन्धुकारीले झैं कसैले मनन गरेनन् । यसैले सबैले सँगसँगै भजन गरे तापनि हेमानद ! त्यसको फलमा यो भेद भएको हो ।।७१।। यस प्रेतले सातदिनसम्म निराहार बसेर कथा सुन्यो र स्थिर चित्तले वारंवार त्यसको मननादि पनि गऱ्यो ।।७२।। जुन ज्ञान दृढ छैन त्यो निष्फल हुन्छ, यसै गरी जसले ध्यान दिएर सुन्दैन त्यसको श्रवण पनि व्यर्थ हुन्छ, मन्त्रमा सन्देह भएपछि त्यसको फल पनि हराएर जान्छ, चित्तलाई यता-उति भड्कन दिएर गरेको जप पनि निष्फले हुन्छ ।।७३।। जहाँ विष्णु-भक्त हुन्नन् त्यो देश नष्ट हुन्छ, कुपात्र ब्राह्मणले गराएको श्राद्ध व्यर्थ जान्छ, अश्रोत्रीय अर्थात् धर्मशास्त्र नपढेको ब्राह्मणलाई दिएको दानबाट कुनै फल पाइन्न तथा अनाचारले गर्दा कुलै नष्ट भएर जान्छ ।।७४।।

गुरुको वचनमा विश्वास गरेर, आफूमा दीनताको भाव राखेर, मनको दोषलाई जितेर औ एकाग्र बुद्धिले कथा सुन्योभने मात्र कथा सुन्नाको पूरा पूरा फल पाइन्छ । यी श्रोताहरूले पनि माथि कहिएका नियमको पालना गरेर फेरि कथा सुनेभने निश्चय यिनीहरूको वैकुण्ठमा वास हुनेछ ।।७५-७६ ।। तपाईंलाई ता हे गोकर्णजी ! भगवान्‌ले स्वयं आफै लगेर आफ्नो गोलोक धाममा स्थान दिनुहुनेछ । यति भनेर सबै पार्षद-हरू हरिकीर्तन गर्दै वैकुण्ठलोकतिर लागे।।७७।।

फेरि श्रावण महीनामा गोकर्णले त्यसै गरी सात दिनसम्म कथा भने र ती श्रोताहरूले पनि फेरि त्यसै गरी सुने ।।७८।। हे नारद ! यस कथाको समाप्तिमा भएको घटना म भन्दछु, सुन ।।७९।। त्यहाँ अनेक विमान औ पार्षदहरूको साथमा भगवान् प्रकट हुनुभयो, त्यस वेला चारैतिरबाट जयजयकार औ नमस्कारको घनघोरको ध्वनि हुन लाग्यो ।।८०।। स्वयं भगवान्‌ले पनिदङ्गपरेर

आफ्नो पाञ्चजन्य शङ्ख बजाउनुभयो र गोकर्ण-लाई अङ्कमाल गरेर आफ्नै समानको उनको चतुर्भुजरूप बनाइदिनुभयो ॥८१॥ यसपछि उहाँले क्षणभरमा अरू सबै श्रोताहरूलाई पनि मेघसमानको श्यामवर्ण, रेशमी पीताम्बरधारी तथा किरीट औ कुण्डलादिले विभूषित गरिदिनु-भयो ॥८२॥ त्यस वेला त्यस गाउँका कुक्कुर औ चाण्डालपर्य्यन्तका जति जीव थिए ती सबै पनि गोकर्णको कृपाले विमानमा बसालिए औ योगिजन बस्ने भगवान्को परमधाममा पठाइए ॥८३॥ यसप्रकारसँग भक्तवत्सल कृष्ण भगवान् कथा–श्रवणले प्रसन्न भई गोकर्णलाई साथमा लिएर आफ्ना ग्वालबालहरूको प्यारो गोलोक–धामतिर लाग्नुभयो ॥८४॥ जसरी पूर्व-कालमा भगवान् श्रीरामचन्द्रले अयोध्यावासीलाई आफ्नो साथमा साकेतलोकमा लिएर जानुभएथ्यो त्यसै गरी अहिले कृष्ण भगवान्ले पनि ती सबैलाई योगीहरूको निम्तिसमेत अत्यन्त दुर्लभ गोलोकधाममा लिएर जानुभयो ॥८५॥ जुन लोकमा सूर्य, चन्द्रमा औ सिद्धहरूसमेत पुग्न सक्तैनन्, त्यै लोकमा श्रीमद्भागवतको श्रवण गर्नाले उनीहरू सजिलैसँग पुगे ॥८६॥

हे नारदजी ! सप्ताह–यज्ञमा हरिकथा सुन्नाले जुन अत्यन्त उज्ज्वल फल सञ्चित हुन्छ त्यसको विषयमा म तपाईंलाई अरू बर्त्ता के भनूँ— जसले गोकर्णको मुखबाट निस्केको हरिकथाको एक अक्षरसम्म पनि आफ्नो कर्णपुटद्वारा पान गरेका थिए तिनले समेत फेरि आमाको गर्भमा प्रवेश गर्नु परेन ॥८७॥ वायु, जल औ पात खाएर शरीर सुकाउने घोर तपस्या गर्नाले अथवा धेरै दिनसम्म योगाभ्यास गर्नाले पनि जुन गति भेटिन सकिन्न, त्यै गति मानिस सप्ताह–पारायण सुन्नाले सजिलैसँग प्राप्त गर्दछन् ॥८८॥ हे नारदजी ! यो परम पवित्र इतिहासलाई चित्रकूटमा विराज–मान रहने शाण्डिल्य मुनिसमेत ब्रह्मानन्दमा मग्न भएर पढिरहन्छन् ॥८९॥ यो कथा अत्यन्त पवित्र छ । एकचोटि श्रवण गर्नाले नै यसले सारा पापको थुप्रोलाई भस्म पारिदिन्छ । श्राद्धमा यसको पाठ गर्नाले पितृहरू तृप्त हुन्छन् औ नित्य पाठ गर्नाले जन्म-मृत्युको चक्करमा पर्नु-पर्दैन अर्थात् पुनर्जन्म हुँदैन ॥९०॥

अध्याय–६

सप्ताह–पारायणको विधि–वर्णन

सनकादिहरू भन्दछन्—

अब म तिमीलाई सप्ताह सुन्ने विधिको वर्णन गर्दछु । यो विधि प्रायः सज्जनहरूको सहायता औ धनले सिद्ध हुन्छ भन्ने कहिएको छ ॥१॥ पहिले ज्योतिषीलाई बोलाएर उनीसित मुहूर्त्त सोध्नुपर्दछ र जत्तिको विवाहको समयमा सब प्रकारबाट चित्त प्रसन्न राखिन्छ । त्यसै गरी यस समयमा पनि यत्नपूर्वक मनलाई प्रसन्न राख्नु–पर्दछ ॥२॥ आषाढ, श्रावण, भाद्र, आश्विन, कार्तिक, मङसीर यी छ महीनामा कथा आरम्भ हुनुपर्दछ; यी छ महीनामा सुनिएको कथा श्रोतालाई मोक्षपद प्राप्ति गराउने मानिएको छ ॥३॥ यी महीनामा पनि भद्रा, व्यतिपात आदि त्याज्य मुहूर्तका सर्वथा

त्याग गर्नुपर्दछ र जो मानिस उत्साही छन् तिनलाई यस उत्सवमा आफ्नो सहायक बनाउनुपर्दछ ॥४॥ फेरि प्रयत्नपूर्वक देश देशान्तरमा यहाँ कथा नेभएको छ, सबै जनाले परिवार-सहित पाल्नुहुनुपर्दछ भन्ने समाचार पठाइदिनुपर्दछ ॥५॥ किनकि मूख हुनाले हरिकथा औ हरिकीर्तनदेखि टाढा रहने व्यक्ति तथा स्त्री एवं शूद्रादि अपढलाई समेत सप्ताह सुन्नाले ज्ञान हुन्छ ॥६॥ देश देशमा हरिकीर्तनका प्रेमी जति विरक्त वैष्णव छन्, उनीहरूकहाँ पत्र लेखेर पठाउनुपर्दछ । यसप्रकारसँग पत्र लेख्नू भनेर बताइएको छ ॥७॥ "हे महानुभाव हो ! यहाँ सात दिनसम्म सज्जनहरूको अत्यन्त दुर्लभ समागम हुनेछ औ त्यसमा अपूर्व रसमयी श्रीमद्भागवतको कथासमेत हुनेछ ॥८॥ तपाईंहरू सदा सर्वदा श्रीमद्भागवत कथारूप अमृतरसको पान गर्नामा बडा रसिक हुनुहुन्छ । तसर्थ प्रेमपूर्वक झट्टै पाल्नुहुने कृपा गर्नुपर्दछ ॥९॥ कुनै कारणले तपाईं-लाई यहाँ सात दिनसम्म बस्ने अवकाश छैनभने एक दिनका लागि ता अवश्य पाल्नुहुनुपर्दछ, किनकि एक क्षणको निम्ति पनि यहाँको कथा सुन्न पाउनु बडो दुर्लभ कुरा हो" ॥१०॥ यसप्रकारसँग विनयपूर्वक उनीहरूलाई निमन्त्रित गरोस् र यस उत्सवमा सम्मिलित हुनाको निम्तिमा जति जना आउँछन्, उनको लागि बस्नाको निम्ति यथोचित स्थानको प्रबन्ध गरोस् ॥११॥

कुनै तीर्थमा, एकान्त वनमा अथवा आफ्नै घरमा समेत यस कथाको श्रवण उत्तम मानिएको छ, तर जहाँ खूब फराकिलो मैदान हुन्छ, त्यहीं कथाको मण्डप बनाउनुपर्दछ ॥१२॥ भूइँ झाडु-बडारु गरीकन साफ पार्नुपर्दछ र त्यहाँ लीप-पोत गरी गेरु आदि धातुले त्यस ठाउँलाई राम्रोसंग सिंगार्नुपर्दछ । घरमा कथा लगाएको खण्डमा घरको मालताल पन्छाएर एकातिर कुनामा राखिदिनुपर्दछ ॥१३॥ पाँच दिन पहिलेदेखि नै अनेक आसन जम्मा पारोस् तथा केराको थामले सुशोभित भएको एउटा अग्लो मण्डप तय्यार गरोस् ॥१४॥ त्यस मण्डपलाई पत्र, पुष्प, फल औ चँदुवाले सिंगारोस् र चारैतिर ध्वजा पताका टाँग्न लगाएर थरीथरीका सामग्रीले सजसजाउ पारोस् ॥१५॥ फेरि त्यस मण्डपको ऊर्ध्वभागमा विस्तारपूर्वक सात लोकको कल्पना गरोस् र तिनमा सात जना विरक्त ब्राह्मणहरूलाई बोलाएर राखोस् ॥१६॥ तर उनीहरूलाई बोलाउनुभन्दा अघि नै त्यहाँ यथोचित आसन तय्यार पारिराख्नुपर्दछ । यस बाहेक वक्ताको निम्तिमा एउटा उत्तम व्यासगद्दी तय्यार पारिराख्नुपर्दछ ॥१७॥ वक्ता उत्तरतिर मुख गरेर बसेका छन्भने श्रोताले पूर्वतिर मुख गरेर बस्नुपर्दछ र वक्ता पूर्वतिर फर्केर बसेका छन्भने श्रोताले उत्तरतिर मुख गरेर बस्नुपर्दछ ॥१८॥ अथवा पूज्य (वक्ता) औ पूजक (श्रोता) को बीचमा पूर्वदिशा पर्नुपर्दछ । देश-कालको गतिलाई राम्ररी बुझेका महानुभावहरूले श्रोताको निम्तिमा यस्तै नियम बनाएका छन् ॥१९॥ वेद-शास्त्रको स्पष्टसंग व्याख्या गर्न सक्ने, थरीथरीको दृष्टान्त दिन जान्ने तथा धैर्य भएका एवं अत्यन्त निस्पृह जो छन् त्यस्ता विरक्त औ विष्णु-भक्त ब्राह्मणलाई वक्ता बनाउनुपर्दछ ॥२०॥ मतमतान्तरको झगडाले गर्दा भ्रान्तिमा परेका, स्त्री-लम्पट औ नास्तिक-

वादको समर्थन गर्नेहरूलाई पण्डित भए तापनि श्रीमद्भागवतको वक्ता बनाउन हुन्न ।। २१ ।। वक्तानिर उनको सहायताका लागि उनैसमानको एक जना विद्वान् राख्नुपर्दछ, यी सहायक पनि सबप्रकारका संशयको निवृत्ति गर्न सक्ने औ मानिसलाई बुझाउन सक्ने हुनुपर्दछ ।।२२।।

वक्ताले कथा थाल्ने अघिल्लो दिन व्रत राम्रो-संग पूर्ण होस् भन्ने उद्‌देश्यले क्षौर गराउनुपर्दछ र अरुणोदयको समयमा अर्थात् सूर्योदय हुनुभन्दा दुई घडी अघि शौचादिबाट निवृत्त भएर राम्रोसंग स्नान गर्नुपर्दछ ।।२३।। अनि संध्यादि आफ्नो नित्यकर्मलाई संक्षेपमा समाप्त गरेर कथामा कुनै प्रकारको विघ्न नपरोस् भन्ने उद्‌देश्यले गणेशजीको पूजा गर्नुपर्दछ ।। २४ ।। तदन्तर पितृहरूलाई तर्पण दिसकेपछि आफ्नो शरीरको शुद्धिका लागि प्रायश्चित्त गर्नुपर्दछ र एउटा मण्डल बनाएर त्यसमा विष्णु भगवान्को प्रतिमा स्थापित गर्नुपर्दछ ।।२५।। यसपछि कृष्ण भगवान्लाई लक्ष्य गरेर मन्त्रको उच्चारण गर्दै क्रमैसंग षोडशोपचारविधिले उहाँको पूजा गर्नुपर्दछ तथा पूजा गरिसकेपछि प्रदक्षिणा औ नमस्कारादि गरेर भगवान्को यसप्रकारसंग स्तुति गर्नुपर्दछ ।।२६।। "हे करुणानिधान ! म संसार-सागरमा निमग्न भएकोले बडो शोचनीय अवस्थामा पडिराखेको छु, कर्म र मोहरूपी ग्राहले मलाई समातिराखेका छन् । हे प्रभो ! यस संसार-सागरबाट मेरो उद्धार गर्नोस् ।।२७।।" यसपछि धूप-दीप आदि सामग्रीले श्रीमद्भागवतको पनि बडो उत्साह र प्रसन्नतासंग विधिविधान-पूर्वक पूजा गर्नुपर्दछ ।।२८।। अनि पुस्तकको अगाडि नरिवल राखेर नमस्कार गरीकन यस प्रकारसंग प्रसन्न चित्तले केवल स्तुति गरोस्— श्रीमद्भागवतको रूपमा तपाईं साक्षात् श्री कृष्ण भगवान् नै विराजमान हुनुहुन्छ । हे नाथ ! भव-सागरबाट छुट्कारा पाउनाको निम्तिमा मैले तपाईंको शरण लिएको छु; हे केशव ! मेरो यो मनोरथ विना कुनै प्रकारको विघ्नबाधाले साङ्गोपाङ्ग अर्थात् सब तरहबाट पूर्ण गरिदिनोस् किनकि म ता तपाईंको अनन्य दास हुँ ।।२९-३१।।

यसप्रकारसँग दीन वचनले स्तुति गरिसके-पछि वक्तालाई सुन्दर वस्त्र औ आभूषणले विभूषित गराई उनको पूजा गर्नुपर्दछ र पूजा गरिसकेपछि यस तरहले उनको स्तुति गर्नु-पर्दछ ।।३२।। "सबै शास्त्रमा पारङ्गत हुनुभएको, परम ज्ञानी शुकदेवस्वरूप हे भगवन् ! कृपया यो कथा सुनाएर मेरो अज्ञानलाई दूर गरिदि-नोस्" ।।३३।। अनि आफ्नो कल्याणको निम्ति प्रसन्नतासाथ वक्ताको अगाडि नियम ग्रहण गरोस् र सात दिनसम्म यथाशक्ति त्यस नियमको पालन पनि गरोस् ।।३४।। कथामा कुनै प्रकारको विघ्न नपरोस् भन्नाका लागि अरू पाँच जना ब्राह्मणको वरण गरोस र उनीहरूबाट द्वादशाक्षरी मन्त्रद्वारा भगवान्का नामको जप गराओस् ।।३५।। यसपछि विष्णुभक्त ब्राह्मणहरूलाई तथा हरि-कीर्तन गर्नेहरूलाई समेत नमस्कार गरेर उनको पूजा गरोस् र उनीहरूको आज्ञा लिएर स्वयं पनि आसनमा बसोस् ।।३६।। जुन श्रोताले संसार, सम्पत्ति, धन, घर, पुत्रादिको चिन्ता छाडेर शुद्ध चित्तले केवल कथामा नै ध्यान लगाउँछ त्यसले उत्तम औ पूर्ण फल पाउँछ ।।३७।।

बुद्धिमान् वक्ताले सूर्योदयदेखि कथा भन्न थालेर साढे तीन पहरसम्म मध्यम स्वरले राम्रो-सँग कथा बाँचोस् ॥३८॥ मध्याह्नको समयमा दुई घडीसम्म कथा बन्द गरोस्, त्यस बखतमा सुनेको कथाअनुसार वैष्णवहरूले भगवान्का गुणको कीर्तन गर्नुपर्दछ, व्यर्थको कुराकानी गर्न हुन्न ॥३९॥ कथाको समयमा मल-मूत्रको वेगलाई रोक्नकोनिम्तिमा अल्पाहार नै बेश हुन्छ । तसर्थ वक्ता औ श्रोताले दिनमा केवल एकपटक हविष्यान्न मात्र खानुपर्दछ॥४०॥सकिन्छभने सात दिनसम्म निराहार बसेर अथवा केवल घिउ दूध पिएर जसरी हुन्छ सुखसंग रही कथा श्रवण गरोस् ॥४१॥ अथवा फलाहार गरोस् वा एक-पटक दाल-भात आदि साधारण भोजन गरोस्, भनाइको सारांश के होभने जुन नियम सजिलोसंग पालन गर्न सकिन्छ । त्यसैलाई कथा-श्रवणको निम्ति ग्रहण गरोस् ॥४२॥ सुखसँग मन लगाएर कथा सुन्न सकिन्छभने भोजन गर्नु बेश हो, तर उपवासले कथा सुन्नमा विघ्न पर्दछभने त्यस किसिमको उपवास बेश होइन ॥४३॥

हे नारदजी ! अब म नियमसँग कथा सुन्ने-हरूले जुन जुन नियमको पालन गनुपर्दछ सो भन्दछु सुन्नुहोस् । जसले विष्णु भगवान्को दीक्षा लिएका छैनन् अथवा जसको हृदयमा भगवान्को भक्ति छैन त्यस्तालाई कथा सुन्ने अधिकार छैन ॥४४॥ नियमसँग कथा सुन्ने मानिसले ब्रह्मचर्यमा रहनुपर्दछ, भूईंमा सुत्नु-पर्दछ र रोज रोज कथा समाप्त भएपछि टपरी इत्यादिमा भोजन गर्नुपर्दछ ॥४५॥ दाल (मास, चना इत्यादि) मधु, तेल, गरिष्ट अन्न, भावदूषित पदार्थ तथा बासी अन्न यी सब कुरा नियमसँग कथा सुन्ने व्रत लिएको मानिसले सर्वदा त्याग गर्नैपर्दछ ॥४६॥ कथा सुन्ने व्रत लिएको मानिसले काम, क्रोध, मद (घमण्ड), मान, मत्सर (डाह), लोभ, दम्भ (धोकाबाजी), मोह, द्वेष आदि दोषलाई अवश्य दूर गर्नैपर्दछ ॥४७॥ कथा-श्रवणको व्रत ग्रहण गर्नेले वेद, वैष्णव, ब्राह्मण, गुरु, गाईको सेवा गर्नेको तथा स्त्री, राजा औ महापुरुषहरूको निन्दा गर्न हुन्न ॥४८॥ नियमसँग कथा सुन्ने व्यक्तिले रजस्वला स्त्री, अन्त्यज (चाण्डाल आदि), म्लेच्छ (गो-भक्षक), पतित, व्रात्य (ठीक समयमा यज्ञो-पवीत संस्कार नभएका औ गायत्रीको मन्त्र नलिएका), ब्राह्मणहरूको द्वेष गर्ने र वेदको निन्दा गर्नेहरूसित कुरा गर्न हुन्न ॥४९॥ नियम-संग कथा सुन्नेले सदा सत्य, शौच, दया, मौन, सरलता, विनय आदि गुणको आचरण गरोस् औ चित्तलाई उदार राखोस् ॥५०॥ धनहीन, क्षय-रोगी, भाग्यहीन, पापी, सन्तान नभएका औ मुमुक्षु यस कथाको श्रवणमा विशेष अधिकारी-छन् ॥५१॥ जुन स्त्रीको मासिक-धर्म हुन्न, जसको एकपटक सन्तान भएर फेरि भएको छैन अथवा जो बाँझी छ, जसको सन्तान जन्मेर मर्दछ एवं जसको गर्भ तुहिन्छ, त्यस्ता आइमाईले अवश्य यो कथा यत्नपूर्वक सुन्नुपर्दछ ॥५२॥ माथि कहि-एका आइमाईले विधिपूवक यस कथाको श्रवण गरेभने तिनका सबै दोष मेटिनेछन् औ अक्षय फलको प्राप्तिसमेत हुनेछ । यो अत्यन्त उत्तम औ दिव्य-कथा मन लगाएर सुन्नाले करोडौं यज्ञ गरेको फल पाइन्छ ॥५३॥

पूर्वोक्त विधिले व्रतको पालन गरेर उद्यापन गरोस् । कुनै विशेष फलको इच्छाले कथा सुन्नेले ता जन्माष्टमीको व्रत झैं यस कथाको पनि उद्यापन गनुपर्दछ ॥५४॥ तर भगवान्का निष्किञ्चन भक्तहरूका लागि ता प्रायः उद्यापन गर्ने नियम छैन, किनकि यिनीहरू निष्काम वैष्णव हुनाले केवल कथा सुन्नाले नै पवित्र भइहाल्दछन ॥५५॥

यसप्रकारसंग सप्ताह-यज्ञ समाप्त भएपछि श्रोताहरूले बडो भक्तिसंग पुस्तक औ वक्ताको पूजा गर्नुपर्दछ ॥५६॥ फेरि वक्ताले पनि श्रोता-हरूलाई प्रसाद, तुलसीदल र चढाएको माला दिएर आशीर्वाद दिनुपर्दछ औ मृदङ्गको मनोहर ध्वनिको साथसाथै सबैले खूब राम्रोसंग कीर्तन गर्नुपर्दछ ॥५७॥ यसपछि 'जय जय' 'नमोनमः' भन्न लगाएर शङ्खादि बजाउन लगाउनुपर्दछ तथा ब्राह्मण औ याचकहरूलाई धन, अन्न दिनुपर्दछ ॥५८॥ श्रोता विरक्त भक्त अर्थात् निष्काम छभने समाप्तिको दोस्रो दिन गीता पाठ गराओस्, गृहस्थ छभने होम गराओस् ॥५९॥ त्यस होममा दशमस्कन्धको एक एक श्लोक पढेर अग्निमा विधिपूर्वक खीर, मधु, घृत, तिल औ अन्नादि सामग्रीले आहुती देओस् ॥६०॥ अथवा एकाग्र-चित्तले गायत्री मन्त्रद्वारा हवन गरे पनि हुन्छ किनकि वास्तवमा गायत्री परमतत्व अर्थात् ईश्वरको रूप हो र यो महापुराण तन्मय हो ॥६१॥ हवन गर्ने शक्ति नभएको खण्डमा बुद्धिमान् श्रोताले हवनको फल प्राप्त गर्नाका लागि ब्राह्मणलाई हवनको सामग्री दान गरेर दिनुपर्दछ । नाना प्रकारका विघ्नको निवृत्ति र विधिमा घटीबढी भएको दोषको शान्तिका लागि विष्णुसहस्रनामको पाठ गरोस् । विष्णुसहस्रनामको पाठले सबै कर्म सफल हुन्छन्, किनकि योभन्दा ठूलो अरू कुनै उपाय नै छैन ॥६२-६३॥

यति गरिसकेपछि बाह्र जना ब्राह्मणलाई खीर, मधु आदि उत्तम उत्तम पदार्थको भोजन गराउनुपर्दछ, तथा व्रतपूर्तिका लागि कथा भन्नेलाई सुन औ गाई दिनुपर्दछ ॥६४॥ आफ्नो शक्ति भएको खण्डमा तीन तोलाको एउटा सुनको सिंहासन बनाउन लगाएर त्यसमाथि राम्रो अक्षरले लेखिएको श्रीमद्भागवतको पुस्तक राखी, आवाहनादि षोडशोपचारले राम्रोसँग पुस्तकको पूजा गरेर, वस्त्र, आभूषण औ गन्धादि सामग्रीले पूजन गरिएका जितेन्द्रिय आचार्यलाई दक्षिणासहित दान गरेर दिनुपर्दछ । यसो गर्नाले त्यो बुद्धिमान् दाता जन्म-मरणको बन्धनबाट मुक्त हुन्छ । सम्पूर्ण पापलाई नष्ट गर्ने यस सप्ताहविधिको यसप्रकारले ठीक ठीकसँग आचरण गरेर यो श्रीमद्भागवत सुन्नाले अति शुभफल पाइन्छ, तथा धर्म-अर्थ-काम-मोक्ष यी चारै-थरिको प्राप्तिको साधन हुनजान्छ,यसमा अलिकता पनि सन्देह छैन ॥६५-६८॥

सनकादिहरू भन्दछन् -

हे नारदजी ! यसप्रकारसँग मैले तिमीलाई सप्ताह-श्रवणको सम्पूर्ण विधि सुनाइहालें, अब अरू के सुन्ने इच्छा छ, भन । एउटा श्रीमद्भागवतले नै भोग-मोक्ष दुवैथोक हात लाग्दछ ॥६९॥

सूतजी भन्दछन्—

यति भनेर सनकादि महामुनिहरूले एक सप्ताहसम्म एकाग्रचित्तले सुन्ने सबै प्राणीहरूको सामुन्नेमा सब प्रकारको पाप नष्ट गर्ने, परिम-

पवित्र तथा भोग-मोक्ष दुवै दिने श्रीमद्भागवतको कथा बाँचेर सुनाए र यसपछि उनीहरूले विधिपूर्वक भगवान् पुरुषोत्तमको स्तुति पनि गरे ॥७०-७१॥ कथा समाप्त भएपछि ज्ञान, वैराग्य औ भक्ति यी तीनै परम पुष्ट भए औ एकदम तरुना बनेर सबै जीवको चित्त आफूतिर आकर्षित गर्न-लागे ॥७२॥ आफ्नो मनोरथ पूरा भएकोले नारदजी आफूलाई कृतार्थ भएको संझी परमा-नन्दमा मग्न हुनुभयो र उहाँको सारा शरीरमा रोमाञ्च भएर आयो ॥७३॥ यसप्रकारसँग कथा सुनिसकेपछि भगवान्का प्यारा नारदजी हात जोरेर प्रेमपूर्ण गद्गदवाणीले सनकादिहरूलाई भन्न लाग्नुभयो ॥७४॥

नारदजीले भन्नुभयो—

म धन्य रहेछु; तपाईंहरूले करुणा गरेर मेराउपर ठूलो अनुग्रह गर्नुभयो; आज ता मैले सम्पूर्ण पापको निवारण गर्ने भगवान् हरिलाई भेट्टाएँ ॥७५॥ हे तपोधन मुनीश्वर हो! मेरो विचारमा ता सबै धर्ममध्ये श्रीमद्भागवतको श्रवण नै श्रेष्ठ छ, किनकि यसद्वारा वैकुण्ठवासी साक्षात् श्रीकृष्ण भगवान् नै भेटिनुहुन्छ ॥७६॥

सूतजी भन्दछन्—

वैष्णवमध्येका श्रेष्ठ नारदजीले यस्तो कुरा गरिरहेको वेलामा योगेश्वर शुकदेवजी घुम्दै फिर्दै त्यहाँ आइपुग्नुभयो ॥७७॥ ज्ञानरूप महासागरका लागि निर्मल चन्द्रमासमानका, आत्मलाभले तृप्त रहने, हेर्दाखेरि सोह्र वर्षको अवस्था देखिने, व्यासजीका छोरा भगवान् शुक-देवको ठीक कथा समाप्तिको समयमा त्यहाँ आगमन भयो। यस वेलामा उहाँ पनि बडो प्रेमसँग बिस्तारै बिस्तारै श्रीमद्भागवतको पाठ गरिरहनुभएको थियो ॥७८॥ परमतेजस्वी शुक-देवजीलाई देख्नासाथ सबै सभासद्हरूले हत्तपत्त उठेर उहाँलाई एउटा अग्लो आसनमा बसाले। यसपछि देवर्षि नारदले प्रेमसँग उहाँको पूजा गर्नुभयो। आरामसँग आसनमा विराजमान भएपछि शुकदेवजीले निर्मल वाणीले जुन पवित्र उपदेश दिनुभएथ्यो, सो सुन ॥७९॥

शुकदेवजीले भन्नुभयो—

अहो! भावुक रसिक हो! वेदरूप कल्पवृक्षको अमृतरसले परिपूर्ण भएको यो श्रीमद्भागवत-फल सुगाको (शुकदेवको) मुखबाट यस पृथ्वीतलमा झरिराखेको छ। यो मूर्तिमान रस नै हो। यस फलको बोक्रा, बियाँ इत्यादि कुनै अंशलाई पनि मिल्काउनुपर्दैन। शरीरमा चेतना रहेसम्म तथा संसारको प्रलय नभएसम्म यो भागवत कथारूप अमृतरसको वारंवार पान गरिरहनोस् ॥८०॥ महामुनी श्रीवेदव्यासद्वारा रचना गरिएको यो श्रीमद्भागवतमा मत्सरहीन (अर्काको उन्नति भएको देख्न नसक्ने स्वभाव नभएका) सज्जन-हरूको निष्कपट एवं ईश्वराराधनरूप परम धर्मको वर्णन गरिएको छ। यसलाई पढ्नाले, सुन्नाले औ मनन गर्नाले सजिलैसँग यथार्थ परमार्थ वस्तु (परब्रह्म कृष्ण भगवान्) को ज्ञान भइहाल्दछ, औ यस ज्ञानबाट परम सुखको प्राप्ति हुन्छ। किनकि यसबाट आधिदैविक, आधिभौतिक एवं आध्या-त्मिक यी तीनै प्रकारका तापको जरै उखेलिएर जान्छ। जसले यसको आश्रय लिन्छन् तिनलाई ढीलोसंग फल दिने अरू कुनै साधन अथवा शास्त्रको आश्रय लिनुपर्दैन। जसले आफ्नो

पूर्वजन्ममा अनेक पुण्य गरेका हुन्छन् । तिनै भाग्यमानीको हृदयमा यो महापुराण सुन्ने इच्छा हुन्छ र यस्तो इच्छा हुनासाथ उनको हृदयमा स्वयं भगवान् उत्तिखेरै आएर विराजमान भइहाल्नुहुन्छ र फेरि त्यताबाट डेग चल्नुहुन्न ।।८१।। यो श्रीमद्भागवतपुराण सबै पुराणहरूको तिलक अर्थात् सर्वोपरि श्रेष्ठ हो औ वैष्णवहरूको ता सर्वस्व नै हो । यसमा परमहंसहरूले भेट्टाउने विशुद्ध ज्ञानकै वर्णन गरिएको छ तथा ज्ञान, वैराग्य औ भक्तिको साथसाथै निवृत्ति–मार्ग (निष्कर्म धर्म) प्रकट गरिएको छ । जो मानिस भक्तिपूर्वक यसलाई पढ्दछ, सुन्दछ अथवा मनन गर्दछ त्यो संसारबाट मुक्त भइहाल्दछ ।।८२।। यो रस स्वर्गमा, सत्यलोकमा, कैलाशमा अथवा वैकुण्ठमा कतै पनि छैन, तसर्थ हे भाग्यशाली पुरुष हो । खूबसँग यसको पान गर, कुनै तरहले पनि यसलाई नछाड, नछाड ।।८३।।

सूतजी भन्दछन्—

शुकदेवले यसप्रकारसँग भनिरहेको बखतमा त्यस सभाको बीचमा प्रह्लाद, बलि, उद्धव र अर्जुन आदि पार्षदहरूको साथमा साक्षात् भगवान् प्रकट हुनुभयो र देवर्षि नारदले भगवान् र उहाँका भक्तहरूको पूजा गर्नुभयो ।।८४।। भगवान्को हँसिलो मुख देख्ता देवर्षिले उहाँलाई एउटा श्रेष्ठ आसनमा विराजमान गराउनुभयो र उहाँको अगाडि कीर्तन गर्न लाग्नुभयो । त्यस कीर्तनलाई हेर्नाको निम्तिमा पार्वतीको साथमा महादेवजी औ ब्रह्माजी पनि त्यहाँ आउनुभयो।।८५।। कीर्तन आरम्भ भएपछि प्रह्लाद चञ्चल गति अर्थात् फुर्तिलो हुनाले करताल बजाउन लागे, उद्धवले मंजीरा हातमा लिए, नारद वीणा लिएर बजाउन लागे, गान-विद्यामा सिपालु भएकोले अर्जुनले राग अलाप्न थाले,इन्द्रले मृदङ्ग बजाउन शुरू गरे, सनकादिहरू कीर्तनको बीच बीचमा जयजयकार गर्नलागे र यी सबैको अगाडि बसेर शुकदेवजी थरी थरीको रसिलो रचना गरेर भाव बताउन लागे ।।८६।। यी सबैको बीचमा भक्ति, ज्ञान औ वैराग्य यी तीनै परम तेजस्वी नटुवा झैं नाच्नलागे,यस्तो अलौकिक कीर्तन देख्ता भगवान् खूब दङ्ग परेर यसप्रकारसँग भन्न लाग्नुभयो ।।८७।। "म तिमीहरूको यस कथा औ कीर्तनले बडो प्रसन्न भएं,तसर्थ तिमीहरूको भावभक्तिले गर्दा वशमा परेको मबाट अब आफूलाई इच्छा लागेको वर माग ।" भगवान्को यो कुरा सुन्दा सबै जना बडो प्रसन्न भएर प्रेमार्द्र चित्तले भगवान्लाई भन्नलागे ।।८८।। "हे भगवन् ! अब भविष्यमा पनि जहाँ सप्ताह–कथा हुन्छ, त्यहाँ तपाईंले यी आफ्ना भक्तहरूको साथमा अवश्य पाल्नुहुनुपर्दछ । हाम्रो यो इच्छा पूर्ण हुनुपर्दछ ।" भगवान् पनि "तथास्तु" (यस्तै हुनेछ) भनेर अन्तर्धान हुनुभयो ।।८९।।

यसपछि नारदजीले भगवान्को तथा उहाँका पार्षदहरूको चरणलाई लक्ष्य गरेर प्रणाम गर्नुभयो र अनि शुकदेव आदि तपस्वीहरूलाई पनि नमस्कार गर्नुभयो । तदनन्तर कथा–रूप अमृत पान गर्नाले अति आनन्दित भएका ती सबैको मोह नष्ट भएर गयो र सबै श्रोताहरू आफ्ना आफ्ना स्थानतिर लागे ।।९०।।

त्यस वेला शुकदेवजीले भक्तिको,उनका छोरा ज्ञान औ वैराग्यको साथसाथै, श्रीमद्भागवतमा

स्थापना गरिदिनु भयो । यसैकारण श्रीमद्भागवतको सेवन गर्नाले श्रीहरि वैष्णवहरूको हृदयमा आएर विराजमान हुनुहुन्छ ॥९१॥ दारिद्र्य (नाना प्रकारको अभाव) औ दुःखरूप ज्वरले पीडित भइराखेका तथा जसलाई मायारूपी पिशाचिनीले कुल्चिराखेको छ औ जो संसार-समुद्रमा खसालिएका छन्—यी सबैलाई कल्याण प्रदान गर्नको निम्त्तिमा यो श्रीमद्भागवत गर्जिराखेको छ ॥९२॥

शौनकजीले सोधे —

हे सूतजी ! शुकदेवले राजा परीक्षितलाई, गोकर्णले धुन्धुकारीलाई र सनकादिहरूले नारदलाई कुन कुन समयमा यो भागवत-पुराण सुनाएका हुन्, यो कुरा बताएर मेरो संशयलाई दूर गरिदिनोस् ॥९३॥

सूतजीले भने —

कृष्ण भगवान् परमधाम पाल्नुभएपछि, कलियुगको तीस वर्षभन्दा केही बर्ता समय बितेपछि, भाद्रपदको शुक्ला नवमीको दिन शुकदेवजीले कथा आरम्भ गरेका थिए ॥९४॥ राजा परीक्षितले कथा सुनेपछि, कलियुगको अरू दुई सय वर्ष बितेमा आषाढ मासको शुक्ला नवमीको दिन गोकर्णले यो कथा सुनाएका थिए ॥९५॥ तदनन्तर कलियुगको अरू तीस वर्ष बितेपछि कार्तिक मासको शुक्ला नवमीदेखि सनकादिहरूले कथा आरम्भ गरेका थिए ॥९६॥ हे निष्पाप शौनकजी ! तपाईंले सोध्नुभएको प्रश्नको उत्तर मैले दिसकें । यस कलियुगमा भागवतको कथाले संसार-रोगलाई नष्ट गरिदिन्छ ॥९७॥

हे संत पुरुष हो ! तपाईंहरू बडा आदरसँग यस कथाको पान गर्नोस् । यो कृष्ण भगवान्को अत्यन्त प्यारो, कलिकालको सम्पूर्ण पापलाई नाश गर्ने, मुक्तिको एक मात्र कारण औ क्षण क्षणमा भक्तिलाई बढाउने हो । संसारमा अरू अरू कल्याणकारी साधनको विचार गर्नाले र तीर्थको सेवा गर्नाले के फल पाइएला ॥९८॥ हातमा काल-पाश लिराखेका आफ्ना दूतहरूलाई देख्ता यमराज उनको कानमा भन्दछन्—"हेर ! हरि-कथा–रूप सुधा पान गरेर जो त्यसमा मस्त भइराखेका छन् । उनीहरूलाई कहिले पनि नछोए; अरूहरूलाई दण्डदिने शक्ति ममा छ । तर वैष्णवहरू ता मेरो शासनबाहिरका हुन्"॥९९॥ यस असार संसारमा विषयरूप विषले गर्दा चित्त व्याकुल भइराखेका हे मानिस हो ! आफ्नो कल्याणका लागि आधा क्षणको निम्त्ति भए पनि यो भागवत कथारूप अनुपम सुधाको पान गर । किन व्यर्थमा अरू निन्दित कथाले युक्त भएको कुमार्गमा हिंडिराखेका छौ ? कानमा यस कथाको प्रवेश हुनासाथ मानिसको मुक्ति भइहाल्दछ—महाराज परीक्षित यस कुराको प्रत्यक्ष प्रमाण छन् ॥१००॥ प्रेमरसको प्रवाहमा स्थिर भएर श्रीशुकदेवजीले यो कथा भनेका थिए । यस कथाको जसको कण्ठसित सम्बन्ध हुन्छ । अर्थात् जसले यसलाई कण्ठमा धारण गर्दछ,त्यो वैकुण्ठको स्वामी बन्न जान्छ ॥१०१॥ हे शौनकजी ! मैले सम्पूर्ण शास्त्रको अवलोकन गरी तपाईंलाई यो परम गुह्य रहस्य (सार) सुनाएको हुँ । सबै शास्त्रका सिद्धान्तहरूको यै निचोड हो । संसारमा भागवतको कथाभन्दा बर्ता पवित्र अरू कुनै वस्तु नै छैन; अतः तपाईंहरू परम सुखको

प्राप्तिको लागि द्वादश–स्कन्धसम्म बिस्तार भएको यो सारमय रसको पान गर्नोस् ॥१०२॥ जो मानिस भक्तिभावसँग नियमपूर्वक यो भागवतपुराण सुन्दछ र जो विशुद्ध विष्णुका भक्तहरूको अगाडि यसलाई सुनाउँछ ती दुवैथरी विधिपूर्वक रास्रोसँग सुन्ने औ सुनाउने गरेको हुनाले यसको यथार्थ फल पाउछन्। किनकि यथार्थ रीतिले चेष्टा गरेको खण्डमा संसारमा कुनै वस्तु अथवा कार्य अप्राप्य अथवा असाध्य हुँदैन ॥१०३॥

श्रीमद्भागवत—माहात्म्यं समाप्तम् ।

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

प्रथम स्कन्ध

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

श्रीमद्भागवत-भाषा

प्रथमस्कन्ध

अध्याय-१

श्रीसूतजी नैमिषारण्यमा आउनुहुन्छ औ सनकादि ऋषिहरू उहाँसित प्रश्न गर्दछन्।

मङ्गलाचरण

जुन परमेश्वरबाट यस जगत्को उत्पत्ति, स्थिति तथा लय भइरहन्छन्, जुन परमेश्वर घडामा कारणरूप मृत्तिका व्याप्त भए झैं कार्य-रूप यस संसार-प्रपञ्चमा कारणरूपले व्याप्त भइराखेका छन्, जो मिथ्या कार्य्यदेखि भिन्न छन्, जो ज्ञानरूप तथा स्वयं प्रकाश छन्, जुन वेदको तात्पर्य बुझ्नाको निम्तिमा बडा बडा ज्ञानी विद्वान्को समेत बुद्धिले चक्कर खान्छ, त्यै वेदको जसले सङ्कल्प मात्रले आदि कवि ब्रह्मालाई उपदेश दिएथे, पुनः जसरी सूर्यको किरणले तातेको बालुवामा जलको भ्रान्ति ता हुन्छ तर त्यो सत्य होइन तथापि सूर्यको किरणको सत्ताले सत्य जस्तो मालूम हुन्छ, स्थिरसंग रहेको पानीमा जसरी यो काँच हो भन्ने भान हुन्छ तर त्यो सत्य होइन तथापि काँचको सत्ताले सत्य जस्तो लाग्दछ औ जसरी काँचमा पानीको भान हुन्छ तर त्यो सत्य होइन तथापि काँचको सत्ताले सत्य जस्तो लाग्दछ त्यसै गरी अधिष्ठान-रूप परमात्मामा तमोगुणको कार्यरूप पञ्चमहा-भूतको सृष्टि, रजोगुणको कार्यरूप इन्द्रियहरूको सृष्टि औ सत्यगुणको कार्यरूप देवताहरूको सृष्टि कल्पित एवं असत्य हुन् तथापि परमात्माको सत्ताले सत्य जस्तो देखिन्छन् औ जसले आफ्नो ज्ञानमय प्रकाशले माया, छल, कपट आदिलाई नाश गरेका छन् हामी उनै परमेश्वर सत्य परमात्माको ध्यान गर्दछौं ॥१॥

ग्रन्थमहिमा

महामुनि श्रीवेदव्यासद्वारा रचिएको यो श्रीमद्भागवतमा मत्सरहीन (अर्काको बढती देख्न नसक्ने स्वभाव नभएका) सज्जनहरूको निष्कपट (मोक्षसम्मको पनि कामना नभएको) एवं ईश्वरा-राधनरूप परम धर्म (अनन्य एवं विशुद्ध भगवत्प्रेम) को वर्णन गरिएको छ। यसलाई पढ्ने, सुन्ने औ मनन गर्नाले सजिलैसँग परमार्थ-वस्तु (परब्रह्म भगवान् श्रीकृष्ण) को ज्ञान भइ-

हाल्दछ औ यस ज्ञानबाट परम सुखको प्राप्ति हुन्छ किनकि यसबाट आधिदैविक, आधिभौतिक, आध्यात्मिक यी तीनै प्रकारका तापको जरै उखेलिएर जान्छ। जसले यसको आश्रय लिन्छन् तिनलाई ढिलोसंग फल दिने अरू कुनै साधन अथवा शास्त्रको आश्रय लिनुपर्दैन। जसले आफ्नो पूर्वजन्ममा अनेक पुण्य गरेका हुन्छन् तिनै भाग्यमानीको हृदयमा यो महापुराण सुन्ने इच्छा हुन्छ र यस्तो इच्छा हुनासाथ उनको हृदयमा स्वयं भगवान् उत्निखेरै आएर विराजमान भइहाल्नुहुन्छ र फेरि त्यताबाट डेग चल्नुहुन्न ॥२॥

हे रसको मर्म बुझ्ने एवं भक्तिभावले हृदय परिपूर्ण भएका भक्त हो! यो श्रीमद्भागवत देवरूप कल्पवृक्षको पाकेको फल हो। श्रीशुकदेवरूप सुगाको मुखसितको सम्बन्धले गर्दा यो परमानन्दमयी सुधाले परिपूर्ण हुन गएको छ (सुगाले ठुँगेको फल अत्यन्त मीठो हुन्छ भन्ने लोकमा प्रसिद्ध भएकै कुरो हो)। यसमा बोक्रा बीयाँ इत्यादि फ्याक्नुपर्ने कुनै कुरो छैन, यो ता मूर्तिमान् रस नै हो। जबसम्म शरीरमा चेतना छ तथा जबसम्म संसारको प्रलय हुंदैन तबसम्म सदासर्वदा यो दिव्य भगवद्रसको पान गरिराख ॥३॥

कथा–प्रारम्भ

अनिमिष अर्थात् विष्णु भगवान्को पुण्यमय क्षेत्र नैमिषारण्यमा एकचोटि शौनकादि ऋषिहरूले भगवत्–प्राप्तिको इच्छाले हजार वर्षमा पूरा हुने एउटा महान् यज्ञ आरम्भ गरेका थिए ॥४॥ एक दिन यी मुनिहरू प्रातःकालको अग्निहोत्र आदि नित्य कर्म समाप्त गरी बसेको वेलामा व्यासजीका शिष्य सूतजी त्यहाँ आएर उपस्थित भए। यथोचित सत्कारपछि आरामसग उत्तम आसनमा बसेका ती सूतजीसित ऋषिहरूले बडो आदरसँग यो प्रश्न गरे ॥५॥

ऋषिहरूले भने—

पापको लेश पनि नभएका हे सूतजी! तपाईंले सम्पूर्ण इतिहास, पुराण औ धर्मशास्त्रको विधिपूर्वक अध्ययन गर्नुभएको छ तथा तिनको व्याख्यासमेत गर्नुभएको छ ॥६॥ हे सूतजी! वेदवेत्ताहरूमध्येका श्रेष्ठ भगवान् व्यासजीलाई तथा भगवान्को सगुण निर्गुण स्वरूपको तत्त्व बुझेका अरू अरू ऋषिहरूलाई जुन जुन विषयको ज्ञान छ, हेसौम्य! ती सबै तपाईं आफ्ना गुरु वेदव्यासको कृपाले राम्रोसँग जान्नुहुन्छ, किनकि गुरुहरू आफ्नो प्यारो शिष्यलाई अत्यन्त गुह्य तत्त्वसमेत बताइदिन्छन् ॥७–८॥ लामो आयु पाइराख्नुभएको हे सूतजी! आफूले पढेका यी सबै शास्त्रबाट तपाईंले कलियुगी प्राणीको निम्ति परम कल्याणको सबभन्दा सजिलो जुन उपाय निश्चित गर्नुभएको छ, सो कृपा गरी हामीलाई भन्नुहोस् ॥९॥

हे सभ्य! यस कलिकालका मानिसको आयु प्रायः छोटो हुन्छ, साधनपट्टि यिनको रुचि–प्रवृत्ति रहँदैन। एक ता भाग्यमन्द हुन्छ,त्यसमाथि बुद्धि पनि कम हुन्छ औ नाना प्रकारका रोगले घेरिएका हुन्छन् ॥१०॥ संसारमा सुन्नुपर्ने किसिमका शास्त्र अनेक छन् औ तिनमा कुनै एक निश्चित साधनको होइन कि नाना प्रकारका कर्मको वर्णन छ औ साथसाथै यी शास्त्र यस्ता ठूला छन् कि यिनको एउटा अंशसमेत सुन्न गाह्रो पर्दछ। तपाईं ता परोपकारी हुनुहुन्छ तसर्थ

आफ्नो बुद्धिले तपाईंले तिनबाट जुन सार वस्तु झिक्नुभएको छ त्यो हामी प्राणीहरूको कल्याणको निम्ति सुनाइदिनोस्। हामीलाई यो कुरा सुन्ने ठूलो श्रद्धा छ। जसबाट हाम्रो अन्तःकरणको शुद्धि हुन्छ त्यै वर्णन गर्नोस् ॥११॥

हे सूतजी ! तपाईंको कल्याण होस्। यदुवंशीहरूका रक्षक भक्तवत्सल श्रीकृष्णजी के के गर्ने इच्छाले वसुदेवकी धर्मपत्नी देवकीको गर्भबाट अवतीर्ण हुनुभएको हो सो तपाईंलाई थाहै छ ॥१२॥ हामीलाई पनि सो सुन्ने इच्छा भइराखेको छ, तसर्थ हे भगवन् सूतजी ! कृपा गरी हाम्रो निम्ति त्यसको वर्णन गर्नुहोस् किनकि भगवान्को अवतार जीवहरूको परम कल्याण (संसार–बन्धनको नाश) औ समृद्धिको निम्ति नै हुने हो ॥१३॥ जन्म-मृत्युरूप घोर संसार-बन्धनमा परेको जीवले विवश अवस्थामा समेत भगवान्को नामको उच्चारण गर्‍यो भने त्यो उत्तिखेरि नै बन्धनबाट मुक्त हुन्छ किनकि स्वयं भयसमेत भगवान्का नामदेखि भयभीत भइरहन्छ ॥१४॥ हे सूतजी ! परम शान्त मुनिहरू उहाँकै चरणको आश्रयमा रहने हुनाले केवल आफ्नो स्पर्श हुनासाथ संसारका जीवलाई पवित्र गरिदिन्छन्,तर गंगाजीको जलले ता धेरै कालसम्म स्नानादि सेवा गरेपछि मात्र पवित्र पार्दछ ॥१५॥ पुण्यात्मा भक्तहरूद्वारा जसका लीलाहरूको गायन भइरहन्छ त्यस्ता भगवान्को कलिमल–नाशक पवित्र यशलाई आत्मशुद्धिको इच्छा गर्ने कुनचाहिं मानिसले सुन्न मन गरोइन ॥१६॥ साधारण जीवले झैं कर्मको अधीनमा परेर होइन कि केवल लीलाले नै नाना प्रकारका अवतार ग्रहण गर्ने प्रभुका प्रत्येक लीला उहाँको कृपाले परिपूर्ण हुन्छन् त्यसैले नारदादि महात्माहरू सदासर्वदा तिनको गान गरिरहन्छन्। हामीलाई प्रभुका ती सब लीला सुन्ने ठूलो श्रद्धा छ, तसर्थ कृपया हाम्रो निम्ति तिनको वर्णन गर्नुहोस् ॥१७॥

हे प्रखर बुद्धि भकका सूतजी ! सर्वशक्तिमान् विष्णु भगवान्ले स्वच्छन्दरूपले लीला गर्नको निम्ति आत्मस्वरूपिणी योगमायाको आश्रय लिएर जति अवतार लिनुभएको छ ती सबैको अति सुन्दर कथा हामीलाई वर्णन गरेर सुनाउनुहोस् ॥१८॥ हामीहरू पवित्र कीर्ति भएका भगवान्को चरित्र सुन्नाले कहिले पनि अघाउँदैनौं किनकि रसिक पुरुषहरूलाई तिनको श्रवण गर्दाखेरि प्रत्येक अक्षरमा (पदमा) नयाँ नयाँ रसको अनुभव हुन्छ ॥१९॥ कृष्ण भगवान्ले आफ्नो वास्तविक रूपलाई लुकाइराख्नुभएको थियो औ सबैको अगाडि साधारण मानिसको जस्तो चेष्टा गर्नुहुन्थ्यो तर बलरामजीको साथमा उहाँले यस्ता यस्ता पराक्रम गर्नुभयो जो कि मानवी शक्तिद्वारा हुनैसक्तैनथ्यो ॥२०॥ पृथ्वीमा कलिकालको आगमन भएको देख्ता हामीहरू विष्णु भगवान्को यो परम पवित्र क्षेत्र नैमिषारण्यमा भगवान्को कथा सुन्ने मौका पर्ला भन्ने आशयले धेरै कालमा समाप्त हुने यज्ञको दीक्षा लिएर बसिराखेका छौं, अतः भगवान्को कथा सुन्ने समय हामीलाई छ ॥२१॥ उत्साहशक्तिलाई नष्ट गर्ने कलियुगको प्रभावबाट बच्न बडो गाह्रो छ। यसको प्रभावबाट बच्न खोज्ने हामीहरूको यस कामको निम्ति ब्रह्माजीले तपाईंलाई हामीकहाँ पठाइदिनुभएको हो, समुद्र

पार गर्न खोज्ने मानिसलाई कुनै मल्लाह भेटिए झैं हामीले यस अवसरमा तपाईंलाई भेट्टाएका छौं ॥२२॥ धर्मका रक्षक, ब्राह्मण-वत्सल, योगेश्वर कृष्ण भगवान् ता अहिले आफ्नो धाममा पाल्नुभइसकेको छ; वहाँ पाल्नुभएपछि अबलाई धर्मले कसको शरण लिएको छ सो कुरा पनि भन्नुहोस् ॥२३॥

अध्याय--२

भगवत्कथा र भगवद्भक्तिको माहात्म्य।

व्यासजी भन्नुहुन्छ—

शौनकादि ऋषिहरूका यी प्रश्न सुन्दा अत्यन्त दङ्ग परेका रोमहर्षणका छोरा उग्रश्रवा, ऋषिहरूले गरेका प्रश्नको प्रशंसा गरी यसप्रकारसंग भन्न लागे ॥१॥

सूतजीले भने—

यज्ञोपवीत-संस्कारसमेत हुन नपाउँदैमा शुकदेवजी लौकिक, वैदिक सब प्रकारको कर्मलाई त्यागेर एक्लै वनतिर लाग्दाखेरि उहाँका पिता महर्षि द्वैपायनले पुत्र-विरहले व्याकुल परी "ए छोरा ! ए छोरा ! तिमी कहाँ जानलाग्यौ" भनेर चिच्च्याउनुभएथ्यो । त्यस वेला पिताको शोक हटाउनको निम्ति शुकदेवजीको तरफबाट रूखहरूले उत्तर दिएथे। यस घटनाबाट शुकदेवजी सम्पूर्ण प्राणीको हृदयमा आत्माको रूपले विराजमान हुनुहुँदोरहेछ, सबैको साथमा आफूलाई एक गराउनुभएको रहेछ भन्ने कुरा सिद्ध हुन्छ। यस्ता सर्वव्यापी महामुनि शुकदेवलाई म नमस्कार गर्दछु ॥२॥ अज्ञानरूपी घोर अन्धकारलाई पार गर्न इच्छा गर्ने संसारीहरूमाथि कृपा गरेर जसले असाधारण प्रभाव भएको अध्यात्मिक तत्त्वलाई प्रकाशित गराउने एउटा अद्वितीय दीपक समानको, सम्पूर्ण वेदहरूको सार, पुराणहरूमध्येको अत्यन्त रहस्यमय यो श्रीमद्भागवत पुराणको वर्णन गर्नुभएको छ औ जो बडा बडा मुनिहरूका आचाय हुनुहुन्छ म उनै व्यासजीका छोरा महामुनि शुकदेवजीको शरण ग्रहण गर्दछु ॥३॥

मानिसहरूमध्येका सर्वश्रेष्ठ, भगवान्का अवतार नर-नारायण ऋषिलाई, सरस्वती देवीलाई औ व्यासजीलाई नमस्कार गरेर संसार औ अन्तःकरणका समस्त विकारहरूमाथि विजय प्राप्त गराउने यस भागवत ग्रन्थको पाठ गर्न थाल्नुपर्दछ ॥४॥

हे ऋषिहो ! सम्पूर्ण संसारको कल्याण गराउने यो बडो राम्रो प्रश्न तपाईंहरूले गर्नुभयो, किनकि यो प्रश्न श्रीकृष्ण-चरित्रको सम्बन्धमा छ, यो प्रश्न सुन्दैमा अन्तःकरण अत्यन्त पवित्र एवं आनन्दित हुन्छ ॥५॥ जसबाट नारायणमा निष्काम औ अटल भक्ति हुन्छ, मानिसहरूको निम्ति त्यै नै सबभन्दा उत्तम धर्म हो। यस्तो भक्तिले आनन्दस्वरूप परमात्माको अनुभव गरेर चित्त प्रसन्न हुन जान्छ ॥६॥ भगवान् वासुदेवमा भक्ति हुनासाथ अर्थात् अनन्य प्रेमले उहाँमा चित्त लगाउनेबित्तिकै संसारदेखिको वैराग्य औ शुष्क तर्कादिले रहित भएको विशुद्ध ज्ञान उत्पन्न भइहाल्दछ ॥७॥ धर्मको ठीक ठीकसंग

अनुष्ठान गर्दा पनि मानिसको हृदयमा श्रीविष्वक्सेन (नारायण) का लीला-कथाहरूप्रति अनुरागको उदय भएनभने ता त्यसलाई केवल श्रम अर्थात् निष्फल नै सम्झनुपर्दछ ॥८॥ संसारको बन्धनबाट मुक्ति पाउनु नै धर्मको फल हो, त्यसबाट केही सांसारिक सम्पत्ति उपार्जन गरियोभने ता त्यसलाई सफलता भन्न सकिन्नँ, त्यसै गरी धर्मको अनुष्ठान गर्नु धनको फल हो, धनद्वारा भोगका सामग्री एकत्रित गरिएभने ता यो कुनै लाभको कुरो भएन ॥९॥ भोगका सामग्रीको पनि बाचुन्ज्याल इन्द्रियहरूलाई बेसरी तृप्त गर्ने नै उद्देश्य होइन, जतिबाट जीवन-निर्वाह हुन सक्तछ त्यति मात्र भोग ठीक छ, नानाप्रकारका कर्ममा फसेर यस लोक अथवा परलोकका सांसारिक सुख प्राप्त गर्नु जीवित रहनाको वास्तविक प्रयोजन होइन। वास्तविक तत्त्व अर्थात् भगवत्तत्त्व जान्ने शुद्ध इच्छा हुनु नै जीवित रहनाको परम लाभ हो। अर्थात् बाचुन्जेल सत्यको खोजमा लागिराख्नुपर्दछ ॥१०॥ यो सत्य तत्त्व के हो त ? तत्त्ववेत्ताहरू ज्ञाता औ ज्ञेयको भेदले रहित भएको अखण्ड अद्वितीय सच्चिदानन्दस्वरूप ज्ञानलाई नै तत्त्व भन्दछन्। तत्त्ववेत्ताहरूमा तत्त्वको दृष्टिबाट ता कुनै मत-भेद छैन; ज्ञानीहरू यस तत्त्वलाई ब्रह्म, योगीहरू परमात्मा औ भक्तजति भगवान् भन्दछन् ॥११॥ यै तत्त्व जान्नाको निम्ति मुनिहरू श्रद्धासंग शास्त्रको अर्थात् श्रीमद्भागवतको श्रवण गर्दछन्। शास्त्र सुन्नाले ज्ञान औ वैराग्यले युक्त भएको भक्ति उत्पन्न हुन्छ औ यस भक्तिद्वारा महात्माहरू आफ्नो हृदयमा परम तत्त्वरूप परमात्माको साक्षात्कार गर्दछन् ॥१२॥ अतः हे शौनकादि ऋषिहो ! आफ्नो आफ्नो वर्ण तथा आश्रम-अनुसार मानिस जुन धर्मको राम्रोसंग अनुष्ठान गर्दछन् त्यसको पूर्ण सिद्धि ता भगवान्लाई प्रसन्न गराउनैमा छ ॥१३॥ तसर्थ सदासर्वदा एकाग्रचित्त भएर भक्तवत्सल भगवान्को गुण सुन्नु, नामको कीर्तन गर्नु, उहाँको ध्यान औ पूजा गर्नु नै सबैको निम्तिमा नित्य-धर्म हो ॥१४॥ कर्मको गांठो बडो साह्रो हुन्छ। विचारवान् पुरुष भगवान्को चिन्तनरूप तरवारले त्यस गांठोलाई काटिदिन्छन्। यस्ता भगवान्को चिन्तन उत्पन्न गराउने हरि-कथा सुन्न कसलाई अरुचि होला ? अर्थात् सबैलाई रुचि हुनुपर्दछ ॥१५॥

हे शौनकादि ऋषिहो ! श्रद्धापूर्वक सुन्ने इच्छाले मानिसले पवित्र तीर्थमा यात्रा गऱ्यो औ महापुरुषको सेवा गऱ्योभने त्यसलाई कृष्ण भगवान्का कथामा रुचि हुनजान्छ ॥१६॥ भगवान्को स्वरूप-गुण-लीला-नाम-धामको श्रवण कीर्तन अत्यन्त पवित्र छ। साधु-सज्जनका सुहृद कृष्ण भगवान् आफ्नो कथा सुन्नेहरूको हृदयमा आएर बस्नुहुन्छ, उहाँले हृदयमा आउनासाथ सारा पाप-अशुभ वासनालाई नष्ट गरिदिनुहुन्छ ॥१७॥ श्रीमद्भागवत अथवा भगवान्का भक्तहरूको सेवा गर्नाले अशुभ वासना एक किसिमले नष्ट भएपछि अर्थात् हृदय शुद्ध भएपछि उत्तमश्लोक कृष्ण भगवान्मा निश्चल प्रेम भक्ति हुन जान्छ॥१८॥अनि ता रजोगुण औ तमोगुणका विकार जो काम लोभादि छन् ती सबै चित्तबाट हटिहाल्दछन्। यसप्रकारसंग निर्मल औ शान्त भएको चित्त सत्त्वगुणमा लीन भएपछि

अत्यन्त पवित्रता तथा आनन्दको अनुभव गर्न थाल्दछ ॥१९॥ यसप्रकारसंग भगवान्माथिको भक्तिले संसारको समस्त आसक्ति हटेर जाँदा हृदय आनन्दले परिपूर्ण भई साधकलाई स्वतः आफै "भगवान्" यस तत्त्वको ज्ञान हुन थाल्दछ ॥२०॥ अन्तःकरणमा आत्मस्वरूप भगवान्को साक्षात्कार हुनेबित्तिकै जीवको हृदयग्रन्थि (अहङ्कार) फुस्कन्छ, सारा संशय हटेर जान्छ एवं कर्मबन्धन पनि क्षीण भइहाल्दछ, अर्थात् मुक्तिहुन्छ ॥२१॥ यसैकारणले बुद्धिमान्हरू सदासर्वदा बडो आनन्दसंग चित्तलाई निर्मल एवं प्रसन्न गराउने भगवान् वासुदेवप्रति प्रेम-भक्ति गर्दछन् ॥२२॥

सत्व-रज-तम यी तीन प्रकृतिका गुण हुन् । आफ्नो मायाको यी तीनै गुणलाई स्वीकार गरी संसारको स्थिति, उत्पत्ति औ प्रलय इत्यादि कार्य गर्नको निमित्त उनै एक अद्वितीय परमात्मा विष्णु, ब्रह्मा औ रुद्र यी तीन नाम ग्रहण गर्नुहुन्छ, तथापि परमात्माका यी तीन सगुण मूर्तिहरूमध्ये सत्वगुण स्वीकार गर्न विष्णुमूर्तिबाट नै मानिसको परम कल्याण हुन्छ ॥२३॥

जस्तै पृथ्वीको विकार काठको अपेक्षा धूवाँ श्रेष्ठ छ औ धूवाँभन्दा श्रेष्ठ अग्नि छ, किनकि वेदोक्त यज्ञ यागादिद्वारा अग्निले सद्गति दिन्छ, त्यसै गरी तमोगुणभन्दा रजोगुण र रजोगुणभन्दा सत्वगुण श्रेष्ठ छ, किनकि सत्वगुणले भगवान्को दर्शन गराउँछ ॥२४॥ प्राचीन युगमा महात्माहरू विशुद्ध सत्वस्वरूप भगवान् अधोक्षज (विष्णु) कै आराधना गर्दथे, अतः आजकाल पनि जो ती मुनिहरूको अनुसरण गर्दछन्— तिनको समेत कल्याण हुन्छ ॥२५॥ संसारसागरबाट पार लाग्न खोज्नेहरू कसैको निन्दा अथवा दोष हेर्नपट्टि नलागे तापनि घोररूप धारण गर्ने तमोगुणी रजोगुणी भूत-प्रेत-पिशाचहरूको उपासना नगरेर विष्णु भगवान्का शान्त मूर्तिहरूकै भजन गर्दछन् ॥२६॥ तर रजोगुणी, तमोगुणी स्वभाव भएका पुरुषहरू धन, ऐश्वर्य औ सन्तानको कामनाले आफ्नो स्वभावअनुसार पितृगण, भूतगण औ प्रजापतिहरूकै उपासना गर्दछन् ॥२७॥ चारै वेदले कृष्ण भगवान्कै प्रतिपादन गर्दछन्, यज्ञ पनि उहाँकै आराधनाको निम्तिको हो, योगहरूद्वारा प्राप्त हुने पनि उहीं नै हुनुहुन्छ, कर्महरूद्वारा पनि उहींकै सिद्धि हुने हो, ज्ञानले जान्नुपर्ने वस्तु उहीं नै हुनुहुन्छ, तपस्या पनि उहींलाई प्राप्त गर्नको निम्ति गर्नुपरेको हो, धर्म पनि उहींकै निम्तिको हो, सम्पूर्ण गतिहरूको लक्ष्य पनि कृष्ण भगवान् नै हुनुहुन्छ ॥२८-२९॥ कृष्ण भगवान् प्रकृति औ तिनका गुणदेखि पर एवं सर्वव्यापक हुनुहुन्छ तापनि आफ्नो सदसद्रूपा (कार्य-कारणरूपा) त्रिगुणमयी मायाले सगुण रूप धारण गर्नुहुन्छ । उहींले सृष्टिको आदिमा ब्रह्मरूपले यस जगत्को रचना गर्नुभएथ्यो ॥३०॥ आफ्नो मायाका विलास सत्व-रज-तम यी तीन गुण धारण गर्दा उहाँ सगुण जस्तो देखिनुहुन्छ तर वास्तवमा ता उहाँ विज्ञानले परिपूर्ण हुनुहुन्छ ॥३१॥ अग्नि वास्तवमा एउटै भए तापनि नाना प्रकारका काठमा अनेक आकार हुनाले अनेक रूप भए जस्तो देखिन्छ, त्यसैगरी भगवान् ता एउटै हुनुहुन्छ । तर अनेक आकारका प्राणीहरूमा व्याप्त हुनुभएको उहाँ अनेक जस्तो देखिनुहुन्छ ॥३२॥ उनै परमात्मा भूततन्मात्रा, इन्द्रिय

तथा अन्तःकरण आदि गुणमय भावद्वारा नाना प्रकारका योनिहरूको निर्माण गर्नुहुन्छ औ आफूले निर्माण गरेका ती भिन्न भिन्न जीवको रूपमा प्रवेश गरी ती ती योनिलाई सुहाउने किसिमका विषयहरूको उपभोग गर्ने गराउने गर्नुहुन्छ ॥३३॥ उहाँ सम्पूर्ण लोकको रचना गर्नुहुन्छ औ देवता, पशु, पक्षी, मनुष्य आदि योनिमा लीलाको निम्ति अवतार ग्रहण गरेर सत्वगुणद्वारा जीवहरूको पालन-पोषन गर्नुहुन्छ ॥३४॥

अध्याय—३

भगवान्का अवतारहरूको वर्णन ।

सूतजीले भने—

सृष्टिको आदिमा लोकको रचना गर्ने इच्छाले भगवान्ले दश इन्द्रिय, एउटा मन र पञ्चतन्मात्रा यी सोह्र कलाले युक्त भएको विराट्-पुरुष (नारायण) को रूप धारण गर्नुभयो ॥१॥ प्रलय-समुद्रमा शयन गरेर योगनिद्राले निद्रित हुनुभएको वेलामा उहाँको नाभि-सरोवरबाट एउटा कमल प्रकट भयो र त्यस कमलबाट प्रजापतिहरूका अधिपति ब्रह्माजी उत्पन्न हुनुभयो ॥२॥ भगवान्को जुन विराट् रूपको अङ्ग प्रत्यङ्गमा नै सम्पूर्ण चौध लोकको कल्पना गरिएको छ, त्यै नै उहाँको विशुद्ध सत्वमय श्रेष्ठ रूप हो ॥३॥ योगीहरू ज्ञान-नेत्रले भगवान्को यै विराट् रूपको दर्शन गर्दछन् । भगवान्को त्यो रूप हजारौं चरण, तिघ्रा एवं मुखले गर्दा अत्यन्त विलक्षण मालूम हुन्छ। त्यसमा हजारौं मस्तक, कान, नेत्र औ नाक छन्; हजारौं मुकुट, वस्त्र एवं कुण्डलादिले यो सुशोभित रहन्छ ॥४॥ भगवान्को यै विराट् रूप जसलाई नारायण भन्दछन्, अनेक अवतारहरूको अक्षय निधान (लयस्थान) औ वीज (उत्पन्न हुने स्थान) हो । यसैको एउटा अंशांशबाट सम्पूर्ण देवता, पशु, पक्षी र मनुष्यादि योनिहरूको सृष्टि हुने गर्दछ ॥५॥

उनै भगवान्ले सबभन्दा पहिले कौमारसर्गमा सनकादि ब्राह्मणहरूको अवतार लिएर अरू कसैले गर्न नसक्ने अखण्ड ब्रह्मचर्य-व्रतको पालन गर्नु भएथ्यो ॥६॥ दोस्रोबाजि यस संसारको कल्याणको निम्ति समस्त यज्ञका स्वामी उहाँ भगवान्ले पातालमा पडिराखेको पृथ्वीलाई झिक्ने विचारले वराह-रूप धारण गर्नुभयो ॥७॥ तेस्रोपटक ऋषिहरूको सृष्टिमा उहाँले देवर्षि नारदको रूपमा अवतार लिनुभयो र सात्वत-तन्त्रको, जसलाई नारद-पाञ्चराज भन्दछन्, उपदेश गर्नुभयो; यसमा कर्म कुन प्रकारसंग कर्मबन्धनबाट मुक्त गराउने अर्थात् मोक्षका साधन हुन्छन् भन्ने वर्णन गरिएको छ ॥८॥ चौथोबाजि धर्मकी पत्नीको गर्भबाट नर-नारायणको रूपमा अवतार ग्रहण गर्नुभयो । यस अवतारमा उहाँले ऋषि बनेर मन औ इन्द्रियहरूको निग्रह गरी अत्यन्त कठिन तपस्या गर्नुभयो ॥९॥ पाँचौं अवतारमा सिद्धहरूका स्वामी कपिलको रूपमा प्रकट हुनुभयो र तत्त्वहरूको निर्णय गर्ने तर समयको फेरले लुप्त हुन गएको सांख्य-शास्त्रको आसुरी नामक ब्राह्मणलाई उपदेश गर्नुभयो ॥१०॥ छैटौंबाजि अत्रि-ऋषिकी पत्नी अनसूयाले वर

माग्दा भगवान् अत्रिका छोरा दत्तात्रेय भएर उत्पन्न हुनुभयो। यस अवतारमा उहाँले अलर्क औ प्रह्लाद आदिलाई ब्रह्म–ज्ञानको उपदेश दिनुभयो ॥११॥ सातौंपटक रुचि प्रजापतिकी स्त्री आकूतिबाट यज्ञ भगवान्को रूपमा प्रकट हुनुभयो औ आफ्नै छोरा यामादि देवताहरूको साथमा स्वायम्भुव मन्वन्तरमा इन्द्रको पदमा रहेर जगत्को रक्षा गर्नुभयो ॥१२॥

महाराज नाभिकी पत्नी मेरुदेवीको गर्भबाट ऋषभदेवको रूपमा भगवान् उपक्रम (विष्णु) ले आठौं अवतार ग्रहण गर्नुभयो। यस अवतारमा सबै आश्रमीहरूको निम्ति बन्दनीय भएको, धीर पुरुषहरूको मार्ग अर्थात् परमहंस धर्म देखाउनुभयो ॥१३॥ ऋषिहरूले प्रार्थना गर्दा नवौंपटकमा राजा पृथुको रूप धारण गर्नुभयो। हे शौनकादि ऋषिहो ! यस अवतारमा उहाँले पृथ्वीलाई गाई बनाएर त्यसबाट सबै औषधि दुहेर झिक्नुभयो; यसैकारण यो अवतार सबैका लागि बडो कल्याणकारी मानिएको छ॥१४॥ चाक्षुष मन्वन्तरको अन्तमा समुद्रको बाढीले प्रलय हुन लाग्दा उहाँले मत्स्यको रूपमा दसौं अवतार लिनुभयो र पृथ्वीरूपी डुङ्गामा बसालेर यसपछिको मन्वन्तरमा हुने वैवस्वत मनुको रक्षा गर्नुभयो॥१५॥ देवता औ दैत्यहरूले समुद्र–मन्थन गर्न लाग्दा भगवान् विभुले एघारौं अवतार ग्रहण गरी कच्छपरूपले मन्दराचललाई आफ्नो पिठ्यूँमा धारण गर्नुभयो ॥१६॥

बाह्रौंबाजिमा धन्वन्तरीको रूपमा अमृत लिएर समुद्रबाट प्रकट हुनुभयो औ तेह्रौंपटकमा मोहिनी स्त्रीको रूप धारण गरी दैत्यहरूलाई मोहित पारेर भगवान्ले देवताहरूलाई अमृत पियाउनुभयो ॥१७॥ चोधौं अवतारमा उहाँले नरसिंह–रूप धारण गरी अत्यन्त बलियो दैत्यराज हिरण्यकशिपुको छाती आफ्नो नङले चटाई बुन्नेले सिनका चिरे झैं चिरेर फारिदिनुभयो ॥१८॥ पन्ध्रौंपटकमा वामनको रूप लिएर भगवान् राजा बलिको यज्ञमा जानुभयो र बलिबाट स्वर्गको राज्य खोसेर इन्द्रलाई दिने इच्छाले तीन पाइला पृथ्वी माग्नुभयो ॥१९॥ सोह्रौं परशुराम अवतारमा राजाहरूले वेद, भगवान् र ब्राह्मणहरूसित द्वेष गर्नलागेको देख्ता उहाँले अत्यन्त क्रुद्ध भएर एक्काईसपटक पृथ्वीलाई क्षत्रिययशून्य गराइदिनुभयो ॥२०॥

यसपछि सत्रौं अवतारमा पराशरद्वारा सत्यवतीको गर्भबाट व्यासको रूपमा उत्पन्न हुनुभयो र त्यस वेलाका मानिसको बुद्धि औ धारणाशक्ति कम भएको देखेर वेदरूप वृक्षको अनेक शाखा बनाइदिनुभयो ॥२१॥ अठारौंपटकमा देवताहरूको काम सम्पन्न गर्ने इच्छाले राजाको रूपमा रामावतार ग्रहण गनुभयो र सेतु–बन्धन, रावणबध आदि अनेक वीरतापूर्ण लीलाहरू गर्नुभयो ॥२२॥ यसपछिको उन्डाईसौं औ बीसौं अवतारमा भगवान्ले यदुवंशमा बलराम र कृष्णको नामले प्रकट भएर पृथ्वीको भार उतार्नुभयो ॥२३॥ फेरि कलियुग लागेपछि मगध देशमा देवताहरूको द्वेष गर्ने असुरहरूलाई मोहित गर्नको निम्ति अजनको छोराको रूपमा उहाँको बुद्धावतार हुनेछ ॥२४॥ पुनः कलियुगको अन्त्य समयमा राजाहरू प्रायः लुटेरा हुन जानेछन्; त्यस वेला जगत्को रक्षागर्ने भगवान् विष्णु यस नामक

ब्राह्मणको घरमा कल्किरूपले अवतीर्ण हुनुहुनेछ ।।२५।।

हे शौनकादि ऋषिहो ! जसरी कहिले पनि क्षीण नहुने अगाध-सरोवरबाट हजारौं सानातिना खोला निस्किरहन्छन् त्यसैगरी सत्वनिधि विष्णुभगवान्का पनि असंख्य अवतार भइरहन्छन्।।२६।। ऋषि, मनु, देवता, प्रजापति, मनुका महापराक्रमी छोरा—यी सबै विष्णुभगवान्कै अंश हुन् ।।२७।। यी सबै ता विष्णुभगवान्का अंशावतार अथवा कलावतार हुन् तर श्रीकृष्ण ता सम्पूर्ण कलाले युक्त स्वयं भगवान् नै हुनुहुन्छ। दैत्यहरूको अत्याचारले जब संसारका मानिसहरू पीडित हुन थाल्दछन् त्यस बेला प्रत्येक युगमा यी अवतारहरूले जगत्लाई शान्तिप्रदान गर्दछन् ।।२८।।

बिहान औ साँझमा पवित्र औ एकाग्र चित्त भएर जुन मानिसले भगवान्का यी गुह्य अवतारका कथाको पाठ गर्दछ त्यो सबै दुःखबाट छुट्कारा पाउँछ।।२९।।रूप-रहित एवं ज्ञानस्वरूप भगवान्को यो जगदाकार विराट्रूप मायाका महत्तत्वादि गुणले गर्दा भगवान्मा कल्पित भएको हो ।।३०।। बादल वायुको आश्रयमा रहने हो औ खैरोपन पृथ्वीको विकार धूलोमा हुनेहो तर जसरी अल्पबुद्धिका मानिसहरू शून्य आकाशमा बादल र वायुमा खैरोपना छ भनेर कल्पना गर्दछन् त्यसैगरी अविवेकी पुरुषले पनि सबैका साक्षी आत्मामा यो दृश्यरूप जगत्को कल्पना गरेका छन् ।।३१।। यो स्थूल शरीर बाहेक भगवान्को परम सूक्ष्म हात खुट्टा केही नहुनाले देख्न सुन्न नसकिने अतएव अव्यक्त सूक्ष्म शरीर पनि छ। आत्माको आरोप अथवा प्रवेश भएपछि यस सूक्ष्म शरीरलाई जीव भन्दछन् , वारम्वार जन्म हुने पनि यसैको हो ।।३२।। माथि कहिएका दुवै सूक्ष्म औ स्थूल शरीर अविद्याले गर्दा आत्मामा आरोपित भएका हुन् ।आत्मस्वरूपको ज्ञानले जब यो आरोप दूर हुन्छ त्यसै बखतमा ब्रह्मसितको साक्षात्कार हुन जान्छ ।।३३।। यी बुद्धिरूपा परमेश्वरको माया निवृत्त भएपछि जीव परमानन्दमय हुन्छ एवं आफ्नो स्वरूपमा लीन हुन्छ भन्ने कुरा तत्वज्ञानी हरूलाई थाहा छ। (यस अवस्थामा जीव आफ्नो महिमामा विराजमान रहन्छ) जीवन्मुक्त अवस्था यै हो, यसलाई तुरीय अवस्था पनि भन्दछन्।।३४।। वास्तवमा जन्म-कर्म केही पनि नभएका हृदयेश्वर अन्तर्यामी भगवान्को वेदद्वारा पनि जान्न नसकिने अप्राकृत (गुह्य) जन्म औ कर्मको तत्वज्ञानीहरूले यसै गरी वर्णन गरेका छन् ।।३५।।

अमोघलीला भएका भगवान् लीलैले यो सम्पूर्ण जगत्को रचना, पालन औ संहार गर्नुहुन्छ तर यसमा आसक्तता रहनुहुन्न । प्राणीहरूको अन्तःकरणमा जीवात्मा-रूपले रहेर पाँच ज्ञानेन्द्रिय औ मनको नियन्ताको रूपमा इन्द्रियहरूका गन्ध आदि विषयको भोग पनि गर्नुहुन्छ, तर परम स्वतन्त्र हुनुभएकोले सबैदेखि अलग रहनुहुन्छ । यी विषय कहिले पनि उहाँमा लिप्त हुन सक्तैनन ।।३६।। जसरी अनजान मानिस मन औ वाणीद्वारा जादूगर अथवा नटुवाले गरेको करामतलाई बुझ्न सक्तैनन् त्यसै गरी भगवान्ले मन औ वेदवाणीद्वारा प्रकट गरेका नाना नाम औ रूपलाई तथा उहाँका लीलाई कुबुद्धि जीवले अनेक तर्क औ वितर्क गरेर पनि

बुझ्न सक्तैन ।।३७।। अनन्तशक्ति, चक्रपाणि परमेश्वर जगत्को निर्माता भए तापनि सर्वथा त्योदेखि पर हुनुहुन्छ। उहाँको स्वरूप तथा लीलालाई त्यै पुरुषले बुझ्न सक्तछ जो कि अनुकूल आचरणमा रहेर नित्य निरन्तर उहाँको चरणकमलको दिव्यगन्धका निष्कपटभावसंग सेवन गर्दछ, सेवाभावले उहाँका चरणको चिन्तन गर्दछ; अर्थात् भक्तिमार्ग नै प्रभुलाई भेट्नको निम्तिमा मुख्य एवं सरल मार्ग हो एवं भक्तले नै भगवत्तत्वलाई बुझ्न सक्तछन् ।।३८।। हे शौनकादि ऋषिहो ! यस संसारमा तपाईंहरू बडो सौभाग्यशाली हुनुहुंदो रहेछ, किनकि तपाईंहरूले यसप्रकारसंग सम्पूर्ण लोकका स्वामी श्रीकृष्ण भगवान्मा सबतरफबाट आफ्नो मन लगाइराख्नुभएको छ, यसकिसिमको आत्मभावले ता फेरि यस संसारको भयङ्कर चक्रमा पर्नुपर्दैन ।।३९।।

भगवान् वेदव्यासजीले संसारको परम कल्याणको निम्ति यो श्रीमद्भागवत नामक पुराणको रचना गर्नुभएको हो । यो भागवत वेदतुल्य नै छ किनकि यसमा श्रीकृष्ण भगवान्का लीलाहरूको वर्णन गरिएको छ । उहाँले यो महान् मङ्गलमय औ परम-पवित्र पुराण, आत्मज्ञानीहरू मध्येका श्रेष्ठ आफ्ना छोरा श्रीशुकदेवजीलाई पढाउनुभएथ्यो ।।४० ४१।। सम्पूर्ण वेद औ इतिहासहरूको सार सार कुरा झिकेर यसमा संग्रह गरिएको छ। मृत्युपर्यन्त निराहार बस्ने नियम गरेर, ठूला ठूला महर्षिहरूलाई आफ्नो चारैतिर राखी राजा परीक्षित गङ्गाको तटमा बस्नुभएको वेलामा शुकदेवजीले उहाँलाई यो अपूर्व शास्त्र सुनाउनुभएथ्यो। धर्म औ ज्ञानादिलाई साथमा लिएर कृष्णभगवान् आफ्नो परमधामतिर लाग्नुभएपछि ता यस कलियुगमा अज्ञानरूपी अन्धकारले अन्धो भइराखेका मानिसहरूलाई सुमार्ग देखाउने यो पुराणरूपी सूर्य अहिले प्रकट भइराखेको छ । हे शौनकादि ऋषिहो ! महातेजस्वी ब्रह्मर्षि शुकदेवजीले महाराज परीक्षितलाई यो पुराण सुनाउन लागेको वेलामा म पनि त्यहाँ बसेको थिएँ । त्यहीं बस्ताखेरि उहाँको कृपापूर्ण अनुमतिले यसको अध्ययन गरेको हुँ । जस्तो मेरो अध्ययन छ औ जति मैले आफ्नो बुद्धिले ग्रहण गर्न सकेको छु सोहीअनुसार तपाईंहरूलाई सुनाउँछु ।।४२-४५।।

अयाध्य--४

सूतजीद्वारा महर्षि व्यासको असन्तोषको वर्णन ।

व्यासजी भन्दछन्—

सूतजीले यति भनेपछि धेरै समय लाग्ने यज्ञमा जम्मा भएका ऋषि-मुनिहरू मध्येका वयोवृद्ध, ऋग्वेदी, कुलपति शौनक मुनिले उनको (सूतको) प्रशंसा गरेर भन्न थाले ।।१।।

शौनक मुनिले भने—

वक्ताहरूमध्येका श्रेष्ठ, हे महाभाग्यशाली सूतजी ! भगवान् शुकदेवले राजा परीक्षितलाई सुनाएको भगवान्को परम पवित्र कथा कृपा गरी हामीलाई पनि सुनाउनुहोस् ।।२।। यो कथा कुन

युगमा, कुन ठाउँमा औ के कारणले भएको हो ? वेदव्यास कृष्णद्वैपायनले कसको प्रेरणाले यस संहिताको रचना गर्नुभएको हो ॥३॥ उहांका छोरा शुकदेवजी बडा ठूला योगी औ समदर्शी हुनुहुन्छ; उहाँको हृदयमा कुनै प्रकारको भेद-भाव छैन; मायारूप निद्राबाट ब्युँझेर निरन्तर एक मात्र परमात्मामा आफ्नो मन स्थिर गनुभएको छ, उहाँले आफूलाई यसरी लुकाइराख्नुभएको छ कि सर्वसाधारणको दृष्टिमा ता जड-उन्मत्त जस्तो पो देखिनुहुन्छ ॥४॥ उहाँको महिमा ता व्यासजीको भन्दा पनि बर्ता छ किनकि सन्यासको निम्ति जान लागेका आफ्ना छोराको पछि पछि वस्त्र पहिरेर जान लागेका व्यासजीलाई देख्ता जलमा स्नान गर्न लागेका अप्सराहरूले लाज मानेर लुगा लगाए। तर नग्नावस्थामा जान लागेका शुकदेवजीलाई देख्ताभने वस्त्रधारण गरेनन्। यो विलक्षण घटना देखेर व्यासजीले यसको कारण सोद्धा ती अप्सराहरूले उहाँलाई यस्तो उत्तर दिएथे— "तपाईंको दृष्टिमा ता अझ पनि स्त्री-पुरुषको भेद छँदैछ। तर तपाइँका छोराको निमल दृष्टिमा यो भेद छैन, यसै कारणले हामीले यसो गरेका ह्वौं"॥५॥ यस्ता महात्मा शुकदेवजी कुरुजाङ्गल देशमा पागल, लाटो औ मूर्ख झैं विचरण गर्दा होलान्। यस्तो दशामा हस्तिनापुरमा पुग्दा शहरवासीहरूले यिनी शुकदेवजी हुन् भनेर कसरी चिह्ने होलान् ?॥६॥ हे सूतजी ! पाण्डवनन्दन राजर्षि परीक्षितको यी मौनी शुकदेवजीसित कसरी कुराकानी भयोहोला ? जुन संवादमा कि मुनिले यो श्रुतिरूप भागवत कथा सुनाएथे ॥७॥ किनकि महाभाग शुकदेवजी ता गृहस्थहरूको घरलाई आफ्नो चरण-रजले पवित्र गर्नाको निम्तिमा गाई दुहुन जति समय लाग्दछ, त्यति बेला मात्र त्यहाँ अडिनुहुन्छ ॥८॥ हे सूतजी ! अभिमन्युका छोरा परीक्षित भगवान्का बडा प्रेमी भक्त थिए भन्ने हामीले सुनेका छौं, अतएव उहाँको अत्यन्त आश्चर्य लाग्दो जन्म औ कर्मको समेत हामीलाई वर्णन गरेर सुनाउनुहोस् ॥९॥ पाण्डवहरूको मान बढाउने ती सम्राट्ले के कारणले साम्राज्य-लक्ष्मीको परित्याग गरी मृत्युपर्य्यन्त अनशन गर्ने निश्चय गरेर गङ्गाको तटमा बसेको हो ? ॥१०॥ आफ्नो कल्याणको निम्ति शत्रुहरू, धेरै धेरै धन ल्याएर उहाँको पाउ राख्ने चौकीमा मस्तक राखेर नमस्कार गर्दथे। हे मुनिजी ! त्यस्ता वीरले युवावस्थैमा कसैले त्याग गर्न नसक्ने आफ्नो ऐश्वर्यलाई प्राणको साथसाथै त्याग्ने इच्छा किन गरेको होला ? ॥११॥ जो मानिस भगवत्परायण हुन्छन् उनीहरू सम्पूर्ण संसारको कल्याण औ समृद्धि एवं ऐश्वर्यवृद्धिको निम्ति नै जीवित रहन्छन्— आफ्नो स्वार्थको निम्ति जीवित रहने होइनन्। यस्तो परोपकार गर्ने आफ्नो शरीरलाई उहाँले विरक्त भएर किन परित्याग गर्नुभयो ? ॥१२॥ हे सूतजी ! हामीले अहिले जति कुरा सोधेका छौं, कृपया ती सबैको वणन गर्नुहोस्, किनकि हाम्रो विचारमा ता (द्विजाति नहुनाले) वेदसिवाय अरू सबै शास्त्रको तपाईं पारदर्शी विद्वान् हुनुहुन्छ ॥१३॥

सूतजीले भने—

यो वर्तमान चतुर्युगीको तेस्रो युग द्वापरको आरम्भमा विष्णु भगवान्को अंशबाट पराशर मुनिद्वारा सत्यवतीको गर्भबाट योगिराज व्यास-

जीको जन्म भयो ॥१४॥ एक दिन यी व्यासजी सूर्योदयको समयमा सरस्वतीको पवित्र जलपा स्नान गरी एकान्त पवित्र स्थानमा बसिराखेका थिए ॥१५॥ भूत-भविष्यको कुरा जान्ने, अमोघ दृष्टि भएका व्यासजी आए गएको थाहै नपाइने समयको फेरले गर्दा प्रत्येक युगमा पृथ्वीतलमा धर्मको उलटपुलट तथा त्यसको प्रभावले भौतिक वस्तु तथा भावहरूको समेत शक्ति ह्रास हुने देखेर औ संसारका मानिस श्रद्धाहीन, शक्ति-रहित, कुबुद्धि, अल्पायु एवं मन्दभाग्य हुन लागेको जानेर आफ्नो दिव्य दृष्टिले समस्त वर्ण औ आश्रमको कल्याण कसरा हुने हो, यस कुरामा विचार गर्न लाग्नुभयो ॥१६-१८॥ उहाँले चातुर्होत्र नामक शुद्ध वैदिक कर्मलाई मानिसको हृदयलाई शुद्ध गराउने ठहऱ्याएर यज्ञको प्रचार गर्नको निम्ति एउटै वेदको चार विभाग गर्नुभयो ॥१९॥ उहाँले ऋक्, यजुः, साम औ अथर्व नामक चार वेदको रूपमा वेदको उद्धार गर्नुभयो तथा उहाँबाट प्रकाशित भएका इतिहास औ पुराण पाँचौं वेद कहिन्छन् ॥२०॥ यिनमा ऋग्वेद पैल ऋषिलाई, सामवेद जैमिनी ऋषिलाई औ यजुर्वेद एक मात्र वैशम्पायन ऋषिलाई पढाउनुभयो। यसप्रकार-संग यी तीन जना यी तीन वेदको स्नातक भए ॥२१॥ अथर्ववेदको अध्ययन दारूण स्वभावका सुमन्तु मुनिले गरे र इतिहास-पुराणको अध्ययन गर्ने मेरा पिता रोमहर्षणजी हुनुभयो ॥२२॥

यी ऋषिहरूले आफ्ना आफ्ना वेदलाई अनेक भागमा विभक्त गरे। यसप्रकारसंग शिष्य, प्रशिष्य र उनका शिष्यहरूद्वारा वेदका अनेक शाखा बन्न गए ॥२३॥ दीनवत्सल भगवान् वेद-व्यासले बुद्धि कम भएका पुरुषहरूले समेत ग्रहण गर्न सकून् भनेर वेदहरूको यस्तो विभाग गरिदिनु-भयो ॥२४॥ स्त्री, शूद्र औ पतित द्विजातिलाई समेत यो तीनै वेद पढ्ने, सुन्ने अधिकार छैन, तसर्थ यिनीहरू वेदोक्त कर्मको आचरण गरेर आफ्नो कल्याण गर्न जान्दैनन्। यिनको यस लोकमा कसरी कल्याण होला भन्ने कुरा मनमा लिएर व्यासजीले बडो कृपा गरी सम्पूर्ण वेदको सारांश झिकेर महाभारत इतिहासको रचना गर्नुभयो ॥२५॥

हे शौनकादि ऋषिहो! यसप्रकारसंग सदा-सर्वदा आफ्नो पूरा पूरा शक्ति लगाएर प्राणी-हरूको कल्याणमा प्रवृत्त हुँदा पनि उहाँको हृदयमा सन्तोष भएन, तसर्थ मनमा अलि खिन्न जस्तो भएर, सरस्वती नदीको पवित्र तटमा एकान्तमा बसेर धर्मवेत्ता उहाँ व्यासजी मनमनैमा यस प्रकारसंग विचार गर्न लाग्नुभयो ॥२६-२७॥ "मैले निष्कपट भावसंग ब्रह्मचर्य्यादि व्रतको पालन गरेर वेद, गुरुजन औ अग्निको सम्मान गरेको छु औ उनीहरूको आज्ञा शिरोपर गरेको छु ॥२८॥ महाभारतको बहानाले मैले सम्पूर्ण वेदहरूको अर्थ सबैको निम्ति सुगम गरिदिएको छु, यसद्वारा वेदमा अधिकार नभएका स्त्री, शूद्रादि समेत आफ्नो आफ्नो धर्मको ज्ञान प्राप्त गर्न सक्तछन् ॥२९॥ यति पनि मेरो यो ब्रह्मको अंश जीवात्मा मनमा अलि असन्तुष्ट रहे जस्तो मालूम हुन्छ— अझ केही गर्न बाँकिरहेको जस्तो पो देखिन्छ। मेरो ब्रह्मतेजपूर्ण भए तापनि यो अभाव किन खट्किराखेको होला? ॥३०॥ के मैले अझ-

सम्म भगवान् प्राप्त गराउने धर्मका निरूपण गरेको छैन कि ? ये भगवद्धर्म परमहंसहरूलाई प्यारो लाग्दछ र यिनै परमहंस भगवान्का प्यारा हुन्छन्" ॥३१॥

व्यासजी यसप्रकारसंग आफूलाई तुच्छ संझेर मनमा खिन्न भइराखेको बेलामा उहाँको पूर्वोक्त आश्रममा देवर्षि नारद आइपुग्नुभयो ॥३२॥ नारदजी आएको देख्ता व्यासजी तुरुन्तै आफ्नो आसनबाट उठेर उभिनुभयो र देवताहरूद्वारा सम्मान पाएका देवर्षि नारदको विधिपूर्वक पूजा गर्नुभयो ॥३३॥

अध्याय – ५

नारदजी व्यासजीलाई भगवद्धर्म वर्णन गर्नका निम्ति प्रेरित गर्नु हुन्छ र उहाँलाई आफ्नो पूर्वचरित्र सुनाउनु हुन्छ ।

सूतजी भन्दछन्—

यसपछि हातमा वीणा धारणगरेका, आराम-साथ बसेका महान् यशस्वी देवर्षि नारदजी आफ्नो नजीक बसेका ब्रह्मर्षि व्यासजीलाई मुसुक्क हाँसेर भन्न लाग्नुभयो ॥१॥

नारदजी भन्न लाग्नुभयो—

हे व्यासजी ! तपाईं ता बडो भाग्यमानी हुनुहुन्छ । तपाईंको शरीर एवं मन दुवै आफ्नो कर्म औ चिन्तनले सन्तुष्ट ता छन् ? ॥२॥ अवश्य तपाईंको जिज्ञासा राम्रो तवरसंग पूर्ण भएको हुनुपर्दछ, किनकि तपाईंले रचना गर्नुभएको, सम्पूर्ण धर्म औ लोक व्यवहारको आदर्शरूप यो महाभारत बडो अद्भुत छ ॥३॥ वेदान्तसूत्रको रचनाद्वारा तपाईंले सनातन ब्रह्मतत्त्वको समेत खूबसंग विचार गर्नुभएको छ औ जान्नु पनि भएको छ । यसप्रकारसंग कृतकृत्य भए तापनि केही गर्न बाँकि नै रहेको जस्तो गरी चिन्तित किन देखिनुभएको होला ? ॥४॥

व्यासजीले भन्नुभयो—

मेरो विषयमा तपाईंले जति कुरा भन्नुभयो सो सबै बिल्कुल ठीक छ; तैपनि मेरो चित्त सन्तुष्ट रहंदैन । यसो हुनाको कारण के हो मैले राम्ररी बुझ्न सकेको छैन । तपाईं साक्षात् ब्रह्मा-जीका छोरा औ बडो गम्भीर बुद्धि भएको हुनुहुन्छ, अतः तपाईंसित म यसको कारण सोद्धछु ॥५॥ तपाईंलाई ता सबै गुप्त कुरासमेत थाहा छ, किनकि तपाईंले प्रकृति औ पुरुष दुवैका स्वामी औ प्रकृतिका गुणहरूदेखि पर रहेर सङ्कल्प मात्रले गुणहरूद्वारा संसारको सृष्टि, स्थिति औ प्रलय गर्ने पुराण-पुरुष श्रीनारायणको उपासना गर्नुभएको छ ॥६॥ सूर्य झैं तपाईं तीनै लोकमा विचरण गरिरहनुहुन्छ औ योगबलले प्राणवायु झैं शरीरभित्र रहेर सबैको अन्तःकरणको हाल थाहा पाउनुहुन्छ, अतः धर्म (योग) द्वारा परब्रह्मको औ स्वाध्याय आदि नियमद्वारा अपर ब्रह्म (वेद) को मर्म बुझ्ने ममा के काम गर्न बाँकिरहन गएको छसो कृपा गरी बताउनुहोस् ॥७॥

नारदजीले भन्नुभयो—

तपाईंले सबैथोक ता गर्नुभयो तर भगवान्को

निर्मल यसको वर्णन ता राम्रोसंग गर्नु भएको छैन। जुन ज्ञानद्वारा भगवान् प्रसन्न हुनुहुन्न मेरो विचारमा ता त्यो तुच्छ ज्ञान हो ॥८॥ हे मुनिवर! धर्म, अर्थ आदि पुरुषार्थको तपाईंले जस्तो राम्रो तवरसंग वर्णन गर्नुभएको छ त्यस किसिमले ता कृष्ण भगवान्को महिमा वर्णन गर्नुभएको छैन॥९॥ जुन वाणीले--रस, भाव, अलङ्कारादिले मुक्त भए तापनि जगत्लाई पवित्र गर्ने कृष्ण भगवान्को यशको कहिले पनी कीर्तन गर्दैन त्यो ता कागहरूको उच्छिष्ट पदार्थ फ्याँक्ने स्थान जत्तिकै अपवित्र छ। जसरी पद्मवनमा विहार गर्ने, मानसरोवरमा रहने हाँसहरू जुठ्यान फ्याँक्ने ठाउंमा रमाउंदैनन् त्यसै गरी ब्रह्म-धाममा विहार गर्न खोज्ने अर्थात् भगवच्चारणार-विन्दको आश्रममा रहेका परमहंस भक्तहरू त्यस्तो वाणीमा रमाउंदैनन् ॥१०॥ तर सुन्दर रचना नभएको दूषित शब्दले युक्त भए तापनि जुन वाणीको प्रत्येक श्लोकमा भगवान् अनन्तका सुयश-सूचक नाम रहन्छन्, त्यो वाणी मानिसको सारा पापलाई नाश गरिदिने हुन्छ, किनकि सत्पुरुषहरू यस्तै वाणीको श्रवण, गान औ कीर्तन गर्ने गर्दछन् ॥११॥ मोक्ष-प्राप्तिको साक्षात् साधनरूप निर्मल ज्ञान, ब्रह्मज्ञानसमेत भगवद्भक्तिरहित भएको खण्डमा पूर्णतया शोभित हुन सक्तैनभने साधनकाल औ फलकाल दुवै अवस्थामा सदा अमङ्गलरूप हुने यज्ञादि काम्य कम भगवान्लाई अर्पण गरिएको छैनभने, सकाम औ निष्काम जे भए तापनि त्यो कर्म कसरी शोभित हुन सक्ला? अर्थात् विना भक्तिले गरिएका सबै काम व्यर्थ हुन्छन् ॥१२॥ हे महाभाग्यमानी व्यासजी! अब सम्पूर्ण जीवलाई बन्धनबाट छुटाउनको निम्ति समाधिद्वारा अचिन्त्यशक्ति भगवान्का लीलाहरूको स्मरण गरेर तिनको वर्णन गर्नुहोस् किनकि तपाईंको दृष्टि अमोघ एवं कीर्ति पवित्र छ औ साथसाथै सत्यवादी औ दृढव्रती पनि हुनुहुन्छ ॥१३॥ जसले भगवान्का लीलाबाहेक अरू विषयको वर्णन गर्न खोज्दछ, अरू विषय वर्णन गर्न खोज्ने त्यै इच्छाले उत्पन्न भएका नाम औ रूपको चक्करमा परेर त्यसको बुद्धि भेदभावले भरिन जान्छ। जसरी हावाको झोक्कामा परेको डुङ्गाले कतै पनि स्थिर भएर अड्ने ठाउँ पाउंदैन त्यसै गरी त्यसको चञ्चल बुद्धि पनि कुनै विषयमा स्थिर रहन सक्तैन ॥१४॥ स्वभावैले प्रवृत्ति-मार्गमा आसक्त रहने मानिसलाई धर्मको नाममा निन्दित (पशुहिंसा युक्त) सकाम गर्ने उपदेश दिएर तपाईंले बडो विपरीत काम गर्नुभयो, किनकि मूर्खहरू तपाईंको उपदेशअनुसार प्रवृत्ति-मार्गलाई नै आफ्नो मुख्य धर्म मानेर सकाम कर्मलाई निषेध गर्ने वचनलाई ठीक संझदैनन् ॥१५॥ विचारवान् ज्ञानी पुरुषले मात्र निवृत्तिमार्गद्वारा अनन्तपार भगवान्को स्वरूपभूत परमानन्दको अनुभव गर्न सक्तछ, तर सत्त्वादि गुणले प्रेरित भएर कर्ममा प्रवृत्त रहने देहाभिमानी अज्ञानीहरूले ता अनुभव गर्न सक्तैनन्, तसर्थ यस्ता अज्ञानीहरूको कल्याणको निम्ति तपाईंले विष्णु भगवान्का लीलाहरूको वर्णन गर्नुपर्‍यो ॥१६॥ आफ्ना वर्णाश्रम धर्मको परित्याग गरेर भगवान्को चरणकमलको भजन सेवन गर्ने व्यक्तिले भजन-परिपक्व हुनुभन्दा अघि नै भजन गर्न छाडिदियो अथवा आफै मर्‍योभने

के त्यसलाई कुनै अमङ्गल होला त? अर्थात् हुँदैन। आफूले गरेको अलिकता भजनले नै त्यसको कल्याण हुनु निश्चित छ, तर भगवान्‌को भजन नगरेर केवल स्वधर्म-पालन गर्नेलाई कुनै लाभ हुन सक्ला त?॥१७॥ बुद्धिमान् पुरुषले त्यै वस्तु भेट्टाउनाको निम्ति उद्योग गर्नुपर्दछ, जुन वस्तु कि ब्रह्मादेखि लिएर तृणपर्य्यन्तको सानो ठूलो समस्त योनिमा भ्रमण गर्दा पाइन सकन्न। जसरी विना कुनै चेष्टाले दुःख मिल्दछ, त्यसै गरी संसारको विषय-सुख ता सबैले सर्वत्र गम्भीर वेग भएको कालले गर्दा स्वभावैले कुनै प्रयास नगरी पाउन सक्तछ॥१८॥ हे प्रिय! अरूले झैं भगवद्भक्त पुरुषले कहिले पनि जन्म-मरणरूप संसार-चक्रमा पर्नुपर्दैन, किनकि कुनै खराब भावले गर्दा नीच योनिमा आउनुपरे तापनि उसलाई आफ्नो पूर्वजन्मको संझना भइरहन्छ। अतएव त्यसले भगवान्‌को अमृतसमानको चरणलाई छोड्ने मन गर्दैन, किनकि त्यसले पूर्वजन्ममा भगवान्‌को चरणकमलको आलिङ्गनको अपूव रसको थोर-बहुत स्वाद पाइसकेको हुन्छ॥१९॥ जसबाट यस जगत्‌को उत्पत्ति, स्थिति औ प्रलय भइरहन्छ। त्यस्ता भगवान् नै यस जगत्‌को रूपमा हुनु-भए तापनि यो जगत्‌देखि फरक हुनुहुन्छ। यो तत्त्व स्वयं तपाईंलाई थाहा छ तापनि केवल संझना गराउनको निम्ति सङ्केतसम्म गरेको हुँ॥२०॥

हे अमोघ दृष्टि भएका व्यासजी! तपाईंले आफूलाई परम-पुरुष भगवान्‌को कलावतार संझनुपर्दछ। अजन्मा भएर पनि जगत्‌को कल्याण गर्नको निम्ति तपाईंले जन्म ग्रहण गर्नुभएको हो, अतः महानुभाव भगवान्‌को अभ्युदयको अर्थात् उहाँका लीलाहरूको विशेष रूपले वर्णन गर्नु-होस्॥२१॥ विद्वान्‌हरूले मानिसको तपस्या, वेदाध्ययन, यज्ञानुष्ठान, स्वाध्याय, ज्ञान औ दान इत्यादि जम्मै सत्कर्मको अक्षयफल एक मात्र उत्तम श्लोक कृष्ण भगवान्‌का गुण औ लीलाहरूको वर्णन गर्नेलाई बताएका छन्॥२२॥

हे व्यासजी! अगिल्लो कल्पमा भएको पूर्व जन्ममा म वेदवादी ब्राह्मणहरूकी कुनै एक दासी-बाट जन्मेको थिएँ औ बालककालमै चतुर्मास एकै ठाउँमा बसेर व्यतीत गर्न जम्मा भएका ऋषिहरूको सेवामा खटिन गएको थिएँ॥२३॥ बालक भए तापनि म कुनै प्रकारको चञ्चलपना गर्दिनथें। शान्त स्वभावले गर्दा सबै खेलकूद छाडेर आज्ञानुसार उनीहरूको सेवामा लागिराख्थें, औ धेरै बोल्दा पनि बोल्दिनथें। मेरो यो शील-स्वभाव देखेर औ सेवाले प्रसन्न भएर ती ऋषि-हरूले समदर्शी भए तापनि मउपर बडो कृपा गरे॥२४॥ उहाँहरूको अनुमति पाएर म रोजको एकबाजि भाँडोमा रहेको जूठो खाने गर्नलागें, यसले गर्दा मेरो जम्मै पाप पखालिएर गयो। यसप्रकारसँग उहाँहरूको सेवा गर्दा गर्दा हृदय शुद्ध हुन गएकोले उहाँहरूकै धर्म अर्थात् भगवान्‌को भजन, पूजनमा मेरो समेत रुचि हुन गयो॥२५॥ हे व्यासजी! अब ता म पनि उहाँहरूकै कृपाले, दिन दिनै बडो प्रेमसँग भगवान्‌का लीलाहरूको गान गर्ने उहाँहरूकै नजीकमा रहेर रोज रोज ती मनोहर कथाका प्रत्येक पद बडो श्रद्धासंग सुन्नलागें। यसो गर्नाले मनोहर कीर्ति भएका भगवान्‌मा मेरो रुचि हुन गयो॥२६॥ हे महामुने! भगवान्‌मा रुचि भएपछि ता प्रियश्रवा भगवान्‌मा

मेरो बुद्धि निश्चल हुन गयो अर्थात् भगवान्मा मेरो दृढ भक्ति भयो । यस बुद्धिले गर्दा म यो सत-असतरूप सम्पूर्ण जगत्लाई आफ्नो पर-ब्रह्मस्वरूप आत्मामा मायाले (आफ्नै अनित्यले) कल्पित भएको देख्न लागें ॥२७॥ यसप्रकारसँग वर्षा औ शरद् ऋतुमा ती महात्मा मुनिहरूले गरेको भगवान्को निर्मल यसको सङ्कीर्तन नित्य निरन्तर सुन्दासुन्दैमा तमोगुण औ रजोगुणलाई नाश गर्ने भक्ति मेरो हृदयमा उत्पन्न हुन गयो ॥२८॥ यसपछि ती दीन दयालु मुनिहरूले त्यहाँबाट जाने वेलामा उनीहरूको बडो अनुरागी, विनयी, सबै पाप पखालिएको, श्रद्धालु, जितेन्द्रिय औ आज्ञाकारी म बालकउपर दया गरेर मलाई त्यो परम गुप्त ज्ञानको उपदेश दिए, जुन ज्ञानलाई कि साक्षात् भगवान्ले नै आफ्नो प्राप्तिको मुख्य उपाय बताउनुभएको छ ॥२९-३०॥ यस उपदेशले गर्दा मैले जगत्को रचना गर्ने वासुदेव भगवान्को मायाको प्रभाव थाहा पाएँ; यो प्रभाव थाहा भएपछि ता मानिसलाई परमपदको प्राप्ति भइहाल्दछ ॥३१॥

हे व्यासजी ! भगवान् परब्रह्म परमेश्वरलाई आफूले गरेका जम्मै कर्म अर्पण गर्नु नै संसारका तीनै तापको एक मात्र औषधि हो, यो कुरा मैले तपाईंलाई भनिहालें ॥३२॥ व्रतधारीहरू मध्येका श्रेष्ठ हे व्यासजी ! जुन जुन पदार्थको सेवन गर्नाले प्राणीमा जुन जुन रोग उत्पन्न हुन्छन् साधारण-तया तिनै पदार्थको सेवनले ती रोगको निवृत्ति हुन सक्तैन तर चिकित्सा-विधिको अनुसार ती पदार्थको उपयोग गरेको खण्डमा ता तिनैले रोगलाई दूर गरिदिन्छन् ॥३३॥ यसै गरी सम्पूर्ण कर्म मानिसलाई जन्म-मृत्युरूप संसार-चक्रमा पार्नेहुन् तापनि तिनलाई भगवान्प्रति समर्पित गरेको खण्डमा ता ती आफै आफ्नो नाशको कारण हुन जान्छन् अर्थात् कर्ताले ती कर्मको फल भोग्नुपर्दैन याने ती कर्म-बन्धनको कारण बन्दैनन् ॥३४॥ यस लोकमा जति शास्त्र-विहित कर्म भगवान्को प्रसन्नताको निम्ति गरिन्छन् अर्थात् भगवान्लाई समर्पण गरिन्छन् तिनैबाट भक्तियुक्त ज्ञानको प्राप्ति हुन जान्छ ॥३५॥ भक्ति-मार्गमा प्रवृत्त भएर भक्तहरू काम ता गर्दछन् तर भगवान्को शिक्षाअनुसार ती कर्म गर्दाखेरि वारस्वार श्रीकृष्ण भगवान्को नाम, गुणको कीर्तन एवं स्मरण गरिरहन्छन् ॥३६॥ "भगवान् वासुदेवलाई नमस्कार छ, हामी उहाँको ध्यान गर्दछौं । प्रद्युम्न, अनिरुद्ध औ सङ्कर्षणलाई पनि नमस्कार छ—" यसप्रकारसंग जो मानिस चतुर्व्यूहरूपी भगवान्का मूर्तिहरूको नामद्वारा प्राकृत मूर्तिरहित अप्राकृत मन्त्रमूर्ति भगवान् यज्ञपुरुषको पूजन गर्दछ त्यसैलाई पूर्णरूपले ज्ञानी भन्नुपर्दछ ॥३७-३८॥

हे व्यासजी ! आफ्नो उपदेशको मद्वारा यस प्रकारसंग पालन भएको देखेपछि कृष्ण भगवान्ले मलाई आत्मज्ञान, ऐश्वर्य (सिद्धिहरू) औ आफ्नो प्रेमभक्ति दिनुभयो ॥३९॥ हे पूर्णविद्वान् व्यासजी ! तपाईं पनि भगवान्को प्रख्यात सुयशको वर्णन गर्नुहोस्, यस किसिमको वर्णनले ठूला ठूला ज्ञानीहरूको समेत जिज्ञासा (जान्ने इच्छा) पूर्ण हुन जान्छ । किनकि दुःखद्वारा निरन्तर पीडित भइरहेका मानिसको दुःख यतैबाट शान्त हुन सक्तछ, अरू कुनै उपायद्वारा शान्त हुन सक्तैन ॥४०॥

अध्याय–६

नारदको पूर्वजन्म–वृत्तान्तको शेष भाग

सूतजीले भने—

हे ब्रह्मन् ! (शौनकजी) यसप्रकारसँग देवर्षि नारदको जन्म औ कर्मको वर्णन सुन्दा सत्यवतीका छोरा भगवान् व्यासजीले फेरी उनीसँग (नारदसँग) यो प्रश्न सोध्नुभयो ।।१।।

व्यासजीले सोध्नुभयो –

हे देवर्षि ! तपाईंलाई ज्ञानको उपदेश गर्ने महात्माहरू गएपछि तपाईंले के गर्नुभयो ? त्यस वेला ता तपाईं बालक अवस्थैमा हुनुहुन्थ्यो ।।२।। हे ब्रह्मपुत्र ! तपाईंको बाँकी आयु कसरी बित्यो? औ अन्तकाल उपस्थित भएमा तपाईंले कुन प्रकारसंग आफ्नो शरीरको परित्याग गर्नुभयो ।।३।। हे देवर्षे ! सम्पूर्ण वस्तुलाई नष्ट गर्ने कालले तपाईंको पूर्वजन्मको वृत्तान्तको यस स्मरणलाई कसरी नाश गरेन ? ।।४।।

नारदजीले भन्तुभयो—

मलाई ज्ञानको उपदेश गर्ने भिक्षुहरू गएपछि मैले आफ्नो बालक अवस्था भए तापनि यस किसिमले जीवन बिताएँ ।।५।। आफ्नी आमाको म एक मात्र छोरो थिएँ । एक ता मेरी आमा मूर्ख औ त्यसमाथि दासीको काम गर्ने आइमाई थिइन् । आफूसिवाय अरू कोही सहारा नभएको म छोरामाथिको स्नेह-बन्धनले उनी बाँधिएकी थिइन् ।।६।। उनी मेरो कल्याण होस् भनेर चिन्ता ता खूब गर्थिन् तर पराधीन हुनाले केही गर्न पाउन्नथिन्, यस विषयमा कसैको केही वश चल्दैन, जसरी कठपुतली नटुवाको इच्छानुसार नै नाच्दछ त्यसै गरी यो सारा संसार ईश्वरको अधीनमा रहेको छ ।।७।। म पनि कहिले आमाको यो स्नेह–रूप बन्धन छुट्ला भन्ने प्रतीक्षा गरेर त्यै ब्राह्मण–परिवारमा रहन लागें । त्यस वेला म केवल पाँच वर्षको बालक थिएँ तसर्थ मलाई दिशा, देश औ कालको सम्बन्धमा अलिकता पनि ज्ञान थिएन ।।८।।

एक दिन राती मेरी आमा गाई दुहुन भनी घरबाट बाहिर निस्किन् । बाटोमा ती बिचरी-लाई खुट्टाले कुल्चिन गएको कुनै एक सर्पले डसिदियो । यसमा सर्पको के दोष ? कालको यस्तै प्रेरणा थियो ।।९।। अनि ता म पनि भक्तहरूको मंगल चाहने भगवान्‌को यो अनुग्रह हो भन्ने समझ लिएर, यस घटनाबाट अलिकता पनि दुःखित नभएर उत्तर दिशातिर हिंडिदिएँ ।।१०।। त्यहाँबाट हिंडेपछि म बाटोमा परेका धन–धान्यले सम्पन्न भएका अनेक देश, शहर, गाउँ, गोशाला (ग्वालाहरूको बस्ती), रत्नहरूका खानी, खेत (किसानहरूको गाउँ) खवट (नदी औ पर्वतको किनारामा रहेको बस्ती), फुलवारी, वन, उपवन, रंगी बिरंगी धातु भएका पर्वत, हात्तीहरूले ठूला ठूला हाँगा भाँचेका रूख, पवित्र जलले भरिएका जलाशय, थरीथरीका चराहरूले कलख गरिरहेका एवं भूँ भूँ गरिरहेका भ्रमराहरूले सुशोभित भएको तथा देवताहरूको काममा लाग्ने कमल हेर्दै अगाडि अगाडि जान लागें । एक्लैले यति बाटो पार गरेपछि म एउटा अति डरलाग्दो

बाक्लो जंगलभित्र पसें । यस जंगलमा नालु, बाँस, शर, कुश, कीचक आदि प्रशस्त थिए । साँप, लाटोकोसेरो, स्याल आदि डरलाग्दा जीवहरूको घर भएकोले यो जङ्गल देख्तैमा बडो भयङ्कर मालूम हुन्थ्यो ॥११–१४॥ हिंड्दा हिंड्दा मेरो इन्द्रिय औ शरीर शिथिल भइसकेका थिए, भाकको साथसाथै तिर्खाले पनि खूब सताइराखेको थियो। त्यहाँ नदीको एउटा कुण्डमा स्नान, जलपान औ आचमन गर्नाले मेरो थकाइ हटेर गयो ॥१५॥ त्यस निर्जन वनमा एउटा पीपलको जरामा बसेर, आफ्नो हृदयमा विराजमान रहने परमात्माको विषयमा मैले महात्माहरूको मुखबाट जस्तो सुनेको थिएँ, त्यै स्वरूपको मन मनैमा ध्यान गर्न लागें ॥१६॥ भक्ति–भावले गर्दा एकाग्र भएको चित्तद्वारा भगवान्‌को चरण कमलको ध्यान गर्दागर्दैमा भगवत्प्राप्तिको उत्कट लालसाले मेरो आँखामा आँसु भरिन आयो, औ बिस्तारै बिस्तारै हृदयमा भगवान् प्रकट भइहाल्नुभयो ॥१७॥ हे मुनिजी ! त्यसवेला प्रेम भावको बाढी उठेकोले मेरो सारा शरीर रोमाञ्चित हुन गयो, हृदय अत्यन्त शान्त औ शीतल भयो, आनन्दसागरमा निमग्न हुन गएकोले मलाई " ध्याता औ ध्यान " अर्थात् आफ्नो तथा परमात्मा दुवैका अलिकता पनि होश रहेन ॥१८॥ यसपछि मनलाई प्रिय लाग्ने, समस्त शोकलाई दूर गर्ने, भगवान्‌को त्यो स्वरूप सहसा मेरो हृदयबाट अन्तर्ध्यान हुनगयो, त्यस रूपलाई देख्न नपाएकोले अत्यन्त व्याकुल भएर म अलि खिन्न जस्तो भई आफ्नो आसनबाट उठेर खडा भएँ ॥१९॥

त्यस स्वरूपको फेरि दर्शन गर्ने इच्छाले मनलाई एकाग्र गरी म ध्यान गर्न लागें तर वारम्वार चेष्टा गर्दा पनि दर्शन गर्न नपाएकोले अतृप्त जस्तो भएर अत्यन्त आकुल-व्याकुल भएँ ॥२०॥ मलाई यसप्रकारसंग निर्जन वनमा दर्शनको निम्ति वारम्वार प्रयत्न गर्न लागेको देख्ता, वाणीको विषयदेखि परका स्वयं भगवान्‌ले मेरो शोकलाई शान्त गर्न खोजेको जस्तो गरी बडो गम्भीर औ मधुरो स्वर झिकेर यसरी भन्नुभयो ॥२१॥ " बडो अपशोशको कुरो ! यस जन्ममा तिमीले मेरो दर्शन गर्न पाउन्नौ किनकि जसको अन्तःकरण काम-क्रोधादिले रहित भईकन पूर्णतया विशुद्ध भएको छैन त्यस्ता अधकल्चो योगीको निम्ति मेरो दर्शन अत्यन्त दुर्लभ छ ॥२२॥ हे अनघ ! मलाई प्राप्त गर्ने अभिलाषा तिम्रो हृदयमा विशेषरूपले जाग्रत् होस् भन्नाका लागि मैले एकबाजि तिमीलाई दर्शन दिएको हुँ, किनकि हृदयमा मलाई प्राप्त गर्ने अभिलाषा जाग्रत् भएको साधुपुरुषले बिस्तारै बिस्तारै अरू सबै विषयको कामनालाई त्यागिदिन्छन् ॥२३॥ धेरै कालसम्म महात्माहरुको सेवा गर्नाले तिम्रो हृदयमा मलाई प्राप्त गर्ने दृढ निश्चय भइराखेको छ। अतः अब तिमी यो निन्दनीय प्राकृत शरीरलाई छाडेर दिव्य शरीर भएका मेरा पार्षदहरूमा सामेल हुन आउनेछौ ॥२४॥ मलाई प्राप्त गर्ने तिम्रो यो दृढ निश्चय कुनै तरहबाट बिलाउनेछैन। समस्त सृष्टिको प्रलय हुँदा पनि मेरो कृपाले तिमीलाई यस शरीरको सारा संझना भइरहनेछ " ॥२५॥

यति भनेर महान् परमात्मा चूप लाग्नुभयो ।

त्यस वेला मैले सबैका नियन्ता परमात्मालाई आफ्नो आंखाले देख्न पाइनँ, केवल उहांको आकाशवाणीसम्म सुनेको हुँ । यस कृपाको अनुभव गरेर मैले ठूला ठूलाभन्दा पनि ठूला उहां भगवान्‌लाई टाउको निहुराएर प्रणाम गरे ॥२६॥ यसपछि म लाज, सङ्कोच छाडेर भगवान्‌को अत्यन्त रहस्यमय औ कल्याण गर्ने नाम तथा लीलाहरूको कीर्तन औ स्मरण गर्न लागें । स्पृहा, अहङ्कार तथा ईर्ष्या यी सबै मेरो हृदयबाट पहिले नै हटिसकेका थिए । अब म मनमा आनन्द लिएर कालको प्रतीक्षा गर्दै पृथ्वीमा विचरण गर्न लागें ॥२७॥

यसप्रकारसँग हेव्यासजी ! भगवान्‌को कृपाले मेरो हृदय शुद्ध भयो, आशक्ति बिलाएर गयो औ मन कृष्णभगवान्‌मा लगाएर रहन लागें । केही कालपछि भगवान्‌को कृपाले मैले विशुद्ध भागवत (भगवान्‌को पार्षदको) शरीर प्राप्त गर्ने मौका आएपछि जसरी अकस्मात् बिजुली चम्कन्छ त्यसै गरी वेला पुगेपछि, मेरो मृत्यु सहसा मेरो अगाडि उपस्थित भइहाल्यो र प्रारब्ध कर्म समाप्त भएकोले मेरो यो पाञ्चभौतिक शरीर मबाट अलग भइगयो ॥२८-२९॥

कल्पको अन्तमा जब भगवान् नारायण सम्पूर्ण त्रिलोकीलाई आफूमा लीन गराएर, एकार्णव अर्थात् प्रलयकालको जलमा शयन गर्न लाग्नुभएथ्यो त्यस वेला उहाँको हृदयमा शयन गर्ने इच्छाले ब्रह्माजीले प्रवेश गर्न लाग्दा म पनि उहाँको (ब्रह्माको) श्वासको साथसाथै उहाँका हृदयभित्र पसिहालें ॥३०॥ एक हजार युग बितेपछि निद्राबाट ब्युँझेर जब ब्रह्माले सृष्टि गर्ने इच्छा गर्नुभयो, त्यस वेला उहाँका इन्द्रियहरूबाट मरीचि आदि ऋषिहरूको साथसाथै म पनि उत्पन्न भएँ ॥३१॥ त्यै वेलादेखि महाविष्णुको कृपाले अखण्ड ब्रह्मचर्यको पालन गरेर म तीनै लोकमा भित्र बाहिर सर्वत्र विचरण गरिराखेको छु, कहीं जान पनि मलाई रोकटोक छैन ॥३२॥ ब्रह्माले दिएको स्वररूप ब्रह्माले विभूषितभएको[1] यो वीणा बजाएर भगवान्‌का लीलाहरूको गान गद संसारमा सर्वत्र भ्रमण गरिरहन्छु ॥३३॥ जब म प्रेमले भगवान्‌का लीलाहरू गाउन थाल्दछु, त्यस वेला जसको चरणकमल समस्त तीर्थको उद्गम स्थान हो औ जसको यश गाउन मलाई बडो मन पर्दछ, ती प्रभु बोलाउँदा झट्ट कोही आए झैं गरी तुरुन्तै मेरो हृदयमा आएर दर्शन दिनुहुन्छ ॥३४॥ जसको चित्त विषय-भोगको इच्छाले वारंवार व्याकुल भइरहन्छ, त्यस्ताको निम्ति भगवान्‌का लीलाहरूको कीर्तन संसार-सागरबाट पार लगाउने जहाज हो भन्ने मेरो आफ्नो अनुभव हो ॥३५॥ जत्तिको कृष्ण भगवानका लीलाहरूको कीर्तनले काम-लोभको वशमा परेका मानिसको चित्तमा शान्ति हुन्छ त्यत्तिको शान्ति ता यम नियमादि अष्टाङ्ग-योगमार्गबाट पनि हुन सक्तैन ॥३६॥ हे निष्पाप व्यासजी ! तपाईंले मसित सोध्नुभएको मेरो जन्म-कर्मको वृत्तान्त औ तपाईंको आत्मालाई सन्तोष हुने उपाय मैले तपाईंलाई बताइदिएँ ॥३७॥

१ निषाद-ऋषभ-गांधार-खर्ज-मध्यम-धैवत-पञ्चम यी सात स्वर ब्रह्मका रूप हुन् ।

सूतजीले भने—

स्वेच्छानुसार भ्रमण गर्ने भगवान् नारद मुनि सत्यवतीका छोरा व्यासजीलाई यति भनेर उहाँको अनुमति ली, वीणा बजाउँदै त्याहाँबाट हिँड्नुभयो ।।३८।।

अहो ! यी देवर्षि नारद धन्य हुनुहुन्छ, किनकि वीणाको तानको साथसाथै भगवान्को कीर्तिको गान गरेर उहाँ मस्त रहनुहुन्छ औ त्रितापले संतप्त भएको यस संसारको कल्याणको निम्ति सदा विचरण गरिरहनुहुन्छ ।।३९।।

———

अध्याय—७

अश्वत्थामाद्वारा द्रौपदीका छोरा—हरूको बध औ अर्जुनद्वारा अश्वत्थामाको मान—मर्दन ।

शौनकजीले सोधे—

हे सूतजी ! नारदजी गएपछि स्वयं पूर्णज्ञानी भगवान् व्यासजीले देवर्षि नारदको अभिप्राय सुनेर के गर्नुभयो ।।१।।

सूतजीले भने—

ब्रह्मनदी सरस्वतीको पश्चिम तटमा शाम्याप्रास नामले विख्यात भएको व्यासजीको आश्रय छ, जहाँ कि ऋषिहरूको अनेक यज्ञ चलिरहन्छ ।।२।। चारैतिर बदरी-वनले घेरिएको त्यो आफ्नो आश्रममा बसेर व्यासजीले जल आचमन गरी स्वयं आफ्नो मनमा आत्माको ध्यान गर्न लाग्नुभयो ।।३।। उहाँको मन निर्मल ता छँदै थियो, तसर्थ भक्तियोगद्वारा त्यो पूर्णतया अन्तमुर्ख औ एकाग्र भइहाल्यो । यस अवस्थामा उहाँले आदिपुरुष परमात्मालाई औ उहांको आश्रयमा रहने मायालाई देख्नुभयो ।।४।। यै मायाले मोहित भएर जीव तीन गुनदेखि परको अर्थात् परमेश्वरको अंश भए तापनि आफूलाई त्रिगुणात्मक शरीरधारी संझन्छ औ यै समझले गर्दा गुणकृत कर्म द्वारा प्राप्त हुने सुख दुःखरूप अनर्थको भोग गर्दछ ।।५।। यस अनर्थको मूलोच्छेदन गर्ने साक्षात् साधन केवल भगवान्को भक्तियोग हो, तर संसारका मानिस यो कुरा थाहा पाउँदैनन्, यै कुरा बुझेर विद्वान् भगवान् व्यासजीले परमहंसहरूको संहिता यो श्रीमद्भागवतको रचना गर्नुभयो ।।६।। यसलाई केवल सुन्नाले नै मानिसको हृदयमा पुरुषोत्तम श्रीकृष्ण भगवान्मा भक्ति हुनजान्छ र यस भक्तिले गर्दा जीवको शोक-मोह-जरा आदिको भय सबै हटेर जान्छन् ।।७।। मुनिवर व्यासजीले भागवत-संहिताको रचना तथा पुनारावृत्ति गरी निवृत्तमार्गमा प्रवृत्त भएका शुकदेव नामक आफ्नो छोरालाई यो ग्रन्थ पढाउनुभयो ।।८।।

शौनकजीले सोधे--

शुकदेवजी ता बडा निवृत्तिपरायण औ कुनै कुराको अपेक्षा नराख्ने महात्मा थिए । सदा आत्मामा रमण गर्ने तिनले केको निमित्त यो विशाल ग्रन्थको अध्ययन गरेहोलान् ? ।।९।।

सूतजीले भने—

आत्मामा रमण गर्ने योगीहरू अविद्यारूपी गाँठो फुस्केका अर्थात् जीवनमुक्त भए तापनि भगवान्को निष्काम भक्ति गर्दछन् किनकि भगवान्का गुण नै सबैलाई आफूतिर आकर्षित गर्ने किसिमका हुन्छन् ।।१०।। वेदव्यासका छोरा भगवान् शुकदेवजी ता भगवान्का भक्तहरूसित सदा प्रेम गर्दछन् । भगवान्को गुणले आकर्षित भएर नै विवश भएर उनले यो विशाल आख्यानको अध्ययन गरेको हो ।।११।।

हे शौनकजी ! अब म राजर्षि परीक्षितको जन्म-कर्म-मोक्षको कथा तथा पाण्डवहरूको स्वर्गारोहणको वृत्तान्त सुनाउँछु, किनकि यतैबाट कृष्णभगवान्का अनेक कथाहरूको उदय हुन्छ।।१२।।

महाभारतको युद्धमा कौरव औ पाण्डव[1] दुवै पक्षका अनेकौं वीर वीरगतिमा अर्थात् स्वर्गमा प्राप्त भएपछि औ भीमसेनको गदाको प्रहारले धृतराष्ट्रका छोरा दुर्योधनको तिघ्रा भाँच्चिएपछि द्रोण-पुत्र अश्वत्थामाले, मालिक दुर्योधनको यस कामबाट भलो होला भन्ने समझ लिएर, सुतिराखेका द्रौपदीका छोरा-हरूको टाउको काटेर ल्यायो, तर दुर्योधनले भने यो काम मन पराएनन्, किनकि निन्दनीय काम हो ता मित्र शत्रु सबैले निन्दा गर्दछन् ।।१३-१४।।

यी बालकहरूकी आमा द्रौपदी आफ्ना छोराहरूको अपमृत्युको यो घोर समाचार सुन्दा अत्यन्त दुःखित भइन् औ आँखाबाट आँसु बगाउँदै विलाप गर्न लागिन् । त्यस वेला उनलाई सान्त्वना दिन अर्जुनले भने ।।१५।। हे कल्याणि ! जब म त्यो आततायी[2] अधम ब्राह्मण-पुत्र अश्वत्थामाको टाउको गाण्डीव धनुबाट छुटेका वाणद्वारा काटेर तिमीलाई ल्याएर दिनेछु, त्यै वेला तिम्रो शोक दूर गर्नेछु औ छोराहरूको अन्त्येष्टि क्रिया भएपछि त्यै टाउकोमाथि चढेर तिमीले स्नान गर्नेछौ ।।१६।। यसप्रकारसंग खूब मीठा मीठा औ विचित्र कुराले द्रौपदीलाई सान्त्वना दिसकेपछि कपिध्वज अर्जुन आफ्ना मित्र भगवान् श्रीकृष्णको सल्लाहले उहाँलाई आफ्नो सारथि बनाएर कवच औ उग्र गाण्डीव धनुष धारण गरी रथमा सवार भएर गुरु-पुत्र अश्वत्थामालाई लखेट्न लागे ।।१७।। बालकहरूको हत्या गरेकोले अश्वत्थामाको मन पनि उद्विग्न भइराखेको थियो । टाढैबाट अर्जुनलाई आफूलाई लखेट्तै आएको देख्ता रथमा चढेर अश्वत्थामा आफ्नो प्राण रक्षाको निम्ति, जहाँसम्म भाग्न सक्तथ्यो त्याहाँसम्म रुद्रको भयले एकचोटि सूर्य भागे झ भागी भागी हिंड्यो[3] ।।१८।। रथका घोडाहरू

१ सृञ्जयवंशीय धृष्टद्युम्न पाण्डवसेनाका प्रधान सेनापति हुनाले पाण्डवपक्षलाई सृञ्जयपक्ष भनेको हो ।

२ अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः । क्षेत्रदारहरश्चैव षडेते आततायिनः । अर्थात् आगो लगाउने, विष ख्वाउने, अन्याय गर्न हातमा शस्त्र लिने, अर्काको धन चोर्ने, अर्काको खेत एवं अर्काकी स्त्री हरण गर्ने यी छलाई आततायी भन्दछन् ।

३ विद्युन्माली नाम गरेको राक्षसले शिवलाई प्रसन्न गराएर उहाँबाट सूर्यसमानको चहक भएको एउटा विमान भेट्टायो र त्यै विमानमा चढेर सूर्यको पछि पछि घुम्न लाग्यो । सूर्यले पनि झोक्किएर आफ्ना तेजले उसको विमानलाई नष्ट गरिदिए, अनि सूर्यमाथि रिसाएर शिवजी हातमा त्रिशूल ली उनलाई लखेट्न लागे, सूर्य पनि भाग्दाभाग्दै काशीमा आएर खसे र त्यहाँ लोलार्क यस नामले विख्यात भए ।

थाकेका औ आफ्नो बचाउको कुनै उपाय नदेख्ता द्विज-पुत्र अश्वत्थामाले एक मात्र ब्रह्मास्त्रको प्रयोगलाई आफ्नो रक्षाको साधन ठह्र्यायो ।।१९।। ब्रह्मास्त्रलाई फर्काउने विधि थाहा नभएको भए तापनि प्राण सङ्कटमा परेको देख्ता त्यसले आचमन गरी एकाग्रचित्त भएर ब्रह्मास्त्रको प्रयोग गरिहाल्यो ।।२०।। त्यस अस्त्रद्वारा समस्त दिशामा अति असह्य प्रचण्ड तेज फैलिन गयो । अब ता प्राणमाथि आपत्ति आइपरेको देख्ता अर्जुनले श्रीकृष्णलाई प्रार्थना गरे ।।२१।।

अर्जुनले भने—

हे कृष्ण ! हे कृष्ण ! तपाईंको शक्ति अनन्त छ; भक्तहरूलाई अभय दिने तपाईं नै हुनुहुन्छ। संसाररूप दावानलमा डढ्नलागेका जीवहरूलाई मोक्षरूप शान्ति दिने तपाईं नै हुनुहुन्छ ।।२२।। प्रकृतिदेखि पर रहने आदि-पुरुष साक्षात् परमेश्वर तपाईं नै हुनुहुन्छ । आफ्नो चित् शक्ति (स्वरूप-शक्ति) द्वारा त्रिगुणमयी मायालाई टाढा भगाएर आफ्नो अद्वितीय स्वरूपमा अर्थात् कैवल्य ज्ञानमय स्वरूपमा रहनुभएको छ ।।२३।। यस्तो भए तापनि तपाईं आफ्नो पराक्रमले, मायाले मोहित भइराखेका जीवहरूको धर्मादि रूप परम कल्याणको विधान गरिरहनुभएको छ ।।२४।। तपाईंको अवतार पृथ्वीको भार हरण गर्नको निम्ति तथा आफ्ना अनन्य प्रेमी भक्तहरूले निरन्तर ध्यान गर्न पाऊन् भन्नाका लागि नै भएको हो ।।२५।। हे देवदेव ! हेर्नोस्, यो भयङ्कर तेज सबै तरफबाट मतिर आइरहेको छ। यो के हो, कहाँबाट औ किन आइराखेको हो ? मलाई यसको केही अत्तोपत्तो छैन ।।२६।।

भगवान्‌ले भन्नुभयो —

यो अश्वत्थामाले चलाएको ब्रह्मास्त्र हो । यस अस्त्रलाई फर्काउने विधि थाहा नभए तापनि प्राणमाथि सङ्कट आइपरेकोले त्यसले यसको प्रयोग गरेको हो भन्ने कुरा बुझ ।।२७।। दोस्रा अरू कुनै अस्त्रमा यसलाई दबाउने शक्ति छैन, अतः ब्रह्मास्त्रको तेजले नै यसको प्रचण्ड तेजलाई शान्त गरिदेऊ, किनकि तिमी ता सबै किसिमका अस्त्र-शस्त्र-विद्या राम्रोसंग जान्दछौ ।।२८।।

सूतजीले भने—

भगवान्‌को कुरा सुनेपछि विपक्षी वीरहरूको संहार गर्ने अर्जुनले आचमन गरेर भगवान्‌को परिक्रमा गरे र ब्रह्मास्त्रलाई रोक्नको निम्ति ब्रह्मास्त्रकै प्रयोग गरे ।।२९।। यी दुवै ब्रह्मास्त्रको तेज आपसमा ठक्करखाएर पृथ्वी औ आकाशलाई व्याप्त गरी प्रलयकालको सूर्य औ अग्नि झैं जताततै फैलिन लाग्यो।।३०।। तीनै लोकलाई डढाउन लागेको जस्तो ती शस्त्रको महान् तेजलाई सर्वत्र व्याप्त भएको देख्ता सारा दुनियाँले त्यसलाई शेष नागको मुखबाट निस्केको प्रलयकालको सांवर्तक आगो नै भन्ठाने ।।३१।। त्यस आगोले प्रजाको औ लोकको विनाश हुन लागेको देख्ता तथा भगवान्‌को समेत अनुमति पाएकोले अर्जुनले ती दुवै अस्त्रको उपसंहार गरिदिए अर्थात् आफूतिर तानेर ल्याए ।।३२।। रिसले आँखा राता राता पारेका अर्जुनले बडो वेगसंग झम्टेर क्रूर कर्म गर्ने अश्वत्थामालाई समातिहाले र डोरीले पशुलाई बाँधे झैं त्यसलाई बाँधे ।।३३।। अर्जुनले आफ्नो शत्रु अश्वत्थामालाई बलजफ्तीसंग बाँधेर आफ्नो शिविरतिर लैजान लागेको देख्ता कमलनयन

भगवान्‌ले अश्वत्थामामाथि झोक्किएर अर्जुनलाई भन्नुभयो ।।३४।। हे अर्जुन ! यस अधम ब्राह्मण-लाई छोड्नु ठीक छैन, यसलाई झट्टै मारिहाल, किनकि यस दुष्टले रात्रिको समयमा सुतिराखेका निरपराध बालकहरूको हत्या गरेको छ ।।३५।। धर्मको मर्म बुझ्ने पुरुषले मतवाला, असावधान, पागल, सुतिराखेको, बालक, स्त्री, मूर्ख, शरणागत, रथहीन औ डराएर भागेको शत्रुलाई कहिले पनि मार्दैनन् ।।३६।।तर जो निर्दयी दुष्ट पुरुष अर्कालाई मारेर आफ्नो प्राणको पोषण गर्दछ त्यसको बध नै उसको निम्ति कल्याणकारी हुन्छ, किनकि बध नगरेर पापको प्रायश्चित्त नगरेको खण्डमा त्यसले आफ्नो पापले गर्दा नरकमा जानुपर्दछ ।।३७।। यसबाहेक तिमीले मैले सुन्ने गरी द्रौपदीसँग यस्तो प्रतिज्ञा पनि गरेका थियौ – "हे मानिनी ! जसले तिम्रा छोराहरूको बध गरेको छ, त्यसको टाउको ल्याइदिनेछु" ।।३८।। यो पापी आततायी कुलाङ्गार आफ्ना बन्धुको हत्यागर्नेवाला हो तसर्थ यसलाई मारिहाल । यसले बालहत्या गरेर आफ्नो मालिक दुर्योधनको समेत भलो गरेन ।।३९।।

श्री कृष्णभगवान्‌ले अर्जुनको धर्मको परीक्षा लिन भनी यस्तो प्रेरणा गर्नुभएको हो । तर अर्जुन ता महापुरुष थिए, अतः आफ्ना छोरा-हरूको हत्यागर्ने भए तापनि गुरुपुत्रलाई मार्ने इच्छा गरेनन् ।।४०।।

यसपछि कृष्णजी नै जसका मित्र औ सारथी हुनुहुन्थ्यो ती अर्जुनले आफ्नो शिविरमा आएर मरेका आफ्ना छोराको निम्ति शोक गरि-रहेकी प्यारी द्रौपदीको अगाडि अश्वत्थामालाई उभ्याइदिए ।।४१।। यसप्रकारसँग निरादरपूर्वक पशुलाई झैं बाँधेर ल्याएको, निन्दित कर्म गरेकोले लाजले मुण्टो निहुराएको, आफ्नो अनिष्ट गर्ने गुरु–पुत्र अश्वत्थामालाई देख्ता सुशीला द्रौपदीको हृदयमा दया उठिहाल्यो र उनले अश्वत्थामालाई नमस्कार गरिन् ।।४२।। गुरुपुत्रलाई यसरी बाँधेर ल्याएको सती द्रौपदीलाई सहीनसक्नु भएकोले उनीले भनिन्—"यिनलाई छाडिदेऊ, छाडिदेऊ यी ता ब्राह्मण हुन् औ हामीहरूका अत्यन्त पूजनीय गुरुपुत्रसमेत हुन् ।।४३।। जसको कृपाले तपाईंले रहस्यको साथसाथै सम्पूर्ण धनुर्वेद तथा प्रयोग एवं उपसंहारसहित सारा अस्त्र-शस्त्रको ज्ञान प्राप्त गर्नुभएको छ,यी उनै तपाईंका आचार्य द्रोण नै अहिले पुत्रको रूपमा अगाडि उपस्थित भएका छन् ,उनकी अर्द्धांगिनी औ वीर-पुत्रलाई जन्माउने कृपी अहिलेसम्म बाँचेकी नै छन् । यिनै छोराको ममताले गर्दा उनले आफ्नो पतिको अनुगमन गर्न अर्थात् सती जान नसकेकी हुन् ।।४४ ४५।। हे महाभाग ! तपाईं ता धर्मको मर्म बुझ्ने हुनुहुन्छ तसर्थ तपाईंद्वारा गुरुकुललाई कुनै प्रकारको दुःख हुनु योग्य कुरा होइन, गुरुवंश ता सदासर्वदा पूज्य औ वन्दनीय हुन्छन् ।।४६।। जसरी म अहिले आफ्ना छोराहरू मारिनाले दुखित भएर रोइ-रहेकी छु औ वारंवार मेरो आँखाबाट आँसु झरिरहेको छ, त्यसै गरी यिनकी आमा पतिव्रता गौतमीले ता रुन नपरोस् ।।४७।। आफ्नो कुकृत्यले ब्राह्मणको कुललाई कुपित गराउने, मनपर्दो गरी हिंड्ने राजालाई, परिवारको साथसाथै त्यो शोकग्रस्त ब्राह्मण–कुलको क्रोधाग्निले झट्ट भस्म पारिदिन्छ ।।४८।।

सूतजीले भने—

हे शौनकादि ऋषिहो ! द्रौपदीको यो कुरा धर्म औ न्यायको अनुकूल थियो, कपट भनेको त्यसमा छँदैथिएन, अतएव करुणापूर्ण, समता (अर्काको दुःख-सुखलाई आफ्नै दुःख-सुख संझनु) युक्त धर्मपुत्र महाराज युधिष्ठिरले रानीका यी उच्चकोटिका वाक्यको प्रशंसा गरे ॥४९॥ साथ-साथै नकुल, सहदेव, सात्यकी, अर्जुन, स्वयं श्रीकृष्णभगवान् औ त्यहाँ उपस्थित भएका सबै पुरुष तथा स्त्रीहरूले समेत द्रौपदीको कुराको समर्थन गरे।॥५०॥ तर भीमसेनले ता झोक देखाउँदै भने—जसले सुतिराखेका बालकहरूलाई न आफ्नो निम्ति न मालिकको निम्ति व्यर्थै मारेको छ, त्यसलाई ता मार्नु नै बेश हो ॥५१॥ चतुर्भुज श्रीकृष्णभगवान्ले द्रौपदी औ भीमसेनको कुरा सुनिसकेपछि आफ्ना सखा अर्जुनको मुखतिर हेरेर हाँस्दै भन्नु भयो ॥५२॥

श्रीकृष्णजीले भन्नु भयो—

ब्राह्मणको बध गर्न हुन्न औ आततताईलाई मान पर्दछ—यी दुवै उपदेश मैले नै दिएका हुन् ; अतः यी दुवै आज्ञाको पलन हुने गरी काम गर ॥५३॥ द्रौपदीलाई सान्त्वना दिंदाखेरि तिमीले जो प्रतिज्ञा गरेका थियौ त्यो पनि मिथ्या नहोओस्, एवं भीमसेनको, द्रौपदीको औ मेरो इच्छासमेत पूर्ण होओस् ॥५४॥

सूतजीले भने—

अर्जुनले भगवान्को अभिप्राय झट्टै बुझिहाले र आफ्नो तरवारले अश्वत्थामाको मस्तकमा रहेको मणि, केश काटेर झिकिदिए ॥५५॥ बालहत्या गर्नाले तेजोहीन भइराखेको अश्वत्थामालाई बन्धनबाट मुक्त गरी आफ्नो शिविरबाट बाहिर निकाली दिए । अब ता अश्वत्थामा मणि औ ब्रह्मतेजबाट समेत रहित हुन गयो ॥५६॥ कपाल मुड्नु, धन खोसेर लिनु औ बसेको ठाउँबाट निकालिदिनु यी तीन दण्ड नै ब्राह्मणको निम्तिमा फाँसीको सजाय हो । पतित ब्राह्मणको लागि समेत शारीरिक बधको विधान छैन ॥५७॥ यसपछि छोराहरूको मृत्युले गर्दा शोकले व्याकुल भइराखेका द्रौपदीसहितका सबै पाण्डवहरूले युद्धमा मरेका आफ्ना नाता-कुटुम्बीको दाहादि अन्त्येष्टि क्रिया गरे ॥५८॥

अध्याय—८

गर्भमा परीक्षितको रक्षा, कुन्तीले गरेको भगवान्‌को स्तुति र राजा युधिष्ठिरको आफ्ना मरेका बन्धुहरूको निम्तिको शोक।

सूतजीले भने—

यसपछि पाण्डवहरू युद्धमा मरेका, जलाञ्जलिको इच्छुक आफ्ना बन्धु-बान्धवको तर्पण गर्नको निम्ति कुन्ती आदि आइमाईलाई अघि लगाएर श्रीकृष्णजीको साथमा गङ्गाको तीरमा आए ॥१॥ त्यहाँ सबैले जलाञ्जलि दिएर मरेका-हरूको गुण संझी संझी बडो विलाप गरेर अनि भगवान्को चरणकमलको रजले पवित्र भएको

गंगाजलमा स्नान गरे ।।२।। त्यहाँ भाइ विदुरको साथमा बसेका राजा धृतराष्ट्र, कुरुपति महाराज युधिष्ठिर, पुत्रशोकले व्याकुल परेकी गान्धारी, कुन्ती तथा द्रौपदी यी सबै मारिएका आफ्ना स्वजनको निम्ति शोक गर्न लागे। कृष्णभगवान्ले धौम्यादि ऋषिहरूको साथमा संसारका सबै प्राणी कालको अधीनमा छन्, मृत्युबाट कसैले कसैलाई बचाउन सक्तैन इत्यादि कुरा देखाएर उनीहरूलाई सान्त्वना दिनुभयो ।।३-४।।

यसप्रकारसँग श्रीकृष्ण भगवानले अजातशत्रु महाराज युधिष्ठिरलाई दुर्योधनादि गरिएका धूर्तहरूद्वारा छलले हरण गरिएको राज्य फिर्ता गराउनुभयो र द्रौपदीको केश स्पर्श गर्नाले नै आयु क्षीण भएका दुर्योधनादि दुष्ट राजाहरूको वध गराउनुभयो तथा युधिष्ठिरद्वारा उत्तम उत्तम सामग्री एवं पुरोहितले युक्त भएका तीनओटा अश्वमेध यज्ञ गराएर सय यज्ञ गर्ने इन्द्रको यज्ञ झैं उनको (युधिष्ठिरको) यश चारैतिर फिंजाइदिनुभयो ।।५-६।। यसपछि श्रीकृष्णले व्यास आदि ब्राह्मणहरूको पूजा गरेर औ उनीहरूद्वारा स्वयं पूजित भई पाँचै पाण्डवहरूसित बिदा लिएर सात्यकि औ उद्धवको साथमा द्वारका जाने विचारले रथमा सवार हुनुभयो; यै मौकामा उहाँले भयले विह्वल भएर दगुर्दै आइराखेकी उत्तरालाई देख्नुभयो ।।७-८।।

उत्तराले भनिन् -

हे महायोगी ! हे देवदेव ! जगत्को रक्षा गर्ने हे प्रभो ! मेरो रक्षा गर्नोस्, मलाई बचाउनुहोस्। तपाईंसिवाय मलाई यस लोकमा अभय दिने अरू कोही छैन, किनकि यहाँ ता सबै परस्पर एउटा अर्काको मृत्युको मिमित्त बनेका छन् ।।९।। हेनोस्न यो बल्दो फलामको वाण मतिर दगुर्दै आइराखेको छ। हेनाथ ! मलाई डढाए तापनि मेरो गर्भलाई ता नष्ट गर्न नपाओस् ।।१०।।

सूतजीले भने—

भक्तवत्सल कृष्ण भगवान्ले उनको कुरा सुन्ने बित्तिकै अश्वत्थामाले पृथ्वीलाई पाण्डवहीन गराउनाको निम्ति ब्रह्मास्त्रको प्रयोग गरेछ भन्ने कुरा बुझिहाल्नुभयो ।।११।। हे शौनकजी ! यही वेलामा पाण्डवहरूले पनि बल्दो पाँचओटा वाण आफूतिर आउन लागेको देख्ता आफ्नो आफ्नो अस्त्र उठाए ।।१२।। केवल आफूमा चित्त लगाएका आफ्ना भक्त पाण्डवहरूमाथि यस्तो आपत्ति आइपरेको देख्ता सर्वशक्तिमान् कृष्ण भगवान्ले आफ्नो अस्त्र सुदर्शनचक्रले ती आत्मीय जनको रक्षा गर्नुभयो ।।१३।। समस्त प्राणीको अन्तःकरणमा आत्मारूपले विराजमान रहने योगेश्वर भगवान्ले पाण्डवहरूको वंश-परम्परा कायम राख्नाको निम्ति आफ्नो मायाको कवचले उत्तराको गर्भलाई ढाकिदिनुभयो ।।१४।। हे शौनकजी ! ब्रह्मास्त्र अमोघ औ यसको निवारणको कुनै उपाय नभए तापनि विष्णु भगवान्को तेजको अगाडि पर्दा ता त्यो शान्त भइगयो।।१५।। आफ्नो विचित्र शक्ति भएको मायाद्वारा स्वयं अजन्मा भएर पनि यस संसारको सृष्टि-स्थिति-संहार गर्ने सर्वाश्चर्यमय अर्थात् जे पनि गर्न सक्ने अच्युत भगवानको यस कामलाई तिमीले आश्चर्यको कुरो मान्नुपर्दैन ।।१६।। यसप्रकार यिनीहरूको रक्षा गरेर जब कृष्ण भगवान् जान लाग्नुभयो त्यस वेला ब्रह्मास्त्रको भयले मुक्त भएका आफ्ना छोरा तथा

द्रौपदीलाई संगमा राखेर परम पतिव्रता कुन्तीले कृष्णभगवान्को यसरी स्तुति गरिन् ।।१७।।

कुन्तीले भनिन् -

समस्त प्राणीको भित्र-बाहिर रहे तापनि इन्द्रियहरूद्वारा नदेखिने, प्रकृतिदेखि पर रहने परम पुरुष तपाईंलाई म नमस्कार गर्दछु ।।१८।। तपाईं मायारूप जवनिका (पर्दा) ले ढाकिनुभएको छ, इन्द्रियहरूका स्वामी सच्चिदानन्द ज्ञानरूप हुनुहुन्छ; नाटक गर्ने, अर्को वेष धारण गरेको नटुवालाई साधारण मानिसले प्रत्यक्ष देख्ता पनि चिन्न नसके झैं विषयमा लिप्त भएका मूर्खहरूले तपाईंलाई देख्तादेख्तै पनि चिन्न सक्तैनन्—यस्ता अविनाशी पुरुषोत्तमलाई म अबोध नारीले कसरी चिन्न सकूँ ? ।।१९।। शुद्ध हृदय भएका परमहंस मुनिहरूको हृदयमा भक्तियोगको सृजना गर्नाको निम्ति तपाईं अवतीर्ण हुनुभएको छ । यस्ता तपाईंलाई हामी अल्पबुद्धि भएका आइमाईले कसरी चिन्न सक्तछौं ? ।।२०।। कृष्ण, वासुदेव, देवकी पुत्र, नन्दगोपका प्यारा नानी औ गोविन्द इत्यादि नामले कहिने तपाईं परमेश्वरलाई वारंवार प्रणाम छ ।।२१।। जसको नाभिबाट ब्रह्माको जन्म-स्थान कमल प्रकट भएको छ, जसले कमलको माला धारण गर्नुभएको छ, जसका कमलसमानका आँखा छन् औ जसको चरणकमलमा कमलको चिह्न छ, यस्ता तपाईं कृष्ण भगवान्लाई मेरो वारंवार नमस्कार छ ।।२२।। हे हृषीकेश ! जसरी तपाईंले दुष्ट कंशद्वारा कैद गरिएकी,तथा सन्तानको वध हुनाले धेरै कालसम्म शोकले ग्रस्त भइराखेकी माता देवकीको रक्षा गर्नुभएथ्यो, हे प्रभो ! त्यसै गरी छोराहरूको साथसाथै तपाईं प्रभुले मेरो पनि वारंवार विपत्तिबाट रक्षा गर्नुभएको छ ।।२३।। विषबाट, लाक्षाभवनको आगोबाट, हिडम्ब आदि राक्षसबाट, दुर्योधनादि दुष्टहरूको सभाबाट, वन-वासको विपत्तिबाट, प्रत्येक युद्धमा अनेक महा-रथीहरूको शस्त्रास्त्रबाट जसरी हामीलाई बचाउ-नुभएथ्यो त्यसै गरी अहिले भर्खरै अश्वत्थामाको ब्रह्मास्त्रबाट हाम्रो रक्षा गर्नुभयो ।।२४।। हे जगद्गुरो ! हामीमाथि सर्वदा पद-पदमा आपत्ति परिरहोस् भन्ने मेरो कामना छ, किनकि बिपत्तिमा नै निश्चितरूपले तपाईंको दर्शन गर्न पाइन्छ; तपाईंको दर्शन पाएपछि ता फेरि जन्म-मृत्युको चक्करमा पर्नुपर्दैन ।।२५।। किनकि जो तपाईंसिवाय अरू कुनै वस्तुको इच्छा गर्दैन त्यस्ता महात्मालाई मात्र तपाईं दर्शन दिनुहुन्छ, यसैकारणले उच्च-कुलको जन्म, ऐश्वर्य, विद्या औ सम्पत्तिले गर्दा घमण्ड बढिराखेको मानिसले तपाईंको नाम-संकीर्तनसम्म पनि गर्न सक्तैन ।।२६।। तपाईं निर्धनको निम्ति परम धन हुनुहुन्छ, मायाको प्रपञ्चले तपाईंलाई छुनसम्म पनि सक्तैन, यस्ता आफैमा रमाउने, परम शान्त-स्वरूप औ मोक्षका अधिपति तपाईंलाई वारंवार नमस्कार गर्दछु ।।२७।।

म ता तपाईंलाई सबैको संहार गर्ने कालरूप परमेश्वर सम्झन्छु, तपाईं सबैका नियन्ता, आदि अन्त नभएका, सर्व-व्यापक औ सर्वत्र समान-रूपले आचरण गर्ने हुनुहुन्छ । संसारका समस्त पदार्थ औ प्राणीको परस्पर विषमता हुनाले नै तपाईंको विषयमा विषम दृष्टि हुन गएको

हो, तर तपाईंमा ता यस्तो विषमता बिलकुलै छैन ॥२८॥ वास्तवमा तपाईंको लेखा न कोही प्यारो छ, न कोही शत्रु नै छ, तैपनि तपाईंको विषयमा मानिसहरूको बुद्धि एकनासको नभएर विषम नै भइरहन्छ। यस्ता तपाईंले मनुष्यको जस्तो लीला गरेर के गर्न खोजेको हो, सोकसैलाई पनि थाहा छैन ॥२९॥ तपाईं विश्वको आत्मा विश्वरूप हुनुहुन्छ; अजन्मा औ निर्गुण भएर पनि तपाईंले पशु, पक्षी, मानिस, जलचर, ऋषि आदि योनिमा जन्म लिएर ती ती योनिलाई सुहाउने काम गर्नु ता तपाईंको लीला मात्र हो ॥३०॥ बाल-लीलाको समयमा महीको ठेकी घोप्ट्याएर दही छयाल्लब्याल्ल पारेको अपराधमा तपाईंलाई बाँध्नाको निम्तिमा जब गोपी यशोदा हातमा डोरी लिएर उभिनुभएथ्यो, त्यस बखतमा जोदेखि भयसमेत भय मान्दछ त्यस्ता तपाईं, साधारण बालक झैं गाजल मिसिएको आँसु आँखाबाट बगाउँदै हडबडाए झैं कन्यां आँखाले यताउति हेर्दै उभिनुभएको थियो औ भयको भावनाले मुख निहुराइराख्नुभएको थियो। तपाईंको त्यस बखतको त्यो दशा संझदा म आज पनि मोहित हुन्छु ॥३१॥ अजन्मा भएर पनि तपाईंले किन जन्म लिएको हो यसको कारण बताउनाको निम्ति कुनै कुनै महापुरुषको यस्तो भनाइ छ— जसरी मलयाचलको कीर्ति विस्तार गर्नाको निम्ति त्यहाँ चन्दन प्रकट हुन्छ त्यसै गरी आफ्ना प्रिय-भक्त, पवित्र यश भएका राजा युधिष्ठिरको कीर्ति फैलाउनाको निम्ति तपाईं यदुवंशमा जन्मनुभएको हो ॥३२॥ अर्काथरिको भनाइ छ कि— पूर्वजन्ममा सुतपा औ पृश्निको रूपमा भएका वसुदेव औ देवकीको प्रार्थनाले जगत्को कल्याण औ दैत्यहरूको प्राण-हरणको निम्ति तपाईं अजन्मा भएर पनि उनी-हरूको छोरा भएर अवतीर्ण हुनुभएको हो ॥३३॥ कसैको के भनाइ छभने— यो पृथ्वी दैत्यहरूको अत्यन्त भारले समुद्रमा डुब्न लागेको जहाज झैं डगमगाइराखेको थियो, पीडित भइरहेको थियो। यस्तो पृथ्वीको भार हलुको गर्नाको निम्ति ब्रह्माले प्रार्थना गरेकोले तपाईं प्रकट हुनुभएको हो ॥३४॥ कसै कसैको मत छ कि यस संसारमा अज्ञान, कामना औ कर्मबन्धनमा जकडिएर दुःख पाइराखेका जीवहरूले श्रवण औ स्मरण गर्न योग्यका लीला गर्ने विचारले नै तपाईंले अवतार ग्रहण गर्नुभएको हो ॥३५॥

जो मानिस तपाईंका लीलाहरूको वारंवार श्रवण, गायन औ स्मरण गर्दछन् एवं आनन्दमा मग्न भइरहन्छन्, तिनैले मात्र जन्ममृत्युमय यस संसारबाट छुट्कारा गराउने तपाईंका चरण-कमलको झट्ट दर्शन पाउँछन् ॥३६॥ आफ्ना भक्तहरूको इच्छा पूर्ण गराउने हे प्रभो! के तपाईं आफ्ना सुहृद औ आश्रित हामीलाई छाडेर अहिले जान आँट्नुभयो त ? तपाईंको चरणकमलबाहेक हाम्रो अरू कुनै सहारा छैन भन्ने कुरा तपाईंलाई थाहै छ। पृथ्वीका सबै राजाहरू ता हामीद्वारा पीडित भएकाले अहिले हाम्रा विरोधी नै भइ-राखेका छन् ॥३७॥ जसरी जीवात्मासित वियोग हुँदा इन्द्रियहरू शक्तिहीन हुन्छन् त्यसै गरी तपाईंसित वियोग भएपछि ता यदुवंशीहरूको तथा हामी पाण्डवहरुको नाम औ रूपको अस्तित्व बाँकी रहला त ? अर्थात् यी अति तुच्छ हुने-

छन् ॥३८॥ हे गदाधर ! तपाईंको विलक्षण चरणचिह्नले चिह्नित भएर आज यी पृथ्वी जत्तिको शोभायमान भइराखेकी छन् त्यत्तिको ता तपाईं द्वारका जानुभएपछि यिनको शोभा रहनेछैन ॥३९॥ तपाईंको दृष्टिको प्रभावले नै यो देश सुपक्क औषधि औ लता—वृक्षले सुसम्पन्न भइराखेको छ। यी वन, पर्वत, नदी औ समुद्र-समेत तपाईंकै अनुग्रहपूर्ण दृष्टिले गर्दा उन्नत अवस्थामा पुगेका छन् ॥४०॥ हे विश्वका स्वामी ! हे विश्वका आत्मा! हे विश्वरूप प्रभो ! यदुवंशी-हरुमा औ आत्मीय पाण्डवहरुमा मेरो यो जा दृढ स्नेह-बन्धन (ममता) छ त्यसलाई कृपा गरी काटिदिनोस् ॥४१॥ हे कृष्ण ! जसरी गङ्गाको अखण्ड धारा निरन्तर समुद्रमा नै खसिरहन्छ, त्यसै गरी मेरो बुद्धि, मेरो मति अरू कतैपट्ट नलागेर तपाईंकै प्रेमका समुद्रमा लीन होओस् ॥४२॥ हे कृष्ण ! हे अर्जुनका सखा ! हे यादवहरुमध्येका श्रेष्ठ ! पृथ्वीका भाररूप राजवेशधारी दैत्यहरुलाई डढाउनाका निम्ति तपाईं अग्निस्वरूप हुनुहुन्छ; तपाईंको शक्ति अनन्त छ। हे गोविन्द ! तपाईंका यो अवतार गाई, ब्राह्मण औ देवताहरुको दुःख दूर गर्नाका निम्ति भएको हो। हे जगत्गुरो ! हे योगेश्वर ! हे भगवन् ! तपाईंलाई मेरो नमस्कार छ ॥४३॥

सूतजीले भने—

यसप्रकारसंग कुन्तीले बडो मधुर स्वरले भगवान्का अधिकांश लीलाहरुको वर्णन गरिन्। यो सब सुनेपछि भगवान् आफ्नो मायाले उनलाई मोहित गर्न लागे जस्तो गरी मुसुक्क हाँस्नु-भयो ॥४४॥ र उनलाई "तिमीले बेशै कुरा भन्यौ" भनेर उनको विनय स्वीकार गरी हस्तिनापुर फर्केर आउनुभयो। फेरि सुभद्रा आदि स्त्रीहरूको अनुमति लिएर जब उहाँ द्वारका जान तय्यार हुनुभयो त्यस वेला राजा युधिष्ठिरले बडो प्रेमसँग उहाँलाई जान दिएनन् ॥४५॥ भगवान्का लीलाको मर्म बुझ्ने व्यास आदि महर्षिहरूले औ अद्भुत कर्म गर्ने स्वयं कृष्ण भगवान्ले अनेक इतिहास सुनाएर युधिष्ठिरलाई सान्त्वना दिने चेष्टा गरे तर भाइ—बन्धु मारिनाले शोकग्रस्त भएका राजाको शोक कसै गरेर पनि गएन ॥४६॥ शौनकादि ऋषिहो ! आफ्ना बन्धु-बान्धवको वधले चिन्तित भइराखेका धर्म—पुत्र राजा युधिष्ठिर, अविवेकपूर्ण चित्त भएको साधारण मानिस झैं स्नेह औ मोहको वशमा परी भन्न लागे ॥४७॥ "म दुरात्माको हृदयलाई ढाकिराख्ने यो अज्ञानलाई ता हेर्नोस्; स्याल कुक्कुरको आहाररूप यो अनात्मा शरीरका लागि मैले अनेक अक्षौहिणी सेनाको× नाश गरि-दिएँ ॥४८॥ म ता बालक, ब्राह्मण, सुहृद्, मित्र, काका, भाइ औ गुरुजनहरूसित द्रोह गर्ने मानिस हुँ। हजारां, लाखां वर्षमा समेत नरकबाट मेरो छुट्कारा हुन सक्तैन ॥४९॥ प्रजाको पालन गर्ने राजाले धर्मयुद्धमा शत्रुहरुलाई मार्‍योभने त्यसलाई पाप लाग्दैन भन्ने शास्त्रको वचन भए तापनि मलाई यस वचनबाट सन्तोष हुँदैन ॥५०॥ भाइ, बन्धु औ लोग्नेलाई मार्नाले जुन जुन

× २१८७० रथ, यत्तिकै हात्ती, १०९३५० पैदल सिपाही र ६५६०० घुडसवारको सेनालाई एक अक्षौहिणी भन्दछन्।

आइमाईहरुसित मेरो द्रोह हुन गएको छ. त्यस द्रोहको प्रायश्चित्त ता यी गृहस्थोचित यज्ञादि कर्मबाट हुन सक्तैन ॥५१॥ जसरी हिलो लागेको लुगा हिलैमा धुनाले सफा हुन सक्तैन अथवा मदिराले मदिराको गन्धलाई दूर गर्न सक्तैन त्यसै गरी अश्वमेधादि हिंसामय यज्ञद्वारा एउटा प्राणीको समेत हत्याको प्रायश्चित्त हुन सक्तैन ॥५२॥

अध्याय-९

युधिष्ठिरहरू भीष्मनिर जान्छन् औ श्रीकृष्णको स्तुति गर्दै भीष्मले प्राण-त्याग गर्दछन् ।

सूतजीले भने --

यसप्रकारसंग प्रजाद्रोहले भयभीत भइराखेका राजा युधिष्ठिर सम्पूर्ण धर्मको ज्ञान प्राप्त गर्ने इच्छाले कुरुक्षेत्रतिर लागे, जहाँ कि देवव्रत (भीष्मपितामह) शरशय्यामा सुतिराखेका थिए ॥१॥ त्यस वेला सबै भाइहरू राम्रा राम्रा घोडा जोतिएका औ सुनले मोरिएका रथमा सवार भई दाजु युधिष्ठिरको पछि लागे; व्यास, धौम्य आदि गरिएका ब्राह्मणहरू पनि उनीहरूको साथमा थिए ॥२॥ हे शौनकजी ! अर्जुनसंग श्रीकृष्ण पनि एउटा रथमा चढेर संग लाग्नुभयो । सबै भाइको बीचमा राजा युधिष्ठिरको यक्षमण्डलीमा कुवेरको जस्तै शोभा भइरहेको थियो ॥३॥ स्वर्गबाट झरेका देवता झैं भीष्मपितामहलाई पृथ्वीमा पडिराखेको देख्ता आफ्ना अनुचर औ कृष्ण भगवान्को साथमा पाण्डवहरूले उनलाई प्रणाम गरे ॥४॥ हे साधुश्रेष्ठ शौनकजी ! त्यस वेला भरतश्रेष्ठ भीष्मपितामहलाई हेर्न भनी त्यहाँ सबै ब्रह्मर्षि, देवर्षि औ राजर्षिहरू आइ-राखेका थिए ॥५॥ पर्वतमुनि, नारदजी, महर्षि धौम्य, भगवान् व्यास, वृहदश्व, भरद्वाज, शिष्य-हरूको साथमा परशुरामजी, वशिष्ठ, इन्द्रप्रमद, त्रित, गृत्समद, असित, कक्षीवान्, गौतम, अत्रि, विश्वामित्र, सुदर्शन तथा अरू पनि शुकदेव आदि शुद्ध हृदय भएका महात्माहरू एवं शिष्यहरूको साथमा कश्यप, अङ्गिरा इत्यादि मुनिहरू त्यहाँ आए ॥६-८॥

यी सबै महाभाग ऋषिहरूलाई आएको देख्ता देश कालको विभाग जान्ने, धर्मको मर्म बुझ्ने वसुश्रेष्ठ भीष्मपितामहले उनीहरूको यथायोग्य सत्कार गरे ॥९॥ श्रीकृष्णको प्रभाव बुझेका भीष्मपितामहले आफ्नो अन्तःकरणमा रहनु-भएको लीलाले मनुष्यको रूप धारण गरेर त्यहाँ बसिराख्नुभएको जगदीश्वर कृष्ण भगवान्को पूजा गरे ॥१०॥

बडो विनय औ प्रेमसँग आफूनिर बसेका पाण्डु-पुत्रहरूलाई भीष्मपितामहले आँखाभरी प्रमको आँसु भरेर भने ॥११॥ "ब्राह्मण, धर्म औ भगवान् अच्युतको आश्रयमा रहने धर्मका छोरा तिमीहरूले जीवनमा यत्तिको दुःख भोग्नु'ता बडो कष्ट औ अन्यायको कुरो हो ॥१२॥ महारथी पाण्डुको मृत्युको समयमा तिमीहरू सबै बालकै हुनाले पुत्रवती बुहारी कुन्तीले पनि तिमीहरूको निम्ति वारंवार अनेक कष्ट भोगेकी हुन् ॥१३॥ जसरी बादल वायुको वशमा रहन्छ त्यसै गरी

लोकपालसहितको यो सारा संसार कालरूप भगवान्‌को अधीनमा छ। तिमीहरूको जीवनमा यस्ता अप्रिय घटना हुनु पनि मेरो विचारमा ता भगवान्‌कै लीला हो ॥१४॥ नत्र ता जहाँ साक्षात् धर्मका छोरा (युधिष्ठिर) राजा छन्, जहाँ गदाधारी भीमसेन औ अस्त्रविद्याका निपुण अर्जुन उनका सहायक छन्, जहाँ गाण्डीव धनु छ औ जहाँ श्रीकृष्ण मित्र हुनुहुन्छ त्यहाँ ता कुनै तरहले विपत्तिको संभावना नहुनुपर्ने हो ॥१५॥ हे राजन् ! यी कालरूप श्रीकृष्णले कुन वेला के गर्न खोजेको हो, सो कुरा कसैले चाल पाउन सक्तैन। बडा बडा ज्ञानीसमेत यो कुरा जान्ने इच्छा गर्दा मोहित हुन्छन् ॥१६॥ तसर्थ हे युधिष्ठिर! संसारका सुख दुःख आदि गरिएका सबै घटना ईश्वरको इच्छाको अधीनमा छन् भन्ने सम्झेर ईश्वरेच्छाको अनुसरण गर्दै यी अनाथ प्रजाको पालन गर, किनकि अब ता तिमी नै यी प्रजाका स्वामी औ यिनको पालन गर्नामा समर्थ छौ ॥१७॥

यी श्रीकृष्ण भगवान् सबैका आदिकारण औ साक्षात् परम पुरुष नारायण नै हुन् । आफ्नो मायाले दुनियाँलाई मोहित पारेर यिनी अहिले यदुवंशीहरूमा गूढभावले लीला गरिरहेका छन् ॥१८॥ हे युधिष्ठिर ! यिनको अत्यन्त गूढ एवं रहस्यमय प्रभावलाई भगवान् शङ्कर, देवर्षि नारद औ स्वयं भगवान् कपिलले बुझेका छन् ॥१९॥ जसलाई तिमीले आफ्नो मामाका छोरा, प्रिय मित्र औ सर्वश्रेष्ठ सुहृद् संझेका छौ औ जसलाई तिमीले प्रेमले गर्दा आफ्नो मन्त्री, दूत औ सारथीसम्म बनाउन पनि सङ्कोच गरेनौ, उनी त स्वयं परमात्मा हुन् ॥२०॥ यो काम मेरो योग्य छ वा छैन यसप्रकारको विषम बुद्धि ता मानिसमा मात्र हुन्छ तर सर्वात्मा, समदर्शी, अद्वितीय, अहङ्काररहित औ निष्पाप (निर्मल) यी परमात्मामा योग्यायोग्य कार्यले गर्दा हुने कुनै प्रकारको विषम बुद्धि कहिले पनि हुंदैन ॥२१॥ हे युधिष्ठिर ! यस प्रकारसंग सर्वत्र सम भए तापनि आफ्नो प्रेमी भक्तमाथि यिनको कत्तिको कृपा रहेछ, हेरन; यसैले गर्दा अहिले मैले प्राण-त्याग गर्न लागेको वेलामा यी भगवान् श्रीकृष्णले मलाई साक्षात् दर्शन दिएका छन् ॥२२॥ भगवत्परायण योगी पुरुष भक्तिभावले यिनमा मन लगाई औ एवं वाणीले यिनको नामको कीर्तन गर्दै शरीरको त्याग गर्दछन्, औ कामना तथा कर्मबन्धनबाट छुट्कारा पाउँछन् अर्थात् मुक्त हुन्छन् ॥२३॥ आफ्नो प्रसन्न हांसो औ रक्तकमलसमानको अरुणनेत्रले सुशोभित भएको मुख भएका यिनै देवदेव भगवान् मैले यस शरीरको त्याग नगरेसम्म चतुर्भुजरूपले मेरो ध्यानमार्गमा अडिराखून्" ॥२४॥

सूतजीले भने –

युधिष्ठिरले उनको यो कुरा सुनेपछि शरशय्यामा सुतिराखेका भीष्मपितामहसित ऋषिहरुको सामुन्नेमा नाना प्रकारका धर्मको सम्बन्धमा अनेक प्रश्न सोधे ॥२५॥ त्यसपछि, हे मुने! तत्त्व जानेका भीष्मपितामहले वर्ण तथा आश्रमअनुसारको मानिसको स्वाभाविक धर्म, वैराग्य तथा रागले गर्दामा भिन्न भिन्न रूपले बताइएका निवृत्ति र प्रवृत्तिरूप द्विविध

धर्म, दान-धर्म, राजधर्म, मोक्षधर्म, स्त्रीधर्म, भगवद्धर्म यी सबैको बेग्ला बेग्लै, संक्षेप तथा विस्ताररूपले वर्णन गरे। यसको साथसाथै धर्म-अर्थ-काम-मोक्ष यी चारैओटा पुरुषार्थको र यिनलाई प्राप्त गर्न साधनहरूका समेत अनेक उपाख्यान तथा इतिहास सुनाएर बेग्ला बेग्लै गरी संक्षेप तथा विस्ताररूपले वर्णन गरे ॥२६-२८॥ यसप्रकारसंग धर्मको चर्चा गर्दागर्दैमा इच्छामरण भएका भगवत्परायण योगीजनले चाह गर्ने उत्तरायणको समय उपस्थित भइहाल्यो ॥२९॥ यस समयमा युद्धमा हजारौं रथीहरूको रक्षा गर्ने भीष्मपितामहले मौन धारणा गरी आफ्नो अगाडि उभिइराख्नुभएको, पीतवस्त्रले शोभायमान भइरहनुभएको, चतुर्भुजस्वरूप आदिपुरुष श्रीकृष्ण भगवान्‌मा, एक टकसंग आंखा लगाएर सबैतिरबाट हटाइएको मन स्थिर गरिदिए ॥३०॥ भगवान्‌तिरको विशुद्ध धारणाले गर्दामा अशुभ नष्ट भएका, उहाँको दर्शन मात्रले तुरुन्तै हतियारको चोटको पीडा शान्त भएका यस्ता भीष्मपितामहले शरीर त्याग गर्ने वेलामा आफ्ना जम्मै इन्द्रियहरूको वृत्ति तथा विलासलाई रोकिदिए अर्थात् इन्द्रियहरूलाई विषयदेखि निवृत्त गरेर बडो प्रेमसंग जनार्दन भगवान्‌को स्तुति गर्न लागे ॥३१॥

भीष्मपितामहले भने—

जीवनको यस अन्तिम वेलामा नाना प्रकारका साधनहरूको अनुष्ठान गर्नाले कामनारहित भइराखेको मेरो बुद्धि यदुवंशशिरोमणि सर्वव्यापक कृष्ण भगवान्‌मा समर्पण गर्दछु; उहाँ सदासर्वदा आफ्नो आनन्दमय स्वरूपमा स्थित रहनुभए तापनि कहिले काहीं लीला गर्ने इच्छाले मायालाई स्वीकार गर्नुहुन्छ जुन मायाद्वारा यो सृष्टिपरम्परा अर्थात् संसार चल्दछ ॥३२॥ तीनै लोकमा सबभन्दा राम्रा, तमालको रूखको जस्तो श्याम-वर्ण भएका, प्रातःकालीन सूर्यको किरण जस्तो सुनौला रंगको पीताम्बर धारण गरेका औ जसको मुखकमलमा घुघुरिएका अलकहरू लर्किराखेका छन्, यस्तो सुन्दर रूप धारण गर्ने- अर्जुनका सखा श्रीकृष्णमा मेरो हेतुरहित (निष्काम) प्रीति होओस् ॥३३॥ जसको मुख, युद्धमा घोडाहरूको खुरको धूलोले खैरो भइराखेको औ यताउति छरिएका अलकले तथा पसीनाको थोपाले शोभायमान भइराखेको थियो औ जसको छाला मेरा तीखा तीखा वाणद्वारा घोचिनलागेको थियो, यस्ता सुन्दर कवच धारण गर्ने श्रीकृष्णमा मेरो मन रमण गरोस् ॥३४॥ आफ्ना सखाको वचन सुन्दा उत्तिखेरि नै पाण्डव र कौरवको सेनाको बीचमा आफ्नो रथ ल्याएर त्यहाँ खडा भईकन आफ्नो कालदृष्टिले कौरवपट्टिका सैनिकहरूको आयु क्षीण गराउने यस्ता अर्जुनका सखा श्रीकृष्ण भगवान्‌मा मेरो परम प्रीति होओस् ॥३५॥ परै उभिराखेको कौरवसेनाको अग्रभागमा मलाई तथा द्रोणादिलाई देख्ता दोष अथवा पाप सम्झेर आफ्ना बन्धु-वर्गको वध गर्न विमुख भएका अर्जुनलाई जसले गीताको रूपमा आत्मविद्याको उपदेश गरी "म नै यिनीहरूलाई मार्नेवाला हुँ" भन्दै उनको अज्ञानलाई नाश गरिदिनुभएथ्यो, उनै परमपुरुष श्रीकृष्णको चरणमा मेरो भक्ति अडिरहोस् ॥३६॥ म युद्धमा शस्त्र ग्रहण गर्नेछैन

भन्ने आफ्नो प्रतिज्ञालाई त्यागेर म भोलि श्रीकृष्णलाई शस्त्र ग्रहण गराइछाड्नेछु भन्ने मेरो प्रतिज्ञालाई पूरा गर्नाको निम्ति अर्जुनको रथमा बसिराख्नुभएको जुन कृष्णभगवान्‌ले हत्तपत्त रथबाट ओर्ली रथको पांग्रा लिएर हात्तीलाई मार्न सिंह दगुरे जस्तै गरी मतिर यस्तो वेगले धावा गर्नुभएको थियो कि पृथ्वीसमेत थर् थर् काम्न लागेथ्यो र उहाँको काँधको पच्छ्यौरा-समेत खसेथ्यो, यस्ता मुकुन्द भगवान् मेरो आधार होइबक्सियोस् ।।३७।। म आततायीका तीखा तीखा बाणको प्रहारले जसको कवच छिया छिया भईकन सारा शरीर रगतले मुछिन गएथ्यो औ मलाई मार्नाको निम्ति अर्जुनले रोक्तारोक्तै पनि जो बलजफ्तीसंग मतिर दगुर्दै आउनुभएथ्यो, उनै भक्तवत्सल मुकुन्द भगवान् मेरो आधार होइबक्सियोस् ।।३८।। एउटा हातमा चाबुक र अर्कोमा घोडाको रास लिनुभएको उहाँको यो सारथि-रूप बडो शोभायमान थियो, जुन रूपको दर्शन पाउनाले युद्धमा प्राणत्याग गर्ने वीरहरूले सारूप्यमोक्ष पाएथे, उनै अर्जुनको रथको रक्षा गर्ने श्रीकृष्ण भगवान्‌मा प्राण त्याग गर्न लागेको मेरो प्रीति होओस् ।।३९।। भगवान्‌को सुन्दर चाल, रासादि लीलाहरूमाको विलास, मनोहर हास्य औ स्नेहपूर्वकको कृपाकटाक्षद्वारा अत्यन्त सम्मानित भएका गोपिनीहरू उहाँ अन्तर्धान भएपछि प्रेमोन्मादले मतवाली भएर उहाँका गोवर्धनपर्वत धारण इत्यादि लीला-हरूको एकाग्रचित्तले अनुकरण गर्दै तन्मय भएथे अर्थात् भगवान्‌को स्वरूप प्राप्त गरेथे, यस्ता भगवान्‌मा मेरो प्रीति होओस् ।।४०।। राजा युधिष्ठिरको राजसूय-यज्ञमा मुनिगण तथा ठूला ठूला राजाहरूले भरिएको सभामा जसको रूप तथा महिमाको सबै प्रशंसा गर्दथे औ जसको त्यस सभामा सबभन्दा पहिले पूजा भएथ्यो उनै सम्पूर्ण जगत्‌का आत्मा मेरो नजरको अगाडि प्रत्यक्ष विराजमान हुनुभएको छ, यो ता मेरो अहोभाग्य हो ।।४१।। जस्तै सूर्य एउटै भए तापनि भिन्न भिन्न दृष्टिले हेर्दा बेग्लाबेग्लै जस्तो देखिन्छन्, त्यसै गरी अजन्मा प्रभु पनि आफैंले रचेका अनेक शरीरधारीहरूको हृदयमा बेग्ला-बेग्लै रूप भए जस्तो देखिनुहुन्छ, वास्तवमा उहाँ ता एउटै औ सबैको हृदयमा विराजमान हुनुहुन्छ। उनै श्रीकृष्ण भगवान्‌मा म भेद-भ्रमले रहित भईकन लीन हुन्छु।।४२।।

सूतजीले भने—

यसप्रकारसंग भीष्मपितामहले मन, वाणी, औ नेत्रादि इन्द्रियहरूको वृत्तिद्वारा आत्मस्वरूप श्रीकृष्ण भगवान्‌मा आफूलाई लीन गरिदिए। प्राणवायुलाई आफूभित्रै विलीन गराएर उनी शान्त भए ।।४३।। भीष्मपितामहलाई अनन्त ब्रह्ममा लीन भएको बुझेर, सायङ्कालमा चरा-चुरुङ्गी शान्त भए झैं त्यहाँ भएका सबै जना चुप-चाप लागे ।।४४।। त्यस वेला आकाश औ पृथ्वीमा देवता औ मानिसहरूले बजाएको नगराको आवाज सुनिन लाग्यो । साधुस्वभावका राजाहरूले उनको प्रशंसा गर्न लागे र आकाशबाट फूलको वर्षा हुन थाल्यो ।।४५।। हे भृगुवंशीय शौनकजी ! उनको मृतशरीरको अन्त्येष्टिक्रिया गराएर राजा युधिष्ठिर केही बेरसम्म शोकग्रस्त भए ।।४६।। त्यस वेला मुनिहरूले बडो आनन्दसंग कृष्ण

भगवान्‌का रहस्यमय नाम लिंदै उहाँको स्तुति गरे र त्यसपछि कृष्ण भगवान्‌लाई हृदयमा धारण गरी आफ्नो आफ्नो आश्रमतिर लागे ।।४७।। अनि श्रीकृष्णको साथमा महाराज युधिष्ठिर हस्तिनापुर फर्केर आए र त्यहाँ काका धृतराष्ट्र तथा तपस्विनी गान्धारीलाई मीठा मीठा कुरा गरेर मनमा सान्त्वना दिए ।।४८।। यसपछि काका धृतराष्ट्रको आज्ञाले औ श्रीकृष्णको अनुमतिले राज्यको शासन गर्नामा समर्थ भएका राजा युधिष्ठिर धर्मपूर्वक आफ्नो पैतृक राज्यको शासन गर्न लागे ।।४९।।

अध्याय – १०

श्रीकृष्णजीको द्वारकामा आगमन

शौनकजीले सोधे—

धर्मात्माहरू मध्येका शिरोमणि महाराज युधिष्ठिर आफ्नो पैतृक सम्पत्ति हडप गर्ने इच्छा गर्ने आततायी दुष्ट दुर्योधनादिको संहार गरेर भोगहरूमा आफ्नो प्रवृत्ति नभए तापनि भाइहरूको साथमा कसरी राज्य-शासनमा प्रवृत्त भए औ शासन गर्न लागेपछि उनले के के काम गरे ।।१।।

सूतजीले भने—

जसरी बाँसको आपसको रगडले उत्पन्न भएको आगोले तिनलाई डढाएर भस्म पारिदिन्छ त्यसै गरी कौरवहरूको गृहकलहले झण्डै उनीहरूको वंश नष्ट भइसकेको थियो तर सारा सृष्टिको रचना गर्ने भगवान्‌ले उत्तराको गर्भको रक्षा गरेर त्यसलाई बचाउनुभयो र राजा युधिष्ठिरलाई आफ्नो राजगद्दीमा बसाल्नुभयो। यसप्रकारसंग अधर्मको उच्छेद औ धर्मराज्यको स्थापना तथा पृथ्वीको भार हलुका गराएर भगवान् बहुतै प्रसन्न हुनुभयो ।।२।। भीष्मपितामह औ श्रीकृष्णको उपदेश सुन्दा जुन ज्ञान उत्पन्न भएथ्यो त्यस ज्ञानद्वारा महाराज युधिष्ठिरको भ्रान्ति मेटिन गयो र भगवान्‌को आश्रयमा रहेर उनी समुद्रपर्यन्त सम्पूर्ण पृथ्वीको इन्द्रले झैं शासन गर्न लागे । भीमसेन आदि भाइहरू पूर्णरूपले उनको आज्ञा पालन गर्दथे ।।३।। महाराज युधिष्ठिरको राज्यसमयमा आवश्यकताअनुसार मेघहरूले यथेष्ट वर्षा गर्दथे, पृथ्वीमा सम्पूण इच्छित वस्तु उत्पन्न गर्ने पूर्ण शक्ति थियो र बडे बडे थुन भएका गाईहरू प्रसन्न भएर दूधले व्रज अर्थात् गोठलाई भिजाइदिन्थे ।।४।। नदी, समुद्र, वनस्पति औ लतासहितका पर्वत तथा औषधिहरू प्रत्येक ऋतुमा आफ्नो आफ्नो वस्तु प्रजालाई यथेष्टरूपले दिन्थे ।।५।। अजातशत्रु महाराज युधिष्ठिरको राज्यमा कुनै प्राणीलाई कहिले पनि आधिदैविक, आधिभौतिक, आध्यात्मिक यी तीनै प्रकारका क्लेश तथा आधिव्याधि केही पनि हुँदैनथ्यो ।।६।।

आफ्ना मित्रहरूको शोक शान्त गर्नाको निम्ति तथा बहिनी सुभद्राको प्रसन्नताका लागि कृष्ण भगवान् केही महीनासम्म हस्तिनापुरमा बस्नुभयो ।।७।। केही दिनपछि द्वारका जाने अनुमति माग्दा युधिष्ठिरले उहाँलाई अंगालो हालेर आफ्नो स्वीकृति दिए । युधिष्ठिरलाई प्रणाम गरेर भगवान् रथमा सवारी हुनुभयो। आफूसमानको उमेर भएकाले उहाँलाई

आलिङ्गन गरे औ कम उमेरवालाले प्रणाम गरे ॥८॥ त्यस वेला सुभद्रा, द्रौपदी, कुन्ती, विराट्को छोरी उत्तरा, गान्धारी, धृतराष्ट्र, युयुत्सु, कृपाचार्य, नकुल, सहदेव, भीमसेन, धौम्य, व्यासजीकी आमा सत्यवती आदि आइमाई यी सबै कृष्ण भगवान्को वियोग सहन नसकेर मोहित भए ॥९-१०॥ सत्पुरुषहरूको संगतले जसको पुत्रादिहरूमाथिको आसक्ति छुटेर गएको छ, त्यस्ता विचारशील पुरुष, जुन भगवान्को मन-लाई आर्कषित गर्ने सुयशलाई एकचोटि सुनेपछि त्यसलाई त्याग गर्ने कल्पनासम्म पनि गन सक्तैनन् , उनै ईश्वररूप कृष्णमा आफ्नो सम्पूर्ण हृदयलाई समर्पण गरेका पाण्डवहरूले कसरी उहाँसितको वियोग खप्न सक्तथे । यिनीहरू सधैं कृष्ण भगवान्को दर्शन, स्पर्श गर्दथे औ एकै ठाउँमा बसेर कुराकानी गर्ने, सुत्ने, बस्ने, खाने पिउने गर्दथे ॥११-१२॥ अतः उहींमा दत्तचित्त भएका यिनीहरू स्नेह-बन्धनले बाँधिएर एकटक-संग उहाँलाई हेर्दै यात्राको तयारीमा यताउति गर्न लागेका थिए ॥१३॥ देवकीनन्दन कृष्ण भगवान्को यात्राको समयमा बन्धुबान्धवका स्त्रीहरूको आँखा, अफसोसले गर्दा निस्केको आँसुले टम्म भरिएको थियो तर मङ्गलको समयमा अपशकुन होला भन्ने डरले उनीहरूले बडो मुश्किलसँग आँसुलाई आँखाबाहिर आउन दिएनन् ॥१४॥

भगवान्को प्रस्थानको समयमा मृदङ्ग, शङ्ख, भेरी, वीणा,पणव, गोमुख, धुन्धुरी, आनक, घण्टा औ दुन्दुभि आदि गरिएका बाजा बज्न लागे ॥१५॥ भगवान्लाई हेर्ने इच्छाले कुरुवंशका आइमाईहरू आफ्ना आफ्ना महलको अटालीमा चढेर प्रेम औ लज्जासहित मुसुक्क हाँसेर भगवान्-तिर हेर्दै उहाँमाथि फूलको वर्षा गर्न लागे ॥१६॥ त्यस वेला भगवान्का प्यारा सखा अर्जुनले आफ्ना प्रियतम श्रीकृष्णको मोतीको झलर लर्काराखेका रत्नै रत्न जडिएको डाँठ भएको सेतो छाता आफ्नो हातले समातेका थिए ॥१७॥ उद्धव औ सात्यकि बडो विचित्र चँवर हम्कन लागे । यसप्रकारसंग बाटोमा आफूमाथि फूलको वर्षा हुन लागेकोले श्रीकृष्ण भगवान्को अपूर्व शोभा देखियो ॥१८॥ बाटोमा जताततै ब्राह्मणहरूले उच्च स्वरले दिएको सत्य आशीर्वाद सुनिन लाग्यो । निगुर्ण ब्रह्मको रूपमा यी आशीर्वाद अयोग्य भए तापनि मनुष्यको जस्तो लीला गर्ने सगुणरूपको निम्ति ता योग्यै थिए ॥१९॥ त्यस वेला पुण्य-कीर्ति श्रीकृष्ण भगवान्मा जसको चित्त रमाइ-राखेको थियो त्यस्ता हस्तिनापुरका स्त्रीहरूमा परस्पर सुन्दैमा सुन्नेको मनलाई आर्कषित गर्ने यस्ता कुरा हुन लागे ॥२०॥

स्त्रीहरूले भने—

यी कृष्ण भगवान् उनै सनातन परम पुरुष हुन् जो कि प्रलयको समयमा आफ्नो निर्विशेष ब्रह्मरूपमा रहेका थिए , त्यस समयमा सृष्टिका मूल सत्वादि तीन गुण पनि थिएनन् । यस-प्रकारसंग प्रलयकालको समयमा सत्वादि शक्ति-हरू सुतेको हुनाले जीव पनि जगदात्मा ईश्वरमा लीन भइराखेको थियो ॥२१॥ यसपछि जब उहांले आफ्नो नाम-रूपरहितको स्वरूपमा नाम-रूपको निर्माण गर्ने इच्छा गर्नुभयो, तब ता-सृष्टि-रचनाकोनिम्ति प्रवृत्त भएकी, आफ्ना अंश-

भूत जीवहरूलाई मोहित गर्ने, आफ्नो कालरूप शक्तिले प्रेरित भएकी प्रकृतिको अनुसरण गर्नुभयो औ उहाँले नै व्यवहारको निम्ति वेदादि शास्त्रहरूको रचना गर्नुभयो ॥२२॥ यी श्रीकृष्ण उनै साक्षात् परब्रह्म हुन् जसको चरणको, प्राणलाई आफ्नो वशमा राख्न सक्ने, जितेन्द्रिय योगीहरू भक्तिले प्रफुल्लित भएको तथा निर्मल हृदयले दर्शन गर्न पाउँछन्। वास्तवमा उहांके भक्तिले अन्तःकरण पूर्णतया शुद्ध हुन सक्तछ—योगादिद्वारा ता हुन सक्तैन ॥२३॥ हे सखिहो ! व्यासादि रहस्यवादीहरूले वेद तथा गुह्य शास्त्रहरूमा उहाँका लीलाहरूको वर्णन गरेका छन्। उहाँ नै एक मात्र ईश्वर हुनुहुन्छ औ आफ्नो लीलाले यस जगत्को सृष्टि, स्थिति तथा संहार गर्नुहुन्छ तर आफू ता त्यसमा आसक्त हुनुहुन्न ॥२४॥ जब तामसी प्रकृतिका राजाहरू अधर्मले आफ्नो पेट पाल्न थाल्दछन्। त्यस बखतमा यी श्रीकृष्ण भगवान् संसारको कल्याणका निमित्त सत्त्वगुणलाई स्वीकार गरी प्रत्येक युगमा अनेक अवतार ग्रहण गर्नुहुन्छ र आफ्नो ऐश्वर्य, सत्य, ऋत (यथार्थ उपदेश), दया औ यशलाई प्रकट गर्नुहुन्छ ॥२५॥ अहो ! यो यदुवंश बडो प्रशंसनीय छ किनकि यसलाई पुरुषोत्तम, लक्ष्मीपतिले आफ्नो जन्मले सम्मानित गर्नुभएको छ। यो मधुवन (मथुरा) पनि अत्यन्त प्रशंसनीय छ, कारण उहाँले आफ्नो बालक्रीडाद्वारा यसलाई सुशोभित गराउनुभएको थियो ॥२६॥ अहो ! पृथ्वीको पवित्र यशलाई बढाउने, स्वर्गको यशलाई तिरस्कार गर्ने यो कुशस्थली (द्वारका) धन्य छ किनकि यसका प्रजाहरू आफ्ना भक्तहरूका उपर अनुग्रह गर्नाका लागि मन्द मन्द मुस्कानले युक्त भएको कृपादृष्टिले हेर्ने आफ्ना प्रभु श्रीकृष्णको रोज रोज दर्शन गर्न पाउछन् ॥२७॥ हे सखिहो ! यहाँसित पाणिग्रहण (बिहे) गर्ने आइमाईहरूले अवश्य पूर्वजन्ममा व्रत, स्नान, हवन आदिले यी परमात्माको आराधना गरेका होलान् कारण यिनीहरू भगवान्को अधरामृतको वारंवार पान गर्न पाउँछन्, जुन अधरामृतको निम्तिमा मन लगाएर व्रजबालाहरू वारंवार मोहित हुन्थे ॥२८॥ श्रीकृष्णले आफ्नो बाहुबलको प्रभावले शिशुपाल आदि गरिएका महाबली राजाहरूको मान भङ्ग गरी, स्वयंवरबाट हरण गरेर ल्याइएका औ प्रद्युम्न साम्ब, अम्ब आदि छोरा भएका (रुक्मिणी, जाम्बवती, सत्यभामा आदि) पटरानीहरू तथा भौमासुरलाई मारेर ल्याइएका हजारौं स्त्रीहरू धन्य छन् ॥२९॥ यी सबैले स्वतन्त्रता तथा पवित्रताले रहित भएको स्त्री-जीवनलाई बडो पवित्र औ उज्ज्वल बनाइदिएका छन् किनकि कमलनयन श्रीकृष्ण यिनीहरूको महलबाट कहिले पनि बाहिर जानुहुन्न औ पारिजात आदि गरिएका मनपर्ने वस्तु ल्याएर यिनको हृदयलाई आनन्दित गराइदिनुहुन्छ ॥३०॥

यसप्रकारसंग कुरा गरिरहेका हस्तिनापुरका आइमाईहरूतिर कृपादृष्टिले हेरेर उनलाई दङ्ग पार्दै औ मुसुक्क हाँस्तै हाँस्तै श्रीकृष्ण द्वारकातिर लाग्नुभयो ॥३१॥ अजातशत्रु महाराज युधिष्ठिरले बाटोमा शत्रुहरूले आक्रमण गर्लान् भन्ने शङ्काले प्रेमले गर्दा मधुसूदन भगवान्को

रक्षाको निम्ति हात्ती-घोडा-रथ-पैदल यी चार प्रकारका सेनाले युक्त भएको आफ्नो चतुरङ्गिणी सेना संगसंगै पठाइदिए ॥३२॥ यसपछि सुदृढ प्रेमले गर्दा आफूलाई पुर्‍याउन भनी टाढासम्म आएका, आफ्नो विरहले व्याकुल परेका कुरुवंशी पाण्डवहरूलाई बडो आग्रहसंग बिदा गरी भगवान् उद्धवादि प्रेमी मित्रहरूको साथमा आफ्नो द्वारका नगरीतिर लाग्नुभयो ॥३३॥ हे शौनकजी ! कुरु, जाङ्गल, पाञ्चाल, शूरसेन, यमुनाका तटवर्त्ती प्रदेश, ब्रह्मावर्त, कुरुक्षेत्र, मत्स्य, सारस्वत, औ मरुधन्व देशलाई पार गरी भगवान् सौवीर औ आभीर देशको पश्चिमपट्टिको आनर्तदेशमा द्वारकानिर पुग्नुभयो । यसवेला भगवान्को रथमा जोतिएका घोडाहरू अलि थाकेका जस्ता भएका थिए ॥३४-३५॥ बाटोमा माथि कहिएका देशका राजाहरू उपहारादिद्वारा भगवान्को सम्मान गर्दथे औ सायङ्कालको समयमा सूर्यास्त भएपछि रथबाट भूईंमा ओर्ल्ही उहाँ जलाशयको नजीक गएर सन्ध्यावन्दन गर्नुहुन्थ्यो ॥३६॥

अध्याय-११

द्वारकामा भगवानको धूमधामको. स्वागत ।

सूतजीले भने—

कृष्णभगवान्ले आफ्नो सर्वसम्पन्न आनर्त-देशमा पुगेपछि त्यहाँका वासिन्दाहरूको विरह-व्यथा शान्त गर्न खोजेको झैं गरी आफ्नो पाञ्चजन्य नामक श्रेष्ठ शङ्ख बजाउनुभयो ॥१॥ भगवान्का राता राता ओठको लालिमाले गर्दा केही रातो वर्ण लिएको त्यो सेतो रंगको शङ्ख उहाँको करकमलको बीचमा अडिएर बज्दाखेरि अरुण वर्णको कमलमाथि बसेर कलनाद गर्न लागेको राजहंसको जस्तो शोभा हुन्छ त्यस्तै शोभा यस शङ्खको पनि हुन गयो॥२॥ संसारको भयलाई भयभीत गराउने त्यस शङ्खको आवाज सुन्दा आफ्नो मालिकको दर्शन गर्न उत्कण्ठित भइराखेका समस्त प्रजाहरू शहरबाहिर निस्केर आए ॥३॥ जसरी मानिसहरू सूर्यनारायणलाई दीप-दान गर्दछन्, त्यसैगरी दुनियाँहरूले पनि आत्मामा रमण गर्ने, आत्मलाभले सदासर्वदा सन्तुष्ट रहने अर्थात् कुनै प्रकारको कामना नभएका श्रीकृष्ण भगवान्लाई अनेक उपहार चढाएर स्वागत गरे ॥४॥ प्रेमले हंसिलो मुख लगाएका तिनीहरू हर्षले गद्गद भएको वाणीले जसरी बालक आफ्नो बाबुसित बोल्दछ त्यसैगरी सबैका सुहृद तथा रक्षक भगवान्लाई भन्न लागे ॥५॥

"हे प्रभो ! हामी सदासर्वदा तपाईंको चरण-कमललाई प्रणाम गर्दछौं, यस चरणकमलको ब्रह्मा, सनकादिहरू तथा इन्द्रले समेत बन्दना गर्दछन्, यस संसारमा कल्याण चाहनेहरूका लागि यो परम आश्रय छ औ यसको शरण लिएपछि परम समर्थ कालको समेत केही चल्दैन ॥६॥ जगत्को पालना गर्ने हे प्रभो ! तपाईंले नै हाम्रो कल्याण गर्नोस् । हाम्रो माता, सुहृद, स्वामी, बाबु, सद्गुरु औ परम आराध्यदेव एक मात्र तपाईं नै हुनुहुन्छ । तपाईंको अनुयायी हुनाले नै हामी कृतार्थ भइराखेका छौं ॥७॥ तपाईंको

आश्रय लिएकोले नै हामी सनाथ भइराखेका छौं, तपाईंको दर्शन देवताहरूलाई समेत दुर्लभ छ। हामी ता प्रेमपूर्ण मुस्कुराहट तथा स्नेहको कृपा-कटाक्षले गर्दा मनोहर देखिने मुखारविन्द भएको तपाईंको सर्वाङ्गसुन्दर स्वरूपको सदासर्वदा दर्शन पाइराखेका छौं ।।८।। हे कमलनयन ! जब तपाईं आफ्ना बन्धुवर्गलाई भेट्न भनी हस्तिनापुर अथवा मथुरा जानुभयो, त्यस बखतमा हामीलाई एक एक क्षण करोडौं वर्ष जस्तै लाग्दथ्यो । जसरी सूर्य विना आँखा व्यर्थ हुन्छ त्यसैगरी हे अच्युत ! हामी पनि तपाईं विना केही गर्न सक्तैनथ्यौं"।।९।।

भक्तवत्सल कृष्ण भगवान् आफ्ना प्रजाहरूले भनेको यस किसिमको वचन सुन्दै औ आफ्नो कृपा दृष्टिले उनीहरूमाथि अनुग्रहको वृष्टि गर्दै द्वारका शहरभित्र पस्नुभयो ।।१०।। जसरी नागहरू आफ्नो भोगवती पातालपुरी) नगरीको रक्षा गर्दछन् त्यसैगरी आफूसमानको पराक्रम भएका मधु, भोज, दशार्ह, अर्ह, कुकुर, अन्धक र वृष्णि-वंशका यादवहरूद्वारा त्यस द्वारका नगरीका रक्षा भइराखेको थियो ।।११।। त्यो नगरी समग्र ऋतु-हरूको फल–पुष्पादि समस्त सम्पत्तिले सुसम्पन्न भइराखेका पवित्र वृक्ष, लता–कुञ्ज, उद्यान (फल प्रधान बगैंचा), उपवन (पुष्पवाटिका) तथा आराम (हावा खानाको निम्ति बनेका क्रीडावन) ले बेह्रिएका, कमल फुल्नाले राम्रो देखिएका सरोवरले सुशोभित थियो ।।१२।। शहरको फाटक, घर घरको ढोका तथा सडकमा भगवान्‌को स्वागतको उत्सवका लागि तोरण र चित्र विचित्रका ध्वजा–पताका फर्फराइराखेका थिए, जसले गर्दा त्यहाँ घामको प्रवेश हुन सक्तै-नथ्यो ।।१३।। यसको मूलसडक, गल्ली, बजार, औ चार दोबाटोमा झाडुबढारु गरीकन सुगन्धित जल छर्किएको थियो औ त्यहाँ जताततै भगवान्‌को स्वागतको निम्ति बर्साइएका फल, फूल, अक्षता, अङ्कुरादि छरिएका थिए ।।१४।। र घर घरका ढोका दही, अक्षता, फल, ऊखु, जलले भरिएका कलश, उपहारका सामग्री तथा धूप–दीपले सिंगारिएका थिए ।।१५।। आफ्ना प्रियतम कृष्ण-भगवान् आएको सुन्दा उदारशिरोमणि वसुदेव, अक्रूर, उग्रसेन, आश्चर्यलाग्दो कामगर्ने बलराम, प्रद्युम्न, चारुदेष्ण, औ जाम्बवतीका छोरा शाम्ब यी सबैले हर्षको उद्वेगले गर्दा सुत्ने, बस्ने, खाने इत्यादि आवश्यक काम छाडिदिए ।।१६-१७।।

यिनीहरू सबै प्रेमले गर्दा अलि उत्ताउलो जस्तो भएर मङ्गल शकुनको निम्ति एउटा गजराजलाई अघि लाएर, माङ्गलिक सामग्रीले सुसज्जित भएका ब्राह्मणहरूलाई साथमा ली, बडो हर्षसंग रथमा सवार भएर श्रीकृष्णलाई आदरपूर्वक भेट्न भनी हिंडे । शङ्ख, तूर्य आदि बाजा बज्न लागेका थिए औ वेदध्वनि हुन लागेको थियो ।।१८।। यिनीहरूको साथमा कृष्ण भगवान्‌को दर्शनको निम्ति उत्सुक भएका सैकडौं वाराङ्गना-हरू पाल्कीमा चढेर उहाँको स्वागत गर्न भनी हिंडे । यी वाराङ्गनाहरूका मनोहर मुखारबिन्द, हल्लिराखेका कुण्डलको कान्ति गालामा पर्नाले बडो राम्रो देखिएका थिए ।।१९।। अनेक नट, नाच्नेहरू, गवैया, सूत, मागध औ बन्दीजन उत्तमश्लोक कृष्ण भगवान्‌का अद्भुत चरित्रको गान गर्दै हिंड्न लागेका थिए ।।२०।।

श्रीकृष्ण भगवान्‌ले पनि आफ्ना बन्धु-

बान्धव, नागरिक औ सेवकहरूसंग भेट गरेर सबैको योग्यतानुसार सम्मान गर्नुभयो ॥२१॥ कसैलाई मस्तक निहुराएर प्रणाम गर्नुभयो, कसैको, मुखले बोलेर अभिवादन गर्नुभयो, कसैलाई अंगालो हाल्नुभयो, कसैसित हात मिलाउनुभयो, कसैतिर मुसुक्क हाँसेर हेर्नुभयो तथा कसैलाई उसले इच्छा गरेको वर दिएर सन्तुष्ट गर्नुभयो। यसप्रकारसंग भगवान्ले चाण्डालसम्म सबैको यथायोग्य सत्कार गर्नुभयो ॥२२॥ स्त्रीसहितका वृद्ध ब्राह्मणहरूले दिएको आशीर्वाद ग्रहण गर्दै एवं वन्दीजनले गरेको जयजयकार सुन्दै श्रीकृष्णले शहरमा प्रवेश गर्नुभयो ॥२३॥

हेशौनकजी ! श्रीकृष्ण राजमार्गमा पुग्दाखेरि द्वारकापुरीका कुलीन स्त्रीहरू उहाँको दर्शनको उत्सव मनाउन भनी आफ्ना आफ्ना घरको अटालीमा चढे ॥२४॥ भगवान्को वक्षःस्थल लक्ष्मीको निवास-स्थान हो, उहाँको मुखारविन्द प्राणीहरूको नेत्रद्वारा पानगर्नाको निम्ति सौन्दर्य्य-रूप अमृतले भरिएको पात्र हो, उहाँको बाहुली लोकपालहरूलाई समेत शक्ति दिने हो तथा उहाँका चरणकमल सारङ्ग अर्थात् सार वस्तुको गान गर्ने भक्तहरूको (परमहंसहरूको) आश्रम हुन्, यद्यपि द्वारकावासीहरू यस्ता शोभासागर अच्युत भगवान्को अङ्गलाई रोजरोज हेर्दथे तापनि उहाँको दर्शनले उनीहरूको आँखा एक छिनको निम्ति पनि तृप्त हुँदैनथ्यो ॥२५-२६॥ द्वारकाको सडकमा भगवान्को अपूर्व शोभा देखिएको थियो, मस्तकमाथि सेतो छाता ओढाएको थियो, अगलबगलमा चमर हम्किन लागिएका थिए, चारैतिरबाट फूलको वर्षा भइराखेको थियो, शरीरमा पीताम्बर औ घाँटीमा वनमाला धारण गर्नुभएको थियो। यी सब वस्तुले गर्दा घनश्याम श्रीकृष्ण सूर्यचन्द्र , इन्द्रधनुष औ बिजुलीले शोभायमान भएको श्याम मेघ जस्तो देखिनुभएको थियो ॥२७॥

माता-पिताको घरमा प्रवेश गरेपछि उहाँले बडो आनन्दसंग देवकी आदि सातैओटी आमाहरूको चरणमा टाउको राखेर ढोगिदिनुभयो। आमाहरूले पनि उहाँलाई अंगालो हालेर काखमा बसाले, यसवेला स्नेहले गर्दा उनीहरूको स्तनबाट दूधको धारा बग्न लाग्यो; हर्षले विह्वल भई उनीहरू आनन्दको आँसुले उहाँको अभिषेक गर्न लागे ॥२८-२९॥

यसपछि कृष्ण भगवान् भोगका सब प्रकारका सामग्रीले युक्त भएको, अत्यन्त सुन्दर आफ्नो भवनमा जानुभयो, जाहाँ कि उहाँका सोह्र हजार एक सय साठी रानीहरूका बेग्ला बेग्ले महल थिए ॥३०॥ आफ्ना प्राणनाथ श्रीकृष्णलाई धेरै दिनपछि घर आएको देख्ता रानीहरूको मनमा हुनासम्मको आनन्द भयो। उहाँलाई आफ्नो नजीक देख्ता आसनलाई मात्र होइन कि भगवान् प्रवासी हुँदाखेरि ग्रहण गरेको व्रतलाई समेत त्यागेर झट्टै उठिहाले । भगवान्तिर हेर्दा उनीहरूको मुख औ आँखामा अलिकता लाजको चिह्न देखिएको थियो ॥३१॥ भगवान्प्रति बडो गम्भीर भाव भएका यी रानीहरूले पहिले मनै मनले, फेरि नेत्रद्वारा र अनि पछि आफ्ना छोराहरूको बहानाले उहाँको आलिङ्गन गरे। हे शौनकजी ! यस वेला प्रेमले गर्दा आँखामा आएको आँसुलाई सङ्कोचले यिनीहरूले रोक्न ता

खोजेका हुन् तर केही नलाग्दा आँसु बाहिर चुहिइहाल्यो ॥३२॥ श्रीकृष्ण भगवान् यद्यपि एकान्तमा सदासर्वदा यिनीहरूकै नजीक रहनुहुन्थ्यो तापनि उहाँको चरणकमल यिनीहरूलाई सधैं नयाँ जस्तो लाग्दथ्यो, स्वभावैले चञ्चल भएकी लक्ष्मीले समेत जुन चरणकमललाई कहिले पनि छाड्दिनन् त्यसबाट कुनै स्त्रीलाई कहिले तृप्ति हुन सक्ला त ? ॥३३॥

जसरी वायु, बाँसको परस्परको रगडले दावानल उत्पन्न गरेर तिनलाई भस्म पारीकन शान्त हुन्छ त्यसै गरी पृथ्वीको भार हुनलाई जन्मेका औ आफ्नो प्रभाव सबैतिर फिजाइसकेका राजाहरूमा परस्परको वैर उत्पन्न गरी, आफूले अस्त्र-ग्रहण नगरीकन नै अनेक अक्षौहिणी सेनाको साथसाथै एउटाबाट अर्कोलाई मराएर भगवान् निवृत्त (शान्त) हुनुभयो ॥३४॥ साक्षात् परब्रह्म परमेश्वरले नै मायाले यस मर्त्यलोकमा अवतार लिएर हजारौं स्त्रीरत्नहरूको बीचमा रही साधारण मानिसको जस्तो क्रीडा गर्नुभएको हो ॥३५॥ जसको निर्मल औ मधुरो हँसाइले हृदयको गूढ अभिप्रायलाई प्रकट गर्दथे औ जसको लज्जायुक्त निरीक्षणको चोट पर्नाले मूर्च्छित भएर विश्वविजयी कामदेवले समेत आफ्नो धनुषको परित्याग गर्नुपरेको थियो त्यस्ता रमणी-रत्न रानीहरूले समेत आफ्ना कपटविलासले उहाँका इन्द्रियहरूलाई अलिकता पनि विचलित गर्न सकेनन् ॥६६॥ यस्ता असंग कृष्ण भगवान्लाई संसारका मानिसहरू आफूले जस्तै कर्म गरेको देखेर संसारमा आसक्त भएको विषयी सम्झन्छन्—यस्तो समझ लिनु ता उनीहरूको मूर्खता हो। उनाहरूले ता उहाँको वास्तविक स्वरूपलाई बुझ्कै छैनन् ॥३७॥ मायामा रहेर पनि मायाका गुणमा लिप्त नहुनु नै भगवान्को भगवत्ता हो, यै किसिमसँग भगवान्को आश्रयमा रहेको बुद्धि आफ्नो शरीरमा हुने आनन्दादि गरिएका प्राकृत गुणमा लिप्त हुँदैन ॥३८॥ भगवान्को योगमायाले मोहित भएका ती अल्पमति रानीहरूले पनि आफ्नो पतिको प्रभाव नजानेको हुनाले उहाँको व्यवहारले मुग्ध भएर उहाँलाई जसरी अहंकारका वृत्तिहरू अन्तर्यामी ईश्वरलाई आफ्नो धर्मले युक्त भएको संझन्छन्, त्यसै गरी यी ता हाम्रो वशमा छन् औ हाम्रा एकान्तसेवी हुन् भन्ने संझे। रानीहरूले झैं मतमतान्तरले पनि भगवान्को तत्व बुझेका हुन्नन् ॥३९॥

अध्याय-१२

परीक्षितको जन्म।

शौनकजीले भने –

अश्वत्थामाले चलाएको अत्यन्त तेजस्वी ब्रह्मास्त्रले उत्तराको गर्भ झण्डै नष्ट हुने आँटेको थियो तर भगवान्ले फेरि त्यसलाई जीवित गराइदिनुभयो ॥१॥ त्यस गर्भबाट उत्पन्न भएका महाबुद्धिमान् महात्मा परीक्षितको, जसलाई शुकदेवले ज्ञानको उपदेश गरेका थिए, जन्म, कर्म, एवं मरण जुन किसिमले भएथ्यो औ मरेपछि उनले जुन गति प्राप्त गरे इत्यादि उनको सबै चरित्र, यदि तपाईं भन्न ठीक संझनुहुन्छ

भने सुनाउनुहोस्, हामीलाई सुन्ने बडो श्रद्धा भएको छ ॥२–३॥

सूतजीले भने—

श्रीकृष्ण भगवान्को चरणकमलको सेवाले गर्दा समस्त भोगदेखि निःस्पृह भएका धर्मराज युधिष्ठिर आफ्ना प्रजालाई प्रसन्न राखेर पिताले झैं उनको पालन गर्न लागे ॥४॥ हे शौनकादि ऋषिहो ! राजा युधिष्ठिरसंग अतुल सम्पत्ति थियो, उनले ठूला ठूला यज्ञ गरेका थिए, रानी तथा भाइहरू आफ्नो अनुकूल थिए, सारा पृथ्वी उनको अधीनमा थियो । सम्पूर्ण जम्बूद्वीपको राज्य औ स्वर्गसम्म फैलिएको यश यी सबै भोगका सामग्रीको निम्ति देवताहरूसमेत इच्छा गर्दछन्, तर भगवान्मा मन लगाएका राजालाई के यी सबै भोगले आनन्द दिन सकेका थिए त ? भोको मानिसलाई अन्न-सिवाय सुगन्ध वस्त्र, आभूषण इत्यादि भोगका सामग्रीले के प्रसन्न गराउन सक्लान् ? कदापि गराउन्नन् ॥५–६॥

हे शौनकजी ! माताको (उत्तराको) गर्भमा रहेको, अश्वत्थामाको ब्रह्मास्त्रको तेजले डढ्न लागेको त्यस वीर बालक (परीक्षित) ले आफ्नो आँखाको अगिल्तिर एउटा ज्योतिर्मय पुरुष देख्यो त्यस पुरुषको शरीर हेर्दा बूढीऔंला जत्रो भए तापनि स्वरूप ता बडो निर्मल थियो, शिरमा झलझल परेको सुनको मुकुट थियो, अति सुन्दर श्याम वर्णको शरीरमा बिजुलीसमानको चहकिलो पीताम्बर धारण गरेको थियो, ती निर्विकार पुरुषका अति राम्रा चार लामा लामा बाहुली थिए, कानमा खारिएको सुनको कुण्डल थियो, भक्तलाई कष्ट भएकोमा झोक्किएकोले आँखामा अलि रातोपना देखिएको थियो, हातमा गदा लिएर बालकको चारैतिर घुमिराखेका थिए, उल्कासमानको प्रज्वलित त्यस गदालाई चारैतिर घुमाइराखेका थिए । जसरी सूर्य आफ्नो किरणले कुहिरोलाई फटाइदिन्छन् त्यसैगरी त्यस गदाले ब्रह्मास्त्रको तेजलाई शान्त गर्न लागेको थियो । यस्ता पुरुषलाई आफ्नो नजीक देख्ता गर्भभित्र रहेको त्यस बालकले यी को होलान् भनेर तर्कना गर्न लाग्यो ॥७–१०॥ यसप्रकारसंग दस महीनाको गर्भभित्र रहेको बालकको अगाडि नै सर्वव्यापक, धर्मरक्षक, सर्वशक्तिमान्, कृष्ण भगवान् ब्रह्मास्त्रको तेजलाई शान्त गरी त्यहीं नै अन्तर्धान हुनुभयो ॥११॥

यसपछि अनुकूल ग्रहहरूको उदयले युक्त भएको, समस्त सद्गुणलाई विकास गर्ने शुभ समयमा पाण्डुका वंशधर परीक्षितको जन्म भयो । जन्मदाखेरिको यस बालकको तेज देख्ता स्वयं पाण्डुले नै फेरि जन्म ग्रहण गरेको हो कि भन्ने भान पर्दथ्यो ॥१२॥ बालक जन्मेको सुन्दा मनमा दङ्ग परेका राजा युधिष्ठिरले धौम्य, कृपाचार्य आदि ब्राह्मणहरूद्वारा मंगल पाठ गराएर त्यस बालकको जातकर्मसंस्कार गर्न लगाए ॥१३॥ दान कुन समयमा गर्नुपर्दछ सो कुरा जान्ने महाराज युधिष्ठिरले प्रजातीर्थ नामक समयमा (नाल काट्नुभन्दा अघि सूतक लाग्दैन, यस समयलाई प्रजातीर्थ भन्दछन्) ब्राह्मणहरूलाई सुन, गाई, पृथ्वी, गाऊँ, उत्तम उत्तम जातका हात्ती–घोडा औ असल असल अन्न दान गरेर दिए ॥१४॥ यसपछि ब्राह्मणहरूले सन्तुष्ट भएर अत्यन्त विनयी युधिष्ठिरलाई भने— "हे पुरुश्रेष्ठ !

कालको दुर्निवार गतिले गर्दा यो उज्ज्वल पुरुवंश नाशै हुन आँटेको थियो । तर सर्वशक्तिमान् विष्णु भगवान्ले तपाईंहरूमाथि अनुग्रह गरी यो बालक दिएर यस वंशको रक्षा गर्नुभयो ।। यसै कारणले यस बालकको नाम विष्णुरात होओस् । यो बालक संसारमा बडो यशस्वी, भगवान्को परम भक्त औ महापुरुष हुनेछ, यसमा केही सन्देह छैन" ।।१७।।

युधिष्ठिरले सोधे—

हे महात्माहो ! के यस बालकले आफ्नो उज्वल यशले हाम्रो वंशका पवित्र कीर्ति भएका महात्मा राजर्षिहरूको अनुसरण गर्ला त ? ।।१८।।

ब्राह्मणहरूले भने—

हे पृथा–पुत्र ! यिनले साक्षात् मनुका छोरा इक्ष्वाकुले झैं प्रजाको पालन गर्नेछन्, तथा दशरथका छोरा भगवान् रामचन्द्र झैं ब्राह्मण–भक्त एवं सत्यवादी हुनेछन् ।।१९।। यिनी दान दिनामा औ शरणागतको रक्षा गर्नामा उशीनरका छोरा शिवि जस्ता हुनेछन्, औ यज्ञकर्ताहरूमा दुष्यन्तका छोरा भरतले झैं आफ्नो वंशको यश बढाउनेछन् ।।२०।। धनुर्धारीहरूमा यिनी कार्तवीर्य, सहस्रबाहु, अर्जुन औ आफ्ना बाजे पार्थ जत्तिकै अग्रगण्य हुनेछन् । अग्निसमान दुर्धर्ष, समुद्र-समान दुस्तर, सिंहसमान पराक्रमी, हिमालय झैं सबैलाई आश्रय दिने, पृथ्वी जत्तिकै क्षमाशील औ मातः–पितासमान सहनशील हुनेछन् ।।२१–२२।। यिनमा पितामह ब्रह्माको जस्तो समता रहनेछ, भगवान् शङ्कर जत्तिकै कृपालु हुनेछन् औ सम्पूर्ण प्राणीलाई आश्रय दिनामा लक्ष्मीपति विष्णु भगवान्समान हुनेछन् ।।२३।। सम्पूर्ण सद्गुणको महिमा धारण गर्नामा यिनी श्रीकृष्ण भगवान्का अनुयायी हुनेछन् तथा रन्तिदेवसमान उदार औ ययाति जस्तै धर्मात्मा हुनेछन् ।।२४।। धैर्यमा राजा बलि जस्ता औ कृष्णको अचल भक्तिमा प्रह्लाद तुल्य हुनेछन् । यिनी अनेक अश्वमेध यज्ञका कर्ता तथा वृद्धहरूको सेवकसमेत हुनेछन् ।।२५।। यिनी राजर्षिहरूलाई जन्म दिने, मर्यादा उल्लङ्घन गर्नेहरूलाई दण्ड दिने तथा पृथ्वी औ धर्मको रक्षाको निम्ति कलियुगको समेत दमन गर्ने हुनेछन् ।।२६।। अन्तमा ब्राह्मण–कुमारको शापले तक्षकद्वारा आफ्नो मृत्यु हुने थाहा पाएपछि सबैतिरको आसक्ति छाडेर भगवान्को चरणको शरण लिनेछन् ।।२६।। हे राजन् ! व्यास–पुत्र शुकदेवजीबाट आत्माको यथार्थ स्वरूपको ज्ञान प्राप्त गरी अन्त्यमा गङ्गाको तटमा आफ्नो शरीरलाई त्यागेर यिनले निश्चय अभय–पद (भगवान्को परमधाम–मुक्ति) प्राप्त गर्ने-छन् ।।२८।।

यसप्रकारसंग राजा युधिष्ठिरलाई बालकको भविष्य सुनाएर आफ्नो आफ्नो दक्षिणा लिएर ज्योतिष-शास्त्र जान्ने ब्राह्मणहरू आफ्नो आफ्नो घरतिर लागे ।।२९।। यी बालकले जन्मनासाथ गर्भमा प्रवेश गरेर आफ्नो रक्षा गर्ने जुन पुरुषको दर्शन पाएथे, तिनैलाई सम्झेर यहाँ भएका मानिसमध्ये ती को हुन् भनेर परीक्षा गरेकोले उनी लोकमा परीक्षितको नामले विख्यात भए ।।३०।। जसरी शुक्लपक्षमा चन्द्रमा दिन प्रति दिन आफ्ना कलाले पूर्ण हुँदै जान्छन् त्यसैगरी यी राजकुमार पनि आफ्ना मातापिताको लालन-पालनले छिटैसंग दिनदिनै बढ्न लागे ।।३१।।

यै मौकामा आफ्ना स्वजनहरूको वधको

प्रायश्चित्त गर्ने इच्छाले राजा युधिष्ठिरले अश्वमेध यज्ञ गर्ने इच्छा गरे तर प्रजाबाट असूल गरिएको कर औ जरिवानाबाट आएको रकम-बाहेक यज्ञ गर्नको निम्ति अरू धन नभेटिएकोले उनलाई बडो चिन्ता पर्‍यो । (कर औ जरिवानाबाट आएको धन ता प्रजाको निम्ति खर्च गर्नुपर्दछ व्यक्तिगत काममा लगाउन हुन्न भन्ने उनको विचार थियो) ॥३२॥ उनको यो अभिप्राय बुझेर श्रीकृष्ण भगवान्ले अर्जुनादि उनका भाइहरूलाई उत्तरदिशामा राजा मरुत्त र ब्राह्मणहरूले भूईंमा गाडिराखेको धन लिएर आऊन् भन्नुभयो । उहाँको प्रेरणाले भाइहरूले त्यहांबाट धेरै धेरै धन लिएर आए× ॥३३॥ यो धन पाएपछि त्यसबाट यज्ञको सामग्री एकत्रित गरी जाति-द्रोहको पापदेखि डराएका राजा युधिष्ठिरले तीन अश्वमेध यज्ञद्वारा भगवान्को पूजा गरे॥३४॥ युधिष्ठिरको निमन्त्रणाले पाल्नुभएको श्रीकृष्ण भगवान्ले ब्राह्मणहरूद्वारा राजाको यज्ञ पूर्ण गराएर आफ्ना सुहृद पाण्डवहरूको प्रसन्नताका लागि कई एक महीनासम्म त्यहीं बस्नुभयो ॥३५॥ यसपछि राजा युधिष्ठिर, द्रौपदी र अरू बन्धु बान्धको अनुमति लिएर हे शौनकजी ! भगवान्ले अर्जुन र यादवहरूलाई साथमा ली द्वारकातिर प्रस्थान गर्नुभयो ॥३६॥

अध्याय—१३

विदुरको उपदेशले धृतराष्ट्र गान्धारीको साथमा वन जान्छन् । राजा युधिष्ठिरलाई यसमा पश्चात्ताप हुन्छ र नारदले आएर उनलाई संझाउँछन्

सूतजीले भने—

विदुरजी दुर्योधनको कठोर वचनले विरक्त भएर तीर्थयात्रा गर्न गएका थिए । यात्रामा उनले मैत्रेयजीबाट आत्मतत्वको ज्ञान प्राप्त गरे । यस ज्ञानबाट आफूले जान्न खोजेका सबै वस्तुको ज्ञान भएकोले अर्थात् जान्नुपर्ने केही कुरा बाँकी नरहेकोले उनी हस्तिनापुर फर्केर आए ॥१॥ विदुरले कौशारव (मैत्रेय) सित जति प्रश्न गरेका थिए तिनमा अलिकता प्रश्नको उत्तर सुन्दैमा उनलाई कृष्ण भगवान्मा अनन्य भक्ति भइहाल्यो तसर्थ अरू प्रश्नको उत्तर सुन्ने आग्रह रहेन ॥२॥ हे शौनकजी ! आफ्ना सुहृद विदुर आएको थाहा पाएपछि भाइहरूसहित धर्मपुत्र युधिष्ठिर, धृतराष्ट्र, युयुत्सु, सञ्जय, कृपाचार्य, कुन्ती, गान्धारी, द्रौपदी, सुभद्रा, उत्तरा, कृपी, पाण्डव

× पूर्वकालमा महाराज मरुत्तले यस्तो यज्ञ गरेका थए कि त्यस यज्ञमा जति पात्र (भाँडा) थिए ती सबै सुनैसुनका थिए । यज्ञ समाप्त भएपछि राजाले ती सबै पात्र उत्तर दिशामा फ्याँक्न लगाए । ब्राह्मण—हरूले पनि यत्तिका सुन भेट्टाएका थिए कि बोकेर ल्याउन नसकेकोले सबै उत्तर दिशामा छाडेर उनीहरू फर्केर आए । यै धन मगाएर भगवान्ले युधिष्ठिरको यज्ञ गराउनुभयो । यसबाट उहाँको भक्तवतसलताको पूर्ण परिचय पाइन्छ । उहींको कृपाले ब्राह्मणहरूले मिल्काएको धन पुण्यकार्यमा लाग्न गयो ।

परिवारका सबै लोग्नेमानिस, आइमाईहरू तथा अरू अरू स्त्रीहरू पनि आफ्ना छोराहरूसहित बडो प्रसन्न भएर, मृत शरीरमा प्राण आएको जस्तो अनुभव गरेर उनलाई भेट्न भनी आए। यथायोग्य सम्बन्धअनुसार सबैले आलिङ्गन औ प्रणामादि गरेर विदुरको सम्मान गरे औं विरह वेलाको उत्कण्ठा संझेर आँखाबाट प्रेमको आँसु बगाउन लागे। महाराज युधिष्ठिरले पनि आसनमा बसालेर उनको ठूलो सत्कार गरे ॥३–६॥ भोजनादिबाट निवृत्त भएर उनी सुबिस्तासँग आसनमा बसेर आराम गर्न लागेको वेलामा युधिष्ठिरले सबैको सामुमा बडो नम्र भावसंग निहुरेर उनलाई भने ॥७॥

युधिष्ठिरले भने—

जसरी चराले पखेटामुनि राखेर आफ्नो फुलको स्याहारसंहार गर्दछ त्यसैगरी तपाईंले पनि हामीहरूको आफ्नो छत्रछायामा पालन पोषण गर्नुभएको हो। अनेकबाजि हामीलाई तथा हाम्री आमालाई विषदान औ लाक्षाभवनको अग्नि इत्यादि आपत्तिबाट बचाउनुभएको छ। यी सब कुरा तपाईं कहिले संझनु ता हुन्छ ? ॥८॥ पृथ्वीमा भ्रमण गर्दा तपाईंले कुन वृत्ति लिएर आफ्नो जीविका चलाउनुभयो औ अहिलेसम्ममा पृथ्वीका कुन कुन मुख्य तीर्थ औ क्षेत्रको सेवन गर्नुभएको छ ? ॥९॥ हे भगवन् ! तपाईं जस्ता महात्माहरू (भगवान्का प्यारा भक्तहरू) ता स्वयं तीर्थस्वरूप हुनुहुन्छ, तसर्थ तपाईंहरू आफूलाई पवित्र गर्न भनी तीर्थमा जानुहुन्न, बरु पापीहरूद्वारा कलुषित भएको तीर्थस्थानलाई अन्तःकरणमा रहनुभएको ज्ञानरूप भगवान्द्वारा पवित्र गर्न जानुहुन्छ ॥१०॥ हे काकाजी ! तीर्थयात्रा गर्दाखेरि द्वारका पनि अवश्य पाल्नुभएकै होला। त्यहाँ एक मात्र श्रीकृष्णलाई आफ्नो आराध्यदेव संझने हाम्रा सुहृद् औ बन्धु यादवहरू बस्तछन्। यिनीहरू आफ्नो शहर द्वारकामा कुशलपूवक ता छन् के ? स्वयं आफूले त्यहाँ गएर नदेखेको भए तापनि कसैको मुखबाट ता जरूरै यिनीहरूको हाल सुन्नुभएकै होला ॥११॥

धर्मराजले यसरी प्रश्न गर्दा विदुरले तीर्थ औ यदुवंशीहरूको सम्बन्धमा आफूले देखेको, सुनेको औ अनुभव गरेको सबै कुरा क्रमैसँग भनिदिए तर यदुवंशको विनाशको कुरा ता भनेनन् ॥१२॥ किनकि उनको हृदय बडो दयालु थियो, पाण्डवहरू दुःखित भएको देख्न सक्तैन थे, यसैले यो अप्रिय, असह्य समाचार कुनै न कुनै दिन सबैले थाहा पाइहाल्नेछन् भन्ने विचार गरेर उनले स्वयं भनेनन् ॥१३॥

देवतासमानको सत्कार पाएका विदुर आफ्ना दाजु धृतराष्ट्रको मंगल–कामनाले औ सबैको प्रसन्नताको निम्ति केही दिनसम्म आनन्दसाथ हस्तिनापुरमा नै बसे ॥१४॥ विदुर ता साक्षात् यमराज थिए। माण्डव्य ऋषिको श्रापले यिनले विदुर भएर सय वर्षसम्म शूद्र योनिमा रहँदा खेरि अर्यमाले यमराजको पदमा रहेर नियमानुसार पापीहरूलाई दण्ड दिए+॥१५॥ यता

+ कुनै एक समयमा राजाहरूको दूतले चोरहरूलाई धनसहित माण्डव्य ऋषिको आश्रमनिर समातेछन्। चोरहरूको साथमा ऋषि पनि पकडिए राजाको आज्ञाले सदैले शूलीमा चढ्नुपऱ्यो। तर पछि यी ता^

महाराज युधिष्ठिरले राज्य भेट्टाइहालेका थिए औ वंशपरम्पराको रक्षा गर्न नाति परीक्षितको मुख हेरेर तथा लोकपालसमानका आफ्ना भाइहरूको साथमा अतुल सम्पत्तिले युक्त भईकन बडो आनन्दसँग समय बिताउन लागेका थिए ॥१६॥ गृहस्थीमा आसक्त भएका औ यसैको कामधन्दामा खूबसँग रमाएका हुनाले हाम्रो जीवन मृत्युतिर जान लागेको छ भन्ने कुरा बिर्सेका पाण्डवहरूको आयु पत्तै नभएर बितिहाल्यो र कसैले टार्न नसक्ने काल आइहाल्यो ॥१७॥

तर विदुर भने यस विषयमा सावधान थिए अतः कालको गति देखेर उनले दाजु धृतराष्ट्रलाई भने— "हे महाराज ! हेर्नोस्, अब ता बडो भयङ्कर समय आउन लागेको छ तसर्थ झट्टै यहाँबाट निस्किहाल्नोस् ॥१८॥ हे प्रभो ! जसलाई टार्ने कहीं पनि केही उपाय छैन त्यै प्रबल काल अहिले हामी सबैको अगाडि उपस्थित भइराखेको छ ॥१९॥ यी काल भगवान् आएपछि ता जीवले आफ्नो अत्यन्त प्यारो प्राणदेखि पनि ता तत्कालै अलग हुनुपर्दछभने धन-जन आदि गरिएका अरू विषयको ता केही कुरै भएन ॥२०॥ हेर्नोस्, तपाईंका पिता, भाइ, मित्र, औ छोरा यी सबै मरिसके, आफ्नो उमेर पनि ढल्किसक्यो औ शरीर पनि बुढचाइँले गर्दा खँगारिइसकियो, यति हुँदा पनि तपाईंले अर्काको घरको सेवा गरिरहनुभएको छ ॥२१॥ अहो ! प्राणीलाई बाँचिरहनाको कस्तो प्रबल इच्छा हुँदोरहेछ यसैले ता भीमले दिएको टुक्रा खाएर घरको रखवारी गर्ने कुक्कुरको जस्तो जीवन बिताइरहनुभएको छ॥२२॥ जसलाई तपाईंले आगोमा डढाउने प्रयत्न गर्नुभएथ्यो, विष ख्वाउने प्रयत्न गर्नुभएथ्यो, सभाको बीचमा जसकी विवाहिता स्वास्नीको अपमान गर्नुभएथ्यो औ जसको धन, राज्य खोसेर लिनुभएथ्यो, अहिले उनैले दिएको अन्नले पालिएको प्राण राख्नामा के गौरव छ ? ॥२३॥ यद्यपि तपाईं यस्तो दीन औ प्राण–लोलुप भइराख्नुभएको छ तापनि बुढचाइँले खंगारिएको तपाईंको यो शरीर आफ्नो इच्छा नभए तापनि पुरानो लुगा झैं क्षीण हुँदै गएको छ ॥२४॥ जो मानिस विरक्त तथा मोह-बन्धनदेखि रहित भएर अज्ञातरूपले जीवन बिताई (अर्थात संसारका सम्बन्धीहरूसित छुट्टिएर कसैले थाहा नपाउने गरी वनमा रहेर) आखिरमा केही प्रयोजन नभएको यस शरीरलाई त्यागदछ, त्यसैलाई धीर पुरुष भन्नुपर्दछ ॥२५॥ जो आफ्नै विचारले अथवा अर्काको उपदेशले यस संसारलाई दुःखरूप संझेर यसदेखि विरक्त भई, अन्तःकरणलाई आफ्नो वशमा गराएर तथा हृदयमा भगवान्लाई

*महात्मा हुन् भन्ने थाहा पाएपछि राजाले माण्डव्यलाई शूलीबाट झिकेर उनीसित क्षमा मागे। मुनिले राजाकहाँबाट सोझै यमराजकहाँ गएर आफू शूलीमा चढाएको कारण सोधे । यमराजले बालककालमा तिमीले कुशको टुप्पोले कुनै एक सनहलाई घोचेको हुनाले यो दुःख हेर्नु परेको हो भन्ने जवाफ दिए। यो सुन्दा मुनिले पनि झोक्किएर श्राप दिए–"अज्ञानमा गरेको कुरामा यस्तो कठोर दण्ड दिएकाले तिमीले पनि सय वर्षसम्म शूद्र–योनिमा रहनुपर्नेछ।" यै श्रापले गर्दा यमराजले विदुरको अवतार लिनुपरेको थियो ।

धारणा गरेर घरबाट सन्यास लिनको निम्ति वनतिर लाग्दछ त्यै नै पुरुषहरूमध्येको श्रेष्ठ हो ।।२६।। अब उप्रान्तलाई जुन समय आउने छ त्यसमा मानिसहरूको गुण प्रायः घटेर नै जानेछ तसर्थ आफ्ना बन्धु-वर्गले चाल नपाउने गरी यहाँबाट उत्तराखण्डतिर लागिहाल्नोस् ।।२७।।

यसपछि राजा अजमीढको वंशमा उत्पन्न भएका राजा धृतराष्ट्रको आफ्ना भाई विदुरको उपदेशले गर्दा ज्ञानरूप नेत्र खुल्न गयो र आफ्ना भाइबन्धुपट्टिको सुदृढ स्नेहपाशलाई चुँडाली उनै विदुरले देखाएको मोक्ष-मार्गतिर लाग्न घरबाट निस्किहाले।।२८।। सुबलकी छोरी प्रतिव्रता साध्वी गान्धारी पनि आफ्ना पतिदेवलाई जान लागेको देख्ता उनको पछि पछि हिमालयतिर लागिहालिन्; जत्तिको वीर पुरुषलाई लडाइँको मैदानमा आफ्ना शत्रुद्वारा गरिएको न्यायमुक्त प्रहारबाट आनन्द हुन्छ त्यत्तिकै सन्यासीहरू पनि हिमालयतिर जाँदा प्रसन्न हुन्छन् ।।२९।।

अजातशत्रु युधिष्ठिरले प्रातःकाल भएपछि सन्ध्यावंदन औ अग्निहोत्रको काम सिध्याएर ब्राह्मणहरूलाई नमस्कार गरी उनलाई तिल, गाई, सुन औ पृथ्वीको दान दिए। यसपछि जब उनी काका-काकीको दर्शन गरूँ भनी महलभित्र पसेथे त्यस वेला ता उनले धृतराष्ट्र औ गान्धारीलाई देखेनन् ।।३०।। उनले हडबडाएर त्यहाँ बसिराखेका सञ्जयसित सोधे -- "हे सञ्जय ! मेरा वृद्ध औ आँखा नदेख्ने काका धृतराष्ट्र, छोरा मारिनाले व्याकुल भएकी काकी औ मेरा परम हितैषी काका विदुर कता लाग्नुभयो ? आफ्ना बन्धु-वर्ग मारिएकोमा दुःखित भइराख्नुभएको उहाँले म दुर्बुद्धिबाट कुनै अपराधको शङ्का गरेर माता गान्धारीको साथसाथै गङ्गामा ता हाम फाल्नुभएन ? ।।३१-३२ पिता पाण्डुको मृत्युपछि हामी साना साना बालकहरूको उहाँहरूले हामीउपर ठूलो प्रेम भएकोले ठूला ठूला बिपत्तिबाट रक्षा गर्नुभएथ्यो। ती हाम्रा दुबै काका यहाँबाट कता लाग्नुभयो होला ?" ।।३३।।

सूतजी भन्दछन्—

सञ्जयमाथि धृतराष्ट्रको ठूलो कृपा औ स्नेह थियो तसर्थ आफ्नो मालिकलाई नदेख्ता उनी विरहले यस्तो आकुल व्याकुल परेका थिए कि केही उत्तरै दिन सकेनन् ।।३४।। केही बेरपछि बुद्धिद्वारा मनलाई स्थिर गराएर उनले हातले आँखाको आँसु पुछे र आफ्ना मालिक धृतराष्ट्रको स्मरण गर्दै युधिष्ठिरलाई भन्न लागे ।।३५।।

सञ्जयले भने —

हे धर्मराज ! मलाई तपाईंका दुबै काका र गान्धारी के विचारले कहाँ गएका हुन् सो कुराको पत्तै छैन, हे महाबाहो ! मलाई ता ती महात्माहरूले ठगि पो दिनुभयो ।।३६।।

सञ्जयले यसप्रकारसंग कुरा गरिरहेको वेलामा तुम्बुरु गन्धर्वको साथमा भगवान् नारदजी त्यहाँ आइपुग्नुभयो। भाइहरूको साथसाथै उठेर राजा युधिष्ठिरले उहाँलाई प्रणाम गरे र सम्मान गर्दै उहाँसित सोधे ।।३७।।

युधिष्ठिरले भने—

मेरा दुबै काकाहरू औ छोराहरूको मृत्युको शोकले व्याकुल हुनुभएकी तपस्विनी माता गान्धारी यहाँबाट कता लाग्नुभयो, मैले पत्तो पाउन सकिनँ ।।३८।। जसरी समुद्रमा भड्किराखेको

जहाजलाई बाटो देखाउने मल्लाह हुन्छ त्यसैगरी यस अपार शोकसागरबाट पार लगाउने तपाईं नै हुनुहुन्छ। युधिष्ठिरको यो कुरा सुनेपछि मुनिहरूमध्येका श्रेष्ठ नारद भन्नलागे ॥३९॥

नारदजीले भने—

हे राजन् ! कसैको निम्ति शोक नगर, किनकि यो सम्पूर्ण जगत् उनै ईश्वरको अधीनमा छ, जुन ईश्वरको आज्ञा यी जम्मै लोक र लोकपालहरूले पालन गरिरहेका छन् । उनै एक मात्र कालस्वरूप भगवान्ले सबै प्राणीहरूको परस्पर संयोग औ वियोग गराउँछन् ॥४०॥ जसरी बैल लामो डोरीले बाँधिएर तथा सानो डोरी नाकमा नत्थ जस्तो लगाएर आफ्नो मालिकको भारी बोक्तछन् त्यसैगरी मानिसहरू पनि वर्ण आश्रम आदि गरिएका अनेक नामले वेदरूपी डोरीमा बाँधिएर ईश्वरको आज्ञाको अनुकरण गर्दछन् ॥४१॥ जसरी यस संसारमा बालकहरूको इच्छानुसार खेलौनाहरूको संयोग–वियोग हुन्छ त्यसैगरी ईश्वरको इच्छाले नै मानिसहरूको मिलन तथा बिछोड हुन्छ ॥४२॥ यस संसारलाई जीवरूपले अविनाशी, देहरूपले नाशवान् तथा ब्रह्मरूपले (नाशवान् अविनाशी) यी दुवै भावले रहित भएको मान्दछौभने यिनमा कुनै दृष्टले पनि तिमीले काका काकीको निम्ति शोक गर्न उचित छैन । तिम्रो शोकको कारण ता अज्ञानले उत्पन्न भएको यो स्नेह मात्र हो ॥४३॥ तसर्थ, हे प्रिय ! मेरा असहाय दीनदुःखी काका काकी म विना कसरी रहलान् भन्ने अज्ञानले गर्दा उत्पन्न भएको यस व्याकुलपनालाई छाडिदेऊ॥४४॥ यो पाञ्चभौतिक शरीर काल, कर्म र गुणको अधीनमा छ, आफैं ता अर्काको वशमा परेको यसले कसैको रक्षा गर्न सक्तैन । जो स्वयं सर्पको मुखमा परिराखेको छ त्यसले कसरी अर्काको रक्षा गर्ला ? ॥४५॥ हात भएकाहरूका लागि हात नभएकाहरू, चौपायाको निम्ति खुट्टा नभएकाहरू (तृणादि) र ठूला जीवका लागि साना जीवहरू आहारा भइराखेका छन् । यसप्रकारसँग यस संसारमा एउटा जीव अर्को जीवको जीवनको कारण भइराखेको छ अर्थात् सबैका सबै मृत्यु-ग्रस्त भइराखेका छन् ॥४६॥ तर, हे राजन् ! यी समस्त जीवको बाहिर भित्र सबै आत्माका आत्मा भएका उनै एक मात्र स्वयंप्रकाश भगवान् छन् मायाद्वारा उनी अनेक प्रकारको रूपले प्रकट भइराखेका छन् । यी सबैमा तिमी केवल उनैलाई हेर ॥४७॥ हे महाराज ! समस्त प्राणीलाई जीवन दान गर्ने उनै भगवान् अहिले देवद्रोहीहरूको विनाश गर्नको निम्ति यस पृथ्वीतलमा कालरूपले अवतीर्ण भइराखेका छ ॥४८॥ यिनले देवताहरूको काम ता पूरा गरिसके,बाँकी बचेको काम गर्नलाई मौका हेरिरहेका छन् तसर्थ तिमीहरू पनि जबसम्म भगवान् यस पृथ्वीतलमा रहन्छन् तबसम्म पर्खिराख ॥४९॥

महाराज धृतराष्ट्र भाइ विदुर तथा आफ्ना महारानी गान्धारीको साथमा हिमालयको दक्षिण भागमा रहेको ऋषिहरूको आश्रममा गएका छन् ॥५०॥ यस ठाउँमा सप्तर्षिहरूलाई प्रसन्न गराउनाका लागि श्री भागीरथी आफूलाई सात भागमा विभक्त गराएर सात धाराको रूपले बगेकी छन्; यसै कारणले यो ठाउँ सप्तश्रोतको नामले विख्यात छ ॥५१॥ त्यहाँ उनी त्रिकाल-

स्नान गरी विधिपूवक अग्निहोत्र गर्दछन् औ केवल पानी पिएर, सब प्रकारका कामनादेखि रहित भई शान्त चित्तले बस्तछन् ॥५२॥ आसन तथा प्राणलाई जितेर मनसहितको छओटै इन्द्रियलाई उनले दमन गरिराखेका छन् । भगवान्‌लाई निरन्तर स्मरण गर्नाले उनका सत्वगुण–रजोगुण-तमोगुणबाट उत्पन्न भएका काम-क्रोधादि मलहरू नष्ट भइसकेका छन् ॥५३॥ उनले अहङ्कारलाई बुद्धिसंग जोडी फेरि त्यस-लाई क्षेत्रज्ञ साक्षी चेतनमा लीन गराइदिएका छन् र त्यस साक्षी चेतनको उसको आधार शुद्ध ब्रह्मसंग ठीक त्यस्तै एकता गराइदिएका छन् जस्तो कि घटाकाशलाई नष्ट गरीकन त्यसलाई महाकाशरूपसित एक गराइन्छ ॥५४॥ यसप्रकारसंग उनले समस्त इन्द्रिय तथा मनलाई आफ्नो अधीनमा गराई सम्पूर्ण भोगलाई त्यागि-दिएका छन् औ मायाको गुणबाट हुने वासना-लाई शान्त गरिदिएका छन् तसर्थ अहिले उनी रूखको ठूटो जस्तै गरी निश्चल भावले बसिराखेका छन् । अब तिमी उनलाई फर्का-उने विचारले त्यहाँ गईकन समस्त कर्मका सन्यास लिएका उनको बाटोमा बाधा नपार ॥५५॥ हे युधिष्ठिर ! आजको पाँचौ दिनमा उनी आफ्नो शरीरलाई त्यागिदिनेछन् र त्यो शरीर जलेर खरानी हुनेछ ॥५६॥ गार्हपत्यादि अग्निद्वारा पर्णकुटिको साथसाथै आफ्नो पतिको शरीरलाई डढ्न लागेको देख्ता बाहिर उभिराखेकी साध्वी गन्धारी पनि त्यही आगोमा प्रवेश गर्ने-छन् ॥५७॥ हेयुधिष्ठिर ! यो आश्चर्य देख्ता राजाको मोक्ष भएकोमा हर्षित र वियोग हुनाले दुःखित भएका विदुर तीर्थयात्राको निम्ति त्यहाँबाट प्रस्थान गर्नेछन् ॥५८॥

यति भनेर नारदजी तुम्बुरु मुनिको साथमा स्वर्गलोकतिर लागे र यता धर्मराज युधिष्ठिरले पनि उनको उपदेशलाई हृदयमा धारण गरी शोक गर्न छाडिदिए ॥५९॥

अध्याय—१४

आफ्ना शहरमा अनेक अपशकुन देख्ता महाराज युधिष्ठिरको मनमा शङ्का उठ्तछ र यै मौकामा अर्जुन द्वाराकाबाट फर्केर आउँछन् ।

सूतजीले भने—

आफ्ना भाई बन्धुलाई भेट्न औ पुण्यश्लोक कृष्ण भगवान्‌को अब के गर्ने इच्छा छ सो जान्नाको निम्ति द्वारकापुरीमा गएका अर्जुन, कई एक महीना बितिसके तापनि त्यहाँबाट फर्केर आए-नन् । यै मौकामा महाराज युधिष्ठिर आफ्नो शहरमा बडा बडा भयङ्कर अपशकुन देख्न लागे ॥१-२॥ उनले कालको गति बडो विकट हुन लागेको देखे। जुन समयमा जुन ऋतु हुनु-पर्नेहो त्यो नभएर अर्कै हुन लागेको औ मानिस-हरू क्रोधी, लोभी र झूटो बोल्ने भएर आफ्नो जीवन-निर्वाहको निम्ति पापपूर्ण काम गर्न लागेका देखिन थाले ॥३॥ आपसको सारा व्यवहार कपटले भरिएको, मित्रतामा समेत छल

मिसिएको औ आमा-बाबु, मित्र, दाजु-भाइ, स्त्री-पुरुष यी सबैमा परस्पर विरोध हुन-थाल्यो ॥४॥ यसप्रकारसँग कलिकालको आगमनले मानिसहरूको, लोभ आदि अधर्मले युक्त भएको, स्वभाव औ प्रकृतिमा समेत अत्यन्त अरिष्ट-सूचक अपशकुन हुन लागेको देख्ता युधिष्ठिरले भाइ भीमसेनलाई भने ॥५॥

युधिष्ठिरले भने—

हे भीमसेन ! हेर, मैले आफ्ना नाता-कुटुम्बीलाई भेट्न औ पुण्यश्लोक कृष्ण भगवान्ले के गन खोज्नुभएको छ सो कुराको पत्ता लगाउन अर्जुनलाई द्वारका पठाएको सात महीना भइसक्यो तर तिम्रा भाइ अझ पनि फर्केर आएका छैनन्, यसको कारण क्या हो मैले राम्ररी बुझ्न सकिनँ ॥६-७॥ मेरो विचारमा ता देवर्षि नारदले बताएको, कृष्ण भगवान्ले आफ्नो क्रीडास्थल मनुष्यलोकलाई छाड्ने समय आएको जस्तो पो लाग्दछ ॥८॥ उनै भगवान्को कृपाले हामीले यो सम्पत्ति, राज्य, स्त्री, प्राण, कुल, सन्तान औ शत्रुविजय भेट्टाएका हौं; उनैको सहायताले पुण्यादि कर्म गर्न पाउँदा हाम्रो यो लोक-परलोक दुवै सुध्रन गएको हो ॥९॥ हे पुरुष-सिंह ! हेरन, आकाशमा उल्कापातादि, पृथ्वीमा भूकम्पादि औ शरीरमा रोगादि कस्ता कस्ता भयङ्कर उत्पात प्रकट भइराखेका छन् । यसले ता अब चाँडै नै हाम्रो बुद्धिलाई मोहमा पार्ने कुनै घोर भय उपस्थित हुनेछ भन्ने सूचना दिरहेको छ ॥१०॥ ए नानी भीमसेन ! मेरो देब्रे तिघ्रा, आँखा औ पाखुरा वारंवार फरफराउन लागेका छन् औ मुटु पनि बडो जोरसँग ढुक् ढुक् गर्न थालेको छ, यी लक्षणले ता अब चाँडै नै कुनै अनिष्ट उपस्थित गर्लान् जस्तो मालुम हुन्छ ॥११॥ हेरन, यो स्यालिनी उदाउन लागेका सूर्यतिर मुख फर्काएर रोइराखेकी छ औ मुखबाट आगो उकेल्न थालेकी छ; यता यो कुक्कुर बिलकुल निर्भय भई मतिर फर्केर भुक्न लागेको छ ॥१२॥ गाई आदि गरिएका शुभ पशुहरू मेरो देब्रे तिरबाट औ गदहा आदि गरिएका अशुभ पशुहरू मलाई दाहिने पारेर जान लागेका छन् । हे पुरुषसिंह ! घोडा आदि मेरा वाहनहरू मलाई हेरेर रुन लागेका जस्ता देखिन्छन् ॥१३॥ यो मृत्युको दूत परेवा तथा लाटो कोस्यारो औ यसको प्रतिपक्षी काग आफ्ना आफ्ना कठोर शब्दले मेरो हृदयलाई कमाउन लागेका छन्, यी दुवैलाई कहिले निद्रा पनि लाग्दो रहेनछ; यिनीहरूले ता जगतैलाई शून्य गर्न खोजेका हुन् कि ? ॥१४॥ सबै दिशाहरू धमिलो भइराखेका छन्, सूर्य औ चन्द्रमाको वरिपरि मण्डल परेको देखिन्छ, पाहाडहरूको साथ साथै यी पृथ्वी वारंवार काम्दछिन्, एनानी ! मेघ बडो जोरसँग गर्जन्छन् औ जताततै बिजुली पनि खसिरहन्छ ॥१५॥ यस्ता ठूला ठूला आँधी उठ्तछन् कि धूलोले सर्वत्र अँध्यारो पारिदिन्छ, औ शरीरलाई घोच्ने गरी हावा चल्दछ। बादलहरू बडो डरलाग्दो दृश्य उपस्थित गरेर जताततै रगत वर्षाउन लागेका छन् ॥१६॥ हेर, सूर्यको तेज घटेको छ, आकाशमा ग्रहहरू परस्पर ठक्कर खान लागेका छन् । भूतप्रेतादिले भरिपूर्ण भएका पृथ्वी औ अन्तरिक्ष आगोले डढ्नलागेका जस्ता भइराखेका छन् ॥१७॥ नद-नदी-तलाउ यी सबै हुँडलिन लागेका छन् औ

मानिसको मनसमेत हडबडाइराखेको छ। घिउको आहुति पर्दा पनि आगो प्रज्वलित हुँदैन। यो भयङ्कर कालले के गन खोजेको हो, बुझ्िएन ॥१८॥ बाच्छाहरू दूध चुस्तैनन्, गाई दूध दुहुन दिन्नन्; गोशालामा गाईहरू आँसु बहाएर रोइराखेका छन् औ गोरुसमेत प्रसन्न देखिँदैनन् ॥१९॥ देवताका मूर्तिहरू रोइराखेका जस्ता छन्, उनबाटपसीना निस्किराखेको छ औ सजीव जस्तो भई यताउति गर्न लागेका जस्ता देखिन्छन्। देश, गाउँ, शहर, बगैंचा, खानी औ आश्रम यी कुनैमा पनि शोभा छँदैछैन, कतै पनि आनन्द होला जस्तो लाग्दैन। यी घोर अपशकुनले हामीलाई पछि कस्ता कस्ता दुःख देखाउने हुन् केही भन्न सकिन्न ॥२०॥ यी भयङ्कर उत्पातहरू देख्ता ता अरू कसैमा नदेखिने ध्वजा, वज्र, अङ्कुशादि विलक्षण चिह्नले युक्त भएको भगवान्को चरणकमल यस पृथ्वीमा नभएको जस्तो बुझ्िन्छ अबलाई यसको सौभाग्यको इतिश्री भयो ॥२१॥

हे ब्रह्मन्! यी भयङ्कर उत्पात देख्ता राजा युधिष्ठिरले यसप्रकारसँग मनैमनमा चिन्ता गरिरहेको वेलामा अर्जुन पनि द्वारकाबाट फर्केर आए ॥२२॥ युधिष्ठिरले अर्जुनमा पहिले कहिले पनि नदेखिएको व्याकुलपना देखे। नेत्रकमलबाट आँसु बगाउँदै मुण्टो निहुराएर आफ्नो पाउमा उनलाई परेको देख्ता युधिष्ठिरले मनमा हडबडाएर नारदको कुरा सम्झी सबै बन्धुवर्गको सामुन्नेमा कान्ति बिलकुलै नभएका भाइ अर्जुनसित सोधे ॥२३-२४॥

युधिष्ठिरले सोधे—

ए भाइ! हाम्रा नाता-सम्बन्धी मधु, भोज, दशार्ह, अर्ह, सात्वत, अन्धक औ वृष्णीवंशी यादवहरू ता आफ्नो राजधानी द्वारकापुरीमा कुशलपूर्वक ता छन् के? ॥२५॥ हाम्रा माननीय बाजे शूरसेन प्रसन्न हुनुहुन्छ? औ भाइहरूसहित मामा वसुदेवलाई पनि आनन्द कुशल ता छ? ॥२६॥ वसुदेवका रानीहरू हाम्रा माइजू देवकी आदि गरिएका सातै जना दिदी बहिनीहरू आफ्ना छोरा औ बुहारीसँग आनन्दपूर्वक ता बसेका छन्? ॥२७॥ जसको छोरा कंश अत्यन्त दुष्ट थियो ती राजा उग्रसेन ता बाँचेकै छन्? यिनको भाई देवल, हृदीक, यिनका छोरा कृतवर्मा, अक्रूर, जयन्त, गद, सारण, तथा शत्रुजित् आदि गरिएका यादववीरहरूलाई कुशल ता छ? यादवहरूका प्रभु भगवान् बलरामजीलाई ता आनन्द छ? ॥२८-२९॥ वृष्णीवंशका सर्वश्रेष्ठ महारथी प्रद्युम्न प्रसन्नै हुनुहुन्छ? युद्धमा खूब फुर्ति देखाउने भगवान् अनिरुद्धलाई कुशल छ के? ॥३०॥ यीबाहेक सुषेण, चारुदेष्ण, जाम्बवतीका छोरा शाम्ब औ आफ्ना छोराहरूसहित ऋषभ आदि गरिएका कृष्णभगवान्का अरू सबै छोरा आनन्दसाथ ता रहेका छन्? भगवान् श्रीकृष्णका सेवक श्रुतदेव, उद्धव आदि एवं श्रीकृष्ण औ बलरामको बाहुबलले सुरक्षित रहेका सुनन्द-नन्द आदि अरू अरू प्रधान यदुवंशीहरू सकुशल ता छन् के? हामीमाथि अत्यन्त प्रेम गर्ने यी यादवहरू कहिले काहीं हाम्रो क्षेम कुशल ता सोद्धछन्? ॥३१-३३॥

भक्तवत्सल, ब्राह्मणभक्त, भगवान् श्रीकृष्ण आफ्ना सम्बन्धीहरूको साथमा द्वारकापुरीको सुधर्मा सभामा सुखसंग विराजमान ता हुनुहुन्छ ? ॥३४॥ संसारको परम मङ्गल, कल्याण औ उन्नतिका लागि उहाँ आदिपुरुष श्री अनन्त (बलराम) को साथमा अहिले यदुवंशरूप क्षीरसागरमा विराजमान ता हुनुभएको छ के ? ॥३५॥ उहींको बाहुबलले सुरक्षित भएर यदुवंशीहरू द्वारकापुरीमा सारा संसारद्वारा सम्मानित भएर बडो आनन्दसँग विष्णु भगवान्का पार्षदहरूले झैं विहार गरि राखेका छन् ? ॥३६॥ सत्यभामा आदि गरिएका सोह्र हजार रानीहरू प्रधान रूपले उहींको चरण-कमलको सेवाले, उहाँद्वारा युद्धमा इन्द्रादि देवता-हरूलाई समेत पराजित गराएर, इन्द्राणीहरूले भोग गर्न योग्यका पारिजात आदि वस्तुहरूको उपभोग गर्दछन् ? ॥३७॥ उनै श्रीकृष्ण भगवान्को बाहुबलले सुरक्षित भएर यदुवंशी वीरहरू, बल-जफ्तीसँग हरेर ल्याएको, केवल देवताहरूले बस्न योग्यको सुधर्मा सभामा निर्भय भएर सदा सर्वदा आफ्नो खुट्टा राख्तछन् ? ॥३८॥

हे भाइ अर्जुन ! भनन, तिमीलाई ता कुशल छ ? म ता तिमीलाई तेज हराएको जस्तो पो देख्तछु। धेरै दिनसम्म बसेकाले द्वारकामा तिम्रो सम्मानमा अलि कमी हुन गयो कि ? अथवा कसैले तिम्रो अपमान ता गरेनन् ? ॥३९॥ कसैले कठोर अनुचित शब्द भनेर तिम्रो चित्त ता दुखाएनन् ? अथवा आशा गरेर आएको याचकलाई उसले माग्दा केही दिन्छु भनेर प्रतीज्ञा गरी फेरि त्यो कुरा दिन सकेनौ कि ? ॥४०॥ आफ्नो शरणमा आएका कुनै ब्राह्मण, बालक, गाई, बृद्ध, रोगी, स्त्री अथवा अरू कुनै प्राणीलाई विमुख गराएर ता फर्काएनौ ? किनकि तिमी ता सदा शरण पर्न आएकाको रक्षा गर्ने हौ ॥४१॥ कुनै अगम्या स्त्रीसँग ता संभोग गरेनौ अथवा गमन योग्य कुनै स्त्रीको ता परित्याग गरेनौ ? बाटोमा आफूभन्दा कम अथवा आफू बराबर बल भएकासित तिम्रो कतै हार ता भएन ? ॥४२॥ पहिले भोजन गराउनुपर्ने योग्यका बालक, बूढालाई नख्वाईकन तिमीले आफू एक्लै ता भोजन गरेनौ ? आफूले गर्न नहुने किसिमको कुनै अयोग्य काम ता तिमीले अवश्य गरेका होवैनौ ॥४३॥ अथवा आफ्ना परम प्रिय, अभिन्न-हृदय श्रीकृष्णको असह्य वियोग भएकोले तिमीले आफूलाई सदाका लागि शून्य संझेका हौ कि ? यसबाहेक अरू कुनै कारणले तिमी जस्ता साहसी पुरुषलाई यस्तो मानसिक पीडा हुनै सक्तैन॥४४॥

अध्याय—१५

अर्जुनको मुखबाट भगवान् स्वधाम-तिर लाग्नुभएको समाचार सुन्दा उहाँको विरहले दुःखित भएका पाण्डवहरू परीक्षितलाई राज्य सुम्पेर हिमालयतिर लाग्दछन् ।

सूतजीले भने—

भगवान् श्रीकृष्णका सखा अर्जुन पहिले नै कृष्ण-वियोगले व्याकुल परेका थिए, त्यसमाथि

उनको आकृति देख्ता राजा युधिष्ठिरले नाना थरीका शङ्कापूर्ण प्रश्न सोधिदिए ।।१।। शोकले गर्दा अर्जुनको मुख औ हृदयकमल सुकिसकेको थियो, मुखमा तेज भनेको छँदै थिएन, अतः उनै सर्वव्यापक श्रीकृष्ण भगवान्को ध्यानमा डुबेकोले उनले केही जवाफ दिन सकेनन् ।।२।। कृष्ण भगवान् परोक्ष हुनुभएकोले बढिराखेको प्रेमको उत्कण्ठाले आकुल व्याकुल भएर अर्जुनले बडो मुश्किलसँग शोकको आँसु रोकेर हातले आँखा पुछे ।।३।। रथ हाँक्ता, टहल्दा इत्यादि काममा भगवान्सितको आफ्नो मित्रता, सुहृद्भाव औ प्रेमपूर्ण व्यवहारको स्मरण गर्दै दाजु राजा युधिष्ठिरलाई आँसुले गर्दा व्याप्प बसेको स्वर झिकेर यसप्रकारसँग भन्न लागे ।।४।।

अर्जुनले भने —

हे महाराज ! अत्यन्त घनिष्ठ मित्रको रूप धारणा गरेर कृष्ण भगवान्ले मलाई ठगिदिनुभयो, मेरो जुन प्रबल पराक्रम देख्ता बडा बडा देवता समेत छक्क पर्दथे, त्यो पनि उहाँले खोसेर लिनुभयो ।।५।। यी आत्मारूप कृष्णको क्षणभरको वियोग हुँदा यो संसार त्यत्तिकै हेरिनसक्नु हुन्छ जत्तिको कि स्वास्नीले आफ्नो प्यारो पति औ छोराले आफ्नो पूज्य पिता मान्ने यो शरीर प्राण निस्केपछि मुर्दा बनेर अप्रिय मालूम हुन लाग्दछ ।।६।। यिनै कृष्णका आश्रयले मैले द्रौपदीको स्वयम्बरको समयमा द्रुपद राजाको घरमा जम्मा भएका कामोन्मत्त राजाहरूको तेज हरण गरेथें औ धनुषमा बाण चढाएर मत्स्यभेद गरीकन द्रौपदीलाई प्राप्त गरेथें ।।७।। अहो ! भगवान्को सन्निधि मात्रले मैले समस्त देवताहरूको साथमा इन्द्रलाई बडो वेगले जितेर अग्निदेवलाई उनका तृप्तिको निम्ति खाण्डव-वन जलाउन दिएथें औ मय दानवद्वारा बनेको, अलौकिक कला-कौशलले युक्त भएको मायामयी सभागृह हात पारेथें औ उहींको प्रतापले सम्पूर्ण पृथ्वीमण्डलका राजाहरूले सबैतिरबाट आई आईकन तपाईंको यज्ञमा नानाप्रकारको उपहार समर्पण गरेथे ।।८।। दश हजार हात्तीको बल भएका तपाईंका भाइ भीमसेनले उहींकै शक्तिले राजाहरूको टाउकोमा खुट्टा राख्ने अभिमानी जरासन्धको बध गरेथे तथा उसले महाभैरव यज्ञमा बलि चढाउनको निम्ति कैद गरेका अनेक राजाहरूलाई उहाँले मुक्त गरिदिनुभएथ्यो र ती राजाहरूले तपाईंको यज्ञमा थरी थरीको उपहार ल्याएर चढाएथे ।।९।। जब महारानी द्रौपदी राजसूय-यज्ञको समयमा महाभिषेकले पवित्र भएको आफ्नो चुल्ठो, जसलाई कि सभाको बीचमा दुष्ट दुर्योधनादिले छुने साहस गरेका थिए, फुकाएर तथा आँखाभरि आँसु गरेर कृष्णको चरणमा परिथिन् त्यस वेला भगवान्ले यस घोर अपमानको बदला लिने प्रतिज्ञा गरेर ती दुष्टका स्त्रीहरूको यस्तो दशा पारिदिनुभयो कि उनीहरूले विधवा भएर आफ्नै हातले आफ्नो चुल्ठो फुकाउनुपऱ्यो ।।१०।। शत्रुहरूले षड्यन्त्र रचेकोले दस हजार शिष्यहरूको साथमा भोजन गर्ने दुर्वासा ऋषिले हामीलाई यस्तो आपत्तिमा पारिदिएका थिए कि त्यसबाट बचन हामीलाई अतिशय गाह्रो परेको थियो तर यै मौकामा कृष्ण भगवान्ले वनमा पाल्नुभएर भाँडोमा अड्केको सागको एउटा त्यान्द्रो खाएर हाम्रो रक्षा गर्नुभयो किनकि उहाँले यति

गर्दैमा जलमा स्नान गर्न लागेको मुनिमण्डली-लाई तीनै लोकका प्राणीको पेट भरेको जस्तो मालूम भयो र उनीहरू फर्केर फेरि हामीकहाँ भोजन गर्न आउँदै आएनन् ×॥११॥ उहींकै प्रतापले मैले युद्धमा पार्वतीसहितका शङ्करलाई छक्क पारिदिएँ र उहाँले मलाई आफ्नो पाशुपत नामक अस्त्र दिनुभयो र अरू अरू लोकपाल-हरूले पनि मलाई आफ्नो अस्त्र दिए । उहींकै कृपाले मैले यै शरीर लिएर इन्द्रलोकमा गएँ र इन्द्रको सभामा उनको साथसाथै आधा आसनमा बस्ने सम्मान पाएँ ॥१२॥ इन्द्रको आग्रहले केही दिन स्वर्गमा बस्ताखेरि इन्द्रलगायत जम्मै देव-ताहरूले निवातकवच आदि गरिएका आफ्ना शत्रुहरूको संहार गराउनको निम्ति गाण्डीव धनुष धारण गर्ने औ उहींकै प्रभावले प्रभाव-शाली भएका यिनै पाखुराको आश्रय लिएका थिए । अजमीढ राजाको वंशमा उत्पन्न भएका हे महाराज ! आज मलाई उनै तेजस्वी पुरुषोत्तम कृष्णभगवान्ले ठगिदिनुभयो ॥१३॥

हे राजन् ! यिनैसुहृद् श्रीकृष्णको सहायताले मैले एक्लै रथमा सवार भईकन भीष्म द्रोणादि गरिएका अजेय महामत्स्यहरूले टम्म भरिएको अपार समुद्रसमानको, छिचल्नै नसकिने किसि-मको युद्धसागरलाई पार गरिदिएथें । उहींकै आश्रयमा रहेकोले मैले शत्रुहरूको हातबाट राजा विराट्को सारा गोधन फिर्ता लिएथें औ साथ-साथै ती शत्रुहरूको टाउकोबाट झल्झल् परेका मणि जडिएका मुकुट र उनीहरूको धेरै धेरै धन हरेर ल्याएथें; आज मलाई उनै कृष्ण भगवान्ले ठगिदिनुभयो ॥१४॥ हे दाजैज्यू ! कौरवहरूको सेना भीष्म, कर्ण, द्रोण, शल्य आदि अनेक क्षत्रिय वीरहरूको रथले शोभायमान थियो ।

×एकचोटि राजा दुर्योधनको सेवाले प्रसन्न भएका दुर्वासा ऋषिले दुर्योधनलाई वर माग भनेर भने। दुर्योधनले पनि ऋषिको श्रापले पाण्डवहरूको विनाश पार्ने मनसायले यस्तो वर माग्यो— "हे ब्रह्मन् ! आफ्ना दस हजार शिष्यहरूलाई साथमा लिएर युधिष्ठिरकहां आतिथ्य स्वीकार गर्न जानुहोस् तर त्यस वेलामा द्रौपदीले भोजन गरिसकेको हुनुपर्दछ ।" द्रौपदीसँग सूर्यले दिएको एउटा यस्तो भाँडो थियो कि त्यसमा पकाएको अन्न उनले भोजन नगरेसम्म सकिंदै सकिन्नथ्यो। आफूले वर दिएकोले दुर्वासा ऋषिले पनि युधिष्ठिर भएको ठाउँमा पुगेर भने—" हामी संध्या-स्नान गर्न नदीमा जान्छौं, त्यस वेलासम्ममा हाम्रो निम्ति भोजन तय्यार पारे ।" ऋषिको यो कुरा सुन्दा द्रौपदीलाई वडो चिन्ता पऱ्यो र उनी भक्तभयहारी कृष्ण भगवान्को स्मरण गर्न लागिन् । भगवान्ले पनि उत्ति-खेरि नै द्रौपदीको कुटीमा आएर भन्नुभयो–– "ए कृष्णे ! आज वडो भोक लागिराखेको छ केही खान द्यौ न ।" द्रौपदी पनि भगवान्को दयाले गद्‌गद भई भन्न लागिन्––' स्वयं विश्वम्भरले मसित भोजन माग्नु ता मेरो अहोभाग्य हो तर अफसोस ! आज कुटीमा केही पनि छैन ।' भगवान्ले बडो आग्रह गरेकोले द्रौपदीले सूर्यले दिएको त्यै भाँडो लिएर आइन् र त्यसमा अडकेको सागको एउटा त्यान्द्रो भगवान्ले खाइदिनुभयो । भगवान्ले यति गर्नासाथ तीनै लोक तृप्त भइहाल्यो। अतः शिष्यसहितका दुर्वासा तृप्त भएर आफ्नो वाटो लागे ।

यस्तो सेनाका सम्मुख रहेर उहाँ मेरो अघि अघि भएर आफ्नो कालदृष्टिले ती महारथी सेनापतिहरूको आयु, मन, उत्साह र बल हरण गर्नें गर्नुहुन्थ्यो । आज म उनै भगवान्द्वारा ठगिन गएँ ॥१५॥ उहाँको बाहुलीको आश्रयमा रहेकोले मलाई द्रोणाचार्य, भीष्म, कर्ण, अश्वत्थामा, त्रिगर्तराज, सुशर्मा, शल्य, जयद्रथ र बह्लिक वीरहरूले चलाएको, कहिले पनि नचुक्ने अस्त्र शस्त्रले नृसिंह भक्त प्रह्लादलाई दैत्यहरूको अस्त्र शस्त्रले झैं छुनसम्म पनि सक्तैन थे। आज उनै भक्तवत्सल भगवान्ले मलाई ठगिदिनुभयो ॥१६॥ महात्माहरू संसारबाट मुक्त हुनको निम्ति जसको चरणकमलको भजन गर्दछन्, उनै आफूसम्मलाई पनि दिने भगवान्लाई म दुर्बुद्धिले आफ्नो सारथि पनि बनाएँ । जयद्रथको वधको समयमा मेरा घोडाहरू थाकेका हुनाले जब म जल झिक्नको निम्ति रथबाट ओर्ह्लेर भूईंमा उभिएको थिएँ, त्यस वेला महारथी शत्रुहरूले ममाथि प्रहार गर्न सकेनन् कारण श्रीकृष्णको प्रभावले उनीहरूको बुद्धि नै हराइसकेको थियो। आज म उनै श्रीकृष्णको हातबाट छलिन गएँ ॥१७॥ हे महाराज ! उहाँ मनलाई लट्ठ पार्ने मुस्कानले युक्त भएको, उदार, विनोदपूर्ण वचनले मसित ठट्टा गर्नुहुन्थ्यो औ कहिले काँहीं " हे पार्थ ! हे अर्जुन ! हे सखे ! हे कुरुनन्दन " इत्यादि शब्द भनेर मलाई बोलाउनुहुन्थ्यो । अफसोस ! आज कृष्ण भगवान्का ती मधुर वचनको स्मरण हुँदा मेरो चित्त आकुल व्याकुल हुन्छ ॥१८॥ सुत्ता, बस्दा, डुलफिर गर्दा, आफ्नो सम्बन्धमा बडत्वको कुरा गर्दा तथा भोजन गर्दा हामी प्रायः एकै ठाउँमा हुन्थ्यौं तसर्थ उहाँसित मेरो समानताको व्यवहार हुन गएकोले कहिले काँही " हे मित्र ! तिमी ता बडा सत्यवादी रहेछौ " भनेर छेड हान्ने कुरा गरिदिनुहुन्थ्यो तर त्यस वेला पनि ती महापुरुष आफ्नो महानुभावताले गर्दा मित्रले मित्रको औ बाबुले छोराको अपराध सहे झैं, म दुर्बुद्धिको अपराध सहिदिनुहुन्थ्यो ॥१९॥ हे महाँराज ! मेरा सखा, मेरा प्रिय मित्र, मेरा परम सुहृद ती पुरुषोत्तम भगवान्देखि रहित भएकोले मेरो हृदय उहाँ विना यस्तो शून्य भइराखेको छ कि बाटोमा उहाँका रानीहरूलाई हेरविचार गर्दै लिएर आउँदाखेरि तुच्छ ग्वालबालहरूले मलाई कुनै एक अबला आइमाईलाई झैं हराइदिए । मेरो यस हारमा कृष्ण-वियोगसिवाय अरू कुनै कारण हुनै सक्तैन ॥२०॥ मेरो उही गाण्डीव धनुष हो, वाण पनि उनै हुन्, रथ पनि त्यै हो, घोडा पनि तिनै हुन्, औ म पनि उही रथी अर्जुन हुँ, जसलाई देख्तैमा ठूला ठूला राजाहरूले आफ्नो टाउको निहुराउँथे; तर यी सब रहनाले नै के भयो ? जसरी खरानीमा हालेको हवन, ठग स्वामीको चाकरी, बाँझो जग्गामा छरेको बीउ निष्फल हुन्छन् त्यसै गरी श्रीकृष्ण नहुनाले यी सबै एक छिनमै नभए जस्तै सारहीन हुन-गए ॥२१॥

हे राजन् ! तपाईंले द्वारकाका हाम्रा जुन सुहृद-सम्बन्धीको बारेमा सोध्नुभयो ती ता ब्राह्मणको शापले मोहित भएर तथा वारुणी मदिरा पिउनाले यसरी मदोन्मत्त भए कि एउटाले अर्कोलाई नचिन्ने जस्तो गरी आपसमा

भिडिएर मुक्कै मुक्काको प्रहारले सबैका सबै नष्ट भएर गए । अहिले ता उनीहरूमध्ये केवल चार पांच जना बाँकिरहेका छन् ॥२२-२३॥ संसारका प्राणीहरूमा परस्पर एउटाले अर्काको पालन-पोषण गर्नु औ फेरि तिनैमा एउटाद्वारा अर्काको मृत्यु हुनु, यो सब वास्तवमा भगवान्कै लीला हो ॥२४॥ हे राजन् ! जसरी जलचर प्राणीहरूमा ठूलोले सानोलाई, बलियोले निर्धोलाई औ बलियाहरूमा पनि परस्पर एउटाले अर्कोलाई खाइ-दिन्छन् त्यसै गरी भगवान्ले पनि बलिया औ ठूला ठूला यादवहरूद्वारा अरू अरू राजाहरूको संहार गराउनुभयो र त्यसपछि यादवहरूलाई पनि परस्पर एउटाद्वारा अर्कोलाई मराएर पूर्ण-रूपले पृथ्वीको भार हलुको गराउनुभयो॥२५-२६॥ कृष्ण भगवान्ले मलाई जुन शिक्षा दिनु-भएथ्यो त्यो ता देश, काल औ प्रयोजनलाई सुहाउने औ हृदयको तापलाई शान्त गराउने किसिमको थियो । त्यो शिक्षाको स्मरण हुँदा मेरो चित्त उहाँको प्रेममा मुग्ध भइ-हाल्दछ ॥२७॥

अत्यन्त गाढ प्रेमले यसप्रकारसंग कृष्ण भगवान्को चरणकमलको स्मरण गर्दागर्दैमा अर्जुनको चित्तवृत्ति अत्यन्त निर्मल औ शान्त हुन गयो ॥२८॥ कृष्ण भगवान्को चरणकमलको चिन्तनले गर्दा बढेको भक्तिको वेगले उनको बुद्धिलाई मथेर त्यसबाट काम-क्रोधादि सम्पूर्ण विकारलाई बाहिर फ्याँकिदियो ॥२९॥ यसपछि युद्धको प्रारम्भमा भगवान्द्वारा उपदेश गरिएको गीता-ज्ञानको उनलाई फेरि संझना हुन गया, जुन ज्ञानको समयको परिवर्तन तथा कर्मजन्य तमो-गुणले गर्दा केही समयका लागि विस्मृति हुन गएको थियो ॥३०॥ त्यस बखतमा ब्रह्मज्ञानको प्राप्तिले गर्दा उनको शोक हटेर गयो, मायाको आवरण हटेकोले निर्गुण वस्तुको साक्षात्कार पनि भइहाल्यो र यसैले गर्दा उनको द्वैतको शङ्का हटेर गयो,अतः यो स्थूल शरीरको अभिमान तथा भान नरहेकोले उनले जन्ममृत्युरूप चक्र-बाट छुट्कारा पाए अर्थात् अर्जुनलाई म जन्म मरणरहित, लिंगशरीरहीन, निर्गुण ब्रह्मरूप हुँ भन्ने ज्ञान भयो ॥३१॥

भगवान्को रपमधाम-गमन औ यदुवंशको संहारको वृत्तान्त सुनेपछि राजा युद्धिष्ठिरले (नारदको कुरा संझेर) मनलाई स्थिर गरी स्वर्गा-रोहण गर्ने अर्थात् स्वर्गलोक जाने इच्छा गरे॥३२॥ कुन्तीले पनि अर्जुनको मुखबाट यदुवंशीहरूको विनाश औ कृष्ण भगवान्को वैकुण्ठगमनको कुरा सुनेपछि अनन्य (निश्चल) भक्तिले आफ्नो मन भगवान्मा लगाइदिइन् औ सदाका लागि यो जन्म-मृत्युरूप संसारबाट निवृत्त भइन् अर्थात् शरीर त्यागिदिइन् ॥३३॥ अजन्मा कृष्ण भग-वान्ले जुन यादवशरीरद्वारा पृथ्वीको भार हलुको गर्नुभएथ्यो त्यसलाई एउटा काँटाले अर्को काँटालाई झिकेर दुवैलाई मिल्काए झैं त्यागिदिनु-भयो, किनकि भगवान्को दृष्टिमा ता उहाँको यादवदेह औ पृथ्वीका भाररूप राजाहरूको देह, यी दुवै समान थिए ॥३४॥ जसरी नट अनेक वेष धारण गरी अभिनय गर्दछ र फेरि त्यसलाई त्यागिदिन्छ, त्यसैगरी भगवान् पनि थरी-थरीका कामको निम्ति मत्स्यादि रूप धारण गर्नुहुन्छ औ तिनलाई त्यागिदिनुहुन्छ, यसैकारण जुन

शरीरद्वारा उहाँले पृथ्वीको भार हर्नुभएथ्यो त्यसलाई त्यागिदिनुभयो ॥३५॥ जुन दिन सुन्न योग्यको कीर्ति भएका भगवान्‌ले आफ्नो मानिसको जस्तो शरीरले यस पृथ्वीको परित्याग गर्नुभयो अर्थात् यहाँबाट अन्तर्धान हुनुभयो त्यै दिन अविवेकी वीरहरूलाई अधर्ममा फसाउने कलि युगको अधिकार संसारमा फैलिहाल्यो ॥३६॥ विवेकी युधिष्ठिरले राज्यमा कलियुगको प्रवेश भएको थाहा पाएर औ प्रत्येक देश, शहर, घर औ प्राणीहरूमा लोभ, असत्य, छल, हिंसा आदि अधर्मको बढती हुन लागेको देखेर स्वर्ग जाने निश्चय गरे ॥३७॥

राजा युधिष्ठिरले गुणमा आफूसमानका औ अति विनयी नाती परीक्षितको हस्तिनापुरमा समुद्र-पर्यन्तको पृथ्वीको सम्राट्पदमा राज्याभिषेक गरे ॥३८॥ औ मथुरामा शूरसेन देशका राजाको रूपमा अनिरुद्धका छोरा वज्रको अभिषेक गरेर यसपछि समर्थ युधिष्ठिरले प्राजापत्य यज्ञ गरेर आहवनीय आदि अग्निलाई आफूमा लीन गराइदिए अर्थात् गृहस्थाश्रमको धर्मबाट मुक्त भएर सन्यास ग्रहण गरे[१] ॥३९॥ युधिष्ठिरले आफ्ना जम्मै वस्त्र-आभूषणादि त्यहीं छाडिदिए औ ममता तथा अहङ्कार त्यागेर सम्पूर्ण विषय बन्धनलाई छिनालिदिए ॥४०॥ उनले दृढ भावना द्वारा वाणीलाई मनमा लीन गरिदिए अर्थात् मौन भएर मनलाई योगबलले प्राण अर्थात् लिङ्ग-शरीरमा लीन गरे, प्राणलाई अपान अर्थात् आकर्षण वायुमा लीन गरे औ अपानलाई उत्सर्ग अर्थात् अपानको व्यापारसहित मृत्युमा लीन गरे तथा मृत्युलाई पञ्चभूतमय शरीरमा लीन गरिदिए अर्थात् यस शरीरको मृत्यु हुने हो, आत्माको ता हुने होइन भन्ने भावमा गरे ॥४१॥ यसप्रकारसँग ती मुनिले शरीरलाई मृत्युरूप सम्झेर त्यसलाई मायाका तीनै गुणमा मिलाई दिए, त्रिगुणलाई मूल प्रकृति (माया) मा, प्रकृति लाई आत्मामा र आत्मालाई आत्माहरूका आत्मा अविनाशी ब्रह्ममा विलीन गरिदिए अर्थात् उनलाई यो सम्पूर्ण दृश्य-प्रपञ्च ब्रह्मस्वरूप हो भन्ने अनुभव हुन लाग्यो ॥४२॥ यसपछि उनले शरीरमा चीर वस्त्र धारण गरी, अन्न-जल त्यागेर मौन भईकन, केश फुकाएर छर्र पारे। साधारण मानिसको दृष्टिमा उनी मूर्ख, बौलाहा औ पिशाच लागेको जस्तो देखिन लागे ॥४३॥ यसप्रकारसँग यताउति कतै नहेरेर, बहिरो झैं कसैको कुरा सुन्दै नसुनेर घरबाहिर निस्के र हृदयमा परब्रह्म परमात्माको चिन्तन गर्दै उत्तर दिशातिर लागे, यस दिशातिर अहिलेसम्म अनेक महात्माहरू लागिसकेका छन्, त्यतातिर लागेपछि फेरि फर्केर आउनुपर्दैन ॥४४॥

भीमसेन आदि गरिएका उनका भाइहरूले पनि पृथ्वीमा अधर्मको सहायक कलियुगले मानिस हरूको चित्तमा अधिकार जमाएको देख्ता देहत्याग गर्ने निश्चय गरी आफ्ना दाजु धर्मराजको पछि लागे ॥४५॥ पाण्डवहरूले जीवनमा हुने सबै किसिमको लाभ प्राप्त गरिसकेका थिए यसैले

१ ज्ञानपूर्वक ब्रह्ममा लीन भएर देहत्याग गर्ने इच्छा गर्नु नै प्राजापत्य यज्ञ हो किनकि यति भएपछि अष्टाङ्ग योगको साधन निर्विघ्नपूर्वक हुन सक्तछ।

यी सबै वस्तु असत्य हुन् भन्ने देखेर श्रीकृष्णको चरणकमललाई नै आफ्नो अन्तिम शरण ठह्र्याई उहाँलाई हृदयमा धारण गरे ॥४६॥ भगवान्को चरणकमलको ध्यान गर्नाले उनीहरूको हृदयमा भक्ति-भाव बढेर आयो र यसद्वारा बुद्धि पूर्णतया शुद्ध भएकोले श्रीकृष्णको स्वरूपमा उनीहरूको चित्त एकाग्र हुन गयो। यसप्रकारसँग नारायणको चरणमा निश्चल भक्ति गरेर ती निष्पाप पाण्डवहरूले विषयासक्त दुष्ट पुरुषका लागि अत्यन्त दुर्लभ हुने गति प्राप्त गरे ॥४७-४८॥

यता अन्तःकरणलाई सदा वशमा राख्ने महात्मा विदुरले पनि तीर्थयात्रा गर्दा यो संवाद सुनेर, श्रीकृष्णमा चित्त स्थिर गरी प्रभास क्षेत्रमा आफ्नो शरीरको त्याग गरे औ त्यस वेलामा आफूलाई लिन आएका पितृहरूको साथमा आफ्नो लोक अर्थात् यमलोकतिर लागे ॥४९॥ द्रौपदीले पनि आफ्ना पाँचै जना पतिले आफ्नो केही वास्ता नराखेर स्वर्गको बाटो लिएको देख्ता अनन्य प्रेमले श्रीकृष्ण भगवान्को चिन्तन गर्दै उहींमा लीन भइन् अर्थात् परमधाम गइन् ॥५०॥

भगवान्का प्यारा भक्त पाण्डवहरूको महाप्रयाण (स्वर्गगमम) को यो परम पवित्र औ अत्यन्त कल्याणकारिणी कथालाई जुन मानिसले श्रद्धासँग सुन्दछ त्यसले भगवान्को भक्ति प्राप्त गरेर मोक्ष-लाभ गर्दछ ॥५१॥

अध्याय-१६

दिग्विजयकालागि निस्केका परीक्षित पृथ्वी औ धर्मको संवाद सुन्दछन्

सूतजीले भने—

हे शौनकजी ! पाण्डवहरू परमधाम गएपछि भगवान्का परम भक्त महाराज परीक्षित विद्वान् ब्राह्मणहरूको उपदेशअनुसार पृथ्वीको राज्य गर्न लागे । उनी जन्मदाखेरि ज्योतिषीहरूले उनको सम्बन्धमा जति कुरा भनेका थिए वास्तवमा ती सबै महान् गुण यिनमा प्रकट हुन लागे ॥१॥ यिनले उत्तरकी छोरी इरावतीसँग बिहे गरेर यी रानीबाट यिनका जनमेजय आदि गरिएका चार छोरा पनि उत्पन्न भए ॥२॥ राजा परीक्षितले शारद्वत (कृपाचार्य) लाई गुरु बनाएर गङ्गाको किनारामा धेरै धेरै दक्षिणा दिनुपर्ने तीन अश्वमेध-यज्ञ गरे । यी यज्ञमा देवताहरू प्रत्यक्षरूपले प्रकट भईकन आफ्नो आफ्नो भाग लिन आएका थिए ॥३॥ एकचोटि दिग्विजय गर्न निस्केको वेलामा यिनले बाटोमा शूद्रको रूपमा कलियुगले राजाको वेष धारण गरी एउटी गाई औ बैलको जोडीमाथि पदाघात गर्न लागेको देखे। यो देख्ता वीर परीक्षितले बलपूर्वक कलिलाई पक्रेर दण्ड दिए ॥४॥

शौनकजीले सोधे—

महाराज परीक्षितले दिग्विजयको समयमा कलियुगलाई दण्ड मात्र दिएर किन छाडेको ? किन नमारेको ? गाईलाई लात हान्ने, राजाको वेष धारण गरेको यो शूद्र को थियो ?

हेमहाभाग्यमानी सूतजी ! यस प्रसङ्गको कृष्ण-भगवान्को कुनै कथा अथवा उहाँका चरण-कमलको मकरन्द रसको पान गर्ने रसिक भक्त-हरूको चरित्रसित सम्बन्ध छभने हामीलाई यो चरित्र सुनाउनु होस्। अरू व्यर्थका कुरा सुन्नाले ता केही फाइदा छैन, यस्ता कुरा सुन्नु ता आयुलाई खेर फाल्नु हो ॥५-६॥ हे सूतजी ! मोक्षको चाहना गर्ने तर अल्पायु हुनाले मृत्युले ग्रस्त रहने मानिसहरूको कल्याणको निम्ति भगवान् यमको आवाहन गरेर उनलाई यहाँ शान्तिकर्ममा नियुक्त गरिराखेको छ ॥७॥ जबसम्म यमराज यहाँ यस काममा नियुक्त छन् तबसम्म कसैको मृत्यु हुने छैन। मृत्युले ग्रस्त रहने मनुष्यलोकका जीवले समेत भगवान्का कथामृतको पान गर्न सकून् भन्ने अभिप्रायले महर्षिहरूले भगवान् यमलाई यहाँ बोलाई राखेको छ ॥८॥ भगवान्को गुणानु-वादको श्रवण-कीर्तन नगर्ने मन्दभाग्य, मन्दमति तथा मन्द-आयुवाला मानिसको आयु रात्रिमा निद्राले औ दिनमा व्यर्थको काम गर्नाले बितेर जान्छ ॥९॥

सूतजीले भने-—

राजापरीक्षितले कुरुजाङ्गल देश (हस्तिनापुर) मा रहेर राज्य गर्नलागेको बखतमा आफ्नो सेनाद्वारा सुरक्षित देशमा कलियुगको प्रवेश भयो भन्ने सुने। यो खबर सुन्दा उनलाई दुःख ता अवश्य भयो, तर युद्ध गर्ने मौका आइलागेकोले उस्तो दुःख भएन। अतः यो समाचार पाउनासाथ ती समरशूर महापराक्रमी परीक्षितले कलिलाई दमन गर्नको निम्ति धनुष धारण गरिहाले ॥१०॥ औ श्यामवर्णका घोडा जोतिएको, सिंहको चिह्नले सुशोभित ध्वजा फर्‌फराइराखेको, राम्रोसंग सजिएको रथमा सवार भई रथ–घोडा–हात्ती–पैदल यी चार अङ्गले युक्त भएको चतुरंगिणी सेना साथमा लिएर दिग्विजय गर्नको निम्ति सहरबाट बाहिर निस्के ॥११॥ यिनले भद्राश्व, केतुमाल, भारत, उत्तर कुरु औ किम्पुरुष आदि गरिएका खण्डलाई जितेर त्यहाँका राजाहरूबाट कर लिए ॥१२॥ पूर्वोक्त खण्डमा उनले त्यहाँका बासिन्दाहरूको मुखबाट आफ्ना पुर्खा महात्मा अर्जुन आदि गरिएका पाण्डवहरूको सुयश सुन्न पाए। यस यशोगानमा पद पदमा श्रीकृष्ण-भगवान्को महिमा प्रकट हुन्थ्यो ॥१३॥ भगवान्ले अश्वत्थामाको ब्रह्मास्त्रबाट कसरी आफ्नो रक्षा गर्नु-भएथ्यो, यादव औ पाण्डवहरूमा परस्पर कस्तो प्रेम थियो औ यिनीहरूको श्रीकृष्णमा कस्तो भक्ति थियोइत्यादि प्रसङ्ग उनले सुन्न पाए ॥१४॥ जस जसले यी चरित्र गाएर सुनाउँथे तिनीतिर प्रेमपूर्ण दृष्टिले हेरेर उदार मन भएका राजा परीक्षित खूब दङ्ग परी धेरै धेरै मोल पर्ने वस्त्र औ मणिहरू उनलाई बक्सिस दिन्थे ॥१५॥ कृष्ण-भगवान् आफ्ना परमप्रिय पाण्डवहरूको कहिले सारथि औ कहिले सभासद् बन्नुभयो, उनीहरूको मनअनुसार काम गरेर सेवासमेत गर्नुभयो, मित्र ता हुँदै हुनुहुन्थ्यो औ कहिले ता दूतसम्म पनि हुनुभयो, रात्रिको समयमा शस्त्र ग्रहण गरी वीरासनमा बसेर छाउनीमा पहरा दिनुहुन्थ्यो, कहिले उनीहरूको पछि लागेर स्तुति औ प्रणाम गर्नुहुन्थ्यो, यति मात्र ह्वैन, पाण्डवहरूको चरणमा सबै राजाहरूलाई निहुराइदिनुभयो। यस किसि-मका कुरा सुन्दा परीक्षितको श्रीकृष्णको चरण-

कमलको भक्ति झन् बढेर आउँथ्यो ॥१६॥ यसप्रकारसँग दिनदिनै आफ्ना पुर्खाहरूको वृत्तिको अनुसरण गर्दै दिग्विजय गर्न लागेको वेलामा आफ्नो छाउनीदेखि अलि पर एउटा अचम्म लाग्दो घटना भयो, त्यो म तिमीलाई सुनाउँछु, सुन ॥१७॥ धर्म, गोरुको रूप धारण गरी एउटा खुट्टाले घुमिराखेको थियो, घुम्दा घुम्दैमा त्यसले बाटोमा गाईको रूपमा पृथ्वीलाई भेटयो। छोराको मृत्युले दुःखित भएकी आमा झैं उनी आँखाबाट आँसु झारिराखेकी थिइन् ॥१८॥

धर्मले सोध्यो—

ए कल्याणि ! तिमीलाई कुशल ता छ ? तिम्रो मुख ता अलि निनाउरो भइराखेको छ, यसैले तिम्रो शोभा नष्ट भएको देखिन्छ। ए माताजी ! आफ्नो कुनै सम्बन्धी दूर देशमा गएकोले यसरी चिन्ता गरिरहेकी ह्वौ कि ? ॥१०॥ मेरा तीन खुट्टा नष्ट भएर एउटै मात्र बाँकिरहेकोमा तिमीलाई शोक भएको हो कि ? अथवा शूद्रले आफूमाथि राज्य गर्न लागेको देख्ता दुःखित भएकी हौ कि ? यज्ञमा आहुति नपाउने देवताहरूको निम्ति वा इन्द्रले वर्षा नगर्दा दुर्भिक्षले पीडित भइराखेका प्रजाको निम्ति तिम्रो यो शोक हुन सक्तछ ॥२०॥ अथवा हे पृथ्वि ! राक्षसहरू-समान उपद्रव मच्चाउने पुरुषहरूले आइमाई औ बालकलाई समेत बडो कष्ट दिन लागेका छन्, यिनीहरूको पटक्कै रक्षा गर्दैनन् यस्ता आइमाई औ बालकको निम्ति तिमीले शोक गरेकी हो कि ? विद्या कुकर्मी ब्राह्मणहरूको हातमा र बाहुन-हरूले ब्राह्मण द्रोही राजाहरूको सेवा गर्न लागेको देख्ता तिमीलाई दुःख भएको हो कि ? ॥२१॥ अचेलका नाम मात्रका राजाहरूमा कलि युगको पूरा पूरा प्रभाव परिसकेको छ, यिनीहरूले ठूला ठूला देशलाई उजाड पारिदिएका छन्। यिनै राजा अथवा देशको निम्ति मा दुःखित भएकी हौ कि ? अचेलका दुनियाँ खान-पान, वस्त्र, स्नान औ स्त्री-सहवासमा शास्त्रीय नियमको पालन नगरी मनपर्दो गरिरहेका छन्, के यसको निम्ति तिमीलाई अफसोस भएको हो कि ? ॥२२॥ अथवा हे पृथ्वीमाता ! जसले तिम्रो भार हलुको गर्नको निम्ति अवतार लिनुभएथ्यो, उनै श्रीकृष्ण अन्तर्धान हुनुभएकोले उहाँदेखि रहित भएर, मोक्षको समेत अवलम्बन भएका उहाँका अद्‌भुत चरित्रको स्मरण गरेर तिमीले यसरी दुःख मानेको हुन सक्तछ ॥२३॥ धन-रत्नको खानि भएकी हे देवि ! आफ्नो क्लेशको कारण, जसले गर्दा तिमी यस्ती दुब्ली भएकी छौ, मलाई भन। अथवा बडा बडा बलवान्‌लाई समेत परास्त गर्ने परम बलियो कालले तिम्रो देव-पूजित सौभाग्यलाई नष्ट गरिदिएको हो कि ? ॥२४॥

पृथ्वीले भनिन्—

हे धर्म ! मसित तिमी जो सोधिरहेका छौ, त्यो सब कारण स्वयं आफै जान्दछौ, जुन भग-वान्‌का सहाराले तिमी सारा संसारलाई सुख दिने चार चरणले युक्त थियौ तथा जसमा सत्य, पवित्रता, दया, क्षमा, त्याग, सन्तोष, आर्जव (सरलता), शम (मनको नैश्चल्य), दम (इन्द्रिय-हरूलाई वशमा राख्नु), तप (स्वधर्मनिष्ठा), समता (शत्रु-मित्रको भाव नराख्नु), तितिक्षा (अर्काले गरेको अपराध सहनु), उपरति (औदा-सिन्य), श्रुत (शास्त्र विचार), ज्ञान, वैराग्य,

ऐश्वर्य, शूरवीरता, तेज, बल, स्मृति, स्वतन्त्रता, कुशलता (क्रिया–निपुणता), कान्ति (सौन्दर्य), धैर्य (अव्याकुलता), मृदुलता, निर्भीकता, विनय, शील, साहस, उत्साह, बल (मन र ज्ञान–कर्मेन्द्रियको चातुरी), सौभाग्य, गम्भीरता, स्थिरता, आस्तिकता, कीर्ति, मान औ निरहंकारता, यी उनन्चालीस अप्राकृत गुण तथा यीबाहेक बडा बडा महापुरुषहरूद्वारा इच्छा गरिने अरू पनि शरणागतवत्सलता आदि गरिएका अनेक महागुण उहाँको सेवा गर्नको निम्ति वर्तमान रहन्छन्, एक छिनको निम्ति पनि अलग हुँदैनन् उनै सम्पूर्ण गुणका आश्रय, सौन्दर्यधाम श्रीकृष्ण भगवान्देखि रहित भएर यो संसार अहिले पापमय कलियुगको कुदृष्टिको शिकार बन्न गएकोले मलाई ठूलो शोक भइराखेको छ ॥२५–३०॥ आफ्नो निम्ति, देवताहरूमध्येका श्रेष्ठ तिम्रो निम्ति, देवता, पितृहरू, ऋषि, साधु तथा समस्त वर्ण औ आश्रमका मानिसको निम्ति म शोक–ग्रस्त भइराखेकी छु ॥३१॥ ब्रह्मादि देवताहरूले जुन लक्ष्मीको कृपाकटाक्ष प्राप्त गर्नको निम्ति भगवान्को शरणागत भएर अनेक दिनसम्म तपस्या गरेथे, त्यस्ती लक्ष्मी ता आफ्नो निवासस्थान कमलवनको परित्याग गरेर बडो प्रेमसंग जसको चरणकमलको सुभग छत्रछायाको सेवन गर्दछिन्, उनै भगवान्को कमल, वज्र, अङ्कुश औ ध्वजा आदि चिह्नले युक्त भएको श्रीचरणले विभूषित हुनाले मलाई महान् वैभव प्राप्त भएको थियो औ म तीनै लोकभन्दा बर्ता शोभायमान भएकी थिएँ, तर अफसोस ! भगवान्ले म अभागिनीलाई छाडिदिनुभयो। मलाई आफ्नो सौभाग्यमा गर्व भएकोले उहाँले यो दण्ड दिएको जस्तो लाग्दछ ॥३२–३३॥

हे धर्म ! उनै स्वेच्छाविहारी प्रभुले असुरवंशी राजाहरूको सयकडौं अक्षौहिणी सेनाको रूपमा रहेको मेरो अतिशय गह्रौं भारलाई यदुकुलमा सुन्दर शरीर धारण गरेर नष्ट गरिदिनुभयो। आफ्ना तीन चरण कम भएकोले तिमी मनैमनमा कुढिएका थियौ अतः उहाँले आफ्नो पुरुषार्थले तिमीलाई फेरि सबै अङ्गले पूर्ण एवं स्वस्थ बनाइदिनुभएथ्यो ॥३४॥ यस्तो पुरुषोत्तम कृष्णभगवान्को वियोग कसले सहन सक्ला ? उहाँ आफ्नो प्रेमपूर्ण हेराइ, मनलाई आकर्षित गर्ने मुसकान औ मीठा मीठा कुराले सत्यभामा आदि मानिनी स्त्रीहरूको मान हरेर उनलाई विस्मित एवं मुग्ध पारिदिनुहुन्थ्यो औ उहाँको चरणकमलको स्पर्शले गर्दा म सदा आनन्दले रोमाञ्चित भइरहन्थें ॥३५॥

धर्म औ पृथ्वीको यसप्रकारसंग आपसमा कुराकानी भइरहेको बखतमा राजर्षि परीक्षित पूर्ववाहिनी सरस्वतीको तीरमा आइपुग्नुभयो ॥३६॥

अध्याय – १७

महाराज परीक्षितद्वारा कलियुगको दमन।

सूतजीले भने—

त्यहाँ पुगेपछि राजा परीक्षितले एउट राजवेषधारी शूद्रले हातमा डण्डा लिएर गाई–गोरुको

एक जोडीलाई उनको कुनै मालिकै नभएको जस्तो गरी पिट्न लागेको देख्नुभयो ॥१॥ यी दुईमध्ये कमलको डांठ समानको सेतो रंगको गोरु एउटा खुट्टाले उभिराखेको थियो औ शूद्रको ताडनाले पीडित भएर डरले थर्थर् काम्दै वारंवार मूत्रत्याग गरिरहेको थियो ॥२॥ काम-धेनु समानकी ती गाईको पनि वारंवार शूद्रको लातको चोट परेकोले अत्यन्त दीन अवस्था भइराखेको थियो, बाच्छो साथमा थिएन: दुब्ली पातली ती गाईको आँखाबाट भोक लागेकोले आँसु बगिराखेको थियो ॥३॥ सुवणजटित रथमा चढेका राजा परीक्षितले धनुषमा बाण चढाएर मेघ समानको गम्भीर वाणीले त्यस शूद्रलाई भन्न-लाग्नुभयो ॥४॥ "अरे! तँ को होस्? हेर्दा बलियो देखिन्छस् तापनि मेरो आश्रित राज्यका यी निर्धा प्राणीलाई किन बलजफ्तीसंग पिट्न लागेको छस्? नटको भैं तैंले वेष ता राजाको जस्तो बनाएको छ तर कर्मले ता शूद्र पो मालूम हुन्छस् ॥५॥ गाण्डीवधारी मेरा पितामह अर्जुनसहित कृष्ण भगवान्लाई परम धाम पाल्नुभएको देखेर यसप्रकारसंग निर्जन स्थानमा निरपराधीहरूलाई सताउने तँ को होस्? जोसुकै भए तापनि वास्तवमा तँ ता अपराधी नै होस् तसर्थ वध नै तेरो निम्तिको उचित दण्ड हो" ॥६॥

कलियुगलाई यसप्रकारसंग हप्काएर उहाँले धर्मलाई सोध्नुभयो— "कमलको डाँठसमानको सेतो वर्ण भएको तपाइं को हुनुहुन्छ? तीन खुट्टा नभए तापनि एउटैले डुलफिर गर्नुहुन्छ; तपाइंको यो अवस्था देख्ता मलाई बडो कष्ट भइराखेको छ। गोरुको रूप लिएको तपाइं कुनै देवता पो हुनुहुन्छ कि? ॥७॥ पुरुवंशी राजाहरूको बाहु-बलले सुरक्षित रहेको यस पृथ्वीमण्डलमा मैले तपाईंसिवाय अरू कुनै प्राणीको आँखाबाट शोकको आँसु भरेको देखेको छैन ॥८॥ हे गोपुत्र! अबलाई शोक नगर्नोस्, यस शूद्रदेखि निर्भय रहनुहोस्। हे गोमाता! दुष्टको दमन गर्ने म आइहालें तसर्थ तपाईं पनि नरुनोस् अबलाई तपाईंको कल्याण हुनेछ ॥९॥ हे देवी! जुन राजाको राज्यमा दुष्टहरू उपद्रव गरेर प्रजालाई कष्ट दिन्छन्, त्यो मतवाला राजाको कीर्ति, आयु, ऐश्वर्य औ परलोक सबै नष्ट हुन्छन् ॥१०॥ दुःखीहरूको दुःख दूर गर्नु नै राजाको परम धर्म हो, अतः यो जीवनद्रोही महादुष्टलाई अहिले नै मारिदिन्छु ॥११॥ हे सुरभिनन्दन (वृष)! तपाईं ता चार खुट्टा हुने जीव हुनुहुन्छ, तपाईंका तीन खुट्टा कसले काटिदिए? कृष्ण भगवान्का अनुयायी राजाहरूको राज्यमा ता तपाईं जस्ताको यस्तो दशा नहुनुपर्ने हो ॥१२॥ हेवृष! तपाईं-समानका निरपराध साधु स्वभाव भएकालाई कुन दुष्टले यसरी अङ्ग भङ्ग गरेर पाण्डवहरूको कीर्तिमा कलङ्क लगाएको हो? त्यसको नाम भन्नोस्, उसको नाम भन्नाले तपाईंको कल्याण नै हुनेछ ॥१३॥ निरपराध प्राणीलाई दुःख दिने व्यक्ति जहाँसुकै भए तापनि त्यसलाई अवश्य मदेखिको भय हुनेछ, किनकि दुष्टहरूको दमन गर्नाले साधुहरूको उपकार नै हुन्छ ॥१४॥ उद्दण्ड भएर निरपराध प्राणीलाई दुःख दिने दुष्ट साक्षात् देवता भए तापनि म त्यसको बाजुबन्द धारण गरेको हात काटिदिनेछु ॥१५॥ आफ्नो धर्ममा रहेका प्रजाको पालन गर्नु औ आपत्तिकाल

नपरीकन मर्यादाको उल्लङ्घन गर्नेहरूलाई शास्त्रअनु-सारको दण्ड दिनु नै राजाको परम धर्म हो"॥१६॥

धर्मले भने--

दुःखीहरूलाई अभय दिने, तपाईंले भन्नुभएको यो वचन तपाईंलाई सुहाउने नै किसिमको हो, किनकि तपाईंले पाण्डवहरूको कुलमा जन्म लिनुभएको छ, जुन पाण्डवहरूको गुणमा मुग्ध भएर स्वयं कृष्ण भगवान्‌ले उनीहरूको सारथि औ दूत हुन स्वीकार गर्नुभएथ्यो ॥१७॥ हे पुरुषश्रेष्ठ ! जीवहरूको क्लेशको मूल कारण कुन पुरुष हो सो कुराको हामीलाई पत्तो छैन, शास्त्रमा पनि यस विषयमा अनेक मत भएकोले हाम्रो बुद्धि मोहित भइराखेको छ ॥१८॥ कुनै प्रकारको द्वैत स्वीकार नगर्नेहरू स्वयं आफूलाई नै दुःख सुखको कारण सम्झन्छन्, दैवज्ञहरू दैवलाई, मीमांसकहरू कर्मलाई, प्रकृतिवादीहरू प्रकृति (स्वभाव) लाई औ कोही कोही ता ईश्वरलाई नै दुःखको कारण मान्दछन् ॥१९॥ कसै कसैको यस्तो पनि मत छ— दुःख सुखको कारण त्यै हो जो कि तर्कद्वारा जान्न सकिन्न औ वाणीद्वारा बताउन सकिन्न । हे राजर्षे ! यिनीहरूमध्ये कुनचांहि मत ठीक हो सो कुराको तपाईं आफ्नै बुद्धिले विचार गर्नुहोस् ॥२०॥

सूतजी भन्दछन्—

हे शौनकजी ! धर्मको यसप्रकारको वचन सुनेपछि सम्राट् परीक्षित अत्यन्त प्रसन्न भए, उनको भ्रम हटेर गयो औ धर्मको अभिप्राय बुझेर एकाग्र चित्तले उनलाई भन्न लागे ॥२१॥

परीक्षितले भन्नुभयो—

धर्मको तत्व बुझेका हेवृषभदेव ! तपाइ ता धर्मको उपदेश गर्न लाग्नुभएको छ, अतः तपाइं अवश्य वृषभको रूप लिएको धर्म हुनुहुँदो रहेछ, अधर्म गर्नेले जुन नरकमा जानुपर्दछ त्यसको चुक्ली लाउनेले पनि सोही नरकमा जानुपर्ने हुनाले तपाईंले दुःख दिनेको नाम नभन्नुभएको होला ॥२२॥ अथवा परमेश्वरको मायाको गति स्वरूपलाई प्राणीले न मनमा विचार गर्न सक्तछन् न वाणीद्वारा वर्णन गर्न सक्तछन्—यै सिद्धान्त नै निश्चित हो ॥२३॥ सत्य युगमा तपाईंका तप, पवित्रता, दया, सत्य यी चार चरण थिए । यस वखतमा ता अधर्मका अंश, गर्व, आसक्ति औ मदले गर्दा तीन चरण नष्ट भइसकेका छन् ॥२४॥ हे धर्म ! अहिले ता तपाईंको सत्य नामक केवल एउटा चरण बांकिरहन गएको छ, त्यसैको आधारमा तपाईंले आफ्नो शरीर धारण गरिराख्नुभएको छ । यो अधर्मरूप कलियुगले ता असत्यद्वारा त्यसलाई पनि नष्ट गर्न खोजिराखेको छ ॥२५॥ यी गौ-माता साक्षात् पृथ्वी हुन्, भगवान्‌ले अवतार लिएर यिनको भार हलुको गर्नुभएको थियो औ उहाँको श्रीसम्पन्न चरणचिह्नले चिह्नित भएर यिनी सर्वत्र सुशोभित भएकी थिइन् ॥२६॥ अहिले ता उहाँदेखि बिछोड भएकोले यी साध्वी अभागिनी झैं आँखाभरि आँसु लिएर, अबलाई राजाको स्वांग गरेर ब्राह्मणद्रोही शूद्रहरूले मेरो भोग गर्नेछन् भन्ने कुराको चिन्ता गरिरहेकी छन् ॥२७॥

पृथ्वी औ धर्मलाई यसप्रकारसंग सान्त्वना दिसकेपछि महारथी परीक्षितले अधर्मको कारणरूप कलिलाई मार्नको निम्ति तीखो तलवार हातमा लिनुभयो ॥२८॥ आफूलाई मार्नका

निम्ति परीक्षितलाई उद्यत भएको देख्ता कलियुगले हत्तपत्त आफ्ना राजचिह्न मिल्काएर, भयले आकुल-व्याकुल परी उहाँको चरणमा टाउको राख्यो ॥२९॥ शरणदिने, परम यशस्वी, दीन दुःखीको रक्षागर्ने परीक्षितले उसलाई आफ्नो पाउमा घोप्टिएको देख्ता, मनमा दया उठेकोले, मार्नु भएन, बरु हांसीहांसीकन भन्नुभयो ॥३०॥

राजा परीक्षितले भन्नुभयो—

ए शूद्र ! तँ ता हात जोरेर पाउ पर्न आइहालिस् तसर्थ महाराज अर्जुनको वंशमा उत्पन्न भएका कुनै वीरको तैंले अलिकता पनि डर मान्नुपर्दैन, तर अधर्मको सहायक हुनाले तैंले कुनै हालतमा पनि मेरो राज्यमा रहन हुन्न ॥३१॥ तँ रहनाले राजाहरूको शरीरमा लोभ, असत्य, चोरी, अनार्य्यता (दौर्जन्य), स्वधर्म-त्याग, दरिद्रता, कपट, कलह, दम्भ आदि अधर्मका अनुचरहरूको प्रवृत्ति भइहाल्दछ ॥३२॥ अतएव हे अधर्मको मित्र ! सत्य औ धर्मले रहने योग्य स्थान यस ब्रह्मावर्त्तमा तैंले एक छिन पनि नअडिनू, किनकि यस क्षेत्रमा ता यज्ञको विधि-विधान जान्ने महात्माहरू यज्ञद्वारा भगवान् यज्ञपुरुषको आराधना गरिरहन्छन् ॥३३॥ यस क्षेत्रमा स्वयं भगवान् हरि यज्ञको रूपमा रहनुहुन्छ, यज्ञद्वारा उहाँको पूजा हुन्छ औ उहाँले यज्ञ गर्नेहरूको कल्याण गर्नु हुन्छ । जसरी वायु सर्वत्र व्याप्त रहन्छ त्यसैगरी सबैका आत्मा-रूप भगवान् पनि समस्त चराचर जीवको भित्र बाहिर व्याप्त भएर उनको सम्पूर्ण कामनालाई पूर्ण गर्नुहुन्छ ॥३४॥

सूतजीले भने—

परीक्षितको यसप्रकारको आज्ञा सुन्नासाथ कलियुगको सारा शरीर काम्न लाग्यो र उसले आफ्नो टाउकोमाथि तलवार सोझ्याएर खडाभएका यमराजसमानका परीक्षितलाई भन्यो ॥३५॥

कलिले भन्यो—

हे सम्राट् ! तपाईंको आज्ञानुसार म जहाँ बस्ने विचार गर्दछु त्यहीं नै तपाईंलाई धनुषमा वाण चढाएर आफ्नो पछि पछि आइराखेको देख्तछु ॥३६॥ अतः हे धर्मात्माहरूमध्येका श्रेष्ठ राजा ! स्वयं आफैंले मैले बस्ने योग्य ठाउं बताइदिनोस् जहाँ कि तपाईंको आज्ञा पालन गरेर म स्थिर भईकन रहन सकूँ ॥३७॥

सूतजी भन्दछन्—

कलिले यसप्रकारको प्रार्थना गरेपछि राजा परीक्षितले उसलाई बस्नको निम्ति द्यूत, मद्यपान, स्त्रीसंग औ हिंसा— यी चार ठाउँ तोकिदिए । यी ठाउँमा क्रमशः असत्य, मद, आसक्ति औ निर्दयता यी चार प्रकारका अधर्मले वास गर्दछन् ॥३८॥ उसले अर्को पनि ठाउँ माग्दा समर्थ परीक्षितले उसलाई बस्नको निम्ति अर्को एउटा ठाउँ "सुवर्ण" दिए । यसप्रकारसंग कलियुगका असत्य, मद, काम, वैर औ रजोगुणमा प्रवृत्ति, यी पाँच बस्ने ठाउँ भए ॥३९॥ उत्तराका छोरा महाराज परीक्षितले दिएका यिनै पाँच ठाउँमा अधर्मको मूल कारण कलि उनको आज्ञाको पालन गरेर रहन लाग्यो ॥४०॥ अतः आफ्नो उन्नति चाहने पुरुषले यी पाँच ठाउँको कहिले पनि सेवन गर्न हुन्न; विशेष गरेर प्रजावर्गका लौकिक नेता

धर्मात्मा राजा औ धर्मको उपदेश गर्ने गुरुहरूले ता यिनीहरूपट्टि आँखै लगाउन हुन्न ।।४१।। यसपछि राजा परीक्षितले वृषभरूप धर्मका नष्ट भएका तप, शौच औ दयारूप यी तीन पाइला जोरिदिए तथा गोरूप पृथ्वीलाई पनि आश्वासन दिएर उनको श्रीवृद्धिमा दत्तचित्त भए ।।४२।। अहिले पनि उनै महाराज परीक्षित आफ्ना पितामह महाराज युधिष्ठिरले वन जाँदाखेरि दिएर गएको, चक्रवर्ती सम्राट्‌लाई सुहाउने आफ्नो राजसिंहासनमा विराजमान छन् ।।४३।। चक्रवर्ती, परमयशस्वी महाभाग्यशाली राजर्षि परीक्षित, कौरवकुलको राज्यलक्ष्मीले शोभायमान भई अहिले हस्तिनापुरमा विराजमान छन् ।।४४।। अभिमन्युका छोरा राजा परीक्षित वास्तवमा प्रभावशाली छन्, यिनैको शासनकालमा तपाईंहरू यो धेरै कालमा समाप्त हुने यज्ञका निम्ति दीक्षित हुनुभएको छ ।।४५।। ×

अध्याय–१८

महाराज परीक्षितलाई शृङ्गी ऋषिले श्राप दिन्छन् ।

सूतजी भन्दछन्—

कृष्ण भगवान्‌का काम बडा आश्चर्यमय हुन्छन् ; उहींकै कृपाले राजा परीक्षित आफ्नी आमाको गर्भमा अश्वत्थामाको ब्रह्मास्त्रले डढ्दा पनि मरेनन् ।।१।। ब्राह्मणको श्रापले आफूलाई डस्नको निम्ति तक्षक आउँदा पनि उनी प्राण नाशको महान् भयले विकल भएनन्, किनकि उनले आफ्नो चित्त कृष्ण भगवान्‌को चरणमा समर्पित गरिसकेका थिए ।।२।। उनले सबैको संग त्यागेर, गङ्गातटमा उपस्थित भई, व्यासका छोरा शुकदेवजीबाट धर्मको उपदेश ग्रहण गरेर यसप्रकारसँग भगवान्‌को स्वरूपको ज्ञान प्राप्त गरी आफ्नो अनित्य शरीर त्यागिदिए ।।३।। श्रीकृष्ण भगवानका गुणको चर्चा गर्ने भक्तहरू सदा भगवत्कथारूपी अमृतको पान गर्दछन् औ नित्य निरन्तर उहाँको चरणकमलको स्मरण गरिरहन्छन् । यस्ता भक्तहरूलाई अन्तकालमा समेत मोह हुँदैन ।।४।। जबसम्म पृथ्वीमा अभिमन्युका छोरा परीक्षितको एकछत्र राज्य थियो तबसम्म सर्वत्र संसारमा कलिको प्रवेश भए तापनि उसको प्रभाव फैलिन पाएको थिएन ।।५।। जुन दिन, जुन समयमा भगवान्‌ले पृथ्वीको परित्याग गर्नुभयो त्यै वेलामा संसारमा अधर्मको मूल कारण कलि–युग व्याप्त भइहाल्यो ।।६।। सम्राट् परीक्षित भ्रमरासमान सारग्राही थिए, यसैकारण कलियुगसित उनी द्वेष गर्दैनथे, किनकि यस कलियुगको एउटा ठूलो गुण के छभने पुण्यकर्म ता मनमा विचार उठ्नासाथ तुरुन्तै फल दिने भइहाल्दछन्, तर पापकर्म ता सङ्कल्प मात्रले फल दिने हुँदैनन्, पापको नरकादि फल ता शरीरले पाप–कर्म गरेमा मात्र

×श्लोक ४३,४४ औ ४५ मा वर्तमान काल भैं परीक्षितको वर्णन गरिएको छ । तर सूतजीको शौनकादिहरूसंग भेट भएको वेलामा उनी परमधाम गइसकेका थिए । अतः यहाँ वर्तमानकालबाट निकट भूतकालको आशय लिनुपर्दछ ।

पाइन्छ ॥७॥ यसबाहेक यो कलियुग ता मूर्ख हरूमाथि मात्र आफ्नो प्रभाव पार्न सक्ने हो, धीर पुरुषदेखि ता सदा थर्कायमान रहन्छ। जसरी ब्वाँसोले बालकहरूमाथि आक्रमण गर्दछ त्यसैगरी यो पनि असावधान पुरुषलाई मात्र हत्तपत्त आफ्नो वशमा गर्दछ, सावधान व्यक्तिमाथि ता यसको केही चल्दैन, तसर्थ यस्तो कलियुग रहनाले पनि केही हानि छैन भन्ने विचारले राजाले उसलाई बस्न दिएका हुन् ॥८॥ हे शौनकादि ऋषि हो ! तपाईंहरूले सोध्नुभएको भगवान्‌को कथाले युक्तभएको राजा परीक्षितको परम पवित्र आख्यान तपाईंहरूलाई सुनाइहालें ॥९॥ कीर्तन गर्ने योग्यका ठूलाठूला कर्म गर्ने श्रीकृष्ण भगवान्‌का गुण औ लीलासीत सम्बन्ध भएका जति जति कथा छन्, आफ्नो उन्नति चाहने पुरुषले तिनैको मात्र सेवन गर्नुपर्दछ ॥१०॥

ऋषिहरूले भने—

हे सौम्य सूतजी ! तपाईं धेरै धेरै वर्ष बाँचिरहनोस्, किनकि तपाईं अनन्त कीर्ति भगवान्‌को अमृतरूप निर्मल यश, जो कि मरणशील मानिसको निम्ति अमृतसमान छ, हामीलाई सुनाइरहनुहुन्छ ॥११॥ यज्ञ गर्दा त्यसको धूँवाले हाम्रो शरीर खैरो भइसकेको छ, तैपनि यो यज्ञले साङ्गोपाङ्ग समाप्त भएर हामीलाई फल दिने हो वा होइन यसमा सन्देह नै छ, तर तपाईंले ता अहिले नै भगवान्‌का चरणकमलको मादक एवं स्वादिलो आसव पिलाएर हामीलाई तृप्त गराइरहनुभएको छ ॥१२॥ भगवान्‌का प्रेमी भक्तहरूसित एक छिन पनि संगत गर्नाले जुन सुख पाइन्छ त्योसित ता स्वर्ग औ मोक्षको सुखको समेत तुलना हुन सक्तैनभने संसारका स्त्री-पुत्रादि सामान्य सुखको ता कुरै भएन ॥१३॥

महापुरुषहरूका एक मात्र जीवनसर्वस्व कृष्ण भगवान्‌को कथा सुनेर तृप्त हुने किसिमको कुन रसज्ञ रसिक होला ? ती निगुर्ण भगवान्‌का गुणको अन्त्य ता ब्रह्मा, महादेव आदि ठूलाठूला योगेश्वरहरूले समेत पाउन सकेका छैनन् ॥१४॥ तपाईं ता भगवान्‌का परम भक्त हुनुहुन्छ तसर्थ सत्पुरुषहरूका एक मात्र आश्रय भगवान्‌का उदार औ विशुद्ध चरित्रको विस्तारपूर्वक वर्णन गरेर हामीलाई सुनाउनुहोस्, किनकि हेविद्वन् ! हामी त्यो सुन्नको निम्ति इच्छुक छौं ॥१५॥ भगवान्‌का परम प्रेमी, विशुद्ध बुद्धि भएका महाराज परीक्षित, शुकदेवजीले उपदेश गरेको जुन ज्ञानद्वारा मोक्षस्वरूप भगवान्‌को चरणकमलमा लीन भएथे, कृपया हामीलाई त्यै ज्ञान औ परीक्षितको परम पवित्र उपाख्यान बर्णन गरेर सुनाउनुहोस्; किनकि त्यसमा कुनै कुरा लुकाइएको छैन औ भगवत्प्रेमको अद्‌भुतनिष्ठाको निरूपण गरिएको छ। त्यसको पदपदमा कृष्ण भगवान्‌का लीलाको वर्णन गरिएको छ, त्यसैले भगवान्‌को प्यारा भक्तहरूलाई त्यो सुन्दा मनमा बडो आनन्द हुन्छ ॥१६-१७॥

सूतजी भन्दछन्—

अहो ! विलोम जातिमा उत्पन्न भए तापनि तपाईंहरू जस्ता वृद्ध महात्माहरूको सेवा गर्न पाउनाले आज हाम्रो जन्म सफल हुन गयो, किनकि महापुरुषहरूसित कुराकानी गर्न पाउनाले नै नीच कुलमा जन्म हुनाले उत्पन्न भएको

मानसिक व्यथा झट्ट शान्त भइहाल्दछ अर्थात् उनीहरूसितको वार्तालापले प्राप्त भएको ज्ञानले ठूलो सानो भन्ने भेद-भावलाई दूर गरिदिन्छ ।।१८।। यसो भएपछि ता महात्माहरूका एक मात्र आधार भगवान्का नामको उच्चारण गर्नेहरूको समस्त व्यथा दूर हुने कुरामा ता केही सन्देह नै भएन । भगवान्को शक्ति अनन्त, उहाँ स्वयं अनन्त हुनुहुन्छ, वास्तवमा गुणको अनन्त भएकोले नै उहाँलाई सबै शास्त्रले अनन्त भनेको हो ।।१९।। उहाँसमानको ता कसैको गुण नै छैन भने, वर्ता हुने ता कुरै भएन;उहाँको गुणको विशेषता बुझाउनको निम्ति यति भन्नु नै यथेष्ट छ कि आफूलाई प्राप्त गर्ने इच्छाले प्रार्थना गर्ने ब्रह्मादि देवताहरूलाई छाडेर. भगवान्ले इच्छा नगरे तापनि लक्ष्मी उहींकै चरणरजको सेवा गरिरहन्छिन् ।।२०।। ब्रह्माले भगवान्को पाउ धुनको निम्ति समर्पित गर्नुभएको जल नै, उहाँका चरण–नखबाट निस्की गङ्गाको रूपमा प्रवाहित भएर महादेवसहितको सारा जगत्लाई पवित्र गर्दछ । यसो भएपछि ता यी मुकुन्दबाहेक त्रिभुवनमा भगवान् शब्दको अर्को दोस्रो अर्थ के हुन सक्तछ ? ।।२१।। यी मुकुन्द भगवान्मा अनुरक्त रहने धीर पुरुष ता सहसा देहगेहादिको दृढ आसक्तिलाई छाडेर अन्तिम आश्रम पनि परमहंस धर्म ग्रहण गर्दछन् जसमा कसैलाई कुनै प्रकारको कष्ट नदिएर सबैतिरबाट उपशान्त रहनु नै एक मात्र धर्म संक्षिएको छ ।।२२।। सूर्य-समानको प्रकाश भएका हे महात्माहो ! तपाईं–हरूले मसित सोध्नुभएको कुरा,आफूलाई थाहा भए जति, आफ्नो बुद्धिअनुसार सुनाउँदछु । जसरी

चराहरू आफ्नो शक्तिअनुसार आकाशमा उड्न ता उड्दछन् तर आकाशको अन्त पाउन सक्तैनन् त्यसै गरी विद्वान्हरू पनि आफ्नो बुद्धिअनुसार नै विष्णु भगवान्का लीलाको वर्णन गर्दछन्; पूर्णरूपले वर्णन गर्ने ता कसैको ताकत छैन किनकि आकाश झैं उहाँको लीला पनि अनन्त छ औ मानिसको बुद्धि भने परिमित छ ।।२३।।

एक दिन राजा परीक्षित हातमा धनुष लिएर वनमा शिकार खेल्न गएका थिए । हरिणको पछि दगुर्दा दगुर्दा ज्यादै थाकेकोले उनलाई खूबसंग भोकप्यास पनि लाग्यो ।।२४।। कतै कुनै जलाशय नदेखिएकोले उनी नजीकको एक जना ऋषिको आश्रममा गए र त्यहाँ आँखा चिम्लेर शान्तभावसंग प्रसिद्ध मुनि शमीकलाई आसनमा बसिराखेको देखे ।।१५।। इन्द्रिय, प्राण, मन र बुद्धि निरुद्ध भएकोले उनी शान्त थिए । जाग्रत्, स्वप्न, सुषुप्ति यी तीनै अवस्थादेखि उत्तीर्ण भएर तुरीय अवस्थामा उपस्थित भएकोले ब्रह्ममय भइसकेका थिए अतएव क्रियारहित थिए ।।२६।। उनको शरीर चारैतिर छरिएको जटाले औ कृष्ण मृगचर्मले ढाकिएको थियो । यस्तो अवस्थामा बसेका शमीक मुनिसित महाराज परीक्षितले जल मागे किनकि तिर्खाले गर्दा उनको घाँटी सुख्खा भइराखेको थियो ।।२७।। तर मुनिद्वारा उनले न बस्नाको निम्ति तृणको आसन भेट्टाए न कसले उनलाई भूइँमा बस भन्यो, अर्घ्य तथा मीठो बोलीले सत्कार पाउने ता कुरै भएन, अतः आफ्नो अपमान भएको जस्तो संझेर राजा झोक्किहाले ।।२८।। हे शौनकजी ! भोक-प्यासले छट्पटी भइराखेकोले राजाको मनमा अकस्मात्

मुनिमाथि रिस औ ईर्ष्या उत्पन्न भइहाल्यो, यस्तो झोक ता उनलाई आफ्नो जीवनमा कहिले पनि उठेको थिएन ॥२९॥ कुटिबाट बाहिर आउने वेलामा उनले झोकै झोकले धनुषको टुप्पोले मरेको एउटा सांप उठाएर ऋषिको घांटीमा राखिदिए औ आफ्नो राजधानीतिर लागे ॥३०॥ राजाले विचार गरे—मुनिले सम्पूर्ण इन्द्रियलाई कर्मबाट निवृत्त गरेर आँखा चिम्लेका हुन् अथवा यी क्षत्रियहरूले मेरो के गर्न सक्तछन् भन्ने समझले मेरो उपेक्षा गर्नको निम्ति यो बनावटी समाधि लगाएको हो । यै कुराको परीक्षा लिनको निम्ति राजाले मुनिको घाँटीमा मरेको सर्प राखेका हुन् ॥३१॥

यी मुनिका बडा तेजस्वी छोरा अरू ऋषि-कुमारहरूसंग खेलिराखेका थिए। राजाले आफ्ना पिताको अपमान गरेको खबर पाउनासाथ उनले यसप्रकारसंग भने ॥३२॥ 'अहो ! हेरन यी राजा भनाउंदाहरू उच्छिष्ट-भोजी काग झैं सण्ड मुसण्ड भएर कत्तिको अन्याय गर्न लागेका छन् । ब्राह्मणको दास भएर पनि यिनीहरू यज्ञको ढोकामा पहरा दिने कुकुरले झैं आफ्नो मालि-कको अपकार गर्दछन् ॥३३॥ ब्राह्मणहरूले क्षत्रियहरूलाई आफ्नो द्वारपाल बनाएका छन्, अतः उनीहरुले ढोकैमा बसेर रखवाली गर्नु-पर्दछ; घरभित्र पसेर आफ्नो मालिकको भांडामा खाने उनको अधिकार छैन ॥३४॥ कुमार्गगामी-हरूलाई दण्ड दिने कृष्ण भगवान् परमधाम पाल्नुभयो, अतः धर्मको मर्यादा भङ्ग गर्ने यिनीहरुलाई अब म नै दण्ड दिन्छु, मेरो बल कत्तिको रहेछ तिमीहरू हेरिहालन' ॥३५॥

आफ्ना साथी बालकहरुलाई यति भनेर रिसले रातो रातो आँखा गरेका ती ऋषिकुमारले कौशिकी नदीको जल हातमा लिएर राजाको निम्ति वज्रसमानको यो शाप--वाक्यको प्रयोग गरे ॥३६॥ "मेरो पितासंग द्रोह गरेर यस प्रकारसंग मर्यादाको उल्लङ्घन गर्ने कुलाङ्गार परीक्षितलाई मेरो प्रेरणाले आजको सात दिनमा तक्षकले डस्नेछ" ॥३७॥

यसपछि बालक आफ्नो आश्रममा आए औ बाबुको घांटीमा साँपको लाश देख्ता दुःखले आकुल व्याकुल भई डाँको छाडेर रुन लागे ॥३८॥ हे ब्रह्मन् ! छोराको विलाप सुन्दा शमीक मुनिले बिस्तारै बिस्तारै आफ्नो आँखा उघारेर घाँटीमा मरेको सर्प झुण्डिराखेको देखे ॥३९॥ सर्पलाई हत्तपत्त मिल्काएर उनले छोरालाई सोधे– "ए बाबु ! किन रोइराखेको ? कसले तिम्रो अपराध गऱ्यो ?"। मुनिले यस किसिमसंग सोधेपछि बालकले सबै वृत्तान्त भनिदिए ॥४०॥ श्राप दिन अयोग्यका राजा परीक्षितलाई छोराले श्राप दिएका कुरा सुन्दा ती ब्रह्मर्षि छोरामाथि प्रसन्न भएनन् र उनलाई भन्नलागे—"अरे मूख बालक ! उनको सानो अपराधको निम्तिमा यस्तो कडा सजाय (श्राप) दिनु ता बडो अफशोशको कुरा हो । तैंले ता ठूलो अपराध गरिस् ॥४१॥ ए काँचो बुद्धि भएको बालक ! भगवत्स्वरूप राजालाई तैंले साधारण मानिस जस्तो भन्ठान्नु हुन्न, किनकि राजाको असह्य तेजले सुरक्षित रहेर प्रजाहरू निर्भय भईकन आफ्नो कल्याणको प्राप्ति गरिरहेका छन्॥४२॥ अरे बालक ! राजाको रूप धारण गरेर भगवान् पृथ्वीमा नदेखिनु-

भएको खण्डमा यो लोक चोर आदि बढ्नाले एक छिन मै रक्षक नभएको भेडाको बथान झैं नाश हुनेछ ॥४३॥ राजा नहुंदा दण्डको भय नहुनाले धन चोर्ने चोरहरूको संख्या बढेर जानेछ र तिनबाट प्रजालाई बडो कष्ट हुनेछ, यस पापसित हाम्रो सम्बन्ध नभए तापनि हामी नै त्यसको कारण भएकोले यो पाप हामीले नै भोग्नुपर्नेछ, किनकि राजा नहुंदा धेरै धेरै मानिस लुटाहा भएर निस्कन्छन् र आपसमा मारपीट तथा भनाभन गर्न थाल्दछन् औ पशु-स्त्री-धन-सम्पत्तिसमेत लुट्तछन् ॥४४॥ त्यस वेला मानिसहरूको वर्णाश्रमाचारयुक्त वेदोक्त आर्य धर्म लुप्त हुन्छ तथा धनको लोभ र काम-वासनाको वेग बढ्नाले उनीहरू कुक्कुर औ वानर झैं वर्ण-सङ्कर हुन जान्छन् ॥४५॥ चक्रवर्ती महाराज परीक्षित ता महान् यशस्वी औ धर्मको राम्रोसंग पालना गर्ने हुन् । अनेक अश्वमेध यज्ञ गर्न भगवान्का परम प्यारा भक्त ती राजर्षि भोक-प्यास-थकाइले व्याकुल भएर हाम्रो आश्रममा आएका थिए । उनी कदापि हामीबाट श्राप पाउन योग्यका थिएनन् ॥४६॥ यो अल्प-बुद्धि बालकले आफ्नो निरपराध सेवक (राजा) प्रति जुन अपराध गरेको छ त्यस अपराधलाई सर्वात्मा भगवान्ले क्षमा गरून् ॥४७॥ भगवा-न्का भक्तहरूमा बदला लिने शक्ति ता हुन्छ तर उनीहरू अरूले आफूलाई गरेको अपमान, श्राप, धोकाबाजी, आक्षेप, मार-पीट यी कुन कुराको पनि बदला लिन्नन् " ॥४८॥

पुत्रको अपराधले गर्दा यसप्रकारसंग पश्चात्ताप गरिरहेका ब्रह्मर्षि शमीकले राजा परीक्षितले आफूलाई गरेको अपमानपट्टि ध्यानै दिएनन् ॥४९॥ महात्माहरू अरूद्वारा सुःख दुःख पाउंदा पनि प्रसन्न अथवा कुपित हुन्नन्, किनकि उनीहरू आत्मालाई निर्गुण भएकोले सुख दुःखको भोग गर्न संभन्नन् ॥५०॥

अध्याय-१९

गङ्गाको तटमा शरीर त्याग गर्नको निम्ति मुनि-मण्डलको बीचमा अनशनव्रत गरेर बसेका राजा परीक्षितसित शुकदेवजीको समागम ।

सूतजी भन्दछन्—

राजधानीमा आएपछि महाराज परीक्षित अत्यन्त उदास भएर आफ्नो निन्दनीय कर्मको निम्ति पश्चात्ताप गर्न लागे— "अहो ! मैले ता निरपराध, आफ्नो तेज लुकाइराखेका ती ब्राह्म-णको साथमा अनार्य पुरुषले झैं बडो नीच व्यवहार गरें ॥१॥ ती महात्माको अपराध गर्नाले ममाथि अवश्यमेव चांडै नै कुनै घोर आपत्ति आइपर्नेछ, मेरो इच्छा पनि यस्तै छ। किनकि त्यसबाट मेरो पापको प्रायश्चित्त हुनेछ र फेरि त्यस्तो नीच काम गर्ने साहस गर्नेछैन ॥२॥ ब्राह्मणको प्रज्वलित कोप-रूप अग्निले आजै मेरो राज्य, सेना औ भरिपूर्ण भएको मेरो खजानालाई डढाएर भस्म गरिदेओस्, यसो भएमा फेरि कहिले पनि म दुष्टको ब्राह्मण-देवता

गाईहरूमाथि यसप्रकारको पाप-बुद्धि हुन पाउने छैन" ।।३।। यसप्रकारसंग चिन्तना गरिरहेकै बखतमा उनले मुनि पुत्रको श्रापले गर्दा तक्षकले मृत्युको रूपमा आफूलाई डस्ने वृत्तान्त सुने। राजा परीक्षित यो समाचार सुन्दा बडो प्रसन्न भए। बल्दो आगोसमानको, चाँडै नै प्राप्त हुने तक्षकको डसाइलाई उनले बडो बेश ठह्र्याए। धेरै दिनदेखि म संसारमा आसक्त भइराखेको थिएं, अबलाई चाँडै नै वैराग्यको कारण प्राप्त हुन गयो भनेर उनले विचार गरे। राजा परीक्षितले ता पहिलेदेखि नै यस लोक औ परलोकको भोगलाई तुच्छ सम्झेका थिए। अतएव कृष्ण-भगवान्‌को चरणकमलको सेवालाई नै सर्वोत्तम संझेर, यी सबैलाई त्यागेर उनी आमरण अनशन व्रत लिएर गङ्गाको तीरमा बसे ।।५।। गङ्गाको जल तुलसीको गन्ध मिसिएका कृष्णभगवान्‌को चरणकमलका रजको संसर्गले गर्दा अत्यन्त पवित्र भएर ब्रह्मा महादेव आदि गरिएका लोकपाल-सहितको स्वर्ग मर्त्य दुवै लोकका प्राणीलाई पवित्र गर्दै प्रवाहित हुन्छ यस्ती लोकपावनी गङ्गाको सेवन अन्तकालमा कुन मानिसले नगर्ला ? ।।६।।

यसप्रकारसंग गङ्गाको तटमा आमरण अनशन गर्ने निश्चय गरेर पाण्डवकुलमणि परीक्षित सम्पूर्ण आसक्तिको परित्याग गरी मुनि-व्रत स्वीकार गरेर अनन्यभावले कृष्णभगवान्‌को चरणकमलको ध्यान गर्न लागे।।७।।शरीर त्यागनको निम्ति राजा परीक्षित गङ्गातटमा बसेको समाचार पाउनासाथ तीनै लोकलाई पवित्र गर्ने वडा बडा महानुभाव ऋषि-मुनिहरू आफ्ना आफ्ना शिष्यलाई साथमा लिएर त्यहाँ आए। स्वयं तीर्थरूप सज्जनहरू प्रायः तीर्थयात्राको निहुं गरेर ती तीर्थस्थानलाई पवित्र गर्दै डुलफिर गर्दछन् ।।८।। त्यस वेला त्यहाँ अत्रि, वशिष्ठ, च्यवन, शरद्वान्, अरिष्टनेमि, भृगु, अङ्गिरा, पराशर, विश्वामित्र, परशुराम, उतथ्य, इन्द्रप्रमद, इध्मवाह, मेधातिथि, देवल, आर्ष्टिषेण, भारद्वाज, गौतम, पिप्पलाद, मैत्रेय, और्व, कवष, अगस्त्य, भगवान् व्यास, नारद तथा यीबाहेक अरू पनि कइएक देवर्षि, महर्षि, एवं अरुणादि राजर्षिहरूसमेत आए। यसप्रकारसंग ऋषिहरूको अनेक मण्डली आफ्नो सामुन्ने एकत्रित भएको देखेर राजाले सबैको यथायोग्य सत्कार गरे औ उनीहरूको पाउमा माथ राखेर ढोगदिए ।।९-११।। सबै जना आरामसाथ आफ्नो आफ्नो आसनमा बसिसकेपछि राजाले फेरि पनि उनीहरूलाई प्रणाम गरी शुद्ध हृदयले उनीहरूको अगाडि उभिएर हात जोरीकन आफूले गर्न खोजेको कुरा भन्न लागे ।।१२।।

राजा परीक्षितले भने—

अहो ! संसारका समस्त राजाहरूमा म नै सबभन्दा बर्ता सौभाग्यशाली रहेछु, किनकि तपाईं महानुभावहरूले आज मेरा उपर ठूलो अनुग्रह गर्नुभएको छ। राजवंशका मानिसहरू प्रायः निन्दित कर्म गर्ने हुनाले ब्राह्मणहरूको चरणोदकभन्दा पनि टाढै रहन्छन्, उनीहरूको नजीक बस्ने औ उनीहरूसित कुराकानी गर्ने कुरा त परै छ ।।१३।। सदासर्वदा देह-गेहमा आसक्त रहने हुनाले म पनि ठूलो पापी भइराखेको छु। यसैकारण स्वयं भगवान्‌ले नै ब्राह्मणपुत्रद्वारा मलाई श्राप दिलाउनु भएको हो। यो श्राप ता

वैराग्य उत्पन्न गराउने हो किनकि यस किसिमको श्रापले संसारमा आसक्त भएको पुरुष भयभीत भई झट्टै विरक्त भइहाल्दछन् ॥१४॥ हे ब्राह्मण हो ! अबलाई मैले आफ्नो चित्त भगवान्को चरणमा समर्पण गरिदिएको छु। गंगादेवीले तथा तपाईंहरूले आफ्नो शरणागत संझेर मेरा उपर अनुग्रह गर्नुपर्दछ। ब्राह्मणकुमारको श्रापले प्रेरित भएको जोसुकै तक्षकको रूप लिएर आओस् अथवा स्वयं तक्षक नै आएर मलाई डसोस्, यस कुराको मलाई अलिकता पनि परवा छैन। कृपया तपाईंहरू भगवान्का कथाहरू गाउँदै जानोस् ॥१५॥ तपाईंहरूलाई फेरि पनि प्रणाम गरेर म यै कुराको प्रार्थना गर्दछु कि जुनसुकै योनिमा मैले कर्मले गर्दा जन्म लिनुपरे तापनि भगवान् श्रीकृष्णमा दिन दिनै मेरो अनुराग बढ्दै जाओस, उहाँको चरणको आश्रयमा रहेका महात्माहरूसितको संगत होओस् औ जगत्का समस्त प्राणीहरूको साथमा मेरो एकनासको मैत्रीभाव रहोस् ॥१६॥

यस्तो दृढ निश्चय गरेर परम धीर महाराज परीक्षित पृथ्वीको शासनभार आफ्ना छोरा जनमेजयलाई सुम्पी, गंगाजीको दक्षिण तीरमा पूर्वाभिमुख कुशको आशनमा उत्तरतिर मुख फर्काएर बसे ॥१७॥ यसप्रकारसँग आमरण अनशनको निश्चय गरी सम्राट् परीक्षित बसेपछि स्वर्गमा देवताहरू बडो आनन्दसग प्रशंसा गर्दै उनीमाथि पृथ्वीमा फूलको वर्षा गर्न लागे औ त्यस वेला वारंवार दुन्दुभि आदि बाजा बज्न-लागे ॥१८॥ त्यहाँ उपस्थित भएका सबै महर्षिहरूले "स्याबास! स्याबास!" भनेर परीक्षितको निश्चयको अनुमोदन गरे। स्वभावैले दुनियाँहरूमाथि अनुग्रहको वर्षा गर्ने ती मुनिहरूले श्रीकृष्णका गुणले प्रभावित भएका राजालाई उनलाई सुहाउँने किसिमको वचन भन्न लागे ॥१९॥ "श्रीकृष्ण भगवान्का सेवक तथा अनुयायी तपाईं पाण्डव वंशीहरूका लागि यस्तो घटना हुनु कुनै विचित्रको कुरो होइन किनकि तपाईंहरूका पुरुखाहरूले भगवान्को सन्निधि अर्थात् मुक्ति प्राप्त गर्ने इच्छाले राजाहरूको मुकुटमा जडिएका अमूल्य मणिहरूको प्रभाले प्रकाशित रहने राज्यासनलाई एक छिनमै तृण बराबर तुच्छ संझेर त्यागिदिएका छन्॥२०॥ फेरि सबै ऋषिहरू आपसमा भन्न लागे—राजा परीक्षित भगवान्का परम भक्त हुन्। जबसम्म यिनी आफ्नो यो अनित्य शरीर त्यागेर शोक-रहित तथा अत्यन्त निर्मल परम धामतिर लाग्दैनन् तबसम्म हामी सबैले यहीं बस्नुपर्दछ" ॥२१॥

ऋषिहरूका यी पक्षपात रहित, सुन्दाखेरि अमृतसमान मीठो लाग्ने, गहिरो भाव भएका एवं यथार्थ वचन सुन्दा राजाले उनको उचित प्रशंसा गरेर भगवान्को मनोहर कथा सुन्ने इच्छाले उनीहरूसित प्रार्थना गरे ॥२२॥ "हे महात्मा हो ! तपाईंहरू सबै यहाँ टाढा टाढाबाट पाल्नु भएको छ; सबै भन्दा माथिको सत्यलोकमा बस्ने तपाईंहरू मूर्तिमान् वेदसमानका हुनुहुन्छ, लौकिक अथवा पारलौकिक कुनै स्वार्थ पनि तपाईंहरूमा छैन, परोपकार गर्ने नै आफ्नो स्वभाव हुनाले अरूमाथि अनुग्रह गर्नको निम्ति नै घुमिरहनुहुन्छ ॥२३॥ हे ब्राह्मण हो ! तपाईंहरूले जे भन्नुहुन्छ त्यै नै हाम्रो कर्तव्य हो, यस्तो विश्वास गरेर तपाईंहरूसित कर्तव्यको


विषयमा यो सोध्न योग्यको कुरा सोद्धछु। सबैको निम्ति सबै अवस्थामा विशेष गरी थोरै समयमा मर्ने पुरुषको निम्ति अन्तःकरण औ शरीरद्वारा गर्नुपर्ने योग्य विशुद्ध कर्म कुनचाहीं हो, तपाईं सबैले आपसमा विचार गरेर मलाई यो कुराको उत्तर दिनुहोस् "॥२४॥

परीक्षितले यो प्रश्न सोधिरहेको वेलामा कसैको अपेक्षा नराख्ने व्यासजीका छोरा भगवान् शुकदेवजी पृथ्वीमा स्वेच्छापूर्वक विचरण गर्दै त्यहां आइपुगे। उनको शरीरमा वर्ण अथवा आश्रमको कुनै चिह्न थिएन। आत्मलाभले सन्तुष्ट रहने उनी स्त्रीबालकले घेरिएका औ अवधूतको वेषमा थिए ॥२५॥ उनको अवस्था सोह्र वर्षको थियो। चरण, तिघ्रा, हात, काँध, गाला औ बांकी सबै अङ्ग अत्यन्त सुकुमार थिए। आँखा ठूला ठूला औ अति राम्रा थिए, नाक अलि उठेको र कान एकनासका थिए। सुन्दर आँखी-भूइंले गर्दा मुख अत्यन्त शोभायमान थियो; तीन रेखा परेकोले घांटी शङ्ख जस्तै राम्रो-देखिन्थ्यो ॥२६॥ उनको कांध भरिलो, छाती च्याप्टो र अलि माथि उठेको थियो। नाइटो भँवरी जस्तै गहिरो औ तीन धर्सो परेकोले पेट अति राम्रो देखिएको थियो। लामा लामा हात थिए, मुखमा घुं घुरिएका कपालका रउँ छर्र छरिएका थिए; यस्तो दिगम्बर वेषमा उनी देवतासमान तेजस्वी देखिन्थे ॥२७॥ शरीर श्यामवर्णको थियो, मनलाई लठ्ठ पार्ने किसिमको जवानी अवस्था थियो, आफ्नो शरीरको कान्ति औ मन्द मुसकानले गर्दा स्त्रीहरूको मनलाई आकर्षित गर्दथे। आफ्नो तेजलाई लुकाएको भए तापनि उनको लक्षण देख्ता सबैले यी शुकदेवजी हुन् भनेर चिह्निहाले औ आफ्नो आफ्नो आसन छाडेर उनको सम्मान गर्न भनी उभिए॥२८॥

राजा परीक्षितले अतिथिरूपले आएका शुकदेवजीलाई टाउको निहुराएर प्रणाम गरी उनको पूजा गरे। यो देख्ता उनलाई सिल्ली संझेर पछि लागेका मूर्ख बालक तथा आइमाईहरू फर्किहाले। शुकदेव पनि राजाका सम्मान ग्रहण गरी एउटा अग्ला सिंहासनमा बसे ॥२९॥ ग्रह, नक्षत्र औ ताराहरूले घेरिएका चन्द्रमा झैं ब्रह्मर्षि, देवर्षि औ राजर्षिहरूले घेरिएका शुकदेवजी अत्यन्त शोभायमान भए। वास्तवमा शुकदेवजी महात्माहरूका लागि समेत आदरणीय थिए ॥३०॥ कुनै विषयमा पनि बुद्धि कुण्ठित नहुने अर्थात् परमज्ञानसम्पन्न महामुनि शुकदेवजी शान्तभावसंग बसेपछि भगवान्का परम भक्त परीक्षितले उनको नजीक आएर पाउमा माथ राखी ढोग दिए र फेरि उभिएर हात जोरीकन नमस्कार गरे र अनि एकाग्र चित्तले अति नम्र वचनले सोध्न लागे ॥३१॥

परीक्षितले भने—

हे ब्रह्मन्! आज मेरो अहो-भाग्य रहेछ, किनकि अपराधी क्षत्रिय भए तापनि सज्जन-समाजमा बस्ने योग्य भएँ। कृपापूर्वक आज अतिथिरूपले यहाँ पाल्नुभएर हामीलाई तीर्थ-समान पवित्र बनाइदिनुभयो ॥३२॥ हे भगवन्! तपाईं समानका महात्माहरूको स्मरण मात्रले नै गृहस्थ मानिसको ता के कुरा उनको घरसम्म पनि पवित्र हुन्छन्। यस्ता तपाईंको दर्शन, स्पर्श औ आफ्नै हातले पाउ धुने एवं आस-



शुकदेव-परीक्षित

मुद्रक—गीताप्रेस, गोरखपुर

नादिको प्रबन्ध गर्ने सुअवसर भेट्टाएमा ता पवित्र हुने कुरामा केही सन्देह नै छैन ॥३३॥ हे महायोगिन् ! जसरी विष्णुभगवान्को सामुन्ने दैत्यहरू अड्न सक्तैनन् त्यसैगरी तपाईंसमानका महापुरूषको नगीच जाँदैमा मानिसको जस्तो-सुकै घोर पाप पनि तुरुन्तै नष्ट भइहाल्दछ ॥३४॥ पाण्डवहरूका सुहृद् कृष्ण भगवान् आफ्ना फुपुका छोराहरूलाई अर्थात् पाण्डवहरूलाई प्रसन्न गराउनको निम्ति, उनको कुलमा जन्मेको मलाई आफ्नो आत्मीय संझेर मेराउपर प्रसन्न हुनुभएको जस्तो मालूम हुन्छ ॥३५॥ कृष्ण भगवान्को कृपा नभएको भए तपाईं जस्ता परमसिद्ध,अव्यक्तगति (जसको चालको कसैलाई पत्तो हुँदैन), निरन्तर वनमा रहने पुरुषको हामी जस्ता सामान्य मानिसले यो मृत्युको समयमा कताबाट दर्शन पाउनेथियौं ॥३६॥ हे ब्रह्मन् ! तपाईं योगीहरूका परम गुरु हुनुहुन्छ अतः तपाईंसित आफ्नो कल्याणको निम्ति मरणकाल निकट आएको पुरुषले के उपाय गर्नुपर्दछ औ मनुष्य मात्रलाई के गर्न उचित पर्दछ यो कुरा सोद्ध-छु ॥३७॥अन्त्यसमय नजीक आएको पुरुषले केको श्रवण, केको जप, कसको अनुष्ठान, कसको स्मरण औ कसको भजन गर्नुपर्दछ तथा कुन कुन कुराको त्याग गर्नुपर्दछ, यो कुरा मलाई भन्नु-होस् ॥३८॥ हे भगवन् ! तपाईंको दर्शन अत्यन्त दुर्लभ छ, कारण गृहस्थीहरुको घरमा गाई दुहुन जति बेर लाग्दछ त्यति बेर पनि तपाईंहरु अडिनुहुन्न ॥३९॥

सूतजी भन्दछन्—

राजाले यसप्रकारसंग बडो मीठो बोली गरेर यी प्रश्न गरेको सुन्दा, सबै धर्मको तत्त्व बुझेका, व्यासका छोरा भगवान् शुकदेवजी उनलाई (राजालाई) भन्न लागे ॥४०॥

प्रथमस्कन्धः समाप्तः

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

द्वितीयस्कन्ध

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

श्रीमद्भागवत-भाषा

द्वीतीयस्कन्ध

अध्याय-१

ध्यान-विधि र भगवान्‌को विराट् रूपको वर्णन ।

शुकदेवजीले भन्नुभयो—

हे महाराज परीक्षित ! तपाईंको यो प्रश्न बडो उत्तम छ, यसले केवल तपाईंको मात्र होइन कि सारा मानिसको कल्याण गर्नेछ, अतएव मानिसले स्मरण गर्न योग्य जति कुरा छन् तिनमा यो सर्वश्रेष्ठ छ, यसैकारण आत्मज्ञानीहरू यस्तो प्रश्नको बडो सम्मान गर्दछन् ॥१॥ हे राजेन्द्र ! आत्मतत्व नजानेका अर्थात् आफ्नो जीवनको वास्तविक लाभ नबुझेका, घरको कामकाजमा सदा आसक्त रहने गृहस्थीहरूका लागि सुन्न तथा गर्न योग्यका हजारौं कुरा हुन्छन् ॥२॥ यस्ता विषयीहरूको समस्त जीवन हे राजन् ! रातमा निद्रा अथवा स्त्रीसितको सहवासले र दिनमा धन कमाउने चेष्टाले तथा जहान बच्चाको लालन-पोषणले बितेर जान्छ ॥३॥ शरीर, स्वास्नी, छोरा-छोरी यी सबै असत् हुन् अर्थात् केही पनि होइनन् तथापि यी विषयी मूढहरू यिनमा यसरी आसक्त भएका हुन्छन् कि आफ्ना बाबु बाजेको नाश भएको देख्तादेख्तै पनि यिनलाई चेत हुंदैन अर्थात् मेरा यी असत् सम्बन्धीहरू नाश हुने हुन् भन्ने कुरा देख्तैनन् ॥४॥ तसर्थ हे परीक्षित ! अभयपद याने मोक्षको इच्छा गर्ने मानिसले सबैको आत्मास्वरूपले रहेका, सर्वशक्तिमान् कृष्ण भगवान्‌का लीलाहरूको श्रवण, कीर्तन तथा स्मरण गर्नुपर्दछ ॥५॥ सांख्य, योग अथवा आफ्नो धर्मअनुसारको आचरणले जसले हुन्छ आफ्नो जीवनलाई यस्तो बनाउनुपर्दछ कि मर्ने वेलामा भगवान्‌को स्मरण भइरहोस्, मनुष्य-योनिमा जन्म लिनाको सबभन्दा ठूलो फाइदा पनि यसैमा छ ॥६॥ निर्गुण स्वरूपमा रहेका अर्थात् ब्रह्मसित साक्षात्कार भएका विधि-निषेधको मर्यादालाई पार गरिसकेका (ऐन कानून नलाग्ने, यो गर्न हुन्छ, यो हुन्न भन्ने केही रोक-टोक नभएका) यस्ता ठूला ठूला ऋषि-मुनिहरूसमेत ता प्रायः श्रीहरिका गुण-गानमा रमाउंछन्‌भने साधारण मानिसको कुरा ता कता छ कता ॥७॥

(यसैले तपाईंलाई सुनाउन लागेको) यो

भागवत नामको पुराण वेद जत्तिकै माननीय छ। मैले यसलाई द्वापरको अन्त्यमा आफ्ना पिता श्रीवेदव्याससित पढेको थिएँ ।।८।। परमात्माको निर्गुणस्वरूपको ज्ञान प्राप्त गरिसकेको भए तापनि कृष्ण भगवान्का लीलाहरुले मेरो हृदयलाई आफूतिर आकर्षित गरेको हुनाले, हे राजन् ! मैले यो पुराण पढेको हुँ ।।९।। तपाईं भगवान्का परम भक्त हुनुहुन्छ तसर्थ तपाईंलाई म यो पुराण सुनाउँछु। यस पुराणमा श्रद्धा गर्नेहरुको चाँडै नै निष्काम भावले चित्तवृत्ति श्रीकृष्णको चरण–कमलमा लागिहाल्दछ ।।१०।। यस संसारदेखि विरक्त भएका मानिसहरुले तथा मोक्षपदको इच्छा गर्ने योगीहरुलेसमेत भगवान्को नामको प्रेमसँग संकीर्तन गर्नुपर्दछ भनेर समस्त शास्त्र–हरुले निर्णय गरेका छन् ।।११।। भगवान्देखि विमुख भएर अथवा विषयमा आसक्त भईकन यस संसारमा धेरै वर्षसम्म बाँच्नाले मात्र केही फाइदा छैन। भगवान्को कीर्तन गरेर बिताइएको आफ्नो जीवनको एक दुई घडीलाई नै महत्वपूर्ण संझनु–पर्दछ, कारण यसैबाट भगवत्प्राप्ति हुन सक्तछ। विषयासक्तिमा बितेको जीवनलाई व्यर्थैमा गएको संझनुपर्दछ ।।१२।।राजर्षि खट्वाङ्गले अब आफ्नो आयुको केवल दुई घडी बाँकी छ भन्ने सुन्नासाथ त्यै दुई घडीको बीचमा आफ्नो सर्वस्व त्यागेर उनी अभयपद दिने श्रीहरिमा लीन भएथे ।।१३।। हे परीक्षित ! तपाईंको जीवनको अवधि ता अझ सात दिन छँदैछ तसर्थ यस बीचमा आफ्नो परलोक सुधार्न जति गर्नुपदछ सो गरिहाल्नोस् ।।१४।। मृत्युको समय उपस्थित भएमा मानिसले मर्नुदेखि डराउनुहुँ दैन, त्यस वेलामा वैराग्यरूपी शस्त्रले यो देह औ योसित सम्बन्ध राख्ने छोरा स्वास्नी आदि गरिएका कुटुम्बप्रतिको ममतालाई चुँडालि–दिनुपर्दछ ।।१५।। यसपछि त्यस धीर पुरुषले घरबाट निस्केर पवित्र तीर्थको जलमा स्नान गरोस् र अनि पवित्र औ एकान्त ठाउँमा विधिपूर्वक आसन लगाएर बसोस् ।।१६।। यसपछि अ, उ, म यी तीन अक्षरले युक्त भएको परम पवित्र ॐकारको वारंवार मनैमनमा जप गरोस् । ॐकारलई नबिर्सीकन प्राणवायुलाई जितेर मनलाई दमन गरोस ।।१७।।

इन्द्रियहरूलाई बुद्धिको सहायताले मनद्वारा विषयहरूबाट हटाओस् अर्थात् विषयतिर जान नदोओस्; विचारद्वारा कर्मको वासनाले गर्दा चञ्चल भइराखेको मनलाई शुभ कार्यमा अर्थात् भगवद्रूको चिन्तनमा लगाइदेओस् ।।१८।। यसपछि एकाग्र चित्तले भगवान्को कुनै एक अङ्गको ध्यान गर्दा गर्दै, विषयदेखि रहित भएको मनलाई पूर्णरूपले भगवत्स्वरूपमा यसरी लीन गराइदेओस् कि त्यसपछि मनमा कुनै अरू विषयको चिन्तनै नहुन पाओस्। विष्णु भगवान्को परमपद त्यै हो जहाँ पुगेपछि मन भगवत्प्रेमरूप आनन्दले मग्न हुन्छ ।।१९।। भगवान्को ध्यान गर्दाखेरि मन रजोगुणले विक्षिप्त अथवा तमोगुणले गर्दा मूढ हुन गयोभने धीर पुरुषले धारणाद्वारा मनलाई आफ्नो वशमा गराओस् किनकि धारणाले रजो–गुण, तमोगुण यी दुवै गुणको दोषलाई फ्याँकि–दिन्छ ।।२०।। किनकि धारणा (ध्यान) गर्दाखेरि, परम कल्याणमय आश्रयको अर्थात् भगवान्को चिन्तन गर्ने योगीले भक्तिरूप झट्टै प्राप्त गरि–हाल्दछ। यस भक्तियोगद्वारा साधकलाई यसमा

मेरो कल्याण छ औ यसमा मेरो अहित छ भन्ने विवेचनाशक्ति भइहाल्दछ ॥२१॥

राजा परीक्षितले सोधे—

हे ब्रह्मन् ! कुन प्रकारको धारणाले मानिसको मनको मैललाई झट्टै पखालिदिन्छ, कसप्रति त्यो धारणा गर्ने हो अथवा त्यो कसरी गरिन्छ, यी सबै कुरा हामीलाई भन्नुहोस् ॥२२॥

शुकदेवजीले भन्नुभयो—

हे राजन् ! साधना गर्न खोज्ने मानिसले पहिले शरीरलाई वशमा राख्न आसनको, क्रिया-शक्तिलाई रोक्न प्राणायामको साधना गर्नुपर्दछ । मनबाट विषयपट्टिको आसक्ति हटाएर इन्द्रियहरु-लाईसमेत आफ्नो अधीनमा गराउनुपदछ र अनि बुद्धिद्वारा मनलाई भगवान्का स्थूल रूपतिर लगाउनुपर्दछ ॥२३॥ यो सम्पूर्ण जगत् जस्तो पहिले थियो, अहिले छ, पछि हुनेछ, यो जम्माको जम्मै जसमा देखिन्छ त्यो ब्रह्माण्ड नै भगवान्को स्थूलभन्दा पनि स्थूल विशेष शरीर हो॥२४॥जल, अग्नि, वायु, आकाश, अहङ्कार, महत्तत्त्व र प्रकृति यी सात आवरणले घेरिएको ब्रह्माण्डशरीरमा जुन विराट् पुरुष भगवान् हुनुहुन्छ उहींको धारणा गर्नुपर्दछ ॥२५॥ तत्त्वज्ञ विद्वान्हरु उहाँको विराट्-रूपको यसप्रकारले वर्णन गर्दछन्ः—भगवान्को चरणको पैतालालाई पाताल, पार्ष्णि (कुरकुच्चा) र प्रपद(पाउको अग्रभाग) लाई रसातल, दुइटा गोली गाँठालाई महातल र दुइटा पिंडौंलालाई तलातल लोक भन्दछन्॥२६॥ हे महाराज ! ती विश्वमूर्ति भगवान्का घुँडालाई सुतल, तिघ्रालाई वितल र अतल, कम्मरमुनिको भागलाई भूतल औनाइटो-लाई आकाश भन्दछन् ॥२७॥ ती आदिपुरुष परमात्माको छातीलाई स्वर्लोक, घाँटीलाई मह-र्लोक, मुखलाई जनलोक र निधारलाई तपलोक भन्दछन् । हजार शिर भएका भगवान्को माथ नै सत्यलोक हो ॥२८॥ इन्द्रादि देवताहरु ती परम पुरुषका हात हुन् । दिशाहरु कान र शब्द श्रवणेन्द्रिय हुन् । आश्विनीकुमार उनका नाकका प्वाल हुन, गन्ध घ्राणेन्द्रिय र बल्दो आगो उनको मुख हो ॥२९॥ ती विष्णु भगवान्का नेत्रगोलक अन्तरिक्ष हुन, चक्षु-इन्द्रिय सूर्य हुन् , परेला रात दिन हुन, भ्रू कुटिविलास ब्रह्मलोक हो, तालु जल हो र जिभ्रो रस हो ॥३०॥ वेदलाई भगवान् अनन्तको मस्तक भन्दछन् र यमलाई गीजा । सब प्रकारका स्नेह दाँत हुन् औ उहाँको जगन्मोहिनी मायालाई नै मुसकान भन्दछन् । यो अनन्त सृष्टि त्यै मायाका कटाक्ष-विक्षेप (दृष्टि-पात) हो ॥३१॥ लज्जा उहाँको माथिल्लो ओठ र लोभ तल्लो ओठ हो, धम स्तन र पाप पिठ्यूँ हो, प्रजापती भगवानका मूत्रेन्द्रिय हुन् , मित्रावरुण अण्डकोश हुन् । समुद्र उहाँका काखी र पहाडहरु हाड हुन् ॥३२॥ हे राजन् ! विश्वमूर्ति विराट् पुरुषका नाडी नदी हुन् औ रूख रउँ हुन् । परम प्रबल वायु श्वास हो, काल उहाँको चाल हो र गुणप्रवाह (प्राणीहरुको संसार) उहाँको क्रीडा हो ॥३३॥ हे परीक्षित ! बादल भगवान्का केश हुन् । सन्ध्या समय सर्व-व्यापक प्रभुको लुगा हो । महात्माहरुले अव्यक्त (मूल प्रकृति) लाई उहाँको हृदय र सबै विकार-हरुको खजाना भएको उहाँको मनलाई चन्द्रमा भनेका छन् ॥३४॥ महत्तत्त्व सर्वात्मा भगवान्को चित्त हो र रुद्र उहाँका अन्तःकरण हुन् । घोडा, खच्चर, हात्ती, ऊट भगवान्का नङ् हुन् । वनमा

रहने सर्व प्रकारका पशुहरु उहाँका कम्मर हुन् ।।३५।। चराहरु उहाँको अद्‌भुतरचना कौशल हुन् । स्वायाम्भुव मनु उहाँको बुद्धि र मनुका सन्तान मानिसहरू उहाँका निवासस्थान हुन् । गन्धर्व, विद्याधर, चारण र अप्सराहरू उहाँका स्वर र स्मरण-शक्ति हुन्, दैत्यहरू उहाँका वीय हुन् ।।३६।। बाहुन मुख, क्षत्रिय हात, वैश्य तिघ्रा र शूद्र चरण हुन् । थरीथरीका देवताहरूको नामले हुने द्रव्यमय ठूला ठूला यज्ञ उहाँको इच्छानुसारको कर्म हो ।।३७।। हे राजन् ! विराट् भगवान्‌को स्थूल शरीरको जुन स्वरूप हो सो मैले तपाईंलाई सुनाइहालें । मोक्षको इच्छा गर्नेले बुद्धिद्वारा मनलाई यै स्थूलरूपमा स्थिर गर्नुपर्दछ, किनकि यसबाहेक अरू कुनै वस्तु नै छैन ।।३८।। जसरी सपना देख्ने मानिसले स्वप्नावस्थामा स्वयं आफूलाई किसिम किसिमका पदार्थको रूपमा देख्तछ त्यसै गरी बुद्धिका समस्त वृत्तिहरूद्वारा अनुभव हुने जति पदार्थ छन् ती सबै परमात्माकै स्वरूप हुन् । यसैकारणले सत्यस्वरूप, आनन्दनिधि उनै एक मात्र भगवान्‌को भजन गर्नुपर्दछ अरू कुनै वस्तुमा आसक्त हुनु हुँदैन किनकि भगवान् बाहेक अरूतिरको आसक्तिले ता आत्माको अधः पतन हुन जान्छ ।।३९।।

अध्याय—२

भगवान्‌को स्थूल र सूक्ष्मरूपको ध्यान तथा क्रममुक्ति र सद्यो-मुक्तिको वर्णन ।

शुकदेवजीले भन्नुभया—

पूर्वकालमा आत्मयोनि ब्रह्माजीले यस्तै किसिमको धारणाले प्रसन्न हुनुभएको भगवान्‌बाट प्रलयकालभन्दा अघिको तर अहिले नष्ट भएको स्मृतिलाई पुनः प्राप्त गर्नुभयो । भगवान्‌ले स्मृति दान गरेकोले ब्रह्माको दृष्टि अमोघ तथा बुद्धि निश्चयात्मिका हुन गयो अर्थात् सृष्टिको रचना गर्नैपर्दछ भन्ने मति स्थिर हुन गयो र यसपछि उहाँले प्रलय अघि यो जगत् जस्तो थियो त्यस्तै गरी यसको रचना गर्नुभयो ।।१।। वेदहरुको वर्णनशैली बडो विचित्र छ । त्यसको तात्पर्यलाई नबुझेर साधारण मानिसको बुद्धि व्यर्थैमा स्वर्गलोक, ब्रह्मलोक आदि गरिएका नामहरुको चक्करमा परेर तिनको चिन्तना गर्न थाल्दछ, तर ती मायामय लोकमा वासनाले युक्त भईकन फेरी लगाउने पुरुषलाई कतै पनि यथार्थ सुखको प्राप्ति हुँदैन, जस्तो कि सपनामा मानिसले अनेक मज्जा लाग्ने दृश्यहरू ता देख्तछ तर तिनको सुख भने भोग्न पाउँदैन ।।२।। अतः विद्वान् मानिसले आफ्नो शरीरलाई कायम राख्नाको निम्तिमा नभई नहुने भोग्य पदार्थको मात्र उपार्जन गर्नुपर्दछ । यी

पदार्थमा समेत यी ता सुखका साधन होइनन् भन्ने निश्चय गरेर अनासक्त नै भइरहनुपर्दछ। यदि संसारका पदार्थ विना परिश्रमले नै पाइन्छन्-भने तिनलाई उपार्जन गर्ने परिश्रमलाई व्यर्थ संझी उनको निम्ति कुनै किसिमको प्रयत्न गर्नपट्टि लाग्नुहुन्न ॥३॥ सुत्नको निम्ति भूईं छँदैछभने बिछौनाका लागि प्रयास गर्नाले के फाइदा ! भगवान्को कृपाले पाखुरा छँदैछभने तकिया किन चाहियो ? अंजुलीबाट काम चल्दछ-भने अन्न जलको निम्ति किसिम किसिमका भाँडा किन बटुल्ने ? रूखको बोक्रा लगाएर अथवा वस्त्रहीन भएर पनि जीवन धारण गर्न सकिन्छभने लुगाफाटोको के आवश्यकता छ ! ॥४॥ लगाउनलाई बाटोंमा के टाल्लाटुल्ही पाइँदैनन् र ! भोक लागेको खण्डमा अर्काको निम्ति शरीर धारण गर्ने रूखहरूले फलफूलको भिक्षा देओइनन् ! तिर्खा लागेकोलाई के नदीहरू सुकिसके त ? बस्नको निम्ति के पहाडका गुफा खाली छैनन् ! कसैले के त्यहाँ पालो राखेको छ ! भगवान्ले आफ्ना शरणागतहरूको रक्षा गर्न छाडिदिनुभो र ! यस्तो छँदाछँदै पनि विद्वान्-हरुले धनको गर्वले चूर भइराखेका धनीहरुको किन आराधना गरेका होलान् ! ॥५॥ यसप्रकारसँग विरक्त भएर आफ्नो शक्तिअनुसार, स्वतःसिद्ध, आत्मस्वरूप, परम प्रिय, परम सत्य, आफ्नो हृदयमा नित्य विराजमान रहने अनन्त भगवान्को बडो प्रेम तथा आनन्दपूर्वक दृढ निश्चय गरेर भजन गरोस् किनकि वहाँको भजन गर्नाले संसारको कारण अर्थात् जन्म-मृत्युको चक्करमा पार्ने अज्ञान नाश भएर जान्छ॥६॥ पशुहरुबाहेक अर्को अरू को यस्तो होला जो कि संसाररूपी वैतरणी नदीमा परेर मानिसहरुले कर्मानुसार दुःख भोग्न लागेको देख्दादेख्दै पनि भगवान्को चिन्तन गर्न छाडेर विषयभोगपछि नै आफ्नो चित्त लगाउला ?॥७॥

कोही कोही साधक आफ्नो शरीरभित्र हृदयाकाशमा विराजमान रहने भगवान्को प्रादेश मात्र (तर्जनी र अंगूष्ठको बीचको जग्गा अर्थात् बित्ताभरीको) स्वरूपको धारणा गरेर यसप्रकार-सँग चिन्तन गर्दछन्-उहाँले आफ्ना चार बाहुलीमा शङ्ख, चक्र, गदा र पद्म लिनुभएको छ ॥८॥ मुसुक्क मुसुक्क हँसाइले उहाँको मुखमा प्रसन्नता देखिन्छ, नेत्र कमल जस्तै विशाल र कोमल छन्, कदम फूलको केशर जस्तै पहेलो वस्त्र धारण गर्नुभएको छ, हातमा बहुमूल्य रत्न जडिएका सुनका बाजुबन्द शोभायमान छन्, माथमा मणिमय मुकुट र कानमा कुण्डल झलमल्ल भइराखेका छन् ॥९॥ उहाँको चरण-कमल योगे-श्वरहरुद्वारा उनको फुलेको हृदयकमलको कर्णिका-माथि राखिएको छ। छातीमा श्रीवत्सको चिह्न (सुनौला मसिनो धर्को) छ, घाँटीमा कौस्तुभ मणि लर्किराखेको छ र उहाँ कहिले पनि नओइलाउने वनमालाले सुशोभित हुनुहुन्छ॥१०॥ कम्मरमा करधनी, औंलामा औंठी, पाउमा पाउ-जेब, पाखुरामा कनकन, पाउमा नूपुर आदि बहुमूल्य आभूषणले शोभित हुनुभएको छ। चिल्लो, निर्मल, घुंघरिएको तथा नीलो माथको केशको झुण्पाले सुशोभित भएको उहाँको मुखकमल मुसुक्क मुसुक्क को हँसाइले गर्दा बडो सुन्दर देखिन्छ ॥११॥ उदारमयी लीलाले युक्त भएको, हास्य सहितको हेराइले गर्दा सुशोभित भइराखेको उहाँको

उहाँको भ्रुकुटि–विलासले (आँखीभूईं फर–फराउनाले) भक्तजनहरुमाथिको महान् अनुग्रह प्रकट गरिरहेको छ । यसप्रकारको धारणा–द्वारा मन स्थिर नभएसम्म चिन्तनस्वरूप भग-वान्लाई वारंवार संभिरहनुपर्दछ ॥१२॥ भगवान्को चरणदेखि लिएर मुसुक्क हाँसिराखेको मुहारसम्मको समस्त अङ्गलाई एक एक गरी बुद्धिद्वारा ध्यान गरोस् । जति जति बुद्धी शुद्ध हुँदै गयो उति उति चित्त पनि स्थिर हुँदै जान्छ । स्थिर भएको चित्तद्वारा एउटा अङ्गको ध्यान ठीक भएपछि त्यसलाई छाडेर माथिका अङ्गको ध्यान गर्नुपर्दछ ॥१३॥ ब्रह्मादि देवताहरु भन्दा पनि ठूला यी जगदीश्वर भगवान् दृश्य होइनन् द्रष्टा पो हुन् । जबसम्म यिनमा अनन्य प्रेममय भक्ति–योग प्राप्त हुँदैन तबसम्म साधना गर्नेले नित्य नैमित्तिक कर्म गरिसकेपछि नियमपूर्वक भग-वान्को माथि वर्णन गरिएको स्थूलरूपको चिन्तन गरि नै रहनुपर्दछ ॥१४॥

हे राजन् ! जब योगीपुरुषलाई यो मनुष्यलोक छाड्ने इच्छा हुन्छ त्यस बखतमा त्यसले मनमा काल अथवा देशको विचार गर्न हुँदैन । सुख–पूर्वक स्थिर आसन जमाएर इन्द्रियहरूलाई जितीकन मनद्वारा प्राणको संयम गर्नुपर्द छ ॥१५॥ आफ्नो निर्मल बुद्धिद्वारा मनलाई वशमा गराएर त्यो मनसहितको बुद्धिलाई क्षेत्रज्ञ (द्रष्टा) मा र क्षेत्रज्ञलाई अन्तरात्मामा लीन गरिदेओस् । फेरि अन्तरात्मालाई परमात्मामा लीन गराएर धीर पुरुष परम शान्तिमय अवस्थामा स्थित होओस् । यसपछि उसले गर्नुपर्ने कुनै काम शेष रहँदैन ॥१६॥ यस अवस्थामा सत्व, रज, तम यी तीनै गुण, अहङ्कार, महत्तत्त्व अथवा प्रकृति यी कसैको पनि अस्तित्व रहँदैन । यस स्थितिमा जब देवताहरूको नियामक कालको समेत केही चल्दैनभने देवता अथवा उनको अधीनमा रहने प्राणीहरूको ता कुरै छैन ॥१७॥ "यो होइन, यो होइन" यसप्रकारको विचारले योगीहरू परमात्माबाहेक अरू पदार्थको त्याग गर्न खोज्दछन् औ शरीर तथा त्योसित सम्बन्ध राख्ने पदार्थपट्टिको आसक्तिलाई छाडेर अनन्य प्रेमले परिपूर्ण भइराखेको हृदयले वारंवार भगवान्को जुन परमपूज्य स्वरूपको आलिङ्गन गरिरहन्छन्, त्यै नै विष्णु भगवान्को परमपद हो— यस विषयमा जम्मै शास्त्रहरूको सम्मति छ ॥१८॥

ज्ञान–दृष्टिद्वारा जसको चित्त सवथा वासना–हीन भएको छ त्यस जितेन्द्रिय योगीले यस–प्रकारसंग आफ्नो शरीर त्याग गर्नुपर्दछ । पहिले कुरकुच्चाले गुदद्वारलाई थिचेर अडियोस् र त्यस–पछि नहडबडाईकन प्राणवायुलाई षट्चक्रभेदन गर्ने रीतिले माथितिर लैजाओस् ॥१९॥ योगीले नाभि (मणिपूरक चक्र) मा रहेको वायुलाई हृदय (अनाहत चक्र) मा लैजाओस् । त्यहाँबाट उदान वायुद्वारा त्यसलाई वक्षःस्थलको माथि विशुद्ध चक्रमा पुऱ्याओस्, अनि मनस्वी योगीले त्यस वायुलाई बिस्तारै बिस्तारै विशुद्ध बुद्धिको सहायताले तालुमूल (विशुद्धि चक्रको अग्रभाग) मा पुऱ्याइदेओस् ॥२०॥ यसपछि दुई आँखा, दुई कान, दुइटा नाकका प्वाल र मुख यी सातैओटा छिद्रलाई रोकेर तालुमूलमा रहेको वायुलाई आँखीभूईंको बीचमा आज्ञाचक्रमा लैजाओ स् ।

तल वर्णन गरिएका कुनै लोकमा जाने इच्छा नभएको खण्डमा त्यस वायुलाई त्यहीं रोकेर अडिरहोस् । यसो गरेको खण्डमा प्राणवायु स्वयं आधि घडीमा ब्रह्मरन्ध्रलाई फोरी शरीर इन्द्रिया-दिलाई छाडेर ब्रह्ममा लीन हुनेछ ।।२१।।

(यहाँसम्म सद्योन्मुक्तिको वर्णन भयो अब क्रममुक्तिको वर्णन गरिन्छ ।) हेराजन् ! योगी-लाई ब्रह्मलोकमा जाने अथवा अणिमादि गरिएका आठै प्रकारका सिद्धि प्राप्त गरीकन आकाशचारी सिद्धिहरूको साथमा विहार गन वा त्रिगुणमय ब्रह्माण्डको कुनै प्रदेशमा विचरण गर्ने इच्छा छभने त्यसले देह–त्याग गर्ने वेलामा मन र इन्द्रियलाई संगमै लिएर शरीरबाहिर निस्कनु-पर्दछ अर्थात् लिङ्ग शरीरको त्याग गर्न हुन्न।।२२।। योगीहरुको शरीर वायुसमान सूक्ष्म हुन्छ । विद्या, तपस्या, योग र समाधिको सेवन गर्ने यी योगीहरूलाई तीनै लोकमा भित्र बाहिर जताततै इच्छानुसार विचरण गर्ने अधिकार हुन्छ। केवल कर्मद्वारा यसप्रकारको रोकटोक नभएको गति पाउन सकिदैन ।।२३।। हे परीक्षित ! जब योगी ज्योतिर्मय मार्ग सुषुम्ना नाडीद्वारा ब्रह्मलोकतिर प्रस्थान गर्दछ त्यस बखतमा त्यो आकाशमार्गद्वारा अग्निलोकमा पुग्दछ, त्यहाँ त्यसको बाँकिरहेको मल नष्ट हुन्छ। यसपछि त्यो त्यहांबाट माथितिरको भगवान्को कृपापात्र ध्रुवको निवासस्थान शिशुमार नामक ज्योतिर्मय चक्रमा पुग्दछ ।।२४।। शिशुमार चक्र संसारको भ्रमणको आधार हो। यसलाई पार गरेर त्यो अत्यन्त सूक्ष्म औ निर्मल शरीरको सहायताले एक्लै महर्लोकमा पुग्दछ, यस लोकको ब्रह्मवेत्ताहरुले समेत वन्दना गर्दछन् औ यसमा कल्पपर्य्यन्त बाँचिरहने भृगु आदि देवताहरू विहार गर्दछन् ।।२५।। यसपछि प्रलयको समयमा शेषको मुखबाट निस्केको आगोले विश्वलाई डढ्न लागेको देखेर ब्रह्माको आयुसमान दुई परार्द्ध आयु हुने ब्रह्मलोकमा जान्छ, यस ब्रह्मलोकमा ठूला ठूला सिद्धेश्वरहरू विमानमा निवास गर्दछन्।।२६।। यहाँ शोक, बुढयाइँ, मृत्यु, कष्ट अथवा भय केही पनि हुँदैन । त्यहाँ केवल एउटा कुराको दुःख हुन्छ, त्यो के होभने परम-पादलाई नजानेकाहरूको जन्ममृत्युमय अत्यन्त घोर सङ्कष्ट देख्ता दयावश त्यहाँ बस्नेहरूको हृदयमा बडो व्यथा हुन्छ ।।२७।। सत्यलोकमा पुगेपछि त्यो योगी विष्णुपदलाई प्राप्त गर्नको निम्ति ब्रह्माण्डका सात आवरणलाई यसप्रकारसँग पार गर्दछ । सबभन्दा पहिले त्यसले आफ्नो सूक्ष्म शरीरलाई निर्भय भईकन अर्थात् शङ्कारहित भएर पृथ्वीमा मिलाइदिन्छ, यसपछि हतार नगरीकन पृथ्वीरूपले जलमा र जलरूपले अग्निमय आवरण-हरूमा प्राप्त भई, ज्योतिरूपले वायुरूप आवरणमा पुग्दछ औ त्यहांबाट भोग समाप्त भएपछि त्यो वायुरूपले ब्रह्मको अनन्तता बोध गराउने महान् आकाशरूप आवरणमा लीन हुन जान्छ ।।२८।। यसप्रकारसंग स्थूल आवरणहरूलाई पार गर्दाखेरि त्यस योगीले आफ्ना भिन्न भिन्न इन्द्रियहरूलाई उनीहरूको सूक्ष्म अधिष्ठानमा लीन गराइदिन्छ । घ्राणेन्द्रिय गन्धतन्मात्रामा, रसना रसनातन्मा-त्रामा, नेत्र रूपतन्मात्रामा, त्वचा स्पर्शतन्मात्रामा, श्रोत्र शब्दतन्मात्रामा औ प्राण अर्थात् कर्मेन्द्रियहरु आफ्ना आफ्ना क्रियाशक्तिमा प्राप्त भईकन आफ्ना आफ्ना सूक्ष्म स्वरूपमा लीन हुन पुग्दछन् ।।२९।।

यसप्रकारसँग योगी प्रपञ्चभूतको स्थूल–सूक्ष्म आवरणहरूलाई पार गरी अहङ्कारमा प्रवेश गर्दछ। त्यस समयमा त्यो सूक्ष्म भूतहरुलाई तामस अहंकारमा, इन्द्रियहरुलाई राजस अहङ्कारमा तथा मन र इन्द्रियहरूका अधिष्ठाता देवताहरुलाई सात्विक अहङ्कारमा लीन गराइदिन्छ। फेरि अहङ्कारसहित लयरूप गतिद्वारा महत्तत्त्वमा प्रवेश गरी अन्त्यमा समस्त गुणहरुकै लयस्थान प्रकृतिरूप आवरणमा गएर मिल्दछ॥३०॥ हे परीक्षित महाराज! महाप्रलयको समयमा प्रकृतिरूप आवरणको समेत लय भएपछि त्यो योगी स्वयं आनन्दस्वरूप भईकन, आनन्दस्वरूप शान्त परमात्मामा प्राप्त हुन्छ। जो मानिसलाई यो परमात्मगति प्राप्त हुन्छ त्यसले फेरि यस संसारमा आउनुपर्दैन॥३१॥

हे राजन्! तपाईंको प्रश्नअनुसार मैले वेदोक्त द्विविध सनातन मार्ग—सद्योमुक्ति र क्रममुक्तिको वर्णन गरिदिएँ। पूर्वकालमा ब्रह्माजीले वासुदेव भगवान्को आराधना गरेर यै प्रश्न गरेका थिए र उहाँले प्रसन्न भईकन यै कुरा ब्रह्माजीलाई भन्नुभएको थियो॥३२॥ संसाररूपी इनारमा पडिराखेका प्राणीहरुको कल्याणका लागि जुन साधनद्वारा कृष्ण भगवान् प्रति विशुद्ध भक्ति प्राप्त हुन्छ, त्योभन्दा ठूलो अर्को कुनै मार्ग छैन॥३३॥ भगवान् ब्रह्माले पनि एकाग्र चित्तले तानबाजि समस्त वेदहरुको निरीक्षण गरेर जताबाट सर्वात्मा श्रीकृष्ण भगवान् प्रति विशुद्ध भक्ति उत्पन्न हुन्छ त्यै नै सर्वश्रेष्ठ धर्म हो भन्ने आफ्नो बुद्धिले ठह्याउनुभएको छ॥३४॥ कृष्ण भगवान् समस्त चर–अचर प्राणीहरूमा उनीहरूको आत्मारूपले विराजमान हुनुहुन्छ किनकि बुद्धि आदि दृश्य पदार्थ उहाँका अनुमान गराउने लक्षण हुन्। उहाँ ता यी सबैका साक्षी एक मात्र द्रष्टा हुनुहुन्छ अर्थात् मन, बुद्धि आदिको विचार देख्ता यो सब थाहा पाउने कुनै अन्तर्यामी साक्षी अवश्य होला भन्ने कुरा सिद्ध हुन्छ॥३५॥ यसकारण हे राजन्! मानिसहरूले सर्वत्र, सदा जुनसुकै अवस्थामा पनि आफ्नो पूर्णशक्तिले कृष्ण भगवान्का गुणको श्रवण, कीर्तन र स्मरण गर्नुपर्दछ॥३६॥ सन्त पुरुषका आत्मस्वरूप भगवान्का कथामृतलाई जो भाग्यशाली पुरुष आफ्ना कामरूपी दुइटै दुनामा भरीभरीकन पान गर्दछन्, तिनीहरू नै विषयहरुको विषालु प्रभावलाई आफ्नो हृदयबाट दूर गरी त्यसलाई शुद्ध पार्दछन् र आखिरमा उनै श्रीकृष्णको चरणकमलको नजीक पुग्न पाउँछन्॥३७॥

—

अध्याय—३

कामनाअनुसार भिन्न भिन्न देवताहरूको उपासनाको वर्णन तथा भगवद्भक्तिको सर्वश्रेष्ठताको निरूपण।

शुकदेवजीले भन्नुभयो—

हे राजन्! मर्ने वेलामा बुद्धिमान् मानिसले के गर्नुपर्दछ भन्ने प्रश्न जो तिमीले मसित सोधेका थियौ त्यसको उत्तर भनिहालें॥१॥ अबलाई भिन्न भिन्न कामनाको पूर्तिको उपाय भन्दछु—

जसलाई ब्रह्मतेजको इच्छा छ त्यसले ब्रह्माजीको, जसलाई इन्द्रियहरूको विशेष शक्तिको कामना छ त्यसले इन्द्रको औ जसलाई सन्तानको लालसा छ त्यसले प्रजापतिहरूको उपासना गरोस् ॥२॥ लक्ष्मीको इच्छा हुनेले मायादेवीको, तेजको चाह गर्नेले अग्निको, धनको कामना हुनेले वसु देवताहरूको औ प्रभावशाली पुरुषलाई वीरताको इच्छा छभने त्यसले रुद्रहरूको उपासना गरोस् ॥३॥ अन्नको इच्छा गर्नेले अदितिको, स्वर्गको इच्छा भए अदितिका छोरा देवताहरूको, राज्यको अभिलाषा हुनेले विश्वदेवहरूको औ जनतालाई आफ्नो अधीनमा गराउन खोज्नेले साध्यदेवताहरूको आराधना गर्नुपर्दछ ॥४॥ जसलाई आयुको इच्छा छ त्यसले अश्विनीकुमारहरूको, पुष्टिको अभिलाषा गर्नेले पृथ्वीको औ जसले प्रतिष्ठाको इच्छा गर्दछ त्यसले लोकमाता पृथ्वीको र आकाशको उपासना गर्नुपर्दछ ॥५॥ सुन्दर रूपको इच्छा हुनेले गन्धर्वहरूको, राम्री स्वास्नीको इच्छा भए उर्वशी अप्सराको औ सबैको स्वामी बन्ने मन भए ब्रह्माजीको आराधना गर्नुपर्दछ ॥६॥ यशको इच्छा हुनेले यज्ञपुरुष (विष्णु) को, कोष (खजाना) को लालसा भए प्रचेताहरूको, विद्याभिलाषीले महादेवजीको औ दाम्पत्य-सुख (लोग्ने स्वास्नीको परस्पर प्रेम) लाई स्थिर राख्न खोज्नेले पार्वतीको उपासना गर्नुपर्दछ ॥७॥ धर्म उपार्जन गर्नको निम्ति विष्णु भगवान्को,सन्तान-वृद्धिको निम्ति पितृहरूको, आफ्नो रक्षाको निम्ति पुण्यजन अर्थात् यक्षहरूको औ बलियो हुनका लागि देवताहरूको पूजा गर्नुपर्दछ ॥८॥ राज्यको इच्छा गर्नेले मनु देवताहरूको,जादु-टुना गर्न इच्छा गर्नेले निर्ऋतिहरूको, भोगको निम्ति चन्द्रमाको औ कुनै किसिमको कामना नभएको पुरुषले परम-पुरुष नारायणको भजन गर्नुपर्दछ ॥९॥ कामनाले युक्त भएको होस् अथवा निष्काम होस् तथा मोक्षको चाहा गर्ने होस् त्यस्तो मानिस बुद्धिमान् छभने त्यसले तीव्र भक्तियोगद्वारा परम पुरुष भगवान्कै आराधना गर्नुपर्दछ ॥१०॥ भगवान्मा आफ्नो दृढ-भक्ति हुनमा औ भगवान्का प्रेमी भक्तहरूको संगत भेट्टाउनमा नै उपासकहरूको सबभन्दा ठूलो कल्याण छ ॥११॥ यस्ता पुरुषहरूको संगतमा हुने भगवान्का कथाहरूद्वारा रजोगुण-तमोगुणका तरंगरूप काम-क्रोधादिहरूलाई शान्त गर्ने ज्ञान प्राप्त हुन्छ, हृदय शुद्ध भएर आनन्दको अनुभव गर्न थाल्दछ, इन्द्रियहरूको विषयमा आसक्ति रहँदैन औ कैवल्य मोक्षको मुख्य मार्ग भक्ति-योग प्राप्त हुन्छ। भगवान्का यस्ता कथामा रस पाइसकेको को यस्तो मानिस होला जसले कि तिनमा प्रेम नगर्ला ॥१२॥

शौनकजीले सोधे –

हे सूतजी! शुकदेवको यो कुरा सुनेपछि भरत-श्रेष्ठ महाराज परीक्षितले व्यासका छोरा, विद्वान्, महात्मा शुकदेवसित अरू के प्रश्न गरे ? ॥१३॥ हामीलाई यो संवाद सुन्ने ठूलो इच्छा छ, कृपा गरी सुनाउनुहोस्, किनकि सज्जनहरूको सभामा अवश्य भगवान्का कथाहरूले भरिपूर्ण भएको कुरा-कानी भइरहन्छन् ॥१४॥महारथी महाराज परीक्षित स्वयं बडा भगवद्भक्त थिए। बालक-कालमा खेलौनासित खेल्दा पनि उनी कृष्ण-लीलाको अनुकरण गर्दथे भन्ने हामीले सुनेका

छौं ॥१५॥ व्यासजीका छोरा शुकदेव ता जन्मैदेखि कृष्ण भगवान्का परमभक्त थिए। यस्ता दुई महानुभावहरुको समागम भएमा ता अवश्यमेव विष्णु भगवान्को विमल गुणको गान भएकै हुनुपर्दछ ॥१६॥ जसको समय कृष्ण भगवान्को गुण-गानमा व्यतीत हुन्छ तीबाहेक अरू सबैको आयु व्यर्थमा बितिरहेको छ। सूर्य भगवान्ले प्रतिदिन आफ्नो उदय औ अस्तले यस्ताको आयु क्षीण गरिरहनुभएको छ ॥१७॥ मानिस झैं के रूख पनि बाँचिराखेका छैनन् त ? कौको खलाँ-तोले तिमी हामी जस्तै सास फेर्दैन त ? गाउँ-घरमा पालिएका कुक्कुर, सुंगुर आदि गरिएका पशु पनि ता के मानिस झैं खाने, पिउने औ मल-मूत्र त्याग गर्ने गर्दैनन् ? भक्ति नभएको खण्डमा ता यिनमा र मानिसमा केही फरक भएन ॥१८॥ जसले कृष्णभगवान्को कथा कहिले पनि सुनेको छैन त्यो नर पशु ता कुक्कुर, गाउँको सुंगूर, ऊँट र गदाहासमान मानिएको छ ॥१९॥

हे सूतजी ! मानिसको जुन कानले कहिले पनि कृष्णभगवान्को कथा सुनेको छैन त्यो ता साँप, मूसा बस्ने दूलोसमान हो । जुन जिब्रोले हरिकथाको कीर्तन गर्दैन त्यो ता भ्यागुताको जिब्रोसमान व्यर्थ हो ॥२०॥ जुन टाउको कहिले पनि कृष्णभगवान्को चरणमा निहुरँदैन त्यो ता रेशमी वस्त्र र मुकुटले सुशोभित भए तापनि भारी नै हो, जुन हातले भगवान्को सेवा पूजा गर्दैन त्यो ता सुनको कङ्कण धारण गरेको भए तापनि मुर्दाको हातसमान हो ॥२१॥ जसले भगवान्का मूर्तिको दर्शन गर्दैन त्यसका आँखा ता मयूरको प्वाँखमा भएका आँखासमान हुन्, जो भगवान्को मन्दिर अथवा तीर्थ-स्थानमा जाँदैन त्यसको खुट्टा हिंड्न सक्ने भए तापनि नहिंड्ने रूख जस्तै हो ॥२२॥ जुन मानिसले आफ्नो शिरमा भगवान्को चरणरज धारण गरेको छैन, त्यो जीवित भए तापनि मुर्दासमान हो, जो मानिस भगवान्को चरणमा चढाएको तुल-सीको गन्ध सुंघ्दैन त्यो ता सास फेन भए तापनि सास नफेर्ने मुर्दा हो ॥२३॥ हे सूतजी ! भगवान्को नामको उच्चारण गर्दा पनि नपग्लने हृदय ता वज्रसमान कठोर हो । हृदय पग्लेपछि ता आँखामा आनन्दको आँसु भरिएर आउँछ औ सारा शरीरमा रोमाञ्च हुन थाल्दछ ॥२४॥

हे प्यारा सूतजी ! योभन्दा अघि तपाईंले हामीलाई जति कथा सुनाउनुभयो ती सबै हाम्रो चित्तको अनुकूल नै थिए । अबलाई भगवान्का परमभक्त,ब्रह्मज्ञानीहरूमध्येका श्रेष्ठ शुकदेवजीले परीक्षितले प्रश्न गर्दा उनलाई भनेको जम्मै कुरा कृपा गरी सुनाउनुहोस् ॥२५॥

अध्याय—४

राजाको सृष्टि-विषयक प्रश्न र मङ्गलाचरणपूर्वक शुकदेवजीको कथारम्भ ।

सूतजीले भने—

आत्माको अर्थात् भगवत्तत्त्वका निश्चय गराउने शुकदेवजीका यी कुरा सुनेर राजा परीक्षितले आफ्नो शुद्ध-बुद्धि कृष्णभगवान्को

चरणकमलमा समर्पित गरिदिए ॥१॥ र आफ्नो शरीर, स्वास्नी, छोरा, घर, पशु, धन, भाइबन्धु तथा निष्कण्टक राज्यपट्टिको धेरै कालदेखिको अभ्यासले गर्दामा बलियासंग जरो हालेको ममतालाई छाडिदिए ॥२॥ यसपछि हे मुनि-श्रेष्ठ हो ! महामनस्वी परीक्षितले आफ्नो मृत्युको निश्चित समय थाहा पाएको हुनाले धर्म-अर्थ-कामसित सम्बन्ध हुने जति कर्म छन् तिनलाई छाडिदिए र अनि वासुदेव भगवान्मा सुदृढ आत्मभाव प्राप्त गरी बडो श्रद्धासंग कृष्णभगवान्को महिमा सुन्नलाई शुकदेवजीसित तपाईंहरूले अहिले मलाई सोध्नुभएको हरिलीला सम्बन्धी यै प्रश्न सोधे ॥३-४॥

राजाले भने—

हेब्रह्मन् ! हेनिष्पाप ! तपाईं सर्वज्ञ हुनुहुन्छ, तपाईंले भन्नुभएका कुरा सत्य एवं उचित छ किनकि जति जति तपाईं भगवान्को कथा भन्नुहुन्छ त्यति त्यति मेरो अज्ञानको पर्दा नष्ट हुन लागिराखेका छ ॥५॥ म फेरि तपाईंबाट भगवान्ले कसरी मायाद्वारा संसारको सृष्टि गर्नुहुन्छ सो कुरा जान्न चाहन्छु। यो संसार-रचनाको कुरा ता यस्तो रहस्यमय छ कि ब्रह्मादि समर्थ लोकपालहरूको समेत बुद्धिमा पसेको छैन ॥६॥ भगवान्ले कसरी यस विश्वको रक्षा गर्नुहुन्छ र फेरि कसरी यसको संहार गर्नुहुन्छ ? अनन्तशक्ति परमपुरुष परमात्मा कुन कुन शक्तिको आश्रय लिएर आफूलाई नै खेलौना बनाएर खेल्नुहुन्छ। उहाँले कसरी केटाकेटीले माटोको घर बनाए जस्तै गरी ब्रह्माण्डको रचना गरी फेरि त्यसलाई नष्ट गरिदिनुहुन्छ यी सब कुरा मलाई सुनाउनुहोस् ॥७॥ हे ब्रह्मन् ! भगवान्का लीलाहरू ता बडा अद्भुत औ जानिनसक्नु छन्। निस्सन्देह ठूला ठूला विद्वान्हरूलाई समेत उहाँका लीलाहरुको रहस्य बुझ्न बडो गाह्रो जस्तो मालूम हुन्छ ॥८॥ एउटै भगवान्ले सृष्टि आदि गरिएका अनेक कर्म गर्नको निम्ति प्रकृतिका सत्वादि विभिन्न गुणलाई एकैबाजि धारण गर्नुहुन्छ अथवा अनेक अवतार ग्रहण गरी तिनलाई (प्रकृतिका गुणलाई) क्रमशः धारण गर्नुहुन्छ ? ॥९॥ हे मुनिवर ! तपाइंले ता शब्दब्रह्म (वेद) तथा परब्रह्म दुइटैको मर्म राम्ररी बुझ्नुभएको छ तसर्थ मेरो यस सन्देहको निर्णय गरिदिनोस् ॥१०॥

सूतजीले भने—

भगवान्को गुण वर्णन गर्नको निम्ति राजा परीक्षितले यसप्रकारसंग प्राथना गरेपछि शुकदेवजी हृदयमा कृष्णभगवान्को वारंवार चिन्तन गरी भन्न लाग्नुभयो ॥११॥

शुकदेवजील भन्नुभयो—

संसारको उत्पत्ति-स्थिति-प्रलयरूप लीला गर्नको निम्ति सत्व-रज-तमरूप तीन शक्तिहरुलाई स्वीकार गरी ब्रह्मा-विष्णु-शङ्करको रूप धारण गर्ने, समस्त चर-अचर प्राणीको हृदयमा अन्तर्यामी रूपले विराजमान हुने औ जसको स्वरूप तथा उपलब्धिको मार्ग बुद्धिको विषय छैन त्यस्ता ती पुरुषोत्तम, अपरिमित महिमा भएका भगवान्को चरणकमलमा मेरो कोटि कोटि प्रणाम छ ॥१२॥ सत्पुरुषहरुको दुःख हटाएर उनलाई प्रेमको दान गर्ने, असत्पुरुषहरूको सांसारिक उन्नति रोक्ने, परमहंस आश्रममा रहेकाहरूलाई उनीहरूले इच्छा गरेको ब्रह्मज्ञान दिने समस्त चर-अचर प्राणी नै जसका मूर्ति हुन्, यस्ता भगवान्लाई म वारंवार नमस्कार गर्दछु ॥१३॥ भक्तहरुको रक्षा गर्ने, भक्तिहीनहरुको दृष्टि-

पथबाट सदा टाढा रहने, जसको समान अथवा जसभन्दा बर्त्ता अरू कसैको ऐश्वर्य छैन र यै ऐश्वर्यले सदासर्वदा आफ्नो ब्रह्मस्वरूप धाममा रमण गर्ने कृष्ण भगवान्‌लाई म वारंवार नमस्कार गर्दछु ॥१४॥ जसको कीर्तन, स्मरण, दर्शन, वन्दन, श्रवण र पूजनले उत्तिखेरि नै मानिसको पापलाई नष्ट गरिदिन्छ म त्यस्ता पुण्यकीर्ति कृष्ण भगवान्‌लाई वारंवार नमस्कार गर्दछु॥१५॥ जसको चरणकमलको आश्रय लिएर विवेकी मानिस आफ्नो हृदयबाट यस लोक औ परलोकको आसक्तिलाई दूर गरी विना प्रयासले नै ब्रह्मपद-लाई प्राप्त गर्दछन् त्यस्ता पुण्यकीर्ति कृष्ण भग-वान्‌लाई म वारंवार नमस्कार गर्दछु ॥१६॥ ठूला ठूला तपस्वी, दानी, यशस्वी, मनस्वी, सदाचारी र मन्त्रवेत्ताहरुलाई समेत आफ्ना साधन तथा स्वयं आफूलाई उहाँको चरणमा समर्पित नगरेसम्म कल्याणको प्राप्ति हुन सक्तैन त्यस्ता पुण्यकीर्ति भगवान्‌लाई म वारंवार नमस्कार गर्दछु ॥१७॥ किरात, हूण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन र खस आदि गरिएका नीच जातिहरू तथा अरू पापीहरु जसका शरणागत भक्तहरूको शरण ग्रहण गर्नाले पवित्र हुन्छन् त्यस्ता सर्वशक्तिमान् भगवान्-लाई म वारंवार नमस्कार गर्दछु ॥१८॥ यी भगवान् आत्मज्ञानीहरूका आत्मा, भक्तहरुका स्वामी, कर्मकाण्डीहरूको निम्ति वेदमूर्ति, धार्मिक-हरूका लागि धर्ममूर्ति र तपस्वीहरुका लागि तपस्वीरूप हुन् । ब्रह्मा, शङ्कर आदि ठूला ठूला देवतासमेत आफ्नो शुद्ध हृदयले उहाँको स्वरूपको चिन्तन गर्दछन् र छक्क परेर हेर्दछन् । यस्ता भगवान्‌ले मेरो उपर आफ्नो अनुग्रहको वर्षा गरून् ॥१९॥ लक्ष्मीदेवीका पति, समस्त यज्ञ-हरूका भोक्ता तथा फलदाता, प्रजाका रक्षक, सबैको बुद्धिका साक्षी, समस्त लोकका पालन-कर्ता तथा पृथ्वीदेवीका स्वामी र जसले यदुवंशमा प्रकट भएर अन्धक, वृष्णि र यदुवंशका मानिस-हरुको रक्षा गर्नुभएको छ औ उनीहरुको एक मात्र रक्षक हुनुहुन्छ, यस्ता भक्तवत्सल, सत्पुरुषहरुका सर्वस्व श्रीकृष्ण मदेखि प्रसन्न हुनुहोस् ॥२०॥ जसका चरणकमलको चिन्तनरूप समाधिले शुद्ध भएको बुद्धिद्वारा विवेकी पुरुषहरु-लाई आत्मतत्त्वको साक्षात्कार हुन जान्छ र जसको दर्शन पाएपछि विद्वान्‌हरु आफ्नो आफ्नो मति तथा रुचिअनुसार जसको स्वरूपको वर्णन गर्दछन् त्यस्ता कृष्ण भगवान् ममाथि प्रसन्न हुनुहोस् ॥२१॥ जसले सृष्टिको आरम्भमा ब्रह्माजीको हृदयमा पूर्वकल्पको स्मरणलाई जाग्रत् गर्ने ज्ञानकी अधिष्ठात्री देवीलाई प्रेरित गर्नुभयो र ती सरस्वती आफ्ना अङ्गहरुसहित वेदको रूपमा उहाँको मुखबाट प्रकट हुनुभयो, यस्ता ज्ञानका मूल कारण भगवान्‌ले मेरो उपर कृपा गरून् अर्थात् मेरो हृदयमा प्रकट होऊन् ॥२२॥ भगवान् नै पञ्चमहाभूतबाट यी शरीरको निर्माण गरी तिनमा जीवरूपले शयन गर्नुहुन्छ र पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, पाँच प्राण र एक मन यी सोह्र कलाले युक्त भएर यिनका शब्द, स्पर्शादि सोह्र विषयहरूको भोग गर्नुहुन्छ, यस्ता सबै प्राणीमा विराजमान रहने भगवान्‌ले मेरो वाणीलाई आफ्ना गुणले अलङ्कृत गरि-दिऊन् ॥२३॥ जसको मुखकमलबाट निस्केको

ज्ञानरूपी अमृतको सन्त पुरुषले यथेष्ट पान गरेका छन् त्यस्ता परम तेजस्वी भगवान् व्यासलाई नमस्कार छ ।।२४।।

हे परीक्षित ! तिम्रो प्रश्नको उत्तरमा म जो भन्न लागेको छु त्यस कुराको नारायणले पहिले ब्रह्मालाई उपदेश गर्नुभएको थियो । ब्रह्माको हृदय वेदको ज्ञानले परिपूर्ण भए तापनि वेदको सार यो श्रीमद्भागवत उनको निम्ति एउटा अपूर्वको वस्तु थियो, यसैकारण वेदपछि पनि यसको उपदेशको आवश्यकता भयो । नारदले सोद्धा ब्रह्माजीले पनि उनलाई यै पुराण सुनाउनुभएथ्यो ।।२५।।

अध्याय–५

भगवान्‌को विराट् रूपबाट जगत्‌को उत्पत्तिको वर्णन :

नारदले भने—

एक दिन ब्रह्मलोकमा गएको वेलामा नारदले आफ्ना पिता ब्रह्माजीलाई भने— समस्त प्राणीलाई उत्पन्न गर्ने, सबैका पिता, देवताहरूमध्येका श्रेष्ठ तपाईंलाई मेरो नमस्कार छ, जुन ज्ञानले आत्मा तथा परमात्माको तत्त्व राम्ररी बुझ्न सकिन्छ कृपया मलाई त्यस ज्ञानको उपदेश गर्नुहोस् ।।१।। हे प्रभो ! यस संसारको लक्षण क्या हो ? यसको आधार के हो ? कसबाट यसको निर्माण भएको हो ? कसमा यसको प्रलय हुन्छ ? यो कसको अधीनमा छ ? वास्तवमा यो के कुरा हो ? कृपा गरी मलाई यसको यथार्थ तत्त्व भन्नुहोस्।।२।।तपाईं ता सबै कुरा जान्नुहुन्छ,कारण भइरहेको औ पछि हुने सबैको स्वामी हुनालेयो सम्पूर्ण विश्व हत्केलामा राखेको अमला झैं तपाईंको ज्ञान दृष्टिको विषय छ।।३।।तपाईंले कताबाट यो विज्ञान शक्ति पाउनुभयो? कसको आधारमा अडिनुभएको छ ? कसको अधीनमा हुनुहुन्छ ? कसको स्वरूपले प्रकाशित हुनुहुन्छ ? कसको मायालेएक्लै नै विना कसैको सहायताले पञ्चतत्वद्वारा सम्पूर्ण स्थावर जङ्गम प्राणीको सृष्टि गर्नुहुन्छ ? ।।४।। जसरी माकुरो विना प्रयासले आफ्नो मुखबाट जालो निकालेर त्यसमा क्रीडा गर्दछ त्यसै गरी तपाईं पनि आफ्नो माया–शक्तिको आश्रयले आफूमा नै जीवहरुलाई उत्पन्न गर्नुहुन्छ, तर तपाईंमा कुनै प्रकारको विकार हुँदैन अर्थात् स्वयं त्यसमा लिप्त हुनुहुन्न ।।५।। संसारमा नाम, रूप, गुणले प्रकट हुने सत्, असत, उत्तम, मध्यम अथवा अधम कुनै वस्तु पनि तपाईंसिवाय अरू कसैबाट प्रकट भएको देखिंदैन ।।६।। यस किसिमले सबैको ईश्वर भए तापनि तपाईंले बडो एकाग्रचित्त भईकन घोर तपस्या गर्नुभयो यो देख्ता मलाई बडो खेद भइरहेको छ र तपाईंभन्दा पनि ठूलो अरू कोही रहेछ कि भन्ने शङ्का हुन लागेको छ ।।७।। तपाईं सर्वज्ञ, सर्वशक्तिमान् हुनुहुन्छ तसर्थ मैले सोधेको यस गूढ तत्त्वलाई मैले राम्ररी बुझने किसिमले वर्णन गर्नुहोस् ।।८।।

ब्रह्माले भन्नुभयो—

ए बाबु ! तिमी सबैमाथि करुणा गर्ने ह्वौ, यसै कारणले तिम्रो यो सन्देहपूर्वक प्रश्न बडो उत्तम छ । हे सौम्य ! तिम्रो यस प्रश्नले गर्दा मलाई पनि ठूलो लाभ हुनेभयो किनकि यसले

गर्दा मैले भगवान्‌का लीलाहरूको वर्णन गर्ने सुअवसर पाएँ ।।९।। हे नारद ! मेरो विषयमा तिमीले भनेको कुरा पनि असत्य होइन, किनकि जबसम्म मभन्दा ठूला भगवान्‌को ज्ञान हुँदैन तबसम्म मेरो यस्तै प्रभाव रहेछ भन्ने मालूम हुन्छ ।।१०।। जसरी सूर्य, अग्नि, चन्द्रमा, ग्रह, नक्षत्र, तारा उहींकै प्रकाशले प्रकाशित भएर संसारमा प्रकाश फैलाइराखेका छन् त्यसै गरी म पनि स्वयं प्रकाश भगवान्‌को चिन्मय प्रकाशले प्रकाशित भएर संसारलाई प्रकट गर्दछु ।।११।। भगवान्‌को मायालाई जित्न बडो गाह्रो छ, त्यै मायाले मोहित भएर दुनियाँ मलाई सृष्टिकर्ता भन्दछन्। म तिनै मायापति भगवान्‌लाई नमस्कार गरेर उनको ध्यान गर्दछु ।।१२।। यो माया उनको नजरको अगाडि अड्नै सक्तैन, लाज मानेर टाढैबाट भागिहाल्दछ तर संसारका अज्ञानी मानिसहरू यै मायाले मोहित भएर "यो म हुँ, यो मेरो हो" यसप्रकारको बकबाद गर्दछन् ।।१३।। हे नारदजी ! भिन्न-भिन्न मतावलम्बीहरूद्वारा संसारको मूल कारणको रूपमा जुन जुन वस्तुको कल्पना गरिएको छ, तिनको द्रव्य, काल, कम, स्वभाव अथवा जीव जेसुकै नाम होस्, वास्तवमा यी कुनै पनि भगवान्‌देखि भिन्न छैनन् ।।१४।। वेद नारायणको महिमा गाउँछन् अतः यी नारायणपरायण हुन्, वेदमा वर्णन गरिएका देवताहरु नारायणकै शरीरबाट उत्पन्न भएका हुन्, समस्त यज्ञ नारायणको प्रसन्नताका लागि गरिन्छन्, यज्ञद्वारा जुन लोकको प्राप्ति हुन्छ ती पनि नारायणमै कल्पित छन् । सबै प्रकारका योग पनि नारायणकै प्राप्तिका निमित्त हुन्, थरी थरीका तपस्याले पनि नारायणतिर नै लैजाने हुन्, ज्ञानद्वारा जान्नुपर्ने कुरो पनि नारायण नै हुन्, समस्त साध्य तथा साधनको समाप्ति पनि नारायणमै गएर हुन्छ ।।१५-१६।। सबैका साक्षी, सबैका ईश्वर, सबैका मूल कारण, निर्विकार भए तापनि सर्वस्वरूप उहाँले नै मलाई बनाउनुभएको हो, उहींकै दृष्टिले प्रेरित भएर तथा उहींकै इच्छानुसार सृष्टिको रचना गर्दछु ।।१७।। सृष्टि. स्थिति र प्रलयको निम्ति रजोगुण, सत्वगुण र तमोगुण यी तीन गुण मायाद्वारा सर्वव्यापक, निर्गुण, निराकार भगवान्‌मा स्वीकार गरिएका छन् अर्थात् तीन गुणलाई ग्रहण गरेर भगवान् सगुण हुन्छन् ।।१८।। द्रव्य, ज्ञान औ क्रिया (अर्थात् पञ्चतत्त्व, इन्द्रिय र इन्द्रियका अधिष्ठाता देवता) का कारणस्वरूप यी तीनै गुणले वास्तवमा सदा मायादेखि पर रहने, नित्यमुक्त, मायाधारी पुरुषलाई कार्य, कारण र कर्तृत्वको अभिमानले बाँद्धछन् ।।१९।। हे नारदजी ! इन्द्रियका पहुचबाहिरका उनै भगवानले गुणका यी तीन आवरणले आफ्नो स्वरूपलाई यसरी ढाकिदिनुहुन्छ कि उहाँसिवाय अरू कसैले उहांको गतिलाई जान्नै सक्तैनन् । सारा संसारको र मेरो पनि एकमात्र स्वामी उहींनै हुनुहुन्छ ।।२०।।

जब मायापति भगवान्‌लाई एकबाट अनेक रूप लिने इच्छा भयो तब उहाँले आफ्नो मायाले आफ्नो स्वरूपमा स्वयं प्राप्त भएका काल, कर्म र स्वभावलाई स्वीकार गर्नुभयो ।।२१।। भगवान्‌को शक्तिले गर्दा कालले तीनै गुणमा क्षोभ उत्पन्न गरिदियो, स्वभावले तिनलाई रूपान्तरित गरिदियो र कर्मले महत्तत्त्वलाई जन्म दियो ।।२२।।

यसपछि रजोगुण र सत्वगुणको वृद्धि भएकोले महत्तत्वको जुन विकार हुन गयो त्यसबाट ज्ञान क्रिया र द्रव्यरूप तमःप्रधान अहङ्कार बन्न गयो ॥२३॥ यो अहङ्कार पनि विकारमा प्राप्त भएर तीन प्रकारको हुन गयो- वैकारिक, तैजस र तामस, यी तीन उसका भेद हुन् । यिनीहरू क्रमशः ज्ञानशक्ति, क्रियाशक्ति र द्रव्यशक्ति प्रधान हुन् ॥१४॥ तामस अहङ्कारमा विकार भएपछि त्यसबाट आकाशको उत्पत्ति भयो; यसको तन्मात्रा र गुण शब्द हो । यै शब्दद्वारा द्रष्टा र दृश्यको बोध हुन्छ ॥२५॥ आकाशमा विकार भएपछि त्यसबाट वायुको उत्पत्ति भयो, यसको गुण स्पर्श हो, आफ्नो कारणको गुण आउनाले यो शब्दवाला पनि छ । इन्द्रियहरूमा स्फूर्ति, शरीरमा जीवनशक्ति, ओज र बल यसैका रूप हुन् ॥२६॥ काल, कर्म र स्वभावले गर्दा वायुमा पनि विकार भयो र त्यसबाट तेजको उत्पत्ति भयो । यसको प्रधान गुण रूप हो । साथसाथै यसका कारण आकाश र वायुका शब्द र स्पर्श गुण पनि यसमा छन् ॥२७॥ तेजतत्त्व रूपान्तरमा प्राप्त भएपछि त्यसबाट जलको उत्पत्ति भयो, रस यसको गुण हो । माथि कहिएका तीनै तत्व यसका कारण हुनाले उनका गुण, शब्द, स्पर्श र रूप पनि यसमा छन् ॥२८। जलको विकारबाट पृथ्वीको उत्पत्ति भयो, गन्ध यसको गुण हो । कारणको गुण कार्यमा आउने हुनाले शब्द, स्पर्श, रूप, रस यी चारै गुण पनि यसमा छन्॥२९॥

वैकारिक अहङ्कारबाट मन र दिशा-वायु-सूर्य-वरुण-दुई अश्विनीकुमार-अग्नि इन्द्र-विष्णु-मित्र-प्रजापति नामक इन्द्रियका दस अधिष्ठाता देवताहरु उत्पन्न भए ॥३०॥ तैजस अहङ्कारको विकारबाट श्रोत्र-त्वचा-घ्राण-नेत्र-जिह्वा यी पाँच ज्ञानेन्द्रिय र वाक्-हस्त-पाद-मूत्रेन्द्रिय-गुदा यी पाँच कर्मेन्द्रिय उत्पन्न भए, यिनको साथ साथै ज्ञान शक्तिरूप बुद्धि र क्रियाशक्तिरूप प्राण पनि यै तैजस अहङ्कारबाट उत्पन्न भए ॥३१॥

ब्रह्मज्ञानीहरूमध्येका श्रेष्ठ हे नारदजी ! पञ्च-भूत, इन्द्रिय, मन र सत्वादि तीनै गुण परस्पर सङ्गठित नहुनाले जब यिनीहरुले आफ्नो आश्रय तथा सुखादि भोगको साधनरूप शरीरको रचना गर्न सकेनन् ॥३२॥ तब भगवान्को शक्तिले प्रेरित भएर यी तत्त्वहरु परस्पर एउटा अर्को-संग मिल्न गएर कार्य-कारण भावलाई स्वीकार गरी व्यष्टि (स्थूल) तथा समष्टि (सूक्ष्म) रूप अण्ड-ब्रह्माण्डको यिनीहरुले रचना गरे॥३३॥ यो ब्रह्माण्डरूप अण्ड एक हजार वर्षसम्म जलमा परि-रह्यो र अनि काल, कर्म औ स्वभावलाई स्वीकार गर्ने भगवान्ले त्यस नीर्जीव अण्डलाई सजीव गरि-दिनुभयो॥३४॥त्यस अण्डलाई फुटालेर सहस्र ऊरु, सहस्र चरण, सहस्र बाहु, सहस्र नेत्र, सहस्र मुख र सहस्र शिर भएका विराट् पुरुष निस्के ॥३५॥ विद्वान् पुरुषहरु उपासनाको निम्ति उनैको अङ्गमा समस्त लोक तथा त्यसमा रहने वस्तुहरुको कल्पना गर्दछन् । उनको कम्मरमुनिको अङ्गमा तलका ७ पातालको र माथिको अङ्गमा भू आदि सात लोकको कल्पना गर्दछन् ॥३६॥ ब्राह्मण यी विराट् पुरुषका मुख हुन्, भुजाहरू क्षत्रिय हुन्;यी ईश्वरको तिघ्राबाट वैश्य र चरणबाट शूद्र उत्पन्न भएका हुन् ॥३७॥ ती परमात्माको पैतालादेखि लिएर कम्मरसम्म साते पाताल र भूलोकको कल्पना गरिएको छ,नाइटोमा भुवर्लोकको,हृदयमा

स्वर्लोकको र वक्षःस्थलमा महर्लोकको कल्पना गरिएको छ ॥३८॥ यिनको घाँटीमा जनलोक, दुवै स्तनमा तपोलोक र मस्तकमा ब्रह्माको नित्य निवासस्थान सत्यलोक छ ॥३९॥ यी विराट् पुरुषको कम्मरमा अतल, छातीमा वितल, घुँडामा सुतल र तिघ्रामा तलातलको कल्पना गरिएको छ ॥४०॥ गोलीगाँठामा महातल, पञ्जा औ कुर-कुच्चामा रसातल र पैतालामा पाताललोक मानिएको छ । यसप्रकारले यी विराट् पुरुष सर्वलोकमय हुन ॥४१॥ अथवा उनको चरणमा पृथ्वी, नाभिमा भुवर्लोक र शिरमा स्वर्लोक छ भन्ने यसप्रकारसँग पनि विराट् भगवान्को अङ्गमा लोकहरुको कल्पना गरिएको छ ॥४२॥

अध्याय—६

भगवान्को विराट्-स्वरूपको वर्णन।

ब्रह्माजीले भने—

हे नारद ! उनै विराट् पुरुषको मुखबाट वाणी र तिनका अधिष्ठाता देवता अग्निको उत्पत्ति भएको हो । उनका सात धातु (त्वक्-चर्म-मांस-रुधिर-मेद-मज्जा-अस्थि) बाट गायत्री-त्रिष्टुप्-अनुष्टुप्-उष्णिक्-वृहती पंक्ति-जगती यी सात छन्द निस्केका हुन् र उनको जिब्रोबाट हव्य (देवताहरूको अन्न)कव्य(पितृहरुको अन्न) अमृत मानिस हरूका अन्न) तथा सब प्रकारका रस (रसनेन्द्रिय र त्यसका अधिष्ठाता देवता वरुण) उत्पन्न भएका हुन् ॥१॥ प्राण-अपान-व्यान-उदान-समान यी पाँच प्राण र वायु उनको नासिकाबाट एवं घ्राणेन्द्रियबाट अश्विनीकुमार, जम्मै औषधि र सामान्य तथा विशेष गन्ध उत्पन्न भएका हुन् ॥२॥ रूप र रूप-प्रकाशक तेजको चक्षु इन्द्रियबाट उत्पत्ति भएको हो; नेत्र-गोलक स्वर्ग र सूर्यको जन्म-भूमि हो । जम्मै दिशा औ तीर्थ कानबाट तथा आकाश र शब्द श्रोत्रेन्द्रियबाट निस्केका हुन् । उनको शरीर संसारका सबै वस्तुको सार भाग (चैतन्य अंश) तथा सौन्दर्यको खजाना हो ॥३॥ स्पर्शवायु र सम्पूर्ण यज्ञ उनको त्वचाबाट निस्केका हुन्; पृथ्वीलाई छेडेर निस्कने वृक्षादि र कुश विराट्-पुरुषको रौंबाट निस्केका हुन्—यिनै वस्तुद्वारा यज्ञ सम्पन्न हुन्छन् ॥४॥ विराट्-पुरुषको केश, दाह्री, जुंगा र नङबाट क्रमैसँग मेघ, बिजुली, शिला, फलाम आदि धातु तथा बाहुबाट संसारको रक्षा गर्ने लोकपालहरु प्रकट भएका हुन् ॥५॥ उनको कदम रखाइबाट भूः, भुवः स्वः उत्पन्न भएका हुन्; भेट्टाएको वस्तुको रक्षा, भयलाई दूर गर्ने तथा समस्त कामनाको पूर्ति उनैको चरणकमलबाट हुने हो ॥६॥ विराट् पुरुषको लिङ्ग जल, वीर्य, सृष्टि, मेघ र प्रजापतिको आधार हो । मैथुन-जनित आनन्दको भोग गर्ने शक्ति उपस्थ इन्द्रियबाट प्रकट भएको हो ॥७॥ हे नारद ! उनको वायु इन्द्रियबाट यमदेवता, मित्रदेवता र मल-त्याग प्रकट भएका हुन् तथा हिंसा, निर्ऋति, मृत्यु र नरकको उद्गम स्थान उनको गुदाद्वार हो ॥८॥ उनको पिठ्युँबाट पराजय, अधर्म र अज्ञान, नाडीहरूबाट नद नदी र हाडहरुबाट पर्वतहरुको निर्माण भएको हो ॥९॥ उनको

उदरबाट फलफूल, अन्नका विभिन्न सातै रस, अव्यक्त समुद्र, समस्त प्राणी र यी प्राणीको मृत्यु प्रकट भएको हो। विराट्-पुरुषको हृदय मन नामक जीवको लिङ्ग शरीरको जन्मभूमि हो ॥१०॥ हे नारद! धर्मको, तिम्रो, मेरो, सनकादि चार कुमारहरुको, महादेवको, विज्ञानको तथा अन्तःकरणको—यी सबैको परम आश्रय एक मात्र परमात्माको मन नै हो ॥११॥ म, तिमी, तिम्रा दाजु सनकादिहरु, शङ्कर, देवता, दैत्य, मनुष्य, नाग, पक्षी, मृग, सरीसृप (घिस्रेर हिंड्ने जन्तु), गन्धर्व, अप्सरा, यक्ष, राक्षस, भूत, प्रेत, सर्प, पशु, पितृगण, सिद्ध, विद्याधर, चारण, वृक्ष तथा अरू पनि आकाश, जल वा स्थलमा रहने नाना प्रकारका जीव, ग्रह, नक्षत्र, केतु (पुच्छ्रे तारा), ताराहरु, बिजुली, बादल यी सबै एक मात्र परम पुरुष परमात्मा नै हुन् । भूत, भविष्य, वर्तमान समस्त जगत्‌लाई उहाँले व्याप्त गरेको छ र यो विश्व उहाँभित्र केवल दश अङ्गुलको परिमाणमा रहेको छ ॥१२-१५॥ जसरी सूर्य आफ्नो मण्डललाई प्रकाशित गर्दा सबै ब्रह्माण्डलाई प्रकाशित गर्दछन् त्यसैगरी पुराण पुरुष परमात्मा पनि सम्पूर्ण विराट् विग्रहलाई प्रकाशित गर्दा जगत्‌को भित्र बाहिर एकनाससँग प्रकाशमान भइराखेका छन ॥१६॥ मानिसको क्रिया औ सङ्कल्पद्वारा जति कुरा हुन्छन् तीभन्दा उहाँ पर हुनुहुन्छ तथा अमरता औ अभयपद (मोक्ष) को समेत स्वामी हुनाले हे ब्रह्मन्! कसैले उहाँको महिमाको अन्त्य पाउन सक्तैन ॥१७॥ भू आदिलोक भगवान्‌को एक पाद मात्र (अंश मात्र) हुन् तथा उहाँको अंश मात्र लोकमा समस्त प्राणी वास गर्दछन् । भूलोक, भुवर्लोक र स्वर्लोकभन्दा माथि महर्लोक छ, योभन्दा पनि माथिको जन, तप र सत्यलोकमा क्रमशः अमृत, क्षेम र अभय सदा विराजमान रहन्छन् ॥१८॥

जन, तप, सत्य यी तीन लोकमा क्रमशः ब्रह्मचारी, वानप्रस्थ र संन्यासी बस्तछन्; ब्रह्मचर्यरूप महाव्रतदेखि रहित भएर गृहस्थहरु भूलोक भुवर्लोक र स्वर्लोकको भित्रै रहन्छन् ॥१९॥ शास्त्रमा दुई मार्ग बताइएका छन्–एउटा अविद्यारूप कर्ममार्ग सकाम पुरुषहरुको निम्ति हो, दोस्रो उपासनारूप विद्याको मार्ग निष्काम उपासकको लागि हो। मानिस यी दुवै मध्ये कुनै एउटाको आश्रय लिएर भोग प्राप्त गराउने दक्षिण मार्गबाट अथवा मोक्ष प्राप्त गराउने उत्तर मार्गबाट यात्रा गर्दछन् ॥२०॥ जसरी सूर्य आफ्नो किरणले सबैलाई प्रकाशित गरे तापनि सबैदेखि फरक रहन्छन्, त्यसैगरी जुन परमात्माबाट यस अण्डको तथा पञ्चभूत, एकादश इन्द्रिय औ गुणमय विराट्‌को उत्पत्ति भएको छ ती प्रभु पनि यी सबै वस्तुको भित्र तथा उनको रूपमा रहे तापनि यी सबैदेखि बिलकुल फरक छन् ॥२१॥

हे नारद ! जब म यी विराट् पुरुषको नाभिबाट उत्पन्न भएको कमलबाट प्रकट भएँ, त्यस वेला यी पुरुषको अङ्गबाहेक मैले अरू कुनै यज्ञको सामग्री भेट्टाइनँ ॥२२॥ अनि ता मैले उनकै अङ्गबाट यज्ञ-पशु, वनस्पति, कुश, यज्ञभूमि, यज्ञलाई सुहाउने उत्तम काल, यज्ञका पात्र, थरीथरीका औषधि, घृत, रस, फलाम, माटो, जल, ऋग्वेद, यजुर्वेद, सामवेद, चातुर्होत्र, यज्ञहरुका नाम, मन्त्र, दक्षिणा, व्रत,

देवताहरुको नाम, पद्धतिग्रन्थ, सङ्कल्प, तन्त्र (अनुष्ठान विधि), गति, मति (ध्यान), प्रायश्चित्त र समर्पण यी सबै यज्ञका सामग्रीहरू एकत्रित गरें ॥२३-२६॥ यसप्रकारसंग विराट् पुरुषको अङ्गबाट नै सारा यज्ञका सामग्री एकत्रित गरी, उनैको सामग्रीद्वारा ती यज्ञस्वरूप परमात्माको यज्ञद्वारा आराधना गरें ॥२७॥ यसपछि तिम्रा दाजू यी मरीचि आदि नौ प्रजापतिहरुले पनि चित्त एकाग्र गरेर निर्गुण एवं सगुण ती विराट् पुरुषको आराधना गरे ॥२८॥ तदनन्तर समय समयमा मनु, ऋषि, पितृगण, देवता दैत्य, औ मानिसहरुले पनि यज्ञद्वारा ती सर्वव्यापक भगवान्को पूजन गरे॥२९॥ यसप्रकारसंग यो सम्पूर्ण विश्व उनै नारायण भगवान्मा नै रहेको छ। वास्तवमा निर्गुण भएर पनि उहाँ सृष्टिको आरम्भमा मायाद्वारा अनेक गुण ग्रहण गर्नुहुन्छ ॥३०॥ उनैको प्रेरणाले म यो संसारको रचना गर्दछु, महादेव उनैको अधीनमा भएर यसको संहार गर्दछन् र सत्व-रज-तमको तीन शक्तिलाई ग्रहण गर्ने स्वयं आफू विष्णुको रूपले यसको पालना गर्नुहुन्छ ॥३१॥

ए बाबु! तिमीले मसित जो सोधेका थियौ त्यसको ठीक ठीक उत्तर भनिदिएँ, संसारमा भाव अथवा अभाव, कार्य अथवा कारणको रूपमा कुनै वस्तु पनि भगवान्देखि भिन्न छैन ॥३२॥

ए प्यारा नारदजी! प्रेमपूर्ण एवं उत्कण्ठित हृदयले सदासर्वदा भगवानको स्मरणमा मग्न रहने हुनाले मेरो वाणी कहिले पनि असत्य हुँदैन, मेरो मनले कहिले पनि असत्य सङ्कल्प गर्दैन र मेरा इन्द्रियहरु पनि मर्यादाको उलङ्घन गरेर कहिले पनि कुमार्गतिर लाग्दैनन् ॥३३॥ म वेदमूर्ति हुँ, तपस्यामय मेरो जीवन छ, बडा बडा प्रजापतिहरूले मेरो बन्दना गर्दछन् र म उनको स्वामी हुँ तथापि एकाग्र चित्तल बडो राम्रोसँग योगाभ्यास गर्दा पनि आफूलाई उत्पन्न गर्ने ती परमात्माको स्वरूपलाई बुझ्न सकेको थिइनँ,किनकि उहाँ ता एक मात्र भक्तिले नै प्राप्त हुनुहुन्छ ॥३४॥ आफ्ना शरणागत भक्तहरुलाई जन्म मरणको जंजालबाट छुटाएर उनको कल्याण गर्ने भगवान्को परम मङ्गलमय चरणलाई नै म नमस्कारगर्दछु। जसरी स्वयं आकाशलाई आफ्नो अन्त्यको पत्तो छैन त्यसै गरी भगवान्लाई पनि आफ्नो अनन्त मायाको विस्तार थाहा छैन अरूलाई थाहाहोला भन्ने ता कुरै भएन ॥३५॥ जसको वास्तविक स्वरूपलाई मैले, तिमीले र महादेवजीले समेत बुझेका छैनौंभने अरू देवताले कसरी बुझ्न सक्लान्,उहाँलाई बुझ्ने कुरा ता परै रहोस् हामीहरू ता मायाले यसप्रकारसँग मोहित भइराखेका छौं कि उहाँको मायाद्वारा बनेको यस जगत्लाई समेत पूरा तवरसँग बुझ्न सक्तैनौं, आफ्नो आफ्नो बुद्धिअनुसार केवल अटकलसम्म गर्दछौं ॥३६॥ हामीहरू जसका लीला औ अवतारको केवल गान गर्दछौं तर यथार्थ तत्व ता बुझेका छैनौं, म उनै भगवान्लाई नमस्कार गर्दछु ॥३७॥ यी अजन्मा आदिपुरुष प्रत्येक कल्पमा आफूमा आफूद्वारा आफ्नो सृष्टि गर्नुहुन्छ, रक्षा गर्नुहुन्छ र संहार गर्नुहुन्छ ॥३८॥ यी भगवान् मायाको लेशसम्म पनि नभएका केवल ज्ञानस्वरूप हुनुहुन्छ औ सबैको अन्तरात्माको रूपमा एकनाससित रहनुभएको छ। उहाँ तीनै कालमा एकनाससँग रहने

सत्य स्वरूप एवं परिपूर्ण हुनुहुन्छ। उहाँको न आदि छ न अन्त्य, तीनै गुणदेखि रहित सनातन एवं अद्वितीय हुनुहुन्छ ॥३९॥ हे देवर्षि नारद ! महात्माहरुले आफ्नो अन्तःकरण, इन्द्रिय र विषय भोगको वासनालाई शान्त गरेपछि उहाँको साक्षात्कार गर्न पाउँछन् तर असत् पुरुषहरुद्वारा कुतर्कको जाल फिंजाएर उहाँलाई ढाकिदिएमा ता उहाँको दर्शन मिल्न सक्तैन ॥४०॥

विराट् पुरुष ती परमात्माको पहिलो अवतार हो। काल-स्वभाव, कार्य, करण, मन, पञ्चतत्त्व,अहङ्कार, तीनैओटा गुण, इन्द्रिय, ब्रह्माण्ड शरीर, ब्रह्माण्डको अभिमानी स्थावर औ जङ्गम जीव—यी सबका सब उनै अनन्त भगवान्कै रूप हुन् ॥४१॥ म शङ्कर, विष्णु, यी दक्षादि प्रजापति तिमी र तिमी जस्ता अरू भक्त इन्द्रादि स्वर्ग-लोकका रक्षक, गरुडादि पक्षीहरूका राजा, मनुष्य-लोकका राजा, अतल आदि सात पातालका राजा, गन्धर्व-विद्याधर-चारणहरूका अधिनायक, यक्ष, राक्षस, सर्प, नागहरुका स्वामी, ऋषिश्रेष्ठ, पितृहरू मध्येकाश्रेष्ठ,दैत्येन्द्र, सिध्येश्वर, दानवेन्द्र तथा भूत, प्रेत, पिशाच, कुष्माण्ड जलचर, वनचर, नभश्चर (पक्षी) हरूका स्वामी, एवं संसारमा अरू पनि जति वस्तु ऐश्वर्य, तेज, इन्द्रियबल, मनोबल, शरीरबल अथवा क्षमाले युक्त छन् एवं अरू पनि जो विशेष सौन्दर्य, लज्जा, वैभव तथा विभूतिले युक्त छन् र जति वस्तु अद्भुत वर्णका रूपवान् वा अरूप छन्—यी सबका सब भगवान्कै रूप हुन् (४२–४६) हे नारदजी ! यी साधारण अवतारबाहेक ती परमपुरुष परमात्माका परम पवित्र एवं मुख्य मुख्य मानिएका जति अवतार छन् क्रमशः म तिनको वर्णन गर्दछु। यी चरित्र सुन्नामा बडा मधुर एवं श्रवणेन्द्रियको दोषलाइ दूर गर्दछन्, अतः सावधान भएर सुन ॥४७॥

अध्याय–७

भगवान्का लीलावतारहरूको वर्णन

ब्रह्माजी भन्दछन्—

अनन्त भगवान्ले प्रलयकालको जलमा डुबिराखेकी पृथ्वीको उद्धार गर्नको निम्ति समस्त यज्ञको आश्रय वराहशरीर धारणागर्नु-भएथ्यो, यस वेला पृथ्वीलाई लिएर बाहिर निस्कन खोज्दा आदि दैत्य हिरण्याक्ष जलभित्र नै उहाँसित लड्नको निम्ति अगाडि पर्न आयो। जसरी इन्द्रले आफ्नो वज्रले पर्वतका पखेटा काटिदिनुभएथ्यो त्यसैगरी वराह भगवान्ले पनि अफ्नो दाह्राले त्यसलाई टुक्राटुक्रा पारि-दिनुभयो ॥१॥

उही प्रभु रुचि नामक प्रजापतिकी पत्नी आकूतिको गर्भबाट सुयज्ञको रूपमा प्रकट हुनु-भयो र दक्षिणा नामकी आफ्नी पत्नीबाट सुयम नाम गरेका देवताहरूलाई उत्पन्न गर्नुभयो। तीनै लोकको ठूलो ठूलो कष्ट हरेकोले स्वायम्भुवमनुले उहाँको नाम हरि राख्नुभयो ॥२॥

कर्दम प्रजापतिको घरमा देवहूतिको गर्भ-बाट सात दिदी बहिनीको साथमा भगवान् कपिलको रूपमा उत्पन्न हुनुभयो र आफ्नी आमालाई आत्मज्ञानको उपदेश दिनुभयो, जुन

उपदेशले गर्दा यै जन्ममा आफ्नो हृदयको सम्पूर्ण मल तीनै गुणको आसक्तिको सारा हिलो धोएर कपिल भगवान्‌को वास्तविक रूपमा (मोक्षपदमा) प्राप्त भइन् ॥३॥

एकचोटि अत्रि ऋषिले भगवान्‌सित आफ्नो पुत्र भएर जन्म लिने प्रार्थना गरे । ऋषिको तपले प्रसन्न हुनुभएको भगवान्‌ले एक दिन उन लाई "मैले आफूलाई तपाईंलाई दिए" भन्नुभयो। यसैकारण यो अवतार लिएपछि भगवान्‌को नाम दत्त (दत्तात्रेय) हुन गयो । राजा यदु र सहस्रबाहु अर्जुनादिले उहींकै चरणकमलको रजले आफ्नो शरीरलाई पवित्र गरेर भोग र मोक्ष दुवै प्रकारको योगसिद्धि प्राप्त गरेथे ॥४॥

सृष्टिको प्रारम्भमा मैले नाना 'प्रकारका लोकको रचना गर्ने इच्छाले घोर तपस्या गरें। मेरो त्यो अखण्ड तपले प्रसन्न भएर उहाँ "तप" अर्थ भएको सन् नामले युक्त भई सनक, सनन्दन, सनातन, सनत्कुमार यी चार तपस्वीहरूको रूपमा प्रकट हुनुभयो। यस अवतारमा उहाँले प्रलयले गर्दा पूर्व कल्पको बिर्सिएको आत्मतत्त्वको ऋषिहरूलाई यस्तो राम्रोसंग उपदेश गर्नुभयो कि त्यस उपदेशले गर्दा उनीहरूले उत्निखेरै आफ्नो हृदयमा परमतत्त्वको साक्षात्कार गरिहाले ॥५॥

यसपछि भगवान् दक्षप्रजापतिकी कन्या, धर्मकी पत्नी मूर्तिको गर्भबाट नरनारायणको रूपमा प्रकट हुनुभयो। यस अवतारमा उहाँको तपस्याको प्रभाव असाधारण थियो अर्थात् संसारमा त्यस्ता तपस्वी अरू कोही भएनन्। इन्द्रद्वारा पठाइएका कामदेवका सेनारूप अप्सराहरूले उहाँको अगाडि पर्दैखेरिमा आफ्नो स्वभावको लोप भएको देखे अर्थात् आफूभन्दा धेरै राम्रा उर्वशी आदि गरिएका अप्सराहरूलाई उहाँको सेवामा नियुक्त भइराखेको देख्ता छक्क परेर आफ्नो हावभावले उहाँको तपस्यामा विघ्न पार्ने चेष्टा गर्न सकेनन् ॥६॥ शङ्कर आदि गरिएका महानुभावहरू आफ्नो कोपदृष्टिले कामदेवलाई ता भस्म गर्न सक्तछन् तर क्रोधलाई ता डढाउन सक्तैनन् बरु क्रोधैले असह्य भएर उनको हृदयलाई जलाउँछ । यै क्रोध भगवान्‌को हृदयमा प्रवेश गर्न डरले थर्कायमान हुन्छ भन्ने कामदेवले कसरी उहाँको हृदयमा आफ्नो अधिकार जमाउन सक्ला ? ॥७॥

आफ्ना पिता उत्तानपादनिर बसेका ध्रुव पाँच वर्षका बालक थिए तापनि सौतेनी आमाको वचनरूप वाणले छेडिन गएकोले तपस्या गर्नको निम्ति वनतिर लागे। उनको प्रार्थनाले प्रसन्न भएर भगवान्‌ले उनलाई ध्रुवलोकमा स्थान दिनुभयो । अद्यावधि यस ध्रुवलोकमाथि भृगु आदि मुनिहरू तथा तल सप्तर्षिहरू उनको स्तुति गरिरहन्छन् ।॥८॥

राजा वेन बडो कुमार्गगायी भएकोले ब्राह्मणहरूको श्रापरूपी वज्रले उसको सम्पत्ति औ पुरुषार्थ नष्ट भयो र उ नरकमा खस्न लाग्यो। त्यस वेला ऋषिहरूले प्रार्थना गरेकोले भगवान्‌ले उसको शरीरबाट पृथुको रूपमा अवतार लिनुभयो छोरा भएर उहाँले नरकबाट उसको उद्धार गरी "पुत्र" शब्दलाई सार्थक बनाउनुभयो (क) यस अवतारमा पृथ्वीलाई गाई बनाएर उहाँले

(क) पुन्नाम्नो नरकात् त्रायते इति पुत्रः—जसले पुन्नामक नरकबाट रक्षा गर्दछ त्यसलाई पुत्र भन्दछन् ।

त्यसबाट अन्न आदि गरिएका समस्त औषधिहरू दुहेर झिक्नुभयो ॥९॥

राजा नाभिकी पत्नी सुदेवीको गर्भबाट भगवान्‌ले ऋषभदेवको रूपमा जन्म लिनुभयो। यस अवतारमा उहाँले समस्त आसक्तिदेखि रहित भएर आफ्ना इन्द्रिय औ मनलाई बेसरी शान्त गरेर एवं आफ्नो स्वरूपमा स्थित भईकन समदर्शीको रूपमा मूढ पुरुषको भेष लिई योग साधन गर्नुभयो। यसप्रकारको स्थिति-लाई मुनिहरू परमहंस पद अथवा अवधूतचर्या भन्दछन् ॥१०॥

यी साक्षात् यज्ञपुरुषले मेरो यज्ञमा सुवण-वर्ण हयग्रीवको रूपमा (घोडाको रूप धारण गरेको) अवतार लिनुभयो। भगवान्‌को यो विग्रह वेदमय, यज्ञमय औ सर्वदेवमय थियो। उहाँले सास फेर्दाखेरि नासिकाबाट अति सुन्दर वेदवाक्य प्रकट भएका हुन् ॥११॥

चाक्षुष मन्वन्तरको अन्त्यमा भावी मनु सत्यव्रतले मत्स्यरूपमा भगवान्‌को दर्शन गरेथे। त्यस वेलामा पृथ्वारूप डुङ्गाको आश्रय भएकोले उहाँ नै सम्पूर्ण जीवहरूको आश्रय बन्नुभयो। यी मत्स्यभगवान्‌ले प्रलयकालको त्यो अत्यन्त भयङ्कर जलमा मेरो मुखबाट खसेको वेदलाई ग्रहण गरी विहार गरिरहनुभयो ॥१२॥

मुख्य मुख्य देवता औ दानवहले अमृत-प्राप्तिको निम्ति क्षीरसागर मथ्न लागेको वेलामा भगवान्‌ले कच्छपको रूप लिएर आफ्नो पिठचूँ-माथि मन्दराचल पर्वत धारण गर्नुभयो। त्यस वेला पर्वतको घुमाइले गर्दा पिठचूँको चिलाई अलि हराएकोले केही बेरसम्म सञ्चो मानेर निद्रा सुखको अनुभव गर्न लाग्नुभयो ॥१३॥

एकबाजि देवताहरूको महान् भय दूर गर्नको निम्ति उहाँले नृसिंहको रूप धारण गर्नु-भयो। बाङ्गो आँखीभूईं औ तीखो दाह्राले गर्दा उहाँको त्यस बखतको मुख बडो डरलाग्दो देखिएको थियो। उहाँलाई देख्नासाथ हिरण्य-कशिपु हातमा गदा लिएर झम्टन पुग्यो। तर नृसिंह भगवान्‌ले उत्निखेरै उसलाई नजीक आइनपुग्दैमा समातेर आफ्नो तिघ्रामाथि राखी छटपटाउन लागेको भए तापनि नङ्ग्राले उसको छाती चिरिदिनुभयो ॥१४॥

सरोवरभित्र महाबलियो ग्राहले यूथपति गजराजको खुट्टा समात्ता आफूलाई ग्राहबाट छुटाउन नसक्ता हडबडाएर त्यसले सूँडमा कमलको फूल लिएर यसरी पुकारा गर्‍यो—हे आदिपुरुष! हे समस्तलोकका स्वामी! हेपवित्र कीर्ति! हजूरको नाम कानमा पर्नासाथ सुन्ने मानिसको कल्याण गर्ने हे प्रभो! ॥१५॥ उसको पुकारा सुन्नासाथ हातमा चक्र लिनुभएको, अतुलबलशाली भगवान् गरुडमाथि सवार भई त्यस ठाउँमा आउनुभयो र आफ्नो चक्रले ग्राहको मुख चिरिदिनुभयो। यसप्रकारसंग भगवान्‌ले कृपया आफ्नो शरण पर्न आएका गजेन्द्रको सूँड समातेर उसलाई जलबाहिर झिक्नुभयो ॥१६॥

वामन अवतारमा यज्ञपुरुष भगवान् अदितिका छोराहरू मध्ये सबैभन्दा कान्छो हुनुहुन्थ्यो तापनि गुणको दृष्टिले ता सबैभन्दा जेठो ठहरिनुभएको थियो, कारण यस अवतारमा आफ्ना तीन पाइलाले उहाँले छल गरेर तीनै लोकलाई

नाप्नुभएको थियो, यसप्रकारसंग संमार्गमा हिंड्ने मानिसलाई याचनासिवाय अरू कुनै उपायले आफू समर्थ भए तापनि उसको स्थानबाट विचलित गर्न सकिन्न भन्ने कुरा सिद्ध गरिदिनुभयो ॥ १७ ॥ आफ्नो शिरमा वामन भगवान्को चरणोदक धारण गर्ने राजा बलीले देवताहरूको राजा इन्द्रको पदवी भेट्टाउनु ता कुनै ठूलो पुरुषार्थ होइन किनकि उनी ता कस्ता ठूला थिए-भने आफ्ना गुरु शुक्राचार्यले रोक्ता पनि आफ्नो प्रतिज्ञाबाट अलिकता पनि डगेनन् तथा अन्त्यमा तेस्रो चरण पूर्ण गर्नको निम्ति भगवान्को चरणमा आफ्नो टाउको राखेर स्वयं आफूलाई समर्पित गरिदिए। यस्ताको दृष्टिमा त्रैलोक्यको राज्य कुनै पुरुषार्थ ठहर्ला त ? कदापी ठहरिने छैन ॥१८॥

हे नारदजी ! आफूमाथि तिम्रो भक्तिभाव अत्यन्त बढेको देख्ता प्रसन्न भएर भगवान्ले हंसावतार लिएर तिमीलाई योग, ज्ञान औ आफ्नो वास्तविक तत्व प्रकट गर्ने भागवत-धर्मको उपदेश दिनुभएथ्यो । यो ज्ञान केवल वासुदेव भगवान्का शरणागत भक्तलाई मात्र सजिलोसंग प्राप्त हुन सक्तछ ॥१९॥ उनै भगवान् स्वायम्भुव आदि मन्वन्तरमा मनुको रूपमा अवतार लिएर मनुवंशको पालन एवं दशै दिशामा सुदर्शन चक्रसमानको आफ्नो तेजले विना कुनैप्रकारको रोकटोकले निष्कण्टकसंग राज्य गर्नुहुन्छ । तीनै लोकमाथिको सत्यलोकसम्म उहाँको पवित्र-चरित्रको कीर्ति फैलिन्छ औ त्यै रूपमा उहाँले समय समयमा पृथ्वीलाई भार भइराखेका दुष्ट राजाहरूको दमन पनि गर्नुहुन्छ ॥२०॥

कीर्तिस्वरूप भगवान्ले लोकमा धन्वन्तरिको रूपले अवतार लिनुभयो, आफ्नो नाम लिंदैमा विषय-व्याधिले पीडित भइराखेका मानिसको ठूला ठूला रोगलाई नष्ट गरिदिनुहुन्छ, यस अवतारमा उहाँले देवताहरूलाई अमृत पिलाएर अमर बनाइदिनुभयो औ दैत्यहरूद्वारा हरण गरिएको आफ्नो यज्ञभाग फेरि प्राप्त गर्नुभयो । उहाँले नै यो अवतार लिएर संसारमा आयुर्वेदको प्रचार गरेको हो ॥२१॥

जब संसारमा ब्राह्मणद्रोही, कुमार्गगामी, नरक जान इच्छा गर्ने क्षत्रियहरूलाई विधाताले जगत्लाई नष्ट गर्न खोजेको झैं गरेर ती दुष्टहरूलाई बेसरी बढाइदिनुभएथ्यो, त्यस बखतमा भगवान्ले महापराक्रमी परशुरामको रूपमा अवतीर्ण भएर तीखो धार भएको आफ्नो बन्चरोले एक्काईसबाजि पृथ्वीका कण्टकरूप ती क्षत्रियहरूको संहार गर्नुभयो ॥२२॥

उनै मायापति प्रभु हामीमाथि अनुग्रह गर्नको निम्ति आफ्ना कला भरत-लक्ष्मण औ शत्रुघ्नको साथमा रामको रूपले इक्ष्वाकुवंशमा अवतीर्ण हुनुभयो औ पिताको आज्ञा पालन गर्नको निम्ति आफ्नी रानी औ भाइको साथमा (चौद्ध वर्षसम्म) वनमा बस्नुभयो । यस वेलामा उहाँसित विरोध गरेकोले रावण सपरिवार नष्ट भयो ॥२३॥ उहिले जसरी महादेवजी त्रिपुर विमानलाई डढाउनको निम्ति उद्यत हुनुभएथ्यो त्यसै गरी जब रामचन्द्र भगवान् शत्रुको राजधानी लङ्कालाई भस्म पार्न उद्यत हुनुभयो, त्यस वेला डरले थर्थर् काम्दै समुद्रले उहाँलाई बाटो छाडिदियो। दुष्ट रावणले आफ्नी प्यारी सीतालाई

टाढा हरेर लगेकोले रामचन्द्रका दुवै आँखा क्रोधको वेगले राता राता भइराखेका थिए। यस क्रोधाग्निले गर्दा आफूभित्र रहने मकर, सर्प,ग्रह आदि जीवलाई डढ्न लागेको देखेर समुद्रले उहाँलाई तीरमा पुग्नासाथ पारी जाने बाटो दिहाल्यो ॥२४॥ रावणको साह्रो छातीमा ठक्कर खानाले इन्द्रको वाहन ऐरावतको दाँत चूर चूर भएर चारैतिर फैलिन गएकोले समस्त दिशा सेता भएका थिए, यो दृश्य देखेकोले रावण आफूलाई दिग्विजयी सम्झी घमण्डले फुलेर हाँस्न लागेको थियो। आफ्नो प्राणप्यारीको हरण गर्ने रावणको त्यो घमण्डी हाँसोलाई भगवान् रामले आफ्नो औ शत्रुको सेनामा प्रतिध्वनित भइराखेको धनुषको टङ्कारले उसको प्राणसहित उत्निखेरै नष्ट गरिदिनुभयो ॥२५॥

बथानका बथान दैत्यहरूद्वारा जब पृथ्वी पीडित हुनेछिन् त्यस बखतमा उसको क्लेश हरण गर्नको निम्ति भगवान् आफ्नो सेतो औ कालो केशले बलराम औ कृष्णको रूपमा अवतार ग्रहण गरी आफ्नो महिमा प्रकट गर्ने यस्ता यस्ता अद्भुत चरित्र गर्नुहुनेछ कि संसारका मानिसले उहाँका ती लीलाहरूको रहस्य बिलकुलै बुझ्न सक्नेछैनन् (क) ॥२६॥ बाल्यावस्थैमा पूतनाको प्राण हरण गर्नु, तीन महीनाको उमेरमा खुट्टा चलाएर बडेमानको गाडा पल्टाइदिनु र घुँडा टेकेर बामे सरी सरीकन आकाश स्पर्श गर्ने जस्तो यमलार्जुन रूखको बीचमा परेर तिनलाई उखेल्नु इत्यादि काम ता भगवान्‌सिवाय अरू कसैद्वारा हुनेसक्तैन ॥२७॥ कालीयनागको विषले दूषित भएको यमुनाको जल पिएर जब बाच्छा औ ग्वालाहरू मर्नेछन् त्यसबखतमा उहाले आफ्नो कृपादृष्टिले तिनलाई जीवित गराइदिनुहुनेछ औ यमुनाको जल शुद्ध पार्नको निम्ति त्यहाँ बिहार गर्नु हुनेछ तथा अत्यन्त कडा विषले गिर्दा जिब्रो ल्याप ल्याप गरिराखेको कालीयनागलाई त्यहाँबाट निकालिदिनुहुनेछ॥२८॥ त्यै दिन रातीको वेलामा ग्रीष्मऋतुले गर्दा सुक्खा भएको यमुनातीरको मुञ्जाटवी नामक वनलाई जब दावाग्निले डढाउन थाल्नेछ त्यस बेला त्यहाँ सुतिराखेका अतएव प्राण सङ्कटमा परेका व्रजवासीहरूको आँखा छोप्न लगाएर बलरामसहितका अचिन्त्यशक्ति कृष्ण भगवान्‌ले दावानललाई पिएर उनीहरूको उद्धार गर्नु हुनेछ। उहाँको यो लीला पनि अलौकिक नै हुनेछ ॥२९॥ भगवान्‌की आमा यशोदा उहाँलाई बाँध्नको निम्ति जति डोरी ल्याउनेछन् ती सबै छोटो भएर उहाँको पेटलाइ नपुग्ने हुनेछन् तथा हाइ गर्दा भगवान्‌को मुखमा चौधैभुवन देख्ता पहिले ता उनी भयभीत हुनेछन् तर पछि ता यी साधारण बालक होइनन् भन्ने ज्ञान हुनेछ ॥३०॥ यिनै कृष्ण भगवान्‌ले नन्दबाबालाई वरुणको पाशोको भयबाट मुक्त गर्नु हुनेछ औ मयासुरको छोरो व्योमासुरद्वारा पहाडको गुफामा

(क) केशको अवतार भन्नाको अभिप्राय ता पृथ्वीको भार हरण गर्नको निम्ति भगवान्‌को केश यथेष्ट छ भन्ने कुरा देखाउन होला, अथवा बलराम औ कृष्णको वर्णको सूचना दिन पनि सेतो औ कालो केशको अवतार भनेको हुन सक्छ। वास्तवमा कृष्ण ता पूर्ण–पुरुष स्वयं भगवान् नै हुनुहुन्छ— कृष्णस्तु भगवान् स्वयम्।

थुनिएका गोपबालकहरूलाई त्यहाँबाट बचाएर ल्याउनुहुनेछ तथा दिनभरी काम-धन्धामा लागिराख्ने औ राति थाकेर सुतिराख्ने गोकुलवासीहरूलाई उनको स्वर्गप्राप्तिको निम्ति कुनै पुण्य कर्म नगरेको भए तापनि आफ्नो वैकुण्ठलोकमा लिएर जानुहुनेछ ॥३१॥ गोपहरूले आफ्नो पूजा बन्द गरेर गोवर्धनको पूजा गर्न लागेको देख्ता जब इन्द्र व्रजभूमिलाई नाश गर्नको निम्ति मूसलधारे बर्सा गर्न लाग्नेछन् त्यस बखतमा भगवान्को सातै वर्षको अवस्था भए तापनि उहाँले दया गरी उनीहरूको तथा पशुहरूका रक्षा गर्नको निम्ति सात दिनसम्म कहिले पनि नथाक्ने एउटै हातले त्यस महान् पर्वतलाई क्षत्राकपुष्पलाई (च्याउको फूल) झैं खेल गरे जस्तो गरेर धारण गर्नुहुनेछ ॥३२॥ रास गर्ने इच्छाले चन्द्रमाको उज्ज्वल कान्ति चारैतिर फैलिएको वृन्दावनमा विहार गर्न लाग्नुभएको भगवान्ले जब बाँसुरी बजाएर मधुरो तान झिक्नुहुनेछ त्यस वेला कामोद्दीपन भएकोले मन काबूमा नभएर त्यहाँ आएका गोपिनीहरूको हरण गर्ने कुवेरको सेवक शङ्खचूडको टाउको उडाइदिनुहुनेछ ॥३३॥ प्रलम्वासुर, धेनुकासुर, वकासुर, केशी, अरिष्टासुर, चाणूर आदि पहलमान, कुवलयापीड हात्ती, कंस, कालयवन, नरकासुर, पौण्ड्रक, शाल्व, द्विविद, वानर, बल्वल, दन्तवक्त्र, राजा नग्नजित्का सातओटा बैल, शम्बरासुर, विदूरथ, रुक्मि आदि गरिएका अरू पनि एवं काम्बोज, मत्स्य, कुरु, सृञ्जय, कैकय आदि देशका राजाहरू तथा धनुष धारण गरी युद्धमा जो जो आउनेछन् ती सबैलाई उहाँले बलराम, भीमसेन औ अर्जुन आदि नामको छलले मारेर वैकुण्ठमा पठाइदिनुहुनेछ ॥३४-३५॥

युग युगमा समयको फेरले मानिसको बुद्धि घट्न लागेको तथा आयु पनि क्षीण हुँदै गएकोले उनीहरूलाई आफ्नो वेद-वाणी बुझ्न गाह्रो परेको देख्ता भगवान् सत्यवतीको गर्भबाट व्यासको रूपमा उत्पन्न भएर वेदरूपी वृक्षलाई भिन्न भिन्न शाखामा विभक्त गर्नुहुनेछ ॥३६॥

देवताहरूसंग शत्रुता राख्ने दानवहरू समेत जब वेदमार्गको सहारा लिएर मय दानवले बनाएको, अदृश्य वेग भएको नगरमा बसी बसीकन, दुनियाँलाई सत्यानाश पार्न उद्यत हुनेछन् त्यस वेला भगवान् ती दानवहरूको बुद्धि मोहित गर्न तथा अत्यन्त लोभ उत्पन्न गर्नको निम्ति बुद्ध अवतार लिएर पाखण्ड वेषमा उनीहरूलाई थरीथरीको उपधर्म (पाखण्डधर्म) को उपदेश दिनुहुनेछ ॥३७॥ कलियुगको अन्त्यमा जब साधु सज्जनको घरमा समेत भगवान्को कथा बन्द हुनेछ, ब्राह्मण-क्षत्रिय-वैश्य पाखण्डी भएर निस्कनेछन्, शूद्रहरूले राज्य गर्न लाग्नेछन् तथा पृथ्वीमा कतै पनि स्वाहा, स्वधा औ वषट्कारको ध्वनि सुनिनेछैन, त्यस बखतमा कलियुगको शासन गर्नको निम्ति भगवान्ले कल्कि अवतार ग्रहण गर्नुहुनेछ ॥३८॥

संसारको रचनाको समयमा मैले गरेको तपस्या, स्वयं म औ महर्षि मरीचि आदि नौ जना प्रजापति, सृष्टिको रक्षाका समयमा धम, यज्ञ (विष्णु), मनु, देवता औ राजाहरू तथा सृष्टिको प्रलयको समयमा अधर्म, रुद्र औ क्रोधको अधीनमा रहेका दैत्यादिहरू सर्वशक्तिमान् भगवान्कै मायामय विभूति हुन् ॥३९॥ आफ्नो

प्रतिभाको शक्तिले पृथ्वीको धूलोको एक एक कण गन्न सक्ने महामनस्वीले समेत विष्णु भगवान्का पराक्रमको गणना गर्न सक्तैन । उहाँले त्रिविक्रम अवतार लिएर जब तीनै लोक नाप्न लाग्नुभएथ्यो, त्यस वेला उहाँको चरणको अदम्य वेगले पातालदेखि लिएर सत्यलोकसम्म काम्न लागेको थियो । त्यस बखतमा उहाँले आफ्नै शक्तिले ती लोकको रक्षा गर्नुभएथ्यो, अरू कसको ताकत थियो ॥४०॥ यी महापराक्रमी पुराण पुरुषको मायाको प्रभावको अन्त्य थाहा पाउन मैले तथा तिम्रा दाजु सनकादिहरूले समेत सकेका छैनौंभने अरूले थाहा पाउलान् भन्ने ता कुरै भएन। आदिदेव भगवान् शेषले आफ्ना हजारौं मुखले नित्यप्रति उहाँको गुणको कीर्तन गर्दा गर्दा आजसम्म पनि अन्त्य पाउन सक्नुभएको छैन ॥४१॥ जो सज्जन निष्कपट भावसंग एकाग्र मनले आफ्नो सर्वस्व तथा आफूलाई समेत उहाँको चरणमा सर्मपित गर्दछ त्यसमाथि स्वयं भगवान्ले दया गर्नुहुन्छ । उहाँको दयापात्रले मात्र उहाँको दुस्तर माया बुझेर त्यसलाई पार गर्न सक्तछन् । यस्ता मानिसमा मरेपछि कुक्कुर, स्यालको आहारा हुने यस शरीरमा "यो म हुँ, यो मेरो हो" भन्ने अभिमान हुँदैन ॥४२॥ ए प्यारा नारदजी! परमपुरुषको त्यस योग-मायाको प्रभावलाई मैले बुझेको छु तथा तिमीहरू, भगवान् शङ्कर, दैत्यश्रेष्ठ प्रह्लाद, मनुपत्नी शतरूपा, स्वायम्भुव मनु, प्रियव्रत आदि गरिएका मनुका छोरा, प्राचीनर्वाहि, ऋभु र ध्रुवले पनि बुझेका छन् ॥४३॥ यीबाहेक इक्ष्वाकु, इलापुत्र पुरुरवा, मुचुकुन्द, जनक, गाधि, रघु, अम्बरीष, सगर, गय, ययाति आदि, तथा मान्धाता, अलर्क, शतधन्वा, अनु, रन्तिदेव, भीष्म, बलि, अमूर्तरय, दिलीप, सौभरि, उत्तङ्क, शिवि, देवल, पिप्पलाद, सारस्वत, उद्धव, पराशर, भूरिषेण एवं विभीषण, हनुमान्, उपेन्द्रदत्त (शुकदेव), अर्जुन, आर्ष्टि-षेण, विदुर औ श्रुतिदेव आदि महात्माहरूले पनि बुझेका छन् ॥४४-४५॥ भगवान्मा तन्मय भएका प्रेमी भक्तहरूको जस्तो स्वभाव तुल्याउने शिक्षा ग्रहण गर्नेहरू स्त्री, शूद्र, हूण, भील औ पापले गर्दा पशु–पक्षीको नीच योनिमा रहे तापनि भगवान्को मायाको रहस्य बुझ्न सक्तछन् औ यस संसार-सागरबाट सदाका लागि पार हुन्छन् भने वैदिक सदाचारको पालन गर्ने महात्माहरूको सम्बन्धमा ता भन्नुपर्ने कुरै केही भएन ॥४६॥

परमात्माको वास्तविक स्वरूप सदा एकनास-संग रहने, शान्त, अभय एवं केवल ज्ञानस्व-रूप हो, त्यसमा न ता मायाको मल छ न मायाद्वारा रचिएका विषमया नै देखिन्छन्, सत्-असत् यी दुबैदेखि यो पर छ । त्यहाँसम्म शब्दहरूको (वेद हरूको) समेत पहुंच छैन। नाना प्रकारका साधनद्वारा सम्पन्न हुने कर्मको फलसमेत त्यहाँ-सम्म पुग्न सक्तैन, अरूको ता के कुरा स्वयं माया-समेत अगाडि पर्न सक्तिन; लाजले भागि-हाल्दछे ॥४७॥ परम–पुरुष भगवान्को यै परम-पद हो । विद्वान्हरू यसैलाई शोकरहित, अनन्त, आनन्द स्वरूप "ब्रह्म" भन्दछन् । संयमशील योगीहरू जब भगवान्को यस रूपमा मनलाई निश्चितरूपले लगाउन सक्तछन् अनि ता भेद भ्रम निवारण गर्ने साधनस्वरूप ज्ञानको समेत उनी-हरूलाई ठीक त्यस्तै गरी आवश्यकता पर्दैन जस्तो

कि स्वयं मेघरूपले विराजमान रहने हुनाले इन्द्रलाई इनार खन्ने कोदाली आदि गरिएका साधनहरूको आवश्यकता पर्दैन ॥४८॥ सम्पूर्ण कर्मको फल पनि भगवान्ले नै दिनुहुन्छ, किनकि मानिसहरूद्वारा आफ्नो स्वभावअनुसार गरिने जति शुभ कर्म छन् ती सबै उहींकै प्रेरणाले हुने हुन्। यस शरीरमा रहने पञ्चभूत छुट्टिनाले स्थूल शरीर नष्ट हुंदा पनि यसमा रहने आत्मारूप अजन्मा पुरुष आकाश झैं नष्ट हुंदैनन् ॥४९॥

ए बाबु नारद ! मैले तिमीलाई आफ्नो सङ्कल्प मात्रले विश्वको रचना गर्ने षडैश्वर्यसम्पन्न भगवान्को स्वरूप संक्षेपमा वर्णन गरेर सुनाइदिएं। कार्य-कारणरूप समस्त वस्तु उहाँदेखि भिन्न छैन तापनि उहाँ यी सबैदेखि फरक हुनुहुन्छ ॥५०॥ भगवान्ले मलाइ उपदेश गर्नुभएको यै "भागवत" हो। यसमा भगवान्का विभूतिहरूको संक्षेपमा वर्णन गरिएको छ, विस्ताररूपले तिमी यसको वर्णन गर॥५१॥ कसरी सबैका आश्रय औ सर्वस्व स्वरूप भगवान् हरिमा मानिसको भक्ति होला भन्ने विचार मनमा लिएर यसको वणन गर ॥५२॥ भगवान्को अचिन्त्य शक्ति मायाको वर्णन गर्ने अथवा यो वर्णन सुन्दा आनन्द मान्ने एवं श्रद्धापूर्वक यसको श्रवण गर्ने व्यक्तिको चित्त कहिले पनि मायाले मोहित हुन पाउन्न ॥५३॥

अध्याय-८

भागवतको विषयमा शुकदेवसित राजा परीच्छितको प्रश्न।

राजा परीक्षितले सोधे-

हेब्रह्मस्वरूप शुकदेवजी ! तपाईं ता वेदवेत्ता-हरूमा श्रेष्ठ हुनुहुन्छ। ब्रह्माबाट निर्गुण भगवान्को गुणको विस्तारपूर्वक वर्णन गर्न प्रेरित भएका नारदले कसकसलाई कुन कुन प्रकारसंग उपदेश गरे सो कुरा तपाईंबाट जान्न चाहन्छु। एक ता अद्भुतकर्मा भगवान्का कथाहरू लोकको परम कल्याण गर्नेहुन् त्यसमाथि सबैलाई भगवत् दर्शन गराउन खोज्ने नारदको स्वभाव छ; अतः यस सम्बन्धमा उनले भनेको कुरा मलाई सुनाउनुहोस् ॥१-२॥हे महाभाग शुकदेवजी ! आफ्नो आसक्तिरहित मनलाई सर्वात्मा कृष्ण भगवान्मा तन्मय गराएर प्राण त्याग्न सक्ने गरी मलाई यो सब कथा सुनाएर उपदेश गर्नुहोस् ॥३॥ जो व्यक्ति श्रद्धासंग नित्यप्रति भगवान्को चरित्र सुन्दछ अथवा भन्दछ, त्यसको हृदयमा भगवान्ले झट्टै प्रवेश गर्नुहुन्छ ॥४॥ जसरी शरद्ऋतु लागेपछि जलको मैलोपना हटेर जान्छ त्यसैगरी कानको प्वालद्वारा आफ्ना भक्तहरूको भावमय हृदयकमलमा गएर बस्नुभएको भगवान्ले उनको मलिनता अर्थात् काम-क्रोधादिलाई नाश गरिदिनुहुन्छ ॥५॥ जसरी बाटोको दुःख सहेर घरमा फर्केर आएको बटुवाले फेरी आफ्नो घर छोड्न चाहँदैन त्यसै गरी हृदय शुद्ध भएको मानिसले श्रीकृष्णको

चरणलाई एक छिनका लागि पनि छाड्दैन ॥६॥

हे शुकदेवजी ! जीवको पञ्चमहाभूतसित केही सम्बन्ध नभएतापनि यसको शरीर ता पञ्चभूतले नै बन्दछ, यो सम्बन्ध जीवको इच्छाले भएको हो अथवा कुनै कर्मको फलले भएको हो । तपाईंले यो मर्म राम्रोसँग बुझ्नुभएको छ, कृपा गरी मलाई पनि बुझाइदिनोस् ॥७॥ पुराणपुरुषको नाभिबाट लोकको सृष्टिको कारणस्वरूप कमल उत्पन्न भयो भन्ने तपाईंको कुराबाट ता परमात्माले पनि जीवले झैं आफ्नो परिमाणअनुसारको अङ्ग प्रत्यङ्ग धारण गरेको देखियो । यसो भएको खण्डमा ता ती महापुरुषमा र साधारण पुरुषमा विशेषता नै के भयो ? ॥८॥ सर्वभूतमय ब्रह्माजी जसको कृपाले समस्त प्राणिको सृष्टि गर्दछन् एवं जसको नाभिकमलबाट उत्पन्न भए तापनि उहाँको कृपाले मात्र उनले उहाँको स्वरूपको दर्शन गर्न पाएथे, यस्ता संसारको स्थिति-उत्पति-प्रलयका हेतु, सर्वान्तरयामी, मायापति परमपुरुष परमात्मा आफ्नो मायालाई त्यागेर कहाँ कुन रूपले शयन गर्नुहुन्छ सो कुरा पनि हामीलाई भन्नुहोस् ॥९-१०॥ पहिले तपाईंले नै यिनै पुराण पुरुषको अङ्गबाट लोक औ लोकपालहरूको रचना भएको हो भन्नुभयो र फेरी तपाईंकै मुखबाट लोक र लोकपालद्वारा उहाँको अङ्गको सृष्टि भएको कुरा सुन्यौं, यी दुवै कुराको तात्पर्य के हो हामीलाई बुझाइदिनोस् ॥११॥

महाकल्प र त्यसको अन्तर्गत अन्वान्तर कल्प कति छन् ? भूत-भविष्य-वर्तमान कालको कसरी अनुमान गरिन्छ ? जीवहरूका आयुको केही परिमाण छ कि ? ॥१२॥ हे द्विजश्रेष्ठ ! त्रुटि आदि कालको सूक्ष्म गति औ वर्ष आदि स्थूल गति कसरी थाहा हुन्छ ? विविध कर्मले गर्दा मानिसको कस्तो औ कतिथरीको गति हुन्छ ? यो पनि भन्नुहोस् ॥१३॥ देव, मनुष्य आदि गरिएका योनिहरू सत्व, रज, तम यी तीन गुणको फल स्वरूप प्राप्त हुनेहुन्, यी योनिहरुको इच्छा गर्ने प्राणीहरुमध्ये कसकसले कुन कुन किसिमको पाप पुण्य गर्नाले कुन कुन योनि प्राप्त गर्दछन् ॥१४॥ पृथ्वी, पाताल, दिशा, आकाश ग्रह, नक्षत्र, पर्वत, नदी, समुद्र, द्वीप एवं यी सब स्थानमा रहने जीवहरुको उत्पत्ति कसरी हुन्छ? यी सब विषयको वर्णन गर्नुहोस् ॥१५॥ यसबाहेक भित्र औ बाहिरबाट दुवै प्रकारका ब्रह्माण्डको परिमाण, महापुरुषहरुको चरित्र एवं वर्ण औ आश्रमको भेद तथा यिनको धर्म पनि वर्णन गर्नुहोस् ॥१६॥ भगवान्का भिन्न भिन्न अवतारका परम आश्चर्यमय चरित्र, युगहरूको भेद, यिनको परिमाण र प्रत्येक युगको धर्म पनि बताउनुहोस् ॥१७॥ मानिसको साधारणधर्म औ वर्णाश्रमको विशेष धर्म कुन कुन हुन् ? भिन्न भिन्न व्यवसायका प्राणीहरुको धर्म एवं राजर्षिहरूको तथा आपत्तिमा परेका मानिसको धर्म कस्तो हुन्छ सो पनि भन्नुहोस् ॥१८॥ प्रकृति आदि तत्वहरूको संख्या, यिनको स्वरूप औ लक्षण के के हुन् ? अष्टाङ्ग- योगको विधि तथा भगवान्को आराधनाको विधि कस्तो हुन्छ ? ॥१९॥ योगेश्वरहरूले के के ऐश्वर्य भेट्टाउँछन् तथा अन्त्यमा उनले पाउने गति कस्तो हुन्छ ? योगीहरूको स्थूल शरीर

कसरी लय हुन्छ ? वेद, उपवेद, धर्मशास्त्र, इतिहास, पुराणहरूको स्वरूप तथा तात्पर्य के हो ? ॥२०॥ सम्पूर्ण प्राणीको उत्पत्ति, स्थिति औ प्रलय कसरी हुन्छ ? यज्ञादि वैदिक कर्मको, इनार पोखरी इत्यादि स्मार्त कर्मको, काम्य कर्मको तथा धर्म अर्थ–कामरूप त्रिवर्गको साधनको विधि कस्तो हुन्छ, बताउनुहोस् ॥२१॥ प्रलयको समयमा प्रकृतिमा लीन भएका जीवहरूको उत्पत्ति कसरी हुन्छ ? पाखण्डी मनुष्य कसरी प्रकट हुन्छन् ? आत्माको बन्ध मोक्षको स्वरूप तथा कसरी त्यो आफ्नो रूप अर्थात् ब्रह्ममा लीन हुन्छ ? यी सबै कुरा बुझाउनुहोस् ॥२२॥ भगवान् ता परम स्वतन्त्र हुनुहुन्छ; उहाँले मायाद्वारा कसरी क्रीडा गर्नुहुन्छ औ प्रलयकालमा मायालाई त्यागेर कसरी साक्षी झैं उदासीन भएर रहनुहुन्छ ? ॥२३॥ हे महामुने ! क्रमैसंग म यी सबै विषय सुन्न चाहन्छु । तपाईंको शरणमा परेको मलाई यी सबै कुरा यथार्थरूपले वर्णन गर्नोस् ।२४॥ यी सब विषयमा तपाईं स्वयम्भू ब्रह्मासमान प्रमाण-स्वरूप हुनुहुन्छ, किनकि तपाईंको ज्ञान स्वतः सिद्ध छ । अरू अरू मुनि ता आफूभन्दा अगाडिका मुनिहरूले भनेको विषय मात्र वर्णन गर्दछन् ॥२५॥ हे ब्रह्मन् ! कुपित ब्राह्मणको श्राप नपरेको भए ता तपाईंको मुखारविन्दबाट निस्केका श्रीकृष्ण भगवान्का अमृतमयी लीलाको पान गरिरहेको हुनाले अन्न जल त्यागेको भए तापनि मेरो प्राण निस्कने थिएन ॥२६॥

सूतजी भन्दछन्--

हे शौनकादि ऋषि हो ! साधुसमाजमा राजा परीक्षितले भगवान्को लीला-कथा सुन्नको निम्ति यसप्रकारसंग प्रार्थना गर्दा शुकदेवजी अति प्रसन्न भए ॥२७॥ र ब्रह्मकल्पको आरम्भमा स्वयं भगवान्ले ब्रह्माजीलाई सुनाएको त्यही वेदसमानको श्रीमद्भागवत पुराण उनलाई सुनाउन लागे ॥२८॥ पाण्डुवंशशिरोमणि परीक्षितले उनीसित जुन जुन प्रश्न गरेका थिए ती सबैको क्रमैले जवाफ दिन थाले ॥२९॥

अयाय–९

ब्रह्माजीको भगवद्धामदर्शन औ भगवान्द्वारा उनलाई चतुश्श्लोकी भागवतको उपदेश ।

शुकदेवजी भन्नुहुन्छ—

हे महाराज परीक्षित ! जसरी सपनामा देखिने देहादि पदार्थसित सपना देख्ने व्यक्तिको कुनै सम्बन्ध रहंदैन त्यसैगरी अनुभवस्वरूप आत्माको पनि देहादि गरिएका दृश्य पदार्थसित कुनै सम्बन्ध छैन, केवल भगवान्को मायाले गर्दा सम्बन्ध भए जस्तो देखिएको हो ॥१॥ बहुरूपिणी मायाको साथमा क्रीडा गरिरहेको हुनाले आत्माको पनि अनेक रूप भएको जस्तो भान परेको हो औ मायाको गुणमा रमाउन थालेपछि ता देह-गेह आदि असत् पदार्थलाई त्यसले "म हुँ, मेरो हो" भन्न लाग्दछ ॥२॥ तर जब आत्मारूप परमात्मा, गुणलाई क्षुब्ध

गर्ने काल मायाद्वारा उत्पन्न भएको मोह यी दुबैदेखि परको आफ्नो अनन्तस्वरूपमा मोह-रहित भएर विहार गर्न थाल्दछ अर्थात् आत्मा-राम हुन्छ तब ता "म, मेरो" भन्ने भावलाई त्यागी पूर्ण उदासीन याने गुणातीत हुन जान्छ ।।३।। सृष्टिको आदिमा ब्रह्माको निष्कपट तपस्याले प्रसन्न भएर भगवान्ले आफ्नो ज्ञान-मय रूपको दर्शन गराएर उनलाई परम सत्य परमार्थ वस्तुको जुन उपदेश दिनुभएथ्यो त्यो आत्मतत्वको ज्ञानको निम्ति जीवले जान्नु नितान्त आवश्यक छ । उहाँले दिनुभएको त्यै उपदेश म तिमीलाई सुनाउँछु ।।४।।


सृष्टिको आदिमा तीनै लोकका परम गुरु आदिदेव ब्रह्माजी आफ्नो जन्मस्थान कमलमा बसेर सृष्टि गर्नें इच्छाले मैले कसरी सृष्टि गर्ने हो भनेर विचार गर्न लागे तर जुन ज्ञानदृष्टि-द्वारा सृष्टिको निर्माण हुन सक्तथ्यो त्यो दृष्टि उनले प्राप्त गर्न सकेनन् ।।५।। यसप्रकारसँग चिन्ता गरिरहेको वेलामा एक दिन उनले अक-स्मात् प्रलयकालको त्यस जलमा दुई अक्षरको एउटा शब्द दुईपटक सुने । यस शब्दको पहिलो अक्षर 'त' (स्पर्श वर्णको सोह्रौं अक्षर) र दोस्रो अक्षर स्पर्शवर्णको एक्काइसौं, अक्षर 'प' थियो अर्थात् "तप गर, तप गर" भन्ने आज्ञा उनले सुने । हे राजन् ! यो तप नै निष्किञ्चन योगीहरूका लागि परम धन मानिएको छ। (यसै कारणले सर्वत्यागी ऋषिहरूलाई तपोधन भनेको होला) ।।६।। यो सुन्नासाथ ब्रह्माजीले त्यो शब्दको उच्चारण गर्नेलाई हेर्नको निम्ति चारैतिर नजर दौडाए तर आफूसिवाय अरू कसैलाई त्यहाँ देखेनन् र आखिरमा हार खाएर "मलाई तप गर्नें आज्ञा भएको हो, यै नै मेरो हितको साधन हो" भन्ने विचारले आफ्नो कमलमा बसेर तपस्यापट्टि मन लगए अर्थात् तपस्या गर्न थाले ।।७।। कहिले पनि निष्फल नहुने ज्ञान भएका, तपस्वीहरूमध्येका सर्वश्रेष्ठ ब्रह्माजीले एक हजार दिव्य वर्षसम्म प्राण, मन, कर्मेन्द्रिय तथा ज्ञानेन्द्रियलाई आफ्नो वशमा राखी एकाग्र चित्तले तपस्या गरे र यै तपस्याले गर्दा सम्पूर्ण लोकलाई प्रकाशित गर्नमा समर्थ भए ।।८।।

यस तपस्याले प्रसन्न भएर भगवान्ले उनलाई आफ्नो परम धाम (वैकुण्ठ लोक) देखा-उनुभयो । यो लोक सबभन्दा पर छ यसभन्दा पर अर्को कुनै लोक छैन । यस लोकमा कुनैप्रकारको क्लेश, मोह र भय रहँदैन । एकबाजि यसको दर्शन गर्ने सौभाग्य पाएका देवताहरू वारंवार यसको स्तुति गर्छन् ।।९।। यहाँ रजोगुण, तमोगुण र यी दुबै मिसिएको सत्वगुण पनि छैन; यहाँ कालको पराक्रम अर्थात् जन्ममृत्यु देखिंदैन, मायासमेत यहाँ रहन पाउंदै पाउन्न भने लोभ आदि गरिएका त्यसका बालबच्चाको ता कुरै भएन। यहाँ रहने भगवद्भक्त पार्षद-हरूको देवता, दैत्य दुबैथरीले सम्मान गर्द-छन् ।।१०।। यी पार्षदहरूको शरीरको वर्ण शुद्ध श्याम रंगको हुन्छ; शतदल कमलसमानका आँखा हुन्छन् औ शरीरमा पीताम्बर पहिरेका हुन्छन्; यिनीहरूको कान्ति मनलाई आकर्षित गर्ने औ प्रत्येक अङ्ग अतिशय कोमल हुन्छन् । सबैका चार चार हात हुन्छन्। एक ता आफै

अति तेजस्वी हुन्छन् त्यसमाथि मणि जडिएका सुनका झलझल परेका आभूषण धारण गरेका हुन्छन् । यिनीहरूको प्रभा मूंगा, वैदूर्यमणि औ कमल-नाल जत्तिकै निर्मल हुन्छ । यिनीहरूको कानमा कुण्डल, माथमा मुकुट र घाँटीमा मोतीका माला शोभायमान भइरहन्छन् ॥११॥ जसरी आकाश बिजुलीसहितको बादलले आच्छादित हुँदा शोभित हुन्छ त्यसैगरी यो वैकुण्ठलोक चारैतिरबाट मनलाई लठ्ठ पार्ने किसिमको कामिनीहरूको कान्तिले युक्त भएको महात्मा-हरूको दिव्य तेजोमय विमानको पङ्क्तिले व्याप्त भएकोले सुशोभित भइराखेको छ ॥१२॥ यस्तो वैकुण्ठलोकमा लक्ष्मी सुन्दर रूप धारण गरी आफ्ना थरीथरीका विभूतिद्वारा अनेक प्रकारले भगवान्को चरणकमलको सेवा गरिरहन्छिन् र कहिलेकाहीं जब उनी झुलनामा बसेर आफ्ना प्रियतम भगवान्का लीलाहरू गाउन थाल्दछिन् त्यस बखतमा भ्रमराहरू पनि उनको सौन्दर्यले लट्ठपरे र उनको गुण गाउन थाल्दछन् ॥१३॥

यस वैकुण्ठलोकमा पुगेपछि ब्रह्माले त्यहाँ समस्त भक्तका स्वामी, लक्ष्मीका पति, यज्ञपति एवं विश्वपति भगवान्लाई विराजमान भइराख्नु-भएको देखे । सुनन्द, नन्द, प्रबल औ अर्हण आदि गरिएका मुख्य पार्षदहरू उहाँको सेवामा लागिराखेका हुन्छन् ॥१४॥ भगवान्को मुखको आकृति हर्दैमा उहाँ आफ्ना भक्तहरूलाई कृपा गर्न उद्यत हुनुभएको स्पष्टै देखिन्छ । आँखामा राता राता धर्सा औ मद्यपान गरे झैं मतवालापन देखिन्छ । यसप्रकारसंग उहाँ अति हँसिलो मुख, हास्य औ राता राता आँखाले सुशोभित हुनुहुन्छ । माथमा मुकुट, कानमा कुण्डल र अङ्गमा पीताम्बर झल्किराखेको छ । वक्षःस्थलमा सुनौला धर्साको रूपमा लक्ष्मीजी विराजमान छन् औ उहाँका चार बाहुली छन् ॥१५॥ उहाँ जगदीश्वर एउटा सर्वोत्तम महामूल्यवान् सिंहासनमा विराजमान हुनुहुन्छ । पुरुष-प्रकृति-महत्तत्त्व-अहङ्कार यी चार शक्ति, दश इन्द्रिय, एघारौं मन औ आका-शादि पाँच महत्तत्त्व यी सोह्र शक्ति र शब्द-रूप-रस-गन्ध स्पर्श यी पाँच शक्ति, जम्मा यी पच्चीस शक्ति मूर्तिमान भएर उहाँको सेवामा लागिराखेका हुन्छन् । समग्र ऐश्वर्य, धर्म, कीर्ति, श्री, ज्ञान र वैराग्य यी छ नित्यसिद्ध स्वरूपभूत शक्तिहरूले उहाँ सदासर्वदा युक्त रहनुहुन्छ । उहाँमा सिवाय अरू कहीं पनि यी शक्तिहरू नित्य रूपले निवास गर्दैनन् । यी सर्वेश्वर प्रभु आफ्नो नित्यानन्दमय स्वरूपमा नै मग्न रहनु-हुन्छ ॥१६॥

उहाँको दर्शन गर्दैमा ब्रह्माजीको हृदय आनन्दले भरिपूर्ण भइहाल्यो, शरीरभरि आनन्दले गर्दा रोमाञ्च हुन गयो तथा आँखामा आनन्दका आँसु भरिन गए, सृष्टिको रचना गर्ने ब्रह्माजीले भगवान्को चरणकमलमा टाउको निहुराएर प्रणाम गरे । भगवान्का यी चरणकमल ता भागवत-धर्मको पालन गर्नाले अथवा निवृत्ति मार्गले मात्र भेटिनेहुन् ॥१७॥ यसपछि भग-वान्ले अति प्रसन्न भएर आफ्नो नजीक उभिराखेका, भिन्न भिन्न प्रकारका प्रजालाई सृष्टि गर्नको निम्ति आज्ञा मान्न तयार भइराखेका, प्रेम औ दर्शनको आनन्दमा मग्न भइराखेका, आफ्ना प्यारा भक्त ब्रह्माको हात समातेर,



भगवान् लक्ष्मीनारायण

मुद्रक—गीताप्रेस, गोरखपुर

मनमा दङ्ग परी, अलि अलि मुसु मुसु हाँस्तै मधुरो स्वर झिकेर भन्नुभयो ॥१८॥

भगवान्‌ले भन्नुभयो—

हे ब्रह्माजी ! तिम्रो हृदयमा जम्मै वेदको ज्ञान विद्यमान छ। सृष्टि गर्ने इच्छाले धेरै कालसम्म तपस्या गरेर मलाई राम्रोसँग सन्तुष्ट गरेका छौ। मनमा कपट राखेर योग साधन गर्नेहरूले कदापि मलाई प्रसन्न गराउन सक्तैनन् ॥१९॥ तिम्रो कल्याण होस्, अबलाई आफूलाई जुन कुराको अभिलाषा छ त्यो वर मागिहाल, किनकि म सब किसिमको वर दिन समर्थ छु। हे ब्रह्माजी ! जबसम्म जीवले मेरो दर्शन पाउन्न तबसम्म मात्र त्यसले कल्याण-प्राप्तिको निम्ति परिश्रम गर्नुपर्दछ ॥२०॥ मलाई नदेखे तापनि तिमीले त्यो सुनसानको जलमा केवल मेरो वाणी सुनेर नै यस्तो घनघोरको तपस्या गऱ्यौ, यसैकारण मेरो इच्छाले तिमीलाई मेरो लोकको दर्शन भएको हो ॥२१॥ त्यस वेला तिमी सृष्टि-रचनाको काम गर्नामा किंकर्तव्यविमूढ भइराखेका हुनाले तिमीलाई तपस्या गर्ने आज्ञा दिएको हुँ, किनकि हे अनघ ! तपस्या मेरो हृदय हो औ म स्वयं तपस्याको आत्मा हुँ ॥२२॥ तपस्याले नै म संसारको सृष्टि गर्दछु; तपस्याले नै यसको पालन-पोषण गर्दछु औ कल्पको अन्त्यमा तपस्याले नै यसलाई आफूमा लीन गराइदिन्छु। दुश्चर तपस्या नै मेरो अखण्ड शक्ति हो ॥२३॥

ब्रह्माले भने—

हे भगवन् ! तपाईं सम्पूर्ण प्राणीको स्वामी हुनुहुन्छ औ सबैको हृदयमा अन्तर्यामी रूपले विराजमान हुनुहुन्छ। मैले के गर्न खोजेको हुँ सो कुरा ता तपाईंले आफ्नो अमोघ ज्ञान-दृष्टिद्वारा थाहापाइहाल्नुभएको छ ॥२४॥ तथापि हे नाथ ! रूपरहित भए तापनि तपाईंको निर्गुण औ सगुण दुबै किसिमको रूपको ज्ञान हुने गरी मलाई उपदेश दिने कृपा गर्नुहोस्, म याचकको यो माग पूरा गरिदिनोस् ॥२५॥ हे माधव ! तपाईंको सङ्कल्प कुनै तरहले पनि व्यर्थ हुन सक्तन। जसरी माकुरोले आफ्नो मुखबाट जालो झिकेर त्यसमा क्रीडा गर्दछ र फेरि त्यसलाई आफूमै लीन गरिदिन्छ त्यसैगरी तपाईं पनि मायाको आश्रय लिएर नानाथरीका शक्तिले युक्त भएको यस जगत्‌को उत्पत्ति, स्थिति औ लय गर्नको निम्ति स्वयं आफैंले ब्रह्मादि गरिएका नाना रूप धारण गरी क्रीडा गर्नुहुन्छ। जुन बुद्धिद्वारा यस कुराको मर्म बुझ्न सकिन्छ मलाई त्यै निर्मल बुद्धि दिनुहोस् ॥२६-२७॥ हे भगवन् ! तपाईंको उपदेश पाएपछि आलस्य त्यागेर सावधानीसाथ तपाईंको आज्ञाको पालन गर्नेछु अर्थात् सृष्टि गर्ने काममा प्रवृत्त हुनेछु तर तपाईंको कृपाले सृष्टि-रचना गर्ने वेलामा कर्तापनको अभिमानले मलाई मोहित गर्न नपाओस् ॥२८॥ हे प्रभो ! तपाईंले मेरो हात समातेर मित्रले मित्रको साथमा गर्ने जस्तो व्यवहार गर्नुभएको छ अतएव अब म प्रजा-सृष्टिरूप तपाईंको सेवामा लाग्नेछु औ पहिलेको सृष्टिको गुण-कर्मअनुसार सावधानीसाथ उत्तम-मध्यम-अधम श्रेणीमा जीवहरूलाई विभक्त गर्न थाल्नेछु, त्यस वेला आफूलाई जन्म कमदेखि स्वतन्त्र सम्झेर ममा उत्कट अभिमान हुन नपाओस् ॥२९॥

भगवान्ले भन्नुभयो—

विज्ञानसहितको मेरो स्वरूपको परम गुह्य ज्ञान तथा रहस्यसहितको त्यसको भक्तियोग आदि अङ्गको म तिमीलाई उपदेश गर्दछु। मैले भनेको यस ज्ञानलाई सावधान भएर सुन (क) ॥३०॥ यस ज्ञानद्वारा मेरो परिमाण, मेरो सत्ता औ मेरा जति रूप, गुण एवं लीला छन् ती सबै कुरा मेरो कृपाले ठीक ठीकसंग जान्न सक्नेछौ ॥३१॥ सृष्टि हुनुभन्दा पहिले केवल म नै थिएं, त्यस वेला न स्थूल जगत् थियो न सूक्ष्म जगत्, न यी दुबैको कारण प्रकृति नै थियो । जहाँ यो सृष्टि छैन त्यहाँ पनि केवल म नै रहन्छु। सृष्टिको रूपमा जति कुरा देखिएका छन् ती पनि म नै हुँ । सृष्टिको अन्त्यमा जो बाँकी रहन जान्छ त्यो पनि म नै हुँ ॥३२॥ दुई चन्द्रमा आदि पदार्थ नभए तापनि दृष्टिदोषले देखिने झैं यो प्रपञ्च नभए तापनि भए जस्तो जो देखिन्छ तथा राहु नक्षत्रमण्डलमा भए तापनि नदेखिने झैं, आत्मा पनि नित्य विद्यमान भएर पनि जो देखिन्न सो सब मेरो मायाको खेल हो ॥३३॥ जसरी प्राणीहरूको पञ्चभूत रचित सानो ठूलो शरीरमा आकाशादि पञ्चमहाभूत प्रविष्ट छन् औ छैनन् पनि त्यसैगरी म पनि सबैमा व्याप्त रहेर पनि पृथक् रहन्छु अर्थात् जसरी पृथ्वी अप्-तेज वायु-आकाश यी पञ्चमहाभूत स्थूल जगत्को कारण हुनाले त्यसमा विद्यमान् पनि छन् र जगत् सृष्टि हुनुभन्दा अघिदेखि नै वर्तमान रहने हुनाले पृथक् पनि छन् त्यसैगरी भगवान् पनि समस्त कारणको कारण हुनाले सबैमा व्याप्त पनि हुनुहुन्छ एवं केही नहुँदाखेरि समेत विद्यमान रहेकोले पृथक् पनि हुनुहुन्छ ॥३४॥ आत्मतत्त्व जान्ने इच्छा भएको मानिसले केवल यति कुरा जान्नुपर्दछ कि भगवान् अन्वय औ व्यतिरेक रूपले सदा सर्वदा विद्यनान रहनुहुन्छ । (जसरी घटको कारण मृत्तिका भएमा पो घट हुन्छ, यस किसिमको ज्ञानलाई अन्वय भन्दछन्, मृत्तिका नभएमा घट पनि रहँदैन, यस ज्ञानलाई व्यतिरेक भन्दछन्— यसैगरी सबैको कारण भगवान्को सत्तामा सबैको सत्ता छ एवं उहाँको अभावमा सबैको अभावै हुन्छ) ॥३५॥ एकाग्र मन भएर निश्चल समाधिद्वारा यस मतको अनुष्ठान गर, यसले गर्दा तिमीलाई महाकल्प, अन्वान्तर कल्पमा नाना प्रकारको सृष्टि गर्न लाग्दा कदापि म कर्त्ता हुँ भन्ने मोह हुनेछैन ॥३३॥

शुकदेवजी भन्नुहुन्छ—

लोकपितामह ब्रह्माजीलाई यसप्रकारको उपदेश दिसकेपछि अजन्मा भगवान्ले उनले हेर्दा हेर्दैमा आफ्नो त्यस रूपलाई लुकाइदिनुभयो ॥३७॥ यसपछि सर्वभूत स्वरूप ब्रह्माजीले

(क) साधारण रीतिले कुनै वस्तु चिन्नु ज्ञान हो, विशेषरूपले चिन्नु विज्ञान हो, विज्ञान विना कुनै वस्तुको ज्ञान पूर्ण हुन सक्तैन। जस्तै जलको साधारण ज्ञान ता सबैलाई हुन्छ तर यो अक्सिजन एवं हाइड्रोजन नामक दुई पदार्थको संमिश्रण हो भन्ने ज्ञान ता केवल वैज्ञानिक विद्वान्लाई मात्र हुन्छ। यै नै जलको पूर्ण ज्ञान हो। यसै गरी भगवद्विषयक ज्ञान पनि विज्ञान विना अपूर्ण रहन्छ। विज्ञानले युक्त भएपछि मात्र त्यसको पूर्णता हुन्छ।

यसप्रकारसँग आफ्नो नजर अगाडि अन्तर्धान हुनुभएको भगवान्‌लाई हात जोरेर प्रणाम गर्नुभयो र अघिको कल्पमा जस्तो सृष्टि थियो त्यै रूपमा यस जगत्‌को रचना गर्नुभयो ॥३८॥ तदनन्तर एकचोटि धर्मपति, प्रजापति ब्रह्माजीले सम्पूर्ण प्रजाको कल्याण होस् भन्ने अभिलाषाको पूर्तिको निम्ति विधिपूर्वक यम नियमलाई धारण गर्नुभयो अर्थात् तप गर्न थाल्नुभयो ॥३९॥ यो तप गर्न लाग्नुभएको वेलामा उहाँका छोरा मध्येका सबभन्दा प्यारा, भगवान्‌का परम भक्त महामुनि नारदजी मायापति विष्णु भगवान्‌को मायाको मर्म बुझ्ने इच्छाले बडो संयम, विनय औ सौम्यतापूर्वक उहाँको सेवा गर्न लागे हे राजन् ! यसप्रकारसंग नारदले आफ्ना पितालाई सन्तुष्ट गरे ॥४०--४१॥ आफ्ना पिता लोकपितामह ब्रह्माजीलाई सन्तुष्ट भएको देख्ता देवर्षि नारदले उहाँसित अहिले तपाईंले मसित जुन कुरा सोध्नुभयो त्यै प्रश्न गरे ॥४२॥ यस प्रश्नले ता ब्रह्माजी झन् प्रसन्न हुनुभयो र आफ्ना छोरा नारदलाई भगवान्‌ले आफूलाई चार श्लोकमा संक्षेप रूपले भनेको यो दश लक्षणले युक्त भएको श्रीमद्भागवत पुराण सुनाउनुभयो ॥४३॥ हे राजन् ! जुन वेला परम तेजस्वी मेरा पिता मुनिवर व्यासजी सरस्वतीको तटमा बसेर परमात्माको ध्यानमा मग्न भइराख्नुभएको थियो त्यस वेला नारदजीले त्यहाँ गएर उहाँलाई यै भागवत सुनाउनुभयो ॥४४॥ विराट्-पुरुषबाट यो जगत् कसरी उत्पन्न भयो भन्ने प्रश्न जो तिमीले मसित गर्‍यौ र अरू अरू पनि जति प्रश्न सोध्यौ ती सबैको उत्तर क्रमशः त्यै भागवत् पुराणको रूपमा दिन्छु, सावधान भई सुन ॥४५॥

अध्याय-१०

भागवतको दश लक्षणको वर्णन ।

शुकदेवजीले भन्नुहुन्छ—

हे राजन् ! यस भागवत पुराणमा सर्ग, विसर्ग, स्थान, पोषण, ऊति, मन्वन्तर, ईशानुकथा, निरोध, मुक्ति, आश्रय यी दश विषयको वर्णन गरिएको छ ॥१॥ यिनमा दसौं अर्थात् आश्रय विषयलाई ठीक ठीकसंग जान्नको निम्ति महात्माहरूले अरू नौ विषयको स्वरूपलाई कहीं श्रुतिले, कहीं तात्पर्यले औ कहीं दुवैको अनुकूल अनुभवले बडो सुगम रीतिसंग वर्णन गरेका छन् ॥२॥ मायाको गुण ग्रहण गरेका परमेश्वरमा जुन किसिमले पञ्चमहाभूत (पृथ्वी-अप्-तेजस्-वायु-आकाश), पञ्चतन्मात्रा (शब्द-स्पर्श-रूप-रस-गन्ध), इन्द्रियहरू (ज्ञानेन्द्रिय-श्रोत्र-त्वक्-चक्षुषी-जिह्वा-नासिका;-कर्मेन्द्रिय—पायु-उपस्थ-हस्त-पाद-वाक्), अहङ्कार, महत्वत्त्व (सत्व-रजस्-तमस्) यी सबैको उत्पत्ति हुन्छ त्यसलाई "सर्ग" भन्दछन् । विराट् पुरुषबाट उत्पन्न भएका ब्रह्माजीद्वारा विभिन्न चराचरको सृष्टिको निर्मणलाई "विसर्ग" भन्दछन् ॥३॥ उत्पन्न भएका पदार्थलाई मर्य्यादामा राख्नाले विष्णु भगवान्‌को जुन श्रेष्ठता सिद्ध हुन्छ त्यसलाई "स्थिति" भन्दछन्; आफ्ना भक्तहरुप्रति भगवान्‌को जुन कृपा हुन्छ त्यसलाई "पोषण" भन्दछन् ; अनुगृहीत भक्तहरूको धर्मको नाम "मन्वन्तर" हो; कर्मद्वारा बन्धनमा पार्ने जीवहरूको वासनालाई "ऊति" भन्दछन् ॥४॥ भगवान्‌का भिन्न भिन्न अवतारहरुको चरित्र तथा

उहांका प्रेमी भक्तहरूको कथाको नाम "ईशानु कथा" हो । यो ईशानुकथा विविध आख्यानले गर्दा विस्तृत हुन जान्छ ॥५॥ भगवान्‌ले योगनिद्रा स्वीकार गरी प्रलय कालमा शयन गरेको समयमा जीवहरू आफ्नो आफ्नो उपाधिसहित उनमा जो लीन हुन्छन् त्यसलाई "निरोध" भन्दछन् । मायाजनित कर्तृत्व, भोक्तृत्व आदि अनात्मभावलाई त्याग गरी आफ्नो वास्तविक स्वरूप परमात्माको साक्षात्कार गर्नु नै "मुक्ति" हो ॥६॥ हे राजन् ! जसद्वारा यो चराचर जगत्‌को उत्पत्ति, पालन र नाश हुन्छ त्यै परम ब्रह्म नै "आश्रय" हो । शास्त्रहरू यसलाई परमात्मा भनेर वर्णन गर्दछन् ॥७॥ चक्षु आदि इन्द्रियहरूको अभिमानी द्रष्टा जो आध्यात्मिक पुरुष हो त्यै नै इन्द्रियहरूको अधिष्ठाता देवता सूर्य आदिको रूपमा आधिदैविक पुरुष पनि हो। नेत्रगोलक आदिले युक्त यो दृश्य (देह) आधिभौतिक पुरुषले नै यी दुवैलाई अलग अलग गर्दछ ॥८॥ यी तीनमा एउटाको पनि अभाव हुन गएछभने हामी अरू शेष दुइटालाई देख्न पाउन्नौं। अतः यी तीनौटालाई साक्षीरूपमा रहेर जो देख्तछ वा जान्दछ त्यसैको नाम "आश्रय" वा "ब्रह्म" हो। स्वयं ब्रह्म नै सबैका आश्रय हुन्, उनको आश्रय अरू कोही छैन ॥९॥

विराट् पुरुष जब ब्रह्माण्डलाई फूटालेर बाहिर निस्के तब ती शुद्ध सङ्कल्प पुरुषले आफ्नो अयन अर्थात् निवासस्थानको इच्छाले अत्यन्त पवित्र जलको सृष्टि गरे ॥१०॥ पुरुष अर्थात् नरबाट उत्पन्न भएको हुनाले जलको नाम "नार" भएको हो । आफूले सृष्टि गरेको नारमा ती विराट् पुरुषले आफ्नो अयन (वासस्थान) बनाए त्यसैले उनको नाम "नारायण" भयो। हजार वर्षसम्म तिनले त्यही जलमा वास गरे ॥११॥ उनै नारायणको कृपाले पञ्चतत्व, काल, कर्म, प्रकृति औ जीव आफ्नो आफ्नो कार्य सम्पादन गर्न सक्तछन्, उनको उपेक्षा भएमा कसैको अस्तित्व रहन सक्तैन ॥१२॥ यी भगवान् पहिले एउटै थिए, योग-शय्याबाट उठेपछि जब उनलाई अनेक रूप धारण गर्ने इच्छा भयो तब ता उनले मायाको आश्रय लिएर अखिल ब्रह्माण्डको वीज-स्वरूप आफ्नो सुवर्ण-समानको तेजस्वी वीर्यलाई अधिभूत (रूप, रस आदि), अध्यात्म (चक्षु आदि इन्द्रिय) र आधिदैव (इन्द्रियहरुका अधिष्ठाता देवता सूर्य आदि) नामले तीन भागमा विभक्त गरिदिए। हे राजन् ! विराट् पुरुषको एउटै वीर्य तीन भागमा कसरी विभक्त भयो, सो सुन ॥१३-१४॥

विराट् पुरुषले हलचल गर्न लागेपछि उनको शरीरभित्र रहेको आकाशबाट ओज (इन्द्रिय-शक्ति), सह (मनको शक्ति) र बल (देह-शक्ति) को उत्पत्ति हुन गयो। त्यस पछि यी तीनै शक्तिहरूको सूत्रात्मा नामक मुख्य प्राण उत्पन्न भयो ॥१५॥ जसरी सेवक आफ्ना स्वामी राजाको पछि पछि लागेर हिंड्दछन् त्यसैगरी शरीरमा प्रभु तुल्य प्राण प्रबल रहेसम्म सेवक तुल्य समस्त इन्द्रियहरूको आफ्नो आफ्नो काममा प्रवृत्ति हुन्छ, प्राण नै शिथिल भएको खण्डमा ता इन्द्रियहरू पनि निश्चेष्ट भइहाल्दछन् ॥१६॥ प्राणको वेगसंग

सञ्चार हुनासाथ विराट् पुरुषलाई भोक प्यासको अनुभव हुन लाग्यो । त्यसपछि खाने पिउने इच्छा गर्नासाथ सबभन्दा पहिले उनको शरीरमा मुख उत्पन्न भयो ॥१७॥ मुखबाट तालु र तालुबाट जिह्वा प्रकट भयो र त्यसपछि अनेक रस उत्पन्न भए । जिह्वाद्वारा नै यी समस्त रसको स्वाद लिइन्छ ॥१८॥ विराट् पुरुषलाई बोल्ने इच्छा हुनासाथ उनको मुखबाट वाक् (इन्द्रिय), अग्नि (यसका अधिष्ठाता देवता) र यिनीहरूको विषय बोलाई उत्पन्न भए । पुरुषले जलमा शयन गर्ने समयमा यो इन्द्रिय र यसको अधिष्ठता देवता दुबै धेरै कालसम्म रोकिएर रहे ॥१९॥ प्राणवायु बडो जोरसँग चल्न लागेपछि नाकका दुइटा पोरा उत्पन्न भए र जब उनलाई गन्ध सुंघ्ने इच्छा भयो तब ता नासिकामा घ्राणेन्द्रियले वास गऱ्यो र गन्धलाई फैलाउने घ्राणेन्द्रियको अधिष्ठाता वायुदेव प्रकट भए ॥२०॥ पहिले विराट् पुरुषको शरीरमा प्रकाश थिएन । जब उनलाई आफ्नो मूर्ति तथा अन्य वस्तु हेर्ने इच्छा भयो तब ता दुइटा आंखा, आंखाका अधिष्ठाता देवता सूर्य र दर्शन (चक्षु इन्द्रिय) उत्पन्न भए। नेत्रद्वारा नै रूपको ग्रहण हुन्छ ॥२१॥ जब ऋषिहरू वेदवाक्यद्वारा विराट् पुरूषलाई बिउंझाउन लागे तब ता भगवान्लाई आफ्नो स्तुति सुन्ने इच्छा भएकोले दुइटा कान, श्रवण इन्द्रिय र कानका अधिष्ठात्री दिशाहरू, यी सबैको उत्पत्ति भयो । शब्द सुन्नु श्रोत्रेन्द्रियको विषय हो ॥२२॥ यसपछि उनलाई समस्त चीजबीजको कोमलता, कठिनता, हलुकोपना, गह्रौंपना, गर्मी, ठण्डी इत्यादि कुरा जान्न इच्छा भयो र शरीरमा छाला प्रकट भयो। पृथ्विमा जसरी रूखहरू उम्रन्छन् त्यसै गरी छालामा रउँहरू उत्पन्न भए औ साथसाथै त्वक् इन्द्रिय एवं यसको अधिष्ठाता देवता वायु उत्पन्न भए। यो वायु छालाको भित्र बाहिर रहेर स्पर्श-रूप विषयको ग्रहण गर्दछ ॥२३॥ भगवान्लाई अनेक प्रकारका काम गर्ने इच्छा हुनासाथ दुइटा हात निस्के । यी हातमा ग्रहण गर्ने शक्ति हस्तेन्द्रिय तथा यिनका अधिष्ठाता देवता इन्द्र प्रकट भए औ यी दुवैको आश्रयले हुने ग्रहणरूप कर्म पनि उत्पन्न भयो ॥२४॥ यसैगरी भगवान्लाई आफूलाई मन लागेको ठाउँमा जाने इच्छा भएकोले उहाँका दुइटा चरण उत्पन्न भएर आए । यी चरणका अधिष्ठाता देवता स्वयं यज्ञरूपी विष्णु भगवान् हुन् । मानिसहरू यै चरणेन्द्रियद्वारा हिंडेर यज्ञ-सामग्री जम्मा पार्दछन् ॥२५॥ भगवान्लाई पुत्र, स्त्रीसंभोग र स्वर्गभोगको कामना भएपछि उहाँको शरीरमा लिङ्गको उत्पत्ति भयो र त्यसमा उपस्थेन्द्रिय तथा प्रजापति देवता प्रकट भए। स्त्री-सँभोगको सुख यै इन्द्रियमा एवं यसको अधिष्ठाता देवताको अधीनमा रहन्छ ॥२६॥ उहाँलाई मल त्याग गर्ने इच्छा भएकोले गुदद्वार उत्पन्न भयो । तत्पश्चात् त्यसमा पायु इन्द्रिय औ यसका अधिष्ठाता देवता मित्र उत्पन्न भए । मलत्यागको काम गुह्य इन्द्रिय तथा मित्र देवता यी दुवैको आश्रयले हुन्छ ॥२७॥ एक शरीरबाट अर्को शरीरमा जाने इच्छा भएकोले भगवान्को नाभिद्वारको उत्पत्ति भयो। यसमा मृत्युदेवतासहित अपान इन्द्रिय उत्पन्न

भए। नाभिदेशमा प्राण-वायु र अपान-वायुको विश्लेष भएमा मृत्यु हुन्छ ।।२८।। विराट् पुरुषलाई अन्न जल ग्रहण गर्ने इच्छा हुनासाथ उहाँका कोखा, आन्द्रा तथा नाडीहरू उत्पन्न भएर आए। नदीहरू आन्द्राका तथा समुद्र नाडीहरूका अधिष्ठाता देवता हुन्; तुष्टि औ पुष्टि आन्द्रा तथा नाडीहरूका आश्रित विषय हुन् ।।२९।। भगवान्‌लाई आफ्नो मायाको विचार गर्ने इच्छा भएकोले उहाँको हृदयको उत्पत्ति भयो, त्यसमा मन इन्द्रिय छ, औ चन्द्रमा त्यसको देवता हुन्, कामना एवं सङ्कल्प त्यसका विषय हुन् ।।३०।। फेरि विराट् पुरुषको शरीरमा त्वक्, चर्म, मांस, रुधिर, मेदा, मज्जा औ अस्थि यो सात धातु पृथ्वी, जल र तेजबाट प्रकट भए औ प्राण-वायुचाँहि आकाश, जल औ वायुबाट उत्पन्न भयो ।।३१।। श्रोत्रादि गरिएका समस्त इन्द्रियहरू शब्द, रूप, रस आदि विषयहरूलाई ग्रहण गर्दछन्। यी शब्दादि विषयहरू भूतादिको आदिकारण अहङ्कारबाट उत्पन्न भएका हुन्। मन हर्ष, शोकादि समस्त विकारहरूको उत्पत्ति स्थान हो तर बुद्धि विज्ञानरूपिणी अर्थात् परमार्थको ग्रहण गराउने अथवा समस्त पदार्थलाई बोध गराउने हो ।।३२।। हे राजन्! यसप्रकारसंग मैले तिमीलाई भगवान्‌को स्थूल रूपको वर्णन सुनाएँ। यो विराट्-रूप बाहिरबाट पृथ्वी, जल, तेज, वायु, आकाश, अहङ्कार, महत्तत्व औ प्रकृति यी आठ आवरणले बेह्रिएको छ ।।३३।। यसबाहेक भगवान्‌को अत्यन्त सूक्ष्म रूप पनि छ। यो अव्यक्त, निर्विशेष, आदि-मध्य-अन्त केही पनि नभएको एवं नित्य छ। मन तथा वाणीद्वारा यो जान्न सकिंदैन ।।३४।। हे राजन्! मैले तिमीलाई भगवान्‌का स्थूल औ सुक्ष्म-व्यक्त र अव्यक्त यी दुई रूपको जो वर्णन गरेर सुनाएं, ती दुबै नै उहाँको माया शक्तिद्वारा कल्पित औ प्रकाशित भएका हुन्। यसैकारणले भगवाग्‌को वास्तविक रूपलाई जानेका ज्ञानी भक्त पुरुषहरू यी दुई मध्ये कुनैलाई पनि परम इष्टरूपले ग्रहण गर्दैनन् ।।३५।। वास्तवमा भगवान् कर्महीन औ निर्गुण ब्रह्म हुन्। आफ्नो माया-शक्तिलाई ग्रहण गरी उनी सकर्मक (जीव) बन्दछन् र अनि ब्रह्मादि रूप धारण गरी वाच्य र वाचक, शब्द र अर्थको रूपमा प्रकट हुन्छन् औ अनेक नाम, रूप तथा क्रियाहरूलाई स्वीकार गर्दछन् ।।३६।। उनै भगवान् प्रजापति, मनु, देवता, ऋषि, पितृगण, सिद्ध, चारण, गन्धर्व, विद्याधर, असुर, गुह्यक, किन्नर, अप्सरा, नाग, सर्प, किम्पुरुष, उरग, मातृगण, राक्षस, पिशाच, प्रेत, भूत, विनायक, कुष्माण्ड, उन्माद, वेताल, यातुधान, ग्रह, पक्षी, मृग, पशु, वृक्ष, पर्वत, सरिसृप इत्यादि जति संसारमा नामरूप छन् ती सबैको सृजना गर्दछन् ।।३७-३९।। चर-अचर यी दुई प्रकारका तथा स्वेदज (जुम्रा, उडुस आदि), अण्डज (परेवा आदि), उद्भिज (वृक्षादि), जरायुज (मनुष्यादि) यी चार प्रकारका प्राणी एवं जल, स्थल औ आकाशमा रहने प्राणी उनै भगवान्‌बाट प्रकट भएका हुन्। यी सबै योनिहरू उत्तम, मध्यम र अधम कर्महरूका फल हुन् ।।४०।। हे राजन्! सत्वगुणको प्रधानताले देवता, रजोगुणको प्रधानताले मनुष्य र तमोगुणको प्रधानताले राक्षसको योनि

मिल्दछ। एउटा गुण अर्को दुइटा गुणसंग मिलेको हुनाले प्रत्येक गुण उत्तम, मध्यम र अधम श्रेणीमा विभक्त भएको छ ॥४१॥ यिनै भगवान् मनुष्य, देवता, पशु, पक्षी आदि अनेक रूपले अवतार लिएर धर्म रूपले सम्पूर्ण विषयको भोग तथा संसारको पालन गर्दछन् ॥४२॥ प्रलयकालको समय आएपछि यिनै भगवान् आफूले उत्पन्न गरेका सबै वस्तुलाई कालाग्निस्वरूप इन्द्रको रूप ग्रहण गरी वायुले मेघमालाको संहार गरे झैं आफूमै लीन गराइदिन्छन् ॥४३॥

हे राजन् ! भगवत्परायण महात्माहरूले परम ऐश्वर्यशाली भगवान्को वर्णन यही प्रकारले गरेका छन्। तर तत्वज्ञानी पुरुषहरूको विचारमा ता सृष्टि–पालन–प्रलय गर्ने रूपमा उहाँको दर्शन गर्न उचित पर्दैन, उहाँको मायातीत रूपतिर पो दृष्टि दिनुपर्दछ ॥४४॥ सृष्टि–रचनादिको कर्ताको रूपमा उहाँको जो वर्णन गरिन्छ त्यसमा कर्तृत्वको तात्पर्य ता छैन ।परमेश्वरमा कर्तृत्वको भाव मेट्नको निम्ति नै यो वर्णन गरिएको हो, यी कर्तृत्वको प्रकाश ता मायाद्वारा नै आरोपित भएको छ अर्थात् यो रूप–कल्पनाको तात्पर्य्य सगुण रूपद्वारा निर्गुण रूपको प्रतिपादन होस् भन्ने हो ॥४५॥ हे राजन् ! मैले उदाहरण-रूपले ब्रह्माको महाकल्पको अन्वान्तर कल्पहरूको साथमा संक्षेप रूपले वर्णन गरेको छु। महाकल्पमा प्रकृतिबाट महत्तत्त्वादिको उत्पत्ति हुन्छ एवं अन्वान्तर कल्पमा वैकृत (चराचर जगत्को) सृष्टि हुन्छ । प्रत्येक महाकल्प औ अन्वन्तर कल्पको यै नै साधारण विधि हो ॥४६॥ हे राजन् ! कालको परिमाण, कल्प तथा त्यसको अन्तर्गत मन्वन्तरको वर्णन पछि गरौंला, अहिलेलाई पाद्म-कल्पको वर्णन सुन ॥४७॥

शौनकजीले भने—

हे सूतजी ! भगवान्का परमभक्त विदुरजीले छाड्न गाह्रो पर्ने आफ्ना बन्धु-बान्धवलाई छाडेर पृथ्वीका भिन्न भिन्न तीर्थमा विचरण गरेको कुरा भन्नुभएथ्यो ॥४८॥ यस यात्रामा मैत्रेयजी-संग आत्मज्ञानको सम्बन्धमा उनको कुन ठाउँमा कुरा–कानी भएको हो ? विदुरले प्रश्न गर्दा भगवान् मैत्रेयजीले कुन कुन तत्वको उपदेश गर्नुभयो ? ॥४९॥ हे सोम्य ! विदुरको चरित्र हामीलाई सुनाउनुहोस् । उहाँले पहिले ता आफ्ना बन्धु–वर्गलाई छाड्नुभयो र फेरि पछि उनीहरूकहाँ आउनुभयो, यसको कारण क्या हो हामीलाई भन्नुहोस् ॥५०॥

सूतजीले भने––

हे शौनकादि ऋषि हो ! राजा परीक्षितले प्रश्न गर्दा महामुनि शुकदेवजीले उनको प्रश्न-अनुसार जो उत्तर दिएका थिए सो सबै म तपाईं-हरूलाई सुनाउँछु, सावधान भएर सुन्नुहोस् ॥५१॥

द्वितीयस्कन्धः समाप्तः

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

तृतीयस्कन्ध

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

श्रीमद्भागवत-भाषा

तृतीयस्कन्ध

अध्याय—१

उद्धव औ विदुरको संवाद

शुकदेवजीले भन्नुभयो—

हे राजन्! तिमीले अहिले मलाई जुन कुरा सोध्यौ त्यै कुरा पूर्वकालमा सुख-सम्पत्तिले पूर्ण भएको घरलाई छाडेर गएका महात्मा विदुरले पनि भगवान् मैत्रेयजीलाई सोधेका थिए ॥१॥ विदुरको घरको महत्व वर्णन गरी साध्य छैन, किनकि सर्वेश्वर कृष्ण भगवान् तिमी पाण्डवहरूको दूतको काम गर्न जानुभएको वेलामा उहाँले दुर्योधनको राजभवनलाई समेत छाडेर नबोलाएको भए तापनि आफ्नै घर सम्झेर यिनै विदुरको घरमा पाल्नुभएथ्यो ॥२॥

राजा परीक्षितले सोधे—

भगवान् मैत्रेयसंग कुन ठाउँमा विदुरको भेट भएको हो औ कहिले ती दुबैको आपसमा संवाद भएको हो? हे प्रभो! यी सबै कुरा हामीलाई वर्णन गरेर सुनाउनुहोस् ॥३॥ पवित्र आत्मा भएका विदुरले ज्ञानीहरूमध्येका श्रेष्ठ मैत्रेयसँग जो प्रश्न गरेका होलान् त्यसको आशय ता अवश्य तुच्छ होवैन। मैत्रेयजी जस्ता साधु पुरुषले उत्तर दिएको हुनाले ता त्यो अवश्यै महत्वपूर्ण भयोहोला ॥४॥

सूतजी भन्छन्—

मुनिवर शुकदेवजी अनेक विषयका ज्ञाता थिए। राजा परीक्षितले यसप्रकारसँग सोद्धा उनले अति प्रसन्न भएर भने—"सुन" ॥५॥

शुकदेवजी भन्न लाग्नुभयो—

राजा धृतराष्ट्र जन्मैदेखिका अन्धा ता छँदै थिए त्यसमाथि अधर्मले गर्दा उनको विवेकशक्ति पनि नष्ट भइसकेको थियो। यिनले आफ्ना पापी छोराहरुको लहै लहैमा लागेर आफ्ना भाइ पाण्डुका अनाथ छोराहरुलाई लाक्षा-भवनमा पठाएर त्यसमा आगो सल्काइदिए ॥६॥ महाराज युधिष्ठिरकी पटरानी, आफ्नो छोरा-बुहारी द्रौपदीको चुल्ठो समातौ सभाको बीचमा ल्याएर जब दुःशासनद्वारा दुर्योधनले अन्याय गरेथ्यो त्यस बखतमा द्रौपदीको आँखाबाट निस्केको

आँसुको धाराले उनले छातीमा लगाइराखेको केशरसमेत बगेर गएथ्यो, तर धृतराष्ट्रले आफ्नो छोरालाई त्यस कुकर्मबाट रोकेनन् ॥७॥ दुर्योधनले सत्यवादी शुद्ध स्वभाव भएका राजा युधिष्ठिरको राज्य जूवामा अधर्मले जितेर उनलाई वनमा पठाइदियो। वनबाट फर्केपछि जब उनले प्रतिज्ञानुसार आफूले पाउनुपर्ने पैतृक भाग मागेथे त्यसबखतमा छोराका मोहमा परेका धृतराष्ट्रले आफ्ना छोराहरूबाट अजातशत्रु युधिष्ठिरलाई त्यो भाग दिलाए नन् ॥८॥ महाराज युधिष्ठिरद्वारा पठाइएका जगद्गुरु कृष्ण भगवान्ले कौरवहरूको सभामा भीष्मादि सज्जनहरूलाई अमृत जस्तो लागेका जुन हितका कुरा भन्नुभएथ्यो त्यसको ता दुर्योधनले आदरै गरेन, आदर गरोस् पनि कसरी, कारण राज्य भोगको साधनस्वरूप जति उसको पुण्य बाँकी थियो त्यो ता नष्ट भइसकेको थियो अर्थात् उसको विनाशको दिन आइपुगेको थियो ॥९॥ एक दिन दाजु धृतराष्ट्रले सम्मति लिनको निम्ति विदुरलाई बोलाए। सल्लाह दिनेहरू मध्येका श्रेष्ठ विदुरले राजभवनमा गएर दाजु धृतराष्ट्रले सोद्धा त्यै सम्पति दिए जसलाई राजनीतिज्ञ पुरुषहरू अहिलेसम्म पनि "विदुर-नीति" भन्दैछन् ॥१०॥

उनले भने ---

ए दाजैज्यू ! अजात शत्रु युधिष्ठिरलाई उनको भाग दिहाल्नोस्, हेर्नोस्, उनी सहन नसकिने तपाईंको अपराधलाई सहिराखेका छन् । भीमसेनरूपी सर्पदेखि ता तपाईं पनि निक्कै डराउनुहुन्छ, अहिले उनै भीम आफ्नो भाग नपाएकोले भाइहरूको साथमा बदला लिन भनी रिसले सर्प झैं फूँ फूँ गर्न लागिराखेका छन् ॥११॥ तपाईंलाई ता पत्तै छैन, साक्षात् कृष्ण भगवान्ले पाण्डवहरूको पक्ष लिनुभएको छ। यदुवीरहरूका एक मात्र आराध्यदेव यी श्री हरि सम्पूर्ण राजाहरूलाई परास्त गरी अहिले ब्राह्मण औ देवताहरूको साथमा आफ्नो राजधानी द्वारकापुरीमा विराजमान भइराख्नुभएको छ, तसर्थ उहाँसंग बैर गर्नामा कुशल छैन ॥१२॥ जसलाई तिमीले छोरा संझेर पालिरहेका छौ त्यो दुर्योधन ता साक्षात् पुरुषोत्तम भगवान्सित द्वेष गर्ने मूर्तिमान् दोष नै तिम्रो घरमा पसिराखेको छ । यसैकारण कृष्ण भगवान्देखि विमुख भएकोले तिमी श्रीहीन भइराखेका छौ, तसर्थ आफ्नो कुलको कुशलको निति यो अमंगलरूप छोरालाई चाँडै नै त्यागिदेऊ ॥१३॥

सज्जनले समेत इच्छा गर्ने स्वभाव भएका विदुरले यसप्रकारसंग सल्लाह दिंदा बढिराखेको क्रोधले गर्दा दुर्योधनको ओठ फरफराउन थाल्यो र त्यसले कर्ण, दुःशासन तथा शकुनिको साथमा उनको तिरस्कार गर्दै भन्यो ॥१४॥ यो कुटिल दासीको छोरालाई कसले यहाँ बोलायो ? यो ता जसको अन्न खाएर बाँचिराखेको छ त्यसैको प्रतिकूल भएर शत्रुको हित पो गर्न खोज्दो रहेछ। यसको प्राण ता नलेऊ तर यसलाई झट्टै हाम्रो शहरबाहिर निकालिदेऊ ॥१५॥ आफ्नो दाजुको अघिल्तिर, कानलाई वाण जस्तो लाग्ने यस्तो अत्यन्त कठोर वचन सुन्दा मुटु छेडिन गएको भए तापनि विदुरले केही पीर

लिएनन्, बरु भगवान्को मायालाई प्रबल भन्ठानेर, आफैंले आफ्नो धनुष ढोकामा राखी उहाँबाट हिंडिदिए ॥१६॥

विदुर जस्तो महात्मालाई कौरवहरूले बडो पुण्यले पाएका हुन् । यी विदुरजी हस्तिनापुरबाट बाहिर आएपछि पुण्य गर्ने इच्छाले भूमण्डलमा तीर्थपाद भगवान्का क्षेत्रहरूमा विचरण गर्न लागे, यी क्षेत्रमा भगवान् ब्रह्मा–रुद्र आदि गरिएका अनेक मूर्तिको रूपमा विराजमान हुनुहुन्छ ॥१७॥ जहाँ जहाँ भगवान्को प्रतिमाले सुशोभित तीर्थस्थान, नगर, परम पवित्र उपवन, पर्वत, निकुञ्ज औ निर्मल जलले भरिएका नदी तथा तलाउ थिए त्यहाँ त्यहाँ विदुरजी एक्लै घुम्न लागे ॥१८॥ आफ्ना आत्मीयहरूले चिह्न नसकून् भनेर उनी अवधूतको भेषमा पृथ्वीमा घुम्दथे, पवित्र औ साधारण भोजन गर्दथे, प्रत्येक तीर्थमा स्नान र भूईंमा सुत्ने गर्दथे, शरीरलाई कुनै किसिमले पनि सिंगार्दैनथे; जुन नियमको पालना गर्नाले भगवान् प्रसन्न हुनुहुन्छ त्यै नियमको पालना गर्दथे ॥१९॥

यसप्रकारसंग भारतवर्षमा घुम्दाघुम्दै जब उनी प्रभास क्षेत्रमा पुगेथे त्यस वेलासम्ममा महाराज युधिष्ठिर कृष्णभगवान्को सहायताले पृथ्वीको एकछत्र अखण्ड राज्य गर्न लागिसकेका थिए ॥२०॥ यहाँ उनले आफ्ना कौरव–बन्धुहरू विनाश भएको समाचार सुने । जसरी परस्परको घर्षणले उत्पन्न भएको आगोले बाँससहितको वन जलेर भस्म हुन्छ त्यसैगरी यी कौरवहरू पनि परस्परको ईर्ष्याले आपसमा लढ–भिड गरेर नष्ट भएका थिए । यो सुनेपछि उनी शोक गर्दै चुपचापसंग सरस्वतीको तीरमा आए ॥२१॥ यहाँ उनले त्रित, उशना, मनु, पृथु, अग्नि, असित, वायु, सुदास, गौ, गुह औ श्राद्धदेवको नामले प्रसिद्ध भएका एघार तीर्थमा स्नान गरे ॥२२॥ यीबाहेक पृथ्वीमा ब्राह्मण औ देवताहरूले स्थापित गरेका विष्णु भगवान्का अरू पनि जति मन्दिर थिए ती सबैमा गए । यी मन्दिरहरूको शिखरमा भगवान्का आयुधहरूमा प्रधान चक्रको चिह्न थियो, यिनीहरूको दर्शन मात्रले श्रीकृष्णको स्मरण भइहाल्दथ्यो ॥२३॥

यसपछि समृद्धिशाली सौराष्ट्र, सौवीर, मत्स्य, कुरुजांगलादि देशहरूमा भ्रमण गर्दै जब उनी केही दिनमा यमुनाको तीरमा पुगेथे त्यस वेला त्यहाँ उनको भगवद्भक्त उद्धवसंग भेट भयो ॥२४॥ विदुरले श्रीकृष्णका प्रेमीभक्त, शान्तस्वभाव, नीतिशास्त्रमा पूर्वजन्मका बृहस्पतिका शिष्य, प्रख्यात उद्धवलाई प्रेमपूर्वक गाढ आलिङ्गन गरेर उनीसित श्रीकृष्णका प्रजा एवं आत्मीय यादव, कौरव र पाण्डवहरूको क्षेमकुशल सोध्न लागे ॥२५॥

आफ्नै नाभिकमलबाट उत्पन्न भएका ब्रह्माजीको प्रार्थनाले पृथ्वीमा अवतार लिएका ती पुराण पुरुष बलराम औ कृष्ण, दुष्टहरूको दमनले पृथ्वीमा शान्ति स्थापना गरी के अहिले शूरसेनको घरमा सबैलाई आनन्द दिंदै कुशलपूर्वक ता बसेका छन् ? ॥२६॥ हामी कुरुवंशीहरूका हितचिन्तक सुहृद औ पूज्य वसुदेवजी आनन्दसित ता बस्नुभएको छ ? आफ्नो उदारताले गर्दा बहिनी कुन्तीका छोराहरूलाई बाबुले झैं उनीहरूको इच्छानुसारको वस्तु दिएर प्रसन्न

राख्नुहुन्छ? ॥२७॥ हे प्रिय! यादवहरूका सेनापति वीरवर प्रद्युम्नजी सुखसंग ता बस्नुभएको छ? उहाँ पूर्वजन्ममा कामदेव हुनुहुन्थ्यो। रुक्मिणीले ब्राह्मणहरूका आराधना गरेर भगवान्बाट उहाँलाई पाएको हो ॥२८॥ सात्वत, वृष्णि, भोज औ दाशार्हवंशी यादवहरूका अधिपति महाराज उग्रसेन आनन्दमा ता हुनुहुन्छ? उहाँले राजसिंहासनको आशा सर्वथा छाडिदिनुभएको थियो तर कमलनयन कृष्णभगवान्ले उहाँलाई पुनः राज्यसिंहासनमा अभिषिक्त गर्नुभएको हो ॥२९॥ हे सौम्य! (साधु स्वभाव भएका हे विदुरजी!) श्रीकृष्णका छोरा, समस्त रथिहरूमा अग्रगण्य भएका साम्ब कुशलपूर्वक ता बसेका छन्? यिनी शील औ गुणमा आफ्ना बाबुसमान छन् औ स्वामीकार्तिकेयका अवतार हुन्, यिनलाई पूर्वजन्ममा पार्वतीले आफ्नो गर्भमा धारण गर्नुभएको थियो र अहिले यिनलाई नाना प्रकारका व्रतको पालना गर्ने जाम्बवतीले जन्माएकी हुन् ॥३०॥ अर्जुनबाट धनुर्विद्याको शिक्षा पाएका सात्यकि ता कुशलसंग रहेका छन्? यिनी श्रीकृष्णको निरन्तर सेवाले गर्दा बडा बडा योगीलाई समेत दुर्लभ हुने भगवज्जनको महान् स्थितिमा सजिलैसंग पुगिराखेका छन् ॥३१॥ भगवान्का शरणागतभक्त, परम बुद्धिमान्, निष्पाप श्वफल्कका छोरा अक्रूरजी पनि आनन्दसंग ता बसेका छन्? यिनले श्री कृष्णको चरण-चिह्नले अङ्कित भएको व्रजको गल्लीको धूलोमा प्रेमले गद्गद भईकन लडिबुडी खेलेका थिए ॥३२॥ भोजवंशी देवककी छोरी देवकीलाई ता कुशल छ? यिनी देवमाता अदितिसमान साक्षात् विष्णु भगवान्की आमा हुन्। जसरी वेदत्रयी (ऋक्-यजु-साम) यज्ञविस्ताररूप अर्थलाई आफ्ना मन्त्रहरूमा धारण गर्दछन् त्यसैगरी यिनले पनि कृष्ण भगवान्लाई आफ्नो गर्भमा धारण गरेकी थिइन् ॥३३॥ तपाईं भक्तहरुको (अथवा यादवहरुको) कामना पूर्ण गर्ने भगवान् अनिरुद्धजी ता सुखसंग बस्नुभएको छ? उहाँलाई शास्त्रले वेदहरुको आदिकारण तथा चित्त-अहङ्कार-बुद्धि-मन यी चार अन्तःकरणका अंशमध्ये चौथो मनस्तत्त्वको अधिष्ठाता बताएका छन् ॥३४॥ हे सौम्य उद्धवजी! आफ्ना हृदयदेव भगवान् श्री कृष्णको अनन्य भावले अनुसरण गर्ने हृदीक, सत्यभामाका छोरा चारुदेष्ण तथा गद आदि गरिएका भगवान्का अरू छोरासमेत कुशलपूर्वक ता छन्? ॥३५॥

आफ्ना दुई हातसमानका अर्जुन औ श्रीकृष्णको सहायताले महाराज युधिष्ठिरले न्यायपूर्वक धर्ममर्यादाको पालन ता गरिराख्नुभएको छ? मय दानवले बनाएको सभामा उहाँको राज्य, वैभव तथा विजयपरम्परा देख्ता दुर्योधनलाई बडो डाहा भएको थियो ॥३६॥ भीमसेन सर्पसमान बडा क्रोधी छन्, गदायुद्धमा जब यिनी किसिम किसिमले खुट्टा चाल्दथे त्यस वेला यिनको पादप्रहारलाई पृथ्वीले सहन सक्तैनथिन्। आफ्नो अपकार गर्ने दुर्योधनादिप्रतिको महान् द्वेषभावलाई के अहिले उनले त्यागिदिएका छन् त? ॥३७॥ जसको वाण-वर्षाले आच्छादित भएर किरातवेषधारी शङ्कर भगवान् प्रसन्न भएका थिए, ती रथी औ यूथपतिहरूको यश बढाउने गाण्डीवधारी अर्जुन ता प्रसन्न छन्?

अहिले ता उनका सबै शत्रु शान्त भएकै छन्? ॥३८॥पलकले जसरी आँखाको रक्षा गर्दछन् त्यसै गरी कुन्तीपुत्र युधिष्ठिरादिद्वारा रक्षित भएका माद्रीका जम्ल्याहा छोरा नकुल-सहदेव कुशलसित ता छन्? दुइटा गरुडले इन्द्रको मुखबाट अमृत खोसेर ल्याए झैं यिनीहरूले दुर्योधनादि शत्रुहरूबाट आफ्नो पैतृक-राज्य खोसेर लिए ॥३९॥ अहो! विचरी कुन्तीको क्षेम-कुशल के सोधूँ? राजर्षिश्रेष्ठ पाण्डुको वियोगमा मरेसमान भए तापनि केवल आफ्ना छोराहरूका लागि अहिलेसम्म प्राण धारण गरिराखेकी छन्। यी पाण्डुले रथमा चढेर केवल एउटा धनुको सहायताले एक्लैले चारै दिशा जितेका थिए ॥४०॥ हे साधु स्वभाव भएका उद्धवजी! मलाई ता नरकको बाटो सोझ्याएका धृतराष्ट्रका बारेमा वारंवार अफशोश हुन्छ। यिनले आफ्ना परलोकवासी भाइ पाण्डुसित-उनका छोरा स्वास्नीसित अन्याय गरेर, द्रोह गरे र तथा उनको हितचिन्तक मलाई पनि छोराको हाहामा लागेर शहरबाट निकालिदिए ॥४१॥तर मलाई यस कुरामा कुनै किसिमको शोक अथवा आश्चर्य लागेको छैन। जगत्विधाता कृष्णभगवान्ले नै मनुष्यको जस्तो लीला गरेर मानिसको चित्तवृत्तिलाई विचलित गराइदिएका छन्। म ता उनकै कृपाले उनको महिमा हेर्दै अरूको दृष्टिबाट टाढा भएर आनन्दसंग भ्रमण गरिराखेको छु ॥४२॥ कौरवहरूले आफूप्रति अनेक अपराध गरे तापनि भगवान्ले के कारणले उनीहरूलाई त्यस समयमा छाड्नुभयोभने उनीहरूको साथसाथै धन, विद्या औ जातिको मदले अन्धो भएर वारंवार आफ्नो सेनाले पृथ्वीलाई कम्पायमान गराइराखेका कुमार्गगामी राजाहरूलाई समेत मारेर आफ्ना शरणागतहरूको दुःख दूर गर्ने उहाँको इच्छा थियो ॥४३॥ कृष्णभगवान् जन्म औ कर्मदेखि रहित हुनुहुन्छ तापनि दुष्टहरूको नाश गर्न तथा समग्र जीवलाई शुभ कर्ममा प्रवृत गर्न उहाँको जन्म भइरहन्छ, नत्र ता भगवान्का मायारहित भक्त ता कर्माधीन नाशवान् शरीरको बन्धनमा पर्न चाहन्नन्भने भगवान्को कुरा त कता छ कता ॥४४॥ अतः हे मित्र! अजन्मा भएर पनि आफ्नो शरणमा आएका समस्त लोकपाल औ आज्ञाकारी भक्तको प्रयोजन सिद्ध गर्नलाई यदुवंशमा उत्पन्न भएका ती पवित्रकीर्ति भगवान्का कुराहरू सुनाऊ ॥४५॥

अध्याय-२

उद्धवजीद्वारा भगवान्का बाल-लीलाहरूको वर्णन।

शुकदेवजी भन्नुहुन्छ—

विदुरले परमभक्त उद्धवलाई जब यसप्रकारसंग परम प्रिय कृष्णसित सम्बन्ध राख्ने कुरा सोधेथे त्यस बखतमा उनलाई (उद्धवलाई) भगवान्को स्मरण भइहाल्यो र उत्कण्ठाले मुटुमा गाँठो परेकोले केही उत्तरै दिन सकेनन् ॥१॥ यी उद्धव पाँच वर्षको छँदाखेरि नै आफ्नो बालक्रीडामा श्रीकृष्णको मूर्ति बनाएर उहाँको पूजामा यसरी तन्मय हुन्थे कि आमाले बिहानको भोजनको निम्ति बोलाउँदा पनि पूजा छाडेर जान मन

गर्दैनथे ।।२।। चिरकालदेखि कृष्णसेवामा लाग्दा लाग्दा अहिले उनी कालक्रमले बूढो हुन लागिसकेका थिए, अतः विदुरले सोद्धा उनलाई आफ्ना प्रभुको चरणको स्मरण भइहाल्यो र चित्त विरहले व्याकुल भएकोले उनी कसरी उत्तर दिन सक्थे ? ।।३।। तीव्र भक्तियोगले गर्दा श्रीकृष्णको चरणामृत-सागरमा चुर्लुम्म डुबेका उद्धवको सुखबाट आनन्दमा मग्न भएकोले एक छिनसम्म कुनै शब्द निस्केन ।।४।। सम्पूर्ण शरीरमा रोमाञ्च भएर आयो औ चिम्लिराखेको आँखाबाट आँसुको धारा बग्न लाग्यो । उद्धवलाई यसप्रकारसंग प्रेमको बाढीमा डुबेको देख्ता विदुरले उनलाई कृतकृत्य भएको संझे ।।५।। अलि वेरमा उद्धवले मनलाई भगवान्को ध्यानबाट मनुष्यलोकमा ल्याएपछि अर्थात् आफ्नो शरीरको संझना हुन थालेपछि (यदुकुल-संहार आदि काममा उहाँको चतुरता संझेकोले) विस्मित भई विदुरलाई यसप्रकारसंग भन्न लागे ।।६।।

उद्धवले भने—

कृष्णरूप सूर्य अस्ताएकोले हाम्रो घरलाई कालरूप सर्पले निलिराखेको छ, अतएव श्रीहीन आफ्ना घरको के कुशल समाचार सुनाऊँ ।।७।। अहो ! यो मनुष्यलोक बडो अभागी रहेछ; यसमा पनि यादबहरूलाई ता अत्यन्त अभागी भन्नुपर्दछ; यिनीहरूले ता माछाले चन्द्रमालाई चिन्ह नसके झैं सदासर्वदा आफ्नो बीचमा रहँदा पनि श्रीकृष्णलाई चिन्ह सकेनन् ।।८।।

यादवहरु मनको भावलाई बुझ्ने औ बडा चतुर थिए। भगवान्संग एकै ठाउँमा बसेर क्रीडा गर्ने भए तापनि उनीहरुले सम्पूर्ण प्राणीका आधार-स्वरूप श्रीकृष्णलाई एउटा श्रेष्ठ यादव मात्र पो संझे ।।९।। तर भगवान्को मायाले मोहित भएका यी यादवहरुले र व्यर्थमा वैर-भाव राख्ने शिशुपालादिले भनेको उहाँको निन्दा-सूचक वाक्य सुन्दा आत्माराम हरिमा आसक्तचित्त भएका महानुभावहरुको बुद्धि भ्रममा पर्दैनथ्यो ।।१०।। जसले कहिले तप गरेका छैनन् तिनलाई समेत यतिका दिनसम्म दर्शन दिएर उनको दर्शनलालसा तृप्त हुन नपाउँदैमा कृष्ण-भगवान् तीनै लोकलाई मोहित गराउने आफ्नो स्वरूप लुकाएर अन्तर्धान हुनुभएको छ; यस-प्रकारसंग उहाँले उनीहरूको आँखै खोस्नुभएको छ ।।११।। आफ्नो योगमायाको प्रभाव देखाउनलाई मानवलीलालाई सुहाउने किसिमको उहाँले जुन शरीर धारण गर्नुभएथ्यो त्यो कस्तो सुन्दर थियोभने त्यसलाई देख्तैमा सारा जगत् मोहित हुन्थ्यो र आफूसमेत छक्क पर्नुहुन्थ्यो; त्यो रूप सौन्दर्य र सौभाग्यको पराकाष्ठा थियो । त्यसका अङ्ग प्रत्यङ्गले गहनाको शोभा बढाउँथे ।।१२।।

धर्मराज युधिष्ठिरको राजसूय यज्ञमा आँखालाई आनन्द गराउने रूप देख्ता तीनै लोकका समस्त प्राणीले मानवसृष्टिको रचनामा विधाताको जति सीप छ त्यो सबै यै कृष्ण-मूर्तिमा नै समग्ररूपले समाप्त भयो भन्ने विचार गरेका थिए ।।१३।। उहाँको प्रेमपूर्ण हँसी ठट्टा तथा लीलामय हेराइले संमानित हुँदा व्रजबालाहरूको आँखा उहींतिर लागिरहन्थ्यो र उनीहरूको चित्त कसरी तल्लीन हुन्थ्योभने थालेको घरको काम-धन्धालाई त्यसै छाडेर पुतली झैं निश्चल भएर उभिरहन्थे ।।१४।। आफ्नो शान्तरूप ऋषि-मुनिहरूलाई आफ्नै घोररूप

दानवादिहरूद्वारा पीडित भएको देख्ता अनुग्रह गरेर चराचरका स्वामीले अजन्मा भए तापनि व्यापक अग्नि काष्ठादिमा प्रकट भए झैं आफ्नो महान् अंश श्रीबलदेवको साथमा जन्म लिनुभयो ॥१५॥ अजन्मा भएर पनि वसुदेवजीको घरमा जन्म लिने स्वाँग गर्नु, सबैलाई अभय दिनेभए तापनि कंसैको भयले डराए झैं गरेर व्रजमा गएर बस्नु, अत्यन्त पराक्रमी भए तापनि कालयवनको डरले मथुरापुरी छाड्नु, भगवान्का यी लीलाले संझना हुनासाथ मलाई बेचैन पारिदिन्छन् ॥१६॥ कंसलाई मारेपछि माता-पिताको पाउमा ढोग दिएर उहाँले भन्नुभएथ्यो— "हे पिताजी ! हे माताजी ! कंसदेखि अत्यन्त डराएको हुनाले मबाट तपाईंहरूको कुनै सेवा हुन सकेन, मेरो यस अपराधमा ध्यान नदिएर ममाथि प्रसन्न रहनुहोस् ।" कृष्णजीका यी कुराको संझना हुँदा अद्यावधि मेरो चित्त दुःखित हुन्छ॥१७॥कालरूप आफ्नो आँखीभुईंको इशाराले जसले सम्पूर्ण पृथ्वीको भारलाई दूर गरिदिनुभएथ्यो उनै कृष्णभगवान्को चरणकमलको धूलोको स्वाद पाइसकेको को यस्तो मानिस होला जसले उहाँलाई बिर्सन सक्ला ? ॥१८॥ तपाईंले आफ्नै आँखाले देख्नुभएकै हो, युधिष्ठिरको राजसूय-यज्ञमा कृष्णसित द्वेष गर्ने शिशुपालले समेत त्यो सिद्धि (मुक्ति) पायो, जुन सिद्धि प्राप्त गर्नाको निम्ति योगीहरू निरन्तर योगाभ्यास गरिरहन्छन् । तपाईं नै भन्नोस् यस्ता कृपालु कृष्णको विरह कसले खप्न सक्ला ? ॥१९॥ शिशुपालले मात्र हुँन, महाभारतको युद्धमा अर्जुनको बाणको चोटले शुद्ध भएका योद्धाहरूले पनि आफ्ना नेत्रद्वारा, आँखालाई आनन्दित गराउने भगवान्को मुखकमलको पान गर्दै शरीरलाई छाडेर भगवान्को परम-धाममा पुगे ॥२०॥ कृष्णभगवान् स्वयं तीनै लोकको अधीश्वर हुनुहुन्थ्यो, उहाँसमान ता कोही थिएन-भने बढ्ता हुने ता कुरै भएन, आफ्नो परमानन्द-स्वरूप स्वतःसिद्ध सम्पत्तिले नै पूर्णकाम हुनुहुन्थ्यो । इन्द्रादि चिरकालीन लोकपालहरू नाना प्रकारका पूजाको सामग्री अर्पण गरी आफ्ना मुकुटको अग्रभागले उहाँको पाउ राख्ने चौकीको बन्दना गर्दथे अर्थात् निहुरेर गोडामा ढोग दिन्थे ॥२१॥ उनै कृष्णभगवान् राजसिंहासनमा बसेका उग्रसेनको अगाडि स्वयं उभिएर यसरी निवेदन गर्नुहुन्थ्यो— "हे देव ! मेरो प्रार्थना सुनिबक्स्योस्, यसमा विचार गरिबक्स्योस् ।" उहाँको यो दास-भावको संझनाले हामी सेवकहरूको चित्तलाई अत्यन्त खिन्न पार्दछ ॥२२॥ पापिनी पूतनाले आफ्ना स्तनमा हलाहल विष लगाएर श्रीकृष्णलाई मार्ने खोटो नियतले दूध चुसाइथी, त्यसलाई समेत भगवान्ले माताले पाउने योग्यको उत्तम गति दिनुभयो, उहाँभन्दा बर्ता दयालु को होला ? यस्तालाई छाडेर हामीले कसको शरण लिन जाने हो ?॥२३॥ म ता असुरहरूलाई समेत भगवान्को भक्त संझन्छु, कारण उनीहरूको मन वैरभावले उत्पन्न भएको क्रोधले गर्दा सदासर्वदा श्रीकृष्णमा नै लागिरहन्थ्यो र उनीहरूलाई रणभूमिमा सुदर्शन-चक्र-धारी भगवान्लाई काँधमा बोकेर झम्टिरहेका गरुडजीको दर्शन भइरहन्थ्यो ॥२४॥

ब्रह्माजीको प्रार्थनाले पृथ्वीको भार दूर गरी

त्यसको कल्याण गर्ने इच्छाले कंसको कारागारमा पडिरहेका वसुदेवकी पत्नी देवकीको गर्भमा भगवान्ले अवतार लिनुभयो ।।२५।। कंसको डरले पिता वसुदेवले उहाँलाई नन्द बाबाको व्रजमा पुऱ्याइदिए । यहाँ एघार वर्षसम्म बलरामजीसंग यसरी लुकेर बस्नुभयो कि उहाँको प्रभाव व्रजबाहिर कसैमाथि पनि प्रकट भएन ।।२६।। व्रजमा बस्ताखेरि उहाँ ग्वालबालहरूको साथमा बाच्छो चराउँदै यमुनातिरको नाना प्रकारका चराचुरुङ्गीले बसेर शब्द गरिरहेको, रूखले परिपूर्ण भएको कुञ्जमा खेल्ने गर्नुहुन्थ्यो ।।२७।। सिधासाधा सिंहको बच्चाको जस्तो हेराइ भएका यी श्रीकृष्ण कहिले रोएको, कहिले हाँसेको जस्तो गरी अनेक दर्शनीय बाल-लीला व्रजवासी-हरूलाई देखाउनुहुन्थ्यो ।।२८।। फेरि अलि ठूलो भएपछि सेता गोरु र रंगी-विरङ्गी गाईले युक्त भएको परम शोभायमान गोधन चराउँदै बाँसुरी बजाएर आफ्ना साथी गोपहरूलाई आनन्दित गराउन लाग्नुभयो ।।२९।। यसै समयमा कंसले उहाँलाई मार्न अनेक मायावी तथा इच्छानुसारको रूप धारण गर्न सक्ने राक्षस पठाएथ्यो तर भगवान्ले उनीहरूलाई, जसरी बालकहरू खेलौना-लाई नष्टभ्रष्ट गरिदिन्छन् त्यसै गरी खेलबाड गरे जस्तो गरेर मारिदिनुभयो ।।३०।। यसपछि उहाँले कालीयनागको दमन गरी त्यसलाई त्यहाँबाट निकालिदिनुभयो र विष मिसिएको जल पिउनाले मरेका गाईलाई जीवित गराई उनलाई कालीय-दहको निर्मल जल पिउने सुबिस्ता गरिदिनु-भयो ।।३१।। तदनन्तर नन्द बाबाले उत्तम ब्राह्मणद्वारा धूमधामसंग इन्द्रयज्ञ गराउन खोज्दा उहाँले नन्द बाबालाई रोकेर त्यसमा खर्च हुन लागेको ठूलो धनको सदुपयोग गर्नाको निम्ति त्यै सामग्रीले गोवर्धनको पूजा गराउनुभयो ।।३२।। हे भद्र ! यसबाट आफ्नो मान भङ्ग भएकोले जब इन्द्रले झोक्किएर व्रजको विनाश पार्ने मनसुबाले मुसलधार जल बरसाउन थाले त्यस बखतमा भगवान्ले अनुग्रह गरी खेले झैं गरेर गोवर्धन पर्वतलाई छाता जस्तै गरेर उचाली अतिशय हडबडाएका व्रजवासीहरूको रक्षा गर्नुभयो ।।३३।। रात्रिको समयमा शरद्-ऋतुको चन्द्रमाको कान्तिले जब सारा वृन्दावन झकमक्क हुन्थ्यो त्यस बखतमा श्रीकृष्ण वंशी बजाएर मधुर गान गर्दै, यो रमणीय समयलाई विहार गर्ने योग्य संझी, गोपिनीहरूको मण्डलीको शोभा बढाउँदै उनीहरूको साथमा रास-विहार गर्नुहुन्थ्यो ।।३४।।

अध्याय-३

मथुरा द्वारकाजाँदाखेरिको भगवान्को लीलाहरूको वर्णन ।

उद्धवले भने—

यसपछि श्रीकृष्ण आफ्ना माता-पिता देवकी वसुदेवको उद्धार गर्ने इच्छाले बलदेवजीको साथमा मथुरापुरी आउनुभयो र आफ्नो शत्रु-समुदायको नायक कंसलाई अग्लो सिंहासनबाट तल खसाली प्राण लिएर त्यसको लाशलाई बडो जोरसंग भूईंमा घिसार्नुभयो ।।१।। अनि सान्दी-पिनी गुरुको मुखबाट केवल एकैफेरा सुनेर

साङ्गोपाङ्ग चारै वेदको अध्ययन गर्नुभयो र गुरुदक्षिणामा पञ्चजन दैत्यको पेट चिरेर यम-पुरीबाट उनको मरेको छोरा ल्याएर दिनुभयो ॥२॥ विदर्भ–राज भीष्मककी छोरी रुक्मिणीको लक्ष्मी-समानको सुन्दर रूपले मोहित भएर आकर्षित भई जो जो राजा एकत्रित भएका थिए ती सबैको अगाडि नै उनको टाउकोमा खुट्टा राखेर, जसरी गरुडले देवताहरूलाई हराएर अमृत खोसेर ल्याएथे त्यसै गरी भगवान्‌ले आफ्नो अंश (रुक्मिणी) लाई गन्धर्वविधिले विवाह गर्ने इच्छाले हरेर ल्याउनुभयो ॥ ३ ॥ त्यसै गरी स्वयम्बरमा नाक नछेडिएका सात गोरुको नाकमा डोरी पसाएर नाग्नजिती (सत्या) सित विवाह गर्नुभयो । गोरुहरूको दमनले गर्दा मान–भङ्ग भएका राजाहरूले ईर्ष्या गरेर राजकुमारीलाई फर्काउने इच्छा गरे । यस्ता मूर्ख हात–हतियार लिएका राजाहरूलाई श्रीकृष्णले आफ्ना शस्त्रले मारिदिनुभयो, तर उहाँको शरीरमा भने एउटा घाउसम्म पनि लागेन ॥४॥ एकचोटि विषयी पुरुषहरुको जस्तो लीला गरेर उहाँले आफ्ना प्राणप्यारी सत्यभामालाई खुशी पार्न (स्वर्गमा गई) कल्पवृक्ष हरेर ल्याउनुभयो । आफ्नी इन्द्राणीको भनाइमा लागेर रिसले अन्धो भइराखेका इन्द्र आफ्ना सैनिकहरुलाई साथमा ली उहाँलाई लखेट्‌न पुगे । वास्तवमा इन्द्र ता आफ्ना स्वास्नीहरुको हातका खेलौना पो रहेछन्, नत्र ता आफ्नो हित गर्ने प्रभुलाई किन लखेट्‌थे ॥५॥ आफ्नो शरीरले आकाशलाई समेत ढाकिदिने छोरा भौमासुरलाई भगवान्‌को हातबाट मरेको देख्ता जब पृथ्वीले प्रार्थना गरिन् अनि ता भगवान्‌ले भौमासुरको छोरो भगदत्तलाई उसको बाबुको राज्य दिएर उसको अन्तःपुरमा प्रवेश गर्नुभयो ॥६॥ त्यहाँ भौमासुरद्वारा हरण गरेर ल्याएका अनेक राजकन्याहरु थिए । यिनीहरुले दीनबन्धु श्रीकृष्णलाई देख्नासाथ उठेर अति हर्ष, लज्जा र प्रेमपूर्ण दृष्टिले उत्निखेरै उहाँलाई पतिरूपमा वरण गरिहाले ॥७॥

यसपछि भगवान्‌ले उनीहरुलाई द्वारकामा ल्याएर बेग्लाबेग्लै महलमा राख्नुभयो र आफ्नो शक्ति योगमायाद्वारा उनीहरुलाई सुहाउने किसि-मको त्यत्तिकै रूप धारण गरी एकै मुहूर्त्तमा उनीहरूसित विधिपूर्वक पाणि–ग्रहण गर्नु-भयो ॥७॥ तदनन्तर मायाद्वारा अनेक रूप हुने इच्छाले उहाँले तिनीहरु प्रत्येकबाट सब प्रकारले आफूसमानका दस दसओटा छोरा उत्पन्न गर्नुभयो ॥९॥ अनि आफ्नो सेनाले मथुरापुरीमा घेरा दिने कालयवन, जरासन्ध औ शाल्वादि राजाहरूलाई भगवान्‌ले मुचुकुन्द, भीम आदि भक्तहरूलाई स्वयं आफ्नै अलौकिक शक्ति प्रदान गरी मार्नुभयो ॥१०॥ शम्बर, द्विविद, बाणासुर, मुर, बल्वल तथा दन्तवक्र आदि अरू योद्धा-हरूमा पनि कसैलाई आफैले मार्नुभयो र कसैलाई अरूद्वारा मराउनुभयो॥११॥ यसपछि उहाँले तपा-ईंका भाइ धृतराष्ट्र औ पाण्डुका छोराहरूको पक्ष लिएर आएका राजाको पनि नाश गर्नुभयो। यिनी-हरू कुरुक्षेत्रमा आउँदाखेरि उनको सेनाको भारले पृथ्वी नै डगमगाउन लागेकी थिइन् ॥१२॥ तर कर्ण, दुःशासन र शकुनिको खोटो सल्लाहले जसको आयु औ लक्ष्मी क्षीण भइसकेको थियो, तथा भीमको गदाको चोटले जसको तिघ्रा भाँच्चिएको

थियो, त्यस्तो दुर्योधनलाई आफ्ना साथीहरूको साथमा पृथ्वीमा पडिराखेको देख्ता पनि भगवान् पूर्णतया प्रसन्न हुनुभएन ।।१३।। उहाँले विचार गर्नुभयो—द्रोण, भीष्म, अर्जुन र भीमसेनद्वारा यो अट्ठार अक्षौहिणी सेनाको संहार भएर पनि यताबाट पृथ्वीको कति भार कम भयो ? अझ मेरा अंशरूप प्रद्युम्न आदिको बलले बढिराखेका यादवहरूको असह्य दल खडै छ। यिनीहरू नष्ट नभएसम्म पृथ्वीको भार पूर्णतया नष्ट हुनेछैन ।।१४।। जब यिनीहरू मदिरा पिएर राता राता आँखा तुल्याई आफू आफूमा लड्न थाल्नेछन् अनि यो परस्परको कलहले यिनको नाश हुनेछ। योसिबाय यिनीहरूको नाशको अरू कुनै उपाय नै छैन । आपसमा खूब मेल भए तापनि मैले संहार गराउन खोजेको खण्डमा यिनीहरू स्वयं लडेर नष्ट हुनेछन् ।।१५।।

यस्तो विचार गरी भगवान्ले महाराज युधिष्ठिरलाई उनको राजगद्दीमा बसाल्नुभयो र आफ्ना समस्त नातासम्बन्धीलाई सत्पुरुषको मार्ग देखाएर आनन्दित गर्नुभयो ।।१६।। उत्तराको पेटमा साधु अभिमन्युले पुरुवंशको वीजरूप जुन गर्भ स्थापित गरेका थिए त्यो पनि अश्वत्थामाको ब्रह्मास्त्रले झण्डै नष्ट हुन लागेको थियो तर भगवान्ले त्यसलाई बचाउनुभयो ।।१७।। यसपछि भगवान्ले धर्मराज युधिष्ठिरद्वारा तीनओटा अश्वमेघ यज्ञ गराउनुभयो तथा धर्मराज पनि कृष्णको अनुगामी भएर आफ्ना भाइहरूको सहायताले पृथ्वीको रक्षा गर्दै आनन्दसँग रहन लागे ।।१८।। विश्वात्मा भगवान्ले पनि द्वारकापुरीमा बसेर लोक र वेदको मर्यादा पालन गर्दै सब प्रकारका भोग भोग्नुभयो तर सांख्ययोगको ज्ञानले गर्दा ती भोगहरूमा कहिले पनि लिप्त हुनुभएन ।।१९।। प्रेमयुक्त मुस्कान तथा स्नेहपूर्ण हेराइले, अमृततुल्य मधुरवाणीले, निर्मल चरित्रले एवं समस्त शोभा औ सुन्दरताको निवास आफ्नो शरीरले मनुष्यलोक, देवलोकलाई र विशेष गरी यादवहरूलाई खूबसँग रमाउनुभयो र स्वयं क्षणिक अनुरागले युक्त भईकन रात्रिले भेट्ने मौका दिएको छ जसलाई त्यस्ता आफ्ना कामिनीहरूसँग क्रीडा गर्नुहुन्थ्यो ।।२०-२१।। यसप्रकारसँग अनेक वर्षसम्म भोजमज्जा गर्दागर्दैमा उहाँलाई गृहस्थाश्रम एवं विषयानुरागमा वैराग्य उत्पन्न हुन गयो ।।२२।। जब आफ्नो अधीनमा रहेका भोगमा स्वयं भगवान्लाई त वैराग्य हुन गयोभने भक्तियोगद्वारा ती योगेश्वरको अनुगमन गर्ने कुन यस्तो पुरुष होला जो स्वयं दैवाधीन भएर पनि दैववश प्राप्त हुने भोगहरूमा आसक्त होला ? ।।२३।।

एकचोटि द्वारकापुरीमा खेलिराखेका यदुवंशी भोजवंशी बालकहरूले ठट्टै ठट्टामा मुनिहरूलाई चिढाइदिएछन् । त्यस बखतमा भगवान्को इच्छा जान्ने ती ऋषिहरूले बालकहरूलाई श्राप दिइहाले ।। २४ ।। यसको केही महीनापछि सूर्यग्रहणको पर्वमा भगवान्को मायाले मोहित भएका वृष्णि, भोज र अन्धकवंशी यादवहरू रथमा चढीचढीकन बडो हर्षले प्रभास क्षेत्रमा गए ।।२५।। त्यहाँ स्नान गरेर उनीहरूले त्यस तीर्थको जलले पितृ, देवता र ऋषिहरूलाई तर्पण दिएर ब्राह्मणहरूलाई असल असल दूध दिने गाई दान गरेर दिए ।।२३।। यसबाहेक सुन, चाँदी, शय्या, वस्त्र, मृगचर्म, कम्बल, पालकी,

रथ, हात्ती, कन्या, जसबाट जीविका चल्न सक्तछ त्यस्तो जग्गा तथा नाना प्रकारका रसले युक्त भएको अन्न पनि कृष्णार्पण गरेर ब्राह्मणहरूलाई दिए। यसपछि गाई, ब्राह्मणको रक्षाको निम्ति प्राण धारण गर्ने ती शूरवीर यादवहरूले भूईंमा टाउको राखेर उनीहरूलाई प्रणाम गरे ॥२७-२८॥

अध्याय—४

उद्धवसित विदा भएर विदुर मैत्रेय ऋषिकहाँ जान्छन्।

उद्धवले भने—

यसपछि ब्राह्मणहरूको आज्ञा पाएर यादवहरूले भोजन गरे एवं वारुणी नामको मदिरा पान गरी यस्तो मतवाला हुन गए कि आफू आफूमा गालीगोप्ता गरेर परस्पर एउटाले अर्काको चित्त दुखाउन लागे ॥१॥ मदिराको नशाले बुद्धि बिग्रन गएका ती यादवहरू, जसरी आपसको रगडले उत्पन्न भएको आगाले बाँसको वनलाई भस्म पारिदिन्छ त्यसै गरी सूर्यास्त हुने वेलासम्ममा आफू आफूमा मारकाट गरेर नाश भए ॥२॥ आफ्नो मायाको विचित्र गति देखेर भगवान् सरस्वतीको जलमा आचमन गरी एउटा रूखमनि बस्नुभयो ॥ ३ ॥ योभन्दा अघिबाट नै शरणागतको दुःख दूर गर्ने भगवान्ले आफ्नो कुलको संहार गर्ने इच्छा भएकोले मलाई वदरिकाश्रममा जाऊ भनेर भनिसक्नुभएको थियो ॥४॥ यसबाट उहाँको आशय बुझेको भए तापनि स्वामीको चरणको वियोग खप्न नसक्ने भएकोले हे विदुरजी! म उहाँको पछिपछि प्रभास–क्षेत्रमा पुगिहालें ॥५॥ वहाँ पुगेर खोजतलाश गरेपछि मैले जो सबैका आश्रय छन् तर आफ्नो भने कोही आश्रय छैन यस्ता शोभाधाम आफ्नो प्रियतम प्रभुलाई सरस्वतीको किनारमा एक्लै बसिराखेको देखें॥६॥ उहाँको विशुद्ध सत्त्वमय अत्यन्त सुन्दर श्याम शरीर, अरुण वर्णका दुइटा परमशान्त नेत्र, चार बाहुली र रेशमी पीताम्बर पहिरिराखेको देख्ता मैले टाढैबाट उहाँलाई चिन्हिहालें ॥७॥ उहाँ एउटा सानो पीपलको रूखमा पिठ्यूँले अडेस लगाएर देब्रे तिघ्रामा दाहिने चरणकमल राखी बस्नुभएको थियो। उहाँले सबै विषय–भोग त्यागिदिएको थियो तापनि झन् बर्ता आनन्दले दङ्ग परेको देखिनुहुन्थ्यो ॥८॥ यै वेलामा व्यासजीका प्रियमित्र, परमभागवत, सिद्ध मैत्रेयजी इच्छानुसार लोकमा विचरण गर्दै संयोगले त्यहाँ आइपुग्नुभयो ॥९॥

आफूमा अनुरक्त भएका, आनन्द औं भक्तिभावले गर्दा मस्तक निहुराएका ती मुनिले सुन्ने गरी मुकुन्द भगवान्ले प्रेमयुक्त मुस्कान तथा हेराइले मेरो थकाइलाई दूर गर्दै मलाई भन्न लाग्नुभयो ॥१०॥

भगवान्ले भन्न लाग्नुभयो—

मलाई तिम्रो आन्तरिक अभिलाषा थाहा छ त्यसैकारणले मेरा भक्तसिवाय अरूले पाउन नसक्ने मेरो प्राप्तिको साधनरूप ज्ञान तिमीलाई

दिन्छु । हेउद्धव ! तिमी पूर्वजन्ममा वसु थियौ । विश्वको रचना गर्ने प्रजापति औ वसुहरूको यज्ञमा मलाई पाउने इच्छाले तिमीले मेरा आराधना गरेका थियौ ॥११॥ अब म मर्त्यलोक छाडेर आफ्नो धाममा जान चाहन्छु;यस समयमा आफ्नो अत्यन्त भक्तिले गर्दामा नै यहाँ एकान्तमा मेरो दर्शन पाएका हौ—यो बडो सौभाग्यको कुरो हो । संसारमा यो तिम्रो अन्तिम जन्म हो, किनकि यसमा तिमीले मेरो अनुग्रह प्राप्त गरेका छौ ॥१२॥ उहिले प्रथम सृष्टिको आदिमा आफ्नो नाभिकमलमा बसेका ब्रह्मालाई आफ्नो महिमा प्रकाशित गर्ने जुन श्रेष्ठ ज्ञानको उपदेश दिएथें औं जसलाई विद्वान्हरू भागवत भन्दछन् त्यै ज्ञान तिमीलाई दिन्छु ॥१३॥

ममाथि ता ती परम-पुरुष भगवान्को हरसमय कृपा बर्सिरहने हो अतएव यस समयमा उहाँले यसरी आदरपूर्वक भनेकोले स्नेहले गर्दा मलाई रोमाञ्च भएर आयो, आँखाबाट आँसुको धारा बग्न लाग्यो, लरबरिंदो स्वर झिकेर मैले उहाँलाई हातजोरी भन्नलागें॥१४॥ "हे स्वामिन् ! हजूरको चरणकमलको सेवा गर्ने पुरुषलाई यस संसारमा धर्म, अर्थ, काम, मोक्ष यी चारमा कुन पदार्थ दुर्लभ छ ? तथापि हे विभो ! केवल हजूरको चरणकमलको सेवाको निम्ति नै उत्कण्ठित रहने हुनाले मलाई यिनमा कुनैको पनि चाहना छैन ॥१५॥ हे प्रभो ! हजूर निस्पृह भएर पनि कर्म गर्नुहुन्छ, अजन्मा भएर पनि जन्म लिनुहुन्छ, कालरूप भएर पनि शत्रुको डरले भाग्नुहुन्छ औ द्वारकाको किल्लामा गएर लुक्नुहुन्छ, स्वयं आत्माराम भएर हजारौं आइमाईका साथमा रमण गर्नुहुन्छ—हजूरको यो विचित्र चरित्र देख्ता विद्वान्हरूको बुद्धिले समेत चक्कर खान्छ ॥१६॥ स्वयं आकुण्ठित, अखण्ड, आत्मज्ञानले सम्पन्न भए तापनि सल्लाह लिनाको निम्ति मलाई बोलाएर भोलाभाला मानिसले झैं बडो सावधानीसँग मेरो सम्मति सोध्ने गर्नुहुन्थ्यो । हे प्रभो ! हजूरको त्यो लीला संझँदा मेरो मन मोहित हुन्छ ॥१७॥ हे स्वामिन् ! आफ्नो स्वरूपको गूढ रहस्य प्रकट गर्ने जुन श्रेष्ठ एवं समग्र ज्ञान हजूरले ब्रह्माजीलाई बताउनुभएथ्यो, यदि त्यो मैले बुझ्ने किसिमको छभने मलाई पनि सुनाउनुहोस्, जसले गर्दा म यो संसार-दुःखलाई सजिलैसँग पार गर्न सकौं"॥१८॥

जब मैले यस किसिससँग आफ्नो हृदयको भाव निवेदन गरेथें तब कमलनयन भगवान्ले मलाई आफ्नो स्वरूपको परमतत्त्वको उपदेश दिनुभयो ॥ १९ ॥ यसप्रकारसँग पूज्यपाद, तीर्थरूप श्रीकृष्णबाट आत्मज्ञानको प्राप्तिको साधन सुनेर तथा उहाँको चरणको वन्दना औ प्रभुको परिक्रमा गरेर म यहाँ आएको हुँ । अहिले उहाँसितको वियोगले गर्दामा मेरो चित्त अत्यन्त व्याकुल भइराखेको छ ॥२०॥ हे विदुरजी ! पहिले ता उहाँको दर्शन पाउनाले मलाई आनन्द भएको थियो तर अहिले वियोग-व्यथाले पीडित गराइराखेको छ । अहिले म प्रभुको प्यारो वदरिकाश्रममा जान लागिराखेको छु ॥२१॥ जहाँ कि देवदेव नारायण औ भगवान् नर यी दुवै ऋषि लोकमाथि अनुग्रह गर्नाको निम्ति कल्पान्तस्थायी, उपद्रवशून्य एवं कठिन तपस्या गरिरहेका छन् ॥२२॥

शुकदेवजी भन्नुहुन्छ—

यसप्रकारसँग उद्धवजीका मुखबाट आफ्ना प्रिय बन्धुवर्गको विनाशको असह्य समाचार सुन्दा विद्वान् विदुरलाई जुन शोक उत्पन्न भएथ्यो त्यसलाई उनले विवेकद्वारा शान्त गरिदिए॥२३॥ यसपछि जब भगवान्का मित्रमण्डलमाका प्रधान महाभागवत उद्धवजी वदरिकाश्रमतिर जान लागे तब कुरुश्रेष्ठ विदुरले उनको कुरामा विश्वास गरी भने ॥२४॥

विदुरले भने—

हे उद्धवजी ! योगेश्वर कृष्ण भगवान्ले आफ्नो स्वरूपको गूढ रहस्य प्रकट गर्ने जुन परमज्ञान तपाईंलाई भन्नुभएथ्यो सो हामीलाई पनि सुनाउनुहोस् किनकि विष्णुका सेवकहरू ता आफ्ना सेवकको कार्य सिद्ध गर्नलाई नै विचरक गरिरहन्छन् ॥२५॥

उद्धवले भने—

त्यो तत्त्वज्ञानको प्राप्तिको निम्ति तपाईंले मुनिबर मैत्रेयजीको सेवा गर्नुपर्दछ । यो मर्त्य-लोक छाड्ने वेलामा स्वयं भगवान्ले मेरो अगाडि नै उहाँलाई तपाईंलाई उपदेश गर्ने आज्ञा दिनुभएको थियो ॥२६॥

शुकदेवजी भन्नुहुन्छ—

यसप्रकारले विदुरजीसंग विश्वमूर्ति कृष्ण भगवान्का गुणको चर्चा हुनाले त्यो कथामृतद्वारा उद्धवजीको वियोगजनित महान् ताप शान्त भयो । यमुनाको तीरमा त्यो रात्रि एक क्षण जस्तो गरी बिताएर प्रातःकाल हुनासाथ उनी वहाँबाट हिंडिदिए ॥२७॥

राजा परीक्षितले सोधे—

ब्राह्मणको श्रापले गर्दा वृष्णि तथा भोजवंशका सबै रथी, महारथी, सेनापति नष्ट भएका थिए । सम्पूर्ण कुलको निम्तिमा श्राप परेकोले त्रिलोकि-पति हरिले समेत मायामय आफ्नो रूप त्याग्नु-परेको थियोभने सबैका मुखिया केवल उद्धवजी कसरी बाँचिरहे त ? ॥२८॥

शुकदेवजी भन्न लाग्नुभयो—

इच्छा कहिले व्यर्थ नजाने श्रीहरिले ब्राह्मण-हरूको श्राप-रूप कालको बहानाले आफ्नो कुलको संहार गरी देह त्याग्ने समयमा विचार गर्नु-भयो ॥२९॥ यस लोकबाट म गएपछि मसित सम्बन्ध राख्ने तत्त्वज्ञानको उपदेश ग्रहण गर्नामा तत्त्वज्ञानीहरू मध्येका श्रेष्ठ उद्धवसिबाय अरू कोही योग्य छैनन् ॥३०॥ उद्धव मभन्दा रत्ति जति पनि कम छैनन्, किनकि विषयले यिनको चित्तलाई अलिकता पनि विचलित गर्न सक्तैन अतः यिनले संसारलाई मेरो ज्ञानको उपदेश गर्दै अहिले यहीं रहनुपर्छ ॥३१॥ वेदका उत्पत्तिस्थान त्रिलोकगुरु कृष्ण भगवान्ले यस-प्रकारको आज्ञा दिएपछि उद्धवजी वदरिकाश्रममा आए र समाधि-योगद्वारा प्रभुको आराधना गर्न लागे ॥३२॥ हे कुरुश्रेष्ठ परीक्षित ! उद्धवजाका मुखबाट क्रीडाको निम्ति देह-धारण गरेका श्रीकृष्ण परमात्माका प्रशंसनीय कर्म सुनेर तथा धीर पुरुषहरूको धैर्य बढाउने, अरू पशुतुल्य अधीर चित्त भएका पुरुषलाई अत्यन्त दुष्कर मालुम हुने, यसरी अन्तर्ध्यान भएको समाचार पाएर औ भगवान्ले परमधाम जाने वेलामा मेरो पनि स्मरण गर्नुभएको थियो भन्ने थाहा

पाएर विदुरजी भगवत-श्रेष्ठ उद्धवजी गएपछि श्रीकृष्णको ध्यान गर्दै रुन लागे ।।३३-३५।। हे भरतश्रेष्ठ ! यसपछि सिद्ध विदुरजी यमुना-तटबाट प्रस्थान गरी केही दिनमा गङ्गा-किनारमा पुगे जहाँ कि मैत्रेयजी बस्नुभएको थियो ।।३६।।

अध्याय—५

विदुरजीको प्रश्नअनुसार मैत्रेय-जीले गरेको सृष्टिक्रमको वर्णन

शुकदेवजी भन्न लाग्नुभयो—

भगवान्माथिको भक्तिले गर्दा शुद्ध भएका कुरुश्रेष्ठ विदुरजीले हरिद्वारमा पुगेपछि परम-ज्ञानी मैत्रेय मुनिलाई त्यहाँ बसेको देख्ता उनको साधु स्वभावले सन्तुष्ट भएर यस-प्रकारसंग सोधे ।।१।।

विदुरजीले भने—

हे भगवन् ! संसारमा प्राणीहरू सुखको निम्ति नै काम गर्दछन् तर ती कामबाट न सुख मिल्दछ, न दुःख नै दूर हुन्छ बरु दुःखकै वृद्धि हुन्छ यस्तो संसारमा हामीले के गर्नुपर्ने हो सो मलाई भन्नोस्।।२।।मेरो विचारले ता पूर्वजन्मको कर्मफलले जो मानिस श्रीकृष्ण भगवान्‌देखि विमुख, अधर्म-परायण औ अत्यन्त दुःखी छन् तिनैमाथि कृपा गर्न भनी तपाईं जस्ता भगवान्‌का परमभक्त संसारमा विचरण गर्दछन् ।।३।। तसर्थ हे साधुश्रेष्ठ ! अब मलाई त्यो कल्याणकारी मार्गको उपदेश गर्नोस्, जसको अनुसार आराधना गर्नाले सम्पूर्ण जीवको अन्तःकरणमा विराजमान भएका भगवान् भक्तिले पवित्र भएको चित्तमा आफ्नो स्वरूपको अपरोक्ष अनुभव गराउने सनातन (अनादि वेद-प्रमाण युक्त) ज्ञान प्रदान गर्नुहुन्छ ।। ४ ।। स्वतन्त्र औ त्रिगुणमायाका नियन्ता श्रीहरिले अवतार लिएर जुन जुन लीला गर्नुहुन्छ, अकर्ता भएर पनि जसरी उहाँले कल्पको आदिमा यस सृष्टिको रचना गर्नुभयो, जसरी उहाँ यसलाई स्थिर गराई जगत्‌का जीवहरूको जीविकाको विधान गर्नुहुन्छ अर्थात् पालन गर्नुहुन्छ सो सबै कुरा हामीलाई वर्णन गरेर सुनाउनुहोस् ।।५।। फेरि जसरी उहाँले यसलाई आफ्नो हृदयाकाशमा लीन गराई निश्चेष्ट भावले योग-मायाको आश्रय ली शयन गर्नुहुन्छ एवं जसरी योगेश्वरका पनि अधीश्वर उहाँ सृष्टिको अगाडि एक्लो भए तापनि भिन्न भिन्न रूप धारण गरी भिन्न भिन्न तत्त्वमा प्रवेश गरेर ब्रह्मादि अनेक रूपले यस संसारमा प्रकट हुनुहुन्छ, यो सबै रहस्य पनि हामीलाई बुझाउनुहोस् ।। ६ ।। ब्राह्मण, गाई औ देवताको, कल्याणको निम्ति मत्स्य कच्छपादि अनेक अवतार धारण गरी लीला गर्ने भगवान्‌का नानाथरीका कर्महरू पनि हामीलाई सुनाउनुहोस् किनकि यशस्वीहरू-माका शिरोमणि श्रीहरिको अमृतमय चरित्र जति सुने तापनि हाम्रो मन अघाउँदैन ।।७।।

समस्त लोकपतिहरूका स्वामी श्रीहरिले यी लोकपालहरूसहितका लोक एवं सूर्यादिको प्रकाशले रहित भएको अलोकलाई कुन कुन

तत्त्वले रच्नुभएको हो सो पनि हामीलाई भन्नुहोस् । यी लोक, अलोकमा समस्त प्राणीहरू आफ्नो आफ्नो जातिभेद तथा कर्मको अधिकारी भई भिन्न भिन्न किसिमका देखिन्छन् ॥८॥ हे द्विजवर ! विश्वलाई उत्पन्न गर्ने स्वयम्भू श्री नारायणले कुन प्रकारसंग आफ्ना प्रजाहरूको स्वभाव,कर्म,रूप औ नामादिको भेदको रचना गर्नुभएको हो सो पनि हामीलाई वर्णन गर्नुहोस् ॥९॥ हे भगवन् ! मैले व्यासजीको मुखबाट द्विजादि ऊच औ शूद्रादि नीच वर्णको धर्म ता कइएकपटक सुनिसकेको छु । तर अब ता यिनीहरू मध्ये कृष्णकथारूप अमृतप्रवाहबाहेक अरू स्वल्प सुखदायक धर्मदेखि मेरो चित्त अघाइसकेको छ ॥१०॥ जसको नारदादि महात्मागणले समेत तपाईंसमानका साधुहरूको सभामा कीर्तन गर्दछन् औ जो मानिसको कानमा प्रवेश गरी संसारचक्रमा पार्ने उनको घर-गृहस्थीको आसक्तिलाई नष्ट गरिदिन्छन् , त्यस्ता तीर्थपाद कृष्ण भगवान्को गुणानुवादले को तृप्त हुन सक्ला ? ॥११॥ तपाईंका मित्र महर्षि व्यासजीले पनि भगवान्का गुणको वर्णन गर्ने इच्छाले नै महाभारतको रचना गर्नुभएको हो । यसमा विषय-सुखको वर्णन गर्दै, मानिसको बुद्धिलाई भगवान्को कथाहरूपट्टि नै आकृष्ट गर्ने प्रयत्न गरिएको छ ॥१२॥ श्रद्धालु पुरुषको हृदयमा भगवत्कथाको रुचि क्रमशः बढ्न लागेपछि ता त्यस रुचिले मानिसलाई अरू अरू विषयदेखि विरक्त गराइदिन्छ औ यसप्रकारसँग भगवच्चरणको निरन्तर चिन्तनाले आनन्दमा मग्न भएको त्यस मानिसको समस्त

दुःखलाई उत्तिखेरै नाश गरिदिन्छ॥१३॥तर आफ्ना पूर्वजन्मको पापले गर्दा हरिकथादेखि विमुख रहने ती शोचनीयमा पनि शोचनीय अज्ञानीहरूको निम्ति मलाई अत्यन्त शोक छ किनकि वाणी, शरीर औ मनद्वारा व्यर्थको वादविवाद, व्यर्थको चेष्टा तथा व्यर्थको चिन्तनमा लागिराख्ने तिनीहरूको अमूल्य जीवनलाई काल भगवान्ले नष्ट गरिदिन्छन् ॥१४॥ हे मैत्रेयजी ! तपाईं ता दीन-दुखीमाथि कृपा गर्ने हुनुहुन्छ तसर्थ जसरी भ्रमराले फूलबाट रस निकाल्दछ त्यसै गरी यी लौकिक कथाबाट यिनको सारांशरूप परम कल्याणकारी श्रीहरिका कथा छानेर हाम्रो कल्याणको निम्ति सुनाउनुहोस्, किनकि हरिको कीर्ति ता तीर्थसमान पवित्र गर्ने हुन्छ ॥१५॥ यी सर्वेश्वरले संसारको उत्पत्ति, स्थिति औ संहार गर्नको निम्ति आफ्नो मायाशक्तिलाई स्वीकार गरी राम-कृष्णादि अवतार लिएर जुन जुन अलौकिक लीला गर्नुभयो ती सब हामीलाई सुनाउनुहोस् ॥१६॥

शुकदेवजी भन्नुहुन्छ—

विदुरजीले यसप्रकारसँग सोधेपछि भगवान् मैत्रेय मुनि उनको खूब आदर गरी जीवहरूको कल्याण गर्नलाई भन्न लाग्नुभयो ॥१७॥

मैत्रेयजीले भन्नुभयो—

हेसाधु स्वभावका विदुरजी ! तपाईंले जीवहरूमाथि अनुग्रह गर्नको निम्ति यो बडो असल कुरा सोध्नुभयो । यसले सदा भगवान्मा चित्त लगाइराख्ने तपाईंको सुयश संसारभरीमा फैलिनेछ ॥१८॥ हे विदुर ! व्यासजीको वीर्यबाट उत्पन्न हुनुभएको तपाईंले अनन्यभावले सर्वेश्वर

हरिको आश्रित हुनु कुनै आश्चर्यको कुरो होइन॥१९॥ तपाईं ता प्रजालाई दण्ड दिने साक्षात् भगवान् यम नै हुनुहुन्छ । माण्डव्य ऋषिको श्राप परेकोले व्यासजीको वीर्यबाट उनको भाइ विचित्रवीर्यकी क्षेत्ररूप भोगपत्नी दासीको गर्भबाट तपाईंले जन्म लिनुभएको हो ॥२०॥ तपाईं भगवान्को सर्वदा प्रिय भक्त एवं भगवद्भक्तहरुको समेत अत्यन्त प्यारो हुनुहुन्छ, तसर्थ भगवान्ले वैकुण्ठ जाने समयमा तपाईं-लाई ज्ञानोपदेश गर्नको निम्ति मलाई अह्राउनु-भएको हो ॥२१॥ यसैकारण अब म जगत्को उत्पत्ति, स्थिति औ नाशको निम्ति गरिएका तथा योगमायाद्वारा विस्मृत भएका भगवान्का किसिम किसिमका लीलाहरुको क्रमशः वर्णन गर्दछु ॥२२॥

सम्पूर्ण जीवका अन्तरात्मा परमात्मस्वरूप भगवान् सृष्टि हुनुभन्दा अघि, जबसम्म उहाँको इच्छाशक्तिरूपा माया उहींमा लीन थियो त्यहाँसम्म एक्लै हुनुहुन्थ्यो, नानारूपमा देखिनु-हुन्नथ्यो । त्यस समयमा यो जगत् एक मात्र भगवद्रूप नै थियो ॥२३॥ त्यस वेला उहाँ एक मात्र प्रकाशमान साक्षीस्वरूप परमात्माले आफू-सिवाय अरू केही देख्नुभएन । यसकारण आफ्नो मायाशक्ति लीन भएको औ ज्ञानशक्ति जागृत् रहेको एवं अहङ्कारको समेत स्फुर्ति नभएकोले उहाँले आफूलाई समेत असत् जस्तै (नभए समान) सम्झनुभयो (द्रष्टा भए तापनि दृश्यको अभावले द्रष्टाका अभाव स्वयंसिद्ध छ) ॥ २४ ॥ हे महाभाग ! ती साक्षीस्वरूप परमात्माको यै(द्रष्टा औ दृश्यको अनुसन्धान स्वरूप)चित्शक्ति, कार्य औ कारणरूपले सत्य औ असत्यरूपवाला भएको हो । यसैको नाम माया हो जसद्वारा सर्वव्यापक ईश्वरले यस जगत्को निर्माण गर्नुभएको छ॥२५॥ समयको फेरले जब यो सत्व रज-तम गुणमयी-मायामा क्षोभ प्राप्त हुन गयो अनि ती चित्शक्ति-युक्त परमात्माले आफ्नो अंशरूप पुरुषरूपले त्यसमा चेतनरूप वीज स्थापित गर्नुभयो ॥२६॥ फेरि कालको प्रेरणाले त्यो अव्यक्त मायाबाट महत्तत्त्व प्रकट भयो । आफ्नो शरीरमा वीजरूपले स्थित भएको जगत्लाई प्रकाशित गर्ने यो महत्तत्त्व मिथ्या अज्ञानको नाशक हुनाले विज्ञानस्वरूप थियो ॥२७॥ फेरि गुण, चिदाभास औ कालको अधीनमा रहने त्यस महतत्त्वले सर्वाध्यक्ष भगवान्को दृष्टि परेपछि यस जगत्को रचनाको निम्ति अर्को रूप धारण गऱ्यो ॥२८॥ महत्तत्त्व विकृत भएपछि त्यसबाट अहङ्कारको उत्पत्ति भयो । यो अहङ्कार कार्य (अधिभूत),कारण (अध्यात्म)औ कर्ता(अधिदैव) रूप हुनाले पञ्चभूत, दस इन्द्रिय औ मनको कारण हो अर्थात् यी सबै अहङ्कारका विकार हुन्॥२९॥मायाको गुणअनुसार अहङ्कार वैकारिक (सात्त्विक),तैजस् (राजस्)औ तामस् भेदले तीन प्रकारको छ । अतःअहङ्कार तत्त्वको रूपान्तर भए पछि वैकरिक (सात्त्विक) अहङ्कारबाट मन प्रकट भयो । जसबाट शब्दादि विषयको ज्ञान हुन्छ ती इन्द्रियहरुका अधिष्ठाता देवता यै सात्त्विक अहङ्कारबाट उत्पन्न भए ॥३०॥ तैजस् अहङ्कार-बाट ज्ञानेन्द्रिय औ कर्मेन्द्रिय तथा पञ्चतत्वको कारणरूप तामस अहङ्कारबाट शब्दादि इन्द्रिय-हरुको विषय उत्पन्न भयो। यै शब्दबाट दृष्टान्त

रूपले व्यापक आत्माको बोध गराउने आकाश उत्पन्न भयो ॥३१॥ भगवान्‌को दृष्टि आकाशमा पर्दा त्यै आकाशबाट काल, माया औ चिदाभास-द्वारा स्पर्शतन्मात्रा प्रकट भयो। स्पर्शतन्मात्रा विकृत भएपछि त्यसबाट वायुको उत्पत्ति भयो ॥३२॥ महाबलवान् वायुले आकाश-सहित विकृत भएर रूपतन्मात्राको रचना गर्‍यो। यसबाट सम्पूर्ण लोकलाई प्रकाश गराउने नेत्र-स्वरूप तेज उत्पन्न भयो ॥३३॥ फेरि परमात्माको दृष्टि परेपछि वायुसहितको तेजले काल, माया औ चित् अंशको योगले रूपान्तर ग्रहण गरी रसमय जललाई उत्पन्न गर्‍यो॥३४॥ ब्रह्मको दृष्टि परेपछि तेजसहितको जलले काल, माया औ चित्-अंशको योगले रूपान्तर ग्रहण गरी गन्ध-गुणयुक्त पृथ्वीलाई उत्पन्न गर्‍यो॥३५॥ हे विदुर! आकाश आदि पञ्चतत्त्वमा जुनजुन तत्त्व क्रमशः पछि पछि उत्पन्न भएका छन् तिनमा क्रमशः आफूभन्दा पहिले उत्पन्न भएका तत्त्वहरुको गुणसमेत वर्तमान संभ्झनुपर्दछ* ॥ ३६ ॥ यी महतत्त्वादिका अभिमानी देवताहरु श्री भगवान्‌के अंश हुन्। यिनीहरुले भगवान्‌को काललिङ्ग (रूपान्तर) मायालिङ्ग (विक्षेप) अंशलिङ्ग (चेतना) आदि समस्त गुण धारण गरेका थिए तर भिन्न भिन्न रहनाले जब यिनीहरू विश्व रचनारूप आफ्नो काममा सफल भएनन् तब ता हात जोरेर भगवान्‌को स्तुति गर्नलागे ॥३७॥

देवताहरुले भने--

हे देव! हामी हजूरको चरणकमलको वन्दना गर्दछौं; यी चरणकमल आफ्नो शरणमा आएका जीवहरूको ताप दूर गर्नालाई छत्रसमानका छन्; यिनैको आश्रय लिएर योगी-यतिजन सजिलैसँग अनन्त संसार-दुःखलाई पार गर्द-छन् ॥३८॥ हे विधाता! हे ईश! हे आत्मन्! यस संसारमा आध्यात्मिक आदि गरिएका तीन प्रकारका तापले पीडित रहने हुनाले जीवलाई अलिकता पनि शान्ति मिल्दैन, यसैकारण हे भगवन्! हामी हजूरको ज्ञान दिने चरणको छायाको आश्रय ग्रहण गर्दछौं ॥३९॥ वेद पनि हजूरको मुखरूप गुंडमा रहने चरा नै हुन्। यिनै वेदरूप चराहरूको आश्रय लिएर मुनिहरु आफ्नो आसक्तिशून्य हृदयमा जुन चरणलाई खोजि-रहन्छन् औ जुन चरण पापनाशक जल बगाउने नदीहरुमा सर्वश्रेष्ठ गङ्गाजीको उद्गम स्थान हो, हामी त्यै परम-पवित्र चरणकमलको आश्रय लिन्छौं ॥४०॥ श्रद्धा औ श्रवणकीर्तनादिरूप भक्तिले निर्मल भएको आफ्नो अन्तःकरणमा जुन चरणकमललाई धारण गरी कइएक मानिस वैराग्यसहितको ज्ञानले सम्पन्न भईकन परम बोधवान् भएका छन्, हामी तिनै चरणकमलको पादुकाको आश्रय ग्रहण गर्दछौं ॥४१॥ हे ईश! संसारको उत्पत्ति स्थिति औ संहारको निम्ति नै अवतार ग्रहण

* शब्द केवल आकाशको गुण हो। वायुमा, आकाशको सम्बन्ध हुनाले वायुको गुण स्पर्श औ आकाशको गुण शब्द यी दुवै छन्। यसैगरी तेजमा उसको गुणरूप र पूर्वोक्त शब्द, स्पर्श यी दुई गुण पनि छन्। जलमा उसको गुण रस एवं शब्द-स्पर्श-रूप यी तीन गुण पनि छन्। पृथ्वीमा उसको गुण गन्ध एवं पूर्वोक्त शब्द-स्पर्श-रूप-रस यी चार गुण पनि वर्तमान छन्।

गर्ने हजूर होइबक्सिन्छ अतः हामीहरु आफ्नो स्मरण गर्ने भक्तहरुलाई अभय गरिदिने हजूरका तिनै चरणकमलको शरण लिन्छौं ॥४२॥ हे भगवन् ! नाश हुने देह-गेहादिमा तथा यिनी-सित सम्बन्ध राख्ने स्त्री-पुत्र-परिवार आदि तुच्छ पदार्थमा अहंता, ममताको दृढ आग्रह राख्ने पुरुषको निम्ति हजूर उनकै शरीरमा रहे तापनि अत्यन्त टाढा हुनुहुन्छ—यस्तो हजूरको चरण-कमललाई हामी भज्दछौं ॥४३॥ हे परम यशस्वी परमेश्वर ! असत्-वृत्ति (विषय वासना) को वशमा परेका इन्द्रियहरुले गर्दा जसको मन सदा सर्वदा बाहिरै भड्किरहन्छ अर्थात् बहिर्मुख भएको हुन्छ त्यस्ता पामरहरु हजूरको पाद-विन्यासको विशेषज्ञ भक्तजनको दर्शन गर्न पाउँदैनन् त्यसैले तिनीहरु हजूरको चरणदेखि टाढा रहन्छन् ॥४४॥ हेदेव ! हजूरको कथारूप अमृतको पान गर्नाले उम्लेको भक्तिले गर्दा जसको अन्तःकरण निर्मल भएको छ त्यस्ता मानिस वैराग्य नै सार भएको आत्मज्ञान प्राप्त गरी सजिलैसँग वैकुण्ठधाममा जान्छन् ॥४५॥ कोही कोही धीर पुरुष ता चित्तलाई आत्मामा स्थिर गराउने समाधि-योगको बलले हजूरको प्रबल मायालाई जितेर हजूरमै लीन हुन्छन्, तर उनलाई यस मार्गमा बडो परिश्रम गर्नु-पर्दछ। हजूरको सेवारूप भक्तिमा ता अलिकता पनि कष्ट पर्दैन ॥४६॥ हे देव ! सृष्टि-रचनाको इच्छाले हजूरले हामीलाई सत्वादि तीन स्वभावद्वारा रच्नुभएको छ; यसैकारण परस्पर विरुद्ध स्वभाव हुन गएकोले हाम्रो आपसमा संयोग हुन पाउँदैन तसर्थ हजूरको क्रीडाको सामग्री-स्वरूप ब्रह्माण्डको रचना गरी त्यसलाई समर्पण गर्नामा असमर्थ भइराखेका छौं ॥४७॥ अतः हे अजन्मा प्रभो ! जुन किसिमले हामी ब्रह्माण्डलाई उत्पन्न गरी हजूरलाई सब प्रकारको भोग समर्पण गर्न सकौं औ जहाँ बसेर हामी पनि वेला वेलामा आफ्नो योग्यताअनुसारको अन्न ग्रहण गर्न सकौं तथा यी जीव पनि जहाँ सब प्रकारको विघ्न-वाधा-देखि दूर रहेर हामी दुवैथरीलाई भोग समर्पण गर्दै आफ्नो आफ्नो अन्न खान सकून्, त्यस्तो कुनै उपाय गरिबक्सियोस् ॥४८॥ हजूर निर्विकार पुराण-पुरुष होइबक्सिन्छ, हामी देवताहरुको एवं हाम्रा सम्पूर्ण कार्यको आदिकारण होइ-बक्सिन्छ। हे देव ! हजूरले नै पहिले सत्वादि गुण औ जन्मादि कर्मको कारणरूपा मायाशक्तिमा ज्ञानात्मक महतत्त्वरूप वीर्य स्थापित गरेको हो ॥४९॥ अतः हे आत्मन् ! महतत्त्वादिरूप हामी देवताहरु जुन कामको निम्ति उत्पन्न भएका छौं त्यसको सम्बन्धमा हामीले के गर्ने हो ? हे देव ! हामीउपर अनुग्रह गर्ने हजूर नै होइबक्सिन्छ। अतः ब्रह्माण्ड-रचनाको निम्ति हामीलाई क्रिया-शक्तिको साथसाथै ज्ञान-शक्ति पनि बक्सनुपर्‍यो ॥५०॥

अध्याय—६

विराट् शरीरको उत्पत्तिको वर्णन।

मैत्रेयजीले भन्नुभयो—

आपसमा संगठित नहुनाले यी महत्तत्त्वादि

शक्तिहरु विश्व-रचनाको काममा असमर्थ भइ-राखेका छन् भन्ने देखेपछि भगवान्‌ले काल-शक्तिलाई स्वीकार गरी अन्तर्यामी रूपले एकै-चोटि महत्तत्त्व, अहङ्कार, पञ्चभूत, पञ्चतन्मात्रा औ मनसहितको एघार इन्द्रिय—यी तेईसओटै तत्त्वमा प्रवेश गर्नुभयो ॥१-२॥ तिनमा प्रवेश गरेपछि भगवान्‌ले तिनको लीन भएको क्रिया-शक्तिलाई जागृत गराइदिनुभयो औ परस्पर अलग अलग भइराखेको त्यस तत्त्वसमूहलाई आफ्नो चेष्टारूप शक्तिले आपसमा मिलाइदिनु-यो ॥३॥ यसप्रकार भगवान्‌द्वारा क्रिया-शक्ति जागृत गराइएपछि तेईस तत्त्वको त्यस समूहले, भगवान्‌कै प्रेरणाले नै आफ्नो अंशद्वारा अधिपुरुष (विराट् पुरुष-शरीर) लाई उत्पन्न गरे ॥४॥ भगवान्‌ले अंशरूपले आफूमा प्रवेश गरेपछि ती विश्व रचना गर्ने महत्तत्त्वादिको समूह आफूआफूमा मिलेर आफ्नो आफ्नो अंशले क्षोभ (परिणाम) मा प्राप्त भए । तत्त्वहरुको यो परिणाम नै विराट्-पुरुष हो । यै विराट् शरीरमा सम्पूर्ण चराचर जगत् अडिएको छ ॥५॥ जलभित्र जुन अण्डरूप आश्रय स्थान थियो त्यसैमा ती हिरण्मय विराट् पुरुषले सम्पूर्ण जीवलाई साथमा लिएका हजार दिव्य वर्षसम्म निवास गरे ॥६॥ विश्व रचना गर्ने तत्त्वहरुको कार्यरूप यो गर्भ (विराट् पुरुष) ज्ञानशक्ति, कार्यशक्ति तथा आत्म-शक्तिले सम्पन्न थियो । यिनै शक्तिद्वारा उनले स्वयं आफूलाई एक, दस औ तीन प्रकारले विभक्त गरे अर्थात् ज्ञानशक्तिद्वारा हृदया-वच्छिन्न चैतन्यरूपले एक प्रकारको, क्रियाशक्ति-द्वारा प्राणभेदले दस प्रकारको (प्राण-अपान-समान-व्यान--उदान-नाग-कूर्म-कृकल-देवदत्त-धनञ्जय) एवं आत्मशक्तिद्वारा भोक्तृत्वरूपले अध्यात्म-अधिदेव-अधिभूत भेदले तीन प्रकारको भए ॥७॥ यो विराट् पुरुष नै प्रथम जीव हुनाले समस्त प्राणीको आत्मा जीवरूप हुनाले परमात्माको अंश औ प्रथम प्रकट भएकोले भगवान्‌को आदि अवतार हो । यो सम्पूर्ण भूतसमुदाय (सृष्टि) यसैमा निवास गर्दछ ॥८॥ यी विराट् पुरुष अध्यात्म, अधिभूत औ अधिदैवरूपले तीन प्रकारको, प्राणरूपले दस प्रकारको औ हृदय-रूपले एक प्रकारका छन् (दस इन्द्रियसहितको मन अध्यात्म हो, इन्द्रियका शब्दादि विषय अधिभूत हुन् औ इन्द्रियका अधिष्ठाता देवता अधिदैव हुन्) ॥९॥

यसपछि विश्वको रचना गर्ने महत्तत्त्वादिका अधिपति भगवान्‌ले उनीहरुको प्रार्थना संझेर, उनको वृत्तिलाई जाग्रत् गराउन आफ्नो चेतन रूप तेजले विराट् पुरुषलाई प्रकाशित गर्नुभयो अर्थात् विराट् शरीरमा "म यस्तो गर्दछु" भन्ने ज्ञान गराउनुभयो ॥१०॥ परमेश्वरले यस किसिमको ज्ञान गराएपछि देवताहरुको निम्ति कति प्रकारका भिन्न भिन्न स्थान प्रकट भए सो म भन्दछु, सुन ॥११॥ पहिले विराट् पुरुषको मुख प्रकट भयो, त्यसमा लोकपाल अग्निदेव वाक्‌रूप आफ्नो शक्तिसहित पसे। जीव यै वाक्-इन्द्रियले शब्दको उच्चारण गर्दछ ॥१२॥ यसपछि विराट् पुरुष हरिको शरीरमा तालु उत्पन्न भयो, त्यसमा लोकपाल

वरुण आफ्नो अंश रसनेन्द्रियको साथमा पसे। जीव यै रसनेन्द्रियद्वारा रस ग्रहण गर्दछ॥१३॥ विष्णु भगवान्को नाकको पोरा प्रकट भएपछि दुवै अश्विनीकुमारले आफ्नो अंश घ्राणेन्द्रियको साथमा तिनमा प्रवेश गरे। यै घ्राणेन्द्रियद्वारा जीव गन्ध ग्रहण गर्दछ ॥१४॥ यस्तै किसिमले आँखा प्रकट भएपछि तिनमा सूर्यदेवले आफ्नो अंश नेत्रेन्द्रियसहित प्रवेश गरे। यै नेत्रेन्द्रिय-द्वारा पुरुषलाई विविध रूपको ज्ञान हुन्छ ॥१५॥ यसपछि विराट् शरीरमा त्वचा उत्पन्न भयो, त्यसमा आफ्नो अंश त्वगिन्द्रियको साथमा वायुले प्रवेश गरे। यै त्वक् इन्द्रियद्वारा जीव स्पर्शको अनुभव गर्दछ ॥१६॥ यसमा कानमा प्वाल प्रकट भएपछि आफ्नो अंश श्रवणेन्द्रियको साथ दिशाहरूले तिनमा प्रवेश रे, यै श्रवणेन्द्रियद्वारा जीवलाई शब्दको ज्ञान हुन्छ ॥१७॥ विराट् शरीरमा चर्म प्रकट भएपछि सम्पूर्ण औषधिहरू आफ्नो आफ्नो अंशसहित अधिदेवता स्वरूपले रोमछिद्रद्वारा त्यसमा पसे। यै रोमरूप शक्ति-द्वारा जीवलाई चिलाएको एवं स्पर्श सुखादिको अनुभव हुन्छ ॥१८॥ अनि यसमा लिङ्ग उत्पन्न भयो। आफ्नो यस आश्रयमा प्रजापतिले आफ्नो अंश वीर्यसहित प्रवेश गरे, यसद्वारा जीव रतिको आनन्द अनुभव गर्दछ ॥१९॥ त्यसपछि विराट् पुरुषको शरीरमा गुदा उत्पन्न भयो। त्यसमा लोकपाल मित्रले आफ्नो शक्ति पायु-इन्द्रियसहित प्रवेश गरे, यै पायु-इन्द्रियद्वारा जीव मल त्याग गर्दछ ॥२०॥ यसपछि त्यसमा त प्रकट भए। तिनमा ग्रहण-त्यागरूप आफ्नो शक्तिसहित देवराज इन्द्रले प्रवेश गरे। यै शक्तिले जीव आफ्नो वृत्ति अर्थात् जीविका प्राप्त गर्दछ ॥२१॥ यसैगरी जब यसमा चरण प्रकट भएथे अनि आफ्नो शक्ति-गतिको साथमा लोकेश्वर विष्णु-देवताले तिनमा प्रवेश गरे। यै गति-शक्तिद्वारा जीव आफूले इच्छा गरेको ठाउँमा पुग्दछ॥२२॥ फेरि यसमा हृदय प्रकट भयो; यसमा आफ्नो अंश मनसहित चन्द्रमाले प्रवेश गरे। यै "मनः" शक्तिद्वारा जीव "यसो गरूँ वा नगरूँ" यसप्रकारको सङ्कल्प विकल्प कर्म गर्दछ ॥२३॥ तत्पश्चात् विराट् पुरुषमा अहङ्कार उत्पन्न भयो। यो आफ्नो आश्रयमा क्रियाशक्तिसहित अभिमान (रुद्र) ले प्रवेश गरे। यै क्रिया-शक्तिद्वारा जीव आफ्नो कर्तव्यलाई स्वीकार गर्दछ ॥२४॥ फेरि यसमा चित्त प्रकट भयो। यसमा चित्तशक्तिको साथमा महत्तत्त्व (ब्रह्मा) ले प्रवेश गरे। यै चित्त-शक्तिद्वारा जीव सब प्रकारको विज्ञान (चेतना) को अनुभव गर्दछ॥२५॥

यस विराट्-पुरुषको शिरबाट स्वर्गलोक, औ नाभिबाट आकाश उत्पन्न भयो। यिनमा क्रमशः सत्व-रज-तम यी तिनै गुणका परिणाम रूप देवता, मनुष्य औ प्रेतादि देखिन्छन् ॥२६॥ स्वभावमा सत्वगुण बर्ता भएकोले देवताहरू स्वर्गलोकमा, रजोगुण बर्ता हुनाले यज्ञादि कर्म गर्ने मनुष्य र उनको अधीनमा गाई आदि प्राणीहरू पृथ्वीलोकमा रहन्छन् ॥२७॥ तमोगुणी स्वभावका हुनाले रुद्रका पार्षदगण (भूतप्रेत पिशाचादि) दुवैको बीचमा रहेको नाभिस्थान रूप अन्तरिक्ष लोकमा रहन्छन् ॥२८॥

हे विदुरजी! वेद र ब्राह्मण भगवान्को

मुखबाट प्रकट भए। मुखबाट उत्पन्न भएको हुनाले नै ब्राह्मण सबै वर्णमा श्रेष्ठ औ सबैका गुरु भए ॥२९॥ उनको बाहुबाट क्षत्रिय-वृत्ति (रक्षा-धर्म) औ त्यसको अवलम्बन गर्ने क्षत्रिय वर्ण उत्पन्न भए। विराट् भगवान्को अंश हुनाले क्षत्रियहरू जन्म लिएर सबै वर्णलाई चोर आदिको उपद्रवबाट रक्षा गर्दछन् ॥३०॥ भगवान्को तिघ्राबाट सबै जनाको जीविका चलाउने वणिग्वृत्ति उत्पन्न भयो औ तिघ्रैबाट वैश्य उत्पन्न भए। यो वर्ण आफ्नो वृत्तिले सबै जीवको जीविका चलाउँदछ ॥३१॥ फेरि सबै धर्मको सिद्धिको निम्ति भगवान्को चरणबाट सेवा-वृत्ति प्रकट भयो, चरणैबाट सेवावृत्तिको अवलम्बन गर्ने शूद्रहरूको उत्पत्ति भयो, यिनको सेवा-वृत्तिले श्रीहरि प्रसन्न हुनुहुन्छ। (सबै धर्मको सिद्धिको मूल सेवा हो, सेवा विना कुनै धर्म पनि सिद्ध हुँदैन; तसर्थ सबै धर्मको मूल-स्वरूप सेवा नै जसको धर्म छ त्यस्ता शूद्र सबै वर्णमा ठूला हुन्। ब्राह्मणको धर्म मोक्षको निम्ति, क्षत्रियको धर्म भोगको निम्ति र वैश्यको अर्थको निम्ति हुन्छ,तर शूद्रको धर्म धर्मकै निम्ति हुन्छ। यसप्रकार प्रथम तीन वर्णको धर्म अन्य पुरुषार्थको निम्ति हुन्छ तर शूद्रको धर्म स्वपुरुषार्थको निम्ति हुन्छ। यसैकारणले यिनको वृत्तिले भगवान् प्रसन्न हुनुहुन्छ) ॥३२॥ यी चारै वर्ण आफ्नो आफ्नो साथमा उत्पन्न भएका आफ्ना आफ्ना वृत्तिसहित, आफ्नो जसबाट उत्पत्ति भएको हो, उनै आफ्ना गुरु श्रीहरिको आफ्नो आफ्नो धर्मले चित्तशुद्धिको निम्ति श्रद्धा-पूर्वक आराधना गर्दछन् ॥३३॥ यी विराट् पुरुष काल, कर्म औ स्वभावशक्तिले युक्त भएको भगवान्को योगमायाको प्रभावलाई प्रकट गर्दछन्। यस्ता विराट् पुरुषको स्वरूपको पूरा पूरा वर्णन गर्ने साहस कसले गर्ला? ॥३४॥ यसो भए तापनि हे प्यारा विदुरजी! जस्तो मैले गुरुको मुखबाट सुनेको छु औ जति मेरो बुद्धि छ त्यैअनुसार अन्य व्यावहारिक चर्चाले अपवित्र भएको वाणीलाई पवित्र गर्नको निम्ति श्रीहरिको सुयश वर्णन गर्दछु ॥३५॥ महा-पुरुषहरूको मतअनुसार पुण्य-श्लोक-शिरोमणि श्रीहरिको गुणको गान गर्नु नै मनुष्यको वाणीको तथा विद्वान्हरूको मुखबाट भगवत्कथामृतको पान गर्नु कानको सबभन्दा ठूलो लाभ हो भन्ने ठहरिएको छ ॥३६॥ हे वत्स! हामीहरूको ता के कुरा, आदि कवि ब्रह्माजीले योगले शुद्ध भएको बुद्धिको बलले एक हजार दिव्य वर्ष-सम्म ध्यान गर्दा पनि भगवान्को अमित महिमाको पार पाउन सकेनन् अर्थात् जान्न सकेनन्॥३७॥ अतः भगवान्को मायाले ठूला ठूला मायावीलाई समेत मोहित गराइदिन्छ। त्यसको गतिलाई स्वयं भगवान् नै जान्न सक्नुहुन्नभने अरू कसैले ता कसरी जान्न सक्ला? ॥३८॥ जहाँसम्म नपुगेर अर्थात् मायामा नै अल्झिएर वाणी औ मन फर्केर आउँछन् तथा जसको माहात्म्य बुझ्नलाई अहङ्कारका अभिमानी देवता रुद्र एवं अरू अरू इन्द्रियका अधिष्ठाता देवता-समेत असमर्थ छन, त्यस्ता भगवान्लाई हामी नमस्कार गर्दछौं ॥३९॥

अध्याय—७

विदुरजीको मैत्रेयजीसितको प्रश्न

शुकदेवजी भन्नुहुन्छ—

यसप्रकारसंग भाषण गरिरहेका मैत्रेयजीलाई परम बुद्धिमान् व्यासपुत्र विदुरजीले आफ्नो वाणीले प्रसन्न गर्दै भन्न लागे ॥१॥

विदुरजीले भने—

हे ब्रह्मन् ! भगवान् ता शुद्ध, बोधस्वरूप, निर्विकार औ निर्गुण हुनुहुन्छ । उहाँको साथमा लीलाले भए पनि गुण औ क्रियाको सम्बन्ध कसरी हुन सक्तछ ? ॥२॥ बालकमा ता कामना औ अर्कासित खेल्ने इच्छा हुन्छ त्यसैले उ खेल्नको निम्ति प्रयत्न गर्दछ तर भगवान् ता आप्तकाम औ सदा अर्कासितको सम्बन्धले रहित अद्वितीय हुनुहुन्छ, तसर्थ उहाँमा क्रीडाको कामना पनि कसरी हुन सक्ला त ? ॥३॥ भगवान्ले आफ्नो गुणमयी मायाले जगत्को रचना गर्नु-भएको छ, त्यैद्वारा यसको पालना गर्नुहुन्छ औ फेरि त्यसैले यसको संहार पनि गर्नु-हुनेछ ॥४॥ तर देश, काल, अवस्थाले अथवा आफूद्वारा वा अरू कुनैद्वारा जसको ज्ञानको कहिले पनि लोप हुँदैन, त्यस्ता उहाँको मायसँग कसरी संयोग हुनसक्ला ? ॥५॥ भगवान् नै जीवरूपले सम्पूर्ण शरीरमा विराजमान हुनुहुन्छ अतः सबै जीव उहाँको अंश भयो, तसर्थ अमर ब्रह्मको अंश जीवको कसरी संहार हुन सक्ला । ब्रह्म नै जीवरूपले सुख दुःख भोग्ने भयो, त्यसो-भए सदा आनन्दमय ब्रह्मको अंश जीवलाई आनन्दको नाश (दुर्भाग्य) वा कर्मद्वारा क्लेश कसरी भयो त ? ॥६॥ हे भगवन् ! यो अज्ञान-रूप सङ्कटमा पर्नाले मेरो मन बडो खिन्न भइराखेको छ, तसर्थ मेरो मनको यस सन्देह-लाई कृपा गरी हटाइदिनोस् ॥७॥

शुकदेवजी भन्नुहुन्छ—

तत्त्व जान्न इछा भएका विदुरले यस-प्रकारसँग सोद्धा अहङ्काररहीन मैत्रेयजी भगवान्को स्मरण गर्दै मुसुक्क हाँसेर भन्न लाग्नुभयो ॥८॥

मैत्रेयजी भन्न लाग्नुभयो—

सबैका स्वामी औ सर्वथा मुक्तस्वरूप आत्माको दीनता एवं दुर्भाग्य इत्यादिसितको संयोग अवश्य तर्कसित विरोध खाने कुरा हो तर वास्तवमा यै नै भगवान्को माया हो ॥९॥ जसरी सपना देख्ने मानिस टाउको काटिनु इत्यादि व्यापार नभएको भए तापनि अज्ञानले गर्दा त्यसलाई साँचो मानेर दुःख सुखको अनुभव गर्दछ त्यसै गरी जीवलाई पनि बन्धन, दुर्भाग्य अथवा क्लेश मायाले गर्दा मिथ्या भए तापनि सत्य जस्तो देखिन्छ ॥१०॥ जसरी जलमा हुने कम्पनादि क्रियाले जलमा प्रतिबिम्बित भएको जलमा जो कम्पनादि देखिन्छ त्यो ता आकाशमा रहेको चन्द्रमण्डलमा ता भएको होइन, त्यसैगरी देहाभिमानी जीवमा पनि देहको मिथ्या सुख-दुःखादि नभएर पनि भए जस्तै देखिन्छन् ॥११॥ निष्काम भावले धर्मको आचरण गर्नाले तथा भगवद्भक्तिले भगवान्को कृपा भएपछि जीवको यो अनर्थमूल देहाभिमान अर्थात् अनात्मामा आत्मबुद्धि हटेर जान्छ ॥१२॥ जस्मै इन्द्रियहरू जब विषयदेखि हटेर साक्षी परमात्मा श्रीहरिमा लीन हुन जान्छन् तब पो मस्त निद्रामा सुतेको

मानिसको झैं जीवको राग द्वेषादि समस्त क्लेश क्षीण भएर जान्छन् ॥१३॥ श्रीहरिको गुणकीर्तन तथा गुणानुवादको श्रवणले नै समस्त क्लेश शान्त हुन्छन्‌भने हाम्रो हृदयमा उहाँको चरणकमलको रजको सेवनको प्रेम जागेर आयो-भने ता भन्ने कुरै केही रहेन ॥१४॥

विदुरले भने—

भगवन् ! तपाईंका यी सुन्दर युक्ति-युक्त कुराले ता मेरा सन्देहलाई काट्नमा तरवारको काम दियो अर्थात् मेरा सबै सन्देह नष्ट भए। अबलाई ता मेरो चित्त भगवान्‌को स्वतन्त्रता तथा जीवको परतन्त्रता यी दुवै विषयमा खूब-सँग प्रवेश गरिराखेको छ ॥१५॥ हे विद्वान् ! भगवान्‌को मायाको आश्रयले जीवलाई क्लेशा-दिको प्रतीति हुन्छ भन्ने जो कुरा तपाईंले भन्नुभयो सो बिल्कुल ठीक हो। सपनामा टाउको काटिनु जस्तै यो निर्मूल एवं मिथ्या हो, किनकि भगवान्‌को मायासिवाय यस जगत्‌को अरू दोस्रो कारण हुनै सक्तैन ॥१६॥ यस संसारमा जो मानिस अत्यन्त मूढ छन् अथवा जो बुद्धि आदिको पहुँचबाहिरका श्रीभगवान्‌मा प्राप्त भएका छन् अर्थात् ब्रह्मज्ञानमा पूर्ण विद्वान् छन्, ती दुवै नै सुखी हुन्, तर बीच श्रेणीहरूका ता संशयमा परेका हुनाले दुःख मात्र भोगिरहन्छन् ॥१७॥ हे भगवन ! तपाईंको कृपाले मलाई यति ता निश्चय भयो कि यी जन्म-मृत्यु-भोक्तृत्व आदि अनात्मपदार्थ वास्तवमा केही पनि होइनन्, केवल हो जस्तो मात्र देखिने हुन्। अब म तपाईंको चरणको सेवाको प्रभावले यो मिथ्या प्रतीतिलाई पनि दूर गरिदिन्छु ॥१८॥

तपाईंका यी चरणको सेवाले निर्विकार श्रीमधु-सूदन भगवान्‌को चरणकमलमा उत्कट प्रेम औ आनन्दको वृद्धि हुन्छ औ यस प्रेमले जन्म-मरणरूप संसारको यन्त्रणालाई नाश पनि गरिदिन्छ ॥१९॥ तपाईंको दर्शन पाउनु मेरो ठूलो भाग्य हो। माहात्मा भनेका भगवत्प्राप्तिका साक्षात् मार्ग हुन, यिनीहरूको संगतमा देवदेव जनार्दनको चर्चा भइ-रहन्छ, यस्तो सत्संगको मौका थोरै पुण्य भएका-हरूलाई पाउन अत्यन्त कठिन हुन्छ ॥२०॥

हे मैत्रेयजी ! सृष्टिको प्रारम्भमा भगवान्‌ले महदादि तत्वलाई उनका विकारहरूको साथसाथै क्रमशः उत्पन्न गर्नुभयो र अनि उनको अंशले विराट् शरीरको रचना गरी त्यसमा स्वयं आफूले प्रवेश गर्नुभयो भन्ने कुरा तपाईंले भन्नुभयो॥२१॥ जुन विराट्‌लाई वेदमा आदि पुरुष भन्दछन् तिनमा हजारौं खुट्टा, तिघ्रा औ हात छन्। त्यसैमा यी समस्त लोक विस्तृत रूपले अडिएको छ ॥२२॥ जसमा इन्द्रिय,इन्द्रियका विषय औ इन्द्रियाभिमानी देवता यी तीनैको साथसाथै दश प्रकारका प्राण स्थित छन् औ जसबाट ब्राह्मणादि वर्णको उत्पत्ति भएको हो भनेर तपाईंले भन्नुभयो, अबलाई मलाई तिनै विराट्पुरुषको ब्रह्मादि विभूतिहरूको वर्णन सुनाउनुहोस्॥२३॥ यिनै विराट् पुरुषका विभूति-हरूबाट पुत्र, पौत्र,नाति औ कुटुम्बीहरूको साथ-साथै नाना प्रकारका प्रजा उत्पन्न भए औ यिनीहरू-बाट यो सारा ब्रह्माण्ड व्याप्त भयो ॥२४॥ ब्रह्मादि सम्पूण प्रजापतिहरूका पनि प्रभु ती विराट् पुरुषले कुन कुन प्रजापतिलाई उत्पन्न गरे तथा सर्ग औ अनुसर्ग चौधैओटा मन्वन्तरहरूका अधिपति मनुहरुको कुन कुन क्रमले रचना गरे ॥२५॥

हे मैत्रेयजी ! ती मनुहरूका वंश, तिनका वंशबाट उत्पन्न भएका राजाहरूको चरित्र, पृथ्वीको तल माथि जति लोक छन् तिनको स्थितिको तथा पृथ्वीको परिमाणको पनि वर्णन गर्नुहोस्। यसको सिवाय तिर्यक्, मनुष्य, देवता, सरिसृप् (सर्प),पक्षी तथा जरायुज-स्वेदज-अण्डज-उद्भिज यी चार प्रकारका प्राणी कसरी उत्पन्न भए सो पनि भन्नुहोस् ॥२६-२७॥ सृष्टिको काममा प्रवृत्त भएका श्रीनिवास भगवान्ले जगत्को उत्पत्ति, स्थिति औ संहारको निम्ति ब्रह्मा,विष्णु औ महादेवरूप आफ्ना सगुण अवतारको जुन जुन अलौकिक पराक्रम गर्नुभयो तिनको समेत वर्णन गर्नुहोस्॥२८॥ यसबाहेक रूप, वेष, आचरण औ स्वभावको अनुसार वर्णाश्रमको विभाग, ऋषिहरूको जन्म-कर्मादि, वेदको विभाग, यज्ञको विस्तार, योगको मार्ग, ज्ञानमार्ग र यसको साधन सांख्य-मार्ग तथा भगवान्ले भनेको नारद-पञ्चरात्र आदि तन्त्रशास्त्र, विभिन्न पाखण्डमार्गको प्रचारले हुने विषमता, नीच वर्णका पुरुषद्वारा उच्चवर्णका स्त्रीबाट जन्मेका सन्तानहरूको प्रकार औ भिन्न भिन्न गुण र कर्मले गर्दा जीवको जुन जुन गति हुन्छ, हे प्रभू ! यी सबै कुरा हामीलाई सुनाउनुहोस् ॥२९-३१॥

हे ब्रह्मन् ! धर्म-अर्थ-काम-मोक्षको प्राप्तिका निमित्तका परस्परमा विरोध नखाने साधनको, वाणिज्य, दण्डनीति, शास्त्र-श्रवण गर्ने भिन्न भिन्न विधि, श्राद्ध-विधि, पितृगणको सृष्टि, कालचक्रमा ग्रह-नक्षत्र-तारागणको स्थिति, यी सबै विषयको पनि वर्णन गर्नुहोस् ॥ ३२-३३ ॥ दान, तप, इष्ट (अग्निष्टोमादि यज्ञ) पूर्त्त (इनार, तलाउ, पोखरी खनाउनु) इत्यादि कर्मको फल,परदेशमा तथा आपत्तिको समयमा मानिसको कस्तो धर्म हुन्छ सो पनि भन्नुहोस् ॥३४॥ धर्मका आदिकर्ता श्रीजनार्दन भगवान् कुन-प्रकारको आचरणले प्रसन्न हुनुहुन्छ औ कस्ता मानिसमाथि उहाँको अनुग्रह हुन्छ, हे निष्पाप मैत्रेयजी ! यी सबैको रहस्य मलाई भन्नुहोस् ॥३५॥ हे द्विजश्रेष्ठ ! दीनदुःखीमाथि दया गर्ने गुरु आफ्ना आज्ञाकारी शिष्य र पुत्रले नसोधे तापनि उनको हितको कुरा भनिदिन्छन् ॥३६॥ हे भगवन् ! तपाईंले भन्नुभएका महदादि तत्त्वहरूको प्रलय कति प्रकारका हुन्छन् ? प्रलयकालमा भगवान्ले योगनिद्रामा शयन गर्दा कुन कुन तत्त्वले उहाँको सेवा गर्दछन् र कुन कुन उहाँमा लीन हुन्छन् ? ॥३७॥ जीवको तत्त्व, परमेश्वरको स्वरूप, उपनिषद्-सम्बन्धी ज्ञान, शिष्यले गुरुसित ईश्वर तथा विश्वसम्बन्धी कस्तो प्रश्न गर्नुपर्दछ, तिनको उत्तर-समेत भन्नुहोस् ॥३८॥ मानिसलाई ता ज्ञान, भक्ति अथवा वैराग्यको प्राप्ति स्वयं आफूबाट ता हुन सक्तैन तसर्थ विद्वान्हरूले यिनको प्राप्तिका लागि के के उपाय बताएका छन् त्यो पनि मलाई भन्नुहोस् ॥३९॥ मायाले मोहित भएकोले मेरो ज्ञान नष्ट भइराखेको छ, मलाई अज्ञानले घेरिराखेको छ, तपाईं ता मेरो मित्र हुनुहुन्छ तसर्थ श्रीहरिको चरित्र जान्ने इच्छाले मैले सोधेका यी प्रश्नको उत्तर मलाई भन्नोस् ॥४०॥ भगवत्तत्त्वको उपदेश-द्वारा जीवलाई जन्म-मृत्युको भयदेखि छुटाएर त्यसलाई अभय गराइदिनामा जो

पुण्य हुन्छ, समस्त वेदका अध्ययन, यज्ञ, तपस्या-दानादिबाट हुने पुण्य, त्यस पुण्यको एक अंशको बराबर पनि हुँदैन ॥४१॥

शुकदेवजी भन्नुहुन्छ—

हे महाराज ! कुरुश्रेष्ठ विदुरले यस प्रकारको पुराणविषयक प्रश्न गर्दा मुनिवर मैत्रेयजी भगवत्-कथाको निम्ति प्रेरित भएकाले अति प्रसन्न भई मुसुक्क हाँस्तै यस प्रकारसंग भन्न लाग्नुभयो ॥४२॥

———

अध्याय–८

भगवान्‌को नाभिकमलबाट ब्रह्मा-जीको उत्पत्तिको वर्णन ।

मैत्रेयजीले भन्नुभयो—

यो पुरुवंश सज्जनहरुद्वारा सेवा गरिन योग्य छ, कारण यस वंशमा भगवत्भक्तहरु मध्येका प्रधान, साक्षात् लोकपाल तपाईं यमराजले जन्म लिनुभएको छ। तपाईं ता छिन छिनमा श्रीहरिको कीर्तिमालालाई नयाँ जस्ता बनाइदिनुहुन्छ॥१॥ अतः क्षुद्र विषयसुखको निम्ति महान् दुःखमा प्राप्त भएका मनुष्यको दुःख निवारणका लागि अब म श्रीमद्भागवत पुराण शुरू गर्दछु, यस पुराणलाई पूर्वकालमा साक्षात् शेष भगवान्‌ले सनकादि ऋषिहरुलाई सुनाउनु-भएथ्यो ॥२॥

एकचोटि पातालमा विराजमान भएका अवाधज्ञान सम्पन्न आदिदेव भगवान् सङ्कर्षणलाई उहाँभन्दा पनि श्रेष्ठ श्रीपुरुषोत्तम भगवान्‌को स्वरूप जान्न इच्छा भएका सनकादि ऋषिहरुले यै प्रश्न गरेथे ॥३॥ त्यस समयमा शेषजी, वेदले वासुदेव भनेर वर्णन गरिएका आफ्ना आश्रय श्रीनारायणदेवको बडो आदरसंग मानसिक पूजा गरिरहनुभएको थियो । उहाँले अन्तर्मुखवृत्तिले आफ्नो अन्तरात्मामा लगाइराखेको नयनकमललाई सनकादि ज्ञानीजनमाथि अनुग्रह गर्न भनी अलि-कता खोल्नुभएको थियो ॥४॥

सनकादि ऋषिहरुले गङ्गाजलले भिजेका आफ्ना जटाले उहाँको चरण राख्ने दिव्य कमलको स्पर्श गरे, जुन कमलको अनेक नाग-कन्याहरु मनोवाञ्छित वरदान (अथवा वर याने पति) को कामनाले प्रेमपूर्वक किसिस किसिमको सामग्रीले पूजन गर्दछन् ॥५॥ भगवान्‌ले आफ्नो मस्तकमा धारण गर्नुभएको हजारौं मुकुटमा जडिएको टल्कने उत्तमोत्तम मणिले उहाँका हजारौं फणा प्रकाशित भइराखेका थिए । यस्ता शेष भगवान्‌को प्रताप जानेका सनकादि ऋषि-हरुले प्रेमपूर्ण गद्गदवाणीले वारंवार उहाँका चरित्रको वर्णन गर्दै अहिले सोधेका यिनै प्रश्न-हरु जब सोधेथे त्यस वेला सङ्कर्षण भगवान्‌ले मोक्षधर्ममा तत्पर भएका सनत्कुमारलाई यै भागवत भन्नुभएथ्यो भन्ने कुरा प्रसिद्ध छ। फेरि हे भगवन् ! यस भागवतलाई सनत्कुमारजीले परमव्रतशील सांख्यायन मुनिलाई उनले प्रश्न गर्दा सुनाए ॥६-७॥ यसपछि परमहंसहरु मध्येका प्रधान श्रीसांख्यायनलाई जब भगवान्‌का विभू-तिहरुको वर्णन गर्ने इच्छा भयो त्यस-

बखतमा उहाँले आफ्ना अनुगत शिष्य हाम्रा गुरु पराशर र वृहस्पतिलाई यो पुराण सुनाउनुभयो ॥८॥ अनि दयालु पराशरजीले पुलस्त्य मुनिले भनेकोले यो आदि पुराण मलाई भन्नुभयो । हे वत्स ! तिमीलाई श्रद्धालु र सदा आफ्नो अनुगत देखेकोले अब म त्यै पुराण तिमीलाई सुनाउँछु ॥९॥

सृष्टि हुनुभन्दा अघि यो सम्पूर्ण जगत् जलमा डुबेको समयमा एक मात्र नारायणदेव शेषशय्यामा सुत्नुभएको थियो । त्यस समयमा उहाँले निष्क्रिय भएर, ज्ञानशक्तिलाई अक्षुण्ण राखी, योग-निद्राका आश्रय लिएर, आफ्नो स्वरूपको अनुभवमा आनन्दमुक्त भईकन आँखा चिम्लनुभयो ॥१०॥ जसरी आगो दाह आदि शक्तिलाई लुकाएर काठमा व्याप्त रहन्छ त्यसै गरी भगवान्‌ले पनि सम्पूर्ण प्राणीको सूक्ष्म शरीरलाई आफ्नो शरीरमा लीन गरी आफ्नो आधारभूत प्रलयकालीन जलमा शयन गर्नुभयो । उहाँले सृष्टिको समय उपस्थित भएमा आफूलाई फेरि ब्युँझाउनको निम्ति केवल कालरूप आफ्नो शक्तिलाई जाग्रत् राख्नुभयो ॥११॥ यस किसिमसँग निज ज्ञानशक्तिसहित एक हजार चतुर्युगसम्म जलमा शयन गरेपछि जब आफैद्वारा नियुक्त भएको कालशक्तिले सृष्टि रचनाको काम गर्न उहाँलाई ब्युँझाएथ्यो, त्यस बखतमा उहाँले आफ्नो शरीरमा लीन भएका अनन्त लोकलाई देख्नुभयो ॥१२॥ जब परमात्माको दृष्टि आफूमा रहेको लिङ्गशरीरादि सूक्ष्म तत्त्वमा पर्न गयो, त्यसबखतमा त्यो सूक्ष्म भूतको समुदाय कालको आश्रयमा रहेको रजोगुणद्वारा क्षुभित भई सृष्टिरचनाको निमित्त उहाँको नाभिबाट कमलको रूपमा प्रकट भयो ॥१३॥ कर्मशक्तिलाई जाग्रत् गराउने कालद्वारा विष्णु भगवान्‌को नाभिबाट सहसा प्रकट भएको त्यो कमल कोशले आफ्नो सूर्यसमानको तेजले त्यो विशाल जलराशिलाई प्रकाशित गर्न लाग्यो ॥१४॥ सम्पूर्ण गुणलाई प्रकाशित गर्ने त्यो सर्वलोकमय कमलमा उनै विष्णु भगवान्‌ले अन्तर्यामी रूपले प्रवेश गर्नुभयो, अनि त्यसबाट नपढाईकन नै सम्पूर्ण वेद जान्ने साक्षात् वेदमूर्ति श्रीब्रह्माजी उत्पन्न हुनुभयो, जुन ब्रह्मालाई स्वयम्भू (आफै उत्पन्न भएको) भन्दछन् ॥१५॥ त्यस कमलकोशमा बस्नुभएको ब्रह्माले जब कुनै लोक देख्नुभएन अनि ता उहाँ आँखा फट्टाएर आकाशमा चारैतिर गर्दन घुमाई घुमाईकन हेर्न लाग्नुभयो। यसैले चारै दिशामा उहाँका चार मुख हुन गए॥१६॥त्यस समयमा प्रलयकालीन हावाको झोंक्काले माथि माथि उठिराखेका जलको छालले गर्दा जलमाथि उठेको कमलमा बसेका आदिदेव ब्रह्माजीलाई आफ्नो तथा त्यो लोकतत्त्वरूप कमलको रहस्यको केही पत्तो भएन ॥१७॥

उहाँले विचार गर्न लाग्नुभयो—यो कमलको पीठमा बसेको म को हुँ ? यो कमल पनि विना कुनै आधारले जलमा कहाँबाट उत्पन्न भयो ? यसको मुनि अवश्य कुनै वस्तु हुनुपर्दछ, जसको आधारमा कि यो अडिराखेको छ ॥१८॥ यस्तो विचार गरेर ब्रह्माजीले त्यो कमलको डाँठको प्वालबाट जलमा प्रवेश गर्नुभयो तर त्यो डाँठको उत्पत्तिस्थानलाई खोज्दा खोज्दा धेरै तल गएर नाभिनिर पुग्दा पनि उहाँले त्यसलाई भेट्टा-

उन सक्नुभएन ॥१९॥ हे विदुर ! त्यो अपार अन्धकारमा आफ्नो उत्पत्ति-स्थान खोज्दा-खोज्दैमा ब्रह्माजीको अनेक काल (हजार वर्ष) बित्न गयो। यो काल नै भगवान्‌को चक्र हो, जसले प्राणीहरूलाई भयभीत गराउँदै उनको आयुलाई क्षीण गर्दछ ॥२०॥

अन्त्यमा कामनापूर्ण नभएका ब्रह्माजी त्यहाँ-बाट फर्केर आए औ आफ्नो आश्रयकमलमा बसेर, बिस्तारै प्राणवायुलाई जिती, चित्तलाई निःसङ्कल्प अर्थात् एकाग्र गराएर समाधि लगा-ईकन बसे ॥२१॥ यसप्रकारसँग पुरुषको पूर्ण आयुको बराबर काल अर्थात् एक सय वर्षसम्म रात्रोसँग योगाभ्यास गरेपछि ब्रह्माजीलाई ज्ञानको प्राप्ति भयो; त्यसबखतमा उहाँले जसलाई पहिले धेरै परिश्रम गर्दा पनि देख्नुभएको थिएन, अहिले तिनै परमात्मस्वरूपलाई आफ्नै अन्तःकरणमा प्रकाशित भइराखेको देख्नुभयो ॥२२॥

उहाँले प्रलयकालीन जलमा शेषजीको, कमलको डाँठसमानको गोरो औ विशाल शरीर-रूप शय्यामा एक जना पुरुष-श्रेष्ठलाई सुति-राखेको देख्नुभयो । शेषजीका दश हजार फणा छाता जस्तै गरी फैलिएका थिए, यिनको मस्तकमा शोभायमान भएका किरीटमा जडिएका मणिको कान्तिले चारैतिरको अन्धकार दूर भइराखेको थियो ॥२३॥ आफ्नो श्याम शरीरको कान्तिले ती पुरुषश्रेष्ठले मरकतमणिको पर्वतको शोभालाई लज्जित गराइराखेका थिए, कम्मरको पीतपटको शोभाले संध्याकालको मेघको शोभा-लाई मलिन तुल्याएको थियो, शिरमा रहेको सुवर्णमय मुकुटले सुवर्णमय शिखरको मान-मर्दन गरिराखेको थियो, उहाँको वनमालाले पर्वतका रत्न, जलधारा, औषधि तथा फूलहरुको शोभा-लाई जितिराखेको थियो, भुजाले बाँसको तथा चरणले वृक्षको तिरस्कार गर्न लागेका थिए ॥२४॥ उहाँको शरीरको लम्बाइ चौडाइ अद्वितीय थियो, तीनै लोक त्यसमा विद्यमान थिए । यस्तो अनुपम शरीरमा भूषण तथा वस्त्रले विचित्र एवं दिव्य शोभा देखाइराखेका थिए तर त्यस शरीरको स्वाभाविक सुषमा नै यस्तो थियो कि त्यसैले गर्दा सम्पूर्ण वस्त्र-भूषण शोभायमान भइराखेका थिए ॥२५॥आफ्नो कामना पूर्ण गराउनलाई (मुक्तिप्राप्ति एवं आत्मज्ञानका लागि)वेदोक्त शुद्ध मार्गले जो उहाँको पूजन गर्दछन् तिनलाई उहाँले कृपापूर्वक आफ्नो सर्वकामप्रद चरणकमल देखाइरहनुभएको छ—जुन चरण-कमलका औंलाहरू नखरूप चन्द्रमाको किरणले बेग्लाबेग्लै देखिन लागेका छन् ॥२६॥ सुन्दर नासिका र भृकुटिले शोभायमान भएको मुखार-विन्दले उहाँ आफ्ना भक्तहरूलाई सम्मानित गर्नुहुन्छ । प्रभुको त्यो मुख भक्तको कष्टलाई निवारण गर्ने मनोहर मुसकान र झलझल परेको कुण्डलले सुशोभित छ । पाकेका बिम्ब-फलसमानका राता राता ओठको कान्तिले त्यसलाई अलि रातो वर्णको बनाएको छ ॥२७॥ उहाँको नितम्बदेशमा कदमको फूलको पीतवस्त्र औ सुवर्णमयी मेखला सुशोभित छन् तथा वक्षः-स्थलमा अमूल्य हार र सुनौला रेखा भएको श्रीवत्सचिह्नको अपूर्व शोभा भइराखेको छ ॥२८॥ उहाँ एउटा ठूलो चन्दनको रूख-

समान हुनुहुन्छ, महामूल्य केयूर औ उत्तत उत्तम मणिले सुशोभित उहाँका विशाल बाहु नै हजारा शाखासमान छन्, अव्यक्त (प्रकृति अथवा ब्रह्म) नै त्यस वृक्षको मूल भाग हो। जसरी चन्दनको रूखलाई बडा बडा सर्पले बेन्हेका हुन्छन् त्यसैगरी उहाँको काँधलाई पनि शेषजीका हजारौं फणाले बेह्रिराखेका छन् ।।२९।। नागराज शेषजीका बन्धु श्रीनारायण जलले घेरिएको पर्वत जस्तो देखिनुभएको छ । पर्वतमा अनेक जीव बस्तछन् त्यसैगरी उहाँ पनि सम्पूर्ण चराचरको आश्रय हुनुहुन्छ। शेषजीका फणामा रहेका हजारौं मुकुट पर्वतका सुवर्णमण्डित शिखरसमान छन् तथा भगवान्को वक्षःस्थलमा विराजमान भएको कौस्तुभमणि पर्वतको गर्भबाट प्रकट भएको रत्न हो ।। वेदरूप भ्रमरा जसमा भूँ भूँ गरिराखेका छन् त्यस्तो आफ्नो कीर्तिस्वरूप वनमाला प्रभुको घाँटीमा विराजमान छ; सूर्य-चन्द्र–वायु-अग्नि आदि देवताहरुसमेत उहाँनिर पुग्न सक्तैनन्; तीनै लोकमा विना रोकटोकले विचरण गर्ने सुदर्शनचक्रादि अस्त्रसमेत प्रभुको यताउति मात्र घुमिरहन्छन् । यिनको निम्ति पनि भगवान् अत्यन्त दुर्लभ हुनुहुन्छ,अर्थात् हर समय नजीकमा रहे तापनि यिनले उहाँको तत्त्व जान्न सक्तैनन् ।।३१।।

त्यस समयमा जगत्को रचना गर्ने इच्छा भएका लोकविधाता ब्रह्माजीले नाभिसरोबरबाट प्रकट भएको त्यो कमल, जल, आकाश, वायु र आफ्नो शरीर—यी पाँच पदार्थ मात्र देखे, यीबाहेक अरू केही देखेनन् ।।३२।। यी पाँच पदाथ न सष्टिका कारणरूप हुन्— यस्तो विचार गरी लोकरचनाको निम्ति उत्सुक तथा रजोगुणले व्याप्त भएका ब्रह्माजीले अचिन्त्यगति श्रीहरिमा चित्त लगाएर ती परम पूजनीय पुराण पुरुषको स्तुति गर्न लागे ।।३३।।

अध्याय—९

ब्रह्माले गरेको भगवान्को स्तुति ।

ब्रह्माजीले भन्नुभयो—

हे प्रभो आज धेरै कालपछि मैले हजूरलाई चिने। अहो! देहधारी जीवले हजूरको गति अर्थात् स्वरूपलाई जान्न नसक्नु बडो दुर्भाग्यको कुरो हो। हे भगवन्! हजूरबाहेक अरू कुनै वस्तु नै छैन, जो वस्तु देखिन्छ त्यो पनि वास्तवमा सत्य होइन, किनकि मायाको गुणको अन्योन्य सम्बन्धले गर्दा हजूर नै अनेक रूपमा देखिनुहुन्छ ।।१।। चितशक्ति सदा प्रकाशित रहने हुनाले अज्ञान सदा हजूरदेखि टाढा रहन्छ। जसको नाभिकलमबाट म प्रकट भएको छु त्यो हजूरको रूप सयकडौं अवतारको मूल कारण हो । सज्जनहरूमाथि अनुग्रह गर्नको निम्ति नै हजूरले यो रूप सर्वप्रथम धारण गर्नुभएको हो ।।२।। हे परमात्मन्! हजूरको 'आनन्द मात्र, निर्विकल्प (भेदरहित), अखण्ड, तेजोमय जुन निर्गुण स्वरूप छ त्यसलाई म हजूरको यस रूपदेखि भिन्न देख्तिनँ। हजूरको यै मूर्तिबाट विश्वको उत्पत्ति हुन्छ, तर यो मायामय विश्वदेखि विभिन्न छ, यसैको विभूतिबाट सम्पूर्ण इन्द्रिय

औ तत्त्व उत्पन्न भएका हुन्; अतः यै मुख्य मूर्तिलाई उपासनीय संझेर यसको शरणमा आएको हुँ ॥३॥ हे त्रिभुवन मङ्गल ! आफ्नो उपासना गर्ने हामीहरुको कल्याणका निमित्त नै हजूरले ध्यानमा मलाई यो रूप देखाउनुभएको हो । नरकभागी (पापात्मा) विषयासक्त जीवले मात्र हजूरको यस रूपको निरादर गर्दछन् । म ता हजूरलाई यै रूपमा वारम्वार नमस्कार गर्दछु ॥४॥ देवरूप वायुद्वारा ल्याइएको हजूरको चरणारविन्दको सुगन्ध (सुयश वा कथा) जो आफ्नो कानको प्वालद्वारा ग्रहण गर्दछन् त्यस्ता आफ्ना भक्तजनको हृदयकमलदेखि कहिले पनि हजूर टाढा रहनुहुन्न, किनकि यिनीहरु दृढभक्तिरूप डोरीले हजूरको पादपद्मलाई बाँधिराख्तछन् ॥५॥ जबसम्म मानिस हजूरको अभयप्रद चरणारविन्दको आश्रय लिदैन तबसम्म त्यसलाई धन, घर र बन्धुजनले गर्दा प्राप्त हुने भय, शोक, लालसा, दीनता औ अत्यन्त लोभ आदिले दुःख दिरहन्छन् एवं तबसम्म त्यसमा "म हुँ, मेरी स्वास्नी हो" यस्तो असत् आग्रह रहन्छ, जो कि दुःखको एक मात्र कारण हो ॥६॥ जो मानिस समस्त अमङ्गललाई नष्ट गर्ने हजूरको श्रवण-कीर्तनादि चर्चादेखि इन्द्रियहरुलाई हटाएर अर्थात् विमुख भएर विषयवासनारूप लेश मात्र सुखको निम्ति दीन औ मनैमनमा लालायित भएर निरन्तर अमङ्गल काम्यकर्ममा लागिरहन्छन्, ती विचराको बुद्धिलाई दैवले हरेकै भन्नु-पर्दछ ॥७॥ भोक-प्यासले, कफ-वात-पित्त यी तीन धातुले, तथा शीत-ग्रीष्म-आँधी-पानीले एवं परस्पर एउटाले अर्कोबाट र कामाग्नि तथा दुःसह क्रोधले गर्दा यस संसारलाई वारम्वार पीडित भएको देख्ता हे अच्युत ! हे उरुक्रम ! मेरो मन बडो खिन्न हुन्छ ॥८॥ हे ईश ! जबसम्म मानिस इन्द्रिय र विषयरूपी मायाको प्रभावले आफूलाई हजूरदेखि फरक देख्तछ तबसम्म त्यसको निम्ति यो संसार-चक्रको निवृत्ति हुन सक्तैन । यो संसार-चक्र मिथ्या भए तापनि कर्मफलभोगको आश्रय हुनाले देहाभिमानलाई त्याग्न नसक्नेलाई त्यसले नाना प्रकारका दुःखमा पारिराख्तछ ॥९॥

हे देव ! अरूको ता के कुरा, हजूरको कथा-प्रसङ्गदेखि विमुख रहने साक्षात् मुनिहरुले समेत संसार चक्रमा पर्नुपर्दछ; यिनीहरु दिनमा नाना प्रकारको काममा लिप्त रहनाले विक्षिप्त चित्त भएका हुन्छन्, रात्रिको समयमा निद्रामा अचेत भएर पडिरहन्छन्, त्यस समयमा पनि किसिम किसिमका अभिलाषाले गर्दा छिनछिनमा यिनीहरुका निद्रा भङ्ग हुन्छ औ द्रव्यप्राप्तिका लागि यिनका सबै उद्योग दैवले गर्दा व्यर्थ भइ-रहन्छन् ॥१०॥ हे नाथ ! हजूरको मार्ग ता केवल गुणश्रवणले नै जान्न सकिन्छ, हजूर मानिसको भक्तिभावले परिशुद्ध भएको हृदय-कमलमा विराजमान रहनुहुन्छ । हे पुण्यश्लोक प्रभो ! आफ्ना भक्तहरू जुन जुन भावनाले हजूरको चिन्तन गर्दछन् ती सज्जनहरूलाई अनुग्रह गर्नाको निम्ति हजूर पनि त्यै त्यै रूप धारण गर्नुहुन्छ ॥११॥ हे भगवन् ! हजूर एक मात्र हुनुहुन्छ तथा सम्पूर्ण प्राणीको अन्तः-करणमा रहनुभएको उनको परम हितकारी अन्तरात्मा हुनुहुन्छ, यसैकारणले सम्पूर्ण

प्राणीमाथि दया गर्नाले जत्तिको प्रसन्न हुनुहुन्छ त्यत्तिको ता हृदयमा नाना प्रकारको कामना राख्ने देवताहरूद्वारा किसिम किसिमका सामग्रीले पूजित भए तापनि प्रसन्न हुनुहुन्न, तर सर्व प्राणी-माथिको दया असत् पुरुषका लागि अत्यन्त दुर्लभ छ ॥१२॥ सकाम भावले हजूरको अनु-ग्रहको प्राप्ति होला भन्ने कुरा बडो कठिन छ, अतः अनेक यज्ञ, दान, कठिन तपस्या तथा व्रतादिद्वारा हजूरको आराधना गर्नु र यी कर्मको फल हजूरलाई अर्पण गर्नु नै मानिसको शुभ कर्मको फल हो । हजूरलाई अर्पण गरेको धर्म कहिले पनि नाश हुन्न ॥१३॥ सदासर्वदा आफ्नो आफ्नो स्वरूपको प्रकाशले नै प्राणीमा रहने भेद-भ्रमरूप अन्धकारलाई नाश गरिदिने, ज्ञानका आश्रय साक्षात् परम पुरुष हजूरलाई नमस्कार गर्दछु । संसारको उत्पत्ति, स्थिति औ संहार गर्नको निम्ति मायामयी जति लीला हुन्छन्, ती सब हजूरका खेल हुन्, यस्ता परमेश्वर हजूरलाई वारंवार नमस्कार गर्दछु ॥१४॥ प्राण त्याग गर्ने समयमा जसको अवतार, गुण र कर्मलाई सूचित गर्ने देवकीनन्दन, भक्तवत्सल, जनार्दन इत्यादि नामलाई विवश भएर पनि उच्चारण गर्नेहरु आफ्ना अनेक जन्मका पापबाट तत्काले छुट्कारा पाई माया आदि आवरण-देखि रहित भएर ब्रह्मपदमा पुग्दछन् त्यस्ता जन्मरहित हजूरको म शरण लिन्छु ॥१५॥ जुन भगवान् जगत्को उत्पत्ति, स्थिति औ प्रलयको निम्ति आफ्नो मूल प्रकृतिलाई स्वीकार गरी मेरो, आफ्नो औ महादेवजीको रूपले तीन प्रधान शाखामा विभक्त भई प्रजापति औ मनु आदिरूपले फैलिएर खूबसंग फिंजिनुभएको छ, ती विश्ववृक्षरूप परमात्मालाई नमस्कार गर्दछु ॥१६॥ आफ्नो आराधनालाई नै हजूरले मानिसका लागि कल्याणकारी धर्म बताउनुभएको छ, तर यस धर्मको वास्ता नराखी जो मानिस विपरीत (निषिद्ध) कर्ममा लाग्दछन् तिनको जीवनाशालाई सदा सावधान रहेर जसले छिटो छिटोसंग काटिरहेको छ त्यो बलवान् काल पनि हजूरकै रूप हो, म त्यस्ता कालरूप भगवान्लाई नमस्कार गर्दछु ॥१७॥ सत्यलोकको अधिष्ठाता तथा दुई परार्धसम्म रहने हुनाले समस्त लोकद्वारा वन्दनीय छु तापनि म हजूरको त्यो कालरूपदेखि डराइराख्तछु । यो कालदेखि बच्न तथा हजूरलाई भेट्टाउनलाई नै मैले अनेक वर्षसम्म तपस्या गरेको हुँ । हजूर नै अधि यज्ञरूपले यस तपस्याको साक्षी हुनुहुन्छ—हजूरलाई म नमस्कार गर्दछु ॥१८॥ आफूले बनाएको सेतुको अर्थात् धर्ममर्य्यादाको रक्षाका लागि पशु, पक्षी, मनुष्य, देवता आदि जीवयोनिमा आफ्नै इच्छाले शरीर धारण गरी अनासक्तभावले क्रीडा गर्ने भगवान् पुरुषोत्तमलाई नमस्कार छ ॥१९॥ प्रमाण, विपर्यय, विकल्प, निद्रा औ स्मृति यी अविद्याका पांच वृत्तिमध्ये हजूर कसैको पनि अधीन हुनुहुन्न तापनि अहिले सम्पूर्ण जगत्लाई आफ्नो उदरमा लीन गराई भयङ्कर तरङ्गमालाले युक्त भएको प्रलयकालीन जलमा शेषजीको शरीररूपी कमलो शय्यामा सुतिराख्नुभएको छ; हजूरको शयन पूर्वकल्पका कर्मपरम्पराले थकित भएका जीव-हरुलाई विश्राम दिनको निम्ति नै हो ॥२०॥ हजूरको नाभिकमलरूप भवनबाट मेरो जन्म

भएको हो। हजूरकै कृपाले म हजूरको उदरमा लीन भएको तीनै लोकका सृष्टिरूप उपकारमा प्रवृत्त भएको हुँ । यस समयमा योग-निद्राको अन्त्य भएकोले हजूरका नेत्रकमल उदरस्थ ब्रह्माण्डको सृष्टिका लागि विकसित भइराखेका छन्। यस्ता हजूरलाई मेरो नमस्कार छ ॥२१॥ हजूर सम्पूर्ण संसारको एक मात्र सुहृद् औ आत्मा हुनुहुन्छ, शरणागतहरूमाथि कृपा गर्ने पनि तपाईं नै हुनुहुन्छ; जुन ज्ञान औ ऐश्वर्यले जगत्‌लाई आनन्दित गर्नुहुन्छ तिनै ज्ञान औ ऐश्वर्य मलाई पनि बक्सयोस् जसद्वारा कि म जगत्‌को पहिलेको जस्तो गरी सृष्टि गर्न सकूँ ॥२२॥ श्रीहरि आफ्ना शरणगतहरुको इच्छा पूर्ण गर्नुहुन्छ। आफ्नो शक्ति लक्ष्मीको सहित भई अनेक अवतार लिएर उहाँले जति जति अद्‌भुत काम गर्नुहुनेछ, जगत्‌को रचना गर्ने मेरो यो उद्यम पनि तिनैमध्येको एउटा हो, अतः यसको रचना-समयमा मेरो चित्तलाई प्रेरित गर्नोस्, शक्ति प्रदान गर्नोस, जसले गर्दामा विश्वको रचना गर्ने विधाता म हुँ भन्ने यो अभिमानरूप मनले म त्याग गर्न सकूँ ॥२३॥ यो प्रलयकालीन जलमा शयन गरिराख्नुभएको अनन्त शक्ति परम पुरुषको नाभिकमलबाट विज्ञानशक्ति (महत्तत्त्व) स्वरूप म उत्पन्न भएको हुँ । उहाँको यो विचित्र रूप (विश्वमय विराट् शरीर) को विस्तार अर्थात् लोकरचना गर्ने समयमा उहाँकै कृपाले मेरो वेदरूप वाणीको उच्चारण नष्ट नहोओस् अर्थात् सृष्टिमा लिप्त रहँदा उहाँको महिमाको ज्ञान गराउने वेदको विस्मृति नहोओस् ॥२४॥ यी कृपासागर पुराणपुरुष भगवान्‌ले प्रेमपूर्ण हास्यसहित आफ्नो नेत्रकमल खोलेर विश्वको सृष्टिको निम्ति तथा मेराउपर अनुग्रह गर्नलाई शेषशय्याबाट उठेर अर्थात् ब्युँझेर आफ्नो मधुर वाणीले "कसरी सृष्टि गर्ने हो" भन्ने मेरो यस खेदलाई दूर गरून् ॥२५॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुरजी! यस प्रकारसंग तप, विद्या औ समाधिद्वारा आफ्नो उत्पत्तिस्थान अर्थात् भगवान्‌लाइ देखेर तथा आफ्नो मन औ वाणीको अनुसार उहाँको स्तुति गरेर ब्रह्माजी थाकेको जस्तो भई मौन हुनुभयो ॥२६॥ जब श्रीमधुसूदन भगवान्‌ले ब्रह्माजीलाई प्रलयसागरको अनन्त जलराशि देख्ता मनमा हडबडाएको तथा लोकरचनाको विषयमा कुनै निश्चित विचार नभएकोले चित्त बडो खिन्न भइराखेको देख्नुभयो तब ता ब्रह्माको अभिप्राय बुझेर आफ्नो गम्भीर वाणीले उहाँको खेद शान्त गर्दै भन्न लाग्नुभयो ॥२७-२८॥

भगवान्‌ले भन्नुभयो—

हे वेदगर्भ! खिन्न भएर आलस्य नगर, सृष्टि-रचनाको उद्योगमा तत्पर भइहाल, मबाट तिमी जुन कुराको इच्छा गर्दछौ त्यसको ता मैले पहिले नै प्रबन्ध गरिसकेको छु ॥२९॥ एकचोटि फेरि तपस्या गरेर मेरो उपासनासम्बन्धी विद्याको अभ्यास गर अर्थात् तपद्वारा मेरो ज्ञान प्राप्त गर । हे ब्रह्मन्! ती तप औ उपासनाको सहायताले आफ्नै हृदयभित्र सम्पूर्ण लोक स्पष्टसंग देख्न सक्नेछौ ॥३०॥ फेरि मेरो भक्तिले युक्त भएको चित्तलाई एकाग्र गरेपछि तिमीले आफ्-

लाई औ सम्पूर्ण लोकलाई ममा औ सम्पूर्ण लोकमा एवं आफूमा मलाई व्याप्त देख्ने-छौ ॥३१॥ जब जीव, जसरी काठमा अग्नि व्याप्त छ त्यसै गरी समस्त प्राणीमा मलाई व्याप्त देख्न थाल्दछ त्यै वेलामा त्यो आफ्नो अज्ञान-रूप मललाई दूर गरिदिन्छ ॥३२॥ जब जीव पञ्चतत्व, इन्द्रिय, गुण औ अन्तःकरणदेखि रहित शुद्ध आत्मालाई आफ्नो रूप अर्थात् आफूलाई म परमात्मादेखि अभिन्न देख्न थाल्दछ त्यै वेलामा त्यसले मोक्षपद प्राप्त गर्दछ ॥३३॥ सबैमाका श्रेष्ठ हे ब्रह्माजी ! मेरो ठूलो अनुग्रहले नाना प्रकारको कर्म संस्कारको अनुसार किसिम किसिमका प्रजालाई उत्पन्न गर्दा पनि तिम्रो चित्त कहिले मोहित हुनेछैन ॥३४॥ प्रजा उत्पन्न गर्ने समयमा पनि तिम्रो मन ममा नै लागि-राखेको छ तसर्थ तिमी आदि ऋषिलाई यो महापापी रजोगुणले कदापि आफ्नो वशमा गराउन सक्नेछैन ॥३५॥ देहधारी जीवलाई मेरो ज्ञान हुन बडो कठिन छ तापनि तिमीले मलाई चिन्यौ किनकि तिमी मलाई पञ्चभूत, इन्द्रिय, अहङ्कार एवं मायाको गुणदेखि रहित देख्तछौ ॥३६॥ "मेरो कुनै आश्रय छ कि छैन" यस सन्देहले तिमी कमलको डाँठद्वारा जलमा त्यसको मूल खोजिराखेका थियौ, यसैकारणले मैले तिमीलाई आफ्नो यो स्वरूप तिम्रै अन्तःकरणमा देखाएको हो ॥३७॥

ए प्यारा ब्रह्माजी ! मेरो कथाको वैभवले युक्त भएको स्तुति जो तिमीले गर्‍यौ औ तपस्यामा जो तिम्रो रुचि हुन गयो सो सब मेरै कृपाको फल हो ॥३८॥ लोकरचनाको इच्छाले आपातदृष्टिले सगुण देखिनेभए तापनि निर्गुण रूपले वर्णन गरेर तिमीले जो मेरो स्तुति गर्‍यौ त्यसैले तिमीदेखि म खूब खुशी छु, तिम्रो कल्याण होओस् ॥३९॥ म समस्त कामना औ मनोरथ पूर्ण गर्नसक्तछु । नित्यप्रति यस स्तोत्रद्वारा स्तुति गरेर जसले मेरो भजन गर्दछ त्योसित म चाँडै नै प्रसन्न हुनेछु ॥४०॥ तत्व जान्ने विद्वान्हरूको मतअनुसार पूर्त (इनार, पोखरी इत्यादि खनाउनु), तप, यज्ञदान, योग औ समाधि आदि साधनद्वारा प्राप्त हुने जति कल्याणमय फल छ त्यै नै मेरो प्रसन्नता हो ॥४१॥ हे विधाता! म नै आत्माहरूको आत्मा हुँ अर्थात् देहाभिमानी जीव मेरै अंश हो । यसैकारण प्यारा वस्तु-हरू मध्ये अत्यन्त प्यारो छु । मेरो अर्थात् आत्माको संयोगले नै देह प्यारो हुन्छ, म नभएमा त्यो अप्रिय हुन जान्छ तसर्थ ममा भक्ति गर्नु उचित छ ॥४२॥ ए ब्रह्माजी ! तीनै लोक-लाई तथा ममा लीन भएका सम्पूर्ण प्रजालाई मबाट उत्पन्न भएको आफ्नो सर्ववेदमय स्वरूपले पहिले जस्तै गरी फेरि उत्पन्न गर ॥४३॥

मैत्रेयजी भन्नुहुन्छ—

यस प्रकार सृष्टिकर्ता ब्रह्मालाई यो सम्पूर्ण जगत् आफूमै अडिएको देखाएर प्रकृति औ पुरुषका स्वामी भगवान् कमलनाभ अन्तर्धान हुनुभयो ॥४४॥

अध्याय-१०

दश प्रकारको सृष्टिको वर्णन ।

विदुरजीले भने—

हे ब्रह्मन् ! भगवान् अन्तर्धान भएपछि सम्पूर्ण लोकका पितामह ब्रह्माजीले आफ्नो शरीर तथा मनबाट कति प्रकारका प्रजा उत्पन्न गर्नुभयो ॥१॥ हे भगवन् ! यसबाहेक तपाईंसित जति कुरा सोधेको छु तिनको पनि क्रमशः वर्णन गरेर मेरो सबै संशय दूर गरिदिनोस्, किनकि तपाईं ता सबै बहुज्ञमा श्रेष्ठ हुनुहुन्छ ॥२॥

सूतजी भन्दछन्—

हेशौनकजी ! विदुरजीले यसरी सोधेपछि मुनिवर मैत्रेयजी बडो खुशी हुनुभयो र आफ्नो हृदयमा रहेका विदुरका ती प्रश्नको यस प्रकारसग उत्तर दिन लाग्नुभयो ॥३॥

मैत्रयजीले भन्नुभयो—

अजन्मा पुरुषोत्तम भगवान्‌ले जस्तो भन्नुभएथ्यो त्यसै गरी ब्रह्माले पनि आत्मारूप नारायणमा मन लगाएर सय दिव्य वर्षसम्म तपस्या गर्नुभयो ॥४॥ यसपछि कमलयोनी ब्रह्माले आफ्नो आश्रयस्थान कमल र जललाई बालशक्तिको प्रभावले बढेको वायुले गर्दा हल्लिराखेको देख्नुभयो ॥५॥ आफ्नो बढेको तपस्या तथा मनोगत विवेकशक्तिले ज्ञान, बल उन्नत भएका ब्रह्माजीले त्यो प्रलयकालीन वायुलाई जलको साथसाथै पिइदिनुभयो ॥६॥ यसपछि स्वयं आफू बसेको त्यो आकाशव्यापी कमललाई देखेर "पूर्वकालमा लीन भएका तीनै लोकको म यसैद्वारा रचना गर्दछु" भन्ने यस्तो विचार उहाँले गर्नुभयो ॥७॥ अनि भगवान्‌द्वारा सृष्टि-रचना गर्ने काममा नियुक्त भएका ब्रह्माजीले त्यो कमलकोशमा प्रवेश गरी त्यै एउटा कमलको तीन भाग गरेर तिनबाट "भूः, भुवः, स्वः" रूपले तीन लोकको कल्पना गर्नुभयो । यो कमल कस्तो ठूलो थियोभने यसबाट चौध भुवन अथवा योभन्दा पनि बढ्ता लोकको रचना हुन सक्तथ्यो ॥८॥ यी तीन लोक नै जीवका निवासस्थान हुन् भनी शास्त्रमा वर्णन गरिएको छ। सकाम कर्म गर्नेहरूले यी लोक पाउँछन् औ एक कल्पसम्म यहाँ रहन्छन् तर निष्काम कर्म गर्नेहरूलाई महर्लोक, जनलोक, तपलोक र सत्यलोक रूप ब्रह्मलोकको प्राप्ति हुन्छ । यिनको स्थिति ब्रह्माको परमायु दुई परार्द्ध सम्म मानिएकोछ ॥९॥

विदुरले भने—

हे ब्रह्मन् ! नाना प्रकारको रुप धारण गर्ने, अद्‌भुत कर्म गर्ने भगवान् हरिको काल नामक शक्तिको जुन कुरा भन्नुभएथ्यो कृपया त्यसको लक्षण विस्तारपूर्वक वर्णन गरेर मलाई सुनाउनुहोस् ॥१०॥

मैत्रयले भन्नुभयो—

सत्त्वादि गुणहरूको महत्तत्त्वादिरूप परिणाममा व्यक्त हुनु नै काल हो तर वास्तवमा यो निर्विशेष औ आदि-अन्त्य नभएको छ। भगवान् परम पुरुष त्यै काललाई निमित्त बनाएर लीलाको निम्ति आफूलाई जगत्‌रूपमा उत्पन्न गर्नुहुन्छ॥११॥ पहिले यो सम्पूर्ण विश्व भगवान्‌को मायाले लीन भएर ब्रह्मरूपमा रहेको थियो, त्यसैलाई अव्यक्तमूर्ति कालद्वारा भगवान्‌ले फेरि प्रकट गर्नुभयो ॥१२॥ यो जगत् अहिले जस्तो

छ त्यस्तै पहिले पनि थियो, पछि पनि यस्तै रहनेछ। नौ प्रकारको यसको सृष्टि छ तथा प्राकृत-वैकृत भेदले अर्को एउटा दसौं सृष्टि पनि छ ॥१३॥ काल, द्रव्य औ गुणद्वारा यस विश्वको नित्य, नैमित्तिक र प्राकृत तीन प्रकारको प्रलय हुन्छ । अब म दस प्रकारको सृष्टिको वर्णन गर्दछु। पहिलो सृष्टि महत्तत्त्वको हो । भगवान्‌को सत्ताले सत्व-रज-तम यी तीन गुणमा विषमता हुनु नै महत्तत्त्व हो ॥१४॥ दोस्रो सृष्टि अहङ्कारको हो—यसबाट पृथ्वी आदि पञ्चभूत एवं ज्ञानेन्द्रियको उत्पत्ति हुन्छ । स्थूल भूतलाई उत्पन्न गर्ने शक्ति भएको पञ्चतन्मात्रारूप भूत सूक्ष्म तेस्रो सृष्टि हो ॥१५॥ इन्द्रियहरूको सृष्टि चौथो हो। यो ज्ञान तथा क्रियाशक्तिले युक्त हुन्छ । सात्त्विक अहङ्कारबाट उत्पन्न भएका इन्द्रियका अधिष्ठाता देवताहरूको सृष्टि पाँचौ हो। मन पनि यै सृष्टिभित्र पर्दछ ॥१६॥ तामिस्र,अन्धतामिस्र, तम, मोह र महामोह यी पाँच प्रकारका अविद्याको सृष्टि छैटौं हो । यो अविद्या जीवको बुद्धिको आवरण औ आक्षेप गर्ने हो—यी छ प्राकृतिक सृष्टि हुन्। अब वैकृत सृष्टिको पनि वर्णन सुन ॥१७॥

यो वैकृतसर्ग रजोगुणावलम्बी भगवद्‌बुद्धि ब्रह्माको लीला (रचना) हो। छ प्रकारका स्थावर वृक्षहरूको सृष्टि सातौं सृष्टि हो—वैकृत सृष्टिमा यो प्रधान मानिएको छ ॥१८॥ वनस्पति (वर, पिप्पल आदि जो नफुलीकन फल्दछन्), औषधि (फल पाकेपछि नष्ट हुने जस्तै धान, गहूँ), लता (रूख आदिमा चढेर फैलिने) त्वक्‌सार (साह्रो बोक्रा भएको जस्तो बाँस), वीरुध (माथि नचढेर खालि भूईंमा फैलिने जस्तै खरबूजा,तरबूजा), द्रुम (पहिले फुल्ने र अनि त्यसैमा फल लागेर पाक्ने जस्तै आम, जामुनो) यी छ प्रकारका स्थावर हुन् । यिनमा ज्ञानशक्ति प्रकट हुन्न, भित्रैभित्र केवल स्पर्शको अनुभव गर्दछन् । यिनीहरूमध्ये प्रत्येकमा कुनै विशेष गुण हुन्छ । यिनको आहारा तल जराबाट माथितिर जान्छ ॥१९॥ तिर्य्यक् योनि (पशु-पक्षी) को सृष्टि आठौं हो । यिनका अट्ठाईस भेद मानिएका छन् । यिनलाई कालको ज्ञान हुन्न । तमोगुण अधिक हुनाले केवल खान, पिउन, मैथुन गर्न, सुत्न जान्दछन्। सुँघेर नै यिनलाई वस्तुको ज्ञान हुन्छ, हृदयमा कुनै प्रकारको विचार-शक्ति हुँदैन ॥२०॥ यी अट्ठाईस प्रकारका तिर्यग् जीवमा हे साधुश्रेष्ठ ! गाई, बाख्रा, भैंसी, कृष्णसार मृग, सुँगुर, नीलगाई हरू (मृग, विशेष), भेडा, ऊट यी नौलाई द्विशफ (चिरिएको खुर भएको) भन्दछन् ॥२१॥ गधा, घोडा, खच्चर, गौरमृग, शरभ र चौंरी गाई खुर नफट्टिएका हुनाले यिनलाई एकशफ (एक खुर भएको) भन्दछन् । हे विदुर ! अब पाँच नङ भएका पशुको नाम सुन ॥२२॥ यी कुक्कुर, स्याल, ब्वाँसो, बाघ, बिरालो, चौघडा, शल्लक, सिंह, बानर, हात्ती, कछुवा, गोही, मगर आदि पशु हुन् ॥२३॥ बकुल्ला, गिद्ध, बट्टाईं, बाज, भास, भल्लूक, मयूर, हाँस, सारस, चखेवा, कौवा, लाटोकोसेरो आदि जीवलाई पक्षी भन्दछन ॥२४॥ हे विदुरजी ! नवौं सृष्टि मनुष्यको हो । यो एकै प्रकारको हुन्छ। यिनको आहाराको प्रवाह माथि (मुख) बाट

तलतिर हुन्छ । यी रजोगुण प्रधान, कर्मपरायण र दुःखरूप विषयमा नै सुख मान्ने हुन्छन् ।।२५।। हे साधुश्रेष्ठ ! स्थावर, तिर्यक् र मनुष्य यी तीन प्रकारका सृष्टि र अब कहिने देवसर्ग वैकृत सृष्टि हो। महत्तत्त्वादिरूप वैकारिक देवसर्गको गणना अघि प्राकृत सर्गमा गरिसकिएको छ। यीबाहेक सनत्कुमार आदि ऋषिहरुको कौमार-सर्ग प्राकृत-वैकृत दुवैथरी मिसिएको हो।।२६।। देवता, पितृ, असुर, यक्ष गन्धर्व-अप्सरा, राक्षस, सिद्ध-चारण, विद्याधर, भूत-प्रेत, पिशाच र किन्नर-किम्पुरुष आदि भेदले देवसृष्टि आठ प्रकारको छ । हे विदुर ! यस प्रकारसंग जगत्-कर्ता ब्रह्माजीले रचेका यी दस प्रकारका सृष्टि मैले तिमीलाई भनें ।।२७-२८।। अब म वंश र मन्वन्तरादिको वर्णन गर्दछु । यसप्रकारसँग सृष्टि गर्ने सत्यसङ्कल्प भगवान् हरि नै ब्रह्माको रूपले प्रत्येक कल्पको शुरूमा रजोगुणले व्याप्त भई स्वयं आफैं सम्पूर्ण जगत्को उत्पत्ति गर्नु-हुन्छ ।।२९।।

अध्याय--११
मन्वन्तरादिको काल-परिमाण, मनुष्य देवादिक आयु।

मैत्रेयजीले भन्नुभयो—

कार्यरूप पृथ्वी आदि स्थूल पदार्थको अन्तिम भागलाई (जसको अर्को विभाग हुन सक्तैन), जो कार्य्यावस्थामा पनि प्राप्त हुन सक्तैन एवं जसको अर्को परमाणुको साथमा संयोग पनि भएको छैन परमाणु भन्दछन्। यस्ता अनेक परमाणुको परस्पर संयोग भएपछि मानिसलाई यो पदार्थ रहेछ भन्ने भ्रम हुन्छ ।।१।। परमाणु नै पृथ्वी आदि पदार्थको अन्त्य भाग हो; अवस्था-न्तरमा प्राप्त नभई आफ्नो सामान्य स्वरूपमा स्थित रहँदा उसको जुन ऐक्य हुन्छ त्यसको नाम "परम महत्" हो। यस समयमा यसमा न ता प्रलयादि अवस्थाभेदको स्फूर्ति हुन्छ, न नवीन-प्राचीन आदि कालभेदको भान हुन्छ औ न घटपटादि वस्तुभेदको कल्पना हुन्छ ।।२।। हे साधुश्रेष्ठ ! यस किसिमले यो, वस्तुको सूक्ष्म औ महान् रूपको विचार भयो। यै जस्तै परमाणु आदि अवस्थामा व्याप्त भएर, स्वयं अव्यक्त भएर पनि व्यक्त पदार्थको भोग गर्ने, उत्पत्ति आदि कार्यमा चतुर काल भगवान्को पनि सूक्ष्मता औ स्थूलताको अनुमान गर्न सकिन्छ ।।३।। जुन काल, यस जगत् प्रपञ्चको परमाणु अवस्थाको भोग गर्दछ त्यो परमाणु (अत्यन्त सूक्ष्म) हो औ जुन काल सृष्टिदेखि लिएर प्रलयपर्य्यन्त यसको सम्पूर्ण अवस्थाको भोग गर्दछ त्यसलाई परम महान् भन्दछन् ।।४।।

दुई प्ररमाणु मिलेर एक अणु औ तीन अणु मिल्नाले एक त्रसरेणु हुन्छ। यो त्रसरेणु झ्याल-बाट पसेको सूर्यको किरणको प्रकाशमा शून्यमा उडिराखेको देखिन्छ ।।५।। यस्ता तीन त्रसरेणु पार गर्न सूर्यलाई जति समय लाग्दछ त्यसलाई "त्रुटि" भन्दछन्। यसको सय दोब्बर काललाई "वेध" भन्दछन्;तीन वेधको एक लव हुन्छ ।।६।। तीन लवलाई एक निमेष औ तीन निमेषलाई

एक "क्षण" भन्दछन् । पांच क्षणको एक काष्ठा औ पन्ध्र काष्ठाको एक "लघु" हुन्छ ॥७॥ पन्ध्र लघुलाई एक नाडिका (दण्ड) औ दुई नाडिकालाई एक मुहूर्त भन्दछन् । छ या सात (दिन-बढेकोमा सात र घटेकोमा छ) नाडिकाको एक "प्रहर" हुन्छ । यसलाई "याम" भन्दछन् । यो प्रहर मनुष्यको दिन वा रात्रीको चतुर्थ भाग हो (अर्थात् दिन या रात्रिमा चार चार प्रहर हुन्छन्) ॥८॥ एक सेर जल अटाउने छ छटाक तामाको एउटा भांडा बनाउनू र त्यसको बीचमा चार मासा सुनको चार अङ्गुल लामो सियोले प्वाल पार्नू । त्यस प्वालबाट जति समयमा एक सेर पानी त्यस भाँडाबाट निस्केर जान्छ त्यति समयलाई एक नाडिका थवा दण्ड भन्दछन् ॥९॥ हे विदुरजी ! मानिसको दिन र रात चार चार प्रहरको हुन्छ । पन्ध्र दिन-रातको एक पक्ष हुन्छ, यो पक्ष शुक्ल औ कृष्णको भेदले दुई प्रकारको मानिएको छ ॥१०॥ यी दुई पक्ष मिलाएर एक महीना हुन्छ र यो पितृहरूको एक दिन-रातको बराबर छ। दुई महीनाको एक ऋतु औ छ महीनाको एक अयन हुन्छ । अयन दक्षिणायन र उत्तरायणको भेदले दुई प्रकारको हुन्छ । यी दुवै अयन मिलेर देवताहरूको एक दिन-रात हुन्छ। बाह्र महीनाको एक वर्ष हुन्छ । यस्ता सय वर्ष मानिसको परमायु मानिएको छ ॥११-१२॥ चन्द्रमा आदि ग्रह, अश्विनी आदि नक्षत्र औ समस्त तारामण्डलका अधिष्ठाता कालस्वरूप सूर्य भगवान् परमाणुदेखि लिएर संवत्सर-पर्यन्त कालमा द्वादशराशिरूप सम्पूर्ण भुवन-कोशको निरन्तर प्रदक्षिणा गरिरहन्छन् ॥१३॥ सूर्य, वृहस्पति, सवन, चन्द्रमा औ नक्षत्रसम्बन्धी महीनाको भेदले यो वर्षको यी पांच भेद मानिएका छन्:-संवत्सर, परिदत्सर, इडावत्सर, अनुवत्सर र वत्सर ॥१४॥ यी पांचै प्रकारका वर्षका प्रवर्तक सूर्य भगवान्को उपहारादि समर्पण गरेर पूजा गर । यी सूर्यदेव पञ्चभूत मध्येका तेजस्वरूप हुन् औ आफ्नो कालशक्तिले बीजादि पदार्थको अङ्कुर उत्पन्न गराउने शक्तिलाई अनेक प्रकारले कार्योन्मुख गर्दै मानिसको मोह निवृत्त गर्नालाई अर्थात् आयुको व्यय बताएर विषयासक्तिलाई निवृत्त गर्न अन्तरिक्षमा भ्रमण गर्दछन्; एवं यिनैद्वारा सकाम पुरुषहरूको यज्ञादि कर्मबाट प्राप्त हुने स्वर्गादि मङ्गलमय फलको विस्तार हुन्छ ॥१५॥

विदुरजीले सोध्नुभयो—

हे मुनिवर ! तपाईंले देवता, पितृ औ मानिसको परमायुको (आफ्ना आफ्ना दिनमानले सय वर्षका) वर्णन ता गर्नुभयो । अबलाई तीनै लोकदेखि बाहिर, कल्पभन्दा पनि वर्त्ता कालसम्म रहने सनकादि ज्ञानी पुण्यात्माहरूको आयुको समय वर्णन गर्नोस् ॥१६॥ ज्ञानीहरू आफ्नो योगसिद्ध दिव्यदृष्टिद्वारा सम्पूर्ण जगत्लाई देख्तछन् तसर्थ हेभगवन् ! तपाइं निश्चय काल-रूप भगवान्को गति राम्रै गरी जान्नुहुन्छ ।१७॥

मैत्रेयजीले भन्नुभयो—

विदुरजी ! सत्य, त्रेता, द्वापर र कलि यी चार युग आफ्नो संध्या औ सन्ध्यांशसहित देवताहरूको बाह्र हजार वर्षसम्म रहन्छन् भनेर मानिएको छ ॥१८॥ यी सत्यादि चार युगमा क्रमशः चार, तीन, दुई र एक हजार दिव्य वर्ष हुन्छन् औ प्रत्येकमा जति हजार वर्ष हुन्छ त्यसको दोब्बर सय वर्ष उनको

संध्या औ संध्यांशमा हुन्छ [१] ॥१९॥ युगको आदिमा सन्ध्या औ अन्त्यमा सन्ध्यांश हुन्छ, यिनको वर्षगणना क्रमशः चार, तीन, दुई र एक सय वर्ष मानिएको छ । यी संध्या र सन्ध्यांशको बीचको समयलाई कालको तत्त्व जान्ने पुरुषहरू युग भन्दछन् । प्रत्येक युगमा भिन्न भिन्न धर्मको आचरण गरिन्छ ॥२०॥ सत्य युगमा मानिसहरूमा धर्म आफ्ना चारै खुट्टाले रहन्छ, फेरि अरू अरू युगमा अधर्मको वृद्धि हुने भएकोले एक एक खुट्टा नष्ट हुंदै जान्छ ॥२१॥ ए प्यारा विदुरजी ! त्रिलोकदेखि बाहिर महर्लोकदेखि लिएर ब्रह्मलोकसम्मको एक दिन यहांको एक हजार चतुर्युगको बराबर हुन्छ औ रात्रि पनि यत्तिकै लामो हुन्छ, त्यस रात्रिमा जगद्रचयिता ब्रह्माजी शयन गर्नु हुन्छ ॥२२॥ रात्रिको अन्त्य भएपछि, यस लोकको कल्प शुरू हुन्छ अर्थात् सृष्टिकार्य पुनः आरम्भ हुन्छ । यो सृष्टिको काम ब्रह्माको दिन रहेसम्म चलिरहन्छ । यो एक कल्पमा चौध मनु भोग गर्दछन् ॥२३॥ प्रत्येक मनु एकहत्तर चतुर्युगीभन्दा केही बर्त्ता कालसम्म (७१ ६/७ चतुर्युगी) आफ्नो अधिकार भोग्दछन् । प्रत्येक मन्वन्तरमा भिन्न भिन्न मनु, मनुवंशी राजाहरू, सप्तर्षि, देवता, इन्द्र तथा उनका अनुयायी गन्धर्वादिहरू साथसाथै आफ्नो आफ्नो अधिकार भोग्दछन् ॥२४॥ चौध मनुहरूले भोग गर्ने समय ब्रह्माको दिनदिनको सृष्टि हो, जसमा कि तीनै लोकको उत्पत्ति हुन्छ । यसैमा आफ्नो आफ्नो कर्मअनुसार पशु, पक्षी, मनुष्य, पितृ औ देवताहरूको उत्पत्ति हुन्छ ॥२५॥ प्रत्येक मन्वन्तरमा भगवान् सत्वगुणको आश्रय लिएर मनु आदिको रूपमा प्रकट भई तिनैद्वारा आफ्नो पुरुषार्थ प्रकट गर्दै यस विश्वको पालन गर्नुहुन्छ ॥२६॥

कालक्रमले दिन बितेपछि ब्रह्माजी तमोगुणलाई स्वीकार गरी आफ्नो सृष्टिरचनारूप पराक्रमलाई स्थगित गरेर चुपचापसंग शयन गर्दछन् ॥२७॥ सूर्य, चन्द्रमादि नभएको त्यो प्रलयरात्रि शुरू भएपछि भूः, भुवः, स्वः यो तीनै लोक उनै ब्रह्माजीको शरीरमा लुक्तछन् ॥२८॥ यस अवसरमा शेषजीको मुखबाट निस्केको अग्निरूप भगवान्को शक्तिले जब तीनै लोक बल्न थाल्दछ, त्यस बखतमा भृगु आदि गरिएका मुनीश्वरहरू त्यस तापले आकुल व्याकुल भएर महर्लोकबाट जनलोकमा जान्छन् ॥२९॥ यै वेलामा सातै समुद्र प्रलयकालको प्रचण्ड वायुले उम्लेर माथिमाथिसम्म उचालिएका आफ्ना बडे बडे लहरीद्वारा तीनै लोकलाई डुबाइदिन्छन् ॥३०॥ त्यस प्रलयकालीन जलभित्र शेष नागको शय्यामा योगनिद्राले आँखा चिम्लेर भगवान् हरि सुत्नुहुन्छ र जनलोकनिवासी मुनिहरू उहांको स्तुति गर्दछन् ॥३१॥ यस प्रकारसंग कालको गतिले एक एक हजार चतुर्युगको रूपले उपलक्षित दिन-रातद्वारा ब्रह्माको सय वर्षको परमायु पनि बित्न लागेको जस्तो देखिन्छ ॥३२॥

१. सत्ययुगमा ४००० वर्ष युगको र ८०० वर्ष सन्ध्या औ सन्ध्यांशको मिलाउंदा जम्मा ४८०० वर्ष हुन्छ; यसै गरी त्रेतामा ३६००, द्वापरमा २४०० र कलियुगमा १२०० दिव्य वर्ष हुन्छन् ।

ब्रह्माको आयुको आधा भागलाई परार्ध भन्दछन् । अहिलेसम्ममा एक परार्ध बितिसकेको छ, दोस्रो चल्न लागेको छ ॥३३॥ पहिलो परार्धको शुरूमा ब्राह्मनामक बडो ठूलो कल्प भएको थियो, यसैमा ब्रह्माजीको उत्पत्ति भएथ्यो । यी ब्रह्मलाई विद्वान्हरू शब्दब्रह्म भन्दछन् ॥३४॥ त्यस परार्धको अन्त्यमा भएको कल्पलाई पाद्मकल्प भन्दछन्, किनकि यसमा भगवान्को नाभिसरोवरबाट सर्वलोकमय अर्थात् ब्रह्माण्डको कारणभूत कमल (पद्म) प्रकट भएथ्यो ॥३५॥ विदुरजी ! यस समयमा जुन कल्प चलेको छ त्यसलाई दोस्रो परार्धको आरम्भमा भएको भन्दछन् । यो वराहकल्पको नामले विख्यात छ । यसमा भगवान्ले सूकररूप धारण गर्नुभएको थियो ॥३६॥ यी द्विपरार्ध नामक काल अर्थात् ब्रह्माको पूर्ण आयु विकार रहित, अनन्त, अनादि, जगत्का आत्मा श्रीहरीको एक निमेषसमान मानिएको छ ॥३७॥ परमाणुदेखि लिएर द्विपरार्धसम्म रहने यो काल सर्वसमर्थ भए तापनि सर्वव्यापक भगवान् नारायणमाथि कुनै प्रभुता देखाउन सक्तैन । यो ता देहादिमा अभिमान राख्ने जीवनको मात्र शासन गन सक्तछ ॥३८॥

प्रकृति, महतत्त्व, अहङ्कार औ पञ्चतन्मात्रा यी आठ प्रकृतिले युक्त भएको, दस इन्द्रिय, मन र पञ्चभूत यी सोह्र विकार मिलेर बनेको यो ब्रह्माण्डको अभ्यन्तर भाग पचास करोड योजना विस्तृत छ र बाहिरपट्टि पृथ्वी आदि गरिएका सात आवरणले घेरिएको छ। यी आवरणरूप पृथ्वी आदि पदार्थको परिमाण ब्रह्माण्डको अपेक्षा उत्तरोत्तर दस दोब्बर बर्ता छ । जसमा यस्तो ब्रह्माण्ड परमाणुसमान पडिराखेको देखिन्छ औ जसमा यस्ता करोडौं ब्रह्माण्डका थुप्रा छन्, विद्वान् औ पण्डितहरू प्रधानादि समस्त कारणका कारण यिनैलाई अक्षर ब्रम्ह भन्दछन् र यै नै पुराण पुरुष परमात्मा श्रीविष्णु भगवान्को श्रेष्ठस्वरूप हो ॥३९-४१॥

अध्याय-१२

ब्रह्माको सृष्टिको वर्णन ।

मैत्रेयजीले भन्नुभयो—

हे विदुर ! मैले तिमीलाई परमात्माको कालस्वरूप महिमाको यो वर्णन सुनाइहालें । अबलाई ब्रम्हाले कसरी जगत्को रचना गर्नुभयो, सो कुरा मबाट सुन ॥१॥ ब्रम्हाले सबभन्दा पहिले तम-मोह-महामोह-तामिस्र र अन्धतामिस्र नामक अज्ञानका पांच वृत्तिहरूलाई उत्पन्न गर्नुभयो ॥२॥ तर यस सृष्टिलाई अत्यन्त पापमयी देख्ता उहाँलाई प्रसन्नता भएन । तसर्थ उहाँले भगवान्को ध्यानले आफ्नो मनलाई पवित्र गराई आर्को सृष्टि गर्नुभयो ॥३॥ यसपटकमा स्वयम्भू ब्रम्हाले सनक-सनन्दन-सनातन-सनत्कुमार यी चार निवृत्तिपरायण ऊर्ध्वरेता मुनिहरूलाई उत्पन्न गर्नुभयो ॥४॥ आफ्ना यी छोराहरूलाई ब्रम्हाले भन्नुभयो— "ए छोरा हो ! प्रजा उत्पन्न गर" तर जन्मैदेखि

निवृत्तिमार्गको अनुसरण गर्ने तथा भगवान्‌को ध्यानमा तत्पर भएका उनीहरूले यसो गर्न इच्छा गरेनन् ॥५॥ आज्ञाभङ्ग गर्ने छोराहरूद्वारा यसरी अपमानित भएका ब्रम्हाजीलाई असह्य क्रोध भयो तर उहाँले यो क्रोध रोक्ने प्रयत्न गर्नुभयो ॥६॥ तर बुद्धिद्वारा रोक्तारोक्तै पनि त्यो क्रोध उत्निखेरै ब्रह्माको दुई आँखी-भूँको बीचबाट नीलो र सेतो रगको एउटा बालकको रूपमा प्रकट भइहाल्यो ॥७॥ देवताहरूका पूर्वज ती भगवान् भव (महादेव) उत्पन्न हुनासाथ "हे जगद्गुरो! हे विधाता! मेरो नामकरण गर्नोस् र मलाई बस्ने ठाउं पनि दिनोस्" भनेर रुन लागे ॥८॥

बालकको यो कुरा सुन्दा उनको प्रार्थना पूरा गर्नको निम्ति कमलयोनि भगवान् ब्रम्हाले मधुर वाणिद्वारा भन्नुभयो—"न रोऊ, अहिले नै तिम्रो इच्छा पूरा गर्दछु ॥९॥ हेदेवश्रेष्ठ! जन्मनासाथ बालक झैं हडबडाएर रोएको हुनाले प्रजागण तिमीलाई "रुद्र" नामले बोलाउनेछन् ॥१०॥ तिमीलाई बस्नको निम्ति मैले हृदय, इन्द्रिय, प्राण, आकाश, वायु, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्रमा औ तप आदि स्थानको तिमी जन्मनुभन्दा अघि नै रचना गरिदिएको छु ॥११॥ मन्यु, मनु, महिनस्, महान्, शिव, ऋतुध्वज, उग्ररेता, भव, काल, वामदेव र धृतव्रत यी एघार तिम्रा नाम हुनेछन् ॥१२॥ धी, वृत्ति, उशना, उमा, नियुत्सर्पि, इला, अम्बिका, इरावती, सुधा र दीक्षा यी एघार रुद्राणी तिम्रा स्वास्नी हुनेछन् ॥१३॥ माथि कहिएका यी स्थान र नामहरूलाई ग्रहण गरी स्त्रीसहित यी स्थान औ नामद्वारा घेरघेरै प्रजा उत्पन्न गर, किनकि तिमी प्रजापति ह्वौ" ॥१४॥

लोकपति ब्रम्हाजीको यस्तो आज्ञा पाएपछि नील-लोहित भगवान् रुद्रले बल, आकार औ स्वभावमा आफूसमानका प्रजा उत्पन्न गर्न लागे ॥१५॥ रुद्रद्वारा उत्पन्न भएका रुद्रहरुको असंख्य बगालले समस्त संसारलाई भक्षण गर्न लागेको देख्ता ब्रम्हालाई बडो शङ्का भयो ॥१६॥ र उहाँले रुद्रलाई भन्नुभयो-"हेसुरश्रेष्ठ! तिम्रा प्रजा ता आफ्नो भयङ्कर दृष्टिले मलाई औ सारा दिशालाई भस्म गर्न लागेका छन्। तिमीले सृष्टि गरेका यस्ता प्रजाको मलाई आवश्यकता छैन ॥१७॥ तिम्रो कल्याण होस्। अब तिमी समस्त प्रजालाई सुख दिने तप गर। त्यै तपको प्रभावले तिमी यस संसारलाई पहिले जस्तै गरी उत्पन्न गर्न सक्नेछौ ॥१८॥ तपद्वारा नै मानिसले इन्द्रियहरुका स्वामी, सबैको अन्तःकरणमा रहने, परमज्योतिस्वरूप भगवान्लाई सजिलोसंग पाउन सक्तछ" ॥१९॥

मैत्रेयजी भन्नुहुन्छ—

ब्रह्माको यस्तो आज्ञा सुनेपछि रुद्र "लौ हुन्छ" भनेर उहाँलाई (ब्रह्मालाई) परिक्रमा गरी तथा निजको अनुमति लिएर तपस्या गर्न भनी वनतिर लागे ॥२०॥

यसपछि भगवान्‌को शक्तिले युक्त भएका ब्रह्माले सृष्टिको निम्ति चिन्तना गर्न लाग्दा उनको शरीरबाट निम्न लिखित दस छोरा उत्पन्न भए। यिनबाट लोकको खूबै बृद्धि हुन गयो ॥२१॥ मरीचि, अत्रि, अंगिरा, पुलस्त्य,

पुलह, क्रतु, भृगु, वशिष्ठ, दक्ष औ दसौं नारद यी यिनका नाम थिए ॥२२॥ यिनमा नारद प्रजापति ब्रह्माको काखबाट, दक्ष बूढीऔंलाबाट, वशिष्ठ प्राणबाट, भृगु त्वचाबाट, क्रतु हातबाट, पुलह नाभिबाट, पुलस्त्य कानबाट, अंगिरा मुखबाट, अत्रि आँखाबाट औ मरीचि मनबाट उत्पन्न भएका हुन् ॥ २३-२४॥ त्यसपछि ब्रम्हाको दाहिने स्तनबाट धर्म उत्पन्न भए, यसमा स्वयं श्रीनारायण देव निवास गर्नुहुन्छ, उहाँको पिठ्यूँबाट अधर्मको जन्म भयो र यतैबाट संसारलाई भयभीत गराउने मृत्यु उत्पन्न भयो ॥२५॥ फेरि ब्रह्माको हृदयबाट काम, भ्रुकुटिबाट क्रोध, तल्लो ओठबाट लोभ, मुखबाट वाणी, लिङ्गबाट समुद्र, गुदाबाट पापको निवासस्थान निर्ऋति (असत्य) औ छायाबाट देवहूतिका पति भगवान् कर्दमजी उत्पन्न भए। यस तरहले यो सारा संसार जगत्कर्ता ब्रह्माजीको शरीर औ मनबाट उत्पन्न भयो ॥२६-२७॥

हे विदुरजी ! एकचोटि आफ्नी परम सुन्दरी, रूपले मनलाई हरण गर्ने कन्या सरस्वतीलाई देख्ता कन्या-कामना-शून्य भए तापनि ब्रह्माजी काममोहित हुनुभएथ्यो भन्ने हामीले सुनेका छौं ॥२८॥ पिताको बुद्धि कन्या गमनरूप अधर्ममा लागेको देख्ता उनका छोरा मरीचि आदि मुनीश्वरहरूले उनलाई प्रेमपूर्वक यसरी संझाए ॥२९॥ "हे पिताजी ! समर्थ भएर पनि मनमा उत्पन्न भएको कामको वेगलाई नरोकेर तपाईं कन्यागमनरूप महापापमा प्रवृत्त हुन लाग्नुभएको छ, यस्तो ता तपाईंभन्दा अघिका कुनै ब्रह्माले गरेनन् औ पछिका कसैले पनि गरोइनन् ॥३०॥ हे जगद्गुरो ! तपाईं जस्ता तेजस्वी पुरुषलाई ता यस्तो काम सुहाउँदैन किनकि तपाईं जस्ताको आचरणको अनुसरण गर्नाले नै संसारको कल्याण हुन्छ ॥३१॥ जुन भगवान्ले आफ्नो स्वरूपमा लीन भएको यस जगत्लाई आफ्नै तेजले प्रकट गर्नुभएको छ, उहाँलाई नमस्कार छ। यस बखतमा उहाँले नै धर्मको रक्षा गर्न सक्नुहुन्छ" ॥३२॥

आफ्ना छोरा मरीचि आदि प्रजापतिहरूले आफ्नै अगाडि यस्तो भनेका देख्ता प्रजापतिहरूका पति ब्रह्मालाई बडो लाज भयो र उहाँले उत्निखेरै त्यस शरीरलाई त्यागिदिनुभयो, त्यस घोर शरीरलाई दिशाहरूले ग्रहण गरे, यै नै कुइरो हुन गयो जसलाई अन्धकार पनि भन्दछन् ॥३३॥

एकफेरा ब्रह्माले जस्तै गरी सुव्यवस्थित रूपले कसरी सबै लोकको रचना गरूँ भनेर विचार लागेको वेलामा उहाँका चार मुखबाट चार वेद प्रकट भए ॥३४॥ यसबाहेक उपवेद र न्यायशास्त्रको साथसाथै होता, उद्गाता, अध्वर्यु, ब्रह्मा यी चार ऋत्विजहरूको कर्म, यज्ञको विस्तार, धर्मका चार चरण, चार आश्रम तथा यिनका वृत्तिहरू—यी सबै ब्रह्माजीको मुखबाट उत्पन्न भए ॥३५॥

विदुरले सोधे—

हे तपोधन ! विश्वरचयिताका स्वामी ब्रह्माजीले आफ्ना मुखबाट वेदादिको रचना ता गर्नुभयो तर कुनकुन मुखबाट कुनकुन वस्तु उत्पन्न गर्नुभयो सो पनि बताउनुहोस् ॥३६॥

मैत्रेयजीले भने—

ब्रह्माजीले आफ्ना पूर्वादि चार मुखबाट क्रमैसँग ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद उत्पन्न गर्नुभयो औ यै क्रमसँग शास्त्र (होताको कर्म), इज्या (अध्वर्युको कर्म), स्तुतिस्तोम (उद्गाताको कर्म) औ प्रायश्चित्त (ब्रह्माको कर्म)—यी चार कर्मको रचना गर्नुभयो ॥३७॥ यै प्रकारसँग आयुर्वेद (चिकित्सा शास्त्र), धनुर्वेद (शस्त्रविद्या), गान्धर्ववेद (सङ्गीत शास्त्र) औ स्थापत्यवेद (शिल्पविद्या) यी चार उपवेदको पनि क्रमैसँग आफ्ना पूर्वादि मुखबाट उत्पन्न गर्नुभयो ॥३८॥ यसपछि सर्वदर्शी भगवान् ब्रह्माले आफ्ना चारै मुखबाट इतिहासपुराणरूप पाँचौं वेद बनाउनुभयो ॥३९॥ यै क्रमसँग षोडशी र उक्थ, चयन र अग्निष्टोम, आप्तोर्याम र अतिरात्र तथा वाजपेय र गोसव—यी दुई दुई यज्ञ पनि पूर्वादि मुखबाट उत्पन्न भए ॥४०॥ विद्या-दान-तप-सत्य यी धर्मका चार चरण र बृत्तिसहितका ब्रह्मचर्यादि चार आश्रम पनि यै क्रमसँग पूर्वादि चार मुखबाट प्रकट भए ॥४१॥ यिनमध्ये सावित्र[१]-प्राजापत्य[२]-ब्राह्म[३] र बृहत्[४] यी चार वृत्ति ब्रह्मचारीका हुन्। वार्ता[५]-सञ्चय[६] शालीन[७]-शिलोञ्छ[८]-यी चार गृहस्थका वृत्ति हुन् ॥४२॥ वैखानस[९], बालखिल्य[१०], औदुम्बर[११], फेनप[१२] यी चार भेद वानप्रस्थका तथा कुटीचक्र[१३], बहूदक[१४], हंस[१५], निष्क्रिय[१६] यी चार भेद सन्यासीका हुन् ॥४३॥

यै क्रमसंग आन्विक्षिकी[१७], त्रयी[१८], वार्त्ता[१९], दण्डनीति[२०] यी चार विद्या तथा चार व्याहृति[२१] पनि ब्रह्माजीका मुखबाट उत्पन्न भए र उनको हृदयाकाशबाट ओंकार प्रकट भयो ॥४४॥ ब्रह्माका रउँबाट उष्णिक्, त्वचाबाट गात्री, मांसबाट त्रिष्टुप्, स्नायुबाट अनुष्टुप, अस्थिबाट जगती र मज्जाबाट पंक्ति छन्दकोउत्पत्ति भयो तथा उनको प्राणबाट बृहती नामक छन्द निस्क्यो। यसैगरी ब्रह्माजीका जीव स्पर्शवर्ण (कवर्गादिपञ्चवर्ण) र देह (अकारादि स्वरवर्ण) कहिन लागे ॥४५ ४६॥ उनको इन्द्रियलाई ऊष्मवर्ण (श.ष.स.ह.) र बललाई अन्तस्थ—

१. उपनयन संस्कारपछि गायत्रीको अध्ययनको निम्ति धारण गरिने तीन दीनको ब्रह्मचर्यव्रत, २ एक वर्षको ब्रह्मचर्य- व्रत. ३ वेदाध्ययनको समाप्तिसम्म धारण गरिने ब्रह्मचर्य-व्रत, ४. आयुपर्य्यन्त पालनगरिने ब्रह्मचर्यव्रत, ५ कृषि आदि अनिषिद्ध वृत्ति, ६ यज्ञादि गराउनु, ७ अयाचित बृत्ति, ८ खेत काटिसकेपछि भूइँमा पडिराखेको अन्न बटुलेर निर्वाह गर्नु, ९ खन जोत नगरिएको भूईंबाट उत्पन्न भएको अन्नबाट जीविका चलाउने, १० नयाँ अन्न पाउनासाथ पहिले सञ्चय गरेर राखेको अन्न दान दिनेहरू. ११. विहानीपख उठ्नासाथ जतापट्टि आफ्नो मुख पर्दछ त्यतैबाट फलादि ल्याएर निर्वाह गर्नेहरू, १२ आफै झरेका फलादि खाएर निर्वाह गर्नेहरू. १३ कुटी बनाएर एकै ठाउँमा बस्ने र आश्रमधर्मको पालन गर्ने. ४१. कर्मपट्टि गौण दृष्टि दिएर ज्ञानलाई प्रधान संझने, १५ ज्ञानको अभ्यास गर्नेहरू, १६ ज्ञान प्राप्त भएका परमहंस, १७ मोक्ष प्राप्त गराउने आत्मविद्या, १८ स्वर्गादि फल दिने कर्मविद्या, १९ खेती–व्यापारादिसम्बन्धी विद्या, २० राजनीति, २१ भूः भुवः स्वः यी तीन र चौथों यी तीनैओटालाई मिलाएको अथवा भूः, भुवः स्वः र चौथो महः।

वर्ण (य.ल. र. व.) भन्दछन्। ब्रह्माजीको क्रीडाबाट निषाद, ऋषभ, गान्धार, षड्ज, मध्यम धैवत र पञ्चम यी सात स्वर प्रकट भए ।।४७।। यी ब्रह्माजी शब्दमूर्ति हुन् । यिनी वैखरी (वाक्य, भाषा) रूपले व्यक्त औ प्रणव (ओंकाररूप) ले अव्यक्त छन् । यी दुई प्रकारका शब्द-ब्रह्ममाथि परिपूर्णस्वरूप परब्रह्म छन् । यिनै परब्रह्म आफ्नो नानाप्रकारको शक्तिले इन्द्रादि रूपमा प्रकट भएर देखिन्छन् ।।४८।।

कामासक्त शरीरलाई छाडेर दोस्रो शरीर धारण गरेपछि ब्रह्माजीले विश्वरचनाको विचार गर्नुभयो, तर अति समर्थ भए तापनि मरीचि आदि ऋषिहरूको सृष्टिको विस्तार अधिक नभएको देख्ता उहाँले हे विदुरजी ! फेरि विचार गर्नुभयो— "अहो ! यो कस्तो आश्चर्यको कुरो हो, मैले निरन्तर प्रयत्न गरे तापनि प्रजाको बृद्धि हुँदैन, यसबाट ता यस विषयमा दैवले नै केही वाधा पारेको हो कि भन्ने बुझिन्छ ।।४९-५१ ।। यथोचित क्रिया गर्ने ब्रह्माले यस प्रकार-सँग दैवको विषयमा विचार गरिरहेको बखतमा अकस्मात् उहाँको शरीरको दुई भाग हुन गयो "क" ब्रह्माजीको नाम हो, उहाँबाट विभक्त भएको हुनाले शरीरलाई "काय" भनेको हो । यै दुई खण्डबाट स्त्री-पुरुषको एक जोडा प्रकट भयो ।।५२।। यिनमा जुनचाहिं पुरुष थिए ती सार्वभौम सम्राट् स्वायम्भुव मनु भए र स्त्रीचाहीं ती महात्माको महारानी शतरूपा भइन् ।।५३।। त्यै वेलादेखि मिथुन (स्त्रीपुरुष-सम्भोग) धर्म-द्वारा प्रजाको वृद्धि हुन थाल्यो । महाराज स्वायम्भुव मनुले पनि शतरूपाबाट पाँच सन्तान उत्पन्न गरे ।।५४।। हे साधु श्रेष्ठ विदुरजी ! यिनमा प्रियव्रत र उत्तानपाद यी दुई छोरा र आकूति-देवहूति-प्रसूति यी तीन छोरी थिए ।।५५।। स्वायम्भुव मनुले आकूतिको रुचि प्रजापतिसँग, माहिली देवहूतिको कर्दमजीसित र प्रसूतिको दक्षप्रजापतिसँग बिहे गरिदिए । यी तीन कन्याका सन्तानबाट सम्पूर्ण जगत् परिपूर्ण भयो ।।५६।।

अध्याय—१३

वराह अवतारको कथा । ऋषिहरूले गरेको स्तुति ।

शुकदेवले भन्नुभयो—

मुनिवर मैत्रेयजीले भनेका यी कुरा सुनेपछि हेराजन् ! विदुरजीले भगवान्को कथामा अत्यन्त अनुरक्त भएर फेरि उहाँलाई सोधे ।।१।।

विदुरले भने—

हे मुने! स्वयम्भू ब्रह्माका प्यारा छोरा महाराज स्वायम्भुव मनुले आफ्नो प्यारी पत्नी शतरूपालाई पाएपछि के के गरे ।।२।। हे साधुश्रेष्ठ ! आदि-राज राजर्षि स्वायम्भुव मनुको पवित्र चरित्र मलाई सुनाउनोस् । स्वायंभुव मनु विष्णु भगवान्का शरणापन्न थिए यसैले उनको चरित्र सुन्न मलाई बडो श्रद्धा छ ।।३।। जसको हृदयमा श्रीमुकुन्दका चरणारविन्द विराजमान छन् त्यस्ता भक्तजनको गुणको श्रवण गर्नु नै मानिसको धेरै दिनसम्म अभ्यास गरिएको शास्त्रको मुख्य फल हो भन्ने

विद्वान्‌हरूका मत छ ॥४॥

शुकदेवजी भन्नुहुन्छ—

सहस्रशीर्षा श्रीहरिको चरणकमलको आश्रय लिएका विदुरका यस्ता विनयपूर्ण वचन सुनेपछि मैत्रेयजीलाई भगवत्‌कथामा बडो अनुराग उत्पन्न हुन गयो र हर्षले रोमाञ्च–युक्त भई उहाँ विदुरलाई भन्न लाग्नुभयो ॥५॥

मैत्रेयजीले भन्नुभयो—

आफ्नी भार्या शतरूपाको साथमा स्वायम्भुव मनुको जन्म भएपछि उनी बडो नम्रतासँग हात जोडेर ब्रह्मालाई भन्न लागे ॥६॥ हे भगवन् ! एक मात्र तपाईं नै सम्पूर्ण प्राणीलाई उत्पन्न गर्ने औ उनलाई जीविका प्रदान गर्ने पिता हुनुहुन्छ तथापि तपाईंका सन्तान हामीले कुन काम गर्नाले तपाईंको सेवा हुन सक्ला ॥७॥ हेपूज्यपाद ! तपाईंलाई नमस्कार गर्दछौं । हामीले गर्न सक्ने सम्पूर्ण काममध्ये कुन काम गर्नाले यस लोकमा हाम्रो कीर्ति होला औ परलोकमा सद्गति पाइएला । यस्तो काम गर्न हामीलाई आज्ञा दिनुहोस् ॥८॥

ब्रह्माले भन्नुभयो—

हे तात ! हे पृथ्वीपते ! तिम्रो कल्याण होस् । निष्कपटभावले "मलाई आज्ञा गर्नोस्" भनेर आत्मसमर्पण गरेको हुनाले तिमीदेखि म बहुतै खुशी छु ॥९॥ हे वीर ! छोराले पितालाई यै रूपमा पूजा गर्नुपर्दछ । ईर्ष्याको भाव नराखी आफूले हुनेसम्म, बडो सावधान भईकन, उनको आज्ञाको आदरपूर्वक पालन गर्नुपर्दछ ॥१०॥ अब तिमी आफ्नी यी पत्नीबाट आफूसमानका गुण भएका सन्तान पैदा गरी धर्मपूर्वक पृथ्वीको पालन गर र यज्ञद्वारा पुराण पुरुष श्रीनारायणको आराधना गर ॥११॥ प्रजापालनले हे राजन् ! मेरो ठूलो सेवा हुनेछ र प्रजाको पालन गर्न लागेको देख्ता भगवान् हृषीकेश पनि तिमीदेखि अत्यन्त प्रसन्न हुनेछन् ॥ १२ ॥ जसमाथि यज्ञमूर्ति विष्णु भगवान् प्रसन्न हुन्नन् तिनका सबै श्रम व्यर्थ जान्छन् किनकि तिनीहरू ता एक प्रकारले आफ्नै आत्माको अनादर गर्दछन् ॥१३॥

मनुले भने—

हे पापनाशन ! म अवश्य तपाईंको आज्ञाको पालन गर्नेछु तर हेप्रभो ! मैले र मेरा प्रजाले बस्ने ठाउँ बताइदिनोस् ॥१४॥ किनकि समस्त जीवको निवासस्थान पृथ्वी ता अहिले प्रलयकालीन महाजलमा डुबिराखेको छ, अतः हे प्रभो ! यी पृथ्वीदेवीको उद्धार गर्न कुनै प्रयत्न गर्नोस् ॥१५॥

मैत्रेयजीले भन्नुभयो—

पृथ्वीलाई यस प्रकारसंग अथाह जलमा डुबेको देख्ता ब्रह्माले धेरै बेरसम्म आफ्नो मनमा मैले यसलाई कसरी निकाल्ने हो भन्ने कुरा सोच्न लाग्नुभयो ॥१६॥ मैले सृष्टि गर्न लागेको वेलामा उत्पन्न भएको जलमा डुबेर पृथ्वी रसातलमा पुगिराखेकी छन् । सृष्टिकार्यमा नियुक्त भएका हामीले अब यस विषयमा के गर्ने हो । जुन प्रभुको हृदयकमलबाट म उत्पन्न भएको छु, उनैले यस विषयमा मेरो सहायता गरून् ॥१७॥

हे निष्पाप विदुरजी ! ब्रह्माले यसप्रकारसंग विचार गरिराखेको बखतमा उनको नाकको पोराबाट अकस्मात् बूढीऔंलाबराबरको एउटा सूंगुरको बच्चा निस्क्यो ॥१८॥ हे विदुरजी !

ब्रह्माले देख्दादेख्दैमा आकाशमा अडिराखेको त्यो वराह-शिशु एक्कै छिनमा बढेर हात्ती जत्रो हुन गयो । यो ता एउटा बडो विचित्रको कुरा भयो ॥१९॥ त्यो विशाल बराह मूर्तिलाई देख्ता मरीचि आदि मुनि, सनकादि र स्वायम्भुव मनु-सहित ब्रह्माजी थरीथरीको विचार गर्न लाग्नु-भयो ॥२०॥ अहो ! शूकरको रूपमा आज यो कुन दिव्य प्राणी यहाँ उपस्थित भएको हो । भर्खर मेरो नाकको पोराबाट निस्कँदा यो बूढी-औंलाको टुप्पा बराबर थियो तर छिनमा नै बढेर बडेमानको शिलासमान भयो, यो ता बडो आश्चर्यको कुरो हो । शायद यिनी यज्ञपुरुष भगवान् ता होइनन् जो मेरो मनलाई आफ्नो मायाले मोहित गर्न लागेका छन्? ॥२१-२२॥

ब्रह्मा र उनका छोराहरूले यस प्रकारसंग विचार गरिरहेकै बखतमा भगवान् यज्ञपुरुष ठूलो पर्वतसमान भएर गर्जन लाग्नुभयो ॥२३॥ भगवान् हरिले आफ्नो यस गर्जनाले दसै दिशालाई गुञ्जायमान गराइदिनुभयो । यस गर्जनाले ब्रह्मा तथा मुनीश्वरहरूलाई बडो आनन्द भयो ॥२४॥ आफ्नो खेदलाई नष्ट गर्ने किसिमको मायामय भगवान् वराहको घर्घर शब्द सुनेर जनलोक-तपलोक र सत्यलोकमा बस्ने मुनिहरू तीनै वेदको पवित्र मन्त्र पढ्दै उहांको स्तुति गर्न लागे ॥२५॥ ती महात्माहरूको मुखबाट आफ्नो गुणानुवादरूप वेदको पाठ सुनेर गजराजको जस्तो लीला गर्ने ती यज्ञमूर्ति भगवान् देवताहरूको कल्याण गर्नाका निमित्त एकचोटि फेरि घोर गर्जना गरेर प्रलय-कालीन जलमा पस्नुभयो ॥२६॥ जलमा प्रवेश गर्दाखेरि पुच्छर माथि उचालेका, साह्रो शरीर औ छालामा बडो ठर्रो रउँ भएका, आकाशचारी, पृथ्वीको उद्धार गर्न वराह भगवान् गर्दनका रउँ फट्कार्दै खुरको आघातले बादललाई छ्यात्त-ब्यात्त पार्दै, सेता सेता दाह्रा र नेत्रको प्रकाशले अन्धकारलाई नाश गर्दै शोभित हुन लाग्नु-भयो ॥२७॥ त्यस समयमा शूकरको रूप धारण गरेकोले स्वयं साक्षात् यज्ञपुरुष भए तापनि उहांले सुँघीसुँघीकन पृथ्वीको पत्तो लगाइराख्नुभएको थियो । कठोर दाह्राले गर्दा बडो क्रूर देखिए तापनि स्तुति गर्न लागेका मरीचि आदि मनुहरू-लाई बडो सौम्य दृष्टिले हेर्दै उहांले जलमा प्रवेश गर्नुभयो ॥२८॥ वज्रमय पर्वतसमानको साह्रो शरीर जलमा पर्नाले पेट फुट्न गएको समुद्र मेघ गर्जे जस्तो शब्द गर्दै, तरङ्गरूपी ठूला ठूला हात उठाएर आर्त्तस्वरले "हे यज्ञेश्वर ! मेरो रक्षा गर" भनेर चिच्याउन लागेको जस्तो पो देखियो ॥२९॥ यसपछि यज्ञमूर्ति भगवान् वाणसमानका आफ्ना तीखा खुरले जललाई चिर्दै त्यस अपार जलराशिको पारीपट्टि रसातलमा पुग्नुभयो र त्यहां समस्त प्राणीको आश्रयस्थान पृथ्वीलाई देख्नुभयो, जुन पृथ्वीलाई शयन गर्न उद्यत हुनुभएको भगवान्ले प्रलय समयमा आफ्नै उदरमा लीन गराउनुभएको थियो ॥३०॥

यसपछि जलमा डुबेको पृथ्वीलाई आफ्नो दाह्राले रसातलबाट माथि ल्याउनुभयो । यस समयमा भगवान् बहुतै शोभित हुनुभएको थियो । जलबाट बाहिर निस्कंदा बाटोमा विघ्न पार्नको निम्ति महापराक्रमी हिरण्याक्षले उहांमाथि गदाले आक्रमण गर्‍यो । यसमा भगवन्लाई बडो रिस

उठ्यो—कोपको आवेशले मुख सुदर्शनचक्र-समान रातो हुन गयो र जसरी सिंहले हात्तीलाई मार्दछ त्यसै गरी उहांले त्यो दैत्यलाई खेलेको जस्तो गरेर मारिदिनुभयो। त्यस वेला दैत्यको रगतले थुतुनो र गण्डस्थल रातो भएकोले भगवान्, रातोमाटोको हिलोमा टक्कर मारेर आएको गजराज जस्तो देखिनुभयो ॥३१-३२॥ हे विदुरजी ! जसरी गजराज आफ्नो दांतमा कमलको फूल धारण गर्दछ ठीक त्यसै गरी आफ्नो सेतो दांतको टुप्पोले पृथ्वीलाई धारण गरी जल बाहिर निस्केका, तमालसमानको नीलवर्ण वराह भगवान्लाई देख्ता ब्रह्मा, मरीचि आदि गरिएका मुनीश्वरहरू पूर्णतया यिनी परमेश्वरै हुन् भन्ने जानेर हात जोडीकन वेदवाक्यले उहाँको स्तुति गर्न लागे ॥३३॥

ऋषिहरूले भने—

हे अजित! हे यज्ञपते ! हजूरको,जय होस् ,जय होस, आफ्नो वेदत्रयीरूप शरीरलाई हल्लाइरहने हजूरलाई नमस्कार छ। जसको प्रत्येक रोमकूपमा सम्पूर्ण यज्ञ लीन भएका छन् औ जसले पृथ्वीको उद्धार गर्न भनी यो शूकररूप धारण गर्नुभएको छ त्यस्ता हजूरलाई नमस्कार छ ॥३४॥ हे देव ! दुराचारीहरूलाई हजूरको यो यज्ञमय स्वरूपको दर्शन हुनु अत्यन्त गाह्रो छ। हजूरको शरीरको त्वचामा गायत्री आदि छन्द छन्, रोमावलीमा कुश, नेत्रमा घृत तथा चार चरणमा होता-अध्वर्यु-उद्गाता-ब्रह्मा यी चार ऋत्विज्हरूको कर्म छन् ॥३५॥ हे ईश ! हजूरको थुतुनोमा स्रुक् नाकको पोरामा स्रुवा, उदरमा इडा (यज्ञीय भक्षणपात्र) कानमा चमस, मुखमा प्राशित्र (ब्रह्मभाग पात्र) औ कण्ठ-छिद्रमा ग्रह (सोम पात्र) छन्। हे भगवन् ! हजूरको चपाउने काम नै अग्निहोत्र हो ॥३६॥ हे प्रभो ! हजूरले वारंवार अवतार लिनु नै दीक्षा हो, घाँटी उपसद (तीन इष्टिहरू) हो, दुवै दाह्रा प्रायणीय (दीक्षा पछिको इष्टि) औ उदयनीय(यज्ञसमाप्तिको इष्टि) हुन्, जिह्वा प्रवर्ग्य (प्रत्येक उपसदको अघि गरिने महावीर नामक यज्ञविशेष) हो, सभ्य (होमरहित अग्नि) औ आवसथ्य (उपासनाग्नि) यी दुवै मस्तक हुन् तथा प्रायाचिति (इष्टिकाचयन) हो ॥३७॥ सोमरस हजूरको वीर्य हो, प्रातः सवनादि तीन सवन आसन (बाल्यावस्था) हो, सात धातु नै (अग्निष्टोम-अन्त्यग्निष्टोम-उक्थ-षोडषी-वाजपेय-अतिरात्र-आप्तोर्याम नामक) सात यज्ञविशेष हुन्। द्वादशाहादि अनेक साना ठूला यज्ञ शरीरका जोर्नी हुन्. यस प्रकारसंग हजूर सम्पूर्ण यज्ञ (सोमरहित याग) औ ऋतु (सोमसहित याग) रूप होइबक्सिन्छ। यज्ञानुष्ठान नै समस्त अङ्गलाई मिलाइराख्ने मासुका लुँदा हुन् ॥३८॥ समस्त मन्त्र-देवता-हव्यस्वरूप हजूरलाई नमस्कार छ। वैराग्य, भक्ति औ मनको एकाग्रताले जुन ज्ञानको अनुभव हुन्छ त्यै हजूरको स्वरूप हो । समस्त यज्ञ तथा कर्म हजूरमै अडिएका छन्, यस्ता प्रभूलाई नमस्कार छ। सबैलाई विद्या प्रदान गर्ने गुरु पनि हजूर नै हुनुहुन्छ, यस्ता हजूरलाई वारंवार प्रणाम छ ॥३९॥ दाह्राको टुप्पामा धारण गर्नुभएको पर्वतादि मण्डित पृथ्वीको अहिले ठीक त्यस्तै शोभा भइराखेको छ जस्तो कि वनबाहिर निस्केका

गजराजको दाँतमा राखेको पातसहितको कमलको फूलको हुन्छ ॥४०॥ हजूरको यो वेदमय वराह शरीर दाँतमा राखिएको भूमण्डलले गर्दा आफ्नो शिखरमा धारण गरिएका घेरै घेरै मेघसहितको कुलाचलको जस्तै शोभा दिन लागिराखेको छ ॥४१॥ चराचर जीवलाई सुखसँग राख्नका निम्ति आफ्नी पत्नीरूपा जगन्माता यी पृथ्वी-लाई जलमा राम्रोसँग स्थापित गर्नोस् कारण हजूर जगत्का पिता हुनुहुन्छ । यज्ञ गर्नेहरू जसरी मन्त्रद्वारा अरणिमा अग्निको स्थापना गर्दछन् त्यसै गरी हजूरले पनि यी पृथ्वीमा आफ्नो धारणशक्तिरूप तेज स्थापित गर्नुभएको छ । हामी हजूरलाई औ यी पृथ्वीमातालाई प्रणाम गर्दछौं ॥४२॥ हे प्रभो ! पातालमा डुबेकी यी पृथ्वीलाई झिक्ने साहस हजूरसिवाय अरू कसले गर्न सक्तछ । तर समस्त आश्चर्यका आश्रयरूप हजूरको निम्ति यो कुनै आश्चर्यको कुरो होइन, किनकि हजूरले नै आफ्नो मायाले यो अति आश्चर्यमय संसारको रचना गर्नुभएको छ ॥४३॥ हे ईश ! हजूरले आफ्नो वेदमय शरीर लाई हल्लाउँदाखेरि घाँटीको रउँबाट उठेर आएको शीतल जलको थोपा हामीमाथि पर्दछ । त्यस जलले भिजेर जनलोक,तपलोक,सत्यलोकमा रहने हामी मुनिजन सर्वथा पवित्र भएका छौं ॥४४॥ हजूरको कर्मको अन्त्य पाउन खोज्ने मानिसको बुद्धि अवश्य नष्ट भएको हुनुपर्दछ किनकि हजूरको कामको अन्त्य कसैले पाउनै सक्तैन । हजूरकै योगमायाका सत्वादि गुणले यो सारा जगत् मोहित भइराखेको छ । हे भगवन् ! यसको कल्याण गर्नोस् ॥४५॥

मैत्रेयजी भन्नुहुन्छ—

ती ब्रह्मवादी मुनिहरूले यस प्रकारसंग स्तुति गरेपछि सबैको रक्षा गर्ने वराह भगवान्ले आफ्ना खुरले स्तम्भित गरिएको जलमाथि पृथ्वीलाई राखिदिनुभयो ॥ ४६ ॥ यस प्रकार लीलापूर्वक रसातलबाट ल्याइएकी पृथ्वीलाई जलमाथि राखेर ती विष्वक्सेन भगवान् हरि अन्तर्धान हुनुभयो ॥४७॥

हे विदुरजी ! भगवान्का लीलामय चरित्र अत्यन्त कीर्तनीय छन् औ उहाँमा लागेको बुद्धि सब किसिमको ताप पापलाई दूर गरिदिन्छ, जुन व्यक्ति उहाँको मङ्गलकारिणी सुन्दर कथा भक्तिभावले सुन्ने वा सुनाउने गर्दछ त्योदेखि हृदयमा रहनुभएको जनार्दन भगवान् चाँडै नै खुशी हुनुहुन्छ ॥४८॥ सम्पूर्ण कामनालाई पूर्ण गराउनामा समर्थ हुनुभएको श्रीहरि प्रसन्न भए-पछि संसारमा कुनै कुरा दुर्लभ होला त ? तर ती तुच्छ कामनाको खाँचो पनि किन पर्‍यो ? कारण, अनन्यभावले उहाँको भजन गर्नेलाई ती अन्तर्यामी प्रभु स्वयं आफ्नो परमपदसमेत दिनुहुन्छ ॥४९॥ अहो ! यस लोकमा पशुसिवाय आफ्नो पुरुषार्थको सार जान्ने यस्तो को मानिस होला जो संसारभयलाई नष्ट गराउने भगवान्का प्राचीन कथाहरूमध्ये जुनसुकै अमृतमयी कथालाई आफ्ना कर्णपुटद्वारा एकचोटि पान गरेपछि फेरि त्यताबाट मन हटाउला ? ॥५०॥

—०—

अध्याय–१४

दितिको गर्भधारण

शुकदेवजी भन्नुहुन्छ

मैत्रेयजीको मुखबाट पृथ्वीको उद्धार गर्नको निम्ति वराहरूप धारण गर्नुभएको श्रीहरिको कथा सुन्दा पनि व्रतधारी विदुरलाई तृप्ति भएन, अतः हात जोरेर फेरि सोध्न लागे ॥१॥

विदुरले भने—

हे मुनिवर ! आदि दैत्य हिरण्याक्षलाई पनि यज्ञमूर्ति भगवान्ले नै मार्नुभएको हो भन्ने कुरा मैले भर्खर तपाईंको मुखबाट सुनें ॥२॥ जुन वेला भगवान्ले खेलबाड गरे जस्तै गरी पृथ्वीलाई आफ्नो दाह्रामा राखेर जलबाहिर झिक्न लाग्नुभएको थियो त्यस वेला त्यो दैत्य-राज हिरण्याक्षसित के कारणले संग्राम भएको हो सो कुरा सुन्ने मलाई इच्छा भइराखेको छ॥३॥

मैत्रेयजीले भन्नुभयो—

हे विदुरजी ! तिम्रो प्रश्न बडो सुन्दर छ किनकि तिमी मानिसको जन्म-मृत्युरूप पाशो-लाई छेदन गर्ने श्रीहरिको कथाको विषयमा सोधिरहेका छौ ॥४॥ हेर, उत्तानपादका छोरा ध्रुव बालक अवस्थामा नै नारदले सुनाएको हरि-कथाको प्रभावले मृत्युको टाउकोमा खुट्टा राखेर भगवान्को विष्णुपद (परम-पद) मा प्राप्त भएथे ॥५॥ हे विदुर ! एकचोटि वराह भगवान् र हिरण्याक्षको यस युद्धको विषयमा देवताहरुले प्रश्न गर्दा ब्रह्माजीले उनीहरूलाई जुन कथा सुनाउनुभएथ्यो, त्यस वेला मैले पनि सुनेथें; सोही कथा म अहिले तिमीलाई सुनाउंछु ॥६॥

हे विदुर ! एकचोटि दक्षकी छोरी दितिले

पुत्र–प्राप्तिको इच्छाले कामातुर भएर सायङ्कालको समयमा मरीचिका छोरा आफ्ना पति कश्यपसित रतिको निम्ति प्रार्थना गरिन् ॥७॥ त्यस समयमा कश्यपजी, अग्नि नै जस्को जिब्रो छ त्यस्ता भगवान् यज्ञपुरुषको खीरको आहुतिद्वारा अराधना गरी सूर्यास्तको वेला भएको देखेर अग्निशालामा एकाग्र मनले ईश्वरको ध्यान गरिराखेका थिए ॥८॥

दितिले भनिन्—

हे विद्वन् ! मतवाला हात्ती जसरी केराको रूखलाई धूलो-पीठो वा ध्वस्त पार्दछ त्यसै गरी योधनुर्धारी कामदेवले पनि म अवलामाथि आक्र-मण गरेर तपाईंसित रमण गर्नाको निम्ति मलाई बेचैन पार्न लागेको छ ॥९॥ छोरा भएका आफ्ना सौताहरूको सुख–समृद्धिले गर्दा मेरो चित्तमा बडो डाह भइराखेको छ तसर्थ मेराउपर पुत्र–प्रदानरूप अनुग्रह गर्नोस्, तपाईंको कल्याण होस् ॥१०॥ जसको गर्भबाट तपाईं जस्ता पति पुत्ररूपले उत्पन्न हुन्छन् तिनै आइमाईलाई पति–द्वारा सम्मानित भएको संझनुपर्दछ । यस्ता स्त्रीको सुयश संसारमा सर्वत्र फैलिन्छ ॥११॥ उहिल्े हाम्रा कन्यावत्सल पिता दक्षप्रजापतिले हामी सबैलाई बेग्लाबेग्लै बोलाएर "ए छोरी ! तिमी कसलाई आफ्नो पति बनाउन चाहन्छचौ" भनेर सोध्नुभएथ्यो ॥१२॥ यसपछि आफ्नो सन्तानको भलो चाहने हाम्रो पिताले आफ्ना छोरीहरूको भाव बुझेर तपाईंको समान शील स्वभाव भएका हामी तेह्र ओटीलाई तपाईंसंग बिहे गरिदिनुभयो ॥१३॥ अतएव हे मङ्गल-मूर्ते ! हे कमलनयन ! मेरो इच्छा पूर्ण गर्नोस् ।

हे भूमन् ! तपाईंसमान महापुरुषछेउ मसमानकी दीन दुःखीले आएको निष्फल हुन हुँदैन ।।१४।।

हे विदुर ! बढिराखेको कामदेवको वेगले अत्यन्त बेचैन भएकी, अनेक प्रकारले बिन्ति-भाउ गरिरहेकी आफ्नी पत्नीलाई कश्यपजी वाणीद्वारा शान्त गर्दै भन्न लागे ।।१५।। हे भीरु ! (अर्थात् कामको पीडाले डराएकी) तिम्रो इच्छानुसार अवश्य तिम्रो कामना पूर्ण गर्नेछु । जसद्वारा धर्म-अर्थ-काम यी तीनैको सिद्धि हुन्छ त्यस्ती आफ्नी पत्नीको कामना कसले पूर्ण नगर्ला ? ।।१६।। जसरी मानिस जहाजमा चढेर महासागर पार गर्दछ त्यसै गरी गृहस्थाश्रमी अरू अरू आश्रमलाई (अन्नादि दानले) आश्रय दिंदै आफ्नो आश्रमद्वारा स्वयं पनि दुःखसमुद्रलाई पार गर्दछ ।।१७।। हे मानिनि ! स्त्रीलाई ता धर्म-अर्थ-काम यी तीन प्रकारका पुरुषार्थको कामना भएको पुरुषको आधा अङ्ग भन्दछन् । यिनैमाथि गृहस्थीको भार सुम्पेर मानिस निश्चिन्त भईकन जताततै घुम्दछन् ।।१८।। अन्य आश्रमीहरूको निम्ति जुन इन्द्रियरूप शत्रु अत्यन्त दुर्जन छन्, तिनै इन्द्रियरूप शत्रुलाई हामी विवाहिता स्त्रीको आश्रय लिएर किल्लाको स्वामीले लुट्न आएको शत्रुलाई आफ्नो अधीनमा गराए झैं सजिलैसंग जित्तछौं ।।१९।। हे गृहेश्वरी ! तिमीसमानकी पत्नीको उपकारको बदला मैले अथवा अरू कुनै गुणग्राही पुरुषले पनि आफ्नो सारा जिन्दगानी अथवा जन्मान्तरमा पनि पूर्णरूपले दिन सक्तैन ।।२०।। म अहिले नै तिम्रो पुत्रोत्प्राप्तिको इच्छा पूर्ण गर्न सक्तछु तापनि यसो गर्नाले दुनियांले मेरो निन्दा गर्नछन् तसर्थ एक मुहूर्त अरू पर्ख ।।२१।। यो घोर समय राक्षसादि घोर जीवहरूको हो तथा देख्नमा बडो भयानक छ। यस समयमा भगवान् भूतनाथका गण भूतप्रेतहरू घुमिरहन्छन् ।।२२।। हे साध्वि ! यस सायङ्कालमा भूतभावन शङ्कर भगवान् आफ्ना गण भूत-प्रेतादिलाई साथमा ली नन्दीमा चढेर घुम्ने गर्दछन् ।।२३।। (उनी सन्मुख भएमा पो यसो गर्न हुन्न भन्ने कुरालाई) जसको जटाजूट (जटाको झुप्पा) श्मशान-भूमिबाट उठेको वात-मण्डलीले गर्दा (हावाको झोंक्काले गर्दा) उडाएको धूलाले खैरो भएर चम्किराखेको छ तथा जसको सुवर्णकान्तिमय गोरो शरीरमा खरानी लागिराखेको छ, त्यस्ता तिम्रा देवर महादेवजी आफ्ना सूर्य-चन्द्र-अग्निरूप तीन नेत्रले सर्वत्र हेरिरहन्छन् ।।२४।। संसारमा उहांको आफ्नो अथवा परचक्री भन्ने कोही छैन, न कोही खूब आदर गरिन योग्य छ, न कोही निन्दनीय छ। हामी ता अनेक प्रकारका व्रतको पालना गरेर उहाँले भोग गरी लात मार्नुभएको विभूतिलाई नै (लक्ष्मी, सम्पदा, सुखभोग आदि) उहाँको प्रसादरूपले ग्रहण गर्न चाहन्छौं ।।२५।। विवेकी मानिस अविद्याको आवरणलाई हटाउने इच्छाले उहाँको निर्मल चरित्रको गान गर्ने गर्दछन् । उहाँभन्दा बढ्ता ता के, उहाँसमानको पनि कोही छैन । उहाँ सत्पुरुषको एक मात्र गति हुनुहुन्छ । आफ्नै इच्छाले उहाँले पिशाचको जस्तो भेष धारण गर्नुभएको छ ।।२६।। कुक्कुरको आहारा भएको यस शरीरलाई नै जो आत्मा मानेर नाना किसिमका लुगा, गहना, माला, चन्दनादिले यसको लालन-पालन गर्दछन्, तिनै अविवेकी

अभागी पुरुष मात्र आत्माराम, सर्वज्ञ, शङ्कर भगवान्‌को आचरणको हँस्सी गर्दछन् ।।२७।। हाम्रो ता के कुरा, ब्रह्मादि लोकपालहरूसमेत उहाँले बाँधेको धर्ममर्यादारूप सेतुको पालन गर्दछन् । यो सम्पूर्ण विश्व जसको कार्यरूप हो तथा मायासमेत जसको आज्ञाको अनुसरण गर्दछे तिनै भगवान् भूतनाथ प्रेतको जस्तो आचरण गर्दछन् । अहो ! ती जगद्व्यापक प्रभुको यो सब चरित्र लीला मात्र हो ।।२८।।

मैत्रेयजी भन्नुहुन्छ—

पतिले यस प्रकारसँग बुझाउँदा पनि कामातुरा दितिले वेश्या जस्तै निर्लज्ज भएर ब्रह्मर्षि कश्यपजीको वस्त्र समातिन् ।।२९।। अनि ता त्यस निषिद्ध कर्ममा आफ्नी पत्नीको अतिशय आग्रह देखेर कश्यपजीले दैवरूप परमात्मालाई नमस्कार गरी एकान्तमा उनिसित संगम गर्नुभयो ।।३०।। अनि जलमा स्नान गरी मौनावस्थाले प्राणायाम गरेर निर्मल, सनातन, ज्योतिर्मय परमात्माको ध्यान गर्दै जप गर्न लाग्नुभयो ।।३१।। हे विदुरजी ! दितिलाई पनि त्यो निन्दित कामले गर्दा बडो लाज भयो र उनी ब्रह्मर्षि कश्यपजीको नजीक गई टाउको निहुराएर यस प्रकारसंग भन्न लागिन् ।।३२।।

दितिले भनिन्—

हे ब्रह्मन् ! भगवान् रुद्र भूतहरूका स्वामी हुन्, मैले उनको अपराध गरेकी छु तर ती भूतश्रेष्ठले मेरो यस गर्भलाई नष्ट नगरून् ।।३३।। म उहाँलाई नमस्कार गर्दछु । उहाँ बडो प्रभावशाली औ उग्र स्वभावको हुनुहुन्छ तर त्यसो भए तापनि आफ्ना सकाम भक्तको सम्पूर्ण कामना पूर्ण गरी उनीहरूको दुःख दूर गरिदिनुहुन्छ औ निष्काम भक्तलाई मोक्ष दिनुहुन्छ, वास्तवमा दण्डत्यागी भए तापनि दुष्टहरूको निम्ति दण्ड धारण गर्नुहुन्छ औ उहाँ ता साक्षात् क्रोधको मूर्ति नै हुनुहुन्छ ।।३४।। हामी स्त्रीजातिमाथि ता ब्याधाले समेत दया गर्दछन् अतः कृपालु, सतीपति मेरा भिनाजु ममाथि प्रसन्न हुनुहोस् ।।३५।।

मैत्रेयजीले भन्नुभयो—

सन्ध्या-वन्दनादि कर्मबाट निवृत्त भएपछि प्रजापति कश्यपले आफ्नो सन्तानको लौकिक औ पारलौकिक उन्नतिका लागि प्रार्थना गरिरहेकी औ थर्थर् कामिराखेकी दितिलाई भन्नुभयो ।।३६।।

कश्यपजीले भन्नुभयो—

हे चण्डे ! तिम्रो चित्त कामवासनाले अपवित्र थियो, त्यो समयसमेत ठीक थिएन, यसबाहेक तिमीले मेरो आज्ञाको उल्लङ्घन तथा देवताहरुको अनादर गर्‍यौ, यस कारण तिम्रो गर्भबाट दुई बडा अमङ्गलमय अधम पुत्र जन्मनेछन् । यिनीहरु वारंवार सम्पूर्ण लोक र लोकपालहरुलाई अत्याचारले सताउनेछन् ।।३७-३८।। उनीहरुद्वारा अनेक निरपराध दीन दुःखी जन मारिन तथा स्त्रीहरुमाथि अत्याचार हुन थालेपछि जब महात्माहरु कुपित हुनेछन् त्यस वेला सम्पूर्ण लोकको रक्षा गर्ने भगवान् जगत्पति अत्यन्त क्रुद्ध भई अवतार लिनुहुनेछ र इन्द्रले पर्वतहरुको जसरी दमन गरेथे त्यसै गरी यी दुवै दुष्टलाई मार्नुहुनेछ ।।३९-४०।।

दितिले भनिन्—

सुदर्शनचक्रले शोभित छन् भुजा जसका

यस्ता साक्षात् भगवान्को हातबाट मेरा छोरा–हरूको मृत्यु होओस् भन्ने कुरा ता म पनि चाहन्छु तर झोक्किएका ब्राह्मणहरूको श्रापबाट ता नहोस् ॥४१॥ किनकि ब्राह्मणको श्रापले दग्ध भएको अथवा प्राणीहरूलाई त्रास पार्ने जीव ता जुनसुकै योनिमा गए तापनि नारकी जीवले समेत त्यसमाथि दया गर्दैनन् ॥४२॥

कश्यपजीले भन्नुभयो—

हे प्रिये ! तिमीले आफूले रेको कुकर्ममा शोक र पश्चात्ताप प्रकट गर्‍यौ र झट्टै तिमीलाई उचित अनुचितको विचार पनि भयो तथा शङ्कर भगवान्प्रति अत्यन्त सम्मान औ मप्रति पनि आदर गर्‍यौ ॥४३॥ तसर्थ तिम्रा छोराका चार छोरा मध्ये एउटा यस्तो निस्कनेछ जसको कि सत्पुरुषले समेत मान गर्नेछन् औ जसको पवित्र यशलाई भक्तहरू भगवान्को गुणको साथसाथ गाउनेछन् ॥४४॥ जसरी खराब सुनलाई वारंवार खारेर शुद्ध गर्दछन् त्यसै गरी साधुजन पनि उसको स्वभावको अनुकरण गर्नालाई निर्वैरता आदि उपायले आफ्नो अन्तःकरणलाई शुद्ध गर्नेछन् ॥४५॥ जुन भगवान्को कृपाले उहींकै स्वरूपभूत यो जगत् आनन्दित हुन्छ उनै स्वयंप्रकाश भगवान् त्यस बालकको अनन्य भक्तिले सन्तुष्ट हुनुहुनेछ ॥४६॥ यो बालक बडो भगवद्भक्त, उदारहृदय, प्रभावशाली औ महापुरुषहरूको समेत पूज्य हुनेछ । यसले बढेको भक्तिभावले शुद्ध भएको अन्तःकरणमा भगवान्–लाई स्थापित गरी देहाभिमानको त्याग गर्नेछ ॥४३॥ यो विषयया अनासक्त, असल स्वभाव भएको, गुणको भण्डार, अर्काको सुखमा सुख औ दुःखमा दुःख मान्ने हुनेछ । संसारसा उसको कोही शत्रु हुनेछैन । जसरी चन्द्रमाले ग्रीष्म ऋतुको तापलाई नष्ट गर्दछन् त्यसै गरी यसले पनि संसारको शोकलाई शान्त गरिदिनेछ ॥४८॥ यस जगत्को बाहिर भित्र सर्वत्र विराजमान रहने, आफ्ना भक्तहरूमाथि कृपा गर्ने, उनी–हरूको इच्छानुसार रूप धारण गर्ने, लक्ष्मीरूप लावण्यमूर्ति ललनाको समेत शोभा बढाउने, झलझल परेको कुण्डलले सुशोभित मुख–मण्डल भएका यस्ता अमल कमलनयन भगवान्को तिम्रो नातिलाई प्रत्यक्ष दर्शन हुनेछ ॥४६॥

मैत्रेयजी भन्नुहुन्छ—

नाति भगवान्को भक्त हुनेछ भन्ने सुन्दा दितिलाई बडो आनन्द भयो र छोराहरूको बधसमेत विष्णुभगवान्को हातबाट हुने थाहा पाउंदा उनी अत्यन्त उत्साहित भइन् ॥५०॥

अध्याय–१५

विष्णु भगवान्का पार्षद जय–विजयलाई सनकादि ऋषिहरू श्राप दिन्छन् ; वैकुण्ठधामको वर्णन ।

मैत्रेले भन्नुभयो—

देवताहरूलाई कष्ट होला भन्ने शङ्काले दितिले

अर्काको तेजलाई नाश गर्ने कश्यपको त्यस तेज (वीर्य) लाई आफ्नो उदरमा धारणा गरि-राखिन् ॥१॥ गर्भमा रहेको त्यस तेजले गर्दा लोकमा सूर्यको प्रकाश क्षीण हुन लागेपछि तेज-हीन भएका इन्द्रादि लोकपालहरूले ब्रह्माछेउ गई दिशाहरूमा फैलिएका अन्धकारले गर्दा भएको अवस्थाको वर्णन गरे ॥२॥

देवताहरूले भने—

जसको ज्ञान कुनै कालमा पनि नष्ट हुँदैन त्यस्ता तपाईंलाई थाहा नभएको कुनै कुरा छैन, अतः यो अन्धकारको कुरा पनि तपाईंलाई थाहै होला, हामी ता यसले गर्दा अत्यन्त डराइराखेका छौं ॥३॥ हे देवाधिदेव ! तपाईं जगत्‌का रचयिता औ समस्त लोकपालहरूमा शिरोमणि हुनुहुन्छ। साना ठूला सबै जीवको भाव तपाईंलाई थाहा छ अर्थात् कुन अभिप्रायले दितिको गर्भ बढिराखेको हो सो तपाईं जान्नुहुन्छ ॥४॥ विज्ञान नै तपाईंको बल हो। आफ्नै मायाले ब्रह्माको यो शरीर र रजोगुण ग्रहण गर्नुभएको छ। जहाँबाट तपाईं जन्मनुभएको छ त्यो अव्यक्त छ अर्थात् कुनै प्रमाणले जान्न सकिन्न यस्ता तपाईंलाई हामी नमस्कार गर्दछौं ॥५॥ तपाईंमा सम्पूर्ण भुवन धागोमा माला अडिए झैं अडिराखेको छ; स्वयं यो चेतन औ अचेतन प्रपञ्चको कारण भए तापनि योदेखि फरक हुनुहुन्छ । सम्पूर्ण जीवलाई उत्पन्न गर्ने तपाईंको अनन्यभावले ध्यान गर्ने, श्वास-इन्द्रिय-मनलाई जित्न सकेकोले परिपक्व भएका योगीहरूको कुनै प्रकारले पनि ह्रास हुँदैन किनकि यिनीहरू तपाईंको कृपाकटाक्षले कृत-कृत्य भएका हुन्छन् ॥६-७॥ सबैका नियन्ता मुख्य प्राणरूप तपाईंलाई नमस्कार छ। तपाईंका वेदरूपी डोरीले बाँधिएका समस्त प्रजा, नाथिएका गाईगोरु पशुहरू झैं नियमपूर्वक अनुष्ठान गरेर तपाईंलाई पूजा, उपहार आदि बलि समर्पण गर्दछन् ॥८॥ हे भूमन् ! यस अन्धकारले गर्दा दिन-रातको ज्ञान नभएकोले लोकमा यज्ञादि सारा कर्म लुप्त हुन लागेको छ। हामी-उपर महान् आपद् परेको छ; आफ्नो अपार दया-दृष्टिले हेरेर हामी शरणागतहरुको कल्याण गर्नोस् ॥९॥ हे देव ! जसरी काठमा परेको आगो बढ्दछ त्यसै गरी कश्यपजीको वीर्यले स्थापित भएको यो दितिको गर्भ सबै दिशा-लाई अन्धकारमय गराउँदै क्रमशः बढिराखेको छ ॥१०॥

मैत्रेयजी भन्नुहुन्छ—

हे महाबाहो ! देवताहरुको प्रार्थना सुन्दा वेदवेत्ता भगवान् ब्रह्माजी दितिको कुचेष्टातिर ध्यान गएकोले हाँस्नुभयो र उनीहरुलाई आफ्नो मधुर वाणीद्वारा प्रसन्न गराउँदै यस प्रकारसँग भन्न लाग्नुभयो ॥११॥

ब्रह्माले भन्नुभयो—

हे देवता हो ! तिमीहरूभन्दा अघि जन्मेका मेरा मानस-पुत्र सनकादिहरू संसारिक विषय-भोगलाई त्यागेर समस्त लोकमा आकाशमार्गले घुम्ने गर्दथे ॥१२॥ एकचोटि यिनीहरू शुद्धस्वरूप हरिको, जसलाई सबैलोक नमस्कार गर्दछन्, त्यो वैकुण्ठ नाम गरेको धाममा पुगे ॥१३॥ जसले पहिले कामनाहीन धर्मद्वारा हरिको आरा-धना गरेका हुन्छन् तिनै सबै त्यस वैकुण्ठ

धाममा भगवान्को जस्तो रूप धारण गरेर बस्न पाउँछन् ।।१४।। त्यहाँ वेदान्त अथवा वेदादिद्वारा जानिन योग्य धर्ममूर्ति भगवान् पुराण पुरुष हामी उहाँका भक्तहरूलाई कृपा गर्न भनी शुद्ध सत्वमय शरीर धारण गरी सदासर्वदा विराजमान रहनुहुन्छ ।।१५।। त्यहाँ नैःश्रेयस नाम गरेको वन छ । यो साक्षात् कैवल्य अर्थात् मोक्षवनको रूपले रहेको जस्तो देखिन्छ । यसमा सबै कामनालाई पूर्ण गर्ने, छओटै ऋतुको फल फूलले सुशोभित रहने रूखहरू छन् ।।१६।।

यहाँ विमानचारी गन्धर्वगण आफ्ना प्यारीहरूको साथमा आफ्ना प्रभुको लोकको पापराशिलाई नष्ट पार्ने पवित्र लीलाको गान गर्दछन् । त्यस समयमा हरिगुण-गानमा यिनीहरू कसरी तन्मय भएका हुन्छन् भने तलाउमा फुलेको तथा मकरन्दपूर्ण माधवीलताको सुमधुर गन्धले युक्त भएको वायुले चित्तलाई चञ्चल गराए तापनि हरिगुणगान गर्न छाड्दैनन् र त्यो सुगन्ध ल्याउने वायुपट्टि ध्यानै दिन्नन् ।।१७।। जुन वेला भ्रमरराज उच्चस्वरले भूँ भूँ गर्दै हरिकथाको गान गर्न लागेको जस्तो गर्दछ त्यस वेला अलिबेरलाई परेवा,कोइली, सारस,चक्रवाक, चातक, हाँस सुगा, तित्रा र मयूरहरूको कोलाहल बन्द हुन जान्छ ।।१८।। तुलसीले आफ्नो श्रीविग्रहलाई सिंगार्ने श्रीहरिले तुलसीको गन्धलाई नै बर्ता आदर गर्ने गरेको देखेर त्यहाँका मन्दार, कुन्द, कुरव (तिलके रूख), उत्पल (राती फुल्ने कमल), चम्पक, अर्ण, पुन्नाग, नाग, बकुल, अम्बुज (दिनमा फुल्ने कमल) र पारिजात फूल आफू सुगन्धयुक्त भए तापनि तुलसीको तपलाई नै बर्ता ठान्दछन् । यसबाट यहाँका वृक्षहरूसमेत गुणग्राही रहेछन् भन्ने थाहा हुन्छ ।।१९।। त्यो वैकुण्ठलोक वैदूर्य, मरकतमणि (पन्ना) औ सुनले बनेका विमान कुनै कर्मफलले होइन कि केवल एक मात्र श्रीहरिको चरणकमलको वन्दना गर्नाले पाइने हुन् । यी विमानमा चढेका कृष्णप्राण भगवद्भक्तहरूको चित्तमा बडा बडा नितम्ब तथा मन्द मुस्कानले शोभित भएको मुख भएका सुन्दरीहरूसमेत आफ्ना हँसी ठट्टाले कामविकार उत्पन्न गर्न सक्तैनन् ।।२०।।

मनोहर मूर्ति धारण गरेकी लक्ष्मी—जसको कृपादृष्टि प्राप्त गर्न देवताहरूसमेत अनेक यत्न गर्दछन्-चञ्चलतारूप दोषलाई त्यागेर श्रीहरिको भवनमा रहन्छिन् । चरणकमलको नूपुरको झङ्कार गर्दै जब यिनी आफ्नो लीलाकमल घुमाउँछिन् त्यस वेला सुनैसुन जडिएको भवनको स्फटिकमय भित्तामा यिनको छायाँ पर्नाले यिनी झारबडार गर्न लागेकी हुन् कि भन्ने भान पर्दछ ।।२१।। आफ्नो दासीहरूलाई साथमा ली जब यिनी क्रीडावनमा तुलसीदलद्वारा भगवान्को पूजा गर्न लाग्दछिन् त्यस वेला निर्मल जलले भरिएको, मुगैमुगा जडिएका घाट भएको पोखरीमा सुन्दर अलकावली औ उन्नत नासिकाले सुशोभित भएको मुखारविन्दलाई देख्ता "यसलाई ता भगवान्ले चुम्बन गरेको हो" भन्ने विचारले आफूलाई सौभाग्यशालिनी संझेर आनन्दित हुन्छिन् ।।२२।। पाप नाश गर्ने भगवान्का लीलाहरूको कथालाई छाडेर, बुद्धिलाई नष्ट गर्ने अर्थ-कामसम्बन्धी अरू अरू

निन्दित कथा जो सुन्दछन् तिनीहरू वैकुण्ठ लोकमा जान सक्तैनन् । अफशोश ! यी भाग्यहीनले सुनेका यी सारहीन कुराले यिनको पुण्यलाई नष्ट गरेर यिनलाई आश्रयहीन घोर नरकमा लैजान्छन् ॥२३॥ अहो ! धर्मसहितको तत्वज्ञानको प्राप्ति हुने मनुष्य-योनि हामी ब्रह्मादिहरू पनि प्राप्त होस् भन्ने चाहना गर्दछौं। यस्तो मनुष्ययोनि पाएर पनि जो भगवान्को आराधना गर्दैनन् वास्तवमा तिनीहरू उहाँको सर्वत्र फैलिएको मायाले मोहित भएका छन् ॥२४॥ निरन्तर देवाधिदेव विष्णु भगवान्को चिन्तनमा लागिराखेको हुनाले जोदेखि यमराज टाढा रहन्छन्, आपसमा प्रभुको सुयशको चर्चा चल्दाखेरि प्रेमको प्रबलताले गर्दामा जसको आँखाबाट आँसु बग्न थाल्दछ औ शरीरमा रोमाञ्च भएर आउँछ औ जसको जस्तो शील-स्वभावको हामीहरूसमेत इच्छा गर्दछौं, तिनै परमभगवद्भक्त महानुभावहरू हाम्रो लोकभन्दा माथिको वैकुण्ठधाममा जान्छन् ॥२५॥ विश्वगुरु विष्णु भगवान्को निवासस्थान, सबै लोकले वन्दना गर्न योग्य, श्रेष्ठ, देवताहरूको विचित्र विमानले सुशोभित त्यो परम दिव्य औ अद्भुत वैकुण्ठधाममा आफ्नो योगबलले पुगेपछि ती सनकादि मुनीश्वरहरूलाई बडो आनन्द भयो ॥२६॥

भगवान्को दर्शनका लागि उत्कट लालसा भएकोले कुनै दिव्य दृश्यपट्टि ध्यान नलगाएका ती मुनीश्वरहरू जब वैकुण्ठलोकको छओटा फाटक पार गरी सातौं फाटकमा पुगेथे, त्यस वेला हातमा गदा लिएका बाजूवन्द-कुण्डल-किरीट आदि अनेक अमूल्य आभूषणले विभूषित दुइटा समान अवस्थाका देवश्रेष्ठ देखिए ॥२७॥ उनको श्याम वर्णको चार भुजाको बीचमा मत्त भ्रमराद्वारा गुञ्जायमान औ चरणसम्म लम्बायमान वनमाला सुशोभित थियो तथा तेर्सो आँखीभईं, फर्फराइराखेका नाकका पोरा र राता राता आंखाले गर्दा उनको मुखमा केही रिसको चिह्न देखिथ्यो ॥२८॥ उनीहरूले यस प्रकारसंग हेर्दाहेर्दै पनि ती मुनिहरूले उनीहरूसित केही सोधपूछ नगरी, जसरी सुवर्ण औ वज्रमय ढोका भएको छओटा फाटक पहिले पार गरी आएथे त्यसै गरी यस फाटकभित्र पनि पसे । ढोकेसित सोधपूछ गर्ने केही प्रयोजन पनि थिएन कारण यिनीहरूको दृष्टि समान थियो र जताततै निःशङ्क भई विना रोकटोकले विचरण गर्दथे ॥२९॥ यी चार कुमार पूर्ण तत्त्वज्ञ थिए औ उमेरमा सबभन्दा जेठा भए तापनि पाँच वर्षका बालक जस्ता देखिन्थे तथा नाङ्गै भुतुङ्गै रहन्थे । निःशङ्क भएर यिनलाई भित्र पस्न लागेको देख्ता भगवान्को प्रकृतिको विरुद्ध स्वभाव भएका ती ढोकेहरूले यिनीहरूलाई नाङ्गो देख्ता अलि हेला जस्तो गरी बेत अडाएर यस्तो दुर्व्यवहारको योग्य नभए तापनि रोकिदिए ॥३०॥ सबैका परमपूजनीय भए तापनि यी कुमारहरूले ती द्वारापालहरूद्वारा वैकुण्ठवासी देवताहरूको सामुन्नेमा आफू यसरी रोकिएको देख्ता आफ्ना प्रियतम प्रभुको दर्शनमा विघ्न परेकोले रिसले आंखा राताराता गराई उनीहरूलाई यस प्रकारसंग भन्न लागे ॥३१॥

मुनिहरूले भने—

राम्रोसंग गरिएको भगवान्को सेवाका

प्रभावले यस लोकमा प्राप्त भई भगवद्धर्मको पालना गर्दै निवास गर्नेहरू मध्येका तिमी दुवैको स्वभावमा यो विषमता कसरी हुन गएको हो । भगवान् ता परम शान्त स्वभावको हुनुहुन्छ, कसैसित पनि उहांको विरोध छैन । शङ्का गर्नुपर्ने किसिमका ता यस लोकमा कोही छैन, स्वयं कपटी हुनाले अरूलाई पनि आफू जस्तै कपटी संभेर शङ्का गर्दछौ ॥३२॥ समस्त ब्रह्माण्ड नै भगवान्‌को उदरमा रहेको छ, यसै कारणले यहां बस्ने ज्ञानीहरू महाकाश र घटाकाशमा भैं सर्वात्मा उहांमा र आफूमा केही भेद देख्तैनन् । देवरूपधारी भए तापनि तिमीहरूले के देखेर प्रभुको विषयमा भेदभावले गर्दा हुने भयको कल्पना गऱ्यौ ॥३३॥ वैकुण्ठनाथ भगवान्‌का पार्षद भए तापनि तिमीहरूको बुद्धि बडो मन्द छ, यसैकारण तिम्रो कल्याण गर्नाको निम्ति हामी यस अपराधको योग्य दण्डको विचार गर्दछौं । यस भेदबुद्धिको दोषले गर्दा तिमीहरूले यस वैकुण्ठलोकबाट भ्रष्ट भएर काम-क्रोध-लोभ प्राणीका यी तीन शत्रु निवाश गर्ने पापमय योनिमा गएर जन्म लेऊ॥३४॥

सनकादिहरूको यो कठोर वचन सुन्दा औ अस्त्रसमूहले पनि ब्राह्मणको श्राप निवारण नहुने देख्ता श्रीहरिका ती दुवै पार्षद अत्यन्त भयभीत तथा कातर भएर मुनिहरूको चरणसमाती पृथ्वीमा लम्पसार परे ॥३५॥ र भन्न लागे "हामी अपराधीहरूलाई तपाईंले जो दण्ड दिनुभयो सो उचित छ, यसले भगवान्‌को आज्ञा उलङ्घन गर्नाले भएको समस्त पापलाई पखालिदिनेछ, तर हाम्रो दुर्दशको विचारले तपाईंहरूलाई अलिकता पनि अनुताप भएको छभने तपाईंका कृपाले अधमाधम योनिमा जाँदा पनि भगवत्स्मृतिलाई नष्ट गराउने मोह हामीलाई हुन नपाओस् ॥३६॥

यता साधुजनका हृदयधन कमलनाभ भगवान् आफ्ना द्वारपालहरूद्वारा साधु सनकादिहरूको अनादर भएको थाहा पाउनासाथ परमहंस मुनि जुन चरण खोजी खोजी हिंड्दछन् तर सजिलोसँग पाउँदैनन् तिनै चरणद्वारा अर्थात् पैदलै हिंडेर लक्ष्मीको साथमा रोकिएकोले रिसाएका मुनिहरू भएको ठाउँमा पुग्नुभयो ॥३७॥ आफ्नो समाधिद्वारा प्राप्त हुने फलस्वरूप श्रीहरिलाई सनकादिहरूले स्वयं त्यहाँ पाल्नुभएको देखे । भगवान्‌का पार्षदहरू उहाँलाई सुहाउने किसिमका छत्र-चामरादि लिएर साथसाथमा हिंडिरहेका थिए । भगवान्‌को दुवैपट्टि रजहाँसको पखेटा जस्तै सेता दुइटा चमर हम्किन लागिएका थिए र तिनबाट निस्केको शीतल वायुले उहाँको सेतो छातामा लागेका मोतीका झल्लर हल्लंदा चन्द्रमाको किरणबाट अमृतको थोपा झर्न लागेकी हो कि जस्तो मालूम हुन्थ्यो ॥३८॥ भगवान्‌को श्रीमुख देख्ता उहाँ सबैमाथि प्रसन्न हुनुहुन्छ भन्ने मालूम हुन्थ्यो, उहाँको सुन्दर स्वभाव सबैलाई प्यारो थियो औ आफ्नो प्रेमपूर्ण कटाक्षले भक्तहरूको हृदयलाई आनन्दित गर्न लाग्नुभएको थियो । आफ्नो विशाल वक्षःस्थलमा देखिएको कान्तिले समस्त दिव्यलोकको चूडामणिरूप आफ्नो धाम अर्थात् वैकुण्ठलोकलाई सुशोभित गर्न लाग्नुभएको थियो॥३९॥ पीताम्बरमण्डित विशाल नितम्बमा झल्ल झल्कने कर्धनी औ घाँटीमा भ्रमराद्वारा गुञ्जायमान वनमाला

सुशोभित थिए। कलाईमा सुन्दर कंगन पहिरनुभएको उहाँले एउटा हात गरुडजीको काँधमा राखी अर्कोले कमलको फूल हल्लाउन लाग्नुभएको थियो ॥४०॥ उहाँका अमोल कपोलले बिजुलीको प्रभालाई समेत लज्जित गराउने मकराकृत कुण्डलहरूको शोभालाई बढाइराखेको थयो, मुख उन्नत नासिकायुक्त थियो, शिरमा मणिमय मुकुट थियो, चार बाहुलीको बीचमा महामूल्यवान् हारको र घाँटीमा कौस्तुभमणिको अपूर्व शोभा थियो ॥४१॥ जसलाई भक्तहरू आफ्नो हृदयमा धारण गर्दछन्, जसको सौन्दर्य देख्ता लक्ष्मीको "म नै सौन्दर्यकी निधि हुँ" भन्ने अभिमान चूर्ण भएको छ, यस्तो परम सुन्दर विग्रह धारण गर्ने तथा मेरो महादेव औ तिम्रो निम्ति नाना प्रकारको रूप ग्रहण गर्ने श्रीहरिलाई देख्ता सनकादि मुनीश्वरहरूले टाउको निहुराएर दङ्गपरीकन उहाँलाई प्रणाम गरे, तर भगवान्को सुन्दरता जति हेरे तापनि सनकादिहरूको आँखा अघाउन्नथे ॥४२॥

सनकादि मुनीहरू सदा ब्रह्मानन्दको अनुभव गर्नेभए तापनि भगवान्को चरण-कमलको परागसित मिसिएको तुलसी-मञ्जरीको गन्धले सुवासित भएको वायु नासिकारन्ध्रद्वारा अन्तः-करणमा पस्नासाथ उनीहरूले आफ्नो शरीरलाई काबुमा राख्न सकेनन्, त्यस दिव्य गन्धले मनमा खलबली गराइदिइहाल्यो॥४४॥ भगवान्को मुहार नीलकमल जस्तो थियो, अति सुन्दर अधर र कुन्दकुसुमको जस्तो मनोहर हास्यले त्यस मुखका शोभा झन् बढिराखेको थियो। यस्तो मुख-मण्डल देखेर ती मुनिहरू कृतकृत्य भए र अरुण

मणीसमानका नङहरूको आश्रयस्थान उहाँको चरणकमल देख्ता तिनैको ध्यान गर्न लागे ॥४४॥ योगमार्गद्वारा मोक्षपदको खोजी गर्ने पुरुषहरूको निम्ति ध्यानको विषय, तत्त्वज्ञानीहरूका लागि अत्यन्त आदरणीय, आँखालाई आनन्दित गराउने, स्वाभाविक अणिमादि गरिएका अष्टसिद्धिले युक्त भएको, अन्य साधनद्वारा सिद्ध नहुने यस्ता पुरुषरूपलाई प्रकट गर्ने श्रीहरिको ती सनकादि ऋषिहरू स्तुति गर्न लागे ॥४५॥

सनकादिहरूले भने—

हे अनन्त ! यद्यपि सबैको हृदयमा विराजमान हुनुहुन्छ तापनि दुरात्माहरू हजूरलाई देख्न सक्तैनन्। हजूरबाट उत्पन्न भएका ब्रह्मा हाम्रा पिताजीले जुन समयमा हामीलाई हजूरको समग्र रहस्यको उपदेश दिनुभएथ्यो त्यै वेला कर्णमार्गद्वारा हजूर राम्रो बुद्धि (अन्तःकरण) मा प्रविष्ट हुनुभएको थियो। किन्तु हाम्रो कस्तो सौभाग्य, आज उही हजूर हाम्रो नजरको अगाडि उभिनुभएको छ ॥४६॥ हे भगवन् ! हामी हजूरलाई साक्षात् आत्मतत्त्वरूप परम तत्त्व नै संझन्छौं। यस समयमा आफ्नो विशुद्ध सत्वमय विग्रहरूपले आफ्ना यी भक्तहरूलाई आनन्दित गर्न लाग्नुभएको छ। हजूरको कृपादृष्टिले प्राप्त भएको सुदृढ भक्तियोगद्वारा राग औ अहङ्कारदेखि मुक्त भएका मुनीहरू आफ्नो हृदयमा यो साकार सगुण मूर्तिको अनुभव गर्दछन् ॥४७॥ हजूरको यश अत्यन्त कीर्तनीय औ पवित्र छ। हजूरको चरणको शरणमा रहने महाभाग्यमानीहरू हजूरको कथाको रसिक भएका

हुनाले हजूरको आत्यन्तिक प्रसाद अर्थात् मोक्ष-पदलाई समेत बर्त्ता ठान्दैनन् भने हजूरको कुटिल कटाक्षरूप कालको भय भएको इन्द्रपद आदि अरू भोगको विषयको कुरा त कता छ कता ।।४८।। हे भगवन् ! यदि हाम्रो चित्त भ्रमरा जस्तै गरी हजूरको चरणकमलमा रमण गर्दछ, वाणी तुलसी जस्तै गरी हजूरको चरण-सम्बन्धले सुशोभित रहन्छ औ कान हजूरको सुयश-सुधाले परिपूर्ण रहन्छभने आफ्नो पापले गर्दा हाम्रो जन्म जुनसुकै नरकादि योनिमा भए तापनि हामीलाई त्यस कुराको केही चिन्ता छैन ।।४९।। हे विपुलकीर्ते ! हाम्रो सामुन्नेमा यो जुन मनोहर रूप प्रकट गर्नुभएको छ त्यसले हाम्रो आँखालाई बडो आनन्द भइराखेको छ । विषयासक्त, अजितेन्द्रिय पुरुषलाई यो रूप दृष्टि-गोचर हुनु अत्यन्त कठिन छ । हाम्रो अगाडि प्रकट गर्नुभएको हजूरको यो ऐश्वर्य्यशाली मूर्तिलाई हामी प्रणाम गर्दछौं ।।५०।।

अध्याय-१६

जय विजयको बैकुण्ठबाट अधःपतन हुन्छ ।

ब्रह्माले भन्नुभयो—

योगपरायण सनकादि मुनीश्वरहरूले यस प्रकारसंग स्तुति गरेपछि वैकुण्ठ-निवासी भगवान् हरि उनीहरूको प्रशंसा गर्दै भन्न लाग्नुभयो ।।१।।

भगवान्ले भन्नुभयो—

मेरा यी जय विजय पार्षदले मेरो केही वास्ता नराखी तपाईंहरूको ठूलो अपराध गरेका छन् ।।२।। मेरा परमभक्त तपाईंहरूले यिनलाई जुन दण्ड दिनुभएको छ त्यो मलाई पनि अभिमत छ, किनकि यिनीहरूले देवरूप ब्राह्मणहरूप्रति अनुचित व्यवहार गरेका छन् ।।३।। ब्राह्मण मेरा परम आराध्यदेव हुन् । मेरा अनुचरहरूद्वारा तपाईंहरूको जुन तिरस्कार भएको छ त्यसलाई ता म आफैले गरेको जस्तो संझन्छु, तसर्थ त्यस अपराधलाई क्षमा गराउन म तपाईंहरूलाई प्रसन्न गराउन चाहन्छु ।।४।। सेवकले अपराध गरेमा संसार उसको मालिकको नै नाम लिन्छन्, श्वेतकुष्ठले छालालाई दूषित गरे झैं यस अपयशले उसको कीर्तिलाई कलङ्कित गरिदिन्छ ।।५।। मेरो अमृत-समानको निर्मल यशमा गोता लगाउनाले अर्थात् श्रवण गर्नाले चाण्डालपर्यन्त समस्त जगत् उत्ति-खेरै पवित्र हुन्छ, यसैकारणले मेरो नाम विकुण्ठ भएको हो । तर मलाई यो तीर्थस्वरूप (पवित्र) कीर्ति तपाईंहरूद्वारा नै प्राप्त भएको हो, तसर्थ तपाईंहरूको विरुद्ध आचरण गर्ने आफ्नै हात भए-तापनि म त्यसलाई काटिदिन्छु ।।६।। तपाईं हरूकै सेवाको फलले, मेरो चरणारविन्दको केवल रजले सम्पूर्ण पापलाई तत्काले नष्ट गरिदिन्छ औ मैले कस्तो सुन्दर स्वभाव पाएको छुभने त्यसले गर्दामा जुन लक्ष्मीको लेश मात्र कृपा-कटाक्षको निम्ति ब्रह्मा आदि गरिएका देवताहरू नाना प्रकारका नियम औ व्रतको पालना गर्दछन्, तिनै लक्ष्मी म जत्तिको उदासीन भए तापनि मलाई एक छिनको निम्ति पनि छाड्दिनन् ।।७।।

स्वकर्मपरायण औ आफ्नो समस्त कर्मफल मलाई अर्पण गरी सदा सन्तुष्ट रहने ब्राह्मणहरू जब गाँसैपिच्छे तृप्त हुँदै घिउले तर भएको खीर आदि किसिम किसिमका पकवान्न खान्छन् त्यसबखतमा उनीहरूको मुखद्वारा म जत्तिको तृप्त हुन्छु त्यत्तिको ता यज्ञमा अग्निरूप मुखले यजमानले दिएको आहुतिलाई ग्रहण गरेर तृप्त हुन्नँ ॥८॥ योगमायाको अखण्ड औ असीम ऐश्वर्य्य मेरो अधीनमा छ तथा मेरो चरणोदकरूपिणी गङ्गाजी मस्तकमा चन्द्रमालाई धारणा गर्ने शङ्करलगायत समस्त लोकलाई पवित्र गर्दछिन् । यस्तो परम पवित्र तथा परमेश्वर भएर पनि म जसको पवित्र चरण-रजलाई आफ्नो मस्तकमा धारण गर्दछु त्यस्ता ब्राह्मणले गरेको कामलाई कसले नसहला ? ॥९॥ ब्राह्मण, दूधदिने गाई र अनाथ प्राणी यी तीनै मेरा शरीर हुन् । पापले गर्दा विवेकदृष्टि नष्ट भएका जो मानिस यिनीहरूलाई मदेखि फरक देख्तछन् तिनलाई मद्वारा नियुक्त भएका यमराजका गिद्ध जस्ता दूतहरू सर्प झैं क्रुद्ध भएर चिथर्दछन् ॥१०॥ जो ज्ञानी मानिस तिरस्कारपूर्वक कठोर वचन भन्ने ब्राह्मणलाईसमेत मेरै स्वरूप संझेर प्रसन्न चित्तले तथा अमृतमय मुस्कानले युक्त भएको मुखमुद्राले आदर गर्दछन् र झोक्किएको बाबुलाई छोराले तथा मैले तपाईं-हरूलाई शान्त गर्न लागे जस्तो गरी प्रेमले भरिएको वचनले प्रार्थना गर्दछन्, तिनीहरू मलाई आफ्नो वशमा गराइहाल्दछन् ॥११॥ यी मेरा सेवक-हरूले आफ्ना मालिकको अर्थात् मेरो अभिप्राय नबुझेर नै तपाईंहरूको अपमान गरेका हुन् तसर्थ यिनीहरू आफ्नो अपराधयोग्य अधम गतिमा झट्टै प्राप्त भई फेरि मकहाँ फर्कर आऊन् । मेरा सेवक-हरूको श्रापले गर्दा हुने प्रवाश झट्टै पूरा गरि-दिनोस्, यसो गर्नाले मेरोउपर तपाईंहरूको ठूलो अनुग्रह हुनेछ ॥१२॥

ब्रह्माजीले भन्नुभयो—

यद्यपि सनकादि ऋषिहरू क्रोधरूपी सर्पले डसिएका थिए तथापि भगवान्को यस्तो मनोहर, मधुर तथा ऋषिकुलको योग्य दिव्य वाणी सुन्नाले शान्त ता भए तर उनीहरूको चित्त तृप्त भएन अर्थात् अरू पनि सुन्न पाए हुँदोहो जस्तो लाग्यो ॥१३॥ भगवान्को उक्ति अत्यन्त मनोहर र थोरै अक्षर भएको थियो तर यो यस्तो अर्थ-पूर्ण, सारयुक्त तथा दुर्विज्ञेय र गम्भीर थियो कि बडो ध्यान दिएर सुन्दा र विचार गर्दा पनि भगवान्को के आशय हो सो तिनीहरूले ठह्र्याउन सकेनन् ॥१४॥ भगवान्को यो अद्भुत उदारता देख्ता तिनीहरू बडो आनन्दित भए, तिनीहरुको अङ्गप्रत्यङ्गमा रोमाञ्च हुन गयो । यसपछि योगमायाद्वारा आफ्नो परम ऐश्वर्यको प्रभावलाई प्रकट गर्ने प्रभुलाई हात जोरेर भन्न लागे ॥१५॥

ऋषिहरुले भने—

हे देव ! हे भगवन् ! समस्त चराचरको स्वामी भएर पनि "तिमीहरुले मेराउपर ठूलो अनुग्रह गर्‍यौ" भन्ने जो कुरा हामीलाई भन्नुभयो, त्यसको के अभिप्राय हो सो ता हामीले बुझ्न सकेनौं ॥१६॥ हे प्रभो ! तपाईं ब्राह्मणहरुका परम हितषी हुनुहुन्छ यसैले लोकशिक्षाको निमित्त "ब्राह्मण मेरा आराध्यदेव हुन्" भन्नुभएको होला तर वास्तवमा ब्राह्मण औ देवताहरुका पूजनीय ब्रह्मादिहरूका समेत तपाईं नै आत्मा र आराध्यदेव

हुनुहुन्छ ॥१७॥ सनातन-धर्म तपाईंबाट नै उत्पन्न भएको हो, समय समयमा तपाईंका अवतारद्वारा यसको रक्षा भइरहेको छ । निर्विकार-स्वरूप तपाईं नै धर्मको परमगुह्य रहस्य हुनुहुन्छ । शास्त्रहरूको मत यस्तै छ ॥१८॥ तपाईंको कृपाले संसारदेखि विरक्त भएका योगीजनहरू सजिलैसंग मृत्युरूप संसार-सागरबाट पार हुन्छन्, यस्ता तपाईंमाथि अरू कसले अनुग्रह गर्न सक्ला ? ॥१९॥ हे भगवन् ! धनको चाहना गर्ने मानिसहरू जसको चरणको धूलोलाई सदासर्वदा आफ्नो मस्तकमा धारणा गर्दछन् त्यस्ती लक्ष्मी निरन्तर तपाईंको सेवामा लागिरहन्छिन्,यताबाट भाग्यवान् भक्तहरू तपाईंको चरणमा जो नयाँ नयाँ तुलसीको माला अर्पण गर्दछन् औ जसमा भ्रमराहरु गुञ्जन गर्दछन् ती लक्ष्मी पनि तपाईंको त्यै चरणकमललाई भ्रमराले जस्तै गरी आफ्नो निवासस्थान बनाउन चाहन्छिन् भन्ने कुरा बुझिन्छ ॥२०॥ तर तपाईं ता आफ्नो पवित्र चरित्रले सदासर्वदा सेवामा तत्पर रहने ती लक्ष्मीको समेत विशेष आदर नगरी आफ्ना भक्तहरूमाथि नै विशेष प्रेम देखाउनुहुन्छ । यस्ता समस्त ऐश्वर्य्यका आश्रम तपाईंलाई के ब्राह्मणको चरणमा लाग्नाले पवित्र भएको बाटोको धूलोले र श्रीवत्सको चिह्नले पवित्र गर्न सक्ला त ? ब्राह्मणहरुको मेरा उपरको कृपाले नै लक्ष्मीले मलाई नत्यागेकी हुन् भनेर भन्नु तथा विप्रको चरणचिह्नलाई आफ्नो वक्षःस्थलमा धारण गर्नु ता लोकशिक्षाको सिवाय अरू कुनै कारण हुन सक्तैन ॥२१॥ हे भगवन् ! तपाईं ब्राह्मण औ देवताहरुको हित गर्नाका लागि रजोगुण औ तमोगुणलाई भक्तहरुले इच्छा गरेको वर दिने आफ्नो सत्वगुणमय मूर्तिले नष्ट गरी. तप, शौच औ दया यी तीन चरणले तीनै युगमा अवतार लिनुहुन्छ । चराचर जगत्को कल्याणका लागि नै तपाईंले यो रूप धारण गर्नुभएको हो ॥२२॥ हे देव ! तपाईं नै ब्राह्मणकुलको रक्षक हुनुहुन्छ । साक्षात् धर्मरूप भएर पनि सुमधुर वाणी र पूजनादिद्वारा यस उत्तम कुलको रक्षा गर्नुभएनभने ता स्वयं तपाईंले बनाउनुभएको कल्याणदायक वेदमार्ग नष्ट भइजानेछ, कारण संसारका मानिसहरु ता श्रेष्ठ पुरुषको आचरणलाई नै प्रमाणरूपले मानेर त्यसैको अनुकूल चल्दछन् ॥२३॥ हे प्रभो ! तपाईं ता सत्वगुणको खानि हुनुहुन्छ र सम्पूर्ण प्राणीको कल्याण गर्न उत्सुक रहनुहुन्छ, यसै कारणले जब दुष्टहरु तपाईंको इच्छाविरुद्ध पापमय आचरण गर्न थाल्दछन् त्यसबखतमा आफ्नो शक्तिरूप राजा अथवा अवतारहरुद्वारा ती धर्मका शत्रुहरुको संहार गर्नुहुन्छ । स्वयं त्रिलोकीनाथ र जगत्प्रतिपालक भएर पनि ब्राह्मणहरुप्रति तपाईंले यो जो नम्रता देखाउनुहुन्छ त्यसबाट तपाईंको तेजको केही क्षति हुन सक्तैन, यो ता केवल तपाईंको खेलबाड मात्र हो ॥ २४॥ हे सर्वेश्वर ! यी द्वारपालहरूलाई जस्तो मुनासिब संझनुहुन्छ त्यस्तै दण्ड दिनुहोस् अथवा पुरस्काररूपले यिनको वृत्ति बढाइदिनुभए पनि हुन्छ । हामी निष्कपटभावले जुन किसिममा पनि सहमत छौं । अथवा हामीले तपाईंका निरपराध अनुचरहरुलाई श्राप दिएका छौं तसर्थ हामीलाई नै उचित दण्ड दिनुहोस्, त्यो कुरा पनि हामीलाई सहर्ष स्वीकार छ ॥२५॥

भगवान्‌ले भन्नुभयो—

हे ब्राह्मण हो ! यिनीहरूलाई तिमीहरुले जो श्राप दियौ त्यसमा तिमीहरुको केही दोष छैन, यो ता मेरै इच्छाले भएको हो । यी मेरा दुवै सेवक असुरयोनिमा प्राप्त हुनेछन् र त्यहाँ क्रोधको आवेशले एकाग्रतापूर्वक मेरो ध्यान गरिरहनेछन् तसर्थ छट्टै असुरयोनिबाट मुक्त भएर मकहाँ फर्केर आउनेछन् ॥२६॥

ब्रह्माजी भन्नुहुन्छ—

यसपछि ती मुनीश्वरहरुले आँखालाई आनन्द दिने विष्णुभगवान् र उहाँको स्वयम्प्रकाश वैकुण्ठधामको दर्शन गरे ॥२७॥ र अनि प्रभुको परिक्रमा गरी उहाँलाई प्रणाम गरे । त्यसपछि प्रभुको आज्ञा ली आनन्दपूर्वक भगवान्‌को ऐश्वर्यको वर्णन गर्दै वैकुण्ठलोकबाट प्रस्थान गरे ॥२८॥ फेरि भगवान्‌ले आफ्ना अनुचरहरूलाई भन्नुभयो—"तिमीहरू यहांबाट जाओ, मनमा कुनै प्रकारको डर नलेओ, तिमीहरूको कल्याण हुनेछ । सबै कुरा गर्नमा समर्थ भए तापनि म यो ब्रह्मतेजलाई मेट्न चाहन्न,कारण यो मेरै इच्छाले हुन आएको हो ॥२९॥ एकबाजि योगनिद्रामा पडिरहेको बेलामा तिमीहरूले भित्र पस्न खोजेकी लक्ष्मीलाई ढोकामा रोकेका थियौ, त्यैबखतमा उनले तिमीहरूलाई यो श्राप दिएकी हुन् ॥३०॥ दैत्ययोनिमा मेरो प्रति वैरभाव रहनाले तिमीहरूलाई जो एकाग्रता हुनेछ त्यसैद्वारा ब्राह्मणहरूलाई निरादर गर्नाले प्राप्त भएको ब्रह्म-श्रापबाट मुक्त भएर थोरै कालमा नै मकहां फर्केर आउनेछौ" ॥३१॥

यस प्रकारसंग आफ्ना द्वारपालहरूलाई आज्ञा दिसकेपछि भगवान् विमानका श्रेणीहरूले सिंगारिएको तथा सम्पूर्णलोकमा देखिने शोभाभन्दा बर्ता शोभाले युक्त भएको आफ्नो महलमा प्रवेश गर्नुभयो ॥३२॥

तदनन्तर अलङ्घनीय ब्रह्म-शापले गर्दा निस्तेज तथा अभिमानहीन भएका ती देवश्रेष्ठ जय विजय भगवान्‌को वैकुण्ठधामबाट तल खसे ॥३३॥ हेपुत्र हो ! तिनीहरूलाई वैकुण्ठलोकबाट खस्न लागेको देख्ता श्रेष्ठ विमानमा बसेका देवगणहरूले बडो कोलाहल मच्चाए ॥३४॥ तिनै दुवै भगवान्‌का पार्षदप्रवरहरूले अहिले कश्यपजीको उग्रतेजद्वारा दितिको गर्भमा प्रवेश गरिराखेका छन् ॥३५॥ तिनै दुई असुरहरूको तेजले गर्दा तिमीहरूको तेज फिक्का पर्न गएको हो । यसको प्रतिकार मबाट हुन सक्तैन, कारण भगवान्‌ले नै अहिले यस्तै गर्न खोज्नुभएका छ ॥३६॥ जुन आदि-पुरुष संसारको उत्पत्ति, स्थिति र लयका कारण हुन, जसको मायालाई पार गर्न योगिजनलाई समेत बडो कठिन पर्दछ, सत्त्वादि तीनै गुणंका नियन्ता उनै भगवान्‌ले हाम्रो कल्याण गर्नेछन् । अब यस विषयमा हामीले विशेष विचार गर्नाले केही लाभ हुन सक्ला त ? ॥३७॥

अध्याय-१७

हिरण्यकशिपु र हिरण्याक्षको जन्म तथा हिरण्याक्षको दिग्विजय ।

मैत्रेयजीले भन्नुभयो—

हे विदुरजी ! ब्रह्माको मुखबाट कहिएको अन्धकारको कारण सुनेपछि समस्त देवताहरू शङ्काहीन भईकन स्वर्ग-लोकतिर फर्केर गए ।।१।। प्रतिव्रता दितिले पनि पतिदेवको कथनानुसार आफ्ना छोराहरूद्वारा देवताहरूलाई कष्ट प्राप्त हुने आशङ्काले पूरा सय वर्षसम्म गर्भ धारण गरि-राखिन् र सय वर्ष पुगेपछि दुइटा जम्ल्याहा छोरा पैदा गरिन् ।।२।। यिनीहरू जन्मने समयमा समस्त लोकलाई अत्यन्त भयभीत गराउने अनेक उत्पातहरू स्वर्ग, पृथ्वी औ अन्तरिक्षमा हुन लागे ।।३।। पर्वतसहितकी पृथ्वी काम्न लागिन्, समस्त दिशाहरूमा दाह हुन लाग्यो, जताततै उल्कापात तथा वज्रपात हुन थाले र आकाशमा भएको सूचना दिने धूम्रकेतु (पुच्छे तारा) देखिन थाल्यो ।।४।। आँधीरूपी सेना तथा धूलोरूपी ध्वजाले युक्तभएको, शरीलाई अप्रिय लाग्ने बडो विकट वायु वारंवार स्वाँ स्वाँ गर्दै तथा रूखहरुलाई जरैदेखि उखेल्दै चल्न लाग्यो ।।५।। खित्का छाडेर हांस्न लागेको हो कि जस्तो गरेर बिजुली बडो जोरसंग चम्कन लाग्यो, घनघोरको घटाले गर्दा सूर्यादि ग्रहहरु ढाकिएकोले आकाशमा यस्तो अन्धकार फैलियो कि कतै पनि केही नदेखिने हुन गयो ।।६।। समुद्र दुःखी मानिस झैं कोलाहल मच्चाउन लाग्यो, त्यसमा तरङ्गहरु माथि माथि-सम्म उठ्न लागे, जलभित्र रहने प्राणीहरुमा ठूलो हल्ली-खल्ली मच्चियो, नदीहरुमा तथा तलाऊ, पोखरी आदि गरिएका जलासयमा ठूलो खलबली भयो, तलाउहरुका कमल त्यस्सै सुकेर गए ।।७।। आकाशमा राहुग्रस्त सूर्य औ चन्द्रमाको वरिपरि वारंवार मण्डल परेको देखिन लागे, बादल नभईकन नै आकाशमा घनघोरको शब्द हुन थाल्यो र गुफाहरुबाट रथ घर्घर्घर गरे जस्तो आवाज निस्कन लाग्यो ।।८।। गाउँभित्र मुखबाट आगोको ज्वाला निकाल्दै स्यालिनीहरू बडो अम-ङ्गल शब्द गर्न लागे र यिनको साथसाथै स्याल र लाटोकोसेराले पनि भयानक आवाज झिक्न थाले ।।९।। बथानका बथान कुक्कुरहरु जताततै घाँटी उचालेर कहिले गाए जस्तो र कहिले रोए जस्तो गरी थरीथरीको आवाज निकाल्न लागे ।।१०।। हे विदुर ! त्यस समयमा बगालका बगाल गदाहाहरु आफ्ना साह्रा साह्रा खुरले भुईं खोस्रँदै तथा आफ्नो आवाज झिक्तै मतवाला जस्तो भएर यताउति घुम्न लागे ।।११।। गदाहा हरुको शब्द सुन्नाले तर्सेका चराचुरुङ्गीहरु रुँदै, चिच्याउँदै आफ्ना आफ्ना गुँडबाट उड्न लागे र गोठ तथा वनमा रहेका गाई आदि पशुहरु डरा-एर मलमूत्र त्याग गर्न लागे ।।१२।। गाईहरु ता कसरी भयभीत भएभने दुहुँदाखेरि यिनीहरुको स्तनबाट दूधको सट्टामा रगत निस्कन लाग्यो, बादलबाट पीपको वर्षा हुन थाल्यो, देवताहरुको मूर्तिको आंखाबाट आँसु बग्न लागेको देखियो र विना हावाले रूखहरू धमाधमी ढल्न थाले ।।१३।। शनि, राहु आदि गरिएका क्रूर ग्रह-हरु प्रबल भएर शुक्र, चन्द्र आदि गरिएका शुभ

ग्रहहरुलाई तथा अरू अरू नक्षत्रलाई नाघेर वक्र-गतिले हिंड्न लागे र परस्पर युद्ध गर्न थाले ।।१४।। यस प्रकारका अरू अरू भयङ्कर उत्पात देख्नाले ब्रह्माका छोरा सनकादि सिवाय तीनै लोकका समस्त जीवहरु भयभीत भए र यो उत्पातको मर्म नबुझेकोले प्रलयकाल उपस्थित हुन लागेको हो कि भनेर संझन लागे ।।१५।।

यी दुवै आदि-दैत्य जन्मनासाथ आफ्नो फलामसमानको साह्रो शरीरले बढ्दाबढ्दै पहाड जस्तो हुन गए र यिनीहरूको पूर्वसिद्ध पुरुषार्थसमेत प्रकट हुन थाल्यो ।।१६।। यिनीहरु कस्ता अग्ला थिएभने यिनको सुवर्णमय मुकुटको अग्रभागले आकाशलाई छुन्थ्यो औ यिनको विशाल शरीरले गर्दा समस्त दिशाहरू ढाकिन्थे । यिनका भुजामा सुनका अङ्गदादि आभूषण झल्किरहेका थिए । यिनीहरुले हिंड्दाखेरिको प्रत्येक कदममा पृथ्वी काम्न लागिन् र जब यिनीहरु उभिन्थे त्यस बखतमा कम्मरमा रहेको चहकिलो कर्धनीले गर्दा सूर्यभन्दा पनि बढ्ता प्रकाशमान देखिन्थे ।।१७।। प्रजापति कश्यपजीले यिनीहरुको नामकरण गर्नुभयो । यी जम्ल्याहाहरुमा उहाँको वीर्यद्वारा जो पहिले दितिको गर्भमा स्थापित भएथ्यो त्यसको नाम "हिरण्यकशिपु" राख्नुभयो र जसलाई दितिले पहिले पेटबाट निकालिन् त्यो "हिरण्याक्ष" को नामले विख्यात भयो ।।१८।।

हिरण्यकशिपु ब्रह्माजीको वरदानले अमर भएको हुनाले बडो उद्धत भएर निस्क्यो । आफ्नो बाहुबलले यसले लोकपालसहितको तीनै लोकलाई आफ्नो वशमा गराइदियो ।।१९।। भाइ हिरण्याक्ष उसको बडो प्यारो थियो र भाइ पनि सधैं आफ्नो दाजूलाई मन पर्ने काम गर्दथ्यो । एक दिन यो हातमा गदा लिएर युद्ध गर्ने इच्छाले आफूसमानको बल भएको योद्धा खोज्दै स्वर्ग-लोकमा पुग्यो ।।२०।। अति असह्य वेग भएको, हिंड्दाखेरि सुनको नूपुरको छम छम आवाज निकाल्ने, घाँटीमा वैजयन्तीमाला धारण गरेको त्यसले काँधमा गदा राखेको थियो।।२१।। मनोबल, शारीरिक बल एवं ब्रह्माको वरले गर्दा गर्वित भइराखेको त्यो निरङ्कुश तथा निर्भय हिरण्याक्ष दैत्यलाई देख्ता देवताहरु गरुडको डरले सर्पहरु लुक्ने जस्तै गरी डराएर जताततै लुक्न लागे ।।२२।। दैत्यराज हिरण्याक्षले आफ्नो तेजले डराएर इन्द्रादि गरिएका सम्पूर्ण घमण्डी देवता-हरुलाई लुकेको थाहा पायो र स्वर्गमा यी कसैलाई आफ्नो सामुन्ने नदेख्ता वारंवार बडो भयङ्कर सिंहनाद गर्न लाग्यो ।।२३।। यसपछि त्यो महा-बली दैत्य त्यहाँबाट फर्केर जलविहार गर्ने इच्छाले मतवाला हात्ती झैं गहिरो तथा भयङ्कर गर्जना गर्ने समुद्रमा पस्यो ।।२४।।

उसले जलभित्र प्रवेश गर्नासाथ वरुणका सैनिक जलचर जीवहरुको डरले थर्कमान भएर होश उडेर गयो । दैत्यहरुमाथि प्रहार गरेको थिएन तापनि त्यसको तेजले नै हडबडाएर उनीहरु धेरै टाढा भागेर गए ।।२५।। त्यो महाँ बली दैत्यले अनेक वर्षसम्म समुद्रमा नै विचरण गरिरह्यो र आफ्नो सामुन्ने कुनै प्रतिपक्षीलाई नदेख्ता वायुवेगले उठिराखेका प्रचण्ड तरङ्ग-माथि नै वारंवार आफ्ना फलामको गदाले प्रहार गर्दथ्यो । यस प्रकारसँग घुम्दाघुम्दै कुनै एक समयमा त्यो वरुणका राजधानी विभावरी पुरीमा

पुग्यो ॥२६॥ त्यहाँ पाताललोकका स्वामी, जलचर जीवहरु मध्येका श्रेष्ठ वरुणलाई देख्ता त्यसले उनको खिस्सी गर्नको निम्ति नीच मनुष्यले जस्तै गरी उनलाई प्रणाम गऱ्यो र मुसुमुसु हाँस्तै भन्यो—"हे महाराज ! मलाई युद्धको भिक्षा दिनुहोस् ॥२७॥ हे प्रभो ! तपाईं ता लोकपालहरुका अधीश्वर औ अत्यन्त यशस्वी हुनुहुन्छ, आफूलाई बडो बहादुर सम्झनेहरुको वीर्यमदलाई चूर्ण गर्नुहुन्छ; पूर्वकालमा तपाईंले संसारका समस्त दैत्य-दानवलाई जितेर एकचोटि राजसूय यज्ञ पनि गर्नुभएको थियो" ॥२८॥

त्यो मदोन्मत्त शत्रुले यस प्रकारसंग खूब खिस्सी गर्दा भगवान् वरुणलाई बडो झोंक त चल्यो तर उहांले बुद्धि बलले रिसलाई रोकेर भन्नुभयो—"ए भाइ ! मैले ता युद्धादि गर्ने काम छाडिसकेको छु ॥२९॥ तिमीसमानको रणकुशल वीरलाई युद्धमा सन्तुष्ट गर्न सक्ने ता म भगवान् पुराण पुरुषसिबाय अरू कसैलाई देख्तिन, अतः हे असुरश्रेष्ठ ! तिमी उहींकहाँ जाऊ, उहाँले तिम्रो इच्छा पूर्ण गर्नुहुनेछ, तिमीसमानका वीरहरू उहाँको वीरताले सन्तुष्ट भएर उहाँको गुण-गान गर्दछन् ॥३०॥ ती वीरनिर पुग्नासाथ तिम्रो घमण्ड चूर हुनेछ औ तिमी चारैतिरबाट कुक्कुरहरुले घेरिएर वीर-शय्यामा अर्थात् रणभूमिमा शयन गर्नेछौ । उहाँ तिमी जस्ता दुष्टहरुलाई मार्न र सज्जनहरूप्रति कृपा गर्ने इच्छाले नाना प्रकारको रूप धारण गर्नुहुन्छ ॥३१॥

———

अध्याय-१८

हिरण्याक्षसँग वराह-भगवान्को युद्ध ।

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! वरुणजीले भनेको यो कुरा सुन्दा त्यो मदोन्मत्त दैत्य बडो खुशी भयो । युद्धमा उहाँको हातबाट तँ मारिनेछस् भनेर जो वरुणले भनेका थिए त्यतापट्टि उसले केही ध्यानै दिएन र नारदजीबाट भगवान्को पत्ता लगाएर झट्टै रसातलमा पुगिहाल्यो ॥१॥ त्यहाँ त्यसले विश्वविजयी वराह भगवान्लाई दाह्राको टुप्पामा पृथ्वीलाई राखेर आफ्नो अगाडि आउन लागेको देख्यो । उहाँका राता राता चहकिला आँखाले गर्दा उसको तेज हरण भइहाल्यो। उहाँलाई देख्नासाथ उसले खिस्सी गरेर भन्यो—"अहो ! वनमा विचरण गर्ने यो मृग यहाँ जलमा कसरी आइपुगेछ"! ॥२॥ फेरि वराह भगवान्लाई भन्न लाग्यो-"ए मूर्ख ! यता आइज । यस पृथ्वीलाई छाडिदे । विश्वको रचना गर्ने ब्रह्माले यसलाई हामी पातालवासीहरुको जिम्मामा सुम्पनुभएको छ । अरे शूकररूपधारी सुराधम ! मैले हेर्दाहेर्दैमा तँ यी पृथ्वीलाई लिएर कुशलपूर्व्वक जान सक्तैनस् ॥३॥ तँ आफ्नो मायाले लुकी लुकीकन दैत्यहरुलाई मार्दछस्, के यसैकारणले हाम्रा शत्रुहरुले हाम्रो विनाश पान तँलाई पालेका हुन् ? ए मूढ ! तेरो बल भन्नु ता योगमाया नै हो, पुरुषार्थ भनेको ता तँमा बहुतै कम छ, अतः आज तलाई मारेर आफ्ना बन्धुवर्गको शोक दूर गर्नेछु ॥४॥ मेरो हातबाट छुटेको गदाको प्रहारले जब टाउको

फुटेर तेरो प्राण निस्कनेछ, त्यसबखतमा तेरो आराधना गर्ने समस्त ऋषि तथा देवता स्वयं नाश भइहाल्नेछन्, कारण ती सबैको मूल ता तै नै होस्" ॥५॥

शत्रुको यस्तो कटुवचनरूपी वाणले व्यथित भए तापति भगवान्‌ले आफ्नो दाह्राको टुप्पोमा राखेको पृथ्वीलाई डराएको देखी, उसको दुर्वचन सहेर, जसरी ग्राहबट चोट खाएको हात्ती हथिनीसहित जलबाहिर निस्कन्छन् त्यसै गरी जलबाहिर निस्कनुभयो ॥ ६ ॥ जसरी ग्राहाले हात्तीलाई लखेट्दछ त्यसैगरी सुन जस्तो पहेंलो केश औ तीखो दाह्रा भएको त्यो दैत्यले जलबाहिर आउन लागेका भगवान्‌को पीछा गर्‍यो औ वज्र झैं कड्केर भन्न लाग्यो—"साँच्चि नै हो, असत् औ निर्लज्ज पुरुषले गर्न नहुने काम कुनै पनि छैन"॥७॥

भगवान्‌ले शत्रुले देख्ने गरी पृथ्वीलाई जलमाथि व्यवहारयोग्य स्थानमा राख्नुभयो र त्यसमा आफ्ना सत्व अर्थात् आधार-शक्तिको सञ्चार गर्नुभयो। त्यस समयमा विश्वको रचना गर्ने ब्रह्माजीले उहाँको स्तुति गरे र देवताहरुले फूल वर्षाउन लागे ॥८॥ अनि भगवान्‌ले गदा लिएर आफ्नो पछि पछि आइराखेको, सुनका गहना औ विचित्र कवच धारण गरेको, कठोर वचनले निरन्तर आफूलाई व्यथित गरिरहेको हिरण्याक्षलाई खूब रिसाएर हाँस्तै भन्न लग्नुभयो ॥९॥

भगवान्‌ले भन्नुभयो—

अरे! हामी साँच्चि नै वनवासी मृग ह्वौं तर तँ जस्ता ग्रामसिंह (कुकुर) लाई खोजी खोजी हिंड्दछौं। ए दुष्ट! वीर पुरुष तँ जस्ता मृत्युपाशले बाँधिएका अभागी जीवले आफ्नो बढत्व देखाएको कुरामा ध्यान दिंदैनन् ॥१०॥ हो, हामी पातालवासीहरूको धरौटी चोर्ने, लाज नभएका ह्वौं, तेरो गदाको भयले यहाँ भागेर आएका छौं; तथापि युद्धमा अड्नैपर्दछ भन्ठानेर येनकेन तेरो अगाडि उभिराखेका छौं, तँ जस्ता वीरसँग दुश्मनी गरेर हामीले जाने पनि कहाँ हो र?॥११॥ तँ पैदलवीरहरूको सरदार होस्, तसर्थ अब निःशङ्क भई झट्टै हाम्रो अनिष्ट गर्ने कोशिश गर् र हामीलाई मारेर आफ्ना बन्धुवर्गको आँसु पुछ्। जो आफ्नो प्रतिज्ञाको पालना गर्दैन त्यो असभ्य ठहरिन्छ अर्थात् भलादमीलाई मुख देखाउन लायकको हुँदैन ॥१२॥

मैत्रयजीले भन्न लाग्नुभयो—

हे विदुर! भगवान्‌ले यस प्रकारसंग छेड हानेर त्यसको तिरस्कार गरेपछि ता त्यो खेलाइन लागेको महासर्प झैं रिसले बेसरी चुरमुरियो ॥१३॥ झोक्किएर लामो लामो सास फेर्न लागेको, रिसले गर्दा इन्द्रियहरू नै खलबलिन गएको त्यो दुष्ट दैत्यले बडो वेगसंग झम्टेर भगवान्‌माथि गदाको प्रहार गर्‍यो ॥१४॥ तर भगवान्‌ले आफ्नो छाती ताकेर चलाएको शत्रुको प्रहारलाई अलिकता बांगिएर योगसिद्ध पुरुषले मृत्युको आक्रमणबाट आफूलाई बचाए झैं विफल गराइदिनुभयो ॥१५॥ अनि रिसले ओठ टोक्र लागेको त्यसले आफ्नो गदालाई वारंवार घुमाउन लागेपछि भगवान् पनि झोक्किएर बडो वेगसंग त्यसमाथि जाइलाग्नुभयो ॥१६॥ हे विदुरजी! प्रभुले शत्रुको दाहिने आँखिभूईं ताकेर गदाको

प्रहार गर्नुभयो तर गदा-युद्धमा सिपालु भएको हिरण्याक्षले आफ्नो गदाको प्रहारले त्यसलाई रोकेर आफूनिर आउनै दिएन ॥१७॥ यस प्रकार-संग श्रीहरि औ हिरण्याक्ष परस्पर एउटाले अर्कोलाई जित्ने इच्छाले बडो झोक्किएर आफ्नो आफ्नो बडेमानको गदाले आपसमा प्रहार गर्न लागे ॥१८॥ दुवैले जित्ने होड थापेका थिए, दुवैको शरीर गदाको प्रहारले घायल भएको थियो, आफ्नो आफ्नो घाउबाट बगेको रगतको गन्धले दुइटैको रिस बढिराखेको थियो, दुवैथरी जित्ने इच्छाले किसिम किसिमको चाल चल्न लागेका थिए। यस किसिमसंग गाईको निम्ति आपसमा भिडिएका दुइटा साँढेको जस्तै यी दुवैमा बडो भयङ्कर युद्ध भयो ॥१९॥ हे विदुर ! हिरण्याक्ष र मायाले नै वराहरूप धारणगरेका भगवान् यज्ञ-मूर्तिले पृथ्वीका लागि परस्पर द्वेष गरेर युद्ध गर्न लागेपछि त्यो युद्ध हेर्न भनी ऋषिहरूलाई साथमा ली ब्रह्माजी त्यहाँ आए ॥२०॥ दैत्यलाई बडो शूरो, डरको नामसम्म पनि नभएको, मुका-बिला गर्नामा समर्थ, कुनै प्रकारले पराक्रम चूर्ण नहुने देखेपछि हजारां ऋषिहरूका नेता ब्रह्माजी आदि-शूकररूप भगवान्लाई भन्न लागे ॥२१॥

ब्रह्माले भने—

हे देव ! मबाट बरदान पाएकोले अतिप्रवल भएको यो दुष्ट दैत्य हजूरको चरण-शरणमा रहने देवताहरूको, ब्राह्मणहरुको, गाई तथा अरू निर-पराधी जीवको बडो हानि गर्दछ; तिनलाई दुःख दिने औ भय देखाउने भइराखेको छ। यसको जोडाको अर्को कुनै योद्धा नै छैन तसर्थ यो महाकण्टक आफूसित मुकाबिला गर्न वीरको खोजीमा समस्त लोकमा घुमिरहन्छ ॥२२-२३॥ हे देव ! जसरी बालक झोक्किएको सर्पसित खेल्दछन् त्यसैगरी हजूर पनि यो महाछली, घमण्डी, निरङ्कुश, दुष्ट दैत्यसित खेलबाड नगर्नोस् ॥२४॥ हे देव ! हे अच्युत ! यो दारुण दैत्य आफ्नो बलवृद्धिको वेला (सायङ्काल) मा पुगेर झन् बलियो हुन नपाउँदैमा यस पापीलाई आफ्नो योगमायाको आश्रय लिएर मारि-दिनोस् ॥२५॥ हे प्रभो ! लोकको संहार गर्ने भयङ्कर सन्ध्यासमय आउनै लागेको छ। हे सर्वात्मन् ! सन्ध्याकालभन्दा अघि नै यस असुर-लाई मारेर देवपक्षलाई विजय प्रदान गर्नोस् ॥२६॥ हे भगवन् ! अहिले अभिजित् नामक मङ्गलमय मुहूर्तको योग पनि छ। अतः आफ्ना सुहृद् हामीहरुको कल्याणको निमित्त झट्टै यस दुर्जय दैत्यलाई मारिदिनोस् ॥२७॥ यो स्वयं आफै आफ्नो कालरूप हजूरनिर आइराखेको छ यो ता हाम्रो बडो सौभाग्यको कुरो हो। अब यसलाई बलपूर्वक युद्धमा मारेर लोकलाई कल्याण प्रदान गर्नोस् ॥२८॥

अध्याय--१९

हिरण्याक्ष--वध।

मैत्रयजी भन्नुहुन्छ—

हे विदुर ! ब्रह्माको कपटरहित, अमृतमय यी कुरा सुन्दा भगवान् (स्वयं कालरूप मलाई मुहूर्त र समयको बल बताइराखेका छन् भन्ने-कुरामा) हाँसेर आफ्नो प्रेमपूर्ण कटाक्षद्वारा

उनको प्रार्थनालाई स्वीकार गर्नुभयो ॥१॥ यसपछि ब्रह्माको घ्राणेन्द्रियबाट उत्पन्न हुनुभएको वराह भगवान्‌ले उफ्रेर आफ्नो सामुन्ने निर्भयसंग भ्रमण गर्न लागेको शत्रुको चिहुँडोमा गदाले प्रहार गर्नुभयो ॥२॥ तर हिरण्याक्षको गदासँग ठक्कर खाएर भगवान्‌को त्यो गदा हातबाट फुस्की फन्न घुम्दै पृथ्वीमा खसेर बडो शोभित भयो। यो ता बडो अचम्म लाग्ने कुरा भयो ॥३॥ शत्रुमाथि प्रहार गर्ने बेश मौका पाएर पनि उहाँलाई निरस्त्र देखेकोले युद्ध-धर्मको मान राखेर त्यसले उहाँ-माथि आक्रमण गरेन, यो देख्ता ता भगवान्‌को रिस झन् बढ्यो ॥४॥ भगवान्‌को गदा खसेको देख्ता त्यहाँ ठूलो हाहाकार मच्चियो। प्रभुले पनि उसको धर्मबुद्धिको प्रशंसा गरेर आफ्नो सुदर्शन-चक्रको स्मरण गर्नुभयो ॥५॥

पहिलेको आफ्नो मुख्य पार्षद दितिपुत्र अधम हिरण्याक्ष दैत्यसित क्रीडा गरिरहेका एवं सुदर्शन-चक्र घुमाइराखेका भगवान्‌प्रति सनकादिहरुको श्रापको कुरा नजानेका देवताहरुले भनेको "हेप्रभो! हजूरको कल्याण होस्, यसलाई मार्नोस्" यो विचित्र वाक्य जतातत्तै सुनिन लाग्यो ॥६॥ कमलदललोचन हरिलाई हातमा चक्र लिएर आफ्नो सामुन्ने उभिएको देख्ता हिरण्याक्षका समस्त इन्द्रिय रिसले खलबलिन गए र त्यो लामो लामो सास फेर्दै दाँतले आठ टोक्न लाग्यो॥७॥ तिखो दाह्रा भएको त्यस दैत्यले आफ्नो प्रज्वलित नेत्रले भगवान्‌लाई भस्मै गर्ने हो कि जस्तो गरेर उहाँतिर हेर्दै "अबलाई तँ मरिस्" भनेर उहाँमाथि गदाले प्रहार गर्‍यो ॥८॥ तर हे विदुरजी! यज्ञमूर्ति वराह भगवान्‌ले शत्रुले हेर्दाहेर्दैमा सजिलैसंग दाहिने खुट्टाले वायुसमानको वेग भएको त्यसको गदालाई खसालिदिनुभयो ॥९॥ र हिरण्याक्षलाई भन्नुभयो—"ए दैत्य! आफ्नो शस्त्र उठाएर फेरि एकचोटि कोशिश गर्, किनकि तँ मलाई जित्न चाहन्छस्"। भगवान्‌ले यति भनेपछि त्यसले फेरि गदा चलायो र भीषण गर्जना गर्न लाग्यो ॥१०॥ गदालाई आफूतिर आउन लागेको देखेर भगवान्‌ले उभिएको ठाउँबाट नै, गरुडले सर्पिणीलाई समाते झैं सजिलैसंग त्यस-लाई समात्नुभयो ॥११॥ यस प्रकारसंग आफ्नो उद्यम व्यर्थ भएको देख्ता त्यस महादैत्यको गर्व चूर्ण भयो औ तेज पनि नष्ट भइगयो। यसपालि ता भगवान्‌ले दिंदा पनि त्यसले गदा लिन चाहेन ॥१२॥ ब्राह्मणमाथि निष्फल अभिचार (मारणादि प्रयोग) गरे झैं त्यसले पनि वराहरूपधारी श्री यज्ञपुरुषमाथि प्रहार गर्नको निम्ति एउटा प्रज्वलित अग्निसमानको जाज्वल्यमान त्रिशूल हातमा लियो ॥१३॥ महा-बली हिरण्याक्षले अत्यन्त वेगसंग छाडेको त्यो उत्कट तेज भएको त्रिशूल आकाशमा चम्कन थाल्यो। भगवान्‌ले पनि आफ्नो तीखो धार भएको चक्रले इन्द्रले गरुडले छाडेको पखेटालाई वज्रले काटे झैं त्यस त्रिशूललाई काटिदिनु-भयो ॥१४॥ भगवान्‌को अनेक धार भएको चक्रद्वारा आफ्नो त्रिशूल टुक्रा टुक्रा परेको देख्ता त्यस दैत्यले खूबसँग झोक्किएर उहाँनिर आई श्रीवत्सको चिह्नले सुशोभित भएको उहाँको विशाल छातीमा साह्रो मुठीले प्रहार गरी जोर-संग गर्जेर स्वयं अन्तर्धान भयो ॥१५॥

हे विदुरजी! फूलको मालाको प्रहारले जसरी

हात्ती अलिकता पनि विचलित हुँदैन त्यसै गरी भगवान् आदि-वराह पनि उसले यसरी मुक्की हान्दा अलिकता पनि चल्नुभएन ॥१६॥ यसपछि त्यो दैत्य लुकेर मायापति श्रीहरिमाथि नाना प्रकारको मायाको प्रयोग गर्न लाग्यो, यो प्रयोग देख्ता समस्त प्रजागण अत्यन्त डराएर अब संसारको प्रलय हुन आँट्यो भन्ने विचार गर्न लागे ॥१७॥ चारैतिर धूलोले अन्धकार गराउँदै बडो प्रचण्ड हावा चल्न लाग्यो औ सबै दिशामा यन्त्रले फ्याँकिएका हुन् कि जस्तै गरी ढुङ्गाको वर्षा हुन लाग्यो॥१८॥बिजुलीको चमक र गड्गडाहटको साथसाथै चारैतिर बादल उठेकोले आकाशमा सूर्य–चन्द्र आदि ग्रह नदेखिने भए र ती बादल-बाट निरन्तर पीप, रउँ, रगत, बिष्टा, मूत्र औ हाडको वर्षा हुन लाग्यो॥१९॥ हे निष्पाप विदुरजी! किसिम किसिमका अस्त्र-शस्त्रको वर्षा गर्ने पहाड र हातमा त्रिशूल लिएका, कपाल फुकाएका, नाङ्गा राक्षसीहरु देखिन लागे ॥२०॥ अनेक यक्ष, राक्षस, पदाति, घुडसवार, रथी हात्तीमा चढेका आततायीहरुको "मार, काट" यस्ता अत्यन्त क्रूर औ हिंसामय कोलाहल सुनिन लाग्यो ॥२१॥

यस प्रकारले प्रकट भएको आसुरी मायालाई नष्ट पार्नाको निम्ति यज्ञमूर्ति वराह भगवान्ले आफ्नो प्यारो सुदर्शनचक्र चलाउनुभयो ॥२२॥ त्यस समयमा दितिलाई आफ्नो स्वामीको वचन स्मरण भएकोले उनको मुटु ढुक् ढुक् गर्न लाग्यो र स्तनबाट रगत बग्न थाल्यो ॥२३॥ आफ्नो माया नष्ट भएपछि त्यो दैत्य फेरि भगवान्निर आयो र उहाँलाई थिचेर चूर्ण पार्ने मनसायले दुवै हातले अंगालो हाँलू भन्दा ता बाहिरै खडा भएको पो देख्यो ॥२४॥ यसपछि त्यो दैत्य वारंवार भगवान्माथि वज्र जस्तो साह्रो मुक्की चलाउन लाग्यो, अनि ता इन्द्रले वृत्रासुरमाथि प्रहार गरे झैं भगवान्ले पनि उसको कञ्चटमा एक थप्पड जमाउनुभयो ॥२५॥

विश्वजित् भगवान्ले ता खेलाँची गरे जस्तै गरी प्रहार गर्नु भएथ्यो तर त्यस चाटले उसको शरीर घुम्न लाग्यो, आँखा बाहिर निस्क्यो; हात, खुट्टा, कपालका केश छ्यान्नब्यान्न भए र त्यो आंधीले जरो उखेलिएको बडेमानको रुख झैं भूइँमा लड्यो ॥२६॥ तेज कहिले पनि मलिन नहुने, कराल दाह्रा भएको त्यस दैत्यलाई दाँतले ओठ च्यापेर पृथ्वीमा पडिराखेको देख्ता त्यहाँ युद्ध हेर्न आएका ब्रह्मादि देवताहरु "अहो ! यस्तो मृत्यु कसले भेट्टाउन सक्तछ" भन्दै उसको प्रशंसा गर्न लागे ॥२७॥ आफ्नो असत् उपाधि याने शरीरबाट छुट्कारा पाउनाका लागि योगिजन जसको योगसमाधिद्वारा एकान्तमा ध्यान गर्दछन् आज उहींकै चरणप्रहारले यस अधम दैत्यले उहाँको मुखको दर्शन गर्दै आफ्नो शरीर त्यागि-दियो ॥२८॥ यी दुवै हिरण्याक्ष र हिरण्यकशिपु भगवान् कै पार्षद हुन्। श्रापले गर्दा यिनको यो अधोगति भएको हो । अब केही जन्मपछि यिनीहरू फेरि आफ्नो स्थानमा अर्थात् हरि-लोकमा पुग्नेछन् ॥२९॥

देवताहरू भन्न लागे—

संसारको स्थितिको निम्ति शुद्ध सत्वमय शरीर धारण गर्ने, सम्पूर्ण यज्ञको विस्तार गर्ने हजूरलाई नमस्कार छ। संसारलाई कष्ट दिने

यो दुष्ट दैत्य मारिनु बडो आनन्दको कुरो हो। हे ईश ! हजूरको चरणको भक्तिको प्रभावले अबलाई हामीले पनि सुख-शान्ति पायौं ॥३०॥

मैत्रेयजीले भन्नुभयो—

यस प्रकारसंग महापराक्रमी हिरण्याक्षको वध गरेर भगवान् आदि-वराह आफ्नो अखण्ड आनन्दमय धाममा पाल्नुभयो । यस समयमा ब्रह्मादि देवताहरू उहाँको स्तुति गरिराखेका थिए ॥३१॥ हे मित्र विदुरजी ! भगवान्ले अवतार लिएर खेलबाड गरे जस्तै गरी महायुद्धमा महापराक्रमी हिरण्याक्षलाई मानु भएको यो चरित्र जस्तो मैले गुरुको मुखबाट सुनेथें त्यसै गरी तिमीलाई सुनाएँ ॥३२॥

सूतजीले भने—

हे शौनकजी ! यस प्रकारसंग मैत्रेयजीको मुखबाट भगवान्को कथा सुनेपछि परम भागवत विदुरजीलाई बडो आनन्द भयो ॥३३॥ अरू अरू पवित्र कीर्ति औ परम यशस्वी महापुरुषहरूको चरित्र सुन्दा ता आनन्द हुन्छभने श्रीवत्स-धारी साक्षात् विष्णु भगवान्को चरित्र सुन्दा आनन्द भयो भन्ने कुरामा केको आश्चर्य ? ॥३४॥ जसले आफ्नो चरणकमलको ध्यान गर्ने ग्राहगस्त गजराजलाई—जसका हथिनीहरू दुःखले विलाप गरिरहेका थिए—उत्तिखेरै सङ्कटबाट मुक्त गरिदिनुभयो औ जो सबैतिरबाट निराश भएर आफ्नो शरणमा आएका सरल हृदय भक्तसित प्रसन्न हुनुहुन्छ तर दुष्ट पुरुषको निम्ति अत्यन्त दुराराध्य हुनुहुन्छ त्यस्ता प्रभुको उपकार जान्ने को यस्तो मानिस होला जसले उहाँको सेवन नगर्ला॥३५॥-३६॥हे शौनकादि ऋषिहो! पृथ्वीको उद्धारको निम्ति वराहरूप धारण गर्ने श्रीहरिको हिरण्याक्षवध नामक अद्भुत लीलालाई जो मानिस सुन्दछ, गाउँदछ अथवा अनुमोदन गर्दछ, त्यो ब्रह्महत्या जस्तो घोर पापबाट समेत सजिलैसंग छुट्कारा पाउँछ ॥३७॥ यो चरित्र स्वर्गादिको प्राप्ति गराउने, परम पवित्र, धनयश दिने, आयुवर्द्धक, कामनाहरूलाई पूर्ण गराउने एवं युद्धको समयमा प्राण औ इन्द्रियको बल बढाउने हो । हे प्रिय ! यो सुन्नेले अन्त्यमा भगवान्को आश्रय पाउँछ ॥३८॥

अध्याय-२०

ब्रह्माले रचेका अनेक प्रकारका सृष्टिको वर्णन ।

शौनकजीले भने—

हे सूतजी ! पृथ्वीरूप आधार पाएपछि स्वायम्भुव मनुले पछि हुने सन्ततिलाई उत्पन्न गर्नको निम्ति कुन उपायको अवलम्बन गरे ॥१॥ विदुरजी बडो भगवद्भक्त एवं कृष्ण भगवान्का परम सुहृद थिए, यसै कारण दुर्योधन र छोरा-सहितका दाजु धृतराष्ट्रलाई श्रीकृष्णको अनादर गरेकोले अपराधी सम्झेर त्यागिदिएका थिए ॥२॥ यी महर्षि द्वैपायन (व्यास) का छोरा महिमामा उनीभन्दा कुनै किसिमले कम थिएनन् । विदुरजी सबै प्रकारले अर्थात् तन-मनले श्रीकृष्णका आश्रित तथा कृष्ण-भक्तका अनुगामी थिए ॥३॥ तीर्थ-सेवनले अन्तःकरण निर्मल भएका यिनले कुशा-

वर्न्त (हरिद्वार) मा पुगेपछि त्यहाँ बसेका तत्त्वज्ञानीहरूमध्येका श्रेष्ठ मैत्रेयजीसित यिनले फेरि के के सोधे ? ॥४॥ हेसूतजी ! यी दुवैमा वार्त्तालाप चल्दा गङ्गाजलसमान सम्पूर्ण पापलाई नाश गर्ने, एवं श्रीहरिको चरणकमलसित सम्बन्ध भएका निर्मल कथाहरु चलेहोलान् ॥५॥ हेसूतजी ! तपाईंको कल्याण होस्। कीर्तन गरिन योग्य छन् उदार चरित्र जस्का यस्ता श्रीहरिका ती पवित्र कथा हामीलाई भन्नोस्। हरिकथा-रूप अमृतको एकचोटि पान गरिसकेको को यस्तो मानिस होला जो अघाएर फेरि त्यसलाई पान गर्ने इच्छा नगर्ला ॥६॥

नैमिषारण्यवासी मुनिहरूले यस प्रकारसंग सोधेपछि उग्रश्रवा नामक सूतले भगवान्मा चित्त लगाएर उनीहरुलाई "सुन्नोस्" भनेर भने ॥७॥

सूतजीले भने—

आफ्ना मायाले वराहरूप धारण गर्ने श्रीहरिले रसातलबाट पृथ्वीलाई झिकेको औ खेलबाड गरे जस्तै गरी तिरस्कारपूर्वक हिरण्याक्षलाई मारेको लीला सुनेपछि विदुरजीले बडो आनन्दित भई मैत्रेय मुनिलाई भने ॥८॥

विदुरले भने—

तपाईं अव्यक्त विषयहरूलाई समेत जान्नुहुन्छ तसर्थ प्रजापतिहरुका पति ब्रह्माजीले मरीचि आदि प्रजापतिहरूलाई उत्पन्न गरेर फेरि सृष्टि बढाउनाको निम्ति के के गर्नुभयो? ॥९॥ मरीचि आदि मुनीश्वरहरूले तथा स्वायम्भुव मनुले ब्रह्माको आज्ञाले कसरी प्रजाको बृद्धि गरे?॥१०॥ उनीहरूले सपत्निक भएर जगत्को रचना गरेका हुन् अथवा आफ्नो आफ्नो काममा स्वतन्त्र एक्लैले सृष्टि उत्पन्न गरेका हुन् वा सबैले एकैचोटि मिलेर यस जगत्को रचना गरेका हुन् ॥११॥

मैत्रेयजीले भन्नुभयो—

जसको गति जान्न अत्यन्त कठिन छ त्यो जीवका प्रारब्ध, प्रकृतिका नियन्ता महापुरुष र काल यी तीन कारणले तथा भगवान्को सन्निधिले माया वा त्रिगुण प्रधान प्रकृतिमा क्षोभ भएपछि सत्वादि तीन गुणबाट महत्तत्व उत्पन्न भयो ॥१२॥ यसपछि ईश्वरको प्रेरणाले रजोगुण प्रधान महत्तत्वबाट वैकारिक-राजस्-तामस यी तीन प्रकारका अहङ्कार उत्पन्न भए। यस अहङ्कारबाट आकाशादि पांच पांच तत्त्वको पाँच वर्ग प्रकट भयो अर्थात् यसले शब्दादि पाँच तन्मात्रा, आकाशादि पांच भूत, हस्तादि पाँच कर्मेन्द्रिय, श्रोत्रादि पांच ज्ञानेन्द्रिय र यी इन्द्रियहरूका अधिष्ठाता देवता उत्पन्न गऱ्यो ॥१३॥ यी सबैले अलग अलग रहेर जब केही उत्पन्न गर्न सकेनन् अनि ता भगवान्को शक्तिले परस्पर सम्मिलित भई यिनीहरूले सुवर्णवर्ण, भूतहरूको कार्यरूप एउटा ब्रह्माण्ड उत्पन्न गरे ॥१४॥ यो अण्ड चेतना शून्य अवस्थामा एक हजार वर्षभन्दा पनि केही वर्ता समयसम्म जलमा पडिरह्यो, फेरि भगवान्ले त्यसमा प्रवेश गर्नुभयो ॥१५॥ यसपछि त्यस अण्डको नाभिबाट हजार सूर्यको जत्तिकै कान्ति भएको एउटा कमल प्रकट भयो। यो कमल समस्त जीवसमुदायको निवासस्थान थियो। यसैबाट स्वयं ब्रह्मा प्रकट हुनुभएको हो ॥१६॥

यसपछि ब्रह्माण्डको गर्भरूप जलमा शयन गर्ने श्री नारायणले जब ब्रह्माजीको अन्तःकरणमा प्रवेश गर्नुभयो अनि पूर्व कल्पमा जस्तो रूप-नामको क्रम थियो त्यही व्यवस्थाअनुसार ब्रह्माजी लोकको रचना गर्न लाग्नुभयो ॥१७॥ सबभन्दा पहिले उहाँले आफ्नो छायाबाट तामिश्र, अन्धतामिश्र, तम, मोह र महामोह नाम गरेका पाँच प्रकारका अविद्या उत्पन्न गर्नुभयो ॥१८॥ तर यो तमोमय सृष्टिबाट ब्रह्माजी प्रसन्न हुनुभएन अतः उहाँले आफ्नो शरीर त्यागिदिनुभयो । त्यस शरीरबाट रात्रिको उत्पत्ति भयो, यसलाई यक्ष औ राक्षसहरुले ग्रहण गरे । यै रात्रिबाट भोग प्यासको उत्पत्ति हुन्छ ॥१९॥ त्यस समयमा भोक प्यासले अति व्याकुल भएकोले ती यक्ष, राक्षस "यिनलाई खाइहाल, यिनको रक्षा नगर" भन्दै ब्रह्मालाई नै खाने इच्छाले उहाँ भएतिर दगुरे ॥२०॥ त्यस वेलामा ब्रह्माले भयभीत भएर भन्नुभयो— "हे यक्ष राक्षसहो! तिमीहरु मेरा सन्तान हौ, त्यस कारण मेरो भक्षण नगर बरु मेरो रक्षा गर । यिनीहरु मध्ये जसले "जक्षत"(खाइदेऊ) भनेका थिए तिनीहरु "यक्ष" औ जसले "मा रक्षत" (रक्षा नगर) भनेका थिए ती "राक्षस" भए ॥२१॥

अनि ब्रह्माले सात्वकी प्रभामय अर्थात् ज्ञान-रूप शरीरले प्रकाशित भई मुख्य मुख्य देवताहरुको सृष्टि गर्नुभयो । ब्रह्माजीले यो शरीर त्यागेपछि क्रीडा गर्न लागेका ती देवताहरुले त्यो दिनरूप प्रकाशमय शरीरलाई ग्रहण गरे ॥२२॥ फेरि ब्रह्माले आफ्नो जघन-देश (कम्मरमुनिको भाग) बाट अत्यन्त कामासक्त असुरहरुलाई उत्पन्न गर्नुभयो । यिनीहरु अत्यन्त कामासक्त भएकोले जन्मनेबित्तिकै मैथुनको निम्ति ब्रह्माजीतिर हिंडे ॥२३॥ यो देख्ता ब्रह्माजी पहिले ता हाँस्नुभयो तर यी निर्लज्ज असुरहरुलाई आफ्नो पछि पछि लागेको देख्दा डराएर एवं क्रुद्ध भएर बडो वेगसंग भाग्नुभयो ॥२४॥ अनि भक्तहरुमाथि कृपा गर्नको निम्ति उनीहरुको भावनानुसार दर्शन दिने, सकल कामना पूर्ण गर्ने, शरणागत-वत्सल श्रीहरिनिर गई भन्न लाग्नुभयो ॥ २५ ॥ हे परमात्मन् ! मेरो रक्षा गर्नोस्, मैले ता हजूरकै आज्ञानुसार प्रजा उत्पन्न गरेको हो तर यी पापी-हरु ता मसिते मैथुन गर्न भनी मेरो पछि लागि-राखेका छन् ॥२६॥ हेनाथ ! हजूर नै एक मात्र दुःखी जीवनको दुःख दूर गर्ने र आफ्नो चरण शरणमा नआउनेलाई दुःख दिने पनि हजूर नै एक मात्र हुनुहुन्छ ॥२७॥

सबैको अन्तःकरणको कुरा जान्ने भगवान्ले ब्रह्माको कष्ट देखेर उनलाई भन्नुभयो— "यो काम-कलुषित शरीरलाई त्यागिदेऊ" भगवान्ले यति भन्नासाथ उहाँले त्यो शरीर पनि त्यागिदिनुभयो ॥२८॥

ब्रह्माले त्यागेको त्यो शरीर एउटी सुन्दरी स्त्री (सन्ध्यादेवी) को रूपमा परिणत भयो । उसले हिंड्दा उसका कमलसमानका कोमल चरणमा लगाएको पाउजेब बडो मनोहर छम् छम् आवाज गर्दथे, दुवै आँखा मदले विह्वल थिए, करधनीको लडीले सुशोभित कम्मर सुन्दर सारीले ढाकिएको थियो ॥२९॥ उसका उचालिएका स्तन यस प्रकारसंग आपसमा टाँस्सिएका थिए कि तिनको बीचमा अलिकता पनि अन्तर

थिएन,उसको नाक र दाँतको पङ्क्ति बडा सुन्दर थिए औ त्यो मधुर मुस्कानले असुरहरुतिर हावभाव दृष्टिले हेरिरहेकी थिई ॥३०॥ श्याम वर्णको अलकावलीले सुशोभित भएकी त्यो सुकुमारी लाज माने जस्तो गरी वारंवार आँचलले शरीरलाई छोप्थी । हे विदुरजी ! यस्ती सुन्दरी स्त्रीलाई देख्ता ती जम्मै असुरहरु मोहित भइहाले ॥३१॥ र आपसमा यसरी भन्न लागे—"अहो ! यसको विचित्र रूप, अपूव धैर्य्य तथा भर्खरको जवानी अवस्था ता हेर, हामी कामपीडितहरुको बीचमा यो कस्तो बेपरवाहसंग घुमिरहेकी छ" ॥३२॥

ती कुबुद्धि दैत्यहरूले स्त्रीरूपिणी सन्ध्याको विषयमा किसिम किसिमको तर्क वितर्क गरेर उसको बडो सत्कार गरी प्रेमपूर्वक सोध्न लागे ॥३३॥ "केराको थाम जस्तो तिघ्रा भएकी हे भामिनी ! तिमी को ह्वौ ? कसकी छोरी ह्वौ ? केका लागि यहाँ आएकी ह्वौ ? तिम्रो रूप ता विक्रीको एउटा अमूल्य वस्तु हो, यो रूप देखाएर हामी अभागीलाई किन सताइरहेकी छौ ? ॥३४॥ तिमी जोसुकै होऊ, तिम्रो दर्शन पाउनु नै हाम्रो सौभाग्य हो । अहो ! तिमी ता आफ्नो भकुण्डो उफारी उफारीकन हामी दर्शकहरूको मनलाई मथ्न पो लागेकी छौ ॥३५॥ ए सुन्दरि ! जब तिमी उफ्रिराखेफो भकुण्डोलाई आफ्नो हथकेलाले बारंवार धाप दिन्छचौ त्यस बखतमा तिम्रो चरणकमल एक ठाउँमा अड्दै अड्दैन । स्थूल तनको भारले ता तिम्रो कम्मर थाके जस्तो हुन्छ, तिम्रो निर्मल दृष्टिबाट पनि थकाइ झल्किन्छ, अहो ! तिम्रो चुल्ठो पनि कस्तो राम्रो !" ॥३६॥ स्त्रीसमानको चेष्टा गरिरहेकी ती सायङ्कालीन सन्ध्याले यस प्रकारसंग उनीहरूलाई अत्यन्त कामासक्त बनाइदी र ती मूर्खहरूले पनि त्यसलाई स्त्री संझेर ग्रहण गरे ॥३७॥

यसपछि ब्रह्माले गम्भीर भावले हाँसेर आफ्नो सौन्दर्य्यको आफैले आस्वादन गर्ने अर्थात् मविलो कान्तिमयी मूर्तिले गन्धर्व औ अप्सराहरूलाई उत्पन्न गर्नुभयो ॥३८॥ फेरि उहाँले ज्योत्स्ना (चन्द्रिका) रूप आफ्नो त्यो कान्तिमय प्यारो शरीरलाई त्यागिदिनुभयो । त्यस शरीरलाई विश्वावसु आदि गरिएका गन्धर्वहरूले ग्रहण ररे ॥३९॥

तदनन्तर भगवान् ब्रह्माले आफ्नो तन्द्राबाट भूत-पिशाच उत्पन्न गर्नुभयो र उनलाई नाङ्गो तथा कपालको रउँ फुकेको देख्ता आँखा चिम्लनुभयो ॥४०॥ ब्रह्माले त्यागेको त्यो जृम्भण(हाइगराइ) रूप शरीरलाई भूत–पिशाचहरूले ग्रहण गरे । यसलाई निद्रा पनि भन्दछन्— जसले गर्दा प्राणीहरूको इन्द्रिय शिथिल भएको देखिन्छ । अशुद्ध अवस्थामा सुत्नेहरूमाथि भूत–पिशाचले आक्रमण गर्दछन्, यसैलाई उन्माद भन्दछन् ॥४१॥

यसपछि भगवान् ब्रह्माले आफूलाई बलवान् संझेर अदृश्य रूपले साध्यगण औ पितृगणलाई उत्पन्न गर्नुभयो ॥४२॥ पितृहरुले आफ्नो उत्पत्तिस्थान त्यस अदृश्य शरीरलाई ग्रहण गरे । पण्डितहरू यै कायाको लक्ष्य गरेर श्रद्धादिद्वारा पितृगण तथा साध्यगणलाई कव्य (पिण्डादि) अर्पण गर्दछन् अर्थात् पितृगण यै अदृश्य शरीर–द्वारा श्राद्धादिमा अफ्नो भाग लिन्छन् ॥४३॥

आफ्नो तिरोधान शक्ति (हेर्दाहेर्दैमा

अन्तर्धान हुने शक्ति) ले ब्रह्माले सिद्ध औ विद्याधरहरूको सृष्टि गर्नुभयो र उनीहरूलाई आफ्नो यो अन्तर्धान नामक अद्भुत शरीर दिनुभयो ॥ ४४ ॥ एकचोटि ब्रह्माले आफ्नो प्रतिविम्ब देख्नुभयो र त्यो देख्ता आफूलाई खूब राम्रो सम्झेर त्यै प्रतिविम्बद्वारा किन्नर औ किम्पुरुषलाई उत्पन्न गर्नुभयो ॥४५॥ यिनीहरूले ब्रह्माले त्यागनुभएको यो प्रतिविम्ब-शरीरलाई ग्रहण गरे । यसैकारण यिनीहरू उषाकालमा (सूर्योदयको समयमा) आफ्ना पत्नीहरूलाई साथमा ली ब्रह्माजीका गुण-कर्मादिको बखान गर्दै गान गर्दछन् ॥४६॥

एकचोटि ब्रह्माजी सृष्टिको वृद्धि नभएकोले बडो चिन्तित भई हात-खुट्टा पसारेर आफ्नो स्थूल शरीरले सुतिरहनुभएको थियो र झोक्किएर आफ्नो त्यो शरीर त्यागिदिनुभयो ॥ ४७ ॥ हे प्रिय ! यस शरीरबाट जुन रउँ झरेका थिए ती अहिरूपले उत्पन्न भए । हातखुट्टा खुम्च्याएर हिड्ने हुनाले यिनीहरूको नाम " सर्प ", बडो वेगसँग हिड्ने हुनाले " नाग " र फणाले गर्दा काँध चौडा भएकोले " भोग " भएको हो॥४८॥

त्यसपछि एकचोटि आफूलाई कृतकृत्य भए जस्तो सम्झेर ब्रह्माले आफ्नो मनबाट प्रजाको वृद्धि गर्ने चौध मनुको सृष्टि गर्नुभयो ॥ ४९ ॥ मनस्वी ब्रह्माले उनीहरूको निम्ति आफ्नो पुरुषाकार शरीर त्यागिदिनुभयो । मनुहरूलाई देख्दा उनीहरूभन्दा पहिले उत्पन्न भएका देवता गन्धर्वादिले ब्रह्माको स्तुति गर्न लागे ॥५०॥तिनीहरूले भने—"हे बिश्वको रचना गर्ने ब्रह्माजी ! तपाईंको यो मनुहरूको सृष्टि बडो राम्रो छ, किनकि यिनमा अग्निहोत्रादि कर्म अडिएको छ । यै सृष्टिको सहायताले हामी पनि आफ्नो अन्न (हविर्भाग) ग्रहण गर्न सक्नेछौं" ॥ ५१ ॥

यसपछि तप, विद्या, योग र समाधिले सम्पन्न भई ऋषिराज, हृषिकेश ब्रह्माले आफ्ना प्रिय सन्तान ऋषिगणको सृष्टि गर्नुभयो ॥५२॥ र यिनीहरू मध्ये प्रत्येकलाई उहाँले आफ्नो समाधि, योग, ऐश्वर्य, तप, विद्या औ वैराग्यमय शरीरको अंश दिनुभयो ॥५३॥

अध्याय-२१

कर्दमजीका तपस्या औ भगवान्को वरदान । कर्दमको आश्रममा स्वायम्भुवमनुको आगमन ।

विदुरले भने—

हे भगवन् ! स्वायम्भुव मनुको वंश आदरणीय मानिएको छ । मैथुनद्वारा यसमा प्रजाको वृद्धि भएको हो । यस वंशको कथा मलाई सुनाउनुहोस् ॥१॥ हे अनघ ! स्वायम्भुव मनुका छोरा प्रियव्रत र उत्तानपादले सातै द्वीप पृथ्वीको धर्मपूर्वक पालन गरेथे औ देवहूतिको नामले प्रसिद्ध भएकी उनकी छोरीको कर्दम प्रजापतिसंग बिहे भएथ्यो भन्ने इत्यादि कुरा तपाईंले भन्नुभएको हो ॥२-३॥ यमादि योगका लक्षणले सम्पन्न भएकी देवहूतिबाट महायोगी कर्दमजीले कति सन्तान उत्पन्न गर्नुभयो ? उहाँको यो चरित्र भन्नोस, मलाई सुन्ने बडो इच्छा भइ-

राखेको छ॥४॥ यसै गरी भगवान् रुचि र ब्रह्माजीका छोरा दक्षप्रजापतिले पनि मनुका आकूति तथा प्रसूति नाम गरेका छोरीहरुसंग बिहे गरी तिनबाट कुन कुन प्रकारसंग कस्ता कस्ता सन्तान उत्पन्न गरे ? हे ब्रह्मन्! यो सबै चरित्र पनि मलाई भन्नोस् ॥५॥

मैत्रेयजीले भन्नुभयो--

"प्रजाको उत्पत्ति गर" भन्ने ब्रह्माजीबाट भगवान् कर्दमले आज्ञा पाएपछि उहाँले सरस्वती नदीको तीरमा दस हजार वर्षसम्म तपस्या गर्नुभयो ॥६॥ यसपछि कर्दमजी एकाग्रचित्तले पूजाका उपकरणद्वारा शरणागतहरूलाई इच्छानुसारको वर दिने श्री हरिको आराधना गर्न लाग्नुभयो ॥७॥ अनि हेविदुर ! सत्वगुणको आरम्भमा उहाँको तपस्याले प्रसन्न हुनुभएको भगवान् कमलनयनले उहाँलाई वेदमा वर्णन गरिएको ब्रह्ममयस्वरूपले मूर्तिमान् भएर दर्शन दिनुभयो ॥८॥

भगवान्को त्योस्वरूप सूर्यसमान प्रकाशमान थियो। घाँटीमा सेतो कमल र कुमुदका फूल–माला शोभित थिए, मुखकमल चिल्लो, नीलो अलकावलिले सुशोभित थियो, उहाँले कटिप्रदेशमा विमल वस्त्र, शिरमा मुकुट, कानमा कुण्डल औ करकमलमा शङ्ख–चक्र–गदा धारण गर्नु भएको थियो। एउटा हातमा क्रीडाको निम्ति सेतो कमल लिनुभएको थियो, उहाँको मन्द मुस्कान औ कृपाकटाक्षले मनलाई खिच्तथे॥९–१०॥ उहाँका चरणकमल गरुडको काँधमा विराजमान थिए औ वक्षःस्थलमा श्रीवत्सचिह्न एवं घाँटीमा कौस्तुभमणी सुशोभित थिए। गगनमण्डलमा बिराजमान भएको प्रभुको यो मनोहर मूर्तिको दर्शन गर्दा कर्दमजीलाई बडो आनन्द भयो। उहाँले आफ्नो समस्त कामना पूर्ण भएको संझी भूईंमा मस्तक राखेर दण्डवत् गर्नुभयो तथा स्वतःसिद्ध प्रसन्न चित्तले बडो प्रेमसंग हात जोडेर मधुर वाणीले उहाँको स्तुति गर्न लाग्नुभयो ॥११–१२॥

कर्दमजीले भन्नुभयो—

स्तुति गरिन योग्यका हे प्रभो ! हजूर सम्पूर्ण सत्वगुणको आधार हुनुहुन्छ। योगिजन उत्तरोत्तर शुभ योनिमा जन्म लिएर अन्त्यमा आफ्नो योग सिद्ध भएपछि हजूरको जुन दर्शनको इच्छा गर्दछन् आज हामीले त्यै दर्शन पाएकोले आफ्ना आँखाको फल पायौं ॥१३॥ हजूरको मायाले जसको बुद्धि भ्रष्ट भएको छ तिनै मात्र संसार–सागर पार गर्नाको निम्ति डुङ्गासमान भएका हजूरका चरणकमलको तुच्छ, क्षणिक विषयसुखको निम्ति उपासना गर्दछन् । तर हे स्वामिन्! हजूर ता उनीहरूलाई नरकमा समेत पाइन सकिने यी विषयभोग पनि दिनुहुन्छ ॥१४॥ हे प्रभो ! म दुरात्मा पनि तिनै सकाम पुरुषहरू झैं आफूसमानको स्वभाव भएकी, धर्म–अर्थ–कामरूप दूध दिने गृहस्थाश्रमको धेनु अर्थात् स्त्रीसित बिहे गर्ने इच्छाले हजूरको कल्पवृक्ष झैं सम्पूर्ण कामनालाई पूर्ण गर्ने चरणकमलको शरणमा आएको छु ॥१५॥ हे स्वामिन् ! हजूर सम्पूर्ण लोकको अधिपति हुनुहुन्छ । नाना किसिमको कामनाको अधीनमा रहने यो लोक हजूरको वचनरूपी डोरीले पशु झैं बाँधिएको छ र हेशुद्ध धर्ममूर्ते ! म पनि यै लोकको अनुसार

चलेर कालरूप हजूरलाई पूजोपहरादि समर्पण गर्दछु अर्थात् हजूरको आज्ञाको पालन गर्नको निम्ति नै मैले स्त्रीको इच्छा गरेको हो ॥१६॥

किन्तु हे प्रभो ! कालरूप हजूरदेखि भय मान्ने हामाहरू नै कर्म गर्दछौं । हजूरका भक्तहरू ता यसो गर्दैनन् । यिनीहरू ता विषयासक्त सकल लोक औ उनीहरूको मार्गको अनुसरण गर्ने म जस्ता कर्मजड पशुलाई केही नमानेर हजूरको चरणरूप छत्रको त्रिताप नाशिनी छायाको नै आश्रय लिन्छन् तथा आपसमा हजूरको गुणगानरूप मधुर सुधाको पान गर्दै आफ्ना क्षुधा-पिपासादि देहधर्मलाई शान्त गरिरहन्छन् ॥१७॥ हे प्रभो ! यो कालचक्र बडो प्रबल छ । साक्षात् ब्रह्म नै यसको धुरी हो, अधिकमाससहितका तेह्र महिना यसका आरा हुन्, तीन सय साठी दिन यसका जोर्नी हुन्, छ ऋतु नेभ हुन्, अनन्त क्षण, लव, मुहूर्त आदि कालभेद छद अर्थात् पत्रकार धार यसमा छन्, तीन चातुर्मास्य यसका आधारभूत नाभि हुन् । अत्यन्त वेगवान् संवत्सररूप यो कालचक्र चराचर जगत्को आयुको छेदन गर्दै घुमिरहन्छ तर यसले हजूरका भक्तहरूको ता आयुको ह्रास गर्न सक्तैन ॥ १८ ॥ हे भगवन् ! जसरी माकुरो स्वयं जालो फिजाउँछ, त्यसको रक्षा गर्दछ र अन्त्यमा त्यसलाई निल्दछ त्यसै गरी हजूर पनि एक्लैले जगत्को रचना गर्नाको निम्ति आफूदेखि अभिन्न आफ्नो योगमायालाई स्वीकार गरी त्यसबाट प्रकट भएका सत्वादि तीन शक्तिद्वारा स्वयं आफैले यस जगत्को रचना, पालन एवं संहार गर्नुहुन्छ ॥१९॥ हे प्रभो ! हामी हजूरका भक्त ह्वौं तसर्थ शब्दादि विषयसुख मायिक हुनाले हामीलाई दिने हजूरको इच्छा होवैन तापनि परिणाममा हाम्रो कल्याण गर्नाको निम्ति यी हामीलाई प्राप्त होऊन् । हामी यिनैद्वारा देव, ऋषि औ पितृ-ऋणबाट उऋण भई मोक्षका अधिकारी बन्न सकौंला किनकि यस समयमा हामीलाई हजूरले तुलसीको मालाले सुशोभित मायामयी सगुणमूर्तिले दर्शन दिरहनुभएको छ । यसकारण हामीलाई भोग र मोक्ष यी दुवै प्राप्त होऊन् ॥२०॥ हे नाथ ! म हजूरको वन्दनीय चरणकमलको वारंवार वन्दना गर्दछु । यी चरणकमल स्वरूपले निष्क्रिय भए तापनि मायाद्वारा समस्त जगत्को व्यवहार चलाउनेवाला हुन् औ अलिकता पनि उपासना गर्नेमाथि समस्त कामनाको वर्षा गरिरहन्छन् ॥२१॥

मैत्रयले भन्नुभयो—

कर्दमजीले यस प्रकारसंग स्तुति गरेपछि प्रेमपूर्ण मुस्कुराहटले युक्त भएको हेराइले गर्दा चञ्चल भएका छन् आँखिभूईं जसका यस्ता ती गरुडजीको काँधमा विराजमान हुनुभएको कमलनाभ उनलाई अमृतमय वाणीले भन्न लाग्नुभयो ॥२२॥

भगवान्ले भन्नुभयो—

तिमीले जुन कुराको निम्ति आफ्नो नियमको पालना गर्दै मेरो आराधना गरेका ह्वौ, त्यो तिम्रो चित्तको कुरा थाहा पाएकोले मैले पहिले नै त्यसको व्यवस्था गरिदिएको छु ॥२३॥ हे प्रजापते मेरो उपासना ता कुनै मौकामा पनि निष्फल हुँदैन बरु जसको चित्तको निरन्तर ममा

नै लागिरहेको छ त्यस्ता तिमी जस्ता महात्माले गरेको उपासनाको ता झन् बढ्ता फल हुन्छ॥२४॥ प्रजापति ब्रह्माका छोरा स्वायम्भुव मनु–जसको सुयश चारैतिर फैलिएको छ—यस समयमा सार्वभौम सम्राट् छन्। उनी ब्रह्मवर्त्तमा बसेर सात समुद्रपर्य्यन्त सम्पूर्ण पृथ्वीको शासन गर्दछन्॥२५॥ हे विप्रवर! ती परम धर्मज्ञ राजर्षि स्वायम्भुव मनु आफ्नी महारानी शतरूपालाई साथमा ली परसि तिमीलाई भेट्न भनी यहाँ आउनेछन्॥२६॥ उनकी एउटी रूप-यौवन-शील–गुणसम्पन्ना श्यामलोचना कन्या यस समयमा आफूलाई सुहाउने किसिमको पतिको खोजमा छिन्। तिमी सब तरहबाट उनलाई सुहाउने किसिमका हुनाले मनुले ती कन्या तिमीलाई नै अर्पण गर्नेछन्॥२७॥ गत दस हजार वर्षदेखि तिम्रो चित्त जस्ति भार्याको खोजमा लागेको छ, अब चाँडै नै ती राजकन्या तिमीले खोजे जस्तै पत्नी भएर तिम्रो यथेष्ट सेवा गर्नेछन्॥२८॥ उनी तिम्रो वीर्य गर्भमा धारण गरी त्यसबाट नौओटी कन्या जन्माउनेछन्, अनि तिम्रै ती कन्याले मरीचि आदि ऋषिहरु छोरा उत्पन्न गर्नेछन्॥ २९॥ तिमी पनि मेरो वेदरूप आज्ञाको राम्रोसँग पालना गरेकोले शुद्धचित्त भई आफ्ना सबै कर्मको फल मलाई अर्पण गरेर मैमा प्राप्त हुनेछौ॥३०॥ जीवहरुमाथि दया गर्नाले तिमीले आत्मज्ञान प्राप्त गर्नेछौ, अनि सबैलाई अभयदान दिएर आफूसहितको सम्पूर्ण जगत्‌लाई ममा र मलाई आफूमा देख्नेछौ॥३१॥ हे महामुने! म पनि आफ्नो अंशरूप कलाले तिम्रो वीर्यद्वारा तिम्री पत्नी देवहूतिको गर्भबाट कपिलदेवको अवतार लिएर सांख्यशास्त्रको रचना गर्नेछु॥३२॥

मैत्रेयजीले भन्नुभयो—

हे विदुर! कर्दम ऋषिसित यस किसिमले कुराकानी गरेर इन्द्रिय अन्तर्मुख भएमा प्रकट हुने श्रीहरि सरस्वती-नदीले घेरिएको त्यो विन्दुसरतीर्थबाट आफ्नो लोकतिर जानुभयो॥३३॥ भगवान्‌को सिद्धमार्ग (वैकुण्ठमार्ग) को जप-तप आदि साधनले सिद्ध भएका योगिजन प्रशंसा गर्दछन्। उहाँ कर्दमजीले हेर्दाहेर्दैमा गरुडका वृहत् एवं रथन्तर नामक पखेटाद्वारा उच्चारण गरिएका सामवेदका स्तुतिसम्बन्धी ऋचाहरू सुन्दै आफ्नो लोकतिर जानुभयो॥३४॥

शुद्ध स्वरूप श्रीहरि पाल्नुभएपछि भगवान् ऋषि पनि उहाँले बताएको समयको प्रतीक्षा गरेर विन्दुसरोवरमा नै बस्नुभयो॥३५॥ यता मनु पनि महारानी शतरूपालाई साथमा ली सुनैसुनले सिंगारिएको रथमा सवार भई त्यसमा आफ्नी छोरीलाईसमेत राखेर पृथ्वीमा विचरण गर्न लागे॥३६॥भगवान्‌ले जुन दिन तोक्नुभएको थियो त्यै दिन हे विदुर! उहाँ (मनु) शान्तमूर्ति महर्षि कर्दमजीको आश्रममा पुग्नुभयो॥३७॥ सरस्वती नदीले घेरिएको यो विन्दुसर त्यै ठाउँ हो, जहाँ शरणागतभक्त कर्दमजीमाथि परम कृपा हुनाले भगवान्‌का नेत्रबाट आँसुका थोपा झरेका थिए। यो तीर्थ बडा पवित्र छ, यसको जल स्वच्छ, रोगनाशक औ अमृततुल्य मीठो छ, यसैले महर्षिगण यहाँको जल पान–स्नानादि कार्यमा व्यवहार गर्दछन्॥३८-३९॥ यो स्थान सबैतिरबाट पवित्र वृक्ष–लताले बेह्रिएको छ, किसिम किसिमको बोली बोल्ने पवित्र मृग-पक्षी यहाँ

रहन्छन् । सबै ऋतुका फल-फूलरूप सम्पत्तिले सम्पन्न भएको वनावलीले यसको शोभा बढाइ राखेका छन् ॥४०॥ यो पवित्र तीर्थमा मतवाला पक्षीहरु शब्द गर्दछन्, मत्त परेका भ्रमरा भूँ भूँ गरिरहन्छन्, उन्मत्त मयूरहरु नट झैं नृत्य गर्दछन् औ मतवाला कोइली "कुहू कुहू" शब्द लेअरू-लाई बोलाइरहन्छन् ॥४१॥ यसमा कदम्ब, चम्पक, अशोक, करञ्ज, बकुल, असन, कुन्द, मन्दार, कुटज औ नयाँ नयाँ आँपका रूखको बडो शोभा छ ॥४२॥ त्यहाँ जलकाग, बत्तक, हाँस, कुरर, जलकुखुरा सारस, चखेवा, चकोर आदि चराहरु बडो सुन्दर शब्द गरिरहन्छन् ॥४३॥ हरिण, सूँगुर, नीलगाई, हात्ती, लङ्गूर, सिंह, वानर, न्याउरी र कस्तूरीमृग आदि पशुले पनि यो आश्रम व्याप्त छ ॥४४॥

आदिराज महाराज मनुले आफ्नी छोरीको साथमा त्यो पवित्र स्थानमा पुगेपछि अग्निहोत्र गरी निवृत्त भएर बसेका कर्दम मुनिलाई त्यहाँ देखे ॥४५॥ धेरै दिनसम्म उग्र तपस्या गर्नाले उनको तेजस्वी शरीर अग्निसमान बलिराखेको थियो तथा भगवान्को कृपादृष्टिको दर्शन पाएका र उहाँले उच्चारण गरेका कर्णामृतरूप सुमधुर वचन सुनेकोले यतिका दिन तपस्या गरेको भए तापनि उहाँको शरीर विशेष दुब्लो देखिएको थिएन॥४६॥ उहाँको शरीर अग्लो थियो, नेत्र कमलका पातजस्ता ठूला एवं राम्रा थिए, शिरमा जटा सुशोभित थियो, कमरमा चीरवस्त्र पहिरेको थियो । नजीक गएर हेर्दा उहाँ नखारिएको महामूल्य मणि-समान देखिनुहुन्थ्यो ॥ ४७ ॥ महाराज स्वाय-म्भुव मनुलाई आफ्नो आश्रममा आएर प्रणाम गरेको देखेपछि उहाँले उनलाई आशीर्वाद दिएर यथोचित सामग्रीले सत्कार पनि गर्नुभयो ॥४८॥

स्वायम्भुव मनु पूजा ग्रहण गरी आरामसँग बसेपछि मुनिवर कर्दम मुनिले भगवान्को आज्ञा संम्झेर मीठो बोलीले उनलाई खुशी पार्दै भन्न लाग्नुभयो । ४९॥ "हे देव ! तपाईं भगवान्को पालनरूप कार्य्य गर्ने शक्ति हुनुहुन्छ, यसैकारण तपाईंको भ्रमण निःसन्देह सज्जनको रक्षा औ दुष्टको संहारको निम्ति हुन्छ ॥५०॥ तपाईं साक्षात् विष्णुरूप हुनुहुन्छ औ भिन्न भिन्न कामको निम्ति सूर्य, चन्द्र, अग्नि, रुद्र, वायु, यम, धर्म, औ वरुण आदि रूप धारण गर्नुहुन्छ, तपाईंलाई नमस्कार छ ॥५१॥ मणि नै मणि जडिएको जयदायक रथमा सवार भई आफ्नो प्रचण्ड धनुको टङ्कारले तथा रथको घर घर आवाजले दुष्टहरुलाई भयभीत गरइदिनुहुन्छ॥५२॥ आफ्न सेनाको पाइलाले खुँदिएको भूमण्डललाई कम्पायमान गराउँदै, आफ्नो विशाल सेनालाई साथमा ली सूर्य जस्तै भएर पृथ्वीमा भ्रमण गर्नुहुन्छ ॥५३॥ हे राजन् ! तपाईंले यसो नगरेको खण्डमा ता चोर, डाँकूले भगवान्ले बनाएको वर्णाश्रम धर्मको मर्यादालाई उत्निखेरै नष्ट गरि-दिनेछन् ॥५४॥ हे राजन् ! तपाईं संसारपट्टिबाट निश्चिन्त भएर राज्यसुख-भोगमा लाग्नुभयोभने ता यो समस्त लोक दुराचारीहरुको फंदामा परेर नष्ट हुनेछ ॥५५॥ हे वीर ! यी सब कुरा मलाई थाहा भए तापनि कुन विशेष कारणले तपाईंको यहाँ आगमन भएको हो सो म जान्न चाहन्छु । मैले गर्न योग्य कुरा आज्ञा होस्, म त्यसलाई निष्कपट चित्तले पूरा गर्ने चेष्टा गर्नेछु ॥५६॥

———

अध्याय-२२

मनु कर्दमसंवाद ।

कर्दम-प्रजापतिसंग देवहूतिको विवाह ।

मैत्रेमजी भन्नुहुन्छ—

यस प्रकारसंग कर्दमजीद्वारा आफ्ना समस्त गुण औ कर्मको श्रेष्ठताको वर्णन गरिएपछि महाराज मनु अलि लाज माने जस्तो गरी ती निवृत्तपरायण मुनिलाई भन्न लागे ॥१॥

मनुले भने—

हे मुने ! वेदमूर्ति भगवान् ब्रह्माले आफ्नो रक्षाको निम्ति तप-योग-विद्याले सम्पन्न तथा विषयमा अनासक्त तपाईं ब्राह्मणहरूलाई आफ्नो मुखबाट उत्पन्न गर्नुभएको हो ॥२॥ र तपाईं-हरूको रक्षाको निमित्त ती सहस्र चरण भएका भगवान्‌ले आफ्नो सहस्र भूजाले हामी क्षत्रिय-हरूलाई उत्पन्न गर्नुभयो, यसैकारण ब्राह्मण उहाँका हृदय औ क्षत्रियचांहि शरीर कहिएका हुन् ॥३॥ यस प्रकार एउटै शरीरसित सम्बन्ध भएकोले आफ्नो आफ्नो तथा एउटाले अर्काको रक्षा गर्ने यी ब्राह्मण औ क्षत्रियको वास्तवमा श्रीहरि नै रक्षा गर्नु हुन्छ । उहाँ सम्पूर्ण कार्य-कारणरूप भएर पनि वास्तवमा निर्विकार हुनुहुन्छ ॥४॥ तपाईंको दर्शन मात्रले नै मेरो सबै सन्देह हटेर गयो, कारण स्वयं तपाईंले मेरो प्रशंसा गर्ने बहानाले प्रजा पालन गर्ने राजाहरूको धर्म बडो प्रेमसँग वर्णन गर्नु-भयो ॥५॥ जसले आफ्नो चित्त जितेका छैनन् त्यस्तालाई तपाईंको दर्शन बडो दुर्लभ छ, यहाँको दर्शन पाउनु मेरो अहोभाग्य हो, तपाईंको परम पवित्र चरण-रज शिरमा धारण गर्न पाएँ यो पनि मेरो परम सौभाग्य हो॥६॥मेरो भाग्योदय भएकोले नै तपाईंले मलाई राजधर्मको शिक्षा दिएर ममाथि ठूलो अनुग्रह गर्नु भएको हो औ मैले पनि प्रारब्धको उदय भएकोले तपाईंको पवित्र वाणी कान खोलेर ग्रहण गरें ॥७॥

हे ऋषे ! छोरीको प्रेमले गर्दा चिन्ताग्रस्त भइराखेको छ चित्त जसको यस्तो म दीनको प्रार्थना कृपापूर्वक सुन्नोस् ॥८॥ प्रियव्रत औ उत्तानपादकी बहिनी यी मेरी छोरी अवस्था, शील औ गुण आदिमा आफूसमानको पतिको खोजमा छिन् ॥९॥ नारदजीको मुखबाट तपाईंको शील, विद्या, रूप,आयु र गुणको वर्णन सुनेदेखि नै यिनले यहाँलाई आफ्नो पति बनाउने निश्चय गरिसकेकी छिन् ॥१०॥हे द्विजश्रेष्ठ! मैले श्रद्धासंग समर्पण गरिएकी यी मेरी छोरीलाई स्वीकार गर्नु होस् । यी सब प्रकारबाट गृहस्थाश्रमको काममा तपाईंको योग्य छिन् ॥११॥ आफै आएर उपस्थित भएको भोगको ता विरक्त पुरुषले समेत निरादर गर्न उचित पर्दैनभने विषया-सक्तको ता कुरै भएन ॥१२॥ स्वयं उपस्थित भएको भोगको निरादर गरेर जो मानिस फेरि त्यसको निम्ति कुनै कृपणकहाँ हात पसार्दछभने त्यसको टाढा टाढासम्म फैलिएको यश नष्ट हुन्छ औ आर्काले गरेको तिरस्कारबाट त्यसको मान-भङ्गसमेत हुन्छ ॥१३॥ हे विद्वन् ! विवाह गर्नाको निम्ति तपाईं तय्यार हुनुहुन्छ भन्ने कुरा मैले सुनेको छु । गृहस्थाश्रम स्वीकार नगरे-

सम्म ब्रह्मचर्य्यव्रतको पालना गर्ने तपाईं मेरो यस कन्यालाई स्वीकार र्नोस्। म यो कन्या तपाईंलाई अर्पण गर्दछु ॥१४॥

कर्दम ऋषिले भने—

साँचो हो,मैले विवाह गर्न खोजेको छु औ तपाईंकी कन्याको पनि अहिलेसम्म कसैसित वाग्दान भएको छैन अतः हामी दुवैको सर्वश्रेष्ठ पहिलो ब्राह्म-विधिले विवाह हुनु उचितै देखिन्छ ॥१५॥ हे राजन्! तपाईंकी छोरीसंग मेरो विवाह हुनाले वेदोक्त विवाह-विधिमा "गृह्णामिते सौभगत्वाय हस्तं मया पत्ये" इत्यादि गरिएका जो प्रसिद्ध प्रार्थना मन्त्र छन्- ती सफल हुनेछन्। आफ्नो शरीरको स्वाभाविक कान्तिले गहनाहरूको शोभालाईसमेत लज्जित गराउने यस्ती तपाईंकी छोरीलाई कसले आदरपूर्वक ग्रहण नगर्ला? ॥१६॥ एकचोटि यिनी आफ्नो महलको अटालीमा भकुण्डो खेलिरहेकी थिइन्। भकुण्डोको पछि पछि यताउति दगुर्नाले यिनका नेत्र चञ्चल भइराखेका थिए तथा खुट्टामा पहिरेका पाउजेबबाट छम् छम्को मीठो शब्दआइराखेको थियो, त्यस वेला तपाईंकी यो छोरीलाई देख्ता विश्वावसु गन्धर्व अचेत भएर विमानबाट खसेथ्यो ॥१७॥ अहिले तिनै रमणीरत्न स्वयं यहां आएर प्रार्थना गर्दा पनि कुन समझदार मानिसले उनलाई ग्रहण नगर्ला। यी स्वायम्भुव मनुकी मनपरेकी छोरी औ उत्तानपादकी प्यारी बहिनी हुन्। लक्ष्मीको चरणको उपासना नगर्नेलाई ता यिनको दर्शनसमेत हुन सक्तैन ॥१८॥

यिनलाईं म ग्रहण ता गर्दछु तर एक शर्तमा, त्यो शर्त के होभने जबसम्म यिनले मेरो वीर्य धारण गर्नेछन् अर्थात् जबसम्म यिनबाट सन्तान हुनेछ तबसम्म म गृहस्थाश्रममा यिनीसित वस्नेछु त्यसपछि ता भगवान्ले बताएको हिंसारहित, सन्यासप्रधान परमहंस्य धर्मको आचरणलाई नै बढ्ता महत्व दिनेछु अर्थात् वानप्रस्थ भएर सन्यास-धर्म ग्रहण गर्नेछु ॥१९॥ जसबाट यस विचित्र जगत्को उत्पत्ति भएको छ, जसमा यो लीन हुन्छ औ जसको आश्रयले यो अडिएको छ, मलाई ता तिनै प्रजापतिहरुका प्रभु श्रीअनन्त सबभन्दा बर्त्ता मान्य छन् ॥२०॥

मैत्रेयजी भन्नुहुन्छ—

हे प्रचण्ड धनुषधारी विदुर! महर्षि कर्दम केवल यति भनेर हृदयमा कमलनाभ भगवान्को ध्यान गर्दै मौन भए। त्यस समयमा मन्द मुस्कानले युक्त भएको उनको मुख देख्ता देवहूतिको चित्त लोभिन लाग्यो ॥२१॥ मनुले यस सम्बन्धमा महारानी औ कन्याको स्पष्ट अनुमति देखेर अनेक गुणले युक्त भएका कर्दमलाई उनैसमानकी गुणवती आफ्नी छोरी बडो प्रसन्न भएर दिए॥२२॥ त्यस समयमा महारानी शतरूपाले पनि छोरी ज्वाईंलाई बडो प्रेमसँग अनेक बहुमूल्य वस्त्र, गहना, घरगृहस्थीमा चाहिने भांडाकुँडा दाइजो गराएर दिइन् ॥२३॥ यस प्रकारले सुयोग्य वरलाई आफ्नी छोरी दिएर महाराज मनु निश्चिन्त भए, तर छोरीसितको वियोग सहन नसकेको उत्कण्ठाले गर्दा विह्वल चित्त भएका तिनले दुवै हातले छोरीलाई अंगालो हालेर "छोरी, छोरी" भन्दै वारंवार आँखाबाट आँसु झारेर उनको

कपालको जम्मै रउँ भिजाइदिए ॥२४-२५॥ यसपछि मुनिवर कर्दमसित कुराकानी गरी, उनको आज्ञा लिएर रानीको साथमा रथमा सवार भए औ आफ्ना सेवकहरूसहित ऋषि-कुलसेवित सरस्वती नदीका दुवै तीरमा रहेका मुनिहरुको आश्रमको शोभा हेर्दै आफ्नो राजधानीतिर प्रस्थान गरे ॥२६-२७॥

आफ्नो मालिकको सवारी फिरेको सुन्दा मनुका ब्रह्मावर्त निवासिनी प्रजा बडो खुशी भए औ उहाँको सवारी लिन भनी गानाबजानाको साथसाथै स्तुति गर्दै शहरबाहिर आए ॥ २८ ॥ सब प्रकारका सम्पत्तिले युक्त भएको बर्हिष्मती नगरी मनुको राजधानी थियो, यहाँ यज्ञमूर्ति वराह भगवान्ले पृथ्वीलाई रसातलबाट ल्याएपछि आफ्नो शरीर झट्कार्दा उहाँका अनेक रउँ झरेका थिए ॥२९॥ यिनै रउँ सदासर्वदा हरियो रहने कुश र कास भए, जसद्वारा ऋषिहरू यज्ञमा विघ्न पार्ने दैत्यहरूको तिरस्कार गरी भगवान् यज्ञपुरुषको यज्ञद्वारा आराधना गर्दछन् ॥ ३० ॥ महाराज मनुले पनि वराह भगवान्बाट भूमिरूप निवासस्थान पाएपछि यै ठाउँमा कुश औ कासको बर्हि (चटाई) बिछाएर यज्ञ भगवान्को पूजा गरेका थिए। यिनै सब कारणले यस नगरीको नाम बर्हिष्मती भएको हो ॥३१॥

जुन बर्हिष्मती नगरीमा मनु बस्तथे, त्यहाँ पुगेपछि उनले आफ्नो त्रितापनाशक भवनमा प्रवेश गरे तथा आफ्नी महारानी औ प्रजाको साथसाथै धर्म, अर्थ र मोक्षलाई योग्य हुने भोगहरू भोग्न लागे ॥३२॥ प्रातःकालमा गन्धर्वहरु आफ्ना स्त्रीहरुलाई साथमा ली उनको गुणगान गर्दथे तर मनु त्यसमा आसक्त नभएर प्रेमपूर्ण हृदयले श्रीहरिको कथा नै सुन्ने गर्दथे ॥३३॥ मनु इच्छानुसार सांसारिक विषयको भोग गर्नामा समर्थ ता थिए तर भगवत्परायण भएकोले उनलाई कुनै प्रकारको भोगले अलिकता पनि विचलित गर्न पाउँदैनथे ॥ ३४ ॥ विष्णु भगवन्का कथाहरुको श्रवण, ध्यान, रचना औ कथन गरिरहने हुनाले उनको मन्वन्तरलाई व्यतित गर्ने काल गए पनि नगए जस्तै थिए अर्थात् उनको अलिकता समय पनि व्यर्थ जान्नथ्ये ॥३५॥ यस प्रकारसंग स्वायम्भुव मनुले जाग्रत्-स्वप्न-सुषुप्ति यी तीनै अवस्थालाई भगवान् वासुदेवको कथाप्रसङ्गमा बिताएर आफ्नो मन्वन्तरको एकहत्तर चतुर्युगको परिमित समयलाई समाप्त गरे ॥३६॥ हे व्यासनन्दन विदुरजी ! श्रीहरिको आश्रित रहने पुरुषलाई शारीरिक-मानसिक-दैविक-मानुषिक अथवा भौतिक दुःखले कसरी कष्ट दिन सक्तछ ? ॥ ३७॥ एकचोटि मुनिहरुले सोद्धाखेरि निरन्तर समस्त प्रणीको हितमा लागिराख्ने मनुजीले मनुष्यका नाना प्रकारका वर्णाश्रमसम्बन्धी धर्मको वर्णन गरेका थिए (अहिले यो मनुसंहिताको नामले प्रचलित छ) ॥३८॥

आदिराज मनुको यो अद्भुत वर्णन गर्न योग्य चरित्र मैले तिमीलाई वर्णन गरिसकें अब उनकी छोरी देवहूतिको प्रभाव सुन ॥३९॥

अध्याय—२३

योगबलले बनेको विमानमा कर्दम र देवहूतिको विहार।

मैत्रयजीले भन्नुभयो—

हे विदुर ! माता-पिता गएपछि पतिको अभिप्राय बुझ्नामा सिपालु भएकी साध्वी देव- र पार्वतीले महादेवको सेवा गरे झैं प्रेमसंग कर्दमको नित्य सेवा गर्न लागिन् ॥१॥ काम-वासना-कपट-द्वेष-लोभ-निसिद्ध आचरण औ अहङ्कारलाई त्यागेर बडो सावधानीसंग निरन्तर पतिको सेवामा तत्पर रहने देवहूतिले विश्वास, पवित्रता, उदारता, इन्द्रियदमन, शुश्रूषा, सुहृद्-भाव, मधुरवाणी आदि गरिएका गुणले आफ्ना परम तेजस्वी पतिदेवलाई सन्तुष्ट गरिन् ॥२-३॥ आफ्नो पतिदेवलाई विधाताको विधानलाई पनि बदल्न सक्ने दैवभन्दा पनि बढ्ता संझने अतः उनमा ठूलो आशा राखेर सेवा गर्न लागेकी मनुकी छोरीलाई धेरै दिनदेखि व्रतादिको पालना गर्नाले दुब्ली भएकी देख्ता देवर्षि कर्दमजीलाई दयाले गर्दा मनमा अलिकता दिक्दारी भयो र यिनले प्रेमले गद्गद भईकन उनलाई (देवहूतिलाई) सोधे ॥४-५॥

कर्दमले भने—

ए मनुकी छोरी ! तिमीले मेरो बडो आदर गरेकी छौ, तिम्रो उत्तम सेवा र परम भक्तिले म बडो खुशी छु। शरीर भनेको सबै प्राणीलाई बडो प्यारो र आदरको वस्तु हुन्छ,तर तिमीले ता मेरो सेवाको निम्ति यस्तो शरीर क्षीण भएकोमा पनि केही परवाह राखिनौ ॥६॥ मैले आफ्नो धर्ममा तत्पर भएर भगवान्को कृपाले तप, समाधि, उपासना औ योगद्वारा भय औ शोक-रहित जति दिव्य भोग प्राप्त गरेको छु अब ती भोगमा मेरो सेवाको प्रभावले तिम्रो पनि अधि-कार हुनेछ। म तिमीलाई दिव्य दृष्टि दिन्छु, त्यस दृष्टिद्वारा तिमी ती सबैलाई देख्न सक्नेछौ ॥७॥ अरु जति मानवी भोग छन् ती सबै परमशक्ति-युक्त भगवान्को केवल भृकुटी-भङ्गले भ्रष्ट हुने हुन्, अतः उनको लेखा यी मानवी भोग केही पनि ह्वँ नन्। मेरो सेवाले तिमी कृतार्थ भइसकेकी छौ। आफ्नो पातिव्रत धर्मको पालना गर्नाले प्राप्त भएका यी दिव्य भोगको भोग गर। राज्यादिको लोभले दूषित हृदय भएका मानिसहरूले यी भोग भोग्न पाउन्नन् ॥८॥

सम्पूर्ण योगमाया एवं उपासनामा निपुण कर्दमजीले यस प्रकारसंग भनेपछि ती अबलाको पुत्रविषयक चिन्ता नष्ट भइगयो । देवहूति किञ्चित् लज्जा एवं मन्द मुस्कानयुक्त मुखले पतितिर हेरेर विनयपूर्वक प्रेमपूर्ण गद्गद वाणीले यस प्रकारसंग भन्न लागिन् ॥९॥

देवहूतिले भनिन्—

हे विप्रवर ! हे स्वामी ! कहिले पनि निष्फल नहुने योग-शक्ति र त्रिगुणात्मिका मायाका तपाईं प्रभु हुनुहुन्छ, अतः यी सब भोग अवश्य तपाईंले पाउनुभएको छ भन्ने थाहा छ; तर विवाह-समयको "गर्भाधान हुने वेलासम्म तिम्रो साथमा गृहस्थाश्रमको उपभोग गर्नेछु" भन्ने तपाईंको प्रतिज्ञाको अब पूर्ति हुनुपर्दछ, कारण श्रेष्ठ पति-द्वारा सन्तान-प्राप्ति गर्नु नै पतिव्रता स्त्रीको निम्ति ठूलो लाभको कुरा हो ॥१०॥ हे प्रभो ! आफ्ना

प्रतिज्ञापालनको निम्ति कामशास्त्रानुसार रति-सुखको निम्ति चाहिने भोजन-पान आदि सामग्री जम्मा पार्नोस्, ताकि तपाईंको साथमा रमण गर्ने उत्कट इच्छाले दीन औ शिथिल भइराखेकी म काम-पीडिताको यो शरीर रतिसुख भोग्नलाई समर्थ होओस् तथा विहार गर्न योग्यको एउटा घर पनि तय्यार पार्नोस् ॥११॥

मैत्रेयजी भन्नुहुन्छ—

कर्दम मुनिले आफ्नी प्यारीको इच्छा पूर्ण गर्नाको निम्ति त्यै वेलामा योगबलले एउटा इच्छानुसार सर्वत्र जान सक्ने विमान प्रकट गरे ॥१२॥ यो विमान सबै प्रकारका कामनालाई पूर्ण गर्न, अत्यन्त सुन्दर, सबै किसिमका रत्नले युक्त भएको, सर्वसम्पत्तिसम्पन्न तथा मणिमय थामले सुशोभित थियो ॥१३॥ यो विमान जुनसुकै वेला, जुनसुकै ऋतुमा पनि सुख दिने किसिमको थियो, यसमा जताततै सब प्रकारका दिव्य-सामग्रीहरू राखिएका थिए। यो चित्रविचित्रको पर्दा एवं पताकाले खूबसँग सिंगारिएको थियो ॥१४॥ जसमा भ्रमराहरू मीठो शब्दले भूँ भूँ गरिरहेका थिए। त्यस्ता रंगी-बिरङ्गी फूलका मालाले एवं अनेक प्रकारका सूती औ रेशमी वस्त्रले यो अत्यन्त शोभायमान थियो ॥१५॥ एउटा माथिको अर्को तलामा एवं कोठाहरूमा बेग्लाबेग्लै राखिएका शय्या, पलंग, पंखा औ आसनले गर्दा यो बडो राम्रो देखिएको थियो ॥१६॥ जताततै राखिएको नाना प्रकारको शिल्प-सामग्रीले यसको अपूर्व शोभा भइराखेको थियो, पन्नैपन्ना छापिएको भूईं थियो, बस्नको निम्ति मूँगाका साना साना खटिया थिए तथा दहिलो पनि मूँगैको थियो, यसका ढोकामा हीरै-हीरा जडिएका खापा थिए। इन्द्रनील-मणिले बनेको यस भवनको शिखरमा सुनका कलश राखिएका थिए ॥१७-१८॥ यसको हीराको भित्तामा ठाउँठाउँमा असल असल लाल जडि-एकोले यी विमानका आँखा हुन् कि जस्तो मालूम हुन्थ्यो। रंगी-बिरंगी चँदुवा औ बहुमूल्य सुनौला तोरणले यो सिंगारिएको थियो ॥१९॥ यस विमानमा जताततै नक्कली हाँस परेवा आदि गरिएका चराचुरुङ्गी बनाइका थिए, तिन-लाई साँच्चिकै सजीव पक्षी भन्ठानेर उही उही जातका चरा उनको नजीक बसेर आफ्नो आफ्नो बोली बोलिरहन्थ्थे ॥२०॥ यसमा सुबिस्ता हुने गरी क्रीडा-प्रदेश (रतिभवन) शयनगृह, बैठक, आँगन, चोक इत्यादि बनाइका थिए। यी सबले गर्दा यो मायामय विमान स्वयं कर्दमजीलाई समेत छक्क पार्दथ्यो॥२१॥

यस्तो राम्रो घरलाई पनि जब देवहूतिले दासीहरूको अभाव तथा आफ्नो शरीरको मलीनताले गर्दा बडो खुशी भएर हेरिनन् तब ता समस्त प्राणीको अभिप्राय बुझ्ने स्वयं कर्दमजीले भन्नुभयो ॥२२॥ हे प्रिये! सरोवर (विन्दुसर) मा स्नान गरी विमानमा चढ। यो विन्दुसर स्वयं विष्णुभगवान्द्वारा रचिएको तीर्थ हो। यसले मानिसको सम्पूर्ण कामनालाई पूर्ण गर्दछ ॥२३॥

कमललोचना देवहूतिले आफ्नो पतिको कुरा मानेर सरस्वतीको पवित्र जलले भरिएको त्यस सरोवरमा प्रवेश गरिन्। यस वेला तिनले बडो मैलो सारी पहिरेकी थिइन्। कपालका रौँ

आपसमा टाँस्सिएकोले लट्टा परिसकेको थियो, जिउमा मैलो जमिराखेको थियो र स्तनसमेत कान्तिहीन भइराखेका थिए ॥२४-२५॥ सरोवर-भित्र यिनले एउटा महलमा एक हजार कन्या देखिन्, यी सबैको जवानी अवस्था थियो र उनको शरीरबाट कमलको जस्तो गन्ध निस्कि-रहेको थियो ॥२६॥ देवहूतिलाई देख्नासाथ यी सबै आइमाई सहसा उठिहाले र हात जोरेर भन्न लागे—"हामी सबै तपाईंका दासी ह्रौं, आज्ञा होस् हामीले तपाईंको के सेवा गर्ने हो ?" ॥२७॥

विदुरजी ! अनि ती रमणीहरूले बुकुवा आदि बहूमूल्य सामग्रीले मनस्विनी देवहूतिलाई नुहाइदिए र लगाउनको निम्ति दुइटा निर्मल वस्त्र दिए ॥ २८ ॥ यसपछि तिनीहरूले धेरै मोल पर्ने, खूब चहक भएका, देवहूतिलाई मन पर्ने किसिमका गहना, सर्वगुणयुक्त भोजन औ पिउनको निम्ति अमृतसमानको स्वादिष्ट आसव तय्यार पारे ॥ २९ ॥ देवहूतिले ऐनामा आफ्नो प्रतिविम्ब हेर्दा ता आफूलाई किसिम किसिमका सुगन्धित फूलको हारले सिंगारिएको, स्वच्छ वस्त्र धारण गरेको, शरीर निर्मल औ कान्तिमान भएको र कन्याहरूले बडो मानसँग आफ्नो माङ्गलिक शृंगार गरेको देखिन् ॥३०॥ उनलाई टाउकोदेखि नुहाएको थियो, अङ्गअङ्गमा सब प्रकारका आभूषण सुशोभित थिए । घाँटीमा कण्ठी, हातमा कङ्कण औ चरणमा छम् छम् आवाज गर्ने सुनका पाउजेब थिए ॥३१॥ कम्मरमा पहिरेको सुनको रत्नजटित करधनीले, बहुमूल्य मणिको हारले तथा अङ्गप्रत्यङ्गमा लगाएका मङ्गल द्रव्यले उनको अपूर्व शोभा भइरहेको थियो ॥ ३२ ॥ उनको मुख सुन्दर दाँतको पङ्क्ति, मनोहर आँखिभूईं, कमलको पातसँग दाँज्न हुने मनोहर तथा प्रेममय कटाक्ष-युक्त नेत्र एवं नीलवर्ण अलकावलीले शोभायमान थियो ॥३३॥

विदुरजी ! ऐनामा यस प्रकारसँग आफ्नो प्रतिविम्ब देखेर जब देवहूतिले आफ्ना प्यारा पति कर्दमजीलाई स्मरण गरिथिन् अनि ता उनले आफूलाई सहेलीहरूको साथमा कर्दमजी विराजमान भएको ठाउँमा उपस्थित भएको देखिन् ॥३४॥ त्यस वेला आफूलाई हजार स्त्रीहरूको साथमा आफ्ना पतिदेवको अगाडि देख्ता र यो उहाँको योगको प्रभाव हो भन्ने बुझ्दा उनलाई बडो विस्मय भयो ॥३५।

कामरूप शत्रुलाई जित्ने हे विदुरजी ! स्नान गर्नाले अत्यन्त निर्मल भएकी, बिहे हुनु-भन्दा अघि जस्तो रूप थियो त्यै रूप पाएर अपूर्व शोभाले सम्पन्न भएकी, पच्छ्यौराले सुन्दर स्तन ढाकिराखेकी, हजाराँ विद्याधरी जसको सेवामा लागिराखेका छन् , शरीरमा राम्रा वस्त्र पहिरेकी यस्ती देवहूतिलाई देखेर कर्दमजीले बडो प्रेमसँग उनलाई विमानमा चढाउनुभयो ॥ ३६-३७ ॥ आफ्नी प्रियाप्रति अनुरक्त भए तापनि कर्दमजीको महिमा (मन औ इन्द्रियमाथिको प्रभुता) कम भएको थिएन । विद्याधरीहरूले उनको शरीरको सेवा गरिराखेका थिए, विकसित कुमुदका फूलले उहाँले शृङ्गार गरेको थियो । यस्ता कर्दम मुनि आकाशमा तारागणले घेरिएको

चन्द्रदेव विराजमान भए झैं विमानमा शोभा दिन लाग्नुभयो ॥३८॥ त्यस विमानमा निवास गरेर कर्दम मुनिले धेरै कालसम्म कुवेरले झैं मेरुपर्वतका कन्दराहरूमा विहार गर्नुभयो । यी कन्दरा आठै लोकपालहरूको विहार भूमि हो, यिनमा कामदेवलाई बढाउने,शीतल, मन्द, सुगन्ध वायु चलिरहन्छ। स्वर्गलोकबाट झर्दाखेरिको गङ्गाजीको हर हर ध्वनिले यो सदा गुञ्जायमान भइरहन्छ । यस वेलामा अनेक देवाङ्गनाहरू उहाँको सेवामा लागेका थिए औ सिद्धगणले उहाँको स्तुति गरिराखेका थिए॥३९॥

आफ्नो प्राणप्रिया देवहूतिमा अनुरक्त भएर उहाँले उनको साथमा वैश्रम्भक, सुरसन, नन्दन, पुष्पभद्र, मानस औ चैत्ररथ आदि अनेक लोकपालहरूको बगैंचामा रमण गर्नुभयो ॥४०॥ प्रभायुक्त तथा इच्छानुसार सर्वत्र जाने त्यस विशाल वमानमा बसेर जब उहाँ वायुसमानको वेगले समस्त लोकमा विचरण गर्नुहुन्छ, त्यस बखतमा विमानविहारी देवताहरूसमेत पछि पर्न जान्थे ॥४१॥ हे विदुरजी ! जसले भगवान्को भवभयहारी पवित्र चरणकमलको आश्रय लिएका छन् त्यस्ता धीर पुरुषको निम्ति कुन काम गाह्रो छ? ॥४२॥

यस प्रकारसँग महायोगी कर्दमजी द्वीप-वर्ष आदि रचनाले गर्दा अति आश्चर्यमय देखिने यो सम्पूर्ण भूमण्डल आफ्नो प्यारीलाई देखाएर आफ्नो आश्रममा फर्केर आउनुभयो ॥४३॥ फेरि उहाँले आफ्नो वीर्यको नौ भाग गरेर रतिसुखको निम्ति अत्यन्त उत्सुक भएकी मनुकी छोरी देवहूतिलाई आनन्दित गर्दै उनीसँग अनेक वर्षसम्म विहार गर्नुभयो, तर यस्तो लामो समय उहाँलाई एक मुहूर्तसमान मालूम भयो ॥४४॥ त्यस विमानमा रतिसुखलाई बढाउने बडा राम्रा राम्रा शय्या थिए । त्यसमा आफ्ना परम रूपवान् प्रियतमको अङ्गसङ्गले गर्दा देवहूतिलाई कति समय बित्यो भन्ने कुराको पत्तै भएन ॥४५॥ यस प्रकारसँग ती कामासक्त दम्पत्तिको योगबलले रमण गर्दागर्दैमा सय वर्ष बितेर गयो, तर यो महान् समय उनीहरुलाई थोरै जस्तो लाग्यो ॥४६॥ सबै प्रकारको अभिप्राय जान्ने आत्मज्ञानी कर्दमजीले देवहूतिको सन्तानप्राप्तिको इच्छा बुझेर आफ्नो स्वरूपको नौ भाग गरी अत्यन्त प्रीतिपूर्वक आफ्नो आधा शरीर भएकी देवहूतिको गर्भमा वीर्य स्थापित गरे ॥४७॥ यसले गर्दा देवहूतिबाट नौ कन्या एकै दिनमा जन्मे । यी सबै सर्वाङ्गसुन्दरी थिए औ यिनको शरीरबाट रातो कमलको जस्तो गन्ध निस्कन्थ्यो ॥४८॥ यै बखतमा शुद्ध स्वभाव भएकी सती देवहूतिले आफ्ना पतिको पहिलेको प्रतिज्ञाअनुसार वन जाने विचार देखेर हृदयमा आकुलव्याकुल एवं शोक-विह्वल भई उँधो मुण्टो लगाएर नखमणिमण्डित चरणकमलले भूइँ खोस्रँदै,आँसुको धारालाई बडो मुस्किलसँग रोकेर, मुसुक्क हाँसे जस्तो गरी बडो मधुरो स्वरले बिस्तारै बिस्तारै भन्न लागिन् ॥४९-५०॥

देवहूतिले भनिन्—

हे भगवन् ! आफूले प्रतिज्ञा गरेको सबै कुरा ता तपाईंले पूरा गर्नुभयो तथापि म शरणमा आइराखेकी छु,अतः मलाई अभयदान दिनु तपाईंको कर्तव्य हो ॥५१॥ हे ब्रह्मन् ! तपाईंले यी कन्या-

हरुको निम्ति योग्य वर खोज्नुपर्दछ औ तपाइँ वनतिर लागेपछि मेरो जन्म–मरणरूप शोक दूर गर्ने अरू कोही हुनुपर्दछ ।।५२।।हे प्रभो ! अहिले–सम्म परमात्मादेखि विमुख भएर इन्द्रियसुख–भोगमा मेरो जति समय बित्यो त्यो ता निरर्थकै भयो ।।५३।। तपाईंको परम प्रभाव नजानेको हुनाले मैले इन्द्रियहरुको विषयमा आसक्त भएर तपाईंसँग अनुराग गरें । यसो भए तापनि मेरो यो अनुराग संसारबन्धनलाई दूर गर्ने हुनुपर्दछ ।।५४।। किनकि अज्ञानवश असत् पुरुषसित जुन संग हुन्छ त्यो संसारको कारण हुन्छ तर त्यै संग साधु पुरुषसित गरेको खण्डमा मोक्षको साधक, वैराग्यकोकारण बन्न जान्छ ।।५५।। संसारमा जुन मानिसको कर्मबाट न धर्मको सम्पादन हुन्छ, न वैराग्य उत्पन्न हुन्छ औ न भगवान्‌को सेवा–रूप भक्तिमा तत्पर होइन्छ,त्यो मानिस जिउँदो भए तापनि मुर्दासमान हो ।।५६।। अवश्य म ता हरिको मायाले गर्दा खूबसँग ठगिन गइछु, कारण तपाईंसमानको मुक्तिदाता पति पाउँदा पनि मैले संसारबन्धनबाट छुट्ने इच्छा गरिनँ ।।५७।।

––––

अध्याय–२४

कपिलदेवको जन्म । नौ कन्याको विवाह । कर्दम कपिलसंवाद

मैत्रेयजी भन्न लाग्नुभयो—

प्रशंसा गरिन योग्य मनुपुत्री देवहूतिको यस्तो वैराग्ययुक्त वचन सुनेपछि कृपालु कर्दम मुनिलाई विष्णु भगवान्‌ले भन्नुभएको कुराको संझना हुन गएकोले उहाँले भन्न लाग्नुभयो ।।१।।

कर्दम ऋषिले भन्नुभयो—

कुनै प्रकारको दोष नभएकी हेराजकुमारी ! आफूलाई अभागिनी संझेर मनमा यस्तो खेद नगर, केही दिनमा स्वयं अविनाशी विष्णु भगवान् तिम्रो गर्भमा पाल्नुहुनेछ ।।२।। तिमीले नाना प्रकारको व्रतको पालना गरेकी छौ, तसर्थ तिम्रो कल्याण हुनेछ । अब तिमी इन्द्रियदमन, आफ्नो धर्मको आचरण, तपस्या तथा धनदानद्वारा श्रद्धापूर्वक ईश्वरको भजन गर ।।३।। यस प्रकारसँग आराधना गरेपछि शुद्धस्वरूप हरि तिम्रो गर्भ–बाट पुत्ररूपमा उत्पन्न भएर मेरो यशलाई बढाउनु–हुनेछ औ ब्रह्मज्ञानको उपदेश गरेर तिम्रो हृदयको अहङ्काररूप ग्रन्थि अर्थात् देहाभिमानको छेदन गर्नुहुनेछ ।।४।।

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुरजी ! प्रजापति कर्दमको यस सन्देश–लाई देवहूतिले बडो आदर औ विश्वाससँग ग्रहण गरिन् औ तन–मनले अज्ञानरूपी पर्दाभित्र लुकेका जगद्गुरु ,पुरुषोत्तम भगवान्‌को आराधना गर्न लागिन् ।।५।। तदनन्तर धेरै काल बितेपछि भगवान् मधुसूदन कर्दमको वीर्यको आश्रय लिएर उनको (देवहूतिको) गर्भबाट काठमा आगो प्रकट भए झैं प्रकट हुनुभयो ।।६।। त्यस समयमा आकाशमा मेघ जलको वर्षा गर्दै गर्जी–गर्जीकन बाजा बजाउन लागे, गन्धर्वहरु गान गर्न लागे औ अप्सराहरु बडो आनन्द मानेर नाच्न लागे ।।७।। आकाशबाट देवताहरुले वर्षाएका दिव्य–फूलको वर्षा हुन लाग्यो, सबै दिशामा आनन्दै आनन्द देखिन थाल्यो, तलाउका जल

निर्मल भए औ समस्त प्राणीको मन प्रसन्न भयो ॥८॥

यै वेलामा मरीचि आदि मुनिहरूलाई साथमा ली ब्रह्माजी सरस्वती नदीले बेह्रिएको कर्दमजीको आश्रममा आउनुभयो ॥९॥ शत्रुको दमन गर्ने हे विदुरजी ! साक्षात् परब्रह्म विष्णु भगवान् सांख्यशास्त्रको उपदेश गर्नाका निम्ति आफ्नो विशुद्ध सत्वमय अंशले देवहूतिको गर्भमा प्रवेश गर्नुभएको छ भन्ने कुरा स्वतःसिद्ध ज्ञान-वान् ब्रह्माजीलाई थाहा थियो ॥१०॥ अतः उहाँले भगवान्‌ले गर्न खोजेको कुराको निर्मल चित्तले अनुमोदन गर्नुभयो औ अत्यन्त प्रफुल्लित हृदयले कर्दमजीलाई यस प्रकारसँग भन्न लाग्नु-भयो ॥११।

ब्रह्मले भन्नुभयो—

अर्काको मान राख्ने हेप्यारा कर्दम ! तिमीले मेरो सम्मान गर्दै निष्कपट भावले मेरो आज्ञाको पालन गर्‍यौ, अतः राम्रोसँग मेरो पूजन गर्‍यौ भन्नुपर्दछ ॥१२॥ पिताले दिएको आदेशलाई "जो आज्ञा" भनेर आदरपूर्वक स्वीकार गर्नु नै छोराले पिताको सबभन्दा ठूलो सेवा गर्नु हो ॥१३॥ हे साधो ! छोरा ! तिम्रा यी सुन्दरी कन्याहरूले आफ्नो वंशद्वारा यस सृष्टिलाई अनेक प्रकारले बढाउनेछन् ॥ १४ ॥ अब तिमी यी मरीचि आदि गरिएका मुनिवरहरूलाई उनको स्वभाव औ रुचिअनुसार आफ्ना छोरीहरू सम-र्पण गर औ पृथ्वीमा आफ्नो सुयश फैलाऊ १५॥ हे मुने ! सम्पूर्ण प्राणीको कामना पूर्ण गर्ने आदिपुरुष श्रीनारायण नै आफ्नो योगमायाले तिमीकहाँ कपिलको रूपले अवतीर्ण हुनुभएको हो भन्ने मलाई मालूम छ ॥१६॥

फेरि देवहूतिलाई भन्न लाग्नुभयो— तिम्रा गर्भमा कैटभासुरलाई मार्ने साक्षात् श्रीहरिले प्रवेश गर्नुभएको छ । उहाँका सुनौला केश, कमल जस्ता ठूला ठूला आँखा औ कमलको चिह्न भएको चरणकमल हुनेछन् । ज्ञान (शास्त्रज्ञान)औ विज्ञान (अनुभवज्ञान) द्वारा कर्मको वासनालाई जरैदेखि उखेलेर तिम्रो हृदयको अविद्याजनित मोहको ग्रन्थिलाई काटेर पृथ्वीमा विचरण गर्नु-हुनेछ ॥१७–१८॥ उहाँ सिद्धगणका स्वामी औ सांख्याचार्यहरूका माननीय हुनुहुनेछ तथा तिम्रो कीर्तिलाई सर्वत्र फिजाएर लोकमा कपिलको नामले विख्यात हुनुहुनेछ ॥१९॥

मैत्रेयजीले भन्नुभयो—

जगत्‌को सृष्टि गर्ने ब्रह्माजी ती दुवैलाई यस प्रकारसँग संझाईबुझाईकन नारद, सनकादिलाई साथमा लिएर हाँसमा चढीकन ब्रह्म–लोकतिर लाग्नुभयो ॥२०॥ हे विदुर ! ब्रह्माजी गएपछि कर्दम मुनिले उहांको आज्ञानुसार मरीचि आदि प्रजापतिहरूसँग आफ्नो छोरीहरूको विधिपूर्वक बिहे गरिदिनुभयो॥२१॥ उहाँले कला नाम गरेकी कन्या मरीचिलाई, अनसूया अत्रिलाई, श्रद्धा अङ्गिरालाई औ हविर्भू पुलस्त्यलाई समर्पण गर्नु-भयो ॥२२॥ पुलहलाई उनलाई सुहाउने गति नामकी कन्या दिनुभयो, क्रतुको साथमा परम-साध्वी क्रियाको बिहे गर्नुभयो तथा भृगुलाई ख्याति औ वशिष्ठलाई अरुन्धती समर्पण गर्नु-भयो ॥२३॥ अथर्वा ऋषिलाई शान्ति नाम गरेकी कन्या दिनुभयो— यिनीद्वारा यज्ञकर्मको विस्तार हुन्छ। कर्दमले यी विवाहित ऋषिहरूको उनका

पत्नीहरूको साथसाथै ठूलो सत्कार गर्नुभयो॥२४॥ हे विदुर ! केही कालपछि बिहे भएका यी सबै ऋषिहरू कर्दमजीको आज्ञा लिएर बडो आनन्दसँग आफ्ना आफ्ना आश्रमतिर लागे ॥२५॥

यसपछि देवश्रेष्ठ विष्णु भगवान्लाई आफ्नो घरमा अवतार लिएको थाहा पाएपछि कर्दम ऋषि एकान्तमा उहाँको नजीक गई प्रणाम गरेर भन्न लाग्नुभयो ॥२६॥ "अहो ! आफ्नो पापमय कर्मले गर्दा यस दुःखमय संसारमा नाना प्रकारले पीडित भइराखेका मानिसमाथि ता देवताहरू धेरै काल बितेपछि मात्र प्रसन्न हुन्छन् ॥२७॥ तर अनेक जन्मको साधनले सिद्ध भएको सुदृढ भक्तियोगको समाधिद्वारा जसको स्वरूपलाई निर्जनस्थानमा बसेर योगिजन हेर्ने प्रयत्न गर्दछन्-आफ्ना भक्त जनको रक्षा गर्ने उनै श्रीहरि सांसारिक सुखको फन्दामा परेको मेरो अपराधको केही बिचारै नगरी आज मेरो घरमा अवतीर्ण हुनुभएको छ ॥२८॥-२९॥ आफ्ना भक्तको मान बढाउने हजूरले आफ्नो प्रतिज्ञा पूर्ण गर्न औ सांख्ययोगको उपदेश गर्नको निम्ति मकहाँ अवतार लिनुभएको छ ॥३०॥ हे भगवन् ! वास्तवमा हजूर ता रूपरहित हुनुहुन्छ तापनि आफ्ना भक्तहरूको जस्तो रुचि हुन्छ त्यैअनुसारको रूप हजूरलाई पनि निको लाग्दछ अर्थात् त्यै रूप धारण गर्नुहुन्छ ॥३१॥ हजूरको पाद-पीठ (चरण राख्ने चौकी) आत्मतत्त्व जान्न इच्छा भएका विद्वान्हरूको निम्ति सधैं वन्दनीय छ। ऐश्वर्य, वैराग्य, यश, ज्ञान, वीर्य, श्री-सम्पति यी छओटैले परिपूर्ण हुनुभएको हजूरलाई म प्रणाम गर्दछु ॥३२॥ हे कपिलदेव ! हे भगवन् ! हजूर परमात्मा हुनुहुन्छ, समस्त शक्ति हजूरको अधीनमा छन्; प्रकृति (माया); पुरुष (मायाको अधिष्ठाता), महत्तत्त्व, काल (सबैका प्रेरक); ब्रह्मा; त्रिविध अहङ्कार, समस्त लोक एवं लोकपालहरूको रूपमा हजूर नै प्रकट हुनुभएको छ; हजूर नै चेतन-शक्तिद्वारा यो विश्वप्रपञ्चलाई आफूमा लीन गर्नुहुन्छ। यस्ता हजूरलाई म प्रणाम गर्दछु ॥३३॥ हे प्रभो ! हजूरको कृपाले म तीनै ऋणबाट मुक्त भएको छु औ मेरा सबै मनोरथ पनि पूर्ण भएका छन्। अब म सन्यासमार्ग ग्रहण गरी, हजूरको चिन्तन गर्दै, शोकरहित भएर भ्रमण गर्दछु। समस्त प्रजाको स्वामी हुनुभएकोले यस काममा हजूरको आज्ञा चाहन्छु" ॥३४॥

भगवान्ले भन्नुभयो--

वैदिक तथा लौकिक सबै काममा मेरो वचन नै संसारको निमित्त प्रमाण छ। यसै कारण तिमीकहाँ जन्म लिनेछु भन्ने जो कुरा मैले भनेथें त्यसैलाई सत्य गर्नको निम्ति मैले यो अवतार लिएको हो ॥३५॥ यस लोकमा मेरो यो जन्म लिङ्ग-शरीरबाट मुक्त हुन इच्छा भएका पुरुषलाई आत्मदर्शनका लागि उपयोगी भएको प्रकृति आदि तत्त्वको ज्ञान दिने उद्देश्यले नै भएको हो ॥ ३६ ॥ आत्मज्ञानको यो सूक्ष्म मार्ग धेरै कालदेखि लुप्त भइराखेको छ, त्यसैको फेरि यस लोकमा प्रचार गराउनका लागि मैले यो अवतार लिएको हो भन्ने बुझ ॥३७॥ म तिमीलाई आज्ञा दिन्छु इच्छापूर्वक विचरण गर, आफ्नो सम्पूर्ण कर्म मलाई अर्पण गरी, दुर्जन मृत्युलाई जितेर मोक्षपद पाउनाका लागि मेरो भजन गर ॥३८॥ म स्वयम्प्रकाश औ सम्पूर्णजीवको अन्तःकरणमा

रहने परमात्मा नै हुँ, अतः जब विशुद्ध बुद्धिद्वारा मलाई आफ्नो अन्तःकरणमा देख्ने छौ अनि यो शोकरहित भएर निर्भय पद पाउने छौ अर्थात् जीवन्मुक्त हुनेछौ ॥ ३९ ॥ माता देवहूतिलाई पनि समस्त कर्मलाई जरैदेखि उखेल्ने आत्मविद्याको उपदेश दिनेछु औ यसले गर्दा उनी संसाररूप भयदेखि पार हुनेछन् ।।४०।।

मैत्रेयजी भन्नुहुन्छ--

भगवान् कपिलले यस्तो भनेपछि कर्दम प्रजापति उहाँलाई परिक्रमा गरेर प्रसन्नता साथ वनतिर लाग्नुभयो ।।४१।। त्यहाँ अहिंसामय मौन धर्मको पालन गर्दै उहाँ एक मात्र भगवान्को शरणमा पर्नुभयो तथा अग्नि र आश्रमको त्याग गरी विषयाशक्तिशून्य भएर पृथ्वीमा भ्रमण गर्न लाग्नुभयो ॥ ४२ ॥ सत् (आत्मा) असत् (शरीरदेखि) भिन्न, निर्गुण भए तापनि सगुण जस्तो देखिने, एक मात्र अनन्यभक्तिले नै प्रत्यक्ष हुने यस्ता परब्रह्ममा उहाँले आफ्नो मन लगाइ-दिनुभयो॥ ४३ ॥ अहङ्कार, ममता, सुख-दुःखादि द्वन्द्वधर्मदेखि फरक भई, सर्वत्र समान भाव राखेर सबैमा आफ्नो आत्मालाई नै देख्न लाग्नुभयो । आफ्नो बुद्धि आत्मामा लीन भएकोले शान्त औ गंभीर चित्त भएको हुनुभयो औ यसैले तरङ्गशून्य प्रशान्त समुद्र जस्तै देखिन लाग्नुभयो ।।४४।। परम भक्तिभावद्वारा सर्वान्तर्यामी, सर्वज्ञ भगवान् वासुदेवमा चित्त स्थिर भएकोले सम्पूर्ण बन्धनबाट मुक्त हुनुभयो ।।४५।। सम्पूर्ण प्राणीमा आफ्नो आत्मारूप श्रीभगवान्लाई औ सम्पूर्ण प्राणीलाई आत्मास्वरूप श्रीहरिमा अवस्थित भएको देख्न लाग्नुभयो ॥ ४६ ॥ यस प्रकारसँग इच्छा औ द्वेषदेखि रहित, सर्वत्र समदर्शी औ भगवद्भक्तिले सम्पन्न भएर कर्दमजीले भगवान्को परमपद भेट्टाइहाल्नुभयो ॥ ४७ ॥

अध्याय- २५

देवहूतिको प्रश्न तथा कपिलदेवजी-द्वारा भगवद्भक्तियोगको महिमा वर्णन ।

शौनकजीले भने—

तत्वहरूको संख्या गर्ने अर्थात् सांख्य-शास्त्रका प्रवर्तक भगवान् कपिलजी साक्षात् अजन्मा नारायण भएर पनि मानिसलाई आत्म-ज्ञानको उपदेश गर्न भनी आफ्नो मायाले उत्पन्न हुनुभएको हो ।।१।। मैले भगवान्का अनेक चरित्र सुनेको छु तापनि यी पुरुषोत्तम योगीहरूमध्येका श्रेष्ठ कपिलदेवजीको कीर्ति जति सुने तापनि मेरा इन्द्रियहरू तृप्त हुँदैनन् ।।२।। आफ्नो योग-मायाद्वारा, भक्तगणको रुचिअनुसार शरीर धारण गरेर भगवान्ले जुन जुन लीला गर्नुहुन्छ ती सबै कीर्तन गरिन योग्यका छन्, तिनलाई सुन्नाको मलाई बडो श्रद्धा छ, अतः ती सबै लीला वर्णन गरेर मलाई सुनाउनुहोस् ।।३।।

सूतजीले भने—

हेमुने ! तपाईंले झ विदुरले पनि जब यै आत्मज्ञानसम्बन्धी प्रश्न गरेथे, त्यस बखतमा व्यासजीका सखा मैत्रेयजीले बडो प्रसन्न भएर यस प्रकारसंग भन्न लाग्नुभयो ।।४।।

मैत्रेयजीले भन्नुभयो—

हे विदुरजी ! पिता वनतिर लागेपछि भगवान् कपिल माताको भलो गर्ने इच्छाले त्यै बिन्दुसर तीर्थमा रहन लाग्नुभयो ॥५॥ एक दिन देवहूतिले ब्रह्माजीले भनेको कुरा संझेर आसनमा निश्चल भावले बसेका तत्वमार्गका पारदर्शी आफ्ना छोरा कपिलदेवलाई भनिन् ॥६॥

देवहूतिले भनिन्—

हे भूमन् !हे प्रभो ! यी दुष्ट इन्द्रियहरूको विषय-लालसाले गर्दा म बडो हैरान भइसकेकी छु र यिनको इच्छा पूरा गरूँ भनेर लाग्दामा घोर अज्ञानरूप अन्धकारमा पर्न गएकी छु ॥७॥ यस समयमा तपाईंको कृपाले मेरा जन्मको अन्त्य उपस्थित भएकोले यो दुस्तर अज्ञानरूप अन्धकारदेखि पार लगाउने सुन्दर नेत्ररूप तपाईं भेटिनुभएको छ ॥ ८ ॥ तपाईं सम्पूर्ण प्राणीका स्वामी भगवान् आदिपुरुष हुनुहुन्छ औ अज्ञानमय अन्धकारले अन्धो भइराखेका मानिसको निम्ति उदाएका सूर्य झैं ज्ञाननेत्र दिने हुनुहुन्छ॥९॥ हे देव ! मानिसलाइ यी देह गेहमा "म, मेरो" भन्ने जुन असत् अभिमान हुन्छ त्यो पनि तपाईंकै मायाद्वारा भएको हो अर्थात् तपाईंले नै गराएको हो, तसर्थ अब मेरो यो महामोह दूर गरिदिनोस् ॥१०॥ तपाईं आफ्ना भक्तहरूको संसाररूप वृक्षका लागि बञ्चरोसमान हुनुहुन्छ, प्रकृति औ पुरुषको ज्ञान प्राप्त गर्ने इच्छाले म तपाईं शरणागतवत्सलको शरणमा आएकी छु। भागवतधर्म जान्नेहरूमा सबभन्दा श्रेष्ठ तपाईंलाई प्रणाम गर्दछु ॥११॥

मैत्रेयजी भन्नुहुन्छ—

परम पवित्र औ मानिसमा मोक्षमार्गतिर रति उत्पन्न गराउने आफ्नी आमाको अभिलाषा सुन्दा आत्मज्ञानी, सत्पुरुषका गति, कपिलदेवले मनैमनले उनको प्रशंसा गर्न लाग्नुभयो र मन्द मुस्कानले सुशोभित मुखारविन्दले यस प्रकारसंग भन्न लाग्नुभयो ॥१२॥

भगवान् कपिलजीले भन्नुभयो—

मेरो विचारले ता अध्यात्मयोग नै मानिसलाई मोक्ष प्रदान गर्ने मुख्य साधन हो, येद्वारा सुख-दुःख दुवैको राम्रोसंग निवृत्ति हुन्छ ॥१३॥ हे अनघे ! यस योगको साङ्गोपाङ्ग वर्णन गर्दछु, उहिले नारदादि ऋषिहरूको अगाडि उनीहरूले सुन्ने इच्छा गरेकोले मैले यसको वर्णन गरेथें, त्यै अहिले म तपाईंलाई सुनाउंछु ॥१४॥

मन नै जीवको बन्धन औ मोक्षको कारण मानिएको छ। जुन मन विषयमा आसक्त हुन्छ त्यो बन्धनको कारण बन्दछ औ जुन मन परमात्मामा लाग्दछ त्यो मोक्षको हेतु बन्दछ ॥१५॥ जुन वेला यो मन "म, मेरो" यो अहंभावलाई उत्पन्न गर्ने काम-लोभ-मोह आदि विकारदेखि मुक्त भएर पवित्र हुन्छ, त्यस वेला यसलाई न दुःख हुन्छ न सुख हुन्छ; सम अवस्थामा आइहाल्दछ ॥१६॥ यस अवस्थामा जीव आफ्नो ज्ञान, वैराग्य औ भक्तिले युक्त भएको हृदयले आत्मालाई मायारहित, एक मात्र (अद्वितीय), भेदशून्य, स्वयं प्रकाशमान, अखण्ड, उदासीन (सुख-दुःखशून्य) देख्न थाल्दछ एवं मायालाई पराक्रम नभएको अनुभव गर्दछ ॥१७-१८॥ योगीहरूलाई भगवत्प्राप्तिका निमित्त सर्वात्मा भगवान्को भक्ति जस्तो मङ्गलमय मार्ग अर्को

कुनै छैन ॥१९॥ पण्डितहरूसंग अर्थात् आसक्तिलाई नै आत्मालाई फसाउने अक्षय पासो भन्दछन्, तर यै आसक्ति साधु सज्जन पुरुषहरूसंग गरिएको खण्डमा मोक्षको खुला ढोका बन्न जान्छ ॥२०॥

जो मानिस सहनशील, दयालु, समस्त देहधारीको हितचिन्तक, शत्रुहीन,शास्त्रानुसार चल्ने, सत्पुरुषको मान गर्ने हुन्छन्, जो ममा अनन्य-भावले सुदृढ भक्ति गर्दछन्, मेरो निमित्त सम्पूर्ण कर्म तथा नाताकुटुम्बीलाई त्यागदछन् औ मेरो पवित्र कथाको परस्पर श्रवण कीर्तन गर्ने गर्दछन्, ममा नै चित्त लगाइराख्ने यस्ता भक्तलाई संसारका नाना किसिमका तापले कुनै तरहको कष्ट दिन पाउँदैनन् ॥ २१-२३ ॥ हे साध्वि ! सबै आसक्तिको परित्याग गर्ने यस्ता महापुरुष नै साधु हुन् । तपाईंले यस्तैसितको सङ्गत गर्ने इच्छा गर्नु पर्दछ कारण आसक्तिले गर्दा हुने समस्त दोषलाई यिनीहरूले दूर गरिदिन्छन् ॥२४॥ सत्पुरुषहरूसितको समागममा मेरो पराक्रमको यथार्थ ज्ञान गराउने तथा हृदय औ कानलाई निको लाग्ने कथा चल्दछ । यी कथा सुन्नाले झट्ट मोक्षमार्गमा श्रद्धा, प्रेम औ भक्तिको क्रमशः विकास हुन थाल्दछ ॥२५॥ फेरि सृष्टि आदि गरिएका मेरा लीलाहरूको श्रवण गर्नाले प्राप्त भएको भक्तिद्वारा लौकिक एवं पारलौकिक सुखमा वैराग्य भएपछि मानिस सावधानीसंग योगको भक्तिप्रधान सरल मार्गको अवलम्बन गरी चित्तलाई वशमा गराउने यत्न गर्न थाल्दछ ॥२६॥ यस प्रकारसंग प्रकृतिका गुणबाट उत्पन्न भएका शब्दादि विषयको सेवन नगर्नाले, वैराग्यद्वारा बढेको ज्ञानले, योगले औ ममाथि गरिएको सुदृढ भक्तिले मानिस सर्वान्तर्यामी मलाई यै देहमा प्राप्त गर्दछ ॥२७॥

देवहूतिले भनिन्—

हे भगवन् ! तपाईंमा कस्तो भक्ति गर्न ठीक पर्दछ ? म जस्ती अबलाले बुझ्न सक्ने तपाईंको त्यो भक्ति कस्तो छ ? जुन भक्तिद्वारा कि म सजिलैसंग तपाईंको निर्वाण-पद (मोक्ष-स्वरूप पद) प्राप्त गर्न सकौं ॥२८॥ हे मोक्ष-स्वरूप ! जसद्वारा तत्त्वज्ञान प्राप्त हुन्छ, जसले लक्ष्यलाई छेड्ने वाण जस्तै भगवान्को प्राप्ति गराउंछ, त्यो तपाईंले भनेको योग कस्तो छ औ त्यसका अङ्ग कति छन् ? ॥२९॥ हे हरे ! यो सब मलाई यस प्रकारसंग भन्नोस् कि मन्दमति म स्त्रीजातिले पनि तपाईंको कृपाले यस दुर्बोध विषयलाई सजिलैसंग बुझ्न सकौं ॥३०॥

मैत्रेयजीले भन्नुभयो—

जसको शरीरबाट उहाँले स्वयं जन्म लिनु-भएको थियो, ती आफ्नी आमाको यस्तो अभिप्राय बुझेपछि कपिलजीको हृदयमा प्रेमको बाढी उठिहाल्यो र उहाँले प्रकृति आदि तत्त्वको निरूपण गर्ने शास्त्रको—जसलाई सांख्य-शास्त्र तथा भक्तिलाई बढाउने योग भन्दछन्—वर्णन गर्न लाग्नुभयो ॥३१॥

भगवान्ले भन्नुभयो—

एक मात्र भगवान्मा चित्त लागेका मानिसको वेदविहित कर्ममा लागेको तथा विषयहरूको ज्ञान गराउने कर्मेन्द्रिय-ज्ञानेन्द्रिय दुवै प्रकारका इन्द्रियहरूको सत्त्वमूर्ति श्रीहरिमा जुन स्वाभाविक प्रवृत्ति हुन्छ,त्यै भगवान्को अहैतुकी भक्ति हो । यो भक्ति

मुक्तिभन्दा पनि ठूलो छ, किनकि जसरी जठरानलले खाएको अन्नलाई पचाइदिन्छ त्यसै गरी यसले पनि कर्मसंस्कारको भण्डाररूप लिङ्ग शरीर (वासना) लाई तत्काले भस्म गरिदिन्छ ॥३२-३३॥ किन्तु मेरो चरणको सेवामा तत्पर रहने, मेरै प्रसन्नताको निम्ति सबै कर्म गर्ने एवं सदासर्वदा परस्पर एकत्रित भएर प्रेमपूर्वक मेरै पराक्रमको चर्चा गरिरहने पूर्ण भगवद्भक्त मसंगको एकीभाव (सायुज्य मोक्ष) को समेत इच्छा गर्दैनन् ॥३४॥ हे माताजी ! यी साधुजन प्रसन्नमुख औ अरुणनेत्रले युक्त भएको मेरो परम सुन्दर औ सकल कामनालाई पूर्ण गर्ने दिव्य रूपको प्रतिमादिमा दर्शन गर्ने इच्छा गर्दछन्, औ ती प्रतिमादिलाई लक्ष्य गरेर हरेराम ! कृष्ण ! इत्यादि वचन प्रेमपूर्वक भन्दछन् ॥३५॥ दर्शनीय अङ्ग-प्रत्यङ्ग, उदार हास–विलास, मनोहर कृपा–दृष्टि तथा मधुरवाणीले युक्त भएका मेरा ती रूपको माधुरीमा तिनका मन औ इन्द्रियहरू आसक्त भएको हुनाले तिनीहरू मुक्तिको समेत इच्छा ता गर्दैनन् तर पनि मेरो भक्तिले तिनलाई त्यस परमपदको प्राप्ति गराइ नै दिन्छ ॥३६॥ अविद्याको निवृत्ति भएपछि मेरो मायाले रचिएका सत्यादि लोकको भोग–सम्पत्ति, भक्तितिरको प्रवृत्ति भएपछि स्वयं प्राप्त हुने अणिमादि गरिएका आठै योगसिद्धिको ऐश्वर्य तथा वैकुण्ठलोकको ऐश्वर्यको समेत यिनीहरू कामना गर्दैनन् । तर मेरो लोकमा पुगेपछि यी सबै भोग तिनलाई स्वयं प्राप्त भइहाल्दछन् ॥३७॥ जसको एक मात्र म नै प्रिय, आत्मा, पुत्र, मित्र, गुरु (उपदेश), सुहृद (हितकारी) औ इष्टदेव (पूज्य) छु, ती मेरै आश्रयमा रहने भक्तजन शान्तिमय वैकुण्ठ–धाममा पुगेपछि ती दिव्य भोगदेखि कुनै प्रकारले वञ्चित हुँदैनन् र तिनलाई मेरो कालचक्रले ग्रस्न सक्तैन ॥३८॥

हे माताजी ! जो मानिस यस लोक, परलोक र यी दुवै लोकमा साथ जाने वासनामय लिङ्गदेह (अर्थात् उपाधियुक्त आत्मा) तथा शरीरसित सम्बन्धराख्ने धन, पशु, गृह आदि सम्पूर्ण पदार्थलाई छाडेर भक्तिले अनन्य विश्वव्यापी मेरो भजन गर्दछ त्यसलाई मृत्युरूप संसार–सागरदेखि म पार लगाइदिन्छु ॥३९-४०॥ म साक्षात् भगवान् हुँ, प्रकृति (माया), पुरुष (आत्मा) को ईश्वर हु एवं समस्त प्राणीको आत्मा हुँ। मेरो सिवाय अरू कसैको सहायताले मृत्युरूप महाभयबाट छुट्कारा पाउन सकिन्न ॥४१॥ मेरो डरले हावा चल्दछ, अग्निले भस्म गर्दछ तथा मेरै डरले मृत्यु आफ्नो काममा प्रवृत्त हुन्छ ॥४२॥ योगिजन ज्ञान–वैराग्यले युक्त भएको भक्तियोगद्वारा शान्ति–प्राप्तिको निम्ति मेरो निर्भय चरणकमलको आश्रय लिन्छन् ॥४३॥ तीव्र भक्तियोगद्वारा ममा लागेर चित्त स्थिर हुनु नै संसारमा मानिसको निम्ति सबभन्दा ठूलो कल्याणप्राप्ति हो अर्थात् मेरो निष्काम भक्ति नै मोक्षको शुद्ध मार्ग हो॥४४॥

अध्याय-२६

महदादिभिन्न-भिन्न तत्त्वहरूको उत्पत्तिको निरूपण औ सद्धर्मको वर्णन ।

भगवान्‌ले भन्नुभयो—

हे आमा ! अब म तपाईंलाई सम्पूर्ण तत्व-हरूको लक्षण छुट्टाछुट्टै गरी वर्णन गर्दछु, यस कुरालाई जानेपछि मानिसको पुरुष-प्रकृतिसम्बन्धी रज, तम आदि गरिएका गुणबाट मुक्ति हुन्छ ॥१॥ तत्व जान्नाले उत्पन्न भएको आत्म-दर्शनरूप ज्ञान नै पुरुषको मोक्षको कारण हो, यै ज्ञानले उसको अहंभावरूप हृदयग्रन्थिलाई (देहाभिमानलाई) दूर गरिदिन्छ—पण्डितहरूको भनाइ यस्तै छ । म त्यै ज्ञानको तपाईंलाई वर्णन गरेर सुनाउँछु ॥२॥ जसले यो सम्पूर्ण जगत्‌लाई व्याप्त गरिराखेको छ त्यै आत्मा नै पुरुष हो । यो अनादि, माया र मायाको गुणदेखि फरक छ । प्रत्येक रोमरोममा यसको स्फूर्ति छ औ यो स्वयं प्रकाशित छ ॥३॥ यिनै सवव्यापक पुरुषले आफूनिर स्वतः लीलाको निम्ति प्राप्त भएकी विष्णुको शक्ति अर्थात् अव्यक्त त्रिगुणमयी माया वा प्रकृतिलाई आफ्नो इच्छानुसार ग्रहण गरेका छन् ॥४॥ यो प्रकृति आफ्नो सत्वादि गुणले आफ्न अनुरूप विचित्र प्रजा उत्पन्न गरिरहन्छे । यस मायालाई देख्ता यो आत्मा ज्ञानलाई आच्छादित गर्ने जो अविद्या (मायाको गुणमा हुने अहंभाव) छ त्यसैमा मोहित भई आफ्नो शुद्ध ज्ञानमय रूपलाई बिर्सिदिन्छ ॥५॥ यस प्रकारसंग प्रकृतिका गुणले जति कार्य्यं हुन्छन् ती सब कार्य्यको कर्ता पुरुष आफूलाई भन्ठान्दछ अर्थात् मायाको गुणले गर्दा "म हुँ मेरो हो" यो अहंभाव गरेर सुख-दुःखको भोग गर्दछ ॥६॥ पुरुष (आत्मा) केवल मायाका कर्मको साक्षी हो स्वयं कर्ता होइन तर कतृत्वा-भिमानले गर्दा नै अकर्ता, स्वाधीन, साक्षी आनन्दस्वरूप पुरुषलाई संसारबन्धन प्राप्त हुन्छ, बन्धन भएपछि ता स्वतन्त्रता नष्ट भइहाल्दछ औ पराधीनता आइहाल्दछ ॥७॥ कार्यरूप शरीर, कारणरूप इन्द्रिय, कर्तारूप इन्द्रियहरूका अधिष्ठाता देवताहरूको उत्पत्तिको कारण पण्डित-हरू प्रकृति अर्थात् मायालाई नै मान्दछन् तथा प्रकृतिदेखि अलग भए तापनि प्रकृतिस्थ हुने पुरुष (आत्मा) लाई नै कर्मफलरूप सुख दुःखको भोक्ता मान्दछन् ॥८॥

देवहूतिले भनिन्—

हे पुरुषोत्तम ! यस विश्वका स्थूल वा सूक्ष्म यावत् जति कार्य छन् ती सब मायाका स्वरूप हुन् अतएव मायालाई यस विश्वको कारण भन्नु-पर्दछ । यो प्रकृति र प्रकृतिको अधिष्ठाता जो पुरुष (आत्मा) छ तिनको के के लक्षण हुन् कृपापूर्व्वक मलाई भन्नुहोस् ॥९॥

भगवान् कपिलदेवजीले भन्नलाग्नुभयो—

स्वयं निर्विशेष भए तापनि सम्पूर्ण विशेष धर्मको आश्रय हुने प्रधान नामक तत्त्वलाई प्रकृति भन्दछन् । यो प्रधान त्रिगुण युक्त छ अतएव ब्रह्म होइन किनकि ब्रह्म निगुर्ण छ, अव्यक्त छ त्यसैले महत्तत्त्व पनि होइन किनकि महत्तत्त्व व्यक्त छ । यस प्रधानको स्वरूप काल पनि होइन किनकि

प्रधान सत् (कारण) औ असत् (कार्य) रूप हो। यो प्रधान नित्य हुनाले जीवको प्रकृति पनि होइन ॥१०॥ पञ्च महाभूत, पाँच तन्मात्रा, चार अन्तःकरण औ दस इन्द्रिय—यी चौबीस तत्त्वको समूहलाई विद्वान्हरु प्रकृतिको कार्यरूप "ब्रह्म" भान्दछन् ॥११॥ पृथ्वी-जल-तेज-वायु-आकाश यी पाँच महाभूत हुन्; गन्ध-रस-रूप-स्पर्श-शब्द यी पाँच महत्तत्त्वका गुणतन्मात्रा मानिएका छन् ॥१२॥ श्रोत्र-त्वचा-चक्षु-रसना-नासिका-वाक्-पाणि-पाद-उपस्थ-पायु यी दस ज्ञानेन्द्रिय औ कर्मेन्द्रिय हुन् ॥१३॥ मन-बुद्धि-चित्त-अहङ्कार यी चार अन्तःका इन्द्रिय अर्थात् अन्तःकरण हुन्। अन्तःकरण एउटै भए तापनि आफ्नो सङ्कल्प, निश्चय, चिन्ता र अभिमान यी चार प्रकारको वृत्तिले लक्षित हुन्छ ॥१४॥ मैले तपाईंलाई चौबीस तत्त्वको संख्या बताएँ। यै चौबीस तत्त्वको गण नै प्रधान हो। तत्त्वज्ञानी पुरुषहरू यिनैलाई सगुण ब्रह्म अर्थात् आत्माको सन्निवेश स्थान भन्दछन्। यी चौबीस तत्त्वको अतिरक्त अर्थात् प्रधानदेखि अलग पच्चीसौं तत्त्व काल हो ॥१५॥ कोही कोही काललाई पुरुषदेखि फरक तत्त्व नमानेर त्यसलाई पुरुषको प्रभाव अर्थात् ईश्वरको संहारकारिणी शक्ति भन्दछन्। यै कालले गर्दा मायाद्वारा प्राप्त भएको देहमा आत्मत्वको अभिमान गरेर अहङ्कारले मोहित भएको तथा आफूलाई कर्ता मान्ने जीवलाई निरन्तर भय प्राप्त भइरहन्छ ॥१६॥ हे मनुपुत्रि! तीनै गुणको साम्य अवस्था नै जसको रूप हो त्यस्तो प्रकृतिमा जसको प्रेरणाले गर्दामा गति उत्पन्न हुन्छ तिनै भगवान् "काल" नामले विख्यात छन् भन्ने कसै कसैको मत छ ॥१७॥ यस प्रकारसँग जो आफ्नो मायाद्वारा समस्त प्राणीहरूको भित्र जीवरूपले तथा बाहिर काल-रूपले व्याप्त छन् उनै भगवान् काल हुन्, यै नै पच्चीसौं तत्त्व हो। (प्रकृति र पुरुषलाई एक मानेको खण्डमा पच्चीस र बेग्लाबेग्लै मानेमा छब्बीस तत्त्व हुन्छ) ॥१८॥

अदृष्टवश क्षोभमा प्राप्त भएको सम्पूर्ण जीवको उत्पत्तिस्थानरूप आफ्नो मायामा जब परम पुरुष (कालस्वरूप ईश्वर) ले चित्शक्तिरूप वीर्य स्थापित गरे तब त्यसबाट तेजोमय महत्तत्त्व उत्पन्न भयो ॥१९॥ यो महत्तत्त्व लय औ विक्षेपदेखि रहित छ तथा विश्वको अङ्कुर हो। यस महत्तत्त्वले आफूमा सूक्ष्मरूपले स्थित भएको विश्वलाई प्रकट गर्नाको निम्ति आफ्नो स्वरूप-लाई आच्छादित गर्ने प्रलयकालीन अन्धकार-लाई आफ्नै तेजले पिइदियो ॥ २० ॥

अब म चतुर्व्यूहको उपासनाको वर्णन गर्दछु। सत्वगुणयुक्त, निर्मल, शान्त (रागादि रहित) भगवान्को प्राप्तिको स्थान जो चित्त हो त्यसैको नाम वासुदेव हो। यै चित्त नै महत्तत्त्वको स्वरूप अथवा नामान्तर हो ॥२१॥ जसरी पृथ्वी आदि अन्य पदार्थसितको संसर्ग हुनुभन्दा अघि जल आफ्नो स्वभाविक (फेन, तरङ्गादि रहित) अवस्थामा अत्यन्त स्वच्छ, शान्त, शीतल एवं मधुर हुन्छ त्यसै गरी स्वाभाविकी अवस्थाको दृष्टिले स्वच्छत्व, अविकारित्व औ शान्त स्वरूप नै चित्तको लक्षण हो ॥२२॥ भगवान्को वीर्यरूप चित्-शक्तिबाट उत्पन्न भएको महत्तत्त्व विकृत भएपछि अर्थात् रूपान्तरमा प्राप्त भएपछि त्यस

बाट क्रियाशक्तिप्रधान अहङ्कार उत्पन्न भयो। यो अहङ्कार तीन प्रकारको छ ॥२३॥

वैकारिक, तैजस् औ तामस भेदले अहङ्कार तीन प्रकारको छ। यै अहङ्कारबाट क्रमशः मन, इन्द्रिय औ पृथ्वी आदि गरिएका पञ्चमहाभूत उत्पन्न भए ॥२४॥ भूत, इन्द्रिय र मनरूप यै अहङ्कारलाई नै पण्डितहरू साक्षात् सङ्कर्षण नामक सहस्र शिर भएका अनन्तदेव भन्दछन् ॥२५॥ यै अहङ्कार नै देवतारूपले कर्ता, इन्द्रिय रूपले कारण औ पञ्चतत्वरूपले कार्य्य हुन आउँछ र सत्वादि गुणको सम्बन्धले गर्दा शान्तता, घोरता औ मूढता यी तीन पनि त्रिगुणरूपले अहङ्कारमा विराजमान छन् ॥२६॥ वैकारिक अहङ्कार विकृत भएपछि त्यसबाट मनस्तत्त्व उत्पन्न भयो। यै मनको सङ्कल्प विकल्पले गर्दा कामनाको उत्पत्ति हुन्छ ॥२७॥ मनस्तत्व नै इन्द्रियहरूका स्वामी अनिरुद्धको नामले प्रसिद्ध छन्। मनस्तत्व अथवा अनिरुद्ध शरदऋतुको नीलकमल जस्तै श्याम वर्णका छन्, यस मनलाई योगिजन शनैः शनैः आफ्नो वशमा गराउँछन् ॥ २८ ॥

हे सति! तैजस् अहङ्कार विकारमा प्राप्त भएपछि त्यसबाट बुद्धि-तत्व उत्पन्न भयो। वस्तुको स्फुरणरूप विज्ञानमा औ इन्द्रियहरूको व्यापारमा सहायक हुनु अर्थात् पदार्थहरूको विशेष ज्ञान गराउनु—यी सबै बुद्धिका काम हुन् ॥२९॥ बुद्धिका भिन्न भिन्न वृत्तिले गर्दा सशय, विपर्यय (विपरीत ज्ञान), निश्चय, स्मृति औ निद्रा यी बुद्धिका लक्षण कहिएका छन् ॥३०॥ तैजस् अहङ्कारबाट ज्ञानेन्द्रिय तथा कर्मेन्द्रिय यी दुवै इन्द्रियहरूको उत्पत्ति हुन्छ, किनकि प्राणमा कर्मशक्ति औ बुद्धिमा ज्ञानशक्ति छ ॥३१॥

भगवान्‌को चेतना-शक्तिको प्रेरणाले तामस अहङ्कार विकृत भएपछि त्यसबाट शब्द उत्पन्न भयो, यस शब्दबाट आकाश तथा शब्दलाई ग्रहण गर्ने श्रोत्रेन्द्रिय उत्पन्न भए ॥३२॥ तात्पर्यको बोध गराउनु, वक्ताको ज्ञान गराउनु अर्थात् नदेखिएको भए तापनि उता कोही बोल्न लागेको छ भनेर जनाउ दिनु औ आकाशको कारण हुनु (शब्दगुण आकाश) विद्वान्‌हरूको मतमा यी सबै शब्दका लक्षण मानिएका छन् ॥३३॥ सबै तत्त्वहरूलाई आश्रय दिनु, ती तत्त्वहरूको गठनका लागि उनको भित्र बाहिर वर्तनान रहनु, प्राण-इन्द्रिय-मन आदि गरिएका शक्तिहरूलाई स्थान दिनु—यी सबै आकाशका वृत्ति (कार्य) रूप लक्षण हुन् ॥३४॥

यसपछि शब्द नै जसको तन्मात्रा छ त्यस्तो आकाशमा कालगतिले विकार भएपछि त्यसबाट स्पर्शतन्मात्राको जन्म भयो औ त्यसबाट वायु तथा स्पर्शको ग्रहण गराउने त्वगिन्द्रिय (त्वचा) उत्पन्न भए ॥३५॥ कोमलता, कठोरता, शीतलता, उष्णता यी स्पर्शका लक्षण हुन् औ स्पर्श-तन्मात्रा नै वायुको लक्षण हो ॥३६॥ रूखका हाँगा हल्लाउनु, तृणादिलाई एकत्रित गर्नु, गन्धादिलाई घ्राणेन्द्रियनिर, शब्दलाई श्रोत्रेन्द्रियको नजीक लैजानु तथ समस्त इन्द्रियको सञ्चालन गर्नु पनि वायुको क्रियाशक्तिको लक्षण हो ॥३७॥

तदनन्तर दैवको प्रेरणाले स्पर्शतन्मात्रा भएको वायु विकृत भएपछि त्यसबाट रूपतन्मात्रा उत्पन्न भयो र त्यताबाट तेज तथा रूपलाई



मुद्रक—गीताप्रेस, गोरखपुर

कपिल-देवहूति



ग्रहण गर्ने नेत्रेन्द्रियको जन्म भयो ।।३८।। हे साध्वि ! वस्तुको लम्बाइ चौडाइ आदि आकारको बोध गराउनु, त्यसको पीत शुक्लादि वर्णको ज्ञान गराउनु, संस्था अर्थात् वस्तुको बनौट प्रकट गर्नु तथा तेजको तन्मात्रा हुनु—यी सबै रूप तन्मात्राका वृत्ति हुन् ।।३९।। प्रकाश हुनु, पकाउनु, ठण्डीलाई दूर गर्नु, सुकाउनु, भोक-प्यास उत्पन्न गराउनु तथा तिनको निवृत्तिका लागि भोजन र जलपान गराउनु—यी सबै तेजस्तत्त्वका कार्य्य हुन् ।।४०।।

फेरि दैवको प्रेरणाले रूपतन्मात्रा भएको तेज विकृत भएपछि त्यसबाट रसतन्मात्रा उत्पन्न भयो र त्यताबाट जलतत्त्व तथा रसलाई ग्रहण गर्ने जिह्वाको उत्पत्ति हुन गयो ।।४१।। रस आफ्नो शुद्ध स्वरूपमा ता एउटै छ तर अन्य भौतिक पदार्थको संसर्गले गर्दा त्यो टर्रो, नुनिलो, पीरो, तीतो, अमिलो तथा गुलियो अनेक प्रकारको हुन जान्छ ।।४२।। वस्तुलाई गिलो पार्नु, माटो आदि वस्तुलाई डल्लो पार्नु, तृप्त गराउनु, जिउँदो राख्नु, तिर्खा मेट्नु, पदार्थलाई कमलो पार्नु, गर्मी दूर गर्नु, इनारहरू रित्तिएपछि फेरि तिनीलाई भरिदिनु—यी सबै जलका कार्य्य हुन् ।।४३।।

रसस्वरूपजल दैवको प्रेरणाले विकृत भएपछि त्यसबाट गन्धतन्मात्रा निस्क्यो र त्यताबाट पृथ्वी तथा गन्धलाई ग्रहण गराउने घ्राणेन्द्रिय प्रकट हुन आए ।।४४।। गन्ध ता एउटै छ तर भिन्न भिन्न पदार्थको संसर्गले गर्दा त्यो मिश्रगन्ध, दुर्गन्ध, कर्पूरादि गन्ध, फूलहरुको गन्ध, लशुन गन्ध र हिंगको गन्ध इत्यादि अनेक प्रकारको गन्ध मालूम हुन्छ ।।४५।। प्रतिमा आदि रूपले निराकार अर्थात् ब्रह्मको भावनाको आश्रय हुनु, ब्रह्मलाई साकारतामा सम्पादन गर्नु, अरू तत्वको अपेक्षा नगरी आफ्नै आधारले स्थित रहनु, जल आदि पदार्थलाई धारण गर्नु, आकाशादिको अवच्छेदक हुनु अर्थात् घटाकाश महाकाश आदि भेदलाई सिद्ध गर्नु तथा सम्पूर्ण पदार्थको गुणलाई प्रकट गर्नु—यी सबै पृथ्वीका कार्यरूप लक्षण हुन् ।।४६।।

जसको विषय आकाशको विशेषगुण "शब्द" छ त्यो श्रोत्रेन्द्रिय हो, जसको विषय वायुको विशेष गुण "स्पर्श" छ त्यो त्वगिन्द्रिय हो ।।४७।। जसको विषय तेजको विशेष गुण "रूप" छ त्यो चक्षु-इन्द्रिय हो, जसको विषय जलको विशेष गुण "रस" छ त्यसलाई रसनेन्द्रिय भन्दछन् तथा जुन इन्द्रिय पृथ्वीको विशेषगुण "गन्ध" लाई ग्रहण गर्दछ त्यसलाई घ्राणेन्द्रिय भन्दछन् ।।४८।। आकाशको कारण कुनै तत्त्व नहुनाले त्यसको गुण केवल शब्द छ। वायु आकाशको कारण हुनाले वायुमा आकाशको गुण शब्द र स्वयं वायुको गुण स्पर्श रहन्छ। त्यसै गरी तेजमा शब्द, स्पर्श र तेजको गुण "रूप" तीनैओटा छन । जलमा शब्द, स्पर्श, रूप र जलको गुण "रस" यो चारैओटा छन्। यस कारण पृथ्वीमा चारै तत्व मिलेको हुनाले शब्द-स्पर्श-रूप-रस र पृथ्वीको गुण "गन्ध" यी पाँचैओटा पृथ्वीमा मात्र देखिन्छन् ।।४९।। जब महत्तत्त्व, अहङ्कार र पञ्चभूत—यी साते तत्त्व आपसमा नमिलेर अलग अलग रहनाले

यिनीहरुबाट सृष्टि-कार्य हुन सकेन तब जगत्का आदिकारण श्रीनारायणले काल, कर्म र सत्वादि गुणसहित यी तत्त्वहरुमा प्रवेश गर्नुभयो ॥५०॥

परमात्माको प्रवेशले क्षुभित भएका,आपसमा मिलेका यी तत्त्वहरुबाट एउटा जड अण्ड उत्पन्न भयो तथा त्यै अण्डबाट विराट्-पुरुष प्रकट हुन गए ॥५१॥ " विशेष " यस अण्डको नाम हो। यै अण्डका अन्तर्गत श्रीहरिका स्वरूपभूत चौधै भुवनको विस्तार छ। यो चारैतिरबाट क्रमशः एउटाभन्दा अर्को दस दोबर बढी भएर जल, अग्नि, वायु, आकाश, अहङ्कार, महत्तत्त्व र प्रकृति यी सात आवरणले बेह्रिएको छ, सबभन्दा बाहिरको सातौं आवरण प्रकृतिको छ ॥५२॥ जलमा अडिएको हिरण्मय (प्रकाशमय) त्यस अण्डबाट उठेर विराट्-पुरुषले फेरि त्यसमा प्रवेश गरे र अनि त्यसमा अनेक प्रकारका प्वाल पारिदिए ॥५३॥ सबभन्दा पहिले यस अण्डमा मुख प्रकट भयो, त्यसबाट वाक्-इन्द्रिय र त्यसपछि वाक्का अधिष्ठाता अग्नि उत्पन्न भए । यसपछि नाकका दुइटा पोरा प्रकट भए र तिनमा प्राण र घ्राणेन्द्रिय उत्पन्न भए ॥५४॥ घ्राणपछि त्यसका अधिष्ठाता वायु उत्पन्न भए र अनि नेत्रगोलक प्रकट भए, त्यसबाट चक्षु-इन्द्रिय र अनि त्यसका अधिष्ठाता सूर्य उत्पन्न भए । फेरि कानका प्वाल प्रकट भए र तिनबाट उनका इन्द्रिय श्रोत्र र श्रोत्राभिमानी दिग्देवता प्रकट भए ॥५५॥

यसपछि विराट्-पुरुषको शरीरमा त्वचा उत्पन्न भयो र त्यस त्वचामा जुँगा, दाह्री, केश आदि रउँहरुको आविर्भाव भयो। यसपछि त्वचाका अभिमानी औषधिहरु (अन्नादि) उत्पन्न भए, तदनन्तर लिङ्ग प्रकट भयो ॥५६॥ यसबाट विर्य र वीर्यपछि लिङ्गका अभिमानी आपोदेव जल उत्पन्न भए। फेरि गुदा प्रकट भयो, त्यसबाट अपान-वायु, एवं यस वायुमा लोकलाई भयभीत गर्ने मृत्यु उत्पन्न भयो॥५७॥ फेरि विराट् शरीरमा हस्त-इन्द्रियको आविर्भाव भयो र त्यसमा बल नामकशक्ति र त्यसपछि हस्तेन्द्रियका अभिमानी इन्द्र उत्पन्न भए। फेरि चरण प्रकट भए र तिनबाट गति (गमनको क्रिया) र पादेन्द्रियका अभिमानी विष्णु देवता प्रकट भए।५८॥ जब विराट् पुरुषका नाडीहरू प्रकट भए तब ता तिनमा रगत भरिन गयो र नाडीहरुबाट नै नदीहरू प्रकट भए । यसपछि पेट प्रकट भयो ॥५९॥ त्यसबाट भोक-प्यासको आविर्भाव भयो र अनि उदरका अभिमानी समुद्र-देवता उत्पन्न भए। यसपछि विराट्-पुरुषको हृदय प्रकट भयो र हृदयबाट मन उत्पन्न भयो ॥६०॥ मनबाट त्यसका अभिमानी देवता चन्द्रमा भए। फेरि हृदयबाट बुद्धि र त्यसका अभिमानी ब्रह्मा, अनि अहङ्कार र त्यसका अभिमानी रुद्रदेवता तथा चित्त र त्यसका अभिमानी क्षेत्रज्ञ प्रकट भए ॥६१॥

माथि कहिएका सबै देवतामा क्षेत्रज्ञ नै प्रधान छन्, कारण जब यी समस्त देवताहरु उत्पन्न भएपछि पनि विराट्-पुरुषलाई उठाउनमा असमर्थ भए तब ता उनलाई उठाउने इच्छाले यिनीहरु क्रमशः फेरि आफ्नो आफ्नो उत्पत्ति-स्थानमा प्रवेश गर्न लागे ॥६२॥ अग्निले

वाक्-इन्द्रियको साथमा प्रवेश गरे तर विराट्-पुरुष उठेनन्। वायुले घ्राणेन्द्रियका साथमा नाकको पोरामा प्रवेश गरे तर पनि विराट्-पुरुष उठेनन् ॥ ६३ ॥ सूर्यले चक्षुइन्द्रियको साथमा नेत्रहरूमा प्रवेश गरे तर पनि विराट्-पुरुष उठेनन्। दिशाहरुले श्रवणेन्द्रियको साथमा कानमा प्रवेश गरे तैपनि विराट-पुरुष उठेनन् ॥६४॥ औषधिहरुले रउँका साथमा त्वचामा प्रवेश गरे तैपनि विराट्-पुरुष उठेनन्। जलले वीर्यको साथमा लिङ्गमा प्रवेश गरे तैपनि विराट्पुरुष उठेनन् ॥६५॥ मृत्युले अपानको साथमा गुदामा प्रवेश गरे तर त्यताबाट पनि विराट्-पुरुष उठेनन् फेरि इन्द्रले बलको साथमा हात-हरूमा प्रवेश गरे तर त्यताबाट पनि विराट्-पुरुष उठेनन् ॥६६॥ विष्णुले गतिको साथमा चरणमा प्रवेश गरे तर पनि विराट्पुरुष उठेनन्। नदी-हरुले रुधिरको साथमा नाडीहरुमा प्रवेश गरे तर पनि विराट्-पुरुष उठेनन् ॥६७॥ समुद्रले क्षुधा र पिपासाको साथमा पेटमा प्रवेश गरे तर पनि विराट्-पुरुष उठेनन्। चन्द्रमाले मनको साथमा हृदयमा प्रवेश गरे तर पनि विराट्-पुरुष उठेनन् ॥६८॥ ब्रह्माले बुद्धिको साथमा हृदयमा प्रवेश गरे तैपनि विराट्-पुरुष उठेनन्। रुद्रले अहङ्कारको साथमा हृदयमा प्रवेश गरे तैपनि विराट्-पुरुष उठेनन् ॥६९॥ तर आखिर जब चित्तका अधिष्ठाता क्षेत्रज्ञले चित्तको साथमा हृदयमा प्रवेश गरे तब ता विराट्-पुरुष उत्निखेरै जलबाट उठेर खडा भए ॥७०॥ जसरी लोकमा क्षेत्रज्ञ जीवको सहायता नभईकन प्राण, इन्द्रिय, मन, बुद्धि आदि सुतेको प्राणीलाई उठाउन सक्तैनन् त्यसै गरी यहाँ पनि समस्त देवताहरु क्षेत्रज्ञ परमात्मा नभईकन विराट्-पुरुषलाई उठा-उनामा असमर्थ भए ॥७१॥ अतः भक्ति, वैराग्य औ ज्ञानद्वारा ती अन्तरात्मा-स्वरूप क्षेत्रज्ञको स्वरूपको निश्चय गरी शरीरदेखि पृथक् गरेर योगयुक्त बुद्धिद्वारा यै शरीरमा उनको चिन्तन गर्नुपर्दछ ॥७२॥

अध्याय-२७

प्रकृति औ पुरुषको विवेकद्वारा मोक्ष-प्राप्तिको वर्णन।

भगवान् भन्न लाग्नुभयो—

जसरी जलमा प्रतिबिम्बित भएको सूर्यसित जलको हल्लने, शीतलता आदि गुणहरुसित केही सम्बन्ध रहँदैन त्यसै गरी यो आत्मा देहमा स्थित भए तापनि प्रकृति (माया) को गुणले उत्पन्न भएका सुख-दुःखादिमा लिप्त हुँदैन किनकि आत्मा ता स्वभावैले निर्विकार, अकर्ता औ निर्गुण छ ॥१॥ तर त्यै निर्गुण आत्मा जब अज्ञानले गर्दा प्रकृतिका गुणसित आफ्नो सम्बन्ध कायम गर्दछ तब ता अहङ्कारले मोहित भईकन आफूलाई नै प्रकृतिका कार्य्यहरुको कर्त्ता सम्झन थाल्दछ ॥२॥ यै अभिमानले गर्दा त्यो देहको संसर्गले गरिएका पाप-पुण्यरूप कर्मको दोषले विवश भईकन शान्तिहीन भएर सत् (देव), असत् (तिर्यक्), मिश्र (मनुष्य) योनिमा उत्पन्न भई संसारचक्रमा घुमिरहन्छ अर्थात्

जन्म-मरणको दुःखले पीडित भइरहन्छ ॥३॥ जसरी सपनामा भय शोकादिको कुनै कारण नभए तापनि स्वप्नका पदार्थमा आस्था हुन गएकोले दुःखको अनुभव गर्नुपर्दछ त्यसै गरी भय, शोक; म, मेरो एवं जन्म-मरणादि रूप संसारका भोग मिथ्या भए तापनि अविद्याले गर्दा निरन्तर यी विषयहरुको संसारचक्रबाट कहिले पनि निवृत्ति हुँदैन ॥४॥ तसर्थ कल्याणको कामना गर्नेले असन्मार्ग अर्थात् विषय-चिन्तनमा आसक्त भएको चित्तलाई दृढ भक्तियोग तथा वैराग्यद्वारा आफ्नो वशमा गराएर सोझो बाटोमा ल्याओस् ॥५॥

यमादि गरिएका योगसाधनको अभ्यासले, श्रद्धापूर्वक ममा सत्य भक्तिभाव राख्नाले, मेरो कथा सुन्नाले, समस्त प्राणीमा समभाव राख्नाले, कसैसित दुस्मनी नगर्नाले, आसक्तिको त्यागले, ब्रह्मचर्य्यं तथा मौनव्रतको पालन गर्नाले एवं ईश्वरार्पण बुद्धिले, स्वधर्मको आचरण गर्नाले जो मानिस यस्तो अवस्थामा पुग्न गएको छ कि प्रारब्धअनुसार जो मिल्दछ त्यसैमा सन्तुष्ट रहन्छ, शरीरलाई स्वस्थ राख्नलाई चाहिने जति मात्र भोजन गर्दछ, एकान्तमा बसेर मनन गर्दछ, शान्त स्वभाव धारण गरेको छ, सबैसित मित्रभाव राख्तछ, दया औ धैर्यलाई धारण गर्दछ त्यसले प्रकृति र पुरुषको बास्तविक स्वरूपको अनुभवले प्राप्त भएको ज्ञानले गर्दा स्त्रीपुत्रादिसहित यस देहमा "म,मेरो" भन्ने असत् आग्रहलाई त्याग गर्दछ॥६-९॥ त्यसले बुद्धिको जाग्रत्, स्वप्न, सुषुप्ति यी अवस्थाबाट अलग भएर तुरीय अवस्थामा स्थित हुनुपर्दछ, सबैमा आफूलाई र आफूमा सबैलाई देख्नुपर्दछ, अनि त्यो आत्मदर्शी मुनिले आँखाले सूर्यलाई देखे झैं आफ्ना शुद्ध अन्तःकरणद्वारा परमात्मासित साक्षात्कार गर्दछ अर्थात् जसरी चक्षुस्थित सूर्यद्वारा आकाशस्थित सूर्यको प्राप्ति हुन्छ त्यसै गरी पूर्वोक्त नियमको पालन गर्नाले अहङ्कारयुक्त आत्माद्वारा शुद्ध आत्मा याने परमात्माको उपलब्धि हुन आउँछ ॥१०॥ यस अवस्थामा पुगेको पुरुष अद्वितीय ब्रह्मपदमा प्राप्त हुन्छ । यो ब्रह्मपद देहादि गरिएका सम्पूर्ण उपाधिदेखि फरक छ, अहङ्कारादि मिथ्या वस्तुमा सत्यरूपले देखिन्छ । यो ब्रह्म सत् अर्थात् प्रधानको अधिष्ठान औ असत् अर्थात् मायाका कार्यको प्रकाशक एवं कार्यकारणरूप समस्त पदार्थमा व्याप्त छ र अद्वय अर्थात् परिपूर्ण छ ॥११॥

जसरी जलमा परेको सूर्यको प्रतिबिम्ब नजीकको कुनै भित्तामा परेछभने जलमा परेको प्रतिबिम्बलाई देखेर यो जलबाट भित्तामा पर्न आएको हो भन्ने संझेर भित्तालाई छाडेर जलमा लक्ष्य जान्छ र अनि पो जलमा देखिने प्रतिबिम्बद्वारा आकाशमा रहेको सूर्यको ज्ञान हुन्छ ॥१२॥ त्यसै गरी अहङ्काररूपी देह-भित्तिमा रहेको जीव पहिले आफूमा रहेको आत्मालाई देखेपछि सर्वत्र व्याप्त भएको आत्मालाई देख्तछ, यति भएपछि ब्रह्मलाई देख्न थाल्दछ। संसारी जीवको देहमा सर्वत्र ब्रह्म विराजमान छ। ब्रह्मका तीन आवरण छन्। पहिलो आवरण देह, इन्द्रिय औ मन आदि हो। दोस्रो आवरण अहङ्कार हो। इन्द्रियमय देहमा आत्माको जति तेज हुन्छ त्योभन्दा बर्ता अहङ्कार वा चैतन्यमय देहमा हुन्छ।

तृतीय आवरण प्रकृति हो। प्रकृतिमा आत्माको प्रभा जाज्वल्यमान रूपले देखिन्छ; पहिले आत्मालाई देहादिगत जान्नुपर्दछ अनि अहङ्कारगत बुझ्नुपर्दछ । प्रकृतिले व्याप्त भएको आत्माको दर्शन गरेपछि दर्शक शुद्ध ब्रह्मलाई देख्नमा समर्थ हुन्छ ॥ १३ ॥ सुषुप्तिअवस्थामा मिथ्याभूत शब्दादि सूक्ष्म पञ्चभूत, इन्द्रिय-मन-बुद्धि इत्यादि तन्द्रा वा निद्राद्वारा अव्याकृत प्रकृतिमा लीन अर्थात् जडतामा प्राप्त भएमा यो आत्मा अज्ञानरहित, जडतारहित एवं अहङ्काररहीन भएर आफ्नो स्वरूप अर्थात् सच्चिदानन्द ब्रह्ममा प्राप्त हुन्छ ॥१४॥ आत्माको नाश कहिले पनि हुँदैन तर सुषुप्तिको समयमा अहङ्कारको नाशले गर्दामा स्वयं नष्ट नभए तापनि भ्रमले आफूलाई नष्ट भए जस्तो ठान्दछ। त्यो साक्षी आत्मा, धन नष्ट भएमा आफू नै नष्ट भएको हो कि जस्तो गरेर मानिस व्याकुल भए झैं गरी अत्यन्त विवश भएर नष्टवत् हुन जान्छ ॥१५॥ यस किसिमको विचार गरेर विवेकी मानिस आफ्नो आत्माको अनुभव गर्न थाल्दछ। यो आत्मा नै अहङ्कारसहितको सम्पूर्ण तत्त्वको अधिष्ठान तथा प्रकाशक हो । "अहङ्कार केवल दृश्य हो" यस्तो ज्ञान भएपछि अहङ्कारदेखि अलग एवं अहङ्कारको साक्षी जुन आत्मा छ त्यसको ज्ञान हुन सक्तछ ॥१६॥

देवहूतिले सोधिन्—

हे प्रभो ! प्रकृति र पुरुष यी दुवैको संयोग नित्य र एउटा अर्काको आश्रयले रहने हुन्, तसर्थ प्रकृतिले ता पुरुषलाई कहिले छोड्नै सक्तैन, यस्तै होभने ता मुक्ति कसरी भयो ? ॥ १७ ॥ जसरी गन्ध र पृथ्वी तथा रस औ जलको पृथक् पृथक् स्थिति हुन सक्तैन त्यसै गरी पुरुष र प्रकृति पनि एउटाले अर्कालाई छाडेर रहन सक्तैनन् ॥१८॥ अतः पुरुष अकर्ता भए तापनि जुन प्रकृतिको आश्रयले गर्दा उसलाई यो कर्म-बन्धन प्राप्त भएको छ, त्यस प्रकृतिका समस्त गुण विद्यमान छँदाछँदैमा उसलाई कैवल्य-पद कसरी प्राप्त होला ॥१९॥ तत्त्वहरुको विचार गर्नाले कदाचित् कुनै पुरुषको यो भयङ्कर संसारबन्धन निवृत्त भएछभने तापनि संसार-भयका कारण प्राकृत गुणको अभाव नहुनाले त्यो फेरि यस चक्रमा पर्ने नै छ ॥२०॥

कपिलदेवजीले भन्नुभयो—

जसरी काठ आफूबाट उत्पन्न भएको आगोले डढेर भस्म हुन्छ त्यसै गरी शुद्ध चित्तले निष्कामनासँग गरिएको आफ्नो वर्णाश्रमको धर्मले धेरै कालसम्म श्रवण गर्नाले प्राप्त भएको ममाथिको तीव्र भक्तिले, तत्त्व विषयक ज्ञानले, प्रबल वैराग्यले, व्रत नियमादिसहित गरिएको तीव्र अष्टाङ्ग योगद्वारा,तथा चित्तको प्रगाढ एकाग्रताले पुरुषको प्रकृति (अविद्या) दिनरात क्षीण हुँदै गएर अन्त्यमा लीन हुन जान्छ ॥२१-२३॥ फेरि दिनदिनै दोष देख्नाले भोग गरेर त्यागिएकी त्यो प्रकृति आफ्नो महिमा (ब्रह्मज्ञान) मा स्थित भएको तथा स्वतन्त्र (बन्धन-मुक्त) त्यस पुरुषको केही बिगार गर्न सक्तिन ॥२४॥ जसरी सुतेको मानिसलाई निद्राले गर्दा सपनामा अनेक अनर्थको अनुभव गर्नुपर्दछ तर ब्युँझेपछि ता ती सपनाका अनुभवले उसलाई कुनै प्रकारको मोह हुँदैन, त्यसै गरी जसलाई तत्त्वज्ञान प्राप्त

भएको छ र जो सदा ममा नै मन लगाइराख्तछ त्यस्ता आत्माराम मुनिको प्रकृतिले केही पनि बिगार गर्न सक्तैन ॥२५-२६॥ जब मानिस जन्म-जन्मान्तरमा धेरै कालसम्म यस प्रकारसँग आत्मचिन्तनमा नै निमग्न रहन थाल्दछ तब ता त्यसलाई ब्रह्मलोकसम्मको सबै किसिमको भोगमा वैराग्य हुन जान्छ ॥२७॥ आत्मतत्वको ज्ञान भएको त्यो मेरो धैर्यवान् भक्त आत्माको ज्ञानद्वारा समस्त संसयबाट मुक्त हुन्छ औ मेरो ठूलो कृपाले मेरो आश्रयमा रहने कैवल्य नामक आफ्नो परम मङ्गलमय पदमा सजिलैसित पुग्दछ, त्यहाँ पुगेपछि ता लिंगदेहको (वासनामय शरीरको) नाश हुनाले त्यो योगीलाई फेरि फर्केर आउनुपर्दैन अर्थात् जन्म लिनुपर्दैन ॥२८-२९॥ हे माताजी ! योगीको चित्त केवल योग-साधनाद्वारा पाइने मायामयी अणिमादि गरिएका सिद्धिमा फसेनभने ता त्यसलाई मेरो अविनाशी परमपद प्राप्त हुन्छ जहाँ मृत्युको उपहास सहनुपर्दैन अर्थात् जहाँ मृत्युले केही गर्न सक्तैन ॥३०॥

अध्याय-२८

अष्टाङ्गयोगद्वारा सम्पूर्ण उपाधिले रहित भएको स्वरूपको वर्णन

कपिलदेवजीले भन्नुभयो—

हे राजकुमारी ! अब म तपाईंलाई सबीज (सावलम्बन) योगको लक्षण बताउँछु, यस योगको अभ्यास गर्नाले मन निर्मल भएर परमात्माको मार्गमा प्रवृत्त हुन्छ ॥१॥ शक्तिअनुसार आफ्नो धर्मको पालना गर्नु, शास्त्रविरुद्ध आचरणको परित्याग गर्नु, प्रारब्धअनुसार जति भेटिन्छ त्यसैमा सन्तुष्ट रहनु, आत्मतत्व जानेका ज्ञानीहरुको चरणको पूजा गर्नु ॥२॥ विषयवासनलाई बढाउने कर्मदेखि टाढा रहनु, मोक्षदायक धर्ममा प्रेम गर्नु, पवित्र एवं मित (योगाभ्यासमा बाधा नहुने जति) भोजन गर्नु, सदासर्वदा एकान्त औ निर्भय स्थानमा बस्नु ॥३॥ मन, वाणी तथा शरीरले कुनै जीवलाई पीडित नगर्नु, साँचो बोल्नु, अन्यायले कसैको धन नलिनु, जति वस्तु चाहिन्छ त्यतिको मात्र संग्रह गर्नु, ब्रह्मचर्य्यको पालना गर्नु, तपस्या गर्नु. अर्थात् धर्म पालना गर्नाका लागि कष्ट सहनु, भित्र-बाहिर पवित्र रहनु, धर्मग्रन्थको अध्ययन गर्नु, परम पुरुष (भगवान्) को पूजा गर्नु ॥४॥ मौन रहनु अर्थात् चाहिनेभन्दा बर्ता नबोल्नु, उत्तम आसनको अभ्यास गरेर स्थिर भई बस्नु, प्राणायामद्वारा बिस्तारै बिस्तारै श्वासलाई आफ्नो वशमा गराउनु, इन्द्रियहरुलाई मनद्वारा विषयबाट हटाएर हृदयमा लैजानु अर्थात् अन्तर्मुखी गर्नु ॥५॥ मूलाधार आदि शरीरको कुनै एक भागमा मनसहित प्राणलाई स्थिर गर्नु, निरन्तर भगवान्‌का लीलाहरुको चिन्तन गर्नु, मनलाई एकाग्र गराउनु ॥६॥ माथि कहिएका साधन तथा व्रतदानादि अरू अरू साधनले समेत असत् (विषय) मार्गमा लागेको दुष्ट मनलाई बिस्तारै बिस्तारै बुद्धिद्वारा योग-

साधनमा अर्थात् भगवान्को ध्यानमा लगाउनुपर्दछ औ आलस्य त्यागेर प्राणवायुलाई जित्नुपर्दछ ।।७।।

आसनलाई जितेर अर्थात् एउटै आसनमा धेरै बेर बस्ने अभ्यास गरेपछि प्राणायामको अभ्यासको निम्ति कुनै पवित्र स्थानमा कुश-मृग-चर्मादिले युक्त काष्ठ आदिको आसन ओच्छ्याओस् । त्यसमा स्वस्तिकासनले हुन्छ वा जुन आसनले सुबिस्तासँग बस्न सकिन्छ त्यही आसनले शरीरलाई सोझो राखेर प्राणायामको अभ्यास गरोस् ।।८।। पहिले पूरक (बाहिरको वायुलाई भित्र लैजानु), कुम्भक (त्यस वायुलाई भित्र रोक्नु), रेचक (भित्र रोकेको वायुलाई बाहिर निकाल्नु) यी तीन प्रकारको प्राणायामले अथवा यसको विपरीत रेचक, कुम्भक र पूरक क्रमले प्राणको मार्गलाई यसरी शुद्ध गरोस् कि त्यसले गर्दामा चित्त आफ्नो चञ्चलतालाई त्यागेर एकदम शान्त हुन जाओस् ।।९।। जसरी वायु औ अग्निले खारिएको सुन आफ्नो मैललाई त्यागेर शुद्ध हुन्छ त्यसै गरी प्राणवायुलाई वारंवार प्राणायामद्वारा जित्ने योगीको मन चाँडै नै निर्मल हुन्छ ।।१०।। अतः योगीले प्राणायामद्वारा कफ-वात-पित्तजनित शरीरको दोषलाई धारणाले (मनलाई कुनै एक वस्तुमा स्थिर गर्नाले), पापलाई प्रत्याहारले (चित्तलाई सबैतिरबाट हटाएर ईश्वरमा लगाएर), संसर्ग अर्थात् विषयवासनालाई र ध्यानले (स्थिर मनको व्यापारले) रागद्वेषादिलाई दूर गरोस् ।।११।। यस प्रकारसंग योगाभ्यासद्वारा चित्त निर्मल औ एकाग्र भएपछि नाकको टुप्पोमा दृष्टिलाई स्थिरसँग जमाएर भगवानको यस प्रकारको मूर्तिको ध्यान गरोस् ।।१२।।

भगवान्को मुखकमल बडो हँसिलो छ, नेत्र कमलको भित्री भाग जस्तै अलि अलि रातो छ, शरीर नीलकमलको दलसमान श्याम वर्णको छ, आफ्ना चार बाहुलीमा शङ्ख-चक्र-गदा-पद्म धारण गर्नुभएको छ ।।१३।। उहाँको रेशमी पीताम्बर कमलको केसर जस्तै सुशोभित छ, वक्षःस्थलमा श्रीवत्सचिह्न विराजमान छ तथा घाँटीमा कौस्तुभमणि टल्किराखेको छ ।।१४।। वनमाला चरणसम्म लर्किराखेको छ औ यसको चारैतिर भ्रमराहरू सुगन्धले मतवाला भईकन भूँ भूँ गरिरहेका छन्, अङ्ग-प्रत्यङ्गमा यथायोग्य महामूल्य हार, कङ्कण, किरीट, बाजु, नूपुर आदि आभूषण शोभायमान छन् ।।१५।। कटिप्रदेश सुवर्णमय कर्धनीको झुप्पाले विभूषित छ, भक्तहरूको हृदयकमललाई नै भगवान्ले आफ्नो आसन बनाउनुभएको छ, भगवान्को श्यामसुन्दर स्वरूप शान्त औ अत्यन्त दर्शनीय छ, त्यसलाई देख्नैमा मन औ आँखा सन्तुष्ट भइहाल्दछन् ।।१६।। भगवान्को सम्पूर्ण शरीरको दर्शन बडो मनोहर छ, सबै जना निरन्तर भगवान्को यस सुन्दररूपलाई प्रेमपूर्वक प्रणाम गरिरहन्छन् । उहाँको अतिसुन्दर किशोर अवस्था छ । भक्तहरूमाथि कृपा गर्न उहाँ सदा उद्यत रहनुहुन्छ ।।१७।। उहाँको यश कीर्तन गर्न योग्य तथा तीर्थसमान बडो पवित्र छ, युधिष्ठिरादि गरिएका परमयशस्वीहरूको यशलाई समेत उहाँले बढाउनुहुन्छ । मन चञ्चल नभएसम्म अर्थात् त्यहाँबाट नहटेसम्म सम्पूर्ण अङ्गसहितका यस प्रकारका श्रीनारायणदेवको साधकले मानसिक कल्पनाका

ध्यान गरिरहोस् ॥१८॥ उभिराखेको, हिँडिरहेको, बसेको वा सुतेको जस्तो मन लाग्दछ आफ्नो रुचिअनुसार सबैका अन्तर्यामी भगवान्को मूर्तिको शुद्ध भावले ध्यान गरोस्, उहाँका सबै लीलाहरू दर्शनीय औ मनोहर छन् ॥१९॥ यस प्रकारसँग भगवान्को सम्पूर्ण अङ्गमा चित्त स्थिर भएपछि योगीले समस्त अङ्गमा लागेको चित्त-लाई विशेष रूपले क्रमैसँग एक एक अङ्गमा ल्याओस् ॥२०॥ सबभन्दा पहिले भगवान्को चरणकमलको ध्यान गर्नुपर्दछ। यी चरण वज्र, अङ्कुश, ध्वजा औ कमलका मङ्गलमय चिह्नले युक्त छन् । भगवान्को चरणस्थित उच्च अरुण-वर्णले शोभायमान भएका बसओटा नखरूपी चन्द्रमाको उज्वल कान्तिले आफ्नो ध्यान गर्ने भक्तहरूको हृदयको अज्ञानरूप घोर अन्धकारलाई दूर गरिविन्छन् ॥२१॥ जुन चरणकमललाई धुने जलबाट उत्पन्न भएकी, पतितपावनी नदीहरू मध्येकी श्रेष्ठ गंगालाई मस्तकमा धारण गर्नाले श्रीशिवजी अमंगल वेष भए तापनि यथार्थ शिव अर्थात् परम मंगलमय हुन गएका छन्, औ जुन चरण आफ्नो ध्यान गर्नेहरूको पापरूपी पर्वतमाथि चलाइएको साक्षात् इन्द्रको वज्र-समान छ। भगवान्का यस्ता चरणकमलको चिर कालसम्म ध्यान गरोस् ॥२२॥

फेरि आफ्नो हृदयमा ती अजन्मा प्रभुको दुवै घुँडाको ध्यान गरोस् जसलाई विश्वजनक ब्रह्माजीकी माता, सुरगणवन्दिता, कमललोचना लक्ष्मीजीले आफ्नो तिघ्रामाथि राखेर आफ्ना कान्तिमान् करपल्लवले तिनको सेवा गर्द-छिन् ।२३॥ यसपछि भगवान्का तिघ्राको ध्यान गरोस् । यी तिघ्रा अतसिकाको फूल जस्तै श्याम वर्णका औ बलका खानी छन् तथा गरुड-जीको काँधमाथि शोभायमान छन् । अनि गोलिगाँठासम्म पीताम्बर लफिराखेको औ त्यस-माथि सुनको करधनीको झुप्पा शोभायमान भइराखेको भगवान्को कटिप्रदेशको ध्यान गरोस् ॥२४॥

तदनन्तर सम्पूर्ण लोकको आश्रयस्थान भग-वान्को उदरदेशमा रहेका नाभिसरोवरको ध्यान गरोस्, यसैबाट ब्रह्माको आधारभूत सर्वलोक-मय कमल उत्पन्न भयो । फेरि भगवान्को उत्तम नीलमणिसमानको स्तनको चिन्तन गरोस् जुन स्तनहरू वक्षःस्थलमा पडिराखेका स्वच्छ हारहरूको किरण याने कान्तिले गर्दा गौर वर्ण देखिन लागेका छन् ॥२५॥ फेरि भगवान्को वक्षःस्थलको ध्यान गरोस् । यहाँ महालक्ष्मी निवास गर्दछिन् औ यसलाई देख्नैमा मानिसको आँखा तथा मन आनन्दित हुन्छन्। यसपछि सम्पूर्ण लोकद्वारा वन्दना गरिएको कौस्तुभमणिलाई समेत सुशोभित पार्ने भगवान्को घाँटीको आफ्नो मनमा ध्यान गरोस् ॥२६॥

यसपछि समस्त लोकपालहरूलाई आश्रय दिने भगवान्का चार बाहुको ध्यान गरोस् । जसमा धारण गरिएका कङ्कणादि आभूषणहरू समुद्र-मन्थनको समयमा मन्दराचलरूप मधानीको डोरीको रगड पर्नाले झन् बर्ता उज्ज्वल भएका छन् । यै प्रकारसँग सहस्र धारले युक्त भएको औ असह्य तेज भएको सुदर्शनचक्रको र अनि भगवान्को करकमलमा अडिएको रजहाँस-

समानको सेतो शङ्खको ध्यान गरोस् ॥२७॥ यसपछि शत्रुपक्षका वीरहरूको रगतको हिलोले पोतिएको भगवान्‌को अति प्यारो कौमोदकी गदाको ध्यान गरोस्, अनि भ्रमराहरूको बथानले गुञ्जायमान भइराखेको वनमालाको र उहाँको घाँटीमा शोभायमान भएको सम्पूर्ण जीवहरूको निर्मल तत्त्वरूप कौस्तुभमणिको ध्यान गरोस् ॥२८॥

यसपछि भक्तहरूमाथि कृपा गर्नाका लागि नै साकाररूप धारण गर्ने हरिको मुखारविन्दको ध्यान गरोस्, जुन मुखकमल माथि उठेको नाकले तथा झलझल परेको मकराकार कुण्डलको कान्तिले प्रकाशमान भएका स्वच्छ कपोलले गर्दा बडो मनोहर देखिन्छ ॥२९॥ काला काला घुंघुरे अलकले शोभायमान भएको भगवान्‌को मुखकमलले, आफ्नो शोभाले गर्दा भ्रमरगणद्वारा सेवित कमलकोशको समेत तिरस्कार गरिराखेका छन् औ त्यस मुखार- विन्दका कमलसमानका ठूला ठूला तथा चञ्चल नेत्रले कमलकोशमाथि उफ्रिराखेका दुइटा माछाको शोभालाई मात गरिराखेका छन्। उन्नत भृकुटी भएको भगवान्‌को यस किसिमको मनोहर मुखार- विन्दको मनमा कल्पना गरेर बडो सावधान भैकन ध्यान गरोस् ॥३०॥

यसपछि भगवान्‌को मधुर मुस्कान औ अतिशय कृपायुक्त हेराइको धेरै कालसम्म आफ्नो हृदयमा बडो प्रेमसँग चिन्तन गरोस्। यस्तो हेराइ उहाँ ठूलो करुणा गरेर आफ्ना भक्तहरूको अतिभयानक आध्यात्मिक आदि- गरिएका तीनै तापलाई शान्त गर्नाका निम्ति प्रकट गर्नुहुन्छ ॥३१॥ फेरि भक्तिले गर्दा अति नम्र भएका समस्त प्राणीहरूको प्रबल शोकजनित अश्रुसागरलाई सुकाउने श्रीहरिको मधुर मुस्कानको ध्यान गरोस्। त्यसपछि मुनिहरूमथि कृपा गर्नाको निम्ति, तपमा विघ्न पार्ने साक्षात् कामदेवलाई मोहित गर्नाका लागि स्वयं आफ्नो मायाले धारण गर्नुभएको धनुषको जस्तो आकार परेको उहाँको आँखिभूईंको ध्यान गरोस् ॥३२॥ अन्त्यमा आफ्नो हृदयमा विराजमान हुनुभएको श्रीहरिको ध्यान गर्न योग्य हास्यको प्रेमयुक्त भक्तिले ध्यान गरोस्। यस हास्यमा तलमाथिका दुवै ओठको अतिशय अरुण कान्तिले गर्दा उहाँको कुन्दकलिसमानको सेतो सानो दाँतमा केही लालिमा पर्न गएको जस्तो देखिन्छ। यस प्रकारसँग उहाँको ध्यानमा तन्मय भएपछि उहाँसिवाय अरू कुनै पदार्थ हेर्ने इच्छै नगरोस् ॥३३॥

यस प्रकारको ध्यानको अभ्यासले योगीको हरिमा प्रेम जम्न थाल्छ, भक्तिले हृदय परिपूर्ण भएर पग्लन थाल्दछ, अतिशय आनन्द भएकोले शरीरमा रोमाञ्च हुन थाल्दछ, दर्शनको उत्कण्ठाले गर्दा आँखामा आनन्दका आँसु भरिएर आउँछन्। त्यो योगी बिस्तारै बिस्तारै माछा पक्रने बल्छी- समानको श्रीहरिलाई आफूतिर आकर्षित गर्ने साधनरूप आफ्नो चित्तलाई समेत ध्येय-पदार्थ अर्थात् कल्पित हरिको रूपबाट हटाइदिन्छ याने उसको ध्यान गर्न वृत्ति नै नष्ट हुन्छ ॥३४॥ यस प्रकारसग ध्येयको परित्याग भएपछि उसको मन निरालम्ब (आश्रयरहित) हुन्छ— ध्येय पदार्थसितको सम्बन्ध नभईकन केवल चित्तले ध्यान गर्न सक्तैन। ध्यानले गर्दा उत्पन्न भएको परमानन्दको अनुभवले गर्दा अरू विषयदेखिको

वैराग्य ता उसलाई पहिलेदेखि नै भइराखेको हुन्छ । जसरी दीप-शिखा तेल बत्ती आदि उपाधि नभएमा आफ्नो कारणरूप तेजस्-तत्त्वमा लीन हुन्छ त्यसै गरी आश्रय, विषय, रागादिले शून्य भएको त्यस योगीको मन तत्काल निर्वाणपदमा स्थित हुन्छ । यस अवस्थामा प्राप्त भएको जीव शरीरादि उपाधिले रहित भईकन ध्याता (ध्यान गर्नेवाला) औ ध्येय (ध्यान गर्ने विषय) को विभागले रहित भएको एउटा अखण्ड परमात्माको साक्षात्कार गर्दछ अर्थात् उसलाई आत्मा नै परमात्मा हो भन्ने मालूम हुन्छ ॥३५॥ योगाभ्यासले गर्दा प्राप्त भएको चित्तको यो आनन्दमयी अन्तिम अवस्थाले गर्दा योगी मनलाई प्रकृति (माया) को भोगदेखि निवृत्त गरेर आफूलाई एकदम ब्रह्ममय बनाइदिन्छ अर्थात् उसलाई सुख-दुःख दुवैबाट निवृत्ति हुन्छ जुन सुखदुःखको भोक्तृत्वलाई पहिले योगी अज्ञानले गर्दा आफ्नो स्वरूपमा देख्तथ्यो त्यसलाई अब अविद्याकृत (मिथ्या) अहङ्कारमा देख्न थाल्दछ ॥३६॥ जसरी मदिरा पिउनाले मत्त भएको मानिसलाई आफ्नो शरीरमा धारण गरेको वस्त्र छ वा छैन, यस कुराको केही होश रहँदैन त्यसै गरी चरम अवस्थामा पुगेको सिद्ध पुरुषलाई पनि आफ्नो शरीर उठेको, बसेको, कहीं गएको अथवा दैववश फेरि त्यहाँ फर्केर आएको इत्यादि विषयमा अलिकता पनि ज्ञान हुँदैन, किनकि परमानन्द स्वरूपमा प्राप्त भएकोले उसलाई बाह्यज्ञान शून्य भएको हुन्छ ॥३७॥ पूर्वजन्मको संस्कारको अधीनमा रहेको उसको शरीर पनि अवश्य भोक्तव्य आरम्भक प्रारब्धको शेष नभएसम्म इन्द्रियसहित जीवित रहन्छ । समाधिपर्य्यन्त योगमा प्राप्त भएको त्यो सिद्धपुरुष पुत्रकलत्रादिसहित यस शरीरलाइ सपनामा देखिने शरीर जस्तै मिथ्या सम्झेर फेरि स्वीकार गर्दैन— "म, मेरो" भन्ने सम्झ राख्तैन । आत्मतत्त्वको यथार्थ ज्ञान हुनु नै यस्तो हुनाको कारण हो ॥३८॥

जसरी यस संसारमा अत्यन्त स्नेह हुनाले साधारण प्राणीको पुत्र, धनादिमा आत्मबुद्धि हुन्छ तर अलिकता विचार गर्‍योभने ता आफूलाई उनीहरूदेखि स्पष्टतया अलग देख्न थाल्दछ, त्यसै गरी आफ्नो आत्मा मानिएको यस शरीरदेखि त्यसको साक्षा जीव पृथक् नै छ॥३९॥ जसरी बल्दो काठबाट निस्केको झिल्को, स्वयं आगोबाट प्रकट भएको धूवां तथा अग्निरूप मानिएको त्यो काठदेखि पनि अग्नि वास्तवमा पृथक् छ त्यसै गरी पञ्चतत्व, इन्द्रिय औ अन्तः-करणदेखि यिनको साक्षी आत्मा फरक छ । जीव कहिने त्यो आत्मादेखि ब्रह्म नामधारी भगवान् भिन्न छन् औ प्रकृतिदेखि त्यसका सञ्चालक पुरुषोत्तम भिन्न छन् , तर भगवान्देखि फरक केही पनि छैन ॥४०-४१॥ जसरी चारै प्रकारका (स्वेदज-अण्डज-उद्भिज-जरायुज) प्राणीहरूमा वायु आदि तत्त्व व्याप्त देखिन्छन् त्यसै गरी समस्त जीवमा आत्मालाई औ आत्मामा समस्त जीवलाई अनन्य भावले देख्नुपर्दछ ॥४२॥ जसरी आगो एउटै भए तापनि आफ्नो प्रकट हुने स्थान काष्ठादिको सानो ठूलो भेदले गर्दा भिन्न भिन्न आकारको देखिन्छ त्यसै गरी देव-मनुष्या-दिमा रहने एउटै आत्मा आफ्नो आश्रयको गुणभेदले गर्दा भिन्न भिन्न प्रकारको देखिन्छ॥४३॥ अतः भगवान्का भक्त भगवान्को कृपाले नै

जीवको बन्धनको कारण, भगवान्को अचिन्त्य कार्य्यकारणरूप, शक्तिमयी मायालाई जितेर आफ्नो वास्तविक रूप अर्थात् ब्रह्मरूपमा लीन हुन्छन् ॥ ४४ ॥

अध्याय–२९

भक्तियोगको रहस्य तथा काल–प्रभावको वर्णन ।

देवहूतिले सोधिन्—

हे प्रभो ! प्रकृति, पुरुष र महत्तत्त्वादिको लक्षण जस्तो सांख्यशास्त्रमा कहिएको छ तथा जुन लक्षणद्वारा यिनीहरूको वास्तविक स्वरूप पृथक् पृथक् गरी जानिन्छ त्यो ता तपाईंले मलाई बताउनुभयो। अब कृपा गरी भक्तियोगको मार्ग विस्तारपूर्वक सुनाउनुहोस्, जसलाई कि तपाईंले यी सबैको ज्ञान हुने मूल हेतु भन्नुभएको छ ॥१-२॥ हे भगवन् ! यसको सिवाय जीवहरूको जन्म–मरणरूपी अनेक प्रकारको गतिको समेत वर्णन गर्नुहोस्— कारण यसलाई सुन्नाले जीवहरूलाई सबै प्रकारको वस्तुबाट वैराग्य उत्पन्न हुन्छ ॥३॥ जो ब्रह्मादिको समेत शासन गर्दछ औ जसको भयले अज्ञानी पुरुष–समेत पुण्यकर्मको अनुष्ठान गर्दछन् ती ईश्वररूप सर्वसमर्थ कालको स्वरूप पनि मलाई भन्नु-होस् ॥४॥ किनकि जो ज्ञान–दृष्टि लुप्त भएकोले देहादि मिथ्या वस्तुमा अभिमान गरेर तथा कर्ममा तत्पर भएको बुद्धिद्वारा भ्रान्त भएर यस अपार संसारमा चिरकालदेखि घोर अन्धकारमा सुतिरहेका छन्, उनीहरूलाई ब्युँझाउन तथा ज्ञानरूप प्रकाशले उनको अन्धकारलाई दूर गर्नाको निम्ति योगमार्गको प्रकाश गर्ने तपाईं साक्षात् सूर्य नै उदय हुनुभएको छ ॥५॥

मैत्रयजी भन्नुहुन्छ—

हे कुरुश्रेष्ठ विदुरजी ! आमाका यी सुन्दर वचन सुनेर महामुनि कपिलजीले उनको प्रशंसा गर्नुभयो र जीवहरूमाथि दया गरी बडो प्रसन्नता-साथ यस प्रकारसंग भन्न लाग्नुभयो ॥६॥

भगवान्ले भन्नुभयो—

हे माताजी ! भक्तियोग अनेक प्रकारका छन् औ साधकको भावअनुसार नाना प्रकारले प्रकाशित हुन्छन् किनकि मानिसहरुको भाव उनको स्वभाव औ गुणअनुसार भिन्न भिन्न प्रकारको हुन्छ ॥७॥ हिंसा, दम्भ (देखौवापना) औ मात्सर्य्यको भाव हृदयमा राखेर जो भेददर्शी क्रोधी पुरुष आफ्नो इच्छा पूर्ण गर्नाका निमित्त मेरो भक्ति वा पूजा गर्दछ त्यो मेरो तामस भक्त हो ॥८॥ जो पुरुष विषयहरुको अभिलाषाले अथवा यश औ ऐश्वर्यको निम्ति भेदभाव राखेर मेरो प्रतिमादिमा पूजा गरेर भक्ति गर्दछ त्यो राजस भक्त हो ॥९॥ जुन व्यक्ति आफ्नो पाप नष्ट गर्ने इच्छाले आफ्नो सम्पूर्ण कर्म परमात्मा-लाई अर्पण गर्दछ अथवा पूजन गर्नु मेरो कर्तव्य हो यस्ता बुद्धि लिएर भेदभावले मेरो पूजन गर्दछ त्यो सात्त्विक भक्त हो ॥१०॥ यसको सिवाय जसरी गंगाको जल अखण्डरूपले समुद्रतिर बगेर जान्छ त्यसै गरी मेरो गुणको श्रवण मात्रले मनको गति अविच्छिन्न भावले सर्वान्तर्यामी मप्रति

लाग्नु तथा पुरुषोत्तम ममा निष्काम औ अनन्य प्रेम हुनु- यस आसक्तिलाई निर्गुण वा निष्काम भक्ति-योग भन्दछन् अर्थात् अनन्य एवं निस्काम प्रेम-सहित भगवान्को निरन्तरको चिन्तन नै निर्गुण भक्तिको स्वरूप हो ॥११–१२॥ यस्ता निष्काम भक्त मेरो सेवालाई छाडेर मैले दिएको सालोक्य (वैकुण्ठवास), सार्ष्टि (ईश्वरको समान ऐश्वर्य), सामिप्य (ईश्वरको नजीकको बसाइ), सारूप्य (ईश्वरसमान पवित्र हुनु), सायुज्य (ब्रह्ममा आत्माको मिलन) यी पाँच प्रकारका मुक्तिलाई समेत ग्रहण गर्दैनन्—यिनको कामना गर्ने कुरा त कता छ कता ॥१३॥ भगवत्सेवाको निम्ति मुक्तिको समेत तिरस्कार गर्ने यस किसिमको भक्तियोगलाई आत्यन्तिक भक्ति अर्थात् परम पुरुषार्थ भन्दछन्। यै भक्तियोगद्वारा मानिस तीनै गुणलाई नाघेर मेरो भावमा अर्थात् मेरो प्रेमरूप अप्राकृत स्वरूपमा प्राप्त हुन्छ ॥१४॥

निष्काम भावले श्रद्धापूर्वक आफ्नो नित्य-नैमित्तिक कर्तव्यको पालना गर्नाले, नित्यप्रति हिंसारहित भईकन क्रियायोगद्वारा मेरो पूजन गर्नाले ॥१५॥ मेरो प्रतिमाको दर्शन-पूजा–स्तुति-वन्दना गर्नाले, प्राणीहरुमा मेरो भावना गर्नाले, धैर्य्य औ वैराग्यको अवलम्बन गर्नाले ॥१६॥ महापुरुषप्रति मान, दीन–दुःखीमाथि दया, आफू-समानका सित मित्रताको व्यवहार गर्नाले, यम-नियमादि योगाचारले शरीरलाई शुद्ध राख्नाले ॥१७॥ अध्यात्मशास्त्रको श्रवण औ मेरो नामको उच्च स्वरले कीर्तन] गर्नाले तथा मनको सरलता, सत्पुरुषहरुसितको संगत औ अहङ्कारको त्यागले ॥१८॥ यी माथि कहिएका समस्त भावले मेरो धर्मको अर्थात् भागवत-धर्मको अनुष्ठान गर्ने पुरुषको चित्त जब अत्यन्त शुद्ध हुन्छ अनि त्यो मेरो गुणको श्रवण मात्रले सजिलैसित ममा प्राप्त हुन्छ ॥१९॥

जसरी हावाद्वारा उडेर जाने गन्ध आफ्नो आश्रय फूलमा स्थित भएर नै घ्राणेन्द्रियसम्म पुग्दछ त्यसै गरी भक्तियोगमा तत्पर औ राग-द्वेषादि विकारले शून्य भएको चित्त सजिलैसित परमात्मामा प्राप्त हुन्छ ॥२०॥ म अन्तर्यामी रूपले सदा समस्त जीवमा विराजमान छु, यस कारण यस्तो म परमात्माको अनादर गरेर जो पुरुष मलाई केवल प्रतिमामा स्थित मानेर मेरो पूजन गर्दछन् तिनको त्यो पूजा केवल स्वाँग हो ॥२१। म सबैको आत्मा, परमेश्वर समस्त प्राणीमा वर्त्तमान छु। यस्तो हुँदाहुँदै पनि जो मूढताले गर्दा मेरो उपेक्षा गरेर केवल प्रतिमाको पूजनमा मात्र लागिरहन्छ त्यस्ताको पूजाको केही फल हुँदैन, त्यसको पूजा ता खरानीमा हवन गरे जस्तै व्यर्थ हुन्छ ॥२२॥ भेदभाव धारण गर्ने जुन अभिमानी पुरुष अरू जीवसित वैरभाव राख्तछ, त्यसले उसको शरीरमा विद्यमान रहने म अन्तर्यामीसित द्वेष गर्दछ, त्यस्ता पुरुषको मनमा कहिले पनि शान्ति हुन सक्तैन ॥२३॥ हे पापहीने माताजी ! जो अरू प्राणीको निन्दा गर्दछ त्यसले अनेक प्रकारका उत्तम या साधारण वस्तुद्वारा नाना प्रकारसँग विधि-विधानपूर्वक मेरो मूर्तिको पूजा गरे तापनि म त्योदेखि प्रशन्न हुन्न ॥२४॥ जबसम्म उपासकलाई सबै प्राणीमा विद्यमान रहने म परमेश्वरको आफ्नो हृदयमा अनुभव हुँदैन तबसम्म त्यसले आफ्नो नित्य–

नैमित्तिक कर्मको आचरण गर्दैगरेर प्रतिमाद्वारा मेरो पूजा गर्नुपर्दछ ॥२५॥ जो आफूमा र अन्य प्राणीमा अलिकता मात्र पनि भेद देख्तछ त्यस्ता भेददर्शीलाई म मृत्युरूप भएर (संसाररूप) अति घोर दुःख दिन्छु ॥२६॥ अतः सम्पूर्ण प्राणीमा विराजमान रहने म अन्तर्यामीको दान, मान, तथा मित्रताको व्यवहार गरेर पूजा गर्नुपर्दछ ॥२७॥

हे मङ्गलमयी माताजी ! पाषाणादि अचेतन पादर्थभन्दा वृक्षादि सचेत पदार्थ श्रेष्ठ हुन्। यिनीभन्दा सास फेर्ने जंगम प्राणी श्रेष्ठ हुन्। जंगम प्राणीमा पनि जसमा मन छ त्यो श्रेष्ठ हो। त्योभन्दा पनि स्पर्शेन्द्रियको ज्ञान भएका प्राणी श्रेष्ठ हुन् ॥२८॥ इन्द्रियको वृत्तिले युक्त भएका प्राणीमा पनि स्पर्शको अनुभव गर्नेभन्दा रसको ज्ञान भएका मत्स्यादि श्रेष्ठ हुन्। रसको ज्ञानभएका भन्दा गन्धको ज्ञान भएका भ्रमरादि श्रेष्ठ हुन्। गन्धको ज्ञान भएका भन्दा शब्दको ज्ञानभएका सर्पादि श्रेष्ठ हुन् ॥२९॥ तिनीभन्दा पनि रूपको ज्ञान भएका काकादि उत्तम हुन्। तिनीहरूभन्दा तल माथि दुवैतिर दाँत हुने उत्तम हुन्। तिनमा पनि अनेक खुट्टा भएका श्रेष्ठ हुन्। अनेक खुट्टा भएका भन्दा चार खुट्टा भएका र चारखुट्टेभन्दा दुई खुट्टे श्रेष्ठ हुन् ॥३०॥ दुई खुट्टे मनुष्यमा पनि ब्राह्मणादि चार वर्ण श्रेष्ठ हुन्। चारवर्णमा पनि ब्राह्मण श्रेष्ठ हुन्। ब्राह्मणमा वेद जान्ने उत्तम हुन्। वेद जान्नेहरूमा पनि वेदको तात्पर्य्य जान्ने श्रेष्ठ हुन्॥३१॥तात्पर्य्य जान्नेहरूभन्दा संशय निवारण गर्ने र संशय निवारण गर्नेभन्दा वर्णाश्रम–धर्मको पालना गर्ने श्रेष्ठ हुन्। यिनीहरुमा पनि आसक्तिको त्याग गर्ने र आफ्नो धर्मको निष्कामभावले आचरण गर्नेहरू उत्तम हुन् ॥३२॥ यिनीहरुभन्दा पनि आफ्नो सम्पूर्ण कर्म, त्यसको फल तथा आफ्नो चित्तलाईसमेत ममा अर्पण गरेर भेदभावरहित भईकन जो मेरो पूजा गर्दछन् ती श्रेष्ठ हुन्। यस प्रकारसंग मलाई चित्त र कर्म समर्पण गर्ने अकर्ता, समदर्शी पुरुषभन्दा ठूलो मलाई अर्को कुनै प्राणी लाग्दैन ॥३३॥ अतः ईश्वर अन्तरयामी आत्मारूपले समस्त प्राणीमा विराजमान छन् भन्ने भावना मनमा राखेर समस्त प्राणीलाई ईश्वरतुल्य संझी आदरपूर्वक मनले प्रणाम गरोस् ॥३४॥

हे मनुपुत्रि ! मैले तपाईंलाई भक्ति–योग र अष्टाङ्गयोग दुवैथरीको वर्णन गरेर सुनाएँ। यी दुवैमा जुनसुकै एउटाको पनि अवलम्बन गर्नाले जीव परमपुरुष भगवान्‌लाई प्राप्त गर्दछ ॥३५॥ प्रकृति–पुरुषस्वरूप साक्षात् परब्रह्म परमात्मा प्रकृति–पुरुषदेखि पृथक् छन्। यिनैलाई संसाररूप कर्मको विविध चेष्टा गर्ने "दैब" पनि भन्दछन् ॥३६॥ संसारका सबै पदार्थको नाना किसिमको विचित्रताको मूल कारण भएको भगवान्‌को यैं रूप नै काल नामले विख्यात छ। यै कालदेखि महत्तत्वादिका अभिमानी भेददर्शी प्राणीहरुलाई भय उत्पन्न भइरहन्छ ॥३७॥ सबैको आश्रय हुनाले यो काल सबै प्राणीहरूका भित्र प्रवेश गरेर महाभूत–समूहद्वारा उनको भौतिक देहको संहार गर्दछ, यो काल नै विष्णुको नामान्तर तथा यज्ञको फल दिनेवाला हो। जगत्‌को शासन गर्ने ब्रह्माबिलाईसमेत आफ्नो वशमा राख्तछ ॥ ३८ ॥ यसका न कोही प्रिय छन्

न कोही अप्रिय, न कोही बन्धु–बान्धव छन् । सबैको नाशको हेतु यो काल सदा सावधन रहेर आफ्नो स्वरूपभूत भगवान्‌लाई बिर्सेर भोगरूप प्रमादवश परेका प्राणीमाथि आक्रमण गरेर उनको संहार गर्दछ ॥३९॥ कालको भयले नै हावा चल्दछ, सूर्य प्रकाश दिन्छन्, इन्द्र वर्षा दिन्छन् औ नक्षत्रहरू चम्कन्छन् ॥४०॥ कालको भयले नै औषधिहरूले सहित लता तथा समस्त वृक्षहरू समयसमयमा फल–फूल धारण गर्द–छन् ॥४१॥ यसैको डरले नदीहरू औ समुद्र आफ्नो सीमादेखि पर जान्नन्। यसैको डरले अग्नि प्रज्वलित हुन्छ औ पर्वतसहितको पृथ्वी जलमा डुब्दैन ॥४२॥ यै कालको आज्ञाले आकाश (शून्य) जीवित प्राणीहरूलाई श्वास प्रश्वासको निम्ति अवकाश दिन्छ तथा महत्तत्त्व जल आदि सात आवरणले घेरिएको अहङ्कार‌रूप आफ्नो शरीरको ब्रह्माण्डको रूपमा रचना गर्दछ ॥४३॥ कालकै भयले सत्त्वादि गुणका अभिमानी विष्णु आदि देवगण समस्त चराचर जगत्‌का नियन्ता भएर पनि जगत् रचना न इत्यादि आफ्नो काममा वारंवार तत्पर रहन्छन् ॥ ४४ ॥ यै अविनाशी काल स्वयं अनादि तर अरूको उत्पादक (आदिकर्ता) हो । आफू अनन्त भए तापनि अरूको अन्त्य गर्ने हो । पिताबाट पुत्रको उत्पत्ति गराएर समस्त जगत्‌को रचना गर्दछ औ आफ्नो संहारशक्ति मृत्युद्वारा सर्वसंहारक यमराजलाई समेत नष्ट गर्दछ ॥४५॥

अध्याय–३०

देह-गेहादिमा आसक्ति राख्ने पुरुष-हरूको अधोगतिको वर्णन ।

कपिल मुनि भन्नुहुन्छ—

हे माताजी ! जसरी मेघमण्डल निरन्तर वायुद्वारा विचलित भए तापनि वायुको बल थाहा पाउँदैन त्यसै गरी जीव पनि कालको प्रेरणाले भिन्न भिन्न अवस्था तथा योनिमा भ्रमण गरि–रहेको छ तापनि त्यस कालको प्रबल पराक्रम-लाई जान्नामा समर्थ हुँदैन ॥१॥ सुख–प्राप्तिको निम्ति जीव जुन जुन वस्तुलाई बडो परिश्रम-संग प्राप्त गर्दछ त्यै त्यै वस्तुलाई भगवान् काल त्योसित खोसेर लिन्छन्, यसैकारण जीव त्यस वस्तुको निम्ति शोक गर्दछ ॥२॥ यसको कारण के होभने दुर्मति जीव आफ्नो नाशवान् शरीर तथा योसित सम्बन्ध राख्ने घर, खेत, धन इत्यादिलाई मोहको वशमा परेर नित्य मान्दछ ॥३॥ हेर, यो जीव यस संसारमा जुन जुन योनिमा जन्म लिन्छ त्यै त्यै योनिमा आनन्द मान्न थाल्दछ र त्यसबाट त्यसलाई वैराग्य हुँदैन ॥४॥ यो जीव भगवान्‌को मायाले कसरी मोहित भइराखेको हुन्छभने कर्मले गर्दा नारकीय योनिमा जन्मे तापनि त्यहाँको बिष्ठा आदि आहारामा सुख मान्ने हुनाले त्यसलाई समेत छाड्ने इच्छा गर्दैन ॥५॥ यो मूर्ख जीव आफ्नो शरीर, स्वास्नी, छोराछोरी, घर, पशु, धन र बन्धुवर्गलाई आफ्नो संझी तिनमा अत्यन्त आसक्त भएर रहन्छ र यिन-

लाई भेट्टाउँदा आफूलाई भाग्यशाली सम्झन्छ ।।६।। यिनको पालन-पोषणको चिन्ताले यसको सम्पूर्ण अङ्ग जलिरहन्छ र दुर्वासनाको दास भएकोले यिनको निम्ति सदासर्वदा किसिम किसिमको पाप गरिरहन्छ ।। ७ ।। कुलटा स्त्रीहरूद्वारा एकान्तमा संयोगको समयमा देखाइएको कपट-पूर्ण प्रेम तथा साना साना छोराछोरीको तोते बोलीमा यसको मन तथा इन्द्रिय कसरी आसक्त रहन्छभने यिनको अगाडि त्यो काल-रूप भगवान्‌लाई समेत बिर्सिदिन्छ ।। ८ ।। कपट-धर्मयुक्त तथा अत्यन्त दुःखदायी घरको काममा लिप्त भएर गृहस्थीले बडो सावधानी-संग कुनै दुःखलाई दूर गर्न सक्योभने त्यसमा आफूलाई सुख भए जस्तो सम्झन्छ ।।९।। यताउता-बाट भयङ्कर हिंसावृत्तिद्वारा धन जम्मा पारी यो स्वास्नी, छोराछोरीको पोषण गर्दछ र कुटुम्बपोषणबाट बचेको अन्न खाएर स्वयं नरकमा पर्दछ ।।१०।। वारंवार प्रयत्न गर्दा पनि जब यसको जीविका चल्दैन तब ता यो लोकको वशमा परी अधीर भएर अर्काको धन लिने इच्छा गर्दछ ।।११।। वृद्धावस्थाले गर्दा जब यो कुटुम्बको पालन-पोषणमा असमर्थ हुन्छ र मन्द भाग्यले गर्दा कुनै प्रयत्न चल्दैन अनि ता यो मन्दबुद्धि धनहीन भएर "कताबाट धन ल्याउने हो" भन्ने चिन्ताले अत्यन्त दुःखित भई लामो लामो सास फेर्न थाल्दछ ।।१२।।

जसरी खेतीवाल बूढो गोरुको आदर गर्दैनन् त्यसै गरी आफ्नो पालन-पोषणमा असमर्थ भएको देखेर स्वास्नी, छोराछोरी यसको पहिले झैं आदर गर्दैनन् ।।१३।। यस्तो अवस्थामा पनि त्यस मूर्खलाई वैराग्य हुँदैन । जसको पहिले आफूले पालन-पोषण गरेको थियो अहिले उनै-द्वारा निरादरपूर्वक पालिए तापनि घरैमा बस्तछ; वृद्धावस्थाले उसको रूप बिग्रेको हुन्छ, मर्ला मर्ला जस्तो देखिन्छ ।।१४।। घरको रख-वाली गर्ने कुकुर झैं स्वास्नी छोराछोरीले अप-मानसंग दिएको अन्न खाएर बस्तछ । शरीरमा रोग लाग्नाले अग्नि मन्द भएको हुन्छ तसर्थ पुरुषार्थ तथा भोजन दुवै कम भएर जान्छन्।।१५।। यसै गरी मृत्युकाल उपस्थित भएमा ऊर्ध्वश्वासको वेगले आँखाका नानी माथि चढ्दछन्, वायुको आउने जाने जो दुइटा नाडी हुन्छन् ती कफले गर्दा थुनिन्छन् तसर्थ खोक्ता तथा सास फेर्दा बडो कष्ट हुन्छ र घाँटीमा कफले गर्दा घुर् घुर् शब्द हुन लाग्दछ ।।१६।। जब त्यो जीव, शोकातुर बन्धुबान्धवले चारैतिरबाट घेरिएर मृत्युशय्यामा शयन गर्दछ, त्यस बखतमा त्यो कालपाशको वशमा परेकोले उनीहरूले बोलाउँदा पनि बोल्न सक्तैन ।।१७।।

यस प्रकारसँग इन्द्रियलाई नजितेर जनमभरी कुटुम्बको पालन-पोषणमा निरन्तर लागिराख्ने त्यो मूढ पुरुष रोइराखेका आफ्ना स्त्रीपुत्रादिलाई छाडेर प्राण त्याग गर्दछ । त्यस बखतमा अत्यन्त कष्टले गर्दा त्यसको बुद्धि नै नष्ट भएको हुन्छ ।।१८।। यस मौकामा उसलाई लिन अति भयङ्कर औ रिसले राता राता आँखा तुल्याएका दुइटा यमदूत आइराखेका हुन्छन्, उनलाई देख्ता त्यो डरले मलमूत्र त्याग गर्दछ ।।१९।। जसरी अपराधीलाई राजाका सेवकहरूले लैजान्छन् त्यसै गरी ती यमदूतहरू त्यस जीवलाई यस स्थूल शरीरबाट

यातना-शरीरमा राखेर घांटीमा बलियो डोरीले बाँधी बलजफ्तीसँग यमलोकको लामो यात्रामा लिएर जान्छन् ॥२०॥ ती यमदूतहरूको ताडनाले उसको मुटु फुट्न र शरीर काम्न लाग्दछ, बाटोमा कुक्कुरले उसलाई चिथर्दछन् । यस समयमा आफ्ना पापको संझनाले त्यो बडो व्याकुल हुन्छ ॥२१॥ भोक-प्यासले त्यसलाई बेचैन पारिदिन्छ। घाम, दावानल तथा तात्तोतो हावाले उसको शरीरलाई पोलिराखेको हुन्छ। यस्तो अवस्थामा जल तथा बिश्रामस्थान नभएको, तात्तातो बालुवा भएको बाटोमा एक पाइला पनि हिंड्ने शक्ति नभएको वेलामा यमदूतले पिठ्यूँमा कोर्रा ठोकेकोले उसले विवश भएर हिंड्नैपर्दछ ॥ २२ ॥ जताततै थाकेर लड्दछ, मूर्च्छा पर्दछ, होश आएपछि फेरि उठ्तछ। यस प्रकारसँग अँध्यारो, पापीहरुले हिंड्ने बाटो-बाट यमदूतहरू त्यसलाई यमपुरीमा लिएर जान्छन् ॥२३॥ यमलोकको बाटो उनान्सय हजार योजन लामो छ । यति टाढा ती यमदूतहरूले त्यसलाई दुई या तीन घडीमा लगेर बडो सङ्कष्ट भोग्न लगाउँछन् ॥२४॥ नरकमा पुगेपछि त्यसले नाना किसिमको दुःख भोग्नुपर्दछ, जस्तै कतै बल्दो काठको बीचमा राखेर पोल्दछन्, कतै उसको मासु काटेर अथवा आफ्नै मुखद्वारा आफ्नो मासु झिक्न लगाएर खवाउँछन् ॥२५॥ यमपुरीमा कुक्कुर र गिद्धले जिउँदै उसको आन्द्रा झिक्त-छन्। कतै सर्प, बिच्छी, डाँस इत्यादि डस्ने जीवले डसेर उसको शरीरलाई अत्यन्त पीडित गर्दछन् ॥२६॥ कतै यमदूतहरू उसको अङ्ग अङ्गलाई काटेर छुट्ट्याउँछन्, कतै हात्तीको खुट्टाले कुल्चाउँछन्, कतै पर्वतको टाकुराबाट तल खसाल्दछन्, कतै जल अथवा अँध्यारो खाल्डोमा जाकिदिन्छन् ॥२७॥ यी सब यातना तथा यस्तै किसिमका अरू पनि तामिश्र, अन्धतामिश्र र रौरव आदि नरकको यातना चाहे लोग्ने-मानिस होस्, चाहे स्वास्नीमानिस होस्, त्यस जीवले परस्परको संसर्गले उत्पन्न भएको पापले गर्दामा भोग्नैपर्दछ ॥ २८ ॥ हे माताजी ! कुनै कुनै विचारवान् ता स्वर्ग र नरक दुवै यै लोकमा छन् भनी भन्दछन्, किनकि नरकको सबै यातना यहीं कीरा-फट्याङ्ग्रा आदि योनिमा देखिन्छ ॥२९॥

कुटुम्बको पोषणमा आसक्त रहने अथवा आफ्नै पेट भर्नमा तत्पर रहने मानिसले आफ्ना कुटुम्ब तथा शरीर दुवैलाई यै लोकमा छाडेर मरेपछि परलोकमा आफ्नो पापकर्मको भोग यस्तै किसिमले भोग्नुपर्दछ ॥३०॥ आफ्नो यस शरीरलाई यहीं छाडेर, प्राणीहरूसँग द्रोह गरी गरी जम्मा पारेको पापरूपी बाटोको सामल लिएर त्यो एक्लै अन्धकारमय नरकमा प्रवेश गर्दछ ॥३१॥ आफ्ना कुटुम्बको भरणपोषणको समयमा गरेको पापको फल विधाताद्वारा उपस्थित भएपछि त्यसले नरकमा तिनलाई एक्लै भोग्नुपर्दछ; त्यस समयमा सर्वस्व लुटिएको व्यक्ति झैं त्यो आकुलव्याकुल हुन्छ ॥३२॥ केवल अधर्मले आफ्नो परिवारलाई पाल्नामा व्यस्त रहने व्यक्तिले अन्धतामिश्र नरकमा जानुपर्दछ— यो नरकको महाघोर अन्तिम स्थान हो ॥३३॥ यस प्रकारसँग नरकको भोग गरि-सकेपछि मनुष्ययोनिमनिका कुक्कुर, सुँगुर

आदि गरिएका निकृष्ट योनिमा जति प्रकारका यातना हुन्छन् ती सबलाई त्यो पातकीले क्रमैसँग भोगेर शुद्ध भएपछि अर्थात् पाप क्षीण भएपछि फेरि यस मनुष्य योनिमा जन्म लिन्छ ।।३४।।

अध्याय-३१

माताको गर्भमा प्रवेश गरेको जीवको देहप्राप्तिको वर्णन, गर्भमा छँदाखेरि त्यसले गरेको भगवान्को स्तुति, मनुष्ययोनिमा प्राप्त भएको जीवको भिन्न भिन्न गतिको वर्णन ।

भगवान्ले भन्नुभयो—

हे माताजी ! जीवले मनुष्य-शरीरमा जन्म लिने भएपछि भगवान्को प्रेरणाले आफ्नो पूर्व-कर्मअनुसार देहप्राप्तिको निम्ति त्यसले पुरुषको वीर्य-कणको आश्रय लिएर स्त्रीको गर्भमा प्रवेश गर्दछ ।।१।। स्त्रीको उदरमा पुगेपछि त्यो एक रातमा कलल (वीर्य र रज मिलेको रूप) बन्दछ, पाँच रातमा पानीको फोका जस्तै बाटुलो हुन्छ, दस रातमा बयरको फल जत्रो आकार भएको र केही साह्रो हुन्छ, त्यसपछि एक महीनाभित्रमा फूल जत्रो मासुको डल्लो बन्दछ।।२।। एक महीनापछि त्यस डल्लोमा टाउको निस्कन्छ, दुई महीनामा हात-खुट्टा आदि अङ्गको विभाग हुन्छ, तीन महीनामा नङ, रउँ, छाला, हाड, स्त्री-पुरुषको चिह्न तथा अरू अरू छिद्रहरू उत्पन्न हुन्छन् ।।३।। चार महीनामा त्यो चर्म, मांस, रक्त, नाडी, मज्जा, मेदा, अस्थि यी सात धातुले युक्त हुन्छ, पाँच महीनादेखि भोक-प्यास लाग्न थाल्दछ , छ महीनाको भए-पछि जरायु नाम गरेको छालाको जालोले बेह्रिएर आमाको दाहिने कोखामा घुम्न थाल्दछ ।।४।। यसपछि आमाले खाएको अन्न-जलले उसका सबै धातुहरूको पुष्टि हुन थाल्दछ र त्यो जीव कीटादिहरूको उत्पत्तिको स्थान, मलमूत्रले परि-पूर्ण भएको माताको गर्भरूप जघन्य खाल्डोमा सुतिरहन्छ ।।५।। त्यहाँका भोका कीराहरूले वारंवार उसको सम्पूर्ण शरीरलाई चिथरेर घाउ पारिदिन्छन् र शरीर सुकुमार हुनाले अत्यन्त पीडा भएर क्षिनक्षिनमा त्यो मूर्च्छा हुन्छ ।।६।। आमाले खाएको तीतो, पीरो, तातो, नुनिलो, टर्रो, अमिलो आदि उग्र पदार्थको स्पर्शले गर्दा उसको सम्पूर्ण शरीरमा पीडा हुन थाल्दछ ।।७।। माताको गर्भाशयमा भित्र जालोले तथा बाहिर आमाको आन्द्राले त्यो जीव बेह्रिएको हुन्छ । त्यसको टाउको कोखातिर अडिएको हुन्छ, पिठ्यू र घाँटी भने दोब्रिएर डल्लो जस्तो परेको हुन्छ ।।८।। यस प्रकारसँग पिंजडाभित्र थुनिएको चरा झैं त्यो बिल्कुलै पराधीन हुन्छ, आफ्ना हात-खुट्टा चलाउनसम्म पनि सक्तैन । यै वेलामा दैवको प्रेरणाले स्मरण-शक्ति प्राप्त भएकोले उसलाई आफ्ना सयकडौं पूर्वजन्मका पापहरूको संझना हुन्छ र दुःखले लामो लामो सास फेर्न थाल्दछ । यस्तो अवस्थामा उसलाई के शान्ति होला त ? ।।९।। सातौं महीनाको शुरू

हुनासाथ उसलाई सुख–दुःखको ज्ञान हुन थाल्दछ तर प्रसूति–वायुको वेगले गर्दा त्यो आफ्नी आमाको त्यै पेटमा बिस्ठाबाट उत्पन्न भएको कीराहरू जस्त एकै ठाउँमा स्थिर भएर रहन पाउँदैन ॥१०॥ यसपछि सात धातुले युक्त भएको शरीरमा बाँधिएको र आफ्ना पूर्वजन्मका वृत्तान्त थाहा भएको त्यो जीव अत्यन्त डराए बडो दीन भावसँग आकुलव्याकुल भई हात जोरेर आफूलाई माताको गर्भमा पठाउने तिनै प्रभुको यस प्रकारसँग स्तुति गर्न थाल्दछ॥११॥

जीव भन्दछ—

आफ्ना शरणागत जगत्‌को रक्षाको निम्ति इच्छापूर्वक नाना प्रकारको रूप धारण गरी यस संसारमा प्रकट हुने तथा मसमानका अधमको शुद्धिको निम्ति यो गर्भवासरूप अधम गति देखाउने उनै भगवान्‌को भयहीन चरणारविन्दको शरण लिन्छु ॥१२॥ देह, इन्द्रिय र अन्तःकरणरूप मायाको आश्रय लिएर जुन जीव पापपुण्यरूप कर्मले आच्छादित रहनाले माताको गर्भमा परेको जस्तो देखिन्छ तापनि ती शुद्ध, विकार रहित, अखण्ड बोधस्वरूप परमात्मा म यस जीवको संतप्त हृदयमा विराजमान छन्, म तिनलाई नमस्कार गर्दछु ॥१३॥ ती परमेश्वर वास्तवमा शरीरादिले रहित भए तापनि अविद्याले गर्दा यो पञ्चभूतले रचित शरीरमा लिप्त भए जस्तो देखिन्छन्। यै अविद्याले गर्दा इन्द्रिय, गुण, इन्द्रियहरुका विषय र चैतन्य (जीवात्मा स्वरूपले ती स्थित भएका जस्ता देखिन्छन् तर वास्तवमा उनी यी सबैदेखि भिन्न र यिनका प्रवर्तक हुन्। शरीरादिको आवरणले जसको महिमा कुण्ठित हुँदैन ती प्रकृति र पुरुषका नियन्ता सर्वज्ञ परम–पुरुषको म वन्दना गर्दछु ॥१४॥ उनैको मायाले मोहित भई यो जीव अनेक प्रकारका सत्वादि गुण औ कर्मको बन्धनले युक्त भएर यस संसार–मार्गमा किसिम किसिमका क्लेश भोग्दै भड्किरहन्छ, अतः तिनै परमपुरुष परमात्माको कृपा नभई यस जीवलाई अरू कुनै उपायले आफ्नो स्वरूपको ज्ञान हुन सक्ला त ? ॥१५॥ मलाई यो जुन त्रैकालिक ज्ञान भएको छ त्यो पनि उनीसिवाय अरू कसैले दिएको होइन, कारण स्थावर जङ्गम समस्त प्राणीहरुमा उनै एक मात्र, अन्तर्यामीरूप अंशले विद्यमान छन्। अतः "जीव" संज्ञक कर्मपदवी पाएर कर्म गर्नाको निम्ति यस संसारमा उपस्थित भएका हामी जीवहरु आफ्नो तीनै प्रकारको ताप शान्त गर्नाको निम्ति उनैको भजन गर्दछौं ॥१६॥

हे भगवन् ! अर्काको अर्थात् माताको शरीरको मलमूत्र औ रगतको कुवास्वरूप उदरमा परिराखेको यो देहधारी जीव उसको जठराग्निले अत्यन्त सन्तप्त भइराखेको छ। अब यताबाट निस्कने इच्छाले यो आफ्नो महीना गनिराखेको छ। हे दयानिधे ! अब यो दीनलाई तपाईंले कहिले यताबाट बाहिर झिक्नुहुन्छ ॥१७॥ हे भगवन् ! तपाईंले नै यो दश महीनाको जीवलाई यस्तो उत्कृष्ट ज्ञान दिनुभएको हो तसर्थ तपाईंसमानको परम उदार अरू को हुन सक्तछ ?। हे दीनबन्धो ! आफूले गरेको यस उपकारबाट नै प्रसन्न होइबक्सियोस्। हात जोर्नुसिवाय अरू कुनै किसिमले पनि त्यस उपकारको बदला

कसैले दिन सक्ला त ? ।।१८।।

हे प्रभो ! पशुयोनिमा उत्पन्न भएका संसारका अरू जीव ता आफ्नो शरीरमा हुने केवल सुखदुःखको अनुभव गर्दछन् तर मैले ता तपाईंको कृपाले शम, दम आदि श्रेष्ठ गुणको सञ्चय गर्ने शरीर पाएको छु, अतः तपाईंबाट बक्सिएको बुद्धिद्वारा आफ्नो शरीरको बाहिर तथा भित्र (हृदयमा) व्याप्त रहने पुराणपुरुष तपाईंलाई अहङ्कारको अधिष्ठातारूपले प्रत्यक्ष अनुभव गर्दछु ।।१९।। हे भगवन् ! यस गर्भाशयमा अत्यन्त कष्ट भोगिरहेको छु तापनि मलाई यहाँबाट निस्केर संसाररूप अन्धकूपमा खस्ने बिलकुलै इच्छा छैन, किनकि संसारचक्रमा पर्ने प्राणीलाई तपाईंको मायाले घेरिहाल्दछ र यसले गर्दामा उसलाई देह गेहादिमा अहंबुद्धि हुन जान्छ र त्यसको फल के हुन्छभने त्यसले फेरि यस संसारचक्रमा पर्नुपर्दछ ।।२०।। तसर्थ व्याकुलतालाई छाडेर, हृदयमा विष्णु भगवान्‌को चरण स्थापित गरी आफ्नो सुहृद् आत्मा (मन) र बुद्धिरूप सारथीद्वारा चाँडै नै आफूलाई यो संसाररूप समुद्रबाट पार लगाइदिन्छु, जसले गर्दामा मलाई फेरि अनेक प्रकारका दोषले युक्त भएको यो संसार–दुःख प्राप्त नहोओस् ।।२१।।

कपिलदेवजी भन्नुहुन्छ—

हे माता ! जब त्यो दस महीनाको जीव गर्भमा नै यस प्रकारसंग विवेकसम्पन्न भएर भगवान्‌को स्तुति गर्दछ, त्यस बखतमा प्रसवकालको वायुले त्यो अधोमुख बालकलाई उत्तिखेरै गर्भको बाहिर फ्याँकिदिन्छ ।।२२।। प्रसूतिवायुद्वारा अकस्मात्‌संग फ्याँकिएको त्यो बालक

उँधोमुन्टो लगाएर बडो कष्टसंग गर्भको बाहिर निस्कन्छ । यस बखतमा उसको श्वास बन्द भएको र स्मरणशक्ति नष्ट भएको हुन्छ ।।२३।। पृथ्वीमा आमाको रगत औ मूत्रमा परिराखेको त्यो बालक बिष्ठाको किरा झैं छट्पटाउँछ । गर्भवासको वेलाको उसको ज्ञान हराएर जान्छ र त्यो विपरीत गति अर्थात् देहाभिमानरूप अज्ञानदशामा प्राप्त भई रुन थाल्दछ ।।२४।।

यसपछि उसको अभिप्राय नबुझ्केका मानिसद्वारा उसको पालन-पोषण हुन थाल्दछ, तसर्थ उसले उनकै अधीनमा रहनुपर्दछ । यस अवस्थामा उसलाई जो प्रतिकूलता पर्दछ त्यसलाई समेत रोक्ने शक्ति उसमा हुन्न ।।१५।। जब उसलाई उडुस आदि गरिएका स्वेदज जीव टाँस्सिराखेको मैलो फोहोर खाटमा सुताइदिन्छन् त्यस वेला आफ्नो शरीर चिलाउने, उठाउने, वर्कनेफर्कनेसमेत सामर्थ्य उसमा रहँदैन ।।२६।। जसरी ठूलो कीराले सानो कीरालाई टोक्तछ त्यसैगरी गर्भवासको ज्ञान बिर्सेको, रोइराखेको, कमलो छाला भएको त्यस बालकलाई डाँस, लामखुट्टे, उडुसहरूले टोक्तछन् ।।२७।।

यस प्रकारसँग बाल्य औ कौमार अवस्थाको दुःख झेलेर त्यो बालक युवावस्थामा प्राप्त हुन्छ । यस अवस्थामा आफूले इच्छा गरेको वस्तु नभेट्टाएमा उसलाई अज्ञानले गर्दा रिस उठ्तछ र शोकले व्याकुल पार्दछ ।।२८।। देहाभिमानको साथसाथै बढेको रिसले गर्दामा आफ्नै नाश गर्नाको निम्ति त्यो आफूसमानका जो कामी पुरुष छन् तिनीसँग दुश्मनी गर्न थाल्दछ ।।२९।। अज्ञानको वशमा परेकोले त्यो मन्दमति प्राणी

वारंवार पञ्चभूतले बनेको मिथ्या शरीरमा "म हुँ, मेरो हो" यस प्रकारको बुद्धि गरेर असत् आग्रह गर्न थाल्दछ ॥३०॥ अविद्या औ कर्म-बन्धनले जकडिएको यसको जुन शरीरले यसलाई वृद्धावस्था आदि गरिएका नाना प्रकारको कष्ट मात्र दिन्छ तथा जसमा आसक्त भएकोले यसले वारंवार जन्ममरणरूप संसारचक्रमा पर्नुपर्दछ, त्यै शरीरको पछि लागेर यो नाना प्रकारको कर्म गरिरहन्छ ॥३१॥ सन्मार्गमा चल्न लागेको समयमा जिह्वा औ उपस्थेन्द्रियको भोगमा लागेका विषयी पुरुषसित समागम भएछ र उनको अनुगमन गर्न थाल्योभने त्यो फेरि पहिले झैं नारकीय योनिमा पर्दछ ॥३२॥ उनीहरुसितको संगतले गर्दामा यसका सत्य, शौच (बाहीरी भित्री पवित्रता), दया, मौन, बुद्धि, धनसम्पत्ति, लज्जा यश, क्षमा, मन एवं इन्द्रियहरुको संयम तथा ऐश्वर्य आदि समस्त सद्गुण नष्ट हुन्छन् ॥३३॥ विषयी पुरुषको आत्मा शान्त रहँदैन कारण मिथ्या देहाभिमानले ती सदा चिन्तित रहन्छन्। त्यस्ता मूढ, विक्षिप्त-चित्त, आइमाईको खेलौना जस्ता भएका, अत्यन्त शोचनीय असत्पुरुषको संगत कहिले पनि गर्नुहुन्न ॥३४॥ स्त्री अथवा स्त्रीसित सहवास गर्नेहरूसितको संगतले जीवलाई जस्तो मोह र बन्धन हुन्छ त्यस्तो ता अरू कसै-सितको संगतले हुँदैन॥३५॥ एकचोटि आफ्नी पुत्री सरस्वतीलाई देखेर ब्रह्माजी उनीको रूपलावण्यले मोहित भएका थिए। उनले कहाँसम्म लाज त्यागि-दिएभने कन्याले मृगीको रूप लिएर भाग्दा पनि मृगको रूप लिएर उसको पछि दगुर्न लागेथे॥३६॥ साक्षात् ब्रह्माको यस्तो दशा भयोभने उनका छोराहरूले, छोराका पनि छोराहरुले उत्पन्न गरेको यस सृष्टिमा ऋषि नारायणसिवाय अरू को यस्तो ज्ञानी पुरुष होला जसको बुद्धि स्त्रीरूप मायाले मोहित नहोला ॥३७॥ हे माताजी ! मेरो स्त्रीरूपिणी मायाको बल ता हेर्नुहोस्, यिनी केवल आफ्नो आँखिभुईंको इशाराले बडा बडा दिग्विजयी वीरहरूलाई समेत पैतालामनि ल्याइदिन्छिन् अर्थात् आफ्नो वशमा गराउँछिन् ॥३८॥ योगको परमपदमा आरूढ हुन चाहने अर्थात् मुक्त हुन इच्छा गर्ने अथवा मेरो सेवाको प्रभावले आत्मा-अनात्माको विवेक प्राप्त गरेको पुरुषले कदापि आइमाईसितको संगत नगरोस्, कारण ज्ञानी-हरूले स्त्रीलाई योगीको निम्तिमा नरकको खुला ढोका भनेका छन् ॥ ३९ ॥ भगवान्द्वारा रचिएकी यो स्त्रीरूपिणी माया सेवा आदिको बहानाले बिस्तारै बिस्तारै नजीक आउँछे। ज्ञानीले ता त्यसलाई घाँसले छोपिएको इनारसमान आफ्नो मृत्यु नै संझनुपर्दछ ॥४०॥

स्त्रीमा आसक्त रहनाले अथवा अन्त्यसमयमा स्त्रीमा नै ध्यान रहनाले जीवलाई स्त्रीको योनि प्राप्त हुन्छ। यस प्रकारले स्त्रीयोनिमा प्राप्त भएको जीव पुरुषरूपिणी मेरो मायालाई नै धन,पुत्र,घर आदि-दिने आफ्नो पति मान्दछ ॥४१॥ स्त्री-योनिमा प्राप्त भएको जीवलाई मुक्तिको इच्छा छभने त्यसले, जसरी व्याधाको गाना कानलाई प्यारो लागे तापनि भोलाभाला विचरा पशु पक्षीलाई फसाएर उनको नाशको कारण बन्दछ त्यसै गरी छोरा, लोग्ने, घरलाई विधाताले निश्चित गरेको आफ्नो मृत्यु संझनुपर्दछ ॥४२॥ जीव उपाधिरूप लिङ्ग-शरीर-द्वारा पुरुष एउटा लोकबाट अर्को लोकमा जान्छ

औ आफ्नो प्रारब्ध-कर्मको भोग गर्दै निरन्तर अरू अरू देहको प्राप्तिको निम्ति थरीथरीको काम गरिरहन्छ ॥ ४३ ॥ जीवको उपाधिरूप लिङ्ग-शरीर ता मोक्षपर्यन्त उसको साथमा रहन्छ; भूत, इन्द्रिय र मनको कार्यरूप स्थूल शरीर यसको भोगको अधिष्ठान हो। यी दुवै परस्पर संगठित भएर काम नगर्नु प्राणीको मृत्यु हो औ यी दुवैको सँगसँगै प्रकट हुनु जन्म हो ॥४४॥ अथवा पदार्थ-हरूका उपलब्धिको स्थानरूप यस स्थूल शरीरमा उनलाई ग्रहण गर्ने योग्यता रहेनभने यै उसको मरण हो र "यो स्थूल शरीर नै म हुँ" यस अभिमानको साथमा जब उसलाई पदार्थको ज्ञान हुन थाल्दछ तब त्यसको नाम "उत्पत्ति" हुन्छ ॥४५॥ आँखामा मोतियाबिन्दु आदि दोष हुनाले त्यसमा रूपादि हेर्ने योग्यता रहँदैन र त्यसमा रहने चक्षु-इन्द्रिय पनि रूप हेर्नामा असमर्थ हुन्छ। जब आँखा र आँखामा रहने इन्द्रिय दुवै रूप हेर्नामा असमर्थ हुन्छन् तब ता यी दुवैको साक्षीरूप जीवमा पनि त्यो योग्यता रहँदैन। ठीक त्यसै गरी स्थूल शरीरको असमर्थता नै सूक्ष्म शरीरको असमर्थता हो, यै जीवको मृत्यु हो, स्वतः जीवता कहिले पनि मर्दैन ॥४६॥ यस-कारण मुमुक्षु पुरुषले मृत्युदेखि डराउनु, जीवनमा दीनता एवं जीवनको निम्ति प्रयत्न गर्नु उचित हुँदैन; जीवको यस प्रकारको स्वरूप बुझेर धैर्य-पूर्वक निस्सङ्गभावले पृथ्वीमा विचरण गर्नु-पर्दछ ॥४७॥ यस मायामय संसारमा जीवले अवश्यै रहनुपर्दछ तर मुक्त हुनको निम्ति ता योग र वैराग्यले मुक्त भएको सम्यक्-ज्ञानमयी बुद्धिले शरीरको आस्था एवं आसक्ति छाडेर विचरण गर्नुपर्दछ नत्र ता छिनछिनमा पतित हुने संभावना छ॥४८॥

अध्याय--३२

धूममार्ग तथा अर्चिरादिमार्गबाट जानेहरूको भिन्न भिन्न गतिको र भक्तियोगको उत्कृष्टताको वर्णन।

कपिलदेवजीले भन्नुभयो—

हे माताजी ! जो मानिस घरमा बसेर सकाम-भावले गार्हस्थ्यधर्मको पालना गर्दछ र त्यस धर्मको फलस्वरूप अर्थ तथा कामको उपभोग गरी फेरि तिनै फलको निम्ति पहिले आफूले गरेका धर्मको अनुष्ठान गर्दछ, त्यो व्यक्ति नाना प्रकारका कामनाले मोहित भइराखेको हुनाले भगवद्धर्म अर्थात् निष्काम धर्मदेखि विमुख भएर बडो श्रद्धासँग यज्ञद्वारा देवता तथा पितृहरूको आरा-धना गरिरहन्छ ॥१-२॥ यस्तै किसिमको श्रद्धाले युक्त भएको त्यसको बुद्धि हुन्छ। देवगण तथा पितृगणको उपासना गर्ने त्यो मानिस मरेपछि चन्द्रलोकमा गएर सोमपान ता गर्दछ तर पुण्य क्षीण भएपछि त्यसले फेरि मनुष्यलोकमा फर्कनु आउनुपर्दछ॥ ३ ॥ जुन बखत शेषशायी विष्णु-भगवान् शेषशय्यामा सुत्नुहुन्छ त्यस समयमा गृहस्थाश्रमीहरूलाई आफ्ना पुण्यले प्राप्त हुने यी लोक लीन हुन्छन् ॥४॥

तर जो विवेकी पुरुष काम अथवा भोगका निम्ति ह्वैन कि केवल भगवान्लाई प्रसन्न राख्न आफ्नो धर्मको पालना गर्दछन् ती अनासक्त, निष्क्रिय, प्रशान्त,-शुद्धचित्त, निवृत्ति (मोक्ष) धर्मपरायण, ममतारहित तथा अहङ्कारशून्य पुरुष स्वधर्मपालनरूप सत्वगुणद्वारा सर्वथा चित्त शुद्ध भएका हुन्छन् र अन्त्यमा सूर्यमण्डललाई पार गरी सर्वव्यापी,पूर्णपुरुष श्रीहरिमा प्राप्त हुन्छन्—जो कि कार्यकारणरूप जगत्का नियन्ता, जगत्को उपादान कारण एवं यसको उत्पत्ति, पालन औ संहार गर्ने हुन् ॥५–७॥ जुन योगीहरू ईश्वर-बुद्धिले हिरण्यगर्भ (ब्रह्मा) को उपासना गर्दछन्, तिनीहरू दुई परार्द्धमा हुने ब्रह्माजीको प्रलयपर्यन्त उनको सत्यलोकमा बस्तछन् ॥८॥ जुन बखतमा देवतादिहरूभन्दा श्रेष्ठ ब्रह्माजी द्विपरार्द्धकालपरिमित अधिकारको भोग गरी पृथ्वी, जल, अग्नि, वायु, आकाश, इन्द्रिय, शब्दादि उनका विषय र अहङ्कारसहित सम्पूर्ण संसारको संहार गर्ने इच्छाले त्रिगुणात्मिका प्रकृतिको साथसाथै एकरूप भएर निर्विशेष परमात्मामा लीन हुन्छन् ॥९॥ त्यस बखतमा प्राण औ मनलाई जितेका ती विरक्त योगिजनहरू पनि देहलाई त्यागेर ब्रह्माजीमा प्रवेश गर्दछन् र फेरि उनको साथसाथै परमानन्दस्वरूप, पुराण-पुरुष परब्रह्ममा लीन हुन्छन्। योभन्दा पहिले यिनीहरू भगबान्मा लीन हुन्नन् किनकि यस बेलासम्म तिनमा अहङ्कार बाँकि नै रहन्छ ॥१०॥ तसर्थ हे माताजी ! अब तपाईं पनि शुद्ध भक्ति-भावले उनै श्रीहरिको चरणशरणमा जानुहोस्, उहाँ समस्त प्राणीको हृदयकमलमा विराजमान हुनुहुन्छ, उहाँको प्रभाव मबाट सुनिहाल्नु-भयो ॥११॥

समस्त स्थावर–जङ्गम प्राणीका आदिकारण ब्रह्माजी निष्काम कर्मको आचरण गर्नेभए तापनि मरीचि आदि ऋषिहरू, योगेश्वर सनकादि तथा योग–प्रवर्तक सिद्धहरूको साथसाथै आदि-पुरुष, पुरुषश्रेष्ठ, सगुण ब्रह्ममा लीन भए तापनि भेददृष्टि तथा कर्तृत्वाभिमानले गर्दामा भगव-बिच्छाले जब सर्गकाल उपस्थित हुन्छ, त्यस बखतमा कालरूप ईश्वरको प्रेरणाले सत्वादि तीनै गुणको सृष्टि भएपछि उहाँले फेरि पहिले झैं प्रकट हुनुपर्दछ ॥१२–१४॥ यसै गरी मरीचि आदि ऋषिहरूले पनि आफ्नो धर्मको आचरणले गर्दा पाप्त भएको ब्रह्मलोकको ऐश्वर्य भोगेर, सत्वादि गुणको सृष्टि भएपछि फेरि उत्पन्न भएर यस लोकमा आउनुपर्दछ ॥१५॥

जब सात्विक भावले उपासना गन ब्रह्मादि-लाई ता केवल कर्तृत्वको अभिमानले गर्दा पुन-र्जन्म लिनुपर्दछभने कर्ममा आसक्त चित्त भएर स्वर्गादिको कामनाले वेदमा कहिएका काम्य औ नित्यकर्मको श्रद्धापूर्वक आचरण गर्नेहरूले पुनर्जन्म लिने कुरामा के संशय छ ? ॥१६॥ रजोगुणको अधिकताले गर्दामा यिनीहरूको मन बहिर्मुख हुन्छ, हृदयमा कामनाको जाल फिंजिएको हुन्छ, इन्द्रिय आफ्नो वशमा हुँदैनन्, अतः केवल घर-धन्दामा आसक्त भएर नित्यप्रति पितृहरुको पूजामा लागिरहन्छन् ॥१७॥ जसका महान् पराक्रम अत्यन्त कथनीय (वर्णन गरिन योग्य) छन् , त्यस्ता भगवान् श्रीमधुसूदनको कथा पढ्न सुन्नामा यिनीहरू केवल धर्म, अर्थ औ काममा

तत्पर रहनाले विमुख रहन्छन् ।।१८।। जसरी बिष्ठाका कीराहरू असल असल पदार्थ छाडेर केवल बिष्ठा नै खान्छन् त्यसै गरी जो भगवान्को अमृतरूप कथालाई त्यागेर निन्दित विषयवार्ता सुन्दछन् तिनलाई दैवले नष्ट गरेको भन्नुपर्दछ अर्थात् तिनको भाग्य बडो खोटो हुन्छ ।।१९।। गर्भाधानदेखि लिएर श्मशानपर्य्यन्तको सम्पूर्ण संस्कार विधिपूर्वक गर्ने यी सकाम कर्मीहरू मरेपछि सूर्यको दक्षिणपट्टिको धूममार्गद्वारा पितृराज अर्यमाको पितृलोकमा प्राप्त हुन्छन् र फेरि आफ्नै सन्तन्तिको वंशमा उत्पन्न हुन्छन् ।।२०।। पितृ-लोकको भोग भोगिसकेपछि जब यिनीहरूको पुण्य क्षीण हुन्छ तब देवताहरू यिनलाई ऐश्वर्य्य-भ्रष्ट गरिदिन्छन् र फेरि यिनले लाचार भएर उत्तिखेरि यस लोकमा फर्केर आउनु-पर्दछ ।। २१ ।।

तसर्थ हे माताजी ! मुक्तिको निम्ति उनै भगवान्का,उहाँकै गुणको आश्रयमा रहने भक्ति-द्वारा (भगवान्को चरित्र सुन्ने, कीर्तन गर्नाले बढ्ने भक्तिद्वारा) सब प्रकारले (मन-वाणी-शरीरले) भजन गर, किनकि भगवान्का चरण कमल नै भज्न योग्य छन् ।।२२।। भगवान् वासु-देवप्रति गरिएको भक्ति- योगले झट्टै संसार-देखिको वैराग्य र ब्रह्मलाई देखाउने ज्ञान उत्पन्न गरिदिन्छ ।।२३।। वास्तवमा समस्त विषय भग-वद्रूप हुनाले समान छन्—भगवान् सबै रूपमा व्यक्त भइराख्नुभएको छ, अतः इन्द्रियहरूको वृत्तिद्वारा पनि जब भगवद्भक्तको चित्त उहाँमा प्रिय-अप्रियरूप विषमताको अनुभव गर्दैन अर्थात् सर्वत्र एक मात्र भगवान्कै दर्शन गर्दछ, त्यै ब्रह्मतमा त्यो भक्तको शुद्ध चित्त संगरहित सबैमा समान रूपले रहेको, त्याग्ने औ ग्रहण गर्ने विषयदेखि रहित,आफ्नै महिमामा आरूढ आफ्नो आत्माको ब्रह्मरूपले साक्षात्कार गर्दछ ।।२४-२५।। उहाँ ज्ञान स्वरूप हुनुहुन्छ, उपनिषद्‌मा परब्रम्ह, योगशास्त्रमा परमात्मा ईश्वर , सांख्यशास्त्रमा पुरुष औ भक्तिशास्त्रमा भगवान् कहिनुहुन्छ। स्वयं उहाँ नै जीव, शरीर, विषय, इन्द्रिय आदि अनेक रूपमा प्रकट भइराख्नुभएको छ ।।२६।। सम्पूर्ण विषयदेखि वैराग्य हुनु—यै मात्र योगा-भ्यासी योगीको सम्पूर्ण योग-साधनको अभिष्ट फल हो ।।२७।। ब्रम्ह एक मात्र, ज्ञानस्वरूप औ निर्गुण छ तापनि बाह्यवृत्ति भएका इन्द्रियहरु-द्वारा भ्रान्तिवश शब्दादि धर्म भएका भिन्न-भिन्न पदार्थको रूपमा देखिन्छ ।।२८।। पहिले एक मात्र परब्रह्म थिए , तिनै महत्तत्व भए , तिनै वैकारिक, राजस, तामस तीन प्रकारका अहङ्कार भए । पञ्चभूतरूपले पांच प्रकारका, मन-सहितको एकादश इन्द्रियरूपले एघार प्रकारका भए; यिनको संयोगले ती स्वयंप्रकाश जीव भनिन लागे । जीवको शरीररूप यो ब्रह्माण्ड पनि वास्तवमा ब्रम्ह नै हो, किनकि ब्रह्मबाट नै यसको उत्पत्ति भएको छ ।।२९।। तर श्रद्धा, भक्ति, वैराग्य तथा निरन्तरको यागाभ्यासद्वारा जसको चित्त एकाग्र भएको छ त्यै अनासक्त पुरुषले नै ब्रह्माण्डमा व्याप्त भएको ब्रह्मलाई देख्न सक्तछ ।।३०।।

हे पूजनीय माताजी ! ब्रह्मको साक्षात्कार गराउने साधनरूप ज्ञान मैले तपाईंलाई सुनाएं। यस ज्ञानको साधनमा सिद्ध भएपछि प्रकृति औ

पुरुषको यथार्थ स्वरूपको बोध हुन सक्तछ ॥३१॥ निर्गुण ब्रह्मविषयक ज्ञानयोग र मप्रति गरिएको भक्तियोग, यी दुवैको एउटै प्रयोजन हो। यी दुवैबाट भगवान् ब्रह्मको प्राप्ति हुन सक्तछ ॥३२॥ जसरी रूप, रस, गन्ध आदि अनेक गुणको आश्रय-रूप एउटै पदार्थ भिन्न भिन्न इन्द्रियद्वारा अनेक प्रकारले अनुभव गरिन्छ (जस्तै दूध आँखाले सेतो, रसनाले मीठो र स्पर्शले शीत अनुभव गर्दछ) त्यसै गरी एउटै भगवान् भिन्न भिन्न मार्गावलम्बी शास्त्रहरूद्वारा नाना प्रकारले वर्णन गरि-न्छन् ॥३३॥ तलाउ, पोखरी, इनार इत्यादि खनाउने नाना प्रकारका काम, यज्ञ, दान, तप, वेदाध्ययन, वेदविचार (मीमांसा), मन-इन्द्रिय-लाई जित्नु, कर्मको त्याग (संन्यास), अष्टाङ्ग-योग, निवृत्ति-प्रवृत्तिरूप दुवै प्रकारका (सकाम निष्काम) धर्म, आत्मतत्त्वको ज्ञान, दृढ वैराग्य-यी समस्त साधनले सगुण-निर्गुणरूप स्वयंप्रकाश भगवान् नै पाइनेहुन् ॥३४-३६॥

हे माताजी ! सात्त्विक, राजस, तामस र निर्गुण भेदले चार प्रकारका भक्तियोगको तथा जो सबैलाई उत्पन्न र नष्ट गर्दछ औ जसको गति जान्न सकिन्न त्यस्तो कालको स्वरूप पनि मैले तपाईंलाई भनिहालें ॥३७॥ अविद्याजनित कर्मले गर्दा जीवको अनेक गति हुन्छ। तिनमा प्रविष्ट भएपछि जीव आत्माको गति अर्थात् आफ्नो स्वरूपलाई चिन्न सक्तैन ॥३८॥ मैले तपाईंलाई उपदेश गरेको यो सांख्यशास्त्रको ज्ञान दुष्ट, दुर्विनीत, घमण्डी, नास्तिक, पाखण्डी, विषय-लोलुप, घर, स्त्री आदिमा आसक्त रहने, ममा भक्ति नभएको अथवा मेरा भक्तसित द्वेष गर्ने यी कसैलाई पनि दिनहुन्न ॥३९-४०॥ तर अत्यन्त श्रद्धालु, भक्त, विनयी, अर्काको निन्दा नगर्ने, सबै प्राणीमा मैत्री-भाव राख्ने, गुरुसेवामा तत्पर रहने, बाह्य विषयमा अनासक्त, शान्तचित्त, अर्काको उन्नतिमा डाह नगर्ने, पवित्र चित्त एवं मलाई प्यारोभन्दा पनि प्यारो मान्नेलाई यस शास्त्रको अवश्य उपदेश दिनुपर्दछ ॥ ४१-४२ ॥ हे माताजी ! जसले ममा चित्त लगाएर यसलाई श्रद्धापूर्वक एकचोटि पनि सुन्दछ अथवा भन्दछ त्यो मेरो परमपदमा प्राप्त हुनेछ ॥४३॥

अध्याय-३३

देवहूतिले गरेको भगवान्‌को स्तुति, कपिलजीको प्रस्थान, देवहूतिको ज्ञानलाभ तथा मोक्षपद्को प्राप्ति ।

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुरजी ! कपिल भगवान्का यी वचन सुनेपछि कर्दमजीकी स्त्री तथा उहांकी माता देवहूतिको मोहरूप आवरण हटेर गयो र उनी सांख्यशास्त्रका प्रवर्तक कपिल मुनिलाई प्रणाम गरेर यस प्रकारसंग उहाँको स्तुति गर्न-लागिन् ॥१॥

देवहूतिले भनिन्—

हे भगवन् ! हजूरकै नाभिकमलबाट ब्रह्माजी उत्पन्न भएका थिए। उनले पनि प्रलयकालीन जलमा शयन गर्नुभएको हजूरको पञ्चभूत, इन्द्रिय, शब्दादि विषय र मनोमय व्यक्त स्वरूपको-जो

सत्वादि गुणको प्रवाहले युक्त र कर्म एवं कारण दुवैको बीजस्वरूप छ—ध्यान गरेका थिए ॥२॥ हजूर स्वयं क्रियारहित, सत्यसङ्कल्प, सम्पूर्ण जीवका ईश्वर, अचिन्त्य र अनन्त शक्तिले सम्पन्न हुनुहुन्छ। आफ्नो शक्तिलाई गुणप्रवाहरूपले ब्रह्मादि अनन्त मूर्तिमा विभक्त गरी उनैद्वारा विश्वको उत्पत्ति, पालन र नाश गर्नुहुन्छ, स्वयं आफूले ता केही गर्नुहुन्न ॥३॥ हे नाथ! जसको उदरमा प्रलयकालको समयमा यो सम्पूर्ण विश्व लीन हुन्छ र जो कल्पान्तमा मायामय बालकको (बालगोविन्द) रूप धारणा गरा पाउको बूढी-औंला चुस्तै एक्लै वटवृक्षको पातमा शयन गर्नुहुन्छ, उहीं हजूरलाई मैले आफ्नो गर्भमा धारण गरें; हजूरको इच्छारूप मायाको कस्तो आश्चर्य्यलाग्दो व्यापार रहेछ! ॥४॥ हे विभो! पापीहरूलाई दमन गर्न र आफ्ना आज्ञाकारी भक्तहरूको कल्याण गर्नालाई हजूर आफ्नो इच्छाले देह धारण गर्नु हुन्छ। अतः जसरी हजूरका वराह आदि अवतार भएका छन् त्यसै गरी यो कपिलावतार पनि अज्ञानीहरूलाई ज्ञान-मार्ग देखाउनलाई भएको हो॥५॥ हे भगवन! हजूरको नामको श्रवज या कीर्तन गर्नाले तथा धोकामा परेर पनि यदाकदा हजूरको वन्दना वा स्मरण गर्नाले नै कुक्कुरको मासु खाने चाण्डालसमेत पवित्र भएर यज्ञ गर्ने अधिकार पाउँछभने हजूरको साक्षात् दर्शन पाएर मानिस कृतकृत्य हुन्छ भन्ने कुरामा के सन्देह छ अर्थात् अबलाई मेरो कल्याणमा पनि केही सन्देह छैन ॥६॥ अतएव जसको जिह्वामा हजूरको पवित्र नाम विराजमान छ त्यो चाण्डाल भए तापनि श्रेष्ठ छ। जुन भद्रपुरुष हजूरको नाम उच्चारण गर्दछन् तिनले पूर्वजन्ममा ठूलो तप, हवन, तीर्थस्नान तथा वेदपाठ गरेको हुनुपर्दछ, कारण हजूरको नामोच्चारण गर्नु नै समस्त साधनको परम फल हो ॥७॥ हजूर नै साक्षात् परब्रह्म, पुराणपुरुष हुनुहुन्छ। इन्द्रियहरूको अन्तर्मुखी वृत्तिले अन्तः-करणमा (विषयहरूबाट फरक रहेको एकाग्र मनले) हजूरको अनुभव गरिन्छ। हजूरकै प्रभा-वले गुणप्रवाह अर्थात् जन्म-मरण नष्ट हुन्छ। प्रलयकालमा सम्पूर्ण वेदतत्त्व हजूरकै गर्भमा राखिएको थियो। यस्ता साक्षात् विष्णुरूप कपिलदेवजीलाई म प्रणाम गर्दछु ॥८॥

मैत्रयजी भन्नुहुन्छ—

आमाले यस प्रकारसंग स्तुति गरेपछि मातृ-वत्सल, परमपुरुष कपिल भगवान्ले उनलाई गंभीर वाक्यले भन्नुभयो ॥९॥

कपिलजीले भन्नुभयो—

माताजी! मैले तपाईंलाई उपदेश गरेको यो सुगम योगमार्गको अवलम्बन गर्नाले तपाईंले झट्टै परमपद पाउनुहुनेछ अर्थात् जीवन्मुक्त हुनुहुनेछ ॥१०॥ मेरो यस मतमा विश्वास गर्नोस्, ब्रह्मवादीहरूले यसको सेवन गरेका छन्। यस-द्वारा तपाईंले मेरो जन्ममरणरहित स्वरूपलाईं पाउनुहुनेछ। मेरो यो मत नजान्नेहरू मृत्युको भयबाट छुट्तैनन् ॥११॥

मैत्रेयजी भन्नुहुन्छ—

यस प्रकारसंग आफ्नो श्रेष्ठ आत्मज्ञानको उपदेश गरिसकेपछि कपिलदेवजी आफ्नी ब्रह्म-वादिनी आमाको अनुमति लिएर त्यहाँबाट हिंड्नुभयो ॥१२॥ उता देवहूति पनि छोराले उपदेश

गरेको योगमार्गको अनुसार योगाभ्यास गर्दै सरस्वतीको मुकुट सदृश आफ्नो आश्रममा मन एकाग्र गराएर रहन लागिन् ॥१३॥ त्रिकाल-स्नान गर्नाले उनको कपालको घुँघुरिएको रउँले जटाको रूप लियो, तेल नहाल्नाले एवं धूलो पर्नाले जटा खैरोसमेत देखिन लाग्यो तथा चीरवस्त्र धारण गरेको शरीर उग्र तपस्याले गर्दा दुब्लो भयो॥१४॥ उनले प्रजापति कर्दमको तप र योगबलले प्राप्त भएको अनुपम गृहस्थाश्रमको सम्पत्तिलाई सजिलैसंग त्यागिदिइन्, यो सम्पत्ति विमानवासी देवताहरूको समेत मनलाई लोभ्याउने किसिमको थियो ॥१५॥ यस गृहस्थाश्रममा दूधको फींज जस्तै स्वच्छ तथा सुकोमल शय्याले युक्त भएको हात्तीदाँतको पलङ, सुवर्णपात्र, सुवर्णजटित सिंहासन र त्यसमा नरम नरम ओछ्यान ओछ्याइएका थिए ॥१६॥ निर्मल स्फटिकमणि र मरकतमणिले बनेका भित्तामा मणिमय दीपक बलिरहेका थिए र राम्रा राम्रा आइमाईको मूर्तिले त्यस घरको शोभा बढाइराखेको थियो ॥१७॥ त्यस घरको उपवनमा राम्रा राम्रा फलफूलले युक्त भएका अनेक कल्पवृक्ष सुशोभित थिए, जसमा नाना प्रकारका चराचुरुङ्गी मधुर मनोहर शब्द भिकतये र मतवाला भ्रमराहरू भूँ भूँ गर्दथे ॥१८॥ यहाँको कमलको गन्धले सुवासित भएको पोखरीको किनारामा कर्दमजीको साथमा क्रीडा गर्न लागेकी देवहूतिको गन्धर्वगण प्रशंसा गर्दथे ॥१९॥ जसलाई पाउनको निम्ति इन्द्राणीहरूसमेत लोभिन्थे त्यस्तो आफ्नो घरको उपवनको ममतालाई समेत देवहूतिले त्यागिदिइन् तर पुत्र-वियोगले व्याकुल भएकीले उनको मुख अलिकता उदास देखिन्थ्यो ॥२०

एक ता पतिले आफूलाई छाडी सन्यास लिएर वन गएका थिए, त्यसपछि छोरासित पनि वियोग भएकोले आत्मज्ञान सम्पन्न भए तापनि देवहूति जसरी आफ्नो प्यारो बाच्छो हराएमा गाई व्याकुल हुन्छिन्, त्यसै गरी व्याकुल भइन् ॥२१॥ ए बाबु विदुर! आफ्ना छोरा कपिलदेवरूप भगवान् चिन्तन गर्दागर्दै उनी अलिदिनमा यस्तो ऐश्वर्यसम्पन्न घरदेखि पनि निस्पृह भइन् ॥२२॥ फेरि उनी आफ्नो छोराले बताएको, ध्यान गरिन योग्य भगवान्को प्रसन्न वदनयुक्त स्वरूपको समस्त (पूर्णरूप) र व्यस्त (एक एक अङ्ग) भावले चिन्तन गर्दै ध्यान गर्न लागिन् ॥२३॥ यसपछि भगवान्को रूपमा दृढभक्ति हुनाले पहिले झैं देवहूतिको हृदयमा प्रबल वैराग्य उत्पन्न भयो र त्यस वैराग्यले गर्दा यथोचित पूजनादि साधनमा लाग्नाले उनमा ब्रह्मज्ञापक ज्ञानको उदय हुन गयो ॥२४॥ त्यै ज्ञानद्वारा चित्त राम्ररी शुद्ध भएकोले उनी सर्वव्यापक आत्माको ध्यान गर्न लागिन, यसपछि आत्माको उपाधिको अनुभव गर्न लागिन् अर्थात् आफ्नो स्वरूपको प्रकाशले मायाजनित देह-इन्द्रिय आदि भेद दूर भइगयो ॥२५॥ यस प्रकारसंग जीवको अधिष्ठानरूप परब्रह्म श्रीभगवान्मा नै बुद्धि अडिन गएकोले उनको जीवभाव निवृत्त भयो र समस्त क्लेशदेखि मुक्त भएर उनी परमानन्दमा निमग्न भइन् ॥ २६ ॥ अब निरन्तर ईश्वरको चिन्तनमा अर्थात् "म ब्रह्म हुँ" यस्तो भावमा मग्न रहनाले सत्वादि गुणजनित अज्ञान र भ्रम दूर भइहाल्यो। जसरी स्वप्नाबाट ब्युँझेको मानिसलाई सपनामा

देखिएको शरीरको ज्ञान रहँदैन त्यसै गरी उनलाई पनि ज्ञानोदय भएकोले स्वप्नसमानको यस देहको केही होश रहेन अर्थात् उनी ब्रह्मानन्दमा लीन भइन् ॥२७॥यस समयमा उनको शरीरको पोषण कर्दमको योगबलले उत्पन्न भएका विद्याधरीहरू गर्दथे तर कुनै प्रकारको मानसिक क्लेश नहुनाले दुर्बल हुन पाएन बरु त्यसको तेज झन् बढेर आयो, केवल धूलो आदिले ढाकिनाले साक्षात् धूमयुक्त अग्निसमान देखिन लाग्यो ॥२८॥ कपालका केश फुकेका तथा वस्त्रहीन भए तापनि सदासर्वदा भगवान्मा चित्त लागिराखेकोले उनलाई तप र योगले युक्त भएको शरीरमा केही पनि होश भएन, केवल दैव (पूर्वजन्मको कर्म) ले नै उसको रक्षा गर्दथ्यो ॥२९॥

यस प्रकारसंग देवहूतिले कपिलदेवले बताएको मार्गद्वारा चाँडै नै नित्यमुक्त, परमात्मास्वरूप श्रीभगवानलाई प्राप्त गरिन् ॥३०॥हे वीर! जब देवहूतिलाई सिद्धि (मोक्ष) प्राप्त भयो तब ता त्यो परम पवित्र क्षेत्र "सिद्धिपद" नामले तीनै लोकमा प्रसिद्ध भयो ॥३१॥ हे साधुस्वभाव भएका विदुरजी ! योगसाधनले गर्दा निर्मल भएको जुन शरीरलाई देवहूतिले त्याग गरिन् त्यो स्थूल शरीर एउटा नदी बन्न गयो, जो सिद्ध–गणद्वारा सेवित र सब प्रकारको सिद्धि दिने भएको छ ॥३२॥

यता महायोगी भगवान् कपिलजी पनि माताको आज्ञा लिएर पिताको आश्रमदेखि उत्तर–पूर्व (ईशानकोण) तिर लागे ॥३३॥ जब उनी समुद्रतीरमा पुगे तब स्वयं समुद्रले स्वागत गरेर उनलाई बस्ने ठाउँ दियो। सिद्ध, चारण, गन्धर्व, मुनि औ अप्सराहरू उनको स्तुति गर्दछन् ॥३४॥ सांख्याचार्यहरूद्वारा वन्दित उनी तीनै लोकलाई शान्ति प्रदान गर्न त्यहाँ एकाग्रतापूर्वक योगानुष्ठान गरिरहेका छन् ॥३५॥

हे निष्पाप ! हेतात ! तिमीले सोधेको हुनाले मैले भगवान कपिल औ देवहूतिको परम पवित्र सम्बाद तिमीलाई सुनाएं ॥३६॥ आत्मयोगको रहस्यले युक्त भएको यो कपिलदेवजीको मतलाई जो मानिस बराबर सुन्दछ अथवा भन्दछ त्यसले भगवान् गरुडध्वजको भक्ति प्राप्त गरी चाँडै नै भगवच्चरणारविन्दलाई पाउँछ ॥३७॥

तृतीयस्कन्धः समाप्तः

—:०:—

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

चतुर्थ स्कन्ध

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

श्रीमद्भागवत-भाषा

चतुर्थस्कन्ध

अध्याय–१

स्वायम्भुव मनुका दुई छोरीहरूको वंशको वर्णन

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! स्वायम्भुव मनुका शतरूपा रानीबाट प्रियव्रत र उत्तानपाद यी दुई छोराबाहेक तीन छोरी पनि उत्पन्न भए । यी आकूति, देवहूति र प्रसूतिको नामले विख्यात थिए ॥१॥ मनुजीले तिनीहरूमध्ये आकूतिलाई निजको भाई भए तापनि शतरूपाको अनुमतिले पुत्रिका धर्मको अनुसार रुचि प्रजापतिसंग विहे गरिदिए [१]॥२॥ ब्रह्मतेजले सम्पन्न भएका भगवान् रुचि प्रजापतिले पनि आकूतिको गर्भबाट पुत्र औ कन्याको एक जोडी उत्पन्न गरे ॥३॥ यी मध्ये जुन पुरुष थिए ती ता साक्षात् यज्ञस्वरूपधारी विष्णु भगवान् औ स्त्रीचाँही भगवान्‌देखि कहिले पनि छुट्टिएर नरहने लक्ष्मीकी अंशरूपा दक्षिणा भइन् ॥४॥ यसपछि मनुले आफ्नो छोरीका ती परम तेजस्वी छोरालाई बडो प्रसन्नतासाथ घर लिएर आए र दक्षिणालाई रुचि प्रजापतिले आफैंकहाँ राखे ॥५॥ दक्षिणालाई पतिको इच्छा भएपछि यज्ञपुरुष भगवान्‌ले उनीसित बिहे गर्नुभयो, दक्षिणालाई बडो सन्तोष भयो र भगवान्‌ले पनि प्रसन्न भएर उनीबाट बाह्र छोरा उत्पन्न गर्नुभयो ॥६॥ तोष, प्रतोष, सन्तोष, भद्र, शान्ति, इडस्पति, इध्म, कवि, विभु, स्वह्नः सुदेव र रोचन यी तिनका नाम हुन् ॥७॥ यी नै स्वायम्भुव मन्वन्तरमा तुषित नामक देवता भए । मरिचि आदि यस मन्वन्तरमा सप्तर्षि थिए, भगवान् यज्ञ नै देवताहरूका अधीश्वर इन्द्र थिए ॥८॥ महान् प्रभावशाली प्रियव्रत एवं उत्तानपाद यी दुई मनुपुत्र थिए । यो मन्वन्तर यी दुबैका पुत्र-पौत्र औ नातीको वंशले व्याप्त भयो ॥९॥

ए प्यारा विदुरजी ! मनुले आफ्नो अर्को

---

१ अभ्रातृकां प्रदास्यामि तुभ्यं कन्यामलंकृताम् ।
अस्यां यो जायते पुत्रः स मे पुत्रो भविष्यति ॥
यो दाजुभाइ नभएकी, राम्रोसंग सिगारिएकी कन्या तिमीलाई दिन्छु । यिनबाट उत्पन्न भएको छोरो मेरो छोरा हुनेछ—यस्ता भनेर कन्यादान गर्ने विधिलाई पुत्रिका धर्म भन्दछन् ।

छोरी देवहूतिको कर्दमजीसित बिहे गर्नुभएथ्यो। यिनको करीब करीब सबै वृतान्त मेरो मुखबाट सुनिहाल्नुभयो ॥१०॥ आफ्नी तेस्री छोरी प्रसूतिको विवाह ब्रह्माका छोरा दक्षप्रजापतिसंग गर्नुभएथ्यो यिनको विशाल सृष्टि(वंश परम्परा) ता सम्पूर्ण त्रिलोकमा फैलिराखेको छ ॥११॥

कर्दमजीका नौ छोरीहरूको नौ ब्रह्मर्षिहरूसित बिहे भएको कुरा अघि नै वर्णन गरिसकेको छु। अब म उनीहरुको वंशपरम्पराको वर्णन गर्दछु, सुन ॥ १२ ॥ कर्दमकी छोरी औ मरीचि ऋषिकी पत्नी कलाबाट कश्यप र पूर्णिमा नाम गरेका दुइटा छोरा भए, जसका सन्तानले यो सम्पूर्ण जगत् परिपूर्ण हुन गयो।१३॥हे परन्तप ! पूर्णिमाका विरज औ विश्वग नाम गरेका दुई छोरा तथा देवकुल्या नामकी एउटी छोरी भए। यिनै देवकुल्या अर्को जन्ममा हरिको चरण धोएको जलबाट स्वर्गकी नदी (गङ्गा) को रूपमा प्रकट भइन् ॥ १४ ॥ अत्रि ऋषिकी पत्नि अनसूयाबाट दत्तात्रेय, दुर्वासा औ चन्द्रमा नामका तीन परम यशस्वी छोरा भए। यी तीनै छोरा विष्णु, शिव औं ब्रह्माको अंशबाट जन्मेका हुन् ॥१५॥

विदुरजीले सोधे—

हे गुरो ! जगतको उत्पत्ति,स्थिति औ अन्त्य गर्ने ब्रह्मा, विष्णु, महादेव यी तीन सर्वश्रेष्ठ देवहरूले के गर्ने इच्छाले अत्रि मुनिकहाँ अवतार लिएका हुन् ? यो कुरा मलाई भन्नोस् ॥१६॥

मैत्रेयजीले भन्नुभयो—

ब्रह्मज्ञानीहरूमध्येका श्रेष्ठ अत्रि ऋषिलाई ब्रह्माले सृष्टि गर्ने आज्ञा दिंदा उनी आफ्नी स्त्री अनसूयाको साथमा तप गर्न भनी ऋक्ष नामक पर्वतमा गए। १७ ॥ त्यहाँ पलास र अशोकका रूखको एउटा विशाल वन फूलको झुप्पाले सुशोभित थियो औ निर्विन्ध्या नदीको बगिराखेको पानीको कलकल शब्दले जताततै शब्दायमान भइराखेको थियो ॥ १८ ॥ यस वनमा अत्रि मुनिले प्राणायामद्वारा मनलाई एकाग्र गरी सय वर्षसम्म केवल वायु भक्षण गरेर गर्मी, सर्दीको केही वास्ता नराखी एक खुट्टाले उभिरहे ॥ १९ ॥ उनी त्यस वेला यै कुराको चिन्तन गर्न लागेका थिए " सबैजगत्का जुन ईश्वर हुन् म उनके शरणमा छु, उनले मलाई आफूसमानको पुत्र दिऊन्" ॥२०॥

मुनिको प्राणायामरूपी इन्धनद्वारा प्रज्वलित भएको तेजले उनको मस्तकबाट निस्केर तीनै लोकलाई डढाउन लागेको देखेपछि अप्सरा-मुनि-गन्धर्व-सिद्ध-विद्याधर-नाग जसको यशको गान गर्दछन् त्यस्ता ब्रह्मा, विष्णु औ महादेव यी तीनै जगत्पति उनको आश्रममा आए ॥२१-२२॥ यी तीनैको एकैचोटि प्रादुर्भाव भएकोले अत्रि मुनिको मन प्रसन्न भयो।एउटा खुट्टाले उभिराखेका ती मुनिले यी देवदेवहरूलाई देखेपछि लठ्ठी जस्तै पृथ्वीमा लम्पसार परेर प्रणाम गरी अर्घ्य पुष्पादि पूजाको सामग्री हातमा लिएर उनीहरूको पूजा गरे। यी तीनै आफ्ना आफ्ना वाहन हँस-गरुड-गोरुमा चढेका थिए तथा आफ्ना कमण्डलु, चक्र, त्रिशूल आदि चिह्नले सुशोभित थिए ॥२३-२४॥ यिनीहरूको आँखाबाट कृपाको वर्षा भइराखेको थियो। मुखको मन्द हास्यको रेखाले यिनीहरूको प्रसन्नता प्रकट गरिराखेको थियो। यिनीहरूको तेजले तिरमिर हुन गएकाले मुनिले

आफ्नो आँखा बन्द गरेर, चित्त उनैपट्टि लगाएर हात जोडीकन बडो सुन्दर औ मधुर वाणीले लोकमा सबभन्दा ठूला ती तीनै देवको स्तुति गर्न थाले ।।२५-२६।।

अत्रि मुनिले भने—

हे देवगण ! विश्वको उत्पत्ति, स्थिति औ लयको निम्ति मायाका सत्व-रज-तम यी तीनै गुणद्वारा प्रत्येक युगमा भिन्न भिन्न शरीर धारण गर्ने तपाईंहरू ब्रह्मा-विष्णु-महादेव हुनुहुन्छ। तपाईंहरूलाई म प्रणाम गर्दछु । तपाईंहरूमध्ये कुन एक जना महानुभावलाई बोलाएको हुँ, भन्नोस् ।।२७।। मैले ता सन्तान प्राप्तिको इच्छाले केवल एक जना देवश्रेष्ठ भगवान्‌को आराधना गरेको हुँ; किन्तु तपाईंहरू तीनै जनाले यहाँ आउने कृपा कसरी गर्नुभयो । तपाईंहरूलाई ता मानिसले मनमा समेत देख्न सक्तैनन्, तसर्थ मलाई बडो आश्चर्य्य भइराखेका छ, कृपया मलाई यसको रहस्य बताउनुहोस् ।।२८।।

मैत्रेयजीले भन्नुभयो—

हे समर्थ विदुरजा ! अत्रि मुनिको यो कुरा सुन्दा ती तीनै देवश्रेष्ठहरु हाँसेर सुमधुर वाणीमा उनलाई भन्न लागे ।।२९।।

देवगणले भने—

हे ब्रह्मन् ! तिमी सत्यसङ्कल्प छौ, तसर्थ तिमीले जस्तो सङ्कल्प गरेका थियौ त्यस्तै भएको छ, त्यसको विपरीत केही भएको छैन । तिमी जुन जगदीश्वरको ध्यान गरिरहेका थियौ, हामी उही हौं अर्थात् हामी तीनै उनै ईश्वरका रूप हौं ।।३०।। अतः हे मुने ! तिम्रो कल्याण होस् । तिमीकहाँ हाम्रै अंशबाट प्रकट भएका तीन जना जगद्विख्यात छोरा उत्पन्न हुनेछन्। यिनीहरूले तिम्रो यशलाई समेत खूबसँग फैलाउनेछन् ।।३१।। यस प्रकारसँग उनले इच्छा गरेको वर दिएर तथा पति-पत्नी दुवैथरीबाट राम्रोसँग पूजित भएर उनी हरूले हेर्दाहेर्दैमा ती तीनै सुरेश्वर आफ्ना आफ्ना लोकतिर लागे ।।३२।। केही कालपछि ब्रह्माको अंशबाट चन्द्रमा, विष्णुको अंशबाट योगवेत्ता दत्तात्रेय औ महादेवको अंशबाट दुर्वासा ऋषि अत्रिका पुत्ररूपमा प्रकट भए । अब अङ्गिरा ऋषिको सन्तानको वर्णन सुन ।।३३।।

अङ्गिराकी पत्नी श्रद्धाबाट सिनीवाली, कुहू, राका र अनुमति यी चार कन्याको जन्म भयो ।।३४।। यीबाहेक साक्षात् भगवान् उतथ्य र ब्रह्मज्ञानी बृहस्पति यी दुई छोरा पनि जन्मे । यी दुवै स्वारोचिष मन्वन्तरमा विख्यात भए ।।३५।।

पुलस्त्यले आफ्नी पत्नी हविर्भू बाट अगस्त्य र महातपस्वी विश्रवा यी दुई छोरा जन्माए। यिनमा अगस्त्यचाहिं अर्को जन्ममा जठराग्नि भए ।।३६।। विश्रवाकी इडवीडा स्त्रीको गर्भबाट यक्षराज कुवेरको जन्म भयो । उनैकी अर्की स्त्री केशिनीबाट रावण, कुम्भकर्ण र विभीषण उत्पन्न भए ।।३७।।

हे महामते! महर्षि पुलहकी पत्नी परम साध्वी गतिले कर्मश्रेष्ठ, वरीयान् र सहिष्णु यी तीन छोरा जन्माइन् ।।३८।। यसै गरी ऋतुकी स्त्री क्रियाले ब्रह्मतेजले देदीप्यमान भएका बालखिल्यादि साठी हजार ऋषिहरूलाई उत्पन्न गरिन् ।।३९।। हे परंतप ! वशिष्ठकी पत्नी उर्जा (अरुन्धती) बाट चित्रकेतु आदि शुद्ध चित्त

भएका सात ब्रह्मर्षिको जन्म भयो ॥४०॥ चित्र-केतु, सुरोचि, विरजा, मित्र, उल्वण, वसुभृद्यान औ द्युमान् थिनका नाम हुन् । यीबाहेक अर्की स्त्रीबाट शक्ति आदि गरिएका अरू छोरा पनि थिए ॥४१॥ अथर्वण ऋषिकी स्त्री चितिबाट तपोनिष्ठ दध्यङ् (दधीचि) नामक पुत्र भए, यिनलाई अश्वशिरा पनि भन्दथे । अब भृगुका वंशको वर्णन सुन ॥४२॥

महाभाग भृगुले आफ्नी भार्या ख्यातिबाट धाता र विधाता नामका छोरा र एक मात्र भगवान्मा अनुराग भएकी श्री नामकी एउटी छोरी जन्माए॥४३॥यी धाता र विधातासित मेरु ऋषिले आफ्ना ख्याति र नियति नाम गरेका छोरीको बिहे गरिदिए, तिनबाट उनका मृकण्ड र प्राण नामक दुइटा छोरा जन्मे ॥४४॥ यिनमा मृकण्ड-बाट मार्कण्डेय र प्राणबाट मुनि वेदशिराको जन्म भयो। भृगुका कवि नाम भएका अर्का छोरा पनि थिए, यिनबाट भगवान् उशना (शुक्राचार्य) छोरा भए ॥४५॥ हे विदुर ! यी सबै मुनीश्वरहरूले आफ्ना आफ्ना सन्तानले तीनै लोकलाई परिपूर्ण गरिदिए । मैले तिमीलाई यो कर्दमजीका कन्याहरूको वंश वर्णन गरें । जसले यस वर्णन-लाई श्रद्धासँग सुन्दछ त्यसका सबै पाप तत्काले नष्ट हुन्छन् ॥४६॥

मनुकी छोरा प्रसूतिको बिहे ब्रह्माका छोरा दक्षप्रजापतिसँग भएको थियो। यताबाट उनले सोह्रओटी खूब राम्री राम्री छोरी उत्पन्न गरे ॥४७॥ भगवान् दक्षले यिनीहरूमध्ये तेह्र-ओटी धर्मलाई, एउटी अनिलाई, एउटी समस्त पितृगणलाई र एउटी संसारको संहार गर्ने भगवान् शङ्करलाई दिए ॥४८॥ श्रद्धा, मैत्री, दया, शान्ति, तुष्टि, पुष्टि, क्रिया, उन्नति, बुद्धि, मेधा, तितिक्षा, ह्री र मूर्ति—यी धर्मका पत्नी थिए ॥४९॥ यिनमा श्रद्धाले शुभ, मैत्रीले प्रसाद, दयाले अभय, शान्तिले सुख, तुष्टिले मोद, पुष्टिले अहङ्कार, क्रियाले योग, उन्नतिले दर्प, बुद्धिले अर्थ, मेधाले स्मृति, तितिक्षाले क्षेम र ह्री (लज्जा) ले प्रश्रय (विनय) नामका पुत्र उत्पन्न गरे ॥५०–५१॥ समस्त गुणकी खानी मूर्ति देवले नर–नारायण ऋषिहरूलाई जन्माथिन् । यिनको जन्म हुँदा यो सम्पूर्ण जगतले बडो आनन्द मानेर प्रसन्नता प्रकट गरेथ्यो । यस बखतमा मन, दिशा, वायु, नदी, पर्वत सबै प्रसन्न थिए ॥५२–५३॥ आकाशमा मङ्गलकोबाजा बज्न लाग्यो, देवताले फूलको वृष्टि गर्न लागे, मुनिगण प्रसन्न भई स्तुति गर्न लागे, गन्धर्व र किन्नर गाउन लागे औ अप्सराहरूले नाच्न थाले । यस प्रकारसँग त्यस बेला बडो आनन्द मङ्गल भयो तथा ब्रह्मा आदि गरिएका सम्पूर्ण देवताहरूले स्तोत्रद्वारा भगवान्को स्तुति गर्नथाले ॥५३–५५॥

देवताहरूले भने—

जसरी आकाशमा मानिसले नाना प्रकारका रूपको कल्पना गर्दछ त्यसै गरी जसले आफ्नो मायाद्वारा आफ्नै स्वरूपभित्रयो सम्पूर्ण संसारको रचना गरेर यस जगत्लाई नाना रूपले हेर्नको निम्ति अहिले धर्मको घरमा ऋषिको रूप धारण गरी हाम्रो सामुन्ने प्रकट भइराखेका छन् , ती परम पुरुषलाई नमस्कार छ॥५६॥ जसको तत्त्वको हामी शास्त्रको आधारले केवल अनुमानसम्म मात्र गर्न सक्तछौं प्रत्यक्ष ता गर्न सक्तैनौं,

उनै भगवान्‌ले संसारको मर्यादालाई नाश गर्ने विघ्नहरूलाई शान्त गर्नको निम्ति हामी देवताहरूलाई सत्वगुणबाट उत्पन्न गर्नुभएको छ। उनै भगवान् समस्त शोभा औ सौन्दर्य्यको निवासस्थान, निर्मल, दिव्य कमललाई समेत माथ गर्ने आफ्ना करुणामय नेत्रले हामीहरूलाई हेरून्।।५७।।

हे विदूरजी! यस प्रकारसंग देवताहरूद्वारा स्तुति गरिएपछि भगवान् नर-नारायणले उनीहरूतिर हेर्नुभयो र फेरि उनीहरूबाट पूजित भई गन्धमादन पर्वततिर लाग्नुभयो ।। ५८।। भगवान् हरिका अंशावतार उनै नर-नारायण अहिले पृथ्वीको भार हलुको गर्नाको निम्ति कुरु र यदुकुल दुवै ठाउँमा कृष्णरूपले (कुरुकुलमा अर्जुन र यदुकुलमा कृष्ण) अवतीर्ण भएका छन्।।५९।।

अग्निदेवकी पत्नी स्वाहाले हविलाई भक्षण गर्ने अग्निकै अभिमानी देव पावक, पावमान र शुचि— यी तीन छोरा जन्माइन्।।६०।। यी तीनबाट अरू पैंतालीस प्रकारका अग्नि उत्पन्न भए। यिनीहरू आफ्ना तीन पिता (पावक-पावमान-शुचि) तथा एक पितामह (अग्नि) लाई मिलाएर उनन्चास प्रकारका छन्।।६१।। वेदज्ञ ब्राह्मण वैदिक यज्ञकर्ममा जुन उनन्चास अग्निको नाम लिएर अग्निमा हवन गर्दछन् ती सब यिनै अग्निका नाम हुन्।।६२।।

अग्निष्वात्त, बर्हिषद्, सोमप, आज्यप आदि पितृगण साग्निक तथा निरग्निक दुई श्रेणीका छन्। यी सबैकी पत्नी दक्षकी छोरी स्वधा थिइन्।।६३।। यी पितृहरूको वीर्यबाट स्वधाका धारिणी र वयुना नामका दुई कन्या भए। यी दुवै ज्ञान (साधारण ज्ञान) विज्ञान (ईश्वर अथवा मायाको ज्ञान) मा पारङ्गत हुनाले ब्रह्मज्ञानको उपदेश गर्दथे तसर्थ यिनका कुनै सन्तान भएनन्।।६४।। श्रीमहादेवकी पत्नी सती थिइन्, यी हरतरहबाट पतिपरायणा थिइन् तर पनि यिनको आफूसमानको गुण औ शील भएको कुनै छोरो भएन।।६५।। किनकि यिनले आफ्ना पिता दक्षले विना कुनै अपराध भगवान् शङ्करसित विरोध गरेको देखेर रिसैरिसले यौवनकालमा नै योगद्वारा स्वयं आफ्नो शरीरलाई भस्म गरिदिइन्।।६६।।

अध्याय-२

प्रजापतिहरूको यज्ञमा शिव र दक्षको वैरको वृत्तान्त।

विदुरले सोधे—

हे ब्रह्मन्! छोरीहरूको माया गर्ने दक्षले आफ्नी छोरी सतीको अनादर गरेर सुशीलहरूमाका श्रेष्ठ श्रीमहादेवजीसित किन द्वेष गरे?।।१।। महादेवजी ता चराचरका गुरु, कसैले द्वेष नगर्नुपर्ने किसिमका, शान्तमूर्ति, आत्मामा रमण गर्ने एवं जगत्‌का परम इष्ट-देव हुन्। उनीसितकसैले किन द्वेष गर्ला?।।२।। हे ब्रह्मन्! यस्ता ती ससुरा र ज्वाइँमा यस्तो द्वेष कसरी हुन गयो, जसले गर्दा सतीले आफ्नो त्यागने नसकिने प्राणको समेत बलिदान गरिन्। मलाई

यो कुरा भन्नोस् ॥३॥

मैत्रेयजीले भन्नुभयो—

हे विदुर! उहिंले एकचोटि प्रजापतिहरूको यज्ञमा सबै ठूला ठूला ऋषि, देवता, मुनि र अग्नि आदि गरिएकाहरू आफ्ना आफ्ना अनुयायीहरूको साथमा जम्मा भएका थिए ॥४॥ यस अवसरमा सूर्यसमानका तेजस्वी औ आफ्नो कान्तिले त्यस सभाभवनको अन्धकारलाई दूर गर्ने दक्षप्रजापतिलाई त्यहाँ आएको देखी उनको तेजले प्रभावित भएर ब्रह्मा र महादेवबाहेक अग्निलगायत सबै सभासद् उनको स्वागत गर्न भनी आफ्नो आफ्नो आसनबाट उठेर खडा भए ॥५-६॥ यस प्रकार समस्त सभासद्द्वारा राम्रोसँग सम्मानित भएर दक्ष लोकगुरु ब्रह्मालाई नमस्कार गरी उहाँको आज्ञा लिएर आफ्नो आसनमा बसे ॥७॥

तर महादेवजीलाई आफूभन्दा पहिले नै बसेको देख्ता यसबाट आफ्नो अपमान भएको संझी दक्षले उनको यो व्यवहार सहन सकेनन् र क्रोधाग्निले शिवलाई भस्म पार्ने हो कि जस्तो गरी तेर्सो आँखाले हेर्दै भन्न लागे ॥८॥ " हे देवता हो! अग्निहरूसहितका हे महर्षि हो! मेरो कुरा सुन्नोस्। मैले अज्ञान वा ईर्ष्याले ता भनेको होइन, तर शिष्ट पुरुषको जस्तो आचरण हुनुपर्दछ, त्यै कुरा लिएर भन्दछु ॥९॥ यी निर्लज्ज महादेव ता समस्त लाकपालको पवित्र कीर्तिलाई नष्ट गर्ने हुन्। हेर्नोस्, यी घमण्डीले ता सत्पुरुषले हिंड्ने गरेको मार्गलाई कलङ्कित गराइदिए ॥१०॥ यिनले साधु पुरुषले झै मेरी सावित्रीसमानकी छोरीको अग्नि औ ब्राह्मणहरूको सामुन्ने पाणिग्रहण गरेका हुन् तसर्थ यिनी एक प्रकारले मेरो छोरोसमान भएका छन् ॥११॥ बाँदरको जस्तो आँखा भएका यिनले मेरी मृगनयनी कन्याको पाणिग्रहण गरेपछि ता मलाई देख्ता उठेर प्रणाम गर्नुपर्ने हो। तर यिनले वाणिले समेत मेरो सत्कार गरेनन् यिनको यो आचरण ठीक होइन ॥१२॥ अफशोस! धनको लोभले शूद्रलाई वेद पढाए झैं आफ्नो इच्छा नभए तापनि मैले भ्रष्ट कर्म गर्न, सदा अपवित्र रहने, घमण्डी, लोकमर्य्यादाको उल्लङ्घन गर्ने यिनलाई आफ्नी सुकुमारी कन्या दिएँ ॥१३॥ यिनी प्रेतहरु बस्ने भयङ्कर श्मशानमा भूतप्रेतलाई साथमा ली घुमिरहन्छन्। पूरा बौलाहा झैं कपालका रौं फर्र पारेर नाङ्गोभुतुङ्गो भई कहिले हाँस्तछन्, कहिले रुन्छन् ॥१४॥ यिनले शरीरमा चिताको अपवित्र खरानी घसेको, घाँटीमा भूतहरुले पहिरने किसिमको नरमुण्डको माला र अङ्ग-प्रत्यङ्गमा हाडका गहना लगाएको हुन्छ; नाम मात्रका शिव तर वास्तवमा पूरा अशिव (अमङ्गल) रूप छन्। स्वयं नशावाज भएकोले मतवालाहरू नै मन पर्ने हुन्छन्। यी भूत-प्रेत-प्रमथ आदि गरिएका तमोगुण स्वभाव भएका प्राणीका नायक हुन् ॥ १५ ॥ अहो! मैले केवल ब्रह्माजीको भनाइमा लागेर यस्तो भूतको सर्दार, आचारहीन औ दुष्ट स्वभाव भएकोलाई आफ्नी सुधी छोरी दिएँ" ॥१६॥

मैत्रेयजी भन्नुहुन्छ—

दक्षले यस प्रकारसँग महादेवलाई भन्ने नभन्ने कुरा भने तापनि उहाँले कसै गरेपनि विरोध नगर्न जस्तो भई चुपचाप लागी बस्नुभयो। यो देख्ता दक्षप्रजापतिको रिस झन् बढेर आयो

र उनी हातमा जल लिएर श्राप दिन तय्यार भए ।।१७।। दक्षले भने— "देवताहरूमाका अधम यी महादेवले अब उप्रान्त इन्द्र, उपेन्द्र आदि देवताहरुको साथमा यज्ञको भाग नपाऊन्" ।।१८।। त्यहाँ उपस्थित भएका सभासदहरुले दक्षलाई खूब रोकेका हुन् तर हे विदुर ! उनी महादेवलाई श्राप दी अत्यन्त झोक्किएर सभाबाट निस्की आफ्नो घरतिर लागे । १९।।

दक्षले श्राप दिएको कुरा थाहा पाएपछि शङ्करका अनुयायीहरु मध्येका मुख्य नन्दीश्वरलाई बडो झोक उठ्यो र रिसले गर्दा आँखा राता राता तुल्याएका यिनले दक्ष तथा उनको कुवाक्यको अनुमोदन गर्ने ब्राह्मणहरुलाई समेत भयङ्कर श्राप दिए ।।२०।।

नन्दीले भने—

यो मरणशील शरीरमा नै अभिमान गरेर कसैसित द्रोह नगर्ने भगवान् शङ्करसित जसले द्वेष गर्दछ त्यो भेदबुद्धि भएको मूर्ख सदा तत्त्वज्ञानदेखि विमुख रहोस् ।।२१।। यो दक्ष विषयसुखको इच्छाले कपटधर्मयुक्त गृहस्थाश्रममा नै आसक्त भएर तथा "चातुर्मास्य यज्ञ गर्नेलाई अक्षय पुण्य मिल्दछ" यस्ता वेदवाक्यले मोहित एवं विवेक-भ्रष्ट भएर कर्मकाण्डमा नै लागिरहन्छ ।।२२।। यसको बुद्धि सदा अविद्यामा ग्रस्त रहन्छ, यसैकारण देहलाई आत्मा मान्दछ तसर्थ आत्माको गति थाहा नपाउने यो दक्ष अत्यन्त स्त्री-लम्पट होओस् र चाँडै नै यसको मुख बाख्रोको जस्तो होओस् ।।२३।। यो मूर्ख अविद्या (कर्मकाण्ड) लाई विद्या (तत्वज्ञान) भन्ठान्दछ तसर्थ यसलाई र शङ्कर भगवान्को अपमान गर्ने यस दुष्टका अनुयायीहरुलाई जन्म-मरणरूप संसारचक्रमा पर्नुपरोस् ।।२४।। वेदवाणी-रूप लता स्वर्गादि लाभ देखाउने फूलले सुशोभित छ, स्वर्गादि लाभको विश्वासरूपी यसको मनोहर सुगन्धले शिवका द्रोहीहरुको मन मुग्ध भइराखोस् अर्थात् यी शिवद्रोही ब्राह्मणहरु तत्त्वज्ञानमा तत्पर नभएर कर्ममार्गमा नै लागिराखून् ।।२५।। यी ब्राह्मणहरु भक्ष्याभक्ष्यको विचार छाडेर केवल पेट पाल्नको निम्ति विद्या, तप औ व्रतादिको आश्रय लिऊन् र धन-शरीर-इन्द्रियको सुखलाई नै सुख मानेर भिक्षुक भई पृथ्वीमा भड्किरहून् ।।२६।।

नन्दीश्वरको मुखबाट यस प्रकारसंग ब्राह्मणकुललाई श्राप दिएको सुनेर भृगुजीले यसको बदलामा यो अनिवार्य्य ब्रह्म-शाप दिए ।।२७।। "जो शिव-भक्त छन् तथा जो उनका भक्तका अनुयायी छन् ती सत् शास्त्रको विरुद्ध आचरण गर्ने (वाम मार्गी) र पाखण्डी होऊन् ।।२८।। शौचहीन, बुद्धिहीन तथा जटा, भस्म र हाड धारण गर्नेहरु शिवसम्प्रदायमा दीक्षित होऊन् जहाँ सुरा अथवा आसव नै देवतुल्य आदरको वस्तु मानिएको छ ।।२९।। अरे ! तिमीहरु ता मानव-धर्मको मर्यादाको रक्षा गर्ने वेद र ब्राह्मणको निन्दा गर्दछौ, यसबाट ता तिमीहरुले पाखण्डको आश्रय लिएको मालूम हुन्छ ।।३०।। यो वेदमार्ग नै संसारमा कल्याण-कारक र सनातन मार्ग हो, अहिलेसम्मका पुर्खाहरु यै मार्गको आश्रय लिइआएका छन र यसको मूल अर्थात् प्रवर्तक साक्षात् विष्णु भगवान् हुनु हुन्छ ।।३१।। तिमीहरु सज्जनहरुको

परम पवित्र औ सनातन मार्गस्वरूप वेदको निन्दा गर्दछौ, यसकारण तिमीहरु त्यै पाखण्डमार्गमा जाऊ जहाँ भूतहरुका सर्दार तिम्रा इष्टदेव महादेवजी निवास गर्दछन्'' ॥३२॥

मैत्रेयजीले भन्नुभयो—

हे विदुर ! भृगु ऋषिले यसरी श्राप दिएपछि शङ्कर भगवान् अलि खिन्न जस्तो भइ आफ्ना अनुयायीहरुलाई साथमा लिएर त्यहाँबाट निस्कनुभयो ॥३३॥ हे महाधनुर्धर विदुर ! त्यहाँ प्रजापतिहरु जुन यज्ञ गरिरहेका थिए त्यसमा पुरुषोत्तम श्रीहरि नै उपास्य देव हुनुहुन्थ्यो । हजार वर्षमा समाप्त हुने यो यज्ञ समाप्त गरेर तिनीहरुले गङ्गा र यमुनाको सङ्गममा (प्रयागमा) यज्ञान्त स्नान गरेर फेरि शुद्ध-चित्त भएर आफ्नो आफ्नो स्थानतिर लागे ॥३४-३५॥

———

अध्याय—३

सती पिताको घर यज्ञोत्सवमा जान आग्रह गर्दछिन् तर शिवजी उनलाई जान हुन्न भनेर संझाउनुहुन्छ ।

मैत्रेयजी भन्न लाग्नुभयो—

हे बिदुरजी ! यस प्रकारसंग ती ससुरा र ज्वाइंले आपसमा वैर-विरोधको भाव राखेर वर्ताव गर्दागर्दैमा धेरै समय बितेर गयो ॥१॥ ये अवसरमा पितामह ब्रह्माले दक्षलाई समस्त प्रजापतिहरुको अधिपति बनाइदिनुभयो, यसले गर्दा उनको घमण्ड झन् बढेर गयो ॥२॥ दक्षले ब्रह्मज्ञानी शङ्कर आदिको निरादर गरेर अर्थात् उनीहरुलाई नबोलाईकन पहिले वाजपेय यज्ञ गरेर अनि यज्ञहरुमध्येको श्रेष्ठ बृहस्पतिसव नाम गरेकोयज्ञ गर्न थाले॥३॥त्यस यज्ञमा सम्पूर्ण ब्रह्मर्षि, देवर्षि, पितृगण, देवता आदि आफ्ना आफ्ना पत्नीहरुको साथमा आए र यी सबैको दक्षले ठूलो आदर-सत्कार गरे ॥४॥

त्यस वेला आकाशको बाटो गरी जान लागेका देवताहरू आपसमा दक्षको यज्ञको विषयमा चर्चा गर्दै जान लागेका थिए । तिनको मुखबाट दक्षकुमारी सतीले आफ्नो पिताको घरमा हुन लागेको यज्ञरूप महोत्सवको सूचना पाइन् ॥५॥ तिनले आफ्नो निवासस्थान कैलाशनिर चारैतिरबाट यक्ष-गन्धर्व आदि गरिएका उपदेवका सु-नयनी स्त्रीहरू विमानमा बसेर आफ्ना पतिहरूको साथमा चहकिलो कुण्डल एवं हार पहिरेर खूबसँग सजिसजाउ भएर यज्ञोत्सवमा सम्मिलित हुन जान लागेका देखिन् । यो देख्ता उनी पनि पिताकहाँ जान बडो उत्सुक भइन् र आफ्ना पति भूतनाथ शङ्कर भगवान्लाई भन्न लागिन्॥६-७॥

सतीले भनिन्—

हे देव ! अहिले तपाईंका ससुरा दक्षप्रजापतिकहाँ ठूलो यज्ञ हुन लागेको छ; हेर्नोस्, यी सबै देवता त्यहीं जान लागेका छन् । तपाईंको इच्छा भए हामी पनि जाऔं न ॥८॥ यस मौकामा आफ्नो बन्धुवर्गलाई भेट्न भनी मेरो दिदी-बहिनीहरू पनि आफ्ना आफ्ना लोग्नेको

साथमा अवश्य त्यहाँ आउनेछन्। मेरो पनि तपाईंको साथमा त्यहाँ गएर आमाबाबुले दिएको गहना लुगा आदिका उपहार लिने इच्छा छ ॥९॥ हेनाथ! त्यहाँ आफ्ना पतिपरायणा बहिनीहरू-लाई, सानीआमा तथा मलाई भेट्न उत्कण्ठित भइराखेकी आफ्नी स्नेहमयी आमालाई भेट्ने-छु यति मात्र होइन, त्यहाँ जानाले महर्षिहरूले रचेको श्रेष्ठ यज्ञ पनि हेर्न पाइनेछ ॥ १० ॥ हे अजन्मा प्रभो! तपाईंकै मायाले निर्माण गरिएको यो आश्चर्य्यजनक त्रिगुणात्मक जगत् तपाईंमै प्रकाशमान भइराखेको छ तथापि हे शङ्कर! आफू ता स्त्रीस्वभावकी हुनाले तपाईंको तत्त्व बुझ्न सक्तिनँ यसैले आफ्नो जन्म-भूमि हेर्नलाई म दीन दुःखी बडो आकुल भइराखेकी छु ॥११॥ हे नीलकण्ठ! हे अजन्मा प्रभो! हेर्नोस् दक्षसित केही सम्बन्ध नभएका आइमाईहरू ता खूबसँग सिंगारिएर आफ्ना लोग्नेको साथमा बगालका बगाल त्यहाँ जान लागेका छन्। त्यहाँ जान लागेका यी आइमाईहरूका रजहाँससमानका सेता विमानले सम्पूर्ण आकाशमण्डल नै व्याप्त भइराखेको छ ॥१२॥ हे सुरश्रेष्ठ! आफ्नो पिताको घरमा उत्सव हुन लागेको समाचार पाएपछि उसकी छोरीको शरीर त्यहाँ सम्मिलित हुन किन नछट्पटाउला? नबोलाईकन कसरी जाने भन्ने कुरामा लोग्ने, गुरु, आमा-बाबु अथवा मित्रको घरमा उत्सवको वेलामा नबोलाए तापनि जाने चलन छ ॥१३॥ हे देव! तपाइं ता बडो करुणामय हुनुहुन्छ तसर्थ मेरो उपर कृपा गरी मेरो यो इच्छा पूर्ण गरिदिनोस्। परम ज्ञानी भएर पनि तपाईंले मलाई आफ्नो आधी अङ्गमा स्थान दिनुभएको छ, अतः मेरो यस याचनालाई स्वीकार गरी मलाई अनु-गृहीत गर्नोस् ॥१४॥

मैत्रेयजी भन्नुहुन्छ—

आफ्नी प्यारी सतीले यस प्रकारसँग प्रार्थना गर्दा आफ्नो आत्मीयको भलो गर्ने शङ्कर भगवान्लाई दक्षप्रजापतिले समस्त प्रजापतिको सामुन्ने भनेको ती मुटु छेड्ने दुर्वचनरूपी वाणको संझना हुन गयो र उहाँले हाँसेर भन्नु-भयो ॥१५॥

शङ्कर भगवान्ले भन्नुभयो—

हे सुन्दरि! आफ्ना बन्धुवर्गकहाँ नबोलाए तापनि जान हुन्छ भन्ने जो कुरा तिमीले भन्यौ सो ठीक हो तर यस्तो ता प्रबल देहाभिमानले उत्पन्न भएको क्रोधले गर्दा उनको दृष्टि द्वेष-दोषले युक्त छैनभने मात्र गर्नुहुन्छ ॥१६॥ हेर, विद्या-तप-धन-सुदृढ शरीर, युवावस्था-उच्च कुल यी छओटा सत्पुरुषका गुण हुन् तर नीच पुरुषमा ता यी अवगुण पो हुन जान्छन्, किनकि यी गुण पाउनाले उनको अभिमान बढ्दछ र यसले गर्दा उनको दृष्टि दूषित र विचार-शक्ति नष्ट हुन्छ र यसैकारणले ती मूर्ख महापुरुषको प्रभाव देख्न सक्तैनन् ॥१७॥ तसर्थ आफूकहाँ आएकालाई कुटिल बुद्धिले आँखिभूइँ बङ्ग्याएर क्रोधपूर्ण दृष्टिले जो हेर्दछन् त्यस्ता अव्यवस्थित चित्त पुरुषकहाँ यो मेरो बन्धु हो भन्ने समझ लिए र कहिले पनि जान हुन्न ॥ १८ ॥ हे देवि! आफ्ना कुटिल बुद्धि स्वजनको कठोर वचनले जत्तिको पीडा हुन्छ त्यत्तिको पीडा ता शत्रुको वाणको चोट पर्दा पनि हुन्न, किनकि

बाणले शरीर छिया छिया भए तापनि जसोतसो गरेर निद्रा ता पर्दछ तर कुवाक्यले मुटु छेडिंदा ता मानिस मनको तापले दिन-रात बेचैन भइरहन्छ ॥१९॥

हे सुन्दरि ! परमोन्नतिमा पुगेका दक्षप्रजापतिका छोरीहरुमा तिमी बाबुकी सबभन्दा प्यारी छोरी छौ भन्ने कुरा मलाई थाहा छ तर मेरो आश्रित हुनाले तिमीले बाबुबाट सत्कार पाउनेछैनौ किनकि दक्ष मसित बडो द्वेष गर्दछन् ।।२०॥ अहङ्कारशून्य महापुरुषको समृद्धिलाई देख्ता जसको हृदयमा सन्ताप तथा इन्द्रियमा व्यथा हुन्छ त्यस्ता व्यक्ति ती अहङ्कारशून्य पुरुषको जस्तो ऐश्वर्य ता सजिलोसँग पाउन सक्तैनन् तसर्थ विष्णुको बराबरी गर्न नसकेकोले असुरहरुले उहाँसित वैरभाव राखे झैं उनीहरुसित शत्रुता गर्न थाल्दछन् ॥२१॥

हे सुमध्यमे ! लोकमा आफूभन्दा ठूलालाई देख्ता उनको अगाडि उभिने, नम्रता देखाउने, प्रणाम गर्ने आदि सत्कारको जुन चलन छ त्यो ज्ञानीहरुमा पनि परस्पर चल्दछ भन्ने कुरा ठीक हो तर तत्वज्ञानीहरु ता अन्तर्यामीरुपले सबैको अन्तःकरणमा विराजमान भएका परमपुरुष वासुदेवलाई मनले नै प्रणाम गर्दछन्, देहाभिमानी पुरुषलाई शरीरद्वारा उठेर गर्दैनन्, मैले पनि मनले ईश्वरलाई प्रणाम गरेथें, देहाभिमान दक्षलाई शरीरद्वारा उठेर प्रणामादिले आदर-सत्कार गरिनँ ॥२२॥ बिशुद्ध अन्तःकरणको नाम नै वासुदेव हो, किनकि त्यसैमा परमपुरु (ज्ञानरूप) वासुदेव भगवान्‌को साक्षात् अनुभव हुन्छ। शुद्ध चित्तमा रहने इन्द्रियातीत भगवान् वासुदेवको नै म मनले चिन्तन गर्ने गर्दछु ॥२३॥

तसर्थ हे सुन्दरि ! जसले प्रजापतिहरूको सभामा मेरो कुनै अपराध नभए तापनि कठोर वचन भनेर मेरो तिरस्कार गऱ्यो त्यो दक्ष तिम्रो शरीरलाई उत्पन्न गर्ने पिता हो तापनि मेरो शत्रु हुनाले तिमीले त्यसलाई अथवा त्यसका अनुयायीहरूलाई हेर्ने विचारसम्म पनि गर्न हुँदैन ॥२४॥ मेरो कुरा नमानेर कदाचित् तिमी त्यहाँ गइछौ-भने तिम्रो कल्याण हुनेछैन, किनकि आत्मीय जनद्वारा सुप्रतिष्ठित व्यक्तिलाई जुन अपमान हुन्छ त्यो अपमान तत्काले त्यसको मृत्युको कारण हुन जान्छ ॥२५॥

अध्याय-४

सतीको अग्नि-प्रवेश ।

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! यति भनेर शङ्कर भगवान् दक्षकहाँ जान दिनामा अथवा नदिनामा दुवै अवस्थामा सतीको देहत्यागको सम्भावना देखेर चुप लाग्नुभयो। यता सती पनि बन्धुवर्गलाई भेट्ने ईच्छाले कहिले बाहिर आउँथिन् औ कहिले शङ्कर रिसाउनुहोला भन्ने शङ्काले भित्र जान्थिन्। यस प्रकारसँग कुनै एउटा कुरा निश्चय गर्न नसकेकोले उनी दोधारमा परिन् ॥१॥ बन्धुजनसित भेट गर्ने इच्छामा बाधा पर्न गएकोले उनी अत्यन्त दिक्दार भइन्।

स्वजनपट्टिको मायाले गर्दा आकुलव्याकुल भ र आँखाभरी आँसु गरी रुन लागिन् उनको शरीर थर, थर् काम्न लाग्यो । जोभन्दा ठूलो अरू कोही छैन त्यस्ता शङ्कर भगवान्तिर उनलाई भस्मै पार्ने हो कि जस्तो गरी क्रोधको दृष्टिले हेर्न लागिन्॥२॥अन्त्यमा शोक र क्रोधले गर्दा उनको चित्त बडो खिन्न भयो र स्त्रीस्वभावले गर्दा बुद्धि पनि मूढ भएर गयो । लामो लामो सास फेर्दै आफ्नो आमा बाबुको घरतिर लागिन् । सज्जनप्रिय, प्रेममा परेर आफ्ना आधा अङ्गदिने भगवान् शङ्करलाई समेत त्यहीं छोडिदिइन् ॥३॥ सतीलाई बडो फूर्तीसंग एक्लै जान लागेकी देख्ता भगवान् शङ्करका मणिमान् र मद आदि गरिएका हजारौं सेवक वृषभराजलाई अघि लगाएर तथा अरू पनि अनेक पार्षद र यक्षलाई साथमा ली बडो छिटोसँग निर्भयतापूर्वक उनको पछि लागे ॥४॥ तिनीहरुले सतीलाई नन्दीमा सवार गराए र मैना चरा, भकुण्डो, ऐना, कमल आदि खेलका सामग्री, सेतो छाता, चँवर, माला आदि राजचिह्न तथा दुन्दुभि, शङ्ख, बाँसुरी आदि गाना बजानाको समान लिएर उनीसँग हिंडे ॥५॥

यसपछि सतीले दक्षको यज्ञशालामा प्रवेश गरिन् । त्यहाँ ब्राह्मणहरु चारैतिर वेद पाठ गरिरहेका थिए । यज्ञमा पशुको बलि भइराखेको थियो । जतातते देवता तथा ब्रह्मर्षिहरू बसिराखेका थिए । सर्वत्र यज्ञको सामग्रीले परिपूर्ण भएका माटो, काठ, फलाम, सुन, कुश र चर्मका पात्र राखिएका थिए ॥ ६ ॥ त्यहाँ पुगेपछि यजमान दक्षले उनको अलिकता पनि सत्कार गरेनन् । यो देख्ता आमा र दिदीबहिनी बाहेक दक्षको भयले अरू कसैले पनि उनको आदर गरेनन् । तर सतीकी आमा र बहिनीहरूले ता बडो आनन्द मानेर प्रेमले गद्गद भई बडो आदरसंग उनलाई अंगालो हाले ॥७॥ तर सतीले भने बाबुबाट अपमानित भएकीले दिदीबहिनीहरुको कुशल प्रश्नसहितको "आएको बडो वेश भयो" भन्ने इत्यादि वार्त्तालाप तथा आमा, सानीआमाहरुले सम्मानपूर्वक दिएको उपहार एवं सुन्दर आसनपट्टि केही ध्यानै दिइनन् ॥८॥

त्यस यज्ञमा शङ्कर भगवान्को निम्ति कतै भाग नराखेको तथा पिताद्वारा उहाँको अपमान भएको संझेर त्यस यज्ञमा तिरस्कार गरिएकी सर्वलोकेश्वरी सतीदेवीलाई अत्यन्तै रिस उठ्यो । त्यस वेला तिनी आफ्नो क्रोधले सम्पूर्ण लोकलाई नै भस्म पार्ने हुन् कि जस्ती देखिएकी थिइन् ॥९॥ कर्ममार्गको अभ्यासले अति घमण्डी भएर शिवको द्वेष गर्ने दक्षलाई मार्नको निम्ति उद्यत भएका आफूसित आएका भूतगणलाई आफ्नो तेजले रोकेर सतीले सबैले सुन्ने गरी पिताको निन्दा गर्दै रिसले गर्दा लरबरिएको वाणीले भन्न लागिन् ॥११॥

सतीले भनिन्—

हे पिताजी ! यस संसारमा जोभन्दा ठूलो अरू कोही छैन, जसको न कोही प्रिय छन् अप्रिय औ जो समस्त प्राणीका आत्मा हुन् त्यस्ता सर्वात्मक, कसैसित वैर नगर्ने भगवान् शङ्करसित तिमीबाहेक अरू कसले विरोध गर्न सक्ला ? ॥११॥ कुनै कुनै साधुजन अर्काको दोष-

पट्टि दृष्टि नदिएर केवल गुणलाई नै ग्रहण गर्दछन् तर तिमी जस्ता दुष्टहरु ता अर्काको अनेक गुण-पट्टि विचार नराखेर अलिकता दोषपट्टि नै विचार गर्दछन्, अर्काको अलिकता गुणलाई धेरै मानेर जो ग्रहण गर्दछन् ती ता अतिशय महान् हुन्। बडो अफशोस छ, तिमीले ता यस्तै महापुरुष भगवान् शङ्करमाथि पनि दोषारोपण गर्‍यौ॥ १२॥ मुर्दासरहको यस जड शरीरलाई नै आत्मा मान्नेहरुले द्वेषभावले सदा महापुरुषको निन्दा गर्दछन् भन्ने कुरामा केही आश्चर्य्य छैन। ज्ञानी साधुजनले उनको यस चेष्टामा केही ध्यान नदिए तापनि चरणको धूलोले ता यो अपराध खप्न नसकेर उनको तेजलाई नष्ट गरिदिन्छ। अतएव दुष्टले साधुजनको निन्दा गर्नु बेशै हो, कारण चाँडै नै प्रतिफल पाइने हुनाले दुष्टको पापको प्रायश्चित्त भइहाल्दछ॥१३॥ जसको "शिव" यी दुई अक्षरको नाम प्रसंगवश एकबाजि मुखबाट निस्कन गएमा मानिसको समस्त पापलाई उत्तिखेरि नै नष्ट गरिदिन्छ औ जसको आज्ञालाई कसैले उल्लङ्घन गर्न सक्तैन तिनै पवित्रकीर्ति शङ्कर भगवानसित तिमी द्वेष गर्दछौ तसर्थ तिमी अवश्यै अशिव अर्थात् अमङ्गलरूप हौ॥१४॥ सज्जनहरूको मनरूप भ्रमरा ब्रह्मानन्द-रसको पान गर्ने इच्छाले जसको चरणकमलको सदासर्वदा सेवन गर्दछन् औ जो सकाम पुरुषले इच्छा गरेको समस्त अभिलाषालाई पूर्ण गरिदिन्छन् उनै विश्वबन्धु भगवान् शिवसित तिमी द्वेष गर्दछौ, यो ता साँच्चि नै तिम्रो दुर्भाग्य हो॥१५॥

तिमी भन्दछौ रे—यी ता केवल नाम मात्रका शिव हुन्, यिनको वेष ता अशिव (अमङ्गल) छ, किनकि यिनी नरमुण्डको माला, चिताको भस्म, हाड इत्यादि धारण गरी जटा फुकाएर भूत-पिशाचसँग स्मशानमा घुम्दछन्। उहाँको यो अशिवता तिमीबाहेक ब्रह्मादि देवताहरुमा कसैलाई थाहा छैन क्यारे। उनीहरु ता उहाँको चरणबाट झरेको निर्माल्यलाई आफ्नो मस्तकमा धारण गर्दछन्॥१६॥ मेरो विचारमा ता धर्म-मर्य्यादालाई नमान्ने पुरुष धर्मको रक्षा गर्ने ईश्वरको निन्दा गर्न लागेका छन् भने, आफूमा उनलाई दण्ड दिने शक्ति छैन भने दुवै कानलाई औंलाले थुनेर त्यहाँबाट हिंडिदेओस्, शक्ति छ भने बलजफ्तीसँग बकबाद गर्ने अमङ्गलरूप त्यसको जिभ्रो झिकिदेओस् र अनि आफ्नो प्राण त्यागिदेओस्—यसो गर्नु नै धर्म हो॥१७॥ भगवान् नीलकण्ठको निन्दा गर्ने तिमीबाट उत्पन्न भएको यस शरीरलाई अब म राख्न सक्तिन। भूलले कुनै अभक्ष्य कुरो खाइयो भने त्यसलाई वमन गरेर फ्याँकिदिनाले नै मानिसको शुद्धि हुन्छ—शास्त्रको यस्तै सम्मति छ॥१८॥ संसारमा आफ्नो स्वरूपमा रमण गर्ने महामुनिहरुको बुद्धि वेदको विधि (यसो गर्न हुन्छ) निषेध (यसो गर्न हुन्न) रूप वाक्यको अनुसरण गर्दैन। जस्तै देवता र मनुष्यको गतिमा विभिन्नता छ (एकथरी आकाशमा विचरण गर्दछन्, अर्काथरी केवल पृथ्वीमा नै हिंड्न सक्तछन्) त्यस्तै ज्ञानी र अज्ञानीको चाल पनि एकै किसिमको हुन्न; तसर्थ मानिस आफ्नै धर्ममा अडियोस् तर अर्काको धर्ममा ता आक्षेप नगरोस्॥१९॥ प्रवृत्ति (यज्ञ यागादि) तथा निवृत्ति (शम,

दम इत्यादि) रूप दुवै प्रकारका कर्म ठीक हुन्। वेदमा प्रवृत्तिमार्ग लिएका रागी र निवृत्तिमार्ग लिएका यी दुवैथरीका अधिकारीहरूको कर्म विवेचनापूर्वक आफ्नो आफ्नो उद्देश्यले व्यवस्था गरेर वर्णन गरिएको छ। परस्पर विरोधी हुनाले उक्त दुवै प्रकारका कर्मको एउटै मानिसले एकै समयमा आचरण गर्न सक्तैन अर्थात् एउटा मानिसले एक समयमा एउटै काम गर्न सक्तछ;परन्तु परब्रह्मरूप भगवान् शङ्करलाई यी दुई प्रकारका कर्ममा कुनै पनि गर्ने आवश्यकता छैन ॥२०॥

हे पिताजी ! हाम्रो ऐश्वर्य अव्यक्त छ अर्थात् इच्छानुसार सर्वत्र प्रकट हुन सक्तछ, आत्मज्ञानी महापुरुषले मात्र यसको सेवन गर्न सक्तछन्। तपाईंसित ता यस्तो ऐश्वर्य छैन, किनकि तपाईंको ऐश्वर्य यज्ञशालामा मात्र हुन्छ र यज्ञशालामा यज्ञान्नले तृप्त भएर प्राणपोषण गर्ने कर्मठहरू नै यसको प्रशंसा गर्दछन्, हाम्रो ऐश्वर्यको ता प्रशंसा गर्न सक्तैनन् ॥२१॥ भगवान् शङ्करको अपराध गर्ने तपाईंको शरीरबाट उत्पन्न भएको यो निन्दिनीय देहसित अब मलाई केही प्रयोजन छैन। तपाईं जस्ता दुर्जनसित सम्बन्ध भएकोले मलाई लाज लागिराखेको छ। महापुरुषको अपराध गर्नेको जन्मलाई धिक्कार छ॥२२॥ भगवान्‌शिवले ठट्टामा तिम्रो साथमा मेरो सम्बन्ध देखाएर दाक्षायणा (दक्षकुमारी) भनेर बोलाउँदा मलाई ठट्टाको संभ्नना नभएर बडो खेद हुनेछ; तसर्थ यस्तो हुनुभन्दा अगाडि नै तिम्रो शरीरबाट उत्पन्न भएको यो मुर्दासमानको शरीरलाई झट्टै त्यागि दिन्छु ॥२३॥

मैत्रेयजी भन्नुहुन्छ—

कामादि शत्रुलाई जित्ने हे विदुरजी ! यज्ञमण्डपमा दक्षलाई यस प्रकारसंग भनिसकेपछि सतीदेवी मौन भई जलको आचमन गरेर, पहेंलो वस्त्र ओढेर, आँखा चिम्ली उत्तरदिशातिर फर्केर योगाभ्यासमा प्रवृत्त भई भूईंमा बसिन् ॥२४॥ तिनले आसनलाई स्थिर गरेर प्राणयामद्वारा प्राण (ऊर्ध्ववायु) र अपान (अधोवायु) लाई नाभिदेशमा स्थिर गराएर एउटै रूपमा ल्याइन्। फेरि उदान (एकै ठाउँमा मिसिएका तिनै वायु) वायुलाई माथि उठाएर बिस्तारै बिस्तारै बुद्धिको साथमा हृदयमा स्थापित गरिन्। त्यसपछि अनिन्दिता सतीले हृदयस्थित त्यस वायुलाई कण्ठमार्गबाट भ्रुकुटीको बीचमा पुन्याइन् ॥२५॥ जुन शरीरलाई महापुरुषहरुमाका श्रेष्ठ भगवान् शङ्करले अनेकबाजि आफ्नो काखमा राखेका थिए—त्यसैलाई अहिले दक्षमाथि रिस उठेकोले त्याग्ने इच्छाले महामनस्विनी सतीले आफ्नो सम्पूर्ण अङ्गमा वायु र अग्निको भावना गरिन् ॥२६॥ यसपछि सतीले सबैतिरबाट चित्त हटाएर मनमा आफ्ना स्वामी जगद्गुरु शिवको चरणकमलको रसपान गर्न लागिन्। यस बखतमा उनले जताततै उहाँको चरणसिवाय अरू केही देख्तैदेखिनन्। यसो गर्नाले उनको शरीर सर्वथा निर्दोष अर्थात् म दक्षकन्या हुँ भन्ने अभिमानले मुक्त भएर समाधिद्वारा उत्पन्न भएको योगाग्निले तुरुन्तै जल्न लाग्यो ॥२७॥ सतीको देहत्यागरूप यो महान् आश्चर्य्यमय चरित्र देख्ता त्यहाँ आएका देवतादिहरुले हाहाकार गर्न लागे र यो भयङ्कर कोलाहल आकाश तथा पृथ्वीमा जताततै फैलिन गयो। सबै जना भन्न लागे—"अहो ! दक्षले गरेको अपमानले कुपित भएर देवाधिदेव

महाँदेवकी प्यारी सतीले प्राण त्याग गरिदि-इन् ॥२८॥अहो ! सकल चराचर जीव जसका प्रजा छन् त्यस्ता दक्षप्रजापतिको दुष्टता ता हेर । यिनकी शुद्धहृदया सती पुत्री सदा मान पाउन योग्य थिइन् तर बाबुले उनको यस्तो अनादर गरिदिए कि उनले प्राण त्याग्नुपर्‍यो ॥२९॥ यो कुटिलहृदय औ ब्रह्मद्रोही दक्षको निश्चय संसारमा ठूलो अपकीर्ति हुनेछ किनकि यस शङ्करद्रोहीले आफूद्वारा अपमानित भएर प्राण त्याग गर्न उद्यत भएकी छोरीलाई रोक्ता पनि रोकेन"॥३०॥

सबै जनाले यस प्रकारसँग भनिरहेको वेलामा शिवजीका पार्षदहरु सतीको यो अद्भुत प्राणत्याग देखेर अस्त्र-शस्त्र लीकन दक्षलाई मार्न भनी यज्ञशालामा पसे ॥३१॥ यिनीहरुको आक्रमणको वेग देखेर भगवान् भृगुले यज्ञमा विघ्न पार्नेहरुको नाश गर्ने "अपहतं रक्षः" इत्यादि मन्त्रको उच्चारण गर्दै यज्ञकुण्डको अग्निमा आहुति दिए ॥३२॥ अध्वर्यु भृगुले आहुति दिनासाथ यज्ञकुण्डबाट हजारौं " ऋभु " नामका देवता प्रकट भए । यिनीहरुले आफ्नो तपस्याको प्रभावले चन्द्रलोक प्राप्त गरेका थिए ॥३३॥ ब्रह्मतेजले देदीप्यमान भएका यी देवताहरुले बल्दो काठले आक्रमण गर्दा गुह्यकसहित सम्पूर्ण प्रमथगण यताउति भाग्न लागे ॥३४॥

अध्याय-५

वीरभद्र उत्पन्न भएर दक्षको यज्ञको विध्वंश गर्दछन् र दक्ष-प्रजापतिको बध

छुन्छ ।

मैत्रेयजी भन्नुहुन्छ—

यता जब शङ्कर भगवान्ले नारदको मुखबाट आफ्ना पिता दक्षबाट अपमानित भएकीले देवी सतीले प्राण त्याग गरेकी र उसको यज्ञवेदीबाट प्रकट भएका ऋभु नामक देवताहरूले आफ्ना पार्षदहरूको सेनालाई भगाएको समाचार सुन्नुभयो तब ता उहाँलाई बडो रिस उठ्यो ॥१॥ अनि भगवान् रुद्रले अत्यन्त क्रुद्ध भएर आफ्नो ओठ टोक्तै बिजुली र आगोको ज्वालासमानको प्रकाश-मान आफ्नो एउटा जटा उखेलेर सहसा उठी बडो गम्भीर अट्टहास्य गरेर त्यस जटालाई पृथ्वीमा पछार्नुभयो ॥२॥ त्यस जटाबाट एउटा बडे-मानको शरीर भएको पुरुष उत्पन्न भयो । उसको शरीर यस्तो अग्लो र चौडा थियो कि त्यसले आकाशलाई नै छुन लागेको हो कि जस्तो मालूम हुन्थ्यो । त्यसका हजार हात थिए, मेघसमानको श्यामवर्ण थियो, सूर्यसमान प्रज्वलित तीन आँखा थिए, अतिशय भयङ्कर दाह्रा थिए तथा आगोको ज्वाला जस्ता राता राता जटा थिए, घाँटीमा नर-मुण्डको माला र हातमा किसिम किसिमका हात-हथियार थिए ॥३॥ जब यसले "भगवन ! म के गरूँ" भनेर हात जोडीकन सोधेथ्यो अनि ता भगवान् भूतनाथले भन्नुभयो—" हे रुद्र ! हे सुभट ! तँ

मेरो अंश होस् तसर्थ मेरो पार्षदको अधिनायक बनेर झट्टै जा र दक्ष एवं उसको यज्ञलाई नष्ट पारिदे'' ।।४।।

हे विदुरजी ! देवाधिदेव शङ्कर भगवान्ले झोक्किएर यस्तो आज्ञा दिनासाथ वीरभद्र पनि उहाँको परिक्रमा गरेर प्रस्थान गर्न तयार भयो, त्यस समयमा त्यसले मेरो वेगको सामना गर्ने संसारमा कोही छैन र म जस्तै ठूलो वीरको पनि सामना गर्न सक्तछु भन्ने विचार गऱ्यो ।।५।। वीरभद्र सिंहनाद गर्दै अतिभयङ्कर त्रिशूल हातमा लिई दक्षको यज्ञमण्डपतिर दगुरे । उनको त्रिशूल जगत्को अन्त्य गर्ने मृत्युको समेत संहार गर्नामा समर्थ थियो । रुद्र भगवान्का अरू पनि अनेक सेवक गर्जना गर्दै उनको पछि लागे । त्यस बखतमा उनका चरणका आभूषण छम् छम् गरेर बज्न लागेका थिए ।।६।।

यता यज्ञशालामा बसेका ऋत्विज्, यजमान, सदस्य तथा अरू ब्राह्मण र ब्राह्मणीहरूले उत्तर दिशातिर धूलो उड्न लागेको देखेर आपसमा विचार गर्न लागे—“अहो ! कस्तो अँध्यारो हुन लागेको ? यो धूलो आयो कताबाट ? ।।७।। यस समयमा न ता आँधी चलेको छ न कहीं चोर डाँकू छन् भन्ने सुनिएको छ किनकि अपराधीहरूलाई कठोर दण्ड दिने राजा प्राचीनबर्हि ता अझसम्म बाँचेकै छन् । अहिले ता गाईहरूको फर्कने वेला पनि भएको छैन, अनि यो धूलो आयो कहाँबाट ? अहिले संसारको प्रलय ता हुन आँटेको होइन ? ” ।।८।। अनि ता दक्षका प्रसूति आदि गरिएका स्त्रीहरूले व्याकुल भएर भन्न लागे “प्रजापति दक्षले आफ्ना सबै छोरीहरूको सामुन्नेमा बिचरी निरपराधिनी सतीको अपमान गरेथे—यो त्यै पापको फल जस्तो मालूम हुन्छ ।।९।। प्रलयकालमा आफ्ना जटा फिजाएर त्रिशूलको टुप्पामा बडा बडा दिग्गजहरूलाई उठाएर, बज्रपातसमानको घोर अट्टहासले दिशाहरूलाई कम्पायमान गराउँदै, शस्त्र-अस्त्रले सुसज्जित भएको आफ्ना हातलाई ध्वजा जस्तै गरी फिजाएर ताण्डवनृत्य गर्दछन् ।।१०।। त्यस समयको तिनको तेज असह्य हुन्छ र बङ्ग्याएका आँखिभूइँ अति भयानक हुन्छन्, उनको भयङ्कर दाह्राको चमकको अगाडि ताराहरूको चमकसमेत धमिलो देखिन्छ । यस्ता क्रोधमूर्ति शङ्कर भगवान्लाई झोक्क्याएपछि ता कुपित गराउने साक्षात् ब्रह्म नै किन नहुन् तिनको समेत कल्याण हुन सक्तैन, दक्षादि अरू जीवको कुरा ता कता छ कता'' ।।११।।

यज्ञशालामा बसेकाहरूले हडबडाएको दृष्टिले आपसमा हेराहेर गर्दै यस किसिमका नाना प्रकारका कुरा गर्दागर्दैमा आकाश औ पृथ्वी सबैतिर अनेक भयङ्कर उत्पात हुन लागे, यी उत्पात देख्ता महात्मा दक्षको चित्तमा समेत भय उत्पन्न हुन गयो ।।१२।। हे विदुर ! यै वेलामा दगुर्दै आएका रुद्रका सेवकहरूले त्यस यज्ञमण्डपलाई चारैतिरबाट घेरे । यी सबैले किसिम किसिमका हात-हथियार लिएका थिए । यिनमा कोही बाउन्ने, कोही खैरो रङ्गका, कोही पहेंलो रङ्गका र कसैको मुख र पेट मकरको जस्तो थियो ।।१३।। यिनमा कसैले प्राग्वंश (यज्ञशालाको पूर्व र पश्चिमको थाममाथि अड्याएको काठ) लाई भाँचिदिए, कसैले यज्ञशालाको पश्चिमतिरको पत्नीशालालाई नष्ट गरिदिए, कसैले यज्ञशालाको सामुन्नेको सभामण्डपलाई र

मण्डपको अघिल्तिरको आग्नीध्रशालालाई तोडिदिए तथा कसैले यजमानगृह र पाकशालालाई ध्वस्त पारे ॥१४॥ कसैले यज्ञको पात्र फुटाले, कसैले आगो निभाइदिए, कसैले यज्ञमण्डपमा पिशाप गरिदिए र कसैले वेदीको मेखलालाई चुँडालिदिए ॥१५॥ कसैले मुनिहरूलाई सताउन लागे, कसैले आइमाईलाई तर्साउन हप्काउन थाले औ कसैले नगीचमा भागिरहेका देवताहरूलाई समाते ॥१६॥ मणिमान्ले भृगु ऋषिलाई बाँधे, वीरभद्रले दक्षप्रजापतिलाई बाँधे, चण्डीशले पूषालाई र नन्दीश्वरले भगदेवलाई समातेर बाँधे ॥१७॥

शङ्कर भगवान्का पार्षदहरूको यो भयङ्कर लीला देखेर तथा उनले फ्याँकेका कङ्कड-पत्थरको मारले पीडित भएर त्यहाँ जति ऋत्विज्, सदस्य, देवताहरू थिए ती सबै जताततै भागेर गए ॥१८॥ त्यसपछि शङ्कर भगवान्का पार्षद वीरभद्रले हातमा स्रुवा लिएर हवन गरिरहेका भृगुको दाह्री जुँगा उखेलिदिए, किनकि यिनले प्रजापतिहरूको सभामा आफ्नो जुँगा देखाउँदै महादेवजीको खिस्सी गरेका थिए ॥१९॥ फेरि यिनले रिसले मुर्मुरिएर भगदेवलाई भूइँमा पछारी उनको आँखा झिकिदिए किनकि यिनले सभामा महादेवलाई भन्नु नभन्नु भनिरहेका दक्षलाई आँखाको इशारा गरेर उत्साहित गरेका थिए॥२०॥ यसपछि अनिरुद्धको विवाहको समयमा बलरामले कलिंगराजको दत उखेले झैं यिनले पूषाको दाँत उखेलिदिए, किनकि दक्षले महादेवलाई गाली गर्दाखेरि यिनले दाँत देखाएर हाँसेका थिए ॥२१॥ अनि वीरभद्र दक्षको छातीमा चढेर एउटा तीखो तलवारले उनको घाँटी रेट्न लागे तर अनेक प्रयत्न गर्दा पनि त्यसलाई छुट्ट्याउन सकेनन् ॥२२॥ अनेक प्रकारका अस्त्र-शस्त्रले समेत उनको छाला नकाटिएको देख्ता वीरभद्रलाई बडो अचम्म लाग्यो र उनले धेरै बेरसम्म विचार रे ॥२३॥ अनि यिनले यज्ञमण्डपमा जसरी यज्ञपशुलाई मार्दछन् त्यसै गरी दक्षरूप यजमान पशुको टाउकोलाई निमठेर शरीरबाट छुट्ट्याइए ॥२४॥ यो देख्ता भूत-प्रेत-पिशाचादिहरूले ता यिनको यस कामको प्रशंसा गर्दै "वाह, वाह" गर्न लागे तर दक्षपट्टिकाहरूमा ता हाहाकार मच्चियो॥२५॥ फेरि वीरभद्रले अत्यन्त कुपित भएर दक्षको टाउकोलाई यज्ञको दक्षिणाग्निमा हवन गरिदिए र अनि यज्ञशालामा आगो सल्काएर कैलाशपर्वततिर फर्के ॥ २६ ॥

अध्याय-६

ब्रह्मादि देवताहरू कैलाशमा जम्मा भएर भगवान् शङ्करलाई मनाउँछन् ।

मैत्रेयजीले भन्नुभयो—

यस प्रकारसंग शङ्कर भगवान्का पार्षदद्वारा परास्त भएका तथा भूतप्रेतका त्रिशूल, पट्टिश, खड्ग, गदा, परिघ, मुद्गर आदि शस्त्रले अङ्ग-प्रत्यङ्ग छिया छिया हुन गएका समस्त देवताहरू ऋत्विज् र सदस्यहरूलाई साथमा लिई भयले आकुलव्याकुल हुँदै ब्रह्माछेउ पुगे र उहाँलाई

नमस्कार गरी सारा वृत्तान्त भनेर सुनाए ।।१-२।। भगवान् ब्रह्मा र सर्वान्तर्यामी श्रीनारायणलाई पहिले नै यो भावी उत्पात थाहा भएकोले उहाँ-हरू दक्षको यज्ञमा आउनुभएको थिएन ।।३।। देवताहरूको मुखबाट त्यहाँको वृत्तान्त सुनेपछि ब्रह्माले भन्नुभयो—"हे देवता हो ! अतितेजस्वी पुरुषबाट कदाचित् कुनै दोष हुन गएछभने पनि त्यसको साटो फेर्ने मनसायले अपराध गर्ने मानिसको कदापि कल्याण हुने संभावना छैन ।।४।।

तिमीहरुले ता यज्ञभागका अधिकारी शङ्कर भगवान्लाई उहाँको भाग नदिएर बडो ठूलो अपराध गरेकाछौ तर उहाँ ता बडो चाँडो प्रसन्न हुनुहुन्छ तसर्थ शुद्ध चित्तले चरणकम्ल पकडी उहाँलाई प्रसन्न गराऊ ।।५।। दक्षको दुर्वचनरूपी वाणले उहाँको मुटु पहिले नै छेडिएको हो। त्यसमाथि प्यारी सतीसितको वियोग हुन गयो तसर्थ यो यज्ञ फेरि शुद्ध भएर पूर्ण होओस् भन्ने तिमीहरूको इच्छा छभने पहिले वहाँ गएर आफ्नो अपराधको निम्ति क्षमा माग, नत्र ता यो यज्ञको ता केकुरा उहाँ कुपित भएको खण्डमा लोकपालसहितको यो समस्त लोक नै नष्ट हुनेछ ।।६।। ती परम स्वतन्त्र शङ्कर भगवान्को तत्त्व र शक्ति-सामर्थ्यलाई म, इन्द्र, तिमी सबै देवताहरू तथा अरू देहधारी ऋषिमुनि कसैले पनि जान्दैनन् । उहाँसिवाय अरू कसले तिमीहरूको रक्षा र यज्ञ पूर्ण हुने उपाय गर्न सक्तछ" ? ।।७।।

देवताहरूलाई यति भनेर ब्रह्माजी पितृगण, प्रजापतिगण तथा देवताहरूलाई साथ लिई आफ्नो लोकबाट शिवको प्रिय धाम पर्वतराज कैलाशतिर लाग्नुभयो ।।८।। त्यस कैलाशमा जन्म, औषधि, तप, मन्त्र तथा योग आदि उपायले सिद्धि प्राप्त गरेका देवता, किन्नर, गन्धर्व र अप्सरादिहरू सदा वास गर्दछन् ।।९।। चित्र-विचित्र धातुले रंगिएको, अनेक प्रकारका वृक्ष-लता-गुल्मादिले छापिएको तथा किसिम किसिमका जङ्गली जीवले विचरण गर्ने,नाना मणिमय शिखरले युक्त भएको यो पर्वत अत्यन्त रमणीय देखिन्छ ।। १० ।। यहाँ निर्मल जलका अनेक झरना बगिरहेका छन् र यो अनेक गुफा तथा शिखरले सुशोभित छ। आफ्ना प्रियतमहरूको साथमा विहार गर्ने सिद्ध-पत्नीहरूको यो क्रीडास्थल बनिराखेको छ ।।११।। यो जताततै मयूरको सुन्दर वाणी, मदमत्त भ्रमराहरूको भूँभूँ शब्द, कोइलीको कुहू कुहू ध्वनि तथा अन्यान्य पक्षीहरूको बोलीले गुञ्जाय-मान भइराखेको छ ।।१२।। यहाँका कल्पवृक्षहरू अग्ला अग्ला हाँगा हल्लाएर चराहरूलाई बोलाउन लागेका जस्ता देखिन्छन् । हात्तीहरूको डुला-इले यो पर्वत स्वयं हिंड्न लागेको र झरनाको कलकल ध्वनिले कुराकानी गर्न लागेको जस्तो देखिन्छ ।।१३।।

मन्दार, पारिजात,सरल, तमाल, शाल, ताल, कोविदार, असन र अर्जुनका वृक्षले यस पर्वतको शोभा बढाइराखेका छन् ।।१४।।त्यसै गरी आम, कदम,नीप, नाग, पुन्नाग चम्पक, गुलाब, अशोक, बकुल, कुन्द, कुरवक, सुनौला शतपत्र कमल, अलैंची, जाइफल, कुब्जक, मालती, माधवी आदि वृक्षले यो पर्वत बडो राम्रो देखिन्छ ।।१५-१६।। कटहर,गूलर, पीपल, पाकर, बड, गुग्गुल, भोज-

वृक्ष, औषधि जातका रूख (फल पाकेपछि काटिने जातका), सुपारी, राजपूग, जामुन, खजूर, अमलतास, आम्र, प्रियाल, महुवा, इङ्गुदी इत्यादि अनेक प्रकारका रूख र वेणु (खँदिलो बाँस) औ कीचक (खोक्रो बाँस) को झाँगले यो पर्वत बडो मनोहर देखिन्छ ॥१७-१८॥ यहाँका पोखरीमा कुमुद, उत्पल, कल्लार र शतपत्र आदि अनेकथरीका कमल फुलेका छन्। तिनको शोभाले मुग्ध भएका, मीठो बोली बोल्ने चराहरूले गर्दा यो बडो सुशोभित भइराखेको छ। १९॥ यहाँ जताततै हरिण, वानर, सूँगुर, सिंह, भालू, साही, नीलगाई, कस्तूरीमृग, बाघ, कृष्णमृग राँगा, कर्णान्त्र, एकपद, अश्वमुख, ब्वाँसो घुमिरहन्छन्। यहाँका पोखरीका किनाराहरु केराका पङ्क्तिहरुले घेरिएकोले शोभायमान छन् ॥ २०-२१ ॥ यस पर्वत-राजको चारैतिर नन्दा नामकी नदी बगि-राखेकी छन्, जसको पवित्र जल सतीदेवीले स्नान गर्नाले झन् बर्ता पवित्र हुन गएको छ। भगवान् भूतनाथको निवासस्थान त्यस कैलाश पर्वतलाई देख्ता देवताहरुलाई बडो आश्चर्य्य लाग्यो ॥२२॥

त्यहाँ तिनीहरुले अलका नाम गरेको एउटा अति रमाइलो शहर र सौगन्धिक वन देखे। यस बनमा त्यै नामका, सर्वत्र सुगन्ध फिजाउने सौगन्धिक कमल फुलिराखेका थिए॥२३॥ त्यस शहरको बाहिरपट्टि नन्दा र अलकनन्दा नाम गरेका दुइटा नदी छन्। यिनीहरु तीर्थपाद श्रीहरिको चरणरजले गर्दा अत्यन्त पवित्र भएका छन् ॥२४॥

हे विदुरजी! यी नदीमा रतिविलासले थकित भएका देवाङ्गनाहरु आफ्नो निवासस्थान स्वर्गलोकबाट आएर जलक्रीडा गर्दछन् औ तिनमा स्नान गर्दा आफ्ना पतिहरुलाई पानी छ्याप्तछन्। २५॥ त्यहाँ ती देवीहरुले स्नान गर्न लाग्दा भर्खर लगाएको कुचकुङ्कुम पखालिनाले जल पहेंलो हुन जान्छ। त्यो कुङ्कुम मिसिएका जल हात्तीहरू तिर्खा नलागेको भए तापनि गन्धको लोभले स्वयं पिउँछन् औ हथिनीहरुलाईसमेत पियाउँछन्॥२६॥ यस अलकापुरीमा चाँदी, सुन र बहुमूल्य मणि-हरुका सयकडौं अग्ला अग्ला महल छन् र यसमा अनेक यक्षपत्नीहरु बस्तछन्, यसकारण यो शहर बिजुली र रङ्गी-बिरङ्गी बादलले ढाकेको आकाश-समान देखिन्छन् ॥२७॥

यक्षराज कुवेरको राजधानी त्यस अलका-पुरीलाई छाडेर देवताहरु सौगन्धिक वनमा गए। यो वन रङ्ग-बिरङ्गका फल-फूल तथा पात भएका अनेक कल्पवृक्षले सुशोभित थियो ॥२८॥ यो वन कोइली आदि चराहरुको मधुर ध्वनि तथा भ्रमराहरुको भूँभूँ शब्दले परिपूर्ण थियो। रजहाँसको परम प्रिय कमल-कुसुमले सुशोभित भएका अनेक पोखरी यहाँ थिए ॥२९॥ बनैया हात्तीले आफ्नो शरीर दलेको हुनाले बोक्रा निस्केका यहाँका हरिचन्दनका रूखबाट निक्लेको सुगन्धले सुगन्धित भएका वायु फिंजिए र वारंवार यक्षपत्नीहरुको मनलाई अत्यन्त क्षुब्ध पारि-दिन्थे॥३०॥ यस वनमा जति पोखरी थिए तिनमा सिंढीहरू वैदुर्य मणिका बनेका थिए औ तिनमा अनेक कमल फुलिराखेका हुन्थे। यहाँ अनेक किम्पुरुष बहार गर्न आइराखेका थिए। यस

प्रकारको त्यस वनको शोभा हेर्दै जब देवताहरु अलि अगाडि पुगेथे तब ता तिनीहरुले नजीकैमा एउटा वटवृक्ष देखे ।३१।।

यो वृक्ष शय योजन अग्लो र यसका हाँगा पचहत्तर योजनसम्म फैलिएका थिए। यसको चारैतिर सदा छाहारी भइरहने हुनाले घामको कष्ट कहिले पनि हुन पाउँदैनथ्यो तथा यसमा चराका कुनै गुँड पनि थिए नन् ।।३२।। हे विदुर ! त्यस महायोगमय औ मुक्तिको कामना गर्ने योगीहरुले आश्रय लिन योग्यको वटवृक्षमनि देवताहरुले भगवान् शङ्करलाई बसिराखेको देखे। उहाँ साक्षात् क्रोधहीन कालसमान देखिनु-भएको थियो ।।३३।। ती शान्तमूर्ति भगवान् भूतनाथको सनन्दन आदि गरिएका शान्त (निवृत्ति परायण) सिद्धहरुले तथा उहाँका सखा यक्षराज कुवेरले सेवा गरिराखेका थिए। ३४।। जगत्पति महादेवजी समस्त संसारको सुहृद्‌ हुनु-हुन्छ. यसैकारण प्रेमवश सबैको कल्याण गर्नाका लागि उपासना, चित्तको एकग्रता तथा समाधि आदि साधनको आचरण गरिरहनुहुन्छ ।।३५।। सन्ध्याकालको मेघसमानको अरुण वर्ण आफ्नो शरीरमा उहाँले भस्म, दण्ड,जटा, मृगछाला आदि गरिएका तपस्वीहरुको चिह्न धारण गर्नुभएको थियो औ उहाँको मस्तकमा चन्द्रमाको कला सुशोभित थियो ।। ३६ ।। कुशको आसनमा बस्नुभएको उहाँले नारदले सोधेको हुनाले सनातन ब्रह्मको उपदेश गरिरहनुभएको थियो। यस वेला अरू सन्तहरु पनि एकाग्रचित्तले उहाँको उपदेश सुनिराखेका थिए ।।३७।। दाहिने तिघ्रामा देब्रे चरण तथा देब्रे हात देब्रे घुँडामा राखेर औ नाडीमा रुद्राक्षको माला धारण गरी तर्कमुद्राले बसिराख्नुभएको थियो (तर्जन्यंगुष्ठयोरग्रे मिथः संयोज्य चाङ्गुलीः। प्रसार्य बन्धनं प्राहुस्तर्कमुद्रेति मान्त्रिकाः) ।।३८।। योगपट्टको[१] सहारा लिई, एकाग्रचित्तले ब्रह्मानन्दको अनुभवगरिरह-नुभएको, विचारवान्‌हरु मध्येका सर्वश्रेष्ठ शङ्कर भगवान्‌लाई लोकपालसहितका मुनिहरुले हात जोरेर प्रणाम गरे ।।३९।। देवता तथा दैत्यका अधिपति जसको चरणको वन्दना गर्दछन् त्यस्ता ती महादेवजीले ब्रह्मालाई आएको देख्ता आसनबाट उठी, मस्तक निहुराएर, वामना-वतारमा परमपूज्य विष्णु भगवान्‌ले कश्यपको वन्दना गरे झैं उहाँलाई प्रणाम गर्नुभयो ।।४०।। भगवान् शङ्करको वरिपरि अरू पनि जति सिद्ध तथा महर्षिगण बसेका थिए ती सबैलाई पनि प्रणाम गरिसकेपछि ब्रह्माजीले चन्द्रशेखर शङ्कर-लाई प्रणाम गरेर हाँस्तै भन्नुभयो ।।४१।।

ब्रह्माले भन्नुभयो—

तपाईं सम्पूर्ण जगत्‌का स्वामी हुनुहुन्छ भन्ने कुरा मलाई थाहा छ, किनकि विश्वको योनि-शक्ति (प्रकृति) र त्यसको वीज शिवस्वरूप जो पुरुष (जीवात्मा) छ, यी दुवैदेखि फरक जो एउटा भेदहीन, विकाररहित ब्रह्म छ त्यो तपाईं नै हुनुहुन्छ ।।४२।। हे भगवन् ! जसरी माकुरो आफैले जालो फिंजाएर त्यसमा क्रीडा गर्दछ र आखीरमा त्यस जालोलाई आफैमा लीन गर्दछ

१ योगपट्ट काठको एक किसिमको आडाको नाम हो। योगीहरू यसको सहारा लिएर धेरै बेरसम्म बसिरहने अभ्यास गर्दछन्।

त्यसै गरी तपाईं पनि आफ्नो स्वरूप प्रकृति र पुरुषरूपमा क्रीडा गर्दै संसारको रचना, पालन औ संहार गर्नुहुन्छ ।।४३।। तपाईंले नै धर्म औ अर्थको प्राप्ति गराउने वेदको रक्षा गर्नाको निम्ति दक्षलाई निमित्त बनाएर यज्ञलाई प्रकट गर्नुभएको हो । तपाईंले नै वेदरूप आफ्नो आज्ञाले वर्ण औ आश्रमको आचाररूप धर्म–मर्य्यादालाई स्थापित गर्नुभएको हो, नियमनिष्ठ ब्राह्मणहरु श्रद्धापूर्व्वक त्यस मर्यादाको पालन गर्दछन् ।।४४।। हे मङ्गल-मय महेश्वर ! तपाईं नै पुण्यकर्म गर्नेहरुलाई स्वर्गलोक अथवा मोक्षपद प्रदान गर्नुहुन्छ तथा पाप गर्नेहरुलाई घोर नरकमा पार्नुहुन्छ, त्यसो भएपछि कुनै व्यक्तिका लागि यस नियमको विपरीत किन देखिएको हो त ? अर्थात् यज्ञरूप पुण्यकर्म गर्दा पनि दक्षले किन यो दुःख पाएको हो ? ।।४५।। जुन सज्जनले आफ्नो चित्त तपाईंको चरणमा समर्पण गरेका छन्, जो सम्पूर्ण प्राणीमा तपाईंलाई विराजमान भएको देख्तछन् औ समस्त प्राणीलाई ब्रह्ममय सम्झेर आफूदेखि फरक देख्दैनन्, त्यस्तामाथि प्रायः क्रोधले पशुमाथि जस्तै आफ्नो अधिकार जमाउन पाउँदैन, किनकि क्रोध ता भेदबुद्धि भएका नरपशुहरुको धर्म हो ।।४६।। भेदबुद्धि भएकोले जो कर्ममा नै आसक्त छन, जसको अन्तःकरण मिथ्या देहाभिमानले दूषित छ, अर्काको उन्नति भएको देख्ता जसको चित्त रातदिन जलिरहन्छ, मट्टमा आघात गर्ने यस्ता अज्ञानी पुरुष आफ्नो कठोर वचनले अर्काको चित्त दुखाउँछन्, यस्तालाई समेत तपाईंसमानका महापुरुषले मार्न उचित पर्दैन, किनकि यिनलाई ता आफ्नो कर्मले नै नष्ट गर्दछ अर्थात् आफै मरेकोलाई किन मार्ने ? ।।४७।। हे देव ! भगवान् कमलनाभको प्रबल मायाले बुद्धि भ्रष्ट हुन गएकोले कदाचित् कुनै पुरुषको कुनै स्थानमा भेद-बुद्धि हुन गएछभने पनि साधुहरु अर्काको दुःखमा दया देखाउने आफ्नो स्वभावले गर्दा तिनीमाथि कृपा नै गर्दछन, त्यस मूढले गरेको अपराधलाई दैवाधीन सम्झेर त्यसको अहित गर्नपट्टि लाग्दैनन् ।।४८।।

हे प्रभो ! तपाईं सर्वज्ञ हुनुहुन्छ । भगवान्को प्रबल मायाले तपाईंको बुद्धिलाई छुनसम्म पनि सकेको छैन, तसर्थ जसको चित्त त्यस मायाको वशीभूत भई कर्ममार्गमा आसक्त भइराखेको छ, त्यस्ताद्वारा कुनै अपराध भएछभने पनि तपाईंले ता त्यसमाथि कृपा नै गर्नुपर्दछ ।।४९।। हे मननशील भगवन् ! तपाईंद्वारा विध्वस्त भएको दक्षप्रजापतिको यो अपूर्ण यज्ञको पुनरुद्धार गर्ने कृपा गर्नोस् । यज्ञ–भाग पाउने तपाईंको पूरा अधिकार भए तापनि दक्ष–यज्ञका बुद्धिहीन याजकहरुले जसको कृपाले यज्ञ पूर्ण हुन्छ त्यस्ता तपाईंलाई यज्ञभाग दिए-नन् ।।५०।। अब तपाईंको कृपाले यजमान दक्ष फेरि बाँचोस्, भगदेवले नेत्र पाओस्, भृगुको दाह्री–जुँगा उम्रोस् तथा पूषाको पहिले जस्तै गरी दाँत निस्कोस् ।।५१।। हे रुद्रदेव ! शस्त्र–अस्त्र औ ढुङ्गाको प्रहारले अङ्ग–प्रत्यङ्ग छिन्नभिन्न भएका देवता तथा ऋत्विज्हरु तपाईंको कृपाले झट्टै नीरोग भइहालून् ।।५२।। हे रुद्र ! यज्ञमा जति पदार्थ शेष रहनेछ त्यो तपाईंको भाग हो । हे यज्ञविध्वंशक महादेव ! अब आफ्नो यो भाग ग्रहण गरी यज्ञको उद्धार गर्नोस् । अब उप्रान्त यज्ञ समाप्त भएपछि जति सामग्री शेष रहनेछ त्यो तपाईंको भाग हुनेछ ।।५३।।

अध्याय-७

रुद्र भगवान्को वरदान, दक्षको पुनर्जीवन, यज्ञको पूर्ति औ सबै देवताहरूले गरेको विष्णु भगवान्को स्तुति।

मैत्रेयजीले भन्नुभयो—

हे महाबाहो विदुर ! ब्रह्माले यस प्रकार-सँग स्तुति गरेपछि भगवान् शङ्करले प्रसन्नता-साथ हाँस्तै भन्नुभयो—सुन ॥१॥

महादेवले भन्नुभयो—

हे प्रजापते ! भगवान्को मायाले मोहित भएका दक्षसमानका नासमझको अपराधको न म चर्चा गर्दछु, न स्मरण नै गर्दछु। केवल चेताउनको निम्तिमा नै मैले उसलाई अलिकता दण्ड दिएको हुँ ॥२॥ दक्षप्रजापतिको टाउको डढिसकेको छ तसर्थ त्यसको शरीरमा बाख्रोको टाउको लगाइयोस्, भगदेव मित्र देवताको आँखाले आफ्नो यज्ञभाग हेरून् ॥ ३ ॥ पिनेको अन्न खाने पूषा देवता त्यस अन्नलाई यजमानको दाँतले खाऊन् तथा अरू देवताहरूको छिन्न-भिन्न भएको अङ्ग फेरि जस्ताको तस्तै होओस् किनकि यिनीहरुले यज्ञमा बचेको सबै पदार्थलाई मेरो भाग निश्चित गरेका छन् ॥४॥ अध्वर्यु आदि गरिएका याज्ञिकहरूमा जसको भुजा भाँच्चिएको छ ती अश्विनीकुमारको भुजाले र जसको हात नष्ट नै भएको छ ती पूषाको हातले काम गरून् औ भृगु ऋषिलाई बोकाको दाह्री जुँगा लगाइयोस् ॥५॥

मैत्रेयजी भन्नुहुन्छ—

हे प्यारा विदुरजी ! यस बखतमा भगवान् शङ्करको वचन सुनेर सबै जना प्रसन्न चित्तले "वाह ! वाह !" भन्न लागे ॥ ६ ॥ अनि ऋषिहरूसहितका सबै देवताहरूले महादेवजीलाई यज्ञशालामा आउनाको निम्ति प्रार्थना गरे औ तिनीहरु उहाँलाई तथा ब्रह्माजीलाई साथमा ली यज्ञशालामा गए ॥७॥ त्यहाँ भगवान् शङ्करको सबै काम राम्रोसँग गरिसकेपछि तिनीहरुले दक्षको शरीरमा यज्ञपशुको (बोकाको) टाउको जोरिदिए ॥ ॥ टाउको जोरिएपछि शङ्कर भगवान्को दृष्टि पर्नासाथ दक्ष सुतेर ब्युँझे जस्तै गरी उठे औ आफ्नो सामुन्ने भगवान् शङ्कर-लाई विराजमान भएको देखे ॥९॥ पहिले शङ्करको द्रोहको कालिमाले दक्षको मन मलिन भएको थियो तर अहिले उहाँको दर्शन गर्नासाथ शरद्-ऋतुको निर्मल सरोवर झैंस्वच्छ हुन गयो ॥१०॥ उनले भगवान् शिवको स्तुति ता गर्न खोजेका हुन् तर आफ्नी मरेकी छोरी सतीको संझना हुन गएकोले प्रेम औ उत्कण्ठाले गर्दा आँखाभरी आँसु भएकोले मुखबाट शब्दै निस्कन सकेन ॥११॥ आखिरमा प्रेमले विह्वल भएकापरम बुद्धिमान् दक्षप्रजापतिले बडो मुश्किलसँग मनलाई सावधान गराई निष्कपटभावले भगवान् शङ्करको स्तुति गर्न लागे ॥१२॥

दक्षले भने—

हे भगवन् ! मैले तपाईंको अपराध गरेथें तर तपाईंले ता त्यसको सट्टामा दण्डद्वारा शिक्षा

दिएर मेराउपर ठूलो अनुग्रह गर्नुभयो। तपाईं र श्रीहरि ता आचारहीन नाम मात्रका ब्राह्मण-हरूको समेत उपेक्षा गर्नुहुन्नभने हामी जस्ता यज्ञ-यागादि गर्नेलाई ता कसरी बिर्सनु-होला ? ॥१३॥ हे प्रभो ! तपाईंले नै पहिले ब्रह्मारूपले आत्मतत्त्व (वेद) को रक्षा गर्नाको निम्ति विद्या, तप औ व्रतादिलाई धारण गर्ने ब्राह्मणहरूलाई आफ्नो मुखबाट उत्पन्न गर्नु-भएथ्यो। ग्वालाहरु जसरी लट्ठी लिएर गाईंको रक्षा गर्दछन् त्यसै गरी तपाईं पनि ती ब्राह्मणको सब किसिमको बिपत्तिबाट रक्षा गर्नुहुन्छ ॥१४॥ तपाईंको तत्त्व नबुझ्ने मैले यज्ञसभामा तपाईंउपर दुर्वचनरूप वाणको वर्षा गरेथें तर तपाईंले ता त्यस अपराधपट्टि ख्याले नगरी तपाईंसमानका महापुरुषको निन्दा गरेकोले नरकादि नीच लोकमा खस्ने लागेको मलाई आफ्नो कृपादृष्टिले उद्धार गर्नुभयो । तपाईंलाई खुशी पार्न सक्ने किसिमको ममा कुनै गुण छैन, आफ्नै उदारताले मेरो उपर प्रसन्न हुनु-होस् ॥१५॥

मैत्रेयजी भन्नुहुन्छ—

यस प्रकारसंग शिवबाट आफ्नो आपराध क्षमा गराएपछि दक्षप्रजापतिले ब्रह्माको आज्ञाले उपाध्याय, ऋत्विज्, अग्नि आदिको सहायताले यज्ञकार्य आरम्भ गरे ॥१६॥यसपछि ब्राह्मणहरूले यज्ञ सम्पन्न गर्ने उद्देश्यले भूत-प्रेतादिको संसर्ग जनित दोषको शान्तिका लागि तीनओटा पात्रमा-विष्णु भगवान्को निम्ति पुरोडास नामक चरु तयार गरे ॥१७॥ हे विदुर ! त्यो पुरोडासरूप हविलाई हातमा लिएर उभिएका अध्वर्यु संग यजमान दक्षले शुद्ध चित्तले हरिको ध्यान गर्न लाग्नासाथ भगवान् त्यहाँ प्रकट भइहाल्नु-भयो ॥१८॥ भगवान्ले दसै दिशालाई व्याप्त गरेको आफ्नो तेजले त्यहाँका समस्त देवता औ ऋषिहरुको आँखालाई तिर्मिन्याइ दिनुभयो। भगवान् गरुडमा सवार हुनुहुन्थ्यो औ गरुडका पखेटाबाट वेदमन्त्रको ध्वनि निस्किराखेको थियो ॥१९॥ भगवान्को शरीरको रंग श्याम वर्णको थियो, कटिप्रदेशमा सुनको करधनी र शिरमा सूर्यसमान प्रकाशमान मुकुट थिए, मुखकमल भ्रमरा जस्ता अलकावली र कान्तिमय कुण्डलले शोभायमान थियो। सुनका गहनाले सिंगारिएका आठ बाहुलीमा शङ्ख-पद्म-चक्र-बाण-धनुष-गदा-खड्ग-ढाल धारण गर्नुभएको थियो तसर्थ फुल फुलेको रूख जस्तै देखिनु-भएको थियो ॥२०॥ प्रभुको हृदयमा श्रीवत्सको चिह्न र वनमाला सुशोभित थिए। उहाँको उदार मन्द मुस्कान औ लीलामय दृष्टिले सारा संसार आनन्दमा मग्न भइराखेको थियो। पार्षदहरू दुवैपट्टि रजहाँससमानको सेता पंखा र चँवर हम्किरहेका थिए औ उहाँको मस्तकमा चन्द्रमा-समानको सेतो छाता सुशोभित थियो ॥२१॥

भगवन्लाई आएको देख्ता ब्रह्मा, इन्द्र र महादेवसहितका सम्पूर्ण देवताहरूले हत्तपत्त उठेर उहाँलाई प्रणाम गरे ॥२२॥ उहाँको तेजले सबैको कान्ति मलिन हुन गयो, जिब्रो लरबरिन थाल्यो। सबैले मनमा छक्क परी हात जोरीकन टाउको निहुराएर प्रणाम गरे ॥२३॥ भगवान्को महिमासम्म ब्रह्मादिको बुद्धि पुग्न नसके तापनि भक्तहरूमाथि कृपा गर्न शरीर धारण गरी प्रकट

हुनुभएको उहाँको तिनीहरू आफ्नो आफ्नो बुद्धिअनुसार स्तुति गर्न लागे ॥२४॥ सबभन्दा पहिले दक्षप्रजापति एउटा उत्तम पात्रमा पूजाको सामग्री लिई नन्द-सुनन्दादि पार्षदहरूले घेरिराखका, प्रजापतिहरूका परम गुरु भगवान् यज्ञेश्वरको नजीक गएर बडो आनन्दित भई विनीत भावले हात जोरेर स्तुति गर्दै उहाँको शरणमा परे ॥२५॥

दक्षले भने—

हे भगवन् ! आफ्नो स्वरूपमा तपाईं बुद्धिको जाग्रदादि सम्पूर्ण अवस्थादेखि रहित हुनुहुन्छ अतएव तपाईं भेदशून्य, अद्वितीय हुनुहुन्छ; शुद्ध चैतन्य तपाईंको रूप हो । मायालाई तिरस्कार गरी स्वतन्त्ररूपले रहतुभए तापनि जब लीलाको निम्ति मायालाई स्वीकार गरा जीवरूपमा प्राप्त हुनुहुन्छ तब ता अज्ञानी जस्तो देखिन लाग्नुहुन्छ ॥२६॥

ऋत्विज्हरूले भने—

हे निरञ्जन देव ! हे भगवन् ! रुद्र भगवान्का प्रधान अनुचर नन्दीश्वरको श्रापले गर्दा हाम्रो बुद्धि केवल कर्मकाण्डमा लागिराखेको छ अतः तपाईंको तत्त्व हामी जान्दैनौं । जसमा "यस कर्ममा यिनै देवता हुन्" भन्ने व्यवस्था गरिएको छ त्यै धर्मको प्रवर्तक ऋक्-यजु-साम यी तीन वेदद्वारा प्रतिपादित यज्ञलाई नै हामी तपाईंको रूप संझन्छौं ॥२७॥

सदस्यहरूले भने—

जीवहरूलाई आश्रय दिने हे प्रभो ! अनेक प्रकारको क्लेशले गर्दा यो संसारमार्ग अत्यन्त दुर्गम छ, यसमा कालरूप भयङ्कर साँप ताकमा बसिराखेको छ, सुख दुःखादि अनेक खाल्डा छन्, खलरूप जङ्गली जीवको भय छ, विषयरूप मृगतृष्णा जताततै देखिन्छ, शोकरूप दावानल दन्किराखेको छ । विश्रामको नाम मात्र पनि नभएको यस्तो संसारमार्गमा जुन अज्ञानी जीव कामनाद्वारा पीडित भएर देह-गेहको गह्र भारी टाउकोमा राखेर हिंडिराखेका छन्, तिनले तपाईंको चरणरूप निर्भय-स्थान कहिले पाउलान् ? ॥२८॥

भगवान् रुद्रले भने—

हे वरदायक प्रभो ! अनेक प्रकारका भोग्य विषयले भरिएको यस संसारमा जसलाई कुनै वस्तुको पनि कामना छैन त्यस्ता निष्काम मुनिजनसमेत जसको आदरपूर्व्वक पूजन गर्दछन् त्यस्ता तपाईंको अत्युत्तम चरणकमलको ध्यान गरिरहने मलाई अज्ञानीहरू आचारभ्रष्ट भन्दछन्भने भनून्; मेरा उपर तपाईंको परम अनुग्रह हुनाले म तिनको भनाइमा केही विचारै राख्तिनँ ॥२९॥

भृगुले भने—

तपाईंको अगम्य मायामा मोहित भएर ब्रह्मा आदि देवरूपधारीहरू समेत अज्ञानरूप अन्धकारमा परेर भड्किराखेका छन् त्यसैले अहिलेसम्म निजस्वरूपमा रहने तपाईंको वास्तविक स्वरूपलाई जान्न सकेका छैनन् । यसो भए तापनि तपाईं आफ्ना शरणागत भक्तहरूको ता आत्मा औ सुहृद हुनुहुन्छ, अतः हे प्रभो ! ममाथि प्रसन्न हुनुहोस् ॥३०॥

ब्रह्माले भने—

पृथक् पृथक् पदार्थको ज्ञान गराउने इन्द्रिय-द्वारा पुरुष जति कुरा देख्तछ त्यसमा-कुनै पनि तपाईंको स्वरूप होइन । तपाईं ज्ञान, शब्दादि विषय र श्रोत्रादि इन्द्रियहरूको आश्रय हुनुहुन्छ भन्ने कुरा साँचो हो तर हे प्रभो ! आफू ता मायामय पदार्थदेखि बिलकुल अलग हुनुहुन्छ ।।३१।।

इन्द्रले भने—

हे अच्युत ! देवद्रोही असुरगणलाई नाश गर्ने शस्त्रहरुले शोभित भएका आठ भुजा धारण गर्ने तथा जगत्को पालना गर्ने तपाईंको यस शरीरले हाम्रो मन औ आँखालाई बडो आनन्द दिराखेको छ ।।३२।।

ऋत्विज्का पत्नीहरुले भने—

हे भगवन् ! दक्षप्रजापतिले तपाईंकै पूजाको निम्ति यो यज्ञ आरम्भ गरेका थिए तर यो यज्ञ दक्षका उपर कुपित भएका भगवान् पशुपति-द्वारा नष्ट भइराखेको छ । हे यज्ञमूर्ते ! स्मशान-भूमि झैं उत्सवहीन भइराखेको यस यज्ञलाई अब तपाईं आफ्ना कमलरूप नेत्रले हेरेर पवित्र गरिदिनोस् ।।३३।।

ऋषिहरुले भने—

हे भगवन् ! तपाईंको चरित्र बडो अद्भुत छ, अलिकता पनि बुझ्न सकिन्न, किनकि स्वयं कर्म गरे तापनि त्यसमा लिप्त हुनुहुन्न । ब्रह्मादि अरूहरू वैभव प्राप्तिका लागि जुन लक्ष्मीको उपासना गर्दछन् तिनै लक्ष्मी स्वयं तपाईंको सेवामा लागिरहन्छिन् तर तपाईं भने उनको आदर (चाहा) गर्नुहुन्न ।। ३४ ।।

सिद्धहरुले भने—

हे प्रभो ! नाना प्रकारको क्लेशरूप दावानलले दग्ध भएको हाम्रो यो मनरूपी हात्ती अत्यन्त प्यासो भएर तपाईंको कथारूप निर्मल अमृतको नदीमा पसी डुबुल्की मारेर बसिराखेको छ । त्यहाँ ब्रह्मानन्दमा लीन भए जस्तो भएर त्यसलाई न ता संसाररूप दावानलको संझना छ, न त्यस नदीबाट बाहिर निस्कन्छ ।।३५।।

दक्षकी स्त्रीले भनिन्—

हे ईश ! तपाईं आउनुभएको बडो बेश भयो, तपाईंलाई नमस्कार गर्दछु, मेरोउपर प्रसन्न हुनुहोस् । हे लक्ष्मीपते ! आफ्नी प्यारी लक्ष्मी-द्वारा हाम्रो रक्षा गर्नोस् । हे यज्ञेश्वर ! जसरी टाउको नभएको मानिसको शरीरको शोभा हुँदैन त्यसै गरी अरू अरू अङ्गले युक्त भए तापनि तपाईंविना यज्ञको शोभा हुँदैन ।।३६।।

लोकपालहरुले भने—

हे प्रभो ! तपाईं समस्त अन्तःकरणको साक्षी हुनुहुन्छ, तपाईंकै सत्ताले गर्दा यो सारा जगत् देखिएको छ । असत् याने मायिक पदार्थलाई ग्रहण गर्ने नेत्रादि इन्द्रियहरुद्वारा के हामी तपाईंलाई देख्न सकौंला त ? हामी ता तपाईंलाई पाँच तत्त्वलाई प्रकाश गर्ने छैटौं तत्त्व जीवात्मा पो देख्तछौं । यसो भए तापनि साधारण जीव झैं तपाईं यो जो पाञ्चभौतिक रूपमा देखिनुभएको छ त्यो ता तपाईंको माया नै हो ।।३७।।

योगेश्वरहरुले भने—

हे प्रभो ! सम्पूर्ण विश्वका आत्मा तपाईंमा र आफूमा जुन पुरुष केही भेद देख्तैन तपाईंको

त्योभन्दा वर्त्ता प्यारो अरू कोही छैन, तथापि हे भक्तवत्सल ! स्वामीभाव लिएर अनन्यभक्तिले तपाईंको सेवा गर्ने हामीहरुमाथि अनुग्रह गर्नु-होस् ॥३८॥ तपाईंको मायाको सत्वादि गुण जगत्को उत्पत्ति, स्थिति औ संहारका कारण हुन्। यी गुणमा जीवको पूर्वकर्मको अनुसार बडो विभिन्नता हुन आउँछ। मायाका यिनै विभिन्न गुणलाई ग्रहण गरी ब्रह्मादि गरिएका नाना नाम धारण गर्नुहुन्छ औ भिन्न भिन्न जस्तो देखिएर भेदबुद्धि पैदा गर्नुहुन्छ, तर वास्तवमा आफ्नै रूपमा स्थित हुनुभएकोले त्यो भेदज्ञान र त्यसको कारण सत्वादि गुणदेखि तपाईं सर्वथा अलग हुनुहुन्छ। यस्ता तपाईंलाई हाम्रो नमस्कार छ ॥३९॥

शब्दब्रह्म (वेद) ले भने—

धर्मको उत्पत्ति तथा पालनको निम्ति सत्व-गुण ग्रहण गर्ने तथा जसको स्वरूपलाई म एवं ब्रह्मादि गरिएका अरू देवतासमेत जान्न सक्तैनन् त्यस्ता निर्गुणरूप तपाईंलाई नमस्कार छ ॥४०॥

अग्निदेवले भने—

हे भगवन् ! तपाईंकै तेजले प्रज्वलित भई म श्रेष्ठ-यज्ञमा देवताहरुछेउ घिउ मिसिएको हवि पुऱ्याउँछु। तपाईं साक्षात् यज्ञपुरुष एवं यज्ञको रक्षा गर्ने हुनुहुन्छ। अग्निहोत्र, दर्शपूर्ण-मास, चातुर्मास्य, पशु, सोम यी पाँच प्रकारका यज्ञ तपाईंका स्वरूप हुन्। आश्रावय-अस्तुश्रौषट्-यजेये-यजामहे-वषट् यी पाँच प्रकारका मन्त्रले तपाईंकै पूजन हुने हो। यस्ता तपाईंलाई म नमस्कार गर्दछु ॥४१॥

देवताहरूले भने—

हे देव ! तपाइं नै आदिपुरुष हुनुहुन्छ। प्रलयकालमा आफूले रचेको मायाको यो सम्पूर्ण प्रपञ्च अर्थात् संसारलाई आफ्नै उदरमा लीन गराएर प्रलयकालीन जलभित्र शेषनागको उत्तम शय्यामा शयन गर्नुभएथ्यो। जनलोकादिमा बस्ने सिद्धहरूसमेत आफ्नो हृदयमा तपाइंको आध्या-त्मिक स्वरूपको चिन्तन गर्दछन्। अहो ! त्यस्ता तपाईंलाई आज हामी आँखाको सामुन्ने देखिरहेका छौं आफ्ना भक्तहरूको रक्षा तपाइं यसै गरी गर्नुहुन्छ ॥४२॥

गन्धर्वहरूले भने—

हे देव ! मरीचि आदि गरिएका ऋषि र यी ब्रह्मा, इन्द्र तथा रुद्रादि देवताहरू तपाईंको अंशको पनि अंश हुन्। हे नाथ ! हे भूमन् ! यो सम्पूर्ण विश्व नै तपाईंको खेलको सामग्री हो। यस्ता तपाईंलाई हामी सर्वदा प्रणाम गर्दछौं ॥ ४३ ॥

विद्याधरहरूले भने—

धर्मादि चारओटै पुरुषार्थको प्राप्तिको साधन-रूप यो मनुष्य शरीर पाएर पनि जीव तपाईंको मायाले मोहित भई यस शरीरमा एवं योसित सम्बन्ध भएका स्त्री-पुत्रादिमा "म हुँ, मेरो हो" यस्तो मिथ्या अभिमान गर्दछ। आफ्ना कुमार्ग-गामी पुत्रादि आत्मीयद्वारा तिरस्कार गरिए तापनि मिथ्या विषयको लालसा गरि नै रहन्छ। हे प्रभो ! यस्ता जीवले कहिले पनि मोहबाट मुक्ति पाउँदैनन् तर तपाईंको कथारूप अमृतको सेवन गर्ने ता झट्ट यो अन्तःकरणको मोह त्यागेर संसारबाट मुक्त हुन्छन् ॥४४॥

ब्राह्मणहरूले भने—

हे भगवन् ! यज्ञ, हवि, अग्नि, मन्त्र, कुश, यज्ञपात्र, सदस्य, ऋत्विज्, यजमान एवं उसकी धर्मपत्नी, देवता, अग्निहोत्र, स्वधा, सोमरस, घृत, पशु इत्यादि सबै तपाईं नै हुनुहुन्छ ।।४५।। हे यज्ञपुरुष ! हे त्रयीमूर्ते ! गजराजले कमलिनी–लाई जलबाट उखेलेर ल्याए झ तपाईंले उहिले एउटा अतिविशाल वराहको रूप धारण गरी रसातलमा डुबिराखेकी पृथ्वीलाई खेल गरे जस्तै गरी आफ्ना दाह्राले उचालेर जलबाहिर ल्याउनुभएथ्यो । त्यस वेला तपाईं बिस्तारै गर्जिरहनुभएको थियो र तपाईंको यो अद्भुत कर्म देख्ता योगीहरू तपाईंको स्तुति गरिराखेका थिए ।।४५।। हे यज्ञेश्वर ! हामीउपर प्रसन्न हुनु–होस् । हाम्रो यो यज्ञरूप सत्कर्म नष्ट भएकोले तपाईंको दर्शनको इच्छा गरिराखेका थियौं । मानिसद्वारा तपाईंको नामको कीर्तन हुँदैमा ता यज्ञका सारा विघ्न हटेर जान्छन्भने साक्षात् दर्शन पाएपछि ता यस यज्ञको उद्धार कसो नहोला ? ।।४७।।

मैत्रेयजीले भन्नुभयो—

हे विदुर ! यज्ञरक्षक भगवान् हृषिकेशको यस प्रकारसँग स्तुति भइसकेपछि परम चतुर दक्षले वीरभद्रद्वारा नष्ट भएको यज्ञ फेरि शुरू गरे ।।४८।। हे अनघ ! सर्वान्तर्यामी विष्णु भगवान् सबै भोगको भोक्ता भए तापनि त्रिकाल–पुरोडासरूप आफ्नो भागले तृप्त भए झैं भएर दक्षलाई सम्बोधन गरी भन्न लाग्नु–भयो ।।४९।।

भगवान्‌ले भन्नुभयो—

हे दक्ष ! जगत्‌को परम कारण, आत्मा, ईश्वर, साक्षी, स्वयंप्रकाश एवं उपाधिरहित (मायारहित) परब्रह्म म नै हुँ । यी ब्रह्मा औ शिव मेरै रूप हुन् ।।५०।। हे प्रजापते ! आफ्नो त्रिगुणात्मिका मायालाई स्वीकार गरेर म नै जगत्‌को रचना, पालन एवं संहार गर्दछु । यी भिन्न भिन्न काम गर्नाको निम्तिमा नै मैले ब्रम्हा, विष्णु औ शिव यी भिन्न भिन्न नामलाई यथाक्रम धारण गरेको छु ।।५१।। म यसै भेदरहित विशुद्ध परब्रह्मस्वरूप छु । अज्ञानी पुरुष भने ब्रह्मा, रुद्र तथा अन्य समस्त जीवलाई मदेखि फरक देख्तछन् ।।५२।। जसरी मानिस आफ्नो टाउको, हात आदि अङ्गलाई आफ्नो शरीरदेखि फरक देख्तैनन् त्यसै गरी मेरा भक्तहरू प्राणी-मात्रलाई मदेखि फरक देख्तैनन् ।।५३।। हे ब्रह्मन् ! वास्तवमा एउटै तर कार्यभेदले तीन रूप धारण गरेका हामी ब्रह्मा, विष्णु, महादेवमा जसले कुनै प्रकारको भेद-भाव राख्तैनन् त्यसैले शान्तिलाभ गर्दछ । हामी नै सम्पूर्ण जीवरूप हौं ।।५४।।

मैत्रेयजी भन्नुहुन्छ—

भगवान्‌ले यस प्रकारसँग आज्ञा दिएपछि प्रजापतिका नायक दक्षले श्रद्धासँग विधिपूर्वक यज्ञद्वारा भगवान् हरिको एवं अंशदेवता तथा प्रधान देवताको पूजन गरे ।।५५।। फेरि एकाग्र-चित्त भईकन रुद्रको भागले रुद्रको पूजन गरे तथा यज्ञ समाप्तिमा गरिने "उदवासन" नामक कर्मले सोमपान गर्ने देवताहरूको तथा अरू अरू देवताको समेत पूजा गरिसकेपछि अन्त्यमा

ऋत्विज्‌हरूको साथमा अवभृथ–स्नान गरे ॥५६॥ आफ्नै पुरुषार्थद्वारा जसलाई सब प्रकारको सिद्धि प्राप्त भएको थियो त्यस्ता दक्षप्रजापतिलाई "तिम्रो बुद्धि सदा धर्ममा लागि रहोस्" भन्ने आशीर्वाद दिएर सबै देवताहरू स्वर्गलोकतिर लागे ॥५७॥

हे विदुरजी ! दक्षकन्या सतीले यस प्रकारसँग आफ्नो पहिलो शरीर त्यागेपछि फेरि हिमालयकी पत्नी मेनाको गर्भबाट जन्म लिइन् भन्ने सुनिएको छ ॥५८॥ जसरी प्रलयकालमा लीन भएको शक्ति (प्रकृति) सृष्टिको आरम्भमा आफ्नो प्रलयकालीन निद्रालाई त्यागेर फेरि ईश्वरकै आश्रय लिन्छिन् त्यसै गरी अनन्य–परायणा श्री अम्बिकादेवीले पनि यस जन्ममा समेत आफ्ना एक मात्र आश्रय औ प्रियतम शङ्करलाई नै आफ्नो पति बनाइन् ॥५९॥ दक्षको यज्ञ ध्वस्त पार्ने भगवान् शिवको यो चरित्र मैले बृहस्पतिका शिष्य परम भागवद्भक्त उद्धवको मुखबाट सुनेको थिएँ ॥ ६० ॥ हे विदुर ! महादेवजीको यो पवित्र चरित्र यश औ आयुलाई बढाउने तथा पापहरूलाई नष्ट गर्ने हो । भक्ति–भावले नित्यप्रति जो यसको श्रवण अथवा कीर्तन गर्दछ त्यसलाई संसार–वासना अर्थात् जन्म–मरणको दुःख फेरि हुँदैन ॥६१॥

———

अध्याय–८

सौतेनी आमाको मुटु छेड्ने कुरा सुन्दा ध्रुव वनतिर लाग्दछन् औ त्यहाँ नारदको उपदेशले भगवान्‌को आराधना गर्दछन् ।

मैत्रेयजीले भन्नुभयो—

हे विदुर ! सनकादि चार ऋषि, नारद, ऋभु, हंस, अरुणि र यति यी ब्रह्माजीका नौ छोरा बालब्रह्मचारी भए, यिनले गृहस्थाश्रममा प्रवेश गरेनन् तसर्थ यिनका कुनै सन्तान भएनन् ॥१॥ अधर्म पनि ब्रह्माजीकै छोरो हो, मृषा नाम गरेकी उसकी स्वास्नी थिई, हे शत्रु–सूदन विदुर ! त्यसबाट दम्भनामक छोरो र माया नाम गरेकी छोरी उत्पन्न भए । यी दुवैलाई निऋतिले लिएर गयो किनकि उसको कुनै सन्तान थिएन ॥२॥ हे महामते ! माया र दम्भ दाजु–बहिनी भए तापनि अधर्मको सन्तान हुनाले यिनीहरूले बिहे गरे । दम्भको माया नाम गरेकी स्वास्नीबाट लोभ नाम गरेको छोरो र निकृति (शठता) नामकी छोरी उत्पन्न भए । यिनले पनि आफू आफूमा बिहे गरे, यताबाट क्रोध नाम गरेको छोरो र हिंसा नाम गरेकी छोरी जन्मे । तिनबाट फेरि कलि (कलह) नामक छोरो र दुरुक्ति (दुर्वचन) छोरी पैदा भए ॥३॥ हे साधुश्रेष्ठ ! फेरि दुरुक्तिबाट कलिले

भय र मृत्युलाई जन्मायो । यी दुवैको संयोगबाट यातना र निरय (नरक) को जन्म भयो ।। ४ ।। हे निष्पाप विदुर ! मैले संक्षेपमा तिमीलाई यो प्रलयको कारणरूप अधर्मको वंश सुनाएँ । यो अधर्म वंशलाई तीनचोटि सुन्नाले मानिसलाई बडो पुण्य हुन्छ औ मनको मलिनता हटेर जान्छ ।।५।। हे कुरुनन्दन ! अब म स्वायम्भुव मनुका छोराहरूको वंशको वर्णन गर्दछु । स्वायम्भुव मनुको कीर्ति परम पवित्र छ किनकि यी मनुका पिता ब्रह्मा हरिका अंश हुन् ।।६।।

महाराज स्वायम्भुव मनुकी महारानी शतरूपाबाट प्रियव्रत र उत्तानपाद यी दुई छोरा भए । भगवान् वासुदेवको कलाबाट उत्पन्न भएकोले यी दुवै संसारको रक्षामा तत्पर रहन्थे ।।७।। उत्तानपादका सुनीति र सुरुचि नाम गरेका दुइटी रानी थिए। यिनमा सुरुचि राजाकी खूब प्यारी थिइन् । ध्रुवकी आमा सुनीतिमा उनको प्रेम थिएन ।।८।।

एक दिन राजा उत्तानपाद सुरुचिको छोरो उत्तमलाई काखमा राखेर खेलाइराखेका थिए। त्यस वेला ध्रुवले पनि काखमा बस्न खोजे तर राजाले उनलाई प्यारो गरेनन् ।।९।। त्यसवेला घमण्डले भरिएकी सुरुचिले सौताको छोरो ध्रुवलाई राजाको काखमा बस्न खोजेको देख्ता राजाकै सामुन्नेमा उनलाई बडो डाहसँग यस प्रकारले भन्न लागिन् ।।१०।। "ए नानी ! तँलाई राजसिंहासनमा बस्ने अधिकार छैन, राजाको छोरो भए तापनि तेरो जन्म मेरो गर्भबाट भएको होइन ।।११।। तँ अहिले बालखै छस् त्यसैले मैले अरू आइमाईको गर्भबाट जन्म लिएको हुँ भन्ने कुरा तँलाई थाहा छैन, यसै कारण तँ यस्तो दुर्लभ विषयको इच्छा गरिरहेको छस् ।।१२।। तँलाई राजसिंहासनको इच्छा छभने तपस्या गरेर परम पुरुष श्रीनारायणको आराधना गर्, अनि उहाँको कृपाले मेरो गर्भबाट जन्म ले" ।।१३।।

मैत्रेयजी भन्नुहुन्छ—

आमाकी सौताका यस प्रकारका कठोर वचनले घायल भएका ध्रुव, लट्ठीको चोट पर्नाले फूँफूँ गर्न लागेको सर्प झैं रिसले लामो लामो सास फेर्न लागे । यस्तो देख्दा पनि चुप लागेर बस्ने बाबुलाई छाडेर रुँदै आफ्ना आमानिर आए।।१४।। बालक ध्रुवका दुवै ओठ फर्फराइराखेका थिए र उनी सुँक्क सुँक्क गरी रोइरहेका थिए । सुनीतिले तिनलाई काखमा राखिन् र दरवारका अरूहरूको मुखबाट आफ्नी सौताले भनेको कुरा सुन्दा उनलाई पनि बडो दुःख भयो ।।१५।। सौताको कुरा संझी संझीकन सुनीति दावानलले डढेको लहरा जस्तै शोकले पीडित भएर झ्याउरी भइन् । कमलसमानका आँखाबाट आँसु बग्न लाग्यो र अधीर भई डाँको छाडेर रुन लागिन् ।।१६।। ती बिचरीले आफूलाई यस दुःखसागरबाट पार नलाग्ने देख्ता लामो लामो सास फेर्दै बालक ध्रुवलाई भनिन्— "ए बाबु ! यसमा अरू कसैको कुभलो नचिताऊ । जसले अरूलाई दुःख दिन्छ त्यस मानिसले स्वयं त्यसको फल भोग्नुपर्दछ ।।१७।। सुरुचिले भनेको कुरा पनि ठीक हो किनकि महाराज मलाई आफ्नी रानीको कुरा ता परै रहोस्, एउटी टहल गर्ने दासीको रूपमा समेत स्वीकार गर्न

लाज मान्नुहुन्छ, त्यस्ती म अभागिनीको गर्भ-बाट तिम्रो जन्म भएको छ र त्यसको स्तनको दूध चुसेर हुर्केका छौ ॥१८॥ ए बाबु ! तिमी राजकुमार उत्तम झैं राजसिंहासनमा बस्न खोज्दछौभने तिम्रो सौतेनी आमाले जो यथार्थ कुरा भनेकी छन् त्यसैको द्वेषभाव छाडेर पालन गर । अब ता श्रीअधोक्षज भगवान्‌को चरणकमलको आराधना गर्न थालिहाल ॥ १९ ॥ जगत्‌को पालना गर्नाको निम्ति शुद्ध सत्वगुण-मय शरीर धारण गर्ने ती श्रीहरिको चरणको आराधना गर्नाले नै तिम्रा जिजूबाजे ब्रह्माले त्यो सर्वोत्तम पद (सत्यलोक) पाएका हुन् । मन र प्राणलाई जित्ने मुनिहरूसमेत ती चरणको बन्दना गर्दछन् ॥२०॥ यसै गरी तिम्रा बाजे स्वायम्भुव मनुले पनि धेरै धेरै दक्षिणा दिनुपर्ने यज्ञद्वारा एकाग्र चित्तले उनै भगवान्‌को आराधना गरेथे। अनि उनले लौकिक, अरूको निम्ति अति दुर्लभ, सुख तथा अन्त्यमा मोक्षपद-समेत पाएथे ।२१॥ यस कारण ए बाबु! तिमी पनि उनै भक्तवत्सल भगवान् हरिको शरणमा जाऊ। मुक्तिको इच्छा गर्ने योगिजनसमेत उनैको चरणकमलको बाटो खोजिरहन्छन् । स्वधर्मपालनले पवित्र भएको आफ्नो चित्तमा उनै पुरुषोत्तम भगवान्‌लाई बसाल र सबैतिरको प्रेम छाडेर उनैको भजन गर ॥२२॥ ए छोरा ! म ता ती कमलनयन भगवान्‌सिवाय अरू कसै-लाई पनि तिम्रो दुःख दूर गर्न सक्ने देख्तिनँ । जुन लक्ष्मीको कृपादृष्टिको निम्ति ब्रह्मादि समस्त देवता कल्पिरहन्छन तिनै लक्ष्मी दीपकसमानको कमल हातमा लिएर सदासर्वदा उनैको खोज गरिरहन्छिन्" ॥२३॥

मैत्रीयजी भन्नुहुन्छ—

आमाको यस प्रकारको कामना पूर्ण गर्ने वचन सुनेपछि ध्रुवले बुद्धिद्वारा आफ्नो चित्तलाई शान्त गरी बाबुको नगरबाट बाहिर प्रस्थान गरिहाले ॥२४॥ यो खबर सुनेपछि र ध्रुव के गर्न निस्केका हुन् सो पनि थाहा पाएपछि नारदजीले ध्रुवलाई भेट्नुभयो र उनको शिरमा आफ्नो पाप-नाशक हात मुसार्दै मनैमनमा विस्मित भएर भन्न लाग्नुभयो ॥२५॥ "अहो ! अलिकता पनि मान भङ्ग भएको सहन नसक्ने क्षत्रि-यहरूको तेज कस्तो अद्भुत छ ! यी ध्रुव अहिले बालखै छन् तापनि यिनले सौतेनी आमाको कडा वचन मनमा लिराखेका छन्" ॥२६॥ (अनि ध्रुवलाई भन्न लाग्नुभयो) "ए बाबु ! अहिले ता तिमी बालखै छौ, खेल-कूदमा मस्त रहने वेला यो छ, यस उमेरमा कुनै तरहबाट तिम्रो मान वा अपमान हुने कुरा ता मैले बुझ्न सकिनँ ॥२७॥ तिमीलाई मान अपमानको विचार भएछभने पनि ता मानिसको असन्तोषको कारण मोहसिवाय अरू केही हुनै सक्तैन, किनकि मानिस आफ्नो कर्मको अनुसार नै यस संसारमा मान-अपमान अथवा सुख-दुःख आदि भिन्न भिन्न अवस्थामा प्राप्त भइरहन्छ ॥ २८ ॥ तसर्थ ए बाबु ! समझदार मानिसले दुःख-सुख, मान-अपमान जे भेटिन्छ त्यसलाई दैवले दिएको सम्झेर सन्तोष गर्नु पर्दछ। भगवान्‌को गति बडो विचित्र छ, दैवलाई उद्यमले टार्ने कोशिश गर्नु व्यर्थ हो ॥२९॥ अहिले तिमी आमाको उपदेशले योगसाधनद्वारा जुन भगवान्‌लाई प्रसन्न गराउन

खोजिरहेका छौ, मेरो विचारमा ता साधारण मानिसले उहांको आराधना गर्नु ठट्टाको कुरो होइन ।।३०।। किनकि योगीहरू अनेक जन्मसम्म अनासक्त रहेर समाधियोगद्वारा बडा कठोर कठोर साधना गरिरहन्छन् तर तैपनि भगवान्को मार्गको पत्तो पाउँदैनन् ।।३१।। तसर्थ घर फर्केर जाऊ, आफ्नो यो व्यर्थको जिद्दी छाडिदेऊ। परमार्थ-साधनको वेला अर्थात् वृद्ध अवस्था आएपछि यसको निम्ति प्रयत्न गर्लाऊ ।।३२। दैवको विधानअनुसार सुख-दुःख जे परिआउँछ त्यसैमा चित्तलाई सन्तुष्ट राख्नुपर्दछ । यस्तो गर्ने मानिस मोहमय संसारबाट पार लाग्दछ। ३३।। मानिसले आफूभन्दा बर्त्ता गुणीलाई देख्ता खुशी हुनुपर्दछ, आफूभन्दा थोरै गुण भएकोमाथि दया गर्नु पर्दछ र आफूसमानको गुण भएकोसित मित्रताको भाव राख्नुपर्दछ । यसो गरेको खण्डमा दुःखले त्यसलाई कहिले दबाउन सक्तैन" ।।३४।।

ध्रुवले भने—

सुख-दुःखले जसको चित्त चञ्चल हुन्छ तिनको शान्तिको निम्ति तपाईंले कृपा गरेर यो बडो असल उपाय बताउनुभयो । हामी जस्ता अज्ञानीको दृष्टि त्यहांसम्म पुग्नै सक्तैन ।।३५।। तपाईंको यो उपदेश मेरो निम्ति अत्यन्त कल्याणकारी भए तापनि क्षत्रिय हुनाले मेरो स्वभाव बडो उग्र एवं उद्धत छ। मेरो चित्त सुरुचि आमाको वचन-वाणले छेडिएको हुनाले त्यसमा तपाईंले उपदेश गरेको कुरा अड्दै अड्दैन ।।३६।। हे ब्रह्मन्! म त्यो पद लिन चाहन्छु जहाँसम्म न मेरा बाबु-बाजे न अरू कोही पुग्न सकेका छन् । तीनै लोकको यो सर्व-श्रेष्ठ पद भेट्टाउने कुनै उत्तम मार्ग बताउनुहोस् ।।३७।। तपाईं भगवान् ब्रह्माजीका छोरा हुनुहुन्छ औ संसारको कल्याण गर्नाका लागि वीणा बजाउँदै सूर्य झैं तीनै लोकमा डुल्नुहुन्छ ।।३८।।

मैत्रीयजी भन्नुहुन्छ—

ध्रुवका यी कुरा सुनेपछि भगवान् नारद बडो खुशी हुनुभयो औ ती बालकउपर कृपा गरेर यस प्रकारसंग सदुपदेश गर्न लाग्नुभयो ।। ३९ ।।

नारदले भन्नुभयो—

ए बाबु ! तिम्री आमाले तिमीलाई जुन मार्गको उपदेश दिएकी छन् त्यै नै तिम्रो कल्याण गर्ने उपाय हो। त्यो उपाय भगवान् वासुदेव नै हुन्, अतः मन लगाएर उहांको भजन गर ।।४०।। धर्म-अर्थ-काम-मोक्षरूप कल्याणको अभिलाषा राख्ने मानिसका लागि श्रीहरिको चरणको सेवा नै यिनको प्राप्तिको निम्ति एक मात्र उपाय हो ।। ४१ ।। ए बाबु! तिम्रो कल्याण हुनेछ, अब तिमी यमुनाको पवित्र तीरमा रहेको पवित्र मधुवन (मथुरा) मा जाऊ, त्यहां भगवान् हरिको नित्य निवास छ ।।४२।। त्यहाँ यमुनाको पवित्र जलमा त्रिकाल स्नान गरी आफ्नो नित्यकर्मबाट निवृत्त भएपछि विधिपूर्व्वक आसन ओछ्याएर स्थिर भईकन बस्नू ।।४३।। फेरि रेचक, पूरक, कुम्भक यी तीन प्रकारका प्राणायामले बिस्तारै बिस्तारै प्राण, मन औ इन्द्रियको दोषलाई निकालेर शुद्ध चित्तले परम गुरु श्रीभगवान्को यस प्रकारसँग ध्यान गर्नू ।।४४।।

भगवान्का मुख औ नेत्र सदा प्रसन्न रहन्छन्,

वर दिनलाई तयार हुनुभएको जस्तो देखिनुहुन्छ। उहाँका नाक, आँखिभुईं, गाला बडा राम्रा छन्। सम्पूर्ण देवतामा उहाँ परम सुन्दर हुनुहुन्छ ।।४५।। तरुनो उहाँको अवस्था छ, समस्त अङ्ग छाँट परेका छन्, ओठ औ नेत्रको रंग अलि अलि रातो छ। उहाँ शरण पर्न आएकालाई आश्रय दिने, अपार सुखदायक, शरणागतवत्सल औ दयाको समुद्र हुनुहुन्छ ।।४६।। उहाँको हृदयमा भृगु मुनिको चरणको चिह्न छ, शरीर पानी भरिएको बादलसमान श्याम वर्णको छ, घाँटीमा वनमाला पहिरनुभएको छ, आफ्ना चार बाहुलीमा शङ्ख-चक्र गदा-पद्म लिनुभएको छ ।।४७।। उहाँको अङ्गप्रत्यङ्ग किरीट, कुण्डल, केयूर, कङ्कणादि गहनाले सुशोभित छन्, घाँटीले कौस्तुभ मणिको शोभा बढाइराखेको छ, शरीरमा रेशमी पीताम्बर पहिरनुभएको छ ।।४८।। कटिप्रदेशमा सुनको करधनी औ चरणमा सुवर्णमय नूपुर सुशोभित छन्। भगवान्को स्वरूप बडो दर्शनीय, शान्त तथा मन औ आंखालाई हेर्दैमा आनन्द गराउने किसिमको छ ।।४९।। ध्यान गर्नेहरूको अन्तःकरणमा उहाँ हृदयकमलरूप आसनको बीचमा मणिसमानको कान्ति भएका नङले सुशोभित, मनोहर चरणकमल राखेर बस्नुभएको छ ।।५०।। यस प्रकारसँग ध्यान गर्दागर्दैमा जब चित्त स्थिर एवं एकाग्र हुन्छ अनि ती वरदायक प्रभुको, उहाँ मतिर प्रेमपूर्ण दृष्टिले हेर्दै मुसुक्क मुसुक्क हाँसिरहनुभएको छ भन्ने समझ लिएर मनैमनमा ध्यान गरोस् ।।५१।। भगवान्को मङ्गलमयी मूर्तिको यस प्रकारसँग निरन्तर ध्यान गर्नाले मन चाँडै नै परमानन्दमा डुबेर तल्लीन हुन्छ र फेरि त्यहांबाट फर्कन्न ।।५२।।

हे राजकुमार! यस ध्यानको साथसाथमा जप गर्नुपर्ने जुन परम गुह्य मन्त्र छ सो पनि बताउँछु, सुन— सात रातसम्म यसको जप गर्नाले मानिसलाई आकाशमा विचरण गर्ने सिद्धहरूको दर्शन हुन्छ ।।५३।। त्यो मन्त्र "ॐ नमो भगवते वासुदेवाय" हो। कुन ठाउँमा, कुन वेलामा कस्तो वस्तु उपयोगी हुन्छ सो कुराको विचार गरी बुद्धिमान् मानिसले यस मन्त्रद्वारा नाना प्रकारका सामग्रीले भगवान्को द्रव्यमयी मूर्तिको पूजा गर्नुपर्दछ ।।५४।। पवित्र जल, माला, जङ्गली मूल औ फलादि, पूजामा चाहिने दुबो एवं अङ्कुर तथा भगवान्लाई अत्यन्त प्यारो लाग्ने तुलसीको दल इत्यादिले साधकले प्रभुको पूजा गर्नुपर्दछ ।।५५।। शिला अथवा धातुले बनेको हरिको मूर्ति पाइन्छभने त्यसमा, नपाएमा पृथ्वी औ जलमा जहाँ हुन्छ त्यहाँ भगवान्को पूजा गर्नुपर्दछ। पूजा गर्ने साधकले चित्तलाई वसमा राख्नुपर्दछ, मनमा प्रभूको चिन्तन गर्नुपर्दछ, शान्त र मौन रहीकन जङ्गली फल-फूलको स्वल्प आहार गर्नुपर्दछ ।।५६।। पुण्यकीर्ति भगवान्ले आफ्नो अनिर्वचनीय मायालाई स्वीकार गरी आफ्नै इच्छाले अवतार लिएर जुन जुन कर्म गर्नुभएको छ तिनको मनमा चिन्तना गरिरहनुपर्दछ ।।५७।। भगवान्को पूजाको निम्ति जुन जुन उपचारको सेवन गर्नुपर्दछ भनेर माथि कहिएको छ ती सबलाई द्वादशाक्षर मन्त्रद्वारा मन्त्रमूर्ति भगवान्लाई समर्पण गरोस् ।।५८।।

यस प्रकारसंग मन, वाणी औ शरीरले भक्ति-

पूर्वक हृदयस्थित भगवान्को पूजा गरेपछि निष्कपट भावसंग उपासना गर्ने त्यसको भावलाई उहाँले बढाइदिनुहुन्छ र उसको इच्छानुसार धर्म, अर्थ, काम अथवा मोक्षरूप कल्याणसमेत दिनुहुन्छ ॥५८-६०॥ उपासकलाई इन्द्रिय-सम्बन्धी भोगदेखि वैराग्य उत्पन्न भएको छभने त्यसले मोक्षप्राप्तिको निम्ति अत्यन्त भक्तिसंग निरन्तर अनन्यभावले भगवान्को भजन गरोस् ॥६१॥

नारदजीको मुखबाट यस प्रकारको उपदेश पाएपछि राजकुमार ध्रुवले परिक्रमा गरेर उहाँ-लाई प्रणाम गरेर त्यसपछि भवान्को चरण-चिह्नले पवित्र भएको मधुवनतिर लागे ॥६२॥ ध्रुवले तपोवनतिर प्रस्थान गरेपछि नारदजी महाराज उत्तानपादको महलमा पुग्नुभयो औ राजाद्वारा यथायोग्य पूजित भई आरामसँग आसनमा बसेर उनलाई सोध्नुभयो ॥६३॥

नारदजीले भन्नुभयो—

हे राजन् ! तिम्रो मुख निन्याउरो देखिन्छ, कुन कुराको सोच विचारमा परेका छौ ? तिम्रो धर्म, अर्थ औ काम मध्ये कुनैमा केही कमी ता हुन गएको छैन ? ॥६४॥

राजाले भने—

हे ब्रह्मन् ! म बडो निर्दयी औ स्वास्नीको वशमा परेको छु । अफशोस ! मैले आफ्नो पाँच वर्षको परम चतुर छोरालाई र उसकी आमा-लाई घरबाट निकालिदिएँ ॥६५॥ हे भगवन् ! त्यस बालकको कमल जस्तो मुख भोक-तिर्खाले गर्दा निन्याउरो भयोहोला, थाकेर बाटोमा कतै लडिराखेको होला, त्यस अनाथ बच्चालाई वनमा बाघ-भालूले खाइदिन्छन् कि ॥६६॥ ! अहो ! म स्त्रीलम्पटको दुष्टता ता हेर्नोस्, त्यो बालकले प्रेमले गर्दा मेरो काखमा बस्न खोजेको थियो तर म पापीले अलिकता पनि उसको मन राखिनँ ॥ ६७ ॥

नारदले भन्नुभयो—

हे राजन् ! आफ्नो बालकको चिन्ता नगर, भगवान् उसको रक्षक होइबक्सिन्छ, तिमीलाई उसको प्रभावको यत्तौ छैन, कुनै दिन उसको यश सारा संसारमा फैलिनेछ ॥६८॥ ठूला ठूला लोक-पालले समेत बडो मुस्किलसंग गर्न सक्ने काम पूरा गरेर चाँडै नै त्यो तिमीकहाँ फर्केर आउने-छ। त्यसले गर्दा तिम्रो यशसमेत खूब बढ्ने-छ ॥ ६९ ॥

त्रयजी भन्दछन्—

देवर्षि नारदको कुरा सुनेपछि महाराज उत्तानपाद राजपाटतिरबाट उदासीन भएर सदा-सर्वदा छोराकै चिन्तामा रहन लागे ॥७०॥ यता ध्रुवले मधुवनमा पुगेर यमुनामा स्नान गरे औ त्यो रातमा उपवास बसी नारदको उपदेशअनु-सार एकाग्र चित्तले परमपुरुष नारायणको उपासना गर्न थालिहाले ॥७१॥ उनले तीन तीन दिन बिराएर शरीर-निर्वाहको निम्ति केवल कैथ र बैरको फल खाएर भगवान्को उपासना गर्दै एक महीना बिताइदिए ॥७२॥ दोस्रो महीनामा उनले छ छ दिन बिराएर सुकेर झरेका पात र घाँस खाएर भगवान्को भजन गरे ॥७३॥ तेस्रो महीना नौ नौ दिनमा केवल पानी पिएर समाधि-योग-द्वारा श्रीहरिको आराधना गर्नामा बिताइ-दिए ॥७४॥ चौथो महीनामा उनले श्वासलाई

जितेर बाह्र बाह्र दिनपछि केवल वायुभक्षण गरेर ध्यानयोगद्वारा भगवान्को पूजा गरे ॥७५॥ पाँचौं महीना लागेपछि राजकुमार ध्रुव श्वासलाई जितेर परब्रम्हको चिन्तन गर्दै एक खुट्टाले थाम झैं निश्चल भावले उभिरहे ॥७६॥ यस समयमा ध्रुवले शब्दादि विषय एवं चक्षुरादि इन्द्रियको आश्रय जो मन छ त्यसलाई सबै बाह्य पदार्थबाट खिंचेर हृदयमा विराजमान रहने हरिको स्वरूपको ध्यान गर्न लागे, त्यसैले उनले यस बखतमा भगवान्को रूपसिवाय अरू केही देख्तैदेखेनन् ॥७७॥ जब ध्रुवले महदादि सम्पूर्ण तत्त्वका आधार एवं प्रकृति-पुरुषका अधीश्वर परब्रह्मको हृदयमा धारण गर्न लागेथे तब ता उनको तेज सहन नसकेकोले तीनै लोक काम्न लाग्यो ॥७८॥ जब राजकुमार ध्रुव एक खुट्टाले उभिएथे त्यस बखतमा उनको ढीऔंलाले थिचिएकी आधी पृथ्वी निहुरे जस्तो भएर गजराज चढ्दाखेरि वारंवार डुङ्गा कहिले दाहिने कहिले देब्रे तिर डगमगाए झैं हल्लन थालिन् ॥७९॥ जब ध्रुवजी आफ्ना इन्द्रियद्वारा र प्राणलाई रोकेर ईश्वरमा र आफूमा एवं आफूमा औ सब जगत्मा भेद-भाव छाडेर विश्वमूर्ति भगवान्को ध्यान गर्न लागेथे त्यस वेला सबै जीवको सास रोकिन गएकोले समस्त जीव तथा लोकपाललाई बडो पीडा हुन थाल्यो र यिनीहरू सबै हडबडाएर श्रीहरिको शरणमा गए ॥८०॥

देवताहरूले भने—

हे भगवन् ! समस्त चराचर प्राणीको सास एकैबाजि रोकिन गएको छ, यस्तो ता हामीले कहिले पनि अनुभव गरेका थिएनौं । हजूर शरणागतको रक्षा गर्ने होइबक्सिन्छ, आफ्नो शरणमा आएका हामी सबैको यो दुःख छुटाइदिनोस् ॥८१॥

भगवान्ले भन्नुभयो—

हे देवता हो ! नडराऊ । उत्तानपादको छोरा ध्रुवले आफ्नो चित्तलाई ममा लीन गरिदिएको छ, यस समयमा त्यो ममा तल्लीन भएको छ, यसैकारण उसको सास रोकिन गएकोले तिमी सबैको प्राणसमेत रोकिएको छ; अब तिमीहरू आफ्नो आफ्नो लोकमा जाओ, म त्यस बालकलाई अहिले नै उसको दुष्कर तपस्याबाट निवृत्त गरिदिन्छु ॥८२॥

अध्याय-९

ध्रुवले भगवान् दर्शन पाएपछि उहाँको स्तुति गर्दछन् र उहाँबाट वर पाएर घर फर्की राज्य चलाउँछन् ।

मैत्रयजीले भन्नुभयो—

भगवान्ले यस प्रकारसंग आश्वासन दिनाले निर्भय भएका देवताहरू उहाँलाई प्रणाम गरी स्वर्गलोकतिर लागे । त्यसपछि सहस्त्र मस्तक भएका भगवान् पनि गरुडमा सवार भई आफ्नो भक्तलाई हेर्न भनी मधुवन आउनुभयो ॥१॥ तीव्र योगाभ्यासले गर्दा एकाग्र भएको बुद्धिले ध्रुवजी आफ्नो हृदय-कमलमा भगवान्को बिजुली-

समानको देदीप्यमान जुन मूर्तिको ध्यान गरि· राखेका थिए त्यो मूर्ति सहसा विलीन भएको देख्ता उनी हडबडाएर झट्ट आँखा खोली हेर्दा ता भगवान्‌को त्यै रूपलाई बाहिर आफ्नो सामुन्ने उभिराखेको देखे ॥२॥ भगवान्‌को दर्शन पाउनाले हडबडीमा परेका बालक ध्रुवले पृथ्वीमा दण्ड झैं लम्पसार परेर उहाँलाई प्रणाम गरेर आंखाले पिउने, मुखले म्वाई खाने एवं हातले अँगालो हाल्ने हो कि जस्तो गरेर उहाँलाई प्रेम-पूर्ण दृष्टिले हेर्न लागे ॥३॥ ध्रुव हात जोरेर प्रभुको सामुन्ने उभिराखेका थिए औ उहाँको स्तुति ता गर्न खोज्दथे तर कसरी गर्ने हो सो जान्न सकेनन्। सर्वान्तर्यामी भगवान्‌ले उनको मनको कुरा थाहा पाइहाल्नुभयो र कृपापूर्वक आफ्नो वेदमय शङ्खले उनको गाला छोइदिनुभयो ॥४॥ शङ्खको स्पर्श हुनासाथ ध्रुवलाई दिव्य वाणी प्राप्त भइगयो र जीव तथा परमात्माको स्वरूपको निश्चय पनि भइहाल्यो । तदनन्तर भविष्यमा अविचल पद प्राप्त गर्ने ध्रुवले उत्तिखेरै जसको सुयश सर्वत्र प्रसिद्ध छ त्यस्ता श्रीहरिको अत्यन्त भक्तिभावले धैर्य्यपूर्वक स्तुति गर्न लागे ॥५॥

ध्रुवले भने—

हे प्रभो ! हजूर सर्वशक्तिसम्पन्न होइबक्सिन्छ। हजूर नै मेरो अन्तःकरणमा प्रवेश गरेर आफ्नो तेजले सुतिराखेको मेरो वाणीलाई जीवित गर्नुहुन्छ। हात, खुट्टा, कान औ त्वचा आदि अरू इन्द्रिय एवं प्राणलाई समेत चेतना दिनुहुन्छ अर्थात् आफ्नो आफ्नो काम गन समर्थ गराउनुहुन्छ । यस्ता भगवान् पुरुषोत्तम हजूरलाई म प्रणाम गर्दछु ॥ ६ ॥ हे भगवन् ! हजूर ता एक मात्र हुनुहुन्छ तर आफ्नो अनन्त गुणमयी मायाशक्तिले महत्तत्त्व आदि सम्पूर्ण प्रपञ्चको सृष्टि गरी अन्तर्यामी रूपले त्यसमा प्रवेश गर्नुहुन्छ र फेरि मायाका मिथ्या गुण इन्द्रियादि जति छन् तिनमा अग्नि आदि अधिष्ठाता देवताको रूपमा प्रवेश गरेर अनेक रूपमा प्रकाशित हुनुहुन्छ । जस्तै अग्नि एउटै भए तापनि किसिम किसिमको काठमा प्रकट भएर आफ्ना उपाधिअनुसार भिन्न भिन्न रूपमा देखिन्छ त्यसै गरी हजूर पनि अनेक पदार्थमा अनेक रूपले देखिनुहुन्छ ॥७॥ हे नाथ ! सृष्टिको आरम्भमा ब्रह्माजीले पनि हजूरको शरणमा परी हजूरले नै दिएको ज्ञानको प्रभावले यस जगत्‌लाई सुतेर ब्युँझेको पुरुषले जस्तै गरी देख्नुभएथ्यो। हे दीनबन्धो ! मुक्त पुरुषसमेत ता हजूरको चरणको आश्रय लिन्छन्‌भने कुनै कृतज्ञ पुरुषले कसरी तिनलाई बिर्सन सक्ला ॥८॥ हे प्रभो ! मुर्दासमानको शरीरले भोग गरिने, इन्द्रिय एवं विषयको संसर्गले उत्पन्न हुने सुख ता नरकतुल्य योनिमा समेत पाइन्छन् । यस्तो विषयसुखको जो इच्छा गर्दछन् र जन्ममरणको बन्धनबाट छुटाउने, कल्पवृक्षस्वरूप हजूरको उपासना, भगवत्प्राप्तिसिवाय अरू कुनै उद्देश्यले गर्दछन् भने तिनको बुद्धिलाई हजूरको मायाले ठगेकै भन्नुपर्दछ ॥९॥ हजूरको चरणकमलको सेवा गर्नाले अथवा हजूरका भक्तहरूको पवित्र कथा सुन्नाले प्राणीलाई जत्तिको आनन्द मिल्दछ त्यत्ति ता निज आनन्दस्वरूप ब्रह्ममा समेत पाइन्नभने स्वर्गादिको सुखले त्यस आनन्दको के



मुद्रक—गीताप्रेस, गोरखपुर

ध्रुवमाथिकृपा

बराबरी गर्न सक्ला ? किनकि स्वर्गादि लोक ता कालको तरवारले नष्ट हुन्छन् औ त्यहाँ बस्नेहरू पनि स्वर्गको विमानबाट खसेर फेरि संसारमा आउँछन् ॥१०॥

अतः हे अनन्त ! जसको हजूर मा अविच्छिन्न भक्तिभाव छ त्यस्ता शुद्धचित्त महापुरुषहरूसित मेरो वारंवार समागम होओस्। उनको संगतमा हजूरका गुण एवं लीलाहरूको कथारूप अमृत पिएर मतवाला भईकन सजिलैसँग अनेक प्रकारका दुःखले पूर्ण भएको यस भयंकर संसारसागरलाई पार गर्नेछु ॥११॥ हे कमलनाभ प्रभो ! जसको चित्त हजूरको चरणकमलको सुगन्धमा मोहित भएको छ त्यस्ता महानुभावहरूको जो सङ्गत गर्दछन् तिनीहरू हे ईश ! आफ्नो अत्यन्त प्यारो शरीर र योसित सम्बन्ध भएका छोरा, मित्र, घर र स्वास्नी आदिको सम्झनासम्म पनि गर्दैनन् ॥१२॥ हे अजन्मा प्रभो ! पशु, वृक्ष, पर्वत, पक्षी, सरीसृप (भूईंमा घिस्रे र हिंड्ने सर्पादि जन्तु) देवता, दैत्य औ मनुष्य आदिले परिपूर्ण भएको तथा महत् आदि अनेक तत्त्वले बनेको हजूरको केवल यै स्थूल शरीर (सगुणरूप) म जान्दछु। सत् एवं असत् जति पदार्थ छन् ती सबै यसैको अन्तर्गत छन्। यसबाहेक वाणी औ मनले समेत जान्न नसकिने हजूरको जुन निराकार परम रूप छ त्यसको मलाई पत्तो छैन ॥१३॥ हे प्रभो ! कल्पको अन्त्यमा शेषजीका सखा स्वयम्प्रकाश जुन परम पुरुष यस सम्पूर्ण जगत्लाई आफ्नो उदरमा लीन गरी योगनिद्रायुक्त भईकन शेषशय्यामा शयन गर्दछन् तथा जसको नाभिसमुद्रबाट प्रकट भएको, सकल लोकको उत्पत्तिस्थान सुवर्णमय कमलबाट परम तेजोमय ब्रह्मा प्रकट भए, ती भगवान् हजूर नै हुनुहुन्छ, म हजूरलाई प्रणाम गर्दछु ॥१४॥

हे प्रभो ! हजूरजीवदेखि सर्वथा भिन्न अर्थात् परम पुरुष हुनुहुन्छ किनकि हजूर नित्यमुक्त हुनुहुन्छ (जीव ता संसारको बन्धनमा छ), ज्ञानमय हुनाले शुद्ध हुनुहुन्छ (जीव अज्ञानमय हुनाले मलिन छ), सर्वज्ञ हुनुहुन्छ (जीव अज्ञ छ), चैतन्य हुनुहुन्छ (जीव जड छ—स्वयम्प्रकाश छैन), निर्विकार हुनुहुन्छ (जीव विकारयुक्त छ), अनादि आदिपुरुष हुनुहुन्छ (जीवको आदि छ), छ ऐश्वर्य्यले युक्त हुनुहुन्छ (जीव यी ऐश्वर्य्यदेखि रहित छ), तीनै गुणको ईश्वर हुनुहुन्छ (जीव तीनै गुणको अधीनमा छ)। आफ्नो अखण्ड चिन्मयी दृष्टिले बुद्धिका सबै अवस्थाको साक्षी हुनुहुन्छ। संसारको स्थितिको निम्ति नै यज्ञका अधिष्ठाता श्री विष्णु भगवान्को रूपले विराजमान् हुनुभएको छ ॥१५॥ हजूरबाट नै विद्या-अविद्या आदि गरिएका विरुद्ध गतिवाला अनेक शक्ति धाराप्रवाहरूपले निरन्तर प्रकट भइरहन्छन्। विश्वलाई उत्पन्न गर्ने अनादि, अनन्त, अखण्ड, आनन्दमय, निर्विकार, ब्रह्मस्वरूप हजूर नै हुनुहुन्छ। म हजूरको शरणमा परेको छु ॥१६॥ हजूर परमानन्दमय हुनुहुन्छ भन्ने समझ लिएर जो निष्काम भावले निरन्तर हजूरको भजन गर्दछन्, तिनका लागि राज्यादि भोगको अपेक्षा हजूरको चरणकमलको प्राप्ति नै भजनको यथार्थ फल हो। यै कुरा ठीक भए तापनि गाई जसरी भर्खर जन्मेको आफ्नो बाच्छोलाई दूध चुसाउने गर्दछिन् तथा व्याघ्रादिबाट बचाउँछिन् त्यसै गरी भक्तहरूका उपर

अनुग्रह गर्न सदा विकल रहने हजूर हामी-समानका सकाम भक्तलाई पान उनको कामना पूर्ण गरेर संसार-सागरबाट बचानुहुन्छ ॥१८॥

मैत्रेयजीले भन्नुभयो—

उत्तम सङ्कल्प भएका परम बुद्धिमान् ध्रुवले यस प्रकारसँग स्तुति गरेपछि भक्त-वत्सल भगवान्ले प्रसंशा गरेर भन्न लाग्नु-भयो ॥१९॥

भगवान्ले भन्नुभयो —

हे तपस्वी राजकुमार ! तिम्रो मनमा भएको सङ्कल्प मलाई थाहा छ, तिम्रो कल्याण होस् । तिम्रो मनोरथ दुर्लभ भए तापनि म त्यो तिमीलाई दिन्छु ॥२०॥ हे भद्र ! आजसम्म कसैले नपाएको ध्रुवलोक मेरो कृपाले तिमीले पाउनेछौ । यो लोक परम प्रकाशले युक्त भएको छ । यै ध्रुवलोकको आश्रयले, जसरी खलियानका बीचमा गाडिएको काठको वरिपरि दाउनी गर्ने गोरुहरू घुम्दछन् त्यसै गरी ग्रह, नक्षत्र औ तारागणहरू ज्योतिश्चक्र एवं धर्म, अग्नि, कश्यप, शुक्र आदि सप्तर्षिगण यसको प्रदक्षिणा गरे झैं चरैतिर चक्कर लगाइरहन्छन् । कल्पको अन्त्यसम्म रहने लोकको नाश भएमा पनि यस लोकको नाश हुन्न ॥२१-२२॥ यस लोकमा पनि जब पिताले तिमीलाई राज्य दिएर वन जानेछन् तब ता छत्तीस हजार वर्षसम्म धर्मपूर्वक पृथ्वीको पालन गर्नेछौ । तिम्रा इन्द्रियहरूको शक्ति जस्ताको तस्तै रहनेछ ॥२२॥ वनमा शिकार खेल्न गएको वेलामा जब तिम्रो भाइ उत्तम मारिनेछ त्यसबखत उसकी आमा सुरुचि पुत्रप्रेमले पागल भएर वनमा उसलाई खोज्दाखोज्दै दावानलमा प्रवेश गर्ने छिन् ॥२३॥ धेरै धेरै दक्षिणा दिनुपर्ने यज्ञद्वारा म यज्ञमूर्तिको तिमीले यजन गर्नेछौ औ यहाँ नाना प्रकारका उत्तम भोगको भोग गरिसकेपछि अन्तकाल अर्थात् वृद्धावस्थामा मेरो स्मरण गर्नेछौ ॥२४॥ आखिरमा सम्पूर्ण लोकको वन्दनीय औ सप्तर्षि लोकभन्दा पनि माथिको मेरो निजधाममा जानेछौ, जहाँ पुगेपछि फेरि संसारमा फर्केर आउनुपर्दैन ॥२५॥

मैत्रेयजीले भन्नुभयो—

ध्रुवद्वारा यस प्रकारसँग पूजित हुनुभएको गरुडध्वज भगवान् उनलाई आफ्नो पद अर्थात् ध्रुवलोक दिएर ती बालकले हेर्दाहेर्दैमा आफ्नो लोकतिर लाग्नुभयो ॥२६॥ प्रभुको चरणसेवाले आफ्नो मनोरथ प्राप्त गरेका ध्रुव पनि आफ्नो शहरतिर फर्केर आए । आफ्नो सङ्कल्पको पूर्ति भए तापनि उनको चित्त विशेष प्रसन्न थिएन ॥२७॥

विदुरले सोधे—

हे ब्रह्मन् ! मायापति श्रीहरिको परम पद ता अत्यन्त दुर्लभ छ औ उहाँको चरणकमलको उपासनाले मात्र पाइने हो । त्यस्तो पदलाई एकै जन्ममा भेट्टाउँदा पनि पुरुषार्थको तत्त्व बुझेका ध्रुवजीले किन आफूलाई अकृतार्थ सम्झेका होलान् ? ॥२८॥

मैत्रेयजीले भन्नुभयो—

ध्रुवको हृदयमा आफ्नी सौतेनी आमाको वाग्बाणको चोट परेको थियो तथा वर माग्ने समयमा पनि त्यसको सम्झना छँदैथियो, यसै कारण मुक्तिदाता श्रीहरिबाट उनले मुक्ति मागेनन् । भगवद्दर्शनले मनोमालिन्य हटेपछि ता

उनलाई आफ्नो भूलको निम्ति पश्चात्ताप यो ॥२९॥

ध्रुवजी विचार गर्न लागे—

अफशोस ! ब्रह्मचर्य्यव्रत धारण गर्ने सनन्दनादि सिद्धहरूसमेत जुन पदलाई अनेक जन्ममा प्राप्त गर्दछन् त्यै भगवच्चरणको छायालाई मैले छ महीनामा नै पाएको हुँ तर चित्तमा अर्कै वासना रहेकोले मैले फेरि त्यसबाट वञ्चित हुनुपऱ्यो ॥३०॥ अहो ! म अभागीको मूर्खता ता हेर। मैले ता संसारबन्धनलाई चुँडाल्ने प्रभुको चरणकमलमा पुगेर पनि त्यो चीज पो माग्न पुगें जो कि एक दिन अवश्य नष्ट हुन्छ ॥३१॥ देवताहरूले स्वर्गभोगपछि फेरि तल खस्नुपर्दछ यसैकारण उनीहरूले मेरो भगवत्प्राप्तिरूप उच्च स्थितिलाई सहन नसकेर मेरो बुद्धिलाई भ्रष्ट गरिदिका होलान्। नारदजीले पनि तिमी बालखै छौ, तिम्रो निम्ति मान अपमान केही छैन भन्ने कुरा ठिक्कै भन्नुभएथ्यो तर म मूर्खले उहाँको उपदेश स्वीकार गरिनँ ॥३२॥ संसारमा आत्मासिवाय अरू कुनै वस्तु छैन तापनि जसरी सुतिराखेको मानिस सपनामा आफ्नै कल्पनाले खडा गरेको सर्प, व्याघ्रादिदेखि डराउँछ त्यसै गरी म पनि भगवान्को मायाले मोहित भईकन भाइलाई शत्रु मानेर व्यर्थमा द्वेषरूप हार्दिक रोगले जल्न लागें ॥३३॥ विस्वात्मा हरिलाई प्रसन्न गराउन बडो गाह्रो छ, सौभाग्यले संसारबन्धनलाई चुंडाल्न सक्ने उहाँलाई आफ्नो तपस्याले प्रसन्न गराएर पनि म अभागीले उहाँसित फेरि संसार नै मागें। मरणासन्न पुरुषले चिकित्साको निम्ति आग्रह गरे झैं मेरो यो प्रार्थना व्यर्थ छ ॥३४॥ कङ्गालीले चक्रवर्ती राजालाई खुशी पारेर उनीसित चामलको भूस बक्सिस मागे झैं म पुण्यहीनले पनि परमानन्द प्रदान गर्न सक्ने श्रीहरिसित मूर्खताले गर्दा व्यर्थको अभिमान बढाउने उच्च पद माग्न पुगें ॥३५॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! तिमीसमानका हरिको चरणकमलरजको सेवन गर्नेहरू तथा स्वयं प्राप्त भएका सुखदुःखादि सबै परिस्थितिमा सन्तुष्ट रहनेहरू भगवान्‌सित उहाँको सेवाबाहेक आफ्नो निम्ति अरू कुनै वस्तु माग्दैनन् ॥३६॥

उता आफ्नो छोरा फर्केको समाचार सुन्दा मरेको मानिस फेरि बाँचेकोमा विश्वास नभए झैं राजा उत्तानपादलाई म अभागीको कहाँ यस्तो भाग्य होला भनेर यस कुरामा विश्वासै भएन ॥३७॥ तर फेरि देवर्षि नारदको कुराको संझना भएकोले उनलाई विश्वास पऱ्यो र आनन्दको वेगले विवश भएर यो समाचार सुनाउनेलाई उनले अति प्रसन्न भएर एउटा बहुमूल्य हार बक्सिस दिए ॥३८॥ आफ्नो छोराको मुख हेर्न उत्सुक भएका उनी अनेक ब्राह्मण, आफ्ना कुलका बूढापाका मन्त्री औ बन्धुवर्गलाई साथमा लिई उत्तम उत्तम घोडा जोतिएको, सुनैसुनले मोरिएको रथमा सवार भई भट्ट शहरबाहिर आए। उनको अघि अघि वेदध्वनि हुन लागेको थियो तथा शङ्ख–दुन्दुभि एवं वंशी आदि गरिएका माङ्गलिक बाजा बज्न लागेका थिए ॥३९-४०॥ सुनको गहनाले सिंगारिएका उनका सुरुचि औ सुनीति दुवै रानी उत्तमलाई

साथमा लिई पालकीमा चढेर निस्के ॥४१॥ ध्रुवलाई सरकारी बगैंचाको नजीक आइपुगेको देख्नासाथ महाराज उत्तानपाद झट्टै रथबाट ओर्लिहाले र धेरै कालदेखि छोरालाई भेट्न उत्कण्ठित भइराखेका उनी हत्तपत्त छोरानिर गई लामो लामो सास फेर्दै श्रीहरिको चरणस्पर्शले जसका सबै पापबन्धन नष्ट भएका थिए त्यस्ता ध्रुवलाई प्रेमले विह्वल भई दुवै हातले अंगालो हालिहाले ॥४२-४३॥ राजा उत्तानपादको एउटा ठूलो कामना पूर्ण भयो। उनले वारंवार छोराको मस्तक सुँघे र आनन्द तथा प्रेमले निस्केका शीतल आँसुले उनलाई नुहाइदिए ॥४४॥

यसपछि सज्जनहरूमा अग्रगण्य भएका ध्रुवले पहिले पिताको चरणमा ढोगिदिए औ उनीबाट आशीर्वाद पाई तथा क्षेमकुशलको प्रश्नले सम्मानित भएपछि दुवै महारानीलाई टाउको निहुराएर प्रणाम गरे ॥४५॥ सुरुचिले आफ्नो चरणमा निहुरेका बालक ध्रुवलाई अंगालो हालिन् औ आँसुले गर्दा गद्गद भएको वाणीले "चिरञ्जीव भए" भनेर आशीर्वाद दिइन् ॥४६॥ ध्रुवप्रति सुरुचिको यस्तो नम्रताको व्यवहार भएकोमा आश्चर्य्यको केही कुरो छैन किनकि जसरी जल स्वयं तल्तिर बग्दछ त्यसै गरी सबै प्राणीसित मित्रता गर्ने आदि गुणले गर्दा जसमाथि भगवान् प्रसन्न हुनुहुन्छ त्यसको अगाडि सबै जीव निहुरिहाल्दछन् ॥४७॥ उत्तम र ध्रुव दुवै दाजुभाइले प्रेमले विह्वल भई परस्पर भेट गरे। एउटाले अर्काको अङ्गको स्पर्श पाएकोले दुवैको शरीरमा रोमाञ्च हुन गयो औ दुवैको आँखाँबाट आँसुको धारा बग्न लाग्यो ॥४८॥ ध्रुवकी आमा सुनीतिले ता प्राणभन्दा पनि प्यारो छोरालाई अंगालो हाल्दा उनको अङ्गस्पर्शले आनन्दित भएर आफ्ना सबै ताप बिर्सिदिइन् ॥४९॥ हे वीर विदुर ! वीरमाता सुनीतिका स्तन उनको आँखाबाट झरेका मङ्गलमय आनन्दका आँसुले भिज्न गए र तिनबाट दूधको धारा बग्न लाग्यो॥५०॥ त्यसबखतमा सुनीतिको प्रशंसा गर्दै पुरवासीहरू भन्न लागे—" हजूरका दुःख दूर गर्ने बालक ध्रुव धेरै दिनदेखि हराइराखेका थिए अब ता सौभाग्यले फर्केर आएका छन्, यिनले धेरै कालसम्म भूमण्डलको रक्षा गर्नेछन् ॥५१॥ हजूरले अवश्यै पूर्वजन्ममा शरणागत-भयभञ्जन श्रीहरिको उपासना गर्नुभएको रहेछ। उहाँका निरन्तर ध्यान गर्ने धीर पुरुष परम दुर्जय मृत्युलाई समेत जित्तछन्"॥५२॥

यस प्रकारसँग सबैबाट सत्कार पाएका ध्रुवलाई भाइ उत्तमको साथमा एउटी हथिनीमा चढाएर महराज उत्तानपादले बडो हर्षका साथ राजधानीमा प्रवेश गरे। यसबखतमा सबै जना उनको भाग्यको सरहनी गर्न लागेका थिए ॥५३॥ शहरमा जतातत्तै मकरको जस्तो आकार परेका राम्रा राम्रा ढोका बनाइएका थिए औ तिनको वरिपरि फलफूलको झुप्पासहितका केराका थाम तथा सुपारीका बिरुवा सुशोभित थिए ॥५४॥ ढोका ढोकामा बत्तीसहितका जलका कलश राखिएका थिए औ यी कलश आमका पात, वस्त्र, फूलका गजरा तथा मोतीका मालाले सिंगारिएका थिए ॥५५॥ यस शहरका परखाल, फाटक, महल यी सबै सुनैसुनका सामग्रीले सजाइएका थिए, स्वर्गलोकमा अगला अगला

शिखरले युक्त भएका विमानको जस्तो शोभा हुन्छ त्यस्तै यिनको पनि जताततै देखिन्थ्यो ॥५६॥ यस शहरका चोक, गल्ली, अटाली तथा सडकमा झाडबडार गरीकन चन्दन छर्केको थियो । जताततै लावा, चामल, फल, फूल, जौ एवं अरू अरू माङ्गलिक पूजाका सामग्री राखिएका थिए ॥५७॥ ध्रुवजी मूल सडकबाट जाँदाखेरि शहरका सुशील आइमाईहरू उहाँलाई हेर्न भनी जम्मा भइराखका थिए । प्रेमले अनेक शुभाशीर्वाद दिंदै मनोरथ सफल भएका यिनीहरूले उनीमाथि सर्स्यूं, अक्षता, दही, जल, दूबो, फल औ फूलको वर्षा गरे । यिनीहरूको मीठो कुरा सुन्दै ध्रुवले पनि आफ्ना पिताको महलमा प्रवेश गरे ॥५८-५९॥

महामूल्य मणिहरूले सुसज्जित भएको राजभवनमा ध्रुव आफ्ना पिताद्वारा भएको लालन पालनको सुख भोग गर्दै स्वर्गमा देवताहरू बर्से झैं आनन्दसंग रहन लागे ॥६०॥ त्यस राजभवनमा दूधको फींज जस्ता सेता औ नरम ओछ्यान ओच्छ्याइएका हात्तीदाँतका पलङ, सुनको बत्तु भरिएका पर्दा, धेरै मोल पर्ने चौकी र अनेक सुनका सामान थिए ॥६१॥ यसको स्फटिक औ पन्नाको भित्तामा रत्नैरत्नले बनेको स्त्रीमूर्तिहरूमा राखिएका मणिमय दीपकको प्रकाश खूबसंग झल्किराखेको थियो ॥६२॥ यस महलको चारैतिर थरीथरीका दिव्य वृक्षले सुशोभित भएका बगैंचा थिए । यिनमा भाले पोथी चराहरूको मधुरध्वनि तथा मतवाला भ्रमराहरूको भूँभूँको आवाज गुञ्जायमान भइरहन्थ्यो ॥६३॥ यी बगैंचामा वैदूर्य मणिको खुड्किला भएका पोखरी थिए, जसमा कि रातो, नीलो औ सेतो रंगका कमल फुलिराखेका थिए तथा हाँस, कारण्डव, चखेवा एवं सारस आदि पक्षीहरू क्रीडा गरिरहेका थिए ॥६४॥

राजर्षि उत्तानपाद आफ्नो छोराको हरिदर्शन आदि अद्भुत प्रभाव सुन्दा र नपढीकन नै यस्तो ज्ञानी औ विद्वान् भएको देख्ता बडो आश्चर्यमा परेका थिए ॥६५॥ राजाले ध्रुवलाई तरुणावस्थामा प्राप्त भएको र प्रजाको उनीमाथि अनुराग भएको देखेर आफ्ना मन्त्रीहरूको सम्मति लिएर उनलाई सकल पृथ्वीमण्डलको साम्राज्य दिहाले ॥६६॥ एवं आफूलाई वृद्धावस्थामा प्राप्त भएको देखेर आत्मज्ञानको प्राप्तिकालागि संसारदेखि विरक्त भई महाराज उत्तानपाद वनतिर हिंडिदिए ॥६७॥

अध्याय-१०

आफ्ना भाइ उत्तमको यक्षहरूद्वारा बध भएको सुन्दा ध्रुव क्रुद्ध भएर यक्षहरूसित युद्ध गर्न थाल्दछन् ।

मैत्रेयजी भन्तुहुन्छ—

ध्रुवले प्रजापति शिशुमारकी छोरी भ्रमीसँग बिहे गरे, तिनबाट उनका कल्प र वत्सर नाम गरेका दुइटा छोरा जन्मे ॥१॥ महाबली ध्रुवकी

अर्की स्वास्नी वायुपुत्री इला थिइन् । यताबाट उनको उत्कल नाम गरेको छोरो र आइमाईमा रत्नसमानकी एउटी छोरीले जन्म लिए ॥२॥ उत्तमको बिहे नहुँदैमा एक दिन हिमालय पर्वतमा शिकार खेल्न गएको समयमा एउटा बलियो यक्षले उनलाई मारिदियो, उनको साथसाथै आमा पनि परलोक गइन् ॥३॥

भाइ मारिएको खबर सुन्नासाथ क्रोध, शोक र बदला लिने इच्छाले ध्रुवको मन अस्थिर भइगयो र उनी आफ्नो जयदायक रथमा सवार भई यक्षहरूको राजधानी अलकापुरीमा पुगि पनि हाले ॥४॥ महाराज ध्रुवले उत्तर दिशातिर लागेर हिमालय पर्वतको नजीक यक्षहरूले भरिएको अलकापुरी देखे, यसमा रुद्रका अनुचर अनेक भूत-पिशाचादि रहन्थे ॥५॥ त्यहाँ पुगेपछि महाबाहु ध्रुवले आफ्नो शङ्ख बजाएर आकाश एवं दिशाहरूलाई गुञ्जायमान गराइदिए। हे विदुर ! त्यसको ध्वनि सुन्नाले हडबडाएका यक्षपत्नीहरू निक्कै नै डराए ॥६॥

त्यस शब्दलाई सहन नसकेर महाबली यक्षवीरहरू नाना प्रकारका हातहतियार लिएर शहरबाहिर निस्की ध्रुवमाथि जाइलागे ॥७॥ अनि ता प्रचण्ड धनुर्धारी महारथी ध्रुवले पनि उनीहरूलाई आफूतिर आएको देख्ता प्रत्येक-माथि तीन तीन वाण एकैचोटि चलाएर प्रहार गरे ॥८॥ ती सबैलाई आफ्नो आफ्नो टाउकोमा तीन तीनओटा वाण लागेको देख्ता हाम्रो अवश्य हार हुन्छ भन्ने कुरामा विश्वास भयो र यसै कारण ध्रुवको यो अद्‌भुत पराक्रमको प्रशंसा गर्न लागे॥९॥ फेरि लातको चोट खाएको सर्पले झैं ध्रुवको यस पराक्रमलाई सहन नसकेर तिनीहरूले पनि साटो फेर्ने मनसायले एकैचोटि उनको भन्दा दोब्बर अर्थात् छ छओटा वाण चलाए ॥१०॥ यक्षहरूको संख्या तेह्र अयुत (दस हजारलाई एक अयुत भन्दछन्) थियो। यी सबले ध्रुवमाथि साटो फेर्ने इच्छाले रथ औ सारथिको साथसाथै उनीमाथि परिघ, खड्ग, प्रास, त्रिशूल, फरसा, शक्ति, ऋष्टि, भुसुण्डी र थरीथरीको पखेटा भएका वाणको वर्षा गरे ॥११-१२॥ जसरी ठूलो वर्षा भएको बखतमा पर्वत नदेखिने हुन्छ त्यसै गरी ध्रुव पनि यस भीषण शस्त्रवर्षाले बिलकुल ढाकिएका हुनाले नदेखिने भए ॥१३॥ आकाशमा उभिएर यो युद्ध हेरिरहेका सिद्धहरू हाहाकार गर्दै भन्न लागे "अहो ! यक्षसेनारूप समुद्रमा आज यो मनुवंशको सूर्य डुबेर मारिन गयो" ॥१४॥ युद्ध-क्षेत्रमा आफ्नो विजयको घोषणा गर्दै जसै यक्षहरू सिंह झैं गर्जन लागेथे त्यसैबखतमा ध्रुवको रथ कुइरोलाई लीन गरेर सूर्य भगवान् प्रकट भए झैं अकस्मात् देखिन गयो ॥१५॥

शत्रुहरूको मनलाई खिन्न पार्दै ध्रुवले आफ्नो दिव्य धनुषको आवाज निकालेर जसरी आँधीले बादललाई छयासब्यास पारिदिन्छ त्यसै गरी आफ्नो वाण-वर्षाले उनीहरूको अस्त्रशस्त्रलाई नष्ट गरिदिए ॥१६॥ जसरी इन्द्रले चलाएका वज्रले पर्वतमा प्रवेश गरेथे त्यसै गरी ध्रुवको धनुषबाट छुटेका तीखा तीखा बाण राक्षसहरूको कवचलाई छेडेर उनको शरीरभित्र पस्न पुगे ॥१७॥ ध्रुवका भल्ल नामक वाणले काटिएका यक्षहरूका राम्रा राम्रा कुण्डलमण्डित मस्तकले,

तालको रूखसमानका सुनौला तिम्राले, कङ्कणले शोभित भएका हातले एवं हार, केयूर, मुकुट औ बहुमूल्य पगरीले टम्म ढाकिएका, वीरहरूको मनलाई उत्साहित गराउने त्यो रणभूमि बडो राम्रो देखिन लाग्यो ॥१८-१९॥

क्षत्रियश्रेष्ठ ध्रुवजीको वाणले मारिएका यक्षबाहेक अरू जति यक्ष बाँचेका थिए ती सबै घाइते भएर युद्धक्रीडामा सिंहको आक्रमणले परास्त भएका गजराज झैं लडाइँको मैदानबाट भाग्नलागे ॥२०॥ त्यस बिशाल रणभूमिमा एउटा शत्रुलाई पनि अस्त्रशस्त्र लिएर आफ्नो सामुन्ने उभिएको नदेख्ता नरश्रेष्ठ ध्रुवलाई शत्रुको राजधानी अलकापुरी हेर्न इच्छा ता भयो तर "मायावी शत्रुको इच्छा कुनै मानिसले पनि पत्तो पाउन सक्तैन" भन्ने कुरा वचार गरेर त्यस शहरभित्र पस्नुभएन ॥२१॥ आफ्नो सारथिलाई यति कुरा भनेर आफ्नो विचित्र रथमा बसिरहनुभएको ध्रुवजी शत्रुको नवीन आक्रमणको शङ्काले सावधान हुनुभयो। यत्तिकैमा उहाँले समुद्र गर्जे जस्तो प्रचण्ड वायुको शब्द सुन्नुभयो तथा सबै दिशामा धूलो उडेको पनि देख्नुभयो ॥२२॥

एक्कै छिनमा सारा आकाश बादलले ढाकियो औ जताततै भयङ्कर आवाज गर्दै बिजुली चम्कन लाग्यो ॥२३॥ हे निष्पाप विदुरजी! ती बादलबाट रगत, कफ, पीप, बिष्ठा, पिशाप एवं बोसोको वर्षा हुन लाग्यो औ ध्रुवजीको अगाडि आकाशबाट अनेक कबन्ध (धड) खस्न लागे ॥२४॥ यसपछि आकाशमा एउटा पर्वत देखियो औ सबै दिशामा ढुङ्गाको वर्षाको साथसाथै गदा, परिघ, तरवार औ मुशल खस्न लागे ॥२५॥ फेरि ध्रुवले बिजुलीसमानको भयङ्कर फुंकार गर्दै औ क्रोधपूर्ण नेत्रबाट आगोको ज्वाला झिक्तै अनेक सर्पलाई आफूतिर आउन लागेको देख्नुभयो। बगालका बगाल मतवाला हात्ती, सिंह र बाघ पनि आफूतिर दगुर्दै आउन लागेका देखिए ॥२६॥ प्रलयकालको जस्तो भयङ्कर समुद्र आफ्ना भयानक लहरीले सबैतिरबाट पृथ्वीलाई डुबाउँदै एवं भीषण गर्जना गर्दै आफूतिर बढिराखेको देखियो ॥२७॥ क्रूर स्वभावका असुरहरूले आफ्नो आसुरी मायाले कातर पुरुषलाई हडबडाइदिने यस्तै किसिमका अनेक कौतुक देखाए ॥२८॥ ध्रुवजीमाथि असुरहरूले आफ्नो दुस्तर मायाको प्रयोग गरेका छन् भन्ने खबर सुन्दा त्यहाँ अनेक मुनिहरूले आएर उनको मङ्गल-कामना गर्न लागे ॥२९॥

मुनीहरूले भने—

हे उत्तानपादका छोरा! शरणागतको रक्षा गर्ने शार्ङ्ग धनुषधारी श्रीहरिले तिम्रा शत्रुहरूको संहार गरून्। हे प्रिय! भगवान्‌को कस्तो प्रभाव छभने उहाँको नामको श्रवण तथा कीर्तन गर्नाले मात्र पनि मानिस अति दुस्तर मृत्युको मुखबाट सजिलैसँग बाँच्तछ ॥३०॥

अध्याय--११

स्वायम्भुव मनु ध्रुवलाई संझाई बुझाईकन युद्ध बन्द गर्ने उपदेश दिन्छन् ।

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! ऋषिहरूको कुरा सुनेपछि ध्रुवले आचमन गरेर आफ्नो धनुषमा श्रीनारायणले बनाएको नारायणास्त्र चढाए ॥ १ ॥ हे विदुर ! जसरी ज्ञानको उदय हुनासाथ अविद्यादि क्लेश हटेर जान्छन् त्यसै गरी नारायणास्त्र चढाउँदैमा यक्षहरूद्वारा प्रयोग गरिएका माया उत्निखेरै नष्ट भइहाले ॥२॥ ऋषिवर नारायणले बनाएको यो अस्त्र धनुषमा चढाउनासाथ त्यसबाट रजहाँस-समानका पखटा औ सुनको टुप्पा भएका तीखा तीखा बाण निस्केर जसरी मयूरहरू भयङ्कर शब्द गर्दै वनभित्र पस्तछन् त्यसै गरी भयानक स्वाँ स्वाँ आवाज गर्दै शत्रुको फौजमा प्रवेश गर्न लागे ॥३॥ युद्धमा ती तीखा धार भएका वाणहरू लाग्नाले अत्यंन्त पीडित भएका यक्षहरू जसरी गरुडले जिस्क्याइएका सर्पहरू खूबसँग झोक्किएर फणा उठाएर उनितिर जाइलाग्दछन्, त्यसै गरी अति क्रुद्ध भएर, आफ्ना आफ्ना अस्त्र-शस्त्र उठाएर सबैतिरबाट ध्रुवजीमाथि आक्रमण गर्न दगुरे ॥४॥ उनीहरूलाई आफूतिर आउन लागेको देख्ता ध्रुवले आफ्ना वाणद्वारा उनको हात, तिघ्रा, काँध, पेट आदि अङ्गहरू छिन्न-भिन्न गरी उनीहरूलाई त्यो सर्वश्रेष्ठ लोक अर्थात् सत्यलोकमा पठाइदिनुभयो जहाँ कि बालब्रह्मचारी मुनिहरू सूर्यमण्डललाई छेडेर जान्छन् ॥५॥ विचित्र रथमा चढेका ध्रुवद्वारा यस प्रकारसँग अनेक निरपराध यक्षहरूको बध हुन लागेको देख्ता ध्रुवका पितामह स्वायम्भुव मनुलाई उनीहरूमाथि दया उठ्यो र अनेक ऋषिहरूलाई साथमा लिई त्यहाँ आएर आफ्नो नाति ध्रुवलाई यस प्रकारसँग भन्न लाग्नुभयो ॥६॥

स्वायम्भुव मनुले भन्नुभयो—

ए छोरा ! रिस ठूलो पाप हो, यो ता साक्षात् नरकको ढोका हो । हेर, यै रिसको वशमा परेर तिमीले यतिका निरपराध यक्षहरूलाई मारिदियौ तसर्थ अब रिस त्यागिदेऊ ॥७॥ हे बाबु ! यी निर्दोष यक्षहरूको जो तिमीले बध गर्न थालेका छौ त्यो ता हाम्रो कुललाई सुहाउने काम होइन, साधुजनले समेत यसको निन्दा गर्दछन् ॥८॥ हे प्रिय ! हे भ्रातृवत्सल ! हेर त भाइको बधले कुपित भएका तिमीले एउटा यक्षले अपराध गरेकोमा प्रसङ्गवस यत्तिकाको बध गर्‍यौ ॥९॥ यस जड शरीरलाई नै आत्मा संझेर यसका निम्तिमा पशुहरूले झैं अनेक प्राणीको हिंसा गर्नु विष्णु भगवान्मा भक्ति भएका साधुजनको मार्ग होइन ॥१०॥ प्रभुको आराधना गर्ने काम ता बडो गाह्रो छ तर तिमीले ता बालककालमा नै सबै प्राणीमा विराजमान रहने श्रीहरिको सर्वभूतात्मभावले अर्थात् कुनै प्राणी पनि म-देखि भिन्न छैनन् भन्ने समबुद्धिले आराधना गरेर उहाँको परम पद (ध्रुवलोक) भेट्टाइ-राखेका छौ ॥११॥ प्रभुसमेत तिमीलाई आफ्नो

प्यारो संझनुहुन्छ तथा भक्तजन पनि तिम्रो सम्मान गर्दछन् । एक किसिमले तिमी ता साधु सज्जनका मार्ग-प्रदर्शक ह्वौ तर तैपनि यस्तो निन्दनीय काम कसरी गर्‍यौ?॥१२॥सर्वात्मा हरि ता आफूभन्दा ठूलासित सहनशीलताको, साना-सित दयाको, समान व्यक्तिसित मित्रताको तथा समस्त प्राणीको साथमा समताको बर्ताव गर्नाले नै प्रसन्न हुनुहुन्छ ॥१३॥ भगवान् प्रसन्न भएपछि ता मानिस मायाका गुण एवं उनका कार्यरूप लिङ्गशरीरदेखि छुट्कारा पाएर परमा-नन्दस्वरूप ब्रह्मपद पाउँछ ॥१४॥

शरीरआदि रूपले परिणाममा प्राप्त भएका पाँच तत्त्वबाट नै स्त्री पुरुषको उत्पत्ति हुन्छ फेरि उनीहरूको परस्परको संयोगले अरू स्त्री-पुरुष उत्पन्न हुन्छन् ॥१५॥ हे राजन्! यस प्रकारसंग भगवान्को मायाले सत्वादि गुणमा न्यूनाधिक भाव हुनाले जसरी पञ्चतत्त्वद्वारा शरीरको रचना हुन्छ त्यसै गरी यिनको स्थिति औ प्रलय पनि हुने गरेको छ ॥१६॥ हे पुरुषश्रेष्ठ ! निर्गुण परमात्मा ता जगत्को उत्पत्ति आदि कार्यमा केवल निमित्त मात्र छन्, यी काममा उनको अरू कुनै किसिमको सम्बन्ध छैन। जसरी चुम्बकको आकर्षणशक्तिद्वारा फलाम घुमिरहन्छ त्यसै गरी उहाँको आश्रयले कार्य (शरीर), कारण (जीव) स्वरूप यो जगत् घुमिरहन्छ ॥१७॥ भगवान्को कालशक्ति-द्वारा सृष्टि आदि कार्य्यका कारण सत्वादि गुणको प्रवाहमा न्यूनाधिकता हुन जाँदा लीला-मय भगवान्को शक्तिमा समेत विषमता हुन जान्छ शक्तिमा विषमता भएकोले नै भगवान् अकर्त्ता भएर पनि जगत्को रचना गर्नुहुन्छ औ संहार नगर्ने भए तापनि यसको संहार गर्नुहुन्छ। वास्तवमा सर्वव्यापक प्रभुको शक्ति जो "काल" हो त्यसको चेष्टा सर्वथा अचिन्तनीय छ ॥१८॥ हे ध्रुव ! यी कालस्वरूप अव्यक्त परमात्मा नै स्वयं अनन्त (अन्त्यरहित) भएर पनि जगत्को अन्त्य गर्ने हुनुहुन्छ तथा अनादि भएर पनि सबैको आदिकारण हुनुहुन्छ । उहाँ नै एउटा जीवबाट अर्को जीवको उत्पत्ति गराएर संसारको सृष्टि गर्नुहुन्छ तथा मार्नेचाहिंलाई पनि मृत्यु-द्वारा मराएर यसको संहार गर्नुहुन्छ अर्थात् प्राणीको सृष्टि औ संहारको कारण उहीं नै हुनुहुन्छ ॥१९॥ सम्पूर्ण सृष्टिमा समान भावले रहनुभएको कालरूप परमात्माको निम्ति यो आफ्ना अथवा अर्काको भन्ने कोही छैन, न कोही शत्रु छ, न कोही मित्र छ । जसरी हावा चल्दाखेरि धूलो पनि त्यसको सँगसँगै उड्दछ त्यसै गरी समस्त जीव आफ्नो आफ्नो कर्मको अधीन भई कालरूप परमात्माको अनुगमन गर्दछन् अर्थात् आफ्नो आफ्नो कर्मअनुसार सुख दुःखादि फल भोग्दछन् । परन्तु धूलो कहिले अन्धकारमा वा प्रकाशमा अथवा कहिले आगो वा जलमा जान्छ, जसरी धूलोको भिन्न भिन्न स्थितिमा जाने कुरामा वायुको विषमता हुन्न त्यसै गरी जीव पनि दुःख वा सुख आफ्नो कर्मको अनुसार पाउँछन्, यसको कारण परमात्माको विषमभाव होइन ॥२०॥ सर्वव्यापक भगवान् कर्मबन्धनमा बाँधिएका जीवको आयुको वृद्धि औ क्षयको विधान ता गर्नुहुन्छ तर आफू स्वयं ता यी दुवैदेखि रहित औ आफ्नो स्वरूपमा रहनुभएको छ ॥२१॥ हे राजन्! परमात्मा हुनुहुन्छ भन्ने कुरा सबै मान्दछन् । उहाँको विषयमा केवल नाम मात्रको

विवाद देखिन्छ । मीमांसिकहरू उहाँलाई "कर्म" चार्वाकको मत मान्नेहरू "स्वभाव" वैशेषिक मतावलम्बीहरू "काल" ज्योतिषीहरू "दैव" औ वात्स्यायनादि कामशास्त्रीहरू "काम" भन्दछन् ॥२२॥ यी परमात्मा कुनै इन्द्रिय अथवा प्रमाणका विषय होइनन् । उहींबाट महत्तत्त्व आदि अनेक शक्ति उत्पन्न भएका हुन् । उहाँको शक्ति अर्थात् कालको चेष्टालाई ता कसैले बुझ्न सक्तैनन्भने आफ्नै इच्छाले प्रकट हुने स्वयं भगवान्लाई कसले जान्न सक्ला ? ॥२३॥

ए छोरा ! यी कुवेरका सेवक तिम्रो भाइलाई मार्नेवाला होइनन्, किनकि मनुष्यको जन्म औ मरणको वास्तविक कारण ता ईश्वर नै हुन् अर्थात् ईश्वरसिवाय अरू कसैले न कसैलाई उत्पन्न गर्न सक्तछ न मार्न सक्तछ॥२४॥एक मात्र ईश्वरले नै संसारको रचना, पालना औ संहार गर्दछन् तर अहङ्कार शून्य हुनाले सत्वादि गुणको कर्ममा लिप्त हुँदैनन् ॥२५॥ सम्पूण प्राणीका अन्तरात्मा, नियन्ता तथा रक्षा गर्ने यी प्रभु आफ्नो मायाशक्तिले युक्त भईकन समस्त प्राणीको उत्पत्ति, पालन औ संहार गर्दछन् ॥२६॥ जसरी नाकमा डोरीले बाँधिएका गोरु आफ्नो मालिकको भारी बोक्तछन् त्यसै गरी जगत्को रचना गर्ने ब्रह्मादि पनि नामरूप डोरीले बाँधिएर परमात्माको आज्ञाको पालन गर्दछन् । अभक्तका लागि मृत्युरूप औ भक्तका लागि अमृतरूप उनी संसारको एक मात्र आश्रय हुन् । ए बाबु ! उनै परमात्माको शरण लेऊ ॥२७॥ पाँच वर्षको अवस्थामा नै आफ्नी सौतेनी आमाको वाग्वाणले मुटु छेडिन गएकोले तिमी आमाको काख छाडेर वनतिर लागेका थियौ । त्यहाँ तपस्याद्वारा जुन हृषिकेश भगवान्को आराधना गरेर त्रिलोकमाथिको ध्रुवपद पाएका छौ औ जो तिम्रो वैरभावरहित सरल हृदयमा वात्सल्यवस विशेषरूपले विराजमान भएका थिए उनै निर्गुण, अद्वितीय, अविनाशी औ नित्यमुक्त परमात्मालाई अध्यात्मदृष्टिले आफ्नो अन्तःकरणमा खोज, उहाँमा यो भेदभावमय प्रपञ्च (विश्व) मिथ्या देखिन जान्छ ॥२८--२९॥ सर्वान्तिर्यामी, सर्वशक्तिसम्पन्न, परमानन्दस्वरूप भगवान् अनन्तमा जब तिम्रो सुदृढ भक्ति हुनेछ तब पो यस भक्तिको प्रभावले "म हुँ, मेरो हो" इत्यादि रूपमा दृढतामा प्राप्त भएको अविद्यारूप अज्ञानको गाँठोलाई बिस्तारै बिस्तारै चुँडाल्न सक्नेछौ ॥३०॥

अतः हे राजन् ! जसरी औषधिद्वारा रोग शान्त गरिन्छ त्यसै गरी शास्त्रको श्रवणले प्राप्त भएको आत्मज्ञानद्वारा कल्याणमार्गको परम विरोधी यस क्रोधलाई शान्त गर । भगवान्ले तिम्रो कल्याण गरून् ॥३१॥ क्रोधको अधीनमा भएका मानिसदेखि सबै जना थर्कायमान रहन्छन् तसथ मदेखि कुनै प्राणीलाई भय नहोस् भनेर चाहना गन बुद्धिमान्ले कहिले पनि क्रोधको अधीनमा रहन हुन्न ॥३२॥ यी मेरा भाइका घातकी हुन् भन्ने समझ लिएर तिमीले यतिका यक्षको जो संहार गर्‍यौ त्यसबाट ता तिमीले एक किसिमले भगवान् शङ्करका सखा कुवेरजीको निरादर गर्‍यौ॥३३॥ कुवेरको कोपले हाम्रो कुलको अनिष्ट हुन नपाउँदैमा झट्टै गएर विनम्र भाषण औ विनयद्वारा उहाँलाई प्रसन्न गराइहाल "॥३४॥

यस प्रकारसँग स्वायम्भुव मनुले उपदेश दिएर आफ्नो नाति ध्रुवलाई राम्रोसँग सम्झाए बुझाए। ध्रुवले पनि उहाँलाई प्रणाम गरे। यसपछि महर्षिहरूलाई साथमा लिई मनु आफ्नो लोकतिर लागे ॥३५॥

———

अध्याय-१२

कुवेरबाट वरदान पाएर ध्रुव आफ्नो राजधानीमा फर्के'र आउछन् औ अनेक यज्ञ गरेर विष्णुलोक जान्छन्।

मैत्रेयजी भन्नुहुन्छ—

ध्रुवको क्रोध शान्त भएको छ र उनी यक्षहरूको बधबाट निवृत्त भएका छन् भन्ने थाहा पाएपछि कुवेर त्यहाँ आए। यसबखतमा यक्ष किन्नर र चारणहरूले उनको स्तुति गरिरहेका थिए। आफूलाई देख्नासाथ हात जोरेर उभिएका ध्रुवलाई कुवेरले भन्न लागे ॥१॥

कुवेरले भने—

हे शुद्धहृदय क्षत्रियकुमार ! म तिमीदेखि बडो खुशी छु, किनकि तिमीले आफ्नो बाजेको उपदेशले त्याग्न बडो मुश्किल पर्ने वैरलाई त्यागिदियौ॥२॥ वास्तवमा न ता तिमीले यक्षलाई मारेका हौ, न यक्षले तिम्रो भाइलाई मारेका हुन्, किनकि सम्पूर्ण जीवको उत्पत्ति औ विनाशको कारण ता एक मात्र काल नै हो ॥३॥ "म, तिमी" भन्ने भेद-बुद्धि अज्ञानद्वारा हुन्छ, देहाभिमान नै यो भेदबुद्धिको कारण हो। यो भेदबुद्धि स्वप्नामा देखिएका सुखदुःख जस्तै मिथ्या छ। यै बुद्धिले गर्दा मानिसलाई बन्धन एवं दुःखादि विपरीत अवस्थाको प्राप्ति हुन्छ ॥४॥ हे ध्रुव ! अब आफ्नो घरतिर जाऊ, भगवान्ले तिम्रो कल्याण गरून्। संसारपाशबाट मुक्त हुनको निम्ति समस्त जीवमा समदृष्टि राखेर संसारपाशबाट छुटाउने श्रीहरिको भजन गर औ सबै प्राणीमा उहाँलाई विराजमान भएको देख, किनकि जति प्राणी छन् ती सबै उहींका रूप हुन्। संसारको उत्पत्ति आदि कार्य्यका लागि आफ्नो त्रिगुणमयी माया-शक्तिले युक्त भएर पनि वास्तवमा उहाँ गुणहीन हुनुहुन्छ। उहाँको चरणकमल सबैका लागि वन्दनीय छ ॥ ५-६ ॥ हे प्रियवर ! तिमी भगवान् कमलनाभको चरणकमलको अनन्य भक्त छौ भन्ने कुरा हामीले सुनेका छौं, यसैकारण अवश्य वर पाउन योग्य छौ। उत्तानपादका छोरा हे ध्रुव ! तिमीलाई जुन वर लिनाको इच्छा छ सो वर केही सङ्कोच औ भय नमानी मसित माग॥७॥

मैत्रेयजी भन्नुहुन्छ—

यक्षराज कुवेरले यस प्रकारसँग वर माग्नको निम्ति आग्रह गर्दा भगवद्भक्त, परम बुद्धिमान् ध्रुवले उनिसित "ममा भगवान्को अखण्ड स्मृति रहोस्" भन्ने वर मागे। भगवान्को स्मृतिको प्रभावले मानिसले सजिलैसित दुस्तर संसारसागरलाई पार गरिदिन्छ ॥८॥ इडविडाका

छोरा कुवेर प्रसन्न मनले ध्रुवलाई भगवत्स्मृतिको वर दिएर उनले देख्तादेख्तैमा अन्तर्धान भइहाले। यसपछि ध्रुव पनि आफ्नो राजधानीमा फर्केर आए ॥९॥ आफ्नो राजधानीमा रहेर यिनले धेरै धेरै दक्षिणा दिइने यज्ञद्वारा भगवान् यज्ञ-पुरुषको आराधना गरे। द्रव्य (यज्ञका सामग्री) क्रिया (यज्ञको कर्म) औ देवतासम्बन्धी समस्त कर्मको फल भगवान् नै हुन्। भगवान् नै अनेक देवताको रूप लिएर यजमानको इच्छानु-सार सम्पूर्ण कर्मको फल दिनुहुन्छ ॥१०॥ सम्पूर्ण उपाधिदेखि रहित भएका सर्वात्मा अच्युत भग-वान्मा प्रबल वेगयुक्त भक्तिभाव गर्दागर्दै ध्रुवले आफूमा औ समस्त प्राणीमा सर्वव्यापक भग-वान्लाई विराजमान देख्न लागे ॥११॥ उत्तम स्वभाव भएका, ब्राह्मणभक्त, दीनवत्सल औ धर्म-मर्यादाका रक्षक ध्रुवलाई उनका प्रजाहरू साक्षात् पितासमान मान्दथे ॥१२॥ यस प्रकारसँग किसिम किसिमका ऐश्वर्य्यभोगले पुण्यको तथा यज्ञादि कर्मले पापको क्षय गर्दै यिनले छत्तीस हजार वर्षसम्म पृथ्वीको शासन गरे ॥१३॥ महात्मा ध्रुवले यस प्रकारसँग इन्द्रियहरूलाई आफ्नो अधीनमा राखेर धर्म, अर्थ औ कामको सम्पादनमा कय्यौं वर्षको समय बिताएर अन्त्यमा आफ्नो छोरो उत्कललाई राजसिंहासनमा बसाले॥१४॥औ आफूचाहिं यस विश्वलाई अज्ञानवश सपनामा देखिएको गन्धर्वनगरसमान मिथ्या एवं माया-द्वारा आफूले कल्पना गरेको मानेर तथा शरीर-स्त्री-पुत्र-मित्र-सेना--भरिपूर्ण ढुकुटी, अन्तःपुर-रमनीय विहारभूमि-सागरवेष्टित भूमण्डल यी सबै कुनै न कुनै दिन नाश हुने अनित्य हुन् भन्ने विचार गरेर बद्रिकाश्रमतिर लागे ॥१५-१६॥

त्यहाँ पुगेपछि यिनले पवित्र जलमा स्नान गरेर शरीरको बाहिरी शुद्धि गरे एवं काम क्रोधादि तथा विषयवासनाको त्याग गरेर अन्तः-करणलाई शुद्ध गरे, अनि स्थिर आसन बाँधेर प्राणायामद्वारा वायुलाई जिते। यसपछि एकाग्र गरिएको मनद्वारा इन्द्रियहरूलाई उनको विषय-बाट निवृत्त गरी सो मनलाई भगवान्को विश्व-मय विराट् स्वरूपको ध्यान गर्दागर्दै जब "म ध्यान गरिने हुँ औ भगवान् ध्यान गरिने वस्तु हुन्" भन्ने यस प्रकारको भेदभाव लोप भएथ्यो अनि विराट् रूपको समेत परित्याग गरेर तन्मय भईकन समाधिमा लीन भए अर्थात् समाधि अवस्थामा म नै ब्रह्म हुँ भन्ने भावना गर्न लागे ॥१७॥ भगवान् हरिमा निरन्तर भक्तिभावको प्रवाह चलिरहेकोले उनको आँखमा वारंवार आनन्दाश्रुको भेल आउन थाल्यो। यसले गर्दा उनको हृदय आनन्दरसले विगलित भयो औ शरीरभरीमा रोमाञ्च भएर आयो। देहाभिमान नष्ट भएकोले "म राजा ध्रुव हुँ" भन्ने उनलाई संझनासम्म पनि रहेन ॥१८॥

यस अवस्थामा पुगेपछि ध्रुवले आफ्नो प्रकाशले दसै दिशालाई प्रकाशित गरिरहेको एउटा बडो राम्रो विमान आकाशबाट पृथ्वीमा ओर्लन लागेको देखे। यो विमान देख्ता आकाशमा साक्षात् पूर्णि-माको चन्द्रमा उदाएका हुन् कि जस्तो मालूम हुन्थ्यो ॥१९॥ यसमा दुई जना श्रेष्ठ पार्षद गदाको आड लिएर उभिराखेका थिए। यिनीहरूका चार हात, श्याम वर्णको शरीर, किशोरावस्था

औ अरुण वर्णको कमलसमानका ठूला ठूला आँखा थिए। यिनीहरूले राम्रो वस्त्र, किरीट, हार कङ्कण तथा अति मनोहर कुण्डल धारण गरेका थिए ॥२०॥ यिनलाई उत्तमश्लोक श्रीहरिको सेवक सम्झेर ध्रुवजी हत्तपत्त उठिहाले, हडबडीमा पूजाआजा गर्ने सम्झना पनि रहेन। यिनीहरू भगवान्का पार्षदहरू मध्येका प्रधान (नन्द-सुनन्द) हुन् भन्ने विचार गरेर श्रीमधुसूदनका नामहरूको उच्चारण गर्दै ध्रुवले हात जोरेर उनीहरूलाई प्रणाम गरे ॥२१॥ यसपछि कमलनाभ भगवान्का माननीय पार्षद सुनन्द औ नन्दले भगवान्का चरणकमलमा तल्लीन मन भएका औ हात जोरेर बडो नम्रतासंग टाउको निहुराएर उभिराखेका ध्रुवको नगीच गई मुसुक्क हाँसेर भन्न लागे॥२२॥

सुनन्द औ नन्दले भन्न लागे—

हे राजन् ! तिम्रो कल्याण होस् । हामीले भनेको कुरा सावधान भएर सुन। पाँच वर्षको अवस्थामा तपस्या गरेर तिमीले जुन भगवान्लाई प्रसन्न गराएथ्यौ हामी उनै शार्ङ्गपाणी, निखिल जगन्नियन्ता विष्णुभगवान्का सेवक ह्वौं औ तिमीलाई भगवान्को धाममा लैजान भनी आइराखेका छौं ॥२३ २४॥ तिमीले आफ्नो भक्तिको प्रभावले ठूला ठूलालाई समेत दुर्लभ भएको विष्णुलोकको अधिकार पाएका छौ। परम ज्ञानी सप्तर्षिसमेत त्यहाँसम्म पुग्न सक्तैनन् , केवल तलबाट हेरिसम्म रहन्छन्। सूर्य चन्द्र आदि ग्रह, नक्षत्र एवं तारागण जसको प्रदक्षिणा मात्र गर्दछन् त्यस्तो परमपदमा गएर विराजमान होऊ ॥२५॥ हे प्रियवर ! अहिलेसम्म तिम्रा कुनै पुर्खा अथवा अरू कोही त्यस पदमा पुग्न सकेका छैनन् । विष्णु भगवान्को त्रिभुवनवन्दित यसपरम पदमा गएर निवास गर॥२६॥ हेआयुष्मन्! यो श्रेष्ठ विमान पुण्यकीर्तिशिरोमणि श्रीहरिले पठाएको हो, अब यसमा चढिहाल ॥२७॥

मैत्रेयजी भन्नुहुन्छ—

भगवान्को प्रधान पार्षदको मुखबाट अमृतसमानको यो वचन सुनेपछि भगवत्प्रिय ध्रुवले स्नान गरे औ सन्ध्यावन्दनादि नित्यकर्मबाट निवृत्त भइसकेपछि माङ्गलिक अलङ्कारादि धारणा गरी वद्रिकाश्रममा बस्ने मुनिहरूलाई प्रणाम गरेर उनीहरूबाट आशीर्वाद लिए ॥२८॥ यसपछि त्यो श्रेष्ठ विमानको पूजा औ प्रदक्षिणा गरी पार्षदहरूलाई प्रणाम गरेर सुवर्णमय स्वरूप धारण गरी त्यसमा चढ्न तय्यार भए ॥२९॥ कैयतिमा उत्तानपादका छोरा ध्रुवले काललाई मूर्तिमान भएर आफ्नो सामुन्ने उभिराखेको देखे। अनि ता उनी पनि मृत्युको टाउकोमा खुट्टा राखेर त्यो अद्भुत विमानमा चढे ॥३०॥ त्यस बखत स्वर्गमा दुन्दुभि, मृदङ्ग, ढोलक आदि बाजा बज्न लागे, श्रेष्ठ गन्धर्वहरूले गाना गर्न थाले औ आकाशबाट फूलको वर्षा भयो ॥३१॥

विमानमा चढेर स्वर्गलोकतिर जाँदाखेरि ध्रुवलाई आफ्नी आमा सुनीतिको सम्झना भयो र उनी "मेरो वियोगले गर्दा दीन अवस्थामा प्राप्त भएकी आमालाई छाडेर मैले एक्लै यो दुर्गम स्वर्गलोकमा जाने हो त ?" भनेर मनमा विचार गर्न लागे ॥३२॥ देवश्रेष्ठनन्द औ सुनन्दले उनको मनको कुरा थाहा पाइहाले तसर्थ उनलाई आफूभन्दा अघि विमानमा चढेर जान लागेकी

देवी सुनीतिलाई देखाइदिए ॥३३॥ ध्रुवले क्रमशः सूर्य आदि सबै ग्रह देखे, बाटोमा जतातते विमानमा बसेका देवताहरू उनको प्रशंसा गर्दै फूलको वर्षा गर्न लागेका थिए ॥ ३४ ॥ दिव्य विमानमा बसेका ध्रुवजी त्रिलोकलाई पार गरी सप्तर्षिमण्डलभन्दा पनि माथिको विष्णु भगवान्को परम धाममा पुगे। यस प्रकारसँग यिनले निश्चल गति प्राप्त गरे ॥३५॥ यो दिव्य धाम चारैतिर आफ्नै प्रकाशले प्रकाशित छ। यसैको प्रकाशले तीनै लोक प्रकाशित भइराखेको छ । प्राणीमाथि निर्दयता गर्ने मानिस यहाँ जान पाउन्नन्। रात-दिन शुभ कर्म गर्नेहरू मात्र यहाँ जान पाउँछन् ॥३६॥ शान्त, समदर्शी, शुद्ध, सबै प्राणीलाई प्रसन्न राख्ने तथा भगवद्भक्तलाई नै आफ्नो एक मात्र सच्चा सुहृद् संझनेहरू मात्र यो विष्णु-पदमा सजिलैसित जान पाउँछन् ॥ ३७ ॥

यसप्रकारसँग उत्तानापादका छोरा भगवत्परायणण ध्रुवजी तीनै लोकको मस्तकमा निर्मल चूडामणि झैं विराजमान भए ॥ ३८ ॥ हे कुरुनन्दन ! जसरी दाउनी गर्दाखेरि एउटा थामको आश्रयले त्यसको चारैतिर गोरु-हरू घुम्दछन् त्यसै गरी सूर्य, चन्द्र, नक्षत्रादि ज्योतिश्चक्र बडो वेगसँग यै ध्रुवलोकको आश्रयले त्यसको चारैतिर सदा घुमिरहन्छन् ॥३९॥ यसको महिमा देखेर देवर्षि नारदले प्रचेता-हरूको यज्ञशालामा वीणा बजाएर (हरिगुण-गाउने समयमा) यी तीन श्लोक गाउनुभएथ्यो ॥४०॥

नारदले भन्नुभएथ्यो—

निश्चय, पतिपरायणा सुनीतिका छोरा ध्रुवले आफ्नो तपस्याको प्रभावले जुन गति पाएका छन् त्यो गति ता भागवत्धर्म जान्ने, वेदको अध्ययन गर्ने मुनिहरूले समेत पाउन सक्तैनन्, अरू राजाहरूको कुरा ता कता छ कता ॥४१॥ अहो ! यिनले पाँचै वर्षको उमेरमा सौतेनी आमाको वाणरूप वचनको चोटले मुटु छेडिन जाँदा दुःखित हृदयले वनमा गई मेरो उपदेश-अनुशार आचरण गरी ती अजेय प्रभुलाई जितिहाले । उहाँ प्रभु ता केवल आफ्ना भक्तको गुणले वशमा पर्नुहुन्छ ॥ ४२ ॥ ध्रुवले पाँच वर्षको अवस्थामा केही दिनको तपस्याले भगवान्-लाई प्रसन्न गराएर जुन परम पद प्राप्त गरेका छन्, उनीद्वारा प्राप्त भएको यस पदलाई भूमण्डलको अरू कुनै क्षत्रियले अनेकौं वर्ष तपस्या गरेर पनि पाउन सक्ला त ? ॥४३॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! तिम्रो प्रश्नको अनुसार मैले परम यशस्वी ध्रुवको चरित्र पूरा पूरा सुनाइदिएँ। ध्रुव-चरित्रको साधुजन बडो प्रशंसा गर्दछन् ॥४४॥ यो ध्रुवचरित्र धन, यश औ आयुलाई बढाउने, परम पवित्र औ अत्यन्त मङ्गलमय छ । यति मात्र होइन यसबाट स्वर्ग औ अविनाशी पदसमेत भेटिन सक्तछ। यो मनलाई प्रसन्न गराउने, समस्त पापलाई नाश गर्ने औ बडो प्रशंसनीय छ ॥४५॥ भगवद्भक्त ध्रुवको यस चरित्रलाई श्रद्धापूर्वक वारंवार सुन्नाले भगवान्मा दृढभक्ति उत्पन्न हुन्छ औ यस भक्तिले गर्दा समस्त दुःखको नाश हुन्छ ॥४६॥ यो सुन्नेलाई शीलादि गुण मिल्दछ, जो महत्त्व चाहन्छन् तिनले महत्त्व पाउँछन् औ जो तेज

चाहन्छन् तिनले तेज प्राप्त गर्दछन् । यसले मनस्वीहरूको मान बढाउँछ ॥४७॥ एकाग्रचित्तले बिहान र साँझमा ब्राह्मणादि द्विजातिहरूको समाजमा यस उत्तम चरित्रको कीर्तन गर्नुपर्दछ ॥४८॥ भगवान्को परम पवित्र चरणको आश्रय लिएर रहने पुरुषले निष्कामभावले पूर्णिमा, अमावास्या, द्वादशी, श्रवण-नक्षत्र, तिथि-क्षय, व्यतिपात संक्रान्ति अथवा रविवारका दिन यो चरित्र श्रद्धालु पुरुषलाई सुनायोभने त्यो स्वयं आफ्नो आत्मामा अर्थात् मनमा सन्तुष्ट भएर सिद्ध हुन्छ अर्थात् सांसारिक क्लेशदेखि मुक्त हुन्छ ॥४९-५०॥ ईश्वरको तत्त्व नजानेका अज्ञानीहरूलाई जसले यो भगवद्विषयक अमृतमय ज्ञानको उपदेश दिन्छ त्यो दीनवत्सल कृपालु व्यक्तिमाथि देवताले अनुग्रह गर्दछन् ॥५१॥ बाल्यावस्थामा नै आमाको घर तथा खेलौनाको मोह छाडेर श्रीविष्णु भगवान्को शरणमा जाने ध्रुवको कर्म सर्वत्र प्रसिद्ध औ परम पवित्र छ । उनै ध्रुवको यो पवित्र चरित्र मैले तिमीलाई सुनाइदिएँ ॥५२॥

अध्याय-१३

ध्रुव-वंशको वर्णन र यस वंशमा उत्पन्न भएको वेनको दुराचारले गर्दा अतिशय विरक्त भएका उसका पिता अङ्गले गृहत्याग गरेको कथा।

सूतजी भन्दछन्—

हेमुने ! मैत्रेय मुनिको मुखबाट ध्रुवले विष्णुपदमा गमन गरेको वृत्तान्त सुनेपछि विदुरको हृदयमा विष्णुभगवान्माथिको भक्ति झन् बढेर आयो र उनी फेरि मैत्रेयजीसित सोध्न लागे ॥१॥

विदुरले भने—

हे भगवत्परायण मुने ! प्रचेताहरूको सभामा गएर नारदले ध्रुवको महिमा गाएर सुनाए भनेर जो तपाईंले भन्नुभयो सो यी प्रचेता भनेका को हुन् ? कसको वंशमा उत्पन्न भएका हुन् ? कसका छोरा हुन् ? कुन ठाउँमा यिनले यज्ञ गरेका थिए ? ॥२॥ साक्षात् भगवान्को दर्शन पाउने नारदलाई म परम भगवद्भक्त सम्झन्छु । उहाँले श्रीहरिको पूजा-विधि अर्थात् पञ्चरात्र नामक शास्त्रको वर्णन गर्नुभएको छ ॥३॥ तपाईंको भनाइमुताबिक आफ्नो धर्ममा तत्पर रहने प्रचेताहरूले भगवान् यज्ञेश्वरको आराधना गरिराखेको वेलामा भक्तप्रवर नारदले उहींकै (भगवान्कै) गुणगान गरेथे ॥४॥ हे ब्रह्मन् ! त्यस ठाउँमा उनले जुन जुन भगवच्चरित्रको वर्णन गरेथे सो सबै सुनाउनुहोस्, मलाई त्यो सुन्ने बडो इच्छा भइराखेको छ ॥५॥

मैत्रेयजीले भन्नुभयो—

हे विदुर ! ध्रुव वन गएपछि उनका छोरा उत्कलले चक्रवर्ती राज्यको लक्ष्मीले युक्त भएको राजसिंहासनको अलिकता पनि इच्छा गरेनन्॥६॥ उनी जन्मैदेखि शान्तचित्त,आसक्तिशून्य औ समदर्शी थिए तथा सम्पूर्ण लोकमा आफ्नो आत्मालाई औ आफ्नो आत्मामा सम्पूर्ण लोकलाई व्याप्त देख्तथे ॥७॥ उनको अन्तःकरणक वासनारूप मल (कर्मको संस्कार) योगाग्निले

डढिसकेको थियो । यसैकारण उनी आफ्नो आत्मालाई विशुद्ध बोधरसदेखि अभिन्न,आनन्दमय औ सर्वत्र व्याप्त देख्तथे । सबै प्रकारको भेददेखि रहित भएको प्रशान्त ब्रह्मलाई नै आफ्नो स्वरूप संझेर उनी आफ्नो आत्मासिवाय अरू केही देख्तैनथे ॥८-९॥ बाटोमा हिंड्दाखेरि अज्ञानीहरूको बीचमा यिनी मूर्ख,अन्धो, बहिरो, बौलाहा अथवा लाटो जस्ता देखिन्थे तर वास्तवमा ता उनी यस्ता थिएनन् । जसरी ज्वाला नभएको आगोलाई मानिस काम नलाग्ने संझन्छन् त्यसै गरी यिनी पनि निस्तेज औ बेकम्मा जस्तो देखिन्थे ॥१०॥ यसैकारण कुलका बूढापाका तथा मन्त्रीहरूले यिनलाई मूर्ख र बौलाहा ठानेर यिनका भाइ भ्रमिपुत्र वत्सरलाई राजा बनाए ॥११॥

वत्सरकीमन परेकी रानी स्वर्वीथिको गर्भबाट पुष्पार्ण, तिग्मकेतु, इष, ऊर्ज, वसु र जय नाम गरेका छओटा छोरा जन्मे ॥१२॥ पुष्पार्णका प्रभा र दोषा नाम गरेका दोटी रानी थिए । यिनमा प्रभाबाट प्रातः, मध्यन्दिन, सायं-यी तीन छोरा तथा दोषाबाट प्रदोष, निशीथ , व्युष्ट-यी तीन छोरा जन्मे । व्युष्टले आफ्नी स्त्री पुष्करिणीबाट सर्वतेजा नाम गरेको छोरो जन्माए ॥१३-१४॥ सर्वतेजाको नाम चक्षु पनि हो । चक्षुले आकृति नाम गरेकी रानीबाट मनुनाम गरेको छोरो जन्माए । मनुकी स्त्री नड्वाले पुरु, कुत्स, त्रित, द्युम्न, सत्यवान्,मृत,व्रत, अग्निष्टोम, अतिरात्र, प्रद्युम्न, शिवि र उल्मुक नाम गरेका यी बाह्र निर्दोष बालक उत्पन्न गरिन् ॥१५-१६॥ यिनमा उल्मुकको पुष्करिणी नाम गरेकी स्त्रीबाट अङ्ग, सुमनस्, ख्याति, क्रतु, अङ्गिरस् औ गय नामका छ जना उत्तम छोरा जन्मे॥१७॥ यसपछि अङ्गकी पत्नी सुनीथाबाट घोर कर्म गर्ने वेन नाम गरेको कुमार उत्पन्न भयो । वेनको दुष्ट स्वभावले विरक्त भएर राजा अङ्ग शहर छाडेर हिंडिदिए ॥१८॥ हे प्यारा विदुर ! मुनिहरूको वचन वज्रसमान अमोघ हुन्छ । यिनीहरूले झोक्किएर वेनलाई श्राप दिएर जब त्यो मऱ्योथ्यो अनि ता राजा नहुनाले लुटेराहरूले सम्पूर्ण प्रजालाई सताउन लागे । प्रजालाई पीडित भएको देख्ता मुनिहरूले मरेको वेनको शरीरको दाहिने हातको मन्थन गरे जसबाट विष्णुभगवान्का अंशावतार आदिसम्राट् महाराज पृथु प्रकट भए । शहर,गाउँ इत्यादिको रचना गर्ने यिनै हुन् ॥१९-२०॥

विदुरले सोधे—

हे ब्रह्मन् ! अङ्ग ता बडा सुशील, साधु (परोपकारी), ब्राह्मणभक्त औ महात्मा थिए। उनीबाट वेन जस्तो दुष्ट छोरो कसरी जन्मन गयो— जसले गर्दा उनले विरक्त भएर शहर छाड्नुपऱ्यो ॥२१॥ धर्म जान्ने मुनिहरूले पनि वेनमा यस्तो के अपराध देखे जसले गर्दा उनीहरूले दुष्टको दमन गर्नु नै जसको व्रत हुन्छ त्यस्ता राजाप्रति शापरूप ब्रह्मदण्डको प्रयोग गरे ॥२२॥ प्रजाको पालन गर्ने राजाले कुनै अपराध गरेको खण्डमा पनि प्रजाले उनको तिरस्कार गर्न हुन्न किनकि राजाले ता आफ्नो प्रभावले इन्द्रादि लोकपालहरूको तेज धारण गरेको हुन्छ ॥२३॥ हे ब्रह्मन् ! भूत-भविष्यको कुरा जान्नेहरूमा तपाइं श्रेष्ठ हुनुहुन्छ तसर्थं मलाई सुनीथाका छोरा वेनको चरित्र सुनाउनुहोस् । म तपाईंको श्रद्धालु भक्त हुँ ॥२४॥

मैत्रेयजीले भन्नुभयो—

हे विदुर ! एकचोटि राजर्षि अङ्गले अश्वमेध नामक महायज्ञको अनुष्ठान गरे । त्यसमा वेदवादी ब्राह्मणहरूले आवाहन गर्दा पनि देवताहरू आफ्नो भाग लिन आएनन् ॥२५॥ अनि ऋत्विज्हरूले बडो छक्क मानेर अङ्गलाई भने— "हे राजन् ! हामीले हवन गर्दा पनि देवताहरू तिम्रो हवि ग्रहण गर्दैनन् ॥२६॥ हामीलाई तिम्रो होम-सामग्री दूषित छैन भन्ने कुरा थाहा छ, तिमीले यिनलाई बडो श्रद्धासँग जोरेका ह्वौ, उता वेदमन्त्र पनि कुनै किसिमले बलहीन छैन किनकि यिनको प्रयोग गर्ने ऋत्विज्हरूले ब्रह्मचर्य्य आदि नियमको राम्रोसँग पालना गरेका छन् तसर्थ कर्माध्यक्ष देवताहरूले किन आफ्नो भाग ग्रहण नगरेका होलान् ?" ॥२७-२८॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! ऋत्विज्हरूको कुरा सुन्दा यजमान अङ्ग बडो दिक्दार भए । यज्ञदीक्षा लिएकोले राजाले मौनव्रत लिएका थिए तापनि याजकहरूको अनुमतिले मौनव्रत भङ्ग गरेर सदस्यहरूलाई सोधे ॥२९॥ "हे सदस्य हो ! आवाहन गर्दा पनि देवताहरू न यज्ञमा आउँछन् न सोमपात्र ग्रहण गर्दछन्, यसको कारण के हो भन्नोस्, मबाट कुनै अपराध हुन गएको छ कि ?" ॥३०॥

सदस्यहरूले भने—

यस जन्ममा ता तपाईंबाट अलिकता पनि अपराध भएको छैन तर पूर्वजन्मको एउटा अपराध अवश्य छ जसले गर्दा यस्तो सर्वगुण-सम्पन्न भएर पनि तपाईं पुत्रहीन हुनुभएको छ ॥३१॥ तसर्थ पहिले सुपुत्र उत्पन्न गर्ने कुनै उपाय गर्नुपर्‍यो, यसबाट तपाईंको कल्याण हुनेछ । पुत्रको कामनाले यज्ञ गरेको खण्डमा भगवान् यज्ञेश्वरले अवश्य तपाईंलाई पुत्र दिने-छन् ॥३२॥ पुत्रको इच्छाले यज्ञपुरुष श्रीहरिको आवाहन गर्दा अरू अरू देवता पनि श्रीहरिसँग आएर आफ्नो आफ्नो भाग ग्रहण गर्नेछन् ॥३३॥ भक्त जुन जुन कुराको इच्छा गर्दछन्, श्रीहरिले उनलाई त्यै त्यै कुरा दिनुहुन्छ । जुन भावले उहांको आराधना गरिन्छ त्यै भावको अनुकूल उपासकलाई फल पनि मिल्दछ ॥३४॥

यस प्रकार राजा अङ्गलाई पुत्रप्राप्ति गराउने निश्चय गरेर ऋत्विज्हरूले अग्निमा यज्ञरूपले रहने विष्णु भगवान्को आराधनाको निम्ति पुरोडास नामक चरू समर्पण गरे ॥३५॥ अग्निमा आहुति पार्नासाथ अग्निकुण्डबाट सुवर्णमय माला पहिरेका औ निर्मल वस्त्र धारण गरेका एक जना पुरुष प्रकट भए । उनले सुनको पात्रमा सिद्ध भएको खीर लिएका थिए ॥३६॥ ब्राह्मण-हरूको आज्ञानुसार उदार राजा अङ्गले अञ्ज-लिमा सो खीर लिएर स्वयं त्यसलाई सुँघीकन प्रसन्नतापूर्व्वक आफ्नी रानीलाई दिए ॥३७॥ छोरो नभएकी रानीले पनि पुत्र-दायक त्यो खीर खाएर आफ्नो पतिसितको सहवासले गर्भधारण गरिन् औ वेला पुगेपछि एउटा छोरो जन्माइन् ॥३८॥ यो बालकले बाल्यावस्थादेखि नै अधर्मको वंशमा जन्मेका आफ्ना मातामह मृत्युको स्वभाव लियो (सुनीथा मृत्युको छोरी थिई)। यसैकारणले यो अधार्मिक अर्थात् दुष्ट प्रकृतिको भयो ॥३९॥

यो दुष्ट बालक धनुष-वाण लिएर वनमा

जान्थ्यो औ व्याधा झैं विचरा सुधासाधा हरिणको हत्या गर्दथ्यो, त्यसलाई देख्तैमा "वेन आयो, वेन आयो" भनेर चिच्याउँथे ॥४०॥ वेन कहाँसम्मको क्रूर औ निर्दयी थियोभने मैदानमा खेल्दाखेरि आफू बराबरका बालकलाई खेलबाड गरे जस्तो गरी यज्ञपशुलाई मारे झैं बलात्कार मुक्कीको मारले मारिदिन्थ्यो ॥४१॥ आफ्नो दुष्ट छोराको यस्तो चाल देखेर राजा अङ्गले अनेक प्रकारले उसलाई सह्माल्ने चेष्टा गरे तर त्यसलाई सुमार्गमा ल्याउन सकेनन्। यसैले उनलाई मनमा बडो दुःख भयो ॥४२॥ उनी मनैमनमा भन्न लागे—"जुन गृहस्थीका छोरा छैनन् तिनले अवश्य पूर्वजन्ममा श्रीहरिको आराधना गरको हुनुपर्दछ, किनकि तिनले कुपुत्रबाट हुने असह्य कष्टको अनुभव गर्नुपर्दैन ॥४३॥ जुन कुपुत्रबाट मानिसका सारा सुयश खरानी भएर जान्छ, त्यसले महान् अधर्मको भागी हुनुपर्दछ, सबैसित उसको विरोध हुन्छ, कहिले पनि नछुट्ने मानसिक सन्ताप भोग्नुपर्दछ औ घरसमेत दुःखदायी हुन्छ—यस्तो नाम मात्रको छोराको निम्ति कुनचांहि समझदार मानिसले लोभ गर्ला ? यस्तालाई सन्तान भन्नुको सट्टामा आत्माका लागि एक किसिमको मोहमय बन्धन भन्नुपर्दछ ॥४४-४५॥ तर म ता असल छोराभन्दा कपूत छोरोलाई वेश ठह्याउँछु किनकि सुपुत्रबाट संसारमा अनुराग हुन जान्छ औ यताबाट मायाको जालमा बाँधिनुपर्दछ। कुपुत्रबाट घर दुःखमय हुने हुनाले मानिसलाई वैराग्य हुन जान्छ; यै वैराग्यबाट मुक्ति मिल्दछ" ॥४६॥

यस प्रकारसँग मनमा विरक्त भएका महाराज अङ्गले एक दिन आधा रातको वेलामा निद्रामा सुतिराखेकी वेनकी आमालाई छाडेर कुनै मानिसले चाल नपाउने गरी आफ्नो परम-ऐश्वर्य्यपूर्ण घर त्यागेर हिंडिदिए, त्यस दिन रानी चिन्ताले गर्दा उनलाई अलिकता पनि निद्रा परेको थिएन ॥४७॥ अर्को दिन महाराज अङ्ग संसारदेखि विरक्त भएर घर छाडेर गएको थहा पाएपछि समस्त प्रजागण, पुरोहित, मन्त्री, इष्टमित्रहरू शोकले अत्यन्त व्याकुल भई पृथ्वीमा जततातै खोजी गर्न लागे। योगको यथार्थ रहस्य नजान्ने पुरुषले आफ्नो हृदयमा लुकिराखेका भगवान्‌लाई अरू ठाउँमा खोजेर हिंड्दछन्, तिनलाई परिश्रमबाहेक केही हात लग्दैन, ठीक यस्तै हालत राजालाई खोज्न हिंडेकाहरूको पनि भयो ॥४८॥ मालिकको कतै पत्ता नलागेपछि उनीहरू निराश भएर राजधानीमा फर्केर आए औ त्यहाँ जम्मा भइराखेका मुनिहरूलाई प्रणाम गरी आँखाभरी आंसु गरेर राजाको वियोगको वृत्तान्त निवेदन गरे ॥४९॥

अध्याय-१४

वेनको राज्याभिषेक औ ब्राह्मणको श्रापले उसको प्राणनाश, वेनको तिघ्रा मथ्नाले निषादको उत्पत्ति।

मैत्रेजी भन्नुहुन्छ—

संसारको कल्याण चाहने भृगु आदि वेदवादी

मुनिगणले पृथ्वीको रक्षा गर्ने राजाको अभावमा मानिसलाई पशु झैं निरङ्कुश भई स्वेच्छाचारमा लागेको देखेर वीरमाता सुनीथाको सम्मतिले मन्त्रिहरू सहमत नभएतापनि वेनलाई भूमण्डलको राजपदमा अभिषिक्त गरिदिए ॥ १-२ ॥ अति कठोर शासक वेन राजसिंहासनमा बसेको सुन्नासाथ, सर्पदेखि डराएका मूसा झैं हत्तपत्त सबै चोर, डाँकूहरू जताततै लुक्न पुगे ॥३॥ राज्यासनमा बस्नासाथ वेन आठै लोकपालहरूको ऐश्वर्य्य प्राप्त भएकोले उन्मत्त भइहाल्यो, अभिमानले गर्दा आफूलाई नै सबैभन्दा ठूलो संझेर महापुरुषहरूको अपमान गर्न थाल्यो॥४॥ ऐश्वर्य्यमदले अन्धो औ घमण्डी भएको राजा वेन रथमा चढेर निरङ्कुश गजराज झैं पृथ्वी औ आकाशलाई कम्पायमान गराउने जस्तै गरी सर्वत्र भ्रमण गर्न लाग्यो ॥५॥ कुनै द्विजातीय पुरुषले कहिले पनि कुनै प्रकारको यज्ञ, दान, हवन नगरून् भन्ने आफ्नो राज्यमा भ्याली पिट्न लगाएर सारा धर्मकर्म बन्द गरि-दियो ॥६॥

दुराचारी वेनको यस्तो अत्याचार देख्ता संसारमाथि सङ्कट आइपरेको संझेर ऋषिमुनि-हरूले दया गरी एक ठाउँमा जम्मा भई आपसमा भन्न लागे ॥ ७ ॥ " जसरी दुवैपट्टि बलिराखेको काठको बीचमा रहने कमिला आदि जीव महान् सङ्कटमा परेका हुन्छन् त्यसै गरी अहिले समस्त प्रजालाई एकातिर राजाको औ अर्कोतिर चोर-डाँकूको अत्याचारले ठूलो आपत्ति परिराखेको छ ॥८॥ अराजकताको भयले नै हामीले राजा हुन योग्य नभए तापनि वेनलाई राजा बनाएका थियौं तर अहिले ता त्यसबाट पनि प्रजालाई भय हुन थाल्यो। यस अवस्थामा अब प्राणीको कुन किसिमले कल्याण होला ? ॥९॥ सुनीथाको कोखबाट जन्मेको यो वेन स्वभावैले दुष्ट छ । जसरी दूधले सर्पको पोषण गर्नाले पोषणकर्ता-लाई अनर्थ हुन्छ त्यसै गरी वेनलाई राज्य दिनाले हाम्रो अनिष्ट भयो ॥१०॥ हामीले ता यसलाई प्रजाको रक्षा गर्न नियुक्त गरेका थियौं तर यो ता प्रजालाई नष्ट गर्न पो खोज्दछ । यस्तो भए तापनि हामीले यसलाई संझाउनु-पर्दछ। यसो गरेको खण्डमा यसले गरेको पापले हामीलाई छुन सक्नेछैन ॥ ११ ॥ हामीले जानी जानीकन दुराचारी वेनलाई राजा बनाएका ह्वौं, संझाउँदा बुझाउँदा पनि यसले हाम्रो कुरा मानेनभने लोकको धिक्कारले दग्ध भएको यस दुष्टलाई आफ्नो तेजले भस्म गरिदिउँला "। यस्तो विचार गरेर मुनिहरू वेनछेउ गए औ आफ्नो रिस दबाएर शान्तिपूर्वक उसलाई संझाउँदै भन्न लागे ॥ १२-१४ ॥

मुनिहरूले भने —

हे नृपश्रेष्ठ ! हामी तपाईंलाई जुन कुरा भन्दछौं त्यसलाई ध्यान दिएर सुन्नुहोस् । हेराजन् ! यसबाट तपाईंको आयु, श्री, बल औ कीर्तिको वृद्धि हुनेछ ॥१५॥ मानिसले मन, वाणी, शरीर औ बुद्धिले धर्मको आचरण गरेको खण्डमा त्यसलाई स्वर्गादि गरिएका लेश मात्र पनि शोक नभएका लोकको प्राप्ति हुन्छ। निष्काम भाव भएमा ता त्यै धर्मले त्यसलाई मोक्षपदसम्म पुर्याइदिन्छ ॥१६॥ तसर्थ हे वीर ! प्रजाको

कल्याणरूप धर्म तपाइंद्वारा नष्ट हुनुहुँदैन, धर्म नष्ट भएमा राजासमेत ऐश्वयभ्रष्ट हुन्छन् ॥१७॥ हे राजन् ! दुष्ट मन्त्री र चोर आदिबाट आफ्नो प्रजाको रक्षा गरेर उचित कर लिने राजा यस लोक औ परलोक दुवै ठाउँमा सुख पाउँछ ॥१८॥ जुन राजाको राज्यमा अथवा नगरमा प्रजाहरू आफ्नो आफ्नो वर्ण औ आश्रमको, धर्मको पालना गरेर भगवान् यज्ञपुरुषको पूजा, आराधना गर्दछन् हेमहाभाग ! आफ्नो आज्ञाको पालन गर्ने सो राजा-देखि सारा विश्वका आत्मा तथा समस्त प्राणीका रक्षक भगवान् प्रसन्न हुनुहुन्छ ॥१९-२०॥ भगवान् ब्रह्मादि जगदीश्वरहरूका पनि जगदीश्वर हुनुहुन्छ, उहाँ प्रसन्न भएमा कुन कुरा दुर्लभ होला ? लोक-पालहरूसहितको समस्त लोक यिनै ईश्वरलाई बडो आदरसंग पूजाको उपहार समर्पण गर्द-छन् ॥२१॥ हे राजन् ! यी भगवान् समस्त लोक, लोकपाल औ यज्ञका नियन्ता हुन्, यिनी वेदत्रयीरूप, द्रव्यरूप तथा तपःस्वरूप हुन् । तसर्थ तपाईंको उन्नतिका लागि नाना प्रकारका यज्ञले भगवान्‌को आराधना गर्ने आफ्ना देश-वासीको अनुकूल तपाईंको आचरण हुनु-पर्दछ ॥२२॥ जब तपाईंको राज्यमा ब्राह्मणहरू यज्ञको अनुष्ठान गर्नेछन् तब पो उनको पूजाले प्रसन्न भई भगवान्‌का अंशस्वरूप देवताहरूले तपाईंको सबै कामना पूर्ण गर्नेछन्, तसर्थ हे वीर ! यज्ञादि बन्द गरेर तपाईंले देवताहरूको तिरस्कार गर्न हुन्न ॥२३॥

वेनले भन्यो—

तिमीहरू बडा मूर्ख रहेछौ, अफशोस ! तिमी-हरूले अधर्मलाई नै धर्म मानिराखेका छौ, यसैले ता आफ्नो पालना गर्ने प्रत्यक्ष ईश्वर मलाई छाडेर जारसमानको अर्को ईश्वरको उपासना गर्न खोज्दछौ ॥२४॥ राजारूप परमेश्वरको अनादर गर्ने मूर्खहरूले यस लोक अथवा परलोक कतै पनि सुख पाउन्नन् ॥ २५ ॥ जसमा तिमीहरूको यस्तो भक्ति छ त्यो यज्ञपुरुष भनेको को हो ? आफ्नो विवाहित पतिसित प्रेम नगरेर परपुरुषमा आसक्त रहने कुलटा स्त्रीसमानको तिमीहरूको चाल देखिन्छ ॥ २६ ॥ ब्रह्मा, विष्णु, महादेव, इन्द्र, वायु, यम, सूर्य, मेघ, कुवेर, चन्द्रमा, पृथ्वी, अग्नि, वरुण यी तथा यीबाहेक वर औ श्राप दिन सक्ने अरू जति देवता छन् ती सबै राजाको शरीरमा रहन्छन् तसर्थ सबै देवताका स्वरूप राजा नै ईश्वर हुन् ॥ २७-२८ ॥ यसकारण हे ब्राह्मण हो ! ईर्ष्या, द्वेष छाडेर आफ्ना सबै कर्मद्वारा एक मात्र मेरो पूजा गर औ मलाई नै बलि समर्पण गर । मबाहेक अर्को कुन पुरुष अग्रपूजाको अधिकारी बन्न सक्तछ ? ॥२९॥

मैत्रेयजी भन्नुहुन्छ--

उल्टो बुद्धि भएको, महापापी, कुमार्गगामी वेनले पुण्य क्षीण भइसकेकोले मुनिहरूले विनयपूर्वक प्रार्थना गर्दा पनि उनीहरूको कुरामा ध्यानै दिएन ॥ ३० ॥ हे विदुर ! आफूलाई बडो बुद्धिमान् सम्झने त्यो वेनद्वारा यसरी अपमानित भएपछि औ आफ्ना कल्याणकारिणी प्रार्थना व्यर्थ गएको देखेपछि ब्राह्मणहरू त्यसमाथि खूब झोक्किएर भन्न लागे ॥३१॥ "यो महापापी ता स्वभावैले बडो दुष्ट छ, बाँचिरह्योभने ता यसले अलि दिनमा नै संसारलाई निश्चय भस्म पार्नेछ तसर्थ यसलाई मारिहाल मारिहाल ॥३२॥ यो

दुराचारी कुनै हालतमा पनि राजसिंहासनको योग्य छैन, किनकि यो निर्लज्ज ता साक्षात् यज्ञपति विष्णु भगवान्को समेत निन्दा गर्दछ ॥३३॥ अहो ! जसको कृपाले यस्तो ऐश्वर्य्य पाइराखेको छ त्यस ईश्वरको या पापी वेनबाहेक अरू कसले निन्दा गर्ला ? '' ॥३४॥

यस प्रकारसँग अत्यन्त झोक्किएका मुनिहरूले त्यसलाई मार्ने विचार गरे। भगवान्को निन्दा गर्नाले त्यो एक किसिमले पहिले नै मरिसकेको थियो अतएव केवल हुङ्कारले नै उनीहरूले त्यसलाई मारिदिए ॥३५॥ त्यसको वध गरेर मुनिहरू आफ्नो आफ्नो आश्रममा गएपछि शोकले विह्वल भएकी सुनीथा मन्त्रादिको बलले आफ्नो छोराको लासको रक्षा गर्न लागि ॥३६॥

एक दिन ती मुनिहरू सरस्वती नदीको जलमा स्नान गरी अग्निहोत्र गरिसकेपछि नदीको तीरमा बसेर हरिचर्चा गरिरहेका थिए ।।३७॥ तिनताका जताततै सम्पूर्ण लोकमा आतङ्क फैलाउने महान् उत्पात हुन लागेको देखेर उनीहरूले आपसमा भने–– ''आजकल कोही राजा नहुनाले चोर डाँकूहरूद्वारा पृथ्वीको केही अनिष्ट ता हुने होइन ?'' ॥३८॥यस्तो विचार गरिराखेको वेलामा मुनिहरूले दुनियाँहरूको धन लुटेर यताउति भाग्न लागेका चोरहरूले गर्दा उठेको एउटा बडेमानको धूलोको मुस्लो देखे ॥ ३९ ॥ राजा नहुनाले दुनियाँको धन लुट्ने औ परस्परमा मारकाट गर्ने चोर डाँकूको यो सब उपद्रव हो, वेन मर्नाले देशमा अराजकता फैलिएको छ, राज्यशक्ति हीन भइराखेको छ, देशमा प्रायः सबै चोरी डकैतीमा लागेका छन् –– यी सब कुरा थाहा पाउँदापाउँदै पनि औ यस्तो कुप्रवृत्ति रोक्न समर्थ भए तापनि यसो गर्नामा हिंसादि दोष देखेर ती मुनिहरूले यसको केही प्रतिकार गरेनन् ॥४०–४१॥

फेरि विचार गर्न लागे–– ''ब्राह्मण समदर्शी औ शान्त स्वभावको भए तापनि अनाथ दीन दुःखी जनको दुःख दूर गर्दैनभने, फुटेको घडाबाट जल बगेर गए झैं त्यसको ब्रह्मतेज नष्ट भएर जान्छ ॥४२॥ राजर्षि अङ्गको वंश पनि नष्ट हुन योग्यको छैन किनकि यस वंशमा पराक्रम कहिले पनि व्यर्थ नजाने औ भगवत्परायण अनेक राजा भइसकेका छन् ''॥४३॥ यस्तो विचार गरेर मुनिहरूले मरेको राजा वेनको तिघ्रा जब बडो जोरसँग मथ्न थालेथे तब ता त्यताबाट एउटा बाउन्ने पुरुष उत्पन्न भयो ॥ ४४ ॥ यो कागसमान कालो थियो, यसका सबै अङ्ग खास गरी हात बहुतै साना थिए। चिहुँडो ठूलो, खुट्टा सानो, नाक च्याप्टो आँखा राता औ केश तामाको रंग जस्ता थिए ॥ ४५ ॥ त्यस पुरुषले अति दीन औ नम्र भावले '' म के गरूँ '' भनी सोध्यो। ऋषिहरूले भने–'' ए बाबु ! निषीद (बसिहाल) '' त्यसैले त्यो निषाद भयो ॥ ४६ ॥ यसले जन्म लिनासाथ वेनको भयङ्कर पाप आफूले बोकिहाल्यो । अतएव पापरूप निषादका वंशवालाहरू (क्रूर औ पापकर्ममा लाग्ने हुनाले शहरमा प्रवेश गर्ने योग्यका नभएकाले) वन औ पर्वतमा रहन्छन् ॥४७॥

अध्याय—१५

राजा पृथुको उत्पत्ति औ राज्याभिषेक

मैत्रेयजी भन्नुहुन्छ—

फेरि ब्राह्मणहरूद्वारा पुत्रहीन राजा वेनको हात मथिंदा तिनबाट स्त्री-पुरुषको एउटा जोडा उत्पन्न भयो ॥१॥ यो जोडा उत्पन्न भएको देख्ता वेदवादी मुनिहरूलाई बडो प्रसन्नता भयो औ यसलाई भगवान्कै कलाबाट प्रकट भएको संझेर उनीहरूले भने॥ २॥

ऋषिहरूले भने—

यो पुरुष विष्णु भगवान्का विश्वप्रतिपालिनी कलाबाट प्रकट भएको हो औ यी स्त्री उनीसित कहिले पनि पृथक् नहुने लक्ष्मीको अवतार हुन् ॥ ३ ॥ यी पुरुष आफ्नो सुयशको प्रथन अर्थात् विस्तार गर्ने हुनाले परम यशस्वी "पृथु" नामक सम्राट् हुनेछन्। राजाहरूमा यिनी सबभन्दा पहिलो हुनेछन् ॥४॥ राम्रा दाँत भएकी एवं गुण औ आभूषणले समेत विभूषित भएकी यी सुन्दरी पृथुलाई नै आफ्नो पति बनाउनेछिन्। "अर्चि" यिनको नाम हुनेछ ॥५॥ पृथुको रूपमा साक्षात् श्रीहरिको अंशले संसारको रक्षाको निम्ति अवतार लिएको हो औ यी देवी भगवान्देखि कहिले पनि अलग नहुने तथा निरन्तर उहींको सेवामा रहने लक्ष्मीकै अवतार हुन् ॥६॥

मैत्रेयजी भन्नुहुन्छ—

पृथु उत्पन्न भएपछि ब्राह्मणहरूले उनको स्तुति गर्न लागे, श्रेष्ठ गन्धर्वहरूले गुणगान गर्थाले, सिद्धले फूलको वर्षा गरे औ अप्सराहरूले नाच्न शुरू गरे ॥७॥ आकाशमा शङ्ख, तूर्य, ढोलक, दुन्दुभि आदि बाजाको शब्द हुन लाग्यो। समस्त देवता, ऋषि औ पितृगण आफ्नो आफ्नो लोकबाट पृथ्वीमा आए ॥८॥ जगद्गुरू ब्रह्माजी पनि इन्द्रादि देवताहरूको साथमा त्यहाँ पाल्नुभयो र वेनकुमार पृथुको दाहिने हातमा विष्णु भगवान्को हस्तरेखा औ चरणकमलको चिह्न देखेर उनलाई श्रीहरिको अंश संझनुभयो, किनकि जसको हातमा अरू रेखाले नकाटिएको चक्रको चिह्न हुन्छ त्यो भगवान्कै अंश हुन्छ ॥९-१०॥

यसपछि वेदवादि ब्राह्मणहरू पृथुको अभिषेकको बन्दोबस्त मिलाउन लागे । सबै जना अभिषेकको सामाग्री जम्मा पार्न लागे ॥११॥ यस समयमा नदी, समुद्र, पर्वत, सर्प, गाई, पक्षी, मृग, स्वर्ग, पृथ्वी तथा अरू सबै प्राणीले उनलाई किसिम किसिमको उपहार समर्पण गरे ॥१२॥ तदनन्तर सुन्दर वस्त्र औ आभूषण धारण गरेका महारज पृथुको राज्याभिषेक भयो । यस बखतमा नाना अलङ्कारले सजिसजाउ भएकी आफ्नी प्रिया अर्चिको साथमा यिनी अर्का अग्निदेव जस्ता देखिएका थिए ॥१३॥

कुवेरले उनलाई बडो राम्रो सुनको सिंहासन दिए औ वरुणले निरन्तर जलको थोपा झरिरहने चन्द्रमासमानको सेतो एवं प्रकाशमय छाता दिए ॥ १४ ॥ यसै गरी वायुले दुइटा चँवर, धर्मले कीर्तिको माला, अति उत्तम मुकुट र यमले दमन गर्ने दण्ड दिए॥ १५ ॥ ब्रह्माले वेदमय कवच, सरस्वतीले सुन्दर हार, विष्णुले सुदर्शन-

चक्र, विष्णुप्रिया लक्ष्मीले निश्चल सम्पत्ति दिइन् ।।१६।। रुद्रले दस चन्द्रमाको चिह्न भएको तलवार, पार्वतीले सय चन्द्रमाको चिह्न भएको ढाल, चन्द्रमाले अमृतमय घोडा औ विश्वकर्माले अति सुन्दर रथ दिए ।।१७ अग्निले बाख्रो औ गाईको सिंगले बनेको धनु, सूर्यले किरणरूप वाण, पृथ्वीले खुट्टा राख्नासाथ इच्छा गरेको ठाउँमा पुऱ्याइदिने खराउ औ आकाशले सदाकालागि फूलको वर्षाको उपहार दिए ।।१८।। आकाशगामी सिद्ध, गन्धर्वले नाच्ने-गाउने-बजाउने-अन्तर्धान हुने शक्तिहरू, ऋषिहरूले अमोघ आशीर्वाद औ समुद्रले आफूबाट उत्पन्न भएको शङ्ख दिए ।।१९।। साते समुद्र, पर्वत औ नदीहरूले महात्मा पृथुको रथको निम्ति बाटो दिए । यसपछि सूत, मागध औ वन्दीजनहरू उनको स्तुति गर्न भनी उपस्थित भए ।।२०।। स्तुति गर्नेहरूको अभिप्राय बुझेर वेनपुत्र, परमप्रतापी महाराज पृथुले हाँस्तै मेघसमानको गम्भीर वाणीले यस प्रकासँग भन्न लागे ।।२१।।

पृथुले भने—

हे सूत ! हे मागध ! सौम्य वन्दीजन हो ! अहिलेसम्म लोकमा मेरो कुनै पनि गुण प्रकट भएको छैन, मेरो कुन गुणको उल्लेख गरेर तिमीहरूले स्तुति गर्ने हो ? हेर मेरो विषयमा तिमीहरूले भनेको वाणी व्यर्थ हुनुहुँदैन ।।२२।। तिमी सबैको वचन अतीव मधुर औ मनोहर छ। जब संसारमा मेरो गुण प्रकट हुनेछ अनि तिमीहरूले मेरो स्तुति गर्नू । हेर, सभ्य पुरुष पवित्रकीर्ति भगवान्को गुणानुवाद छंदाछंदै त्यसलाई छाडेर तुच्छ मानिसको स्तुति गर्दैनन् ।।२३।। महान् गुण धारण गर्नामा समर्थ भए तापनि को यस्तो बुद्धिमान् मानिस होला जो ती गुण आफूमा नभएसम्म पछि होला भन्ने संभावनाले मात्र स्तुति गर्नेहरूद्वारा स्तुति गराउला ? यसले विद्याभ्यास गरेको भए यसमा यी यी गुण हुन्थे भन्ने किसिमको स्तुतिले जो आफूलाई ठूलो संझन्छ त्यो मूर्ख मानिसहरूले यो ता मेरो खिस्सी गरेको हो भन्ने बुझ्दैन ।।२४।। जसरी लज्जाशील उदार पुरुषलाई आफ्नो ब्रह्महत्यादि कुनै निन्दित पराक्रमको चर्चा भएको निको लाग्दैन त्यसै गरी लोकविख्यात समर्थ पुरुषलाई आफ्नो स्तुतिदेखि पनि घृणा हुन्छ।।२५।। हे सूत हो ! अहिलेसम्म ता म संसारमा कुनै श्रेष्ठ काम गरेर विख्यात भएको छैन तसर्थ मैले कसरी बालकहरूले झैं तिमीहरूद्वारा आफ्नो कीर्तिको गान गराउने ? ।।२६।।

अध्याय-१६

वन्दीजनद्वारा महाराज पृथुको स्तुति ।

मैत्रेयजी भन्नुहुन्छ—

महाराज पृथुले यति भनेपछि उनको वचनरूप अमृतको पान गर्नाले मनमा प्रसन्न भएर मुनिहरूको प्रेरणाले गायकहरू उनको स्तुति गर्न लागे।।१।।

गायकहरूले भने—

हे महाराज ! तपाईंको महिमा वर्णन गर्न हामी समर्थ छैनौं। आफ्नो मायाले अवतीर्ण हुनु-

भएको तपाईं साक्षात् देवश्रेष्ठ श्रीनारायण हुनुहुन्छ, राजा वेनको अङ्गबाट उत्पन्न हुनुभएको तपाईंको पुरुषार्थले साक्षात् ब्रह्मादिहरूको बुद्धिलाई समेत चक्कर ल्याइदिन्छ ॥२॥ यसो भए तापनि पृथु माहाराजको कथामृतको पान गर्ने लोभले मुनिहरूले हामीलाई प्रेरणा गरेकोले उनकै उपदेशअनुशार हामीले तपाईंका प्रशंसनीय कर्मको विस्तार पूर्व्वक वर्णन गर्न आटेका छौं । परम यशस्वी तपाईं साक्षात् श्रीहरिको अंशावतार हुनुहुन्छ औ तपाईंको कीर्ति बडो प्रशंसनीय छ॥३॥

धर्मको रक्षा गर्नेहरू मध्येका श्रेष्ठ यी महाराज पृथु दुनियाँलाई धर्ममार्गमा प्रवृत्त गरेर धर्ममार्गको रक्षा गर्नुहुनेछ औ धर्मको विरोध गर्ने कुमार्गीहरूलाई दण्ड दिनुहुनेछ ॥ ४ ॥ यहाँ एक्लैले मौका मौकामा सम्पूर्ण विश्वको विभिन्न कार्यको निम्ति आफ्नो शरीरमा भिन्न भिन्न लोकपालको शक्ति धारण गर्नुहुनेछ, यसले गर्दा पृथ्वी औ स्वर्ग दुवै लोकको कल्याण हुनेछ ॥५॥ समस्त प्राणीप्रति समभाव राख्ने यहाँले जसरी सूर्यले आठ महीनासम्म पृथ्वीको रस लिएर वर्षा-ऋतुमा त्यसलाई फेरि वर्षाउँछन् त्यसै गरी दुनियाँबाट करद्वारा धन सञ्चय गरी यहाँले पनि फेरि त्यसलाई प्रजाको हितको निम्ति खर्च गरिदिनुहुनेछ ॥६॥ आफ्नो मस्तकमा कसैले खुट्टा राखेर उहाँको उल्लङ्घन गरे तापनि दीन दुःखीमा सदा दया गर्ने यी दयालु पृथुले त्यसको अपराधलाई समेत पृथ्वीले झैं सदा सहन गर्नेछन् ॥ ७ ॥ कुनै मौकामा वर्षा नभएको प्रजाको प्राण सङ्कटमा पर्न गएछभने यी राजवेषधारी श्रीहरि इन्द्रले झैं जल वर्षाएर सजिलैसँग उनको रक्षा गर्नेछन् ॥८॥ आफ्नो अमृतमय मुखचन्द्रको मृदुहास्ययुक्त कृपार्द्रदृष्टिले सम्पूर्ण लोकलाई आनन्दित गर्नेछन् ॥ ९ ॥ यी पृथुराजाको कौशल कसैले बुझ्न सक्नेछैन, यिनका सबै काम गुप्त हुनेछन् औ तिनलाई सम्पन्न गर्ने ढङ्ग पनि बडो गम्भीर हुनेछ । यिनको धन सदा सुरक्षित रहनेछ । अनन्त महिमा एवं गुणका एक मात्र आश्रय हुनेछन् । यस प्रकारसँग यी मनस्वी पृथु साक्षात् वरुणसमान हुनेछन् ॥१०॥

वेनरूपी अरणि (यज्ञीयकाठ) को मन्थनले प्रकट भएका यी महाराज पृथु अग्निसमान हुनेछन्, शत्रुले यिनको आँच खप्न सक्नेछैनन्, यी शत्रु यिनको नजीक भए तापनि धेरै टाढा भए जस्ता हुनेछन्, किनकि शत्रुहरूले यिनलाई मनद्वारा ता भेट्न सक्नेछैनन् भने आक्रमण गर्ने कुरा त कहाँ छ कहाँ । पुरुषार्थद्वारा कसैले यिनलाई वशमा ल्याउन सक्नेछैन ॥ ११ ॥ जसरी प्राणीको भित्र रहने प्राणवायु शरीरको भित्र बाहिरका समस्त व्यापार देखे तापनि उदासीन रहन्छ त्यसै गरी यी राजा पनि दूतद्वारा प्राणीहरूको गुप्त एवं प्रकट सबै काम देखे तापनि आफ्नो निन्दा औ स्तुति दुवैमा साक्षी आत्मा झैं समान रहनेछन् ॥१२॥ धर्ममार्गको अनुसरण गर्ने यिनी शत्रुको छोरालाई समेत दण्डको योग्य नभएमा दण्ड दिनेछैनन्, दण्डनीय भएको खण्डमा ता खास आफ्नो छोरालाई समेत बाँकी राख्नेछैनन् ॥ १३ ॥ सूर्य भगवान् मानसपर्व्वतसम्मका जति प्रदेशलाई आफ्नो किरणद्वारा प्रकाशित गर्दछन् त्यति

देशमा यी महाराज पृथुको निष्कण्टक राज्य हुनेछ ॥१४॥ यी आफ्ना कामले सबै दुनियाँ-लाई आनन्दित गर्नेछन् । यै मनोरञ्जन कार्यले गर्दा प्रजाले यिनलाई राजा भन्नेछन् किनकि राजाको अर्थ नै रञ्जन गर्ने हो ॥१५॥

यी राजा बडा दृढ सङ्कल्प, सत्यपरायण, ब्राह्मणभक्त, बूढापाकाको सेवा गर्ने, शरणागत-वत्सल, सबै प्राणीको मान गर्ने औ दीन दुःखी-माथि दया गर्ने हुनेछन् ॥१६॥ परस्त्रीमा माता-समानको भक्ति राख्नेछन्, पत्नीलाई आफ्नो आधा शरीर मान्नेछन्, प्रजालाई बाबुले जस्तै गरी प्यारो गर्नेछन् औ ब्रह्मज्ञानी ब्राह्मणको सेवक हुनेछन्॥१७॥प्राणीहरूले आफ्नो शरीरको चाह गरे झैं यिनको चाह गर्नेछन् । मित्रमण्डलीलाई यिनी-बाट सुख हुनेछ,वैराग्य लिएका मानिसलाई विशेष प्रेम गर्नेछन् औ दुष्टहरूका लागि ता साक्षात् दण्डपाणि यमराजसमान हुनेछन् ॥१८॥

तीनै गुणका अधिष्ठाता औ विकाररहित साक्षात् भगवान्ले नै आफ्नो अंशले यिनको रूपमा अवतार लिएको हो, जसमा मायाद्वारा कल्पना गरिएको अनेकत्व देखिन्छ तर पण्डितहरू ता यो मायारचित अनेकत्वलाई अर्थात् जगत्-लाई अर्थशून्य याने मिथ्या देख्तछन् ॥१९॥ यी अद्वितीय वीर औ एकछत्र सम्राट् भएर उदयाचल पर्वतसम्मको सम्पूर्ण भूमण्डलको रक्षा गर्नेछन् एवं आफ्नो जयदायक रथमा सवार भएर हातमा धनुष लिई सूर्यले झैं समस्त भूमण्डलको दाहिनेपट्टिबाट परिक्रमा गर्नेछन्॥२०॥ त्यस समयमा जताततै समस्त राजाहरू लोक-पालसहित उपस्थित भएर यिनलाई उपहार समर्पण गर्नेछन् औ यिनको सुयशको गान गर्दै यिनका रानीहरू यी आदिराजलाई साक्षात् विष्णु भगवान् सम्झनेछन् ॥२१॥ यी प्रजापालक राजाको जीवननिर्वाहका लागि गोरूपधारिणी पृथ्वीबाट औषधि, अन्न आदि दुहेर झिक्नेछन् औ इन्द्रले झैं खेलबहाड गरे जस्तै गरी आफ्नो धनुषको टुप्पोले पर्वतहरूलाई, चूर्ण पारी पृथ्वीलाई सम्म पारिदिनेछन् ॥ २२ ॥ जब यिनी जङ्गलमा पुच्छर ठाडो पारेर घुम्ने सिंह झैं बाख्रो औ गाईको सिंगले बनेको औ जसको मार दुश्मनले खप्न सक्तैनन् यस्तो धनुषमा टङ्कार गर्दै युद्धको निम्ति पृथ्वीमा विचरण गर्नेछन् त्यस बखतमा दुष्टहरू पशुहरू झैं जताततै लुक्न थाल्नेछन् ॥ २३ ॥ यिनले स्वरस्वतीको उद्गम-स्थानमा सय अश्वमेध यज्ञ गर्नेछन् । अन्तिम यज्ञको अनुष्ठानको समयमा शतक्रतु इन्द्रले यिनको घोडा चोरेर लैजानेछन् ॥२४॥ आफ्नो महलको बगैंचामा यिनको एकचोटि भगवान् सनत्कुमारसित भेट हुनेछ । उनको भक्तिपूर्वक आराधना गरेर यिनले निर्मल ज्ञान प्राप्त गर्नेछन् जसबाट कि परब्रह्मको प्राप्ति हुन्छ ॥२५॥

यस प्रकारसँग जब यिनको पराक्रम सर्वत्र विख्यात हुनेछ तब ता यी पराक्रमी पृथु महाराज जताततै आफ्नै चरित्रको चर्चा सुन्नेछन् ॥२६॥ जसको आज्ञाको कसैले विरोध गर्न सक्तैन यस्ता यी राजराजेश्वर जब समस्त दिशालाई जितेर आफ्ना तेजले प्रजाको क्लेशरूप काँटालाई उखेलेर सम्पूर्ण भूमण्डलको शासक हुनेछन् त्यस बखतमा देवता औ असुरहरूले समेत यिनको विपुल प्रभावको वर्णन गर्नेछन् ॥२७॥

अध्याय-१७

महाराजपृथु पृथ्वीमाथि झ्रौंकिन्छन् औ उनले शस्त्र धारण गरेको देखता पृथ्वी डराएर उनको स्तुति गर्दछिन्।

मैत्रेयजी भन्दछन्—

सूतहरूले यस प्रकारसँग आफ्नो गुण औ पराक्रमको बखान गरेर प्रशंसा गरेपछि पृथुले पनि उनीहरूको तारीफ गरे एवं गहना, कपडा आदि इच्छित चीजवीज दिएर उनलाई सन्तुष्ट गरे ॥१॥ यसपछि उनले ब्राह्मणादि चारै वर्ण, नोकर-चाकर, मन्त्री, पुरोहित, शहरवासी, देशवासी तेली तमोली भिन्न भिन्न व्यवसायीहरू तथा अरू अरू आज्ञानुवर्ती—यी सबैको समेत सत्कार गरे ॥२॥

विदुरले सोधे—

हे भगवन्! पृथुले दुहेकी पृथ्वीले अनेक रूप धारण गर्न सक्ने भएर पनि गाईको रूप किन धारण गरेकी? दुहुने वेलामा बाच्छोको रूप कसले लियो? दुहुने भाँडो के भयो? ॥३॥ पृथ्वीदेवी ता पहिलेदेखि नै स्वभावैले अग्लो होचो थिइन्। यिनले कसरी सम्म पारे औ इन्द्रले यज्ञसम्बन्धी घोडा किन हरेर लगे? ॥४॥ हे ब्रह्मन् ब्रह्मज्ञानीहरू मध्येका श्रेष्ठ भगवान् सनत्कुमार-बाट ज्ञान (मायासम्बन्धी ज्ञान) औ विज्ञान (आत्मतत्त्वसम्बन्धी ज्ञान) पाएर ती राजर्षि कुन गतिमा प्राप्त भए ॥५॥ पृथुरूपले कृष्ण भगवान्‌ले नै पृथ्वीलाई दुहुनुभएको हो, अतः पुण्यकीर्ति भगवान् हरिको पृथु-अवतारसम्बन्धी अरू पनि अति पवित्र कथा छन् ती सबै मलाई वर्णन गरेर सुनाउनुहोस् किनकि मलाई तपाईंमा औ भगवान् कृष्णमा भक्ति एवं प्रेम छ ॥६॥

सूतजी भन्दछन्—

विदुरले वासुदेव भगवानको कथाको निम्ति यसरी प्रेरणा गरेपछि मैत्रेयजी प्रसन्न चित्तले उनको प्रशंसा गर्दै भन्न लाग्नुभयो ॥७॥

मैत्रेयजीले भन्नुभयो—

हे विदुर! ब्राह्मणहरूले "तपाईं प्रजाको पालन गर्ने राजा हुनभयो" भनेर पृथुकोराज्या-भिषेक गर्नासाथ पृथ्वी अन्नहीन भएकी हुनाले भोकले दुर्बल शरीर भएका प्रजाहरू आफ्नो मालिक पृथुनिर आएर भन्न लागे ॥८॥ "हे राजन्! जसरी टोडकाभित्र रहेको आगोले रूख डढेर जान्छ त्यसै गरी हामी पनि पेटको भीषण ज्वालाले जलिराखेका छौं। तपाईं ता शरणा-गतहरूको रक्षा गर्ने हुनुहुन्छ औ हाम्रो अन्न-दाता प्रभु हुनुभएको छ, यसैले तपाईंको शरणमा आएका छौं ॥९-१०॥ सम्पूर्ण लोकको रक्षा गर्ने तपाईं हामीलाई जीविका प्रदान गर्न सक्नुहुन्छ तसर्थ हे राजेश्वर! अन्न नपाउनाले नष्ट हुन नपाउँदैमा क्षुधा-पीडित हामीलाई अन्न दिने प्रबन्ध गरिदिनोस्" ॥११॥

मैत्रेयजी भन्नुहुन्छ—

हे कुरुश्रेष्ठ! प्रजाको करुणाजनक विनय सुन्दा महाराज पृथुले धेरै बेरसम्म विचार गरे,

आखिरमा उनलाई प्रजाको दुःखको कारण थाहा भयो ॥१२॥ पृथ्वीले स्वयं अन्न एवं औषधिहरूलाई आफ्नो भित्र लुकाइराखेकी छन् भन्ने आफ्नो बुद्धिले निश्चय गरेर उनले आफ्नो धनुष उठाए औ त्रिपुरविनाशक ब्रह्मा झैं क्रुद्ध भई पृथ्वीलाई लक्ष्य गरेर त्यसमा वाण चढाए ॥१३॥ महाराज पृथुले शस्त्र ग्रहण गरेको देख्ता पृथ्वीले गाईको रूप धारण गरी काम्दै व्याधादेखि डराएर भाग्न लागेकी हरिणी झैं भाग्न लागिन् ॥१४॥

यो देख्ता महाराज पृथुको आँखा रातो रातो हुन गयो। जहाँ जहाँ पृथ्वी भागेर जान्थिन् त्यहाँ त्यहाँ उनी पनि धनुषमा वाण चढाएर लखेट्तै जान थाले ॥१५॥ दिशा, विदिशा, स्वर्ग, पृथ्वी, अन्तरीक्ष जहाँ जहाँ भागेर जान्थिन् त्यहाँ त्यहाँ पृथ्वीले सर्वत्र महाराज पृथुलाई हथियार उठाएर आफ्नो पछि आउन लागेको देखिन् ॥१६॥ मानिसलाई जसरी मृत्युबाट कसैले बचाउन सक्तैन त्यसै गरी उनलाई सम्पूर्ण जगत्मा वेनपुत्र महाराज पृथुबाट बचाउने कोही भेटिएन, अनि ता अत्यन्त भयभीत भएर, हृदयमा दुखित भई पृथिवी पछिल्तिर फर्किन् र महाभाग पृथुलाई भन्न लागिन्—"धर्मका तत्त्व बुझेका शरणागतवत्सल हे राजन्! तपाईं ता सम्पूर्ण प्राणीको रक्षा गर्नामा तत्पर हुनुभएको छ अतः मेरो पनि रक्षा गर्नोस्॥१७–१८॥ म ता बडो दीन औ निरपराधिनी छु, तपाईंले किन मलाई मार्न खोजेको हो? यस बाहेक तपाईं ता धर्मज्ञ ठहरिनुभएको छ, अतः म स्त्रीजातिको वध कसरी गर्नुहुन्छ? ॥१९॥ आइमाईले कुनै अपराध गरेको खण्डमा समेत ता साधारण पुरुषले उनीमाथि हात चढाउँदैनन् भने हे राजन्! तपाईंसमानको करुणामय औ दीनवत्सल पुरुषले ता कसरी यस्तो निन्दित काम गर्नुहुन्छ? ॥२०॥ म ता एउटा बलियो डुङ्गा जस्तो छु। यो सम्पूर्ण जगत् मेरै आधारमा अडिएको छ। यस्ती मलाई मारेर तपाईंले आफूलाई औ यी आफ्ना प्रजालाई कसरी जलमाथि राख्ने हो?" ॥२१॥

महाराज पृथुले भने—

ए पृथ्वी! तँ मेरो आज्ञाको उल्लङ्घन गर्ने होस्, यज्ञमा आफ्नो भाग ता लिन्छेस् तर त्यसको बदलामा हामीलाई अन्नरूप धन दिन्नस्, यसकारण अवश्य तेरो वध गर्दछु ॥२२॥ रोज रोज गोरूपले वीजरूप घाँस ता चर्दछेस् तर अन्नरूप दूध दिन्नस्, तँसमानकी दुष्टालाई दण्ड दिनु कुनै किसिमको अनुचित काम हुँदैन ॥२३॥ तेरो बुद्धि खोटो छ, पूर्वकालमा ब्रह्माजीले उत्पन्न गरेको अन्नादिको व्यूलाई तैंले आफ्नो पेटभित्र लुकाइराखेको छ, औ अहिले मेरो समेत केही परवाह नगरेर तिनलाई आफ्नो गर्भबाट झिक्तिनस् ॥२४॥ अब वाणले तलाई छ्यान्नव्यान्न पारेर तेरो मासुले यी भोकले पीडित भइराखेका मेरा दीन प्रजाहरूको करुणाजनक विलाप शान्त गर्दछु ॥२५॥ स्त्रीमाथि हात चलाउनु अवश्य अनुचित हो तर जुन अधम केवल आफ्नो पेट पाल्दछ अरू प्राणीमाथि दया गर्दैन त्यसलाई पुरुष, स्त्री अथवा नपुंसक जो भए तापनि मार्नु नमार्नुको बराबर हुन्छ ॥२६॥ मायाले गोरूप धारण गर्ने तँ घमण्डी औ मदले उन्मत्त भएकीलाई वाणले टुक्रा टुक्रा पारेर

आफ्नो योगबलले नै सबै प्रजालाई जलमा बसाल्दछु ॥२७॥

यस प्रकारसंग कालसमानको क्रोधमयी भयङ्कर मूर्ति धारण गरेका महाराज पृथुलाई प्रणाम गरेर पृथ्वी हात जोरी थर्थर् काम्दै भन्न लागिन् ॥२८॥

पृथ्वीले भनिन्–

आफ्नो मायाले अनेक प्रकारको शरीर धारण गरी सगुण स्वरूपले देखापर्ने तपाईं परम पुरुषलाई प्रणाम छ । वास्तवमा तपाईं आफ्नो निर्गुण (आनन्दमय ब्रह्म) को अनुभवद्वारा द्रव्य (पञ्च-तत्त्व) क्रिया (इन्द्रिय) औ कारक (इन्द्रियका अधिष्ठाता देवता) को अहङ्कारदेखि रहित हुनुहुन्छ अतएव अहङ्कारका तरङ्ग काम, क्रोधादि यी कुनै पनि तपाईंमा छैनन् ॥२९॥ सम्पूर्ण जगत्का विधाता तपाईंले नै यो त्रिगुणात्मक सृष्टिको रचना गर्नुभएको हो औ मलाई स्थावर जङ्गम समस्त जीवले बस्ने ठाउँ बनाउनुभएको हो, आफूभने सर्वथा स्वतन्त्र हुनुहुन्छ, यस्ता तपाईं आज स्वयं अस्त्र उठाएर मलाई मार्न उद्यत हुनुभएको छभने अरू कसको शरणमा जाने हो ? ॥३०॥ कल्पको प्रारम्भमा आफ्नो आश्रित रहने आफ्नै अचिन्त्य मायाद्वारा यो चराचर जगत्को रचना गर्नुभएथ्यो औ आज त्यै मायाद्वारा यसको पालन गर्न तत्पर भइराख्नु-भएको छ । यस्ता धर्मरक्षक भगवान्ले किन गोरूपधारिणी म पृथ्वीलाई मार्न खोजेको होला ! ॥३१॥ ब्रह्मालाई उत्पन्न गरेर उनीद्वारा यो विश्वको रचना गराएको हो, तसर्थ तपाईं ब्रह्मादि ईश्वरका पनि ईश्वर हुनुहुन्छ, यस्ता भगवान्ले जुन जुन लीला गर्नुभएको छ अथवा गराउनुभएको छ, तिनलाई अजितेन्द्रियहरूले कसरी जान्न सक्तछन् ? उनको बुद्धि ता तपाईंको दुर्जय मायाले गर्दा बिक्षिप्त भइराखेको छ ॥३२॥ पञ्चतत्त्व, इन्द्रिय, इन्द्रियका अधिष्ठाता देवता, बुद्धि औ अहङ्काररूप आफ्नो अनेक शक्तिद्वारा तपाईं यस जगत्को उत्पत्ति, स्थिति औ संहार गर्नुहुन्छ औ उत्पत्ति एवं संहार आदि विरुद्ध शक्तिले युक्त हुनुभएको छ । यस्ता साक्षात् परम पुरुष औ जगत्विधाता तपाईंलाई मेरो नमस्कार छ ॥३३॥ हे अजन्मा प्रभो ! आफैंले रचेको पञ्च-तत्त्व, इन्द्रिय औ अन्तःकरणस्वरूप यस विश्व-लाई स्थिरभावसँग स्थापित गर्नको निम्ति आदि-शूकररूप धारण गरी मलाई रसातलबाट जलबाहिर तपाईंले नै ल्याउनुभएथ्यो ॥३४॥ यस प्रकारसँग एकचोटि मेरो उद्धार गरी तपाईंले "धराधर" नाम पाउनुभएथ्यो, आज उही तपाईं पृथुरूप वीरमूर्ति धारण गरेर जलमाथि डुङ्गासमान रहने म पृथ्वीको आश्रयमा रहने प्रजाको रक्षा-गर्ने अभिप्रायले तीखा तीखा वाण चढाएर दूध नदिने अपराधमा मलाई मार्न खोजिरहनुभएको छ ॥३५॥ त्रिगुणात्मक सृष्टिको रचना गनभएको तपाईंको मायाद्वारा मजस्ता जीवको चित्त मोहित भइराखेकोछ । तपाईंको कुरा ता परैरहोस्, तपाईंका भक्तहरूको इच्छा वा महिमासमेत ता म बुझ्न सक्तिनँ, अतः इन्द्रियलाई वशमा राखेर वीरोचित यशको विस्तार गर्ने तपाईंको भक्त-हरूलाई पनि मेरो नमस्कार छ ॥३६॥

——

अध्याय-१८

पृथुका भनाइमुताबिक पृथक् पृथक् बाच्छाको कल्पना गरेर महाराज पृथु पृथ्वीलाई दुहुन्छन् ।

मैत्रेयजीले भन्नुभयो—

रिसले ओठ कमाइराखेका पृथु महाराजको यस प्रकारले स्तुति गरिसकेपछि विचारपूर्वक मनमा धैर्य्य गरेर डराई डराईकन पृथ्वीले फेरि उनलाई भनिन् ॥१॥ "हे प्रभो ! क्रोध शान्त गर्नोस् औ मैले भनेका कुरा ध्यान दिएर सुन्नोस् । बुद्धिमान् पुरुष भ्रमराले झैं सर्वत्र सार ग्रहण गर्दछन् ॥२॥ तत्त्वदर्शी मुनिहरूले यस लोक औ परलोकमा मनुष्यको कल्याण गर्ने मनसायले कृषि अग्निहोत्र आदि अनेक उपाय प्रकट गरेका छन् औ स्वयं आफूले पनि ती उपायको अनुष्ठान गरेका छन् ॥३॥ प्राचीन कालका ऋषिहरूले बताएको उपायको जुन पुरुष श्रद्धापूर्वक आचरण गर्दछ त्यो यस समयमा पनि सजिलैसित आफूले इच्छा गरेको फल पाउँछ ॥४॥ तर उनको उपेक्षा गरेर आफैले कल्पना गरेका उपायको आश्रय लिएर काम शुरू गर्ने तर्कनाशील पुरुषका समस्त उपाय औ प्रयत्न वारंवार निष्फल भइरहन्छन् ॥५॥ हे राजन् ! पूर्वकालमा ब्रह्माजीले जुन धान्यादि उत्पन्न गर्नुभएथ्यो तिनलाई ता मैले यम-नियमादि व्रतको पालना नगर्ने दुराचारी मानिसले खान लागेको देखें ॥६॥ लोकको रक्षा-गन तपाईं राजाहरूले मेरो पालन औ आदर गर्न छाडिदिनुभयो, यसैले सबै प्रजा चोर जस्ता भइराखेका छन् । उनीहरूले भक्षण गर्दा यज्ञको सामग्री समाप्त हुने देखेर यज्ञको रक्षाको निम्ति ने मैले ती औषधिहरूलाई आफ्नो भित्र लुकाएको हुँ ॥७॥ धेरै काल भएकोले ती औषधिहरू अवश्य मेरो पेटमा क्षीण अर्थात् जीर्ण भएहोलान् । पूर्वकालका आचार्यहरूले बताएका उपायद्वारा तिनलाई झिक्नोस् ॥८॥

हे महाबाहो ! हे प्रजापालक वीर ! तपाईंलाई सम्पूर्ण प्राणीलाई मन पर्ने एवं उनको बल वृद्धि गर्ने अन्नको आवश्यकता छभने कसैलाई मेरो बाच्छो बनाउनोस्, अनि बाच्छोको प्रेमले दूधको रूपमा तपाईंले इच्छा गरेका वस्तु दिन सकुँला । यस बाहेक दूध दुहुने भांडो र दुहुने मानिसको समेत व्यवस्था गर्नोस् ॥ ९-१० ॥ हे राजन् ! अर्को एउटा कुरा छ, तपाईंले मलाई सम्म पार्नुपर्दछ, अनि यो इन्द्रले वर्षाएको जल वर्षाऋतु बितेपछि पनि सर्वत्र भरिभराउ भएर रहनेछ, जम्माको जम्मै समुद्रमा बगेर जानेछैन, यसो गर्नाले तपाईंको कल्याण हुनेछ " ॥११॥

पृथ्वीले भनेका यी मीठा औ हित गर्ने वचन स्वीकार गरेर महाराज पृथुले स्वायम्भुव मनुलाई बाच्छो बनाएर आफ्नो हातरूप पात्रमा सम्पूर्ण औषधि पृथ्वीबाट दुहेर लिए ॥१२॥ पृथुले झैं अरू अरू बुद्धिमान् पुरुष पनि सर्वत्र सार ग्रहण गर्दछन् अतः उनीहरूले पनि पृथुद्वारा वशमा ल्याइएकी पृथ्वीबाट आफूले इच्छा गरेको वस्तु दुहेर लिए ॥१३॥ हे साधुश्रेष्ठ ! ऋषिहरूले बृहस्पतिलाई बाच्छो बनाएर इन्द्रिय (वाणी-मन-श्रोत्र) रूप पात्रमा पृथ्वीदेवीबाट वेदरूप पवित्र दूध दुहेर लिए ॥१४॥ देवताले इन्द्रलाई बाच्छो बनाएर सुवर्णमय पात्रमा

अमृत, वीर्य (मानसिक शक्ति), ओज (इन्द्रिय-शक्ति) औ बल (शारीरिक शक्ति) रूप दूध दुहे ॥१५॥ दैत्य औ दानवहरूले असुरश्रेष्ठ प्रह्लाद-लाई बाच्छो बनाएर फलामको भाँडोमा सुरा औ आसवरूप दूध दुहे ॥१६॥ गन्धर्व औ अप्सरा-हरूले विश्वावसुलाई बाच्छो बनाएर कमलरूप पात्रमा गानसम्बन्धी मधुरता औ सुन्दररूप दूध दुहे ॥१७॥श्राद्धका देवता महाभाग पितृगणले अर्यमालाई बाच्छो बनाएर काँचो माटोको भाँडामा श्रद्धापूर्व्वक कव्यरूप (पितृहरूलाई अर्पित गर्ने अन्न) दूध दुहे ॥१८॥ कपिलजीलाई बाच्छो बनाएर आकाशरूप पात्रमा सिद्धहरूले अणिमादि अष्ट सिद्धि तथा विद्याधरहरूले गुप्त-रूपले विचरण गर्ने एवं आकाशगमन आदि विद्या दुहे ॥१९॥ किम्पुरुषादि अरू मायावीहरूले मय दानवलाई बाच्छो बनाएर अन्तर्धान हुने, विचित्र-रूप धारण गर्ने इत्यादि सङ्कल्पमयी विद्याहरूलाई दुहे ॥२०॥

यसै गरी यक्ष, राक्षस तथा भूतपिशाचादि मांसाहारीहरूले भूतनाथ रुद्रलाई बाच्छो बनाएर नरकपालरूप पात्रमा रुधिरासवरूप दूध दुहे ॥२१॥ अहि (फणा नभएका सर्प) दन्दसूक (बिच्छी आदि विषालु जीव) सर्प (फणा भएका सर्प), नाग (अजिंगर) आदिले तक्षकलाई बाच्छो बनाएर [मुखरूप] पात्रमा विषरूप दूध दुहे ॥२२॥ पशुहरूले रुद्र भगवान्‌को वाहन गोरुलाई बाच्छो बनाएर वनरूप पात्रमा तृणरूप दूध दुहे एवं बडे बडे दाह्रा भएका मांसभक्षी जीवहरूले सिंहरूप बाच्छोद्वारा आफ्ना शरीररूप पात्रमा क्रव्य (कांचो मासु) रूप दूध दुहे तथा गरुडजी-लाई बाच्छो बनाएका पक्षीहरूले कीट पतङ्गादि चर औ फलादि अचर पदार्थलाई दूधरूपले दुहे ॥२३-२४॥ रूखहरूले वरको रूखलाई बाच्छो बनाएर अनेक रसरूप दूध दुहे औ पर्वतहरूले हिमालयरूप बाच्छोद्वारा आफ्नो शिखररूप पात्रमा अनेक प्रकारका धातुहरू दुहे ॥२५॥ यसै गरी सबैले आफ्नो आफ्नो जातको मुखियालाई बाच्छो बनाएर बेग्लाबेग्लै भाँडामा महाराज पृथुद्वारा वशमा गराइएकी तथा सम्पूर्ण कामनालाई पूर्ण गर्ने पृथ्वीबाट आफूले इच्छा गरेका किसिम किसिमका दूध दुहेर लिए ॥२६॥

हे कुरुश्रेष्ठ विदुरजी ! यस प्रकारसँग पृथु आदि सबै अन्न भक्षण गर्नेहरूले भिन्न भिन्न प्रकारका दुहुने भाँडा औ बाच्छाद्वारा पृथ्वीबाट किसिम किसिमका दूध अर्थात् अन्न दुहेर लिए ॥२७॥ अनि ता पृथु महाराज कस्तो प्रसन्न भएभने सम्पूर्ण कामनालाई पूर्ण गर्ने पृथ्वीप्रति उनको छोरीसमानको स्नेह हुन गयो र उनलाई आफ्नो कन्यारूपले स्वीकार गरे ॥२८॥ यसपछि परम समर्थवान् राजराजेश्वर पृथुले आफ्नो धनुषको टुप्पोले पर्वतहरूलाई फोरेर यो समस्त भूमण्डललाई प्रायः सम्म पारिदिए ॥२९॥ अनि प्रजाहरूका पितासमानका अन्नदाता महाराज पृथुले पृथ्वीमा जताततै गाउँ, शहर, कसबा (पत्तन), किसिम किसिमका किल्ला, घोष (अहीरहरूले बस्ने गाउँ), व्रज (पशुशाला), शिविर (छाउनी), आकर (सुन आदिको खानी), खेट (किसानहरू बस्ने गाउँ) बसाएर प्रजावर्गको निम्ति यथायोग्य निवासस्थान बनाइ-दिए ॥३०-३१॥ महाराज पृथुभन्दा अघि यस

पृथ्वीतलमा शहर, गाउँ इत्यादिको विभाग थिएन। सबै जना जताततै आफ्नो सुबिस्ता हेरेर निर्धक्कसँग सुखपूर्व्वक बस्तथे ।।३२।।

अध्याय-१९

यज्ञको घोडा चोरेकोले राजा पृथु इन्द्रलाई मार्न उद्यत हुन्छन् र ब्रह्माजीले संझाउँदा यज्ञबाट निवृत्त हुन्छन्।

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! महाराज मनुको ब्रह्मावर्त्त क्षेत्रमा, जहाँ सरस्वती नदी पूर्वमुखी भएर बग्दछिन्, राजा पृथुले सय अश्वमेध यज्ञगर्ने दीक्षा लिए अर्थात् निश्चय गरे।।१।। यो देख्ता शतक्रतु(सय यज्ञ गर्ने) भगवान् इन्द्रलाई पृथुको कर्म ता मेरोभन्दा पनि ठूलो हुन लाग्यो भन्ने विचार भयो र यसैले उनको यज्ञरूप महान् उत्सवलाई यिनले सहन सकेनन् ।।२।। महाराज पृथुको यज्ञमा सबका अन्तरात्मा, सर्वलोकपूज्य, जगदीश्वर भगवान् हरिले यज्ञेश्वररूपले साक्षात् दर्शन दिनुभएथ्यो ।।३।। उहाँको साथमा ब्रह्मा, रुद्र तथा आफ्ना आफ्ना अनुचरसँग लिई लोकपालहरूसमेत आएका थिए। यस बखतमा गन्धर्व, मुनि औ अप्सराहरू प्रभुको कीर्ति गाइरहेका थिए। सिद्ध, विद्याधर, दैत्य, दानव, यक्ष, नन्द-सुनन्दादि भगवान्का मुख्य मुख्य पार्षद एवं सदा भगवान्को सेवाको निम्ति उत्सुक रहने कपिल, नारद, दत्तात्रेय औ सनकादि योगेश्वरहरू पनि उहाँसँग आएका थिए ।।४-६।। हे भारत ! त्यस यज्ञमा यज्ञको सामग्री दिने पृथ्वीले कामधेनु भएर यजमान पृथुको समस्त कामना पूर्ण गरेकी थिइन् ।।७।। नदीहरूमा पानीको सट्टा दाख, ऊखु आदि सब प्रकारका रस बग्न लागेका थिए औ मह बगाइरहने ठूला ठूला रूख दूध, दही, अन्न, घिउ आदि गरिएका किसिम किसिमका सामग्री समर्पण गर्दथे ।।८।। समुद्रले अनेक रत्न, पर्वतले चार प्रकारका (भक्ष्य, भोज्य, लेह्य, चोष्य) अन्न तथा लोकपालसहितका सम्पूर्ण लोकले थरीथरीका उपहार समर्पण गर्दथे ।।९।।

भगवान् इन्द्रले विष्णुभक्त पृथुको यस्तो असाधारण यज्ञको अभ्युदय खप्न नसकेकोले डाहले गर्दा यज्ञमा विघ्न पार्ने चेष्टा गरे ।।१०।। महाराज पृथुले आफ्नो अन्तिम यज्ञद्वारा भगवान् यज्ञपतिले आराधना गरिराखेको वेलामा इन्द्रले डाहले गर्दा गुप्तरूपले उनको यज्ञको घोडा चोरेर लगिदिए ।।११।। अधममा धर्मको भ्रम उत्पन्न गर्ने पाखण्डवेषलाई कवचको रूपले धारण गरेका इन्द्रलाई अत्रि ऋषि (आचार्य) ले घोडा लिएर आकाशको बाटो गरी जान लागेको देखे ।।१२।। अत्रि मुनिको प्रेरणाले पृथुका महारथी छोरा इन्द्रलाई मार्न भनी खूबसँग झोक्किएर उनको पछि पछि दगुरे औ "पर्खो, पर्खो" भन्दै कराउन लागे ।।१३।। तर इन्द्रले शिरमा जटा र शरीरमा भस्म धारण गरेको थियो, उनका यो वेष देख्ता पृथुकुमारले उनलाई धर्मात्मा पुरुष

संझे र यसैले उनीमाथि कुनै वाणको प्रहार गरेनन् ।।१४।।

इन्द्रमाथि प्रहार नगरीकन फर्केर आएका राजकुमारलाई अत्रि ऋषिले फेरि इन्द्रलाई मार्न उत्साहित गर्दै भने—"बाबु ! तिम्रो यज्ञमा विघ्न खडा गराउँने यो देवतामध्येको अधम इन्द्रलाई झट्टै मारिहाल" ।१५।।

अत्रि मुनिले यस प्रकारसँग उत्साहित गरेकोले पृथुकुमार अति क्रुद्ध भई आकाशको बाटो गरी गइराखेका इन्द्रको पछि, रावणको पछि जटायु दगुरे झैं दगुरे ।।१६।। अनि ता स्वर्गपति इन्द्र यज्ञको घोडा एवं आफ्नो पाखण्ड-वेषलाई छाडेर त्यहीं अन्तर्धान भए औ ती वीर आफ्नो यज्ञपशु लिएर पिताको यज्ञशालामा फर्केर आए ।।१७।। राजकुमारको यो अद्भुत पराक्रम देखेर महर्षिहरूले उनको नाम "विजिताश्व" राखे ।।१८।।

यसपछि शक्तिशाली इन्द्रले त्यहाँ घोर अन्धकार उत्पन्न गरी लुकेर सुनको जंजीरले बाँधिएको घोडालाई यज्ञको थामबाट फुकाएर फेरि हरेर लगे ।। १९ ।। आकाशको बाटो गरी हत्पतसँग गइराखेका इन्द्रलाई अत्रि मुनिले फेरि विजिताश्वलाई देखाइदिए तर उनले कपाल औ खट्वाङ्ग लिएको देख्ता पृथुपुत्रले उनको बाटोमा कुनै प्रकारको बाधा पारेनन् ।।२०।। अत्रिमुनिले फेरि पनि उचालेकोले राजपुत्रले अति क्रुद्ध भएर इन्द्रलाई ताकेर वाण चढाए। यस्तो देख्नासाथ देवराज इन्द्रले त्यो वेष औ घोडा-लाई छाडेर त्यहीं अन्तर्धान भए ।।२१।। वीर विजिताश्व पनि घोडा लिएर पिताको यज्ञ-शालामा फर्केर आए। त्यै वेलादेखि इन्द्रको त्यो निन्दित वेषलाई मन्दबुद्धि भएका मानिसले ग्रहण गर्न थाले ।।२२।। अश्वहरणको इच्छाले जुन जुन रूप धारण गरेका थिए ती पापका खण्ड अर्थात् चिह्न हुनाले पाखण्ड कहिन लागे। लोकमा "खण्ड" शब्द चिह्नको वाचक छ ।।२३।।

यस प्रकारसँग जबदेखि महाराज पृथुको यज्ञ विध्वंश गर्नाको निम्ति यज्ञको घोडा चोर्दा इन्द्रले जुन जुन पाखण्डरूप ग्रहण गरेर छाडिदिए त्यै वेलादेखि ती ती रूपमा मानिसको प्रवृत्ति हुन थाल्यो अर्थात् पाखण्डको सृष्टि भयो ।।२४।। नग्न (जैन) औ रक्तपटधारी (बौद्ध) वेषमा मानिसको बुद्धि प्रायः मोहित हुन्छ। वास्तवमा यी धर्म होइनन्, उपधर्म (पाखण्ड) हुन्। यी नास्तिक मत देख्नामा बडा राम्रा औ अनेक युक्तिले आफ्नो पक्षको समर्थन गर्दछन्, यसैले मानिसको बुद्धि भ्रममा परेकोले यी मतमा उनको रुचि हुन्छ ।।२५।।

इन्द्रको यो कुचालको पत्ता लाग्नासाथ परम पराक्रमी भगवान् पृथुले झोक्किएर आफ्ना धनुष उठाई त्यसमा वाण चढाए ।।२६।। यस बखतमा क्रोधको आवेशले गर्दा उनीतिर हेर्न सकिन्नथ्यो। असह्य पराक्रमी महाराज पृथुलाई इन्द्रको वध गर्न तय्यार परेको देख्ता ऋत्विज्-हरूले उनलाई यस कामबाट रोक्तै भने—"हे राजन् ! तपाईं ता बडो बुद्धिमान् हुनुहुन्छ। यज्ञको दीक्षा लिएपछि यज्ञपशुको हिंसा बाहेक अरू कुनै जीवको हिंसा गर्न उचित पर्दैन ।।२७।। यस यज्ञकार्यमा विघ्न पार्ने तपाईंको शत्रु इन्द्र ता

तपाईंको सुयशको डाहले यसै निस्तेज भइराखेको छ। हामी तपाईंको त्यो शत्रुलाई अमोघ मन्त्र-द्वारा यहीं बोलाउँछौं औ बलजफ्तीसँग त्यसलाई अग्निकुण्डमा होमिदिन्छौं'' ॥२८॥

हे विदुर ! यजमानलाई यस प्रकारसँग शान्त गरेर ऋत्विज्हरूले झोकैझोकले जब हातमा स्रुवा लिई इन्द्रको आवाहन गरेर होम गर्न आँटेका थिए त्यै वेलामा ब्रह्माजीले त्यहाँ आएर उनी-हरूलाई रोक्नुभयो ॥२९॥ उहाँले भन्नुभयो—"हे ऋत्विज् हो ! जसलाई तिमीहरू यज्ञपूर्तिको निम्ति मार्न उद्यत भएका छौ ती यज्ञनामक इन्द्र ता साक्षात् भगवान्का अवतार हुन् । यज्ञद्वारा तिमीहरू जुन देवताको आराधना गर्न लागेका छौ ती देवता ता उनैका अङ्ग हुन्, अतएव यिनलाई मार्न उचित छैन॥३०॥ हे ब्राह्मण हो ! हेर,पृथुका यज्ञकार्यमा विघ्न उपस्थित गर्नाको निंति इन्द्रले जुन पाखण्डको सृष्टि गरेका छन् त्यसले धर्मको कस्तो हानि भइराखेको छ, तसर्थ यिनीसित विरोध गर्न छाडिदेऊ नत्र ता अरू पनि पाखण्ड मार्गको प्रचार गर्नेछन्''॥३१॥ फेरि राजा पृथुलाई भन्नुभयो—"हे राजन् ! तपाईं ता मोक्षधर्म जान्नु-हुन्छ, अतः यी यज्ञका अनुष्ठानको तपाईंलाई केही आवश्यकता छैन, राम्रासँग गरिएका यी उनान्सय यज्ञले नै सन्तुष्ट हुनुहोस् ॥३२॥ तपाईं औ इन्द्र दुवै पवित्रकीर्ति विष्णु भगवान्का अवतार हुनु-हुन्छ तसर्थ आफ्नै रूप इन्द्रप्रति क्रोध गर्नु उचित छैन। तपाईंको कल्याण होस् ॥३३॥ मेरो यो यज्ञ निर्विघ्नपूर्वक समाप्त भएन भन्ने कुरामा पीर नलिनोस्। श्रद्धासँग मेरो कुरा सुन्नोस्—जो मानिस विधाताले बिगारेको कामलाई पूर्ण गर्ने चेष्टा गर्दछ त्यसको मन अत्यन्त क्रोधले भरिपूर्ण भएर भयङ्कर मोहमा फस्न पुग्दछ ॥३४॥ यो यज्ञ थामिदिनोस् । यसैले गर्दा इन्द्रले चलाएको पाखण्डले धर्मको नाश भइराखेको छ, यज्ञ बन्द नगरेसम्म धर्मको यो ह्रास रुक्न सक्तैन । इन्द्र-लाई यस कामबाट निवृत्त गर्न बडो गाह्रो छ कदाचित् गर्न सक्नुभएछभने पनि यसबाट पूजनीय देवगणको निरादर हुन्छ ॥३५॥ तपाईंको यज्ञमा विघ्न पार्ने औ घोडालाई हर्ने इन्द्रले उत्पन्न गरेका, जनतालाई मोहित गर्ने यी पाखण्डतिर समस्त दुनियाँ आकृष्ट हुन लागेको छ अतएव तपाईंले यतापट्टि दृष्टि दिनुपर्दछ ॥३६॥ हे पृथुजी ! तपाईं साक्षात् विष्णुको अंश हुनुहुन्छ । वेनको दुराचारले धर्म लुप्त हुन लागेको देखेर जनताको समयोचित धर्मको रक्षाको निम्ति नै तपाईंले उसको शरीरबाट अवतार लिनुभएको हो ॥३७॥ हे प्रभो ! हे प्रजापते ! आफ्नो यस अवतारको उद्देश्यपट्टि विचार राखेर भृगु आदि विश्वरचयिता मुनीश्वरहरूको सङ्कल्पलाई पूर्ण गर्नोस् औ अधर्म उत्पन्न गर्ने प्रचण्ड पाखण्डमार्ग-रूप यो इन्द्रको मायालाई नाश गरिदिनोस्" ॥३८॥

मैत्रेयजी भन्नुहुन्छ—

लोकगुरु भगवान् ब्रह्माले यस प्रकारको उपदेश गरेपछि पृथुले यज्ञ बन्द गरिदिए औ इन्द्र-सँग मित्रता पनि गरे ॥३९॥ यसपछि यज्ञमा भाग पाएर तृप्त भएका वरदायक देवताहरूले यज्ञान्त स्नान गरेर निवृत्त भएका परम पराक्रमी पृथुलाई अनेक वर दिए ॥४०॥ अनि हे विदुर ! जसका आ-शीर्वाद सदा सत्य हुन्छन् त्यस्ता ती ब्राह्मणहरूले दक्षिणा औ सत्कारले सन्तुष्ट भएर श्रद्धापूर्वक

आदिराज पृथुलाई आशीर्वाद दिए ॥४१॥ उनीहरूले भने— "हे महाबाहो ! तपाईंले बोलाएर आएका पितृ, देवता, ऋषि, मनुष्य यी सबैको दान मानले राम्रोसँग सत्कार गर्नुभयो" ॥४२॥

—

अध्याय-२०

महाराज पृथु यज्ञशालामा विष्णु-भगवान्‌को प्रत्यक्ष दर्शन पाउँछन् ।

मैत्रेयजी भन्नुहुन्छ—

महाराज पृथुका उनान्सय यज्ञले यज्ञभोक्ता यज्ञेश्वर विष्णु भगवान्‌लाई समेत बडो आनन्द भयो औ इन्द्रको साथमा त्यहाँ उपस्थित भएर उनलाई (राजा पृथुलाई) भन्नुभयो ॥१॥

भगवान्‌ले भन्नुभयो—

हे राजन् ! इन्द्रले तिम्रो सय अश्वमेध यज्ञ पूर्ण गर्ने सङ्कल्पमा विघ्न पारेको हो, तर अहिले आफ्नो अपराध क्षमा गराउन खोजिराखेका छन्, तसर्थ यिनलाई क्षमा गर्नु उचित छ ॥२॥ हे राजन् ! मानिसमध्येका उत्तम जो बुद्धिमान् औ साधु स्वभावका हुन्छन् तिनीहरू संसारमा अरू प्राणीसित द्रोह गर्दैनन् किनकि यो शरीर ता वास्तवमा आत्मा होइन अर्थात् मिथ्या हो ॥३॥ तिमी जस्ता ज्ञानी पुरुष पनि मेरो मायाले मोहित हुन्छन्‌भने धेरै दिनसम्म गरिएको ज्ञानीजनको सेवाले केवल श्रम मात्र हात पर्‍यो भन्ने संझनुपर्दछ ॥४॥ तसर्थ बुद्धिमान् पुरुष यस शरीरलाई अविद्या, वासना औ कर्मले बनेको संझेर यसमा आसक्त हुँदैनन् ॥५॥ यस प्रकारसँग जो यस शरीरमा आसक्त छैन, त्यो विवेकी पुरुष यस शरीरबाट उत्पन्न भएका घर, धन, छोरा आदिमा कसरी ममता राख्न सक्छन् ॥६॥

यो आत्मा शरीरदेखि भिन्न छ, किनकि यो एक्लो, शुद्ध,स्वयम्प्रकाश, निर्गुण,गुणहरूको आश्रयस्थान, सर्वव्यापक, आवरणशून्य, सबैको साक्षी औ अन्य आत्मादेखि फरक छ ॥७॥ जुन पुरुष आफ्नो भित्र रहने आत्मालाई यस प्रकारसँग शरीरदेखि भिन्न संझन्छ त्यो देहधारी भईकन पनि देहको गुणले लिप्त रहँदैन किनकि त्यसको स्थिति अन्तरात्मारूप ममा नै हुन्छ अर्थात् म परमात्मामा नै लीन भएको हुन्छ ॥८॥

हे राजन् ! जो व्यक्ति निष्काम भईकन श्रद्धापूर्वक आफ्नो वर्णाश्रमको धर्मद्वारा नित्य मेरो आराधना गर्दछ त्यसको मन (चित्त) बिस्तारै बिस्तारै शुद्ध भएर जान्छ ॥९॥ चित्त शुद्ध भएपछि विषयसित त्यसको सम्बन्ध रहँदैन औ त्यसलाई तत्त्वज्ञानको प्राप्ति पनि भइहाल्दछ, अनि त्यो शान्तिको आनन्द भोग्न थाल्दछ, यै शान्तिलाई नै ब्रह्म, कैवल्यमोक्ष एवं मेरो धाम (ब्रह्मपद) भन्दछन् ॥१०॥ सुख दुःखादिहीन उदासीन अवस्था नै यथार्थमा शान्ति हो । यै उदासीन अवस्थमा यो निर्विकार आत्मा साक्षीस्वरूपले रहेको छ एवं शरीर-ज्ञान-क्रिया-मनको नायक हो । जसलाई यस प्रकारको ज्ञान छ त्यसैले कल्याणरूप मोक्ष भेट्टाउँछ ॥११॥

यो देह पञ्चमहाभूत, इन्द्रिय, इन्द्रियाभिमानी देवता औ चेतनाका संग्रह हो, तसर्थ आत्मादेखि भिन्न छ। उत्पन्न एवं नष्ट हुने यो देह हो आत्मा होइन भन्ने ज्ञान पण्डितहरूलाई भएको हुन्छ। मप्रति दृढ अनुराग भएका यस्ता बुद्धिमान् पुरुष सुखदुःखादिले अलिकता पनि प्रभावित हुँदैनन् ॥१२॥ अतः हेवीर! उत्तम, मध्यम औ अधम पुरुषमा समान भाव राखेर सुखदुःखादिलाई एउटै संझ तथा मन औ इन्द्रियलाई जितेर मैले उपस्थित गरेका मन्त्री आदिको सहायताले सम्पूर्ण लोकको रक्षा गर ॥१३॥ प्रजाको पालन गर्नामा नै राजाको कल्याण छ किनकि प्रजाको पालन गर्ने राजाले परलोकमा प्रजाले गरेको पुण्यको छैटौं भाग पाउँछ तर प्रजाको रक्षा ता नगर्ने, केवल कर असूल गर्नामा लाग्ने राजाको पुण्य कर दिएको सट्टामा दुनियाँले पाउँछन् औ अन्यायी राजाले प्रजाको पाप भोग्नुपर्दछ ॥१४॥ यो कुरा मनमा राखी परम्परादेखि चलिआएको आफ्नो मुख्य धर्मको पालना गरेर सद्ब्राह्मण-हरूको सम्मतिअनुसार अनासक्त भावले पृथ्वीको रक्षा गर्‍यौभने सबैले तिमीसँग प्रेम गर्नेछन् औ अलि दिनमा नै घरै बसीबसीकन सनकादि सिद्धहरूको दर्शन पाउनेछौ ॥ १५ ॥ हे राजन्! तिम्रो गुण औ स्वभाव देख्ता म तिम्रो अधीन भइराखेको छु, अतः आफूलाई इच्छा भएको वर मसित माग। सुखदुःखमा एकनाससँग रहने मानिसले जत्तिको सजिलोसँग मलाई पाउँछन् त्यत्तिको ता यज्ञ, तप, अथवा योगद्वारा मलाई पाउन सजिलो छैन ॥१६॥

मैत्रेयजी भन्नुहुन्छ—

सर्वलोक गुरु विष्णु भगवान्‌ले यस्तो उपदेश गरेपछि जगद्विजयी महाराज पृथुले उहाँको आज्ञा शिरोपर गरे ॥१७॥ आफ्नो कामले लज्जित भएर उनको चरणमा पर्न आँटेका देवराज इन्द्रलाई राजाले प्रेमपूर्वक आलिङ्गन गरेर आफ्नो हृदयको द्वेषभाव फ्याँकिदिए ॥१८॥ फेरि महाराज पृथुले भगवान्‌को पूजन गरे औ छिन छिनमा उम्लने भक्तिभावमा निमग्न भएर प्रभुको चरणकमल समातिहाले ॥१९॥ सज्जनको हितकारी विश्वात्मा प्रभु त्यहाँबाट प्रस्थान गर्न उद्यत हुनुभएको भए तापनि पृथुप्रति उहांको जुन प्रेम थियो त्यसले उहाँलाई रोकिराखेको थियो, यसैकारणले कमलसमानका आफ्ना नेत्रले पृथुतिर कृपादृष्टिले हेरिरहनुभयो, त्यहाँ-बाट जान सक्नुभएन ॥ २० ॥ आदिराज महाराज पृथुले पनि आँखाभरि आँसु भएकोले न भगवान्‌को दर्शन गर्न सके न आँसुले गर्दा घाँटी बसेकोले केही बोल्न सके, केवल हृदयले उहाँको आलिङ्गन गरेर अर्थात् ध्यान गरेर हात जोरीकन उभिएको उभियै रहे ॥२१॥ प्रभु आफ्ना चरणले पृथ्वीको स्पर्श गरेर उभिरहनु-भएको थियो, उहांको करकमल गरुडको अग्लो काँधमाथि राखिएको थियो। पृथुले आँखाको आँसु पुछेर अतृप्त दृष्टिले उहाँतिर हेरेर यस प्रकारसँग भन्न लागे ॥२२॥

राजा पृथुले भने—

हे मोक्षपति प्रभो! तपाईं वर दिने ब्रह्मादि देवताहरूलाई समेत वर दिन सक्नुहुन्छ। गुणको विकाररूप शरीरको अभिमानीले भोग्ने विषय कुनै

बुद्धिमान् पुरुषले कसरी तपाईंसित माग्न सक्ला ? यी विषयभोग ता देहधारीले नरकमा समेत भेट्तछन् । अतः यी तुच्छ विषयभोग म तपाईं-सित माग्दिनँ ॥२३॥ मलाई ता त्यो मोक्षपदको समेत इच्छा छैन, जहाँ कि महापुरुषको हृदयबाट उनको मुखद्वारा बाहिर निस्केको तपाईंको चरण-कमलको कीर्तिरूप मकरन्दको पान गर्न पाइन्न, तसर्थ तपाईंको सुयशसुधाको पान गराउनाका निम्ति मलाई दस हजार कान दिनोस्-मेरो यै प्रार्थना छ ।।२४।। हे पुण्यकीर्ति प्रभो ! तपाईंको चरणकमलको मकरन्दरूपी अमृतकणसित मिसि-एको हावा जो महापुरुषको मुखबाट निस्कन्छ त्यसमा कत्तिको शक्ति हुन्छभने तत्त्वमार्ग बिर्सेका कुयोगीलाई समेत त्यसले फेरि तत्त्वज्ञान गराइदिन्छ, अतः तपाईंको सुयशसुधाको पान-सिवाय मलाई अरू कुनै वरको इच्छा छैन ॥२५॥ हे सत्कीर्ते ! साधु समाजमा कसैले दैववशात् एकचोटि पनि तपाईंको मङ्गलमय सुयश सुन्न पायोभने त्यसको पशुबुद्धि छभने मात्र तृप्त होला तर गुणग्राही छभने ता कसरी छोड्न सक्ला; यसैले ता चञ्चला लक्ष्मीले समेत एकै ठाउँमा सबै सद्गुण पाउने कामनाले तपाईंको सुयश सुन्ने वर मागिथिन् ॥२६॥ यसैकारण म पनि लक्ष्मी झैं अति उत्सुक भएर सम्पूर्ण गुणका खानी तपाईं पुरुषोत्तमको सेवा गर्न चाहन्छु, तर हे नाथ ! एउटै पतिको सेवा प्राप्त गर्न होड थापेको हुनाले एक मात्र तपाईंको चरणमा लीन रहने लक्ष्मी औ म, हामी दुवैको परस्पर कलह ता नहोस् है ॥२७॥ हे जगदीश्वर ! अब ता जगज्जननी लक्ष्मीजीसित मेरो विरोध हुने निश्चय नै देखियो, किनकि तपाईंको सेवा-कार्य, जसमा उनको अनुराग छ त्यसैको निम्ति म पनि उद्योग गर्न खोजिराखेको छु, तर यत्तिकैमा म हरेस खाने होइन, कारण तपाईं ता दीनवत्सल हुनुहुन्छ । यसैले दीन जनले अलिकता सेवा गरेको पनि धेरै मान्नुहुन्छ, तसर्थ हाम्रो यस झगडामा पनि तपाईंले मेरै पक्ष लिनुहोला भन्ने आशा छ किनकि आफ्नो स्वरूपमा रमण गर्ने तपाईंलाई लक्ष्मीबाट के लिन परेको छ र ? ॥२८॥ दीनवत्सल ठहऱ्याएको हुनाले नै निष्काम महात्मा ज्ञान भइसकेपछि पनि तपाईंको भजन गर्न छाड्दैनन् । तपाईंमा मायाका अह-ङ्कारादि कार्यको सर्वथा अभाव छ । हे भगवन् ! तपाईंको चरणकमलको निरन्तर चिन्तन गर्नु-सिवाय सत्पुरुषको ता म अरू कुनै कामसित प्रयोजनै देख्तिनँ ॥२९॥ म पनि हजूरकै भजन गर्ने मध्येको हुँ । "वर माँग" भनी मलाई भन्नुभएको तपाईंको यस वाणीलाई ता म जगत्लाई मोहित पार्ने भन्ठान्दछु । यसको ता के कुरा, तपाईंको वेदरूपी वाणीले समेत जगत्-लाई मोहमा पारिराखेको छ । वेदरूपी डोरीले नबाँधिएको भए मानिस किन मोहमा परेर कर्म गर्थे, यै कर्मले गर्दा यिनले जन्म-मरणको चक्रमा पर्नुपर्दछ ॥३०॥ हे ईश ! तपाईंकै मायाले मोहित भएर मानिस आफूलाई आफ्नो वास्तविक स्वरूप तपाईंदेखि भिन्न मानेर अरू स्त्री-पुत्रादिको इच्छा गर्दछ । यसो भएतापनि बाबुले जसरी अज्ञानी छोराको कल्याण गर्दछ त्यसै गरी तपाईंले पनि मेरो इच्छापट्टि वास्ता नगरेर जसरी हुन्छ मेरो कल्याण हुने यत्न गर्नुपऱ्यो ॥१३॥

मैत्रेयजी भन्नुहुन्छ—

आदिराज पृथुले यस प्रकारसँग स्तुति गरिसकेपछि सर्वसाक्षी हरिले उनलाई भन्नुभयो—"हे राजन् ! तिम्रो इच्छानुसार ममा तिम्रो भक्ति होस्। तिमीले ममा यस प्रकारसँग चित्त लगाउनु बडो सौभाग्यको कुरो हो। यसो भएपछि ता मानिस सजिलैसित मेरा दुस्तर मायालाई तरेर जान्छ ॥३२॥ प्रजाको पालन गर्ने हे राजन् ! अब तिमी सावधान भएर मेरो आज्ञाको पालन गर। मेरो आज्ञाको पालन गर्ने व्यक्तिको सर्वत्र मंगल हुन्छ'॥३३॥

मैत्रेयजी भन्नुहुन्छ—

यस प्रकारसँग भगवान्‌ले पृथुको सारगर्भित वचनको प्रशंसा गरेर तथा उनले गरेको पूजा ग्रहण गरी राजाउपर अनुग्रह गर्दै त्यहाँबाट प्रस्थान गर्ने विचार गर्नुभयो ॥३४॥ त्यसपछि महाराज पृथुले त्यहाँ जति देवता, ऋषि, पितृगण, गन्धर्व, सिद्ध, चारण, नाग, किन्नर, अप्सरा, मनुष्य, पक्षी आदि गरिएका नाना नानाप्रकारका प्राणी एवं भगवान्‌का पार्षद आएका थिए ती सबैको भगवद्‌बुद्धिले भक्तिपूर्व्वक वाणी, धनद्वारा तथा हात जोरेर पूजा गरे। यस प्रकारसँग पूजित भएपछि यिनीहरू पनि आफ्नो आफ्नो स्थानतिर लागे ॥३५-३६॥ अनि विष्णु भगवान् पनि राजा पृथु एवं उनका पुरोहितहरूको चित्त चोर्दै आफ्नो धामतिर लाग्नुभयो ॥३७॥ यसपछि राजा पृथु पनि आफ्नो स्वरूप देखाएर अन्तर्धान भएका अव्यक्त स्वरूप देवाधिदेव भगवान्‌लाई नमस्कार गरेर आफ्नो राजधानीतिर लागे ॥३८॥

....

अध्याय-२१

राजा पृथु आफ्ना प्रजालाई भगवद्धर्मको उपदेश गर्दछन्।

मैत्रेयजी भन्नुहुन्छ—

त्यस समयमा महाराज पृथुको राजधानी जताततै मोती औ फूलको माला, रंग-बिरंगका वस्त्र, सुनको ढोका तथा अत्यन्त सुगन्धित धूपादिले सुशोभित थियो ॥१॥ मूल सडक, चौक, गल्ली सबै ठाउँमा चन्दन औ अगुरुको जल छर्किएको थियो। ठाउँठाउँमा फूल, अक्षता फल, जमरा, लावा, दीपक आदि माङ्गलिक वस्तु राखिएका थिए ॥२॥ जताततै राखिएका फलफूलका झुप्पासहितको केराका थाम औ सुपारीका बिरुवाले तथा आम आदि वृक्षका कलिला पातका मालाले ढोकाको शोभा बढाइराखेका थिए ॥३॥

महाराज पृथुले शहरभित्र प्रवेश गर्नासाथ दीपक, उपहार औ नाना प्रकारको माङ्गलिक सामग्री लिएका प्रजाहरू औ मनोहर कुण्डलले सुशोभित सुन्दरी कन्याहरू उनको स्वागत गर्न आए ॥४॥ शङ्ख, दुन्दुभि आदि बज्न लागे, ऋत्विज्‌हरूले वेद-ध्वनि गर्न लागे, वन्दीजनले स्तुति गर्न थाले। यो सब देख्ता औ सुन्दा पनि उनलाई कुनै प्रकारको अहङ्कार भएन। यस प्रकारसँग वीरवर पृथुले राजमहलमा प्रवेश गरे ॥५॥ बाटोमा जताततै शहरवासी औ देशवासीहरूले परम यशस्वी पृथुको पूजा गरे औ राजाले पनि प्रसन्नतासाथ उनीहरूले इच्छा गरेको वर दिएर सबैलाई सन्तुष्ट गरे ॥६॥ पवित्र

आचरण गर्ने महाराज पृथु ठूलाका समेत पूजनीय थिए। उनले यस किसिमसँग अनेक उदार कर्म गरेर पृथ्वीको शासन गरे औ अन्त्यमा आफ्नो उज्ज्वल यश यस लोकमा छाडेर भगवान्‌को परम पद प्राप्त गरे ॥७॥

सूतजी भन्दछन्—

हे साधुश्रेष्ठ शौनकजी ! मैत्रेयजीको मुखबाट आदिराज पृथुको सम्पूर्ण गुणले सम्पन्न औ गुणी-हरूद्वारा प्रशंसा गरिएका विशाल यशको वर्णन सुनेपछि परम भागवत विदुरले उहाँको (मैत्रेयको) प्रशंसा गर्दै भने ॥८॥

विदुरले भने—

महाराज पृथुले ब्राह्मणहरूद्वारा राज्याभिषेक हुने समयमा नै समस्त देवताहरूबाट उपहार प्राप्त गरेका थिए औ आफ्नो बाहुलीमा वैष्णव तेज धारण गरेर पृथ्वीको दोहन गरेथे ॥९॥ आजसम्म उनै पृथुको पराक्रमको उच्छिष्टरूप विषयभोगले अर्थात् गोरूप पृथ्वीबाट दुहेको पदार्थले सबै राजा, लोकपाल एवं तीनै लोक इच्छानुसार जीवन-निर्व्वाह गरिराखेका छन्। यस्ता महाराजको पवित्र कीर्ति कुन समझदार मानिसले सुन्न इच्छा गरोइन, तसर्थ मलाई उनको पवित्र चरित्रको अझ अरूवर्णन गर्नोस् ॥१०॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! गङ्गा औ यमुनाको मध्यवर्ती देशमा महाराज पृथुको निवासस्थान थियो। पूर्वजन्ममा गरेका पुण्यकर्मको क्षय गर्ने इच्छाले नै उनी यहाँ बसेर प्रारब्धले भेटिएका विषय-भोगको भोग गर्न लागे ॥११॥ ब्राह्मण-वंश औ भगवानका कुटुम्बी विष्णुभक्तहरूबाहेक सातै द्वीपका सबै मानिसमाथि उनी एक्लै निष्कण्टक शासन गर्दथे ॥१२॥ हे साधुश्रेष्ठ ! केही काल बितेपछि उनले एकचोटि एउटा महायज्ञको अनुष्ठान (आरम्भ) गरे। यस यज्ञमा देवता, ब्रह्मर्षि औ राजर्षिहरूको बडो ठूलो समाज एकत्रित भयो ॥१३॥ त्यस समाजमा पूजनीय अतिथिहरूको यथायोग्य सत्कार गरिसकेपछि महाराज पृथु त्यस सभाको बीचमा, तारागणको बीचमा उदाएका चन्द्रमा झैं उठेर खडा भए ॥१४॥ उनको शरीर अग्लो थियो, दुबै बाहुली पुष्ट औ लामा थिए, शरीरको रंग गोरो थियो, आँखा कमलसमानका ठूला औ राता थिए, नाक औ मुख खूब राम्रा थिए, स्वरूप अति सौम्य, कांध माथि उठेको औ दाँतको पङ्क्ति बडो राम्रो थियो, मुसुक्क हाँस्ता यी दाँत झन् राम्रा देखिन्थे ॥१५॥ छाती च्याप्टो, कम्मरको पछाडिभाग स्थूल औ पेट त्रिवलीको रेखाले एवं पीपलको पातसमान माथि च्याप्टो तल खुम्चिएकोले बडो राम्रो देखिन्थ्यो। नाइटो पानीको भुँवरी जस्तै गहिरो, शरीर तेजस्वी, तिघ्रा सुनसमान टल्कने औ दुबै चरणको अग्रभाग अलि उठेको थियो ॥१६॥ केश मसिनो, घुँग्रिएको, कालो औ चिल्लो थियो, घाँटी शङ्खको जस्तो आकार भएको थियो। धेरै मोल पर्ने एउटा उत्तम धोती पहिरेका औ त्यस्तै एउटा चद्दर ओढेका थिए ॥१७॥ यज्ञको दीक्षा लिएकोले नियमानुसार जम्मै गहना झिकेको भए तापनि उनको शरीरको शोभा स्वाभाविक रूपमा स्पष्टै देखिन्थ्यो। शरीरमा कृष्ण मृगचर्म औ हातमा कुश धारण गरेकोले उनको शरीरको कान्ति झन् बढिराखेको थियो। यिनले आफ्नो

जन्मै नित्यकृत्य गरिसकेका थिए ॥१८॥ यिनका आँखाका नानी सन्तापलाई हर्ने औ स्नेहयुक्त थिए। यिनले उठेर एकचोटि सबैतिर आफ्नो नजर दौडाएर अनि सभालाई प्रसन्न गर्दै भाषण शुरू गरे ॥१९॥ यिनको भाषण सुन्दा मीठो लाग्ने, विचित्र पदले युक्त भएको, राम्रो, शुद्ध, गम्भीर अर्थले भरिपूर्ण भएको औ स्पष्ट थियो। सबैको उपकारको निम्तिमा नै आफ्नो अनुभव प्रकट गरिरहेका हुन् कि जस्तो मालूम हुन्थ्यो ॥२०॥

राजा पृथुले भने—

हे सभ्य महाशय हो ! भगवान्ले तपाईंहरूको कल्याण गरून्। यहाँ पाल्नुभएका महानुभावहरूले मेरो प्रार्थना सुन्ने कृपा गर्नोस् किनकि साधु महात्माको अगाडि आफ्नो मनको कुरा प्रकट गर्नु धर्म जान्न इच्छा भएका पुरुषको प्रधान कर्तव्य हो ॥२१॥ मलाई प्रजाहरूको शासन, उनको रक्षा तथा आजीविकाको प्रबन्ध एवं वर्णाश्रमको धर्मअनुसार उनलाई पृथक् पृथक् मार्गमा चलाउनको निम्ति ऋषिहरूले राजा बनाएका छन् ॥२२॥ प्रजाको राम्रोसँग पालना गर्नाले मलाई समस्त कामनालाई पूर्ण गर्ने ती लोकको प्राप्ति हुनुपर्दछ जुन लोक कि वेदवादी मुनिहरूको मतानुसार सम्पूर्ण कर्मका साक्षी श्रीहरि प्रसन्न हुँदा प्राप्त हुन्छन् ॥२३॥ प्रजालाई धर्ममार्गको शिक्षा नदिएर उनबाट केवल कर असूल गर्नमा लाग्ने राजा प्रजाको पापको भागी औ आफ्नो ऐश्वर्य्यबाट भ्रष्ट हुन्छ ॥ २४ ॥ अतः हे मेरा प्यारा प्रजा हो ! आफ्नो यो राजाको परलोकमा हित गर्नालाई परस्परको द्वेष, ईर्ष्या छाडेर विष्णु भगवान्मा चित्त लगाएर आफ्नो आफ्नो कर्तव्यको पालन गर। यसो गर्‍यौभने मेराउपर तिमीहरूको ठूलो अनुग्रह हुनेछ ॥२५॥ हे निर्मल स्वभावका देवता, पितृगण औ महर्षि हो ! तपाईंहरूसमेत मेरो यस प्रार्थनाको अनुमोदन गर्नोस्। यसो गर्नाले तपाईंहरू पनि पुण्यका भागी हुनुहुनेछ किनकि जस्तै कर्म भए तापनि मरेपछि त्यसको कर्ता, शिक्षा दिने र समर्थन गर्ने यी तीनैले त्यस कर्मको समान फल पाउँछन् ॥२६॥

हे मान्यवर हो ! श्रेष्ठ महानुभावहरूको मतमा ता कर्मको फल दिने भगवान् यज्ञपति नै हुन् किनकि यस लोक औ परलोक दुवैमा कुनै कुनै स्थान बडा तेजिला देखिन्छन् ॥२७॥ यदु, उत्तानपाद, महाराज ध्रुव, राजर्षि प्रियव्रत, मेरा बाजे अङ्ग तथा ब्रह्मा, शिव, प्रह्लाद, बलि औ यसै कोटिका अरू अरू महापुरुषहरूका मतमा समस्त कार्यको फल दिने विष्णु भगवान् नै ठहरिएका छन् ॥२८-२९॥ यस विषयमा ता केवल मृत्युको नाति वेन आदि गरिएका कुनै कुनै शोचनीय औ अधार्मिकहरूको मात्र मतभेद छ। यीबाहेक अरू सबैको मतमा धर्म, अर्थ, काम तथा स्वर्ग र मोक्ष दिने एक मात्र श्रीहरि नै हुन् ॥३०॥ यिनै भगवान्को चरणकमलको सेवाको इच्छाले नित्यप्रति बढेर, उहींको चरण-नखबाट निस्केकी गङ्गाले झैं, अनेक जन्मदेखि जम्मा भइराखेको तपस्वीहरूको हृदयको विकारलाई झट्टै नष्ट गरिदिन्छ ॥३१॥ उहाँको चरणकमलको आश्रय लिने पुरुषको मनको मल पखालिएर जान्छ

औ वैराग्यद्वारा तत्त्वसाक्षात्काररूप बल पाएर त्यसले फेरि यस दुःखमय संसारको चक्रमा पर्नुपदन ॥ ३२ ॥ हामीले आफ्नो अधिकार-अनुसार कर्मको फल अवश्य पाउनेछौं भन्ने निश्चय गरेर, जसका चरणकमलले सब प्रकारका कामना पूर्ण गर्न सक्तछन् त्यस्ता प्रभुको, हृदयमा कुनै प्रकारको कपट नराखेर अध्यापन आदि वर्ण औ आश्रमअनुसारको आफ्नो जीविका चलाउने वृत्ति ग्रहण गरी तथा ध्यान, स्तुति, पूजादि मानसिक, वाचिक एवं शारीरिक काम-द्वारा तपाईंहरूले भजन गर्नुपर्दछ ॥३३॥

निर्गुण भगवान् स्वरूपतः विशुद्ध विज्ञानघन हुनुहुन्छ तापनि यव आदि नानाप्रकारका द्रव्य, सत्वादि गुण, अवघात आदि क्रिया, एवं मन्त्र-हरूद्वारा पूजित भएमा अर्थ (यज्ञको सामग्री) आशय (मनको भाव), लिङ्ग (पदार्थको शक्ति) तथा ज्योतिष्टोमादि नामको भेदले यस कर्ममार्गमा अनेक विशेषणले युक्त भईकन यज्ञरूपले प्रकाशित हुनुहुन्छ ॥३४॥ जस्तै अग्नि एउटै भए तापनि भिन्न भिन्न काठमा उसकै आकारअनुसार देखिन्छ त्यसै गरी यी सर्वव्यापक प्रभु परमानन्द स्वरूप भएर पनि प्रकृति, काल, वासना, शोक, मोहादिको संग्रहरूप यस शरीरमा विषयाकार बुद्धिको नियामकरूपले स्थित भएर यज्ञयागादि क्रियाको फलरूपले नाना प्रकारको देखिनुहुन्छ ॥३५॥ अहो ! यस पृथ्वीतलमा मेरा जुन प्रजाले यज्ञभोक्ता देवताहरूका अधीश्वर, सर्वगुरु श्रीहरिको आफ्नो आफ्नो वर्ण औ आश्रमको धर्मद्वारा एकनिष्ठभावले निरन्तर पूजन गर्दछन्, तिनले मेरा उपर ठूलो कृपा गर्दछन् ॥३६॥ सहन-शीलता, तपस्या, ज्ञान यी विशिष्ट विभूतिले गर्दा विष्णु भगवान्लाई आफ्नो इष्टदेव मान्ने ब्राह्मण र वैष्णवको वंश स्वभावतः उज्ज्वल हुन्छ । यिनीहरूमाथि राजकुलको तेजले, धन ऐश्वर्य्य आदि समृद्धिले गर्दा आफ्नो प्रभाव पार्न नपाओस् भन्ने मेरो प्रार्थना छ ।३७॥ हाम्रो ता के कुरा ब्रह्मादि महान् पुरुषका समेत परम पूजनीय, ब्राह्मणभक्त, पुराण पुरुष श्रीहरिले समेत निरन्तर यिनै ब्राह्मणको चरणकमलको वन्दना गरेर नै कहिले पनि दूर नहुने लक्ष्मी औ संसारलाई पवित्र गर्ने कीर्ति पाउनुभएको हो ॥३८॥ सबैको अन्तः करणमा रहने, ब्राह्मण-प्रिय एवं स्वयं प्रकाशमान श्रीहरि ब्राह्मणहरूको सेवा गर्नाले अत्यन्त प्रसन्न हुनुहुन्छ, यसैकारण श्रीहरिको लोकसंग्रहरूप धर्मको आचरण गर्ने तपाईं हरूले विनयपूर्व्वक सब प्रकारले ब्राह्मण-कुलको सेवा गर्नुपर्दछ ॥ ३९ ॥ ब्राह्मणकुलको नित्यप्रति सेवा गर्नाले मानिसको चित्त भट्टै शुद्ध भइहाल्दछ औ स्वयं अर्थात् ज्ञानादिको अभ्यास नगरीकन नै उसले मोक्षरूप परम शान्ति पाउँछ । यी ब्राह्मणबाहेक आफ्नो आफ्नो आहुति ग्रहण गर्नको निम्ति देवताहरूको अर्को कुन मुख होला त ? ॥४०॥ सम्पूर्ण उपनिषद् ज्ञाना-नन्दस्वरूप भनेर एक स्वरले जसको निरूपण गर्दछन् ती सबैका अन्तर्यामी, अनन्त हरिको समेत ब्राह्मण-मुखमा नै तृप्ति हुन्छ । तत्त्वज्ञानी पण्डितहरू पूजनीय इन्द्रादि देवताको नाम लिएर श्रद्धापूर्व्वक ब्राह्मण-मुखमा जुन पदार्थको हवन गर्दछन् त्यसलाई हरिले जत्तिको चाख मानेर ग्रहण गर्नुहुन्छ त्यत्तिको ता चेतनाशून्य अग्निमा

होम गरेको पदार्थलाई गर्नुहुन्न ।।४१।। जसरी स्वच्छ ऐनामा प्रतिविम्ब देखिन्छ त्यसै गरी जसबाट यो सम्पूर्ण प्रपञ्च (विश्व) को ठीक ठीक ज्ञान हुन्छ त्यै नित्य, शुद्ध, सनातन वेदलाई परमार्थ वस्तु जान्नाका लागि श्रद्धा, तप, मङ्गल-मय आचरण (खराब काम छाडेर असल काम गर्नु), मौन (अध्ययनविरोधी वार्तालापको त्याग), संयम (इन्द्रियहरूको दमन) एवं समाधि (चित्तको स्थिरता) द्वारा जो धारणा गर्दछन्, हे आर्यगण ! तिनै ब्राह्मणको चरण-कमलको धूलोलाई आयुपर्य्यन्त म आफ्नो मुकुटमा धारण गरूँ किनकि ब्राह्मणको चरणरजलाई सदा शिरमा धारण गर्ने पुरुषको सारा पाप तत्काल नष्ट भएर जान्छ औ सम्पूर्ण गुणले उसको सेवा गर्न थाल्दछन् ।।४२-४३।। गुणवान्, शीलसम्पन्न, कृतज्ञ औ गुरुजनको सेवा गर्ने त्यो पुरुषकहां समस्त सम्पत्तिहरू स्वयं आफैं आउँछन् । ब्राह्मणकुल, गोवंश औ भक्तहरूको सहित विष्णु भगवान् मेराउपर प्रसन्न रहनुहोस् भन्ने मेरो यै एक मात्र अभिलाषा छ ।।४४।।

मैत्रेयजी भन्नुहुन्छ—

महाराज पृथुले यस प्रकारसग भनेपछि देवता, पितृहरू औ ब्राह्मण आदि समस्त साधु-जन बडो प्रसन्न भएर "धन्य, धन्य" भन्दै उनको प्रशंसा गर्न लागे ।।४५।। पुत्रद्वारा पितालाई पुण्यलोकको प्राप्ति हुन्छ भन्ने श्रुतिको कथन साँचो हो, किनकि पापी वेन ब्राह्मणको श्रापले मारिएको भए तापनि अहिले छोरा पृथुको पुण्य-बलले उसको नरकबाट निस्तार भएको छ ।।४६।। यसै गरी हिरण्यकशिपु पनि भगवान्को निन्दा गरेकोले नरकमा खस्नै आँटेको थियो तर आफ्नो छोरा प्रह्लादको प्रभावले त्यस-लाई पार गरिदियो ।।४७।। हे बीरवर पृथुजी ! तपाईं ता पृथ्वीका पिता हुनुहुन्छ औ सम्पूर्ण लोकका एक मात्र स्वामी श्रीहरिमा तपाईंको यस्तो प्रौढ भक्ति छ. यसकारण तपाईं अनन्त वर्षसम्म बाँचिरहनुहोस् ।।४८।। पवित्र कीर्ति भएका हे महाराज ! हाम्रो यो बडो सौभाग्य हो कि तपाईं ब्राह्मणभक्त, उत्तमश्लोक शिरोमणि श्रीहरिको कथाको प्रचार गर्न लाग्नुभएको छ । आज तपाईं जस्ता मालिक पाउनाले हामी श्रीभगवान्लाई नै स्वामीको रूपमा पाएको विचार गर्दछौं ।।४९।। हे नाथ ! आफ्ना आश्रितहरूलाई तपाईंले यस्तो उत्तम उपदेश दिनुभएकोमा केही आश्चर्य्यको कुरो छैन किनकि आफ्नो प्रजामाथि प्रेम गर्नु ता दयालु महापुरुषहरूको स्वभावै हो ।।५०।। हे प्रभो ! हामीहरू दैव नामक प्रारब्धले गर्दा विवेकहीन भएर संसाररूपी वनमा भड्किराखेका थियौं, तपाईंले आज हामीलाई यो अज्ञानरूपी अन्धकारबाट पार लगाइदिनु-भयो ।।५१।। तपाईं शुद्ध, सत्वमय परम पुरुष हुनुहुन्छ । ब्राह्मण जातिमा प्रवेश गरेर क्षत्रिय-हरूको र क्षत्रिय जातिमा प्रवेश गरेर ब्राह्मण-हरूको तथा दुवै जातिद्वारा प्रतिष्ठित भई आफ्नो तेजले समस्त जगत्को रक्षा गर्नुहुन्छ । यस्ता तपाईंलाई हामी नमस्कार गर्दछौं ।।५२।।

अध्याय–२२

महाराज पृथुलाई महर्षि सनत्कुमार ज्ञानको उपदेश गर्दछन् ।

मैत्रेयजी भन्नुहुन्छ—

प्रजाहरूले परम पराक्रमी महाराज पृथुको यस प्रकारसँग स्तुति गरिरहेको वेलामा त्यहाँ सूर्यसमानका तेजस्वी चार जना मुनिहरू आए ॥१॥ राजा औ उनका अनुचरहरूले यी सिद्धेश्वरहरूलाई आकाशबाट ओर्लेर आइराखेका देखे। सम्पूर्ण लोकलाई पापहीन गराउने आफ्नो तेजले यिनीहरू चिह्निएका थिए ॥२॥ उनीहरूलाई देख्नासाथ महाराज पृथु सभासद् एवं सेवकहरूको साथसाथै उठ्नुभयो। जसरी जीव इन्द्रियहरूको विषयतिर लोभिएर जान्छ त्यसै गरी राजाको प्राण पनि मुनिहरू तिर जान हत्पताइराखेको थियो । शायद यसलाई रोक्नाको निम्तिमा नै उहाँ उठ्नुभएको हो ॥३॥ यी मुनिहरूले अर्घ्य स्वीकार गरी आसनमा बसेपछि शिष्टसम्राट्ले, उनीहरूको गौरवले प्रभावित भएकोले विनयपूर्व्वक घाँटी निहुराएर विधिपूर्व्वक उनको पूजा गरे ॥४॥ यसपछि राजाले उनको चरणोदक आफ्ना कपालका रउँमा (जुटिकामा) छर्के, यस प्रकारसँग शिष्ट जनले गर्ने आचरणको अनुकरण गरेर उनले सबै सत्पुरुषले यस्तै व्यवहार गर्नुपर्दछ भन्ने कुरा देखाए ॥५॥ साक्षात् भगवान् शङ्करका दाजु पर्ने यी सनकादि मुनीश्वरहरू सुनको सिंहासनमा बस्ता आफ्नो आफ्नो स्थानमा अग्नि-देवता सुशोभित भए झैं सुशोभित भए । महाराज पृथुले बडो श्रद्धा औ संकाचसँग उनलाई प्रेमपूर्व्वक भने ॥६॥

पृथुले भने—

हे मङ्गलमूर्ति मुनि हो ! तपाईंहरूको दर्शन ता योगीहरूलाई समेत दुर्लभ हुन्छ, मैले यस्तो कुन पुण्यकर्म गरेछु कि तपाईंहरूले स्वयं आउने कृपा गर्नुभयो ॥७॥ जसमाथि ब्राह्मण अथवा अनुचरसहितका श्रीशङ्कर या विष्णु भगवान् प्रसन्न हुन्छन् , तिनको निम्ति यस लोक अथवा परलोकमा कुन कुरा दुर्लभ हुन्छ ॥८॥ समस्त विषय एवं पदार्थका साक्षी आत्मालाई जसरी दृश्य पदार्थले देख्न सक्तैन त्यसै गरी समस्त लोकमा विचरण गर्नेभए तापनि साधारण पुरुषले तपाईंहरूलाई देख्न सक्तैनन् ॥९॥ जसको घरमा तपाईंहरूसमानका पूज्य पुरुष जल, कुशाशन, पृथ्वी, गृहस्वामी अथवा सेवकद्वारा सत्कार पाउँछन् ती गृहस्थ धनहीन भए तापनि बडा भाग्यशाली हुन् ॥१०॥ जसको घरमा भगवद्भक्तको परम पवित्र चरणोदकको छिटा पर्दैन त्यो सब प्रकारको सम्पत्तिले भरिपूर्ण भए तापनि सर्पले वास गर्ने रूखसमान हो ॥११॥ हे मुनीश्वर हो ! तपाईंहरूको यहाँ आगमन हुनु बडो खुशियालीको कुरो हो, तपाईं सबैलाई स्वागत छ । तपाईंहरूले ता बाल्यावस्थादेखि नै मुमुक्षुहरूको मार्गको अनुसरण गरेर एकाग्र चित्तले ब्रह्मचर्य्यादि ठूला ठूला व्रत बडो श्रद्धासँग धारण गरिराख्नुभएको छ ॥१२॥ हे नाथ ! हामीहरू ता आफ्नो कर्मको अधीन भई सम्पूर्ण कष्टको क्षेत्ररूप यस संसारमा परेर केवल इन्द्रियसम्बन्धी भोगलाई नै परम

पुरुषार्थ मानिरहेका छौं, हाम्रो कल्याण हुने कुनै उपाय छ कि ? ॥१३॥ निरन्तर आत्मामा रमण गर्ने हुनाले तपाईंहरूसित कुशल-प्रश्न गर्नु मुनासिब पर्दैन किनकि कुशल-अकुशलरूप बुद्धिको वृत्ति ता तपाईंहरूमा छँदैछैन अर्थात् यो इष्ट हो यो अनिष्ट हो भन्ने भेदबुद्धि छैन ॥१४॥ संसारको क्लेशले सन्तप्त-हृदय भएका मानिसका लागि तपाईंहरू परम मित्र हुनुहुन्छ भन्ने कुरामा हामीलाई पूर्ण विश्वास छ तसर्थ यस संसारमा कसरी मानिसको सजिलैसित कल्याण हुनसक्तछ सो कुरा तपाईंसित सोध्न चाहन्छु ॥१५॥ आत्मज्ञानीहरूका अन्तरात्मारूप श्रीभगवान् अजन्मा भए तापनि आफ्ना भक्तहरूमाथि कृपा गर्नालाई सिद्धहरूको रूप लिएर यस पृथ्वीमा विचरण गर्नुहुन्छ अर्थात् तपाईंहरू साक्षात् भगवान्का अवतार हुनुहुन्छ भन्ने कुरा स्पष्टै छ ॥१६॥

मैत्रेयजी भन्नुहुन्छ—

राजा पृथुका यी सुन्दर, सारयुक्त, गम्भीर, परिमित, मीठो वचन सुन्दा सनत्कुमार बडो प्रसन्न भए अनि मुसुक्क हांसेर भन्न लागे॥१७॥

सनत्कुमारले भने—

हे महाराज ! सब कुरा थाहा पाएको भए तापनि सम्पूर्ण प्राणीको कल्याण होस् भन्ने मनसायले तपाईंले यो बडो राम्रो कुरा सोध्नुभयो । ठीक हो, साधु पुरुषको यस्तै बुद्धि हुन्छ ॥१८॥ साधुहरूसितको समागम श्रोता औ वक्ता दुवैका लागि कल्याणकारी हुन्छ किनकि यिनीहरूको प्रश्न औ उत्तर दुवैले सबैको कल्याण गर्दछन् ॥१९॥ हे राजन् ! श्रीमधुसूदन भगवान्को चरणकमलको गुणानुवादमा अवश्यै तपाईंको दृढभक्ति छ । यस्तो भक्ति पाउनु बडो दुर्लभ छ । प्राप्त भएको खण्डमा यस भक्तिले अवश्यै मनभित्र रहने राग-द्वेषादि वासनारूपी मयललाई नष्ट गरिदिन्छ ॥२०॥ सम्पूर्ण शास्त्रमा राम्रोसंग विचार गरेर पुरुषको कल्याणको निम्ति दुई साधन निर्णय गरिएको छ, एक ता आत्मादेखि भिन्न जो मिथ्या शरीरादि छन् तिनीप्रति वैराग्य औ अर्को आफ्नो आत्मस्वरूप निर्गुण ब्रह्ममा दृढ अनुराग ॥२१॥ गुरु औ शास्त्रको वचनमा विश्वास राख्नाले, भगवद्धर्मको आचरण गर्नाले, तत्त्व-जिज्ञासाले, ज्ञानयोगको निष्ठाले, योगेश्वर श्रीहरिको उपासनाले, रोज रोज पुण्यकीर्ति श्रीभगवान्का परम पवित्र कथा सुन्नाले, धन औ इन्द्रियका विषयमा सुख मान्नेहरूको समाजमा प्रेम नराख्नाले, उनीहरूलाई निकोलाग्ने पदार्थहरूको (अर्थ,काम) आसक्तिपूर्वक संग्रह नगर्नाले, भगवद्गुणामृतको पान गर्ने लागेको वेला बाहेक अरू वेलामा आत्मामा नै सन्तुष्ट रहेर एकान्त ठाउँमा बस्ने रुचिले, कुनै जीवलाई कष्ट नदिनाले, परमहंसवृत्तिको आचरण अर्थात् शान्तिप्रधान स्वभावले, भगवान्को स्मरण राख्नाले, भगवान्का गुणानुवादरूप उत्तम अमृतको पान गर्नाले, निष्काम भावले अर्थात् कुनै प्रकारको इच्छा नराखेर यम-नियमको पालना गर्नाले, कहिले पनि कसैको निन्दा नगर्नाले, आफ्नो मङ्गल होस् भन्ने इच्छा लिएर कुनै काम नगर्नाले अर्थात् मङ्गल औ अमङ्गललाई एकनास देख्नाले, सर्दी-गर्मी अर्थात् प्रकृतिका परस्पर विरोधी नियमलाई सहने बानी गर्नाले, भक्तहरूको कानलाई आराम दिने

श्रीहरिका गुणको वारंवार वर्णन गर्नाले बढि-राखेको ईश्वरप्रतिको भक्तिको प्रभावले मानिस-लाई कार्य-कारणरूप सम्पूर्ण जड प्रपञ्चदेखि वैराग्य हुन जान्छ औ आत्मस्वरूप निगुण पर-ब्रह्ममा सजिलैसित उसको प्रीति हुन्छ ॥२२-२५॥ परब्रह्ममा सुदृढ प्रीति भएपछि गुरुभक्त त्यो पुरुषको ज्ञान औ वैराग्यको प्रबल वेगले गर्दा अविद्यादि पांच प्रकारका क्लेशले युक्त भएको अहङ्कारात्मक लिङ्गशरीर वासनाशून्य भएर जान्छ, अनि तत्त्वज्ञानको उदय हुन्छ र यस तत्त्वज्ञानले आफ्नो आश्रयभूत लिङ्गशरीरलाई ठीक त्यसै गरी भस्म गरिदिन्छ जसरी कि बल्दो आगोले आफ्नो उत्पत्तिस्थान जुन काठ हो त्यसलाई जलाएर भस्म पारिदिन्छ अर्थात् त्यो-देखि रहित हुन्छ ॥२६॥ यसप्रकारसँग लिङ्ग-देहको नाश भएपछि सम्पूर्ण कर्मबन्धनबाट मुक्त भएको त्यो पुरुष जसरी स्वप्नावस्थामा देखिएका पदार्थ ब्युँझेपछि देखिन्नन् त्यसै गरी शरीरबाहिर देखिने घटपटादि औ भित्र अनुभव हुने सुखदुःखादिलाई पनि देख्न छाड्दछ। यस स्थितिमा पुग्नुको अगाडि यी पदार्थहरू जीवात्मा औ परमात्माको बीचमा रहेर उनमा भेद गर्दथे। सारांश के भयोभने मोहरूपी निद्रा गएपछि यो संसार स्वप्नाको विषय जस्तै मिथ्या मालूम हुन्छ ॥२७॥

उपाधिस्वरूप अन्तःकरण अर्थात् लिङ्ग-शरीर रहेसम्म पुरुषलाई आत्मा, इन्द्रियको विषय औ यी दुवैको सम्बन्ध गराउने अहङ्कारको अनुभव हुन्छ, यसपछि ता हुँदैन ॥२८॥ बाह्य जगत्मा समेत यसको प्रमाण देखिन्छ। जल ऐना इत्यादि निमित्त रहेसम्म मात्र पुरुष आफ्नो मुखको प्रतिविम्ब र आफ्नो मुखमा अथवा सूर्य आदि अरू वस्तुको विम्बमा र प्रती बीम्बमा भेद देख्तछ। जल वा ऐना नभएमा ता यो भ्रम हुँदैन ॥२९॥ विषयको चिन्तामा लागिरहने व्यक्तिका इन्द्रियहरू विषयतिर आकृष्ट हुन्छन् र यी इन्द्रियले पछिबाट मनलाई समेत आफूतिर तान्दछन् अनि ता जसरी तलाउको किनारमा उम्रेका कुशादिहरू आफ्नो जराले त्यस तलाउको जल तानिरहन्छन् त्यसै गरी इन्द्रियासक्त मनले पनि चेतना अर्थात् बुद्धिको विचार-शक्तिलाई क्रमशः हरिदिन्छ ॥३०॥ विचारशक्ति नष्ट भए-पछि पूर्वापरको स्मृति रहँदैन औ स्मृति नाश भएपछि असल खराबको ज्ञान रहँदैन। यै ज्ञानको नाशलाई पण्डितहरू "आफ्नो आत्माको नाश भएको" भन्दछन् ॥३१॥ आत्माको उन्नति नै मानिसको स्वार्थ हो। आत्माद्वारा आत्माको नाश भएपछि ता योभन्दा ठूलो हानि अरू के हुन सक्तछ ? किनकि यै आत्माले नै सबै वस्तु प्रिय हुन्छन् अर्थात् आत्मालाई नै सुख होस भन्ने हेतुले नै मानिसले सबै काम गर्दछ ॥३२॥

धन औ इन्द्रियका विषयको चिन्तन गर्नाले मानिसका सबै पुरुषार्थ नष्ट भएर जान्छन्, किनकि यिनको चिन्ताले त्यसले ज्ञान औ विज्ञान यी दुवैदेखि भ्रष्ट भएर वृक्षादि स्थावर योनिमा जन्म लिन्छ ॥३३॥ तसर्थ अज्ञानरूप घोर अन्धकारलाई पार गरूँ भन्ने इच्छा भएकोले कहिले पनि विषयहरूको संगत नगरोस् किनकि यसले धर्म, अर्थ, काम र मोक्षको प्राप्तिमा ठूलो बाधा पार्दछ ॥३४॥ यी चार पुरुषार्थमा पनि

मोक्ष नै सर्वश्रेष्ठ मानिन्छ किनकि अरू तीन पुरुषार्थमा ता सदा कालको भय रहन्छन् ॥३५॥ प्रकृतिमा गुणक्षोभ भएपछि उत्तम, अधम जति पदार्थ उत्पन्न भएका छन् तिनमा कुनै पनि कुशलपूर्वक रहन सक्तैनन् किनकि उनको इच्छालाई सर्वसमर्थ कालले कुल्चि–रहन्छ ॥३६॥

अतः हे राजन् ! जुन भगवान् देह, इन्द्रिय प्राण, बुद्धि र अहङ्कारले ढाकिएका समस्त स्थावर जंगम प्राणीहरूको हृदयमा जीवको नियन्तारूपले सर्वत्र साक्षात् प्रकाशमान भइ–राखेका छन् तिनलाई तिमी " म उनै परमात्मा हुं " भनेर संझ ॥३७॥ जसरी मालामा सर्पको भ्रम ता हुन्छ तर विवेकको उदय भएपछि त्यो भ्रम मेटिएर जान्छ अर्थात् त्यसमा सर्पबुद्धि रहँदैन त्यसै गरी कार्यकारणरूप यो सम्पूर्ण प्रपञ्च विवेक भएपछि परमात्मामा मिथ्या मालूम हुन्छ, किनकि परमात्मा ता नित्य (सत्य), शुद्ध एवं बोधरूप (सदैवमुक्त) छन् , यसैकारण गुणमय कर्मले गर्दा मलिन भएको प्रकृति अर्थात् मायादेखि अलग छन्। म उनै निर्गुण, निराकार, ज्ञानस्वरूप भगवान्‌को शरणमा छु भन्ने भावना गर ॥३८॥ भक्त साधुजन ती परम पुरुषको चरणकमलको औंलाको कान्तिको ध्यान गर्नाले अहङ्काररूप यो हृदयको गाँठोलाई जत्तिको सजिलोसँग फुकाउन सक्तछन् त्यत्तिको सजिलो-सित ता सम्पूर्ण विषयदेखि आफ्नो मनलाई हटाएका एवं इन्द्रियको वेगलाई रोकेका योगी-हरूले समेत सक्तैनन् अर्थात् ज्ञानमार्गको अपेक्षा भक्तिमार्गले ईश्वरको प्राप्ति सजिलोसँग हुन्छ; तसर्थ तिमी पनि शरणागतको रक्षा गर्ने उनै वासुदेवको भजन गर ॥३९॥ मन औ इन्द्रियरूप छओटा ग्राहले भरिएको यस संसार-सागरलाई योगादि दुष्कर साधनद्वारा जो पार गर्न खोज्दछन् तिनलाई पार लाग्न बडोगाह्रो छ किनकि तिनले कर्णाधाररूप परमेश्वरको आश्रय लिएका छैनन्। अतः भगवान् हरिका पूजनीय चरणलाई डुङ्गा बनाएर सजिलैसित यो दुस्तर संसारसागरको पार भइजाऊ ॥४०॥

मैत्रेयजी भन्नुहुन्छ—

ब्रह्माका छोरा आत्मज्ञानी सनत्कुमारबाट यस किसिमको आत्मतत्त्वको उपदेश पाए-पछि महाराज पृथुले खूबसँग प्रशंसा गरी भने ॥४१॥

राजा पृथुले भने—

हे भगवन् ! दीनबन्धु हरिले यज्ञमा प्रकट भएर पहिले मेरा उपर जुन अनुग्रह गर्नुभएथ्यो अर्थात् सनत्कुमार तिमीलाई ज्ञानको उपदेश गर्न आउनेछन् भनेर जो भन्नुभएथ्यो त्यसैलाई पूर्ण गर्न हे ब्रह्मन् ! तपाईंहरू यहाँ पाल्नुभएको हो ॥४२॥ तपाईंहरू बडो दयालु हुनुहुन्छ, जुन कामको निम्ति यहाँ पाल्नुभएथ्यो त्यो काम राम्रो गरी पूर्ण गरिदिनुभयो तर अब यसको सट्टामा गुरुदक्षिणाको रूपले म के टक्र्याऊँ, किनकि यस शरीरको साथमा मसित जे जे छन् ती सबै मैले साधुहरूलाई समर्पण गरिसकेको छु, उहाँहरूले ग्रहण गरी प्रसादको रूपमा मलाई फर्काउनुभएको हो, मैले ता उहाँहरूको पुरा पो भोग गरिराखेको छु ॥४३॥ जसरी नोकरले मालिक-लाई उनैको चीज पान-सुपारी इत्यादि खाने

पदार्थ टक्र्याउँछ त्यसै गरी म पनि तपाईंहरूलाई हे ब्रह्मन् ! प्राण (शरीर), स्वास्नी, छोरा, सब प्रकारका सामग्रीले भरिएको घर, राज्य, पृथ्वी, सेना, ढुकुटी — यी सबै पदार्थ टक्र्याउँछु ।।४४।। वेदशास्त्रलाई राम्ररी बुझेका ब्राह्मणहरू नै वास्तवमा सेनापति, राजा, दण्डदिने (हाकिम) र सम्पूर्ण लोकको शासनको काम गर्न सक्तछन् ।।४५।। ब्राह्मणलाई कसले के देला ? सबै पदार्थ ता ब्राह्मणकै हुन्, उनीहरू ता आफ्नै वस्तु खान्छन्, आफ्नै लुगा लगाउछन्, आफ्नै वस्तु दान दिन्छन् । उनकै कृपाले क्षत्रिय आदि तीनै वर्ण खाने, पिउने गर्दछन् ।।४६।। वेदको पारगामी तपाईंहरूले आत्मतत्वको विचार गरेर भगवान्प्रति यस प्रकारको अभेद भक्ति नै उहाँलाई प्राप्त गर्ने प्रधान साधन हो भनेर निश्चित रूपले बुझाइदिनुभयो । तपाईंहरूको यस परम कृपाको बदलामा हामीले के सेवा गर्न सक्तछौं र ? आफूले गरेको यो दीनाद्धार रूप कर्मले नै सधैं सन्तुष्ट रहनोस् । हात जोर्नु बाहेक अरू कुन किसिमले कसैले यस उपकारको बदला दिन सक्ला ? (यसको निम्ति प्रयत्न गर्नु नै आफ्नो हँसी गराउनु हो) ।।४७।।

मैत्रेयजी भन्दछन्—

यसपछि आदिराज पृथुले आत्मज्ञानमा निरन्तर मनोवृत्ति लगाइरहने सनकादि मुनीश्वरहरूको पूजा गरे र उनीहरू पनि राजाको स्वभावको प्रशंसा गर्दै सबैले देख्तादेख्तै आकाशको बाटो गरी हिंडे ।। ४८ ।। यसपछि महात्माहरूमा अग्रगण्य महाराज पृथु उनीहरूले दिएको आत्मशिक्षाले चित्तलाई एकाग्र गरी आत्मानन्दको भोगमा सन्तुष्ट भएर आफूलाई कृतार्थ सम्झन लागे ।। ४९ ।। माहाराज पृथु देश, काल, समय, सामर्थ्य औ आफ्नो धनअनुसार उचित रीतिले शुभ कर्म गरेर ती कर्मको फल कृष्णार्पण गर्न लागे अर्थात् कामना-रहित भएर ईश्वर-पूजा आदि शुभ कर्म गर्न लागे ।।५०।। यस प्रकारसंग एकाग्र चित्तले समस्त कर्मको फल परमात्मालाई अर्पण गर्नाले तथा आत्मालाई कर्मको साक्षी एवं प्रकृतिदेखि फरक देख्नाले उनी सर्वथा निर्लिप्त भएर रहन लागे ।।५१।। जसरी सूर्यदेव सर्वत्र प्रकाश गरे तापनि वस्तुको गुण दोषदेखि फरक रहन्छन् त्यसै गरी महाराज पृथु पनि गृहस्थाश्रममा सार्वभौम साम्राज्य लक्ष्मीले सम्पन्न भए तापनि अहङ्कार शून्य हुनाले इन्द्रियहरूको विषयमा आसक्त भएनन् ।।५२।।

यस प्रकारसँग आत्मयोगको अभ्यास गरेर निष्काम एवं निरभिमान राजा पृथुले सम्पूर्ण सांसारिक कर्म गर्दागर्दैमा आफ्नो रानी अर्चिबाट आफूसमानका गुणवान् पाँच छोरा उत्पन्न गरे ।।५३।। विजिताश्व, धूम्रकेश, हर्यक्ष, द्रविण औ वृक यिनका नाम थिए । भगवान्का भक्त राजा पृथु जगत्को सृष्टिको रक्षाको निमित्त समय समयमा एक्लैले समस्त लोकपालहरूको गुण धारण गर्दथे । आफ्नो मन औ वाणीको मनोहर वृत्ति तथा सौम्य गुणद्वारा प्रजाको मनोरञ्जन गर्ने हुनाले अर्को चन्द्रमासमान यिनको राजा भन्ने नाम सार्थक भयो । जसरी सूर्य गर्मीमा पृथ्वीको जल तानेर फेरि वर्षाकालमा त्यसलाई पृथ्वीमा बर्साउँछन् औ आफ्नो किरणद्वारा

सबैलाई तपाउँछन् त्यसै गरी यिनी पनि कररूपले प्रजाको धन लिएर त्यसलाई दुष्कालादिको समयमा मुक्तहस्तले प्रजाको हितमा लगाइदिन्थे औ सबैमाथि आफ्नो प्रभाव जमाइराख्तथे ॥५४-५६॥ आफ्नो तेजले र दर्ा यिनी अग्निसमान दुर्धष, इन्द्रसमान अजेय, पृथ्वीसमान सहनशील औ स्वर्गसमान मानिसको समस्त कामना पूर्ण गर्दथे ॥५७॥ प्रजालाई तृप्त गर्न यिनी समय समयमा मेघले झैं उनीहरूले इच्छा गरेको पदार्थको यथेष्ट वर्षा गर्दथे। यति मात्र होइन समुद्र झैं गम्भीर औ बलमा पर्वतराज सुमेरु झैं डेग नचल्ने थिए ॥५८॥

महाराज पृथु दुष्टहरूको दमन गर्नामा यमराजसमान, आश्चर्य्यपूर्ण वस्तुको संग्रह गर्नामा हिमालयसमान, कुवेरसमान धनी औ वरुण झैं गुप्तधनले युक्त थिए ॥५९॥ शारीरिक बल, इन्द्रिय शक्ति, पराक्रममा सर्वत्र जान सक्ने वायु जस्ता थिए । भगवान् रुद्रको जस्तै यिनको तेज पनि असह्य थियो ॥६०॥ सुन्दरतामा कामदेव जस्ता, उत्साहमा सिंहसमान, मनु जत्तिकै प्रजावत्सल औ ब्रह्मा सदृश सबै प्रजाका प्रभु थिए ॥६१॥ ब्रह्मज्ञानमा वृहस्पतिसमान औ विष्णु भगवान् जत्तिकै जितेन्द्रिय थिए। गौ, ब्राह्मण, गुरुजन एवं भगवद्भक्तमाथिका भक्तिमा एवं लज्जा, विनय, शील, परोपकार आदि गुणमा आफूसमान अर्थात् अद्वितीय थिए ॥ ६२ ॥ जसरी भगवान् राम आफ्नो पुण्यमय कीर्तिद्वारा सत् पुरुषको कानमा प्रवेश गर्नु हुन्छ त्यसै गरी तीनै लोकमा अनेक पुरुषद्वारा उच्चस्वरले गाइएको आफ्नो कीर्तिद्वारा उहाँले (पृथुले) कुलकामिनीहरूको हृदयमा कानको बाटो गरी प्रवेश गर्नुभएथ्यो अर्थात् उहाँ र उहाँको कीर्ति तीनै लोकमा विख्यात थिए ॥६३॥

अध्याय–२३

राजा पृथुको तपस्या औ परलोक-गमन

मैत्रेयजी भन्नुहुन्छ—

आत्मज्ञानी तथा प्रजाको पालन गर्ने पृथुले स्वयमेव अन्नादि तथा पुरग्रामादि सृष्टिको व्यवस्था गरेर स्थावर जङ्गम समस्त प्राणीको जीविकाको निम्ति सुबिस्ता गरिदिए तथा सत्पुरुषलाई सुहाउने किसिमको धर्मको पनि राम्रोसँग पालना गरे। अकस्मात् उनले एक दिन यस्तो विचार गरे—"जुन कामको निम्ति मैले जन्म लिएथें त्यो प्रजारक्षणरूप ईश्वरको आज्ञाको पालन भइसक्यो । अब ता म बूढो भएँ अतः अब मैले अन्तिम पुरुषार्थ अर्थात् मोक्षको निम्ति प्रयत्न गर्नुपर्छ।" यस्तो मनमा लिएर आफ्नो विरहमा रोइरहेकी पुत्रीरूपा पृथ्वीको भार छोराहरूको जिम्मामा सुम्पी, विलाप गरिरहेका प्रजालाई चटक्क छाडेर आफ्नी रानीको साथमा एक्लै वनतिर हिंडिदिए ॥१-३॥ राजा पृथुले पहिले गृहस्थाश्रममा जसरी पृथ्वीलाई जित्नमा प्रयत्न

गरेथे त्यसै गरी अहिले यहाँ वनमा पनि वान-प्रस्थ–आश्रमको नियमानुसार कठोर तपस्या गर्नामा प्रवृत्त भए। यस समयमा कुनै विघ्नले पनि यिनलाई डगाउन सक्तैनथ्यो ॥४॥ केही दिन ता यिनले कन्दमूलको आहारा गरे, अलि दिन सुकेको पात खाएर बिताए, यसपछि कइएक पक्षसम्म केवल जल पिएर रहेर आखिरमा वायुले नै निर्वाह गर्न थाले। वीरवर पृथु मुनि-वृत्तिमा रहेर ग्रीष्म–ऋतुमा पञ्चाग्नि ताप्तथे, वर्षा-ऋतुमा खुला मैदानमा बसेर शरीरमा जलको धारा सहन्थे औ जाडोमा घाँटीसम्मको पानीमा उभिरहन्थे र नित्यप्रति भूईंमा नै शयन गर्दथे ॥५-६॥ यस प्रकारसँग श्रीकृष्णको आराधना गर्न इच्छाले यिनले शीतोष्णादि सबै प्रकारका द्वन्द्वलाई सहे तथा वाणी औ मनको संयम गरी ब्रह्मचर्य्य–व्रतको पालन गरेर प्राणलाई आफ्नो अधीनमा गराई बडो कठोर तपस्या गरे ॥७॥ यस प्रकारसँग क्रमशः परिपक्व भएको यस तपस्याको प्रभावले सबै कर्म–मल नष्ट-भएकाले उनको चित्त सर्वथा शुद्ध हुन गयो। प्राणायामद्वारा पाँच ज्ञानेन्द्रिय औ मन यी षड्-वर्गको काम बन्द हुन गएकोले उनको वासना-जनित बन्धन पनि काटियो ॥८॥ यसपछि भग-वान् सनत्कुमारले उनलाई जुन परम उत्तम अध्यात्मयोगको उपदेश दिएका थिए त्यही-अनुसार पुरुषश्रेष्ठ राजा पृथु पुरुषोत्तम भगवान्को उपासना गर्न लागे॥९॥ यस किसिमले भगवत्परा-यण भएर श्रद्धापूर्वक निरन्तर उपासना गर्दा-गर्दैमा साधुस्वभाव पृथुलाई ब्रह्मस्वरूप पर-मात्मामा अनन्य भक्ति उत्पन्न भयो ॥१०॥

भगवान्कोउपासनाले अन्तःकरण शुद्ध भएका ती महाराज पृथुलाई भगवच्चिन्तनको प्रभावले प्राप्त भएको यस अनन्य भक्तिले गर्दा वैराग्य-सहितको ज्ञान उत्पन्न भयो औ यस तीव्र ज्ञानद्वारा उनले जीवको उपाधिरूप अहङ्कार-लाई नष्ट गरिदिए—यै अहङ्कार नै सब प्रकारका संशय–विपर्ययको आश्रय हो ॥११॥ यसपछि देहात्मबुद्धिको निवृत्ति एवं आत्मज्ञानको प्राप्ति भएकोले उनले अणिमादि गरिएका सबै प्रकारका सिद्धिदेखि पनि उदासीन भएर त्यो तत्त्वज्ञानको निम्ति समेत प्रयत्न गर्न छाडिदिए, किनकि जबसम्म साधकलाई योगमार्गद्वारा श्रीकृष्णको कथामृतमा अनुराग हुँदैन तबसम्म केवल योग-साधनाले उसको विषयाशक्तिरूप प्रमाद हट्तैन अर्थात् सिद्धि आदि गरिएका तुच्छ पदार्थमा मन जाने हुनाले मोक्ष पाउँदैन॥१२॥यस प्रकारसँग वीर-श्रेष्ठ महाराज पृथुले आफ्नो चित्तलाई दृढतासंग परमात्मामा स्थिर गरी ब्रह्मरूपभए र अन्त्यकाल उपस्थित भएपछि आफ्नो शरीर त्यागिदिए॥१३॥ शरीर छाड्ने वेलामा यिनले दुवै कुरकुच्चाले गुद-द्वारथुने र प्राणवायुलाई बिस्तारै बिस्तारै माथि-तिर लगेर त्यसलाई क्रमशः नाभि, उदर, हृदय, वक्षःस्थल, कण्ठ औ मस्तकमा पुऱ्याई स्थापित गरे॥१४॥ फेरि प्राणवायुलाई झन् झन् माथि लगेर ब्रह्माण्डमा पुऱ्याएर रोकिदिए। यस बखतमा उनलाई कुनै प्रकारको सांसारिक भोगको लालसा थिएन। अनि यथास्थानमा विभाग गरेर प्राण-वायुलाई वायुमा, पार्थिव शरीरलाई पृथ्वीमा-शरीरको तेजलाई तेजमा, हृदयया।काशलाई महा-काशमा एवं शरीरको रुधिरादि जलीय अंशलाई

जलमा लीन गरिदिए । फेरि यसै गरी पृथ्वी-लाई जलमा, जललाई तेजमा, तेजलाई वायुमा र वायुलाई आकाशमा लीन गरे ॥१५-१६॥ फेरि मनलाई इन्द्रियहरूमा र इन्द्रियहरूलाई यिनका कारणरूप शब्दादि पञ्चतन्मात्रामा लीन गरे। फेरि तन्मात्राहरूलाई अहङ्कारद्वारा माथि उठाएर अहङ्कारसहित तिनलाई महत्तत्त्वमा स्थापित गरिदिए ॥१७॥ अनि सम्पूर्ण गुणको स्थान जुन महत्तत्त्व हो त्यसलाई मायामय जुन जीव हो त्यसमा लीन गरे । तदनन्तर त्यो मायारूप जीवका उपाधिलाई समेत ज्ञान औ वैराग्यको प्रभावले परम समर्थ महाराज पृथुले आफ्नो शुद्ध ब्रह्मस्वरूपमा स्थित भएर त्यागि-दिए ॥१८॥

महाराज पृथुको पत्नी अर्चि पनि उनीसँग वन गएकी थिइन्, उनी कस्ती सुकुमारी थिइन्भने पृथ्वीमा पैदल हिंड्नसम्म पनि उनलाई गाह्रो थियो ॥१९॥ यसो भए तापनि आफ्ना पतिले झैं व्रत औ नियमको पालना गर्दै यिनले उनको खूब सेवा टहल गरिन् र ऋषिहरूले झैं केवल कन्दमूलले जीवन निर्व्वाह गरेकोले ज्यादै दुब्ली भएकी थिइन् तापनि आफ्ना प्यारा पतिको करस्पर्शले सम्मानित हुँदा त्यसैमा आनन्द मान्ने हुनाले यिनलाई कुनै प्रकारको कष्ट हुँदैनथ्यो॥२०॥ पृथ्वीका स्वामी औ आफ्ना प्यारा महाराज पृथुको शरीरको चेतना आदि समस्त धर्म नष्ट भएको देख्ता ती सतीले केही बेर विलाप गरेर पर्वतको टाकुरामा एउटा चिता तय्यार पारिन् र त्यै चितामाथि त्यो शरीर राखिन् ॥२१॥ सती जाने वेलामा गर्नुपर्ने सबै कृत्य गरी यिनले नदीको जिलमा स्नान गरिन्, अनि परम पराक्रमी पतिलाई जलाञ्जलि दिई आकाशमा विमानमा बसिराखेका देवताहरूको वन्दना गरिन् तथा तीनचोटि चिताको परिक्रमा गरेर पतिको चरणको ध्यान गर्दै आगोमा प्रवेश गरिन् ॥२२॥ परम साध्वी अर्चिलाई यस प्रकारसँग आफ्ना पति वीरवर पृथुको अनुगमन गरेकी देख्ता वर दिनामा समर्थ भएका देवीहरू आफ्ना आफ्ना पतिहरूको साथमा उनको स्तुति गर्न लागे ॥२३॥ उनको स्वर्गारोहणको समयमा देवताहरूको बाजा बज्न लाग्यो। त्यो मन्दार पर्वतको शिखरमा जहाँ रानी सती गइथिन्, ती देवाङ्गनाहरू फूलको वर्षा गर्दै आपसमा यस्तो कुरा भन्न लागे ॥२४॥

देवीहरूले भने—

अहो ! यी स्त्री धन्य रहिछन् । जसरी लक्ष्मीले यज्ञेश्वर विष्णु भगवान्को सेवा गर्दछिन् त्यसै गरी यिनले पनि राजराजेश्वर पृथुको सेवा तन-मनले गरेकी हुन् ॥२५॥ हेर , मनले समेत चिताउन नसकिने दुष्कर कर्म गरेकी हुनाले यी सती हामीलाई नाघेर आफ्ना पतिको साथ अति उच्च लोकमा गइरहेकी छन् ॥२६॥ यस लोकमा केही दिनका जिन्दगानी भए तापनि जो व्यक्ति भगवान्को परम पद प्राप्त गराउने आत्मज्ञान प्राप्त गर्दछन् तिनको निम्ति संसारमा कुनचाहि पदार्थ दुर्लभ भयो त? ॥ २७ ॥ किन्तु जुन मानिस अनेक कष्ट भोगिसकेपछि आफ्नो पूर्वपुण्यको प्रभावले भूलोकमा मोक्षको साधन स्वरूप मनुष्य शरीर पाएर पनि विषयमा आसक्त रहन्छ त्यो आत्मघाती निश्चय भग-

वान्को मायाले ठगिएको हो ।।२८।।

मैत्रेयजी भन्नुहुन्छ—

देवाङ्गनाहरूले यस किसिमसँग स्तुति गरि रहेको समयमा महारानी अर्चि पतिलोकमा पुगिन् अर्थात् आत्मज्ञानीमध्येका श्रेष्ठ,भगवत्प्राण महाराज पृथु जुन लोकमा प्राप्त भएथे त्यै लोकमा यिनी पनि पुगिन् ।।२९।। हे विदुर ! परम भागवत् पृथु यस्तै प्रभावशाली थिए । मैले तिमीलाई ती उदारचरित्र राजाको समस्त चरित्र वर्णन गरेर सुनाइदिएँ ।।३०।। जो मानिस यस परम पवित्र चरित्रलाई श्रद्धापूर्वक एकाग्र-चित्तले पढ्ने, सुन्ने अथवा सुनाउने गर्दछ त्यसले पनि महाराज पृथुको पद अर्थात् भगवान्को परम धाम भेट्टाउँछ ।।३१।। यसलाई पाठ गर्नाले ब्राह्मण ब्रह्मतेज पाउँछ, क्षत्रिय पृथिवीपति हुन्छ, वैश्य व्यापारीहरूमा प्रधान बन्दछ औ शूद्रमा साधुता आउँछ ।।३२।। आइमाई अथवा लोग्नेमानिस जसले यसलाई आदरसँग तीनचोटि सुन्दछ त्यो सन्तानहीन भए पुत्रवान्, धनहीन भए महाधनी, कीर्ति प्रकट हुन नसकेको भए यशस्वी र मूर्ख भए पण्डित बन्दछ । यो चरित्र मनुष्य मात्रको कल्याण गर्ने औ सब प्रकारको अमङ्गललाई नष्ट गर्ने हो ।।३३-३४।। यसले धन, यश र आयुको बृद्धि गर्दछ, स्वर्गको प्राप्ति गराउँछ औ कलियुगको दोषलाई दूर गर्दछ । धर्मादि चतुवर्गको प्राप्तिमा यो ठूलो सहायक छ तसर्थ धर्म, अर्थ, काम, मोक्षलाई राम्रोसँग सिद्ध गर्न खोज्ने मानिसले श्रद्धापूर्व्वक यसको श्रवण गर्नुपर्दछ ।। ३५ ।। 'विजयप्राप्तिका लागि जान लागेको वेलामा जुन राजा यो सुनेर प्रस्थान गर्दछन् तिनको अगाडि जसरी राजाहरूले पृथु-लाई भेट चढाएथे त्यसै गरी स्वयं आएर भेट चढाउँछन् ।।३६।। अरू सब प्रकारको आसक्ति-लाई छाडेर मानिसले भगवान्मा निर्मल, निष्काम भक्ति-भाव राखेर महाराज पृथुको यो पवित्र चरित्र सुन्ने, सुनाउने र पढ्ने गनुपर्दछ ।।३७।। हे विदुरजी ! मैले भगवान्को माहात्म्य प्रकट गर्ने राजा पृथुको यो चरित्र वर्णन गरेर तिमी-लाई सुनाइदिएँ । यसमा प्रेम गर्ने व्यक्तिले पृथुको जस्तो पद पाउँछ ।।३८।। जो मानिस सब प्रकारको आसक्तिदेखि रहित भएर आदरपूर्वक नित्यप्रति यो पृथु-चरित्र श्रवण औ कीर्तन गर्ने गर्दछ त्यसको-जसका चरण संसार-सागर पार गर्नाका लागि डुङ्गासमान छन् त्यस्ता भग-वान्मा सुदृढ अनुराग हुन्छ ।।३९।

अध्याय-२४

पृथुको वंश-वर्णन, रुद्र र प्रचेता-हरूको समागम तथा रुद्रगीत ।

मैत्रेयजी भन्नुहुन्छ—

पृथु परमधाम गएपछि उनका छोरा परम यशस्वी विजिताश्व राजा भए । भाइहरूमाथि यिनको ठूलो स्नेह थियो, यसैले यिनले उनी-हरूलाई एक एक दिशाको भार सुम्पिदिए।।१।।

हर्यक्षलाई पूर्व दिशाको अधिकार दिए, धूम्रकेश-लाई दक्षिण दिशा सुम्पे, वृक नाम गरेको भाइलाई पश्चिम दिशा दिए औ द्रविणलाई चौथो अर्थात् उत्तर दिशाको मालिक बनाए।।२।। राजा विजिताश्वले इन्द्रबाट अन्तर्धान हुने शक्ति पाएका थिए, यसैकारण यिनलाई अन्तर्धान पनि भन्दथे। यिनले आफ्नी रानी शिखण्डिनीबाट तीनओटा सुपुत्र उत्पन्न गरे ।।३।। पावक, पवमान औ शुचि यिनीहरूको नाम थियो । पूर्वकालमा वशिष्ठजीको श्राप परेकोले उपर्युक्त नामका अग्निले नै यिनीहरूको रूपमा जन्म लिएका थिए । श्राप छुटेपछि योगमायाद्वारा यिनीहरूले फेरि अग्निरूप ग्रहण गरे ।।४।। बाबुको अश्वमेध-यज्ञको घोडा चोर्ने भन्ने थाहा पाएर पनि जसले इन्द्रको वध गरेनन् ती अन्तर्धानले नभस्वती नाम गरेकी अर्की रानीबाट हविर्धान नामक छोरो उत्पन्न गरे ।।५।। राजा अन्तर्धानले कर लिने, दण्डदिने, जरिवाना असूल गर्ने इत्यादि राजाको कामलाई अति कठोर सम्झेर एउटा दीर्घकालीन यज्ञमा दीक्षित हुने निहुँ गरेर आफ्नो राजकाज छोडिदिए ।।६।। यज्ञकर्ममा लागिराख्ताखेरि पनि यी आत्मज्ञानी राजाले अनेक प्रकारका सामग्रीले भक्तभयभञ्जन, पूर्ण, परमात्माको आराधना गरेर सुदृढ समाधिद्वारा भगवान्‌को वैकुण्ठधाम प्राप्त गरे ।।७।।

हे विदुर ! हविर्धानबाट उनकी स्त्री हवि-र्धानीले बर्हिषद्, गय, शुक्ल, कृष्ण, सत्य औ जितव्रत नाम गरेका छओटा छोरा जन्माइन् ।।८।। हे कुरुश्रेष्ठ विदुर ! यिनीहरूमा हविर्धानको जेठो छोरो महाभाग बर्हिषद् प्रजापति यज्ञादि कर्मकाण्ड औ योगाभ्यासमा कुशल थिए । यिनी एउटा यज्ञ सकिनासाथ त्यैनिर अर्को यज्ञ थालिहाल्दथे । यस प्रकारसंग लगातार यतिका यज्ञ गरे कि सम्पूर्ण पृथ्वी पूर्वपट्टि टुप्पो फर्का-एको कुशले टम्मै ढाकियो, यसैकारण प्राचीन-बर्हि भन्ने यिनको अर्को नाम पनि भयो ।।९-१०।। राजा प्राचीनबर्हिले देवदेव ब्रह्माजीको आज्ञाले समुद्रकी कन्या शतद्रुतिसित बिहे गरेका थिए । शतद्रुति यस्ती रूपवती थिइन् कि राम्रा राम्रा लुगा,गहना पहिरेर जब यिनी पाणिग्रहणको सम-यमा अग्निको प्रदक्षिणा गर्न लागेकी थिइन्, त्यस बखतमा किशोर अवस्थाकी ती कुमारीलाई देख्ता अग्निदेवको मनमा, उहिले सप्तर्षिहरूकी भार्या शुकीलाई देख्ता भए झैं विकार हुन गयो ।।११।। नवविवाहिता शतद्रुतिको पाउजेबको छम् छम् आवाज सुन्दा सम्पूर्ण दिशाका देवता,असुर,गन्धर्व, मुनि, सिद्ध, मनुष्य औ नाग यी सबै उनको वशमा परेका थिए ।।१२।। ती शतद्रुतिको गर्भबाट प्राचीनबर्हिका प्रचेता नामका दस छोरा जन्मे । यी धर्ममूर्ति प्रचेताहरूको एउटै नाम, एउटै किसिमको स्वभाव औ आचरण थियो ।।१३।। पिताले सन्तान उत्पन्न गर्ने आज्ञा दिंदा यिनी-हरूले तपस्या गर्न समुद्रमा प्रवेश गरे । यहाँ दस हजार वर्षसम्म तपस्यामा लागेर यिनीहरूले तपको फल दिने श्रीविष्णु भगवान्‌को आराधना गरिरहे ।।१४।। घरबाट तपस्या गर्न जाँदाखेरि बाटोमा श्रीमहादेवजीले उनीहरूलाई दर्शन दिएर कृपापूर्वक जुन साधनको उपदेश दिनुभएथ्यो त्यै-अनुसार ऐकाग्रता पूर्वक ध्यान, जप, पूजा गर्दै यिनीहरूले भगवान्‌को आराधना गर्न लागे ।।१५।।

विदुरले सोधे—

हे ब्रह्मन् ! प्रचेताहरूको श्रीमहादेवजीसित बाटोमा कसरी भेट भयो ? उनीहरूसित प्रसन्न भएर शङ्कर भगवान्ले कुन सारयुक्त कुरा भन्नुभएथ्यो सो सब कृपा गरी मलाई भन्नुहोस् ॥१६॥ हे ब्रह्मर्षे शिवजीसित देहधारीहरूको भेट हुनु ता बडोकठिनको कुरा हो। अरूको ता के कुरा मुनिहरूसमेत उहाँलाई पाउने इच्छाले सबै प्रकारको आसक्ति छाडेर निरन्तर ध्यान गरिरहन्छन् तैपनि ता दर्शन पाउन्नन् ॥१७॥ यी शङ्कर भगवान् आत्माराम भए तापनि यो लोकसृष्टिको रक्षाका लागि आफ्नो भयङ्कर शक्तिको साथमा सर्वत्र विचरण गर्दछन् ॥१८॥

मैत्रेयजी भन्नुहुन्छ—

साधुस्वभावका प्रचेताहरू आफ्ना पिताको आज्ञालाई शिरोपर गरी तपस्यापट्टि चित्त लगाएर पश्चिमतिर हिंडे ॥१९॥ जाँदाखेरि बाटोमा यिनीहरूले समुद्रसमानको एउटा बडेमानको तलाउ देखे। यसको जल महानुभावहरूको चित्त झैं सफा तथा त्यसमा रहने मत्स्यादि जीवहरू पनि प्रसन्न थिए ॥२०॥ यो तलाउ नीलो कमल, रातो कमल, रातमा दिनमा औ सायङ्कालमा फुल्ने कमल तथा इन्दिवर आदि अनेक किसिमका कमलले सुशोभित थियो। यसको तारमा हांस, सारस, चखेवा, कारण्डव आदि जलपक्षीहरू मीठो मीठो स्वर निकालिरहेका थिए ॥२१॥ यसको चारैतिर किसिम किसिमका रूख औ लहरा थिए, यिनमा मतवाला भ्रमराहरू भूं भूं गरिरहन्थे। यिनैको मीठो स्वर सुन्नाले किनाराका रूखहरू फुलेका होइमन् कि आनन्दले रउं ठाड ठाडा पारेका हुन् भन्ने भान पर्दथ्यो। कमलको माझमा भएको परागलाई हावाको झोंक्काले चारैतिर फिंजाइरहेकोले त्यहाँ कुनै उत्सव हुन लागेको हो कि भन्ने मालूम हुन्थ्यो ॥२२॥ त्यहाँ पखवाज, तवला आदि बाजाको साथसाथै अनेक दिव्य राग रागिनीले युक्त भएको गानाको मीठो स्वर सुन्दा ती राजकुमारहरूलाई बडो अचम्म लाग्यो ॥२३॥ यही अवसरमा तिनीहरूले देवाधिदेव भगवान् शङ्करलाई आफ्ना अनुचरहरूको साथमा तलाउबाट बाहिर निस्कन लागेको देखे। उहाँको शरीर खारेको सुन जस्तै टल्कन्थ्यो, घांटी नीलो थियो तथा तीनओटा आंखा थिए। अनेक गन्धर्वले उहाँको सुयश गाइराखेका थिए औ आफ्ना भक्तहरूमाथि अनुग्रह गर्न उद्यत देखिनुहुन्थ्यो। सहसा उहाँको दर्शन पाउँदा प्रचेताहरूलाई बडो अचम्म लाग्यो र यिनीहरूले शङ्करजीको चरणमा प्रणाम गरे॥२४-२५॥ तदनन्तरश रणागतभयहारी, धर्मप्रेमी, शङ्कर भगवान्ले आफ्नो दर्शनले प्रसन्न भएका ती धर्मज्ञ औ शीलसम्पन्न राजकुमारहरूलाई दङ्ग परेर भन्न लाग्नुभयो ॥२६॥

महादेवजीले भन्नुभयो—

तिमीहरू प्राचीनर्बाहिका छोरा हौ, तिम्रो कल्याण होस्, तिमीहरूले गर्न खोजेको कुरा पनि मलाई थाहा छ। यसै मौकामा तिमीहरूमाथि कृपा गर्न भनेर नै मैले यस प्रकारसँग दर्शन दिएको हुँ ॥२७॥ किनकि जो व्यक्ति अव्यक्त प्रकृति तथा जीवसंज्ञक पुरुष यी दुवैका नियामक साक्षात् भगवान् वासुदेवको शरणमा पर्दछ त्यो मेरो बडो प्यारो हुन्छ ॥२८॥ आफ्नो

वर्णाश्रमधर्मको राम्रोसँग पालना गर्ने पुरुष सय जन्मपछि ब्रह्माको पद पाउँछ, त्योभन्दा बर्ता पुण्य गर्नाले मेरो लोक याने शिवलोक भेट्टाउँछ तर जो व्यक्ति विष्णुभगवान्को अनन्य भक्त छ त्यो ता मर्नासाथ मायाको प्रपञ्चदेखि रहितभएको विष्णुपदमा प्राप्त हुन्छ, यस लोकमा म तथा अरू देवताहरू आफ्नो आफ्नो अधिकारको समाप्ति भएपछि पुग्नेछौं ॥२९॥ तिमीहरू ता भगवद्भक्त भएकोले भगवान् जत्तिकै मेरा प्यारा छौ, यसै गरी भगवान्का भक्तहरूलाई पनि मभन्दा बर्ता प्यारो अरू कोही हुँदैन ॥३०॥ अब म तिमीहरूलाई एउटा पवित्र, मङ्गलमय औ कल्याणकारी स्तोत्र सुनाउँछु। शुद्ध भावले तिमीहरूले यसको जप गर्नेगर्नु ॥३१॥

मैत्रेयजी भन्नुहुन्छ—

यसपछि नारायणपरायण, करुणार्द्रचित्त भगवान् शिवले आफ्नो अगाडि हात जोरेर उभिइराखेका ती राजपुत्रहरूलाई यो स्तोत्रसुनाउनु भयो ॥३२॥ भगवान् रुद्र स्तुति गर्न लाग्नुभयो— 'हे भगवन् ! तपाईंको उत्कर्ष (उन्नति) उच्च कोटिका आत्मज्ञानीहरूको कल्याणको निम्ति अर्थात् ब्रह्मानन्द-प्राप्तिको निम्तिको हो, त्यसबाट मेरो पनि कल्याण होस्। तपाईं आफ्नै परमानन्दस्वरूपमा रहनुभएको छ। यस्ता सर्वात्मक, आत्मस्वरूप तपाईंलाई नमस्कार छ ॥३३॥ लोकमय कमल तपाईंकै नाभिबाट उत्पन्न भएको हो अर्थात् तपाईं समस्त लोकको आदिकारण हुनुहुन्छ। तपाईं नै पञ्चतत्त्व, पञ्चतन्मात्रा औ इन्द्रियहरूका नियन्ता हुनुहुन्छ। चित्तको अधिष्ठाता, शान्त, विकारहीन (एकरूप) औ स्वयं प्रकाशमान तपाईंलाई नमस्कार छ ॥३४॥ तपाइ अहंकारको अधिष्ठाता एवं अव्यक्त, अनन्त हुनुहुन्छ। आफ्नो मुखको अग्निले त्रिलोकीलाई भस्म पार्ने मृत्युरूप सङ्कर्षण तपाईं नै हुनुहुन्छ, तपाईंद्वारा नै यस विश्वको बोध हुन्छ, बुद्धिको अधिष्ठाता प्रद्युम्नरूप तपाईंलाई नमस्कार छ ॥३५॥ सम्पूर्ण इन्द्रियमा प्रधान जो मन हो त्यो तपाईंकै स्वरूप हो, मनको अधिष्ठाता भगवान् अनिरूद्ध तपाईंलाई वारंवार नमस्कार छ। आफ्नो तेजले जगत्लाई व्याप्त गर्ने तथा पूर्ण हुनाले वृद्धि औ क्षयदेखि रहितस्वरूप भएका सूर्यरूप तपाईंलाई नमस्कार छ ॥३६॥ स्वर्ग औ मोक्षका ढोका तथा निरन्तर पवित्र हृदयमा वास गर्ने तपाईंलाई नमस्कार छ। सुवर्णरूप वीर्यले युक्त हुनुभएको तथा चातुर्होत्र कर्मका साधन एवं विस्तार गर्ने तपाईं अग्निदेवलाई नमस्कार छ ॥३७॥ पितृगण औं देवगणका अन्नरूप तथा सोमरूप तपाईंलाई नमस्कार छ। सूय, अग्नि औ सोमरूपले तीनै वेदका अधिष्ठाता तपाईंलाई प्रणाम छ। सम्पूर्ण प्राणिलाई तृप्त गर्ने सर्वरस (जल) रूप तपाईंलाई नमस्कार छ ॥३८॥ समस्त प्राणीको शरीररूप, पृथ्वीरूप औ विराट्मूर्ति तथा मन, इन्द्रिय र शरीरसम्बन्धी शक्तिले युक्त भएको, तीनै लोकको रक्षा गर्ने वायु (प्राण) रूप तपाईंलाई नमस्कार छ ॥३९॥ आफ्नो गुण-शब्दद्वारा सम्पूर्ण पदार्थको ज्ञान गराउने तथा सबै वस्तुको भित्र-बाहिर रहने आकाशरूप तपाईंलाई नमस्कार छ। ठूला ठूला पुण्यद्वारा प्राप्त हुने परम तेजमय स्वर्ग वैकुण्ठादिलोकरूप तपाईंलाई नमस्कार छ ॥४०॥

पितृलोकको प्राप्ति गराउने प्रवृत्तिकर्मरूप, देवलोकको प्राप्तिको साधन निवृत्ति-कर्मरूप औ अधर्मको फल दिने दुःखदायक मृत्युरूप तपाईंलाई नमस्कार छ ॥४१॥ हे ईश ! तपाईं नै पुराणपुरुष तथा सांख्य एवं योगका अधीश्वर भगवान् श्रीकृष्ण हुनुहुन्छ। सम्पूर्ण कामनालाई पूर्ण गर्ने तपाईं साक्षात् मन्त्रमूर्ति औ महान् धर्मस्वरूप हुनुहुन्छ। तपाईंको ज्ञानशक्ति कुनै तरहले पनि कुण्ठित हुने होइन, यस्ता तपाईंलाई नमस्कार छ ॥४२॥ कर्ता, करण औ कर्म यी तीन शक्तिहरूको तपाईं एक मात्र आश्रय हुनुहुन्छ। अहङ्कारका अधिष्ठाता रुद्र पनि तपाईं नै हुनुहुन्छ, ज्ञान औ क्रियास्वरूप पनि तपाईं नै हुनुहुन्छ। परा-पश्यन्ती-मध्यमा-वैखरी यी चार प्रकारका वाणीको सृष्टि तपाईंबाटै भएको हो। यस्ता तपाईंलाई नमस्कार छ ॥४३॥

हेप्रभो ! हामीलाई तपाईंको दर्शन गर्ने अभिलाषा छ अतः जुन रूप तपाईंका भक्तहरूको प्यारो छ औ जसको सबै भक्तहरूले पूजा गर्दछन्, हामीलाई त्यै रूप देखाउनुहोस्। तपाईंको त्यो रूप आफ्नो गुणले समस्त इन्द्रियहरूलाई तृप्त गर्दछ ॥४४॥ तपाईंको त्यो रूप वर्षाऋतुका मेघसमान श्यामवर्ण औ सब प्रकारको सुन्दरताले पूर्ण छ। त्यसमा अतिराम्रा घुँडासम्म पुग्ने चारओटा बाहुली, राम्रो बनोट परेको अति मनोहर मुखारविन्द, कमलको पातसमानका ठूला ठूला आंखा, राम्रो आंखिभूई, सलक्क परेको नाक, परम शोभायमान दन्तावली औ अनमोल बाटुलो गालाले युक्त भएको मुखकमल तथा आभूषणले भूषित भएका एकनासका दुइटा कान छन् ॥४५-४६॥ दुवै आंखाको कुनाबाट प्रेम औ मुस्कुराहट प्रकट हुन्छ, काला काला घुंग्रिएका केश, कमलको फूलको केसर जस्तै पीताम्बर, चहकिलो कुण्डल, झल् झल् परेको मुकुट, कङ्कण-हार-नूपुर-मेखला आदि गरिएका विचित्र आभूषण तथा शङ्ख, चक्र, गदा, पद्म, वनमाला र कौस्तुभमणिले गर्दा त्यसको अपूर्व शोभा छ ॥४७-४८॥ सिंहको जस्तै बाक्लो कुममा हार, कुण्डलादिको शोभा झल्किराखेको छ तथा कौस्तुभमणिको कान्तिले सुशोभित भएको मनोहर घाँटी छ, श्यामवर्णको वक्षःस्थलले श्रीवत्स-चिह्नको रूपमा लक्ष्मीको नित्य निवास हुनाले सुनको रेखाले युक्त भएको कसौटीको शोभालाई माथ गरिराखेको छ ॥४९॥ त्रिबलिले सुशोभित, पीपलको पातको जस्तो छांट परेको उदर श्वास लिंदा, फेर्दा अलि अलि हल्लने हुनाले बडो राम्रो देखिन्छ, त्यसमा भंवरी जस्तो चक्का परेको नाभी छ। यो कस्तो गहिरो छभने त्यताबाट उत्पन्न भएको यो विश्व फेरि त्यसैमा लीन हुने हो कि भन्ने मालूम हुन्छ॥५०॥ श्याम वर्णको कटिभागमा अत्यन्त कान्तियुक्त पीताम्बर औ सुवर्णको मेखला शोभायमान छन्। एकनासका एवं सुन्दर चरण, तिघ्रा, पिडौंला औ गोलीगांठाले गर्दा अति राम्रो देखिन्छ॥५१॥ तपाईंको यो दिव्य विग्रहले भक्तहरूको भयलाई दूर गर्दछ यसको चरणकमलको शोभाले शरत्कालीन कमलको पातको कान्तिलाई समेत माथ गर्दछ। यिनका नङबाट निस्कने प्रकाशले हाम्रो हृदयको पापरूप अन्धकारलाई नष्ट गरिदिन्छ। कृपया भक्तहरूको आश्रयरूप त्यै रूपको हामीलाई

दर्शन गराउनुहोस् । हे गुरो ! तमोगुणी प्रवृत्तिका हामी प्राणीहरूलाई आफ्नो प्राप्तिको बाटो देखाउने तपाईं नै हाम्रो गुरु हुनुहुन्छ ॥५२॥

मेरो आत्मा शुद्ध होस् भन्ने इच्छा भएका पुरुषले तपाईंको यै रूपको ध्यान गर्नुपर्दछ, किनकि यसैको भक्ति नै स्वधर्मको पालना गर्ने पुरुषलाई अभयदायक हुन्छ ॥५३॥ स्वर्गको शासन गर्ने इन्द्रसमेत तपाईंको दर्शन पाउन इच्छा गर्दछन्, विशुद्ध आत्मज्ञानीहरूको गति, पति तपाईं नै हुनुहुन्छ । तपाईंको दर्शन समस्त प्राणीलाई अत्यन्त दुर्लभ भए तापनि भक्तिमान् पुरुष ता दर्शन पाइहाल्दछन् ॥५४॥ तपाईंको अनन्य भक्ति बडा बडा महापुरुषलाई समेत दुर्लभ छ तर भक्तिसिवाय अरू कुनै साधनले तपाईं प्रसन्न पनि हुनुहुन्न । तसर्थ अनन्य भक्तिले तपाईंको आराधना गर्ने कुनचाहि भाग्यशाली यस्तो होला जसले कि तपाईंको चरणको सेवा छाडेर स्वर्गादि सुख आदि गरिएका अरू अरू बाह्य विषयको कामना गर्ला ? ॥५५॥ तपाईंको चरणको माहात्म्य कहांसम्म छभने आफ्नो अदम्य उत्साह र पराक्रमको प्रभावले गर्दा केवल आंखिभूईंको इशाराले समस्त संसारको संहार गर्न सक्ने कालसमेत तपाईंको चरणको शरणमा परेका प्राणीउपर आफ्नो अधिकारको अभिमान गर्न सक्तैन ॥५६॥ यस्ता भगवान्‌का प्रेमी भक्तहरूसित यदि आधा क्षणको निम्ति पनि समागम हुन्छभने म त्यसको बराबर स्वर्ग औ मोक्षलाई समेत संझन्न, मर्त्यलोकका तुच्छ भोगको कुरा त कता छ कता ॥५७॥ हे भगवन् ! तपाईंका चरणले सब प्रकारका पापलाई नष्ट गरिदिन्छन् । तपाईंको कीर्तिले अर्थात् लीला, कथा सुन्नाले जसको हृदय शुद्ध भएको छ ती सारा जीवमाथि दया गर्ने, रागद्वेष नभएका, सरलहृदय, निर्मल चरित्र भक्तहरूसितको संगत सदा मिल्दै गरोस् । हाम्रो निम्ति तपाईंको यो ठूलो कृपा हुनेछ ॥५८॥ तपाईंका भक्तहरूसितको संगतले भक्ति प्राप्त हुन्छ । भक्तियोगको प्रभावले जुन साधकको चित्त विशुद्ध भएर न ता बाह्य विषयमा भड्कन्छ न अज्ञानको अन्धकारमय कन्दरारूप प्रकृतिमा नै लीन हुन्छ त्यसले सजिलैसित तपाईंको स्वरूपको दर्शन पाउँछ ॥५९॥ जसमा यी सम्पूर्ण जगत् देखिन्छ औ जो स्वयं सम्पूर्ण जगत्‌मा प्रकाशमान छ त्यो आकाशसमानको सर्वव्यापी परम ज्योतिःस्वरुप ब्रह्मतत्त्व नै तपाईं हुनुहुन्छ ॥६०॥

हे भगवन् ! अनेक प्रकारको रूप धारण गर्ने मायाद्वारा तपाईं यस प्रकारसँग जगत्‌को रचना, पालना औ संहार गर्नुहुन्छ कि मानो यो कुनै सद्वस्तु हो । तर यसले गर्दा तपाईंमा कुनै प्रकारको विकार आउन पाउँदैन । मायाले गर्दा अरू अरूमा भेद-बुद्धि उत्पन्न हुन्छ तर त्यसले ता तपाईंमा कुनै प्रकारको प्रभाव पार्न सक्तैन । तपाईंलाई ता हामी परम स्वतन्त्र संझन्छौं ॥६१॥ सिद्धि प्राप्त गर्नाको निम्ति किसिम किसिमका कर्मद्वारा तपाईंको यो सगुण साकाररूपको श्रद्धापूर्वक राम्रोसँग पूजन गर्ने कर्मयोगी नै वेद औ शास्त्रहरूको सच्चा पण्डित हुन्छ, किनकि पञ्चतत्त्व, इन्द्रिय औ अन्तःकरणको नियन्तारूपले तपाईंको स्वरूप उपलक्षित हुन्छ ।६२॥ हे नाथ !

सृष्टि हुनुभन्दा अघि जसको मायाशक्ति सुतिरहन्छ ती अद्वितीय आदिपुरुष तपाईं नै हुनुहुन्छ। यो मायाशक्ति प्रकट भएपछि त्यैद्वारा रज-तम-सत्व यी तीन गुण उत्पन्न हुन्छन् फेरि यिनै रजोआदि गुणद्वारा महत्तत्त्व, अहङ्कार, आकाश, वायु, अग्नि, जल, पृथ्वी, देवता, ऋषि औ समस्त प्राणीले युक्त भएको यस जगत्‌को उत्पत्ति हुन्छ ॥६३॥ फेरि आफ्नै मायाशक्तिले रचना गरिएका जरायुज, अण्डज, स्वेदज औ उद्भिज यी चार प्रकारका शरीररूप नगरमा अंशरूपले प्रवेश गरी, जसरी माउरीले आफूले उत्पन्न गरेको महको आफूले नै स्वाद लिन्छ त्यसै गरी तपाईंको त्यो अंश पनि शरीरभित्र रहेर इन्द्रियद्वारा तुच्छ विषयको भोग गर्दछ। तपाईंको त्यै अंश-लाई नै पुरुष वा जीव भन्दछन् ॥६४॥

जसरी वायु आफ्नो असह्य एवं प्रचण्ड झोंक्काले मेघद्वारा नै मेघलाई छयाप्नब्याप्न पारेर नष्ट गरिदिन्छ त्यसै गरी प्रलयकाल उपस्थित भएमा कालस्वरूप तपाईं नै आफ्नो पचण्ड एवं असह्य वेगले सम्पूर्ण स्थावर जङ्गम भूतलाई अरू भूतदेखि अलग गराएर समस्त लोकको संहार गर्नुहुन्छ। वायुलाई जसरी आंखाले देख्न सकिन्न केवल अनुमानद्वारा त्यसको ज्ञान हुन्छ त्यसै गरी तपाईं पनि प्रत्यक्ष प्रमाणको विषय हुनुहुन्न, तपाईंको स्वरूपको ज्ञान केवल अनुमान-द्वारा नै हुन्छ ॥६५॥ मानिसको विषयभोगको लालसा कम हुंदैन, "यो काम गर्नु छ, उ काम-गर्नु छ" यस प्रकारको नयाँ नयाँ चिन्तामा त्यो सदा मतवाला जस्तै भइराखेको हुन्छ कुनै लालसा पूरा भएछ भने पनि त्यसबाट तृप्ति हुने होइन झन् लोभको वृद्धि हुन्छ। जसरी भोकले जिब्रो ल्याप् ल्याप् गरिरहेको सर्पले मूसालाई चट् पारि-दिन्छ त्यसै गरी विषयलालसामा व्यग्र रहने पुरुषलाई सदा सावधान रहने कालरूप तपाईंले अचानकसंग नष्ट गरिदिनुहुन्छ ॥६६॥ तपाईंको अवहेलना गर्नाले जसको शरीर कालको भयले कामिराखेको छ त्यस्तो कुनचांहि विद्वान् होला जसले कि तपाईंको चरणकमललाई बिर्सला। कालको आशङ्काले भयभीत भएर हाम्रा पिता ब्रह्माजी औ स्वायम्भुव आदि चौधह मनुसमेत कुनै किसिमको विचार नगरी केवल श्रद्धाले तपाईंको चरणकमलको पूजा गर्दछन् ॥६७॥ हे ब्रह्मन्! हे परमात्मन्! यो समस्त जगत् रुद्र-रूप कालको भयले ब्याकुल भइराखेको छ अतः तपाईं नै हाम्रा गति अर्थात् रक्षक हुनुहोस्। तपाईंको मार्गमा गमन गर्नाले मानिसलाई फेरि कुनै प्रकारको भय हुंदैन ॥६८॥

हे राजकुमार हो! विशुद्धभावले स्वधर्मको आचरण गर्दै भगवान्‌मा चित्त लगाएर मैले भनेको यस स्तोत्रको जप गरिराख्नू, भगवान्‌ले कल्याण गर्नु हुनेछ ॥६९॥ सदासर्वदा श्रीहरिको ध्यान औ स्तुति गरेर सबै प्राणीमा आत्मारूपले रहने परमात्मालाई आफ्नो अन्तःकरणमा विरा-जमान भएको संझेर उनको पूजा गर ॥७०॥ मैले तिमीहरूलाई "योगादेश" नामको यो स्तोत्र सुनाइदिएं। यसलाई मनमा धारण गरी मुनि-व्रतको आचरण गर्दै मनलाई एकाग्र गराएर आदरपूर्वक यसको जप गर ॥७१॥ यस स्तोत्र-लाई पूर्वकालमा प्रजापतिहरूका पति, जगद्वि-स्तारका इच्छुक भगवान् ब्रह्माजीले प्रजा उत्पन्न गर्ने इच्छा भएका हामी भृगु आदि आफ्ना छोराहरूलाई सुनाउनुभएथ्यो ॥ ७२ ॥

प्रजाको विस्तार गर्ने आज्ञा पाएका हामी प्रजापतिहरूले यै स्तोत्रको प्रभावले आफ्नो अज्ञानलाई दूर गरी अनेक प्रकारका प्रजा उत्पन्न गरेथ्यौं ॥७३॥ अहिले पनि भगवत्परायण पुरुषले एकाग्र चित्तले दिनदिनै यसको जप गर्‍योभने चाँडै नै त्यसको कल्याण हुनेछ ॥७४॥ यस संसारमा सब प्रकारका कल्याण-साधनहरूमा मोक्षदायक ज्ञान नै सर्वश्रेष्ठ हो। ज्ञानरूपी डुङ्गामा चढेको पुरुषले सजिलैसँग यो दुस्तर संसार-सागरलाई पार गरिदिन्छ ॥७५॥ भगवान्को आराधना बडो कठिन भए तापनि मैले भनेको यस स्तोत्रको जसले श्रद्धासंग पाठ गर्नेछ त्यसले सजिलैसित उहाँलाई प्रसन्न गराउनेछ । भगवान् नै सम्पूर्ण कल्याणको एक मात्र आश्रय हुनुहुन्छ। अतःमैले गाएको यस स्तोत्रको गानले उहाँलाई प्रसन्न गराएर त्यसले उहाँबाट आफूले जुन जुन कुराको इच्छा गरेको छ त्यै त्यै कुरा पाउनेछ ॥७६-७७॥ प्रातःकालमा उठी हात जोरर कुनै पुरुषले श्रद्धासँग यो स्तोत्र सुन्ने वा सुनाउने गर्‍योभने त्यो सब प्रकारको कर्मबन्धनबाट मुक्त हुनेछ ॥७८॥ हे राजकुमार हो ! परम पुरुष परमात्माको या स्तोत्र जो मैले तिमीहरूलाई सुनाएं त्यसका एकाग्र चित्तले जप गरेर घोर तपस्या गर। तपस्या समाप्त भएपछि यसबाट तिमीहरूले आफूले इच्छा गरेको फल पाउनेछौ" ॥७९॥

अध्याय-२५

प्राचीनवर्हि र नारदको संवाद; पुरञ्जनोपाख्यानको आरम्भ।

मैत्रेयजी भन्नुहुन्छ—

यस प्रकारसँग भगवान् शङ्करले प्रचेताहरूलाई उपदेश दिनुभयो। उनीहरूले बडो भक्तिभावसँग उहाँको पूजा गरे र अनि ती राजकुमारहरूले हेर्दाहेर्दैमा शङ्कर भगवान् अन्तर्धान हुनुभयो ॥१॥ सबका सब प्रचेताहरूले भगवान् रुद्रले बताएको स्तोत्रको जप गर्दै जलमा उभिएर दस हजार वर्षसम्म तपस्या गरे ॥२॥ हे विदुर ! यिनैताक प्राचीनबर्हिको चित्त कर्मकाण्डमा खूब रमाइराखेको थियो। तिनलाई आत्मतत्त्व जान्ने परम कृपालु नारदजीले अध्यात्म विद्याको उपदेश दिनुभयो ॥३॥ नारदले भन्नुभयो-"हेराजन् ! यी कर्मद्वारा तिमी आफ्नो कुनचाहि कल्याण गर्न खोजिराका छौ ? किनकि दुःखको नाश र सुखको प्राप्तिरूप परमकल्याण ता यो कर्ममार्गद्वारा हुने सक्तैन" ॥४॥

राजाले भने—

हे महाभाग मुनिजी ! मेरो बुद्धि ता कर्ममा नै लिप्त भइराखेको छ तसर्थ परम कल्याण जो मुक्ति हो त्यसको ता मलाई केही पत्तो नै छैन। तसथ मलाई निमल ज्ञानको उपदेश दिनोस् जसद्वारा कि म यो कर्मबन्धनबाट मुक्त हुन सकौं ॥५॥ किनकि कपटधर्ममय गृहस्थाश्रममा रहेर छोरा, स्वानी औ धनलाई नै परम पुरुषार्थ मान्ने मूढ पुरुषले, आवागमनरूप संसारमार्गमा

भड्किरहने हुनाले कहिले पनि परमात्मालाई प्राप्त गर्न सक्तैन ॥६॥

नारदजीले भन्नुभयो—

हे प्रजापते महाराज ! तिमीले निर्दयतासँग यज्ञमा जुन हजाराँ पशुको वलि दिएका थियौ तिनलाई आकाशमा हेर ॥७॥ यी सबै तिमीद्वारा प्राप्त भएको पीडालाई संझेर बदला लिने इच्छाले तिमीलाई पर्खिराखेका छन् । मरेर परलोकमा गएपछि यिनीहरूले फलामका अस्त्रसमानका आफ्ना तीखा तीखा सिंगले रिसले चूर भई तिमीलाई छेड्नेछन् ॥८॥ लौ, म यस सम्बन्धमा तिमीलाई एउटा प्राचीन उपाख्यान सुनाउँछु। यो राजा पुरञ्जनको चरित्र हो। मैले भनेको यो कथा सावधान भएर सुन ॥९॥

हे राजन् ! पूर्वकालमा पुरञ्जन नाम गरेका एक जना बडा यशस्वी राजा थिए । उनको अवि-ज्ञात नाम गरेको एउटा मित्र थियो । यसको कर्म बडा रहस्यपूर्ण हुन्थे, कुनै व्यक्तिले पनि यसको चेष्टा बुझ्न सक्तैनथे ॥१०॥ यी राजा पुरञ्जन आफूले वस्न सुहाउने किसिमको ठाउँको खोजमा सारा पृथ्वीमा डुले तर आफ्नो योग्यको स्थान कतै नपाउँदा अलि दिक्दार जस्ता भए ॥११॥ नाना किसिमका भोगको लालसा भएका ती राजाले ती विषयको भोग गर्ने जति नगर देखे, तिनमा कुनै पनि उनलाई ठीक जस्तो लागेन ॥१२॥

एक दिन तिनले हिमालयको दक्षिणतिरको प्रान्तमा सम्पूर्ण लक्षणले युक्त भएको एउटा नौओटा ढोका भएको शहर देखे ॥१३॥ यो चारैतिर अग्ला अग्ला परखाल, बगैंचा, अटाली, खाल्डा, झ्याल औ फाटकले सुशोभित थियो औ सुन, चाँदी, फलामका शिखर भएका विशाल भवनले खचिखचाउसँग भरिएको थियो ॥१४॥ यी महलका तलाउहरू नीलमणि, स्फटिक, वैदूर्य, मोती, पन्ना औ माणिक आदि रत्नले झकाझक थिए । अतः आफ्नो कान्तिले गर्दा यो शहर नाग-हरूको राजधानी भोगवती पुरी जस्तै देखिन्थ्यो ॥१५॥ यसमा जताततै अनेक सभा-भवन, चारदोबाटो, सडक, क्रीडाभवन, बजार, विश्रामस्थान (सराय), ध्वजा-पताका औ मूँगाको चौताराले भरिभराउ थिए ॥१६॥

यस शहरको बाहिरपट्टि दिव्य वृक्ष औ लहराहरूले खचिखचाउ भएको एउटा राम्रो बगैंचा थियो। यसको बीचमा एउटा पोखरी थियो र त्यसको वरपर अनेक चराचुरुङ्गी किसिम किसिमको स्वर निकालिरहेका तथा भ्रमराहरू भूँ भूँ शब्द गरिरहेका थिए ॥१७॥ पोखरीको किनारामा जति रूख थिए तिनका हाँगा औ पातहरू, शीतल खोलाको जलकणले युक्त वसन्तकालीन वायुको झोक्काले हल्लिराखेको हुनाले त्यस पोखरीको शोभा बढाइरहेका थिए ॥१८॥ यहाँका अनेक प्रकारका वनैला जीवहरूसमेत अहिंसादि गरिएका मुनिव्रत धारण गरी परस्पर कसैले कसैलाई कष्ट दिँदैनथे । वारंवार कोइलीको कुहू कुहू ध्वनि सुन्दा बाटोमा हिंड्ने वटुवाहरूलाई बगैंचाले विश्राम गर्न आफूलाई बोलाइराखेको हो कि भन्ने भान पर्दथ्यो ॥१९॥

राजा पुरञ्जनले यो अद्भुत वनमा घुम्दाघुम्दैमा अकस्मात् एउटी सुन्दरीलाई आउन लागेकी

देखे । यिनको साथमा दसजना सेवक थिए, यिनीमध्येका प्रत्येक सय सय नायिकाहरूका पति थिए ॥२०॥ यी सुन्दरीलाई द्वारपालरूप पाँच फणिभएको एउटा सर्पले चारैतिरबाट रक्षा गरिरहेको थियो । यी कामिनीको भर्खर भर्खरको जवानीको अवस्था थियो औ आफ्नो निम्ति एउटा श्रेष्ठ पतिको खोजमा लागेकी जस्ती देखिन्थिन् ॥२१॥ यिनका नाक, दाँतका लहर, गाला औ मुख खूबै राम्रा थिए । एकनासका कानमा कुण्डलको बडो शोभा देखिएको थियो ।।२२। यिनको कम्मर अति राम्रो औ शरीरको रंग साँवलो थियो, पहेंलो रंगको सारी औ सुवर्णमयी मेखला पहिरेकी थिइन् । खुट्टामा लगाएका पाउजेबको छम् छम् आवाज गर्दै हिंड्दथिन्, हेर्दामा साक्षात् कुनै देवी जस्ती देखिन्थिन् ॥ २३ ॥ यी गजगामिनी बाला, किशोरावस्थाको आगमनको सूचना दिने आफ्ना बाटुलो, एकनासका औ परपस्पर टाँस्सिएका स्तनहरूलाई, लाजले बारंबार पच्छ्यौराको टुप्पोले छोप्ने गर्दथिन् ॥२४॥

ती सुन्दरीका धनुष समानका आँखीभूई प्रेमभावले गर्दा चञ्चल भइराखेका थिए । तिनबाट छुटेका प्रणय कटाक्ष रूप वाणले वीरवर पुरञ्जनको हृदय घायल भइहाल्यो । अनि राजाले लज्जा पूर्ण मुस्कानले सुशोभित भएकी ती सुन्दरीलाई अत्यन्त मधुर एवं कोमल वाणीले भने ॥२५॥ “हे कमलनयनी तिमी को हौ ? कसकी छोरी हौ ? देवी ! अहिले तिमी कहाँआइराखेकी छौ ? यस सहरको नजीकमा तिमी केकालागि आएकी हौ ? यी सबै कुरा मलाई वताऊ ॥२६॥ तिम्रा साथका यी दस जना सेवक को हुन् ? औ यो एघारौं महाबलवान् योद्धा कोहो ? ए सुकुमारी ! तिम्रा साथका यी सहेली तथा तिम्रो अघि अघि हिंड्ने यो सर्प को हुन् ? ॥२७॥ हे सुन्दरी ! के तिमी साक्षात् लज्जादेवी हौ ? अथवा उमा, रमा औ ब्रह्माणीमध्येकी कुनै हौ ? यहाँ वनमा मुनिहरूको जस्तो एकान्तवास गरेर के आफ्नो पतिलाई खोजिराखेकी छौ ? तिम्रा प्राणनाथ को ता ?“ तिमी उनको चरणको कामना गर्दछ्यौ ” भन्ने यत्तिकैमा सम्पूर्ण कासना पूर्ण भइसके । तिमी साक्षात् लक्ष्मी हौ भने तिम्रो हातको क्रीडा-कमल कहाँ खस्यो ? ॥२८॥ हे सुन्दरी ! तिमी माथी कहिएका देवीहरू मध्ये कुनै पनि होइनौ, किनकि तिम्रा चरणले पृथ्वीको स्पर्श गरिराखेका छन् । कुनै देवाङ्गना भएको भए तिम्रा चरणले कदापि पृथ्वीको स्पर्श गर्ने थिएनन् । अत, जसरी लक्ष्मी विष्णु भगवानको साथमा रहेर वैकुण्ठलोकको शोभा बढाउँछिन्, त्यसैगरी तिमीले पनि म वीरश्रेष्ठ महापराक्रमीको साथमा रहेर यस सहरको शोभा बढाउनु पर्‍यो ॥ २९ ॥ हे सुन्दरी ! तिम्रो कटाक्षले मेरो मनलाई विह्वल पारिराखेको छ त्यसमाथि तिम्रो लज्जापूर्ण औ रतिभावकौं मुसकानको साथमा चञ्चल आँखीभूईंको इशारा पाएर यी भगवान् कामदेव मलाई पीडित गरिरहेका छन्, तसर्थ अब तिमीले मेरा उपर कृपा गर्नु पर्दछ अर्थात् मलाई पति बनाउनु पर्दछ ॥३०॥ मनोहर मुसकान भएकी हे सुन्दरी ! सुन्दर आँखीभूईं तथा आँखाका राम्रा नानीले सुशोभित भएको तिम्रो मुखारविन्द लामा लामा काला

रउँका अलकले घेरिएको छ, तिम्रो मुखबाट निस्केको वाक्य बडो मीठो औ मनलाई लठ्ठ पार्दछ तर लाजले गर्दा आफ्नो मुख मतिर फर्काउँदै फर्काउँन्नौ । अलि माथि उठाएर मलाई त्यो सुन्दर मुखको दर्शन ता गराऊ ॥३१॥

नारदजीले भन्नुभयो—

हे वीर ! राजा पुरञ्जनले अधीर जस्तो भएर यस किसिमसँग प्रार्थना गरेपछि ती वालाले पनि राजाको सुन्दरतामा मुग्ध भई हाँसेर उनको कुराको अनुमोदन गरी भन्नलागिन् ॥३२॥ हे नरश्रेष्ठ ! न मलाई आफूलाई उत्पन्न गर्नेको राम्रो पत्तो छ, न आफ्नो अथवा अरू कसैको नाम वा गोत्र थाहा छ ॥३३॥ हे वीर ! अहिले हामी यस पुरीमा बसेका छौं, यति मात्र मलाई थाहा छ, यस बाहेक अरू केही थाहा छैन । हामीलाई वस्नको निम्ति यो पुरी कसले बनाएको हो सो कुराको समेत मलाई पत्तो छैन ॥३४॥ हे प्रियवर ! यी पुरुष मेरो सखा औ यी आइ-माई मेरी सहेली हुन्। जब म सुत्तछु त्यस वखतमा यो सर्प जागा रहेर यस पुरीको रक्षा गर्दछ ॥३५॥ हे शत्रुनाशक ! तपाईको यहाँ आउनु वडो सौभाग्यको कुरा हो, तपाईको कल्याण होस् । तपाईंलाई विषय-भोगको इच्छा छ तसर्थ त्यसको पूर्तिको निम्ति मैले औ मेरा यी साथीले सवै प्रकारको भोग प्रस्तुत गर्ने छौं ॥३६॥ हे नाथ ! यो नवद्वार भएको पुरीमा मैले प्रस्तुत गरेका विषयको भोग गरेर सय वर्षसम्म निवास गर्नोस् ॥३७॥ हे प्रिय ! तपाइं वाहेक म अरू कुन नर-पशु सँग रमण गरूंला ? ब्रह्मचारी, संन्यासी आदि गरिएका अरूहरूलाई ता रति-सुखको पत्तौ छैन, शास्त्रमा निषेध नगरिएका सुखको समेत तिनीहरू भोग गर्दैनन् । तिनलाई न परलोकको चिन्ता छ, न भोलि के हुने हो सो कुराको ध्यान छ ॥३८॥ अहो ! यस लोकमा गृहस्थाश्रममा रहेर नै धर्म, अर्थ, काम, सन्तान सुख, मोक्ष, सुयश औ स्वर्गादि दिव्यलोकको प्राप्ति हुन सक्तछ । संसारत्यागी यतिजनले ता यी सबको कल्पना समेत गर्न सक्तैनन् ॥३९॥ महापुरुषहरूको कथनानुसार यस लोकमा पितृ, देव, ऋषि, मनुष्य तथा समस्त प्राणी औ आफ्नो समेत कल्याणको आश्रय एकमात्र गृहस्थाश्रम नै हो ॥४०॥ हे वीर ! लोकमा म जस्ती को स्त्री होली जो स्वयं आएका तपाईं समानका सुप्रसिद्ध उदारचित्त एवं सुन्दर पतिलाई वरण गरो-इन ॥४१॥ हे महाबाहो ! तपाईंको सर्प समानको गोलाकार, सुकोमल बाहुपाशमा स्थान पाउनको निम्ति कुन चाँहि कामिनीको चित्त न लोभि-एला ? कृपापूर्ण, मनोहर मुसकानले युक्तभएको दृष्टिद्वारा हामी अनाथको सन्ताप शान्त गर्ना-लाई नै तपाइं पृथ्वीमा भ्रमण गरिरहनु भएको छ ॥४२॥

नारदजी भन्नुहुन्छ—

हे राजन् ! यी स्त्री-पुरुषले यस प्रकारसंग परस्पर आफ्नो आफ्नो कुराको समर्थन गरी त्यस सहरभित्र गएर आनन्दपूर्वक सय वर्ष विताए ॥४३॥ गायकहरू सुमधुर स्वरमा जताततै राजा पुरञ्जनको कीर्ति गाउंदथे । ग्रीष्म-ऋतु आएपछि ती राजा अनेक आईमाईलाई साथमा ली सफा नदीमा पसेर जलक्रीडा गर्दथे ॥४४॥ यस सहरमा जो राजा हुन्थ्यो त्यसलाई भिन्न

भिन्न देशमा जानको निम्ति त्यस सहरमा सात ढोका माथितिर औ दुई तलतिर बनाइएका थिए ॥४५॥ हे राजन्! यी नौ ढोकामध्ये पांच ओटा पूर्वतिर, एउटा दक्षिण तिर, एउटा उत्तरपट्टि औ दुइवटा पश्चिमतिर थिए, तिनको नाम भन्दछु ॥४६॥ पूर्वपट्टि खद्योता औ आविर्मु खी नामका छोटा ढोका एउटै ठाउंमा बनेका थिए। राजा पुरञ्जन यिनै दुई ढोकाको बाटो गरी आफ्ना मित्र द्युमान्‌संग विभ्राजित नाम गरेको देशमा जाने गर्दथे ॥४७॥ पूर्वपट्टि नलिनी औ नालिनी नामगरेका अर्का दुई ढोका एउटै ठाउँमा बनाइएका थिए। पुरञ्जन यतैबाट अवधूत नामक मित्रसंग सौरभ देशमा जाने गर्दथे ॥४८॥ मुख्या नामगरेको पूर्वपट्टि जुन पांचौ ढोका थियो त्यताबाट ती राजा रसज्ञ औ विपणकसंग क्रमशः बहूदन औ आप्रण नामको देशमा जान्थे ॥४९॥ हे राजन्! सहरको दक्षिणतिर पितृहू नामक जुन ढोका थियो त्यताबाट श्रुतिधरसंग उनी उत्तर पाञ्चाल देशितिर जाने गर्दथे ॥५०॥ तथा उत्तरपट्टि देवहू नामक जुन ढोका थियो त्यताबाट उनी आफ्नो उही श्रुतिधर नामक मित्रसंग उत्तर पाञ्चाल देशितिर जाने गर्दथे ॥५१॥ पश्चिम दिशामा आसुरी नाम गरेको ढोका थियो, यताबाट उनी दुर्मद मित्रसंग ग्रामक नामक देशमा जान्थे ॥५२॥ तथा निर्ऋति नामको अर्को जुन पश्चिमद्वार थियो, त्यताबाट उनी लुब्धकसंग वैशस नाम गरेको देशमा जान्थे ॥५३॥ यस नगरका निवासीहरूमध्ये निर्वाक् औ पेशस्कृत यी दुई नागरिक अन्धा थिए। राजा पुरञ्जन आंखा-भएका नागरिकहरूको अधिपति भए तापनि यिनैको सहायताले जतातते जाने औ सब प्रकारको काम गर्नेगर्दथे ॥५४॥

राजा पुरञ्जनलाई आफ्नो प्रधान सेवक विषूचिनसंग अन्तःपुरमा प्रवेश गर्दाखेरि स्त्री औ पुत्रले गर्दा हुने मोह, प्रसन्नता, हर्ष आदि विकारको अनुभव हुन्थ्यो ॥५५॥ यस प्रकारसंग किसिम किसिमका कर्ममा आसक्त भएको त्यो अज्ञानी पुरञ्जन कामको वशमा परेकोले रमणीको जालमा परिसकेको थियो। उसकी रानी जुन जुन काम गर्दथी, उ पनि त्यै त्यै काम गर्न-लाग्दथ्यो ॥५६॥ जब ऊ मद्यपान गर्दथी तब ता उनी पनि मदमत्त भएर मदिरा पान गर्नथाल्दथे, उसले भोजन गर्न लाग्दा आफूले भोजन गर्न थाल्दथे, उसले जुन जुन कुरा खाई आफूले पनि त्यै त्यै कुरा खानथाल्दथे ॥५७॥ यस प्रकारसंग उसले गाउंदा गाउने, रुंदा रुने, हांस्ता हांस्ने औ बोल्दा बोल्न थाल्दथे ॥५८॥ ऊ दगुरी भने आफू पनि दगुन लाग्दथे, उभिई भने उभिन्थे, सुती भने आफू पनि उसैसित सुत्तथे औ बसी भने आफू पनि उसैसित बस्तथे ॥५९॥ उसले सुन्न थाली भने आफूले पनि सुन्ने, हेर्न थाली भने आफूले हेर्ने, सुंघ्न लागी भने आफूले पनि सुंघ्ने, कुनै कुरा छोई भने आफूले पनि छुन थाल्दथे ॥६०॥ आफ्नी प्रियाले शोक गर्न थाली भने आफू पनि दीन-भाव धारण गरी ब्याकुल हुन्थे तथा ऊ प्रसन्न भएमा आफू पनि प्रसन्न हुन्थे ॥६१॥ यस प्रकारसंग रानीको बशमा परेका पुरञ्जनले आफ्नो जम्मै स्वभाव त्यागिदिए। जसरी

तमासा देखाउन पालिएका वानर आदि पशु हरबखत आफ्नो मालिकको अधीनमा रहन्छन् त्यसै गरी यो मूढ राजा पनि आफ्नो इच्छा नभए तापनि आफ्नी स्त्रीको अधीन भई उसैको अनुकरण गर्नलागे ॥६२॥

———

अध्याय-२६

राजापुरञ्जन शिकार खेल्न जान्छन् औ रानी झोंक्किन्छिन् ।

नारदजी भन्नुहुन्छ—

एकदिन राजा पुरञ्जन आफ्नो विशाल धनुष सुनको कवच औ अक्षय ठोक्रो भिरेर आफ्नो एघारौं सेनापतिसंग, पाँच घोडा जोतिएका छिटो जाने रथमा सवार भई पञ्चप्रस्थ नामक वनमा शिकार खेल्न गए । यस रथमा दुइवटा ईर्षादण्ड (बम्बा), दुई पांग्रा, एउटा धुरी, तीन-वटा ध्वजदण्ड, पाँच डोरी, एउटा लगाम, एउटा सारथि, एउटा बस्ने ठाउँ, दुइवटा जुवा, पाँच शस्त्र औ सात पर्दाथिए । यो पाँच प्रकारको चालले हिंड्दथ्यो औ यसका सबै साजवाज सुनै सुनका थिए ॥१-३॥ आफ्नी प्रियालाई एकछिन पनि छाड्न कठिन भए तापनि राजालाई त्यस दिन शिकारको यस्तो शौक लाग्यो कि रानीको समेत परवाह नगरी बडो गर्वसंग हातमा धनुष बाण लिएर शिकार खेल्न लागे ॥४॥ यस प्रकारसंग आसुरी-वृत्ति स्वीकार गरी भयङ्कर औ निर्दयचित्त भएका राजा पुरञ्जनले त्यस वनमा आफ्ना तीखावाणले अनेक निर्दोष जंगली जानवरको वध गरे ॥५॥ शास्त्रमा पशुहिंसाको निम्ति कुनै विधि छैन, बरु मानिसको स्वाभाविक प्रवृत्ति रोक्नालाई यस्तो नियम बनाइएको छ—मासुमा आसक्ति हुने राजाले श्राद्धादिको अवसरमा वनमा गई आवश्यकतानुसार निषेध नगरिएका पशुहरूको वध गरोस् तर चाहिने भन्दा बढता नमारोस् ॥६॥ जो विद्वान् मानिस यस पशुवधको व्यवस्था बुझेर त्यै अनुसार निष्काम भावले पशुवध गर्दछ त्यसलाई हिंसा-गर्ने पातक लाग्दैन ॥७॥ अहङ्कारले गर्दा यस व्यवस्थाको उलङ्घन गरेर मनपर्दो गरी पशुको वध गर्ने मानिस कर्मको बन्धनमा पर्दछ तथा संसार-चक्रमा परेर विवेक बुद्धि नष्ट भएकोले अधम योनिमा जन्म लिन्छ ॥८॥

यता किसिम किसिमको पखेटा भएका पुरञ्जनका वाणले छ्याप्प व्याप्प भएर अनेक जीवजन्तु बडो कष्टसंग प्राण त्याग गर्नलागे । उनको यो निर्दयतापूर्ण जीव-संहार देख्ता दयालु पुरुषलाई सहीनसक्नुको बडो दुःख हुन लाग्यो॥९॥ यस प्रकारसंग त्यहां खरायो, बनेल, राँगो, नीलगाई, कृष्णमृग, साही तथा अरू पनि अनेक मेध्य पशुको वध गर्दा गर्दा राजा पुरञ्जन बेसगरी थाके ॥१०॥ अनि भोक-प्यासले अत्यन्त शिथिल भई वनबाट फर्केर आफ्नो राजमहलमा आए औ यथायोग्य रीतिले स्नान औ भोजन गरि-सकेपछि केहीबेर विश्राम गरेर थकाई मारे ॥११॥ यस पछि गन्ध, चन्दन, माला आदिले सुसज्जित भइ समस्त अङ्गमा राम्रा राम्रा गहना धारण

गरेपछि उनलाई रानीको संझना भयो ॥१२॥ भोजन दिले तृप्त भएका, मनमा दङ्ग परेका, मदोन्मत्त औ कामदेवले सताइएका ती राजा पुरञ्जनले आफ्नी सुन्दरी रानीलाई खोज्दा कतै पनि देखेनन् ॥१३॥

हे राजन् ! आफ्नी रानीलाई नदेख्ता मनमा अलि खिन्न भई उनले अन्तःपुरका आइमाईलाई सोधे— "हे सुन्दरी हो ! तिमीहरू औ तिम्री मालिकनी पहिले झैं आरामसंग ता छौ ? के कारणले हो आज यो घरको सम्पत्तिले पहिले जस्तो मनलाई दङ्गगर्दैन ॥१४॥ घरमा माता अथवा पतिपरायणा स्वास्नी भएनन् भने ता त्यो घर पांग्रा नभएको रथ जस्तो हुन्छ, अनि त्यस घरमा कुन चाँहि बुद्धिमान् मानिस बसेर दुःख भोग्ला ? ॥१५॥ अतः भन, मेरी सुन्दरी कहाँ छन् ? यिनले दुःखसागरमा डूब्दाखेरि आफ्नो वाक्यले पदपदमा मेरो विवेकबुद्धिलाई जाग्रत् गरी मलाई सङ्कटबाट बचाउँथिन्" ॥१६॥

आइमाईहरूले भने—

हे नरनाथ ! आज तपाईंकी प्यारीले के गर्न आँटेकी हुन् सो हामीले बुझेका छैनौं । हे शत्रु-दमन ! हेर्नोस् न, उनी विछ्यौना नभएको खाली भूईंमा सुतिरहेकी छन् ॥१७॥

नारदजी भन्नुहुन्छ—

त्यस स्त्रीको संगतले राजा पुरञ्जनको विवेक नष्ट भइसकेको थियो, यसै कारण रानीलाई भूईंमा अस्तव्यस्त अवस्थामा लडिराखेको देख्ता उनी अत्यन्त आकुल व्याकुल भए ॥१८॥ मनमा पीर लिएर मीठो बोलीले अनेक किसिमसंग संझाउँदा पनि आफ्नी प्यारी के कारणले आफू-सित रिसाएकी हुन् सो अलिकता पनि बुझ्न सकेनन् ॥१९॥ फकाउन, फुलाउन सिपालु भएका ती राजाले बिस्तारै बिस्तारै उनलाई फुल्याउन थाले । पहिले खुट्टा छोए अनी काखमा राखेर बडो प्यारो गरी भन्नलागे ॥२०॥

पुरञ्जनले भने—

हे सुन्दरी ! अपराध गर्दा पनि यो आफ्नो हो भन्ने समझ लिएर मालिकले आफ्ना सेवक-लाई शिक्षाको निम्ति दण्ड दिएन भने ती सेवक-लाई अवश्य बडो अभागी भन्नुपर्दछ ॥२१॥ हे सुन्दरी ! मालिकले दिएको दण्डलाई सेवकको निम्ति ठूलो अनुग्रह सँझनु पर्दछ, तर आफ्नो हितेच्छु मालिकले गरेको उपकारलाई न बुझेर जुन सेवक उनीमाथि क्रोध गर्दछन्, ती मूर्ख हुन् ॥२२॥ राम्रो दांत भएकी हे सुन्दरी ! हे मनस्विनी ! तिमी ता हाम्रो मालिक्नी ह्वौ, तसर्थ हामी सेवकमाथिको तिम्रो यो कोप उचित हो । तर क्रोध हटाएर एक चोटि ता प्रणयभार तथा लाजले तलतिर निहुरेको एवं मन्दमुसकान-युक्त कटाक्षदृष्टिले सुशोभित भएको आफ्नो मनोहर मुखारविन्द मलाई देखाऊ । भ्रमराको पंक्तिसमानको नीलो अलक, माथि उठेको नाक, औ मीठो बोलीले गर्दा तिम्रो यो कमल जस्तो मुखले मनलाई बेसगरी लठ्ठ पारिदिन्छ ॥२३॥ हे वीरपत्नी ! अरू कसैले तिम्रो केही अपराध गरेको छ भने मलाई त्यो अपराध गर्ने देखाइदेऊ । ब्राह्मणकुल बाहेक अरू कसैले अपराध गरेको हो भने म त्यसलाई अहिले नै दण्ड दिन्छु । त्रिलोकी अथवा त्रिलोकी बाहिर मेरो अपराध गरेर निर्भय औ आनन्दसँगरहन सक्ने भगवानको

भक्त बाहेक अरू कसैलाई देख्तिन ।।२४।। मैले आजसम्म कहिले पनि तिम्रो मुख टीका नभएको, भ्याउरो, निन्याउरो, क्रोधलेगर्दा डरलाग्दो, निस्तेज औ स्नेहशून्य देखेको थिइन । तिम्रो स्तनलाई शोकका आंसूले भिजेका तथा विम्बाफल समानका ओंठमा कुङ्कुम अङ्गरागको जस्तो पानको लाली नभएको देख्तछु ।।२५।। व्यसनमा लग्गु हुनाले तिमीलाई नसोधीकन आफ्नै मनले शिकार खेल्न गएकोले अवस्य म अपराधी भएको छु तापनि आफ्नो संझी मेरो उपर प्रसन्न भइजाऊ किनकि कामदेवको विषम वाण लाग्नाले धैर्य नष्ट भएको अतःसदा आफ्नो अधीनमा रहने आफ्नो प्यारो पतिलाई उचित कार्यको निम्ति रतिकर्ममा आनन्द मान्ने कुन चांहि कामिनीले स्वीकार गरोइन ? ।।२६।।

अध्याय—२७

पुरञ्जनपुरीमा चण्डवेगको आक्रमण तथा कालकन्याको चरित्र-वर्णन ।

नारदजी भन्नुहुन्छ—

हे महाराज ! यस प्रकारसँग अनेक हाव-भावले पुरञ्जनलाई पूर्णरूपले आफ्नो वशमा गराई ती सुन्दरी पतिलाई दंग पारेर उनीसित रमण गर्न लागिन् ।।१।। राम्रोसँग स्नान गरी, नाना प्रकारका माङ्गलिक श्रृङ्गार गरेर तथा भोजनादिले तृप्त भइकन आफ्नो नजीक आएकी ती राम्रो अनुहार भएकी राजमहिषीको राजाले आदरसाथ अभिनन्दन गरे।।२।। तवनन्तर पुरञ्जनीले पुरञ्जनलाई अंगालो हालिन् औ पुरञ्जनले पनि उनलाई अंगालो हाले, अनि एकान्तमा प्रेमको कुरा गर्दै ती राजा यसरी लट्ठ पर्न थाले कि स्त्रीसितको विषयभोगमा सदा चित्त लगाइरहने हुनाले उनलाई दिनरातको भेदले निरन्तर बितिराखेको कालको दुस्तर गतिको होशै रहेन ।।३।। मदले अन्धो भएका महामनस्वी पुरञ्जन आफ्नी प्यारीको पाखुरामा सिहान गरेर धेरै मोल पर्ने पलङ्गमा लेटिरहन्थे । ती बीर ता ती रमणीलाई नै परम पुरुषार्थ अर्थात् जीवनको परम फल संझनलागे । अज्ञानले लिप्त भएकोले उनलाई आफ्नो औ परब्रह्मस्वरूपको अलिकता पनि ज्ञान थिएन ।।४।।

यस प्रकारसँग विषय भोगमा जसको चित्त लागेको छ त्यस्ता राजा पुरञ्जनको जवानी उनीसित रमण गर्दा गर्दैमा आधा क्षण जस्तो भई बितेर गयो ।।५।। हे प्रजापते ! राजा पुरञ्जनले ती पुरञ्जनीबाट एघार सय छोरा औ एक सय दश छोरी जन्माए । यी सबै छोरी मातापिताको सुयश बढाउने तथा सुन्दर स्वभाव औ उदारता आदि गुणले सम्पन्न थिए । यी सबै पौरञ्जनीको नामले विख्यात भए । यत्तिकैमा ती सम्राट्को लामो आयुको आधी भाग बितिहाल्यो ।।६-७।। अनि पाञ्चालराज पुरञ्जनले पितृवंशको वृद्धि गर्ने छोराहरूको स्त्रीहरूसँग औ छोरीको उनलाई सुहाउने किसिमका वरहरूसँग सम्बन्ध गरिदिए ।।८।। पुरञ्जनका छोराहरूमध्ये प्रत्येकबाट-

सय सय पुत्र भए । यिनले गर्दा पुरञ्जनवंश सम्पूर्ण पाञ्चाल देशमा फैलिन गयो ॥९॥ अनि आफ्ना छोरा, नाती, घर, खजाना, सेवक आदिमा पुरञ्जनको ममता बढ्न गएकोले उनी यी विषयमा बाँधिन गए ॥१०॥ अनि फेरि उनले तिमीले जस्तै अनेक प्रकारका भोगको कामनाले यज्ञको दीक्षा ली थरि थरिका पशुहिंसामय भयङ्कर यज्ञद्वारा देवता, पितृ, औ भूतपतिहरूको आराधना गर्नलागे ॥११॥ यसप्रकारसँग जिन्दगीभरी आत्माको कल्याण गर्ने कर्ममा असावधान औ कुटुम्ब पालनमा व्यस्त रहने राजा पुरञ्जनको अन्तमा त्यो वृद्धावस्थाको समय आइहाल्यो जुन समय कि स्त्रीलम्पट पुरुषलाई बडो अप्रिय मालूम हुन्छ ॥१२॥

हे राजन् ! चण्डवेग नाम गरेको एउटा गन्धर्वहरूको राजा थियो। यसको अधीनमा तीन सय साठी बडा बलिया गन्धर्व थिए ॥१३॥ यी गन्धर्वहरूको साथ मिथुनभावले रहेका कृष्ण औ शुक्लवर्णका त्यत्तिकै गन्धर्विणीहरू थिए। यिनीहरू पालै पालोसँग चक्कर लगाएर सम्पूर्ण भोग सामग्रीले सम्पन्न भएको राजा पुरञ्जनको शहरलाई निरन्तर लुटिरहन्थे ॥१४॥ गन्धर्वराज चण्डवेगका अनुचरहरूले यसप्रकारसँग राजा पुरञ्जनको नगरलाई लुट्न थालेपछि प्रजागर नाम गरेको त्यो पाँच फणि भएको सर्पले तिनीहरूलाई रोक्यो ॥ १५ ॥ पुरञ्जनपुरीको रक्षागर्ने त्यो महाबलियो सर्पले सय वर्षसम्म एक्लै ती सात सय बीस गन्धर्व, गन्धर्विणीहरूसित युद्ध गरिरह्यो ॥१६॥ यतिका योद्धाहरूसित एक्लै युद्ध गर्ने आफ्नो एकमात्र सम्बन्धी त्यो सर्पलाई बलहीन भएको देख्ता आफ्नो नगर औ राज्यको भलो चाहने राजा पुरञ्जन हडबडाएर ठूलो चिन्तामा परे ॥१७॥ यतिका दिनसम्म उनी पाञ्चालदेशभित्रको त्यस नगरमा आफ्ना दूतहरूद्वारा ल्याइएको कर स्वीकार गरी नाना प्रकारका विषयभोगमा मस्त भइरहेका थिए । स्त्रीको वशमा परेकोले उनले यो आपत्तिको केही पत्तै पाएनन् ॥१८॥

हे बर्हिष्मन् !यही मौकामा उनीमाथि एउटा अर्को सङ्कट आइपऱ्यो । कालकी एउटी छोरी आफूलाई सुहाउने किसिमको पतिको खोजमा तीनै लोकमा भडकी रहेकी थिई तर उसलाई कसैले पनि ग्रहण गरेनन् ॥१९॥ यो कालकन्या बडी अभागिनी हुनाले दुर्भगा नामले लोकमा प्रसिद्ध भएकी थी । एकचोटि राजर्षि पुरुले पितालाई आफ्नो यौवन दिनको निम्ति यसलाई बरेका थिए, यसैले उनीदेखि प्रसन्न भएर उनलाई राज्यप्राप्तिको वर दिएकी थी ॥२०॥ एकचोटि जब म ब्रह्मलोकबाट पृथ्वीमा आएथे त्यस बखतमा घुम्तिरहेकी त्यो सित मेरो भेट भएथ्यो । मलाई नैष्ठिक ब्रह्मचारी जान्दा जान्दै पनि कामातुर भएकी हुनाले त्यो कलाकन्याले पतिरूपले मलाई वरण गर्न खोजी ॥२१॥ तर मैले उसको प्राथना स्वीकार नगरेकोले अत्यन्त कुपित भएर मलाई यस्तो बडो कठोर श्राप दिई— हे मुने ! मेरो प्रार्थना स्वीकार नगरेकोले तिमी एक ठाउँमा धेर कालसम्म अड्न सक्ने छैनौ ॥२२॥

मबाट निराश भएपछि त्यस काल कन्याले मेरै सम्मतिले भय नामक यवनराज छेउ गएर

उसलाई पतिरूपले वरणगरी भन्नलागी ॥२३॥ हे वीर ! यवन-श्रेष्ठ तिमीलाई म आफ्नो मन माफिकको पति बनाउन चाहन्छु । मेरो प्रार्थना अवश्य स्वीकार गरौला भन्ने मलाई आशा छ किनकि तिमीसित कामना गर्ने प्राणीको जस्तै सङ्कल्प पनि कहिल्यै विफल हुँदैन ॥२४॥ लोक अथवा शास्त्रको दृष्टिले दानदिने योग्य ठहरिएको वस्तुको जो मानिस दान गर्दैन औ जो शास्त्रदृष्टिले अधिकारी भएर पनि सो दान लिंदैन ती दुबै दुराग्रही मूढ पुरुषले पछि पछुताउनु पर्दछ ॥२५॥ हे सज्जन ! म अहिले तिम्रो सेवामा उपस्थित भएकी छु अतः मलाई स्वीकार गरी अनुगृहीत गर । दीन दुःखीमाथि दयागर्नु नै मानिसको सबभन्दाठूलो धर्म हो" ॥२६॥

कालकन्याको यो कुरा सुनेपछि यवनराजले विधाताको एउटा रहस्यमय काम पूर्ण गराउने इच्छाले मुसुक्क हाँस्तै उसलाई भन्यो ॥२७॥ "हे कालकन्ये ! मैले योगदृष्टिद्वारा तिम्रो निम्ति एउटा पति ठीक गरेको छु । सबैको अनिष्ट गर्ने हुनाले कसैले पनि तिमीलाई रुचाउँदैनन्, यसैकारण कुनै पुरुषले पनि तिमीलाई ग्रहण नगरेको हो ॥२८॥ अतः यो कर्म जनित लोकलाई अलक्षितभई बलजफ्तीसँग भोग । मेरो सेना लिएर जाऊ, यसको सहायताले तिमी समस्त प्रजाको विनाश पार्न सक्ने छौ ॥२९॥ प्रजागर नामगरेको यो मेरो भाइ हो औ तिमी मेरीबैन्ही हो दुबैको साथमा म अलक्ष्यरूपले भयङ्कर सेना साथमा ली समस्त लोकमा विचरण गर्न छु" ॥३०॥

———

अध्याय—२८

अन्त समयमा स्त्रीमा मन गएकोले पुरञ्जनको स्त्री-योनिको प्राप्ति औ अज्ञातको उपदेशले मोक्षको प्राप्ति ।

नारदजी भन्नुहुन्छ—

हे प्राचीनर्बाह ! भय नामक यवनराजका आज्ञाकारी सैनिकहरू प्रज्वार औ कालकन्याको साथमा यस पृथ्वीतलमा सर्वत्र घुम्न लागे ॥१॥ हे राजन् ! एकचोटि यिनीहरूले वडो वेगसँग, बूढो सर्पद्वारा सुरक्षित रहेको, संसारका सब प्रकारका सुखसामग्रीले सम्पन्न भएको पुरञ्जन पुरीमा घेरा हाले ॥२॥ जसको फन्दामा परेपछि मानिस छिटै सारहीन हुन्छ त्यस्ती त्यो कालकन्या पनि बलपूर्वक पुरञ्जनपुरीलाई अर्थात् त्यहाँका वासिन्दाहरूलाई भोग्न लागी ॥३॥ त्यस बेला ती यवनहरू पनि कालकन्याद्वारा भोगगरिन लागेको त्यस नगरमा चारैतिरबाट भिन्न भिन्न फाटकद्वार पसेर त्यसलाई ध्वस्त पार्न लागे ॥४॥ नगरलाई यस प्रकारसँग शत्रुहरूले नष्ट पार्नलागेको देख्ता, नगरको स्वामित्वको अभिमान राख्ने, ममता ग्रस्त, बहुकुटुम्बी राजा पुरञ्जनलाई पनि नानाप्रकारका क्लेशले सताउन लागे ॥५॥

कालकन्याको आलिङ्गन गर्दा उसको समस्त श्री नष्ट भयो तथा अत्यन्त विषयासक्त भएकोले वडो दीन अवस्यामा परेको राजा पुरञ्जनको विवेकशक्ति पनि लोप हुन गयो । गन्धर्व औ

यवनहरूले बलात्कार उसको सारा ऐश्वर्य्य लुटे। आफ्नो सारा सहर नष्ट भ्रष्ट भएको, छोरा-नाति सेवक मन्त्रीहरूले प्रतिकूल भई आफ्नो अनादर गर्नलागेको, स्त्रीस्नेह-शून्य भएको, शरीर कालकन्याको अधीनमा परेको औ पाञ्चाल देश शत्रुको हातमा परी भ्रष्ट भएको देख्ता राजा अपार चिन्तामा परे औ यस आपत्तिबाट छुटकारा पाउने उनले कुनै उपाय देखेनन् ॥६-८॥ कालकन्याले घेरेको हुनाले सब प्रकारका विषय भोगको स्वाद हराएको, परलोक समेत बिग्रेको एवं पुत्रादिले माया गर्न छाडेको भए तापनि राजाको चित्त केवल स्त्री औ छोराको लालन-पालनमा लागेको थियो ॥९॥ यस्तो अवस्थामा छोड्ने इच्छा नभए तापनि त्यस नगरलाई छोड्न उसलाई करै लाग्यो, किन कि त्यसलाई गन्धर्व औ यवनले घेरिराखेका थिए तथा कालकन्याले बेकम्मा पारी दिएकी थिई ॥१०॥ यही मौकामा भय नामक यवनराजको दाजू प्रज्वारले त्यहाँ पुगेर आफ्नो भाइको प्रसन्नताको निम्ति सम्पूर्ण सहर जलाइदियो ॥११॥

त्यो नगरी जल्न लागेपछि ता पुरवासी, सेवकगण, सन्तानवर्ग कुटुम्बकी स्वामिनी आफ्नी स्त्रीको साथ साथै कुटुम्बवत्सल पुरञ्जनलाई वडो सन्ताप भयो॥१२॥ नगरलाई कालकन्याको हातमा परेको देख्ता त्यसको रक्षागर्ने सर्प पनि वडो चिन्ता गर्न लाग्यो, किन कि उसको निवासस्थानमा समेत यवनहरूले कब्जा गरेका थिए औ यस बाहेक प्रज्वारले पनि आक्रमण गरिरहेको थियो ॥१३॥ नगरको रक्षा गर्नामा आफूलाई सर्वथा असमर्थ भएको देख्ता जसरी बल्नलागेको रूखको टोडकामा बस्ने सर्प त्यहाँबाट निस्कन खोज्दछ त्यसैगरी त्यसले पनि महान् कष्टले गर्दा थर् थर् काम्दै त्यहाँबाट भाग्ने इच्छा गर्‍यो ॥१४॥ त्यसका अङ्ग प्रत्यङ्ग खुकुलो भइसकेका थिए तथा गन्धर्वले उसको सारा शक्ति नष्ट गरिदिएका थिए। अतःजब यवन-शत्रुहरूले त्यसलाई जानलागेको देख्ता रोके थे अनि ता त्यो दुःखित भएर रुन लाग्यो ॥१५॥

गृहासक्त पुरञ्जन देहगेहादिमा ममता राख्नाले अत्यन्त वुद्धिहीन तथा स्वास्नीको प्रेमपाशमा बाँधिएकोले दीन भइसकेको थियो। आफ्ना कुटुम्वसित वियोग हुने अवसर उपस्थित भएको देख्ता छोरा, छोरी, नाती, बुहारी, ज्वाईं, नोकर, चाकर तथा भोग सकिएतापनि ममता नछुटेका घर, खजाना एवं अन्यान्य पदार्थको निम्ति यस प्रकारसँग चिन्ता गर्न-लाग्यो ॥१६-१७॥ "अहो! म परलोकतिर लागे-पछि ठूलो परिवार भएकी यी मेरी स्वास्नी असहाय भएर बालबच्चाको चिन्ताले ग्रस्त भइकन कसरी आफ्नो निर्बाह गर्लिन् ॥१८॥ यी ता मैले न खाइकन खान्नथिन्, मैले स्नान न गरून्जेल स्नान गर्दिनथिन्, सदा सर्वदा मेरो सेवामा तत्पर रहन्थिन्। मैले झोक्किदा डरले थर्कायमान हुन्थिन् औ हप्काउँदा डरले चुप्प भइजान्थिन् ॥१९॥ मबाट कुनै भूल भएमा मलाई संझाउँथिन् परदेशतिर लाग्दा मेरो विरहव्यथाले दुव्लाएर काठ जस्तो हुन्थिन्। हुन ता यी वीरमाता हुन् तर म मरेपछि के यिनले गृहस्थाश्रमको व्यवहार चलाउन सक्लिन् ता? ॥२०॥ म गएपछि एकमात्र मेरो सहारामा रहने यी

छोराछोरीले कसरी जीवन धारण गर्लान् ! बीच समुद्रमा डुङ्गा भाँच्चिदा व्याकुल भएका यात्रीहरूको झैं यिनीहरूको शोचनीय अवस्था हुनेछ" ॥२१॥

ज्ञानदृष्टिले ता उनले यसरी शोक गर्न मुनासिब थिएन तर यस प्रकारसँग अज्ञानले गर्दा राजा पुरञ्जन दीन-बुद्धिले आफ्ना स्वास्नी-छोरा-छोरीको निम्ति शोकले व्याकुल भइराखेका थिए । यही मौकामा भय नामगरेको यवनराज उनलाई समात्न भनी त्यहाँ उपस्थित भयो ॥२२॥ यवनहरूले पशुलाई झैं बाँधेर उनलाई आफ्नो स्थानतिर लैजांदा उनका अनुचरहरू अत्यन्त आकुल तथा शोकले विह्वल भई उनको पछि पछि जान लागे ॥२३॥ यवनहरू द्वार रोकिएको सर्प पनि सहर छाडेर यी सबैसँग हिंडिदियो । ऊ निस्कना साथ सारा सहर छिन्न भिन्न भएर आफ्नो पहिलेको रूपमा लीन भयो ॥२४॥ यस प्रकारसँग महाबली यवनराजले बलजफ्तीसँग तान्दा पनि राजा पुरञ्जनलाई अज्ञानले गर्दा आफ्नो पुरानो तथा परमहितकारी मित्र अविज्ञानको स्मरण भएन ॥२५॥

यसपछि यी निर्दयी राजाले पहिले यज्ञमा जुन जुन पशुको बलि दिएका थिए ती सबै उनले दिएकोपीडा सँझदै क्रोधपूर्वक बञ्चरोले उनको शरीरलाई टुक्रा टुक्रा पार्नलागे॥२६॥यस प्रकारसँग स्त्रीमाथिको आसक्तिले गर्दा बुद्धि भ्रष्ट भएका ती राजा पुरञ्जनले विवेकहीन अवस्थामा अनेक वर्षसम्म अपार अन्धकारमा परी कष्ट भोगी-रहे ॥२७॥ अन्त समयमा समेत पुरञ्जनको मनमा स्त्रीको नै ध्यान रहेकोले अर्को जन्ममा यिनी नृपश्रेष्ठ विदर्भराजको घरमा सुन्दरी कन्या भएर उत्पन्न भए ॥२८॥ तदनन्तर शत्रुको सहर जित्ने पाण्ड्य-नरेश महाराज मलयध्वजले, विवाहको इच्छाले आएका जति राजा थिए ती सबैलाई युद्धमा परास्त गरी, यी विदर्भ-नन्दिनी-सँग विहे गरे, किनकि विदर्भराजले सर्वश्रेष्ठ वीरले नै यिनीसित बिहे गर्न पाउनेछन् भन्ने घोषणा गरेका थिए ॥२९॥ महाराज मलयध्वजले ती विदर्भकुमारीको गर्भबाट एउटी कमलनयनी कन्या एवं ती मनिका सात छोरा उत्पन्न गरे यिनीहरू नै पछि द्रविडदेशका सात राजा ! भएका हुन् ॥३०॥ हे राजन् ! यिनीहरूमध्ये प्रत्येक छोराबाट दस दस करोड पुत्र उत्पन्न भए । यिनै सात द्रविड राजाका वंशधरहरूले मन्वन्तरको अन्तसम्म तथा यसपछि पनि पृथ्वीको भोगगर्नेछन् ॥३१॥ मयलध्वजकी व्रतशीला. सबैभन्दा जेठी छोरीसित अगस्त्य ऋषिको बिहे भयो । यताबाट ऋषिले दृढच्युत नामगरेको छोरो जन्माए औ दृढच्युतको इध्मवाह छोरो भयो ॥३२॥

अन्तमा राजर्षि मलयध्वजले छोराहरूमा पृथ्वीको बंडा गरी आफू भगवान् श्रीकृष्णको आराधना गर्ने इच्छाले मलयपर्वततिर लागे॥३३॥ यस समयमा जसरी जुनले चन्द्रमाको अनुसरण गर्दछ त्यसैगरी मत्तलोचना वैदर्भी पनि घर, छोरा एवं समस्त भोगलाई तिलाञ्जलि दिई पाण्ड्य-नरेशको पछि लागिन् ॥३४॥ त्यहाँ चन्द्रमसा, ताम्रपर्णी, वटोदका नाम गरेका तीन नदी थिए; यिनको पवित्र जलमा स्नान गरी यी दुवै दिन दिनै आफ्नो बाहिरी-भित्री

मैल धुन्थे। त्यहाँ बसेर यिनीहरूले कन्द, बीज मूल, फलफूल, पात, घाँस औ जल मात्र भोजन गरेर बडो कठोर तप गरे। यसो गर्नाले उनीहरूको शरीर बिस्तारै सुकेर गयो ॥३५-३६॥ महाराज मलयध्वजले जाडो- गर्मी, आँधी-वर्षा भोक-प्यास, सुख-दुःख इत्यादि परस्पर विरुद्ध विषयलाई (जसलाई द्वन्द्व भन्दछन्) जिते औ सबैलाई समान दृष्टिले हेर्नलागे ॥३७॥ यसपछि तप औ उपासनाद्वारा वासनालाई निर्मूल गरी तथा यम-नियमादिद्वारा इन्द्रिय, प्राण, औ मनलाई वशमा गराएर उनले आफ्नो चित्तलाई परब्रह्ममा लगाइदिए ॥३८॥ यस प्रकारसँग यिनी सय दिव्य वर्षसम्म ढुङ्गाको थाम जस्तै निश्चल भावसँग एउटै स्थानमा बसिरहे। भगवान् वासुदेवमा अत्यन्त प्रेम भएकोले यत्तिका समयसम्म पनि उनलाई आफ्नो शरीरादिको समेत केही पत्तो भएन ॥३९॥ मलयध्वजले परमात्मालाई आफ्नो आत्मामा व्याप्त औ देहादि देखि अलग देखे। जसरी सपनामा देखिएका घटनाहरू ब्यूँझेपछि मिथ्या मालूम हुन्छन् त्यसै गरी संसारका सुखदुःखादि कल्पित घटना पनि उनको दृष्टिमा मिथ्या देखिए। यस्तो अनुभव भएकोले उनी सबैतिरबाट उदासीन भए अर्थात् मायादेखि मुक्त भए ॥४०॥ यस अवस्थामा साक्षात् हरिले हृदयमा दर्शन दिएर ज्ञानरूप दीपक प्रकाशित गरिदिनु भयो। सब प्रकारको घोर अन्धकारलाई दूरगर्ने औ कहिले पनि ननिभ्ने यो ज्ञानदीपको विशुद्ध प्रकाशमा मलयध्वजलाई समस्त पदार्थ यथार्थ रूपले देखिनलागे ॥४१॥ राजा मलयध्वज यस ज्ञानको प्रकाशमा परब्रह्मलाई आत्मामा औ आत्मालाई परब्रह्ममा देख्नलागे औ अन्तमा यस अभेदचिन्तनको समेत त्याग गरी मै ब्रह्म हूँ यस भावमा प्राप्तभई संसार-देखि निवृत्त भए ॥४२॥

यस समयमा पतिव्रता विदर्भराजकी छोरी सब प्रकारका भोगको त्याग गरी आफ्ना परम धर्मज्ञ पति मलयध्वजको बडो प्रेमसँग सेवा गर्दथिन् ॥ ४३ ॥ यिनले शरीरमा चीरवस्त्र धारण गरेको थियो, व्रत-उपवास बस्नाले शरीर अत्यन्त दुब्लो भइसकेको थियो औ कपालमा रउं आपसमा जोल्टिएर जटा भइराखेका थिए। यस बेला यिनी आफ्ना पतिदेवको नजीकमा अंगारको रूप लिएको धूंवा नभएको अग्निको शिखा (ज्वाला) समान शान्तभावले सुशोभित भइराखेकी थिइन् ॥४४॥ पति परलोकवासी भइसकेका भएतापनि उनको शरीर पहिलेको जस्तै गरि स्थिर आसनमा विराजमान थियो। यो रहस्य न वुझ्केकोले उनी नजीक गएर पहिले झैं उनको सेवा गर्दथिन् ॥४५॥ एक दिन पतिको चरणको सेवा गर्दा ती अबलाले पाउ विलकुल चिसो भएको देखिन् र अनि पो पतिको परलोकवास भएको थाहापाइन्। यस दुःखले गर्दा ती राजकुमारी बथानबाट उछिटिएकी हरिणी झैं चित्तमा अत्यन्त ब्याकुल भइन् ॥४६॥ यस भयङ्कर वनमा आफूलाई एक्लो औ दीन अवस्थामा देख्ता उनी शोकले अत्यन्त ब्याकुल भइन् औ आँसूको धाराले आफ्ना स्तन भिजाउंदै चर्को स्वरले रुनलागिन् ॥४७॥ उनी भन्नलागिन्—"हे राजर्षे ! उठ्नोस्; उठ्नोस्, समुद्रले घेरिएकी यी पृथ्वी लुटेरा औ अधर्मी

राजादेखि डराइराखेकी छन् । तपाईंले यिनको रक्षा गर्नुपर्दछ" ॥४८॥ पतिको साथमा वनमा गएकी ती अबला यस प्रकारसँग विलाप गर्दै पतिको चरणमा परेर रोइरोइकन आँसू बगाउन लागिन ॥४९॥ फेरि दाउराको चिता बनाई त्यसमा पतिको लाश राखेर आगो सल्काइन् र आफूले पनि विलाप गर्दै सतीहुने निश्चय गरिन् ॥५०॥ हे प्रभो ! यही मौकामा उनको एउटा पुरानो आत्मज्ञानी ब्राह्मण मित्र त्यहाँ आइपुगे औ रोइराखेकी ती अबलालाई मधुरो वोलीले संझाउन लागे ॥५१॥

ब्राह्मणले भने—

तिमीको ह्वौ ? कसकी छोरी ह्वौ ? जसका निम्ति तिमी शोक गरिरहेकी छौ त्यो सुतेको यो मानिसको हो ? के तिमीले मलाई चिन्हीनौ ? म तिम्रो त्यै मित्रहूँ जो संग तिमी पहिले विचरण गर्दथ्यौ ॥५२॥ हे सखे ! कुनै समयमा आफ्नो अविज्ञात नामगरेको मित्र भएको कुरा ता संझन्छचौ ? पृथ्वीका भोग भोग्नको निम्ति तिमी मलाई छाडेर निवासस्थानको खोजमा हिंडेकी थियौ ॥५३॥ हे मित्र ! पहिले तिमी र म दुबै मानसरोवर (अन्तःकरण) मा बस्ने हाँस (शुद्ध-स्वभाव) थियौं । हामी दुबै एक हजार बर्षसम्म (प्रलयकालकोअन्तसम्म) विना कुनै निवासस्थानले रहेका थियौं ॥५४॥ तर हे मित्र ! उही तिमी विषयभोगको इच्छाले मलाई छाडेर यहाँ पृथ्वीमा आयौ औ यहाँ पृथ्वीमा घुम्दा घुम्दा तिमीले स्त्रीले रचेको एउटा स्थान देख्यौ ॥५५॥ यसमा पांचवटा बगैंचा, नौ ढोका, एउटा द्वारपाल, तीन कोठा, इच्छागरेका वस्तुदिने छवटा वैश्य औ पांच बजार थिए, पांच उपादान कारण (प्रकृति) ले बनेको यस स्थानको एउटी स्त्री स्वामिनी थिई ॥५६॥ हे राजन् ! इन्द्रियका पांच विषय (रूप, रस इत्यादि) यसका बगैंचा हुन्, नासिका आदि नौवटा छिद्र जसद्वारा प्राणरूप वायु आउने जाने गर्दछ यसका नौ ढोका हुन्, तेज-जल-अन्न यी तीन कोठा हुन्; पाँच ज्ञानेन्द्रिय औ छैठौं मन यी छ वैश्य कुलहुन्; क्रियाशक्तिरूप पांच कर्मेन्द्रिय पांच बजार हुन् , पञ्चतत्व नै कहिले पनि क्षीण नहुने उपादान कारण अर्थात् पांच प्रकृति हुन् ; बुद्धिशक्ति नै जसकी स्वामिनी छ यस्तो नगरमा प्रवेश गरेपछि पुरुष ज्ञान शून्य हुन्छ अर्थात् आफ्नो स्वरूपलाई बिर्सि दिन्छ ॥५७-५८॥ हे समर्थ ! त्यस नगरमा त्यस स्वामिनीको फन्दामा परेर त्यसका साथमा विहार गर्दा गर्दैमा तिमीले आफ्नो स्वरूपलाई बिर्सि दियौ औ त्यसैको संगतले तिमी यो अधम अवस्थामा पुगेका ह्वौ ॥५९॥

हेर, नता तिमी विदर्भराजकी छोरी ह्वौ, न यो वीर मलयध्वज तिम्रो पति हो । जसले तिमीलाई नौ ढोका भएकी नगरमा बन्दगरेथ्यो त्यस पुरञ्जनीको पति पनि तिमी होइनौ ॥६०॥ पहिले जन्ममा तिमी आफूलाई पुरुष संझन्थ्यौ औ अहिले आफूलाई सतीस्त्री भन्ठादछौ-यो सब मैले फिजाएको माया हो बास्तवमा तिमी न पुरुष ह्वौ नस्त्री । हामी दुवै हंस ह्वौं, हाम्रो जुन वास्तविक रूप हो त्यसको अनुभव गर ॥६१॥ हे मित्र जुन म (ईश्वर) हूं सोही तिमी (जीव) ह्वौ । मदेखि तिमी भिन्न छैनौ तथा म पनि जो तिमी ह्वौ त्यै हूँ—यस्तो निश्चय गर । बुद्धिमान्हरू

हामी दुबैमा कहिले पनि अलिकता पनि अन्तर देख्तैनन् ।।६२।। जसरी मूर्ख मानिस ऐनामा आफ्नो मुख हेर्दा त्यहां देखिएको प्रतिबिम्बलाई बेग्लै भन्ठान्दछ त्यसै गरी अज्ञानी तिमीमा र ममा फरक देखून् तर तिमीमेरै प्रतिबिम्ब ह्वौ अतएव मेरै रूप ह्वौ। बिम्बमा र प्रतिबिम्बमा जुन अन्तर हुन्छ त्यै अन्तर तिमीमा र ममा छ ।।६३।।

यस प्रकारसँग हंस (ईश्वर) द्वारा उपदेश गरिएको यो मानसरोवरको हंस (जीव) आफ्नो स्वरूपमा स्थित भयो औ आफ्नो मित्रसितको वियोगले गर्दा उसको जुन स्मृति (ज्ञान) नष्ट-भएको थियो त्यो फेरि प्राप्त भयो अर्थात् आफ्नो यथार्थ रूपको ज्ञान भयो औ अज्ञान हराएर गयो ।।६४।। हे प्राचीनर्बर्हि ! पुरञ्जनको रूपकमा तिमीलाई मैले यो आत्माज्ञानको दिग्दर्शन गरा-एको छ, किन कि जगद्कर्ता जगदीश्वरलाई परोक्ष (अप्रकट) वर्णन नै अधिक प्रिय छ ।।६५।।

अध्याय–२९

पुरञ्जनोपाख्यानको तात्पर्य ।

राजा प्राचीनर्बर्हिले भने—

हे भगवान् ! तपाईंको कुराकोगूढ अभिप्राय मैले राम्ररी बुझ्न सकिन। यसको तात्पर्य ता ज्ञानीहरूनै बुझ्न सक्तछन्। इन्द्रियसुखको निम्ति यज्ञादि कर्ममा लिप्त रहने हामी समानका मानि-सले बुझ्न सक्तैनन् ।।१।।

नारदजीले भन्नुभयो—

(भैगयो म तिमीलाई यस उपाख्यानको तात्पर्य भन्दछु) हे राजन् ! पुरञ्जनलाई तिमी जीव भन्ठान जसले आफ्नो निम्ति एउटा, दुइवटा, तीनवटा, चारवटा अथवा अनेकवटा या खुट्टै नभएको शरीररूप पुर अर्थात् भोगगर्ने भवन उत्पन्न गर्दछ, यसै कारण यसको नाम पुरञ्जन (अर्थात् नगरको निर्माण गर्ने) राखिएको हो ।।२। त्यस जीवको अविज्ञात नामगरेको जो मित्र कहिएको छ त्यो ईश्वर हो। कुनै प्रकारको नाम, गुण अथवा कर्मद्वारा जीवले त्यसको पत्तो लगाउन सक्तैन ।।३।। जब यस जीवलाई सुख-दुःखरूप मायाको समस्त विषयको भोग गर्ने इच्छा हुन्छ त्यस बखतमा यो अरू शरीरको अपेक्षा नौ ढोका, दुई हात औ दुई खुट्टा भएको मनुष्यशरीरलाई नै उत्तम संझन्छ ।।४।। बुद्धि अथवा अविद्यालाई पुरञ्जनी नामगरेको स्त्री संझ। यसैले गर्दा देह, इन्द्रियादिमा "म-मेरो" भन्ने भाव उत्पन्न हुन्छ औ शरीरमा यसैको आश्रय लिएर पुरुषले इन्द्रियद्वारा मायासम्बन्धी विषयको भोग गर्दछ ।।५।। पांच ज्ञानेन्द्रिय औ पांच कर्मे-न्द्रिय यी दस ती स्त्रीका मित्ररूपमा वर्णन गरि-एका हुन्, यिनैद्वारा सब प्रकारको ज्ञान औ कर्म हुन्छन्। इन्द्रियका अगणित वृत्तिहरू (व्यापार) नै तिनका सखी हुन्, औ प्राण-अपान-व्यान-उदान समानरूप पांच वृत्ति भएको प्राणवायु नग-रको रक्षागर्ने पांच फणि भएको सर्पसमानहो ।।६।। दुबै प्रकारका इन्द्रियहरूको नायक मनलाई नै एघारौं महाबली योद्धा संझनु पर्दछ। इन्द्रियका शब्द-स्पर्शादि पांच विषय नै पाञ्चाल देश हुन

जसको बीचमा यो नौ ढोका भएको नगर अर्थात् मनुष्य शरीर रहेको छ ॥७॥

यस नगरमा एक एक स्थानमा बुई दुई ढोका जो कहिएका छन् ती दुइवटा नेत्र, दुई नाकका पोरा औ दुई कानका प्वाल हुन् यिनको साथमा मुख, लिङ्ग र गुदा यी अरू तीनलाई मिलाउँदा जम्मा नौ ढोका हुन्छ । जीव यिनै ढोकाद्वारा आफ्ना प्रत्येक इन्द्रियरूप मित्रसंग प्रत्येक इन्द्रियका बाह्य बिषयको भोग गर्दछ ॥८॥ यिनमध्ये दुइवटा आँखा,दुइवटा नाकका पोरा र एउटा मुख यी पांच पूर्वपट्टिका ढोका हुन् । दाहिने कानलाई दक्षिणपट्टिको र देब्रे कानलाई उत्तरपट्टिको ढोका संम्झनु पर्दछ ॥९॥ गुदा र लिङ्ग– यी तलका दुइबाट प्वाललाई पश्चिम ढोका भन्दछन् ,दुइवटा नेत्र नै एकै ठाउंमा बनेका खद्योता औ आविर्मुखी नामका दुइवटा ढोका हुन् । रूप विभ्राजित नामको देश हो । जीव चक्षु–इन्द्रिय (द्युमान्) को सहायताले थी ढोकाद्वारा यस देशको अनुभव गर्दछ अर्थात् रूप देख्तछ ।१०॥दुइवटा नाकका पोरालाई नलिनी औ नालिनी ढोका भनेको हो औ नाकको विषय गन्ध नै सौरभ भन्ने देश हो तथा घ्राणेन्द्रिय अवधूत नामको मित्र हो। मुख मुख्या नामको ढोका हो, त्यसमा रहने वाक्शक्ति विपण हो र यसको स्वादलिने रसना (जिब्रो) रसज्ञ नामगरेको मित्र हो ॥११॥ वाणिको व्यापार अर्थात् बोल्नु आपण नामक देश तथा अनेक प्रकारको अन्न "बहूदन" देश हो । दाहिने कानलाई पितृहू र देब्रे कानलाई 'देवहू'भनेको हो ॥१२॥ कर्मकाण्डरूप प्रवृतिमार्गका शास्त्र र उपासनारूप निवृतिमार्गका शास्त्र नै क्रमशः दक्षिण औ उत्तर पाञ्चल देश हुन् । श्रवणेन्द्रिय नै श्रुतिधर नामगरेको मित्र हो । यसको सहायताले दाहिने बा देब्रे कानद्वारा कर्मकाण्ड औ निवृत्ति विषयक शास्त्रको श्रवण गरेर जीब क्रमशः पितृयान (पितृलोक) र देवयान (देवलोक) तिर जान्छ ॥१३॥ लिङ्ग नै आसुरी नामक पश्चिम ढोका हो । यसै द्वारा स्त्रीप्रसंग गर्नलाई नै ग्राम्क नामको देश भनेको हो औ लिङ्गमा रहने उपस्थेन्द्रिय दुर्मद नामक मित्र हो । गुदा निर्ऋति नामको पश्चिम ढोका हो ॥१४॥ नरक वंशस नामक देश हो औ गुदामा रहने पायु-इन्द्रिय लुन्धक नामको मित्र हो । अबलाई जो दुइवटा अन्धा पुरुस भनिएका छन् तिनको रहस्य पनि सुन । हात– खुट्टा यी दोटा अन्धा पुरुष हुन्, यिनैको सहायताले जीब सबै काम गर्दछ औ जतातते जान्छ ॥१५॥ हृदय भनेको अन्तःपुर हो; यसमा रहने मननै "विषूची" नामको प्रधान सेवक हो । जीव यै मनको सहायताले हृदयमा मनको सत्वादि गुणद्वारा हर्ष शोक अथवा मोहको अनुभव गर्दछ ॥१६॥ जुन जुन प्रकारसंग पुरञ्जनी अर्थात् बुद्धिरूप राजमहिषी स्वप्नावस्थामा विकारमा प्राप्त हुन्छे औ जाग्रत अवस्थामा इन्द्रियादिलाई विकृत गर्दछे त्यै त्यै प्रकारसंग बुद्धिको गुणमा लिप्त भएको यो जीवात्मा पनि बास्तवमा केवल साक्षी भएता पनि बुद्धिका वृत्तिहरूको अर्थात् दर्शन स्पर्शादिको अनुकरण गर्दछ याने ती वृत्तिहरूलाई आफ्नै भन्ठान्दछ ॥१७॥

अबलाई शीघ्रगामी रथमा चढेर राजा पुरञ्जन शिकार खेल्न गएको कुराको तात्पर्य

भन्दछु । शरीर नै त्यो रथ हो । त्यसमा ज्ञानेन्द्रि-रूप पाँच घोडा जोतिएका छन् । वर्षको आउनु जानु त्यस रथको गति हो, पाप-पुण्य यी दुई प्रकारका कर्म नै त्यसका पाँग्रा हुन्, तीनगुण त्यसका ध्वजा औ अपानादि पाँच प्राण बन्धन हुन् ॥१८॥ मन त्यसको लगाम हो, बुद्धि सारथि हो, हृदय बस्ने स्थान हो, सुख दुःखादि द्वन्द्व त्यसका जूवा हुन्, इन्द्रियका शब्दादि पाँच विषय त्यसमा राखिएका शस्त्र हुन्, मेद-मज्जा हाड आदि सात धातु त्यसका पर्दा हुन् ॥१९॥ पाँच कर्मेन्द्रिय त्यसका पाँच प्रकारका गति हुन् । स्वप्न-शरीररूप यस रथमा चढेर रथि-रूप यो जीव मृगतृष्णा समानको मिथ्या विषय-तिर दगुर्दछ । एघार इन्द्रिय त्यसका सेनाहुन् तथा पाँच ज्ञानेन्द्रियद्वारा ती ती इन्द्रियका विषय लाई अन्याय पूवक ग्रहण गर्नु नै त्यसको शिकार खेलाई हो ॥२०॥

जसद्वारा कालको ज्ञान हुन्छ त्यो सम्बत्सर नै चण्डवेग नामगरेको गन्धर्व-राज हो । उसको अधीनमा तीन सय साठी गन्धर्व जो बताइएका छन् ती दिन हुन् र तीन सय साठी रात्रि गन्धर्वका स्त्री हुन् । यी तीन सय साठी दिन औ रात्रि पालोसँग चक्कर लगाएर मनुष्यको आयु हर्दछन् ॥२१॥ बूढ्याइँ नै साक्षात् काल-कन्या हो, यसलाई कुनै पुरुषले पनि मनपराउँ-दैनन् । मृत्युरूप यवनराजले लोकको संहार गर्नको निम्ति त्यसलाई बहिनी मानेर स्वीकार गरे ॥२२॥ मानसिक औ शारीरिक क्लेश त्यस यवनराजका आज्ञाकारी यवन सैनिक हुन् तथा प्र.णीलाई कष्ट दिएर झट्टै मृत्युको मुखमा लैजाने शीत-उष्णादि दुई प्रकारको ज्वर प्रज्वार नामक मृत्युको भाइ हो ॥२३॥

यस प्रकारसँग यो देहाभिमानी जीव अज्ञानले आच्छादित भएर अनेक प्रकारका आधिभौतिक, आध्यात्मिक औ आधिदैविक कष्टको भोग गर्दै सय वर्षसम्म मनुष्य-शरीरमा पडिरहन्छ । वास्तवमा निर्गुण श्वरको स्वरूप भए तापनि प्राण, इन्द्रिय औ मनको कर्मलाई आफूमा आरोपित गरी "म-मेरो" भन्ने अभि-मानले बाँधिएर क्षुद्र विषय-भोगको इच्छाले नाना प्रकारको कम गरिरहन्छ ॥२४-२५॥ यो जीव वास्तवमा स्वयं प्रकाशमान छ तापनि जब सम्म आफ्नो रूपलाई चिन्दैन अर्थात् सबैका परमगुरु श्रीभगवान् को स्वरूपलाई चिन्दैन तबसम्म मायाको गुणमा लिप्त भइरहन्छ ॥२६॥ अनि ती गुणको अभिमानी भएकोले विवश भई सात्विक (शुक्ल),राजस् (लोहित) औ तामस (कृष्ण) कर्म गरिरहन्छ तथा ती कर्मको अनुसार भिन्न भिन्न योनिमा जन्म लिन्छ ॥२७॥ यसैकारण यो जीव कहिले ता सात्विक कर्मद्वारा बहु चमत्कार युक्त स्वर्गादि लोकमा जान्छ, कहिले राजसी कर्मद्वारा दुःखमय मनुष्यादि रजोगुणी लोकमा उत्पन्नहुन्छ—जहाँ कि त्यसले किसिम किसिमका कर्मको क्लेश भोग्नु पर्दछ औ कहिले तमोगुणी कर्मद्वारा शोकपूर्ण तमोमयी तिर्यक् आदि योनीमा जन्म लिन्छ ॥२८॥ यस प्रकारसँग आफ्नो कर्म औ गुण अनुसार कहिले देवयोनिमा,कहिले मनुष्य योनिमा, कहिले पशुपक्षि योनिमा जन्म लिएर त्यो अज्ञानान्ध जीव पुरुष,कहिले स्त्री औ कहिले नपुंसक हुन्छ॥२९॥जसरी भोकले व्याकुल भएको

बिचरो कुक्कुर आश्रयको निम्ति घर घर डुल्दा आफ्ना प्रारब्ध अनुसार कही लठ्ठी खान्छ औं कहीं भातखान पाउँछ त्यसैगरी यो जीव पनि चित्तमा नाना प्रकारको वासना लिएर उच्च-नीच मार्गमा घुम्दै उत्तम, मध्यम औअधम योनि पाएर आफ्ना कर्म अनुसार प्रिय-अप्रिय (सुख-दुःख)को भोग गर्दछ ॥३०-३१॥

यी दुःखलाई दूर गर्ने उपाय गर्नाले छुटकारा पाइएला भनौं भने पनि त्यो कुरा छैन कारण आधिदैविक, आधिभौतिक औ आध्यात्मिक-यी तीन प्रकारका दुःखमध्ये कुनै न कुनै एउटाबाट जीवको सर्वथा छुटकारा हुनै सक्तैन ॥३२॥ जसरी टाउकोमा भारी बोकेर लैजाने पुरुषले टाउको को पीडा दूर गर्न त्यो भारी काँधमा राख्यो भने टाउकोको पीडा ता दूर हुन्छ तर कांधमा पीडा हुनथाल्दछ त्यसैगरी कुनै उपायद्वारा मानिसले एक प्रकारको दुःखबाट छुट्टी पायो भने पनि अर्को दुःख आएर उसको शिरमा सवार भइहाल्दछ ॥३३॥ हे शुद्धहृदय राजन्! जसरी सपना औ सपनामा देखिने अर्को सपना दुबै बरावर छन् अर्थात् सपनाद्वारा अर्को सपना दूर हुँदैन त्यसैगरी कर्मले कर्मको राम्रोसँग प्रतिकार हुन सक्तैन किन कि गरिएको कर्म तथा त्यसको प्रतिकारको निम्ति गरिएको कर्म दुबै अविद्या-युक्त हुन्छन् ॥३४॥ जसरी स्वप्नावस्थामा मनोमय लिङ्गशरीरले विचरण गर्ने प्राणीलाई स्वप्नाका पदार्थ नभए तापनि भएजस्तै मालूम हुन्छन् त्यस गरी यो दृश्य पदार्थ वास्तवमा नभए तापनि अज्ञान-निद्रा न छुटेसम्म भए जस्तै मालूम हुन्छन् औ जीवलाई जन्म-मरणरूप संसारबाट मुक्ति मिल्न सक्तैन अतः यिनको आत्यन्तिक निवृत्तिको उपाय ता एकमात्र आत्म-ज्ञान नै हो ॥३५॥

जुन अविद्याले गर्दा परमार्थस्वरूप आत्मालाई नाना प्रकारका अनर्थको प्राप्ति गराउने जन्ममरणरूप संसार-चक्र प्राप्त हुन्छ त्यस अविद्याको निवृत्ति गुरुस्वरूप श्रीहरिमा सुदृढ भक्ति हुनाले हुन सक्तछ ॥३६॥ भगवान् वासुदेवमा एकाग्र मनले राम्रोसँग दृढगरिएको भक्तिभावले जीवमा मायारचित विषयभोग देखिनको वैराग्य एवं तत्त्वको ज्ञानसमेत उत्पन्न गरिदिन्छ ॥३७॥ हे राजर्षे! अच्युत भगवान्को कथाको आश्रयमा रहने यो भक्तिभावको, प्रतिदिन श्रद्धापूर्व्वक भगवान्को कथा सुने अथवा भन्ने पुरुषलाई, झट्ट प्राप्ति हुन्छ ॥३८॥ जहाँ भगवान्का गुणको वर्णन गर्न अथवा सुन्नमा तत्पर रहने विशुद्धचित्त औ साधु स्वभावका भक्तजन रहन्छन्, त्यस भक्तमण्लीमा महापुरुषको मुखबाट निस्केको श्रीमधुसूदन भगवान्को चरित्ररूप शुद्ध अमृतले भरिएका अनेक नदि वगिरहन्छन्। हे राजन्! जो मानिस एकाग्र भई कान लगाएर त्यस अमृतको बेसगरी पान गर्दछन् औ कहिले पनि तृप्त हुँदैनन्, तिनलाई भोकप्यास, भय-शोक औ मोह आदि कुनैले अलिकता पनि सताउन सक्तैनन् ॥३९-४०॥ जन्म-जन्मातरको संस्कारले गर्दा माथि कहिएका ताप मानिसको निम्ति स्वाभाविकै हुन्। यिनै भोक-प्यास आदि विघ्नले सदा घेरिएर रहने हुनाले नै जीवले श्रीहरिको कथामृत सिन्धुमा प्रेम गर्दैन ॥४१॥ अरुको ता के कुरा-प्रजापतिहरू पनि साक्षात

ब्रह्माजी, भगवान् शङ्कर, स्वायम्भुव मनु, दक्षादि प्रजापतिगण, सनकादि नैष्ठिक ब्रह्मचारी, मरीचि, अत्रि, अंगिरा, पुलस्त्य, पुलह, क्रतु, भृगु, वसिष्ठादिदेखि लिएर म नारदसम्मका सम्पूर्ण वेदवादी जति मुनिहरू छन् ती सबै अनेक प्रकारको व्याख्या गर्नामा कुशल भएतापनि तप, उपासना औ समाधिद्वारा खोज्दा खोज्दा हार खाइसके तर तैपनि ती सर्वसाक्षी परमेश्वरलाई आजसम्म देख्न सकेका छैनन् ।।४२-४३-४४।। वेद अति विस्तृत छ यसको पार पाइन सकिंदैन । यस्तो वेदको आलोचना गर्ने अनेक महानुभावहरू समेत मन्त्रमा वर्णन गरिएका इन्द्रादि देवताहरूको स्वरूपले भिन्न भिन्न जस्तो देखिने ती परमात्माको नै यज्ञादिद्वारा पूजन गर्दछन् तापनि उनको वास्तविक स्वरूपलाई बुझ्न सक्तैनन् ।४५।। ईश्वर प्राप्तिको कामना लिएर अन्तःकरणमा उहाँको ध्यानगर्ने जीवमाथि जब भगवान्ले कृपा गर्नुहुन्छ अनि पो त्यो उत्निखेरि लौकिक व्यवहार एवं वैदिक कर्ममा आसक्त भएको आफ्नो वुद्धिबाट छुटकारा पाउन सक्तछ अर्थात् लौकिक सुखको कामनालाई एव वैदिक कर्मकाण्डलाई असार सँझेर त्यागिदिन्छ ।।४६।।

तसर्थ हे वर्हिष्मन् ! यी यज्ञादि कर्मलाई नै जीवनको सारांश अथवा पुरुषार्थ न भन्ठान वेदमा जति सकाम कर्मका विधि छन् तीता केवल सुन्दा राम्रो लाग्ने मीठा वाक्य मात्र हुन्, यिनबाट परमार्थको स्पर्शसम्म पनि हुन सक्तैन ! स्वर्गादि फल दिने यज्ञादि कर्म ता केवल अज्ञानले गर्दा परमार्थ जस्तो देखिन्छ।।४७।। वेदलाई केवल यज्ञादि कर्मको पद्धति अर्थात् वेदमा कामनापूर्वक यज्ञादि कर्म गर्नु भनेर नै लेखिएको छ भन्नेहरूको बुद्धि यज्ञको धूंवाले मैलो भएको हुनुपर्दछ, वास्तवमा यिनीहरूले वेदको मर्म विलकुलै बुझेकाछैनन् । यसको कारण के हो भने यिनीहरूले आफ्नो स्वरूपभूत लोक अर्थात् आत्मतत्त्वको तात्पर्यलाई बुझेका छैनन् जहां कि साक्षात् श्री जनार्दन भगवान् नै विराजमान हुनुहुन्छ ।।४८।। पूर्वतिर टुप्पो भएको कुशले सम्पूर्ण पृथ्वीलाई ढाकिदिनाले तथा अनेक पशुको वध गर्नाले तिमीलाई "म ठूला ठूला यज्ञ गर्नेवाला पो हूँ" भन्ने घमण्ड भइराखेको छ, आफूलाई कर्मज्ञानी सझी उद्धत पनि भएका छौ, तर वास्तवमा तिमीलाई कर्म या उपासना कुनैको रहस्य पनि थाहा छैन । जसद्वारा श्री हरिलाई प्रसन्न गराउन सकिन्छ वास्तवमा कर्म भनेको त्यही हो औ जसद्वारा भगवान्मा चित्त लाग्दछ, विद्या पनि त्यही हो ।।४९।। भगवान् हरि नै समस्त देहधारीको आत्मा र नियामक हुनुहुन्छ एवं स्वतन्त्रता पूर्व्वक यस जगत्को कारण (प्रकृति) हुनुहुन्छ अतः उहांको चरणकमल नै मनुष्यको एकमात्र आश्रय हो, यसैको शरण पर्नाले संसारमा सबैको कल्याण हुन्छ ।।५०।। उहां हरि सबका परमप्रिय आत्मा हुनुहुन्छ, उहांको आश्रय ग्रहण गरेपछि मनुष्यलाई अलिकता पनि कसैको भय हु देन । जुन मानिसले यो तत्त्व बुझेको छ त्यही ज्ञानी हो औ जो ज्ञानी छ त्यही नै गुरु औ साक्षात् हरिरूप हो ।।५१।।

नारदजी भन्नु हुन्छ—

हे पुरुषश्रेष्ठ ! यहांसम्म जति भनियो त्यताबाट तिम्रो प्रश्नको उत्तर ता पुग्यो, अब म तिम्रो कल्याणको निम्ति महापुरुषहरूले राम्रो संग

निश्चित गरेको गुप्त साधन भन्दछु , यसलाई ध्यान दिएर सुन ॥५२॥ पुष्पवाटिकामा आफ्नी हरिणी संग विहार गर्दै एउटा हरिण मस्तसंग घुमिरहेको छ औ दुबोको साना साना मुण्टा चरिरहेको छ। यसका कान भ्रमराको "भूँ भूँ" मीठो गानामा आसक्त छन्। यसको अघिल्तिर अर्काको प्राण नष्ट गरेर आफ्नो पेट पाल्ने हुँडारहरू ताक लगाएर उभिराखेका छन् औ पछाडिबाट शिकारी व्याधाले बाणले उसलाई छेडिराखेको छ। तर हरिण कत्तिको मस्त छ भने उसलाई यस कुराको अलिकता पनि पत्तोछैन। एक चोटि यस हरिणको दशामा ता विचार गर ॥५३॥

हे राजन् ! यस रूपकको यथार्थ भाव यो हो, सुन। यो मृतप्राय हरिण तिमी नै ह्वौ, आफ्नो दशामा विचार गर। फूलहरू झैं केही कालमा शोभाहीन हुने स्त्रीहरूले युक्त भएको घर नै पुष्पवाटिका हो। यसमा बसेर तिमी फूलका मह औ गन्धसमानका क्षुद्र, सकाम कर्मको परिणाममा प्राप्त हुने, जिब्रोलाई मीठो लाग्ने किसिम किसिमका भोजन औ जननेन्द्रियको वासनालाई पूर्णगर्ने मैथुन आदि तुच्छ विषयभोग खोजिरहेका छौ। सदा सर्वदा स्त्रीहरूले घेरिएर वस्त छौ औ आफ्नो मनलाई तिमीले उनैमा फसाइराखेका छौ। स्वास्नी, छोरा-छोरीको मीठो कुराकानी भ्रमराहरूको मधुर गान हो, तिम्रो कान तिनैमा आसक्त भैराखेको छ। अर्काको आयु नष्ट गरेर प्राणहरण गर्ने हुँडारसमानका दिनरात्रिरूप काल तिम्रै अगाडि तिम्रो आयुलाई क्षीण गरिरहेको छ, तर यसको केही परवाह नगरी तिमी गृहस्थीको सुखमा मस्त भइराखेकाछौ। पछाडि पट्टि अलक्ष्यभावले शिकारी मृत्युले आफ्ना गुप्ती बाणले तिम्रो हृदयलाई छेडिसकेको छ ॥५४॥ यस प्रकारसँग आफूलाई हरिणको जस्तो अवस्थामा देखेर आफ्नो चित्तलाई हृदयमा एकाग्र गर औ कर्णादि इन्द्रियहरूको बहिर्मुखी वृत्तिलाई चित्तमा स्थापित गर (अन्तर्मुखी गर) अर्थात् विषयवासनालाई चित्तद्वारा रोक। विषयी पुरुषहरूको चर्चा भइरहने यस्तो गृहस्थाश्रमलाई छाडेर परमहँसहरूका आश्रयरूप श्रीहरिलाई प्रसन्न गराऊ। यस प्रकारसँग मनलाई क्रमशः सबै विषयदेखि हटाएर भगवान्मा लगाएपछि शान्ति पाउने छौ अर्थात् जन्ममरणरूप यो संसार दुःखदेखि छुटकारा पाउने छौ ॥५५॥

राजा प्राचीनर्बाहिले भने—

हे ब्रह्मन् ! मलाई उपदेश गर्नुभएको कुरा मन लगाएर सुनें औ त्यसमा राम्रोसँग विचार पनि गरें। निश्चय मेरा आचार्यहरूलाई यो तत्त्व थाहा रहेनछ नत्र ता किन तिनीहरूले मलाई यसको उपदेश गर्दैनथे ? ॥५६॥ हे विप्रवर ! यी आचार्यहरूले वेदवाक्यमा विरोध देखाएर मेरो हृदयमा "वेद कर्मपरक हुन् अथवा ज्ञानपरक हुन्" यो ठूलो संशय उपस्थित गरेकाथिए। तपाइंले मेरो यस सन्देहलाई राम्रोसँग दूरगरिदिनुभयो। यस विषयमा इन्द्रियहरूको समेत पहुंच न हुने हुनाले बडा बडा ऋषिहरू समेत मोहित हुन्छन् ॥५७॥ जीव यस लोकमा जुन शरीरले काम गर्दछ त्यसलाई यही लोकमा छाडेर, यस लोकमा गरिएका कर्मद्वारा परलोकमा बनेको अर्को शरीरले ती कर्मको फल भोग्दछ भन्ने, वेदको तत्त्व बुझेका ज्ञानीहरूको सिद्धान्त शास्त्रमा

जतातते सुनिन्छ, तर यो कुरा कसरी संभव हुन सक्तछ ? किन कि जति कर्म यहाँ गरिन्छन् ती ता थोरै समयमा परोक्ष अर्थात् अदृश्य भइहाल्दछन्; परलोकमा फल दिनकोनिम्ति तिनीहरू फेरि कसरी प्रकट हुन सक्छन् ? ॥५८-५९॥

नारदले भन्नुभयो—

हे राजन् ! जीव जुन मनरूप लिङ्गदेहद्वारा कर्म गर्दछ त्यो ता मरेपछि पनि उसैको साथ रहन्छ। प्रकटमा स्थूलशरीरको नाश भए तापनि स्थूलदेहको अभिमानी मनस्वरूप लिङ्गशरीरको नाश हुँदैन; अतः परलोकमा त्यो अपरोक्षरूपले स्वयं त्यहीद्वारा कर्म--फल भोग्दछ ॥६०॥ जसरी स्वप्नावस्थामा, जाग्रत् अवस्थाको स्थूलशरीरको अभिमानी जीव, स्थूल शरीरको अभिमानलाई छाडेर अनेक योनिको अभिमानी बनी मनद्वारा अनेक कर्म गरेर तिनको सुखदुःखमय फलको अनुभव गर्दछ त्यसै गरी मरेपछि जीव स्थूल शरीरलाई छाडेर कर्मानुसार पशुपंछि आदि योनिमा लिङ्ग शरीरद्वारा कर्म-फल भोग्दछ॥६१॥ यस मनद्वारा जीव जुन स्त्री-पुत्रादिलाई "यी मेरा हुन्" औ देहलाई "यो म हुं" भनेर सम्झन्छ, त्यसले तिनले गरेको पाप-पुण्यादिरूप कर्मलाई समेत ग्रहण गर्दछ औ यसैले गर्दा त्यसले व्यर्थमा फेरि जन्म लिनुपर्दछ ॥६२॥ जसरी ज्ञानेन्द्रिय औ कर्मेन्द्रिय यी दुबै प्रकारका इन्द्रियहरूको चेष्टाले तिनको प्रेरक चित्तको अनुमान गर्न सकिन्छ त्यसैगरी चित्तको भिन्न भिन्न प्रकारको वृत्तिद्वारा पूर्वजन्मको कर्मको समेत अनुमान हुन्छ ॥६३॥ कहिले कहिले जुन वस्तुको यस शरीरले कहिले अनुभव गरेको छैन अर्थात् कहिले पनि देखेको अथवा सुनेको छैन, तिनको समेत सपनामा, ती जस्ता हुन्छन् त्यस्तै अनुभव भएको देखिएको छ ॥६४॥ हे राजन् ! लिङ्गदेहको अभिमानी जीवलाई पूर्व जन्ममा त्यसका अनुभव भएको हुनुपर्दछ-यो कुरा निश्चय मान, किन कि जुन वस्तुको पहिले अनुभव भएको छैन त्यसको मनमा वासना समेत हुन सक्तैन ॥६५॥

हे राजन् ! तिम्रो कल्याण होस्। मनुष्यको पूर्वरूप तथा पछि हुने शरीरादिलाई समेत मनले प्रकट गर्दछ औ जसको भविष्यमा जन्म हुने छैन ती तत्त्ववेत्ताहरूको विदेह मुक्तिको पत्तो पनि तिनको मनद्वारा लाग्दछ अर्थात् मानिसको मनोवृत्तिद्वारा यो पूर्वजन्ममा कुन योनिमा थियो त्यस बेला यसले कुन कुन गुणको सम्पादन गरेको रहेछ औ पछि यसको के गति हुने हो थाहा हुन सक्तछ ॥६६॥ पहिले कहिले नदेखेको नसुनेको कुरा पनि जस्तै पर्वतको टाकुरामा समुद्र, दिनमा तारा अथवा आफ्नो टाउको काटिनु इत्यादि देश, काल अथवा क्रिया सम्बन्धी असम्भव कुरा पनि सपनामा देखिन्छन्। यस्ता कुरा देखिनामा मनको पूर्व वासनाले गर्दा निद्रा-दोषलाई नै कारण संझनु पर्दछ ॥६७॥ इन्द्रिय-द्वारा भोग हुने योग्यका पदार्थ नै पूर्वजन्ममा गरेका कर्मको फल दिने भोगरूपले बारम्बार मनको अघिल्तिर आउने गर्दछन् औ भोग समाप्त भएपछि जान्छन्। इन्द्रियद्वारा अनुभव हुन नसक्ने कुनै पदार्थ आउने होइन, यसको कारण यै हो कि सबै जीव मन सहित हुन्छन् औ मनले अनुभव नगरेको कुनै विषय नै छैन किनकि सबै विषय मनमा क्रमशः आउने जाने

गर्दछन् ॥६८॥ जसरी राहु दृष्टिको विषय नभए तापनि ग्रहणको समयमा चन्द्रमाको संसर्गले देखिन्छ त्यसै गरी कुनै समयमा भगवच्चिन्तनमा लागेको मन विशुद्ध सत्वमा स्थित हुन गयो भने त्यसमा भगवान्को संसर्ग हुनाले एकैचोटि समस्त विश्वको समेत भान हुन सक्तछ ॥६९॥ जबसम्म अनादिकालदेखि बनेको यो बुद्धि, मन, इन्द्रिय औ शब्दादि विषयको परिणाम (चिन्ह) लिङ्ग देह वर्तमान रहन्छ तबसम्म जीबमा यो स्थूलदेह प्रति "म, मेरो" भन्ने भावको अभाव हुन सक्तैन ॥७०॥

सुषुप्ति, मूर्च्छा, उपताप (इष्ट वियोगादि दुःख), मृत्यु औ तिव्र ज्वरादिको समयमा समेत इन्द्रियको व्यापार रोकिन गएकोले अहङ्कारको केवल अभिव्यक्तिसम्म हुन्न, सूक्ष्मरूपले ता त्यो वर्तमानै रहन्छ ॥७१॥ जसरी औंसीको दिन रात्रिमा चन्द्रमा भए तापनि देखिदैनन् त्यसै गरी युवावस्थामा एघार इन्द्रियद्वारा स्पष्ट रूपले देखिने पुरुषको अहङ्कार गर्भावस्था औ बाल्यकालमा त्यतिको स्पष्टसंग देखिदैन। यसको कारण के हो भने जवानीमा सबै इन्द्रिय पूर्ण हुन्छन् औ बाल्यकाल वा गर्भावस्थामा इन्द्रियहरू औंसीको चन्द्रकला झैं अत्यन्त क्षीण भएका हुन्छन् ॥७२॥ जसरी सपनामा कुन वस्तुको अस्तित्व नभए तापनि न व्यूँझेसम्म स्वप्न जनित अनर्थको निवृत्ति हुँदैन त्यसै गरी सांसारिक वस्तु यद्यपि असत् हुन् तापनि जीव अविद्याले गर्दा उनैको चिन्तन गरिरहन्छ, त्यसै कारणले जन्म-मरणरूप संसारबाट उसको छुटकारा हुँदैन ॥७३॥

यस प्रकारसग पञ्चतन्मात्राले बनेको तथा सोह्र तत्त्वको रूपमा विकसित भएको यो त्रिगुणमय लिङ्ग शरीरनै चेतना शक्तिले युक्त भएर जीव कहिन्छ ॥७४॥ यही लिङ्ग शरीरद्वारा पुरुष भिन्न भिन्न स्थूल शरीरलाई ग्रहण गर्ने औ त्याग्ने गर्दछ तथा यहीद्वारा उसलाई हर्ष, शोक भय, दुःख औ सुख आदिको अनुभव हुन्छ ॥७५॥ जसरी घाँसमा रहने तृणजलौक (जुका) नाम गरेको कीरा अर्को घाँसलाई नसमातेसम्म आफ्नो आश्रयरूप पहिलोलाई छाड्दैन त्यसैगरी जीव मरणकाल उपस्थित भए तापनि पूर्व शरीरको आरम्भमा गरिएका कर्म समाप्त यरी अन्य देहको अवलम्बन नगरेसम्म स्थूल शरीर छाडे तापनि त्यसको अभिमान ता छाडदैन । तसर्थ हे राजेन्द्र ! यो मनःप्रधान लिङ्ग शरीर नै जीवको जन्म-मरणको कारण हो ॥ ७६-७७॥ पुरुष इन्द्रियद्वारा भोग गरिने विषयको ध्यान गरेर नै बारम्बार उनको निम्ति कर्मको आरम्भ गर्दछ तसर्थ ती कर्म भइरहने हुनाले नै अविद्या (अनात्म वस्तुमा आत्मा भिमान) हुन्छ औ अविद्या हुनाले नै त्यो गेहादिको कर्म-पाशमा बाँधिन्छ॥७८॥ तसर्थ यस कर्मबन्धनबाट छुटकारा पाउनको निम्ति सम्पूर्ण विश्वलाई भगवद्रूप संझेर तन-मनले श्रीहरिको भजन गर । उहाँबाट नै यस जगतको उत्पत्ति, स्थिति औ लय हुन्छ ॥७९॥

मैत्रेयजी भन्नुहुन्छ—

यस प्रकारसँग भक्तश्रेष्ठ नारदजी, राजा प्राचीनर्बाहिलाई जीव औ ईश्वरको स्वरुपको दिग्दर्शन गराई, उनीसित विदावारी भएर त्यता-

बाट सिद्ध-लोकतिर लाग्नु भयो ॥ ८० ॥ यस पछि राजा प्राचीनबर्हिले पनि आफ्ना छोराहरूलाई प्रजा-पालनको भार सुम्पेर तपस्या गन.को निम्ति कपिलाश्रमतिर प्रस्थान गर्नु-भयो ॥८१॥ त्यहाँ ती वीरश्रेष्ठ, समस्त विषयको आसक्ति छाडी एकाग्रमनले भक्तिपूर्वक श्रीहरिको चरणकमलको चिन्तन गर्दै तन्मय अर्थात् भगवान्मा लीन भए ॥८२॥ हे निष्पाप विदुरजी ! देवर्षि नारदद्वारा परोक्षरूपमा अर्थात् पुरञ्जनको रूपकमा वर्णन गरिएको यस आत्मज्ञानलाई जसले सुन्ने वा सुनाउने गर्ने छ त्यसले चाँडैनै आफ्नो जन्ममरणको कारणरूप लिङ्गदेहको वन्धनबाट छुटकारा पाउने छ ॥८३॥ देवर्षि नारदको मुखबाट निस्केको यो परम पवित्र आत्मज्ञान मुकुन्द भगवान्को यशसित सम्बध राख्ने हुनाले त्रिलोकीलाई पवित्र गराउने तथा सर्वोत्कृष्ट फल दिने हो । यसको कथा सुन्ने, यस आत्मज्ञानको कीर्तन गर्ने पुरुष समस्त वन्धनबाट मुक्त हुनेछ औ फेरि त्यसले यस संसारचक्रमा भड्कनु पर्ने छैन ॥८४॥ गृहस्थाश्रमी पुरञ्जनको रूपकले परोक्षरूपमा कहिएको यो आत्मज्ञान मैले गुरुजीबाट पाएको थिएँ । यसको तात्पर्य बुझेपछि मानिसको देहाभिमान निवृत्त हुन्छ तथा परलोकमा जीवले कसरी कर्मको फल भोग्दछ भन्ने त्यसको सन्देह पनि रहन पाउँदैन ॥८५॥

अध्याय-३०

प्राचीनबर्हिका छोराहरूलाई विष्णु भगवान्को वरदान ।

विदुरले सोधे—

हे ब्रह्मन् ! तपाईले वर्णन गर्नुभएका प्राचीनबर्हिका छोराहरूले रुद्रगीतद्वारा श्रीहरिको स्तुति गरेर कस्तो सिद्धि भेट्टाए? ॥१॥ वृहस्पतिका शिष्य हे मैत्रेयजी ! भगवान् शङ्कर मोक्षाधिपति श्रीनारायणको अत्यन्त प्यारो हुनुहुन्छ । अकस्मात् उहाँसित प्रचेताहरूको भेट हुनगएको थियो । उहाँको कृपाले श्रीहरिको ध्यानगर्ने उनीहरूले मुक्ति ता अवश्यै भेट्टाएहोलान् । तर मुक्ति पाउनुभन्दा अगाडि उनीहरूले यस लोक औ परलोकमा के के पाए-सो कुरा पनि भन्ने कृपा गर्नोस् ॥२॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! पिताको आज्ञा पालन गर्ने प्रचेताहरूले समुद्रभित्र उभिएर रुद्रगीतको जपरुपी यज्ञ औं तपस्याद्वारा श्रीहरिलाई प्रसन्न गराए ॥३॥ तपस्या गर्दा गर्दैमा दस हजार वर्ष बितेपछि सनातन पुराणपुरुष श्रीनारायणले प्रकट भएर आफ्नो शान्त प्रकाशले, उनीहरूको तपले गर्दा भएको क्लेशलाई तत्कालै दूर गरिदिनु भयो ॥४॥ गरुडको काँधमा विराजमान हुनुभएको उहाँ सुमेरुको शिखरमा श्याम मेघ जस्तो देखिनुभएको थियो । उहाँको शरीरमा पीताम्बर औ घाँटीमा कौस्तुभमणि विराजमान थिए तथा आफ्नो दिव्य कान्तिले सबै दिशालाई अन्धकारशून्य

गराइराख्नु भएको थियो ॥५॥ चहकिला सुनका गहनाले उहाँको गाला औ मुखको अपूर्व शोभा देखिएको थियो, मस्तकमा झल्ल परेको मुकुट धारण गर्नु भएको थियो, आफ्ना आठ बाहुलीमा अस्त्रशस्त्र लिनुभएको थियो। देवता, मुनि एवं पार्षदगण उहाँको सेवामा उपस्थित थिए तथा गरुडजी स्वयं किन्नर स्वरूप भई आफ्ना पखेटाको ध्वनिले उहाँको पवित्र कीर्तिको गान गरिरहेका थिए ॥६॥ उहाँका लामा लामा पुष्ट परेका आठ बाहुलीको बीचमा लक्ष्मीजीसित स्पर्धा गर्ने वनमाला विराजमान थियो । यस प्रकारसँग त्यहाँ पाल्नु भएर आदिपुरुष श्री नारायण, आफ्ना शरणागत प्रचेताहरू तिर दयादृष्टिले हेर्दै, मेघसमानको गम्भीर वाणीले उनीहरूलाई भन्नलाग्नु भयो ॥७॥

भगवान्‌ले भन्नुभयो—

हे राजपुत्र हो ! तिम्रो कल्याण होस् । तिमी सबैको परस्पर बडो प्रेम छ औ तिमीहरू सबैका सबै मेरो उपासनारूप एउटै काममा लागेका छौ । तिम्रो यस आदर्श सौहार्दले गर्दा म बडो प्रसन्न छु । मबाट आफूलाई इच्छालागेको वर माग ॥८॥ सायंकालको समयमा प्रतिदिन तिम्रो स्मरण गर्ने पुरुषलाई आफ्ना भाइहरू माथि आफू समानको प्रेम हुनेछ तथा सम्पूर्ण प्राणीप्रति मित्रताको भाव हुनेछ ॥९॥ सायंकाल औ प्रातःकालको समयमा एकाग्रचित्तले रुद्रगीत द्वारा मेरो स्तुति गर्ने पुरुषलाई म निर्मल बुद्धि औ उसको इच्छानुसारको वर दिनेछु ॥१०॥ तिमीहरूले बडो प्रसन्नतासँग आफ्ना पिताको आज्ञा स्वीकार गरेका छौ तसर्थ तिमीहरूको उत्तम कीर्ति तीनै लोकमा फैलिने छ ॥११॥ तिमीहरूको एउटा बडो प्रसिद्ध छोरा हुनेछ। गुणमा यो कुनै तरहले ब्रह्माजीभन्दा कम हुने छैन तथा आफ्ना सन्तानले तीनै लोकलाई पूर्ण गरिदिनेछ ॥१२॥

हे राजकुमार हो ! तपस्यामा विघ्न पार्नको निम्ति इन्द्रले पठाएको प्रम्लोचा अप्सराबाट कण्डु ऋषिकी एउटी कमलनयनी कन्या जन्मेकी थिई। कन्यालाई छाडेर अप्सरा स्वर्गतिर लागेपछि वृक्षहरूले ती कन्यालाई ग्रहण गरी उसको पालन-पोषण गरे ॥१३॥ भोकले व्याकुल भएर त्यसले रुन लाग्दा औषधिका राजा चन्द्रमाले दया गरेर उसको मुखमा आफ्नो अमृतमय तर्जनी (चोर औंला) हालि दिए ॥१४॥ मेरो भक्तिमा लागेका तिम्रा पिताले तिमीहरूलाई सन्तान उत्पन्न गर्ने आज्ञा दिएकाछन् तसर्थ चाँडैनै ती परम सुन्दरी कन्यासित विहे गरिहाल ॥१५॥ तिमी सबै एउटै धर्ममा तत्पर भएका छौ औ तिमीहरूको स्वभाव पनि एकैनासको छ, यस कारण तिमीहरूकै जस्तो धर्म औ स्वभाव भएकी ती कन्या तिमी दसै जनाको पत्नी हुनेछिन्, उनले आफ्नो हृदय तिमीहरूलाई अर्पण गरिसकेकी छन् ॥१६॥ मेरो कृपाले तिमीहरू हजार दिव्य वर्षसम्म पृथ्वीको दिव्य भोग भोग्ने छौ औ तिमीहरूको तेज कहिले पनि क्षीण हुने छैन ॥१७॥ अन्तमा मेरो अविचल भक्तिले हृदयको समस्त वासनारूप मल दग्ध भएपछि यस लोक तथा परलोकमा नरकसमानका भोग-देखि विरक्त भएर मेरो परमधाममा जाने छौ ॥१८॥ जसको समस्त कर्म भगवदर्पण बुद्धिले

हुन्छन् तथा जसको सारा समय मेरो कथा-वार्तामा बित्तछ, ती मानिस गृहस्थाश्रममा रहे तापनि घर तिनकालागि बन्धनको कारण हुन सक्तैन ॥१९॥ नित्यप्रति मेरो कथा सुनिरहने हुनाले, ब्रह्मवादी वक्ताहरूद्वारा ज्ञानस्वरूप पर-ब्रह्म कहिएको म उनको हृदयमा सधैं नयाँ नयाँ जस्तो मालूम हुन्छु। मलाई प्राप्त गरेपछि पुरुष-लाई शोक, मोह अथवा हर्षको वशमा पर्नु पर्दैन ॥२०॥

मैत्रेयजी भन्नुहुन्छ—

भगवान्को दर्शनले प्रचेताहरूको रजोगुण-तमोगुणरूप मानसिक विकार नष्ट भइसकेको थियो। सकल पुरुषार्थका आश्रय औ सबैका परम सुहृद् श्रीहरिले यति भनेपछि उनीहरू हात जोरेर गद्गद स्वरले उहाँको स्तुति गर्नलागे ॥२१॥

प्रचेताहरूले भने—

हे प्रभो ! भक्तहरूको क्लेश नाश गर्ने तपाईंलाई हामी नमस्कार गर्दछौं। तपाईंको उदार गुण औ नामलाई वेदहरूले समस्त कल्याण प्राप्त गर्ने साधन बताएका छन्। तपाईंको वेग, मन औ वाणीको वेग भन्दा बर्ता छ। इन्द्रियद्वारा तपाईंको मार्गमा गमन गर्नु असम्भव छ, यस्ता तपाईंलाई हामी बारम्बार नमस्कार गर्दछौं ॥२२॥ सदा सर्वदा आफ्नो आनन्दमय रूपमा स्थित रहने हुनाले तपाईं शुद्ध औ शान्त हुनुहुन्छ। मनरूप निमित्तले गर्दा व्यर्थमा तपाईंमा द्वैतभाव देख्तछौं; वास्तवमा जगत्को उत्पत्ति, स्थिति औ लयको निम्ति मायाको गुणलाई स्वीकार गरी तपाईं ब्रह्मा-विष्णु महादेवको रूप धारण गर्नु हुन्छ, यस्ता तपाईंलाई हामी नमस्कार गर्दछौं ॥२३॥ तपाईं विशुद्ध सत्वस्वरूप अर्थात् शक्तिमय हुनुहुन्छ। तपाईंलाई जानेपछि संसारबन्धन छिन्न हुन्छ। हरि,वासुदेव, श्रीकृष्ण औ सबै भक्तहरूका स्वामी तपाईं नै हुनुहुन्छ। यस्ता तपाईंलाई नमस्कार छ ॥२४॥ तपाईंकै नाभीबाट ब्रह्माण्डरूप कमल प्रकट भएको थियो, तपाईंको कण्ठमा कमल-कुसुमको माला सुशोभित छ, चरण कमल समान कोमल छन्, हे कमलनयन ! तपाईंलाई नमस्कार छ ॥२५॥ तपाईंले कमलकुसुमको केशर जस्तै निर्मल पीताम्बर धारण गर्नु भएको छ; समस्त जीवको आश्रय स्थान हुनुहुन्छ,सबै कर्मका साक्षी यस्ता तपाईंलाई हामी नमस्कार गर्दछौं ॥२६॥

तपाईंको यस स्वरूपले समस्त क्लेशलाई नाश गर्दछ। त्रितापले पीडित भएका हामी-हरूको कष्ट दूर गर्न नै तपाईंले यो रूप प्रकट गर्नुभएको हो, योभन्दा बढता कृपा हामीहरू माथि अरू के हुन सक्तछ ? ॥२७॥ अमङ्गलको नाश गर्ने हे नाथ ! दीन दुःखीमाथि कृपा गर्ने समर्थ पुरुषको ता यति मात्र कर्तव्य हो कि मौका मौकामा उनीहरू ती दीन-दुःखीलाई "यी मेरा हुन्" भनेर संझदै गरुन् ॥२८॥ महापुरुषहरूको यस प्रकारको स्मरण मात्रले पनि सकाम क्षुद्र प्राणीको सम्पूर्ण क्लेश शान्त हुन जान्छ। तपाईं ता क्षुद्रातिक्षुद्र प्राणिको समेत अन्तःकरणमा अन्तर्यामीरूपले विराजमान रहने हुनाले सबैको मनमा के इच्छा छ थाहा पाउनु हुन्छ, तसर्थ तपाईंका उपासक हामीहरूको कामना कसरी नजान्नु होला त ? ॥२९॥ हे जगदीश्वर ! मोक्षको बाटो देखाउनु औ स्वयं पुरुषार्थ (मोक्ष) स्वरूप

तपाईं हामीउपर प्रसन्न हुनु भएकोले हामीलाई अब अरू के कुरा चाहियो ? हामीले इच्छा गरेको वरदान तपाईंको यो प्रसन्नता नै हो ॥३०॥ यसो भए तापनि हे नाथ ! प्रकृति आदि भन्दा पनि पर रहने तपाईंसित हामी एउटा वरदान माग्दछौं। तपाईंका विभूतिहरूको कुनै अन्त नै छैन, यसैले तपाईंको नाम अनन्त भएको हो ॥३१॥ भ्रमराले अनायासमा कल्पवृक्ष भेट्टायो भने के त्यसले फेरि अरू कुनै वृक्षको चाह गर्ला त ? यसैगरी साक्षात् तपाईंको चरणकमलको शरणमा आएपछि हामी अब अरू के वर मागौं ! ॥३२॥ अतः हामी केवल यति माग्दछौं—जबसम्म हामी तपाईंको मायाले मोहित भएर आफ्नो कर्मानुसार संसारमा भ्रमण गरिरहन्छौं तबसम्म जन्म जन्ममा तपाईंको भक्तहरूसित हाम्रो संगत भइरहोस् ॥३३॥ हामी ता भगवद्भक्तहरूसितको एकछिनको संगतको बराबर स्वर्ग औ मोक्षलाई समेत सँझन्नौं भने मनुष्यले भोगगर्ने वस्तुको कुरा त कता छ कता ॥३४॥ भगवद्भक्तहरूको समाजमा सदा सर्वदा भगवानको पवित्र कथाको चर्चा भइरहन्छ, जसलाई सुन्नाले मात्र पनि भोगको तृष्णा शान्त हुन्छ। यस समाजमा प्राणीमात्रमा कुनै प्रकारको वैर विरोध रहँदैन तथा कुनै किसिमको चिन्ता वा हडबडी देखिदैन ॥३५॥ यहाँ राम्रा राम्रा भगवत्कथाद्वारा निष्काम भावले संन्यासीहरूका एकमात्र आश्रय साक्षात् श्रीनारायणदेवको महात्माहरूद्वारा बारम्बार गुणगान भइरहन्छ ॥३६॥ तपाईंका यी भक्तहरू तीर्थलाई पवित्र गर्ने इच्छाले पृथ्वीमा पैदल भ्रमण गर्दछन्। संसारका दुःखदेखि डराएका पुरुषलाई कसरी तपाईंका भक्तहरूसितको संगत निको नलाग्ला त ? ॥३७॥

तपाईंका प्रिय सुहृद् शङ्कर भगवान्सितको एक छिनको संगतले गर्दा आज हामीले साक्षात् तपाईंको दर्शन पायौं। जन्म-मरणरूप दुःसाध्य रोगको तपाईं बडो सिपालु वैद्य हुनुहुन्छ, अतः अबलाई हामीले तपाईंको आश्रय लियौं ॥३८॥ मन लगाएर हामीले जति अध्ययन गरेकाछौं, निरन्तर सेवा शुश्रूषा गरेर गुरु, ब्राह्मण औ वृद्धजनलाई खुसी गराएका छौं तथा ईर्ष्याहीन भएर मान्यजन, सुहृद्वर्ग, बन्धुगण एवं समस्त प्राणीको वन्दना गरेका छौं औ केही पनि नखाइपिइकन धेरै कालसम्म जलमा उभिएर तपस्या गरेका छौं-यी सबै सर्वव्यापक पुरुषोत्तमको सन्तोषको कारण बनू---न्केवल यै वर माग्द छौं ॥३९-४० हे स्वामिन् ! स्वायम्भुव मनु, स्वयं ब्रह्माजी, भगवान् शङ्कर, तथा तप औ ज्ञानले चित्त शुद्ध पारेका अरू अरू पुरुष यी सबै तपाईंको महिमाको पार नपाए तापनि आफ्नो शक्ति अनुसार स्तुति गर्दछन्, यसैकारण हामीले पनि आफ्नो बुद्धि अनुसार तपाईंको स्तुति गर्यौं ॥४१॥ हे प्रभो ! तपाईं सर्वत्र समान, शुद्धस्वरूप औ परमपुरुष हुनुहुन्छ। सत्वमूर्ति भगवान् वासुदव तपाईंलाई हामी नमस्कार गर्दछौं ॥४२॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुरजी ! प्रचेताहरूले यस प्रकारसँग स्तुति गरेपछि शरणागतवत्सल श्रीभगवान्ले प्रसन्न भएर "तथास्तु" भन्नुभयो। प्रभुको मधुर मूर्तिको दर्शनले अझ पनि प्रचेताहरूका नेत्र तृप्त भएका थिएनन् तसर्थ उहाँलाई पठाउने

उनीहरूको इच्छा थिएन, यसो भए तापनि अप्रतिहत-प्रभावशाली (मोक्ष दिने) परमेश्वर आफ्नो परमधामतिर लाग्नु भयो ॥ ४३ ॥ तदनन्तर समुद्रको जल बाहिर आएपछि प्रचेताहरूले सम्पूर्ण पृथ्वीलाई अग्ला अग्ला रुखले ढाकेको देखे, स्वर्गको बाटो रोक्नलाई नै यिनीहरू यसरी बढेका हुन् कि भन्ने भान पर्दथ्यो । यो देख्ता उनीहरू, रुखदेखि बडो झोक्किए ॥४४॥ यसरी रिसाएका प्रचेताहरूले पृथ्वीलाई वृक्षहीन गराउने उद्देश्यले आफ्नो मुखबाट प्रलयकालको अग्निसमानको भयानक वायु औ अग्नि निकाले ॥४५॥ समस्त वृक्षलाई यसरी डढेर खरानी हुन लागेको देख्ता ब्रह्माजी त्यहाँ आउनु भयो औ अनेक युक्तियुक्त कुरा गरेर प्राचीनबर्हिका छोराहरूको क्रोध शान्त गर्नुभयो ॥४६॥ जति रुख बाँकि रहेका थिए तिनले डराएर ब्रह्माजीको आदेशले, अप्सराको गर्भबाट कण्डु ऋषिको वीर्यले उत्पन्न भएकी कन्यालाई ल्याएर प्रचेताहरूलाई दिए ॥४७॥ प्रचेताहरूले पनि ब्रह्माजीको आदेशले "मारिषा" नाम गरेकी ती कन्यासित बिहे गरे । यिनको गर्भबाट दक्ष नाम गरेका पुत्र उत्पन्न भए । यी उनै ब्रह्माजीका छोरा दक्ष हुन्, जसले महादेवको निरादर गरेकोले आफ्नो पूर्व शरीर त्यागेर अहिले क्षत्रिय वंशमा जन्मलिनु पर्‍यो ॥४८॥ यिनै दक्षले चाक्षुस मन्वन्तर आए पछि, जबकि कालक्रमले पूर्वसर्ग नष्ट हुन गयो, भगवान्‌को आज्ञानुसार फेरि नवीन प्रजाको सृष्टि गरे ॥४९॥ यिनले जन्म लिनासाथ आफ्नो तेजले समस्त तेजस्वीहरूको तेजलाई फिका पारिदिए । सबै काममा दक्ष अर्थात् चतुरो हुनाले यिनको नाम दक्ष हुनगयो ॥५०॥ यिनलाई ब्रह्माजीले प्रजापतिहरूको नायकको पदमा अभिषिक्त गरी प्रजासृष्टिको रक्षागर्ने काममा नियुक्त गर्नुभयो । दक्षले पनि मरीचि आदि अरू अरू प्रजापतिहरूलाई आफ्नो आफ्नो काममा नियुक्त गरे ॥५१॥

अध्याय-३१

प्रचेताहरूलाई नारदजीले उपदेश गर्नुहुन्छ, यिनीहरू वनतिर लाग्दछन् औ अन्तमा परमपद भेट्टाउँछन् ।

मैत्रेयजी भन्नुहुन्छ—

हजारां दिव्य वर्ष बितेपछि जब प्रचेताहरूमा दिव्य ज्ञानको उदय भयो अनि ता उनीहरूले भगवान्‌को (हजारां वर्ष राज्य गरिसकेपछि मेरो धाममा जाने छौ भन्ने) वाक्य संझी हाले र उत्तीखेरि आफ्नी पत्नी मारिषालाई छोराहरूको जिम्मामा सुम्पी सन्यास लिएर घरबाट निस्किहाले ॥१॥ र पश्चिम दिशामा समुद्रतटमा पुगे, जहाँ उहिले जाजलि नाम गरेका ऋषिले तपस्या गरेर सिद्धि प्राप्त गरेका थिए । यहाँ पुगेपछि उनीहरूले ब्रह्मयज्ञ (आत्मतत्वको विचार) को अनुष्ठान गरे । यस ब्रह्मसत्रको दीक्षा लिएपछि समस्त प्राणीमा एउटै आत्मा विराजमान् छ भन्ने ज्ञान हुन्छ ॥२॥

उनीहरूले प्राण, मन, वाणी औ वाह्य विषयमा आसक्त भएको दृष्टिलाई वशमा गराई आसन स्थिर गरे। अनि विषयदेखि निवृत्त भएको चित्तलाई निर्गुण निराकार ब्रह्ममा लीन गरी शरीरलाई सोझो राखेर बसे। यस्तो अवस्थामा उनीहरूले सुर-असुर दुबैका वन्दनीय नारदजीलाई देखे ॥३॥ नारदजीलाई आएको देख्ना साथ प्रचेताहरू उठेर खडा भए औ प्रणाम गरेर आदरसँग विधिपूर्वक उनको पूजा गरे। नारदजी आरामसँग बस्नु भएपछि प्रचेताहरूले भन्नथाले ॥४॥

प्रचेताहरूले भने—

हे देवर्ष ! हामी तपाईंको स्वागत गर्दछौं आज बडो भाग्यले तपाईंको दर्शन पायौं। हे ब्रह्मन् ! ज्ञानको प्रकाशद्वारा समस्त प्राणीलाई अभय दिनको निम्तिनै तपाईं सूर्य झैं सबै लोकमा भ्रमण गर्नुहुन्छ ॥५॥ हे प्रभो ! भगवान् शङ्कर औ श्री विष्णु भगवान्ले हामीलाई जुन उपदेश दिनु भएथ्यो त्यो गृहस्थीमा आसक्त रहनाले हामीले प्रायः बिर्सिसकेका छौं ॥६॥ अतः परमार्थ तत्त्वको साक्षात्कार गराउने त्यो आत्मज्ञान फेरि हाम्रो हृदयमा जाग्रत् गराइदिनोस्, जसद्वारा कि हामी सजिलैसँग यो दुस्तर संसार पार गन सकौं ॥७॥

मैत्रेयजी भन्नुहुन्छ—

प्रचेताहरूले यस प्रकारसँग सोधे पछि भगवान् नारदले पुण्यकीर्ति श्रीहरिमा चित्त लगाएर ती राजाहरूलाई भन्नलाग्नु भयो ॥८॥

नारदले भन्नुभयो—

हे राजा हो ! जसद्वारा सर्वात्मा सर्वेश्वर श्रीहरिको सेवन गरिन्छ, यस लोकमा मानिसको त्यही जन्म, त्यही कर्म, त्यही आयु, त्यही मन औ त्यही वाणीलाई सफल भन्नुपर्दछ ॥९॥ जसद्वारा आफ्नो स्वरूपको साक्षात्कार गराउने श्रीहरिलाई प्राप्त गर्न सकिन्न त्यस्ता शौक्ल (माताको गर्भबाट हुने); सावित्र (उपनयन संस्कारबाट हुने) औ याज्ञिक (यज्ञमा दीक्षा लिनाले हुने) यी तीन प्रकारका जन्मले, वेदोक्त कर्मले, देवताहरूको जस्तो दीर्घ आयुले, शास्त्र-ज्ञानले, तपले, वाक् चातुरीले, नाना प्रकारका कुराको स्मरण राख्ने शक्ति हुनाले, तीव्र बुद्धिले, बलले खूब धेरै इन्द्रिय-शक्ति हुनाले, योगले, सांख्यको अभ्यासले, संन्यास औ वेदाध्ययनले तथा व्रत वैराग्यादि गरिएका अरू-अरू पनि अनेक प्रकारका कल्याण-साधनले समेत पुरुषलाई केही लाभ छैन ॥ १०-१२ ॥ वास्तवमा समस्त कल्याणको अवधि आत्मा नै हो अर्थात् जति प्रिय वस्तु छन् तिनमा आत्मा नै प्रधान छ। भगवान् हरिनै सबैमा आत्मारूपले रहनु भएको छ, यसै कारण उहाँभन्दा बर्ता प्रिय वस्तु अरू को हुन सक्तछ ॥ १३ ॥ जसरी रुखको जरामा पानी हाल्नाले त्यसको धड, शाखा, उपशाखा, सबै पुष्ट हुन्छन् औ जसरी भोजनद्वारा प्राणलाई तृप्त गर्नाले सबै इन्द्रिय सचेत हुन्छन्, त्यसै गरी श्रीभगवान्को आराधना गर्नाले सबै देवताको उपासना हुन जान्छ ॥ १४ ॥ जसरी वर्षाकालमा जल सूर्यको तापले उत्पन्न हुन्छ औ फेरि ग्रीष्म ऋतुमा उनैको किरणमा प्रवेश गर्दछ, जसरी समस्त चराचर प्राणी पृथ्वीबाट उत्पन्न भएर फेरि पृथ्वीमै मिल्दछन् त्यसै गरी चेतना, चेतनात्मक यो सम्पूर्ण प्रपञ्च (विश्व)

श्रीहरिबाटै उत्पन्न हुन्छ औ उहींमा लीन हुन्छ ॥१५॥ यो दृश्य जगत् उनै जगदात्मा भगवान्को परमपद (स्वरूप) नै हो, जसरी सूर्यको प्रभा उनीदेखि भिन्न छैन त्यसैगरी यो जगत् पनि उहाँदेखि भिन्न छैन, जसरी जाग्रत् अवस्थामा इन्द्रियहरू क्रियाशील हुन्छन् किन्तु सुषुप्तिमा उनको शक्ति लीन भए तापनि प्राण जागृत रहन्छ त्यसैगरी यो जगत् कहिले अर्थात् सृष्टिकालमा भगवान्बाट प्रकट हुन्छ औ प्रलय-कालमा उहींमा लीन हुन्छ तर सुषुप्ति अवस्थाको प्राण झैं उहाँ ता प्रकाशितै रहनुहुन्छ । भगवान्मा द्रव्य, क्रिया औ ज्ञानरूपी त्रिविध अहङ्कारका कार्यको तथा यिनको निमित्तले हुने भेदभ्रमको सत्ता छँदै छैन ॥१६॥ हे राजा हो ! जसरी बादल,अन्धकार औ प्रकाश क्रमशः आकाश-बाट उत्पन्न हुन्छन् औ त्यसैमा लीन हुन्छन तर आकाश भने यिनमा लिप्त हुँदैन, त्यसैगरी यी सत्व-रज-तमोमयी शक्ति अर्थात् मायाको प्रवाह यो संसार कहिले परब्रह्मबाट उत्पन्न हुन्छ औ कहिले उनैमा लीन हुन्छ । यही प्रकार सँग यिनको प्रवाह चलिरहन्छ तर यसबाट आकाशमा झैं परमात्मामा कुनै विकार हुँदैन॥१७॥ अतः ब्रह्मादि समस्त लोकपालहरूका समेत अधीश्वर श्रीहरिलाई आफूदेखि अभिन्न संझेर भज, किनकि उहाँ नै समस्त देहधारीहरूका एक मात्र आत्मा हुनुहुन्छ। उहाँ नै जगत्का निमित्तकारण काल, उपादन कारण प्रधान औ जगत्का नियंता पुरुषोत्तम हुनुहुन्छ तथा आफ्नो काल-शक्तिले उहाँले नै सत्वादि गुणको प्रवाहरूप यस प्रपञ्चको संहार गरिदिनु हुन्छ ॥१८॥

समस्त प्राणीमाथि दया गर्नाले, जेजे भेट्टिन्छ त्यसैमा सन्तुष्ट रहनाले एवं सबै इन्द्रियलाई विषयदेखि निवृत्त गराएर शान्त गराउनाले यी जनार्दन भगवान् झट्टै प्रसन्न हुनुहुन्छ ॥१९॥ सबै प्रकारका वासना दूर भएकोले जसको अन्तःकरण शुद्ध भएको छ त्यस्ता सन्तको हृदयमा निरन्तर बढिराखेको भावनाले तानिएर अवि-नाशी श्रीहरि आउनु हुन्छ औ आफ्ना भक्तको अधीनतालाई चरितार्थ गरेर त्यहाँबाट हृदयकाश झैं कहिले पनि सर्नु हुन्न ।। २० ॥ आफूलाई अर्थात् भगवान्लाई सर्वस्व संझने निर्धन पुरुष नै भगवान्का परम प्रिय हुन्छन् किन कि उहाँ परम रसज्ञ हुनुहुन्छ अर्थात् ती अकिञ्चनहरूको अनन्याश्रया अहैतुकी भक्तिमा कत्तिको माधुर्य्य हुन्छ सो कुरा प्रभु राम्रै गरी बुझ्नु हुन्छ । आफ्नो शास्त्र-ज्ञान, धन, कुल औ कर्मको अहङ्कारमा मत्त भएर निष्किञ्चन साधुको अपमान गर्ने कुबुद्धिहरूले गरेको पूजा ता प्रभु स्वीकारै गर्नु हुन्न ॥२१॥ भगवान् ता स्वयं परिपूर्ण हुनुहुन्छ यसैले आफ्नो सेवामा रहने लक्ष्मी तथा उनको इच्छा गर्ने राजा औ देवता-हरूको समेत केही वास्ता राख्नु हुन्न तर आफ्ना भक्तहरूको ता सदा अधीनमा रहनुहुन्छ। यस्ता भगवान्लाई कुनै कृतज्ञ पुरुषले एक पलाको निम्ति पनि कसरी छोड्न सक्ला ? ॥२२॥

मैत्रेयजी भन्नुहुन्छ—

हे विदुर ! यस प्रकारसँग प्रचेताहरूलाई यस उपदेशको साथसाथै भगवान्का अरू पनि अनेक कथा सुनाएर नारदजी ब्रह्मलोकतिर लाग्नु

भयो ॥२३॥ ती प्रचेताहरू पनि नारदको मुखबाट निस्केका, मानिसको मनलाई निर्मल गराउने भगवच्चरित्र सुनेर भगवान्‌को चरणकमलको चिन्तन गर्न लागे औ अन्तमा उहाँको परम पदमा प्राप्त हुन पुगे ॥२४॥ हे विदुर ! तिमीले मसित नारद औ प्रचेताहरूको भगवत्कथा सम्बन्धी सम्बादको जुन विषय सोधेका थियौ सो मैले वर्णन गरेर सुनाइ दिएं ॥२५॥

श्रीशुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! यहाँसम्म ता स्वायम्भुव मनुका छोरा उत्तानपादको वंशको वर्णन भयो अबलाई प्रियव्रतको वंशको वर्णन पनि सुन ॥२६॥ यी राजा प्रियव्रतले नारदजीबाट आत्मज्ञानको उपदेश पाएपछि पनि राज्यको भोग गरेका थिए औ अन्तमा यो सम्पूर्ण पृथ्वीलाई आफ्ना छोराहरूमा बाँडेर उनी भगवान्‌को परमधाममा प्राप्त भएथे ॥२७॥

मुनिवर मैत्रेयजीद्वारा वर्णन गरिएको, श्रीभगवान्‌को गुणानुवादले युक्त भएको यो पवित्र कथा सुन्दा विदुरको हृदय भक्तिभावले परिपूर्ण हुन गयो, यसैले उनको आँखाबाट आँसूको धारा बग्न लाग्यो। उनले आफ्नो हृदयमा भगवच्चरणको स्मरण गरी आफ्नो मस्तक मैत्रेय मुनिको चरणमा राखिदिए ॥ २८ ॥

विदुरले भने —

हे महायोगिन् ! करुणामय तपाईंले आज मलाई अज्ञानरूपी अन्धकारको पारी पुर्‍याइदिनुभयो, जहाँ अकिञ्चन महापुरुषलाई प्राप्त हुने योग्यका श्रीहरि विराजमान रहनुहुन्छ ॥२९॥

शुकदेवजी भन्नुहुन्छ—

यस प्रकारसँग शान्त चित्त भै विदुरले मैत्रेयजीलाई प्रणाम गरे र उहाँसित आज्ञा ली आफ्ना ज्ञाति बन्धुलाई भेट्ने इच्छाले हस्तिनापुरतिर लागे॥३०॥हे राजन् !हरिमा चित्त लगाएका प्रचेताहरूको यो पवित्र कथा जसले सुन्नेछ त्यसले दीर्घायु, धन, सुयश, मङ्गल, सद्गति औ ऐश्वर्य्य पाउनेछ ॥ ३१ ॥

चतुर्थस्कन्धः समाप्तः

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

पञ्चमस्कन्ध

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

श्रीमद्भागवत-भाषा

पञ्चमस्कन्ध

अध्याय—१

प्रियव्रत—चरित्र

राजा परीक्षित्‌ले सोधे—

हे मुने ! बडा भगवद्भक्त औ आत्माराम भएर पनि राजा प्रियव्रत कसरी गृहस्थाश्रममा प्रवृत्त भए, यस गृहस्थाश्रममा फसेपछि ता जीव आफ्नो स्वरूपलाई बिर्सेर कर्मबन्धनमा बाँधिन जान्छ ॥ १ ॥ हे द्विजश्रेष्ठ ! प्रियव्रत जस्ता विरक्त हरिभक्त महापुरुषहरूको ता यस प्रकारसँग गृहादिमा आसक्ति हुनु ता उचित थिएन ॥ २ ॥ हे ब्रह्मर्षे ! जसको चित्त पुण्यकीर्ति श्रीहरिको चरणको शीतल छायाको आश्रय लिएर शान्त भएको छ त्यस्ता महापुरुषको कुटुम्बादिमा कदापि आसक्ति हुनै सक्दैन—यस कुरामा कुनै प्रकारको सन्देह छैन ॥३॥ हे ब्रह्मन् ! राजा प्रियव्रतले स्वास्नी, घर पुत्रादिमा आसक्त भएर पनि कसरी सिद्धि प्राप्त गरे औ कसरी श्रीकृष्ण भगवान्‌मा उनको अटल भक्ति हुन गयो ? मलाई यस कुरामा ठूलो सन्देह भै राखेको छ ॥ ४ ॥

शुकदेवजीले भन्नुभयो—

हे राजन् ! तपाईंले ठीक भन्नुभयी। जसको चित्त पवित्रकीर्ति श्रीहरिको चरणारविन्दको मकरन्दको रसमा मग्न रहन्छ, तिनीहरू परमहंसहरूलाई प्यारो लाग्ने भगवान्‌को कथालाई नै आफ्नो परम कल्याणमय मार्ग सम्झन्छन् औ कुनै प्रकारको विघ्न बाधा उपस्थित भएमा पनि प्रायः त्पसलाई छाड्दैनन् ॥५॥ हे राजन् ! राजपुत्र प्रियव्रत बडा भगवद्भक्त थिए। श्रीनारद भगवान्‌को चरण-सेवाको प्रभावले उनलाई सजिलै संग परमार्थतत्त्वको बोध भैसकेको थियो। निरन्तर आत्मचिन्तनमा (ब्रह्माभ्यासमा) जीवन बिताउने सङ्कल्प गर्नै आँटेको वेलामा उनका पिता स्वायम्भुव मनुले, पृथ्वी पालनको निम्ति शास्त्रमा बताइएका समस्त श्रेष्ठ गुणले उनलाई पूर्णतया सम्पन्न देखेर, राज्यशासनको निम्ति आज्ञा दिए। तर पहिले नै अखण्ड समाधियोगद्वारा आफ्ना समस्त इन्द्रिय औ कर्मलाई भगवान् वासुदेवको चरणमा समर्पण गरिसकेका ती राजकुमार प्रियव्रतले, राज्याधिकार पाएपछि मेरो आत्मस्वरूप, स्त्री-पुत्रादि असत् प्रपञ्चले आच्छादित हुनेछ, राज्य औ कुटुम्बको चिन्तामा परेपछि परमार्थतत्त्वलाई बिर्सि हाल्नेछु—यस्तो

समझ लिएर, पिताको आज्ञा कुनै प्रकारले उल्लङ्घन गर्ने योग्य नभएतापनि, त्यसलाई स्वीकार गरेनन् ।।६।। यो त्रिगुणमयी जगत्‌को वृद्धि कसरी हुने हो-सदा सर्वदा यै चिन्तामा रहेर, राजाहरूले आफ्ना गुप्तचरद्वारा मण्डलेश्वरहरूको मनोवृत्तिको पत्तो लगाए झैं, समस्त संसारका जीवहरूको अभिप्राय जान्ने आदिदेव ब्रह्माले जब प्रियव्रतको यस्तो प्रवृत्ति देख्नु भयो अनि ता उहाँ चारै वेद औ मरीचि आदि पार्षदहरूलाई संगमा लिएर आफ्नो लोक (सत्यलोक) बाट तल ओर्लंहनु भयो ।।७।। बाटोमा जतातते विमानमा चढेका इन्द्रादि प्रधान देवताहरूले उहांको पूजा गरे तथा बगालका बगाल भएर आएका सिद्ध, गन्धर्व, साध्य, चारण औ मुनिहरूले स्तुति गरे। यस प्रकारसंग आदर सम्मान ग्रहण गर्दै उहाँ साक्षात् नक्षत्रनाध चन्द्रमासमान सुशोभित भएर गन्धमादनको कन्दराको अन्धकारलाई दूरगर्दै प्रियव्रतनिर पुग्नुभयो ।। ८ ।। प्रियव्रतलाई आत्मविद्याको उपदेश दिन भनि नारदजी त्यहाँ आइराख्नु भएको थियो । ब्रह्माजी त्यहाँ पुगेपछि उहाँको वाहन हाँसलाई देख्ता, हाम्रा पिता ब्रह्माजी पाल्नु भएछ भन्ने देवर्षिनारदलाई थाहा भैहाल्यो। यो देख्ना साथ उहाँ, स्वायम्भुव मनु औ प्रियव्रत सहित तत्काल उठेर उभिनु भयो औ सबैले हात जोरेर ब्रह्माजी लाई प्रणाम गरे ।।६।। हे परीक्षित् ! देवर्षि नारदले अनेक प्रकारसंग उहाँको पूजा गर्नु भयो औ मधुर वचनले उहाँका गुण तथा अवतारको उत्कृष्टताको खबसँग वर्णन गर्न भयो। यसपछि आदि पुरुष ब्रह्माजीले मुसुक्क हाँस्तै कृपापूर्ण दृष्टिले प्रियव्रत तिर हेरेर यस प्रकारसँग भन्न लाग्नु भयो ।।१०।।

ब्रह्माजीले भन्नुभयो--

ए नानी प्रियव्रत ! म तिमीलाई बिलकुल साँचो कुरा भन्दछु. ध्यान दिएर सुन तिमीले अनन्त श्रीहरि प्रति कुनै प्रकारको दोष-दृष्टि राख्न हुँदैन । हेर, तिम्रो त के कुरा, हामी, महादेवजी, तिम्रा पिता स्वायम्भुव मनु, तिम्रा गुरु यी महर्षि पनि उहाँको आज्ञाको पालन गर्दछन् किनकि उहाँको आज्ञालाई हामी कसैले पनि टार्न सक्तैनौं ।।११।। उहाँको विधानलाई कुनै देहधारी प्राणीले पनि तप, विद्या, योगबल, बुद्धिबल, अर्थ वा धर्मको शक्तिले अथवा स्वयं या अरू कसैको सहायताले टार्न सक्तैन।।१२।। हे प्रियवर ! उनै अव्यक्त ईश्वरले दिएको शरीरलाई सबै जीव जन्म, मरण, शोक, मोह, भय, औ सुख-दुःखको भोग गर्न तथा कर्म गर्नाको निम्ति सदा धारण गर्दछन् ।।१३।। ए बाबु ! जसरी नाकमा डोरी लागेको चारखुट्टे पशु मानिसको भारी बोकेर हिंड्दछ त्यसै गरी परमात्माको वेदवाणीरूप डोरीमा सत्वादि गुण औ त्रिविध कर्मद्वारा ब्राह्मणादि शब्दको सुदृढ बन्धनमा बाँधिएका हामी सबै उनै ईश्वरको इच्छानुसार कर्म गर्दछौं ।।१४।। जसरी आँखा देख्ने पुरुषले अन्धोलाई आफ्नो इच्छानुसार जता पनि लैजान सक्तछ त्यसैगरी हाम्रो गुण औ कर्मको अनुसार प्रभुले हामीलाई जुन जुन योनिमा नियुक्त गर्नुभएको छ त्यसैलाई स्वीकार गरी हामी ईश्वरद्वारा नियत गरिएको सुख-दुःख

भोगिरहन्छौ ॥१५॥

जसरी सुतेर ब्यूँझेको मानिस जाग्रत् अवस्थामा पनि सपनामा देखेको पदार्थलाई संझन्छ त्यसैगरी देहाभिमान-हीन हुनाले जीवन्मुक्त अवस्थामा प्राप्त भैसकेकाहरूले समेत अघिल्लो जन्मको कर्म निःशेष नभएसम्म तिनको फल भोग्नको निम्ति शरीर धारण गर्नुपर्दछ तर त्यसमा अभिमान ता हुँदैन, त्यसैले अर्को शरीरको प्राप्ति गराउने कर्म औ वासनालाई स्वीकार गर्दैनन् । यसैकारण यिनले अर्को शरीर लिनु पर्दैन, वर्तमान शरीर त्यागेपछि भगवान्मा लीन हुन्छन् ॥१६॥ जसले आफ्ना इन्द्रियलाई वशमा राख्न सकेको छैन त्यसलाई वनमा समेत जन्म-मरणको भय रहिरहन्छ, किन कि मन औ पांच ज्ञानेन्द्रिय यी छवोटा शत्रुले कहिले पनि उसलाई छाड्दैनन् । तर इन्द्रियलाई जितेर आफ्नो आत्मामा रमण गर्ने बुद्धिमान् पुरुषको गृहस्थाश्रमले पनि केही अनिष्ट गर्न सक्ला त ? ॥१७॥ कामक्रोधादि छ शत्रुलाई जित्ने इच्छा भएको पुरुषले पहिले घरैमा बसेर संयमपूर्व्वक तिनलाई आफ्नो वशमा गराउने यत्न गरोस् । जसरी किल्लाको आश्रय लिएर लड्ने राजा आफ्ना प्रबल शत्रुलाई समेत जित्तछ त्यसै गरी आफ्ना यी कामादि शत्रुहरूको बल अत्यन्त क्षीण भएपछि मात्र विद्वान् पुरुषले इच्छानुसार विचरण गर्नुपर्दछ । त्यसको निम्ति घर औ वन समान हुन्छन् ॥१८॥ कमलनाभ भगवान्को चरणकमलको कोपिलारूप किल्लाको आश्रयमा रहेर तिमीले यी छवोटै शत्रुलाई जितिसकेका छौ तापनि पहिले ती पुराणपुरुषले दिएको ऐश्वर्य्यको भोग गर अनि

पछि निःसङ्ग भएर आफ्नो स्वरूप अर्थात् परब्रह्मलाई भज्नु ॥१९॥

श्रीशुकदेवजी भन्नुहुन्छ—

त्रिभुवन-गुरु ब्रह्माले यस प्रकारसँग उपदेश गरेपछि परम भागवत प्रियव्रतले, सानो भएकोले नम्रतापूर्व्वक टाउको निहुराएर, "जो आज्ञा" यति भनेर बडो आदरसँग उहाँको आदेश शिरोपर गरे ॥२०॥ यसपछि स्वायम्भुव मनुले आनन्दसँग विधिपूर्व्वक ब्रह्माजीको पूजा गरे । पूजा ग्रहण गरेर ब्रह्माजी पनि मन औ वाणीको जहाँ पहुँच छैन त्यस्तो मायाको कुनै प्रपञ्च नभएको आफ्नो रूप अर्थात् परब्रह्मको चिन्तन गर्दै आफ्नो लोकतिर लाग्नु भयो । यस समयमा प्रियव्रत औ नारदजी शुद्ध औ सरल दृष्टिले ब्रह्माजीतिर हेरिरहेका थिए अर्थात् योगभ्रष्ट हुन गएको ले प्रियव्रत औ चेला हातबाट उम्केकोले नारद यी दुबै ब्रह्माजी देखि अलिकता पनि असन्तुष्ट भएनन् किनकि सर्वत्र भगवद्भाव हुनाले सबै परिस्थितिमा यिनीहरूको समान दृष्टि थियो॥२१॥

यस प्रकारसँग ब्रह्माजीको कृपाले आफ्नो मनोरथ सिद्ध भएको देखी मनु पनि, देवर्षि नारदको आज्ञाले आफ्नो छोरा प्रियव्रतलाई सम्पूर्ण पृथ्वीमण्डलको रक्षाको भार सुम्पेर, स्वयं विषयरूपी विषालु जलले भरिएको गृहस्थाश्रमरूपी दुस्तर जलाशयको भोगको इच्छा छाडेर, ईश्वरको भजनमा तत्पर भए ॥२२॥ यस प्रकारसँग पृथिवीपति महाराज प्रियव्रत भगवान्को इच्छाले राज्यशासनको काममा नियुक्त भए । सम्पूर्ण संसारबन्धन छुटाउनामा अत्यन्त समर्थ भएका यस्ता आदिपुरुष श्रीभगवान्को

चरणयुगलको निरन्तर ध्यान गरिरहने हुनाले अन्तःकरणको सम्पूर्ण वासना क्षीण हुन गएकोले उनको हृदय अत्यन्त शुद्ध भैसकेको थियो तापनि ब्रह्मा आदि गरिएका आफ्ना मान्यहरूको मान बढाउनाको निम्ति उनी पृथ्वीमण्डलको शासन गर्नलागे ।।२३।। यिनले प्रजापति विश्वकर्माकी छोरी बर्हिष्मती सित बिहे गरे औ यिनको गर्भबाट आफ्नो जस्तै शील, गुण, कर्म, रूप, पराक्रम औ सरल स्वभाव भएका दसवटा छोरा र सबभन्दा कान्छी ऊर्जस्वती नाम गरेकी एउटी छोरी उत्पन्न गरे ।।२४।। अग्निको नाम अनुसार यी छोराहरूको क्रमशः आग्नीध्र, इध्मजिह्व, यज्ञवाहु, महावीर, हिरण्यरेता, घृतपृष्ठ, सवन, मेधातिथि, बीतिहोत्र औ कवि यी दस दाम थिए ।।२५।। यिनीमध्ये कवि, महावीर र सवन–यी तीन नैष्ठिक ब्रह्मचारी थिए । यिनीहरूले बाल्यावस्थादेखिनै अध्यात्मविद्याको अभ्यास गरेर अन्तमा सन्यास आश्रम ग्रहण गरे ।।२६।। यी निवृत्ति-परायण महर्षिहरूले सन्यास आश्रममा प्रवेश गरी सबै जीवका निवासस्थान, भबबन्धनदेखि डराएकाहरूलाई आश्रय दिने भगवान् वासुदेवको श्रीसम्पन्न चरणकमलको निरन्तर स्मरण गरे । यताबाट प्राप्तभएको अखण्डित एवं श्रेष्ठ भक्तियोगको बलले उनको अन्तःकरण सर्वथा शुद्ध हुन गयो औ शुद्ध अन्तःकरणमा प्राप्त हुने समस्त देहधारीहरूका आत्मा जुन परमात्मा हुन् उनैमा देहाभिमान-शून्य मन लगाएर तन्मय भए।।२७।। महाराज प्रियव्रतको अर्को रानीबाट उत्तम, तामस औ रैवत यी तीन छोरा भए। यी तीनै जना आगामी मन्वन्तरका अधिपति भए ।।२८।।

यस प्रकारसँग कवि आदि आफ्ना तीनै छोराले परमहंसाश्रम ग्रहण गरेपछि पृथ्वीपति महाराज प्रियव्रतले एघार अर्वुद (दस करोडको एक अर्वुद हुन्छ) वर्षसम्म पृथ्वीको शासन गरे । सबै पुरुषार्थलाई सिद्ध गर्ने एवं अखण्डनीय बलले परिपूर्ण भएका आफ्ना दुबै बाहुलीले जब यिनी धनुषको डोरी तानेर टङ्कार दिन्थे त्यस वखतमा त्यो शब्द सुन्नाले नै डराएर सबै धर्मद्रोहीहरू युद्ध नगरिकन दब्दथे । प्राणप्रिया बर्हिष्मतीको दिन दिनै बढिराखेको आमोद-प्रमोद औ क्रीडाहरूले गर्दा तथा स्त्रीहरूमा हुने स्वाभाविक लज्जायुक्त हावभाव, मनलाई लठ्ठपार्ने हंसी ठट्टाले गर्दा यद्यपि अरूले देख्ता उनको विवेक औ आत्मज्ञान दबेको जस्तो देखिन्थ्यो तापनि वास्तवमा यस्तो थिएन । बिषयासक्त अज्ञानीको जस्तो आफ्नो अवस्था देखाएर यिनी सब प्रकारको भोग भोग्न लागे. तर वास्तवमा यिनी ती भोगमा आसक्त थिएनन् ।।२९।।

भगवान् सूर्य सुमेरु पर्वतको परिक्रमा गरेर जब त्यसलाई प्रकाशित गर्दछन् त्यस समयमा सूर्यको सामुन्ने पर्ने पृथ्वीको आधा भागमा मात्र प्रकाश हुन्छ, आधीमा ता अन्धकारै फैलिएको हुन्छ-प्रियव्रतलाई यो कुरा निकोलागेन; तसर्थ रातलाई दिन बनाउने विचारले, भगवान्को उपासनाले बढेको छ अलौकिक पराक्रम जसको यस्ता ती राजा प्रियव्रतले सूर्य समानको वेग भएको एउटा ज्योतिर्मय रथमा चढी दोस्रो सूर्य झैं सूर्यको पछि पछि यति अन्तर पारेर पृथ्वीको सातबाजी परिक्रमा गरे कि जब सूर्य अस्ताचल

पुग्दथे त्यस बखतमा यिनको रथ उदयाचलमा चढ्दथ्यो र जब सूर्य उदाउँथे त्यसबेला यिनी अस्ताचलतिर लाग्दथे ॥३०॥ त्यस समयमा उनको रथको पांग्राले जो खाल्डो हुन गए ती नै सात समुद्र भए। यसैले गर्दा पृथ्वीमा सात द्वीप हुन गएको हो ॥३१॥ यी सात द्वीपको नाम क्रमशः जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक औ पुष्कर हुन्। यिनमा अगाडिको भन्दा पछाडिको द्वीपको परिमाण दोब्बर छ औ यी द्वीप समुद्रको बाहिरी भागमा पृथ्वीको चारैतिर फैलिएका छन् अर्थात् प्रत्येक समुद्रपछि एउटा द्वीप औ त्यस द्वीपपछि एउटा समुद्र छ ॥३२॥ यी सात समुद्र क्रमशः नुनिला पानी, उखुको रस, मदिरा, घृत, दूध, मठ्ठा औ शुद्ध जलले भरिएका छन्। यी सातै समुद्रले पूर्वोक्त सात द्वीपलाई खाल्डो जस्तो भएर घेरेका छन् औ परिमाणमा आफ्नो भित्रपट्टिको द्वीपको बराबर छन्। पहिलो द्वीप पछि दोस्रो द्वीप अनि फेरि दोस्रो समुद्र, यै क्रमसँग सातै समुद्र आफ्नो अन्तर्वर्ती द्वीपलाई घेरेर त्यसको चारैतिर रहेका छन्। बर्हिष्मतीका पति प्रियव्रतले आफू समानका शुद्धचरित्र भएका आग्नीध्र, इध्मजिह्व, यज्ञबाहु, हिरण्यरेता घृतपृष्ठ, मेधातिथि औ वीतिहोत्र नाम गरेका सातै छोरा मध्ये प्रत्येकलाई क्रमशः पूर्वोक्त जम्बू आदि द्वीपमध्ये एक एकवटाको राजा बनाइदिए ॥३३॥ आफ्नी ऊर्जस्वती नाम गरेकी छोरीको बिहे शुक्राचार्यसित गरिदिए औ यताबाट शुक्र-कन्या देवयानीको जन्म भयो ॥३४॥ हे राजन्! जसले भगवच्चरणारविन्दको रजको प्रभावले भोक-प्यास, शोक-मोह, जरा–मृत्यु शरीरका यी छ धर्मलाई जितेका छन् त्यस्ता भगवद्भक्तहरूको निम्ति यस्तो पुरुषार्थ हुनु कुनै आश्चर्यको कुरो होइन, किनकि भगवान्‌को नामको केवल एकबाजि उच्चारण गर्नाले चाण्डाल आदि नीच योनिमा जन्मेको पुरुष समेत तत्काल संसार-बन्धनबाट मुक्तहुन्छ ॥३५॥

यस प्रकारसंग अमित बल औ पराक्रमले युक्त भएका ती राजा प्रियव्रतले एक दिन, देवर्षि नारदको चरण-शरणमा प्राप्त भएर पनि फेरि विवश भएर प्रपञ्चमा फस्नु परेकोले अर्थात राज्यभार ग्रहण गर्नु परेकोले, आफूलाई अशान्त जस्तो भएको देख्ता विरक्तभै मनै मनमा यस्तो भन्न लागे ॥३६॥ "अफसोस मैले ता बडो खराब गरें! मेरा इन्द्रियहरूले मलाई अविद्याजनित विषम (दुस्तर) विषयरूप अन्धकूपमा ढकेलिदिए। यो विषयभोगलाई छाड्नै पर्दछ। मता स्वास्नीको खेलाउने बांदर पो भैराखेकोछु मलाई धिक्कार छ, धिक्कार छ"; यस किसिमले उनले आफ्नो घेरै निन्दा गरे ॥३७॥ परम देवता हरिको कृपाले उनको विवेकवृत्ति जाग्रत भएर आयो। यिनले आज्ञा पालन गर्ने आफ्ना छोराहरूलाई यथायोग्य यो समस्त पृथ्वी बाँडिदिए। जसको साथमा यिनले किसिम किसिमको भोग भोगेका थिए ती राजरानीको साथ साथै आफ्नो साम्राज्य लक्ष्मी-लाई समेत मरेको शरीर जस्तै गरी छाडेर, हृदयमा वैराग्य धारण गरी, भगवान्का लीलाको चिन्तन गर्दै त्यसको प्रभावले फेरि नारदले बताएको मार्गको अनुसरण गर्नलागे ॥३८॥

हे राजन्! प्रियव्रतको सम्बन्धमा यी श्लोक प्रसिद्ध छन्:—

राजा प्रियव्रतले गरेको कर्मलाई ईश्वर सिवाय अरू कसले गर्न सक्तछ ? रात्रिको अन्धकार लाई दूर गर्ने प्रयत्नमा लाग्दा यिनले आफ्नो रथको पांग्राले बनेको खाल्डोबाट सात समुद्र बनाई दिए ॥३९॥ प्राणीहरूको सुबिस्ताको निम्ति द्वीपको रचना गरेर पृथ्वीको बिभाग गरिदिए औ प्रत्येक बिभागमा बेग्ला बेग्लै नदी, पर्वत औं वन आदिले त्यसको सीमा निश्चित गरिदिए ॥ ४० ॥ भगवद्भक्त नारदादिका प्रेमी भक्त यिनलेपाताल लोकका, स्वर्गलोकका,मनुष्यलोकका एवं कर्म औ योगको शक्तिले प्राप्त हुने ऐश्वर्य्यलाई नरकतुल्य संझेका थिए ॥४१॥

अध्याय-२

आग्नीध्रको चरित्र-वर्णन।

श्रीशुकदेवजी भन्नुहुन्छ—

पिता प्रियव्रत यस प्रकारसँग तपस्यामा तत्पर भएपछि राजा आग्नीध्र उनको आज्ञाको अनुसरण गरेर धर्ममा दृष्टि राखी जम्बूद्वीपमा बस्ने प्रजाहरूको छोराको समान पालन गर्नलागे ॥१॥ एक चोटि यिनी पितृलोकको कामनाले अर्थात् सुपुत्र-प्राप्तिको निम्ति पूजाको सबै सामग्री एकत्रित गरेर, अप्सराहरूले सदासर्वदा विहार गर्ने मन्दराचल पर्वतको कन्दरामा गए औ तपस्यामा तत्पर भै एकाग्र चित्तले प्रजापतिहरूका पति ब्रह्माजीको आराधना गर्न लागे ॥२॥ आदिदेव भगवान् ब्रह्माजीले आग्नीध्रको अभिलाषा बुझेर, आफ्नो सभामा गाउन लागेको पूर्वचित्ति नामको अप्सरालाई उनीनेर पठाइदिए ॥३॥ त्यो अप्सरा आग्नीध्रको आश्रमको नजीकको अतिरमणीय उपवनमा यताउति टहल्नलागी । त्यस उपवनमा किसिम किसिमका घना रूखको हाँगामा सुनौला रंगका लहराहरू बेह्रिएका थिए औ तिनीमाथि बसेर स्थलचारी मयूरादि नाना प्रकारका पंक्षीहरूको जोडी मधुरो स्वरले गान गरिरहेका थिए । यिनीहरूको षड्जादि स्वरयुक्त ध्वनि सुन्दा सचेत भएका जलकुक्कुट, हाँस, कारण्डव आदि जलचर जीव पनि थरी थरीको मीठो शब्द झिकिरहेका थिए । यसले गर्दा कमलवनले सुशोभित भएको त्यहाँको निर्मल सरोवर नै आनन्दले कोलाहल गर्नलागेको हो कि भन्ने भान पर्दथ्यो ॥४॥

पूर्वचित्ति अप्सरा आश्रमको नगीच विलक्षण विलासयुक्त चालले यताउति डुल्न लागी । बारम्बार भूईंमा खुट्टाले टेक्ता पाउजेब आदि गहनाको छम् छम् शब्द निस्कन्थ्यो । त्यो मनोहर शब्द सुन्दा राजकुमार आग्नीध्रले समाधियोगद्वारा चिम्लिराखेका आफ्ना दुबै नेत्र-कमल अलिकता उघारेर त्योतिर हेरे ॥५॥ अप्सरालाई देख्ना साथ राजा आग्नीध्र कामको वशमा परिहाले। जब त्यो भ्रमरी झैं फुलको नजीक गएर त्यसलाई सुंध्थी त्यस बखतमा देवता तथा मनुष्यको मन औ आँखालाई प्रफुल्लित पार्ने त्यसको सुन्दर हिंडाई, क्रीडा, लज्जा, नम्रतापूर्वकको हेराई, अतिशय मीठो वाणी तथा आफ्नो शरीरको प्रत्येक अङ्गको बनौटले पुरुषको हृदयमा कामदेवलाई प्रवेश गर्नाको निम्ति ढोका जस्तो बनाइदिन्थी।

हाँसि हाँसिकन बोल्दा खेरि उसको मुखबाट अमृततुल्य स्वादिष्ट औ मदिरा समानको मादक मह झर्न लागेको हो कि भन्ने भान पर्दथ्यो। वाक्यको साथमा जुन सुगन्धित स्वास निस्कन्थ्यो त्यसको सुगन्धले लट्ठिएर अन्धोसमान भएका भ्रमराहरू उसको मुखकमललाई चारैतिरबाट घेरिदिन्थे। भ्रमराहरूबाट बचनको निम्ति जब त्यो छिटो छिटोसँग खुट्टा चालेर हिंड्दथी त्यस बखतमा उसको कुचकलश, चुल्ठो औ करधनी हल्लदांखेरि अपूर्व शोभा देखिन्थ्यो। यो सब देख्नाले भगवान् कामदेवलाई आग्नीध्रको हृदयमा प्रवेश गर्ने मौका परिहाल्यो र राजा पनि कामदेवको अधीनमा मै त्यस अप्सरालाई प्रसन्न-पार्नको निम्ति पागल झैं यस प्रकारसँग भन्न-लागे ॥६॥

हेमुनिश्रेष्ठ तिमी को हौ? यस पर्वतमा तिमी के गर्न चाहन्छचौ? परम पुरुष नारायणको तिमी कुनै माया ता होइनौ? (आंखीभूईंतिर संकेत गरेर) हे सखे! विना डोरीका यी दुई धनु तिमीले किन धारण गरिराखेको हो? यिनी-सित तिम्रो आफ्नो कुनै प्रयोजन छ अथवा यस संसाररूप वनमा मसमानका विषयासक्त जीव-रूप मतवाला मृगको शिकार गर्न खोजीरहेकी छौ? ॥७॥ (कटाक्षलाई लक्ष्य गरेर भन्नलागे)। तिम्रा यी कटाक्ष वाणसमान छन्। दुबै नेत्र-कमल यसका पखेटासमान छन्। हाव-भाव, विभ्रमले यी दुबै वाण शान्त देखिन्छन् एवं पुङ्ख-हीन भए तापनि परम रमणीय छन्, यिनक अग्रभाग वडो तीक्ष्ण छ। यस वनमा विचरण गरेर कसमाथि यस वाणका प्रयोग गर्न चाहन्छचौ? तिम्रो सामना गन ता यहाँ कोही देखिदैन, तिम्रो यस पराक्रमले हामी जस्ता जडबुद्धिहरूको कल्याण गरोस् ॥८॥ (भ्रमराहरूतिर हेरेर) भगवन्! तिम्रो चारैतिर यी शिष्यहरू जो अध्ययन गरि-राखेका छन् ती ता निरन्तर रहस्य-युक्त सामवेदका ऋचाहरूको गान गर्दै मानो ईश्वरको आराधना गरिराखेका छन्। ऋषिहरू जसरी वेदका शाखाको अनुसरण गर्दछन् त्यसै गरी यी सबै तिम्रो चुल्ठोबाट झरेका फूलको सेवन गरिरहेका छन् ॥९॥ (पाउजेबको शब्द सुनेर)। हे ब्रह्मन्! तिम्रो चरणरूप पिंजराभित्र थुनिएका तित्राहरूको शब्द ता स्पष्ट सुनिन्छ तर तिनको रूप भने कतै देखिदैन। (करधनी सहितको पहेंलो सारीलाई शरीरको कान्ति सम्झेर भन्दछन्)। तिम्रो यो नितम्ब-स्थलमा कदमको फूलको जस्तो मनोहर कान्ति कताबाट आयो, फेरि यसको माथि बल्दो अंगारको मण्डल जस्तो के देखिएको हो? तिम्रो वल्कल वस्त्र कहाँ छ? के तिमी दिगम्बर भएर नै रह-न्छचौ? ॥१०॥ (कुङ्कुम-मण्डित कुचलाई लक्ष्य-गरेर भन्दछन्)। हे द्विज! तिम्रा यी दुबै रात्रा सिंगमा के भरिराखेको छ? यिनमा अवश्य बडा अमूल्य रत्न भरीएको हुनुपर्दछ, यसैले ता कम्मर पातलो भएर पनि यत्रो भारी बोकिराखेकी छौ। त्यसमा परेको मेरो दृष्टि त्यहीं अड्किराखेको छ। यी सिंगमा तिमीले यो रातो रातो सुगन्धी हिलो जस्तो के लगाइराखेको हो? हे सुभगे! यसको सुगन्धले ता मेरो जम्मै आश्रमलाई सुगन्धित गराइराखेको छ ॥११॥ हे मित्रवर! मलाई आफ्नो देश देखाइदिनोस् जहाँका निवासीहरू

आफ्नो वक्षःस्थलमा हामी समानका पुरुषको हृदयलाई लोभ्याउने यस्तो अद्भुत अङ्गराग धारण गर्दछन् तथा मुखमा विचित्र हाव-भाव, सरस भाषण एवं अधरामृत जस्तो अनौठा वस्तु राख्तछन् ॥१२॥

हेप्रियवर ! तिम्रो भोजन क्याहो ? जसलाई खानाले तिम्रो मुखबाट हवन-सामग्रीको जस्तो सुगन्ध फैलिरहेको छ । मालूम हुन्छ तिमी बिष्णु भगवान्का कुनै कला नै हो, यसैले तिम्रो कानमा कहिले पनि आँखा झिम्म नपार्ने मकरको आकार परेका दुइवटा कुण्डल टल्कि राखेका छन् (कुण्डलमा जडेको रत्नलाई नेत्र संझेर भनेको हो)। तिम्रो मुख सुन्दर सरोवर जस्तो छ, यसमा तिम्रा चञ्चल नेत्र डरले कामिराखेका दुइवटा माछा समान, दन्त-पक्ति हाँस समान औ घुंग्रिएका अलकावलि भ्रमरा समान छन् ॥१३॥ तिमीले आफ्ना करकमलले थाप मारेर उफार्दा खेरि यो भकुण्डो यताउति लागेर मेरो नेत्रलाई चञ्चल गराइ रहन्छ अर्थात् जता यो भकुण्डो जान्छ उतै मेरो दृष्टि पनि जान्छ, तिम्रो घुं-ग्रिएको जटाजूट फुस्कि राखेको छ तर तिमी-लाई यसको पत्तै छैन, हेर, यो धूर्त वायु कस्तो दुष्ट रहेछ, यसले तिम्रो कटिको वस्त्रलाई बारंबार यताउति पारिदिन्छ ॥१४॥ हे तपोधन मुने ! तपस्वीहरूको तपस्यालाई भ्रष्ट पार्ने यो अनूप रूप तिमीले कुन तपस्याको प्रभावले पाएका छौ ? हे मित्र ! आऊ केही दिन मेरो साथमा रहेर तपस्या गर, अथवा सृष्टिको विस्तार गर्ने ब्रह्माजीले ममाथि प्रसन्न भएर तिमीलाई म कहाँ पठाइदिएको हो कि ? ॥१५॥ ब्रह्माले प्रसन्न भएर मकहाँ पठाएको तिमीलाई अब म छाड्न सक्तिन, किनकि तिमीमा आसक्त भएको मेरो मन औ दृष्टि अन्यत्र जान चाहन्नन् । हे ,राम्रो सिंग भएकी सुन्दरी ! जता मन लाग्छ उतै तिम्रो अनुचर मलाई पनि लिएर हिंड । तिम्रा यी कल्याणमयी सखीहरू पनि हामीसँगै हिंडुन्॥१६॥

श्रीशुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! यस प्रकारसँग देवताहरू समानका बुद्धिमान्, आइमाईलाई प्रसन्न पार्नमा सिपालु भएका राजा आग्नीध्रले विषयी पुरुषले झैं मीठा मीठा कुरा गरेर ती अप्सरालाई दङ्ग पारिदिए ॥१७॥ ती अप्सरा पनि वीरसमाजका शिरोमणि, जम्बूद्वीपका स्वामी आग्नीध्रको बुद्धि रूप, शील, अवस्था, लक्ष्मी औ उदारताले आकर्षित भै कैयन् हजार वर्षसम्म उनको साथमा पृथ्वी औ स्वर्गका भोग भोगेर बसिन् ॥१८॥ राजश्रेष्ट आग्नीध्रले उनको गर्भबाट नाभि, किम्पुरुष, हरिवर्ष, इलावृत, रम्यक, हिरण्मय कुरु, भद्राश्व औ केतुमाल नामगरेका नौओटा छोरा उत्पन्न गरे ॥१९॥

यस प्रकारसँग पूर्वचित्तिले वर्षको एउटा छोराको हिसाबले नौ वर्षमा नौ छोरा जन्माएर तिनलाई राजभवनमा छाडी आफू फेरि ब्रह्माजीको सेवामा उपस्थित भइन् ॥२०॥ यी आग्नीध्रका छोरा आमाको अनुग्रहले जन्मेदेखि नै सुदृढ शरीर भएका औ बलशाली थिए । आग्नीध्रले जम्बूद्वीपको नौ खण्ड गरे औ तिनका नाम आफ्ना छोराहरूकोनामबाट राखे । जुन छोराको नामबाट जुन खण्डको नाम परेको थियो त्यस खण्डमा उसैलाई राज्य गर्न दिए ॥२१॥ राजा

आग्नीध्र अप्सरासित दिन दिनै भोग गरेर पनि तृप्त भएनन् । उनी अप्सरालाई नै परमपुरुषार्थ सम्झन्थे । यसकारण वैदिक कर्मद्वारा उनले अन्तमा पितृलोकमा गई ती अप्सरालाई भेट्टाए । यस लोकमा पितृगण आफ्नो सुकृति अनुसार किसिम किसिमको भोगमा मस्त भएर रहन्छन् ॥२२॥ पिताको परलोक वास भएपछि नाभि आदि नौ भाइहरूले मेरुकी छोरी मरुदेवी, प्रतिरूपा, उग्रदंष्ट्री, लता, रम्या, श्यामा, नारी, भद्रा, औ देववीति नामका नौ कन्यासित बिहे गरे ॥२३॥

अध्याय-३

अग्नीध्रका छोरा राजा नाभिको चरित्र-वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

आग्नीध्रका छोरा नाभिका कुनै सन्तान थिएनन्, यस कारण यिनले छोरा नभएकी रानी मरुदेवीको साथमा, सन्तानको कामनाले एकाग्रचित्तले यज्ञको अनुष्ठानद्वारा भगवान् यज्ञपुरुषको आराधना गरे ॥१॥ द्रव्य, देश, काल, मन्त्र, ऋत्विज्, दक्षिणा, विधि—यी यज्ञका साधनद्वारा कसैले विष्णु भगवान्लाई सजिलोसित पाउन सक्तैनन्, तापनि उहाँ आफ्ना भक्तहरूमाथि ता कृपा गरिनै रहनुहुन्छ, यस कारण जब राजा नाभिले श्रद्धापूर्वक विशुद्धभावले उहाँको आराधना गर्न थालेथे अनि ता उहाँको चित्त आफ्नो भक्तले इच्छा गरेको काम गर्न उत्सुक भैहाल्यो। आफ्नो स्वरूप सर्वथा स्वतन्त्र छ तापनि "प्रवर्ग्य" नामक कर्मको अनुष्ठान हुनलाग्दा उहाँले त्यस रूपलाई मन औ आँखालाई आनन्दादिने अङ्गले सुशोभित भएको मूर्तिमा प्रकट गर्नुभयो ॥२॥ भगवान्ले शरीरमा रेशमी पीताम्बर धारण गर्नुभएको थियो, वक्षःस्थलमा मनोहर श्रीवत्सको चिह्न शोभायमान थियो, बाहुलीमा उत्तम शङ्ख, चक्र, गदा, पद्म, तथा घाँटीमा वनमाला औ कौस्तुभमणिको अपूर्व शोभा देखिन्थ्यो । चहकिला उत्तम उत्तम मणिको मुकुट, कुण्डल, कङ्कण, करधनी, हार, बाजूबन्द औ नूपुर आदि आभूषणको प्रभाले सम्पूर्ण शरीरको अङ्ग विभूषित थिए । यस्तो परम तेजस्वी मूर्ति प्रकट भएको देख्ता ऋत्विज, सदस्य, यजमान यी सबै, निर्धन पुरुष अपार धनराशि पाउँदा दङ्ग परे झैं, आह्लादित भए । यसपछि सबैले टाउको निहुराएर बडो आदरसँग नाना प्रकारको सामग्रीले प्रभुको पूजा गरेर यस प्रकारसँग स्तुति गर्न लागे ।।३॥

ऋत्विज्हरूले भने—

हे पूज्यतम ! हामी तपाईंका अनुगत भक्त छौं, हामीले बारंबार तपाईंको पूजा गर्नुपर्दछ, तर हामी अज्ञानीले तपाईंको पूजा गर्न के जानौंला, महात्माहरूको उपदेश अनुसार केवल तपाईंलाई बारंबार नमस्कार गर्दछौं । तपाईं प्रकृति औ पुरुषदेखि परको निराकार परमेश्वर हुनुहुन्छ। आफ्नो आफ्नो बुद्धि अनुसार तपाईंको जुन नाम, रूप औ आकारको कल्पना गरिन्छ ती नाम-रूपादिसित तपाईंको कुनै सम्बन्ध

छैन, कारण तपाईं ता अनाम, अरूप औ निराकार हुनुहुन्छ । यी कल्पित नाम, रूप औ आकारद्वारा कसैले कहिले पनि तपाईंको निरूपण गर्न सक्तैन, किनकि सबै देहधारीहरूको बुद्धि औ मनको गति प्रकृति औ पुरुषको साकार प्रपञ्चसम्म मात्र छ, तपाईं भने प्रकृति औ पुरुष दुबैदेखि परको निराकार हुनुहुन्छ ॥४॥ कुनै पुरुषले सम्पूर्ण जन-समूहको दुःख दूर गर्ने तपाईंको महामङ्गलमय गुणको वर्णन गर्ने साहस गऱ्यो भने पनि त्यसले तपाईंको अपार गुणको एक अंशको मात्र वर्णन गर्न सक्नेछ ॥५॥ तर हे प्रभो ! तपाईंका भक्तले प्रेमगद्गद वाणीले स्तुति गरेर सामान्य जल, पवित्र पल्लव, तुलसीदल औ दूबोको अङ्कुर आदि सामग्रीले पूजा गरे भने तपाईं त्यत्तिकैले परम सन्तुष्ट हुनुहुन्छ ॥६॥

द्रव्य कालादि अनेक अङ्गले युक्त भएको यस यज्ञलाई पनि हामी तपाईंको प्रसन्नताको कारण सम्झन्नौं अर्थात् भक्तले भक्तिसंग गरेको सामान्य पूजाले नै तपाईं प्रसन्न हुनुहुन्छ ॥७॥ सर्वदा मानिसको मनमा उत्पन्न हुने जति पुरुषार्थ छन् औ जसको लागि मानिस कामना गर्दछन् ती सबै पुरुषार्थ तपाईंकै रूप हुन् अर्थात् जति मनोरथ छन् तिनका ईश्वर तपाईं नै हुनुहुन्छ; कुनै कुराको तपाईंलाई खाँचो छैन । यस्तो धूमधामसँग हामी जुन यज्ञ गरिरहेका छौं त्यसको तपाईंलाई विलकुलै चाहा छैन तथापि अनेक प्रकारका कामनाको सिद्धि चाहने हामीहरूलाई ता यस्तै किसिमसँग तपाईंको आराधना गर्नामा उचित पर्दछ ॥८॥ हे परम पुरुषोत्तम ! हामी मन्दमति आफ्नो कल्याण के मा छन् यो कुरा जान्दछौं, न हामीले विधिपूर्वक तपाईंको पूजा गर्न सकेका छौं, यसो भएतापनि जसरी तत्त्वज्ञहरू नबोलाए तापनि करूणाले नै अज्ञानी पुरुषकहाँ जान्छन् त्यसैगरी तपाईं पनि मोक्ष नामक आफ्नो परमपद औ हामीले इच्छा गरेका वस्तु दिन भनी अरू साधारण उपास्यदेव झैं पूजा ग्रहण गर्न हो कि जस्तो गरेर यहाँ प्रकट हुनु भएको छ ॥९॥ हे पूज्यतम ! ब्रह्मादि समस्त वरदायकमा श्रेष्ठ भएर पनि नाभिको यस यज्ञशालामा तपाईंका भक्त हामिहरूको आँखाको सामुन्ने साक्षात् प्रकट हुनुभएको छ । हाम्रो निम्ति ता सब भन्दा ठूलो वर यही भैराखेको छ अब हामीले अरू कुन वर माग्ने ? ॥१०॥

हे प्रभो ! तपाईंका गुणहरूको गान गर्नु परम मङ्गलमय छ, यसै कारण वैराग्यद्वारा प्रज्वलित भएको ज्ञानाग्निद्वारा आफ्नो अन्तःकरणको रागद्वेषादि मललाई डढाइ सकेका अतःएव तपाईंको जस्तै शान्त स्वभाव भएका यस्ता आत्माराम मुनिहरू समेत हरबखत तपाईंको गुणको गान गरिरहन्छन्॥११॥अतः भोक-प्यास लाग्दा,लड्दा, ठक्करखांदा, छच्युँ गर्दा, हाईगर्दा, आपत्तिमा पर्दा एवं ज्वर, मरणादिको अवस्थामा परवश हुनाले तपाईंको स्मरण हुन नसके तापनि कुनै किसिमले भए पनि तपाईंका गुण अनुसारको "सकलकलिमलविनाशक" "भक्तवत्सल" "दीनबन्धु" इत्यादि कल्पित नाम हाम्रो मुखबाट निस्किरहोस्—तपाईंसित यही एउटा वर माग्दछौं॥१२॥

अर्को एउटा प्रार्थना छ । तपाईं साक्षात् परमेश्वर हुनुहुन्छ; स्वर्ग-मोक्ष इत्यादि तपाईंले

दिन नसक्ने कुनै वस्तु छैन । तथापि कंगालि मानिसले परम उदार धनी सित भूस माँगे भैं हाम्रा यजमान यी राजर्षि नाभि सन्तानलाई नै परम पुरुषार्थ लंभेर तपाईं जस्तै छोरा पाउनाको निम्तित तपाईंको आराधना गरिरहेका छन् ॥१३॥ तर यो कुनै आश्चर्यको कुरो होइन । तपाईंको मायालाई कसैले हराउन सकेको छैन, कुनै देहधारी यस्तो होवैन जो यसको वशमा नपरेको होला । तपाईंको मायाको मार्ग अलक्ष्य छ, कसैले त्यसलाई देख्न सक्तैन । तपाईंको मायाको आवरणले सबैको बुद्धि ढाकिएको छ । महापुरुषको चरणको सेवा गर्ने भक्त सिवाय अरू सबैको स्वभावलाई विषयरूपी विषको वेगले दूषित गरिदिन्छ । अर्थात् हाम्रो राजाले पनि तपाईंको मायाले मोहित भएर यस्तो तुच्छ वर मागेका हुन् ॥१४॥ भक्तहरूको अनेक काम गरिदिने हे देवदेव ! मन्दबुद्धि भएका हामीहरूले आफ्नो कामना पूरा गर्नाको निम्ति यस्तो तुच्छ कामका लागि तपाईंको आवाहन गर्‍यौं—यो ता तपाईंको अनादर गर्नु हो । तर समदर्शी हुनुभएकोले हाम्रो अज्ञानीहरूको यस धृष्टतालाई क्षमा गर्नोस् ॥१५॥

शुकदेवजी भन्नुहुन्छ—

भरतखण्डका स्वामी राजा नाभि जसको चरणमा प्रणाम गर्दछन् त्यस्ता ऋत्विज्हरूले यस प्रकारसँग गद्यात्मक स्तोत्रद्वारा स्तुति गरेर चरणको वन्दना गरेपछि देवश्रेष्ठ श्री हरि दयापूर्व्वक यसरी भन्न लाग्नु भयो ॥१६॥

भगवान्‌ले भन्नुभयो—

हे ऋषि हो ! यो ता बडो आश्चर्यको कुरा हो राजर्षि नाभिलाई म समानको छोरा होस् भन्ने तपाईं सत्यवादी महात्माहरूले मसित बडो-दुर्लभ वर माग्नु भयो । हे मुने ! अद्वितीय हुनाले म समानको त म नै छु । जे भए तापनि ब्राह्मणहरूको वचन झूठो हुन सक्तैन, किनकि ब्राह्मण-कुल ता मेरै मुख हो ॥१७॥ यस कारण म आफै आफ्नो अंशकलाले आग्नीध्रनन्दन नाभि कहाँ अवतार लिने छु, किनकि म ता आफू समानको अरू कसैलाई देख्तिन ॥१८॥

शुकदेवजी भन्नुहुन्छ—

महारानी मेरुदेवीको सामुन्ने उनको पतिलाई यति भनेर भगवान् अन्तर्धान हुनुभयो ॥१९॥ हे परीक्षित् । यस यज्ञमा महर्षिहरूद्वारा यस प्रकारसँग प्रसन्न गराइएका श्री भगवान्, नाभि राजाको प्रिय गर्न भनि उनको अन्तःपुरमा महारानी मेरुदेवीको गर्भबाट दिगम्बर सन्यासी औ ज्ञानी नैष्ठिक ब्रह्मचारीहरूको धर्म प्रकट गर्नाको निम्ति शुद्ध सत्वमय मूर्ति ग्रहण गरी (ऋषभदेवको रूपले) जन्म लिनु भयो ॥२०॥

अध्याय-४

ऋषभदेवको अलौकिक चरित्र एवं राज्य—शासनको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

ऋषभदेवलाई जन्मैदेखि विष्णुभगवान्‌को बज्राङ्कुशादि चिन्हलाई प्रकट गर्नै अङ्गले युक्त

भएको तथा समदृष्टि, शान्ति, वैराग्य, औ ऐश्वर्यादि महाविभूतिहरूले गर्दा दिन दिनै उनको प्रभाव बढ्न लागेको देखेर मन्त्री, प्रजा, ब्राह्मण औ देवताहरूलाई यिनैले पृथ्वीको शासन गरुन् भन्ने उत्कट अभिलाषा हुन लाग्यो ।।१।। यिनको सुन्दर औ छाँट परेको शरीर, विपुल कीर्ति तेज, बल, ऐश्वर्य, यश, पराक्रम औ उत्साह आदि गुणले गर्दा पिता नाभिले यिनको ऋषभ (श्रेष्ठ) भन्ने नाम राखे ।।२।।

एक चोटि भगवान् इन्द्रले डाह गरेर ऋषभजीको राज्यमा जलको वर्षा गरेनन्, अनि ता इन्द्रको मूर्खतामा हाँसेर योगेश्वर ऋषभदेवले आफ्नो योगमायाको प्रभावले अजनाभ नाम गरेको आफ्नो खण्डमा खूबसँग जल वरसाए ।।३।। नाभि राजा ता आफ्नो इच्छानुसारको प्रतापी छोरा पाएकोले अत्यन्त आनन्दमग्न भए औ आफ्नै इच्छाले मनुष्य शरीर धारण गन भगवान् पुराण पुरुषलाई, उहाँकै मायाले मोहित भएर पुत्रप्रेमले विह्वल भई गद्गद् वाणीले 'वत्स, पुत्र" भनेर प्रेमपूर्वक लालन गर्नामा बडो आनन्द मान्न लागे ।।४।। पुरवासी,मन्त्रीगण तथा सम्पूर्ण देशवासीहरूको समेत आफ्नो छोरामा दृढ अनुराग देख्ता, राजा नाभिले धर्ममर्यादाको रक्षाको निम्ति ऋषभदेवलाई राज्यासन दिएर ब्राह्मणहरूको जिम्मामा उनको देखरेख गर्ने काम सुम्पिदिएर आफू रानी मेरुदेवीलाई साथमा ली वद्रिकाश्रमतिर लागे । त्यहाँ प्रसन्नतापूर्व्वक एकाग्रचित्तले कठोर तपस्या तथा समाधि-योगद्वारा भगवान् वासुदेवको नर-नारायणरूपको आराधना गरी अन्तमा उहाँकै स्वरूपमा लीन भए ।।५।।

हे पाण्डुनन्दन ! पण्डितहरू राजा नाभिको विषयमा यी दुई श्लोक भन्दछन् :—

राजा नाभिले गरेका प्रसिद्धकाम अरू कुन पुरुषले गर्न सक्तछ ? उनको पवित्र कर्मले सन्तुष्ट भएर साक्षात् विष्णु भगबान् उनको छोरा भएर जन्मनु भयो ।।६।। महाराज नाभि समान ब्राह्मण-भक्त पनि अरू को हुन सक्तछ ? यिनीद्वारा दक्षिणा आदिले सन्तुष्ट भएका ब्राह्मणहरूले आफ्नो मन्त्रबलले यज्ञशालामा उनलाई विष्णु भगवान्को दर्शन गराइदिए ।।७।।

भगवान् ऋषभदेवले आफ्नो देश अजनाभ खण्डलाई कर्मक्षेत्र मानेर अरू दुनियांलाई शिक्षा दिनाको निम्ति केही कालसम्म गुरुकुलमा वास-गरे, शिक्षा ग्रहण गरिसकेपछि गुरु-दक्षिणा दिएर गुरुदेवको आज्ञा लिइकन घर फर्के र गृहस्थहरू-लाई धर्माचरणको शिक्षा दिनाको निम्ति देव-राज इन्द्रले दिएको उनकी छोरी जयन्तीसित बिहे गरी श्रुति औ स्मृतिमा वर्णन गरिएका दुबै प्रकारका कर्मको आचरण गर्दै, उनको गर्भबाट आफूसमानको गुण भएका सयवटा छोरा उत्पन्न गरे ।।८।। यी सय छोरामा महायोगी भरत जेठा औ सबैभन्दा वर्त्ता गुणवान् थिए । यिनैको नाम-बाट अजनाभखण्डको भारतवर्ष भन्नेनाम चलेको हो ।।९।। यिनीभन्दा मनिका कुशावर्त, इलावर्त, ब्रह्मावर्त, मलय, केतु, भद्रसेन, इन्द्रस्पृक्, विदर्भ, कीकट नाम गरेका नौ राजकुमार भरतका अनुगामी औ शेषनव्वे भाइहरूभन्दा प्रधान थिए ।।१०।।

शेष नव्वेमा कवि, हरि,अन्तरीक्ष, प्रवुद्ध, पिप्पलायन, आविर्होत्र, द्रुमिल, चमस र करभाजन-

यी नौ राजकुमार भागवतधर्मको प्रचार गर्ने वडा भगवद्भक्त थिए । भगवान्‌को महिमाले युक्तभएको तथा परम शान्तिपूर्ण यिनीहरूको चरित्र नारद–वसुदेव–सम्वादको प्रसङ्गले पछि (एकादश स्कन्धमा) वर्णन गर्नेछु ।।११–१२।। यिनीहरूभन्दा कान्छा एकासी जयन्तीपुत्र बाबुको आज्ञा पालन गर्ने, अतिनम्र, वेदज्ञ औ निरन्तर यज्ञ गर्ने भए। यी सबै पुण्य कर्म गर्नाले शुद्ध भएर ब्राह्मण भए ।।१३।।

भगवान् ऋषभदेवले, परम स्वतन्त्र हुनाले अनर्थरूप मायाको प्रपञ्चदेखि निवृत्त एवं विशुद्ध आनन्दमय, ज्ञानस्वरूप साक्षात् ईश्वर भए तापनि अज्ञानी साधारण मनुष्यले झैं काम गरे। धर्म-कर्म गर्ने यिनलाई केही आवश्यकता थिएन तापनि कालक्रमले चलि आएको धर्मको आचरण गरेर, त्यसको तत्त्व न बुझेका सर्वसाधारणलाई त्यसको शिक्षा दिए। यसको साथसाथै समदृष्टि, शान्त, सुहृद औ कारुणिक भैकन यिनले आफ्नो आचरण-द्वारा सबैलाई गृहस्थाश्रम धर्म, अर्थ, यश, पुत्रोत्पत्ति, भोग औ मोक्ष प्राप्त गर्ने आवस्यकता राम्रोसँग देखाइदिए ।।१४।। किन कि महापुरुषहरू जस्तो जस्तो आचरण गर्दछन् त्यस्तै अन्य साधारण पुरुष पनि गर्दछन् ।।१५।। सम्पूर्ण धर्मको साररूप वेदको गूढ रहस्य बुझेको भएता पनि ऋषभदेव ब्राह्मणहरूले बताएको विधि अनुसार सामदामादि नीतिको अवलम्बन गरेर प्रजाको पालन गर्दथे ।।१६।। यिनले शास्त्र औ ब्राह्मणहरूको उपदेश अनुसार भिन्न भिन्न देवताहरूको उद्देश्यले उचित देशमा, उचित समयमा औ उचित अवस्थामा श्रद्धापूर्ब्वक उचित सामग्रीले श्रेष्ठ ऋत्विज-हरूद्वारा सय यज्ञ गरे ।।१७।। भगवान् ऋषभदेवको शासनकालमा यस देशका कुनै मानिस पनि आफ्नो निम्ति कसैसित पनि आफ्नो प्रभुमाथिको दिन दिन बढने अनुराग सिवाय अरू कुनै वस्तुको इच्छा गर्दैन थे। यति मात्र होइन, आकाशकुसुमादि अविद्यमान वस्तु झैं कोही कसैको चीजपट्टि दृष्टिपातसम्म पनि गर्दैनथ्यो ।।१८।। एक चोटि भगवान् ऋषभदेवजी घुम्दा घुम्दै ब्रह्मावर्त्त देशमा पुगे। त्यहाँ वडा वडा ऋषिहरूको सभामा यिनले प्रजाहरूको सामुन्नेमा आफ्ना विनय,प्रजाप्रेम तथा सौजन्यले परिपूर्ण भएका एवं शान्तस्वभावका छोराहरूलाई प्रजापालनसम्वन्धी शिक्षा दिनाको निम्ति यस प्रकारसँग भन्न लागे ।।१९।।

—०—

अध्याय–५

ऋषभदेवले आफ्ना छोराहरूलाई दिएको उपदेश तथा स्वयं आफूले अवधूतवृत्ति ग्रहण गरेको वर्णन

ऋषभदेवले भने—

हे छोरा हो ! यस मर्त्यलोकमा नरदेह पाएर जीवले दुःखमय विषयभोगमा लिप्त रहनु उचित छैन। विष्टा भोजन गर्ने सुंगुर, कुक्कुरहरूले पनि यी विषयको भाग गर्दछन्। यस शरीरद्वारा ता दिब्य तप नै गर्नुपर्दछ, तप गर्नाले अन्तःकरण शुद्ध हुन्छ औ अन्तःकरण शुद्ध भएपछि अनन्त ब्रह्मा-

नन्दको प्राप्ति हुन्छ ॥१॥ शास्त्रले महापुरुषको सेवालाई मुक्तिको औ स्त्री-सेवक कामी पुरुषको सगतलाई नरकको ढोका भनेको छ। जो समदर्शी, क्रोधरहित, परम शान्त, सबैका हितचिन्तक औ सदाचार सम्पन्न छन् तिनै महापुरुष हुन् ॥२॥ म परमात्मा प्रतिको प्रेमलाई नै परम पुरुषार्थ सँझनेहरू नै यथार्थमा महात्मा हुन्, पेट पाल्ने काममा लागेकाहरूमा तथा स्वास्नी-छोरा-धन आदि सामग्रीले सम्पन्न भएको घरमा यिनको प्रेम हुँदैन औ केवल शरीरनिर्व्वाहको निम्ति यिनीहरू लौकिक कार्यमा प्रवृत्त हुन्छन् ॥३॥ मानिस इन्द्रियलाई तृप्त गर्नको निम्ति नै प्रायः प्रमत्त भएर विरुद्ध कर्म अर्थात् पाप-कर्म गर्दछ। एक चोटि जुन पाप कर्म गर्नाले आत्मालाई, असत्य भएतापनि, क्लेश दिने यो शरीर प्राप्त भएको छ, त्यही कर्मलाई फेरि यही शरीरले गर्नु ता मेरो समझले ठीक देख्तैन॥४॥ जबसम्म मानिसलाई आत्मतत्त्व जान्ने इच्छा हुँदैन तबसम्म उसलाई अज्ञानद्वारा आफ्नो रूपको अर्थात् शुद्ध अवस्थाको विस्मृति हुन्छ। जबसम्म यो लौकिक-वैदिक कर्ममा फसिरहन्छ तबसम्म त्यसको मनमा कर्मको वासना रहिरहन्छ र यसैले गर्दा उसलाई देह बन्धनको प्राप्ति पनि भैरहन्छ ॥५॥ यस प्रकारसँग अविद्याद्वारा आत्मस्वरूप आच्छादित भएकोले कर्मवासनाको वशीभूत भएको चित्त मानिसलाई फेरि कर्म गर्नको निम्ति प्रेरणा गर्दछ। अतः जबसम्म मानिसलाई म वासुदेवमा प्रीति हुँदैन तवसम्म त्यो देहबन्धनबाट छुटकारा पाउँदैन ॥६॥ आफ्नो वास्तविक स्वार्थ अर्थात् परमार्थको निम्तिमा पागल भएर जबसम्म मानिस विवेक दृष्टिको आश्रय लिएर इन्द्रियका चेष्टाहरू-लाई मिथ्या संझदैन तबसम्म त्यो मूढ आफ्नो वास्तविक स्वरूपको स्मृति नभएको आफूलाई वडो बुद्धिमान् संझने भए तापनि मैथुनसुख-प्रधान गृहादिमा आसक्त भै किसिम किसिमका क्लेशले पीडित भैरहन्छ ॥७॥

प्रत्येक नरनारीको जन्मसमयदेखि नै हृदयसित सम्बन्ध भएको एक प्रकारको ग्रन्थि (ममतारूप आकर्षण शक्ति) हुन्छ। स्त्री औ पुरुषमा परस्पर दाम्पत्यभाव हुनासाथ यो गाँठो झन् बलियो हुनजान्छ। यै दुर्भेद्य ग्रन्थिले गर्दा पुरुषलाई घर, खेत, छोरा, स्वजन औ धन आदिमा "म-मेरो" भन्ने मोह उत्पन्न हुन्छ ॥८॥ मनुष्यको कर्मवास-नाले गर्दा जकडिएको मनस्वरूप हृदयको यो सुदृढ ग्रन्थि जब महापुरुषहरूसितको संगतले खुकुलो हुन्छ अर्थात् विषयदेखि हटेर मन मतिर लाग्दछ अनि त्यो दाम्पत्यभावले निवृत्त भै संसारको कारणरूप अहङ्कारको त्याग गरेर, सब प्रकारको बन्धनबाट मुक्त भै परमपद प्राप्त गर्दछ ॥९॥ हे पुत्र हो! संसार सागरलाई पार गर्नामा कुशल तथा धैर्य, उद्यम एवं सत्वगुण विशिष्ट पुरुषले सबैको आत्मारूप, विशुद्ध गुरु ममा अनन्य भक्ति राखेर, तृष्णाको त्याग गरेर, सुख-दुःखादि परस्पर विरुद्ध धर्मलाई सहेर, "जीवलाई जुन सुकै योनिमा पनि दुःखै भोग्नु पर्दछ" भन्ने समझ लिएर, तत्त्व जान्ने अभिलाषाले, तपले सकाम कर्मको त्याग गर्नाले, मेरै निम्ति कर्म गर्नाले, नित्यप्रति मेरो कथा श्रवण गर्नाले, मेरा भक्तहरूसितको संगत औ मेरा गुणको कीर्तन गर्नाले, कसैसित वैरभाव

न राख्नाले, समदृष्टि औ इन्द्रियहरूलाई शान्त राखेर, शरीर घर आदिमा म-मेरो भन्ने भाव-लाई त्याग्ने इच्छाले,अध्यात्म शास्त्रको अभ्यासले, निर्जन स्थानमा रहनाले, प्राण-इन्द्रिय-मनलाई राम्रोसँग जित्नाले, गुरु औ शास्त्रादिमा श्रद्धा राख्नाले, ब्रह्मचर्यले, आफ्नो कर्तव्यमा सदा सावधान रहनाले, बाणीको संयमले, सर्वत्र मेरै सत्ता देख्नाले, अनुभवयुक्त ज्ञान सहितको तत्त्व विचारले औ योग साधनले अहङ्काररूप आफ्नो लिङ्ग शरीरलाई लीन गरिदेओस् ॥१०-१३॥ यस प्रकारसँग सबै कर्मको आधार, अविद्याले प्राप्तभएको यो जो हृदय-ग्रन्थिको बन्धन छ त्यसलाई पूर्वोक्त साधनद्वारा, मैले दिएको उपदेश अनुसार, सावधानीसँग पूर्णरूपले नष्ट गरिसके पछि, अन्तमा ती साधनलाई समेत त्यागि देओस् ॥१४॥

मेरो लोकको कामना गर्ने अथवा मेरो अनुग्रह प्राप्तिलाई परम पुरुषार्थ संझने पुरुषले राजा भए आफ्नो अबोध प्रजालाई, गुरु भए शिष्यलाई औ बावु भए आफ्नो छोरालाई यस्तै शिक्षा देओस् । अज्ञानले गर्दा यदि उनीहरू त्यस शिक्षा अनुसार न चलेर कर्मलाई नै परम पुरुषार्थ संझदै रहे भने पनि तिनीहरूमाथि न रिसाओस् बरू संझाइबुझाईकन कर्ममा प्रवृत्त हुन नदेओस् । विषयासक्तियुक्त काम्य-कर्ममा तिनलाई लगाउनुता अन्धोलाई जानि जानिकन खाल्डोमा जाक्नु जस्तो हो । यसबाट कुन पुरुषार्थको सिद्धि होला ? ॥१५॥ मानिसहरू आफ्नो वास्तविक कल्याण केमा छ सो कुरा न बुझेर नाना प्रकारको कामनाले अन्धो भैकन तुच्छ, क्षणिक सुखको निम्ति परस्पर वैरभाव राख्तछन् औ निरन्तर विषय भोगको निम्ति प्रयत्न गरिरहन्छन् । यस वैर-विरोधले गर्दा नरक आदि अनन्त घोर दुःखको प्राप्ति हुन्छ भन्ने कुरा ती मूर्खहरू विचारै गर्दैनन् ॥१६॥ कुबाटोबाट जानलागेको अन्धो मानिसलाई आँखा देख्नेले त्यो बाटोमा जानलाई न रोक्ला त ? त्यसै गरी अज्ञानीलाई अविद्यामा मोहित भै दुःखतिर जानलागेको देख्ता कुनै दयालु औ विवेकी पुरुषले त्यसलाई त्यही बाटोबाट जान देला अथवा जानलाई प्रेरणा गर्ला त ? ॥१७॥ भगवद्भक्तिको उपदेश दिएर जो मानिस टाउकोमा सवार भैराखेको मृत्यु बाट रक्षा गर्दैन, संसार बन्धनबाट मुक्त गराउँदैन त्यो गुरु गुरु नै होइन, स्वजन स्वजन नै होइन बाबु बाबु नै होइन, आमा आमा नै होइन, इष्टदेव इष्टदेव नै होइन औ पति पति नै होइन ॥१८॥

मेरो यो शरीर सर्वथा अचिन्तनीय छ-मेरो इच्छाले नै ग्रहण गरिएको हो। धर्ममय शुद्ध सत्वगुण मेरो हृदय हो । अधर्मलाई मैले पिठ्यूँमा ठाउँ दिएको छु अर्थात् टाढा फ्याँकि दिएको छु. यसै कारण साधु पुरुष मलाई ऋषभ (श्रेष्ठ) भन्दछन् ॥१९॥ तिमी सबैले मेरो शुद्ध सत्वमय हृदयबाट जन्म लिएका छौ, यस-कारण निष्कपट भावले आफ्ना जेठा दाजु महात्मा भरतको सेवा गर अर्थात् आज्ञा-पालन गर । भरतको सेवा गर्नाले नै तिमीहरूको प्रजा-पालन कर्तव्य पूर्ण हुने छ ॥२०॥ हेर, चेतना-हीन औ सचेतन पदार्थमा वृक्ष अत्यन्त श्रेष्ठछन् ती भन्दा सर्पादि कीरा औ ती भन्दा पनि ज्ञान-

युक्त पशु आदि श्रेष्ठ छन् । पशुहरू भन्दा मानिस, मानिस भन्दा भूत-प्रेत आदि प्रमथगण प्रमथगणहरू भन्दा गन्धर्व,गन्धर्वभन्दा सिद्ध औ सिद्धहरू भन्दा देवताहरूका अनुयायी किन्नरादि श्रेष्ठ छन् ॥२१॥ किन्नरहरू भन्दा इन्द्रादि देवता औ देवताहरू भन्दा पनि ब्रह्माजीका छोरा दक्षादि प्रजापतिहरू श्रेष्ठ छन् । ब्रह्माजीका छोराहरूमा भगवान् शङ्कर सर्वश्रेष्ठ छन् । यिनी ब्रह्माबाट उत्पन्न भयका हुन् तसर्थ ब्रह्मा यिनीभन्दा श्रेष्ठ छन् उनी पनि मबाट उत्पन्न भएका हुन् औ मेरो उपासना गर्दछन् यसकारण म उनीभन्दा पनि श्रेष्ठ छु । परन्तु ब्राह्मण मभन्दा पनि श्रेष्ठ छन् किनकि उनीहरूलाई म आफ्नो पूज्य संझन्छु ॥२२॥

हे ब्राह्मण हो ! यस जगत्मा म कुनै प्राणीलाई पनि ब्राह्मण समान देख्तिन भने उनीहरू भन्दा बढता अरू कसलाई मानूँला ? मनुष्यहरूद्वारा ब्राह्मणहरूको मुखमा श्रद्धापूर्वक हवन गरिएको अन्नलाई म जत्तिको प्रसन्न भएर ग्रहण गर्दछु त्यत्तिको सन्तोष भएर ता म अग्निरूप मेरो मुखमा हवन गरिएको सामग्रीलाई पनि स्वीकार गर्दिन ॥२३॥ जसले यसलोकमा अध्ययनादिद्वारा मेरो वेदरूप अति सुन्दर औ पुरातन मूर्तिलाई धारण गरिराखेका छन् औ जो परम पवित्र सत्वगुण, शम, दम, सत्य, दया, तप, तितिक्षा औ ज्ञानादि आठ गुणले सम्पन्न छन्-यस्ता ब्राह्मणहरू भन्दा बढता अरू को हुन सक्तछ ? ॥२४॥ हेर; म ब्रह्मादिहरू भन्दा पनि श्रेष्ठ औ अनन्त छु तथा स्वर्ग औ मोक्ष सम्म पनि दिन सक्तछु तर मेरो अकिञ्चन भक्त ती महात्मा ब्राह्मणहरू कत्तिका निस्पृह हुन्छन् भने मबाट कहिले पनि कुनै कुराको इच्छा गर्दैनन्, केवल मेरो भक्तिमा नै सन्तुष्ट रहन्छन् राज्यादि अरू वस्तुको ता यिनीहरू किन इच्छा गरिरहन्थे ? ॥२५॥

हे छोरा हो ! सम्पूर्ण चराचर प्राणीलाई मेरो बस्ने ठाउँ संझी हरबखत शुद्ध बुद्धिले उनको सेवा गरे— यही मेरो सबभन्दा ठूलो पूजा हो ॥२६॥ मन, वचन,नेत्र तथा अरू इन्द्रियहरूका चेष्टाहरूको चाल साक्षात् मेरो यस प्रकारको पूजा नै हो । यस किसिमको पूजा नगरिकन कुनै मानिस पनि आफूलाई महमोहमय यमपाशबाट छुटाउन सक्तैन ॥२७॥

शुकदेवजी भन्नुहुन्छ—

महाप्रभावशाली, परम सुहृद् भगवान् ऋषभले, स्वयं सब प्रकारबाट राम्रो शिक्षा पाएका भए तापनि, अरू दुनियालाई शिक्षा दिने उद्देश्यले, आफ्ना छोराहरूलाई यस किसिम सँग उपदेश दिए । यसपछि ऋषभदेवले, शान्त स्वभाव-निवृत्ति परायण महामुनिहरूको भक्ति-ज्ञान-वैराग्यमय परमहंस-धर्मको शिक्षा दिनको निम्ति परमभगवद्भक्त एवं भगवद्भक्तहरूका भक्त, आफ्ना सय छोरामा सबभन्दा जेठा भरतको पृथ्वीपालनको निम्ति राज्याभिषेक गरेर आफू बौलाहा जस्तौ नाङ्गो भएर, कपालका रउँ फुकाएर, आवहनीयादि सम्पूर्ण अग्निलाई आफूमा लीन गराई बिरक्त भएर ब्रह्मावर्त्त देशबाट बाहिर निस्के । यस समयमा उनीसित परिग्रहको रूपमा केवल शरीर मात्र थियो, अरू सबै धरमा छँदै छाडिसकेका थिए ॥२८॥ यिनी

जड, अन्धो, लाटो, बहिरो, पिशाचग्रस्त औ बौलाहाको जस्तै केष्टा गरेर अवधूत भेषमा जताततै घुम्नलागे । बाटोमा कसैले केही कुरा सोध्यो भने पनि मौन धारण गरी बोल्दै बोल्दैन थे ॥२९॥ शहर, गाउँ, खानी, किसानहरूको बस्ती, बगैंचा, पहाडी गाउँ, छाउनी; गोशाला ग्वालाहरूको वस्ती, यात्रीहरूको जमाथ, पर्वत, वन, आश्रम आदि जुन जुन ठाउँमा यिनी जान्थे त्यहाँ त्यहाँ बाटोमा, बनैला हात्तीलाई झिंगा- हरूले सताए झैं, दुष्टहरू हप्काएर, पिटेर, पिशाब गरेर, ढुङ्गाले हिर्काएर, विष्ठा औं धूलो फ्याँकेर अधोवायु छाडेर कठोर वचन भनेर यिनको अपमान गर्दथे; तर उनी यी कुनै कुरामा पनि ध्यान दिन्नथे; किनकि भ्रमले सत्य कहिने यस मिथ्या शरीरमा उनको अलिकता पनि ममत्व औं अभिमान थिएन । उनी कार्य—कारणरूप समग्र जगत्का साक्षी भएर आफ्नो परमात्म- स्वरूपमा नै स्थित थिए, यसै कारण अखण्ड चित्तवृत्तिले एक्लै पृथ्वीमा विचरण गरि- रहन्थे ॥३०॥ यिनका हात, खुट्टा, छाती, विशाल बाहु, काँध, घाँटा, मुख आदि अङ्गको बनौट बहुतै राम्रो थियो । जन्मैदेखिको राम्रो मुख स्वाभाविक मुसकानले गर्दा अझ बर्ता राम्रो देखिन्थ्यो । यिनका दुवै नेत्र नवीन कमल जस्तै अतिशय राम्रा, विशाल, सन्तापहारी, एवं अलि अलि राता थिए । गाला, कान, नाक इत्यादि अंग न साना न ठूला, एकनासका औ खूब छाँट परेका थिए। यिनको मन्दमुसकान युक्त मनोहर मुखारविन्दको शोभादेख्ता सहरका आइ- माईहरूको मन कामातुर हुन जान्थ्यो । यस्तो परम रूपवान् भए तापनि लट्टा परेका, धूलोले गर्दा खैरो भएका, लामा लामा, घुंग्रिएका, मुखको अघिल्तिर झुण्डिएका रउँको झुप्पाको महान् भारले औ अवधूतको झैं शरीरभरी धूलै धूलो लागेकोले यिनी पागल जस्तै देखिन्थे ॥३१॥

जनसमूहलाई आफ्नो योगानुष्ठानमा विघ्न पार्ने देखे पछि, विभत्सवृत्तिलाई नै यसबाट बच्ने उपाय देखेर यिनले अजगर-वृत्ति धारण गरे अर्थात् सुति सुतिकन खान, पिउन, चपाउन औ मलमूत्र समेत त्याग्न लागे ! आफूले त्याग गरेको मलमा लोट पोट गरेर यिनी समस्त शरीरलाई त्यसैमा मुछिदिन्थे ॥३२॥ तर त्यस मलमा दुर्गन्धको नामसम्म पनि थिएन, बरु त्यसको सुगन्ध लिएर बहेको हावाले चारैतिर दस योजन सम्मको जंगालाई सुगन्धित गरि- दिन्थ्यो ॥३३॥ यस प्रकारसँग गाई, मृग, औ काकादिको वृत्ति स्वीकार गरी ऋषभदेव गाई, मृग औ काग झैं कहिले हिंड्दा हिंड्दै, बसेको बसै औ कहिले सुतेको सुतै खान, पिउन, औ झाडा पिसाब गर्न लागे ॥३४॥ यस प्रकारसँग मोक्षपति भगवान् ऋषभदेवले परमहंसहरूलाई त्यागको आदर्श–शिक्षा दिनाको निम्ति अनेक योगचर्याको आचरण गरे । उनी निरन्तर सर्वश्रेष्ठ महान् आनन्दको अनुभव गरिरहन्थे । सम्पूर्ण प्राणीहरूका आत्मा, आफ्नो आत्मस्वरूप वासुदेव भगवान्मा अभिन्नभावले प्राप्त भएकोले उनका सबै पुरुषार्थ पूर्ण भैइसकेका थिए अर्थात् उनलाई कुनै विषयको आकांक्षा थिएन । यसै- कारण आकाशगमन (आकाशमा उड्नु), मनोजवित्य (मनको समान शरीरको पनि गति

हुनु अर्थात् जहाँ इच्छा लाग्यो उहीं पुग्नु), अन्तर्धान (अदृश्य हुनु), परकाय-प्रवेश (अर्काको शरीरमा प्रवेश गर्नु), दूरदर्शन (एक ठाउँमा बसेर टाढाको कुरा देख्नु-सुन्नु) इत्यादि सिद्धि स्वयं प्राप्त भए तापनि यिनले मनले समेत तिनलाई स्वीकार गरेनन् ॥३५॥

अध्याय—६

ऋषभदेवको देहत्याग ।

राजा परीक्षित्‌ले सोधे—

हे भगवान् ! योगरूप वायुले सल्केको ज्ञानरूप अग्निद्वारा जसका कामलोभादि कर्मबीज डढिसकेका छन् त्यस्ता आत्माराम महात्माहरूको निम्ति आफैं प्राप्त भएका अणिमादि गरिएका सिद्धिहरू ता कुनै प्रकारले पनि राग द्वेषादि क्लेशका कारण बन्नै सक्तैनन् । यसो भएपछि ऋषभदेवले किन तिनलाई त्यागे होलान् ? ॥१॥

शुकदेवजी भन्नुहुन्छ—

तिम्रो भनाई ता ठीक हो, तर संसारमा जसरी धूर्त व्याधा आफ्नो वशमा परेको मृगको विश्वास गर्दैन् त्यसैगरी बुद्धिमान् मानिस पनि यस चञ्चल चित्तको विश्वास गर्दैनन् ॥२॥ यस्तो भनिएको पनि छ :-

यो चञ्चल चित्तसित कहिले पनि दोस्ती गर्नु हुन्न; यसैको विश्वास गर्नाले मोहिनीरूपमा मोहित पएर महादेवको धेरै कालदेखि सञ्चित गरेको तप भ्रष्ट भएथ्यो ॥३॥ जसरी व्यभिचारिणी स्त्री आफ्नो जार पुरुषलाई मौका दिएर उद्वारा आफूमा विश्वास गर्ने पतिको बध गराउँछे त्यसैगरी मनमा विश्वास गर्ने योगीहरूको मनले काम औ यसका साथी क्रोधादि शत्रुहरूलाई आक्रमण गर्ने मौका दिएर उसलाई नष्ट-भ्रष्ट पारी दिन्छ॥४॥ काम, क्रोध, लोभ, मद, शोक, मोह तथा भय आदि शत्रुहरूको एवं कर्म-बन्धनको मूलकारण यो मनमा कुनै बुद्धिमान् पुरुषले कसरी विश्वास गर्ला ॥५॥

यसैकारण ऋषभदेव इन्द्रादि समस्त लोकपालहरूका भूषण-स्वरूप थिए तापनि जड पुरुषले झैं अवधूतको जस्तो भाँति भाँतिको वेष, भाषा औ आचरण धारण गरी आफ्नो ईश्वरीय प्रभावलाई लुकाइराख्तथे । अन्तमा उनले योगीहरूलाई कसरी शरीर त्याग्नु पर्दछ यस कुराको शिक्षा दिन आफ्नो स्थूल शरीर त्याग्ने इच्छा गरे । अतः आफ्नो अन्तःकरणमा अभेदरूपले रहेका परमात्मासित आफ्नो अभेदभाव मानेर वासनाहरूको अनुवृत्तिलाई त्यागी लिङ्गदेहको अभिमानबाट पनि यिनी मुक्त भए ॥६॥ यस प्रकारसँग लिङ्गदेहको अभिमानबाट मुक्तभएका भगवान् ऋषभदेवको शरीर योगमायाको वासनाद्वारा केवल अभिमानभासको आश्रय लिएर नै यस पृथ्वीतलमा विचरण गर्नलाग्यो अर्थात् कुमालेले चक्र घुमाउन छाडेपछि पनि जसरी त्यो अलिबेर घुमिरहन्छ त्यसैगरी यिनको शरीर पनि संस्कारवश भ्रमण गर्नलाग्यो। यिनको शरीर भ्रमण गर्दै कोंक, वेंक, कुटक आदि दक्षिण कर्णाटकका देशमा

यदृच्छापूर्वक पुग्यो औ मुखमा ढुङ्गाको टुक्रा च्यापी बौलाहा झैं जटा फुकाएर, नाङ्गै भुतुङ्गै कुटकाचलको वनमा घुम्नलागे ॥७॥ यही बेला हावाको झोक्काले हल्लन लागेका बाँसको आपसको रगडले उत्पन्न भएको प्रबल दावाग्निले समस्त बनलाई डढाउँदा त्यसको साथ साथै ऋषभदेवको शरीरलाई समेत भस्म पारिदियो ॥८॥

जब कलियुगमा अधर्मको वृद्धि हुनेछ त्यस बेला कोङ्क, वेङ्क औ कुटक देशको "अर्हत्" नामगरेको मन्दमति राजा, ऋषभदेवको आचरणको वृत्तान्त सुनेर तथा स्वयं त्यसलाई ग्रहण गरी भवितव्यताले मोहित भएकोले निर्भय वैदिक मार्गलाई छाडेर आफ्नो वुद्धिले अनुचित औ पाखण्डपूर्ण कुमार्गको प्रचार गर्नेछ ॥९॥ यसले गर्दा कलियुगमा ईश्वरको मायाले मोहित भएका अनेक अधम मानिस शास्त्रमा लेखिएका शौच, आचरणलाई छाड्ने छन्। जसमा धेरै अधर्म हुन्छन् त्यस्तो कलियुगको प्रभावले वुद्धिहीन भएकोले यिनीहरू स्नान नगर्नु, आचमन नगर्नु, अशुद्ध भएर रहनु, केश उखेल्नु इत्यादि ईश्वरको तिरस्कार गर्ने पाखण्ड धर्मलाई मनपर्दो गरी ग्रहण गर्ने छन् औ वेद, ब्राह्मण एवं भगवान् यज्ञपुरुषको प्रायः निन्दा गर्ने भएर निस्कने छन् ॥१०॥ यिनीहरू यो अवैदिक मनपर्दो प्रवृत्तिमा अन्धपरम्पराले बिश्वास गरी, त्यसको आचरण गर्नाले स्वयं घोर नरकमा पर्नें छन् ॥११॥

भगवान्को यो ऋषभावतार रजोगुणमा (विषयवासनामा) आसक्त भएका ब्यक्तिहरूलाई मोक्षमार्गको शिक्षा दिनाको निम्ति नै भएको थियो। ऋषभदेवको गुणका वर्णन गर्दा मानिसहरू यी स्लोक गाउंछन् ॥१२॥

अहो ! सात समुद्रले युक्तभएकी पृथ्वीको समस्त द्वीप औ वर्षमा यो भारतवर्ष परम पवित्र छ किनकि यहाँका मानिसहरू श्रीहरिको अवतारहरूको मङ्गलमय, पवित्र कर्मको गान गर्दछन् ॥१३॥ अहो ! यसमा पनि महाराज प्रियव्रतको वंश अतिशय उज्ज्वल एवं सुयशपूर्ण छ। यही वंशमा पुराणपुरुष श्री आदिनारायणले ऋषभावतार लिएर मोक्षको प्राप्ति गराउने परमहंसधर्मको आचरण गर्नु भयो ॥१४॥ यी जन्महीन भगवान् ऋषभदेवको मार्गको अनुकरण गर्नें कुरा ता टाढा छ। अनुकरण गर्ने कुरासम्म पनि, कुनै अरू योगीले मनले सम्म त विचार गन सक्ला? किनकि योगीहरू जुन योगसिद्धि पाउनको निम्ति निरन्तर अनेक चेष्टा गर्दछन्, स्वयं प्राप्त भएका तिनै सिद्धिलाई उहाँले असार संझेर ग्रहण गर्नु भएन ॥१५॥

सम्पूर्ण वेद, लोक, देवता, ब्राह्मण औ गाईका परम गुरु भगवान् ऋषभदेवको यो विशुद्ध चरित्र मैले तिमीलाई वर्णन गरेर सुनाएँ। यस चरित्रले मानिसको सम्पूर्ण पापलाई दूर गरि दिन्छ। यो परम मङ्गलमय, पवित्र चरित्रलाई एकाग्रचित्तले श्रद्धापूर्वक जो निरन्तर सुन्दछन् या सुनाउंछन् ती दुबै थरीको भगवान् वासुदेवमा अनन्य भक्ति हुन्छ ॥१६॥ पण्डित-जन यही भक्तिरुप सरितामा किसिम किसिमका संसारका पाप-जनित तापले अत्यन्त तातेको आफ्नो अन्तःकरणलाई नित्य निरन्तर स्नान गराउंछन्। यिनीहरू योग-सांख्य आदि अरू साधनको भर

पर्दैनन् । भक्तिरूप सरिताको स्नानबाट प्राप्त हुने परम शान्ति कस्तो आनन्दमयी हुन्छ भने यसको अगाडि स्वयं उपस्थित भएको मोक्षरूप परम पुरुषार्थको समेत यिनीहरू आदर गर्दैनन्; गरुन् पनि किन ? भगवान्को सेवक भएपछि ता उनका समस्त पुरुषार्थ सिद्ध भैहाल्दछन् ॥१७॥

हे राजन ! भगवान् श्रीकृष्ण स्वयं तिमी पाण्डवहरूको औ यदुवंशीहरूको रक्षक, गुरु, इष्टदेव, सुहृद औ कुलपति हुनु भएथ्यो । कहिले ता दूत आदि काममा आज्ञाकारी सेवक सम्म पनि हुनुहुन्थ्यो । यसैगरी भगवान् प्रसन्न भएर अरू भक्तको पनि अनेक काम गर्न सक्नु हुन्छ औ उनलाई मुक्तिसम्म पनि दिनुहुन्छ तर मुक्तिभन्दा पनि ठूलो जो भक्तियोग छ त्यो ता सजिलोसित दिनुहुन्न। भक्तियोगको प्राप्ति ता बडो दुर्लभ छ ॥१८॥

निरन्तर विषयभोगको अभिलाषा गर्नाले अर्थात् शरीर सम्बन्धी सुख पाउने चेष्टामा लाग्नाले आफ्नो वास्तविक श्रेयको चिरकालदेखि होस नभएकाहरूलाई जसले दया गरेर अभयदायक आत्मलोकको (आत्मस्वरुपको) उपदेश दिए औ जो स्वयं, निरन्तर अनुभव हुने आत्मस्वरुप प्राप्तिले सब प्रकारका तृष्णादेखि मुक्त थिए, ती भगवान् ऋषभदेवलाई नमस्कार छ ॥१९॥

अध्याय--७

राजा भरतको चरित्र । यिनले पुलहाश्रममा गएर तपस्या गरेको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

परम भगवद्भक्त महाराज भरतले, भगवान् ऋषभदेवले आफूलाई पृथ्वीको रक्षा गर्ने काममा नियुक्त गर्ने विचार गरेपछि, उनको आज्ञाले विश्वरूपकी छोरी पञ्चजनीसित बिहे गरे ॥१॥ जसरी तामस अहङ्कारबाट शब्द–स्पर्शादि पाँच सूक्ष्म तत्त्व उत्पन्न हुन्छन् त्यसैगरी भरतले पञ्चजनीको गर्भबाट सबै तरहले आफू समानका सुमति, राष्ट्रभृत, सुदर्शन, आवरण औ धूम्रकेतु नामका पांच छोरा उत्पन्न गरे । यस खण्डलाई —जसको नाम पहिले अजनाभवर्ष थियो--राजा भरतको समयदेखि भारतवर्ष भन्दछन् ॥२–३॥

समस्त शास्त्रको मर्म बुझ्ने महाराज भरत, बाबु-बाजे झैं आफ्नो धर्ममा अडिएर, अत्यन्त वात्सल्यभावले आफ्नो आफ्नो काममा लागेका प्रजाहरूको पालन गर्नलागे ॥४॥ यिनी होता–अध्वर्यु–उद्गाता–ब्रम्हा यी चार ऋत्विज्द्वारा श्रद्धापूर्वक गराइने प्रकृति (सम्पूर्ण अङ्गले युक्त भएको) औ विकृति (सबै अङ्ग पूर्ण न भएका) भेदले दुई प्रकारका अग्निहोत्र; दर्श, पूर्णमास, चातुर्मास्य, पशु औ सोम आदिगरिएका ठूला साना यज्ञद्वारा प्रत्येक पर्व पर्वमा यज्ञ औ क्रतुरूप श्रीभगवान्को पूजन गर्दथे ॥५॥ यस प्रकारमंग अङ्ग औ क्रियासहितको भिन्न भिन्न

यज्ञको अनुष्ठानको समयमा जब अध्वर्यु हरू आहुति दिन भनि हातमा हवि लिन्थे, त्यस बखतमा यजमान भरत त्यस यज्ञकर्मद्वारा पाइने पुण्यरूप फल यज्ञपुरुष भगवान् वासुदेवलाई अर्पण गरिदिन्थे । वास्तवमा यिनै परब्रह्म, इन्द्रादि समस्त देवताहरूका प्रकाशक, मन्त्र-हरूको नियन्त्रण गर्ने तथा ती देवताहरूको समेत नियामक हुनाले, मुख्य कर्ता एवं प्रधान देवता हुन् । यस प्रकारसंग आफ्नो भगवदर्पण-बुद्धिरूप कुशलताले हृदयका रागद्वेषादि मललाई दूर गरेकोले उनी सूर्यादि समस्त यज्ञभोक्ता देवताहरूलाई भगवान्‌को नेत्र आदि अङ्ग मानेर उनको चिन्तन गर्दथे ॥६॥ यस प्रकारसंग विशुद्ध (निष्काम) कर्म गर्नाले उनको अन्तःकरण शुद्ध भएपछि, हृदयाकाश नै जसको शरीर अर्थात् प्रकट हुने स्थान हो, जो श्रीवत्स, कौस्तुभमणि, वनमाला, शङ्ख, चक्र, गदा आदि चिन्हले सुशोभित छन् एवं आफ्ना भक्त नार-दादिहरूको हृदयमा चित्र झैं निश्चलभावले विराजमान रहने, पुरुषरुपले हृदयमा स्थित रहने परब्रह्म सर्वव्यापक भगवान् वासुदेवमा राजा भरतको दिन दिनै बढ्ने उत्कृष्ट भक्ति उत्पन्न भयो ॥७॥

यस प्रकारसंग एक करोड वर्षपछि आफ्नो राज्यभोगको समय समाप्त भएको थाहा पाएपछि महाराज भरतले आफूले भोग गरेको बाबु बाजेको राज्य-सम्पत्तिलाई शास्त्रानुसार बाँडेर आफ्ना छोराहरूलाई सुम्पिदिए औ स्वयं आफू, सम्पूर्ण सम्पत्तिले पूर्ण भएको राजमहललाई छाडेर पुलहाश्रम [हरिहरक्षेत्र] तिर लागे ॥८॥ अहिलेसम्म पनि भगवान् हरिको, यस आश्रममा रहने भक्तहरूमाथि बडो वात्सल्य छ । यही वात्सल्यले गर्दा भक्तहरूको इच्छानुसार रूप धारण गरी सदा उनको नजीक वास गर्नुहुन्छ अर्थात् यहां भक्तहरूले चांडे नै उहांलाई भेट्त छन् ॥९॥ यहां चक्रनदी [गण्डकी] नामगरेकी प्रसिद्ध नदी छन् । यी गण्डकी तल-माथि दुवैतिर नाभि समानको चिन्ह भएका चक्राकार शालग्रामशिलाले ऋषिहरूको आश्रमलाई सबै तरफबाट पवित्र गरिरहन्छिन् ॥१०॥

महात्मा भरतजी एक्लै यस पुलहाश्रमको उपवनमा एकान्त ठाउँमा बसेर नाना प्रकारका पत्र, पुष्प, तुलसीदल, जल, कन्द-मूल-फलादि सामग्रीले भगवान्‌को आराधना गर्न लागे । यसो गर्नाले उनको अन्तःकरणमा समस्त विषयको अभिलाषा क्रमशः दूर भैगयो र दिन दिनै निष्काम भावको वृद्धि हुनलागेकोले उनलाई परमानन्द [शान्ति] को प्राप्ति भयो ॥११॥ यस प्रकारसंग नियम पूर्वक भगवान्‌को पूजामा निरन्तर तत्पर हुनलागेपछि भगवान्‌मा उनको प्रेम दिन दिनै बढ्न लाग्यो । यो प्रेमको अधिकताले गर्दा उनको हृदय द्रवीभूत भएकोले भगवत्पूजा सिवाय अरू कुनै कुराको उनलाई होसै रहेन अर्थात् उनी उद्योगहीन भए । पूजा गर्दाखेरि आनन्दको प्रबल प्रवाहले शरीर-भरी रोमाञ्च हुन्थ्यो तथा उत्कण्ठाले गर्दा आंखामा आनन्दका आंसूको भेल उठ्थ्यो र यसले गर्दा आंखाको हेर्ने शक्ति हराउंथ्यो । यस प्रकारको अवस्थामा आफ्ना प्रियतमको अरुण चरणारविन्दको ध्यान गर्नलागदा, झन्

बढेर आएको भक्तियोगद्वारा,परमानन्दले परिपूर्ण भएको हृदयरूप गम्भीर सरोवरमा मन मग्न भएकोले उनलाई आफूबाट नियमपूर्वक गरिने भगवत्पूजाको समेत संझना रहन्नथ्यो ॥१२॥ यस प्रकारसंग भगवत्सेवाको नियमको पालन गन, शरीरमा कृष्णमृग-चर्म धारण गर्ने त्रिकाल स्नान गर्नाले सदा भिजेको भिजे रहने आफ्नो खैरो रंगको घुंघ्रिएको जटाले गर्दा यिनी बडो राम्रो देखिन्थे, सूर्य-मण्डलको उदय हुने समयमा यिनी सूर्य सम्बन्धी ऋचाद्वारा ज्योतिर्मय परम पुरुष भगवान् नारायणको अराधना गर्दथे औ यस प्रकारसंग भन्दथे ॥१३॥

सूर्य भगवान्‌को कर्मफलदायक तेज प्रकृतिदेखि पर छ। उहांले सङ्कल्पद्वारा यस जगत्‌को उत्पत्ति गरेको हो। उहीं आफूले उत्पन्न गरेको विश्वमा सर्वत्र अन्तर्यामीरूपले प्रवेश गरेर आफ्नो चित्‌शक्तिद्वारा सुखको इच्छा गर्ने जीवको रक्षा गर्नु हुन्छ। हामी त्यही बुद्धि प्रवर्त्तक तेजको शरण लिन्छौं ॥१४॥

अध्याय—८

भरत मृगको मोहमा परेर मृग-योनिमा जन्म लिन्छन्।

शुकदेवजी भन्नुहुन्छ—

एक चोटि भरत महानदी गण्डकीमा स्नान गरी नित्य-नैमित्तिक एवं अरू सबै आवश्यक कर्मवाट निवृत्त भै नदीको किनारमा बसेर तीन मुहूर्त्तसम्म ओंकारको जप गरिरहे ॥१॥ हे राजन्! यही समयमा एउटी हरिणी तिर्खाले व्याकुल भएर जल पिउनाको निम्ति एक्लै त्यस नदीको तीरमा आई ॥२॥ जब त्यो जल पिउन लागी थी, त्यही समयमा नजिकैमा लोकलाई भयभीत गराउने, गर्जनलागेकी सिंहको शब्द भयो ॥३॥ हरिण-जाति स्वभावैले डरछेरूवा हुनाले, त्यो पहिलेदेखि नै डरले यताउति हेरिरहेकी थी। यो भीषण शब्द कानमा पर्नासाथ सिंहको डरले उसको मुटु ढुक् ढुक् गर्नलाग्यो र आंखा आत्तिएकोले व्याकुल भए। तिर्खा नमरेको भए तापनि डरले गर्दा नदी पार गर्न त्यो एक्कासी उफ्रिहाली ॥४॥

त्यो मृगी गर्भिणी थिई यसै कारण उफ्रदां खेरि अत्यन्त भयले गर्दा त्यसको गर्भ ठाउंबाट सरेर योनिद्वारबाट निस्की नदी भित्रै खस्यो ॥५॥ आफ्नो बथानबाट छुट्टिएकी त्यो कृष्ण-मृग-पत्नी अकस्मात् गर्भपात भएको तथा नदी पारगर्ने प्रयत्नले गर्दा एवं सिंहको डरले व्याकुल भएकी हुनाले अत्यन्त शिथिल भई। अतःएउटा पर्वतको गुफामा खस्ना साथ त्यहीं मरी हाली ॥६॥

त्यो विचरो हरिणको बच्चालाई आफ्नो बन्धुदेखि विछोड भएर नदीको धारामा बग्नलागेको देख्ता राजर्षि भरतको हृदयमा बडो दया उठ्यो र उनले आत्मीय झैं त्यो मातृहीन बच्चोलाई आफ्नो आश्रममा लिएर आए ॥७॥ भरतको त्यो मृगबालकमाथि बिस्तारै बिस्तारै "यो मेरो हो" भन्ने किसिमको ममता दिनपर-दिन बढ्न लाग्यो। अतः उनी सधैं यसको

खाने-पिउने प्रबन्ध गर्ने, व्याघ्रादिबाट रक्षा गर्ने, शरीर सुम्सुम्याएर आनन्ददिने एवं चुम्बनादिद्वारा उसको लालान गर्ने चिन्तामा ग्रस्त रहन लागे। यसैले उनको यम-नियम-भगवत्पूजा आदि सम्पूर्ण आवश्यक कर्म दिन दिनै अलि अलि गरेर घट्दै गए र अन्तमा सबै छुटि पनि हाले ॥८॥ मृगको सेवन गर्दा उनलाई यस्तो विचार हुनलाग्यो—अहो ! यो कस्तो अफशोसको कुरा हो। यो बिचरो, दीन मृग-बालकलाई कालचक्रको वेगले आफ्नो बथान, सुहृद्, बन्धु-बान्धवदेखि विछोड गराएर मेरो शरणमा पुऱ्याइदिएकोछ। यो मलाई नै आफ्नो आमा-बाबु, भाइ-बन्धु औ साथी-संगाती संझन्छ। मेरो सिवाय अरू कसैको यसलाई पत्तै छैन, ममाथि यसको विश्वास पनि खूब छ। शरणागतको उपेक्षा गर्नामा जो दोष हुन्छ त्यो मलाई थाहा छ। यसै कारण मैले यस आश्रितको "यसो गर्नाले मेरो स्वार्थको हानि हुन्छ" भन्ने दोषबुद्धि नलिएर सावधानीपूर्वक खूब राम्रोसंग पालन-पोषण, प्यार-दुलार गर्नु-पर्दछ ॥९॥ किन कि शान्त स्वभाव भएका औ दीन-दुःखीको रक्षागर्ने परोपकारी सज्जन यस्ता शरणागतको रक्षाको निम्ति आफ्नो ठूला ठूला स्वार्थको समेत वास्ता गर्दैनन् ॥१०॥

यस प्रकारसंग हरिणको बच्चामा आसक्ति बढ्न गएकोले उनको चित्त त्यसको स्नेह पाशमा बांधिन गयो। बस्ता, सुत्दा, घुम्दा, उभिंदा, खांदा इत्यादि काम गर्दा समेत उनी त्यसको साथमा रहन लागे ॥११॥ कुश, फूल, समिधा, पत्र, फल, जल मूलादि ल्याउन पऱ्यो भने ब्वाँसो कुक्कुर आएर यसलाई मार्छन् कि भन्ने डरले त्यसलाई संगै लिएर वन जान्थे ॥१२॥ बाटोमा कमलो घाँस देखेर मुग्धभावले हरिणको बच्चो अडियो भने मोहले गर्दा अत्यन्त प्रेमपूर्ण हृदयले दया गरी भरत त्यसलाई आफ्नो कांधमा बोक्तथे। यसै गरी कहिले काखमा लिएर कहिले छातीले च्यापेर प्यारो गर्दा पनि उनी अत्यन्त आनन्द मान्दथे ॥१३॥ नित्य कर्म गर्दाखेरि पनि कर्म पूरा नहुँदैमा बीच बीचमा उठेर ती भारतेश्वर महाराज भरत त्यो मृगबालकलाई हेर्दथे, त्यस-लाई देखेपछि मात्र उनको चित्त शान्त हुन्थ्यो; त्यस बखतमा उसको निम्ति मंगल-कामना गर्दै यस्तो भन्दथे— ए बाबु ! तेरो सर्वत्र कल्याण होस् ॥१४॥

कदाचित् त्यो कहिले देखिएन भने धन नष्ट भएको कृपण झैं व्याकुल भएर अत्यन्त दुःख मान्दथे र त्यो हरिणको बच्चोको विरहले उनको हृदय बडो आकुल एवं सन्तप्त हुन्थ्यो। करुणाले गर्दा अत्यन्त उत्कण्ठित तथा मोहमा परी बडो दिक्दार भएर यसो भन्न थाल्दथे ॥१५॥ "अफशोस! के भनौं? त्यो मृगबालक परलोकबासिनी हरिणी को बच्चो हो अतएव अत्यन्त दीन छ के त्यो, दुष्ट व्याधाको जस्तो बुद्धि भएको म पुण्यहीन अनार्यको विश्वास गरेर औ मलाई आफ्नै संझी, मैले गरेको अपराधलाई सत्पुरुषले झैं बिर्सेर, फेरि मकहाँ फर्केर आउला त ? ॥१६ के अब म फेरि त्यसलाई यस आश्रमको उपवनमा भगवान्‌को कृपाले सुरक्षित भएर निर्विघ्नसंग हरियो दूबो चर्नलागेको देख्न पाउंला त ? ॥१७॥ कुनै ब्वांसो, कुक्कुर, डम्फा बांधेर विचरण गर्ने सुंगुर अथवा

एक्लै घुम्ने व्याघ्रादिले त्यसलाई चट्पारिदिए कि ? ॥१८॥ अहो ! सम्पूर्ण जगत्को कल्याण गर्न भनी प्रकटहुने वेदत्रयीरूप सूर्य भगवान् समेत अस्ताउन लाग्नु भयो तर त्यो हरिणीको घरोट अझसम्म पनि किन न फर्केको होला ?॥१९॥ के त्यो हरिण–राजकुमार म पुण्यहीन निर आएर, हरिणका बच्चाले गर्ने आफ्ना नाना प्रकारका मनोहर एवं दर्शनीय क्रीडा गरेर, आफ्नो स्वजन मेरो दुःख दूर गरी मलाई आनन्दित गर्ला त?॥२०॥ अहो ! जब त्यो लडकपनले गर्दा खेल–कूदमा केही चञ्चल हुन्थ्यो र प्रेमको बनावटी रिस देखाएर त्यसलाई हप्काइकन समाधि लगाए जस्तो गरेर आँखा चिम्लन्थें तब ता त्यो मनमा छक्क परे जस्तो भएर मनिर आई, पानीको थोपा समानको कमलो औ सानो सानो सिंगले बारं-बार मेरो शरीरलाई कन्याउन थाल्दथ्यो ॥२१॥ जब त्यो कुशासनमा राखिएका हवन–सामग्री-लाई दाँतले तानेर अपवित्र पारिदिन्थ्यो र म उसलाई हप्काउंथे तब ता अत्यन्त डराएर उत्निखेरै आफ्नो सबै चञ्चलता छाडेर, ऋषि-कुमारले झैं आफ्ना समस्त इन्द्रियलाई रोकेर चुप्प लागिकन मनिर बस्तथ्यो" ॥२२॥

भूईंमा हरिणको चरणचिन्ह देखेर भरत भन्नलागे — "अहो ! यी परम तपस्विनी पृथ्वी-माताले यस्तो कुन तपस्या गरेकी रहिछन् कि यिनी, त्यो अतिविनीत हरिण–शिशुका साना साना, राम्रो औ सुखकारी खुरको पंङ्क्तिले, सर्वस्वरूप मृग लुटिएकोले अत्यन्त व्याकुल भैराखेकोले मलाई त्यस द्रव्य–प्राप्तिको बाटो देखाई रहेकी छन् औ स्वयं आफ्नो शरीरलाई पनि ती चरण--चिन्हले विभूषित गराई स्वर्ग अथवा मोक्षका इच्छुक द्विजहरूको निम्ति यज्ञ-भूमि बनाइरहेकी छन्" (क)* ॥२३॥ चन्द्रमामा मृगको चिन्ह देखेर, हो न हो यो मेरै मृग हो कि भन्ने संझेर भन्नलागे — "जसकी आमा सिंहको डरले मरी थी त्यही हरिणको बच्चोलाई आश्रमबाट निस्केर अन्यत्र लागेको देख्ता दीन–वत्सल नक्षत्रनाथले कृपा गरेर त्यसको रक्षा पो गरिरहनु भएको हो कि ? " ॥२४॥ फेरि चन्द्रमाको शीतल किरणले आनन्दित भै भन्द-छन्—"अथवा हरिणको बच्चोको सहारा लिएको मलाई आफ्नो पुत्रको वियोगरूप दावानलको ज्वालाले हृदयकमल दग्ध भएकोले उहाँले दया गरेर आफ्नो शीतल शान्त, स्नेह पूर्ण औ वदन-सलिलरूप अमृतमयी किरणले शान्त पो गरि-रहनु भएको हो कि ?" ॥२५॥

जसको पूर्ति हुनु सर्वथा असम्भव थियो त्यस्ता किसिम किसिमका मनोरथले यस प्रकार-संग भरतको चित्त व्याकुल भयो। वास्तवमा उनको प्रारब्धनै मृगशावकको रूप धारण गरेर आएको थियो र यही प्रारब्ध कर्मले गर्दा तपस्वी भरत हरि–आराधनारूप कर्म एवं योगानुष्ठान देखि भ्रष्ट भए। नत्र ता जसले पहिले आफ्नै हृदयबाट उत्पन्न भएका, छाड्न गाह्रो पर्ने पुत्रादिलाई समेत मोक्षमार्गमा साक्षात् विघ्न-स्वरूप संझेर त्यागिदिएका थिए उनैलाई अन्य जातीय हरिणको बालकमा अकस्मात् यस्तो आसक्ति कसरी हुन सक्तथ्यो ?। यस प्रकारसंग

(क) यस्मिन्देशे मृगःकृष्णस्तस्मिन् धर्मो विवर्द्धते ।

राजर्षि भरत विघ्नको वशमा पर्न गएकाले योग-साधनदेखि भ्रष्ट भए र त्यो हरिण-पोषण, प्यारदुलारमा लागेर आफ्नो आत्मस्वरूपलाई बिर्सिदिए । यही मौकामा अलङ्घनीय, प्रबल वेग-शाली कराल कालले, मूसाको दूलोमा सर्प पसे झैं, उनीमाथि आक्रमण गर्‍यो ॥२६॥ यस अवस-रमा समेत त्यो हरिणको बच्चा उनको नजीक बसेर छोराले झैं शोक गरिरहेको थियो । उनी त्यसलाई हेरिराखेका थिए औ उनको चित्त पनि त्यसैमा लागेको थियो । यस प्रकारको आसक्तिमा उनको देह-त्याग भयो र शरीर छाडेपछि पनि अन्तकालको भावना अनुसार उनले अरू अरू साधारण पुरुषले झैं अर्को जन्ममा मृगकै शरीर पाए तर उनको पूर्वजन्मको स्मृति भने नष्ट भएन ॥२७॥ यस योनिमा समेत पूर्व जन्मको हरि-आराधनाको प्रभावद्वारा आफूले मृग-शरीर पाउनाको कारण जानेर उनी अत्यन्त पश्चा-त्ताप गर्दै भन्नलागे ॥२८॥ "अहो ! संयमशील महानुभावहरूको मार्गबाट मैले भ्रष्ट हुनु बडो अफशोसको कुरा हो। सबै प्रकारको आसक्ति छाडेर मैले एकान्त औ पवित्र वनको आश्रय लिएको थिएं । त्यहाँ बसेर मैले सबै जीवका स्वामी श्री वासुदेवमा आफ्नो चित्त, निरन्तर उनकै गुणको श्रवण, मनन तथा कीर्तन गरेर तथा प्रत्येक पल-लाई उनकै आराधना औ स्मरण आदिले सफल गराएर, बडो सावधानी सँग पूर्णरूपले लगाइ दिएको थिएँ । हरिमा दृढ भावसंग लागेको म मूर्खको मन अज्ञताले गर्दा अकस्मात् त्यताबाट फिरेर एउटा मृगको बालकमा लाग्न गएकोले म आफ्नो लक्ष्यबाट च्युत हुन गएं ॥२९॥

यस प्रकारसँग मृग-शरीर धारण गरेका राजर्षि भरतले आफ्नो हृदयमा जाग्रत् भएको वैराग्य भावनालाई लुकाएर आफ्नी आमा हरिणी-लाई त्यागिदिए र आफ्नो जन्मभूमि कालञ्जर पर्वतबाट फेरि त्यै शान्त स्वभावका मुनिहरूलाई मन पर्ने, भगवान्को क्षेत्र शालग्राम तीर्थमा आएर पुलह औ पुलस्त्य ऋषिको आश्रममा गए ॥३०॥ त्यहाँ बसेर पनि उनी कालको प्रतीक्षा गर्नलागे । आसक्तिदेखि अत्यन्त डराएर एक्लै रहेर सुकेका पात, घाँस, लहरा खाएर जीवन निर्वाह गर्दै मृग-योनिको प्राप्ति गराउने प्रारब्धको क्षय हुने समयको प्रतीक्षा गर्नलागे । अन्तमा उनले आफ्नो शरीरको आधा भाग गंडकीको जलमा डुबाएर त्यो मृग-शरीरलाई त्यागि-दिए ॥३१॥

अध्याय-९

भरत ब्राम्हण कुलमा जन्मन्छन् । जडभरतलाई भद्रकालीको मन्दिरमा राजाका नोकर बलिदिन लैजान्छन् तर देवीद्वारा उनको रक्षा हुन्छ ।

शुकदेवजी भन्नुहुन्छ—

अङ्गिरस् गोत्रमा उत्पन्न भएका एकजना श्रेष्ठ ब्राह्मण थिए । यिनी ब्राह्मणमा हुनुपर्ने शम, दम, तप, स्वाध्याय, वेदाध्ययन, त्याग,

सन्तोष, सहनशीलता, विनय, विद्या, अर्काको गुणमा दोषदृष्टि नराख्ने, आत्मज्ञान औ प्रसन्नता आदि गरिएका समस्त गुणले युक्त थिए। यिनको जेठी पत्नीबाट आफूसमानको विद्या, शील, आचार, रूप औ उदारता आदि गुण भएका नौवोटा छोरा उत्पन्न भए र काञ्छी ब्राह्मणीबाट एकै चोटि एउटा छोरा र एउटी छोरीको जन्म भयो ॥१॥ यी दुईमा छोरो चांही मृग शरीर त्यागेर ब्राह्मणत्वमा प्राप्तभएका परम भागवद्भक्त राजर्षिश्रेष्ठ भरतजी नै थिए भन्ने भनाई छ। भरतको यो अन्तिम शरीर हो, यसलाई छाडेपछि उनी मुक्त अर्थात् ईश्वरमा लीन भए ॥२॥ यस ब्राह्मण-कुलमा जन्म लिंदा पनि भगवान्को कृपाले भरतले आफ्नो पूर्व-जन्मको वृत्तान्त विर्सेका थिएनन्, यसै कारणले भगवद्भक्तिमा विघ्न पर्लाकि भन्ने डरले आफ्ना स्वजनसितको सहवासदेखि डराएर सदा उनीहरूदेखि अलग्गै रहन्थे। जसको श्रवण,स्मरण औ गुण कीर्तनले सब प्रकारको कर्मबन्धनलाई दूर गरिदिन्छ त्यस्ता श्रीभगवान्का युगल चरणकमललाई अति विरक्त भएर सदा सर्वदा आफ्नो हृदयमा धारण गरिरहन्थे। त्यस समयमा उनी आफूलाई अरूको दृष्टिमा पागल, मूर्ख, अन्धो, औ बहिरोको रूपमा प्रकट गरिरहेका थिए ॥३॥

बाहुनले पुत्र-स्नेहले गर्दा आसक्त चित्त भै आफ्नो त्यो उन्मत्त छोराको समेत समावर्तन पर्य्यन्त संस्कार शास्त्रानुसार गर्ने विचार गरेर उसको उपनयन संस्कार गरिदिए। जडभरतलाई कुनै नियम निको नलाग्ने भए तापनि "छोराले पिताबाट उपदेश ग्रहण गरोस्" भन्ने शास्त्रको आज्ञानुसार उनले तिनलाई शौच-आचमन आदि आवश्यक कर्म औ नियमको शिक्षा दिए ॥४॥ तर भरत भने आफ्नो बाबुको अगाडि नै उनको उपदेश बिरुद्ध आचरण गर्न लागे। वर्षाकालमा वेदाध्ययन आरम्भ गराउँला भन्ने इच्छाले बाबुले वसन्त औ ग्रीष्म ऋतुका (चैत्र-वैशाख-ज्येष्ठ-आषाढ) चार महीनासम्म ओंकार औ व्याहृतिहरू सहित त्रिपदा गायत्रीको निरन्तर अध्ययन गराउँदा पनि उनलाई त्यो मन्त्र स्वरादि सहित राम्ररी सिकाउन सकेनन् ॥५॥

यसो भए तापनि छोरामा आफ्नो प्राण-समानको प्रेम राख्ने ती ब्राह्मण, भरतको प्रवृत्ति नभए तापनि "छोरालाई राम्रोसँग शिक्षा दिनु पिताको आवश्यक कर्तव्य हो" भन्ने अनुचित आग्रहले उनलाई शौच, वेदाध्ययन, व्रत, नियम, तथा गुरु एवं अग्निको सेवा आदि ब्रह्मचर्य-आश्रमका आवश्यक नियमको शिक्षा दिन्थे। पुत्रलाई सुशिक्षित भएको हेर्ने उनको मनोरथ कुनै तरहले पनि सिद्ध भएन। स्वयं आफू पनि भगवद्भजनरूप आफ्नो मुख्य कर्तव्यमा असावधान भै केवल घरधन्दामा व्यस्त रहन्थे! यत्तिकैमा सदा सावधान रहने काल-भगवान्ले आक्रमण गरेर उनको अन्त गरिदिए॥६॥ उनकी काञ्छी ब्राह्मणी पनि आफ्नो गर्भबाट उत्पन्न भएका दुवै बालकलाई सौताको जिम्मामा सुम्पेर स्वयं पतिको साथमा प्राण त्यागेर पतिलोकमा पुगिन्॥७॥

बाबुको परलोक वास भएपछि कर्मकाण्डलाई नै सवश्रेष्ठ सम्झने तसर्थ ब्रह्मज्ञानरूप पराविद्यामा सर्वथा अनभिज्ञ भएका दाजुहरूले भरतको प्रभाव नजानेकोले "यो मूर्ख हो" भन्ने

समझ लिएर उनलाई पढाउने लेखाउने आग्रह छाडिदिए ॥८॥ भरतलाई मानापमानको केही विचार थिएन। साधारण नर-पशुले उनलाई "पागल, मूर्ख अथवा बहिरो' भनेर बोलाउँदा उनी पनि त्यस्तैगरी कुराकानी औ व्यवहार गरिदिन्थे। कसैले बेगारमा अथवा केही ज्याला दिएर कुनै काम अह्रायो भने उसको इच्छानुसार त्यो काम गरिदिन्थे। मागेर अथवा न मागिकन थोर बहुत खराब असल जस्तो अन्न भेटिन्थ्यो त्यही, जिब्रोको स्वादपट्टि अलिकता पनि विचार नराखी, खाएर पेट भर्दथे। अरू कुनै कारणले उत्पन्न नहुने त्योस्वतः सिद्ध विशुद्ध ज्ञानानन्द स्वरूप आत्मज्ञान उनलाई प्राप्त भै सकेको थियो,यसैले शीतोष्ण, मानापमान आदि द्वन्द्वले हुने सुखदुःखादिमा उनलाई देहाभिमानको स्फूर्ति हुन्नथ्यो ॥९॥ जाडो, गर्मी, वर्षा, अथवा आँधीको समयमा साँढे झैं नाङ्गै रहन्थे। यिनका सबै अङ्ग हृष्ट पुष्ट थिए। जतातते भूईंमा लडिरहनाले कहिले तेल नलगाउनाले औ कहिले पनि स्नान नगर्नाले यिनको शरीरमा मयल जमिरहन्थ्यो। यिनको ब्रह्मतेज धूलोले ढाकिएको महामूल्य मणि झैं लुकिराखेको थियो। कम्मरमा एउटा मैले टाल्हो बेर्दथे औ काँधमा मैलो जनै रहन्थ्यो। यसैले अज्ञानी मानिसहरू "यो कुनै बाहुन हो" "कुनै अधम बाहुन हो" यसो भनेर उनको अपमान गर्ने गर्दथे तर उनी यस कुरामा केही विचार नराखी आफ्नो इच्छानुसार जतातते भ्रमण गर्दथे ॥१०॥ अर्काकहाँ ज्याला गरेर पेट पालेको देख्ता यिनका दाजुहरूले खेतको आली ठीक पार्ने काममा लगाइदिए, यो काम पनि उनी गर्न लागे। तर यहाँ खेत अग्लो छ यसलाई खन्नु पर्दछ,यहाँ होचो छ यसलाई सम्म पार्नु पर्दछ, आली ठूलो अथवा सानो कस्तोछ-यी कुनै कुराको पनि विचारर राख्तैनथे। खन्न लागे भने खनिरहन्थे सम्म गर्न पट्टि लागे भने सम्मै गरिरहन्थे दाजुहरूले चामलको कनिका, पीना, भूस, धुन लागेको माष अथवा भाँडोमा लागेको डढेको मास्री जे दिन्थे त्यसैलाई अमृत संझेर खाइदिन्थे ॥११॥

कुनै समयमा शूद्रहरूका एक जना राजाले पुत्रको कामनाले भद्रकालीलाई मानिसको बलि दिने निश्चय गरे ॥१२॥ बलि दिनलाई राजाले जुन पुरुषपशुलाई समातेर मगाइराखेका थिए त्यसले दैववशात् बन्धनबाट उम्की कुलेलम् ठोके छ। त्यसलाई खोज्नको निम्ति राजाका नोकरहरू चारैतिर गए। अँधेरी रात त्यसमा पनि कृष्ण चतुर्दशीको आधी रातको समय हुनाले त्यसको कतै पत्तो लागेन। यै समयमा दैवसंयोगले अकस्मात् उनीहरूको दृष्टि अङ्गिरस गोत्रीय ब्राह्मणकुमार जडभरत माथि पर्न गयो। यस समयमा यिनी वीरासनमा बसेर मृग बराहादि जीवबाट आफ्नो खेतको रक्षा गरिरहेका थिए ॥१३॥ यो पुरुषपशु उत्तम लक्षणले युक्त भएको छ, यसद्वारा हाम्रा स्वामीको कार्य अवश्य सिद्ध हुनेछ भन्ने विचार गरी तिनलाई डोरीले बाँधे औ आनन्दले हँसिलो मुख गरेर चण्डिकाको मन्दिरमा लिएर आए ॥१४॥

यस पछि चोरहरूले तिनलाई विधिपूर्वक स्नान गराएर नयाँ लुगा फेराए तथा नाना प्रकारका गहना, चन्दन, माला, औ तिलक आदिले

सिंगारी राम्रोसँग भोजन गराए। फेरि धूप दीप, माला लावा, पात, अङ्कुर, फल औ नैवेद्य आदि सामग्री सहित वलिदानको विधिले गान, स्तुति मृदङ्ग, ढोलक आदिको महान् शब्द गर्दै ती पुरुषपशुलाई भद्रकालीको सामुन्ने बसालि–दिए ॥१५॥ यस पछि चोरराजाको पुरोहितले त्यो पुरुष-पशुको रगतले भद्रकाली देवीलाई तृप्त गर्नाको निम्ति देवीमन्त्रले अभिमन्त्रित गरिएको एउटा भयानक तीखो तलवार हातमा लियो ॥१६॥

चोरहरूको स्वभाव रजोगुण औ तमोगुणले परिपूर्ण थियो,धनको मदरूप रजोगुणले उनीहरूको चित्त झन् बर्ता उन्मत्त भै राखेको थियो। हिंसामा स्वाभाविक रुचि भएका उनीहरू भगवान्‌को अं–शस्वरूप ब्राह्मण-कुलको तिरस्कार गरेर आफ्नो इच्छानुसार कुमार्गतिर बढिराखेका थिए। आपत्ति कालमा समेत जसको बध गर्न निषिद्ध छ त्यस्ता ब्रह्मभावमा प्राप्त भएका, कसैसित शत्रुता नगर्ने तथा समस्त प्राणीका शुभचिन्तक एकजना ब्रह्मर्षि-कुमारलाई उनीहरू वलि दिन खोजिरहेका थिए। यो भयङ्कर कुकर्म हुनलागेको देख्ता देवी भद्र-काली, आफ्नो शरीर असह्य ब्रह्मतेजले जल्न लागेकोले, सहसा मूर्ति फुटाएर प्रकट भइन् ॥१७॥ शरीर जल्न लागेको देवीको क्रोध औ अमर्षको (अपराध नसहनु) बेग असह्य भयो; यसैले गर्दा भाँखीभूई बाँगिन गयो । भयानक दाह्रो औ अति चञ्चल राता राता आँखाले गर्दा उनको मुखमण्डल बडो डरलाग्दो देखिन लाग्यो। उनको यो विकराल वेष देख्ता समस्त संसारको संहार गर्न आँटेकी हुन् कि जस्तो लाग्यो। रिसले गर्जेर उनले बडो भीषण अट्टहाँस गर्न लागिन् र त्यही अभिमन्त्रित खड्गले उफ्रि उफ्रिकन ती सबै दुष्टको टाउको उडाइदिइन् र योगिनी आदि गरिएका आफ्ना सेवकहरूको साथसाथै उनीहरूको कण्ठबाट निस्केको तात्तातो रुधिररूप मद्यपिएर अति उन्मत्त भ तीखो स्वरले गाउँदै नाच्तै उनीहरूको टाउकोलाई भकुण्डो तुल्याएर खेल्न लागिन् ॥१८॥ साँच्चै हो, महापुरुषहरू माथि गरिएको अत्याचाररूप अपराध यसैगरी सम्पूर्ण–रूपले आफैं माथि बज्रन आउँछ अर्थात् महात्मा-हरूको ता केही बिगार हुँदैन, बरु अत्याचार गर्नेको नै संहार हुन्छ ॥१९॥ हे विष्णुदत्त परी-क्षित् ! जसको देहादिमा '' म हूं, मेरो हो '' यो आत्मभावरूप सुदृढ हृदय–ग्रन्थि काटिसकिएको छ, ती सबैमा आफूलाई देख्तछन् अतएव सम्पूर्ण प्राणीका मित्र औ आत्मा हुन् , उनको कोही पनि शत्रु हुँदैन । स्वयं भगवान् नै भद्रकाली आदि भिन्न भिन्न रूप धारण गरेर कहिले पनि नचुक्ने कालचक्ररूप आफ्नो श्रेष्ठ शस्त्रले सर्वदा उनको रक्षा गरिरहनु हुन्छ । भगवानको निर्भय चरण–कमलको आश्रय लिएका यस्ता भगवद्भक्त परम–हंसले आफ्नो टाउको काटिने अवसर उपस्थित हुँदा पनि अलिकता पनि व्याकुल नहुनु कुनै ठूलो आश्चर्यको कुरो होइन ॥२०॥

—

अध्याय-१०

पालकी बोक्ने काममा नियुक्त भएका जड़भरतको ज्ञानपूर्ण कुरा सुन्दा राजा रहूगण मैले ठूलो अपराध गरेछु भन्ने सम्झले डराएर उनीसित क्षमा माग्दछन् ।

शुकदेवजी भन्नुहुन्छ—

एक दिन सिन्धु-सौवीर देशका राजा रहूगण पालकी चढेर गइरहेका थिए । इक्षुमती नदीको तीरमा पुगेपछि राजाको पालकी बोक्ने कहारहरूको जमादारलाई एउटा कहारको आवश्यकता परेछ । खोज्दा खोज्दा अकस्मात् त्यसले यिनै ब्राह्मण-देवता जडभरतलाई भेट्टाएछ । यिनलाई देख्ता उसले विचार गर्‍यो— "यो मानिस हृष्ट-पुष्ट, तरुनी औ बलियो शरीरको छ अतएव गोरु, गदहाले जस्तै गरी भारी बोक्न सक्तछ ।" यस्तो निश्चय गरी त्यसले बेगारमा पकडिएका अरू कहारहरूको साथमा यिनलाई पनि बलजफ्तीसँग समातेर पालकी बोक्ने काममा लगाई दियो । महात्मा भरत यो कामको योग्य थिएनन् तापनि केहीं नबोलेर चुपचापसँग पालकी बोकेर हिंड्न लागे ॥१॥

यी द्विजश्रेष्ठ कुनै जीव खुट्टाले कुल्चिएर मर्ला भन्ने डरले अगाडिको चार हात पृथ्वी हेरेर हिंड्दथे । यसैले अरू कहारहरूसँग यिनको चाल नमिलेकोले पालकी बाङ्गो टिङ्गो हुनलागेको देखेर राजा रहूगणले पालकी बोक्ने कहारहरूलाई भने— "ए कहार हो ! राम्ररी हिंडन, किन पालकीलाई यसरी तलमाथि गरेर हिंड्दछौ ? ॥२॥

आफ्नो मालिकको यस्तो आक्षेप पूर्ण वचन सुनेर साम-दान-भेद-दण्ड यिनमा चौथो अर्थात् दण्डको आशङ्काले उनीहरूले बिन्ति गरे ॥३॥ "हे महाराज ! हामी ता असावधान भएका छैनौं, सरकारको आज्ञानुसार ठीक ठीकसँग पालकी बोकिराखेका छौं । तर भरखर पालकीमा लगाइएको यो एउटा नयाँ कहार भने छिटो छिटो हिंड्दैन । यो सँग हामी पालकी लै जान सक्तैनौं" ॥४॥

कहारहरूको यो दीन वचन सुन्दा राजा रहूगणले विचार गरे— "संसर्गले हुने दोष एउटा व्यक्तिमा हुन गयो भने त्योसित सम्बन्ध राख्ने अरू सबै संगातिलाइ पनि सो दोष लाग्न सक्तछ । तसर्थ यसको प्रतिकार नगरिएको खण्डमा बिस्तारै बिस्तारै सबै कहारले आफ्नो चाल विगार्ने छन् ।" यस्तो विचारले राजा रहूगणलाई अलि रिस उठिहाल्यो । बूढापाकाको सेवन गरेको भए तापनि आफ्नो क्षत्रिय स्वभावले गर्दा उनको बुद्धि बलात्कार रजोगुणले व्याप्त भैहाल्यो र जसको ब्रह्मतेज खरानीले छोपिएको आगो झैं लुकिराखेको थियो त्यस्ता श्रेष्ठ ब्राह्मण भरतलाई यसरी छेड हानेर भन्न लागे ॥५॥ "ए भाइ ! बडो अफशोस छ, तिमी निश्चय निक्कै नै थाक्यौ होला । यति टाढादेखिन् तिमी एक्लैले यतिका वेरसम्म पालकी बोकिराखेका छौ । यसको सिवाय तिमी उस्तो हृष्ट-पुष्ट औ वलियो शरीर भएका पनि छैनौ, उता बूढचाइँले थिचिराखेको छ ।

तिम्रा साथीहरूले पालकीमा अहिलेसम्म हात नलगाएको जस्तो मालूम हुन्छ।" यस प्रकारसँग राजाले अनेक छेडछाडको कुरा गर्दा पनि, त्यतापट्टि केही विचारै नराखी, उनी चुप्प लागेर पहिले झैं पालकी बोकि नै रहे। किनकि उनको दृष्टिमा पञ्चभूत, इन्द्रिय औ अन्तःकरणद्वारा रचिएको, अविद्याको कार्य आफ्नो अन्तिम शरीर विविध अङ्गले युक्त देखिए तापनि वास्तवमा केही पनि थिएन। यसैले ब्रह्मस्वरूप भएकोले त्यसमा उनको "म-मेरो" भन्ने मिथ्या ज्ञान सर्वथा निवृत्त भैसकेको थियो ॥६॥

तर फेरि पनि पालकी पहिले जस्तै गरी बाङ्गिएर जानलागेको देख्ता राजा रहूगणले खूब झोंक्किएर भने— "अरे! यो क्या हो? के तँ जिउँदै मरिस्? किन तँ आफ्नो मालिक मेरो निरादर गरी यसरी मेरो आज्ञाको उल्लंघन गर्दछस्? तँ ता पागल पो रहिछस्। म ता दण्ड-पाणि यमराज झैं प्रजाको शासन गर्ने हूँ। अहिले नै तेरो औषधि गरिदिन्छु, अनि पो तेरो होस् ठेकानमा आउला" ॥७॥

रहूगणलाई राजा भएकोमा अभिमान थियो, यसैले तिनले यस प्रकार अनेक अण्डवण्ड कुरा गरे। आफूलाई बडो बुद्धिमान् सम्झने तिनले रजोगुण औ तमोगुणले गर्दा बढेको अभिमानको वशीभूत'भै, भगवान्का एक मात्र प्यारा, भक्तवर भरतको तिरस्कार समेत गरे। योगेश्वरहरूको विचित्र आचरणको केही पत्तो नभएको तिनीदेखि, सम्पूर्ण प्राणिका सुहृद, आत्मा, ब्रह्मस्वरुप ती ब्राह्मण (भरत) अलिकता पनि रिसाएनन् बरू मुसुक्क हाँस्तै यसरी भन्नलागे ॥८॥

भरतले भने—

हे राजन्! तपाईंले भन्नुभएको कुरा ठीक हो, म त्यसलाई छेडको कुरा सम्झन्न, किन कि भारी बोक्ने औ बाटोमा हिड्ने शरीर नै म भएको भए मलाई भारी बोक्ने क्लेश अथवा बाटोको हिंडाइको थकाइ लाग्ने थियो, शरीरसित ता मेरो कुनै सम्बन्ध छैन, त्यसैले मलाई न भारी बोक्ने क्लेश भएको छ, न बाटो हिंडेकोमा थकाई लागेको छ। तिमी उस्तो हृष्ट-पुष्ट छैनौ भन्ने तपाईंको कुरा पनि ठीक छ, किन कि मोटाउनु दुब्लाउनु ता पञ्चभूतको थुप्रो यो शरीरको पो धर्महो, आत्माको ता होइन, अतः यो उपाधि-रूप शरीर स्थूल छ म अर्थात् आत्मा त स्थूल याने मोटो छैन। ज्ञानीहरूको यस विषयमा कुनै विवाद छैन ॥९॥ मोटाई, दुब्लोपना, आधि (मानसी चिन्ता), व्याधि, भोक, प्यास, भय, कलह, इच्छा, बुढ्याईं, निद्रा, रति (आसक्ति), क्रोध, अभिमान औ शोक—यी सबै धर्म, देहको साथसाथै त्यै देहको अभिमान लिएर उत्पन्न हुने जीवमा हुन्छन्। ममा ता देहाभिमान नभएकोले मोटाई, दुब्लोपन इत्यादिको लेश-मात्र पनि छैन ॥१०॥ मलाई तपाईंले जो "जीवन्मृत" (मरने बाँच्ने कुरा) भन्नु भयो त्यसमा मेरो के भनाई छ भने केवल म मात्र होइन कि जति विकारी अर्थात् रुपान्तरमा प्राप्त हुने पदार्थ छन् ती सबैमा नियमित रुपले यी दुबै कुरा देखिन्छन् किन कि ती सबै आदि-अन्त भएका हुन्छन्। हे पूजनीय राजन्! जहाँ स्वामीसेवक भाव स्थिर हुन्छ त्यहीं आज्ञा दिने औ सो आज्ञाको पालन गर्ने नियम लाग्न सक्तछ।

तपाईंको र मेरो बीचमा ता यो सम्बन्ध स्थिर छैन, यसमा परिवर्तन पनि हुन सक्तछ अर्थात् तपाईं राज्यबाट भ्रष्ट हुनुभयो र म राजा भएँ भने ता यसको विपरीत (याने म आज्ञाकारी औ तपाईं आज्ञापालक) हुन सक्तछ । तसर्थ म आत्मासित ता कसैको पनि स्वामी-सेवक सम्बन्ध ठीक जच्तैन ॥११॥ तिमी राजा हौ र म प्रजा हूँ यस किसिमको भेद बुद्धिको निम्ति ता व्यवहार बाहेक अरू कतै पनि अलिकता पनि अवकाश देखिन । परमार्थ दृष्टिले हेरेको खण्डमा कसलाई स्वामी भन्ने, कसलाई सेवक भन्ने ? तथापि हे राजन् ! तपाईंलाई प्रभुताको अभिमान छ भने भन्नोस्, म तपाईंको के सेवा गरूं ? ॥१२॥ हे वीर ! मत्त, उन्मत्त औ जड झैं आफ्नै स्थितिमा रहने अर्थात् ब्रह्मरूपमा प्राप्त भएको मेरो औषधि गर्नाले अर्थात् दण्ड दिनाले तपाईंलाई के हात लाग्ला ? वास्तवमा म यदि जड औ प्रमादी नै हूं भने ता मलाई शिक्षा दिनु पिष्ट-पेषण (पिन्हेकोलाई फेरि पिन्हु) समान व्यर्थ हुनेछ, किन कि जो स्वाभाविक जड छ त्यो कहिले पनि दण्ड अथवा शिक्षा दिनाले चतुरो हुन सक्तैन ॥ १३ ॥

शुकदेवजी भन्नुहुन्छ—

देहात्मबुद्धिको कारण अर्थात् अज्ञान निवृत्त भएकोले परम शान्त चित्त भएका ती मुनिवर जडभरत यथार्थ तत्त्वको उपदेश गर्ने हेतुले राजा रहूगणका छेडछाडका कुराको यस प्रकारसँग उत्तर दी चुपलागे र फलभोगद्वारा आफ्नो पूर्वसञ्चित प्रारब्ध क्षय गर्नाको निम्ति फेरि पहिले झैं पालकी बोकेर हिंड्न लागे ॥१४॥ हे पाण्डुनन्दन परीक्षित् । सिन्धुसौवीर देशका राजा रहूगण पनि आफ्नो उत्तम श्रद्धाले गर्दा तत्त्वजिज्ञासाका पूरा पूरा अधिकारी थिए अर्थात् आत्मज्ञानको शिक्षाको निम्ति कुनै सुयोग्य परमहंसको खोजमा लागेका थिए तसर्थ द्विजश्रेष्ठ जडभरतको मुखबाट अनेक योग-ग्रन्थले समर्थन गरेका तथा हृदय-ग्रन्थि (देहाभिमान) को छेदन गर्ने वाक्य सुन्नासाथ उत्निखेरै पालकीबाट ओर्ह्ली हाले । राजा हूँ भन्ने उनको अभिमान हटि हाल्यो र उनको चरणमा टाउको राखी अपराध क्षमा गराउँदै यस प्रकारसँग भन्न लागे ॥१५॥ "हेदेव ! तपाईंले आफ्नो काँधमा द्विजहरूको चिह्न यज्ञोपवित धारण गरि राख्नु भएको छ, भन्नोस् , यस प्रकारसँग आफ्नो वेष लुकाएर विचरण गर्ने तपाईं को हुनुहुन्छ? दत्तात्रेय आदि गरिएका अवधूतहरू मध्ये कुनै हुनुहुन्छ कि ? तपाईं कसको छोरा हुनुहुन्छ ? कहाँ जन्म भएको हो ? कताबाट यहाँ पाल्नु भएको हो ? हामी जस्ता मूढको कल्याण गर्न यहाँपाल्नु भएको तपाईं साक्षात् सत्त्वमूर्ति कपिल भगवान् पो हुनुहुन्छ कि ? ॥१६॥ मलाई इन्द्रको बज्र, महादेवको त्रिशूल, यमराजको दण्ड तथा अग्नि-सूर्य-चन्द्र-वायु-कुवेर यी कसैको शस्त्रको अलिकता पनि डर छैन तर ब्राह्मण-कुलको अपमान होला भन्ने मलाई ठूलो डर छ ॥१७॥ तसर्थ आत्मज्ञानरूप आफ्नो प्रभावलाई लुकाएर, विषयमा सर्वथा अनासक्त भै पागल झैं विचरण गर्ने तपाईं को हुनुहुन्छ, कृपागरी मलाई भन्नोस् । तपाईंको महिमाको ता मैले केही पत्तो नै पाउन सकिन योगसम्बन्धी तपाईंका यी गूढवाक्यको बुद्धिद्वारा

आलोचना गर्दा पनि मेरो सन्देह दूर हुँदैन ।।१८।। म ता अहिले आत्मज्ञानी मुनिहरूका परम गुरु औ साक्षात् हरिको ज्ञानशक्तिका अवतार योगेश्वर भगवान् कपिलसित "संसारमा एकमात्र शरण लिने योग्य को छ" भन्ने कुरा सोध्न उनको आश्रममा जान लागेको थिएँ ॥१९॥ सम्पूर्ण लोकको दशा हेनको निम्ति यसरी आफ्नो रूप लुकाएर यस वेषमा घुमिरहने तपाईं उनै कपिलदेव हुनु हुन्छ कि ? म समानको घरमा आसक्त रहने विवेकहीन पुरुषले तपाई जस्ता योगेश्वरहरूको गति कसरी थाहा पाउन सक्तछ ? ।।२०।।

यस प्रकारसँग भरतको परिचय सोधिसके पछि राजा रहूगण उनको कुरामा शङ्का गरेर सोध्दछन्ः—युद्धादि कर्ममा मैले आफूलाई श्रम भएको देखेको छु, यसैले भारी बोक्ता तथा बाटोमा हिड्दा तपाईंलाई पनि अवश्य थकाई लाग्यो होला भन्ने मेरो अनुमान छ । यसै कारणले मलाई कुनै प्रकारको श्रम अथवा क्लेश हुन्न भन्ने तपाईंको कुरा मैले बुझ्न सकिन, व्यवहार सिवाय अरू कुनै कुरामा पनि मेरो तिम्रो स्वामीसेवक भावको विशेषता देख्तिन भन्ने तपाईंको कथन पनि असंगत जस्तै देखिन्छ, किनकि व्यवहार मार्ग पनि मिथ्या देखिदैन बरू मूल कारण सहित सत्य नै मानिएको छ। घट यदि मिथ्या हो भने त्यसद्वारा जल ल्याउने कर्म कसरी सिद्ध होला ? ।।२१।। मोटाई आदि देहका धर्मको आत्मामा केही प्रभाव, पर्दैन भन्ने तपाईंको कुरामा पनि मलाई सन्देह नै छ । हेर्नोस्, जब आगोमाथि राखेको कसौंडी तात्न थाल्दछ अनि पो त्यसभित्रको पानी पनि उम्लन थाल्दछ र त्यस पानीले चामलको भित्रीभाग पाक्तछ । यसैगरी कसौंडी-पानी-चामल झैं देह-इन्द्रिय-प्राण औ मनको पनि परस्पर संयोग छ अतएव आफ्ना उपाधि-धर्मको अनुवर्तन गर्ने हुनाले देह-इन्द्रिय-प्राण औ मनको सन्निधिले आत्मालाई पनि तिनका श्रमादि गरिएका कर्मको अनुभव होइहाल्ला ॥ २२ ॥ स्वाभाविक जड लाई दण्डदिनु ता पिष्ट-पेषण समान व्यर्थ छ भन्ने तपाईंको कुरा पनि ठीक जस्तो लाग्दैन । राजा ता प्रजाको शासन औ पालन गर्नाको निम्ति नियुक्त गरिएको प्रजाको दास पो हो । अतः उसले उन्मत्तादिलाई दण्डदिने कुरा, पिन्हेकोलाई फेरि पिन्हे झैं व्यर्थ हुन सक्तैन, किनकि आफ्नो आफ्नो धर्मको आचरण गर्नु नै भगवान्को सेवा गर्नु हो, भगवान्को सेवा गर्नेले आफ्नो सम्पूर्ण पाप-राशिलाई नष्ट गरिदिन्छ ।।२३।।

यति भनेर राजा रहूगण यसरी क्षमा माग्न लागेः— हे दीनबन्धो ! राजत्वको अभिमानले उन्मत्त भएर मैले तपाईं जस्ता साधु-श्रेष्ठको अपमान गरें अब तपाईंले कृपा गरेर मेरो उपर कृपा-दृष्टि दिनु पऱ्यो जसद्वारा कि साधु जनको अपमानरूप यस महापापबाट मेरो उद्धार होस् ।।२४।। तपाईं ता देहाभिमान-शून्य औ विश्वबन्धु श्रीहरिका अनन्यभक्त हुनुहुन्छ । तसथ सबैमा समान दृष्टि राख्ने हुनाले तपाईंको मनमा मैले गरेको अपराधले विकार हुन सक्तैन । यसो भए तापनि म जस्तो साधारण मानिस भगवान् शङ्कर जत्तिकै समर्थ भए तापनि महा-पुरुषको अपमान गरेको अपराधले थोरै कालमा नै नष्ट हुनेछ—यसमा केही सन्देह छैन ॥२५॥

अध्याय-११

राजा रहूगणलाई ज्ञानको उपदेश गर्दा जडभरतजी संसारको मिथ्यात्वको वर्णन गर्नु हुन्छ ।

जडभरतजी भन्न लाग्नु भयो—

हे महाराज! परमार्थ तत्त्वको राम्रो जानिफकार नभए तापनि तिमी आत्मतत्त्व जान्ने ज्ञानीले जस्तै गरी कुरा गरी गरिरहेका छौ यत्तिकैमा म तिमीलाई ज्ञानीहरू मध्येको श्रेष्ठ भन्न सक्तिन , किनकि बिचारवान् मानिस देहमा ब्रह्मको बिबेचन गर्दा तिमीले प्रतिपादन गरिएको यो व्यवहारको समर्थन गर्दैनन् ॥१॥ शास्त्र-विचारले नै तत्त्वको निर्णय होला भन्ने कुरा सम्भव छैन, किनकि वेदवाक्य समेत गृहस्थोचित यज्ञविधिको विस्तारमा अर्थात् कर्मकाण्डको वर्णनमा व्यस्त छन्, तिनबाट रागद्वेषादि दोषले रहित भएको विशुद्ध तत्त्वज्ञान (आत्मज्ञान) प्रायः राम्रोसंग प्रकाशित भएको छैन अर्थात् ,वैदिक कर्मकाण्डमा आसक्त भएकाहरू निष्काम परमहंसहरूको निवृत्तिरूप सिद्धान्तलाई राम्ररी बुझ्न सक्तैनन् ॥२॥ गृहस्थाश्रम सम्बन्धी यज्ञ गर्नाले प्राप्त हुने स्वर्गादि सुखलाई सपना समान थोरै कालमा मेटिने दृश्य संझेर तुच्छ नसंझनेलाई ता साक्षात् उपनिषद् वाक्यले समेत यथार्थ-तत्त्वको (मुक्तिको) ज्ञान गराउन सक्तैन॥३॥जबसम्म मानिसको चञ्चल मन रजोगुण सत्वगुण अथवा तमोगुणको वशमा रहन्छ तबसम्म त्यसले स्वच्छन्दतापूर्वक ज्ञानेन्द्रिय औ कर्मेन्द्रियद्वारा धर्म अथवा अधर्म कर्म गराइनै रहन्छ ॥४॥ यो मन, धर्म-अधर्मको कामनाले पूर्ण छ, कामनामय हुनाले सब विषयमा आसक्त रहन्छ, विषयासक्त हुनाले चलायमान औ विकारयुक्त हुन जान्छ। यो मन भूत औ इन्द्रियरूप सोन्है कलाभा मुख्य छ। यही भिन्न भिन्न नामले देवता मनुष्यादि रूप धारण गरी शरीररूप उपाधिको भेदले जीवको उत्तमता अथवा अधमताको कारण हुन्छ ॥५॥ कपटपूर्वक संसारचक्रमा पार्ने यो मायामय मन, आफ्नो देहको अभिमानी जीवसित मिलेर त्यसलाई समयानुसार प्राप्त भएको आफ्नो कर्मको सुख-दुःख र यस बाहेक तीव्र मोहरूप अनिवार्य्य फल प्रकट गरिरहन्छ॥६॥ जबसम्म यो मन रहन्छ तबसम्म क्षेत्रज्ञ जीवको अघिल्तिर जाग्रत् अवस्थाका तथा स्वप्नावस्थाका दृश्य प्रकाशित हुन्छन् र जीवले त्यसको अनुभव गर्दछ। यसैकारण विद्वान्हरूले यस मनलाई गुणाभिमानीरूपले त्रिगुणमय अधम संसारको औ गुणाभिमानरहितरूपले परमोत्कृष्ट मोक्षपदको कारण भनेका छन् ॥७॥ यो मन मायाका गुणमा लिप्त अर्थात् विषयासक्त भएमा जीवको निम्ति विपत्तिको कारण बन्दछ अर्थात् संसार सङ्कटमा पर्दछ; यही मन मायाको प्रपञ्चदेखि अलग रहेर निष्काम भैकन निर्गुण ईश्वरमा लाग्न गयो भने मङ्गलको कारण हुन जान्छ अर्थात् जीवलाई शान्तिमय मोक्षपद प्राप्त गराइ दिन्छ । जबसम्म दियोमा घिउ र बत्ती रहन्छ तबसम्म त्यसको ज्योतिमा धूवाँको कालिमा

देखिन्छ तर घिउ-बत्ती समाप्त हुनासाथ त्यो ज्योति आफ्नो कारण अग्नितत्त्वमा लीन हुन्छ त्यसैगरी जबसम्म मन गुण औ कर्ममा आसक्त भैरहन्छ तबसम्म अनेक प्रकारका प्रवृत्तिहरूलाई ग्रहण गरिरहन्छ तर कर्म र गुणलाई त्यागना साथ आफ्नो कारण महत्तत्त्व (ब्रह्म) मा लीन भैहाल्दछ ॥८॥

हे वीर ! पाँच कमन्द्रिय, पाँच ज्ञानेन्द्रित र एउटा अहङ्कार—यी एघार मनका वृत्ति हुन् । पाँच प्रकारका कर्म, पाँच तन्मात्रा र एउटा शरीर यी एघार तिनका आधारभृत विषय कहिन्छन् ॥९॥ गन्ध-रूप-स्पर्श-रस-शब्द यी पाँच ज्ञानेन्द्रियका विषय हुन् । मलत्याग-सुखभोग-गमन-भाषण-लिने दिने आदि व्यापार यी कर्मेन्द्रियका विषय हुन् तथा शरीरलाई " यो मेरो हो " भनेर स्वीकार गर्नु अहङ्कारको विषय हो । कोही कोही अहङ्कारलाई मनको बाह्रौं वृत्ति र त्यसको आश्रय शरीरलाई बाह्रौं विषय मान्दछन् । शरीरको नाम ' पुर ' हो, यसमा जीव अहङ्कार सहित शयन गर्ने हुनाले जीवात्माको नाम " पुरुष " भएको हो॥१०॥ मनका यी एघार वृत्ति द्रव्य(विषय),स्वभाव, आशय (संस्कार), कर्म औ काल आदि कारणले गर्दा पहिले सय प्रकारको, अनि हजार प्रकारको र त्यसपछि करोडौं प्रकारका हुन्छन् । यी सब वृत्तिहरूको सत्ता उही जीवात्माको सत्ताले नै ज्ञात हुन्छ, अतएव यी सबै वृत्ति उही क्षेत्रज्ञद्वारा प्रकाशित हुन्छन्, स्वतः अथवा परस्पर मिलेर प्रकाशित हुने होइनन् ॥११॥ यसो भए तापनि मनसित क्षेत्रज्ञको कुनै सम्बन्ध छैन । यो ता जीवको उपाधि हो, माया यसको कारण हो औ यो प्रायः संसारमा पार्ने अविशुद्ध कर्ममा प्रवृत्त रहन्छ । माथि कहिएका यसका वृत्तिहरू धारा-प्रवाह झैं कहिले पनि रोकिन्नन्—यिनको प्रवाह निरन्तर बहिरहन्छ । जाग्रत् औ स्वप्नाको अवस्थामा यी प्रकट हुन्छन औ सुषुप्तिमा लुप्त छन् । क्षेत्रज्ञ आत्मा जो बिशुद्ध चिन्मात्र हो, यिनको साक्षी भएर सदा हेरिरहन्छ ॥१२॥

क्षेत्रज्ञ आत्मा जीवात्मा औ परमात्माको भेदले दुई प्रकारको छ । यहाँसम्म जीवात्माको वर्णव भयो, अब परमात्माको निरुपण गरिन्छ । यी क्षेत्रज्ञ परमात्मा सर्वव्यापी, जगत्का आदि कारण, पूर्णस्वरूप, अपरोक्ष (जीवका लागि प्रत्यक्ष), स्वयंप्रकाशमान, अजन्मा, ब्रह्मादिका समेत नियन्ता औ आफ्नो अधीनमा रहने माया-द्वारा सबैको अन्तःकरणमा रहेर जीवलाई प्रेरित गर्ने, समस्त जीवको आश्रयभूत भगवान् (ऐश्वर्य्यादि छ अपूर्व गुणले पूर्ण) वासुदेव (सबै तत्त्वका आश्रय अर्थात् प्रकाशक) हुन् ॥१३॥ जसरी वायु प्राणरूपले शरीरमा प्रवेश गरेर स्थावर औ जङ्गम प्राणीमाथि प्रभुता गर्दछ त्यसैगरी क्षेत्रज्ञ आत्मा परमेश्वर भगवान् वासुदेव पनि आत्मस्वरूपले यस सम्पूर्ण जगत्मा प्रवेश गरी प्रभुता गर्नुहुन्छ ॥१४॥ हे राजन् ! जब सम्म मानिस ज्ञानको उत्पत्तिद्वारा मायाको तिरस्कारगरी सबैतिरको आसक्ति छाडेर तथा काम-क्रोधादि छ शत्रुलाई जितेर आत्मतत्त्वलाई जान्दैन तबसम्म संसारका अनेक योनिमा भडकि रहन्छ ॥ १५ ॥ जबसम्म जीवलाई यो मन आत्माको उपाधि औसंसार सन्तापको क्षेत्र हो भन्ने

कुरामा निश्चय हुन्न तबसम्म त्यसले संसारबाट निस्तार पाउँदैन । किन कि रोग-शोक-मोह-लोभ-राग-वैर यी सबैको संयोगले मनमा ममता (मेरो हो भन्ने भाव) उत्पन्न हुन्छ, यसैले गर्दा जन्म-मरणरूप संसारको ताप हुन्छ । अब ता मन नै संसारका सम्पूर्ण सन्तापको क्षेत्र रहेछ भन्ने कुरा सिद्ध भैहाल्यो ॥१६॥ यो मन नै तिम्रो अति बलियो शत्रु हो । तिम्रो लापरवाहीले गर्दा यसको शक्ति झन् बर्ता भैराखेको छ । यो मन यद्यपि स्वयं मिथ्या स्वरूप छ तापनि यसले तिम्रो आत्मस्वरूपलाई आच्छादित गरिराखेको छ । तसर्थ आफ्नो गुरुरूप हरिको चरणको उपासनाको प्रतापले सावधानीसाथ यसको विनाश गर । यसमाथि बिजय प्राप्त गर्नाको निम्ति यही मात्र एक अमोघ अस्त्र हो ॥१७॥

अध्याय-१२

राजा रहूगणका संशयको समाधान, सत्संगको प्रशंसा र जडभरतजीको पूर्वजन्मको बृत्तान्त।

राजा रहूगणले भने—

हे भगवन् ! म तपाईंलाई नमस्कार गर्दछु। जसरी लोकरक्षाको निम्ति भगवान्ले शरीर धारण गर्नु हुन्छ त्यसैगरी तपाईंले पनि जगत्को उद्धार गर्नाको निम्ति यो देह धारण गरेको हो। परमानन्दमय स्वरुपको अनुभव गरेर तपाईंले यस स्थूल शरीरलाई तुच्छ सम्झनु भएको छ तथा एउटा जड ब्राह्मणको बेष लिएर आफ्नो नित्य ज्ञानमय स्वरूप (ब्रह्मज्ञान) लाई लुकाइराख्नु भएको छ । बारंबार तपाईंलाई नमस्कार गर्दछु ॥ १ ॥ हे ब्रह्मन् ! जसरी ज्वरले पीडित भएको रोगीलाई मीठो औषधि तथा घामले तातेको पुरुषलाई चीसो जल अमृत-तुल्य हुन्छ त्यसैगरी देहाभिमानरूप विषालु सर्पले ज्ञानरूप दृष्टि नष्ट भएको मेरो निम्ति तपाइका यी वचनले अमृतमय औषधिको काम दिए ॥२॥ हे देव ! मलाई जुन जुन कुरामा सन्देह छ तिनको निवृत्ति पछि गराउंदै गरुँला। अहिले भखर तपाईंले अध्यात्मयोगले पूर्ण भएको जुन उपदेश मलाई दिनु भयो पहिले तिनलाई सरल व्याख्या गरेर बुझाइदिनोस्। ती उपदेश बुझ्नको निम्ति मलाई बडो लालसा भैराखेको छ ॥३॥ भारी बोक्ने इत्यादि कर्म र तिनबाट हुने थकाई इत्यादि फल, यी दुबै प्रत्यक्ष भए तापनि केवल व्यवहार-मूलक हुन् वास्तवमा सत्य होइन-तत्वविचार गर्दा यिनीहरू केही पनि ठहरिन्नन् भन्ने विषयमा मेरो बुद्धिले चक्कर खाइराखेको छ । यस कथनको मर्म मैले बुझ्न सकिन ॥४॥

ब्राह्मणले भने—

हे पृथ्वीपते ! यो देह ता पृथ्वीकै विकार (रूपान्तर) ता हो नि, पाषाणादिमा र यसमा के फरक छ ? कुनै कारण विशेषले पृथ्वीमा हिंड्-डुल गर्न थाले पछि यो भारवाही आदि गरिएका नामले प्रसिद्ध हुन्छ,जो हिड्न सक्तैनन्

ती पत्थर आदि कहिन्छन् । हेर, यसका जुन दुई खुट्टा छन् तिनीमाथि क्रमैसँग गोलीगाँठा, पिडौंला, घूँडा, तिघ्रा, कम्मर, छाती, घाँटी, काँध आदि अङ्ग छन् ॥५॥ काँधमाथि काठको पालकी राखिएको छ, त्यसमा "सौवीरराज" नामले प्रख्यात भएको एउटा पृथ्वीको विकार मात्र छ यस पृथ्वीको विकारमा "मेरो हो" भन्ने अभिमान गरेकोले तिमी म "सिन्धुदेशको राजा हूँ" भन्ने दुर्मदले अन्धो भैराखेका छौ ॥६॥ नर यस दुरभिमानले तिम्रो श्रेष्ठता -सिद्ध हुँदैन । वास्तवमा तिमी ता बडा निर्दयी औ निर्लज्ज छौ, कारण अत्यन्त कष्टले गर्दा शोचनीय अवस्थामा परेका यी दीन दुःखी कहार-लाई वेगारमा समाती पालकीमा लगाइराखेका छौ, तसर्थ महापुरुषको सभामा "म लोकको रक्षा गर्ने हुं" भनेर तिमीले बढेर कुरा गरेको सुहाउँदैन ॥७॥ पृथ्वीबाट नै सर्बदा सम्पूर्ण चराचर पदार्थको उत्पत्ति भएको औ पृथ्वी मैं तिनीहरू लीन भएको हामी देख्त छौं, तसर्थ पृथ्वी नै समस्त विकारको मूल रहेछ भन्ने कुरा सिद्ध भैहाल्यो । अतः क्रियाभेदले गर्दा यिनका बेग्ला बेग्लै नाम भएका छन् । त्यसमा व्यवहार सिवाय अरू कुनै मूल कारण छ भने तिमीनै भनन ताकि क्रिया औ अर्थद्वारा तिनको सत् हुने कुराको अनुमान गर्न सकियोस् ॥८॥

यसैगरी जसलाई हामी पृथ्वी भन्दछौं ती पनि मिथ्या हुन् किन कि यी पनि आफ्नो कारणरूप जुन सूक्ष्म परमाणु छन्, तिनैमा लीन हुन्छिन् । जुन परमाणुको समूह यी पृथ्वी हुन् ती परमाणु समेत नित्य होइनन् । केवल मनद्वारा कार्यको उत्पत्ति (सिद्धि) नहुने हुनाले यी परमाणु पनि अविद्याद्वारा मनैले कल्पना गरिएका हुन् । वास्तवमा यिनको समेत सत्ता छैन । यो सारा प्रपञ्च भगवान्को मायाकै खेल हो, यस बाहेक उसको आफ्नो कुनै सत्ता छैन ॥९॥ यसै गरी दुब्लो, मोटो, सानो, ठूलो, कहिले कारण, कहिले कार्य तथा चेतन, अचेतन इत्यादि धर्म देख्ता जो भेद-भाव देखिन्छ त्यो पनि मिथ्या हो, किन कि यो द्वैत-भावना पनि द्रव्य, स्वभाव, आशय काल, कर्म आदि नाम भएको भगवान्को मायाले नै हुने हो ॥१०॥ अतएव विशुद्ध परमार्थरूप, अद्वितीय, भित्री-बाहिरी भेद नभएको परिपूर्ण ज्ञान नै सत्य बस्तु हो । यो व्यापक औ सर्वथा निर्विकार छ । यसैको नाम भगवान् हो औ यसैलाई पण्डितहरू वासुदेव भन्दछन् ॥११॥ तर हे रहूगण ! यस प्रकारको ज्ञानरूप परमात्माको प्राप्ति महापु-रुषको चरणको धूलो शिरमा धारण नगरेसम्म हुन्न अर्थात् उनको सेवा गर्नाले मात्र हुन्छ । तप, यज्ञादि वैदिक कर्म, अन्नादिको दान, गृहस्थोचित धर्मको पालन, वेदाध्ययन, अथवा जलअग्नि--सूर्यको उपासना आदि गरिएका कुनै साधनले पनि प्राप्त हुन सक्तैन ॥१२॥ किन कि महापुरुषहरूको समाजमा सदा सर्वदा पवित्र-कीर्ति श्रीहरिको गुणको चर्चा भैरहन्छ, यस चर्चाले गर्दा त्यहां विषयको कुरा हुने पाउंदैन । भगवत्-कथाको रोज रोज सेवन गरेपछि त्यसले अर्थात् भगवत्कथाले मोक्षको इच्छा भएका व्यक्तिको शुद्ध बुद्धिलाई भगवान् वासुदेवमा लगाइदिन्छ ॥१३॥

पूर्वजन्ममा म भरत नाम गरेको राजा थिएं । लौकिक एवं पारलौकिक दुबै प्रकारका विषयदेखि विरक्त भै भगवान्को आराधनामा लागिरहन्थे । यसो भए तापनि एउटा मृगमा आसक्ति भएकोले परमार्थवाट भ्रष्ट भएर मैले अघिल्लो जन्ममा मृग-योनिमा उत्पन्न हुनु पऱ्यो ॥१४॥ तर कृष्ण भगवान्को आराधनाको प्रभावले त्यस मृग-योनिमा समेत मलाई पूर्वजन्मको संझना भैरह्यो । यसैले म अहिले मानिसको संगतलाई आफ्नो उद्देश्यमा बिघ्न पार्ने संझेर त्योदेखि डराएर सदा गुप्तरूपले असङ्गभावसंग (सबैदेखि अलग रहेर) भ्रमण गरिरहन्छु ॥१५॥ तसर्थ मेरो विचारमा विरक्त महापुरुषको सत्सङ्गले प्राप्त भएको ज्ञानरूप खड्गद्वारा मानिसले यही लोकमा आफ्नो मोहबन्धनलाई चुंडाल्नु पर्दछ। अनि श्रीहरिका लीलाहरूको कथन औ श्रवणले भगवान्को स्मरण भैरहने हुनाले त्यसले सजिलैसंग संसारमार्गलाई पार गरी भगवानलाई प्राप्त गर्न सक्तछ ॥ १६ ॥

अध्याय—१३

भवाटवीको वर्णन औ रहूगणको संशय-नाश ।

ब्राह्मण भरतले भने—

हे राजन् ! यो जीव-समूह सुखरूप धनमा आसक्त भएर देशदेशान्तर भ्रमण गरेर व्यापार गर्ने व्यापारीको जमाथ जस्तै छ । मायाले यसलाई दुस्तर प्रवृत्ति मार्गमा लगाइदिएको छ, यसैले सात्विक, राजस्, तथा तामस भेदले नाना प्रकारका कर्ममा यसको दृष्टि लागिरहन्छ, यिनै कर्मले गर्दा यो भड्कदैं भड्कदैं भवाटवी अर्थात् संसार-रूप जङ्गलमा पुग्दछ, तर यहां अलिकता पनि शान्ति पाउंदैन ॥१॥ किन कि हे राजन् ! यस भवाटवीमा छवोटा (ज्ञानेन्द्रिय र मन) चोर छन् । जीवरूप वणिकसमाजको बुद्धिरूप नायक बडो दुष्ट छ । यसको नेतृत्वमा जब यो त्यहां पुग्दछ तब ता ती चोरहरूले बलजफ्तीसंग यसको सबै मालमत्ता लुटिदिन्छन् । जसरी हुंडार, गोठालाद्वारा सुरक्षित भएको भेडाको बथानमा पसेर तिनका बच्चालाई उडाएर लइजान्छ त्यसैगरी आफूसित रहने स्त्री पुत्रादिरूप स्यालले त्यो असावधान व्यापारीलाई अर्थात त्यसले कमाएको धनलाई यताउताबाट तान्न अर्थात् खर्चगर्न थाल्दछन् ॥ २ ॥ यस वनमा काम्यकर्मरूप अनेक लहरा, घांस, झारपातले ढाकिएका अति दुर्गम स्थान छन् । यहांपुगेपछि कठोर बिच्छी औ लामखुट्टेले वणिकदललाई सताउन थाल्दछन् । यहां त्यस दलले कहिले गन्धर्वनगर समानको असत्य मर्त्यलोकलाई सत्य देख्न थाल्दछ र कहिले सुवर्णरूप अति चञ्चल रांके भूतलाई देखेर त्यसको चमकमा लठ्ठ पर्दछ ॥३॥ यो वणिक्-दल यस वनमा वासस्थान, जलधनादिको खोजमा आसक्त भैयताउति दगुर्न थाल्दछ। कहिले ता आँखामा स्त्रीरूप आँधीले उडाएको रागरूप धूलोले उसलाई दिशाहरू (कर्मका साक्षी देवताहरू) को समेत ज्ञान

रहँदैन ॥४॥ कहिले आफूले नदेख्ने शत्रुरूपी अनेक झ्याउंकिरीको कर्णकटु शब्द सुन्दछ औ कहिले राजारूपी लाटोकोसेरोको बोलीले यसको चित्त अति दुःखित हुन्छ । भोकले जब यसलाई सताउँछ अनि छुँदैमा पापलाग्ने (कृपणधनीरूप) निन्दनीय रुखकोआश्रय लिन्छ औ कहिले व्याकुल भएर विषयभोगरूप घामको टलक (मृगतृष्णा) लाई पानी संझेर त्यसको नजीक जान्छ ॥५॥ कहिल जल- शून्य नदी (पाखण्डपथ) तिर लाग्दछ जहाँ कि दुःखसिवाय जल पाउने अलिकता पनि संभावना हुँदैन, कहिले अन्न नपाइएर भोकले व्याकुल भएमा परस्पर अर्थात् बाबुले छोरासित औ छोराले बाबुसित अन्न माग्न थाल्दछ, कहिले दावानल समानको दुःखमय घरमा पस्ता आगो (शोक) ले झुरिन्छ औ कहिले यक्षरूप राजाहरूले प्राणसमानको प्यारो धन हर्दा खिन्न हुन थाल्दछ ॥६॥ कहिले आफूभन्दा बलियाहरूले आफ्नो सर्वस्व हरेर लिए भने खिन्न चित्त औ शोकले व्याकुल भै मूर्छा पर्दछ । कहिले गन्धर्व पूर (बन्धुवर्ग) मा प्रवेश गरेर एक्कै छिनको निम्ति सुखी जस्तो भएर आनन्दमा मग्न हुन्छ ॥७॥ कहिले पर्वतमा चढने (यज्ञादि ठूला ठूला कर्म) इच्छा गर्दा काँढा ढुङ्गा (बिध्नहरू) ले पैताला छियाछिया भएकोले दिक्दार पर्दछ । जब जहान बच्चा बढदछन् औ उदरपूर्तिको साधन हुँदैन तब ता छिन छिनमा भोकको ज्वालाले पीडित भै आफ्नै बन्धुवर्ग सित झोक्किन थाल्दछ ॥८॥ कहिले अजिङ्गर-सर्प (निद्रा) ले डस्ता वनमा फ्याँकिएको मुर्दा झैं पडिरहन्छ, यस वेला त्यसलाई केही होश रहँदैन । कहिले सर्पादिगरिएक विषालु जन्तुहरू (दुर्जनहरू) ले टोक्न थाले भने तिनको विषको प्रभावलें अन्धो भएर अँध्यारो इनारमा (मोहमा) खसेर दुःख भोगिरहन्छ ॥९॥ कहिलें परस्त्रीरूप महको खोजमा लाग्दा उनका पतिरूप (मक्षिका) झींगाहरूद्वारा मानमर्दन भएकोले अनेक दुःख भोग्नु पर्दछ । कदाचित् बडो कष्टसँग सफलता भए छ भने, त्यसले भोगगर्न पाउँदैन, वलजफ्ती सँग अरूले खोसेर लइजान्छन् ॥१०॥ कहिले शीत, घाम, आँधी, वर्षाबाट आफ्नो रक्षा गर्न असमर्थ हुन्छ । कहिले आपसमा थोर-बहुत व्यापार गर्न लाग्यो भने धनको लोभले ठगाई ठगाई गर्दा अरूसित शत्रुता हुन जान्छ ॥११॥ कहिले यस संसार वनमा त्यसको यसरी धन नष्ट. हुन्छ कि त्यो सित शय्या, आसन, बस्ने स्थान र मोजमज्जा गर्ने सामग्री समेत रहँदैन, अनि ता अर्काको चीजबीजमा आँखा लगाउन थाल्दछ र जब उनीहरूसित मांदा पनि पाउन्न अनि ता त्यसले बडो अपमान सहनु पर्दछ ॥१२॥

यस प्रकारको व्यावहारिक सम्बन्धले गर्दा परस्पर द्वैषभाव बढेको भए तापनि त्यो वणिक्-दल आपसमा विवाहादि सम्बन्ध स्थापित गर्दछ र फेरि यस मार्गमा धन-नाश द्वेष आदि अनेक प्रकारका सङ्कट भोगेर मरे समान हुन्छ ॥१३॥ यो वणिक्-दल आफ्ना मरेका साथीहरूलाई जहाँको तहीं छाडेर नयाँ नयाँ उत्पन्न भएकाहरू-लाई सँगमा ली अघि अघि बढिरहन्छ । हे वीरवर। आजसम्म उनीहरू मध्ये नकुनै प्राणी फर्केर आएको छ न कसैले यो मार्गलाई पार गरेर परमानन्द

योगको अर्थात् ईश्वरको शरण लिएको छ ॥१४॥ बडा बडा दिक्पालहरूलाई जित्ने जुन धीरवीर पुरुष पृथ्वीमा "यो मेरो हो" भन्ने अभिमान गरेर आपसमा शत्रुता गरी युद्धभूमिमा शयन गरेका छन् तिनले समेत कसैसित शत्रुता नराख्ने परमहंसले प्राप्तगर्ने विष्णु भगवान्को अविनाशी पद पाउन सक्दैनन् ॥१५॥

यस भवाटवीमा भ्रमण गर्ने यो व्यापारीको समुदाय कहिले लताका हांगाहरू (आईमाईका हात) को आश्रय लियर तिनको अवलम्बन गरेर रहने चराचुरुङ्गीको (बालकको) अस्पष्ट मधुर कलरवमा आसक्त हुन्छ। कहिले सिंहको बथानदेखि (कालचक्रदेखि) भयभीत भै बकुला, कंक औं गिद्ध आदिगरिएकाहरू (पाखण्डि देवताहरू) सित दोस्ती गर्न पुग्दछ ॥१६॥ यिनीहरूबाट धोका पाएपछि हाँसको पङ्क्तिमा (ब्राह्मणकुलमा) प्रवेश गर्न खोज्दछ तर यिनीहरूको आचार-स्वभाव मन नपर्ने भएकोले वानरहरूसंग (चञ्चल स्वभाव भएकाहरू सित) मिसिएर उनीहरूको-जाति स्वभाव (स्त्री संभोग) अनुसार दाम्पत्य-सुखमा रद्दपरी विषय भोगले आफ्ना इन्द्रियहरूलाई तृप्त गर्न थाल्दछ। परस्पर मुख हेर्दा हेर्दैमा कसरी मोहित हुन्छ भने आफ्नो जीवनको अवधि अर्थात् मृत्युलाई समेत बिर्सिदिन्छ ॥१७॥ त्यहाँ रुखहरूमा (घरमा) रमाउँदा रमाउदैमा स्त्री-पुत्रादिको स्नेह-पाशमा बाधिन्छ। मैथुनको वासना अतिशय बढेकोले किसिम किसिमका दुर्व्यवहारले शोचनीय अवस्थामा भए पनि लाचार भएर आफ्नो बन्धनलाई चुडाल्ने हिम्मत गर्दैन। कहिले कहिले ता आफ्नो असावधानीले गर्दा पर्वतको गुफामा (रोगादिमा) पर्न थाल्दछ र त्यहाँ रहने हात्ती (मृत्यु) देखि डराएर कुनै लहरा (प्रारब्धकर्म) को सहारा लिएर झुण्डिरहन्छ ॥१८॥ हे वीर! यस आपत्तिबाट कुनै तरहले उम्कन पायो भने फेरि आफ्नै डफ्फामा मिसिन पुग्दछ। मायाद्वारा यस अपार संसारमार्गमा एक चोटि पुगेको मानिस भ्रमण गरिरहन्छ र अन्तसम्म आफ्नो परम पुरुषार्थको पत्तो पाउन सक्दैन ॥१९॥ हे रहूगण! तिमि पनि यही भवाटवीमा भ्रमण गरिरहेका छौ तसर्थ अब प्रजालाई दण्ड दिने काम छाडेर सबै प्राणीसित मित्रताको भाव राख र विषयहरूमा अनासक्त भै भगवत्सेवाले तिखारिएको ज्ञानरूप खड्ग लिएर यस अपार संसारमार्गको पार लाग ॥२०॥

राजा रहूगणले भने—

अहो! समस्त योनिमा यो मनुष्य-योनि नै श्रेष्ठ छ। स्वर्गादि अन्य लोकमा प्राप्त हुने देवादि-योनिबाट के लाभ छ, जहाँ कि हृषीकेश भगवान्को पवित्र यशले हृदय शुद्ध भएका तपाईं जस्ता महात्माहरूसित खूबसँग समागम हुन पाउँदैन ॥२१॥ तपाईंको चरणकमलको रजको सेवन गर्नाले जसका सम्पूर्ण पाप नष्ट भएका छन् त्यस्ता महानुभावहरूलाई भगवान्को निर्मल भक्ति प्राप्त हुनु कुनै अद्भुत कुरा होइन। मेरो ता तपाईं सितको दुई घडीको संगतले नै कुतर्कद्वारा जरो जमाएको अविवेक (भ्रम-अज्ञान) नष्ट भै हाल्यो ॥२२॥ बाहिरी आचरण देखेर कसैले पनि तत्त्ववेत्ताहरूलाई चिन्ह सक्दैनन् अतः उनको जस्तो सुकै वेष अथवा उमेर होस्

म उनलाई नमस्कार गर्दछु) यिनमा जो वयोवृद्ध छन, जो बालक छन् जो तरुनो छन, औ जो क्रीडासक्त बालक छन् ती सबैलाई नमस्कार गर्दछु। अवधूत भेष लिएर पृथ्वीमा भ्रमण गर्ने जति ब्रह्मज्ञानी ब्राह्मण छन् तिनबाट ऐश्वर्योन्मत्त हामी जस्ता राजाहरूको कल्याण होस् ॥२३॥

शुकदेवजी भन्नुहुन्छ—

उत्तराका छोरा हे परीक्षित् ! यसप्रकारसँग ती परम प्रभावशाली ब्रह्मर्षि-पुत्र भरतले आफ्नो अपमानगर्ने सिन्धु-नरेश राजा रहूगणलाई करुणाले हृदय पूर्ण भएकोले आत्मतत्त्वको उपदेश दिए। यति भए पछि राजा रहूगणले पनि दीनभाव सँग उनको चरणको बन्दना गरे। तदनन्तर भरत पनि परिपूर्ण समुद्र जस्तै आफ्ना इन्द्रिय-रूप तरङ्गलाई शान्त गरी अचञ्चल अन्तःकरणले पृथ्वीमा भ्रमण गर्नलागे ॥२४॥ उनको सत्सङ्गले परमात्मतत्त्वको ज्ञान पाएर सौवीरपति रहूगणले पनि अविद्याद्वारा आरोपित भएको (जरोहालेको) देहाभिमानलाई त्यागिदिए; किनकि हे राजन् ! भगवान्को आश्रय लिएर रहने अनन्य भक्त-हरूको शरण पर्न जाने पुरुषको यस्तै प्रभाव हुन्छ अर्थात यिनमा अविद्या अड्न सक्तैन ॥२५॥

राजा परीक्षित्ले भने—

हे महाभागवत शुकदेवजी ! तपाईंले व्यापारी हरूको जमाथको रूपकद्वारा भवाटवी (संसार-मार्ग) को बडो उत्तम वर्णन गर्नु भयो तर यस रूपकलाई बुद्धिमान् पुरुषले मात्र बुझ्न सक्तछन्। साधारण बुद्धि भएका मानिसले यसलाई सजिलोसँग बुझ्न सक्तैनन्। अतः यस दुर्बोध विषयलाई सजिलो व्याख्या गरेर बुझाइ दिनोस् भन्ने मेरो प्रार्थना छ ॥२६॥

अध्याय—१४

भवाटवी—रूपकको सरल व्याख्या।

शुकदेवजी भन्नुहुन्छ—

देहमा अभिमान भएका जीवहरूद्वारा सत्त्वादि गुणले गर्दा शुभ-अशुभ र दुबै मिसिएका तीन प्रकारका कर्म भैरहन्छन। यिनै कर्मद्वारा अनेक प्रकारका उत्तम, मध्यम औ अधम शरीरको रचना हुन्छ। यिनै किसिम किसिमको शरीरमा इष्ट वस्तुसित संयोग वियोग हुनाले सुख-दुःखको अनुभव भैरहन्छ— यतैबाट अनादि संसारको रचना हुन्छ। मन आदि छ प्रकारका ज्ञानेन्द्रिय त्यस संसारको अनुभवको द्वार हुन् यिनै इन्द्रियद्वारा विवशभै सबै जीवहरू बाटो बिर्सेर भयङ्कर वनमा भ्रमण गर्दै धनका लोभी व्यापारीहरू झैं, परम समर्थ विष्णु भगवान्को आश्रयमा रहने मायाको प्रेरणाले घनघोरको जङ्गल जस्तो दुर्गम बाटोमा परी संसारवनमा पुग्दछन्। यो वन श्मशान जत्तिकै अत्यन्त अशुभ छ। यसमा भ्रमण गरेर जीवले आफ्नो शरीरले गरेको कर्मको फल भोग्नु पर्दछ। अनेक विघ्नले गर्दा यहाँ आफ्नो व्यापारमा सफलता नभए तापनि त्यसले संसारदुखलाई

शान्त गर्ने हरिचरणारविन्दका रसिक भ्रमरा (भक्त) हरूको मार्गको अनुसरण गर्दैन। यस संसारवनमा मन सहितका जुन छ इन्द्रिय छन् तिनै आफ्नो कर्मको दृष्टिले चोर समान छन् अर्थात् ठगले झैं जीवलाई फकाएर कुमार्गमा लइजान्छन् औ नष्ट गर्दछन् ॥१॥ मानिसले अनेक प्रकारको कष्ट भोगेर कमाएको धनको उपयोग धर्ममा हुनु पर्दछ; यो धर्म भगवान्को प्रसन्नताका लागि गरिएको खण्डमा परलोकमा मुक्तिको हेतु हुन्छ भन्ने पण्डितहरूको भनाई छ। तर जुन मानिसको बुद्धिरुप सारथि विवेक हीन हुन्छ र मन वशमा हुँदैन त्यसको धर्ममा लगाउनु पर्ने त्यो धनलाई मनसहितका यी छ इन्द्रियहरूले हेर्ने, स्पर्श गर्ने, सुध्ने, स्वादलिने संकल्प-विकल्प एवं निश्चय गर्ने इत्यादि वृत्ति-द्वारा गृहस्थोचित विषय-भोगमा फसाएर, वेइमान मुखियाको अनुगमन गर्ने एवं असावधान व्यापारीहरूको जमाथको धनलाई चोर डाँकूले लुटे झैं, नष्ट गरिदिन्छन् ॥२॥ यिनले मात्र होइन त्यसवनमा रहने स्त्री-पुत्रादि कहिने उसको कुटुम्बीहरू जो किकर्मले गर्दा साक्षात् ब्वाँसो औ स्याल जस्ता हुन्छन्, अति लोभी कुटुम्वी वाला त्यस पुरुषको धन उसको इच्छा नभए तापनि उसले हेर्दा हेर्दैमा, गोठालाले सुरक्षित राखेको भेडालाई हुँडारले उडाए झैं, अनेक छल गरेर खोस्त छन् ॥३॥ जसरी हरसाल खनजोत गरिने खेत, त्यसमां रहेको बिउ नष्ट नभएकोले, बाली लगाउने बेलामा घाँस, लहरा, फूसले टम्म भरिन्छ त्यसै गरी यो गृहस्थाश्रम पनि कर्म-भूमि हो, यसमा पनि कर्मको सर्वथा उच्छेद हुँदैन। यस आश्रमलाई ता कर्मवासनाको प्याङ्ग संझनु पर्दछ। कपूरको बट्टामा कपूर नभए तापनि त्यसको बास्ना ता रहिरहन्छ त्यसैगरी कर्म नष्ट भए तापनि कर्मको कामना ता जाँदैन, यसैले कर्म एकदम नाश भयो भन्न हुँदैन ॥४॥

गृहस्थाश्रममा आसक्त भएको व्यक्तिको धनरूप बाहिरी प्राणको, बिच्छी-लामखुट्टे-समानका नीच पुरुषबाट तथा शलह, चरा, चोर मूसा आदि गरिएकाबाट क्षति भैरहन्छ अनि यस मार्गमा भ्रमण गर्दा गर्दा त्यो अविद्याद्वारा काम औ कर्ममा आसक्त भएको आफ्नो चित्तले, दृष्टि-दोषले गर्दा गन्धर्वनगर समानको यस असत्य मर्त्यलोकलाई सत्य मान्न लाग्दछ ॥५॥ फेरि खानपान औ मैथुन आदिगरिएका व्यसनमा आसक्तभै कहिले मृग-तृष्णासमानको मिथ्या विषयतिर दगुर्न थाल्दछ ॥६॥ कहिले, जसरी वनमा जाडोले पीडित भएको व्यक्ति आगोको निम्ति व्याकुल भएर अग्नि समानको प्रज्वलित पिशाच (रांकेभूत) लाई देख्ता त्यसलाई आगो सम्झी उतिर दगुर्द छ, त्यसैगरी यो मानिस पनि सुनलाई सुखको साधन संम्झी त्यसलाई पाउने लालसाले यता-उति दगुर्न थाल्दछ। यो सुन सम्पूर्ण अनर्थको घर औ एक प्रकारको मल हो। अग्निको मलबाट सुवर्ण उत्पन्न हुन्छ। सुनको जस्तो चहकिलो वर्ण (रक्त) भएको रजोगुणले ग्रस्त भएकोले त्यसलाई सुवर्ण-लाभको लोभ हुन्छ ॥७॥ कहिले यस शरीरलाई जीवित राख्ने घर, अन्न-जल औ धनमा आसक्त भई यस संसार वनमा यताउति दौडधूप गरिरहन्छ ॥८॥

कहिले भने आंधीले झैं आंखामा धूलो हाल्ने स्त्रीले काखमा वसाली भने तत्कालैमा रागरूपी धूलोले दृष्टि रोकिन जानाले सत्पुरुषहरूको मर्यादाको समेत विचार राख्तैन। यस बेलामा आंखामा रजोगुणको धूलो भरिनाले उसको बुद्धि कस्तो मलिन हुन्छ भने त्यसले आफ्ना कर्मका साक्षी दिशाका देवताहरूलाई समेत बिर्सिदिन्छ अर्थात् म ता एक्लै पो छु भन्ने समझ लिन्छ॥९॥ कहिले कांही ता एकाध चोटि स्वयं आफैंले विषयहरू मिथ्या हुन् भन्ने विचार ता गर्दछ तर अनादि कालदेखि देहमा आत्मबुद्धि रहनाले विवेक-बुद्धि नष्ट भएकोले फेरि तिनै मृगतृष्णा समानका मिथ्या विषयतिर दगुर्न थाल्दछ ॥१० कहिले प्रत्यक्ष शब्द मर्ने लाटो कोसेरो जस्ता शत्रुहरूको औ परोक्षरूपले बोल्ने झ्याउँकिरी समानका राजाहरूको अति कठोर एवं मुटु छेड्ने डरलाग्दो हप्की दप्कीले उसको कान औ मनलाई बडो पीडा हुन थाल्दछ ॥११॥

संसारमा जब मानिसको पूर्वजन्मको पुण्य क्षीण हुन्छ अनि ता त्यो बांचे तापनि मुर्दासमान हुन्छ र कारस्कर एवं काकतुण्ड आदि विषालु फल हुने पापवृक्ष तथा लहराको र विषालु इनार झैं जसको धन यसलोक-परलोक दुबैको काममा लाग्दैन औ जो बांचे तापनि मुर्दा तुल्य छन् त्यस्ता धनीहरूको आधार लिन पुग्दछ ॥१२॥ कहिले असत् पुरुषको सँगतले बुद्धि भ्रष्ट हुन जांदा पानी नभएको खोलामा खसे झैं (पानी नभएको खोलामा हाम फाल्नाले टाउको फुटी अनेक क्लेश सहनु पर्दछ) यस लोक परलोकमा दुःख दिने पाखण्डपूर्ण धर्मरूप अधर्मको अवलम्बन गर्दछ ॥१३॥ शत्रुहरूले विघ्न पार्दा जब यसले अन्न पाउँदैन अनि ता साख्खै आफ्ना बाबु-छोरा लाई अथवा बाबु-छोरामा जोसित सम्पत्तिको नाममा एउटा कुश सम्म पनि देख्यो भने तिनलाई समेत बाधा दिन थाल्दछ ॥ १४ ॥ दावानल समानको, प्रियवस्तुले शून्य भएको अत्यन्त दुःखमय घरमा जब त्यो पुग्दछ अनि ता इष्ट-जनको वियोगादिले उसको शोकाग्नि प्रज्वलित हुन्छ र यसद्वारा सन्तप्त भएर अत्यन्त खिन्न हुन्छ ॥१५॥ कहिले कहिले जव राजाहरू, आफ्नो दुर्दशाले गर्दा प्रतिकूल भएर राक्षस जस्तो निष्ठुर भै प्राण समानको धन हर्दछन् त्यस समयमा मानिस मुर्दासमान निर्जीव हुन्छ अर्थात् अकर्मण्य भएर दिन काट्न थाल्छ ॥१६॥ कहिले वासना अनुसार पिता-पितामह आदिको अत्यन्त असत् सम्बन्धलाई सत्य सम्झेर उनीहरूको सहवासले सपना समानको क्षणिक सुखको अनु-भव गर्दछ ॥१७। गृहस्थाश्रमको निम्ति कहिएका कर्म-विधिको अन्त नै छैन, यी सबैको अनुष्ठान गर्नु ता अत्यन्त गाह्रो पर्वतमा चढ्ने इच्छा गर्नु हो। दुनियाँलाई त्यतापट्टि लागेको देखेर जव मानिस उनको देखासिखीले कर्म विधितिर लाग्दछ अनि ता जसरी काँढे काँढा, कङ्कडे कङ्कड भएको खेतमा हिंड्ने मानिसलाई दुःख भए झैं यसलाई पनि काँढा झैं दुःखदिने अनेक सांसारिक आपत्तिमा परेर पीडित हुनुपर्दछ ॥१८॥ कहिले पेटको असह्य ज्वालाले गर्दा धैर्य नरहनाले आफ्नै कुटुम्बमाथि रिस देखाउन थाल्दछ ॥१९॥ अनि निद्रारूप अंजिगरको फंदामा परी अज्ञान-रूप घोर अन्धकारमा डुबेर शून्य जंगलमा

फ्यांकिएको मुर्दा झैं सुतिरहन्छ, त्यस वखतमा उसलाई कुनै कुराको होश रहंदैन ॥२०॥

कहिले कहिले संसारमा मानिसको घमण्ड-रूप दांत फुक्लन्छ र दुर्जनरूप सर्पले त्यसलाई छिनभरि पनि आरामसित सुत्न दिन्नन् । यस अवस्थामा मर्म वेदनाले गर्दा आफ्नो विवेक-शक्ति छिन छिनमा क्षीण हुँदै गएकोले यो आखिरमा अन्धो झैं नरकरूप अँध्यारो इनारमा खस्तछ ॥२१॥ कहिले कांही जब प्राणी विषय-सुखरूप मधुकणलाई खोज्दा खोज्दैमा लुकी-चोरीले अर्काका स्वास्नी वा धनलाई हडप गर्न खोज्दछ त्यस बेला उनका मालिक वा राजाको हातबाट मारिएर अपार नरकमा पर्दछ ॥२२॥ यसै कारणले प्रवृत्ति-मार्गमा लागेर गरिएका लौकिक एवं वैदिक दुबै प्रकारको कर्म जीवलाई जन्म-मरणरूप संसारको प्राप्ति गराउने हुन् भनेर पण्डितहरूले भनेका हुन् ॥२३॥ कुनै तरहले राजा आदिको बन्धनबाट छुटकारा पाएछ भने पनि अन्यायले हरण गरेका ती आइमाई औ धनलाई देवदत्त नाम गरेको अर्को कुनै व्यक्तिले उसको हातबाट खोसेर लिन्छ र त्यसबाट पनि विष्णुदत्त नामगरेको तेस्रो व्यक्तिले हडप गरि-दिन्छ । यस प्रकारसंग यी भोग एकै ठाउँमा अडिदैनन् ॥२४॥ कहिले कहिले शीत, वायु आदि गरिएका अनेकानेक आधिदैविक, आधिभौतिक औ आध्यात्मिक दुर्दशाको निवारण गर्न असमर्थ भएकोले अपार चिन्ताले गर्दा दिक्दार हुन्छ ॥२५॥ कहिले परस्परमा लिने-दिनेव्यवहार गर्दा अर्काको अलिकता एक कौडी मात्र अथवा योभन्दा पनि थोरै धन ठगेकोले बेइमानीले गर्दा त्योसित दुश्मनी हुन जान्छ ॥ २६ ॥

यस मार्गमा माथि कहिएका विघ्न बाहेक सुख-दुःख, राग-द्वेष, भय, अभिमान, प्रमाद, उन्माद, शोक, मोह, लोभ, मात्सर्य्य, ईर्ष्या, अपमान, भोक-प्यास, आधि (मानसिक कष्ट) व्याधि (शारीरिक कष्ट), जन्म, जरा, मृत्यु आदि अरू पनि अनेक विघ्न छन् ॥२७॥ विघ्नै विघ्न भएको यस संसारमा भ्रमण गर्दा यो जीव कुनै बेला ईश्वरको मायारूपिणी स्त्रीको बाहुल-ताको फन्दामा पर्‍यो भने ता त्यसको विवेक औ ज्ञान विस्तारै विस्तारै क्षीण भएर जान्छ र त्यै स्त्रीसितको मोज मज्जा गर्नाको निम्ति घर इत्यादि बनाउने चिन्तामा ग्रस्त रहन्छ र त्यस स्त्रीबाट जन्मेका छोरा-छोरीको एवं अरू आइ-माईको मीठो बोली, हेराई, औ चेष्टामा आसक्त भै अत्यन्त मोहित हुन्छ र यस प्रकारसंग इन्द्रियहरूको कमारो बनेको त्यो आफूलाई अपार अन्धकारमय नरकमा पार्दछ ॥२८॥

परमाणुदेखि लिएर द्विपरार्धसम्मको विस्तार भएको क्षण, घडी आदि नामले कहिने, साक्षात् विष्णु भगवान्‌को अस्त्र कालचक्र निरन्तर साव-धान भएर घुमिरहन्छ । चांडै चांडै फेरिने बाल्य-यौवन आदि अवस्था यसको वेग (नति) हो कालचक्रको यस वेगमा ब्रह्मादेखि लिएर साना-साना तृणसम्मका समस्त प्राणीको संहार भै-रहन्छ । कसैले कुनै तरहले यसको गतिमा बाधा पार्न सक्तैन । सबैको प्राण हरणगर्ने कालदेखि डराए ता पनि, कालचक्र नै जसको शस्त्र हो त्यस्ता साक्षात् भगवान् यज्ञपुरुषको आराधना गर्न छाडेर मन्दबुद्धि भएको मानिस पाखण्डिहरूको चक्करमा परी उनका कंक, गिद्ध, बकुला, औ

उल्लु समानका आर्य्यशास्त्र-बहिष्कृत देवताहरूको आश्रय लिन्छ। यी देवताको ता केवल वेदवाक्य अप्रामाणिक वचनमा उल्लेख गरिएको छ ।।२९।। स्वयं धोकामा परेका पाखण्डीद्वारा जब जीव वेसगरि ठगिन्छ अनि ब्राह्मणहरूको शरण लिन पुग्दछ। ब्राह्मणहरूको बीचमा गई वास ता गर्दछ तर उपनय-संस्कार पछि गरिने श्रुति-स्मृतिमा कहिएका आचार व्यवहारद्वारा ब्राह्मणहरूले भगवान् यज्ञपुरुषको आराधना गरेको, आफ्नो अपवित्र स्वभावले गर्दा यसलाई निको लाग्दैन तसर्थ फेरि कर्मशून्य शूद्रकुलमा प्रवेश गर्दछ। शूद्रलाई वेदोक्त कर्म गर्ने अधिकार छैन। वानर झैं स्त्रीसङ्ग औ कुटुम्बको पालन नै यिनको कर्म हो ।।३०।। यहाँ आचार-विचारको रोक टोक नहुनाले आफ्नो इच्छानुसार मनपर्दो कर्म गर्न थाले पछि यसको बुद्धि अत्यन्त दीन हुन्छ र परस्पर एउटाले अर्काको मुख हेर्ने इत्यादि विषय-भोगमा फसेर आफ्नो मृत्यु—काललाई समेत बिर्सिदिन्छ ।।३१।। जसरी वानरहरू रूखमा विहार गर्दछन् त्यसैगरी यो पनि लौकिक सुख नै जसको फल हुन्छ त्यस्तो घरमा सुख मानेर वानरले झैं स्त्रीपुत्रादिमा आसक्त भएर आफ्नो समस्त समय मैथुनादि विषय भोगमा नै विताइदिन्छ ।। ३२ ।।

यस प्रकारसँग प्रवृत्तिमार्गमा लागेर सुख-दुःख भोग्ने जीव रोगरूपी गिरिगुहामा फंसेर त्यसमा रहने मृत्युरूप हात्तीदेखि डराइरहन्छ।।३३।। कहिले जब शीत-वायु आदि गरिएका अनेक अनेक आधिदैविक, आधिभौतिक औ आध्यात्मिक दुःखको निवारण गर्न असमर्थ हुन्छ त्यस वखतमा अपार विषय-वासनाले यसलाई झन् वर्ता सताउन थाल्दछ ।।३४।। कहिले आपसमा खरीद-विक्रीको व्यापार गर्दा अर्काको धन ठगेर थोर बहुत हात लगाउँछ ।।३५।। कहिले कहिले ता धन नाश हुनाले जब आफूसित बस्ने, खाने कुनै सामग्री रहँदैन, अनिता आफूले इच्छा गरेको भोग नपाएकोले चोरी इत्यादि असत् उपायले तिनलाई भेट्टाउने इच्छा गर्दछ, यसै कारण यसले जताततै अरुको हातबाट अपमानित हुनुपर्दछ ।।३६।। यस प्रकारसँग धनको आसक्तिले परस्पर बैर-भाव बढे तापनि आफ्नो पूर्व वासनाले गर्दा आपसमा विवाहादि सम्बन्ध गर्ने औ छोड्ने गर्दछ ।।३७।। यस किसिमसँग संसारमार्गमा घुम्ने जीव अनेक थरीको क्लेश औ बिघ्न-वाधाले पीडितभए तापनि, बाटोमा जो व्यक्ति आपत्तिमा पर्दछ अथवा नष्ट हुन्छ त्यसलाई जहाँको तहीं छाडीदिन्छ तथा नयाँ जन्मेकालाई आफूसँग लिएर, कहिले कसैको निम्ति शोक गर्दछ, कसैको दुःख देखेर मूर्छा पर्दछ, कसैसित वियोग हुने आशङ्काले भयभीत हुन्छ, कसैसित झगडा गर्दछ, कुनै आपत्ति आइपऱ्यो भने रुन थाल्दछ, आफूले इच्छा गरेको कुरा पुग्यो भने खुसीले फुल्दछ एवं प्रसन्न भएर गाउन समेत थाल्दछ औ कहिले ता आफ्नो इच्छा पुऱ्याउन लाग्दा कैदी समेत बन्नु पर्दछ। साधुहरू कहिले पनि यसको नजीक आउन्नन्-सदा साधु-सङ्गदेखि वञ्चित रहन्छ। यस प्रकारसंग यो निरन्तर अगाडि बढ्दै जान्छ। जहाँबाट यसको यात्रा शुरुभएको हो औ जसलाई यस मार्गको अन्तिम अवधि भन्दछन् ती परमात्मासम्म त्यो अहिलेसम्म

पुग्न पाएको छैन ॥३८॥ योगशास्त्रको समेत परमात्मासम्म पुग्ने गति छैन। परमात्मालाई ता सबै जीवलाई दुःख दिन छाडेका, शान्त स्वभाव भएका, देहाभिमान नहुने मुनि-जनले मात्र प्राप्त गर्दछन् ॥३९॥ दिग्गजहरूलाई जित्ने औ ठूला ठूला यज्ञको अनुष्ठान गर्ने राजर्षिहरूको निम्ति समेत यो मार्ग दुर्लभ छ । यिनीहरू जुन पृथ्वीमा "यो मेरो हो" भन्ने असत् आग्रहले शत्रुको सामुन्ना गरेर केवल प्राण त्याग गर्दछन्, तिनीहरू त्यै पृथ्वीमा आफ्नो शरीर छाडी परलोक जान्छन् ॥४०॥ आफ्नो पूर्वजन्ममा गरिएका पुण्य-कर्मरूप-लताको अवलम्बन गरेर कुनै जीव कुनै तरहले यी आपत्तिबाट अथवा नरकबाट केही दिनका लागि छुटकारा ता पाउँछ र फेरि यसै गरी संसार-मार्गमा भ्रमण गर्दै मानिसको जमाथमा आएर मिसिन्छन्। स्वर्गादि लोकमा जानेहरूको पनि यस्तै दशाहुन्छ ॥४१॥

यस प्रकारसंग भवाटवी-रूपकको तात्पर्य्य बताएर शुकदेवजीले राजा परीक्षित्‌लाई भन्नु भयो—हे राजन्! पण्डितहरू यस प्रकारसँग भरतको पवित्र चरित्रको प्रशंसा गर्दछन्:—

जसरी झिंगाले गरूडको चालको बराबरी गर्न सक्तैन त्यसैगरी ऋषभ-पुत्र राजर्षि महात्मा भरतको मार्गको अरू कुनै राजा मनले समेत अनुसरण गर्न सक्तैनन् ॥४२॥ यिनले पुण्यकीर्ति श्री हरिको प्राप्तिको निम्ति उत्सुक भएर आफ्नो जवानी अवस्थामा नै स्त्री, पुत्र, मित्र, राज्यादि मनलाई तान्ने बस्तुलाई मल बराबर संझेर त्यागि दिएका थिए, अरूलाई ता यिनको त्याग गर्न मुस्किल पर्दछ ॥४३॥ देवताहरूले समेत जसको प्रार्थना गर्दछन् त्यस्ती लक्ष्मीको मेरा उपर भरतको दया-दृष्टि रहोस् भन्ने इच्छा थियो तर यिनले त्यस्ती लक्ष्मी, अति दुस्त्यज पृथ्वी, छोरा, नाता-कुटुम्बी धन औ रानी यी कसैको पनि अलिकता पनि इच्छा गरेनन्। यो कुरा उनैलाई सुहाउने हो, किन कि जुन महानुभावको चित्त भगवान् मधुसूदनको सेवामा अनुरक्त हुन्छ, तिनका दृष्टिमा ता परम पुरुषार्थ कहिने मुक्ति समेत अति तुच्छ हुन्छ ॥४४॥ अहो! यिनले आफ्नो मृग शरीर छाड्ने बेलामा चर्को स्वरले यसो भनेका थिए—"धर्मको रक्षागर्ने, धर्मानुष्ठानमा निपुण, अष्टाङ्ग योगस्वरूप, सांख्यशास्त्रका सिद्धान्त-स्वरूप, मायाका नियन्ता, यज्ञमूर्ति, सर्वान्तर्यामी श्री हरिलाई मेरो नमस्कार छ।" यस्तो अलौकिक भक्ति भएकाको कसले बराबरीगर्न सक्तछ ! ॥४५॥

राजर्षि भरतको पवित्र गुण औ कर्मको भक्तहरू समेत प्रशंसा गर्दछन् । भगवद्भक्त राजर्षि भरतको यो चरित्र बडो कल्याणकारी, धन औ आयुको वृद्धि गराउने, लोकमा सुयश फैलाउने औ अन्तमा स्वर्ग तथा मोक्षको प्राप्ति गराउने हो। यसलाई सुन्ने, सुनाउने अथवा यसको आदर गर्ने मानिसका सम्पूर्ण कामना स्वतः पूर्ण हुन्छन्। त्यसले अरूबाट कल्याणको कामना गर्नु पर्दैन ॥४६॥

—०—

अध्याय-१५

भरतवंशीय राजाहरूको वर्णन

शुकदेवजी भन्नुहुन्छ—

भरतका। सुमति नाम गरेका छोरा। थिए भन्ने कुरा माथि भनिसकिएको छ। यिनले ऋषभदेवको मार्गको अनुसरण गरे। यो देखेर कलियुगमा अनेक पाखण्डी अनार्य पुरुषले आफ्नो दुष्ट बुद्धिले वेद--विरुद्ध कल्पना गरेर यिनलाई देवता मान्ने छन् ॥१॥ वृद्धसेना नाम गरेकी रानीबाट यिनको (सुमतिको) देवताजित् नाम गरेको पुत्र उत्पन्न भयो ॥२॥ देवताजित्को आसुरी नामक स्त्रीको गर्भबाट देवद्युम्न, देवद्युम्नको धेनुमतिबाट परमे परमेष्ठीको सुवर्चलाबाट प्रतीहनाम गरेको छोरो भयो ॥३॥ प्रतीहले अनेकानेक मानिसलाई आत्म-विद्याको उपदेश गरी स्वयं शुद्धचित्त भएर परम पुरुष श्री नारायणको साक्षात् दर्शन पाए ॥४॥ प्रतीहकी रानी सुवर्चलाको गर्भबाट प्रतिहर्ता, प्रस्तोता र उद्गाता नामका तीन छोरा जन्मे। यी यज्ञादि कर्ममा बडा सिपालु थिए। यिनी-हरुमध्ये प्रतिहर्ताकी स्तुति नामकी पत्नीबाट अज र भूमा यी दुई छोरा जन्मे ॥५॥ भूमाको ऋषिकुल्याबाट उद्गीथ, उद्गीथको देवकुल्याबाट प्रस्ताव औ प्रस्तावको नियुत्साबाट विभु नामक छोरोको जन्म भयो। विभुकी रति नाम गरेकी स्त्रीको गर्भबाट पृथुषेण, पृथुषेणको आकूतिबाट नक्त र नक्तको द्रुतिको गर्भबाट उदारकीर्ति, राजर्षि श्रेष्ठ गयको जन्म भयो। यिनी जगत्को रक्षा गर्नको निम्ति सत्वगुण ग्रहण गर्ने साक्षात् भगवान्का अंशावतार मानिएका थिए। संयमादि अनेक गुणले गर्दा महापुरुषमा यिनको गणना हुन्छ ॥६॥ महाराज गय प्रजाको पालन, पोषण, रञ्जन, प्यार-दुलार तथा शासनादि रूप भएको आफ्नो धर्मको पालन गर्नामा प्रवृत्त भए एवं गृहस्थाश्रममा रहेर किसिम किसिमका यज्ञको अनुष्ठान गरेर गृहस्थधर्मको पनि पालना गरे। यी दुवै प्रकारका समस्त कर्म सर्वश्रेष्ठ परम पुरुष परमात्मा श्रीहरिलाई अर्पित भएकोले पर-मार्थरूप बन्न गए। यसैले औ ब्रह्मवेत्ता महापुरुषको चरणको सेवाले यिनलाई भक्तियोगको प्राप्ति भयो। यही भक्तियोगद्वारा निरन्तर भगवच्चिन्तन गरेर यिनले आफ्नो चित्त शुद्ध गराए औ देहादि अनात्मवस्तुबाट अहंभाव हटाएर आफ्नो आत्मामा ब्रह्मानन्दको अनुभव गर्नलागे। यस प्रकारको महात्मा भए तापनि यिनी अभिमानरहित भावले पृथ्वीको पालन गर्दै रहे ॥७॥

हे महाराज परीक्षित्! प्राचीन कालको इतिहास जान्ने महात्माहरू राजर्षि गयको कीर्तिको यस प्रकारसँग कीर्तन गर्दछन् ॥८॥ "अहो! आफ्नो कर्मले महाराज गयको बरा-बरी कुन राजाले गर्न सक्ला ?। उनी ता साक्षात् भगवान्का अंश थिए। उनी बाहेक अरू को, यसप्रकारसँग यज्ञको विधिपूर्वक अनुष्ठान गर्ने, मनस्वी, बहुज्ञ, धर्मको रक्षा गर्न, लक्ष्मीका प्रियपात्र, साधु-समाजका शिरोमणि तथा सत्पु-रुषको सच्चा सेवक, हुन सक्तछ ॥९॥ श्रद्धा, मैत्री औ दया आदि गरिएका साध्वी दक्ष-कन्याहरूको आशीर्वाद निष्फल हुँदैन। यिनीहरूले अति प्रसन्न चित्तले गङ्गा आदि नदीहरूको साथमा

उनको अभिषेक गरेका थिए जसरी बाच्छोको प्रेमले गाईको स्तनमा दूध भरिएर आउँछ त्यसैगरी उनका इच्छा नभए तापनि गोरूप पृथ्वीले उनको गुणमा रिझिएर प्रजालाई धन, रत्नादि सम्पूर्ण अभिष्ट पदार्थ दूधरूपले दिएकी थिइन् ॥१०॥ कुनै प्रकारको कामना नभए तापनि वेदोक्त कर्मले उनलाई सब प्रकारको भोग दिए, युद्धमा उनका बाणद्वारा पूजित भएका राजाहरू किसिम किसिमका उपहार कर-रुपले समर्पण गर्दथे, उनको धर्मयुक्त प्रजापालन औ दक्षिणादिले सन्तुष्ट भएर ब्राह्मणहरू परलोकमा पाइने आफ्नो धर्म-फलको छैठौं भाग अर्पण गर्दथे ॥११॥ उनको यज्ञमा ज्यादै बढता सोमपान गरेकोले इन्द्र उन्मत्त भएका थिए औ यिनले अत्यन्त श्रद्धा तथा विशुद्ध एवं निश्चल भक्ति-भावले अर्पण गरेको यज्ञफललाई भगवान् यज्ञ-पुरुषले साक्षात् प्रकटभएर ग्रहण गर्नु भएथ्यो॥१२॥ जो तृप्त हुनाले ब्रह्मादेखि लिएर देवता, मनुष्य पशुपक्षी, वृक्ष एवं तृण पर्य्यन्तका समस्त चराचर ब्रह्माण्ड तत्काल तृप्त हुन्छ त्यस्ता विश्वका प्राणभूत श्रीहरि नित्य तृप्त भए तापनि जुन राजर्षि गयको यज्ञमा "म तृप्त भएँ" भनेर आफ्नो प्रसन्नता प्रकट गर्नु भएथ्यो त्यस्ता गय राजाको कसले बराबरी गर्न सक्तछ ? "॥१३॥

महाराज गयको गयन्ती नाम भएकी रानी-बाट चित्ररथ, सुगति र अवरोधन नामका तीन छोरा उत्पन्न भए । यिनीमध्ये चित्ररथकी उर्णा नामकी पत्नीबाट सम्राटको जन्म भयो ॥१४॥ सम्राट्को उत्कलाबाट मरीचि, औ मरीचिको बिन्दुमतिबाट बिन्दुमान् नामक छोरो जन्म्यो । बिन्दुको सरघाबाट मधु नाम गरेको छोरा उत्पन्न भयो । मधुको सुमनाबाट वीरव्रत तथा वीरव्रतको भोजाबाट मन्थु औ प्रमन्थु नामका दुई पुत्र भए । यिनमा मन्थुको सत्या नामकी पत्नीबाट भौवन, भौवनको दूषणाबाट त्वष्टा, त्वष्टाको विरोचनाबाट विरज तथा विरजको विषूची नामकी स्त्रीबाट शतजित आदिगरिएका सय छोरा र एउटी कन्याको जन्म भयो ॥ १५ ॥ विरजको विषयमा यो श्लोक प्रसिद्ध छः -

जसरी विष्णु भगवान् देवताहरूको शोभा बढाउनु हुन्छ त्यसैगरी अन्तमा जन्मेका विरजले आफ्नो सुयशले प्रियव्रतको वंशलाई सुशोभित गरे ॥१६॥

अध्याय—१६

भुवन-कोशको वर्णन ।

राजा परीक्षित्ले भने—

जहाँसम्म सूर्यको प्रकाश छ औ जहाँसम्म तारागण सहितका चन्द्रमा देखिन्छन् त्यहाँ-सम्मको सम्पूर्ण भू-मण्डलको तपाईंले मलाई विस्तार बताउनु भएको हो ॥१॥ त्यसको वर्णन गर्दा तपाईंले यसो पनि भन्नु भएको थियो— यस पृथ्वीमण्डलमा राजा प्रियव्रतको रथको पाँग्राले बनेका सात खाल्डाले सात समुद्र हुन गएकोले यस भूमण्डलमा सात द्वीपहरूको विभाग हुन गएको हो; अतः यी सबैको परिमाण औ

लक्षण सहितको पूरापूरा विवरण जान्न चाहन्छु ॥२॥ किन कि भगवान्‌को सगुण स्थूल-रूपमा लागेको मन शायद स्वयम्प्रकाश, परब्रह्म भगवान् वासुदेव नामक उहाँको निगुण औ अत्यन्त सूक्ष्म स्वरूपमा पनि लगाउन सकिएला अतः हे गुरो ! उहाँको स्थूलरूप यस ब्रह्माण्डको विस्तारपूर्व्बक वर्णन गर्ने कृपा गर्नोस्॥३॥

शुकदेवजी भन्नुहुन्छ—

मानिसले देवता समानको परमायु पाए तापनि भगवान्‌को मायाको गुणहरूको यत्तिकै विस्तार छ भन्ने अन्त मनले जान्न अथवा वाणीले वणन गर्न सक्ने छैन। यसै कारणले नाम, रूप, परिमाण औ लक्षणद्वारा मुख्य मुख्य कुराको व्याख्या गरेर यस भूमण्डलको वर्णन गर्दछु ॥४॥ यो पृथ्वीमण्डल एउटा बडेमानको कमलको फूल-समान छ। सात द्वीप यसका कोश (मध्य-भाग) हुन्। यो कोशस्वरूप सात द्वीपमा यो जम्बू-द्वीप, जहाँ हामी बस्त छौं, अभ्यन्तर (सबभन्दा भित्रको) कोश हो। यसको विस्तार एक लाख योजन छ र यो कमलपत्र समान गोलाकार छ ॥५॥ यसमा नौ नौ हजार योजन विस्तार भएका नौ खण्ड छन्। यी नौ खण्डको सीमा-प्रान्तमा आठ पर्वत छन् जसले प्रत्येक खण्ड-लाई बेग्ला बेग्लै छुट्ट्याएका छन् ॥६॥ यी नौ खण्डको माझमा 'इलावृत' नामगरेको खण्ड छ। यस इलावृत खण्डको ठीक बीचमा सबै कुलाचलको राजा सुमेरु पर्वत छ यो। पर्वत भूमण्डलरूप कमलको कर्णिका समान देखिन्छ औ तलदेखि माथिसम्म जम्माको जम्मै सुवर्णमय छ तथा एकलाख योजन अग्लो छ। यसको टाकुरामा बत्तीस हजार औ फेदमा सोह्र हजार योजनको फाँट छ र सोन्है हजार योजन भूईभित्र पसेको छ अर्थात् पृथ्वीबाहिर यो चौरासी हजार योजन अग्लो छ॥७॥ इलावृतको उत्तरमा क्रमैसँग नील-श्वेत-शृंगवान् नामका तीन पर्वत छन् र यिनले क्रमशः रम्यक हिरण्मय-कुरु नामक तीन खण्डको सीमा बाँधेका छन्। यिनीहरू पूर्व र पश्चिम पट्टि क्षार समुद्र सम्म फैलिएका छन्। प्रत्येकको चौडाई दुई हजार योजन छ र लम्बाईमा पहिलोभन्दा पछिल्लो क्रमैसँग दसमांश भन्दा अलि बर्ता घटी छन्, चौडाई र अग्लोमा ता सबै बराबर छन् ॥८॥

यसै गरी इलावृत्तको दक्षिणतिर एउटा पछि अर्को गरेर निषध-हेमकूट-हिमालय तीन पर्वत छन्। नीलादि पर्वत झैं यिनीहरू पनि पूर्व-पश्चिमतिर फैलिएका छन् औ दस हजार योजन अग्ला छन्। यिनीहरूबाट क्रमशः हरिवर्ष-किम्पुरुष-भारतबर्षको सीमाको विभाग हुन्छ ॥९॥ यसैगरी इलावृतको पूर्व र पश्चिमतिर-उत्तरमा नीलपर्वत औ दक्षिणमा निषध पर्वतसम्म फैलिएका गन्धमादन औ माल्यवान् नाम गरेका दुई पर्वत छन्। यिनीहरूको चौडाई दुई दुई हजार योजन छ औ यिनले भद्राश्व एवं केतुमाल नामक दुई खण्डको सीमा निश्चित गरेका छन् ॥१०॥ यी बाहेक मन्दर-मेरुमन्दर-सुपार्श्व-कुमुद नामक चार पर्वत सुमेरुको चारैतिर टुटो जस्तै भएर रहेका छन्। यी प्रत्येक दस दस हजार योजन अग्ला र त्यत्तिकै चौडा छन् ॥११॥ यी चारै पर्वतमाथि ध्वजा जस्तै भएर क्रमैसँग आंप-जामुन-कदम-वरका चार रुख छन्। यी प्रत्येक रुख एघार

सय योजन अग्ला औ यिनका हाँगा पनि त्यत्तिकै टाढासम्म फिँजिएका छन्, सय सय योजन यिनको मोटाई छ ॥१२॥

हे भरत-श्रेष्ठ परीक्षित् ! यी चारै रुखको नजीकमा चार तलाउ छन् । एउटामा दूध, दोस्रोमा मह, तेस्रोमा उखूको रस र चौथोमा शुद्ध जल भरिएको छ । यी चारै तलाउमा स्नान गर्ने यक्ष-किन्नरादि उपदेवहरू जन्मैदेखि योग-सिद्धिले सम्पन्न हुन्छन् ॥१३॥ यसैगरी यी पर्वत-माथि क्रमशः नन्दन–चैत्ररथ-वैभ्राजक-सर्वतोभद्र नामक चार दिव्य (लोकपालहरूका) वगैंचा छन् ॥१४॥ यी चारै बगैंचामा प्रधान प्रधान देवताहरू सुरसुन्दरीका नायक भ विहार गर्द–छन् र गन्धर्वादि गरिएका उपदेवताहरू यिनको महिमाको गान गर्दछन् ॥१५॥

मन्दराचलको उत्सङ्ग अर्थात् शिखरमा एघार सय योजन अग्लो जुन देवताहरूको आँपको रुख छ त्यसबाट पर्वतका शिखर समानका मोटा औ अमृत जस्ता स्वादिला फल झरिरहन्छन्॥१६॥ खसेर फुट्दाखेरि यी फलबाट बडो सुगन्धी औ मीठो रातो रस बग्न थाल्दछ । यै रसबाट उत्पन्न भएकी अरुणोदा नामकी नदी मन्दराचलको शिखरबाट झरेर इलावृतखण्डको पूर्वपट्टि बग्द-छिन् ॥१७॥यस जलको सेवन गर्नाले श्रीपार्वतीका अनुचरी यक्षपत्नीहरूको शरीरबाट कस्तो बास्ना आउँछ भने तिनको शरीरलाई स्पर्श गरेर आउने हावाले चारैतिर दस दस योजनसम्मको सम्पूर्ण जगालाई सुगन्धित गराइदिन्छ ॥१८॥ यसैगरी जामुनको रुखबाट हात्ती समानका ठूला ठूला बियैँ नभएका जस्ता फल झर्दछन्। धेरै माथिबाट खसेकोले यिनीहरू फुट्तछन् र यिनको रसबाट उत्पन्न भएकी जम्बू नामकी नदी मेरुपर्वतको दस हजार योजन अग्लो शिखरबाट पृथ्वीमा झरेर इलावृत–खण्डको दक्षिणतिर बग्दछिन्॥१९॥ यस नदीको दुवै किनाराको जग्गा त्यस रसले भिजेर जब हावा र सूर्यको संयोगले सुक्तछ अनि त्यै जाम्बूनद नामगरेको उत्तम सुन बन्न जान्छ, यै सुन देवगणको सदाको आभूषण हो ॥२०॥ सबै देवता तथा गन्धर्वादिहरू आफ्ना तरुनी स्त्रीहरूको साथमा यस सुनको मुकुट, कङ्कण, कर्धनी इत्यादि गहना बनाएर पहि–रन्छन् ॥२१॥

सुपार्श्व पर्वत माथिको बडेमानको कदमको जुन रुख छ त्यसका पांच टोडकाबाट महको पांच धारा निस्कन्छ; यी धाराको मोटाई पांच आयाम जति छ (दुवै हात फिजांउदा बीचमा जति जग्गा पर्दछ त्यसलाई आयाम भन्दछन्) महका यी पांचै धारा सुपार्श्व पर्वतको शिखर–बाट तल झरेर इलावृतखण्डको पश्चिमी भागलाई आफ्नो सुगन्धले सुबासित गर्दै बहन्छन् ॥२२॥ यो मह पिउने प्राणीको मुखबाट निस्केको वायुले आफ्नो चारैतिर सय सय योजन सम्मको जग्गा-लाई सुगन्धित गराइदिन्छ ॥२३॥

यसैगरी कुमुद पर्वतमा जुन शतवल्श नामक वरको रुख छ त्यसको हाँगाबाट तलतिर दही, दूध, घिउ, गुंड, अन्न, वस्त्र, शय्या, आसन औ आभूषणादि धारण गर्ने नदीहरू वग्दछन् । यी सबैका सबै इच्छानुसार सम्पूर्ण भोगको पदाथ दिन्छन् । यी नदीहरू कुमुदपर्वतको शिखरबाट झरेर इलावृत–खण्डको उत्तरी भागमा रहने

प्राणीहरूको बडो उपकार गर्दछन् ॥२४॥ यी नदीले दिएका पदार्थको सेवन गर्नाले त्यहाँ रहने प्राणीहरूलाई छालामा चाउरी पर्ने, केश पाक्ने, थकाई लाग्ने, शरीरमा पसीना निस्कने, दुर्गन्ध आउने, बूढ्याई, रोग, मृत्यु, सर्दी-गर्मी, शरीरको रंग बदलिने इत्यादि कष्ट हुन पाउँदैन, बाचुन्जेल यिनीहरूलाई पूरा पूरा सुख मिल्द छ ॥२५॥

कमलको कर्णिकाको चारैतिर केशर भए झैं मेरुको फेदिको चारैतिर कुरङ्ग, कुरर, कुसुम्भ, वैकङ्क, त्रिकूट, शिशिर, पतङ्ग, रुचक, निषध, शिनीवास, कपिल, शङ्ख, वैदूर्य, जारुधि, ऋषभ, नाग, कालञ्जर औ नारद आदि बीस पर्वत छन् ॥२६॥ मेरुको पूर्वपट्टि जठर औ देवकूट नाम गरेका दुई पर्वत छन्। यी दुबै पर्वत उत्तरपट्टि अठार हजार योजन लामा, दुई हजार योजन चौडा औ त्यत्तिकै अग्ला छन्। यसैगरी पश्चिम-पट्टि पवन औ पारियात्र, दक्षिणपट्टि कैलास र करवीर तथा उत्तरपट्टि पूर्वाभिमुख भएर फैलि-एका त्रिश्रृंग औ मकर नामगरेका दुई दुई पर्वत छन्। यी आठ पर्वतले चारैतिरबाट घेरि-एको सुवर्णगिरि मेरु चारै तिरबाट परिक्रमा गरिएको अग्निसमान प्रकाशमान देखिन्छ ॥२७॥ पण्डितहरूको भनाई वमोजिम सुमेरु पर्वतको शिखरको ठीक मांझमा भगवान् ब्रह्माको करोड योजन फाट भएको, सुनै सुनले बनेको पुरी छ, आकारमा यसको चारैतिर समचतुष्कोण परेको छ ॥२८॥ यसको मनि पूर्वादि आठ दिशा औ उपदिशामा यिनका अधिपति इन्द्रादि आठ लोकपालहरूको आठ नगर बनेको छ। आफ्ना आफ्ना मालिकलाई जुन जुन दिशा तोकिएको छ त्यै त्यै दिशामा यी सहर रहेका छन् र परिमाणमा ब्रह्मपुरीको परिमाणको चतुर्थांश छन् ॥२९॥

—०—

अध्याय—१७

गङ्गाजीको विवरण र रुद्रदेवले गरेको भगवान् संकर्षणको स्तुति।

शुकदेवजी भन्नुहुन्छ—

राजा बलिको यज्ञशालामा साक्षात् यज्ञमूर्ति विष्णु भगवान्ले तीनै लोक नाप्नको निम्ति जब आफ्नो पाउ पसार्नु भएथ्यो त्यस बखतमा देब्रे पाउको बूढि औंलाको नंगले माथिल्लो ब्रह्माण्ड फुट्न गएकोले त्यहाँ प्वाल पर्न गयो। त्यस प्वालबाट ब्रह्माण्ड बाहिर निस्केको जलको धारा, चरणकमल धुँदाखेरि पाउमा लागेको अरुणवर्णको केशरसित मिसिएकोले रातो हुन गयो। यस निर्मल धाराको स्पर्श हुनासाथ संसारका समस्त पाप नाश हुन्छन् तर स्वयं ता सर्वथा निर्मलै रहन्छिन्। विष्णुको चरणबाट उत्पन्न भएकोले पहिले पहिले अरू कुनै नाम नराखेर यिनलाई भगवत्पदी भन्दथे। हजारौं युग वितेपछि यी धारा स्वर्गको मस्तकमा रहेको साक्षात् ध्रुवलोकमा, जसलाई विष्णुपद पनि भन्दछन्, ओर्लिन् ॥१॥ हे वीरव्रत परीक्षित्! यस ध्रुवलोकमा उत्तानपादका छोरा परम भगवद्भक्त ध्रुवजी बस्तछन्। उनी नित्यप्रति

बढ्ने भक्तिभावले "यो हाम्रो कुलदेवताको चरणोदक हो" भन्ने सम्झेर अद्यावधि त्यस जललाई आफ्नो मस्तकमा धारण गर्दछन्। त्यस बेला हृदयमा भक्तिरस उम्लेकोले हृदय अत्यन्त गद्गद् हुन्छ र उत्कण्ठाले गर्दा विवश भएर चिम्लिराखेका दुबै नेत्र कमलबाट निर्मल आंसूको धारा बग्न थाल्द छ औ शरीरमा रोमाञ्च उत्पन्न हुन्छ ॥२॥

यसपछि सर्वात्मा भगवान् वासुदेवमा भएको निश्चल भक्तिलाई नै परम धन मान्ने हुनाले अरू सबै कामनाको त्याग गरेका आत्मपरायण सप्तर्षिहरू उनको (गङ्गाजीको) प्रभाव जाने-कोले "तपस्याको परम सिद्धि यही हो, योभन्दा बढ्ता फल अरू कुनै छैन" भन्ने समझ लिएर, जसरी मोक्षको कामना गर्नेहरू मुक्तिलाई ग्रहण गर्दछन् त्यसैगरी आजसम्म पनि बडो आदरसँग उनलाई आफ्नो जटाजूटमा धारण गर्दछन् ॥३॥ त्यहाँबाट गङ्गाजी सहस्रौं करोड देवताहरूको विमानले पूर्ण भएको आकाशको बाटो गरी तल ओर्लेर चन्द्रमण्डललाई प्लावित गर्दै पहिले सुमेरु पर्वतको शिखरमा रहेको ब्रह्मपुरीमा खस्तछिन् ॥४॥

यहाँ ब्रह्मपुरीमा यिनी सीता–अलक नन्दा–चक्षु-भद्रा यी चार धारामा बिभक्त भै चारै दिशामा बग्दै अन्तमा नद–नदीका अधीश्वर समुद्रमा मिसिन्छिन् ॥५॥ यिनमा सीता ता ब्रह्मपुरीबाट निस्केर केशराचल आदि गरिएका पर्वतको शिखरबाट तल तल वेगले बग्दै गन्ध-मादनको शिखरमा झर्दछिन् र त्यसपछि भद्राश्व-खण्डको भित्रबाट बग्दै पूर्वतिर क्षार समुद्रमा गएर मिसिन्छिन् ॥६॥ यसै गरि चक्षु, माल्य-वान्को शिखरमा पुगेपछि त्यहाँबाट बिना कुनै रुकावटले केतुमाल खण्डको भित्रबाट पश्चिम तिर बगेर समुद्रमा प्रवेश गर्दछिन् ॥७॥ भद्रा नाम गरेको धारा उत्तर दिशामा सुमेरुको शिखरबाट झरेर एक पर्वतबाट अर्को पर्वतमा जांदै अन्तमा शृंगवान् पर्वतको शिखरबाट ओर्ल्हीं उत्तर—कुरु नामगरेको देशको भित्रबाट उत्तरतिर बग्दै समुद्रमा गएर मिसिन्छिन् ॥८॥ यसैगरी अलकनन्दा नामगरेको धारा ब्रह्मपुरीको दक्षिणपट्टिका अनेकानेक पर्वतको शिखरलाई नाघेर हेमकूटमा पुगेपछि त्यहाँबाट अत्यन्त तीव्र वेगले हिमालयका शिखरहरूलाई चिर्दै भारतवर्षमा आउँछिन् र फेरि त्यताबाट दक्षिण-तिरको समुद्रमा प्रवेश गर्दछिन्। यसमा स्नान गर्न आउने मानिसलाई पद पदमा अश्वमेध औ राजसूय आदि महायज्ञको फल समेत दुर्लभ छैन ॥९॥ यसैगरी अरू अरू सैकडौं नद नदीहरू सुमेरु आदि पर्वतबाट उत्पन्न भै प्रत्येक खण्डमा बग्दछन् ॥१०॥

यी सबै खण्डमध्ये भरतखण्ड नै कर्मभूमि हो। बाँकी आठ खण्ड ता स्वर्गवासी पुरुषको स्वर्गभोगबाट बाँकीरहेको पुण्यको भोग गर्ने स्थान हुन्। स्वर्ग तीन प्रकारका हुन्छन्:— दिव्य स्वर्ग, भौम स्वर्ग औ विल स्वर्ग। यिनमा यी आठैवोटा खण्डलाई भौम अर्थात् भूलोकको स्वर्ग भन्दछन् ॥११॥ त्यहाँका देवतुल्य पुरुषको, मनुष्यको गणनानुसार, दस हजार वर्षको आयु हुन्छ। यिनमा दस हजार हात्तीको बल हुन्छ तथा आफ्नो बज्रसमानको सुदृढ शरीरमा जुन शक्ति, यौवन औ उल्लास हुन्छ त्यसले गर्दा

यिनीहरू धेरै कालसम्म मैथुन आदि विषय-भोगको भोग गर्न पाउँछन्। अन्तमा भोग समाप्त भएर आयुको केवल एक वर्ष बाँकि रहेपछि यिनका स्त्रीहरू गर्भधारण गर्दछन्। यस प्रकार-सँग यी खण्डका निवासीहरू त्रेतायुगमा झैं बडो आनन्दसँग समय बिताउँछन् ॥१२॥ यहाँ सब प्रकारका रुख औ लहराले सुशोभित देखिने राम्रा राम्रा बगैंचा भएका आश्रम, भवन औ पर्वतका कन्दराहरू छन्। यहाँका रुखका हाँगा-हरू समस्त ऋतुको फुलको झुप्पाले, फल औ नयां नयां कोपिलाको भारले निहुरीरहन्छन्। तलाउहरूमा थरि थरिका नयां नयां कमलका फूल फुलिराखेका हुन्छन्। यी कमलको गन्धले दङ्ग परेर जलहाँस, जलकुक्कुट, कारण्डव, सारस चखेवा आदि चराहरू थरि थरिको स्वर झिक्ने र किसिम किसिमको रंग-रूपका मतवाला भ्रमरा मधुरो स्वरले भूँ भूँ गर्ने गर्दछन्। यहाँका देवश्रेष्ठहरू कामोन्मत्त परम सुन्दरी देवाङ्गना-हरूसँग उनीहरूको हंसी-ठट्टा, खेल-कूद, कटा-क्षले मन औ आँखा आकृष्ट भएकोले जलक्रीडा आदि गरिएका नाना प्रकारका खेलबाड गर्दै, बडो आनन्दसँग पोखरीमा क्रीडा गर्दछन् र उनका प्रधान प्रधान सेवकहरूले अनेक प्रकारको पूजाको सामग्रीले उनको आदर सत्कार गर्द-छन् ॥१३॥

यी नौ वोटै खण्डमा परम पुरुष भगवान् नारायण, त्यहाँ रहने पुरुषहरू माथि अनुग्रह गर्नको निम्ति अहिले पनि आफ्ना भिन्नभिन्न मूर्ति-द्वारा विराजमान रहनुहुन्छ ॥ १४ ॥ इलावृत खण्डमा ता भगावन् शङ्कर नै एकमात्र पुरुष हुनुहुन्छ श्री पार्वतीको शापले गर्दा अरु कुनै पुरुषको त्यहाँ प्रवेश हुन सक्दैन, किन कि जो त्यहाँ जान्छ त्यसले स्त्रीको चिन्ह धारण गर्नु पर्दछ यस प्रसङ्गको पछि (नवम-स्कन्धमा) वर्णन गर्ने छु ॥ १५ ॥

यस खण्डमा पार्वती आदि गरिएका सहस्त्र अर्बुद स्त्रीद्वारा सेवा गरिएका भगवान् शङ्कर परम पुरुष परमात्माको (वासुदेव प्रद्युम्न अनिरुद्ध-संकर्षण) चार प्रकारको मूर्तिमा आफ्नो कारण-रूप चौथो संकर्षण नामक तामसी मूर्तिको समाधियोगद्वारा चिन्तन गर्दै यस मन्त्रको जप गरेर स्तुति गर्दछन् ॥१६॥

भगवान् शङ्कर भन्नुहुन्छ—

जसबाट सम्पूर्ण गुणको प्रकाश हुन्छ तर जो स्वयं अव्यक्त औ अप्रमेय छन् म तिनै ओङ्कारस्वरुप परम पुरुष श्री भगवान्लाई बारं-बार नमस्कार गर्दछु ॥१७॥ हे भजनीय प्रभो ! तपाईंका चरणकमलले भक्तहरूको रक्षा गर्दछन् आफू स्वयं सम्पूर्ण ऐश्वर्य्यको परम आधार हुनुहुन्छ, भक्तहरूको सामुन्ने आफ्नो भूतभावन स्वरूप पूर्णरूपले प्रकट गर्नुहुन्छ र उनलाई संसारबन्धनबाट समेत मुक्त गरिदिनु हुन्छ, तर अभक्तहरूलाई भने संसार-चक्रमा पारि नै रहनु हुन्छ। यस्ता सर्वेश्वर (सर्वसमर्थ) तपाईंको म वन्दना गर्दछु ॥१८॥ क्रोधको वेग जित्न न सकेकोले हाम्रो दृष्टि तत्काले पापले लिप्त हुन्छ तर तपाईं ता संसारको नियमन गर्नाको निम्ति निरन्तर त्यसका सारा व्यापार हेरि रहनु हुन्छ तर तैपनि हाम्रो झैं तपाईंको दृष्टिमा ती मायिक विषयको तथा चित्ताका वृत्तिहरूका

अलिकता पनि प्रभाव पर्दैन । अन्तःकरणलाई जित्ने इच्छा भएको कुनचाहि पुरुषले यस्ता परमेश्वरको आदर गर्दैन ? ॥१९॥ मायाले मोहित भएका हुनाले असत् पुरुषको दृष्टिमा तपाईं मदिरापान गर्नाले अरुण नयन औ मतवाला जस्तो देखिनु हुन्छ तथा तपाईंको चरणस्पर्शले चित्त चञ्चल भएकोले नागपत्नीहरू लाजले गर्दा तपाईंको पूजा गर्नामा असमर्थ हुन्छन् । यस्ता तपाईंको कसले आदर नगर्ला ? ॥२०॥ वेदमन्त्रले तपाईंलाई जगत्को उत्पत्ति स्थिति औ लयको कारण भन्दछनो तर तपाईं स्वयं यी तीनै विकारदेखि रहित हुनुहुन्छ, यसैले ऋषिहरू तपाईंलाई अनन्त भन्दछन् । तपाईंको सहस्र मस्तकमा यो भूमण्डल सरस्यूंको गेडा जस्तो गरेर राखिएको छ, यो कहाँ राखिएको छ सो कुरा सम्म पनि तपाईंलाई थाहा छैन । यस्ता तपाईंलाई नमस्कार छ ॥२१॥ तपाईंबाट उत्पन्न भएको म अहङ्कार रूप आफ्नो त्रिगुणमय तेजले देवता, इन्द्रिय औ भूतगणको रचना गर्दछु । सत्वगुणाश्रय ब्रह्माजी समेत तपाईंको महत्तत्व नामक प्रथम गुणमय स्वरुप हुन् । यस्ता तपाईंलाई म नमस्कार गर्दछु ॥२२॥ हे महात्मन् ! महत्तात्त्व, अहङ्कार, इन्द्रियाभिमानी देवता, इन्द्रिय औ पञ्चभूतगण हामी सबै डोरीले बाँधिएका पक्षिसमान तपाईंको क्रियाशक्तिद्वारा नियन्त्रित भएर रहेका छौं तथा तपाईकै कृपाले यस जगत्को रचना गर्दछौं । यस्ता अनन्त तपाईंलाई प्रणाम छ ॥२३॥ सत्वादि गुणको सृष्टिले मोहित भएको म समानको जीब तपाईंले रचेको तथा कर्मबन्धनमा बाँध्ने मायालाई शायद् जान्न सक्ला तर त्यसबाट उम्कने उपाय ता त्यसले सजिलोसंग जान्न सक्तैन यस जगत्को उत्पत्ति औ प्रलय पनि तपाईंकै रूप हुन् । :यस्ता तपाईंलाई बारंबार नमस्कार गर्दछु ॥२४॥

अध्याय—१८

भिन्न भिन्न खण्डको र त्यहाँका निवासीहरूको उपासनाको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

यसैगरी भद्राश्वखण्डमा धर्मका छोरा भद्रश्रवा र उनका मुख्य मुख्य सेवक वासुदेव भगवान्को हयग्रीब नामक धर्ममयी प्रियमूर्तिलाई परम समाधिद्वारा हृदयमा धारण गरी "ॐ नमो भगवते धर्मायात्मविसोधाय नमः" (जसबाट आत्माको शुद्धि हुन्छ हामी उनै ॐकार स्वरूप भगवान् धर्मलाई नमस्कार गर्दछौं) यस मन्त्रको जप गरेर यस प्रकारसँग उहाँको स्तुति गर्दछन् ॥१-२॥

भद्रश्रवा र उनका सेवक भन्दछन्—

अहो ! भगवान्को लीला बडो बिचित्र छ, जसले गर्दा यो जीव सम्पूर्ण लोकको संहार गर्ने काललाई देखेर पनि देख्तैन अर्थात् मृत्यु देखि असाबधान रहन्छ । केवल तुच्छ विषय-

सुखको भोग गर्ने आशामा मानिस निरन्तर असत् वस्तुको (पापकर्मको) नै चिन्तनामा लागि आफ्नै हातले आफ्ना छोरा अथवा बाबुको दाहकर्म गरेर पनि उनैको धनले स्वयं जीवन धारण गर्ने वा ऐश आराम न इच्छा गर्दछन् ॥३॥ विद्वान्हरू जगत्लाई नाशवान् भन्दछन् र आत्मतत्व जान्ने व्यक्तिहरू समाधिको समयमा यस जगत्को नश्वर धर्मको प्रत्यक्ष अनुभव पनि गर्दछन् । एसोभयतापनि हे जन्मरहित प्रभो ! मानिसले तपाईंको मायामा मोहित हुनु-यो ता तपाईंकै विस्मयकारी कृत्य हो । यस्तो विस्मयजनक कृत्य गर्ने तपाईं अजन्मालाई म नमस्कार गर्दछु ॥४॥ हे परमात्मन् ! तपाईं अकर्ता औ मायाको आवरणदेखि रहित हुनुहुन्छ तापनि वेदमा जगत्को उत्पत्ति-स्थिति-प्रलय यी तीनै काम तपाईंकै मानिएका छन् । यो कुरा ठीक हो । तर तपाईंको विषयमा यसमा आश्चर्य्य मान्नु पर्ने केही कुरो छैन, किनकि सर्वात्मरूपले तपाईं नै सम्पूर्ण कार्यको कारण हुनुहुन्छ औ वास्तवमा आफ्नो शुद्ध स्वरूपमा यो कार्य-कारणभावदेखि सवर्था फरक हुनुहुन्छ ॥५॥ तपाईंले मानिस औं घोडाको जस्तो शरीर धारण गरी, प्रलयकालमा तमः—प्रधान मधुकैटभ दैत्यद्वारा हरण गरिएको वेदलाई, ब्रह्माजीले प्रार्थना गर्दा, रसातलबाट ल्याएर उनलाई दिनु भएथ्यो । यस्तो अमोघ लीला गर्ने सत्यसङ्कल्प तपाईंलाई म नमस्कार गर्दछु ॥६॥

हरिवर्ष खण्डमा भगवान् नृसिंहरूपले रहनु हुन्छ । उहाँले यो रूप धारण गर्ने कारण पछि (सातौं स्कन्धमा) वर्णन गर्ने छु । भगवान्को त्यस रूपको, महापुरुषलाई सुहाउने किसिमको गुणले युक्त भएका तथा आफ्नो स्वभाव औ आचरणले दैत्यदानवको कुललाई पवित्र गर्ने, परम भगवद्भक्त प्रह्लाद त्यस वर्षका अरू अरू पुरुषको साथमा निष्काम एवं अनन्य भक्तिले भगवान्को उपासना गर्दछन् र निम्न लिखित मन्त्रको जप गरेर यस प्रकारसँग स्तुति गर्दछन् ।७॥ ओङ्कारस्वरूप भगवान् नृसिंहदेवलाई नमस्कार छ । तपाईं अग्नि आदि तेजका पनि तेज हुनुहुन्छ-तपाईंलाई नमस्कार छ । हे वज्र-नख ! हे वज्रदंष्ट्र ! हाम्रो नजीक प्रकट हुनुहोस् । हाम्रो कर्मवासनालाई भस्म पारिदिनोस्, भस्म पारिदिनोस् । हाम्रो अज्ञानरूप अन्धकारलाई नष्ट गर्नोस्, नष्ट गर्नोस् । ॐ हाम्रो अन्तःकरणमा अभय प्राप्त होस्-अभय प्राप्त होस । ॐ क्ष्रौम् ।।८॥

हे नाथ ! समस्त विश्वको कल्याण होस्, दुष्टहरू आफ्नो कुटिलता छाडेर शान्त होउन् । सबै प्राणी आफ्नो आफ्नो मनमा परस्पर एउटाले अर्काको हित-चिन्तन गरुन् । हाम्रो मन शुभमार्गमा प्रवृत्त होओस् । हामी सबैको बुद्धि, विषय-बासनादेखि हटेर, निष्कामभावले श्री अधोक्षज भगवान्मा लागोस् ॥९॥ हे प्रभो ! घर-स्त्री-पुत्र-धन-भाइबन्धु यी कसैमा हाम्रो आसक्ति न होओस्, आसक्ति हुन्छ भने केवल भगवान्का प्रेमी भक्तमा नै होओस् । शरीर-निर्वाहसम्म पुग्ने अन्नादिले सन्तुष्ट रहने आत्म ज्ञानी पुरुषलाई जत्तिको छिटो सिद्धि प्राप्त हुन्छ त्यत्तिको छिटोसँग इन्द्रियद्वारा विषयभोग गर्ने व्यक्तिलाई प्राप्त हुँदैन ॥१०॥ भगवान्का प्रेमी

भक्तहरूको सँगतले भगवान्को तीर्थसमानको पवित्र चरित्र सुन्न पाइन्छ । यी चरित्र सुन्नाले उहाँको असाधारण शक्ति एवं प्रभावको ज्ञान हुन्छ । बारम्बर आफ्नो चरित्र सुन्नेहरूको कानको बाटोगरी भगवान् उनको हृदयमा प्रवेश गर्नुहुन्छ औ उनको सब किसिमको दैहिक औ मानसिक मललाई पखालिदिनु हुन्छ । तसर्थ मुकुन्द भगवान्को यस्ता पवित्र चरित्रको कसले सेवन न गर्ला ? ॥११॥ जुन पुरुषको भगवान्मा निस्काम भक्ति हुन्छ तिनको हृदयमा समस्त देवताहरू धर्मं, ज्ञानादि सम्पूर्ण सद्‌गुणको साथ साथै सदा निवास गर्दछन्, तर जुन व्यक्तिमा भगवान्को भक्ति छैन ती ता सदा सर्वदा थरि थरिको सङ्कल्प गरेर वाहिरी तुच्छ विषय तिर नै दगुरि रहन्छन् । यस्तामा महापुरुषको गुण कसरी आउन सक्तछ ? ॥१२॥ जसरी माछालाई जल अत्यन्त प्रिय-उनको जीवनको आधार हुन्छ त्यसै गरी साक्षात् भगवान् हरि नै समस्त प्राणीहरूको प्रिय आत्मा हुनुहुन्छ । उहाँलाई त्यागेर बडा बडा महात्मा कहिनेहरू घरमा आसक्त भए भने स्त्री-पुरुषमा जवानी अवस्थाले हुने जुन किसिमको बढत्व प्रचलित छ तिनको बढत्व पनि त्यै किसिमको हुन्छ, ज्ञान आदि-गरिएका सद्‌गुणको यथार्थ महत्त्व तिनमा अलि-कता पनि हुँदैन ॥१३॥ तसर्थ हेअसुर हो ! घरको आसक्ति छाडेर नृसिंह भगवान्को निर्भय चरण-कमलको आश्रय लेऔं, किन कि घर ता तृष्णा, राग, विषाद, क्रोध, अभिमान, इच्छा, भय, दीनता औ मानसिक तापको मूल कारण तथा जन्म-मरणरूप संसारचक्रलाई वहनगर्ने हो ॥१४॥

केतुमाल खण्डमा लक्ष्मीजीका तथा संवत्सर नामगरेका प्रजापतिका छोरा-छोरीको कल्याण गर्नाको निम्ति भगवान् कामदेवको रूपले वास गर्नुहुन्छ । ती रात्रीका अभिमानी देवतारूप कन्याहरूको तथा दिनका अभिमानी देवतारूप छोराहरूको संख्या मानिसको परमायुको दिन औ रात्रिको बराबर छत्तीस छत्तीस हजार छ; यिनीहरू नै केतुमाल खण्डका स्वामी हुन् । परम-पुरुष श्री नारायणको परमास्त्र सुदर्शन चक्रको तेजले प्रजापतिका ती सबै कन्याको मन थर्काय-मान हुन्छ र यसैकारणले तिनीहरूको गर्भ प्रत्येक वर्षको आखिरीमा नष्ट भएर तुहिन्छ ॥१५॥ त्यहाँ भगवान् कामदेव अति मनोहर मन्द गमन-द्वारा, लीलापूर्ण मधुर मुष्कानले युक्त भएको तथा मनलाई आकृष्ट गर्ने हेराइद्वारा, एवं अलि माथि चढेका राम्रा राम्रा आंखीभुइँद्वारा सुशोभित भएको आफ्नो मनोहर मुखकमलको शोभाले लक्ष्मीजीलाई रमाउँदै स्वयं आफू पनि रमण गर्नु हुन्छ ॥१६॥ श्रीलक्ष्मीजी परम समाधि योग-द्वारा भगवान्को त्यस मायामय स्वरूपको, रात्रिको समयमा संवत्सर प्रजापतिका कन्या-हरूको साथमा औ दिनमा उनका पतिहरूको साथमा, आराधना गर्दछिन् औ निम्नलिखित मन्त्रको जपगर्दै भगवान्को स्तुति गर्दछिन् ॥१७॥ भगवान् हृषिकेश अर्थात् इन्द्रियहरूका स्वामी-लाई प्रणाम छ; संसारमा जति श्रेष्ठ वस्तु छन् तिनै द्वारा तपाईंको रूप प्रकट हुन्छ; क्रियाशक्ति ज्ञानशक्ति, एवं संकल्प-अध्यवसाय आदि चित्तका धर्म तथा यिनका विषयहरूको अधिपति हुनुहुन्छ एघार इन्द्रिय औ पाँच यिनका विषय यी सोह्र

तपाईंका कला हुन्; वेदोक्त कर्मले प्राप्त हुने तपाईं अन्नमय, अमृतमय औ सर्वमय हुनुहुन्छ; तपाईं साहस (मनोबल), ओज (इन्द्रियवल) औ बल (देहवल) को कारण हुनुहुन्छ; परम सुन्दर भगवान् कामदेव तपाईंलाई ॐ ह्रीं, ह्रीं, हुं यस बीज-मन्त्रले हामी नमस्कार गर्दछौं; दुबै लोकमा हामीमाथि प्रसन्न रहनु होस् ॥१८॥

हे भगवान् ! तपाईं स्वयं इन्द्रियहरूका स्वामी हुनुहुन्छ;स्त्रीहरू किसिम किसिमका कठोर व्रतद्वारा तपाईंको आराधना गरी तपाईंद्वारा अरू लौकिक पतिको इच्छा गर्ने गर्दछन् तर उनले इच्छा गरेका ती पतिले उनका प्रियपुत्र, घर औ आयुको रक्षा गर्न सक्तैनन् कारण उनीहरू स्वयं पराधीन छन् ॥१९॥ जो स्वयं सर्वथा निर्भय औ भयले आकुल भएकाको रक्षा गर्न सक्तछ त्यै नै सच्चा पति (रक्षागन-ईश्वर) हो । तसर्थ हे प्रभो ! तपाईं एक मात्र सबैका पति हुनुहुन्छ. अरू कसैलाई पति मान्न सकिन्न तपाईं आफ्नो प्राप्तिको अपेक्षा अरू कुनै वस्तु लाई श्रेष्ठ संझनु हुन्न अतएव तपाईंको सुख अरू कसैको अधीनमा छैन; तपाईं यथार्थ पति नहुनु भएको भए अरू कसैवाट तपाईंलाई समेत भयको संभावना हुन्थ्यो ॥२०॥ हे भगवान् ! जुन स्त्री तपाईंको चरणकमलको सेवाको नै प्रार्थना गर्दछन्-अरू कुनै वस्तुको इच्छा गर्दैनन् तिनका सबै कामना पूर्ण हुन्छन् । कुनै फलको इच्छाले कसैले तपाईंको उपासना गर्‍यो भने तिनलाई उनले इच्छा गरेको भोगको वस्तु मात्र दिनुहुन्छ । भोगगरि सकेपछि त्यस वस्तुको वियोग वा नाश भएमा तिनले आफ्नो भूलमा बडो पश्चात्ताप गर्नुपर्दछ ॥ २१ ॥ हे अजित ! मलाई पाउनको निम्ति इन्द्रियसुखका अभिलाषी ब्रह्मा, महादेव आदि समस्त देव-दैत्य कठोर तप गर्दछन् तर मेरो चित्त स्वयं तपाईंमा आसक्त भएकोले, तपाईंको चरणकमलको आश्रय लिने भक्त सिवाय अरू कसैले मलाई पाउन सक्तैनन्॥२२॥हे अच्युत!तपाईं आफ्नो जुन स्तुति गरिने योग्य करकमल आफ्ना भक्तहरूको मस्तक माथि राख्नु हुन्छ त्यै करकमल मेरो शिरमा राख्नु होस् । ममा तपाईंको आदर छैन भन्ने कुरा भन्न सकिन्न किनकि श्रीबत्सचिह्नको रूपले तपाईंले आफ्नो हृदयमा मलाई स्थान दिनु भएको छ। ममा तपाईंको केवल आदर मात्र छ, भक्तहरूमाथि ता परम अनुग्रह छ—यो ता बडो आश्चर्यको कुरो हो, अथवा तपाईं ता सर्व-समर्थ ईश्वर हुनु हुन्छ, तपाईंको मायाको काम बुझ्ने सामर्थ्य कसमा छ ? ॥२३॥

रम्यकखण्डमा भगवान्ले त्यहाँका अधिपति मनुलाई आफ्नो परम प्रिय मत्स्यावतार रूप देखाउनु भएथ्यो । मनु अहिलेसम्म पनि बडो भक्तिभावले भगवान्को त्यस रूपको उपासना गर्दछन् औ निम्न-लिखित मन्त्रको जप गर्दछन् ॥२४॥ " सर्व प्रधान, सत्वगुणविशिष्ट, प्राण-सूत्रात्मा, दैहिक औ मानसिक बलस्वरूप, ॐकार पदवाच्य महामत्स्यरूप श्रीभगवान्लाई बारंबार नमस्कार छ;" यस मन्त्रको जप गर्दै यस प्रकारसँग स्तुति गर्दछन् ॥२५॥

हे प्रभो ! नटुवा जसरी कठपुतलीलाई नचाउँछ त्यसैगरी तपाईं पनि ब्राह्मणादि नामद्वारा विधि-निषेध आदि डोरीरूपले सम्पूर्ण जगत्-

लाई आफ्नो अधीनमा गराइ नचाइरहनु भएको छ, अतः तपाईं नै सबैका प्रेरक हुनुहुन्छ। ब्रह्मादि लोकपालले समेत तपाईंलाई देख्न न सके तापनि तपाईं समस्त प्राणीको भित्र प्राणरूपले औ बाहिर बायुरूपले विचरण गर्नुहुन्छ। वेद नै तपाईंको महान् शब्द हो ॥२६॥ एकचोटि इन्द्रादि इन्द्रियाभिमानी देवताहरूलाई प्राणस्वरूप तपाईंमाथि डाह उत्पन्न भयो। यिनीहरूले तपाईंलाई त्यागेर स्वयं एकलैले अथवा सबै मिलेर यत्न गर्दा पनि मनुष्य-पशु-स्थावर-जङ्गम आदि जति प्राणी देखिन्छन्, यिनमा कसैको पनि रक्षा गर्न सकेनन् ॥२७॥ हे अजन्मा प्रभो! तपाईंले मेरो साथ साथै सबै औषधि औ लहरा हरूको आधाररूपा पृथ्वीको रक्षाका लागि, यसलाई धारण गरी अतिशय प्रबल तरङ्गमालाले पूर्ण भएको प्रलयकालीन समुद्रमा अनिर्वचनीय उत्साह देखाएर विहार गर्नुं भएथ्यो। संसारको प्राणस्वरूप यस्ता तपाईंलाई मेरो नमस्कार छ ॥२८॥

हिरण्मयखण्डमा भगवान् कच्छपरूप धारण गरेर रहनु हुन्छ। त्यहाँका निवासीहरूको साथमा पितृगणका अधिपति अर्यमा, भगवान्‌को त्यस प्रियतम मूर्तिको उपासना गर्दछन् औ यस मन्त्रको जप गर्दछन् ॥२९॥ जो सम्पूर्ण सात्विक गुणले युक्तछन्, जलमा विचरण गर्ने हुनाले जसको स्थानको निरूपण गर्न सकिन्न, एवं जो कालको मर्यादादेखि बाहिर छन्, ती ओंकार स्वरूप, सर्वब्यापी, सबैका आधार कच्छप भगवान्‌लाई बारम्बार नमस्कार छ ॥३०॥

अनेक रूपमा देखिने पृथ्वी आदि यो प्रपञ्च सर्वथा मिथ्या छ, यसैले यसको गणना गर्न सकिन्न तथापि मायाले प्रकाशित हुने यो सब तपाईंकै स्वरूप हो। यस्तो अनिर्वचनीय स्वरूप हुने तपाईंलाई नमस्कार छ ॥३१॥ हे देव! एक मात्र तपाईं नै जरायुज,स्वेदज, अण्डज, उद्भिज, जङ्गम-स्थावर, देवता, ऋषि, पितृगण, भूत, इन्द्रिय, स्वर्ग, आकाश, पृथ्वी, पर्वत, नदी, समुद्र, द्वीप, ग्रह औ तारा आदि भिन्न भिन्न नामले प्रसिद्ध हुनुहुन्छ ॥३२॥ तपाईंको असंख्य नाम, रूप औ आकृतिहरूको संख्या गर्न सकिन्न तापनि कपिल आदि विद्वानले तपाईंमा चौबीस तत्त्वको संख्याको कल्पना गरेका छन्। यो संख्या जुन एक तत्त्वको ज्ञानले दूर हुन्छ त्यही परमार्थं ज्ञान तपाईं हुनुहुन्छ। यस्तो सांख्यसिद्धान्तरूप तपाईंलाई नमस्कार छ ॥३३॥

उत्तरकुरुखण्डमा भगवान् यज्ञपुरुष बराहमूर्ति धारण गरी विराजमान हुनुहुन्छ। यहाँका निवासिहरूको साथ साथमा साक्षात् पृथ्वीदेवी दृढभक्तिभावले उहाँको उपासना गर्दछिन् र यो परमोत्कृष्ट उपनिषद्‌को पाठ गर्दछिन् ॥३४॥ जसको तत्त्व मन्त्रद्वारा जानिन्छ, यज्ञ एवं क्रतु इत्यादि सबै जसका रूप हुन् अतएव सम्पूर्ण महायज्ञ जसका अङ्ग हुन्, यस्ता ॐकारस्वरूप शुद्ध कर्ममय, त्रियुगस्वरूप श्री बराह भगवान्‌लाई बारंबार नमस्कार छ ॥३५॥

जसरी ऋत्विजहरू अरणिरूप काष्ठखण्डमा लुकिराखेको आगोलाई मन्थनद्वारा प्रकट गर्दछन् त्यसैगरी कर्मासक्ति एवं कर्मफलको कामनाले लुकिराखेको तपाईंको रूपको दर्शन गर्ने इच्छाले परम प्रवीण पण्डितहरू विवेकको साधन मनलाई मन्थन गर्न काठ बनाएर शरीर एवं

इन्द्रियादिहरूलाई बेसगरी मत्थछन् अर्थात् नाना प्रकारका व्रत, उपवासद्वारा शरीरलाई सुकाएर तपाईको चिन्तन गर्दछन् यस प्रकारसंग खोज गरेर तपाइँको:रूपलाई देख्न पनि पाउँछन् यसरी प्रकट हुने ब्यक्तस्वरुप तपाईंलाई नमस्कार छ ॥३६॥ यम-नियमादि योगाङ्गको साधन गर्नाले जसले निश्चयरूपले तपाईंलाई जान्न सकेका छन् ती महापुरुष विषय,इन्द्रिय,इन्द्रियका अधिष्ठाता देवता शरीर, काल औ अहंङ्कार आदि मायाका कार्य-हरूलाई देखेर विचारद्वारा जुन वास्तविक स्वरूपको निश्चय गर्दछन्, त्यो सबैको आत्मास्वरूप तपाइँ नै हुनुहुन्छ। उनीहरू फेरि तपाइँको माया कल्पित मूर्तिको भजन गर्दैनन् । यस्तो मायिक आकृति देखि रहित हुनु भएको तपाइँलाई बारंबार नमस्कार छ ॥३७॥ जसरी चुम्बकको आश्रयमा रहने फलाम जड भए तापनि चुम्बकको सन्निधि-मात्रले उसको गति अनुसार यताउति भ्रमण गर्दछ त्यसैगरी माया, सर्वसाक्षी तपाइ को इच्छा मात्रले आफ्ना गुणद्वारा जगत्को उत्पत्ति, स्थिति औ प्रलय गरिरहन्छे । विश्वको उत्पत्ति आदि विविध कार्यावलि स्वयं तपाइँको लागि ह्वैन कि सम्पूर्ण प्राणीका लागि हुने हो। सम्पूर्ण गुण एवं कर्मका साक्षी यस्ता तपाइँलाई नमस्कार छ ॥३८॥ जसरी एउटा हात्तीले अर्को हात्तीलाई पछार्दछ त्यसैगरी गजराज झैं क्रीडा गरिरहनु भएको आदिशूकररूप तपाइँले युद्धमा आफ्नो प्रतिद्वन्द्वी हिरण्याक्ष दैत्यलाई मारेर मलाई आफ्नो दाह्राकौ टुप्पामा धारण गरी रसातल पर्य्यन्तको गहिरो प्रलयकालीन समुद्रबाट बाहिर ल्याउनु भएथ्यो। यस्ता सर्वसमर्थ तपाइँलाई म बारंबार नमस्कार गर्दछु ॥३९॥

अध्याय—१९

किम्पुरुष र भरतखण्डको वर्णन भारतवर्षमा जन्मेकाहरूको देवताहरूले महिमा गरेको र उपद्वीपको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

किम्पुरुष खण्डमा लक्ष्मणजीका दाजु, आदि पुरुष, सीतापति, रामचन्द्र भगवान्को चरण-निर वस्ने, तन्मय रहने परम भागवत हनुमान अरू किन्नरहरूको साथमा निश्चल भक्तिभावले उहाँको उपासना गर्दछन् ॥१॥ वहाँ गन्धर्वहरूका साथमा उनका स्वामी आर्ष्टिषेणले भगवान् रामको परम कल्याणकारी चरित्रको गाव गरेको हनुमानजी सुन्दछन् र आफू पनि यस स्तोत्रको गान गर्दछन् ॥२। ओङ्कारस्वरूप पवित्रकीर्ति भगवान् रामचन्द्रलाई हामी नमस्कार गर्दछौं। उहाँमा सत्पुरुषमा हुनुपर्ने लक्षण, स्वभाव औ आचरण विराजमान छन् । उहाँको चित्त सदा संयत रहन्छ साधुताको परीक्षाका लागि कसौटी समान, लोकमर्य्यादाको पालन गर्ने औ अत्यन्त ब्राह्मणभक्त हुनुहुन्छ। यस्ता महापुरुष रामलाई हाम्रो वारम्बार प्रणाम छ ॥३॥

हे भगवान् ! विशुद्ध अनुभव तपाईंको स्वरूप हो, वेदान्तका वाक्यहरूमा "एक" नामले प्रसिद्ध भएको पदार्थ तपाइं नै हुनुहुन्छ। आफ्नो स्वरूपको प्रकाशले गुणहरूका जाग्रत् आदि जुन थरि थरिका अवस्था छन् तिनलाइ तिरस्कार

गर्नुहुन्छ, अन्तर्यामी, अतिशय शान्त, शुद्ध बुद्धिले ग्रहण गरिने योग्य, नाम-रूप-अहङ्कार—शून्य तपाईंको शरणमा म छु ॥४॥ हे प्रभो ! तपाईंको मनुष्यावतार केवल राक्षसको वधको निम्ति भएको होइन, यसको मुख्य उद्देश्य ता मानिसलाई शिक्षा दिनु हो । नत्र ता आफ्नै स्वरूपमा रमण गर्ने साक्षात् जगत्का आत्मा जगदीश्वरलाई सीताजीको वियोगमा यस्तो दुःख कसरी संभव हुन सक्तछ ॥ ५ ॥ तीनै लोकको कुनै वस्तुमा पनि तपाईं आसक्त हुनुहुन्न, धीर आत्मज्ञानीहरूको आत्मा औ प्रियतम भगवान् वासुदेव हुनुहुन्छ तसर्थ स्त्री-वियोगको दुःख औ वसिष्ठको सम्मतिले भाइ लक्ष्मणलाई त्याग्नु कदापि तपाईंको योग्य हुन सक्तैन । यो सब चरित्र ता केवल मानिसलाई शिक्षा दिने उद्देश्यले गर्नु भएको हो ॥६॥ उच्चकुलको जन्म, सुन्दरता-वाक्चातुरी, बुद्धि, श्रेष्ठ—योनि—एक भक्ति सिवाय यी कुनै गुणले पनि भगवान्लाई प्रसन्न गराउन सक्तैन । यै कुरा देखाउनाका निम्ति लक्ष्मणका दाजु भगवान् रामले, माथि कहिएका गुणमध्ये एउटा पनि नभएका हामी वनवासीहरूसित भक्तिको वशमा परी मित्रता गर्नुभयो ॥७॥ अतः देवता, असुर, वानर अथवा मनुष्य जसले पनि सब तरहबाट श्रीरामरूप तपाईंको भजन गर्नुपर्दछ, किनकि तपाईं साक्षात् मनुष्यशरीरधारी हरि हुनुहुन्छ । कसैले आफ्नो अलिकता पनि भजन गऱ्यो भने त्यसलाई यथेष्ट संझनु हुन्छ । तपाईंको दयालुताको बर्णन गरि साध्य छैन; तपाईं कहाँसम्मको भक्तबत्सल हुनुहुन्छ भने आफू वैकुण्ठधामतिर जाँदा अयोध्यावासी सबै प्रजालाई आफूसंगै लइजानु भएथ्यो ॥ ८ ॥

यस भारतवर्षमा पनि भगबान्, नर औ नारायण-यी दुई रूप धारण गरेर आत्मज्ञानीहरूका उपर कृपा गर्नाको निम्ति अव्यक्तरूपले कल्पको अन्तसम्म तपस्या गरिरहनु हुन्छ । उहाँको यस तपस्याबाट धर्म, ज्ञान, वैराग्य, ऐश्वर्थ (योगसिद्धि) औ इन्द्रियजयको उत्तरोत्तर बृद्धि भएर अन्तमा आत्मस्वरुपको प्राप्ति हुन्छ ॥९॥ त्यहाँ स्वयं भगवान्ले भन्नु भएको सांख्य औ योगशास्त्रको साथसाथै भगवान्को प्रभाव प्रकट गर्ने पाञ्चरात्रदर्शनको सावर्णि मुनिलाई उपदेश गर्दै देवर्षि नारद भारतवर्षका अनेक वर्ण औ आश्रमका प्रजाहरूको साथमा अत्यन्त भक्तिभावले भगबान नर-नारायणको उपासना गर्दछन् र यस स्तोत्रको पाठ गर्दछन् ॥ १० ॥ ओंकारस्वरूप, अहङ्कार रहित, निर्धनका धन, शान्त स्वभावका ऋषिश्रेष्ठ भगवान् नर-नारायणलाई नमस्कार छ । उहाँ परमहंशहरूका गुरु औ आफ्नो आत्मामा रमण गर्ने साधुहरूको स्वामी हुनुहुन्छ,उहाँलाई हाम्रो बारंबार नमस्कार छ ॥११॥ यस मन्त्रको पाठगरी यस प्रकारसँग उहाँको स्तुति गर्दछन् :—

जगत्को उत्पत्ति-पालन-संहारको कर्ता भएर पनि जो म कर्ता हूँ भन्ने अभिमान गर्दैनन्, शरीरमा रहेर पनि जो भोक-प्यास आदि शरीरका धर्मको वशमा पर्दैनन् एवं द्रष्टा भएर पनि जसको दृष्टि दृश्यविषयद्वारा दूषित हुँदैन, उनै निर्लिप्त, निःसङ्ग एवं विशुद्ध साक्षीस्वरूप नर-नारायणलाई नमस्कार छ ॥१२॥

हे योगेश्वर ! हिरण्यगर्भ भगवान् ब्रह्माजीले, मानिसले अन्तकालमा देहाभिमानलाई त्यागेर भक्तिपूर्व्वक तपाईंको निर्गुण स्वरूपमा आफ्नो मन लगाउनु नै योगसाधनको सबभन्दा ठूलो कुशलता हो, भन्नु भएको छ ॥१३॥ किनकि जसरी यस लोक औ परलोकको सुखमा लोभ गर्ने पुरुष छोरा, स्वास्नी औ धनको चिन्ता गरेर मृत्युदेखि डराउँछ त्यसैगरी यदि विद्वान्लाई समेत यो निन्दनीय शरीर छुट्ने डर भयो भने तिनले ज्ञान-प्राप्तिको लागि गरेको सबै प्रयत्न ब्यर्थको श्रममात्र भयो, तिनले आफ्नो प्रयत्नको कुनै फल पाएनन् ॥ १४ ॥ अतः- हे अधोक्षज! हामीलाई आफ्नो स्वाभाविक प्रेम-रूप भक्तियोगको शिक्षा दिनु होस् जसद्वारा हामी यस निन्दनीय शरीरमा तपाईंको मायाले गर्दा स्थापित भएको "म हूँ, मेरो हो" भन्ने यस प्रकारको, सजिलैसँग छोड्न नसकिने ममता औ अहंताको तुरन्तै भेदन गर्न सकौं ॥१५॥

हे राजन् ! यस भारतवर्षमा पनि अनेक पर्वत औ नदीहरूछन्—जस्तै मलय, मङ्गल प्रस्थ, मैनाक, त्रिकूट, ऋषभ, कूटक, कोल्लक, सह्य, देवगिरि, ऋष्यमूक, श्रीशैल, वेङ्कट, महेन्द्र, वारिधार, विन्ध्य, सुक्तिमान्, ऋक्षगिरि, परियात्र द्रोण, चित्रकूट, गोवर्धन, रैवतक ककुभ, नील, गोकामुक, इन्द्रकील, कामगिरि एवं अरू अरू पनि सैकडौं हजारौं पर्वत छन् । यी सबै पर्वतका तटप्रान्तको बीचबाट निस्केका नद औ नदीहरू पनि असंख्य छन् ॥१६॥ यी नदीहरूको केवल नाम लिनाले नै मानिस पवित्र हुन्छन् तर भारतवासीहरू यिनैको जलमा स्नान गर्दछन्॥१७॥ उनमा मुख्य मुख्य नदी यिनै हुन्:— चन्द्रवशा, ताम्रपर्णी, अवटोदा, कृतमाला, वैहायसी, कावेरी, वेणी, पयस्विनी, शर्करावर्ता, तुङ्गभद्रा, कृष्णा, वेण्या, भीमरथी, गोदावरी, निर्विन्ध्या, पयोष्णी तापी, रेवा, सुरसा नर्मदा, चर्मण्वती, सिन्धु, अन्ध र शोण नामका दुइ नद, महानदी, वेदस्मृति ऋषिकुल्या, त्रिसामा, कौशिकी, मन्दाकिनी, यमुना, सरस्वती, दृषद्वती, गोमती सरयू रोधस्वती, सप्तवती, सुषोमा, शतद्रु, चन्द्रभागा, मरुद्वृधा, वितस्ता, असिक्नी र विश्वा ॥१८॥ यस भरतखण्डमा जन्मलिने पुरुषलाई आफूले गरेका सात्विक-राजस-तामस कर्मको अनुसार क्रमशः नाना प्रकारको दिव्य, मानुष औ नारकी योनिको प्राप्ति हुन्छ, किनकि जीवलाई आफ्नो कर्म अनुसार जुन सुकै योनि पनि मिल्न सक्तछ, यही भारतवर्षमा आफ्नो आफ्नो वर्णको निम्ति नियत गरिएको धर्मको विधिपूर्व्वक पालन गर्नाले मोक्षसम्मको पनि प्राप्ति हुन सक्तछ ॥१९॥ सम्पूर्ण प्राणीका आत्मा, रागादि द्वेषदेखि रहित अनिर्वचनीय, निराधार परमात्मा भगवान् वासुदेवमा अनन्य एवं निष्काम भक्तिभाव नै त्यस मोक्षको यथार्थ स्वरूप हो । अनेक प्रकारका गतिहरूको मुख्य कारण जुन अविद्यारूप हृदय-ग्रन्धि हो, त्यो छिन्न भएपछि भगवान्का प्रेमी भक्तहरूको सङ्गत भेटिन्छ र यस सङ्गतद्वारा वासुदेव भगवान्मा निष्काम भक्तिको उत्पत्ति हुन्छ ॥२०॥

देवताहरू समेत भारतवर्षका जन्मेका मानिस-हरूको महिमा यस प्रकारसँग गाउँछन्:— भगवत्सेवाको निम्ति उपयोगी हुने मनुष्य-

शरीरमा जुन जीवले भारतवर्षमा जन्म लिएका छन् तिनले यस्तो के पुण्य गरेका होलान् ? अथवा यिनीहरूमाथि स्वयं भगवान् हरिनै प्रसन्न हुनु भएको छ । यो परम सौभाग्य अर्थात् भगबत् सेवाको निम्ति ता हामीहरूको समेत सदा लालसा भैरहन्छ ॥ २१ ॥ बडो कठोर यज्ञ, तप, व्रत, दान आदि गरेर हामीले जो यो तुच्छ स्वर्गको अधिकार पाएका छौं, त्यसबाट हामीलाई के फाइदा छ ? किनकि यहाँ ता आत्यन्तिक इन्द्रिय-भोगले गर्दा हाम्रो ज्ञान-शक्ति आच्छन्न रहन्छ र यसैले गर्दा हामीलाई भगवान् नारायणको चरणकमलको संझने हुन्न । २२॥ यो स्वर्गको ता के कुरा—जहाँका निवासीहरूको एक कल्पको आयु हुन्छ तर कल्पपछि फेरि ससार-चक्रमा आउनु पर्दछ, त्यस्तो ब्रह्मलोकादि प्राप्तगर्नु भन्दा पनि अल्पायु भएर भारतभूमिमा जन्मलिनु वेस छ, किनकि यस भारतवर्षमा धीर पुरुषहरू आफ्नो यस मर्त्य शरीरले गरेको सम्पूर्ण कर्म श्रीभगवान्लाई अर्पण गरेर थोरै समयमा नै उहाँको अभयपद प्राप्त गर्न सक्तछन् ॥२३॥

जुन ठाउँमा भगवत्कथारूप अमृतमयी नदी बहन्नन्, जहाँ भगवान्को आश्रयमा रहने भगवद्भक्त साधु-जनको बास हुँदैन, जहाँ गाना बजाना सहित बडो धूम-धामसँग भगवान् यज्ञ-पुरुषको पूजाको निम्ति ठूला ठूला उत्सव गरिन्नन् त्यो ठाउँ ब्रह्मलोक भए तापनि बस्ने योग्यको छैन ॥२४॥ तर जुन जीव, यस भारतवर्षमा ज्ञान (विवेक बुद्धि), तदनुकूल कर्म तथा त्यस कमलाई चाहिने द्रव्यादि सामग्रीले युक्त भएको मनुष्य जन्म पाएर पनि आवागमनको चक्र-बाट उम्कने उपाय गर्दैन भने त्यो, एक चोटि व्याधाको पाशोमा परेको तर त्यहाँबाट कुनै तरहले उम्केर पनि फेरि फलादिको लोभले त्यै रुखमा विहार गर्ने वनवासी चराझैं, फेरि बन्धनमा पर्ने छ ॥२५॥

अहो ! यी भारतवासीहरूको कस्तो सौभाग्य रहेछ । जब यिनीहरू यज्ञमा भिन्न भिन्न देवता-हरूको उद्देश्यले बेग्ला बेग्लै भाग छुट्ट्याएर बिधि एवं मन्त्रद्वारा श्रद्धापूर्व्वक पुरोडासादि हवन गर्दछन्; त्यस बेला इन्द्रादि भिन्न भिन्न नामले आवाहन गरिएका, सबै कामनालाई पूर्ण गर्नामा समर्थ भएका स्वयं पूर्णकाम, सर्व-व्यापी हरि बडो प्रसन्न भएर त्यस हविलाई ग्रहण गर्नु हुन्छ ॥२६॥ सकाम पुरुषलाई भग-वान्ले उनले इच्छा गरेको वस्तु दिनु हुन्छ-यो कुरा ठीक हो तर उनलाई असली वस्तु याने परमार्थ ता दिनु हुन्न यसैले उनलाई फेरि पनि कामना भैरहन्छ तर जो निस्कान भावले उहाँको भजन गर्दछन् तिनलाई ता सबै अभिलाषा पूर्ण गर्ने साक्षात् आफ्नो चरणकमल नै दिनु-हुन्छ, जसलाई पाए पछि मानिसलाई अरू कुनै कुराको कामना रहँदैन ॥२७॥ अतएव जुन यज्ञ-यागादिको फल स्वरूप हामी यो स्वर्ग-सुख भोगिरहेका छौं ती हाम्रा शुभकर्मको केही पुण्य बाँकि छ भने, त्वसको प्रभावले हामीलाई यही भारतवर्षमा भगबान्को स्मृतिले युक्त भएको मनुष्द-जन्म मिलोस्, किनकि भगवान्ले आफ्नो भजन गर्नेको सब प्रकारको कल्याण गर्नु हुन्छ ॥२८॥

शुकदेवजो भन्नुहुन्छ—

हे राजन् ! राजा सगरका छोराहरूले आफ्नो यज्ञको घोडा खोज्दाखेरि यस पृथ्वीलाई चारै-तिरबाट खनेका थिए यसैले जम्बूद्वीपमा अरू आठ ओटा उपद्वीप बन्नगए भन्ने कसै किसैको भनाई छ ।।२९।। स्वर्ण प्रस्थ, चन्द्रशुल्क, आवतन रमणक, मन्दरहरिण, पाञ्चजन्य, सिंहल र लङ्का-यी उपद्वीपका नाम हुन् ।।३०।। हे भरतश्रेष्ठ यस जम्बूद्वीपको खण्ड-विभागको सम्बन्धमा मैले आफ्ना गुरुदेव व्यासको मुखबाट जस्तो सुनेको थिएँ त्यो सबै तिमीलाई सुनाइदिएँ ।।३१।।

अध्याय-२०

प्लक्षादि छ द्वीपको तथा लोका-लोक पर्वतको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

अब उप्रान्त परिमाण, लक्षण औ स्थितिको अनुसार प्लक्षादि अरू द्वीपको विभागको वर्णन गरिन्छ ।।१।। जसरो सुमेरु पर्वत जम्बूदीपले बेह्रिएको छ त्यसै गरी यो जम्बूद्वीप पनि आफू समानको परिमाण औ विस्तार भएको क्षार-समुद्रले घेरिएको छ । जसरी खाल्डो, बाहिरको उपवनले घेरिएको हुन्छ, त्यसै गरी यो क्षार-समुद्र पनि आफ्नो भन्दा दोब्बर विस्तार भएको प्लक्षद्वीपले बेह्रिएको छ । जम्बूद्वीपमा जत्रा अग्लो जामुनको रूख छ त्यत्रै ठूलो यहाँ एउटा सुवर्णमय प्लक्षको रुख छ । यही रुखको नामबाट यसको नाम प्लक्ष-द्वीप भएको हो । यहाँ सात जिभ्रो भएका अग्निदेव रहेका छन् । यस द्वीपका अधिपति प्रियव्रतका छोरा महाराज इध्मजिह्व थिए । यिनले आफ्नो द्वीपको सात खण्डगरी, ती खण्डको जस्तै नाम भएका आफ्ना छोरा-हरूलाई सुम्पिदिए र आफूले अध्यात्मयोगको आश्रय लिएर संसार त्यागिदिए ।।२।। शिव, यवस, सुभद्र, शान्त, क्षेम, अमृत औ अभय—यी इध्मजिह्वले बनाएका प्लक्षद्वीपका सात-खण्डका नाम हुन् । यिनमा पनि सात पर्वत औ सात नदी प्रख्यात छन् ।।३।। मणिकूट, वज्रकूट, इन्द्रसेन, ज्योतिष्मान, सुपर्ण, हिरण्य-ष्ठीव औ मेघमाला—यी सात यहाँका सीमा पर्वत हुन् तथा अरुणा, नृम्णा, आङ्गीरसी, सावित्री सुप्रभाता, ऋतम्भरा औ सत्यभरा—यी सात महानदी हुन् । जसरी भारतवर्षमा ब्राह्मणादि चार वर्णछन् त्यसैगरी त्यहाँ पनि हंस-पतङ्ग-उर्ध्वायन--सत्याङ्ग नामका चार वर्ण छन् । माथि कहिएका नदीको जलमा स्नान गर्नाले यिनीहरूको रजोगुण औ तमोगुणको प्रवृत्ति नष्ट भैरहन्छन् । यिनको आयु एक हजार वर्षको हुन्छ । हेर्दा यिनी-हरू देवता समान देखिन्छन् औ यिनका सन्तान पनि देवता जस्तै हुन्छन् । यिनीहरू त्रयींविद्या-द्वारा तीनै वेदमा वर्णन गरिएका स्वर्गका द्वाररूप सूर्य भगवान्को उपासना गर्दछन् ।।४।। यिनी-हरूको उपासनाको मन्त्र यो हो—पुराण पुरुष, विष्णुस्वरुप भगवान् सूर्यदेवका हामी शरणागत छौं । उहाँ अनुष्ठीयमान धर्म, प्रतीयमान धर्म

वेद एवं शुभाशुभ फलका अधिष्ठाता हुनुहुन्छ ॥५॥ प्लक्षादि पाँचै द्वीपमा सबै मनुष्यलाई जन्मैदेखि आयु, इन्द्रिय, मनोबल, इन्द्रियबल, शारीरिक बल, बुद्धि औ पराक्रमको एकनासको सिद्धि प्राप्त भै रहन्छ ॥६॥

जसरी प्लक्षद्वीप आफूसमानको परिमाण भएको उखूको रसको सागरले घेरिएको छ त्यसैगरी प्लक्षद्वीप भन्दा दोब्बर परिमाण भएको शाल्मली द्वीप पनि आफू समानकै परिमाण भएको मदिराको सागरले बेह्रिएको छ ॥७॥ शाल्मली द्वीपमा प्लक्ष-बृक्ष समानको ठूलो शाल्मली (सीमल) को रुख छ। आफ्ना पखेटाले वेदध्वनि गर्ने पक्षिराज भगवान् गरुडको यो रुख निवासस्थान हो भन्ने कहिएको छ। शाल्मली बृक्ष हुनाले नै यस द्वीपको नाम शाल्मली भएको हो ॥८॥ यस द्वीपका अधिपति; प्रियव्रतका छोरा महाराज यज्ञबाहुले, आफ्नो द्वीपको सुरोचन, सौमनस्य, रमणक, देववर्ब, पारिभद्र, अप्यायन, औ अविज्ञात नामका सात खण्डगरी आफ्ना सात छोरालाई त्यहाँको राज्य सुम्पिदिए;खण्डको नाम अनुसार छोराहरूको पनि त्यस्तै नाम थियो ॥९॥ यी खण्डमा पनि सात सात वोटावर्ष-पर्वत औ सात नदीहरू प्रसिद्ध छन्। स्वरस, शतश्रृङ्ग, बामदेव, कुन्द, मुकुन्द, पुष्पवर्ष, सहस्रश्रुति पर्वतका औ अनुमति, सिनीवाली, सरस्बती, कुहू, रजनी, नन्दा,राका नदीहरूका नाम हुन् ॥१०॥यी खण्डमा रहने श्रुतधर-वीर्यधर-वसुन्धर-इषन्धर नामक चार वर्णका पुरुषहरू वेदमूर्ति, आत्मस्वरूप भगवान् चन्द्रमाको वेदमन्त्रले उपासना गर्दछन् र भन्दछन् ॥११॥ कृष्णपक्ष औ शुक्लपक्षमा आफ्नो विभागगरी क्रमशः देवता औ पितृगणलाई अन्न दिने भगवान् चन्द्रदेव हामी सबै प्रजाका राजा होउन् ॥१२॥

यसैगरी मदिरा-सागरको चारैतिर त्यसको भन्दा दोब्बर परिमाण भएको कुशद्वीप छ। पूर्वोक्त द्वीप झैं यो पनि आफू समानको परिमाण भएको घिऊको समुद्रले घेरिएको छ। यस द्वीपमा भगवान्‌ले रचेको एउटा कुशको झाँग छ, यसैले यसलाई कुशद्वीप भन्दछन्। यो कुशको झाँग दोस्रो अग्निदेव झैं प्रकाशमान भएर आफ्ना कोमल शिखाको कान्तिले समस्त दिशालाई उज्यालो गराइरहन्छ ॥१३॥ हे राजन्! यस द्वीपका अधिपति प्रियव्रत-पुत्र हिरण्यरेताले यसको सात खण्ड गरी आफ्ना वसु, वसुदान, दृढरुचि, नाभिगुप्त, स्तुत्यव्रत, विविक्त र वामदेव नामका सात छोरामा बाँडि दिए र आफू तपस्या गर्न लागे ॥१४॥ यी खण्डको सीमा निर्णय गर्ने सात पर्वत छन् औ सातैवोटा नदी पनि छन्- चक्र, चतुःश्रृङ्ग, कपिल, चित्रकूट, देवानीक ऊर्ध्वरोमा र द्रविण यी सात पर्वत हुन् औ रसकुल्या मधुकुल्या, मित्रविन्दा, श्रुतविन्दा, देवगर्भा, घृतच्युता र मन्त्रमाला यी सात नदी हुन् ॥१५॥ यी नदीको जलमा स्नानगरी कुशल, कोविद, अभियुक्त, कुलक नामका चारवर्णका कुशद्वीपनिवासी अग्निस्वरूप श्रीहरिको यज्ञादि कर्मकौशलद्वारा पूजा गर्दछन् र यस प्रकारसँग स्तुति गर्दछन् ॥१६॥ हे अग्निदेव ! तपाईं साक्षात् परब्रह्मलाई हवि पुर्‍याउने हुनुहुन्छ अतएव भगवान्‌का अङ्गस्वरुप देवताहरूको यज्ञद्वारा परमपुरुष भगवान्‌को पूजा गरी इन्द्रादि नामको

उच्चारण गरी जुन हव्य हवन गरिन्छ त्यसलाई तपाई उही उही अङ्गसम्म पुऱ्याइदिनोस् ।।१७।।

फेरि घृत समुद्रको बाहिरपट्टि, त्यो भन्दा दाब्बर परिमाण भएको क्रौञ्चद्वीप छ। जसरी कुशद्वीप घिउको समुद्रले घेरिएको छ त्यसैगरी यो क्रौञ्चद्वीप पनि आफूसमानको परिमाण भएको दूधको समुद्रले बेह्रिएको छ। यहाँ क्रौञ्चनाम भएको एउटा बडेमानको पर्वत छ; यसैका नाम-बाट यस द्वीपको क्रौञ्चद्वीप नाम भएको हो ॥१८॥ पूर्वकालमा स्वामी कार्तिकेयको शस्त्रप्रहारले यसको कटि प्रदेश औ लतानिकुञ्जादि ध्वस्त भएका थिए तापनि चारै तिर क्षीर सागरले घेरिएको र वरुणको कृपादृष्टि भएकोले यो फेरि पनि निर्भय भै हाल्यो ॥ १९ ॥ यस द्वीपका अधिपति प्रियव्रत-पुत्र महाराज घृतपृष्ठले पनि आफ्नो द्वीपको सात खण्डगरी, तिनमा प्रजा-पालनको निम्ति, ती खण्डको जस्तै नाम भएका आफ्ना उत्तराधिकारी सात छोरालाई नियुक्त गरिदिए र आफूले सम्पूर्ण जीवका अन्त-रात्मा, परम-कल्याणमय, कीर्तिशाली भगवान् हरिको चरणारबिन्दको आश्रय ग्रहण गरे ॥२०॥ महाराज घृतपृष्टका आम–मधुरुह–मेघपृष्ठ–सुधामा-भ्राजिष्ठ--लोहितार्ण--वनस्पति यी सात छोरा थिए । यी सात खण्डना पनि सात मर्यादा पर्वत र सातै वोटा नदी छन् भन्ने कहिएको छ। शुक्ल-वर्धमान-भोजन-उपबर्हिण-नन्द-नन्दन-सर्वतोभद्र यी सात पर्वत र अभया, अमृतौघा, अर्यका, तीर्थवती, वृत्तिरूपवती, पवित्रवती र शुक्ला नाम भएका सात नदोछन् ॥२१॥ यी नदीको पवित्र औं निर्मल जलको सेवन गर्ने त्यहाँका पुरुष-ऋषभ-द्रविण-देवक नामका चार वर्णका निवासीहरू जलले भरिएको अञ्जलिद्वारा आपो देवता (जलका देवता) को उपासना गर्दछन् र यस प्रकारको स्तुति गर्दछन् ॥ २२ ॥ "हे जलका देवता ! तपाईंले परमात्माबाट सामर्थ्य पाउनु भएको छ; भूः-भुवः-स्वः यी तीनै लोकलाई पवित्र गर्ने तपाईं नै हुनुहुन्छ तसर्थ स्वभावैले पाप-नाशक हुनुहुन्छ, आफ्नो शरीरले तपाईंलाई स्पर्श गर्दछौं—हामीलाई पवित्र तुल्याई दिनोस्" ॥२३॥

यसैगरी क्षीर-समुद्रपछि त्यसको चारैतिर बत्तीस लाख योजन विस्तार भएको शाकद्वीप छ र आफू समानको परिमाण भएको मही़को समुद्रले घेरिएको छ। यसमा शाक नामको एउटा बडो ठूलो रूख छ, यै रुखको नामबाट यस द्वीपको नाम शाक–द्वीप परेको हो। यस रुखको अत्यन्त मीठो सुगन्धले सारा द्वीप गम्कि रहन्छ ।।२४।। यसका अधिपति मेधातिथि राजा प्रियव्रतकै छोरा थिए। यिनले पनि आफ्नो द्वीपको सात खण्ड गरी प्रत्येकमा, खण्डको नामसित मिल्ने आफ्ना पुरोजव-मनोजव-पवमान–धूम्रानीक—चित्ररेक—बहुरूप-विश्वधार छोरालाई अधिपतिरूपले नियुक्त गरेर आफू अनन्त भगवान्मा दत्तचित्त भै तपोवनतिर लागे ।।२५।। यी खण्डमा पनि मर्यादा पर्वत औ नदीहरूको संख्या सातै सात छ। ईशान–उरूशृङ्ग–बलभद्र–शतकेशर–सहस्रस्रोत–देवपाल–महानस यी सात पर्वतका र अनघा--आयुर्दा--उभय-सृष्टि–अपराजिता--पञ्चपदी--सहस्रस्रुति--निजधृति यी सात नदीका नाम हुन् ।।२६।। यी खण्डका ऋत्रव्रत, सत्यव्रत, दानव्रत, अनुव्रत नामक चार

वर्णका पुरुषहरू प्राणायामद्वारा आफ्नो रजोगुण औ तमोगुण नष्ट गरी परम समाधियोगले वायुरूपी भगवान्को आराधना गर्दछन् र यस प्रकार संग स्तुति गर्दछन् ।।२७।। प्राणादि आफ्ना वृत्तिद्वारा सम्पूर्ण प्राणीको भित्र प्रवेश गरी जसले उनको (प्राणीहरूको) पालन गर्दछन् तथा सम्पूर्ण दृश्य जगत् जसको अधीनमा छ उनै साक्षात् अन्तर्यामी वायु भगवान्ले हाम्रो रक्षा गरुन् ।२८।।

यसैगरी मही‌को समुद्रपछि त्यसको चारैतिर त्योभन्दा दोब्बर परिमाणको पुष्कर द्वीप छ। यो चारैतिरबाट आफूसमानको परिमाण भएको शुद्ध जलको समुद्रले बेह्रिएको छ। यसमा अग्निशिखासमान देदिप्यमान एउटा बहुतै ठूलो कमल उम्रेको छ; यसका हजारौं लाखौं अग्नि समान प्रकाशमान सुवर्णमय निर्मल कमल-पत्र छन् यो कमल ब्रह्माजीको आसन मानिएको छ ॥२९। यस द्वीपको माझमा यसको पूर्वीय औ पश्चिमीय खण्डको सीमा निश्चित गर्ने मानसोत्तर नामक एउटै पर्बत छ। यो दस हजार योजन अग्लो औ त्यत्तिकै लामो पनि छ। यस द्वीपेको चारै दिशामा इन्द्रादि मुख्य मुख्य लोकपालहरूका चार नगर छन्। यस द्वीपमा, सुमेरु पर्वतको चारैतिर घुम्ने सूर्थको रथको संवत्सररुपी पांग्रा देवताहरूको दिन र रात अर्थात् उत्तरायण औ दक्षिणायनको क्रमले सर्वदा घुमिरहन्छ ॥३०॥ यस द्वीपका अधिपति प्रियव्रतपुत्र वीतिहोत्र पनि आफ्ना रमणक र धातकि नामका छोरालाई दुवै खण्डको अधिपति बनाएर आफू दाजुहरू झैं भगवत्सेवामा नै तत्पर रहन लागे ॥३१॥ यहाँका निवासीहरू ब्रह्मारूप भगवान् हरिको, ब्रह्मसालोक्यादिको प्राप्ति गराउने साधनद्वारा आराधना गर्दछन् र यस प्रकारको स्तुति गर्दछन् ।।३२॥ जो साक्षात् कर्मफलरूप छन् औ जसको एकमात्र परमेश्वरमा पूर्ण स्थिति छ तथा जसको सबैले पूजा गर्दछन्, ब्रह्मज्ञानका साधनरूप उनै अद्वितीय औ शान्तस्वरूप ब्रह्ममूर्ति भगवान्लाई नमस्कार छ ।।३३।।

शुकदेवजी भन्नुन्छ—

शुद्ध जलको समुद्र पछि लोकालोक नामक पर्वत छ । सूर्यको प्रकाशले युक्त भएको तथा प्रकाशहीन यी दुवै प्रकारका देशको विभाग गर्नाको निम्ति यो दुवैको माझमा रहेकोछ ॥३४॥ सुमेरुदेखि लिएर मानसोत्तर पर्वतसम्म जत्ति जग्गा छ त्यत्तिकै शुद्ध जलको सागर पछि पनि छ। यसपछि ऐनासमानको स्वच्छ सुवर्णमय भूमि छ। यहाँ खसेको कुनै वस्तु फेरि पाइएला भन्नु पर्दैन, यसै कारण देवता बाहेक अरू कुनै प्राणो यहाँ बस्न सक्तैनन् ॥ ३५ ॥ सूर्यद्वारा प्रकाशित औ अप्रकाशित स्थानलाई छुट्याउन यी दुवैको माझमा रहेकोले यस पर्वतको लोकालोक नाम भएको हो ।।३६।। परमेश्वरले यस पर्वतलाई तीनै लोकको प्रान्त भागमा सीमाको रूपमा स्थापित गर्नुभएको छ। यो कत्तिको अग्लो औ लामो छ भने यसको एकातिरबाट तीनै लोकलाई प्रकाशित गर्ने सूर्य तथा ध्रुव आदि समस्त ज्योतिर्गणको किरण अर्कोतिर जान सक्तैन । समस्त ज्योतिर्मण्डल यतापट्टि मात्र तीनै लोकलाई प्रकाशित गरिरहन्छन् ।।३७।

भूगोल जान्ने पण्डितहरूले प्रमाण, लक्षण औ स्थिति अनुसार सम्पूर्ण पृथ्वीमण्डलका लोकहरूको यत्तिकै परिमाण बताएका छन् । यो समस्त भूगोल पचास करोड योजन छ । यसको चतुर्थांश अर्थात् साढे बाह्र करोड योजन परिमाण यस लोकालोक पर्वतको छ ॥३८॥ यस लोकालोको पर्वतमाथि समस्त जगत्का गुरु, आत्मयोनि ब्रह्माले सम्पूर्ण लोकको स्थितिको निम्ति ऋषभ, पुष्करचूड, वामन र अपराजित नामका चार गजराज स्थापित गरेका छन् ॥३९॥ यी दिग्गजहरूको एवं आफ्ना अंशस्वरूप इन्द्रादि लोकपालहरूको विभिन्न शक्ति बढाउन तथा समस्त लोकको कल्याण गर्ने मनसायले परम ऐश्वर्यका अधिपति, सर्वान्तर्यामी परम पुरुष श्रीहरि आफ्ना विष्वक्सेन आदि पार्षदहरूलाई साथमाली यस पर्वतमा विराजमान हुनुभएकोछ । उहाँले धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य्य आदि आठ महासिद्धिहरूले सम्पन्न भएको आफ्नो विशुद्ध सत्वमय विग्रह धारण गर्नुभएको हुन्छ । उहाँका करकमलमा शङ्ख चक्रादि श्रेष्ठ शस्त्र सुशोभित रहन्छन् ॥४०॥ यस प्रकारसँग आफ्नो मायाद्वारा रचना गरिएका भिन्न भिन्न लोकको व्यवस्थालाई सुरक्षित राख्नाको निम्ति उहाँ यै लीलामय रूप धारण गरी कल्पको अन्तसम्म त्यहाँ रहनु हुन्छ ॥४१॥ लोक-अलोक नामक दुई विभागको प्रसङ्गमा अलोक विभागको माझमा जति विस्तार बताईएको छ त्यतैबाट त्यसको परिमाणको व्याख्या बुझ्नुपर्दछ । यो अलोक विभाग लोकालोक पर्वतको बाहिरी भागमा रहेको छ, अलोक विभाग भन्दा अगाडि ता केवल योगेश्वरहरू मात्र जान सक्तछन् भन्ने विद्वान्हरूको भनाईछ । यो स्थान परम पवित्र छ ॥४२॥

स्वर्ग औ पृथ्वीको बीचमा जुन ब्रह्माण्डको केन्द्र (मध्य स्थान) छ त्यहीं सूर्य नारायण छन् । सूर्य औ ब्रह्माण्ड गोलकको बीचमा सवै तिरबाट पच्चीस करोड योजनको अन्तर छ ॥ ४३ ॥ यी सूर्य मृत अर्थात् मरेको (अचेतन) अण्डमा वैराज (चेतन) रूपले प्रवेश गर्ने हुनाले यिनलाई मार्तण्ड भन्दछन् । हिरण्मय (ज्योतिर्मय) ब्रह्माण्डबाट प्रकट भएकोले यिनलाई हिरण्यगर्भ पनि भन्दछन् ॥४४॥ सूर्यद्वारा नै दिशा, आकाश, पृथ्वी, द्युलोक(अन्तरीक्षलोक), भूर्लोक, स्वर्ग, अपवर्ग (मोक्षका प्रदेश), नरक, रसातलादि सम्पूर्ण लोकको पृथक् पृथक् विभाग हुन्छ ॥४५॥ सूर्य नै देवता, मनुष्य, पशुपति, सरिसृप औ लता वृक्षादि समस्त जीव समूहका आत्मा औ नेत्रेन्द्रियका अधिष्ठाता देवता हुन् ॥४६॥

—०—

अध्याय—२१

खगोलको विवरण तथा सूर्यको रथ र त्यसको गतिको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

यस सम्पूर्ण भूमण्डलको यत्तिकै परिमाण होसो मैले तिमीलाई प्रमाण औ लक्षणसहित सुनाइहालें ॥१॥ भूगोलका ज्ञाताहरू यै भूमण्डलको परिमाण अनुसार स्वर्गमण्डलको पनि परिमाण बताउँछन्, जस्तै चना-मटर आदिको दुई गेडामा एउटाको स्वरूप जानेपछि अर्काको पनि अनुमान

गर्न सकिन्छ त्यसैगरी भूलोकको परिमाणबाट नै स्वर्गमण्डलको परिमाण जान्नु पर्दछ। यी दुवैको बीचमा रहेको आकाश नै यिनीहरूको सन्धि–स्थान हो—यसलाई अन्तरीक्ष भन्दछन् ॥२॥ ग्रह औ नक्षत्रका अधिपति सूर्य भगवान् यै अन्त–रीक्षको मध्यभागमा रहेर आफ्नो ताप औ प्रकाशले तीनै लोकलाई तताउने र प्रकाशित गर्ने गर्नु हुन्छ। यी सूर्यनारायण उत्तरायण, दक्षि–णायन एवं विषुवत् (मध्यम) मार्गबाट मन्द, शीघ्र औ समान गतिले हिंडेर समयानुसार मकर आदि बाह्र राशिमा माथि, तल, औ समान स्थानमा पुगी दिन-रातलाई ठूलो, सानो अथवा समान गर्नु हुन्छ ॥३॥ सूर्य भगवान् मेष या तुला राशिमा आएको वेलामा दिन-रात समान हुन्छन्, वृष आदि पांच राशिमा भ्रमण गर्दा हरेक महिनामा रात एक एक घडि कम हुँदै जान्छ र त्यै हिसावले दिन लामो हुँदै जान्छन् ॥४॥ वृश्चिकादि पांच राशिमा भ्रमण गर्दा ता दिन र रातमा यसको विपरीत परिवर्तन हुन्छ अर्थात् दिन घट्न र रात बढ्न थाल्द–छन् ॥५॥ यस प्रकारले दक्षिणायनको आरम्भ हुने बेलासम्म दिन लामो भैरहन्छन् र उत्तरा–यणको आरम्भसम्म रात लामो हुदै जान्छन् ॥६॥

यस प्रकारसँग पण्डितहरूको भनाई अनुसार सूर्यको मन्द, शीघ्र, औ समान गतिद्वारा मानसो–त्तर पर्वतको परिक्रमाको मार्ग नौ करोड एकाउन्न लाख योजन मानिएको छ। यस पर्वतमा मेरुका पूर्वपट्टि इन्द्रको देवधानी नामक पुरी, दक्षिण–तिर यमराजको संयमनी पुरी, पश्चिमतिर वरुणको निम्लोचनी पुरी र उत्तर दिशामा चन्द्रमाको विभावरी पुरी छन्। यी सबै पुरीमा सुमेरुको चारैतिर विशेष विशेष समयमा सूर्योदय, मध्यान्ह, सायङ्काल औ अर्द्ध रात्रि भैरहन्छन्। यी उदय आदिले गर्दामा नै सम्पूर्ण प्राणीहरूको कर्ममा प्रवृत्ति औ निवृत्ति हुन्छ ॥७॥ सुमेरु पर्वतमा रहने प्राणीहरूलाई ता सूर्यदेव सदा मध्यकालीन भएर तताइ रहनु हुन्छ। अश्विनी आदि नक्षत्र–तिर जाँदा मेरुलाई देब्रे पारेर गए तापनि समस्त ज्योतिर्मण्डललाई घुमाउने, सदा दाहिने तिर बहने प्रवाहवायुद्वारा घुमाइएको हुनाले सूर्यदेव सुमेरुलाई प्रतिदिन दाहिने पारेर घुम्नु–हुन्छ ॥८॥ जुन पुरीमा सूर्यको उदय हुन्छ ठीक त्यसको उल्टो दिशामा उहाँ अस्ताउन लागेको जस्तो देखिनु हुन्छ; जुन ठाउँमा उहाँले प्राणी-लाई (मध्यान्हकालमा) पसिनै पसिनाले तर गरेर तताइरहनु हुन्छ त्यसको ठीक विपरीत दिशामा आधारात भएको प्राणीलाई निद्राको वशमा पार्नु हुन्छ। जसले मध्यान्ह कालमा उहाँलाई स्पष्टसँग देख्तछन् तिनीहरू नै कुनै प्रकारले उल्टो दिशामा पुग्न गए भने उहाँलाई देख्न पाउन्नन् ॥९॥

इन्द्रको पुरीबाट यमराजको पुरीमा जांदा खेरी सूर्यदेव पंद्रह घडीमा सवा दुई करोड औ साढे बाह्र लाख योजनभन्दा केही बर्ता भ्रमण गर्नु हुन्छ ॥ १० ॥ फेरि यै क्रमसंग वरुण औ चन्द्रमाको पुरी पार गरी पुनः इन्द्रको पुरीमा प्रवेश गनु हुन्छ। उहाँले जस्तै गरी चन्द्रमा आदि अरू अरू सबै ग्रह पनि ज्योतिश्चक्रमा अरू अरू नक्षत्रको साथमा उदाउने औ अस्ताउने गद छन् ॥११॥ यस प्रकारसंग सूर्यको वेदमय रथ एक

मुहूर्त्तमा चौंतिस लाख आठ सय योजनको हिसाबले भ्रमण गर्दै यी चारै पुरीमा घुमिरहन्छ ॥१२॥

सूर्यको सम्वत्सर नामक रथको एउटै चक्र (पांग्रा) छ। यसमा बाह्र महिना नै यसका बाह्र आरा हुन्, ऋतुरूप यसका छ नेमि औ चातुर्मासरूप तिन नाभि छन्। यस रथको धुरिको एक छेउ मेरु पर्वतको शिखरमा छ र अर्को मानसोत्तर पर्वतमाथि छ। यस धुरीमा लगाइएको सूर्यको रथको पांग्रा, तेल पेल्ने कोल्हूको पांग्रा झैं नित्यप्रति घुम्दै मेरुको चारैतिर मानसोत्तर पर्वतमा चक्कर लगाइ रहन्छ ॥१३॥ यसधुरिमा अर्को एउटा धुरि छ, पहिलो धुरिसंग दोस्रो धुरिको पूर्वभाग जोरिएको हुन्छ। यसको परिमाण पहिलेकी चतुर्थांश छ, वायुपाशद्वारा यसको माथिल्लो भाग तैलयन्त्र झैं ध्रुवलोकसित जोरिएको हुन्छ ॥१४॥

यस रथमा बस्ने ठाउँ छत्तीस लाख योजन लामो र नौ लाख योजन चौडा छ। यस रथको जुआको परिमाण पनि त्यत्तिकै अर्थात् छत्तीस लाख योजन लामो छ। यसमा अरुण नामको सारथिले गायत्री आदि गरिएका छन्दहरुको नाम जस्तो भएका सात घोडा जोतिराखेको हुन्छ। यिनीहरुले सूर्य भगवान्लाई आकाशमार्गमा भ्रमण गराउँछन् ॥१५॥ सारथिको काममा नियुक्त भएका अरुणको मुख सूर्यदेवपट्टि र पिठ्यूं घोडातिर फर्केको हुन्छ ॥१६॥ यस रथको अगाडि बूढी औंलाको टुप्पो वरावरको आकार भएका, स्तुतिवाचनको निम्ति नियुक्त भएका वालखिल्यादि साठी हजार ऋषिहरु स्तुति गरिरहन्छन् ॥१७॥ यस बाहेक ऋषि, गन्धर्व, अप्सरा, नाग, यक्ष, राक्षस औ देवताहरू पनि, जो जम्मै गरेर चौदह हुन्छन्, तर जोडी बनेर रहने हुनाले सात गण कहिन्छन्—प्रत्येक महीनामा भिन्न भिन्न नामका भएर, आफ्नो भिन्न भिन्न कर्मले प्रत्येक महीनामा बेग्ला बेग्लै नाम धारण गर्ने आत्मस्वरुप सूर्य भगवान्को दुई दुई जना मिलेर उपासना गर्दछन् ॥१८॥ यस प्रकारसँग सूर्य भगवान् भूमण्डलको नौ करोड एकाउन्न लाख योजन लामो घेरामध्ये प्रत्येक क्षणमा दुई हजार दुई योजन दूरी पार गर्दछन् ॥१९॥

अध्याय–२२

भिन्न भिन्न ग्रहको स्थिति औ उनको गति अनुसार मानिसको इष्ट औ अनिष्टको वर्णन।

राजा परिक्षितले सोधे—

यद्यपि सूर्य भगवान् मेरु औ ध्रुवलाई दाहिने पारेर घुमेको देखिन्छन् तापनि राशिहरूको सन्मुख जाँदा उनको गति दक्षिणावर्त हुँदैन अर्थात् मेरुलाई देब्रे पारेर भ्रमण गर्दछन् भन्ने कुरा तपाईंले भन्नु ता भयो तर हामीले यो कुरा कसरी बुझ्ने हो? ॥१॥

शुकदेवजी भन्नुहुन्छ—

जसरी कुह्मालेको घुमिराखेको चक्रको सँग सँगै घुम्ने तर त्यस चक्रमा अर्कोतिर मुख गरी हिँडने कमिला इत्यादिको गति चक्रको गति अनुसार विपरीत दिशामा देखिन्छ किनकि भिन्न भिन्न सभयमा यिनीहरू चक्रको भिन्न भिन्न ठाउँमा देखिन्छन् त्यसैगरी नक्षत्र औ राशिले उपलक्षित कालचक्रमा परेर ध्रुव औ मेरुलाई दाहिने पारी घुम्ने सूर्य आदि गरिएका ग्रह-हरूको गति वास्तवमा चक्रको गतिको विपरीतै हुन्छ, किन कि कालभेदले यिनीहरू भिन्न भिन्न राशि औ नक्षत्रमा देखिन्छन् ॥२॥ वेद औ विद्वान हरू समेत जसको गति जान्न उत्सुकै रहन्छन उनै साक्षात् आदिपुरुष भगवान् नारा-यण नै लोकको कल्याण औ वेदोक्त कर्मको शुद्धिको निम्ति आफ्नो बेदमयी विग्रह- काल-लाई बाह्र भागमा विभक्त गरी बसन्तादि छ ऋतुमा उनको यथायोग्य गुणको अर्थात् जाडो गर्मी, वर्षाको विधान गरिरहन्छन् ॥ ३ ॥ यस लोकमा वर्णाश्रम-धर्मको अनुसरण गर्ने पुरुष वेदोक्त साना ठूला कर्मद्वारा इन्द्रादि देवताहरूको रूपमा औ योगको साधन-द्वारा अन्तर्यामीरूपमा उहाँको श्रद्धापूर्व्वक आराधना गरी सजिलैसँग परमपद प्राप्त गर्न सक्तछन् ॥४॥

भगवान् सूर्य सम्पूर्ण लोकको आत्मा हुनु-हुन्छ। पृथ्वी औ स्वर्गको बीचमा जुन आकाश व्याप्त छ त्यस भित्रको काल-चक्रमा रहेर उहाँले बाह्र राशिहरूको भोग गर्नु हुन्छ; बाह्र महीना नै मेष आदि बाह्र राशि हुन्, यी महीना सम्बत्सरका अङ्ग हुन् । चन्द्र-मानले दुई पक्षको एक महीना हुन्छ । सौरमानले सूर्य जति कालमा सवा दुई नक्षत्रको भोग गर्दछन् त्यसलाई एक महीना भन्दछन् । यो एक महीना पितृहरूको एकदिन औ एक रातको बराबर हुन्छ अर्थात् पितृमा-नले कृष्णपक्ष दिन औं शुक्लपक्ष रात हुन्छ । जति कालमा सूर्यदेव यस सम्बत्सरको छैठौं भाग भोग्दछन्, उनको त्यस अङ्गलाई ऋतु भन्दछन् ॥५॥

जति समयमा सूर्यदेव आफ्नो आकाशमार्गको आधी भाग पारगर्दछन् त्यसलाई एक अयन भन्दछन् ॥६॥ यसैगरी सूर्य जति समयमा आफ्नो मन्द, तीव्र औ समान गतिले स्वर्ग औ पृथ्वी सहितको सम्पूर्ण आकाशको चक्कर लगाउंछन् त्यसलाई अन्वान्तर भेदले सम्बत्सर परिवत्सर, इडाबत्सर, अनुवत्सर अथवा बत्सर भन्दछन् ॥७॥

यसैगरी सूर्यको किरणदेखि-एक लाख योजन माथि चन्द्रमा छन् । यिनको बडो छिटो चाल छ त्यसैले सबै नक्षत्रको अघि अघि रहन्छन् । यिनी सूर्यको एक वर्षको मार्गलाई एक महीनामा एक मासको मार्गलाई सवा दुई दिनमा र एक पक्षको मागलाई एकै दिनमा पारगर्दछन् ॥८॥ कृष्णपक्षमा क्षीण हुँदैजाने कलाहरूले पितृगणको औ शुक्लपक्षमा बढिरहने कलाले देवताहरूको दिन रातको विभाग गर्दछन् तथा तीस तीस मुहूर्तमा एक एक नक्षत्रलाई पार गर्दछन् । अन्न-मय औ अमृतमय हुनाले यिनी सम्पूर्ण जीवका प्राण औ जीवन हुन ॥९॥ सोह्र कलाले युक्त

भएका चन्द्ररुपी भगवान् परमपुरुष—मनोमय-अन्नमय औ अमृतमय हुन् । देवता, पितृ, मनुष्य भूत पशु, पक्षी, सरीसृप औ वृक्षादि सबै प्राणीमा प्राणको सञ्चार गर्ने हुनाले ऋषिहरूले यिनलाई सर्वमय पनि भन्दछन् ॥१०॥

चन्द्रमादेखि तीनलाख योजन माथि भगवान् द्वारा कालचक्रमा नियुक्त गरिएका अभिजित् सहित्का अट्ठाइस नक्षत्र छन्; यिनीहरू मेरु-लाई दाहिने पारेर घुमिरहन्छन् ॥ ११ ॥ यी भन्दा दुई लाख योजन माथि शुक्र देखिन्छन् । यी शुक्र-ग्रहको सूर्यका ऋै शीघ्र, मन्द औ समान गति हुन्छन् । यै गति अनुसार यिनी कहिले सूर्यका अघि, कहिले पछि औ कहिले संगसंगै भएर भ्रमण गर्दछन् । वर्षा गराउने ग्रह हुनाले यिनी प्रायः सबै लोकको अनुकूलै रहन्छन् । यिनको गतिबाट, यिनी वर्षा रोक्ने ग्रहलाई शान्त गर्ने हुन् भन्ने अनुमान हुन्छ ॥१२॥

शुक्रको व्याख्याबाट बुधको व्याख्या पनि भैहाल्दछ अर्थात् बुध पनि कहिले सूर्यको अघि कहिले पछि औ कहिले संग सँगै रहन्छन् । शुक्र-भन्दा दुई लाख योजनमाथि चन्द्रमाका पुत्र यी बुध रहेका छन् । यिनी प्रायः मङ्गलकारी नै हुन्छन् तर जब सूर्यको गतिलाई उल्लङ्घन गरेर हिंड्छन्, त्यस बेला भने प्रवल आँधी मेघ र अनावृष्टि इत्यादि भयको सूचना दिन्छन्॥१३॥यिनीभन्दा दुई लाख योजन माथि मङ्गल छन् । वक्रगामी नभएको बेलामा ता यिनी तीन तीन पक्षमा एक एक राशिको भोग गर्दै बान्है राशिलाई पार गर्दछन् यिनी अशुभ ग्रह हुन् औ प्रायः अमङ्गलका सूचक हुन् ॥१४॥ यी भन्दा माथि दुइ लाख योजनको दूरीमा भगवान् बृहस्पति छन् । यिनको गति वक्र भएन भने ता एक एक राशि-लाई एक एक वर्षसम्म भोग्दछन् । यिनी प्रायः ब्राह्मणकुलको अनुकूल रहन्छन् ॥१५॥

बृहस्पति भन्दा दुई लाख योजनमाथि शनैश्चर छन् । यिनी एक एक राशिमा तीस तीस महिना रहन्छन् अतः सबै राशिलाई पार गर्न यिनलाई तीस वर्ष लाग्दछ । प्रायः सबैको निम्ति यिनी अशान्तिकारक छन ॥१६॥ यिनीभन्दा माथि एघारलाख योजनको दूरीमा कश्यपादि सप्तर्षि देखिन्छन् । यिनी सकल लोकको मङ्गल कामना गर्दै ध्रुवलोकको- जो कि विष्णु भगवानको परमपद हो—प्रदक्षिणा गरिरहन्छन् ॥१७॥

अध्याय-२३

शिशुमारचक्रको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

सप्तर्षि-लोकबाट तेह्र लाख योजनमाथि विष्णुभगवान्को परमपद भन्दछन् । यहाँ उत्तान-पादका छोरा, परम भगवद्भक्त ध्रुव, आफ्नो साथसाथै नक्षत्ररूपले नियुक्त गरिएका अग्नि-इन्द्र-प्रजापति-कश्यप-धर्मद्वारा अत्यन्त आदरपूर्व्वक प्रदक्षिणा गरिएर, अहिलेसम्म पनि विराजमान छन् । कल्पान्तसम्म रहने भूर्लोकादि अहिलेसम्म यिनैको आधारमा रहेका छन् । यस लोकको पराक्रम अघि (चौथो स्कन्धमा) वर्णन भै-सकेको छ ॥१॥ अनिमेष एवं अव्यक्त वेग भएका

भगवान् कालको प्रेरणाले जुन ग्रह नक्षत्रादि ज्योतिर्गण निरन्तर आकाशमण्डलमा भ्रमण गरिरहन्छन्, यिनीहरूको आधारको निम्ति परमेश्वरले उक्त ध्रुवलोकलाई नै स्तम्भरूपले स्थापित गर्नुभएको छ, अतः यो लोक एकै ठाउँमा रहेर सदा प्रकाशित भै रहन्छ ॥२॥ जसरी दाउनी गर्दाखेरि बीचको थाममा अन्नलाई खुँन्दे पशु छोटो, लामो औ मझौला डोरीले बाँधिएर क्रमशः नजीक, टाढा औ माझमा आफ्ना आफ्नो ठाउँमा रही खम्बाको चारैतिर मण्डल बाँधेर चक्कर लगाउँदछन् त्यसै गरी सारा ग्रह औ नक्षत्रगण कालचक्रको भित्र, बाहिर आवद्ध भै, यै ध्रुवलोकको आश्रय लिएर, वायुको प्रेरणाले कल्पान्तसम्म मण्डलाकार गतिले घुमिरहन्छन् । जसरी बादल औ बाज आदि चराहरू, आफ्नो कर्मको सहायताले, वायुको अधीनमा रही आकाशमा उडिरहन्छन्, त्यसै गरी यी ज्योतिर्गण पनि प्रकृति औ पुरुषको संयोगको प्रभावले आफ्नो आफ्नो कर्म अनुसार आकाशमा भ्रमण गरिरहन्छन्, कहिले पनि पृथ्वीमा खस्तैनन् ॥३॥

कोही कोही पुरुष भगवान्को योगमायाको आधारमा रहेको यस ज्योतिश्चक्रको शिशुमार (जल–जन्तु विशेष) को रूपमा वर्णन गर्दछन् ॥४॥ यो शिशुमार–चक्र कुण्डलाकार छ औ यसको टाउको तलतिर पर्दछ । यसको पुच्छरको टुप्पामा ध्रुव र माझमा प्रजापति, अग्नि, इन्द्र औ धर्मछन् । पुच्छरको जरामा धाता औ विधाता एवं कटिप्रदेशमा सप्तर्षिगण छन् । यस शिशुमारको दक्षिणावर्त्त कुण्डलाकार शरीरको दाहिने भागमा अभिजित् देखि लिएर पुनर्वसु सम्मका उत्तरायणका चौदह नक्षत्र छन् औ देब्रे पट्टि पुष्य देखिलिएर उत्तराषाढा सम्मका दक्षिणायनका चौदह नक्षत्र छन् । जसरी लोकमा शिशुमारको शरीर कुण्डलाकार भएकोले यसका दुवै पट्टिका अङ्गहरूको संख्या बराबर हुन्छ त्यसै गरी शिशुमार–चक्रको दुवै पट्टिका नक्षत्रको संख्या समान छ । यसको पिठ्यूँमा अजवीथी (मूल-पूर्वाषाढा-उत्तराषाढा-नामका तीन नक्षत्र) छ औ पेटमा आकाश–गङ्गा छन् ॥५॥ यसको दाहिने औ देब्रे कम्मरमा क्रमैले पुनर्वसु औ पुष्य नक्षत्र छन्, पछाडिको दाहिने औं देब्रे चरणमा आर्द्रा र अश्लेषा नक्षत्र छन् तथा दाहिने र देब्रे नाकका पोरामा क्रमैले अभिजित् र उत्तराषाढा छन्, यसैगरी दाहिने-देब्रे आँखामा श्रवण पूर्वाषाढा र दाहिने देब्रे कानमा घनिष्ठा मूल नक्षत्र छन् । मघा आदि दक्षिणायनका आठ देब्रे पट्टिको करङ्गमा र विपरीत क्रमले उत्तरायणका मृगशिरा आदि आठ नक्षत्र दाहिने करङ्गमा छन् । शतभिषा र ज्येष्ठा यी दुई नक्षत्र क्रमैले दाहिने औं देब्रे काँधमा रहेको बुझ्नु पर्दछ ॥६॥ माथिल्लो चिउँडोमा यम, मुखमा मङ्गल, लिङ्ग-प्रदेशमा शनि, गर्दनमा वृहस्पति, छातीमा सूर्य, हृदयमा नारायण, मनमा चन्द्रमा, नाभिमा शुक्र, स्तनहरूमा अश्विनीकुमार, प्राण अपानमा बुध, घाँटीमा राहु, समस्त अङ्गमा केतु र रउँमा सम्पूर्ण तारागण रहेका छन् ॥७॥

भगवान् विष्णुको यो सर्वदेवमय स्वरूपको नित्यप्रति सन्ध्याको समयमा पवित्र औ मौन भै चिन्तन गर्नु पर्दछ तथा यस मन्त्रको जप गर्दै यसरी स्तुति गर्नुपर्दछः— सम्पूर्ण ज्योतिर्गणका आश्रय, कालचक्ररूप सबै देवताका

अधिपति, परमपुरुष, परमात्मालाई नमस्कार छ। हामी सधैं उहाँको ध्यान गर्दछौं ॥८॥ तीनै काल यस मन्त्रको जप गर्ने मानिसको पाप भगवान्‌ले नष्ट गरिदिनु हुन्छ। ग्रह, नक्षत्र औ ताराको रूपमा उहां नै प्रकाशित हुनु भएको छ— भन्ने समझ लिएर जसले प्रातः, मध्यान्ह एवं साँझ तीनै समयमा नित्यप्रति उहाँको आधिदैविक स्वरूपलाई संझने र प्रणाम गर्ने गर्दछ त्यसका तत्कालीन पाप तुरुन्तै नष्ट हुन्छन् ॥९॥

अध्याय—२४

राहु आदिको स्थिति र अतलादि तलका सात लोकको वर्णन।

शुकदेवजी भन्नुहुन्छ—

कसै कसैको भनाइमा सूर्यको मनि दस हजार योजनको अन्तरमा राहु ग्रह नक्षत्र झैं भ्रमण गरिरहन्छ। सिंहिका राक्षसीको छोरो यो राहु स्वयं असुराधम हुनाले देवत्वको पद पाउने योग्य थिएन तापनि भगवान्‌को कृपाले नै यसले ग्रह भएर देवत्व प्राप्त गरेको छ। यसको जन्म औ कर्मको बर्णन पछि गर्ने छौं ॥१॥ अत्यन्त तात्ने सूर्यको जुन मण्डल छ त्यसको विस्तार दस हजार योजन बताइएको छ। यसैगरी चन्द्रमण्डलको विस्तार बाह्र हजार योजन तर राहुको ता तेह्र हजार योजन छ। अमृत-पान गर्ने समयमा सूर्य चन्द्रको बीचमा बसेर यसले अमृत पिउने चेष्टा गरेथ्यो तर सूर्य-चन्द्रले यसको भेद खोलिदिएका थिए, त्यै वैर संझेर यो अमावस्या औ पूर्णिमाको दिन उनीहरू माथि आक्रमण गर्दछ ॥२॥ यो थाहा पाएर भगवान्‌ले सूर्य औ चन्द्रमाको रक्षाको निम्ति उनीहरू तिर आफ्नो प्यारो शस्त्र सुदर्शन-चक्रलाई नियुक्त गरी दिनु भयो। निरन्तर घुमिरहने यस चक्रको असह्य तेजले हडबडाएर तथा मनमा छक्क परेर एकछिन मात्र उनीहरूको सामुन्ने अडिन्छ र फेरि हत्तपत्त फर्कि हाल्दछ। त्यो उनीहरूको अगाडि उभिएको वेलालाई लोकले ग्रहण भन्दछन् ॥३॥

राहुको मनि उत्तिकै अर्थात् दस हजार योजनको अन्तरमा सिद्ध-चारण औ विद्याधरहरूको बस्ने ठाउँ छ ॥४॥ यहाँदेखि मनि जहाँसम्म वायुको सञ्चार छ औ बादल देखिन्छन् त्यहाँसम्मको लोकलाई अन्तरीक्ष भन्दछन्। यो यक्ष, राक्षस, पिशाच, प्रेत औ भूतहरूको विहार गर्ने ठाउँ हो ॥५॥ त्योभन्दा मनि सय योजनको दूरीमा यो पृथ्वी छ। जहाँसम्म हाँस-गिद्ध-बाज-गरुड आदिमुख्य मुख्य चरा उड्न सक्दछन् त्यहाँसम्म भूलोकको सीमा हो ॥६॥ पृथ्वीको बिस्तार औ स्थिति आदिको वर्णन ता पहिले भएकै छ। पृथ्वी मनि अतल-वितल-सुतल-तलातल-महातल-रसातल-पाताल नामका सात भू-विवर (भूगर्भस्थित लोक) छन्। यिनमा एउटा अर्को भन्दा दस हजार योजनको दूरीमा छ र प्रत्येकको लम्बाई चौडाई पनि दस दस हजार योजन छ ॥७॥

यी पाताल पनि एक प्रकारका स्वर्ग नै हुन्।

यहाँ स्वर्गभन्दा पनि बढ्ता विषय-भोग, ऐश्वर्य्य, आनन्द, सन्तान-सुख र धन-सम्पत्ति छ, यहाँका वैभवपूर्ण भवन, उद्यान र क्रीडास्थलमा दैत्य, दानव औ नागगण किसिम किसिम मायामयी क्रीडा गरेर बस्तछन्। गार्हस्थ-धर्मको पालना गर्ने यी सबैका स्वास्नी, छोरा, इष्टमित्र, नाता-कुटुम्बी, नोकर-चाकर सदा प्रसन्न-चित्त भै औ परस्परमा बडो प्रेम गर्ने हुन्छन्। यिनीहरूको भोगमा बाधा पार्ने सामर्थ्य ता इन्द्रादिमा पनि हुँदैन ॥ ८ ॥

हे महाराज! यी भू-विवरमा महामायावी मय दानवले बनाएका अनेक नगर शोभाले झकाझक छन्। यहाँका भवन, परखाल, सहरका ढोका, सभाभवन, मन्दिर, चारदोबाटा औ बडे बडे आँगन थरि थरिका राम्रा राम्रा उत्तम मणिले बनेका छन्। यी लोकका अधिपतिहरूको भव्य-भवन नाग-असुरहरूको दम्पत्तिले एवं परेवा, शुगा, मैना आदि चराचुरुङ्गीका मीठो बोलीले गुञ्जायमान भएका फुलवारीले सुशोभित छन्। मणि औ सुनले बनेका यहाँका कृत्रिम भूमि (भूईं) प्रकाशमान रहन्छन् ॥९॥ यहाँका बगैंचाहरू पनि आफ्नो शोभाले देवलोकका उद्यानलाई माथ गर्दछन्। यी बगचामा शोभापूर्ण अनेक उत्तम उत्तम वृक्ष छन, यिनका हाँगाहरू फलफूलको झुप्पाले तथा कमला कोपिलाको भारले नुहिरा रहेका हुन्छन् र थरि थरिका लहराले यिनलाई पाशोले झैं बेह्रिराखेका हुन्छन। निर्मल जलले भरिपूर्ण भएका त्यहाँका अनेक पोखरीको शोभा पनि अपूर्व छ, तिनको किनारामा थरि थरिका चराहरूका जोडी बसेका हुन्छन; माछाले खेलवाड गरे जस्तो गरी उफ्रँदाखेरि ती पोखरीको जल हल्लन थाल्दछ। तिनको जलमा कमल, कुमुद, कुवलय, कह्लार, निलकमल, रातोकमल र शत-पत्र कमल सदा फुलिराखेका हुन्छन्। यी कमलवनमा रहने पक्षीहरूको जोडीले निरन्तर क्रीडा गर्दा बडो मीठो बोली बोल्दछन्—यो बोली सुन्दा सुन्नेको मन औ इन्द्रिय बडो प्रफुल्लित हुन्छ ॥ १० ॥ यी पातालहरूमा सूर्यादिको प्रकाश नहुनाले दिनरात आदिगरिएको समयको विभाग हुँदैन अतः कालबाट जुन भयको संभावना हुन्छ त्यो यहाँ बस्नेहरूलाई हुँदैन ॥ ११ ॥ यहाँको सम्पूर्ण अन्धकारलाई बडा बडा सर्पका मस्तकमा रहेका मणिहरूले दूर गरिदिन्छन् ॥१२॥ यहाँका निवासीहरूले सेवन गर्ने औषधि-रस-रसायन-अन्न-पान-स्नानादि सबै पदार्थ दिव्य हुनाले उनीहरूलाई मानसिक अथवा शारीरिक रोग लाग्न पाउँदैन, छालामा चाउरी पर्नु, केश पाक्नु, बूढ्याईं लाग्नु, शरीरको कान्ति क्षीण हुनु, शरीरबाट दुर्गन्ध निस्कनु, पसीना चुहुनु थकाई अथवा अल्छी लाग्नु, आयुको साथ साथै शरीरको अवस्था बदलिनु इत्यादि कुनै प्रकारको विकार हुन पाउँदैन ॥१३॥ यी पुण्य पुरुषहरूका, भगवान्‌को तेजरूप सुदर्शनचक्रबाट सिवाअरू कुनै साधनले-मृत्युहुन सक्दैन॥१४॥ सुदर्शनचक्रले त्यहाँ प्रवेश गर्नासाथ भयले दैत्यका स्वास्नीहरूको गर्भ-स्राव अथवा गर्भपात हुन्छ (क) ॥१५॥

(क) चार महीना सम्मको गर्भ तुहिनेलाई गर्भ-स्राव र पाँचौं, छैठौं महीनाको गर्भपात भन्दछन्।

अतल लोकमा मयदानवको छोरो बल नाम गरेको असुर बस्तछ। यस दानवले छियान्नब्बे प्रकारका मायाको सृष्टि गरेको छ। यिनीहरू मध्ये कुनै कुनै मायालाई आजसम्म पनि मायावी पुरुषले धारण गरेको देखिन्छ। एक चोटि यस दैत्यले हाइ गर्दा खेरि उसको मुखबाट स्वैरिणी, कामिनी र पुंश्चली तीन प्रकारका स्त्री प्रकट भएये। [आफूसमानको वर्ण हुने पुरुषसित रति गर्नेलाई स्वैरिणी, सवर्ण-असवर्ण दुवै प्रकारका पुरुषसित रति गर्नेलाई कामिनी र अत्यन्त चञ्चल स्वभाव भएकीलाई पुंश्चली भन्दछन्।] यिनीहरू यस लोकमा रहने पुरुषलाई हाटक नाम गरेको रस पिलाएर सम्भोग गर्नामा समर्थं तुल्याउँछन् र फेरि तिनीहरूलाई आफ्नो हाव भावसहितको हेराई, प्रेमपूर्ण मुसकान, प्रेमको कुराकानी र आलिङ्गनादिद्वारा आफ्नो इच्छानुसार-क्रीडामा प्रवृत्त गराउँछन्। यो हाटक-रस (धतूराको रस) को सेवन गर्नाले पुरुष मदान्ध भएर आफूलाई " म ईश्वर हूँ म सिद्ध हूँ" भनी संझन थाल्दछ र दस हजार हात्तीको बलले सम्पन्न भै सबैलाई तुच्छ संझेर खूब बढिबढिकन कुरा गर्न थाल्दछ ॥१६॥

यो भन्दा मनिको बितललोकमा भगवान् हाटकेश्वर नामक महादेवजी आफ्ना पार्षद भूतगण सहित रहन्छन्। यिनी प्रजापतिको सृष्टिको वृद्धि गर्नालाई भवानीसंग विहार गरेर बस्तछन्। यी शिव-पार्वतीको वीर्यद्वारा हाटकी नाम गरेकी एउटी श्रेष्ट नदी निस्केकी छन्। यसको जललाई वायुले प्रज्वलित भएका अग्नि बडो उत्साहसँग पिउँदछन्। अग्निदेव औ वायुको संयोगले त्यै " शुक्र " हाटक नामगरेको सुन बन्न जान्छ र यसबाट तय्यार भएको गहनालाई दैत्यराजको अन्तःपुरमा स्त्री-पुरुष सबैले धारण गर्दछन् ॥१७॥

वितलमनि सुतल-लोक छ। यहाँ महायशस्वी, पुण्यश्लोक, विरोचनका छोरा, राजा बलि वस्तछन्। भगवान्ले इन्द्रको प्रिय गर्नाको निम्ति अदितिको गर्भबाट वटु-वामनरूपले अवतीर्ण भै बलिको तीनै लोकको राज्य हरण गर्नु भएथ्यो र फेरि आफैंले दया गरी उनलाई सुतललोकको राजा बनाइदिनु भयो। यहाँ उनले जस्तो अतुल सम्पत्ति भेट्टाएका छन् त्यस्तो ता इन्द्रसँग पनि छैन। अतः उनी, उनै आफ्ना परमपूज्य प्रभूको आफ्नो धर्म अनुसारको आचरणद्वारा आराधना गरेर आजसम्म पनि यहाँ निर्भय भावले वासगरेका छन् ॥१८॥ राजा बलिलाई सुतल लोकमा यस्तो ऐश्वर्य्य प्राप्त हुनु, अवश्य भूमिदानको मुख्य फल होइन,यो ऐश्वर्य्य ता अनित्य छ, किन्तु सम्पूर्ण जीवका नियन्ता एवं आत्मस्वरूप परमात्मा भगवान् वासुदेव जस्ता पूज्यतम-पवित्रतम सत्पात्र भेट्टाएपछि, उहाँलाई परम श्रद्धा औ आदरसँग एकाग्र मन भएर बलिले जो भूमिदान गरे त्यो ता साक्षात् मोक्षको द्वार हो अर्थात् सुतल लोकको ऐश्वर्य्य मात्र यसको फल हुन सक्तैन ॥१९॥ छिउँगर्ने, लडने औ चिप्लिने समयमा विवश भएर जसले भगवान्को एक चोटिमात्र नाम लिन्छ त्यस पुरुषले सहसा कर्मबन्धनलाई त्यागि दिन्छ; यो कर्मबन्धन सामान्य बन्धन होइन, यस कर्मबन्धनलाई ता मुमुक्षुहरू योगसाधनादि नाना प्रकारका उपायको

आश्रय लिएर वडो कष्टसँग दूर गर्दछन् । यस्ता भगवान्‌लाई समर्पण गरेको भूमिको फल केवल यो नश्वर ऐश्वर्य्य कदापि हुन सक्तैन ॥२०॥ अतएव आफ्ना संयमी भक्त औ आत्मतत्त्वका ज्ञाता ज्ञानीहरूलाई स्वस्वरूप प्रदान गर्ने औ सम्पूर्ण प्राणीका आत्मारूप श्रीभगवान्‌लाई आत्मभावले अर्पण गरिएको भूमिदानको फल यो सुतललोकको राज्य मात्र होला त ? ॥२१॥ भगवान्‌ले बलिलाई उनको सर्वस्व-दानको सट्टामा आफ्नो विस्मृति गराउने यो मायामय भोग औ ऐश्वर्य्य मात्र दिनु भएको हो भने तां उससमाथि उहाँको यो कुनै अनुग्रह भएन ॥२२॥ किन कि अरू कुनै उपाय नदेखेर जव भगवान्‌ले याचनाको छलले उनको तीनै लोकको राज्य खोसेर केवल शरीरमात्र बाँकिरहन दिनुभयो र यतिले पनि न पुगेर उनलाई वेसगरी वरुणपाशले बाँधेर पर्वतको कन्दरामा थुनिदिनु भएथ्यो त्यस वखतमा समेत उनले भने थे ॥२३॥ अफशोश ! यी इन्द्र विद्वान् भएर पनि आफ्नो वास्तविक स्वार्थ साध्नमा सिपालु रहेन छन् । यिनले सम्मति लिनाको निम्ति अनन्य-भावले बृहस्पतिलाई आफ्नो मन्त्री वनाएकाछन्.तापनि उनको अवहेलना गरेर अर्थात् उनीसित सल्लाह न लिएर, साक्षात् विष्णु भगवान् प्रसन्न हुँदा पनि उहाँसित उहाँको दास्यभाव न मागेर उहाँद्वारा मबाट त्रिभुवनको यो तुच्छ राज्यभोग पाउने याचना गरे । यो त्रिभुवन ता केवल एक मन्वन्तर सम्ममात्र अडिन्छ । यो मन्वन्तर भनेको ता, जसको वयको अन्त छैन त्यस्तो कालको एउटा अङ्गमात्र हो । भगवान्‌को दास्यभावको अगाडि यी तुच्छ भोगको के मूल्य छ ? ॥२४॥ यसै कारणले मेरा बाजे प्रह्लादले, भगवान्‌को हातबाट आफ्ना पिता हिरण्यकशिपुको मृत्यु भएपछि, भगवत्सेवाकै वर मांगेका थिए । भगवान्‌ले दिन खोज्दा पनि, प्रभूदेखि आफूलाई दूर गराउने सम्भेर, आफ्नो पिताको निष्कण्टक राज्य स्वीकार गरेनन् ॥२५॥ उहाँ महानुभावको चरणचिह्नको अनुसरण गर्ने सङ्कल्प, मजस्तो वासनालिप्त औ भगत्कृपा–शून्य व्यक्तिले कसरी गर्न सक्त छ'' ? ॥२६॥ (शुकदेव भनुहुन्छ) यी राजा बलिको चरित्र पछि (अष्टम स्कन्धमा) विस्तार पूर्व्वक वर्णन गरुँला । आफ्ना भक्तहरूको निम्ति भगवान्‌को हृदय दयाले भरिएको हुन्छ,यसै कारणले अखिलजगत्‌का परमपूजनीय गुरु, भगवान् नारायण हातमा गदा लिएर सुतललोकमा राजा बलिको ढोकामा अहिले पनि सदा उपस्थित रहेर ढोकेको काम गर्नु हुन्छ । एक चोटि घमण्डी रावण दिग्विजय गर्दै जब त्यहाँ पुगेथ्यो त्यस वखतमा भगवान्‌ले आफ्नो चरणको बूढी औंलाको प्रहारले त्यसलाई हजारौं योजन टाढा फ्यांकिदिनु भएथ्यो ॥२७॥

सुतललोकमनि तलातलमा त्रिपुराधिपति दानवराज मय रहन्छ । पहिले तीनै लोकलाई शान्ति प्रदान गर्नाको निम्ति भगवान् शङ्करले उसका तीनै पुर भस्म गरिदिनु भएथ्यो । फेरि उहाँकै कृपाले उसले यो स्थान पाएको हो । यो मायाविहरूको गुरु हो औ महादेवजीद्वारा सब प्रकारले सुरक्षित भएकोले यसलाई सुदर्शनचक्रको समेत केही भय रहंदैन । त्यहाँका निवासीहरू यसको खूब आदर गर्दछन् ॥२८॥

योभन्दा मनिको महातलमा कद्रुबाट उत्पन्न भएका अनेक फणि भएका क्रोधबश नामका सर्पहरूको जमाथ रहन्छ। यिनमा कुहक, तक्षक कालिय औ सुषेण आदि बडा बडा फणि भएका सर्प मुख्य छन्। भगवान्का बाहन पक्षिराज गरुडको भयले यिनीहरू सधैं हडबडाइराखेका हुन्छन् तापनि कहिले कहिले आफ्ना स्त्री-पुत्र-मित्र-कुटुम्बसँग मस्त भएर विहार गर्दछन् ॥२९॥

यो मनिको रसातलमा पणि नामका दैत्य औ दानव रहन्छन्। यिनलाई निवातकवच, कालेप औ हिरण्यपुरवासी भन्दछन् देवताहरूको साथमा यिनको बिरोध छ। जन्मैदेखि यिनीहरू बडा बलिया औ साहसी हुन्छन्, तर जसको प्रभाव सम्पूर्ण लोकमा फैलिएको छ त्यस्ता श्रीहरिको चक्रले बलगर्व नष्ट हुन गएकोले यिनीहरू सर्प झैं लुकिलुकि बस्तछन् तथा इन्द्रकी दूती सरमाले उच्चारण गरेको मन्त्ररूप बाक्यद्वारा सर्वथा इन्द्र देखि डराइरहन्छन् *॥३०॥

रसातल मनि पाताल-लोक छ। त्यहाँ शङ्ख, कुलिक, महाशङ्ख, श्वेत, धनञ्जय, धृतराष्ट्र, सङ्ख-चूड, कम्बल, अश्वतर औ देवदत्त आदि बडा रिसाहा औ ठूलो फणि भएका नागलोकाधिपति रहन्छन्। यिनमा वासुकि प्रधान छन्। यी सबमा कसैको पांच, कसैको सात, कसैको दश कसैको सय औ कसैका ता हजार शिर छन्। यिनका फणिको अतिशय तेज भएका मणिहरू आफ्नो प्रकाशले पाताललोकको सारा अन्धकारलाई नष्ट गरिदिन्छन् ॥३१॥

अध्याय—२५

विष्णुका अंश संकर्षण देवको विवरण तथा स्तुति।

शुकदेवजीले भन्नुभयो—

पाताललोक मनि तीस हजार योजनको दूरीमा अनन्त नामले विख्यात भएको भगवान्को तामसी नित्यकला छ। अहङ्काररूप भएकोले द्रष्टा औ दृश्यलाई तानेर एउटै गराउने हुनाले पाञ्चरात्र आगमका अनुयायी भक्तहरू यिनलाई सङ्कर्षण भन्दछन ॥१॥

हजार मस्तक भएका यी भगवान् अनन्तको एउटा मस्तकमा राखिएको यो सारा भूमण्डल सरस्यूँको एउटा गेडा जस्तो देखिन्छ॥२॥ प्रलयकाल उपस्थित भएपछि जब उहाँलाई यो विश्वको संहार गर्ने इच्छा हुन्छ त्यस बखतमा क्रोधले गर्दा घुमिराखेका उहाँका दुवै भ्रुकुटिको बीचबाट, तीन कुना भएको त्रिशूल हातमा लिएका

* पणि नामका दैत्यहरूले पृथ्वीलाई रसातलमा लुकाउँदा इन्द्रले पृथ्वी खोज्नको निम्ति सरमा नाम गरेकी दूती पठाएका थिए। दैत्यहरूले सरमासित सन्धि गर्न खोजे तर सरमाले यो कुरा मञ्जूर नगरेर इन्द्रको स्तुति गर्दै भनिथिन् :-"हताः इन्द्रेण पणयः शयध्वम्-अर्थात् हे पणिहो! इन्द्रको हातबाट मरेर तिमीहरूले पृथ्वीमा शयन गर्नु"। यै श्रापले गर्दा यिनीहरू सदा इन्द्रदेखि भयभीत रहन्छन्।

एघार मूर्तिवाला औ तीन नेत्र भएका सांकर्षण नामक रुद्र प्रकट हुन्छन् ।।३॥ भगवान् सङ्कर्षणका चरणकमलका स्वच्छ औ अरुण वर्णका नङ्गहरू मणिहरूको पङ्क्ति झैं टल्किराखेका हुन्छन् । जब अनेक नागराज अरू अरू मुख्य मुख्य भक्तहरूको साथमा अनन्य भक्तिभावले उहाँलाई प्रणाम गर्दछन त्यस बखतमा उनीहरू ती नखमणिमा बडो प्रसन्नचित्तले आफ्नो मुख देख्तछन्।नागराजहरूको मुखको प्रतिविम्ब बडो मनोहर हुन्छ—उनको कानमा खूब चहक भएको कुण्डल झल्किरहेको हुन्छ, यिनै कुण्डलको झलकको मण्डलले उनका गाला अतिशय राम्रा देखिन्छन्॥४॥अनेक नागराज कुमारीहरू आफ्नो आफ्नो कल्याणको कामनाले उहाँको शरीरको, चाँदीको थाम समान सुशोभित, लामा लामा, श्वेतवर्ण भएका दुवै सुन्दर बाहुलीमा जगरु, चन्दन औ कुङकुमपङ्कको लेप लगाउँछन् । यस बखतको अङ्गस्पर्शले गर्दा कुमारीहरूको हृदयमा जब कामको सञ्चार हुन जान्छ तब ता उनीहरू लज्जापूण भावले सङ्कर्षणदेवको मुखारविन्दको दर्शन गर्दछन । यस बखतको कुमारीहरूको हंसाईं अत्यन्त मधुरो एवं राम्रो हुन्छ । सङ्कर्षणदेवको जुन मुखको यिनीहरू दर्शन गर्दछन् त्यो मुख प्रेमले सदैव हँसिलो देखिन्छ र करुणाको हेराईले युक्त भएका दुवै नेत्र सदा मदविह्वल एवं किञ्चित अरुणवर्णका हुन्छन् ॥५॥ अनन्त गुणका सागर यी भगवान् आदिदेव अनन्त आफ्नो अमर्ष (सहन नसक्ने स्वभाव) र क्रोधको वेगलाई रोकेर समस्त लोकको कल्याण गर्नाको निम्ति यहाँ विराजमान हुनु भएको छ ॥६॥

देवता, असुर, नाग, सिद्ध, गन्धव, विद्याधर र मुनिहरू निरन्तर अनन्त भगवान्को ध्यान गरिरहन्छन्; उहाँका दुवै नेत्र मदले प्रफुल्लित विकारयुक्त औ चञ्चल रहन्छन् । उहाँ आफ्नो सुललित वचनरूप अमृतले आफ्ना पार्षद देवगणलाई सदा सन्तुष्ट गराइरहनु हुन्छ। उहाँको शरीरको वस्त्र नीलो वर्णको छ, कानमा एउटा कुण्डल छ,आफ्नो मनोहर एवं सुन्दर हात हलोको मूठमा राखेको हुन्छ ।यी उदार लीलामय सङ्कर्षण भगवान्ले, इन्द्रको ऐरावत हात्तीले सुनको सिक्री धारण गरे झैं, घाँटीमा वैजयन्ती माला पहिनुं भएको हुन्छ । मालामा लागेको,कहिले पनि कान्ति नहराउने नयाँ तुलसीको सुबासले तथा मधुर रसले उन्मत्त भएका भ्रमराहरू निरन्तर मधुरो स्वरले भूँ भूँ गर्दै त्यस मालाको शोभा बढाउँछन ॥७॥

यस प्रकारसँग आफ्नो माहात्म्य श्रवण औ स्मरण गर्नाले सङ्कर्षण भगवान् मोक्षको इच्छा-गर्ने योगीहरूको हृदयमा स्वयं प्रवेश गरेर उनको अनादिकालको कर्मवासनामा गुँथिएको सत्व,रज औ तमोगुणात्मकअविद्यामयी हृदयग्रन्थिलाई झट्टै चुडालि दिनुहुन्छ । उहाँको महिमा ब्रह्माका छोरा नारदले तुम्बरु गन्धर्वको साथमा एकचोटी ब्रह्माको सभामा यस प्रकारसँग वर्णन गरेका थिए ॥८॥

यस जगतको सृष्टि, स्थिति औ संहारका कारण—मायाका सत्वादि गुण जसको दृष्टिपातले मात्र आफ्नो आफ्नो कार्य गर्नामा समर्थ हुन्छन, जसको स्वरूप अनादि औ अनन्त छ एवं जो एकमात्र वस्तुस्वरुप भएर आफूमा अनेक कार्य्यका प्रपञ्चको बिधान गर्दछन् ती ब्रह्मस्वरूप भगवान् सङ्कर्षणको तत्त्वलाई कसरी कसैले जान्न सक्ला ? ॥९॥ जसमा यो कार्य्य-कारणरूप सारा

प्रपञ्च प्रकाशित भैराखेको छ तथा आफ्ना भक्त-हरूको चित्त आकर्षित गर्नको निम्ति उहाँले गरेका जुन वीरता-पूर्ण लीलालाई आदर्श मानेर परम पराक्रमी सिंहले ग्रहणगरेको छ ती सङ्कर्षण भगवान्ले हामीउपर ठूलो कृपा गरेर यो विशुद्ध सत्वमय स्वरूप धारण गर्नु भएको छ॥१०॥जसको नाम अरुको मुखबाट सुनेर कुनै दीन (पीडित) वा पापी पुरुषले अकस्मात् वा ठट्टामा दुःख दूर गर्नको निम्ति उच्चारण गर्‍यो भने त्यसको त्यो नाम-कीर्तनले आफू ता स्वयं शुद्ध हुन्छ औ साथ साथै त्यो सुन्ने अरू मानिसको समेत सबै पाप नष्ट भएर जान्छन् ; यस्ता शेष भगवान्लाई छाडेर मोक्षको इच्छा गर्ने व्यक्तिले अरू कसको आश्रय लेला ? ॥११॥ पर्वत, नदी,समुद्र औ प्राणी समुहले पूर्णभएको यो सम्पूर्ण भूमण्डल ती सहस्र मस्तक भएका भगवान्को एउटा मस्तकम एउटा रजकण समान राखिएको छ तथा अनन्त हुनाले उहाँको पराक्रमको कुनै परिमाणै छैन। कसैको हजार जिब्रो भए तापनि त्यसले यी सर्वव्यापक भगवान्का पराक्रमको गणना गर्ने साहस कसरी गर्ल? ॥१२॥ वास्तवमा यी अनन्त भगवान्को बल गुण औ प्रभावको अन्त नै छैन। यस्तो प्रभावशाली भएर पनि रसातलमनि बसेर सम्पूर्ण लोकको स्थितिको निम्ति लीलैले पृथ्वीमण्डललाई धारण गरिराख्नु भएकोछ, उहाँको कुनै आधार छैन, उहाँलाई स्वयं आफ्नै आधार छ ॥१३॥

शुकदेवजी भन्नुहुन्छ—

भोगको इच्छा गर्ने पुरुषलाई आफ्नो कर्म अनुसार प्राप्त हुने भगवान्ले रचेका यिनै गति हुन्। जस्तो मैले गुरुको मुखबाट सुनेथें त्यसै गरी तिमीलाई सो सबै सुनाइदिएँ ॥१४॥ मानिस-हरूलाई प्रवृत्तिरूप धर्मको अनुष्टान गर्नाले त्यसको फल-स्वरूप प्राप्त हुने नाना प्रकारका उत्तम अधम गति यत्तिकै हुन्। तिम्रो प्रश्न अनुसार मैले तिमीलाई सो सबै सुनाइदिएँ। अबलाई के सुनाउने हो, सो भन ॥१५॥

—०—

अध्याय– २६

भिन्न भिन्न नरकको वर्णन।

राजा परीक्षित्ले सोधे—

हे महर्षे ! मानिसलाई प्राप्त हुने यी ऊँच-नीच गतिमा यस्तो विभिन्नता किन भएको हो ? ॥१॥

शुकदेवले भन्नुभयो—

कर्म गर्ने पुरुष सत्व-रज-तम यी तीन गुणले युक्त हुन्छन् तथा उनको श्रद्धामा पनि सत्वादि गुणले युक्त भएकोले विभिन्नता हुन्छ। यस प्रकारसँग श्रद्धा औ स्वभावको भेदले गर्दा यिनका समस्त कर्मका गति पनि भिन्न भिन्न हुन्छन् औ न्यूनाधिक रूपमा यी सबै गति सब कर्तालाई प्राप्त हुन्छन् ॥२॥ यसैगरी निषिद्ध कर्मरूपी पाप गर्ने-हरूलाई पनि उनको श्रद्धाको असमानताले गर्दा एकै नासको फल मिल्दैन। अनादिअविद्याले गर्दा कामनापूर्व्वक गरीएका निषिद्ध कर्मको परिणाममा जुन हजारां किसिमका नरक प्राप्त हुन्छन्, ती सबैको विस्तारपूर्व्वक वर्णन गर्दछु ॥३॥

राजा परिक्षित्ले सोधे—

हे भगवन् ! तपाई जुन जुन नरकको वर्णन गर्नलाग्नु भएकोछ ती यै पृथ्वीको कुनै देशविशेष हुन् अथवा त्रिलोकको वाहिर वा यसैको भित्र कुनै ठाउँमा छन् ॥४॥

शुकदेवजी भन्नुहुन्छ —

यी नरकहरू त्रिलोकको भित्रै दक्षिण दिशामा पृथ्वीको मनि एवं जलमाथि रहेका छन् । यी दिशामा अग्निष्वात्ता पितृहरू परम समाधि-योगले आफ्ना आफ्ना गोत्रमा उत्पन्न भएका व्यक्तिको निम्ति मङ्गलको कामना गरेर वसेका छन् ॥ ५ ॥ यस नरकलोकमा भगवान्‌को आज्ञा कहीले पनि उल्लङ्घन नगर्ने, सूर्यका छोरा पितृराज भगवान् यम आफ्ना सेवकको साथमा वसेकाछन् र आफ्या दूतद्वारा त्यहाँ ल्याइएका मृत प्राणी-हरूलाई उनले गरेका दुष्कर्मको अनुसार पापका फल-दण्ड दिन्छन् ॥ ६ ॥ कोही कोही नरकका संख्या एक्काइस भन्दछन् । अब म नाम,-रूप औ लक्षण अनुसार ती सबैको क्रमैसँग वर्णन गर्दछु । माथि कहिएका एक्काइस नरकका नाम यिनै हुन्:-तामिस्र अन्धतामिश्र, रौरव, महारौरव, कुम्भीपाक, कालसूत्र, असिपत्रबन, सूकरमुख, अन्धकूप, कृमिभोजन, संदेश, तप्तभूमि,वज्रकण्टक शाल्मली, वैतरणी, पूयोद, प्राणरोध, विशासन, लालाभक्ष, सारमेयादन, अवीचि र अयःपान । यी वाहेक क्षारकर्दम, रक्षोगणभोजन, शूलप्रोत, दन्द-शूक, अवटनिरोधन, पर्यावर्तन, सूचिमुख-यी अरू सात मिलाएर जम्मा अठ्ठाइस थरिका नरक किसिम किसिमका यातना भोग्ने ठाउँ हुन् ॥७॥

जो अर्काको धन, सन्तान अथवा स्वास्नीको हरण गर्दछ त्यसलाई अतिभयानक यमदूतहरू कालपाशले बाँधेर बलपूर्वक तामिश्र नरकमा खसालिदिन्छन् । त्यस अन्धकारमय नरकमा, अन्न जल नदिएर, लठ्ठीले पीटेर औ डर देखाएर एवं रीतिले नाना प्रकारका यातनाले त्यसलाई पीडा दिन्छन् । यस पीडाले गर्दा त्यो जीव अत्यन्त दुःखी भएर एक्कासी मूर्च्छा पर्दछ ॥८॥ यसै गरी जो पुरुष अर्कालाई धोकादिएर उसको स्वास्नी आदिको भोग गर्दछ, त्यो अन्धतामिश्र नरकमा पर्दछ । जसरी जरो काटिएको रूख सुक्तछ त्यसैगरी यस नरकमा परेको व्यक्तिको वेदनाले गर्दा होस हवास उडेर जान्छ, त्यसले कतै पनि केही देख्तैन । यसैले यस नरकलाई अन्धतामिश्र भन्दछन् ॥९॥

जो मानिस यस लोकमा "यो शरीर नै म हूँ औ स्वास्नी-धन मेराहुन्" भन्ने सम्झ लिएर अरू प्राणीसित द्रोह गरी सदा सर्वदा आफ्ना कुटुम्वको पालन-पोषणमा लागिरहन्छ, त्यो शरीर छाडे पछि आफ्नो पापले गर्दा स्वयं रौरव नरकमा पर्दछ ॥ १० ॥ यस लोकमा आफ्ना कुटुम्वको पोषणको निम्ति उसले जुन जुन जीवलाई जुन जुन किसिमसँग कष्ट दिएको हुन्छ, परलोकमा यमको यातना पाउने वेलामा तिनै जीव "रुरू भएर त्यसलाई उसैगरी पीडा दिन्छन् । यसै कारणले यस नरकको नाम "रौरव" भएको हो "रुरू" सर्पभन्दा पनि वर्त्ता क्रूर स्वभाव भएको एउटा जीवको नाम हो ॥ ११ ॥ यस्तै " महा-रौरव " नरक छ । आफ्ना कुटुम्वको वास्ता नराखी केवल आफ्ना शरीरको पालन-पोषण गर्ने व्यक्ति यस नरकमा जान्छ । यहाँ काँचो मासु खाने रुरू नामक जीवले मासुको लोभले त्यसलाई टोक्तछन् ॥१२॥

यस लोकमा आफ्नो पेट पाल्नाको निम्ति जिउँदो पशु-पक्षीलाई मारेर तिनको मासु प ाउने क्रूर, निर्दयी मानिसको ता राक्षसहरू

समेत निन्दा गर्दछन् । त्यसलाई यमदूतहरू कुम्भीपाक नरकमा लगेर बेसगरी तातेको तेलमा हालेर पकाउँछन् ॥१३॥ जो मनिस यस लोकमा बाबु-आमा, ब्राह्मण औ वेदको विरोध गर्दछ त्यसलाई यमदूतहरू "कालसूत्र" नामक नरकमा लैजान्छन् । यस नरकको घेरा दस हजार योजन छ र यसको भूईं तामाको हुन्छ । यसको तात्तातो मैदानको, माथितिर सूर्यको किरण औ तल्तिर आगोको तापले वलिराखेको हुन्छ । त्यहाँ त्यो भोक-प्यासले आकुल-व्याकुल हुन्छ औ त्यसको शरीरमा भित्र वाहिरबाट जलन हुन थाल्दछ । वेचैनी ज्यादै वढेकोले त्यो कहिले बस्तछ, कहिले पल्टन्छ, कहिले छटपटाउन थाल्दछ कहिले उभिन्छ औ कहिले यता उति दगुर्न थाल्दछ । त्यस नर-पशुको शरीरमा जति रउँ हुन्छन् त्यत्ति हजार वर्षसम्म त्यसको यै किसिमको दुर्गति भैरहन्छ ॥१४॥

जो पुरुष कुनै प्रकारको आपत्ति नपर्दा पनि आफ्नो वैदिक मार्गलाई छाडेर अरू पाखण्डपूर्ण धर्मको आश्रय लिन्छ, त्यसलाई यमदूतहरू "असि-पत्रवन" नामक नरकमा लगेर कोर्रा ठोक्तछन् जब त्यो मारबाट उम्कनको निम्ति यताउति गर्न थाल्दछ त्यस बखतमा उसको सारा शरीर दुवैतिर धार भएको, तालवनको तलवार समानको पातले छिया छिया हुन थाल्दछ । अनि ता त्यो "हाय मरें" भनेर चिच्याउँदै, अत्यन्त वेदनाले प्रत्येक पाइला सार्दा मूर्च्छा परेर लड्न थाल्दछ। आफ्नो धर्मलाई छाडेर पाखण्डमार्गमा हिंड्नेले यस प्रकारसँग आफ्नो कुकर्मको फल भोग्नुपर्दछ ॥१५॥

यस लोकमा राजा अथवा राजकर्मचारी भएर निरपराध व्यक्तिलाई अन्यायमा सजाय दिने अथवा ब्राह्मणलाई शरीर-दण्ड दिने पापी पुरुष मरेपछि परलोकमा "सूकरमूख" नामक नरकमा पर्दछ । यहाँ महाबली यमदूतहरू जब उसको शरीरलाई कुल्चन थाल्दछन् अनि ता त्यो कोलमा पेलिएको उखू झैं पीडित भै, जसरी यस लोकमा उद्वारा झ्यालखानामा थुनिएका प्राणी रुने चिच्याउने गर्दथे त्यसैगरी कहिले आर्त्तस्वरले चिच्च्याउन र कहिले मूर्च्छा पर्न थाल्दछ ॥१६॥

जो मानिस यस लोकमा उडुस आदि जीवको हिंसा गर्दछ, त्यो उनीहरू सितको द्रोहले गर्दा "अन्धकूप" नरकमा पर्दछ; किन कि स्वयं भगवान्ले नै उनलाई रक्तपानादिको वृत्ति नियत गरिदिनु भएकी छ यसैले उनलाई अरूलाई हुने वेदनाको ज्ञान समेत हुँदैन; तर मानिसको वृत्ति ता भगवान्ले ब्राह्मणादि वर्ण औ आश्रमको अनुसार बिधि-निषेध पूर्वक नियत गरिदिनु भएको छ र उसलाई (मानिसलाई) कष्ट भएको ज्ञान पनि हुन्छ। यस नरकमा, जोसित त्यसले द्रोह गरेथ्यो तिनै पशु, मृग, पक्षी, सरिसृप, लामखुट्टे, जूका, उडुस, झिंगा आदि जीवहरू त्यसलाई चारैतिरबाट टोक्न थाल्दछन् । तसर्थ निद्रा औ शान्ति भंग भएकोले, कतै अडिने ठाउँ नभए तापनि, बेचैनीले गर्दा त्यस घोर अन्धकारमा, रोगग्रस्त शरीरमा जीवले छट्पटाए झैं त्यसले सदा घुमिघुमिकन निरन्तर महाकष्ट भोग्दछ ॥१७॥

जो मानिस यस लोकमा पञ्चमहायज्ञ नगरि-

कन अथवा आफूले जुन खाने चीजवीज पाउन सकेको छ त्यो बालक, वृद्ध औ अतिथिहरूलाई नदीकन स्वयं खान्छ त्यसलाई ऋषिहरूले काग-समानको विष्टा-भोजी भनेका छन् । त्यसले परलोकमा महा अधम कृमिभोजन नामक नरकमा पर्नुपर्दछ। यस नरकमा लाख योजनको लम्बाई औ चोडाईभएको कीरै कीराले भरिएको एउटा कुण्ड छ। यसैमा त्यसले कीरा भएर रहनु पर्दछ र जबसम्म न बाडिकनअथबा हवन नगरीकन भोजन गर्ने त्यस प्राणीको पूरापूरा प्रायश्चित हुँदैन तब-सम्म यै कुण्डमा त्यसले अनेक यातना भोग्नु पर्दछ। यहाँ त्यसले तिनै कीरा खान्छ एवं ती कीराले त्यसलाई खान्छन् ॥१८॥ हे राजन् ! जो मानिस यस लोकमा आपत्तिकाल उपस्थित नभए तापनि चोरी गरेर अथवा बलजफ्तीसँग ब्राह्मण अथवा, अरू कुनै व्यक्तिको सुन एवं रत्नादिको हरण गर्दछ त्यसलाई मरे पछि यमदूतले संदेश-नरकमा लगेर आगो समानको तातो फलामको गोलाले डाम्दछन् र सडचांसीले उसको छाला तान्दछन ॥१९॥

यस लोकमा कुनै पुरुषले आगम्या स्त्रीसँग सम्भोग गऱ्यो अथवा स्त्रीले अगम्य पुरुषसित व्यभिचार गरी भने यमदूतले तिनलाई कोर्रा ठोक्तै " तप्तसूर्मि " नामक नरकमा लैजान्छन् र पुरुषलाई बल्दो फलामको स्त्री-प्रतिमासित र स्त्रीलाई बल्दो फलामको पुरुष-मूर्तिसग अंगालो हाल्न लगाउँछन् ॥२०॥ यस लोकमा पशु आदि सबैसँग व्यभिचार गर्ने व्यक्तिलाई मरेपछि यम-दूतहरूले 'बज्रकण्टकशाल्मली'' नरकमा लैजान्छन् र वज्रसमानको साह्रो काँढा भएको सिमलको रुखमाथि चढाएर तल्तिर लछार्दछन् ॥२१॥

यसलोकमा श्रेष्ठ कुलमा जन्म पाएर पनि धर्मको मर्य्यादा उल्लङ्घन गर्ने राजा अथवा राजपुरुष यस मर्यादा उलङ्घनले गर्दा मरेपछि वैतरणी नदीमा पर्दछन् । यस नदीले सबै नरक लाई खाल्डो जस्तो भएर चारैतिरबाट घेरि राखेकोछ । यसमा मल-मूत्र-पीप-रगत-रउँ-नङ्ग हाड-बोसो-मासु-बसा इत्यादि घृणित वस्तु भरि-एका हुन्छन् । यहाँ पर्नासाथ हिंस्रक जलजन्तुले उनलाई चारैतिरबाट खान थाल्दछन् तर उनको शरीरको अन्त हुदैन, पापले गर्दा त्यसलाई प्राणले अडाइराखेको हुन्छ । यस दुर्गतिलाई आफ्नो अधर्मको फल संझी मनै मनमा अत्यन्त आकुल-व्याकुल भैरहन्छन् ॥२२॥यस लोकमा शूद्राको पति भएर आफ्नो शौच आचारको नियम त्यागेर एवं लज्जाको तिलाञ्जलि दिएर पशु झैं मनपर्दो गरी हिंड्ने व्यक्ति पनि मरेपछि पीप-विष्ठा-मूत्र-कफ-मलले भरिएको 'पूयोद"नामक समुद्रमा परी उनै अति घिनलाग्दा वस्तु खाएर रह-न्छन् ॥२३॥

कुक्कुर-गदहा पाल्ने, शिकार गर्नामा लाग्ने तथा यज्ञादि विहित कर्ममा बाहेक अन्यत्र पनि पशुहरूको वध गर्ने ब्राह्मणादि उच्चवर्णका व्यक्ति मरेपछि " प्राणरोध " नरकमा पर्दछन् र यम-दूतले यहाँ यिनलाई लक्ष्य बनाएर बाणले छेड्न थाल्दछन् ॥२४॥ केवल दम्भ देखाउनाको निम्ति यज्ञमा पशुमार्ने दम्भी पुरुष मरेपछि "वैशस" नाम गरेको नरकमा पर्दछन् र तिनलाई त्यहाँका यमदूतले अनेक यातना दिएर उनको शरीर छिया छिया पार्दछन् ॥२५॥द्विजकुलमा जन्मेको व्यक्तिले काम मोहित भएर आफ्नै बर्णकी स्त्रीलाई वीर्य्यं

पान गरायो भने त्यस पापीलाई यमदूतहरूले मरेपछि वीर्य्यको नदी (लालाभक्ष नामक नरकमा" जाकेर वीर्य्यपान गराउँछन् ॥२६॥

कसैको घरमा आगो लगाउने, अर्कालाई विष ख्वाउने अथवा गाउँमा व्यापारीहरूको जमाथलाई लुट्ने चोर, राजा वा राजपुरुष यस लोकमा मरेपछि "सारमेयादान" नामक नरकमा पर्दछन् र त्यहाँ सात सय वीस यमदूतहरू वज्र समानको दाह्रा भएका कुक्कुरको रूप लिएर बडो वेगसँग उनलाई टोक्न थाल्दछन् ॥२७॥ साक्षी बक्ने वेलामा, धनको लेन-देनमा अथवा दान दिने समयमा कुनै किसिमले भूठो बोल्ने व्यक्ति मरेपछि आधार-शून्य "अवीचिमान्" नरकमा पर्दछ। त्यहाँ त्यसलाई सय योजन अग्लो पहडको टाकुराबाट तल्तिर टाउका फर्काएर खसाल्दछन्। यस नरकको पत्थरै पत्थरको भूईं पानी समान देखिने हुनाले यसको नाम अवीचिमान भएको हो। यसरी खसाल्दाखेरि शरीर टुक्रा टुक्रा भए तापनि प्राण निस्कदैन, यसैले त्यसलाई बारम्बार माथि लगेर खसाल्दछन् ॥२८॥

कुनै ब्राह्मण वा ब्राह्मणी अथवा व्रत लिएर बसेको अरू कुनै व्यक्तिले प्रमादवश मद्यपान गरे अथवा कुनै क्षत्रिय या वैश्यले सोमपान गरे भने यमदूतले तिनलाई "अयःपान" नामगरेको नरकमा लिएर जान्छन् र तिनको छातीमा खुट्टाले कुल्चेर मुखमा आगोले पगालेको फलाम हालिदिन्छन्॥२९॥यस लोकमा निम्नश्रेणिमा जन्मेको भए तापनि जो आफूलाई ठूलो सम्झेर जन्म, तप, विद्या, आचार, वर्ण या आश्रममा आफूभन्दा ठूलाको विशेष सत्कार गर्दैन त्यो जिउँदो भए तापनि मरे बराबर छ। मरेपछि त्यसलाई "क्षारकर्दम" नामक नरकमा खसाल्दछन्। यहाँ त्यसले अनेक यातनाको भोग गर्नुपर्दछ ॥३०॥

यस लोकमा नरमेधादिद्वारा भैरब-यक्ष-राक्षसादिको यजन गर्ने र पशुहरू भैं पुरुषलाई खाने स्त्रीहरूलाई, पशु भैं मारिएका तिनै पुरुष यमलोकमा राक्षस भएर नाना किसिमको यातना दिन्छन् र "रक्षोगणभोजन" नामक नरकमा व्याधाले भैं आफ्नो शस्त्रले काटिकाटिकन उनको रगत पिउँदछन्। जसरी ती मनुष्यभोजी पुरुष यस लोकमा उनको मासु खाएर आनन्दित हुन्थे त्यसै गरी उनीहरू पनि यिनको रगत पिएर दंगादगी परिकन नाच्न गाउन लाग्दछन् ॥३१॥ वन या गाउँका सबै पशुपक्षीलाई बाँचिरहने प्रबल इच्छा हुन्छ। यस्ता निरपराधी जीवलाई अनेक उपायले उनमा विश्वास उत्पन्न गराई आफूकहाँ लिएर आउने र फेरि तिनलाई काँढाले छेडेर अथवा डोरीले बाँधेर खेल गर्दै थरि थरिको कष्ट दिने व्यक्तिलाई पनि मरेपछि यमराजको यातमा खप्ने वेलामा "शूलप्रोत" नामक नरकमा शूलीले छेड्दछन्। यस वखतमा जब भोक प्यासले दुःख दिन थाल्दछ र कङ्क, वट आदि गरिएका तीखो चुच्चो भएका नरकका भयानक चराले ठुंग्न थाल्दछन् अनि पो यसले आफूले गरेको पाप सम्झी सम्झी पछुताउन थाल्द छ ॥३२॥

हे राजन्! सर्प समानको उग्र स्वभाव धारण गरेर प्राणीहरूलाई भयभीत गराएने व्यक्ति यस लोकमा मरेपछि "दन्दशूक" नामक नरकमा पर्दछन्। त्यहाँ पांच पांच सात सात मुख भएका सर्प नजीक आएर मूसालाई निले भैं तिनलाई

नीलिदिन्छन् ॥३३॥ जुन मानिसले यहाँ अरू प्राणीलाई अंध्यारो खाल्डो, कोठा वा गुफामा थुन्दछ त्यसलाई यमदूतहरूले मरेपछि त्यस्तै ठाउँमा वन्द गरिदिन्छन् र त्यहाँको विषालु आगोबाट निस्केको धूंवाले तिनलाई उकुस मुकुस पार्दछ । यसैले यस नरकलाई अवट-निरोधन भन्दछन् ॥३४॥ यस लोकमा आफ्नो घरमा आएका अतिथि अभ्यागततिर बारम्बार रिसले चूर भै, क्रोधले राता राता आंखा तुल्याएर भस्म पार्न खोजेको होकि जस्तो गरी कुटिल दृष्टिले हेर्ने गृहस्थ पुरुष नरकमा परेपछि त्यसका ती पाप-दृष्टिका नेत्रलाई गिद्ध, कङ्क, काग, वट्टै आदि वज्रसमानको साह्रो चुच्चो भएका पक्षीहरू बलजफ्तीसँग वाहिर झिक्दछन् । यस नरकलाई पर्यावर्तन भन्दछन् ॥३५॥

जो मानिस यस लोकमा आफूलाई धनाढ्य सम्झेर, अभिमानले सबैलाई बाङ्गो दृष्टिले हेर्दछ र सबैमाथि, यसले मेरो धन हर्ने होकि भनेर शङ्का गर्दछ तथा धनको व्यय औ नाशको चिन्ताले जसको मुटु र मुख सुकिरहन्छ अतः अलिकता पनि शान्ति नलिएर जो यक्ष झैं सदा धनको रक्षामा नै लागिरहन्छ एवं पैसा कमाउन, बढाउन र बचाउनामा किसिम किसिमका पाप गर्दछ–त्यो नराधम मरेपछि सूचीमुख नरकमा पर्दछ । त्यहाँ त्यो अर्थ-पिशाच पापी पुरुषको सम्पूर्ण अङ्गलाई यमराजका दूतहरू सूचिकारले झैं सियो धागोले सिउँदछन् ॥३६॥

यस लोकमा यस किसिमका सयकडौं, हजारौं नरक छन् । जस जसको यहाँ उल्लेख भएको छ औ जसको बारेमा केही भनिएको छैन ती सबै नरकमा सम्पूर्ण अधर्मपरायण जीव आफ्नो आफ्नो कर्म अनुसार पर्दछन् । यसै गरी धर्मात्मा पुरुष स्वर्गादि अन्य लोकमा जान्छन् । यस प्रकारसँग नरक औ स्वर्गको भोगले आफ्नो अधिकांश पाप-पुण्य क्षीण भएपछि बाँकि रहेको पाप-पुण्यरूप कर्म लिएर उनीहरूले फेरि यै लोकमा जन्म लिन्नाको निम्ति आउनु पर्दछ ॥३७॥

निवृत्ति मार्गको ता मैले पहिले नै (द्वितीय-स्कन्धमा) वर्णन गरिसकेको छु । पुराणमा चौदह भुवनको रूपमा वर्णन गरिएका ब्रह्माण्डकोश यत्तिकै छ । साक्षात् परमपुरुष भगवान् नाराय–णको आफ्नो मायाको गुणले युक्त भएको यो अत्यन्त स्थूलरूपको वर्णन मैले तिमीलाई सुनाइ-दिएँ । परमात्मा भगवान्को उपनिषद्हरूमा वर्णन गरिएको निर्गुण-स्वरूप मन-बुद्धिको पहुँच–बाहिर छ तापनि जसले यस स्थूल रूपको वर्णन आदरपूर्वक पढने, सुन्ने वा सुनाउने गर्दछ त्यसको बुद्धि, श्रद्धा औ भक्तिले गर्दा शुद्ध हुन्छ र त्यसले सूक्ष्मरूपको समेत अनुभव गर्न सक्दछ ॥३८॥

योगीजनले भगवान्को स्थूल औ सूक्ष्म दुवै प्रकारको रूपलाई श्रवण गरेर पहिले स्थूलरूपमा चित्तलाई स्थिर गरिसके पछि विस्तारै विस्तारै चित्तलाई त्यताबाट हटाएर सूक्ष्मतिर लगाउनु पर्दछ ॥३९॥ हे राजन् ! मैले तिमीलाई पृथ्वी-द्वीप-वर्ष-नदी-पर्वत-आकाश-समुद्र-पाताल-नरक-दिशा-ज्योतिर्गण इत्यादि सम्पूर्ण लोकको रचना जो वर्णन गरेर सुनाए त्यै नै भगवान्को अति-अद्‌भुत स्थूल रूप हो । सम्पूर्ण जीव यसैको आश्रयमा छन् ॥४०॥

पञ्चमस्कन्धः समाप्तः

[illegible]

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

षष्ठस्कन्ध

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

श्रीमद्भागवत-भाषा

षष्ठस्कन्ध

अध्याय—१

अजामिलोपाख्यानको अन्तर्गत विष्णु औ यमराजका दूतहरू-सितको कुराकानी

राजा परीक्षित्‌ले भन्नुभयो—

जसद्वारा जीव क्रमशः अर्चि आदि लोकको बाटो गरी ब्रह्मलोकमा पुग्दछ र फेरि ब्रह्मासङ्ग त्यसको मोक्षहुन्छ त्यस्तो निवृत्ति मार्गको तपाईंले पहिले नै (द्वितीयस्कन्धमा) वर्णन गरिसक्नु भयो ॥१॥ हे मुनिवर ! यस बाहेक तपाईंले, जुन मार्गको अवलम्बन गर्नाले त्रिगुणमय स्वर्गादि लोकको प्राप्तिहुन्छ तथा जसद्वारा प्रकृतिसितको सम्बन्ध न छुटेकोले जीवले बारम्बार जन्ममृत्युको चक्रमा पर्नु पर्दछ, त्यसतो प्रवृत्तिमार्गको पनि (तृतीयस्कन्धमा) राम्रोसँग वर्णन गर्नुभयो ॥२॥ अधर्म गर्नाले प्राप्त हुने नाना थरिका नरकहरूको पनि (पाँचौं स्कन्धमा) विस्तारपूर्वक वर्णन गर्नु भयो । जसमा प्रथम स्वायम्भुव मनु उत्पन्न भएका थिए त्यस मन्वन्तरको पनि (चौथो स्कन्धमा) व्याख्या गर्नु भयो ॥३॥ मनुका दुई छोरा प्रियव्रत र उत्तानपादका वंशको तथा उनको चरित्रको पनि वयान गर्नु भयो, एवं द्वीप, वर्ष समुद्र, पर्वत, उद्यान औ वृक्षादिको समेत निरुपण गर्नु भयो ॥४॥ यसपछि भूमण्डलको स्थिति, द्वीप-वर्षादि गरिएका यसका विभाग, ती सबै विभागको लक्षण तथा नाप, नक्षत्रहरूको स्थिति, अतल-वितल आदि सात पाताल र भगवान्‌ले जुन प्रकारसँग यी सबैको रचना गर्नु भयो त्यो कुरा समेत वर्णन गरेर सुनाउनु भयो ॥५॥ अबलाई हे महाभाग! जुन उपायको अवलम्बन गर्नाले मानिसले नानाप्रकारका भयङ्कर यातनाले पूर्णभएका नरकमा जानु पर्दैन त्यस उपायको कृपया मलाई उपदेश गर्नु होस् ॥६॥

शुकदेवजी भन्नुहुन्छ—

मानिसले मन, बाणी औ शरीरले गरेका आफ्ना पापको यही जन्ममा प्रायश्चित्त गरेन भने त्यसले मरेपछि मैले (पाँचौ स्कन्धको अन्तमा वर्णन गरेको भयङ्कर यातनापूर्ण नरकमा अवश्य पर्नु पर्दछ॥७॥ यसै कारणले जसरी रोगको

निदान गर्न जान्ने वैद्यले रोगको भारीपना वा हलुकोपना हेरेर त्यस अनुसार झट्पट् चिकित्सा गरिहाल्दछ त्यसैगरी मर्नुभन्दा अघिनै देह शिथिल न हुँदैमा पापको न्यूनाधिकतामा विचार गरी झट्टै पापबाट छुटकारा पाउने प्रायश्चित्त गरिहाल्नु पर्दछ ॥८॥

राजा परीक्षित्ले भने—

प्रत्यक्ष देखिने राजदण्डादि औ शास्त्रमा वणन गरिएका नरकहरूको दुःख सुन्नाले ता मानिसलाई पाप आफ्नो परम शत्रु हो भन्ने कुरा थाहा भै हाल्दछ तर तैपनि पाप-वासनाले गर्दा विवश भएर त्यो बारम्बार पाप कर्ममा प्रवृत्त हुन्छ । यसतो अबस्थामा त्यसको पापको प्रायश्चित कसरी हुन सक्ला ? ॥९॥ कहिले ता प्रायश्चित्तद्वारा पापबाट छुटकारा पाए तापनि मानिस फेरि पाप गर्न थाल्दछ अतःमानिसले गरेको प्रायश्चित्तलाई ता म हात्तीले स्नान गरे समान व्यर्थ सम्झन्छु ॥१०॥

शुकदेबले भन्नुभयो—

कर्मद्वारा कर्मको पूणतया नाश हुन सक्तै न केही न केही शेष अबश्य रहन्छ, किन कि कर्मका अधिकारी अविद्याले कलुषित हुन्छन् । यसैले अविद्याको नाश नभएकोले पाप-वासना मेटिएको हुन्न र फेरि फेरि पापकर्म भै रहन्छन् यथार्थ प्रायश्चित्त ता भगत्स्वरूपको ज्ञान हुनु नै हो—यसद्वारा वासनाको जरै उखेलिन्छ ॥११॥ जसरी केवल पथ्य अन्न भोजन गर्ने व्यक्तिलाई रोगले दबाउन सक्तै न अर्थात् त्यो आरोग्यताको अधिकारी हुन्छ, त्यसैगरी हे राजन् । नियमको पालना गर्ने मानिस बिस्तारै बिस्तारै आफ्ना सदै पापलाई पखालिदिन्छ र अन्तमा आफ्नो कल्याण अर्थात् भगवत्तत्त्वज्ञान प्राप्त गरेर बासना-लाई समेत नष्ट गरिदिन्छ ॥१२॥ जसरी बाँसको झाँगमा लागेको आगोले बाँसलाई डढाएर भस्म पारिदिन्छ त्यसैगरी धर्मज्ञ धीर पुरुष श्रद्धान्वित भै तप-ब्रह्मचर्य्य-इन्द्रियदमनको स्थिरता-दान सत्यता-बाहिरी भित्री पवित्रता-यम-नियम यी नौ साधनले मन,बाणी औ शरीरद्वारा गरिएका ठूला ठूला पापलाई समेत नष्ट गरिदिन्छ॥१३-१४॥ भगवान्को शरणमा रहने भक्तजन ता-जो कि विरलै हुन्छन्—केवल भक्तिद्वारा सूर्यले कुहिरो-लाई नाश गरेझैं आफ्ना सारा पापलाई भस्म गरिदिन्छन्॥१५॥हे महाराज ! भगबान्लाई आत्म-समर्पण गर्नाले र उहाँका भक्तहरूको सेवन गर्नाले पापी पुरुषको जत्ति छिटोसँग शुद्धि हुन्छ त्यत्ति छिटोसँग ता तपस्या आदिले पनि त्यसको शुद्धि हुन सक्तै न॥१६॥ संसारमा यो भक्तिमार्ग नै सर्व-श्रेष्ठ, भयरहित औ कल्याण-स्वरूप छ। सुशील एवं भगबत्परायण साधुजन यै मार्गमा विचरण गर्दछन् ॥१७॥ जसरी रक्सीले भरिएको घडालाई नदीहरूले पवित्र गर्न सक्तै नन् त्वसैगरी बडा बडा प्रायश्चित्तले, बारम्बार गरिए तापनि, भगवान्देखि विमुख रहने मानिसलाई शुद्ध गराउन सक्तै नन्॥१८॥जो केबल एक बाजि आफ्नो कृष्ण-गुणानुरक्त मनको श्रीकृष्णको चरणकमलसित संयोग गराउँछन्, तिनले, आफ्नो सम्पूर्ण पापको प्रायश्चित्त गरेको संझनु पर्दछ । यस संयोगले गर्दा यिनले सपनामा समेत यमराज औ हातमा पाशो लिएका उनका दूतहरूलाई हेर्नुपर्दैन-नरकको कुरा त कता छ कता ॥१९॥

यस विषयमा महात्माहरू एउटा प्राचीन

इतिहास भन्दछन्। यसमा विष्णुका र यमराजका दूतहरूको परस्पर सम्बाद छ । त्यो इतिहास म भन्दछु—सुन ॥२०॥ कान्यकुब्ज (कन्नौज) नगरमा एक जना अजामिल नाम गरेका दासी-पति' ब्राह्मण रहन्थे । दासीसितको संसर्गले गर्दा दूषित भएकोले उनको सदाचार नष्ट भै सकेको थियो ॥२१॥ तिनी निरन्तर अशुद्ध अवस्थामा रहन्थे । बटुवालाई बाँधेर उनको धन लुट्ने, जुवा खेल्ने, धोका दिएर अर्काको धन हडप गर्ने चोरी गर्ने इत्यादि अनेक निन्दनीय उपायले आफ्ना कुटुम्बको पेट भर्दथे र अन्य प्राणीलाई खूब सताउँथे ॥२२॥ यस प्रकारसँग निन्दित कर्मद्वारा कमारीका छोरा छोरीको लालन–पालन गर्दा गर्दैमा हे राजन् ! उनको परमायुको ठूलो भाग-अस्सी वर्ष-बितिहाल्यो ॥२३॥ बूढा अजा–मिलका दस छोरा थिए । यिनमा सबभन्दा कान्छोको नाम नारायण थियो । आमाबाबुले यसलाई खूब प्यारो गर्दथे ॥२४॥ बूढा अजामिलले अत्यन्त मोहले गर्दा आफ्नो सम्पूर्ण हृदय बालक नारायणमा सुम्पिदिएका थिए । आफ्नो बच्चाको तोतेबोली सुन्दा तथा उसको खेलकूद देख्ता बडो दङ्ग पर्दथे ॥२५॥ बालकको स्नेह-पाशमा जकडि-एको हुनाले ती कत्तिको मूढ भएका थिए भने आफूले खाँदा, पिउँदा उसलाई समेत ख्वाउने पियाउने गर्दथे । यस प्रकारसँग मोह पाशमा बाँधिएकोले आफ्नो नजीक आइपुगेको मृत्युलाई समेत बिर्सिदिए ॥२६॥

यस प्रकारको व्यवहारमा लागेका अज्ञानी अजामिलको मृत्युको समय उपस्थित भैहाल्यो । यस बखतमा उनी आफ्नो बालक नारायणको सम्बन्धमा विचार गर्नलागेका थिए ॥२७॥ यै मौकामा उनले हातमा पाशो लिएका अत्यन्त डरलाग्दा तीन जना यमदूतलाई आफूलाई लिन आएको देखे । यी दूतहरूको मुख बाङ्गोटिङ्गो तथा शरीरका रउँ ठाडा ठाडा थिए ॥२८॥ यिनी-हरूलाई देख्ना साथ अजामिलले हडबडाएर अलिपर खेलिरहेको छोरालाई बडो चर्को स्वरले नारायण नारायण भनेर बोलाए ॥२९॥

हे महाराज ! अजामिलको मुखबाट आफ्नो मालिकको नाम सुनेर यसले मर्न लागेको बेलामा भगवान् नारायणको नाम कीर्तन गर्न लागेको हो भन्ठानेर विष्णुभगवान्का पार्षदहरू हत्तपत्त त्यहाँ आइहाले ॥३०॥ ती विष्णुका पार्षदहरूले दासीपति अजामिलको अन्तःकरणबाट जीवात्मा-लाई निकाल्न लागेका यमदूतहरूलाई बलपूर्व्वक रोकिदिए ॥३१॥ यसरी आफूलाई रोकेको देख्ता यमराजका दूतहरूले उनीहरूलाई भने–"अरे धर्म-राजको आज्ञा निषेध गर्ने तिमीहरू को ह्वौ?॥३२॥ तिमीहरू कसका दूत ह्वौ? कहाँबाट आएका ह्वौ? हामीलाई किन यसलाई लैजान नदिएको ? तिमीहरू कुनै देवता, उपदेवता अथवा सिद्ध-श्रेष्ठ ह्वौ कि ? ॥३३॥ तिमी सबैको आँखा कमल-दल समान छ, सबैले पहेलो रेशमी बस्त्र पहिरेका छौ ? शिरमा मुकुट धारण गरेका छौ; कानमा कुण्डल औ घाँटीमा कमलको हार लर्किराखेको छ ॥३४॥ सबैको भर्खरको किशोर अबस्था छ, सबैका राम्रा राम्रा चार बाहुली छन् तथा सबैका करकमलमा धनुष, तर्कस (ढोक्रो) खड्ग, गदा, शङ्ख, चक्र, कमल इत्यादि शोभित छन् ॥३५॥ आफ्नो शरीरको कान्तिले दिशाहरूको अन्ध-

कारलाई नष्ट गरी तिनलाई प्रकाशमान गराइरहेका छौ । धर्मराजका सेबक हामीलाई तिमीहरूले किन रोकेको ?" ॥३६॥

शुकदेवजी भन्नुहुन्छ—

यमदूतहरूले यसो भने पछि, भगवान् बासुदेवका आज्ञाकारी पार्सदहरूले हाँसेर मेघसमानको गम्भीर वाणीले उनीहरूलाई यस प्रकारसँग भन्नलागे ॥३७॥

विष्णु भगवानका दूतहरूले भने—

यदि तिमीहरू साँच्चिनै धर्मराजको आज्ञा पालन गर्ने ह्वौ भने पहिले हामीलाई धर्मको लक्षण औ तत्त्व सुनाऊ ॥३८॥ दण्ड कसरी दिइन्छ? दण्डको यथार्थं पात्र को,हो ? मनुष्यमा सबै पापाचारी दण्डनीय छन् अथवा कुनै कुनै मात्र !॥३९॥

यमदूतहरूले भने—

वेदमा जसलाई कर्तव्य भनेको छ त्यै नै धर्म हो औ यसको विपरीत आचरण अधर्म हो। वेद साक्षात् भगबानको स्वरूप एवं भगवान्को श्वासरूपले स्वयं उत्पन्न भएका हुन्, हामीले यस्तै सुनेका छौं ॥४०॥ जगत्का रजोमय, सत्वमय औ तमोमय सबै पदार्थ, सबै प्राणी आफ्ना परम आश्रय भगवान्मा नै स्थित रहन्छन्। वेदले नै शान्तभाव आदि गुण, ब्राह्मणादि नाम, अध्ययनादि क्रिया एवं वर्णाश्रमादि रूप अनुसार उनीहरूको यथायोग्य विभाग गर्दछन् ॥४१॥ सूर्य, अग्नि, आकाश, वायु, इन्द्रिय, चन्द्रमा, सन्ध्या, रात, दिन, दिशाहरू जल, पृथ्वी, काल—यी नै जीवले गरेका कर्मका साक्षी हुन् ॥४२॥ यिनैद्वारा अधर्मको पत्तो लाग्दछ र दण्डको पात्रको निर्णय हुन्छ। सबै कर्मगर्ने प्राणी आफ्नो आफ्नो कर्म अनुसार दण्डनीय हुन्छन्॥४३॥ हे निष्पाप पुरुष हो ! कर्म गर्ने सबै प्राणीको गुणसित सम्वन्ध रहन्छ तसर्थ सबैबाट केही पाप केही पुण्य भै रहन्छ देहवान् भएपछि कुनै पुरुष पनि कर्म नगरिकन रहनै सक्दैन॥४४॥ यस लोकमा मनुष्यले जुन किसिमको औ जति धर्म वा अधर्म गर्दछ परलोकमा त्यसले तिनको त्यत्तिकै औ त्यस्तै फल भोग्दछ॥४५॥ हे देव-श्रेष्ठ हो! जसरी यस लोकमा सत्व–रज-तम यी तीन गुणको बिभिन्नताले गर्दा पुण्यात्मा, पापात्मा औ पाप-पुण्य दुवैले युक्त भएका अथवा सुखीदुःखी औ सुख-दुःख दुवैले युक्त भएका तीन प्रकारका प्राणी देखिन्छन् त्यसैगरी परलोकमा पनि तीन प्रकारका प्राणी हुने कुराको अनुमान गर्न सकिन्छ ॥४६॥ वर्तमान समयले नै भूत औ भविष्यको अनुमान गराउंछन्। यस समयमा जो भै रहेको छ, पहिले पनि भएको होला पछि पनि हुन सक्तछ। त्यसैगरी वर्तमान जन्मको पाप-पुण्यले पनि भूत औ भविष्य जन्मको पापपुण्यको अनुमान गराइदिन्छन् ॥४७॥

तर पाप-पुण्यको पत्तो लगाउनाको निम्ति हाम्रा स्वामी यमराजलाई साक्षी अथवा अनुमानको आवश्यकता पर्दैन, किन कि सबैको अन्तःकरणमा विराजमान रहने हुनाले आफ्नो मनैले मानिसको पहिले पहिलेको आचरण देख्नु हुन्छ। उहाँ अजन्मा भगवान्ले यै पूर्वरूप अनुसार उसको भावी स्वरूबको पनि विचार गरि हाल्नु हुन्छ॥४८॥ जसरी निद्रामा परेको अज्ञानी व्यक्ति सपनामा देखिएको कल्पित शरीरलाई नै आफ्नो वास्तविक शरीर भन्ठान्दछ त्यसै गरी जीव

पनि आफ्नो पूर्व जन्मको स्मृति न भएकोले वर्तमान शरीर बाहेक पहिले भएको अथवा पछि हुने शरीरको सम्बन्धमा केही पनि जान्दैन ॥४९॥ जीव केवल यो स्थूल शरीर मात्र व्हैन। यसको भित्र एउटा लिङ्ग शरीर पनि छ। जीव यै शरीरमा पाँच कर्मेन्द्रियद्वारा लिने-दिने, हिंड-डुलगर्ने भिन्न भिन्न कर्म गर्दछ; पाँच ज्ञानेन्द्रिय द्वारा रूप, रस आदि पाँच विषयको अनुअव गर्दछ र सोह्रौं मनको साथमा सत्रौ स्वयं आफू मिलेर, मन-ज्ञानेन्द्रिय-कर्मेन्द्रिय यी तीनैको विषयहरुलाई भोग्दछ ॥५०॥ जीवको यो सोह्र कला औ सत्वादि तीन गुणले युक्त भएको लिङ्ग शरीर अत्यन्त दारुण छ। यै लिङ्ग शरीरले जीवलाई बारम्बार हर्ष-शोक, भय औ पीडा दिने जन्म मृत्युको चक्करमा पार्दछ ॥५१॥ काम-क्रोध-लोभ-मद-मोह-मत्सर यी छ शत्रुको वशमा परेको अज्ञानी जीव आफ्नो इच्छा नभए तापनि विभिन्न वासनाको अनुसार नाना प्रकारको कर्ममा नियुक्त गरिन्छ र अनि रेशमको कीरा झैं आफू-लाई कर्मरूप जालमा फसाएर त्यसैमा मोहित हुन्छ ॥५२॥ कुनै शरीर धारी जीब कर्म नगरी कन कहिले पनि एक छिन रहन सक्तैन। प्रत्येक जीवको स्वाभाविक गुणले (पूर्व-संस्कार-जन्य रागादिले) बलजफ्तीसँग आफ्नो अधीनमा गराई उद्धारा काम गराउँछन् ॥५३॥ पूर्वजन्मको पाप-पुण्यमय संस्कार अनुसार अर्थात् अदृष्टको अनुसार जीवले स्थूल औ सूक्ष्म शरीर प्राप्त गर्दछ। उसको स्वाभाविक बलवान् वासनाले कहिले उसलाई आमाको जस्तो स्त्रीरूप बनाइ दिन्छ र कहिले पिताको जस्तो पुरुष-रूप ॥५४॥

प्रकृतिसितको संसर्ग हुनाले नै अर्थात् माया-सितको सम्बन्धले गर्दा पुरुष आफूलाई आफ्नो वास्तविक स्वरूपको विपरीत लिङ्गशरीर भन्ठान्दछ। तर पुरुष भगवान्को भजनमा तत्पर भयो भने ता यो विपर्यय अर्थात् संसार-चक्र झट्टै दूर भै हाल्दछ ॥५५॥

हेर्नोस, यो अजामिल बडो शास्त्रज्ञ औ शील, सदाचार एवं सद्गुणको ता खजानै थियो व्रतको पालन गर्ने, विनयी, जितेन्द्रिय, सत्य-परायण, मन्त्रवेत्ता औ पवित्र आचरण भएको समेत थियो ॥५६॥ अहङ्कार यसमा छदैं थिएन। गुरु, अग्नि, अतिथि औ बृद्धि पुरुषको यसले सेवा गरेका थियो। समस्त प्राणीको हित चाहन्थ्यो, उपकार गर्दथ्यो, आवश्यक परे जति बोल्दथ्यो औ अर्काको गुणमा दोष खोजेर हिंड्दैनथ्यो ॥५७॥ बाबुको आज्ञा पालन गर्ने यो ब्राह्मण एक दिन बनमा गयो र त्यहाँबाट फल-फूल, समिधा, कुश लिएर घरतिर फर्क्यो ॥५८॥ फर्कंदा खेरि यसले बाटोमा एउटा अत्यन्त कामी निर्लज्ज एवं आचार-भ्रष्ट शूद्रलाई रक्सी पिएर एउटा बेश्यासंग विहार गर्न लागेको देख्यो। वेश्या पनि मदिरा पिएर मतवाली भै राखेकी थिई। नशाले गर्दा उसका आँखा घूमिराखेका थिए र सारी केही तल झरेकोले अर्धनग्न अवस्थामा थिई। त्यो शूद्र त्यै वेश्यासित कहिले गाएर कहिले हाँसेर नाना थरिको चेष्टा गरी त्यसलाई दङ्ग पार्न लागेको थियो ॥५९-६०॥

यस प्रकारसँग अङ्गरागादि कामोद्दीपपक वस्तु लिप्त भएको त्यस शूद्रको हातद्वारा त्यो शूद्रालाई आलिङ्गित भएको देख्ता अजामिल सहसा मोहित

औ कामदेवको बशमा परिहाल्यो ॥६१॥ आफ्नो धैर्य औ ज्ञानको अनुसार अजामिलले कामको वेगले विचलित भएको मनलाई रोक्ने अनेक चेष्टा गरे तापनि त्यसलाई शान्त गर्नामां सफल भएन ॥६२॥ बेश्यालाई निमित्त बनाएर कामरूप पिशाचले अजामिलको मनलाई ग्रस्त गरेकोले उसको सदाचार औ शास्त्र सम्बन्धी चेतना नष्ट भैगयो । अनि ता मनै मनले त्यसको ध्यान गर्दा गर्दैमा अन्तमा आफ्नो धर्मदेखि विमुख भैहाल्यो ॥६३॥

अवता अजामिल राम्रा राम्रा ग्राम्य विषयले अर्थात् राम्रा राम्रा गहना, लुगा जेले ऊ प्रसन्न रून्थी त्यै ल्याएर उसलाई सन्तुष्ट गर्न लाग्यो आफ्नो बाबुको जति सम्पत्ति थियो त्या सबै यसैलाई खुसी पार्नाको निम्ति खर्च गरिदियो ॥६४॥ यस पापीले त्यो स्वच्छन्द-चारिणी वेश्याको कटाक्ष-बाणले घायल भएर आफ्नो कुलीन, भर्खरको विवाहिता पत्नीलाई समेत झट्टै त्यागिदियो ॥६५॥ यो कुबुद्धि न्याय अन्यायको केही विचार नराखी जता-ततैबाट धन बटुलेर ल्याउँथ्यो र त्यस वेश्याको ठूलो परिवारको भरण-पोषण गर्दथ्यो ॥६६॥

यस पापीले शास्त्रको विधिको उलङ्घन गरी सत्पुरुषद्वारा निन्दित भएको मनपर्दो आचरण गरेको छ। यसले धेरै दिनसम्म बेश्याको मल समानको अन्न खाएर आफ्नो जीवन व्यतीत गरेको छ तसर्थ यसको सारा जीवन पापपूर्ण भएको छ ॥६७॥ यसै कारणले अब हामी यस पापीलाई दण्डपाणि भगवान् यमराज छेउ लैजान्छौं । यसले आफ्नो पापको प्रायश्चित्त गरेको छैन। त्यहाँ आफ्नो पापको दण्ड भोगे पछि यो शुद्ध हुने छ ॥६८॥

अध्याय—२

विष्णुदूतहरू भागवतधर्मको निरूपण गर्दछन् औ अजामिललाई विष्णुलोकमा लैजान्छन् ।

शुकदेवजी भन्नु हुन्छ—

हे राजन् ! भगवान्का न्यायनिपुण पार्षदहरूले यमदूतहरूको यो वचन सुन्दा छक्क परेर उनलाई यस प्रकारसँग भन्नलागे ॥१॥

भगवान्का पार्षदहरूले भने—

धर्मज्ञहरूको सभामा अधर्मको प्रवेश भैरहेछ, यो ता बडो दुःखको कुरा हो । निरपराध औ अदण्डनीयले व्यर्थमा दण्ड पाउनु नै यस कुराको प्रत्यक्ष प्रमाण हो ॥२॥ प्रजाका मातापिता तथा शिक्षक समानका साधुजनले समेत प्रजामाथि विषमताको ब्यवहार गर्न लागे भने प्रजाले कसको शरण लिने हो ? ॥३॥ सत्पुरुषले जस्तो आचरण गर्दछन् साधारण मानिस पनि त्यस्तै गर्दछन्, ठूला ठूला पुरुष आफ्नो आचरणद्वारा जुन कर्मलाई धर्मको अनुकूल प्रमाणित गर्दछन्, दुनियाँ पनि त्यसैको अनुकरण गर्न थाल्दछन् ॥४॥ स्वयं

धर्म-अधर्म केही नजान्ने पशु समानका जगत्का साधारण मानिस कुनै सत्पुरुषमा विश्वास गरी उसको काखमा सिरान गरी निर्भयसंग सुत्दछन्। सबै प्राणीको विश्वास-पात्र त्यै दयालु पुरुषले मित्रभावले विश्वास गरी आत्मसमर्पण गर्ने अज्ञानी जीवको अनिष्ट गर्दछ भने, भन्ने कुरा के रह्यो ? ॥५-६॥

यी ब्राह्मणले एक जन्मको ता के कुरा कोटि कोटि जन्मका पापको प्रायश्चित्त गरे भन्नु पर्दछ किन कि यिनले विवश भएर पनि भगवान्को परम कल्याणमय नामको उच्चारण ता गरे ॥ ७ ॥ जुन वेला यिनले " नारायण " यी चार अक्षर भएकौ नामको उच्चारण गरे, त्यै बेला त्यत्तिले नै यी पापीको समस्त पापको प्रायश्चित्त भै हाल्यो ॥ ८ ॥ चोर, मित्रसँग द्रोह गर्ने, शराब पिउने, ब्राह्मण-स्त्री-राजा-पिता-माता-गाईको बध गर्ने, गुरुकी स्त्रीसँग गमन गर्ने जस्तो सुकै ठूलो पापी भए तापनि ती सबै अपराधीको निम्ति विष्णु भगवान्को नामोच्चारण गर्नु नै सबभन्दा ठूलो प्रायश्चित्त हो। किन कि भगवान्को नामको उच्चारणले मानिसको बुद्धि भगवान्को गुण-लीला औ स्वरूपमा रमाउन थाल्दछ र भगवान्मा समेत त्यसप्रति आत्मीय बुद्धि हुन जान्छ ॥९-१०॥ बडा बडा ब्रह्मवादी ऋषिहरूले बताएका चान्द्रायण-व्रत आदि प्रायश्चित्तले पापी पुरुषको त्यत्तिको शुद्धि हुँदैन जत्तिको कि भगवान्को नाम-रूप पदको उच्चारण गर्नाले हुन्छ, किन कि ती हरिनामले पवित्रकीर्ति भगवान्का गुणको ज्ञान गराउँछन् ॥ ११ ॥ प्रायश्चित्त गरेपछि पनि मन फेरि कुमार्गमा अर्थात् पापतिर लाग्दछ भने त्यसलाई चरम सीमाको अर्थात् पूरा पूरा प्रायश्चित्त भन्न सकिन्न। अतएव पापको जरै उखेल्न चाहने व्यक्तिले ता भगवान्को गुणानुवाद नै गर्नु पर्दछ किन कि त्यसले चित्त सर्वथा शुद्ध हुन्छ ॥ १२ ॥

तसर्थ हे यमदूत हो ! यी अजामिललाई न लैजाऊ; यिनले ता सम्पूर्ण पापको प्रायश्चित गरिसकेका छन्, किन कि मर्ने बेलामा यिनको मुखबाट भगवान्को नामको उच्चारण भएको छ ॥ १३ ॥ सङ्केतमा (अरू कसैलाई बोलाउने उद्देश्यले), ठट्टामा, गानाको आलाप पूर्ण गर्नामा अथवा कसैको अवहेलना गर्नामा समेत कसैले भगवान्को नामको उच्चारण गऱ्यो भने त्यसका सम्पूर्ण पाप नष्ट हुन्छन्—बडा बडा महात्मालाई यो थाहा भएको कुरो हो ॥ १४ ॥ अग्लो ठाउँबाट लड्दा, चिप्लिदा, अङ्ग-भङ्ग हुँदा, साँपले डस्दा, ज्वरादिले सन्तप्त हुँदा, अथवा युद्धादिमा चोट पर्दा विवश भएर भए तापनि कसैले " हरि हरि " भनेर भगवान्को नामोच्चारण गऱ्यो भने त्यो यमयातनाको पात्र हुँदैन अर्थात् त्यसले नरकमा यातना भोग्नु पर्दैन ॥ १५ ॥ महर्षिहरूले विशेष विचार गरेर ठूलो पापको निम्ति ठूलो र सानोको निम्ति सानो प्रायश्चित बताएका छन् ॥ १६ ॥ यी तपस्या, दान, जप आदि प्रायश्चित्तद्वारा केवल ती पाप मात्र नष्ट हुन्छन् तर ती पापलाई जन्म दिने हृदय ता शुद्ध हुँदैन परन्तु भगवान्को चरणको सेवाले ता हृदय समेत शुद्ध हुन्छ ॥ १७ ॥ जसरी जानेर होस् वा अनजानमा होस् आगोको स्पर्श हुनासाथ काठ डढेर भस्म हुन्छ त्यसै गरी जानीकन अथवा

अनजानमा गरिएको पवित्रकीर्ति श्रीहरिको नामको कीर्तनले सम्पूर्ण पापलाई भस्म पारिदिन्छ ॥१८॥ जसरी अत्यन्त बलवान् औषधिलाई कुनै व्यक्तिले अनजानमा सेवन गऱ्यो भने पनि त्यस औषधिले आफ्नो गुण देखाइहाल्दछ त्यसैगरी हरिनाम-रूप मन्त्रले पनि अनजानमा उच्चारण गरे तापनि आफ्नो फल दिइहाल्दछ ।१९॥


शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! यस प्रकारसँग भगवान्का पार्षदहरूले भागवत्धर्मको राम्रोसँग निणय सुनाइ दिए र अजामिल ब्राह्मणलाई यमपाशबाट छुटाएर मृत्युको मुखबाट बचाए ॥ २० ॥ हे महाराज परीक्षित् ! पार्षदहरूको यो कुरा सुनेपछि यमदूतहरू यमराज कहाँ गए र सारा बृत्तान्त जस्ताको तस्तै गरी उनलाई सुनाईदिए ॥२१॥

यता अजामिल यमदूतको पाशोबाट छुटेर निर्भय औ स्वस्थ भएर भगवान्का पार्षद-हरूको दर्शनले आनन्दमा मग्न भै टाउको निहुराएर उनलाई प्रणाम गरे ॥२२॥ हे निष्पाप परीक्षित् ! अजामिल केही भन्न खोजीरहेका छन् भन्ने थाहा पाउनासाथ भगवान्का पार्षदहरू उनले हेर्दा हेर्दैमा त्यही अन्तर्धान भैहाले ॥२३॥

यस अवसरमा अजामिलले भगवान्का पार्षदहरूको मुखबाट विशुद्ध भागवतधर्म र यमदूतको मुखबाट बेदोक्त सगुण (प्रबृति) विषयक धर्मको श्रबण गरेका थिए ॥२४॥ यस प्रकारसँग भगवान्को महिमा सुन्नाले अजामिलको हृदयमा झट्ट श्रीहरिमा भक्तिको उदय भै हाल्यो र आफूले गरेका पाप संझि संझिकन वडो पश्चा-त्ताप हुन लाग्यो ॥२५॥ उनी मनै मनमा विचार गर्नलागे:—"अहो ! म ता कस्तो इन्द्रियहरूको कमारो रहेछु मेरो निम्ति यो वडो अफशोशको कुरा हो । दासीको गर्भबाट छोरा जन्माएर मैले आफ्नो ब्राह्मणत्वलाई नष्ट गरिदिएँ॥३६॥ आफ्नी तरुनी, पतिव्रता ब्राह्मणीलाई त्यागेर मदिरापान गर्ने कुलटासित संसर्ग गरें । दुष्कर्म गर्ने, सज्जन समाजमा निन्दनीय एवं कुलमा कलङ्क लगाउने मलाई धिक्कार छ ॥२७॥ अफशोश ! मेरा बाबु-आमा बूढा औ तपस्वी थिए, मेरो सिवाय उनको सेवा टहल गर्ने कोही थिएन अतएव उनीहरू सर्वथा असहाय थिए । म कृतघ्नले, नीचले भै, उनीहरूको समेत परित्याग गरें ॥२८॥ धर्मको उलङ्घन गर्ने पापात्मा कामी पुरुष जुन नरकमा परेर थरि थरिको यातना भोग्दछन् मैले पनि अवश्य तिनै अतिभयानक नरकमा पर्नु पर्नेछ ।२९॥

अहिले भर्खर मैले जुन अद्भुत दृश्य देखें त्यो स्वप्न हो वा जाग्रत अवस्थाको प्रत्यक्ष अनुभव हो ? भर्खर हातमा पाशो लिएर मलाई तानिरहनेहरू कहाँ गए ? ॥ ३० ॥ जब यिनीहरू मलाई पाशोमा बाँधेर पृथ्वीको तल लैजान लागेका थिए त्यस बखतमा उनको फन्दा-बाट मलाई छुटाउने ती चार जना अत्यन्त सुन्दर सिद्धहरू अहिले कहाँ गए होलान् ? ॥३१॥ यस जन्मको महापापी छु तापनि मैले पूर्व-जन्ममा अवश्य कुनै महापुण्य गरेको रहेछु त्यसैले ता मैले ती श्रेष्ठ देवताहरूको दर्शन गर्न पाएँ, जसको स्मरणले मेरो हृदय अहिले पनि आनन्दमा मग्न भैरहेको छ ॥३२॥ शूद्राको



नाम-महात्म्य

मुद्रक—गीताप्रेस, गोरखपुर

पति, महा अपवित्र मैले पूर्वजन्ममा पुण्य नगरेको भए मेरो जिब्रोले मर्ने बेलामा कुनै तरहले पनि श्रीबिष्णु भगवान्को नामको उच्चारण गर्न सक्त न-थ्यो ॥ ३३ ॥ कहाँको म महाकपटी, पापी, निर्लज्ज औ ब्रह्मतेज नष्ट गर्ने ! तथा भगवान्को "नारायण" यो परम मङ्गलमय नाम कहाँ ? ॥३४॥ भैगयो, अबलाई मन-इन्द्रिय-प्राणलाई आफ्नो वशमा गराई फेरि मेरो आत्मा अविद्याको अन्धकारमा मग्न भएर भ्रष्ट हुन न पाउने गरी प्रयत्न गर्दछु ॥ ३५ ॥ अबलाई अविद्या, कामना औ कर्मादिले उत्पन्न भएको यस बन्धनलाई चुंडालेर समस्त प्राणीको हित गर्नेछु, वासनालाई शान्त गर्नेछु, सबैसित मित्रताको व्यवहार गर्नेछु, दीन दुःखीमाथि दया गर्नेछु औ पूरा संयमपूर्व्वक रहने छु ॥ ३६ ॥ भगवान्को मायाले, स्त्रीको रूप धारण गरी, म अधमलाई खेलाना बनाएर अनेक नाच नचाएको हो । अब म आफ्नो आत्मालाई मायाको त्यस बन्धन बाट मुक्त गर्दछु ॥ ३७ ॥ अतः अब उप्रान्त देहादिमा "म-मेरो" भन्ने असत् बुद्धिलाई छाडेर भगवन्नामको कीर्तनले शुद्ध भएको आफ्नो बुद्धिलाई भगवान्मै लगाउने छु" ॥३८॥

शुकदेवजी भन्नुहुन्छ—

यस प्रकारसँग भगवान्का पार्षद ती महात्माहरूसितको केवल एक छिनको संगतले अजामिलको चित्तमा तीव्र बैराग्य उत्पन्न भएकोले उनी पुत्रादिपट्टिको स्नेहरूप बन्धनबाट मुक्त भै हरिद्वार तिर लागे ॥३९॥ यस देवस्थानमा स्थिर आसनमा बसी उनले योगमार्गको आश्रय लिएर आफ्ना सबै इन्द्रियलाई उनको विषयबाट हटायर अर्थात् मनमा लीन गराएर मनलाई बुद्धिमा लगेर मिलाई दिए ॥ ४० ॥ यसपछि चित्तको एकाग्रता द्वारा आत्मालाई देह इन्द्रियादि दृश्यवर्गदेखि पृथक् गराए र त्यसलाई अनुभव स्वरूप भगवत्धाम परब्रह्ममा मिलाई दिए ॥४१॥ यस प्रकारसँग अजामिलको बुद्धि भगवान्को स्वरूपमा स्थित भएपछि ता उनले केही दिन अगाडि मृत्युको समयमा दर्शन पाएका उनै चार जना पार्षदहरूलाई आफ्नो अगाडि उभिराखेको देखे । देख्नासाथ उनीहरूलाई प्रणाम गरिहाले ॥ ४२ ॥ उनीहरूको दर्शन पाएपछि ता अजामिलले त्यस तीर्थ-स्थानमा गङ्गाको तीरमा आफ्नो शरीर त्यागिदिए र तत्काले भगवान्का पार्षदहरूको जस्तो रूप धारण गरिहाले ॥४३॥ यस पछि ती ब्राह्मण विष्णु भगवान्का पार्षदहरूसँग सुवर्णमय विमानमा चढी, आकाशको बाटोबाट भगवान् लक्ष्मीपतिको निवासस्थान वैकुण्ठधाममा गए ॥४४॥

यस प्रकारसँग, जसले दासीको पति भएर सारा धर्मकर्म चौपट पारेका थिए औ जो आफ्नो निन्दित कर्मले गर्दा पतित एवं नियमच्युत भै नरकमा लगिन लागेका थिए, उनै ब्राह्मण भगवान्को नाम उच्चारण गर्नाले उत्तिखेरै मुक्त भए ॥ ४५ ॥ अतः तीर्थलाई समेत तीर्थ बनाउने भगवान्को कीर्तन बाहेक, मोक्षको इच्छा गर्नेहरूको निम्ति कर्मबन्धनलाई चुंडाल्ने अरू कुनै उत्तम उपाय छैन, किन कि हरिनाम कीर्तनले मानिसको मन फेरि कर्ममा लिप्त हुँदैन । भगवन्नाम बाहेक अरू कुनै प्रायश्चित्तको आश्रय लिंदा ता मन पहिले झैं

रजोगुण औ तमोगुणले ग्रस्तै रहन्छ ।। ४६ ।।

जसले यो परम गुह्य, समस्त पापको नाश गर्ने इतिहासलाई श्रद्धा औ भक्तिपूर्वक सुन्दछ औ पढ्दछ त्यसले कहिले पनि नरकमा पर्नु पर्दैन । यमदूतले यिनलाई हेर्नसम्म पनि सक्तैनन् त्यस पुरुषको जीवन जस्तै पापमय भए तापनि त्यसले वैकुण्ठ लोकमा पूजित भएर बस्न पाउँछ ।।४७-४८ ।। अजामिल जस्तो महापापीले ता मर्ने बेलामा छोराको बहानाले भगवान्को नाम उच्चारण गर्दा परमधाम अर्थात् वैकुण्ठलोक पाए भने, श्रद्धासंग भगवान्को नाम कीर्तन गर्नेको ता कुरै छैन ।।४९।।

—०—

अध्याय—३

यम र यमदूतको सम्वाद औ वैष्णवहरूको महत्त्व-वर्णन ।

राजा परीक्षित्ले सोधे—

जसको अधीनमा यो सारा संसार छ त्यस्ता धमराजको आज्ञाको भगवान्का पार्षदहरूले उल्लङ्घन गरिदिए औ उनका दूतहरूलाई अपमानित पनि गरे । ती दूतहरूको मुखबाट अजामिलको सारा वृत्तान्त सुनेपछि उनले आफ्ना दूतहरूलाई के भने ? ॥ १ ॥ हे ऋषिवर ! यो भन्दा पहिले मैले कहिले पनि, कतै कुनै कारणले धर्मराजको दण्ड व्यर्थ भएको सुनेको छैन। हे मुनिजी ! यस विषयमा सबैले वडो सन्देह गर्नेछन् दुनियाँको यस सन्देहलाई तपाइँ सिवाय अरू कसैले निवारण गर्न सक्तैन भन्ने मलाई निश्चयछ। तसर्थ मेरो यस प्रश्नको कृपागरी उत्तर दिनु होस् ।।२।।

शुकदेवले भन्नुभयो—

हे राजन् ! भगवान्का पार्षदहरूले जसका प्रयत्न विफल गराइदिएका थिए ती यमदूतहरूले आफ्ना स्वामी संयमनी पुरीका अधिपति भगवान् यमलाई यस प्रकारसँग निवेदन गरे ।।३।।

यमदूतहरूले भने—

हे प्रभो ! संसारका जीव पाप, पुण्य अथवा दुवै मिलेको तीन थरिको कर्म गर्दछन् । ती जीवहरूलाई उनको कर्मको फल दिने शासक संसारमा निश्चितरूपले कति छन् ? ।।४।। संसारमा दण्डदिने शासक अनेक छन् भने ता, कसले सुख पाउने हो औ कसले दुःख—यस कुराको व्यवस्था, ता एकनासको हुने छैन । कहीं सुखका अधिकारीले दुःख र दुःख पाउनेले सुख पाउलान् ।। ५ ।। संसारमा कर्म गर्ने जीव अनेक छन् तसर्थ कर्मफलको व्यवस्थाको निम्ति शासक पनि अनेक हुन सक्तछन्—यो कुरा ठीक हो; तर यस्तो स्थितिमा ता ती शासकहरूको शासकत्व नाम मात्रको हुनेछ । जस्तो एउटा सम्राट्को अधीनमा अनेक नाममात्रका सामन्त हुन्छन् त्यस्तै यी शासकहरू पनि प्रधान शासकको अधीनमा हुनाले पराधीनै छन् ।।६।। तसर्थ हाम्रो विचारमा ता एकमात्र तपाईं नै समस्त प्राणीहरूको तथा यिनका स्वामीहरूको समेत अधीश्वर हुनुहुन्छ ।। ७ ।। तर हे प्रभो

तपाईं समानका शासकले निर्णय गरेको दण्ड अहिले प्रजाको शासनमा असमर्थ देखिन लागेको छ किन कि आज चार जना अद्भुत सिद्धहरूले तपाईंको आज्ञालाई अन्यथा गरिदिए ॥८॥ तपाईंको आज्ञाले हामीहरू एउटा पापीलाई यातना-गृह (नरक) तिर लैजान लागेका थियौं तर उनीहरूले बलजफ्तीसँग पाशो चुडाँलेर त्यस पापीलाई मुक्त गरिदिए ॥९॥ बताउनामा हाम्रो कल्याण देख्नु हुन्छ भने भन्नोस हामीलाई ती सिद्धहरूको रहस्य अर्थात् ती को हुन् जान्ने इच्छा भैराखेको छ । हे प्रभो! त्यस पापीको मुखबाट "नारायण" यो शब्द निस्कना साथ उनीहरू "न डराऊ न डराऊ" भन्दै हत्तपत्त त्यहाँ उपस्थित भैहाले ॥१०॥

शुकदेवजी भन्नुहुन्छ—

आफ्ना दूतहरूले यस प्रकारसंग सोधेपछि प्रजाको शासन गर्ने भगवान् यमराजले श्रीहरिको चरणकमलको स्मरण गर्दै उनीहरूलाई भने ॥११॥

यमराजले भने—

म बाहेक एउटा अर्कै चराचर जगत्का सर्वप्रधान अधीश्वर छन् । उनैमा यो सम्पूर्ण जगत् लुगामा सूत झैं ओतप्रोत छ । उनैका अंश ब्रह्मा, विष्णु, महादेवबाट यस जगत्को उत्पत्ति, स्थिति, तथा प्रलय भै रहन्छ उनैले यो सारा जगत्लाई नाकमा डोरी लगाएको गोरुलाई झैं आफ्नो अधीनमा राखेका छन् । १२॥ जसरी किसानले पहिले गोरुहरूलाई सारा साना डोरीले बाँधेर पछिबाट ती सबै डोरीलाई एउटा मोटो डोरीमा बाँधिदिन्छ त्यसैगरी जगदीश्वर भगवान्ले पनि ब्राह्मणादि वर्ण औ ब्रह्मचर्य आदि आश्रमरूपी साना साना नामको डोरीमा बाँधेर पछिबाट सबै नामलाई वेदबाणीरूप ठूलो डोरीमा बाँध्नु भएको छ । यस प्रकारसँग नाम औ कर्मरूप बन्धनले बाँधिएका सबै जीव भयभीत भै उहाँलाई बलि समर्पण गर्दछन् अर्थात् उहाँको अधीनमा छन् ॥१३॥ अरुको कुरा के भनौं म, इन्द्र, निर्ऋति, बरुण, चन्द्रमा, अग्नि, शङ्कर, वायु, सूर्य, ब्रह्मा; बान्है आदित्य, विश्वदेवता, आठै वसु, साध्य, उनन्चास मरुत्, सिद्ध; एघारै रुद्र तथा रजोगुणको तमोगुणको स्पर्श समेत नभएका भृगु आदि प्रजापति एवं ठूला ठूला देवता–सबै सत्त्व प्रधान भए तापनि, उहाँको मायाको अधीनमा भएकोले, उहाँका लीलाहरूको मर्म बुझ्न सक्दैनन् अर्थात् भगवान्ले कहिले, कुन रूपले के के गर्न खोजेको हो थाहाँ पाउँदैनन् ॥ १४–१५ ॥ जसरी आँखाले शरीरको सबै अंगलाई देख्तछ तर आँखालाई देख्न सक्दैन त्यसैगरी अन्तकरणमा साक्षीरुपले रहनु भएको परमात्मालाई कुनै प्राणीले पनि इन्द्रिय-मन-प्राण–हृदय अथवा बाणी आदि कुनै साधनले जान्न सक्दैन ॥१६॥

सबैका स्वामी स्वयं परम स्वतन्त्र, मायापति पुरुषोत्तम भगवान्का दूत उहींको जस्तै अति सुन्दर रूप, गुण औ स्वभावले सम्पन्न भै यस पृथ्वीमण्डलमा प्रायः भ्रमण गरिरहन्छन् ॥१७॥ बडा बडा देवताहरूले समेत विष्णु भगवान्का ती पार्षदहरूको पूजा गर्दछन् । उनीहरू बडा अद्भुत हुन्छन् औ उनको दर्शन पनि बडो दुर्लभ

हुन्छ। उनीहरू भगवान्‌का भक्तहरूलाई शत्रुहरूबाट, मबाट औ अग्नि आदि विपत्तिबाट सर्वदा सुरक्षित राख्तछन् ॥१८॥

स्वयं भगवान्‌बाट निर्माण गरिएको धर्म्म-मर्यादालाई ऋषिगण, देवता तथा प्रधान प्रधान सिद्धहरूले ता जान्न सक्तैनन् भने असुर, मानिस विद्याधर औ चारणादिले कसरी जान्न सक्लान् ? ॥१९॥ हे दूत हो ! ब्रह्मा, नारद, महादेव, सनत्कुमार, कपिलदेव स्वायम्भूव मनु, प्रह्लाद, जनक, भीष्मपितामह, बलि, शुकदेवजी औ म (यमराज)-यी बाह्रव्यक्तिले भगवान्‌द्वारा निर्माण गरिएको परम शुद्ध, अत्यन्त रहस्यमय, बुझ्न गाह्रो पर्ने भागवतधर्मको विषयमा केही जान्दछन्, यसलाई जान्ने मानिसले ता अमरपद याने मोक्ष भेट्टाइहाल्दछ ॥ २०-२१ ॥ नाम कीर्तनादिद्वारा भगवान्‌को चरणकमलमा भक्तिभाव उत्पन्न गराउनु नै यस लोकमा मानिसको सबभन्दा ठूलो कतव्य अर्थात् परम धम मानिएको छ ॥२२॥ ए नानी हो ! भगवान्‌को नामोच्चारणको महिमा ता हेर, अजामिल जस्तो महापापी ता केवल एक बाजी नामको उच्चारण गर्नाले मृत्युको पाशोबाट मुक्त भयो ॥२३॥ तसर्थ मानिसको पापलाई समूल नष्ट गर्नको निम्ति भगवान्‌का गुण, लीला औ नामको कीतन नै यथेष्ट छ। श्रद्धा, भक्तिसंग नाम संकीर्तन गऱ्यो भने ता दुर्लभ भगवत्प्रेमसम्म पनि पाइन्छ। पापको नाश ता जसरी नामोच्चारण गरे पनि हुन्छ। तिमीहरूले देखि हाल्यौ— अजामिल महापापी, जीवनभरिमा केवल एकवाजी मर्ने बेलामा, त्यो पनि भगवान्‌लाई सम्झेर व्हैन, छोरालाई बोलाउँ भन्दा नारायण नामको उच्चारण गर्नाले आफ्ना समस्त पापबाट मुक्त भयो ॥२४॥ प्रायश्चित्तको विधान बनाउने ठूला ठूला विद्वान्‌हरूको मति पनि अवश्य भगवानको मायाले मोहित भएको थियो। यसैले ता उनीहरूको बुद्धि वेदका ती वचनमा फस्न गयो, जुन बचन नाशवान् फलको बढत्व देखाउने हुनाले फूल झैं बडो लोभ्याउने देखिन्छन् तर वास्तवमा निःसार छन् । थोरै परिश्रमले सिद्ध हुने साधन पट्टि नलागेर बडा बडा यज्ञ यागादि कार्यमा लाग्नु नै उनीहरूको चित्तको वासना होला। बडा बडा विद्वान्‌हरूलाई भगवन्नामको महिमाको पत्तो रहेनछ जस्तो मालूम हुन्छ अथवा भगवन्नाम जस्तो महान् बस्तुलाई उनीहरूले जानि जानिकन पाप-नाश जस्तो सानो काममा नलगाएको पनि हुन सक्तछ ॥२५॥

बुद्धिमान् पुरुष यस्तै विचारले भगवान् अनन्तमा नै सम्पूर्ण अन्तःकरणले आफ्नो भक्तिभाव स्थापित गर्दछन्, तिनीहरू मेरो दण्डको पात्र ह्वैनन्; किन कि पहिले ता उनीहरूबाट पाप हुँदै हुँदैन कदाचित् संयोगले कुनै पाप भैहाल्यो भने पनि भगवान्‌को गुणगानले त्यसलाई तत्काल नष्ट गरिदिन्छ ॥२६॥ जुन समदर्शि साधु भगवान्‌को शरणमा गएका छन् अर्थात् उहींको भरमा छन् त्यस्ताको पवित्र चरित्रलाई बडा बडा देवता औ सिद्ध प्रेमसंग गाउँछन् । भगवान्‌को गदाद्वारा सदा उनको रक्षा भैरहन्छ उनीहरूको नजीक तिमीहरूले कहिले पनि नजानु तिनलाई दण्ड दिने सामर्थ्य न ममा छ न साक्षात् कालमा छ ॥२७॥ बडा बडा परमहंसहरू दिव्य रसको लोभले सबैको सङ्गत छाडी अकिञ्चन

भएर निरन्तर मुकुन्द भगवानको पादारविन्दको मकरन्दरस पान गरिरहन्छन् । जुन दुष्टहरू यस्तो दिव्यरसदेखि विमुख छन् औ नरकको द्वाररूप आफ्नो घरमा आसक्त छन्, तिनैलाई बारम्बार मकहाँ लिएर आउनु ॥२८॥ जसको जिब्रोले भगवानका गुण औ नामको कीर्तन गर्दैन, जसको चित्तले उहाँको चरणकमलको स्मरण गर्दैन औ जसको टाउको श्रीकृष्ण भगवान्को चरणारविन्दमा निहुँरदैन त्यस्ता भगवत्सेवा विमुख पापीहरूलाई मकहाँ लिएर आउने गर ॥२९॥ आज मेरा दूतहरूले भगबान्का पार्षदहरूको अपराध गरेर भगवान्कै तिरष्कार गरेको भन्नु पर्दछ। मेरो सेवकहरूद्वारा भएको यो अपराध मेरै हो । पुराण पुरुष भगवान् नारायणले हाम्रो यो अपराध क्षमा गर्नोस् । हामी अज्ञानी भए तापनि उहींका आश्रित ह्वौं औ सर्वदा उहाँको सेवामा अञ्जलि बाँधेर उपस्थित रहन्छौं । सबै भन्दा ठूला उहाँले हामीलाई क्षमा गर्नु नै उचित छ । उहाँ सर्वान्तरयामी अनन्त पुरुषलाई म नमस्कार गर्दछु ॥३०॥

शुकदेबजी भन्नु हुन्छ—

तसर्थ हे महाराज परीक्षित ! तिमी यो कुरा निश्चय संझ कि विष्णु भगवान्को नाम कीर्तन नै ठूलासे ठूला पापहरूको एक मात्र प्रायश्चित हो। यसले पापको बासनालाई समेत निर्मूल गरिदिन्छ । यसैबाट संसारको कल्याण हुन सक्तछ ॥३१॥ किन कि भगवान्का उदार औ कृपापूर्ण चरित्रको बारम्बार श्रवण औ कीर्तन गर्ने मानिसको हृदयमा उत्पन्न भएको भक्तिद्वारा जत्तिको आत्माको शुद्धि हुन्छ त्यत्तिको ता

चान्द्रायणादि व्रतहरूद्वारा पनि हुँदैन ॥३२॥ जुन व्यक्ति श्रीकृष्णको चरणकमलको रसास्वादन गर्ने लोभी भ्रमरा हुन्, ती एक बाजि तुच्छ संझेर त्यागिएका, दुर्गति उत्पन्न गर्ने, मायामय विषयमा फेरि रमाउँदैनन् तर जो मानिस यो दिव्यरसदेखि विमुख छन् औ कामनाले जसको बुद्धिलाई भ्रष्ट पारिसकेको छ, ती मात्र आफ्नो पाप पखाल्नाको निम्ति प्रायश्चित्तारूप कर्ममा प्रबृत्त हुन्छन् तर यसले उनीहरूको कर्मको वासना मेटिंदैन र फेरि पापमा लिप्त हुन्छन् ॥३३॥

आफ्ना स्वामी धर्मराजको मुखबाट यस प्रकारसँग सुनिएको भगवान्को महिमाको स्मरण गर्दा यमदूतहरूलाई बडो आश्चर्य्य लाग्यो । त्यस वेलादेखि उनीहरू धर्मराजको कुरामा विश्वास गरेर आफ्नो नाशको आशङ्काले भगवान्का आश्रित भक्तहरूको नजीक जाँदैनन्, उनीहरूतिर हेर्नसम्म पनि डराउँछन् ॥३४। यो अत्यन्त रहस्यमय इतिहास मलाई भगवान् अगस्त्यजीले मलयाचलमा बसेर श्रीहरिको पूजा गर्दाखेरि भन्नु भएथ्यो॥३५॥

अध्याय-४

दक्षको जन्म, ऊनले गरेको तपस्याको अन्तमा भगवान्‌को प्रादुर्भाव, हंसगुह्यस्तोत्र औ दक्षको भगवान्‌सितको सम्वाद।

राजा परीक्षित्‌ले सोधे—

हे भगवन् ! तपाईंले स्वायम्भुव मन्वन्तरमा देवता, असुर, मनुष्य, सर्प औ पशु-पक्षिको सृष्टिको कुरा संक्षेपमा (तृतीयस्कन्धमा) वर्णन गरिसक्नु भयो; त्यसैको बिस्तारपूर्वकको बिवरण सुन्ने मेरो इच्छा भै राखेको छ तथा प्रकृति आदिकारणका पनि परमकारण भगवान्‌ले आफ्नो जुन शक्तिले, जसरी त्यसपछिको सृष्टि उत्पन्न गर्नुभयो सो पनि जान्न चाहन्छु ॥१-२॥

सूतजी भन्दछन्—

हे शौनकादि ऋषि हो ! योगिहरूमध्येका श्रेष्ठ व्यास-नन्दन श्रीशुकदेवजी राजर्षि परीक्षित्‌को यो राम्रो प्रश्न सुन्दा उनको प्रशंसा गरेर भन्न लागे ॥३॥

शुकदेवजीले भने —

राजा प्राचीनबर्हिका प्रचेता नाम गरेका दश छोरा जब समुद्र बाहिर निस्केथे, उनीहरूले अनेक वृक्ष-लताले सम्पूर्ण पृथ्वीलाई ढाकेको देखे ॥४॥ यी रूखहरूमाथि उनीहरूलाई बडो रिस उठ्यो, तपोबलले ता उनको रिसमा आहूति दियो, अतः ती रूखहरूलाई भस्म पार्नाको निम्ति आफ्ना मुखबाट वायु औ अग्निलाई उत्पन्न गरे ॥५॥ हे राजा परीक्षित् ! प्रचेताहरूले उत्पन्न गरेको वायु औ अग्निद्वारा रूख-लहरा डढ्न लागेको देखेर वृक्षहरूका राजाधिराज चन्द्रमाले उनीहरूको रिस साम्य गर्दै यसप्रकारसँग भन्न लागे ॥६॥ हे महाभाग्यमानी प्रचेता हो ! प्रजाहरूको वृद्धि गर्नामा इच्छुक भएकोले तिमीहरू प्रजापति कहिएका छौ तसर्थ यी बिचरा रूखहरूसित तिमीहरूले वैर गर्न मुनासिब पर्दैन ॥७॥ अहो! प्रजापतिहरूका अधिपति अविनाशी श्रीहरिले सम्पूर्ण बनस्पति औ औषधिहरूलाई प्रजाको हितका लागि भक्ष्य औ अन्नरूपले उत्पन्न गर्नु भएको हो ॥८॥ संसारमा फल-पुष्पादि स्थावर पदार्थ पखेटाले उड्ने जङ्गम जीवका भक्ष्य हुन् । खुट्टाले हिंड्नेहरूको निम्ति खुट्टा नभएका घाँस तृणादि पदार्थ भोजन हुन् । हात भएकाहरूको निम्ति हात नभएका रूख लहरा औ दुई खुट्टे मनुष्यादिको निम्ति धान, गहूँ इत्यादि अन्न भोजन हुन् ॥९॥ हे निष्पाप प्रचेता हो ! तिमीहरूलाई ता तिम्रा पिता (राजा प्राचीनबर्हि) औ देवाधिदेव भगवान्‌ले प्रजा उत्पत्त गर्ने आज्ञा दिनु भएको छ तसर्थ उहाँहरूको आज्ञा विरुद्ध प्रजाको जीविका चलाउने यी रूखहरू भस्म पार्न कसरी उचित पर्ला ? ॥१०॥ अतः अब आफ्नो बढिराखेको रिसलाई शान्त गर औ पितापितामह-प्रपितामहहरूबाट चलिआएको सत्पुरुषको मार्गको अवलम्बन गर ॥११॥ हेर, जसरी आमाबाबुले बालकको, परेलाले आँखाको, लोग्नेले स्वास्नीको, गृहस्थले भिक्षुकको औ ज्ञानीले अज्ञानीको रक्षा गर्दछन् त्यसै गरी प्रजाहरूको रक्षा गर्ने राजा

हुन्छन् ॥१२॥ समस्त प्राणीको अन्तःकरणमा सर्वशक्तिमान् भगवान् आत्माको रूपमा बिराजमान हुनुहुन्छ, अतः तिमीहरूले सबैलाई उहींको निवासस्थान संझनु पर्दछ। यसो गर्‍यौ भने भगवान्‌लाई प्रसन्न गराउन सकौला ॥१३॥ जो आफ्नो हृदयमा उम्लिराखेको रिसलाई, आत्मविचारद्वारा शरीर भित्रै शान्त गरी बाहिर निस्कन दिंदैन त्यसले कालक्रमले तीनै बोटा दुस्तर गुणलाई पार गर्न सक्तछ अर्थात् तिनीहरूमाथि विजय प्राप्त गर्न सक्तछ ॥१४॥ अतः अब यी बिचरा रूखहरूलाई डढाउन बन्द गरिदेऊ, जति बाँकिरहेका छन् तिनको रक्षागर यसबाट तिम्रो पनि कल्याण हुनेछ। वृक्षद्वारा पालिएकी यी श्रेष्ठ कन्यालाई पत्नीको रूपमा स्वीकार गर ॥१५॥

प्रचेताहरूलाई यस प्रकारसंग संझाइ बुझाइकन वनस्पतिहरूका राजा चन्द्रमा, उनलाई प्रम्लोचा अप्सराबाट जन्मेकी सुन्दरी कन्या दिएर, त्यहाँबाट हिंडे। प्रचेताहरूले धर्मानुसार ती कन्यासित विहेगरे ॥१६॥ यिनै प्रचेताद्वारा ती कन्याको गर्भबाट प्राचेतस नामले विख्यास भएका दक्षको उत्पत्ति भएको भन्दछन्। दक्षले उत्पन्न गरेका असंख्य प्रजाले तीनै लोक परिपूर्ण भयो ॥१७॥ छोरीहरूलाई खूब मायागर्ने दक्षले आफ्नो वीर्य्य औ मनले जसरी थरिथरिका प्राणीको सृष्टि गरे सो म भन्दछु, सावधान भएर सुन ॥१८॥

पहिले प्रजापति दक्षले जल, थल औ आकाशमा रहने देवता, असुर एवं मनुष्य आदि प्रजालाई आफ्नो मनैले उत्पन्न गरे ॥१९॥ तर यो प्रजाको सृष्टिलाई नबढेको देख्ता प्रजापति दक्ष विन्ध्याचलको निकटवर्ती पर्वतहरूमा गएर बडो घोर तपस्या गर्न लागे ॥२०॥ त्यहाँ समस्त पापलाई नष्ट गर्ने अघमर्षण नाम गरेको एउटा अत्यन्त श्रेष्ठ तीर्थ छ। प्रजापति दक्ष यै तीर्थमा त्रिकाल स्नान गर्दथे औ तपस्याद्वारा भगवान्‌को आराधना गर्दथे ॥२१॥ प्रजापति दक्षले श्री अधोक्षज भगवान्‌को जुन हंसगुह्य नामक स्तोत्रले स्तुति गरेथे त्यो र जसरी भगवान् दक्षमाथि प्रसन्न हुनु भएथ्यो सो सबै तिमीलाई सुनाउँछु ॥२२॥

दक्ष प्रजापतिले यस प्रकारसंग स्तुति गरे—

हे भगवन् ! तपाईंको अनुभूति,तपाईंको चित्‌शक्ति अमोघ छन्। जीव तथा माया दुबैदेखि फरक तथा उनका नियन्ता औ उनलाई सत्ता-स्फूर्ति दिने हुनुहुन्छ। त्रिगुणमयीसृष्टिलाई नै जसले वास्तविक सत्य संझेकाछन् तिनले तपाईंको स्वरुपलाई देख्न सक्तैनन् किन कि त्यसको परिमाण औ सीमा नै छैन, त्यो ता स्वयं प्रकाशित औ प्रत्यक्षादि प्रमाणको पहुंच बाहिर छ। यस्ता सर्वोत्तम तपाईं परमात्मालाई म नमस्कार गर्दछु ॥२३॥ जसरी शब्द स्पर्शादि विषय आफ्ना प्रकाशक चक्षु आदि इन्द्रियको सख्य अर्थात् प्रकाश शक्तिलाई जान्दैनन् त्यसैगरी यस शरीरमा सखाभावले रहने जीव, यसैमा सखारूपले संग संगै रहने सर्वशक्तिमान् तपाईंको सख्यभाव अर्थात् इन्द्रियचालनादि शक्तिलाई जान्दैन, किन कि तपाईं ता जीव औं जगत्‌को द्रष्टा नकि दृश्य हुनुहुन्छ, हे प्रभो ! यस्ता महेश्वर तपाईंलाई नमस्कार गर्दछु ॥२४॥ देह, प्राण, इन्द्रिय, अन्तः-

करणका बृत्तिहरू, पञ्चमहाभूत, पञ्चतन्मात्रा यी सबै जड हुनाले आफ्नो आफ्नो स्वरूपलाई र अरू अरू अधिष्ठाता देवताहरूलाई जान्दैनन् तर जीव ता यी सवैलाई तथा यिनका कारण सत्व-रज-तम यी तीन गुणलाई समेत जान्दछ तर त्यस जीवले पनि दृश्य एवं ज्ञेयरूपले तपाईं-लाई जान्न सक्तैन किन कि तपाईंनै सबका ज्ञाता औ अनन्त हुनुहुन्छ । यस्ता तपाईंको म केवल स्तुति गर्दछु ॥२५॥ नाम औ रूपात्मक जगत्को निरूपण गर्ने मन जब दर्शन औ स्मरणशक्तिले रहित भै कन समाधि अबस्थामा पुग्दछ त्यस बखतमा विना मनले पनि तपाईं स्वरूपस्थितिले नै प्रकाशित हुनुहुन्छ । प्रकाशित हुने साधनभएर पनि प्रकाशित हुनु नै तपाईंको स्वयंप्रकाशता हो । हे प्रभो ! शुद्ध मनोमन्दिर नै तपाईंको निवासस्थान हो । यस्ता शुद्धस्वरूप तपाईं परमात्मालाई नमस्कार छ ॥२६॥ जसरी याजक-हरू काठभित्र लुकेको अग्निलाई " सामधेनि " नामक पन्द्रह मन्त्रद्वारा प्रकट गर्दछन् त्यसै गरी ज्ञानी पुरुष सत्ताइस तत्त्वरूप आफ्ना उपाधिमा गूढभावले लुकिरहने तपाईंको आफ्नो शुद्ध बुद्धि-द्वारा हृदय मै साक्षात्कार गर्दछन् ॥२७॥ जगत्मा जति भिन्नता देखिन्छन् ती सब मायाले गर्दामा नै देखिएका हुन् । मायाको निषेध भएमा ता केवल परम-सुखको साक्षात्कार स्वरूप तपाईं नै बाँकि रहनु हुन्छ । मायातिर बिचार गर्दा ता तपाईंको स्वरुपमा मायाको उपलब्धि हुँदैन तपाईंदेखि पृथक् त्यसको निर्वचन पनि हुन सक्तैन, यस दृष्टिले माया तपाईंदेखि भिन्न छैन अर्थात माया पनि तपाईं नै हुनुहुन्छ । अतः समस्त नाम औ सारा रूप तपाईंके हुन् । हे प्रभो ! ममाथि प्रसन्न हुनुहोस् । आत्मप्रसादले मलाई पूर्ण गरि-दिनोस् ॥ २८ ॥ वाक्य जे भनिन्छ अथवा मन बुद्धि औ इन्द्रियले जो ग्रहण गरिन्छ त्यो तपाईंको स्वरूप होइन किन कि यी सब पदार्थ ता गुणरूप हुन् औ तपाईं ता गुणको उत्पति औ प्रलयद्वारा (उनको अधिष्ठानरूपले) लक्षित हुनुहुन्छ ॥ २९ ॥ हे भगवन् ! तपाईं मैं यो सारा जगत् अडिएकोछ, तपाईंबाट नै यो निस्केको हो, बिना कसैको सहाराले तपाईंले यसको निर्माण गरेको हो, यो तपाईंको औ तपाईंके निम्तिको हो । यसको भिन्न भिन्नरूपमा बन्ने औ बनाउने तपाईं नै हुनुहुन्छ, बन्ने-बनाउने विधि पनि तपाईं नै हुनुहुन्छ, सवैसित काम लिने पनि तपाईं नै हुनुहुन्छ । कार्य-कारणको भेद न हुँदा पनि तपाईं स्वयंसिद्ध स्वरूपमा रहनु भएको थियो । यसैले तपाईं सवैको कारण हुनुहुन्छ । जीब-जगत्को भेद औ स्वगत भेदले रहित तपाईं एक, अद्वितीय स्वयं ब्रह्म हुनुहुन्छ ॥३०॥ हे प्रभो ! तपाईंको माया--अविद्या आदि शक्ति, वादी-प्रतिवादिहरूको बिवाद, सम्बाद (ऐकमत्य) को विषय हुन्छ औ उनको चित्तलाई बारम्बार मोहमा पार्दछ, म उनै अनन्त गुणसम्पन्न सर्व-ब्यापी परमात्मालाई नमस्कार गर्दछु ॥३१॥ योग-शास्त्रले सम्पूर्ण जगत् भगवान्को स्वरूप हो भन्दछ, साँख्यले उनको कुनै रूप छैन भन्दछ। यस प्रकारसँग एउटै वस्तुको विषयमा उनका हात-खुट्टा आदि अङ्ग छन् र छैनन् भन्ने यस प्रकारका दुई विरुद्ध औ भिन्न धर्मको प्रतिपादन

गर्ने योग औ साँख्यमा विरोध छैन, कारण यी दुवै एउटै वस्तुमा अडिएका छन् । विना आधारले हात-खुट्टा हुनु सम्भव छैन औ निषेधको पनि कुनै न कुनै अवधि हुनै पर्दछ। तपाईं नै त्यो आधार औ निषेधको अवधि हुनुहुन्छ। तसर्थ साकार-निराकार दुवै तरफबाट अविरुद्ध, सम परब्रह्म हुनुहुन्छ, यस्ता तपाईंलाई म नमस्कार गर्दछु ॥३२॥ तपाईंको न कुनै प्राकृत रूप छ, न कुनै प्राकृत नाम, यसो भएतापनि आफ्नो चरणकमलको भजन गर्नेहरूमाथि अनुग्रह गर्नाको निम्ति अनेकरूपमा प्रकट भै थरिथरिका लीला गर्नुहुन्छ औ ती लीला औ रूप अनुसारको अनेक नाम धारण गर्नुहुन्छ। यस्ता परमात्मा तपाईं ममाथि प्रसन्न हुनुहोस् ॥३३॥ जसरी हावा गन्धको आश्रय लिएर सुगन्धित मालूम हुन्छ तर वास्तवमा सुगन्धित छैन त्यसैगरि सबैको हृदयमा रहने तपाईं, मानिसको उपासना प्रायः साधारण कोटिको हुने हुनाले उनको भावना अनुसार भिन्न भिन्न देवताको रूपमा प्रकट भै रहनु हुन्छ । यसरी सबैको भावनाको अनुसरण गर्ने प्रभुले मेरो अभिलाषा पूर्ण गरिदिनोस् ॥३४॥

शुकदेवजी भन्नुहुन्छ—

हे महाराज परीक्षित् ! विन्ध्याचलको अधमर्षण तीर्थमा प्रजापति दक्षले यस प्रकारसँग स्तुति गरेपछि भक्तवत्सल भगवान् स्तुतिकर्त्ताको सामुन्ने प्रकट हुनुभयो ॥३५॥ त्यस बखतमा भगवान्ले गरुडको काँधमा आफ्नो चरण राख्नु भएको थियो, उहाँका आठवोटा लामा लामा बाहुली थिए, यिनमा उहाँले चक्र, शङ्ख, तलवार, ढाल, वाण, धनुष, पाश औ गदा धारण गर्नु भएको थियो ॥३६॥ वर्षाकालको मेघ समानको उहाँको श्याम शरीरमा पीताम्बर सुशोभित थियो, मुख-मण्डल तथा नेत्र प्रफुल्लित थिए, घूंडासम्म वनमाला लकिराखेको थियो तथा श्रीवत्स औ कौस्तुभमणिले गर्दा उहाँको सारा शरीर अत्यन्त शोभायमान देखिएको थियो ॥३७॥ वहुमूल्य किरीट, कङ्कन, मकराकृत कुण्डल, कर्धनी, औंठी, पाउजेव, बाजूबन्द इत्यदि गहना आफ्नो आफ्नो ठाउँमा सुशोभित थिए ॥३८॥ यस प्रकारसँग त्रिभुवन-पति भगवान्ले तीनै लोकलाई मोहित पार्ने रूप धारण गर्नु भएको थियो। नारद, नन्द सुनन्द, आदि-गरिएका पार्षदहरूले तथा अनेक देव-नायक-हरूले उहाँलाई चारैतिरबाट घेरिराखेका थिए ॥३९॥ उहाँको पछि पछि गान गर्ने सिद्ध, गन्धर्व औ चारणहरू भगवान्‌को गुणको गान गरिराखेका थिए । भगवान्‌को यो अत्यन्त आश्चर्य्यमय औ अलौकिक रूप देख्ता प्रजापतिको मन अलि हडवडाए जस्तो भयो ॥४०॥ अलिबेर पछि मनमा दङ्ग परी पृथ्वीमा लम्पसार परेर उहाँलाई प्रणाम गरे। जसरी झर्नाको जलले नदी परिपूर्ण हुन्छन् त्यसैगरी परमहर्षको वेगले मन औ प्रत्येक इन्द्रिय रोकिन गएकोले उनी केही पनि बोल्न सकेनन् ॥४१॥ सबै प्राणीको मन-भित्रको कुरा जान्ने भगवान्ले, यस प्रकारसँग प्रणाम गरिरहेका, परमभक्त, प्रजावृद्धिको कामना गर्ने दक्ष प्रजापतिलाई यसरी भन्न लाग्नु भयो ॥४२॥

भगवान्‌ले भन्नु भयो—

हे महाभाग्यमानी, प्रचेताका छोरा ! अबलाई तपस्याद्वारा तिमीले उत्तम सिद्धि प्राप्तगर्‍यौ, किन कि ममा श्रद्धा गर्नाले तिम्रो हृदयमा म प्रति परम प्रेमभावको उदय भएको छ ॥४३॥ हे प्रजापते ! तिमीले यस विश्वको वृद्धिकालागि तपस्या गरेका ह्वौ, तसर्थ तिमीदेखि म अत्यन्त प्रसन्न छु, किन कि जगत्का समस्त प्राणीको वृद्धि होस् भन्ने मेरो पनि इच्छा छ ॥४४॥ ब्रह्मा, महादेव, तिमी जस्ता प्रजापति, स्वायम्भुवमनु औ इन्द्र यी सबै मेरा विभूति औ प्राणीहरूको उत्पत्तिका कारण हुन् ॥४५॥ हे ब्रह्मन् ! तपस्या मेरो हृदय हो, विद्या शरीर हो, कर्म आकृति हो, यज्ञ अङ्ग हुन् , धर्म मन हो औ देवता प्राण हुन् ॥४६॥ सृष्टि हुनु भन्दा अघि केवल म मात्र थिए त्यो पनि निष्क्रियरूपमा, बाहिर–भित्र कहीं पनि अरू केही थिएन; नता कुनै द्रष्टा थियो न कुनै दृश्य, म केवल ज्ञानस्वरूप औ अव्यक्त थिएँ सर्वत्र सुषिप्तिले नै ढाकेको थियो भन्ने संझ ॥४७॥ म अनन्त छुं, औ मेरा गुण पनि अनन्त छन् , गुणमयी मायाको योगले जब मेरो यो गुणमय ब्रह्माण्ड-शरीर प्रकट भएथ्यो त्यस बखतमा म नै त्यसबाट अयोनिज स्वयम्भू ब्रह्माको रूपमा उत्पन्न भएं ।४८। जब मैले त्यससमा शक्ति औ चेतनाको सञ्चार गरे अनि देवशिरोमणि ब्रह्मा सृष्टि गर्नाको निम्त्ति उद्यत भए तर आफूलाई उनले सृष्टिकार्यमा असमर्थ जस्तो देखे ॥४९॥ अनि मेरो आज्ञाले उनले घोर तपस्या गरे औ त्यस तपस्याको प्रभावले पहिले तिम्रा पुर्खा नौ प्रजापति-हरूलाई उप्पन्न गरे ॥५॥

ए बाबु दक्ष ! हेर, यी पञ्चजन प्रजापतिकी असिक्नि नाम गरेकी छोरी हुन् । हे प्रजापते ! यिनलाई आफ्नो पत्नीको रूपमा ग्रहण गर ॥५१॥ दाम्पत्य सम्बन्धले हुने रति धर्मलाई स्वीकार गरी, उही मैथुनधर्मलाई स्वीकार गर्ने यी असिक्निद्वारा अनेक प्रजा उत्पन्न गर्न सक्तछौ ॥५२॥ हे प्रजापते ! अहिले सम्म ता मानसी सृष्टि हुन्थ्यो परन्तु अब तिमी पछिका सारा प्रजा मेरो मायाले स्त्री–पुरुषको संयोगले उत्पन्न हुने छन् औ मेरो सेवामा तत्पर रहने छन् ॥५३॥

शुकदेवजी भन्नु हुन्छ—

विश्वका जीवनदाता भगवान् हरि यति भनेर दक्षको अगाडिनै,सपनामा देखिएको वस्तु ब्यूं झना साथ लुप्त भएझैं अन्तर्धान हुनु भयो ॥५४॥

———

अध्याय—५

नारदको उपदेशले हर्यश्व औ शवलाश्व नामक दक्षपुत्रहरूको विरक्ति र नारदलाई दक्षको श्राप ।

शुकदेवजी भन्नुहुन्छ–

बिष्णु भगवानको मायाद्वारा शक्ति सञ्चार भएकोले दक्ष प्रजापति परमसमर्थ भए। उनले पञ्चजनकी छोरी असिक्निबाट हर्यश्व नामगरेका दस हजार छोरा जन्माए ॥१॥ हे राजन् ! दक्षका यी सबै छोरा एकै किसिमको आचार औ एक

नासको स्वभाव भएका थिए । पिता दक्षले सन्तान उत्पन्न गर्ने आज्ञा दिए पछि यिनीहरू तपस्या गर्ने विचारले पश्चिम दिशातिर लागे ॥२॥ पश्चिम दिशामा सिन्धु नदी र समुद्रको सङ्गममा नारायण--सर नामक एउटा ठूलो तीर्थ छ ! ठूला ठूला मुनि र सिद्ध पुरुष त्यहाँ बस्त-छन् ॥३॥ नारायण—सरमा स्नान गर्दैमा हर्यश्व-हरूको अन्तःकरण शुध्द भएकोले उनीहरूको बुद्धि भागवत्धर्ममा लागि हाल्यो ॥४॥ तर पिता दक्षको आज्ञाले बाँधिएको हुनाले घोर तपस्या गर्नलागे । भागवतधर्ममा रुचि भएर पनि प्रजावृद्धिको निम्ति तत्पर भएको देख्ता देवर्षि नारदले उनीहरूनिर आएर भने—"हे हर्यश्व हो ! प्रजापति भए तापनि वास्तवमा तिमीहरू मूर्ख नै रहे छौ । तिमीहरूले पृथ्वीको अन्त नै देखेका छैनौ भने कसरी सृष्टि गर्लाऊ ॥६॥ एउटा राज्य छ, जसमा केवल एउटा पुरुष छन् एउटा प्वाल छ जसबाट कोही बाहिर निस्केको देखिएको छैन;एउटी स्त्री छ जसका अनेक प्रकारका रूप छन्, व्यभिचारिणीको पति भएको एउटा पुरुष छ ॥७॥ एउटा नदी छ जसको धारा सोझो उल्टो दुवै तिर बहन्छ, पच्चीस पदार्थले बनेको एउटा अद्भुत घर छ, कुनै ठाउँमा विचित्र बोली बोल्ने एउटा हाँस छ, छुरा औ वज्रले बनेको स्वयं घुमिरहने एउटा चक्र छ ॥८॥ हे मूर्ख हो ! आफ्ना सर्वज्ञ पिताको वास्तविक आज्ञा न बुझिकन र माथि कहिएका वस्तु नदेखिकन, उनको आज्ञानुसार तिमीहरू कसरी सृष्टि गर्न सकौला ? ॥ ९॥

शुकदेवजी भन्नुहुन्छ—

हर्यश्वहरू जन्मैदेखिका बडा बुद्धिमान् थिए । देवर्षि नारदका यी कूटबाक्य (गूढवचन) स्वयं आफ्नो बुद्धिले ती वाक्यको भाव यस प्रकारसँग विचार गर्नलागे ॥१०॥ यो जीव नामक लिङ्ग शरीर नै पृथ्वी हो औ यै आत्माको अनादि बन्धन हो । यसको अन्त अर्थात् विनाश न देखिकन मोक्षका अनुपयोगी असत्कर्ममा लागि-रहनामा के लाभ छ ? ॥११॥ वास्तवमा ईश्वर एउटै छन्, उनी जाग्रत् आदि तीनै अवस्थाका साक्षी औ सर्वश्रेष्ठ छन्, उनी सबैका आश्रय हुन् तर उनको आश्रय कोही छैन। उनै भगवान् हुन् । प्रकृति आदि देखि परका, नित्यमुक्त ती परमात्मालाई नजानेसम्म एवं उनमा चित्त समर्पण न गरिकन वृथा कर्म गर्नाले पुरुषलाई के लाभ होला ? ॥१२॥ जसरी मानिस विलरूप पातालमा प्रवेश गरेपछि त्यहांबाट फर्कन पाउन्न त्यसैगरी जसमा प्राप्त भएपछि जीवले फेरि संसारमा फर्कनु पर्दैन उनै स्वयं अन्तर्ज्योति-स्वरूप परमात्मालाई नजानिकन स्वर्ग आदि बिनाशवान् फल दिने कर्म गर्नु न गर्नु बराबर छ ॥१३॥ यो आफ्नो बुद्धि नै बहुरूपिणी एवं सत्वादि गुण धारण गर्ने व्यभिचारिणी स्त्रीसमान छ । यस जीवनमा यसको अन्त न जानेसम्म अर्थात् विवेक प्राप्त नगरिकन अशान्ति बढाउने कर्म गर्नाको के प्रयोजन छ ? ॥१४॥ जसरी दुष्ट पत्नीको सँगले पुरुषको स्वाधीनता नष्ट हुन्छ अर्थात् त्यो पुरुष आफ्नो पत्नीको सुखमा सुखी र दुःखमा दुःखी हुन्छ त्यसैगरी बहुरुपिणी बुद्धिको संसर्गले ऐश्वर्य भ्रष्ट भएर एवं त्यै मायाको सुख दुःखरूप गतिको अनुगमन गर्ने जीवलाई, जुन पुरुषले जान्दैन त्यसलाई विवेकरहित असत्

कर्म गर्नाले के लाभ छ ? ।।१५।। संसारको उत्पत्ति औ संहार दुवैतिर प्रवाह भएकी तथा इहलोक औ परलोकरूप दुवै किनारासम्म फैलिएर वेगले बहने वो मायारूप नदीलाई नजान्ने उन्मत्तले झन् झन् प्रवाहमा बगाएर लैजाने जुन असत् कर्म गर्दछ त्यसबाट उसले के फाइदा उठाउन सक्ला ? ।।१६।। अन्तर्यामी पुरुष पच्चीस तत्वको आश्चर्यमय आश्रय हो, समस्त कार्य-कारणात्मक जगत्को अधिष्ठाता पनि त्यै हो, यस पुरुषको स्वरूप नजान्ने व्यक्तिलाई असत् कर्म गर्नाले के फाइदा होला ? ।।१७।। भगवान्को स्वरूप बताउने शास्त्र हाँस समान नीर-क्षीर-विवेकी हुन्छ, यसले बन्ध-मोक्ष, जड-चेतनलाई बेग्ला बेग्लै गरेर देखाई दिन्छ। यस्तो अध्यात्मशास्त्ररूप हाँसकोआश्रव छाडेर, बहिर्मुख बनाउने कर्म गर्नाले के फाइदा हुन सक्तछ ?।।१८।। काल नै चक्र हो, यो निरन्तर घुमिरहन्छ । यसको धार छुरा औ वज्रसमान तीखो छ औ यसले सम्पूर्ण जगत्लाई आफूतिर तानिराखेको छ; कसैले रोक्न नसक्ने हुनाले यो परमस्वतन्त्र छ। यो कुरा नबुझिकन कर्मको फललाई नित्य संझेर जो सकाम भावले कर्म गर्दछन् तिनीहरूको त्यस अनित्य कर्मले के फाइदा होला ? । १९।। शास्त्र नै हाम्रा पिता हुन किन भने शास्त्रद्वारा नै द्रोस्रो जन्म हुन्छ। कर्ममा लाग्ने होइन कि त्यसबाट निवृत्त हुने यसको आदेश छ । जो व्यक्ति यस आदेशलाई जान्दैन त्यो गुणमय प्रवृत्ति-मार्गमा विश्वास गर्ने हुनाले शास्त्रको आज्ञाको अनुकूल कर्मगर्न कसरी समर्थ होला ? ॥२०॥

हे राजन् ! हर्यश्वहरू यस प्रकारको निश्चय गरी एकमत भएर देवर्षि नारदलाई प्रदक्षिणा गरी, जुन बाटो लिएपछि फेरि फर्कनु पर्दैन त्यस मोक्ष मार्गको बाटो लिए ।।२१।। उता नारदजी पनि कृष्णपादारविन्दलाई प्रकट गर्ने स्वरब्रह्म (संगीत) मा सम्पूर्णरूपले आफ्नो मन लगाएर लोकलोकान्तरमा भ्रमण गर्न-लागे ।।२२।।

यता, नारदको उपदेशले आफ्ना शीलसम्पन्न छोराहरू कर्तव्य-च्युत भएको सुन्दा दक्ष प्रजापति शोकले व्याकुल भए । साँच्चिहो, असल छोरा हुनु पनि शोकको घर हो ।।२३।। ब्रह्माले संझाए बुझाएपछि दक्षले पञ्चजनीकी छोरी असिक्नीको गर्भबाट फेरि शवलाश्व नामका अरू एक हजार छोरा जन्माए ।।२४। यिनीहरू आफ्ना पिताको आज्ञा पाएर प्रजा उत्पन्न गर्ने उद्देश्यले तप गर्नको निम्ति उही नारायण सरोवरमा गए, जहाँ कि उनका दाजुहरूले नारदको उपदेशद्वारा सिद्धि प्राप्त गरेका थिए ।।२५।। त्यस सरोवरमा स्नान गर्नाले नै उनीहरूको अन्तःकरणको सबै मल पखालिएर गयो र परब्रह्मस्वरूप ॐकारको जप गर्दै उनीहरू घोर तपस्या गर्नलागे ॥२६।। केही महीनासम्म केवल जल पिएर र फेरि केही महीनासम्म बायु-भक्षण गरी यिनीहरूले निम्न-लिखित मन्त्रको जप गरेर मन्त्राधिपति भगवान्को आराधा गर्नलागे ।।२७।। त्यो मन्त्र यै हो—हामी नमस्कारपूर्वक ओङ्कारस्वरूप भगवान् नारायणको ध्यान गर्दछौं, उहाँ विशुद्ध-चितमा निवास गर्नुहुन्छ, सबैका अन्तर्यामी हुनुहुन्छ तथा सर्वव्यापक एवं परमहंस-स्वरूप हुनुहुन्छ ।।२८।।

हे राजन् ! एक दिन देवर्षि नारदले आएर प्रजासृष्टिको अभिलाषा गर्ने दक्षका यी छोरा-हरूलाई पनि पहिले झैं कूटवाक्य भनेर यसरी उपदेश गर्नुभयो ॥२९॥ "हे दक्षका छोरा हो ! मैले दिनलागेको उपदेश सुन । तिमीहरू ता दाजूहरूलाई खूब प्रेम गर्ने ह्वौ, त्यसो भए उनीहरूको मार्गको पत्तो लगाएर किन त्यसको अनुसरण गर्दैनौ ? ॥३०॥ जुन धर्मज्ञ भाइले आफ्ना दाजुहरूको श्रेष्ठ मार्गको अनुसरण गर्दछ त्यै नै साँच्चिको भाइ हो । त्यस पुण्यवान् पुरुषले स्वर्गमा मरुद्गणको साथमा आनन्द भोग्द छ" ॥३१॥

हे महाराज परीक्षित् ! शबलाश्वहरूलाई यस प्रकारको उपदेश दिएर नारदजी आफ्नो स्थान तिर लाग्नु भयो र ती राजकुमारले आफ्ना दाजुहरूको मार्गके अनुगमन गरे. किन कि नारदजीको दर्शन कहिले पनि विफल हुँदैन ॥३२॥ उनीहरू अन्तर्मुखी वृत्तिले प्राप्त हुने योग्य बाटोको बटुवा भए, यो बाटो अत्यन्त सुन्दर औ भगवत्प्राप्तिको निम्ति अनुकूल पनि छ । उनीहरू वितेको रात झैं न अहिलेसम्म त्यस बाटोवाट फर्केका छन् न पछि फर्कने छन् ॥३३॥

थिन्ताक अनेक अपशकुन हुन लागेको देख्ता दक्षको चित्तामा छोराहरूको अनिष्टको शङ्का हुन लाग्यो, यत्तिकैमा नारदले पहिले झैं यस पालि पनि आफ्ना छोराहरूलाई प्रवृत्ति मार्गबाट भडकाएर निवृत्तिमार्गमा लगाए भन्ने समाचार सुने ॥३४॥ पुत्रशोकले गर्दा अचेत परेका दक्षलाई नारदजी-माथि बडो रिस उठ्यो र यै मौकामा नारदलाई आफूकहाँ आएको देख्ता रीसले उनको ओंठ फर्फरा-उन लाग्यो र झोक्किएर उनलाई भन्न लागे ॥३५॥

दक्षले भने—

अहो दुष्ट ! व्यर्थमा साधुको जस्तो वेष धारण गर्ने तिमीले मसित बडो खराव वर्त्ताव गऱ्यौ किन कि आफ्नो धर्ममा प्रवृत्त भएका मेरा छोराहरूलाई बहकाएर तिमीले सन्यास-मार्गको उपदेश दियौ, साधुहरूको काम यै हो त ? ॥३६॥ मेरा छोराहरू अहिले सम्म ब्रह्म-चर्यद्वारा ऋषि ऋण, यज्ञद्वारा देव-ऋण र पुत्रो-त्पत्तिद्वारा पितृऋणबाट मुक्त भएका थिएनन् उनीहरूलाई अहिलेसम्म कर्मफलको नश्वरताको सम्बन्धमा केही बिचारै थिएन । तर हे पापी ! तिमीले ता मेरा छोराहरूको दुवै लोकको सुख लाई नष्ट गरिदियौ ॥३७॥ साच्चिनै तिम्रो मनमा दयाको नामसम्म पनि रहेन छ, यसैले ता बालक-हरूको बुद्धि बिगारि बिगारि हिंड्दछौ । यस प्रकारसँग भगवान्‌को यशलाई कलङ्कित गर्ने भएर पनि तिमी निर्लज्ज भै उहाँका पार्षदहरूमा रहन्छौ ॥ ३८ ॥ भगवानका पार्षदहरू दुःखी प्राणीमाथि दया गर्न सदा तत्पर रहन्छन् भन्ने कुरा मलाई थाहा छ, तर तिमी ता प्रेम-भावलाई विनाश पार्ने रहेछौ । सबैसित प्रेम गर्ने कुरा त कहाँ छ कहाँ, जो कसैसित वैर-भाव राख्तैमन् त्यस्तासित पनि तिमी शत्रुता राख्त छौ ॥३९॥ बिषयदेखिको निवृत्तिले नै स्नेहपाशको उच्छेदन गर्ने शान्ति प्राप्त हुन्छ भन्ने कुरा तिमीलाई थाहै छ तर विना वैराग्य उत्पन्न नभैकन विषयदेखिको निवृत्ति हुनेसक्तै न तर तिमी जस्ता वैराग्यको स्वाँग गर्नेहरूवाट

कसैलाई वैराग्य उत्पन्न हुने सक्तैन । विना ज्ञानको उदय नभैकन केवल तिमीले भड्काउँदैमा मेरा छोराहरूलाई वैराग्य हुन सक्तैन । (सच्चां वैराग्य नभै शान्ति हुँदैन औं विना शान्तिले स्नेह-पाश काटिने सक्तैन) ॥४०॥ धिषयको अनुभव नगरिकन त्यसलाई दुःखको कारण जान्नु मानिसको निम्ति असम्भव छ तसर्थ अनुभवद्वारा, विषयलाई दुःखमय जानेपछि स्वयं जस्तो वैराग्य हुन्छ त्यस्तो ता अर्काको उपदेशले कदापि हुन सक्तैन ॥४१॥ हेर, हामी ता धर्म मर्यादाको पालन गर्ने सद्गृहस्थ ह्वौं, एक चोटि पहिले तिमीले हाम्रो जुन असह्य अपकार गरेका थियौ त्यसलाई हामीले सहेकै हो ॥४२॥ तर तिमी ता हाम्रो वंश परम्पराको उच्छेद गर्नामा नै तत्पर भैराखेका छौ त्यसैले फेरि पनि हामीसँग उही दुष्टताको व्यवहार गऱ्यौ । तसर्थ हे मूढ ! तिमीलाई म श्राप दिन्छु, तिमीले लोक-लोकान्तरमा घुमिरहनु पर्ने छ, अड्नको निम्ति तिम्रो कुनै निश्चित ठाउँ हुने छैन ॥४३॥

शुकदेवजी भन्नुहुन्छ—

साधुगण जसको प्रशंसा गर्दछन् त्यस्ता देवर्षि नारदले "भै गयो" भनेर दक्षको श्राप स्वाकार गरे । वदला लिने शक्ति छंदा छंदैमा पनि अर्काले गरेको अपकारलाई जसले सहन्छ; संसारमा त्यसैलाई साधु भन्दछन् ॥४४॥

———

अध्याय—६

दक्ष प्रजापतिका साठी कन्याहरूको वंशको विवरण ।

शुकदेवजी भन्नुहुन्छ—

यसपछि ब्रह्माजीले संझाए बुझाए पछि दक्ष प्रजापतिले आफ्नी पत्नी असिक्नीको कोखबाट साठी वोटी छोरी जन्माए,यी सबै छोरीबाबुको खूब माया गर्दथे ॥१॥ दक्षले यिनीहरूमध्ये दस छोरी धर्मलाई, तेह्र कश्यपलाई, सात्ताइस चन्द्रमालाई, दुई दुई वोटी भृगु,अङ्गिरा र कृशाश्वलाई र बाँकी-रहेका चार छोरी तार्क्ष्यलाई बिहे गरेर दिए ॥२॥ दक्षका यी कन्याहरूको एवं यिनका सन्तानको नाम भन्दछु, सुन, यिनका छोरा-नातीको वंशले तीनै लोक परिपूर्ण हुन गयो ॥३॥

भानु-लम्बा-ककुप्-जामि-विश्वा-साध्या- मरुत्वती-वसु-मुहूर्त्ता-सङ्कल्पा-यी दस धर्मका पत्नी हुन्; अब यिनका छोराहरूको नाम सुन ॥ ४ ॥ हे राजन् ! भानुका छोरा देवऋषभ, र देवऋषभका इन्द्रसेन छोराभए । लम्बाका छोरा विद्योत र विद्योतका छोरा मेघगण भए ॥५॥ ककुप्का छोरा सङ्कट र सङ्कटका कीकट छोरा भए, कीकटका छोराहरू पृथ्वीका सम्पूर्ण दुर्ग (किल्ला) का अभिमानी देवता भए । जामिका छोराको नाम स्वर्ग थियो र स्वर्गका छोरा नन्दी भए ॥ ६ ॥ विस्वाका विस्वदेव नामक छोरा जन्मे—यिनका कुनै सन्तान भएनन् भन्दछन् । साध्यांबाट साध्यगण र यिनका छोरा अर्थसिद्धि भए ॥ ७ ॥ मरुत्वतीका मरुत्वान् र जयन्त दुई छोरा भए । जयन्त भगवान् वासुदेवका अंश

हुन्, यिनी लोकमा उपेन्द्रको नामले पनि प्रख्यात छन् ।।८।। मुहूर्त्ताबाट मुहूर्तका अभिमानी देवता उत्पन्न भए; यिनीहरू आफ्नो आफ्नो मुहूर्तमा जीवलाई उनको कर्मानुसार फल दिन्छन् ।।९।। सङ्कल्पाका छोरा सङ्कल्प भए र यिनबाट काम (मनोरथ) को उत्पत्ति भयो, वसुका छोरा आठ वसु भए, यिनको नाम भन्दछु, सुन ।।१०।। द्रोण, प्राण, ध्रुव, अर्क, अग्नि, दोष, वसु र विभावसु यिनका नाम हुन्। द्रोणकी पत्नी अभिमतीबाट हर्ष, शोक, भय आदिका अभिमानी देवता उत्पन्न भए ।।११।। प्राणकी पत्नी ऊर्जस्वतीको गर्भबाट सह, आयु र पुरोजव नामका तीन छोरा भए, ध्रुवकी पत्नी धरणीले अनेक नगरका अभीमानी देवता उत्पन्न गरिन् ।।१२।। अर्काकी पत्नी बासनाको गर्भबाट तर्ष (तृष्णा) आदि छोरा भए; अग्निनामक वसुकी पत्नी धाराकी गर्भबाट द्रविणकादि अनेक छोरा उत्पन्न भए ।।१३।। कृत्तिकाका छोरा स्कन्द पनि अग्नि बाटै उत्पन्न भएका हुन्, यिनबाट विशाख आदिगरिएकाको जन्म भयो, दोष नामक बसुको शर्वरी पत्नीको गर्भबाट भगबान्का अंशरूप शिशुमारको जन्मभयो ।।१४।। बसुकी पत्नी अङ्गीरसीबाट शिल्पकलाका अधिपति विश्वकर्मा भए । बिश्वकर्माकी कृतीनामक पत्नीको गर्भ-बाट चाक्षुष मनु र मनुबाट विश्वदेव र साध्व-गणको जन्म भयो ।।१५।। बिभाबसुकी पत्नी उषाबाट व्युष्ट-रोचिष्-आतपयी तीद छोरा उत्पन्न भए । यिनीहरू मध्ये आतपबाट पञ्चयाम (पाँच प्रहरको दिन) को उत्पत्ति भयो, यिनैको प्रभा-वले सबै प्राणो आफ्नो आफ्नो काममा तत्पर रहन्छन् ।।१६।।

भूतकी भार्या सरुपाले करोडौं रुद्रहरूलाई उत्पन्न गरीन्, यिनीहरू मध्ये रैवत, अज, भब, भीम, बाम, उग्र, वृषाकपि, अजैकपाद,अहिर्बुध्न्य, बहूरूप र महान् यी एघार मुख्य छन् । भूतकी अर्की पत्नी भूताबाट भयङ्कर भूत औ विनाय-कादिको जन्म भयो, यी सबै एघार प्रधान रुद्रहरूका पार्षद भए ।।१७–१८।। अङ्गिरा प्रजा-पतिकी जेठी पत्नी स्वधाले पितृगणलाई उत्पन्न गरिन् र अर्की पत्नी सतीले अथर्वाङ्गिरस नामक वेदलाई पुत्ररूपले स्वीकार गरिन् ।।१९।। कृशाश्वले अर्चिनामक पत्नीबाट धूम्रकेश र धिषणाबाट वेदशिरा, देवल, वयुन र बयु यी चार पुत्र उत्पन्न गरे ।।२०।।

तार्क्ष्यका विनता-कद्रु,--पतङ्गी, यामिनी या चार स्त्री थिए । यिनीहरू मध्ये पतङ्गीबाट पक्षीहरूको र यामिनीबाट शलहको जन्म भयो ।।२१।। बिनताबाट साक्षात् विष्णु भग-बान्का वाहन गरुड र सूर्यदेवका सारथि अरुण उत्पन्न भए । कद्रूबाट अनेक नागहरूको जन्म भयो ।।२२।।

हे महाराज परीक्षित् ! कृत्तिका आदि सत्ताइस नक्षत्र चन्द्रमाका पत्नी हुन् 'रोहिणी सित विशेष प्रेम गरेकोले दक्षले चन्द्रमालाई श्राप दिए, यै श्रापले गर्दा उनलाई क्षयरोग हुनगयो, यसैले नक्षत्रहरूबाट चन्द्रमाको कुनै सन्तान हुन पाएन ।।२३।। चन्द्रमाले दक्षलाई प्रसन्न गराएर कृष्णपक्षमा क्षीण भएको कलालाई शुक्ल–पक्षमा पूर्ण हुने वर ता पाए तर यति भए पनि नक्षत्रहरूबाट कुनै सन्तान भएन ।।२४।।

जसबाट यो सम्पूर्ण जगत् उत्पन्न भएको छ, तिनै लोकमाता कश्यप पत्नीहरूको मङ्गलकारी नाम सुन । अदिति, दिति, दनु, काष्ठा, अरिष्टा सुरसा, इला, मुनि; क्रोधवशा, ताम्रा, सुरभि सरमा र तिमि—यी उनका नाम हुन्। यिनीहरूमध्ये तिमिका जलचर जन्तु र सरमाका बाघ आदि हिंस्रक जीव छोरा भए ॥२५-२६॥ हे राजन् ! सुरभिबाट भैंसी, गाई तथा अरू अरू दुई खूर भएका पशु जन्मे। बाज गिद्ध आदि शिकारी पक्षी ताम्राका सन्तान हुन् र मुनि नामक पत्नीबाट अप्सराहरू उत्पन्न भए ॥२७॥ साँप, बिच्छी आदि विषालु जन्तु क्रोधवशाका छोरा भए । इलाबाट रुख, लहरा आदि पृथ्वीमा उत्पन्न हुने वनस्पति; सुरसाबाट यातुधान (राक्षस) जन्मे ॥२८॥ अरिष्टाबाट गन्धर्व र काष्टाबाट घोडा आदि गरिएका एक खुर भएका पशु उत्पन्न भए । दनुका एकसट्ठी छोरा भए -यिनीहरू मध्ये मुख्य मुख्य दानवहरूको नाम सुन ।२९॥ द्विमूर्धा शम्बर, अरिष्ट, हयग्रीव, विभावसु, अयोमुख, शङ्कुशिरा, स्वर्भानु कपिल, अरुण, पुलोम; बृषपर्वा, एकचक्र अनुतापन, धूम्रकेश, विरूपाक्ष, विप्रचित्ति, र दुर्जय मुख्य मुख्य यिनै हुन् ॥३०-३१॥

स्वर्भानुकी छोरी सुप्रभासित नमुचीले र बृषपर्वाकी छोरी शर्मिष्ठासित नहुषका छोरा महाबली ययातिले बिहे गरे ॥३२॥ वैश्वानर दानवका उपदानवी, हयशिरा, पुलोमा र कालका नामका चारवोटी परम सुन्दरी छोरी थिए। यिनीहरूमध्ये उपदानवीसंग हिरण्याक्षको र हयशिरासँग क्रतुको बिहे भयो । ब्रह्माको आज्ञाले प्रजापति भगवान् कश्यपले नै वैश्वानरका पुलोमा र कालका बाँकी दुई छोरीसित बिहे गरे। यिनीहरूबाट पौलोम र कालकेय नामक साठी हजार रणवीर दानव भए। यिनीहरू यज्ञमा बिघ्न पार्दथे, यसकारण हे परीक्षित् ! तिम्रा बाजे अर्जुनले स्वर्गमा रहँदा खेरी इन्द्रलाई प्रसन्न गराउन यी सबैलाई एक्लैले मारिदिए ॥३३-३६॥ विप्रचित्तिले सिंहिकाको गर्भबाट एक सय एक पुत्र उत्पन्न गरे । यिनमा जेठो राहु थियो, यसको गणना ग्रहमा हुन गयो र बाँकि सय केतु कहिन्थे ॥३७॥

अब क्रमशः अदितिको वंशको वर्णन सुन—यिनैको वंशमा सर्वव्यापक देवाधिदेव नारायणले आफ्नो अंशले वामनरूपमा अवतार लिनुभएथ्यो ॥३८॥ विवश्वान्, अर्यमा, पूषा, त्वष्टा, सविता, भग, धाता, विधाता, वरुण, मित्र, इन्द्र र विविक्रम (वामन) यी बाह्र आदित्य अदितिका छोरा थिए ॥३९॥ बिवश्वान्को वीर्यबाट उनकी पत्नी महाभाग्यवती संज्ञाले श्राद्धदेव (वैवस्वत) मनु उत्पन्न गरिन् तथा यमुना र यमराज पनि यिनैको गर्भबाट उत्पन्न भएका हुन्। संज्ञाले नै घोडाको रूप धारण गरी भगवान् सूर्यद्वारा भूलोकमा दुवै अश्विनीकुमारहरूलाई जन्म दिइन् ॥४०॥ विवश्वानको अर्की पत्नी छायाबाट शनैश्चर र सावर्णि मनु नामका दुई छोरा र तपती नामकी एक छोरी—यी तीन सन्तान भए। तपतीको संवरण राजासित विहे भयो ॥४१॥

अर्यमाकी पत्नी मातृकाको गर्भबाट कर्तव्याकर्तव्य ज्ञानले युक्त भएका चर्षणी नामका

छोरा उत्पन्न भए । यसैले ब्रह्माजीले उनैको आधारमा मनुष्यजाति (ब्राह्मणादि वर्ण) को कल्पना गरे ॥४२॥ पूषाको कुनै सन्तान भएनन्, दाँत न हुनाले यिनी केवल पिठ्ठोको अन्न खाने भए । प्राचीन कालमा दक्षमाथि झोंक्किएका महादेवतिर यिनले दाँत देखाएर हाँसेका थिए, यै अपराधमा वीरभद्रले उनको दाँत भाँचिदिएका थिए ॥४३॥

दैत्यहरूकी सानी बहिनी, कुमारी रचना त्वष्टाकी पत्नी थिइन् । यस दम्पतिबाट संनिवेश र महापराक्रमी विश्वरूपको जन्म भयो । ४४॥ यस प्रकारसँग विश्वरूप देवताका शत्रुको भानिज थिए ता पनि वृहस्पतिले इन्द्रबाट अपमानित भएर देवताहरूको परित्याग गर्दा, देवताहरूले विश्वरूपलाई आफ्नो पुरोहित बनाएका थिए ॥४५॥

अध्याय—७

बृहस्पतिको अपमान गर्नाले देवताहरूको ऐश्वर्य भ्रष्ट हुनु र विश्वरूपलाई पुरोहित हुनाको निम्ति देवताहरूले प्रार्थना गर्नु ।

राजा परीक्षित्‌ले सोधे—

हे भगवन्! आचार्य वृहस्पतिले के कारणले आफ्ना प्यारा शिष्य देवताहरूलाई त्याग्नु भएको हो, देवताहरूले आफ्ना गुरुको यस्तो के अपराध गरेछन्—सो सबै कृपा गरी मलाई भन्नुहोस् ॥१॥

शुकदेवले भन्नुभयो—

तीनै लोकको ऐश्वर्य्य पाउँदा इन्द्रलाई यस्तो घमण्ड भएको थियो कि उनी सज्जनहरूको मार्गको उल्लङ्घन गर्न अलिकता पनि सङ्कोच मान्दैन थे । एक दिन उनी अग्लो सिंहासनमा बसेका थिए । मरुत्, बसु, रुद्र, आदित्य, ऋभु, विश्वदेव, साध्यगण तथा दुवै अश्विनीकुमार उनको सेवामा उपस्थित थिए । सिद्ध-चारण-गन्धर्व, ब्रह्मवादी मुनिगण-विद्याधर-अप्सरा-किन्नर-पक्षी-नाग यी सबै उनको सेवा औ स्तुति गरिरहेका थिए । चारैतिर मीठो स्वरले देवराज इन्द्रको कीर्तिको गान भैराखेको थियो । माथितिर चन्द्रमण्डल समानको अति राम्रो सेतो छाता शोभायमान थियो । चंवर, पंखा आदि महाराजलाई सुहाउने किसिमका सामग्री आफ्ना आफ्ना ठाउँमा सुसज्जित थिए । सिंहासनमा देब्रे पट्टि आधि आसनमा परम सौभाग्यवती महारानी इन्द्राणी बसेकी थिइन् ॥२-६॥ यै मौकामा देवगुरु वृहस्पति त्यहाँ आए । वृहस्पति इन्द्रका तथा समस्त देवताका परम आचार्य हुन् । देवता-दैत्य सबैले उनलाई नमस्कार गर्दछन् । इन्द्रले उनलाई सभामा आएको देख्ता देख्तै पनि न आफ्नो ठाउँबाट उठे न बस्ने आसन दिएर उनको स्वागत गरे, आफ्नो आसनबाट डेग पनि चलेनन् । लक्ष्मीको मदले इन्द्रलाई यस्तो विकार भएको हो भन्ने समझ लिएर

त्रिकालदर्शी समर्थ बृहस्पति हत्तपत्त त्यस सभाबाट बाहिर निस्की चुपचापसंग आफ्नो घरतिरको बाटो लागे।।७-९।।

उत्ति खेरि इन्द्रलाई चेत भयो र मबाट गुरुको अनादर भयो भन्ने जानेर त्यस सभामा स्वयं आफैंले आफ्नो निन्दा गर्न लागे ॥१०॥ "हाय अफशोश ! ऐश्वर्य्य मदले अन्धो भएर मैले सभामा जो गुरुको तिरस्कार गरें सो साँच्चिनै म मन्दबुद्धिबाट ठूलो अपराध भएको हो ॥११॥ कुन बुद्धिमान् पुरुषले यो स्वर्गको राजलक्ष्मी पाउने इच्छा गर्ला । आज यै राजलक्ष्मीले गर्दा, परम सात्विक देबताहरूका अधिपति भए तापनि ममा असुरहरूको जस्तो रजोगुणी भाव हुन गयो ॥ १२ ॥ सिहासनमा बसेको सम्राट्ले जो सुकै आउँदा पनि उठनु पर्दैन भनेर जो भन्दछन् तिनले उत्तम धर्मको सच्चा मम बुझेका छैनन् ॥ १३ ॥ यी सब निकृष्ट धर्मका उपदेशक हुन् । यिनीहरू स्वयं घोर नरकमा पर्दछन् औ यी मूर्खहरूको वचनमा विश्वासगर्नेहरू पनि डुङ्गै डुङ्गा भएको डुङ्गामा बस्ने पुरुष झैं बीचैमा डुब्दछन् ॥१४॥ जे भए तापनि अब म आफ्नो शठता त्यागेर उहाँको चरणमा टाउको राखेर उहाँलाई प्रसन्न गराउने चेष्टा गर्दछु । बृहस्पतिजी देबताहरूका गुरु एवं अगाध बुद्धि भएका ब्राह्मण हुनुहुन्छ ॥१५॥

हे राजन् ! यता इन्द्र यसरी पश्चात्ताप गरिरहेका थिए उता बृहस्पति घरबाट निस्केर आफ्नो प्रवल योगमायाको बलले अदृश्य भए ॥१६॥ सर्वत्र खोज गर्दा पनि देवराज इन्द्रले उनको केही पत्तो लगाउन सकेनन् । अनि ता गुरु विना आफूलाई सुरक्षित न सम्झेर अरु देवताहरूसंग मिलेर आफ्नो बुद्धि अनुसार स्वर्गको रक्षाको उपाय विचार गर्नलागे, तर केही पनि निश्चय गर्न नसकेकोले उनको चित्तमा शान्ति भएन ॥ १७ ॥

यो समाचार सुन्नासाथ यदोन्मत्त औ आततायी असुरहरूले शुक्राचार्य्यको सम्मनिले अस्त्रशस्त्र धारण गरी देबताहरूमाथि विजय पाउनाको निम्ति धावा गरिहाले ॥ १८ ॥ उनीहरूले प्रहार गरेको तिखा तिखा बाणको वर्षाले देवताहरूका मस्तक, तिघ्रा, हात इत्यादि अङ्ग छिन्न भिन्न भएर खस्नलागे। अनि इन्द्रको साथमा सबै देवताहरू टाउको निहुराएर ब्रह्माको शरणमा पुगे ॥ १९ ॥ देवताहरूको यस प्रकारसँग अत्यन्त दुर्दशा भएको देख्ता स्वयम्भू भगवान ब्रह्माले अत्यन्त दयासँग उनीहरूलाई सान्त्वना दिंदै भन्नलाग्नु भयो ॥२०॥

ब्रह्माले भन्नुभयो—

हे देवता हो ! बडो अफशोशको कुरा हो। ऐश्वर्यको मदले अन्धो भएर तिमीहरूले जितेन्द्रिय एवं संयमी ब्राह्मणको जो अनादर गर्‍यौ त्यो ता बडो निन्दित काम हो ॥ २१ ॥ हे देवता हो ! समृद्धिशाली भएर पनि आज तिमीहरूले निर्बल शत्रुको हातबाट हारखायौ— यो तिम्रो त्यै अन्यायको फल हो ॥ २२ ॥ हे इन्द्र ! तिम्रा शत्रु पनि पहिले, आफ्ना गुरुदेब शुक्राचार्यको तिरस्कार गरेको हुनाले अत्यन्त निर्बल भएका थिए, तर भक्तिभावले उनको आराधना गरेर उनीहरू फेरि धन-जनले सम्पन्न भएका छन्, धेर के भनूँ, शुक्राचार्य्यलाई आफ्नो आराध्य-

देव मान्ने यी दैत्यहरूले केही दिनमा मेरो यो ब्रह्मलोक पनि खोस्ने हुन् कि जस्तो लाग्दछ॥२३॥ शुक्राचार्य्यबाट अर्थशास्त्रको पूरा पूरा शिक्षा पाएका यिनीहरू के गर्न चाहन्छन्, त्यसको भेद तिमीहरू पाउन सक्दैनौ । यिनीहरूको सल्लाह बडो गुप्त हुन्छ । यस्तो स्थितिमा स्वर्गलाई नै यिनीहरू के संझन्थे, आफूले इच्छा गरेको जुन लोकलाई पनि यिनीहरू जित्न सक्तछन् । साच्चि हो, गाई ब्राह्मण औ भगवान्लाई जो आफ्नो सर्वस्व सम्झन्छन् औ जसमाथि यिनको कृपा हुन्छ त्यस्ता श्रेष्ठ मानिसको कहिले पनि अमङ्गल हुने सक्दैन ॥२४॥ यस कारण अब झट्टै तिमीहरू त्वष्टाका छोरा विश्वरूप ब्राह्मण कहाँ जाऊ र उनको सेवा गर । उनी जितेन्द्रिय र तपस्वी छन् । असुरहरू प्रतिको उनको प्रेमलाई क्षमा गऱ्यौ र उनको सम्मान गऱ्यौ भने उनले तिमी सबैको काम सिद्ध गरिदिने छन् ॥२५॥

शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! ब्रह्माजीले यस प्रकारसँग उपदेश गरेपछि देवताहरूको चिन्ता हटेर गयो। र उनीहरू विश्वरूप ऋषिकहाँ गई उनलाई अंगालो हालेर यसरी भन्नलागे । २६॥

देवताहरूले भने—

ए बाबु ! तिम्रो कल्याण होस् । तिम्रो आश्रममा हामी अतिथि भएर आएका छौं अतः एकप्रकारका पितासमानका हामीहरूको काल अनुसारको अभिलाषा पूरा गरिदेऊ ॥२७॥ सन्तान भएका सत्पुत्रको समेत ता आफ्ना पितृगणको सेवा गर्नु सबभन्दा ठूलो धर्म हो भने ब्रह्मचारीको ता केही कुरै भएन ॥२८॥ आचार्य (मन्त्रदाता) वेदको, पिता ब्रह्माको, दाजु मरुत्पति इन्द्रको, औ माता साक्षात् पृथ्वीको मूर्ति हुन्छन् ॥२९॥ यसैगरी दिदी-बहिनी दयाको, अतिथि धर्मको, अभ्यागत अग्निको औ जगत्का समस्त प्राणी आफ्नै आत्माको मूर्ति हुन् ॥३०॥ ए बाबु ! हामी ता तिम्रा पितृ हौं, शत्रुहरूबाट अपमानित भएकोले बडो दुःखमा परेका छौं, तसर्थ आफ्नो तपोबलले हाम्रो यो संकष्ट दूर गरी हाम्रो आज्ञाको पालन गर ॥३१॥ ब्रह्मनिष्ठ हुनाले तिमी हाम्रा गुरु हौ, अतः तिमीलाई हामी आफ्नो आचार्य बनाउँछौं, यसो भएपछि तिम्रो तेजको प्रभावले हामीले सजिलैसँग शत्रुहरूमाथि विजय प्राप्त गर्न सक्ने छौं ॥३२॥ आवश्यकता परेमा आफूभन्दा सानोको चरणबन्दना गर्नु पनि निन्दनीय ठहरिन्न, अतः तिमीलाई आचार्य बनाउनामा कुनै दोष छैन । हे ब्रह्मन् ! साँच्चि कुरा भनूँ भने ता वेदज्ञान बाहेक केवल अवस्था, बढत्वको कारण हुन सक्दैन ॥३३॥

शुकदेवजी भन्नुहुन्छ—

देवताहरूले यस प्रकारसँग पुरोहित्याइंको निम्ति प्रार्थना गरेपछि परमतपस्वी विश्वरूपले प्रसन्न भै उनीहरूलाई मधुरो बोलीले भने ॥३४॥

विश्वरूपले भने—

पुरोहित्याइंको काम ब्रह्मतेजलाई क्षीण गर्ने हुनाले धर्मशील महात्माहरूले यसको निन्दा गरेका छन् । तर मेरा स्वामी ओ लोकेश्वर भएर पनि त्यसको निम्ति प्रार्थना गरिरहनु भएको छ भने, तपाईंहरूको शिष्य म जस्तो व्यक्तिले त्यसलाई कसरी अस्वीकार गर्न सक्तछ ? किन कि गुरुको आज्ञा मान्नु नै शिष्यको सब–

भन्दा ठूलो स्वार्थ कहिएको छ ॥३५॥ हे देवता हो ! बालि काटिए पछि अथवा अनाजको बजार उठेपछि त्यहाँ झरेका अन्नले अकिञ्चन व्यक्तिको धन हो । यै पूर्वोक्त बृत्तिले गृहस्थाश्रममा सज्जन-हरूले गर्नुपर्ने सत्कर्मको आचरण गरेर मैले यो निन्दनीय पुरोहित्याईंको काम किन गर्ने ? जसको बुद्धि विग्रेको छ तिनीहरू मात्र पुरोहित्याईंको काम पाउँदा प्रसन्न हुन्छन् ॥ ३६ ॥ यसो भए तापनि यस सम्बन्धमा म अरू केही विशेष भन्न चाहन्न, किन कि मेरा गुरुजन भएर पनि तपाईंहरूले मसित कत्रो ठूलो कुरा माग्नु भएको छ र ? तसर्थ मबाट जे गराउन चाहनु हुन्छ त्यसलाई म आफ्नो तन-मन-धनले पूरा गर्ने छु ॥३७॥

शुकदेवजी भन्नुहुन्छ—

हे महाराज ! महातपस्वी विश्वरूप देवता-हरूसँग यस्तो प्रतिज्ञा गरेर, उनीहरूले आफूलाई वरण गरेपछि, बडो उद्योगसँग पुरोहित्याईंको काम गर्न लागे ॥ ३८ ॥ दैत्यगुरु शुक्राचार्यको विद्या (नीतिबल) ले देवद्वेषी असुरहरूको राज्य-लक्ष्मी सुरक्षित भए तापनि समर्थ विश्वरूपले नारायण-कवचरूप वैष्णवी विद्याको प्रभावले उनीहरूको हातबाट त्यो राज्यलक्ष्मी खोसेर इन्द्रलाई दिलाइदिए ॥ ३९ ॥ हे राजन् ! देवराज इन्द्रले जुन विद्याको बलले सुरक्षित भएर असुरहरूको सेनालाई हाराएथे त्यस विद्याको उपदेश उदारबुद्धि विश्वरूपले नै उनलाई गरेका हुन् ॥४०॥

——

अध्याय—८

विश्वरूपद्वारा इन्द्रलाई नारायण—कवचको उपदेश ।

राजा परीक्षित्ले सोधे—

हे भगवन् ! जसद्वारा सुरक्षित भएर देवराज इन्द्रले हात्ती-घोडा आदि वाहनले युक्तभएको शत्रुको सम्पूर्ण सेनालाई खेलै खेलमा अर्थात् बिना प्रयासले जितेर तीनै लोकको राजलक्ष्मीको भोग गरे त्यो नारायण-कवचरूप वैष्णवी विद्या मलाई सुनाउनु होस् औ त्यसद्वारा सुरक्षित भएर जसरी इन्द्रले आफ्ना आततायी शत्रुहरूलाई युद्धमा परास्त गरेथे त्यो प्रसङ्ग पनि वर्णन गरेर भन्नु होस् ॥१-२॥

शुकदेवले भन्नुभयो—

देवताहरूले विश्वरूपलाई पुरोहित बनाएपछि, इन्द्रले सोद्धा उनले (विश्वरूपले) जुन नारायण-कवचको उपदेश गरेथे सो म भन्दछु, एकाग्र-चित्तले सुन ॥ ३ ॥

विश्वरूपले भने—

हे इन्द्र ! कुनै प्रकारको भय उपस्थित भएमा नारायण-कवच धारण गरेर आफ्नो रक्षा गर्नुपर्दछ । यसको विधि यो हो—पहिले हात-खुट्टा धोएर आचमन गरोस् र अनि हातमा कुशको पवित्री पहिरेर उत्तरपट्टि मुख गरेर बसोस् । यसपछि कवच धारण नगरेसम्म केही न बोल्ने निश्चय गरी पवित्रता पूर्वक ॐ नमो नारायणाय, ॐ नमो भगवते वासुदेवाय यी अष्टा-क्षर औ द्वादशाक्षर मन्त्रद्वारा अङ्गन्यास औ

करन्यास गरोस् । ॐ नमो नारायणाय यस अष्टाक्षर मन्त्रको ॐ आदि अक्षरलाई क्रमैसँग चरण-जानु-ऊरु-उदर-हृदय-वक्षः स्थल-मुख-मस्तकमा धारण गरोस् अथवा "य" कारदेखि लिएर ॐ कारसम्म विपरीत क्रमले मस्तकदेखि शुरु गरे पनि हुन्छ । यो अङ्गन्यास हो ॥४-६॥ यसपछि ॐ नमो भगवते वासुदेवाय यो द्वादशाक्षर मन्त्रको ॐ आदि बाह्र अक्षर क्रमैसँग दुवै हातका तर्जनी (चोर औंला) सम्मका चार चार औंलामा र दुवै बूढी औंलाको दुई दुई गाँठोमा धारण गरोस्-यो करन्यास हो ॥७॥ यसपछि ॐ विष्णवे नमः यस मन्त्रको पहिलो अक्षर ॐ लाई हृदयमा, "वि" लाई ब्रह्मरन्ध्रमा, "ष्" लाई दुवै आँखी-भूईंको बीचमा, 'ण" लाई शिखामा, "वे" लाई दुवै नेत्रमा औ "न" लाई शरीरको सबै जोर्नीमा स्थापित गरी, "म" लाई अस्त्ररूपले ध्यान गर्दै "अस्त्राय फट्" यति भनेर दिग्बन्धन गरोस् । यस प्रकारसँग न्यास गर्नाले, यस विधिलाई जान्ने पुरुष स्वयं मन्त्रस्वरूप हुन जान्छ ॥८-१०॥ यसपछि ऐश्वर्य्यादि षट्शक्तिसम्पन्न (ऐश्वर्य्य, धर्म, यश, लक्ष्मी, ज्ञान, वैराग्य) ध्यान गर्ने योग्य इष्टदेव भगवान्को ध्यान गरोस् र आफूलाई पनि तद्‌रूप नै चिन्तन गरोस् । त्यसपछि विद्या, तेज औ तपःस्वरूप यस नारायण कवचको पाठ गरोस् ॥११॥

जसले आफ्नो चरणकमल गरुडको पिठ्यूँमा राख्नु भएको छ, जो अणिमादि गरिएका आठ सिद्धिले युक्त हुनु हुन्छ, शङ्ख-चक्र-गदा-खड्ग-धनुष-वाण-चर्म-पाश यी आठ आयुधलाई आठ बाहुलीमा धारण गर्नें उनै ॐकारस्वरूब भगवान् हरिले सर्वत्र, सब प्रकारसँग हाम्रो रक्षा गरुन् ॥ १२॥ मत्स्यमूर्ति भगवान्ले जलभित्र जलजन्तुसमूहरूप वरुण-पाशबाट मेरो रक्षा गरुन् आफ्नो मायाशक्तिले ब्रह्मचारीको रूप धारण गर्ने वामन भगवान्ले स्थलमा मेरो रक्षा गरुन् औ विश्वरूप त्रिविक्रम भगवान्ले आकाशमा मेरो रक्षा गरुन् ॥ १३ ॥ जसले अट्टहाँस झिक्ता खेरि सबै दिशा प्रतिध्वनित हुनलागेथे एवं गर्भवती दैत्यपत्नीहरूको गर्भ तुहेथे उही दैत्ययूथपतिका शत्रु भगवान् नृसिंहले किल्ला, जङ्गल रणभूमि आदि सङ्कष्टको स्थानमा मेरा रक्षा गरुन् ॥१४॥ आफ्ना दाह्रामा पृथ्वीलाई धारण गर्ने यज्ञमूर्ति वराह भगवान्ले मार्गमा, परशुरामले पर्वतको शिखरमा औ लक्ष्मण सहितका भगवान् रामचन्द्रले विदेशमा हाम्रो रक्षा गरुन् ॥१५॥ भगवान् नारायणले मारण-मोहन आदि भयङ्कर अभिचार औ सब प्रकारका प्रमादबाट मेरो रक्षा गरुन्, नर ऋषिले गर्वबाट-योगेश्वर भगवान् दत्तात्रेयले योगका विघ्नबाट औ त्रिगुणाधिपति भगवान् कपिल मुनिले कर्मबन्धनबाट मेरो रक्षागरुन् ॥१६॥ सनत्कुमारले कामदेवबाट, हयग्रीव भगवान्ले हिंडदाखेरि बाटोमा देवमूर्तिलाई नमस्कार नगरेको अपराधबाट, देवर्षि नारदले देवसेवामा भएका अपराधबाट औ कच्छप भगवान्ले सब प्रकारका नरकबाट मेरो रक्षा गरुन् ॥ १७ ॥ भगवान् धन्वन्तरिले कुपथ्यबाट, जितेन्द्रिय भगवान् ऋषभदेवले सुख-दुःखादि भयदायक द्वन्द्वबाट, यज्ञ भगवान्ले लोकापबादबाट, बलरामले मानिसले गर्दा भएको कष्टबाट औ शेषजीले विषालु एवं

क्रोधी सर्पबाट मेरो रक्षा गरुन् ॥१८॥ भगवान् व्यासले अज्ञानबाट, बुद्धदेवले पण्डितहरूबाट र प्रमादबाट औ धर्मरक्षाको निम्ति अबतार धारण गर्ने कल्कि भगवान्ले पापैपापले व्याप्त भएको कलिकालको दोषबाट मेरो रक्षा गरुन् ॥१९॥ प्रातःकाल सूर्योदयको समयमा भगवान् केशवले आफ्नो गदा लिएर, सूर्योदयपछि केही कालसम्म भगवान् गोविन्दले आफ्नो बाँसुरी लिएर, पूर्वाह्न कालमा भगवान् नारायणले आफ्नो तीक्ष्ण शक्ति लिएर, मध्याह्नकालमा विष्णु भगवान्ले चक्रराज सुदर्शन लिएर मेरो रक्षा गरुन् ॥२०॥ मध्याह्न पछि उग्र धनुर्धारी मधुसूदनले, सायङ्कालमा ब्रह्मा-बिष्णु-महेश्वर त्रिमूर्तिधारी माधवले प्रदोषकालमा (सूर्यास्तपछि) हृषिकेशले, अर्द्ध-रात्रिपर्य्यन्त एवं अर्द्ध रात्रमा एक्लै पद्मनाभले मेरो रक्षा गरुन् ॥२१॥ रात्रिको पछिल्लो प्रहरमा श्रीवत्सलाञ्छन् हरिले, उषाकालमा खड्गधारी भगबान् जनार्दनले, प्रातःकालमा (सूर्योदयभन्दा अघि) श्रीदामोदरले, एवं प्रत्येक संध्यामा काल मूर्ति विश्वेश्वर भगवान्ले मेरो रक्षा गरुन् ॥२२॥

हे सुदर्शन ! तिम्रो आकार रथको पाँग्रा जस्तो छ, तिम्रो धार प्रलयकालको अग्नि झैं अत्यन्त तीव्र छ, भगवान् को प्रेरणाले सर्वत्र घुमिरहन्छौ । जसरी हावाको सहायताले आगोले सुख्ख घांसलाई डढाइदिन्छ त्यसैगरी तिमीले पनि हाम्रो शत्रुसेनालाई झट्टै वेसगरी भस्म पारिदेऊ ॥२३॥ हे भगवानको गदा ! तिमीबाट निस्केको आगोको झिल्कोको स्पर्श वज्र समान असह्य छ । तिमी अजितकी प्यारी ह्वौ औं म उहाँको सेवक हूँ तसर्थ कूष्माण्ड, विनायक, यक्ष, राक्षस, भूत औ ग्रहलाई अहिले नै कुल्चेर धूलो पारिदेऊ र मेरो शत्रुदललाई पनि चूर्ण पारिदेऊ ॥२४॥ हे पाञ्चजन्य शङ्ख ! श्री कृष्णको मुखमारुतले परिपूर्ण भएर अर्थात् उहाँले फुक्नाखेरि भयङ्कर शब्द गर्दै मेरा शत्रुहरूको हृदयलाई थर्कायमान पारिदेऊ र राक्षस, प्रमथ भूत, प्रेत, पिशाच तथा ब्रह्मराक्षस आदि गरिएका भय उत्पन्न गराउने अरू अरू दुरात्मा जीवहरूलाई झट्टै यहाँबाट भगाइदेऊ ॥२५॥ भगवान्को हे प्यारो ढाल ! तिम्रो धार बडो तीखो छ । भगवान्द्वारा प्रेरित भएर मेरो शत्रुहरूलाई, झट्टै छिन्न भिन्न पारिदेऊ । तिमीमा चन्द्रमाको जस्तो आकार परेका सयकडौं मण्डल छन् । पापदृष्टि पापात्मा मेरा शत्रुहरूको आँखा बन्द गरिदेऊ अथवा सदाका लागि उनलाई अन्धो बनाइदेऊ ॥२६॥

सूर्यादि ग्रह, केतु, दुष्ट मानिस, सर्पादि रिंग्ने जन्तु, दाह्रा भएका हिंस्रक पशु, भूत प्रेत तथा पापी प्राणीहरूमा जस जसबाट हामीलाई भय हुन्छ औ जो हाम्रो कल्याणमा वाधादिने छन् ती सबै भगवानका नाम, रूप तथा अस्त्रको कीर्तनले झट्टै नाश भैहालुन् ॥२७-२८॥ बृहद्, रथन्तर आदि सामवेदीय स्तोत्रले जसको स्तुति गरिन्छ ती वेदमूर्ति गरुडले औ आफ्नो नामोच्चारणको प्रभावले भगबान् विष्वक्सेनले सब प्रकारको आपत्तिबाट सदा हाम्रो रक्षा गरुन् ॥२९॥ भगवान् हरिका नाम, रूप, वाहन, अस्त्र औ श्रेष्ठ पार्षदहरूले हाम्रो वुद्धि, इन्द्रिय, मन औ प्राणको सब प्रकारको आपत्तिबाट रक्षागरुन् ॥३०॥

कार्य अथवा कारणरूप समस्त जगत् वास्त-

बमा भगवान्कै स्वरूप हो भन्ने कुरा हामीले निश्चयरूपले जानेका छौं, यै सत्यको प्रभावले हाम्रा सबै बिघ्न नष्ट होउन् ॥ ३१ ॥ ब्रह्म औ आत्माको एकताको अनुभव गरीसकेकाहरूको दृष्टिमा भगवान्को स्वरूप विकल्पशून्य अर्थात् भेदरहित (निराकार) छ तापनि उहाँ आफ्नो माया-शक्तिद्वारा भूषण, आयुध औ रूप नामक शक्तिहरूलाई धारण गर्नु हुन्छ ॥ ३२ ॥ यो कुरा निश्चितरूपले सत्य छ तसर्थ सवज्ञ, सर्वव्यापक भगवान् हरिले सदा, सर्वत्र, सबै रूपले हाम्रो रक्षा गरुन् ॥ ३३ ॥ जसको भीषण अट्टहासको शब्दले सबै जगत्को भय दूर हुन्छ एवं जसको तेजको अगाडि सबै तेज फिका पर्न जान्छ उनै भगवान् नृसिंहले दिशा-विदिशामा, तल-माथि, भित्र-बाहिर समस्त स्थानमा हाम्रो रक्षा गरुन् ॥३४॥

हे इन्द्र ! मैले तिमीलाई बताएको यो नारायण-कवचलाई धारण गरेपछि तिमीले सजिलैसँग दैत्ययूथपतिहरूलाई जित्न सक्ने छौ ॥ ३५ ॥ यो नारायण-कवचलाई धारण गर्ने पुरुषले कसैलाई हेरि दियो अथवा खुट्टाले छोइ-दियो भने पनि, त्यो व्यक्ति समेत झट्टै समस्त भयबाट मुक्त भैहाल्दछ ॥ ३६ ॥ यस वैष्णवी विद्यालाई धारणगर्ने पुरुषलाई राजा डाँकु, प्रेत, पिशाच औ बाघ आदि हिंस्रक जन्तुदेखि कहिले पनि कुनै प्रकारको भय हुँदैन ॥३७॥

हे देवराज ! उहिले प्राचीन कालमा कुनै एक कौशिकगोत्री ब्राह्मणले यस विद्यालाई धारण गरे र योग-धारणाले मरुभूमिमा आफ्नो शरीर त्यागिदिए ॥ ३८ ॥ जुन ठाउँमा ती ब्राह्मणले शरीर त्यागेका थिए, त्यसैको माथितिरबाट एक दिन गन्धर्वराज चित्ररथ आफ्ना स्त्रीहरूको साथमा विमानमा बसेर जान लागेका थिए ॥३९॥ त्यस ठाउँमा पुग्नासाथ ती गन्धर्व अकस्मात् विमानसहित उँधो मुण्टो लाएर तल खसिहाले। यस घटनाले गर्दा उनी हुनासम्म छक्क परे। बाल-खिल्य मुनिहरूले यो नारायण-कवच धारण गर्नाको प्रभाव हो भनेपछि तिनले ती ब्राह्मण-देवताको हाड लगेर पूवबाहिनी सरस्वती नदीमा बगाइदिए र स्वयं त्यहाँ स्नान गरी आफ्नो लोकतिर लागे ॥४०॥

शुकदेव भन्नुहुन्छ—

जुन मानिसले यस नारायण-कवचलाई यथा-समय अर्थात् प्रातःकाल आदि समयमा सुन्दछ औ जसले आदरपूर्बक यसलाई धारण गर्दछ अर्थात् पढ्दछ त्यसलाई सबै प्राणीले आदरसाथ नमस्कार गर्दछन् औ आफू सब प्रकारको भयबाट मुक्त हुन्छ ॥४१॥ हे महाराज ! शतक्रतु इन्द्रले विश्वरूपबाट यो बिद्या प्राप्त गरी यसैको प्रभावले रणभूमिमा असुरहरूलाई परास्त गरे र तीनै लोकको राज्यलक्ष्मीको उपभोग गर्नलागे ॥४२॥

अध्याय-९

विश्वरूपको वध, वृत्रासुरको हात-बाट देवताहरूको हार औ भगवान्‌को प्रेरणाले देव-ताहरूको दधिचिऋषि कहाँ जानु ।

शुकदेवजी भन्नुहुन्छ—

हे परीक्षित् विश्वरूपको तीन टाउको थियो भन्ने सुनिएको छ । एउटा मुखले सोमरस र अर्कोले सुरापान गर्दथे औ तेस्रो मुखले अन्न खान्थे ॥१॥ विश्वरूप यज्ञको समयमा प्रत्यक्ष-रूपले सबैले सुन्ने गरी चर्को स्वर झिकेर बडो विनयसँग देवताहरूलाई आहुति दिन्थे किन कि बाह्र आदित्य देवता उनका पिता थिए ॥२॥ तर आमा असुरकुलकी हुनाले उनी भित्रबाट दैत्यका पक्षपाती थिए,: यसैले मातृस्नेहले गर्दा यज्ञ गर्ने समयमा गुप्तरूपले दैत्यहरूलाई समेत हविको भाग दिने गर्दथे ॥३॥ यस प्रकारसँग देवताहरूको अपराध र धर्मको आडमा कपट गरेको देख्ता इन्द्रले, यिनले दैत्यको बल बढाएर हाम्रो नाशपो गर्ने हुन् कि भन्ने बिचारले अत्यन्त भयभीत भै रिसले चूर भएर, बडो फुर्तीसँग उनका तीनैवोटा टाउको काटिदिए ॥४॥ विश्व-रूपको सोमपान गर्ने टाउको चातक, सुरापान गर्ने चाँहि भंगेरा र अन्न खाने चाँहि तित्रा हुनगयो ॥५॥ विश्वरूपको बध गर्नाले लागेको ब्रह्महत्यालाई निवारण गर्ने सामर्थ्य भए तापनि इन्द्रले हात जोरेर त्यसलाई स्वीकार गरे र एक वर्षसम्म त्यसबाट मुक्त हुने कुनै उपाय गरेनन् । सबैले ब्रह्म-हत्यारा भनेर निन्दा गर्न लागेको देख्ता एक बर्षपछि सबैको सामुन्ने आफ्नो शुद्धि प्रकट गर्नाको निम्ति त्यो ब्रह्महत्या पापलाई चार भागमा विभक्त गरी पृथ्वी, जल, बृक्ष औ स्त्रीजातिमा बाँडिदिए ॥६॥

खाल्डो परेको ठाउँ कुनै न कुनै समयमा आफैं पुरिने छ भन्ने वरदान लिएर पृथ्वीले इन्द्रको ब्रह्महत्याको चतुर्थांश स्वीकार गरिन् । त्यै ब्रह्महत्या पृथ्वीमा कतै कतै ऊसरको (अन्न न हुने जग्गा) रूपमा देखिन्छ ॥७॥ कुनै भाग काटिएमा फेरि पल्लाउने वर पाएर वृक्षले दोस्रो चतुर्थांश स्वीकार गरे । तिनबाट अहिले जो खोटो निस्केको देखिन्छ त्यो उही ब्रह्महत्याको अंश हो ॥८॥ सर्वदा पुरुषसँग सम्भोग गर्ने शक्ति रहोस् भन्ने वरदान पाएर स्त्रीहरूले ब्रह्महत्याको तेस्रो चतुर्थांश स्वीकार गरे । उनको ब्रह्महत्या प्रत्येक महीनामा रजको रूपमा प्रत्यक्ष देखिन्छ (क)॥९॥ कूपादिद्वारा खर्च गरिए तापनि निर्झर आदिको रूपमा तिम्रो बढता नै भै रहनेछ भन्ने वरदान पाएकोले जलले ब्रह्महत्याको चौथो चतुर्थांश स्वीकारगर्‍यो । फींज, बुद्‌बुद (पानीमा देखिने फोका) आदिको रूपमा त्यै ब्रह्महत्या देखिएको हो । यसैले मानिसहरू फींज, पन्छाएर जल ग्रहण गर्दछन् ॥१०॥

आफ्ना छोरा विश्वरूपुको मृत्युपछि अत्यन्त

(क) पहिले मनुष्य-स्त्रीमा पशुहरू झैं गर्भाधानको समय आउँदाखेरि मात्र कामवासना उत्पन्न हुन्थ्यो तर ब्रह्महत्या स्वीकार गरेपछि इन्द्रको वरले स्त्रीहरूमा निरन्तर कामवासना रहनलाग्यो ।

कुपित भएर, इन्द्रलाई मार्ने कामनाले, उनका पिता त्वष्टाले 'हे इन्द्रशत्रो ! तिम्रो वृद्धि होस् एवं झट्टै आफ्नो शत्रुको विनाश पारे'' यस मन्त्रले इन्द्रको शत्रु उत्पन्न गर्नाको निम्ति अग्निमा हवन गर्न लागे (क) ॥११॥ यज्ञ समाप्त भएपछि अन्वाहार्यपचन नामक अग्नि (दक्षिणाग्नि) बाट एउटा अतिशय भयङ्कर दैत्य प्रकट भयो । समस्त लोकलाई नाश गर्नाको निम्ति प्रलयकालको विकराल काल नै प्रकट भएको हो कि जस्तो त्यो देखिन्थ्यो ॥१२॥ त्यो दिनदिनै आफ्नो शरीरमा सबैतिर वाण बराबर (चार हात अथवा जतिसम्म बाण जान सक्तछ त्यतिसम्म) बढ्दै जान थाल्यो । त्यो डढेको पहाड समान कालो र त्यसको शरीरको कान्ति सन्ध्याकालको बादल जस्तो रातो थियो ॥१३॥ त्यसको टाउकोको रउँ र दाढी, जूंगा आगोमा पोलेको तामा जत्तिकै रातो रंगका औ आँखा मध्याह्नकालको सूर्य जस्तै डरलाग्दा थिए ॥१४॥ अतिशय चहकिला तीन टुप्पा भएको आफ्नो त्रिशूल लिएर जब त्यो नाचन चिच्च्याउन एवं उफ्रन थाल्दथ्यो, त्यस बखतमा उसको पैतालाको मच्कोले पृथ्वी नै काम्न थाल्दथिन् । त्यसले स्वर्ग र पृथ्वीलाई नै आफ्नो त्रिशूलमा राखेर उचालेको हो कि जस्ता भान पर्न जान्थ्यो ॥१५॥ बारम्बार जिउ तानेर हाई गर्दाखेरि जब यसको पर्वतको गुफा जस्तो मुख खुल्न जान्थ्यो त्यस बेला त त्यसले जम्मै आकाशलाई नै पिउन आँटेको, जिब्रोले सारा नक्षत्रलाई चाट्न लागेको र आफ्नो विशाल एवं भयानक दाह्राले तीनै लोकलाई निल्न लागेको जस्तो मालूम हुन्थ्यो। त्यसको यो भयङ्कर रूप देख्ता सबै जना डराएर यताउति भाग्न लागे ॥१६-१७॥

त्वष्टाद्वारा उत्पन्न भएको यस तमोगुणी पुत्रले सारा लोकलाई आवृत (आच्छादित) गरेकोले त्यो महापापी औ अत्यन्त क्रूर पुरुषको नाम वृत्रासुर पर्न गयो ॥१८॥ ठूला ठूला देवताहरूले त्यस दानवलाई देख्नासाथ आफ्ना अनुयायीहरूको साथसाथै त्यसमाथि आक्रमण गरे औ आफ्ना दिव्य शस्त्र अस्त्रले प्रहार पनि गर्न थाले तर वृत्रासुरले उनका सारा हात हतियार निलिदियो ॥१९॥ अब ता देवताहरूको आश्चर्यको सीमै रहेन, उनको प्रभाव हरायो र सबैका सबै खिन्न भएर आफ्नो हृदयमा विराजमान रहने आदिपुरुष श्रीनारायणको एकाग्रचित्तले आराधना गर्नलागे ॥२०॥

देवताहरूले भने —

वायु, आकाश, अग्नि, जल, पृथ्वी यी पञ्चमहाभूत, यिनबाट बनेका तीनै लोक, उनका अधिपति ब्रह्मा तथा हामी सबै देवता जुन कालदेखि डराएर उसलाई (काललाई) पूजाको सामग्री चढाउँछौ त्यै काल समेत जोदेखि डराइरहन्छ, उनै परमात्मा हाम्रो रक्षक होउन् ॥२१॥ तपाईंको निम्ति नयाँ कुरो केही छैन । अतः केही देखेर पनि छक्क पर्नुहुन्न; आफ्नै स्वभाको साक्षात्कारले सर्वदा पूर्ण काम हुनुहुन्छ, समविषमरूपले देखिने समस्त पदार्थमा समरूपले रहनु भएको छ अर्थात उपाधिले गर्दा भएको भेदले रहित हुनुहुन्छ;

(क) उच्चारणमा भेद पर्नाले 'इन्द्रशत्रु'' यस पदको "इन्द्रको शत्रु'' भन्ने अर्थ न भएर समासको बलले "इन्द्र जसको शत्रु हुन्'' यस्तो अर्थ हुन गयो ।

तपाईंमा कुनै प्रकारको विकार नहुने अर्थात् रागद्वेष शून्य हुनाले शान्त हुनुहुन्छ। यस्तो तपाईंलाई छाडेर अर्काको शरणलिने ता मूर्ख हो, त्यसले ता कुक्कुरको पुच्छर समातेर समुद्र पार गर्न खोजेको बराबर हो ॥२२॥ प्रलयकालको समयमा जसको विशाल सिंगमा पृथ्वीरूप डुङ्गा-लाई बाँधेर वैवस्वत मनु सजिलैसँग प्रलयकालको दुस्तर सङ्कटबाट पार लागेथे, उनै मत्स्य भगवान्ले हामी शरणागतहरूलाई वृत्रासुरद्वारा उपस्थित भएको महान् भयबाट बचाउनु हुनेछ ॥ २३ ॥ प्राचीन कालमा प्रचण्ड वायुको झोंक्काले उर्लेको चञ्चल तरङ्ग (छाल) को गर्जनाले गर्दा ब्रह्माजी, भगवान्को नाभिकमलबाट अत्यन्त भयानक प्रलयकालीन जलमा खसेथे। ब्रह्माजी, असहाय भए तापनि जसको कृपाले त्यस आपत्तिबाट पार लागेथे उनै भगवान्ले हामीलाई यस सङ्कट-बाट बचाउन् ॥ २४ ॥ उहीं प्रभुको बिना कसैको सहायताले, आफ्नो मायाले हाम्रो सृष्टि गर्नु भएको हो। उहींको अनुग्रहले हामी संसारको रचना गर्दछौं तथापि "हामी स्वतन्त्र ईश्वर हौं" भन्ने अभिमानले गर्दा, सम्पूर्ण प्राणीको अन्तः करणमा विराजमान रहेर, हामीभन्दा पहिले देखि नै चेष्टायुक्त भै सबैलाई प्रेरणा गर्ने उहाँको स्वरूपलाई जान्न सक्तैनौं ॥२५॥ उहाँ प्रभु, जब देवताहरूलाई आफ्ना शत्रुद्वारा अत्यन्त पीडित भएको देख्नु हुन्छ त्यस बखतमा वास्तवमा निर्विकार भए तापनि आफ्नो मायाको आश्रय लिएर देवता, ऋषि, पशु-पक्षि, मनुष्यादि योनिमा अवतार ली, हामीलाई आफ्नै संझेर युग युगमा हाम्रो रक्षा गर्नु हुन्छ ॥२६॥ उहाँ सबैका आत्मा औ परम आराध्यदेव हुनुहुन्छ। प्रकृति औ पुरुष-रूपले विश्वको कारण हुनुहुन्छ। विश्वदेखि पृथक भएर पनि विश्वरुप हुनुहुन्छ। हामी सबै शरणागतवत्सल उहीं भगवान् श्रीहरिको शरण ग्रहण गर्दछौं उदारशिरोमणि उहाँ प्रभुले अवश्य आफ्ना भक्त हामीहरूको कल्याण गर्नु हुनेछ।२७।

शुकदेवजी भन्नुहुन्छ—

हे महाराज परीक्षित्! देवताहरूले यसप्रकार-सँग स्तुति गरेपछि शङ्ख-चक्र-गदाधारी भगवान् पश्चिम दिशामा स्वयं उनीहरूको सामुन्ने प्रकट हुनुभयो।।२८।। उहाँको चारैतिर श्रीवत्सलाञ्छन औं कौस्तुभमणि सिवाय अरू सबै भगवान्को लक्षणले युक्त भएका सुनन्दादि सोह्र जना पार्षद उहाँको सेवामा लागेका थिए। उहाँका नेत्र शरत् कालका प्रफुल्ल कमलसमान सुन्दर थिए। यस्ता भगवान्को दर्शन पाउनाले आनन्दमा मग्न भएका सबै देवताहरूले भूईंमा लम्पसार परी साष्टाङ्ग दण्डवत् गरे र फेरि बिस्तारै बिस्तारै उठेर उहाँका स्तुति गनलागे ।।२९-३०।।

देवताहरूले भने—

यज्ञादिमा स्वर्गादि फल दिने शक्ति तपाइं नै हुनुहुन्छ, तपाइंलाई नमस्कार छ। ती फलको सीमा निश्चित गर्ने काल पनि तपाईं नै हुनुहुन्छ— तपाईंलाई नमस्कार छ। यज्ञमा बिघ्न पार्ने दैत्य-हरूलाई आफ्नो अमोघ चक्रले छिन्न-भिन्न पार्नु हुन्छ— तपाईंलाई प्रणाम छ। यी महिमाले गर्दा तपाईंकाअनेक राम्रा राम्रा नामभएका छन् यस्ता तपाईंलाई हामी बारम्बार नमस्कार गर्दछौं ॥३१॥ हे प्रभो ! सत्व-रज-तम यी तीन गुण अनु सार जुन उत्तम-मध्यम औ निकृष्ट गति प्राप्त हुन्छन्,

तिनको नियामक तपाईं नै हुनुहुन्छ । तपाईंको निर्गुण परमपदको जुन वास्तविक रूप हो त्यसलाई यस जगत्को कुनै आधुनिक जीवले जान्न सक्तैन, किन कि यो जगन् कार्य हो औ तपाईं यसको विधाता हुनुहुन्छ ॥३२॥

हे भगवन्! हे नारायण! हे वासुदेव! तपाईं जगत्को परम कारण औ पुरुषोत्तम हुनुहुन्छ। तपाईंको महिमाको सीमा नै छैन । तपाईं परम-कल्याण-स्वरूप, परम मङ्गलमय औ परम दयालु हुनुहुन्छ। तपईंनै सारा जगत्को आधार एवं अद्वितीय हुनुहुन्छ। सम्पूर्ण जगत्को स्वामी केवल तपाईं नै हुनुहुन्छ। हे लक्ष्मीपते प्रभो! परमहंस परिव्राजकहरू आत्मसंयमरूप परमसमाधिको अनुष्ठान गरेर जब राम्रोसँग तपाईंको चिन्तन गर्दछन् तब उनको शुद्ध हृदयमा परमहंसहरूको वास्तविक धर्म—भगवद्भजनको उदय हुन्छ। यसद्वारा उनको हृदयको अज्ञानरूप ढोका खुल्दछ र उनको आवरणरहित आत्मलोकमा आत्मानन्दको रूपमा तपाईं प्रकट हुनुहुन्छ र तपाईंको अनुभव गर्न पाउँदा उनीहरू निहाल हुन्छन्। यस्ता तपईंलाई हामी नमस्कार गर्दछौं ॥३३॥ हे भगवन्! तपाईंका लीलाको रहस्य जान्न बडो गाह्रो छ, किन कि तपाईं निराकार, निराश्रय एवं निर्विकार भए तापनि हाम्रो सहायताको अपेक्षा नगरी स्वयं आफैंले यस सगुण जगत्को सृष्टि, रक्षा औ सँहार गर्नु हुन्छ ॥३४॥ हे प्रभो! तपाईं देवदत्त (कुनै सांसारिक व्यक्ति) झैं गुणहरूको कार्यरूप यस जगत्मा जीवरूपले प्रकट भै, कर्मको अधीनमा रहेर आफूले गरेका शुभ-अशुभ कर्मको फल भोग्नु हुन्छ अथवा स्वयं आत्माराम, शान्तस्वभाव एवं उदासीन रहेर आफ्नो अस्खलित चैतन्यशक्तिको प्रभावद्वारा साक्षी स्वरूपले रहनु हुन्छ औ सबैलाई समानरूपले देख्नु हुन्छ। तपाईंको स्वरूपको सम्बन्धमा यी दुई मध्ये कुन चाहीं ठीक हो हामीले राम्ररी बुझ्न सकेका छैनौं ॥३५॥ हाम्रो बिचारमा ता तपाईंमा पूर्वोक्त दुवै कुरा रहे तापनि कुनै बिरोध हुने छैन कारण तपाईं स्वयं भगवान् हुनुहुन्छ, तपाईंका गुण अगणित छन्, महिमा दुर्बोध छ औ आफू सर्वशक्तिमान हुनुहुन्छ। आधुनिक कालका व्यक्तिहरू अनेक प्रकारका विकल्प, वितर्क, विचार, झूठो प्रमाण औ कुतर्कपूर्ण शास्त्रको अध्ययन गरेर आफ्नो हृदयलाई दूषित गर्दछन् र यसै कारणले दुराग्राही भएर निस्कन्छन्। तपाईंमा ती दुराग्राहीहरूको वाद-विवादको निम्ति अवकाश छैन अर्थात् त्यस्ता वाद-विवादले तपाईंको स्वरूपको ज्ञान हुन सक्तैन, किन कि तिनले तपाईंलाई छुनसम्म पनि सक्तैनन्। तपाईंका वास्तविक रूप ता सम्पूर्ण मायामय प्रपञ्चदेखि रहित छ । यस्तो अद्वितीयरूपमा आफ्नो मायालाई लुकाए पछि ता तपाईंमा हुन नसक्ने कुनै कुरा होला त? यसै कारण साधारण पुरुष झैं तपाईं कर्ता-भोक्ता पनि हुन सक्नु हुन्छ अथवा महापुरुष झैं उदासीन पनि । किन कि वास्तवमा तपाईंमा दुवै स्वरूपको अभाव छ अर्थात् तपाईंमा न कर्तृत्व-भोक्तृत्व छ न उदासीनता नै छ। तपाईं ता यी दुवैदेखि विलक्षण, अनीर्वचनीय हुनुहुन्छ ॥३६॥ जसरी डोरीको एउटा टुक्रा भ्रान्त पुरुषलाई सर्प-माला-धारा आदिको स्वरूपमा देखिन्छ तर जानिफकारलाई

ता डोरी नै मालूम हुन्छ त्यसैगरी तपाई पनि भ्रान्त पुरुषलाई कर्त्ता, भोक्ता आदि अनेक रूपमा र ज्ञानीलाई ता शुद्ध सच्चिदानन्दको रूपमा देखिनु हुन्छ। अर्थात् विषम बुद्धि भएका मानिसहरूको अभिप्राय अनुसार विविधरूपमा देखिनु हुन्छ ॥ ३७ ॥ विचारपूर्वक हेरेको खण्डमा ता तपाई नै सम्पूर्ण वस्तुको सार एवं सबैका स्वामी हुनुहुन्छ, तपाई नै जगत्का कारणरूप ब्रह्मा औ प्रकृतिहरूको समेत कारण हुनुहुन्छ । सबैको अन्तर्यायी अन्तरात्मा हुनु भएकोले जगत्मा जति विषय देखिन्छन् तिनीहरूको देखिनुले नै आफ्नो अधिष्ठानस्वरूप तपाईंको सङ्केत गर्दछ, श्रुतिहरूले समस्त पदार्थको निषेध गरेर अन्तमा निषेधको अवधिको रूपमा केवल तपाईंलाई नै शेष राखेका छन् ॥ ३८ ॥ हे मधुसूदन ! तपाईंको महिमा अमृतरसको सागर हो। जसले त्यस सागरको एक थोपा रसको केवल एक चोटि स्वाद पाउँछन्, तिनको हृदयमा नित्य निरन्तर परमानन्दको धारा बग्न थाल्दछ र यसले गर्दा अहिलेसम्म जगत्मा जति लेशमात्र प्रतीति मात्रका इन्द्रियसुखको अनुभव गरिसकेका छन् अथवा परलोकादिको विषयमा जो सुनेका छन् ती सबैलाई बिर्सेर तपाईंको अनन्य प्रेमी, परमभक्त भएर निस्कन्छन्। तपाईं समस्त ऐश्वर्य्य औ माधुर्य्यको खजाना हुनुहुन्छ सम्पूर्ण प्राणीका परमप्रियतम, हितैषी, सुहृद औ सर्वात्मा हुनुहुन्छ। तपाईंका प्रेमी भक्त सदा सर्वदा आफ्नो सम्पूर्ण हृदयले तपाईंको चिन्तनको सुख लुटिरहन्छन् । वास्तवमा यी भक्त पुरुष नै स्वार्थसाधनमा निपुण हुन्। तप्राईंका यी परम अनन्य भक्तले तपाईंको चरण-कमलको सेवालाई कसरी त्याग्न सक्लान् ? यिनको सेवा गर्नाले ता जन्म-मुत्युरूप संसारको चक्रबाट सदाका लागि छुटकारा पाइन्छ ॥३९॥

हे प्रभो ! तपाईं त्रिभुवनको आत्मा औ आश्रय हुनुहुन्छ। आफ्ना तीन पाइलाले तपाईंले सम्पूर्ण जगत्लाई नाप्नु भएथ्यो, तीनै लोकको सञ्चालक पनि आफै हुनुहुन्छ, तपाईंको प्रभावको वर्णन सुन्दैमा तीनै लोक दङ्ग पर्दछ। यी दैत्य दानवादि पनि तपाईंकै स्वरूप हुन् ता पनि यो उनको उन्नतिको समय होइन भन्ने विचारले आफ्नो मायाबलले देवता, मनुष्य, पशु, नृसिंह आदि मिश्रित र मत्यादि जलचरको अवतार ग्रहण गरी, अपराध अनुसार पहिले पहिले जसरी यिनीहरूलाई दण्ड दिनु भएथ्यो, त्यसैगरी हे भगवन् ! तपाईंलाई मुनासिव लाग्दछ भने अहिले पनि ती असुरहरूलाई झैं यस वृत्रासुरको पनि वध गरिबक्सियोस् ॥४०॥ हाम्रो बाबु भने पनि बाजे भने पनि सबै तपाईं नै हुनुहुन्छ। हामी ता तपाईंकै सेवक छौं औ सदा तपाईंको अगाडि टाउको निहुराइ राख्त छौं । तपाईंका चरणकमलको ध्यान गर्दा गर्दा हाम्रो हृदय तिनकै प्रेमबन्धनले जकडिएको छ। हाम्रो अगाडि आफ्नो सगुण मूर्ति प्रकट गरी हामीलाई आफ्नै तुल्याउनु भयो तसर्थ हे प्रभो अब आफ्नो दयापूर्ण विशद, सुन्दर औ शीतल मुसकानले युक्त भएको दृष्टिपातले तथा आफ्नो मुखारविन्दबाट झरेका, मनलाई प्रफुल्लित पार्ने वाणीरुप सुमधुर सुधाबिन्दुले हाम्रो हृदयको ताप शान्त गरिदिनोस् ॥४१॥ हे भगवन् ! जसरी

झिल्काले आगोलाई प्रकाशित गर्न सक्तैनन्, त्यसै-गरी हामी पनि आफ्नो कुनै स्वार्थ-परमार्थ तपाईं-लाई निवेदन गर्न असमर्थ छौं हामीले तपाईंलाई भन्नु पर्ने कुरा पनि के छ र ? किन कि तपाईं ता सम्पूण जगत्‌को उत्पत्ति, स्थिति औ लय गराउने आफ्नो दिव्य मायाको साथमा क्रीडा गरिरहनु हुन्छ तथा समस्त जीवको अन्तः-करणमा अन्तर्यामी ब्रह्मस्वरूपले औ बाहिर प्रधान स्वरुपले विराजमान भै, जगतमा जति देश, काल शरीर, अवस्था आदि छन् ती सवैको—तिनका उपादान औ प्रकाशको रूपमा—अनुभव गरि रहनु हुन्छ। वृत्तिहरूको कार्यरूपमा अथवा उनको अभावरूपमा जति प्रतीति हुन्छन् ती सबका साक्षी तपाईं नै हुनुहुन्छ। स्वरुपमा आकाश समान तपाईं सर्वगत औ निर्लिप्त हुनुहुन्छ, कति भनौं—तपाईं स्वयं परब्रह्म परमात्मा हुनुहुन्छ॥४२॥आफ्नो अभिप्राय निवेदन गरुन् भन्ने कुराको अपेक्षा नराखी, हामी जुन अभिलाषा लिएर यहाँ आएका छौं, हामी शरणागतहरूको त्यो मनोरथ पूर्ण गरिदिनोस्। तपाईं अचिन्त्य ऐश्वर्यसम्पन्न एवं जगत्‌का परम गुरु हुनुहुन्छ। विविघ पापको फलस्वरूप जन्ममृत्युरुप संसारको यन्त्रणालाई शान्त गर्न तपाईंको चरणकमलको छायामा हामी आइराखेका छौं॥४३॥

हे ईश ! हे कृष्ण ! तीनै लोकलाई ग्रास गर्नाको निम्ति उद्यत् भएको त्वष्टाको छोरो बृत्रासुरलाई झट्ट मारिदिनोस्। यसले हाम्रो तेज औ अस्त्र, शस्त्रलाई समेत निलिदिएको छ ॥४४॥ शुद्धस्वरूप औ आर्तिहारी हरिलाई हामी नमस्कार गर्द छौं, हृदयाकाशमा तपाईंको निवासस्थान छ, तपाईं बुद्धि आदिका साक्षी सच्चिदानन्द स्वरूप हुनुहुन्छ, अनादि–अनन्त औं उज्वल कीर्तिले सम्पन्न हुनुहुन्छ। सन्तहरू तपाईंको संग्रह गरेर अरू संग्रहलाई छाडिदिन्छन् संसारको बटुवा घुम्दा घुम्दै तपाईंको शरण ग्रहण गर्न पुग्यो भने त्यसलाई संसारको अन्तमा तपाईंले उत्तम गति दिनु हुन्छ र यस प्रकारसँग उसको जन्म जन्मान्तरको कष्टलाई हर्नु हुन्छ। हे प्रभो । यस्ता तपाईंलाई हामी नमस्कार गर्द छौं ॥४५॥

शुकदेवजी भन्नुहुन्छ—

देवताहरूले यस प्रकारले आदरसँग आफ्नो स्तुति गरेको सुनेपछि भगवान् प्रसन्न भएर उनी-हरूलाई भन्नलाग्नु भयो ॥४६॥

भगवान्‌ले भन्नुभयो—

हे देवता हो ! यस स्तोत्रले औ तिमीहरूको ज्ञानले म प्रसन्न छु। यस स्तुतिद्वारा मानिसलाई आफ्नो स्वरूपको स्मृति औ मेरो भक्ति प्राप्त हुने छ ॥४७॥ हे देवश्रेष्ठ हो ! म प्रसन्न भएपछि कुनै वस्तु दुर्लभ होला भन्नु पर्दैन । यसो भए तापनि मेरा तत्वजान्ने भक्तहरू ममा नै अनन्यभावले चित्त समर्पण गरी तृप्त रहन्छन्। म बाहेक अरू कुनै कुराको चाह गर्दैनन् ॥४८॥ जगत्‌को विषयलाई नै सत्य संझने नासमझ व्यक्तिलाई आफ्नो वास्तविक कल्याणको ज्ञान हुन सक्तैन। यस प्रकारको मूढ व्यक्तिलाई उसले इच्छागरेको पदार्थ दिने पनि उ जत्तिकै नासमझ हो ॥४९॥ जुन पुरुषले मुक्तिमार्गलाई जानेको छ त्यसले अज्ञानीलाई समेत कर्म अर्थात् प्रवृत्ति-मार्गको उपदेश दिंदैन, जस्तै रोगीले इच्छा गरे तापनि असल वैद्यले कहिले पनि उसलाई कुपथ्य

दिदैन ॥५०॥ हे देवराज इन्द्र ! तिम्री कल्याण होस् । अब झट्टै ऋषिश्रेष्ठ दधिचि कहाँ जाऊ र विद्या, व्रत, तपको प्रभावले दृढ भएको उनको शरीर उनीसित मांग ॥५१॥ दधीचि ऋषिलाई शुद्ध व्रह्मको ज्ञान छ । अश्विनीकुमारहरूलाई घोडाको टाउकोबाट उपदेश गरेको हुनाले यिनलाई अश्वशिर पनि भन्दछन् । उनले उयदेश गरेको आत्मविद्याको प्रभावले नै दुवै अश्विनीकुमारलाई अमरता प्राप्त भएको हो ॥५२॥ यिनै अथर्ववेदी दधिचि ऋषिले सवभन्दा पहिले मेरो स्वरूपभूत, अभेद्य नारायण कवचको त्वष्टालाई उपदेश गरेथे। त्वष्टाले बिश्वरूपलाई बताए र विश्वरूपवाट तिमीहरूले पायौ ॥५३॥ दधीचि ऋषि धर्मका परम मर्मज्ञ :छन् । तिमीहरूले औ खास गरी अश्विनीकुमारहरूले माग्दा आफ्नो शरीरको अङ्ग अवश्य दिनेछन् । विश्वकर्माद्वारा ती अङ्गबाट एउटा उत्तम शस्त्र तय्यार गराए मेरो तेजले सम्पन्न भै इन्द्रले त्यै शस्त्रले वृत्रासुरको टाउको काट्ने छन् ॥५४॥ त्यो मारिए, पछि तिमीहरूलाई फेरि आफ्नो हराएको तेज अस्त्र-शस्त्र तथा सम्पत्ति प्राप्त हुने छ। मेरा भक्तहरूलाई कसैले कष्ट दिन सक्तैन अतः तिमीहरूको अवश्यमेव कल्याण हुनेछ ॥५५॥

....

अध्याय-१०

देवताहरूले ल्याएको दधीचि ऋषिको हाडबाट वज्र निर्माण गरी इन्द्र बृत्रासुरसित युद्ध गर्दछन् ।

शुकदेवजी भन्नुहुन्छ—

विश्वका जीवनदाता भगवान् हरि इन्द्रलाई यस प्रकारको आज्ञा दिएर देवताहरूको सामुन्ने त्यहींको त्यहीं अन्तर्धान हुनुभयो ॥१॥ यसपछि देवताहरूले भगवान्को आज्ञानुसार अथर्ववेदी महात्मा दधीचि ऋषिकहाँ गई उनको शरीर माँगे। देवताहरूको यो याचना सुन्दा उनी खूब दङ्ग परेर हाँसि हाँसिकन यस प्रकारसँग भन्न लागे ॥२॥ "हे देवता हो ! शरीरधारीलाई शरीर त्यागदाखेरि अचेत गराउने जुन घोर दुःख हुन्छ, त्यो के तिमीहरूलाई थाहा छैन ! अर्थात् मृत्युको यातना अत्यन्त दुस्सह हुन्छ ॥३॥ संसारमा जीवित रहने इच्छा भएका व्यक्तिको निम्ति शरीर बडो अनमोल प्यारो वस्तु हुन्छ । साक्षात् विष्णु भगवान्ले नै त्यो शरीर माँगे भने पनि कुन देहधारीले त्यो दिने साहस गन सक्ला ?" ॥४॥

देवताहरूले भने—

हे ब्रह्मन् ! जुन महापुरुष तपाईं झैं प्राणीमात्र माथि दया गर्ने हुन्छन् एवं पुण्यकीर्ति भएका सज्जन जसको शुभकर्मको प्रशंसा गर्दछन् तपाईं समानका त्यस्ता महापुरुषले परोपकारको निम्ति कुन वस्तुको त्याग गर्न सकोइनन् ? ॥५॥ हे भगवन् ! माग्ने पुरुष स्वार्थी हुन्छन् भन्ने

कुरामा सन्देह छैन, दिनेलाई कत्तिको क्लेश होला यस कुराको विचार गर्ने शक्ति तिनमा हुँदैन, यस्तो शक्ति भै दिएका भए ता न याचकले कुनै कुरा माँग्थ्यो, न दिन सक्नेले "हुन्न" भन्नु पर्थ्यो ॥६॥

दधीचि ऋषिले भने—

तपाईंहरूको मुखबाट धर्मको कुरा सुन्ने इच्छाले नै मैले तपाईंहरूलाई यस प्रकारले रुखो उत्तर दिएको हूँ। यो मेरो प्यारो शरीरले एक-दिन स्वयं मलाई छाड्ने नै छ तसर्थ तपाईंहरूको हितको निम्ति म यसलाई अहिले नै छाडि-दिन्छु ॥७॥ हे स्वामी हो! जो मानिस यस अनित्य शरीरले दुःखी प्राणीहरूमाथि दया गरेर धर्म अथवा यश उपार्जन गर्ने प्रयत्न गर्दैन त्यो अचेतन जडजीव (वृक्षादि) को दृष्टिमा समेत शोचनीम हुन्छ ॥८॥ अरू प्राणीको दुःखमा दुःखको र सुखमा सुखको अनुभव गर्नु नै मानिसको अवि-नाशी धर्म हो। बडा बडा महात्माहरूले समेत यस धर्मको उपासना गरेका छन् ॥९॥ जगत्का धन-जन-शरीर आदि वस्तु क्षण-भङ्गुर हुन्। यिनबाट मानिसको कुनै स्वार्थ पनि सिद्ध हुँदैन, अन्तमा अर्कैलाई कामलाग्ने हुन्। अहो! मरण-शील मानिसले यिनीहरूद्वारा अर्काको उपकार न गर्नु कस्तो कृपणता औ कस्तो कष्टको कुरा हो? ॥१०॥

शुकदेवजी भन्नुहुन्छ—

अथर्ववेदी महर्षि दधीचिले यस्तो निश्चय गरी आफ्नो चित्तलाई परब्रह्म परमात्मा भगवान्मा लीन गरी, स्थूल शरीरलाई त्यगि-दिए ॥११॥ दधीचिका इन्द्रिय-प्राण-मन-बुद्धि सबै संयत थिए, दृष्टि तत्त्वमयी थियो। यस प्रकारसँग उनी सबै बन्धनबाट मुक्त भैसकेका थिए। अतः जब उनी भगवान्सित अत्यन्त युक्त भएथे त्यसबेला उनलाई मेरो शरीर छ वा छैन यस कुराको पत्तो समेत भएन ॥१२।

भगवान्को शक्ति पाएपछि इन्द्रको बल, पौरुष उन्नतिको शिखरमा पुग्यो। दधीचि ऋषिको हाडबाट विश्वकर्माले बनाएको बज्र हातमा ली, उनी ऐरावत हात्तीमा सवार भए। देवताहरूले उनलाई चारैतिरबाट घेरिराखेका थिए औ बडा बडा ऋषि-मुनिहरू उनको स्तुति गर्नलागेका थिए। यस मौकामा इन्द्रको शोभा देख्ता तीनै लोक दङ्ग परेको थियो ॥१३-१४॥ हे राजन्! जसरी रुद्रले कुपित भएर समस्त लोकको संहार गर्ने त्रिपुरासुरमाथि आक्रमण गरेथे त्यसैगरी इन्द्र पनि दैत्यसेनापतिहरूले घेरिएको वृत्रासुरतिर उसको वध गर्नाको निम्ति बडो वेगसँग दगुरे ॥१५॥ यस प्रकारसँग वैवस्वत मन्वन्तरको प्रथम चतुयुगको त्रेताको आरम्भ हुने समयमा नर्मदा नदीको तीरमा असुरहरूसँग देवताहरूको भयङ्कर युद्ध हुनलाग्यो ॥१६॥ हे राजन्! यस युद्धमा रुद्र, वसु, आदित्य, अश्विनीकुमार, पितृगण, अग्नि, मरुद्गण, ऋभु, साध्य एवं विश्वदेवतादिद्वारा घेरिएका, हातमा बज्र धारण गरेका इन्द्र आफ्नो कान्तिले शोभायमान भै राखेका थिए। वृत्रासुर आदि दैत्यहरूलाई यी सबैलाई आफ्नो सामुन्ने आएको देख्ता खपी सक्नु भएन ॥१७-१८॥ अतः नमुचि, शम्बर, अनर्वा, द्विमूर्धा, ऋषभ, अम्बर, हयग्रीव, शङ्कुशिरा, विप्रचित्ति, अयोमुख, पुलोमा,

वृषपर्वा, प्रहेति, हेति, उत्कल, सुमाली, माली आदि हजारौं दैत्य-दानव एवं यक्षराक्षस सुवर्णमय साज सामानले सुसज्जित भै देवराज इन्द्रको सेनाको अग्रभागलाई रोकेर अत्यन्त उन्मत्त भै, सिहनाद गर्दै, बडो सावधानीसँग देवसेनामाथि प्रहार गर्नलागे। हे परीक्षित्! यस समयको देवसेना स्वयं मृत्युको निम्ति पनि अजेय थियो। घमण्डी असुरहरूले गदा, परिघ, वाण, प्रास, मुद्गर, तोमर, शूल, परश्वध, खड्ग, शतघ्नी औ भुशुण्डी आदि शस्त्र-अस्त्रको वर्षा गरेर देवताहरूलाई चारतिरबाट ढाकिदिए ॥१९-२३॥ एकपछि अर्को गरेर यतिका वाण चारैतिरबाट आइराखेका थिए कि तिनीहरूले गर्दा, बादलले ढाकिंदा आकाशका तारा नदेखिए झैं देवताहरू देखिन पनि छाडे ॥२४॥ तर यस शस्त्र-अस्त्रको वर्षाले देवताका सैनिकहरूलाई छुनसम्म पनि सकेन। उनीहरूले आफ्नो हातको सफाइले तिनलाई हजारौं टुक्रा पारेर आकाशैमा छिन्न भिन्न पारिदिए ॥२५॥ अस्त्र-शस्त्र समाप्त भएपछि असुरहरूले देवताहरूको सेनामा पर्वतका शिखर, रुख औ ढुङ्गा वरसाउन थाले तर देवताहरूले यिनलाई समेत पहिले झैं टुक्रा टुक्रा पारिदिए ॥२६॥

यस प्रकारसँग आंफ्ना असंख्य अस्त्र-शस्त्रले देव सेनाको अलिकता पनि क्षति गर्न नसकेको तथा रुख, चट्टान, औ पहाडका ठूला ठूला शिखरको प्रहारले समेत उनको शरीरमा चोट नलाग्नाले सबैको सबैलाई सकुशल देख्ता बृत्रासुरका अनुयायी दैत्यहरू बहुतै डराए ॥२७॥ जसरी कृष्ण भगवान्‌द्वारा सुरक्षित रहेका भक्तहरूमाथि क्षुद्र मानिसले भनेका कठोर एवं अमङ्गलमय वचनको केही प्रभाव पर्दैन त्यसैगरी भगवान्‌को अनुग्रह भएका देवताहरूलाई नाश गर्नाको निम्ति दैत्यहरू जति जति प्रयत्न गर्दथे ती सबै निष्फल हुन्थे ॥२८॥ यस प्रकारसँग आफ्नो प्रयत्न विफल भएको देख्ता भगवद्विमुख दैत्यहरूको युद्धको उत्साह नष्ट भएर गयो, किन कि देवताहरूले उनको सारा वल, पौरुषको हरण गरिसकेका थिए। अब ता उनीहरू आफ्ना नायक बृत्रासुरलाई युद्ध भूमिमा छाडेर भाग्न उद्यत भए ॥२९॥ आफ्ना अनुयायी असुरहरूलाई भाग्न लागेको औ अत्यन्त भयभीत भै सेना समेत छयाप्न व्याप्न हुन लागेको देख्ता महामनस्वी वीर बृत्रासुर हाँसेर भन्नलाग्यो ॥३०॥ यस्तो मौकामा मनस्वी, वीर व्यक्तीले जल्तो कुरा भन्न उचित पर्दछ त्यस्तै वीरोचित वाणीले वीरशिरोमणि बृत्रासुर विप्रचित्ति, नमुचि, पुलोमा, मय, अनर्वा, शम्वर आदि दैत्यहरूलाई सम्बोधन गरी भन्न लाग्यो—"हे असुर हो! न भाग, मेरो एउटा कुरा त सुन ॥३१॥ जो जन्मेको छ त्यसले अवश्यमेव एक न एक दिन मर्नै पर्दछ—यो तिमीहरूलाई थाहा भएकै कुरा हो। यस जगतमा मृत्युबाट बच्ने उपाय विधाताले वताएका छैनन्। यदि यस मृत्युद्वारा यस लोकमा यश औ परलोकमा स्वर्गादि पाइन्छ भने कुन बुद्धिमान्‌ले यस्तो उत्तम मृत्युलाई स्वीकार नगर्ला? ॥३२॥ संसारमा दुई प्रकारका मृत्यु परम दुर्लभ औ श्रेष्ठ मानिएका छन्—एकता योगी-पुरुषले आफ्नो प्राणलाई वशमा गराई ब्रह्मचिन्तन द्वारा शरीरको परित्याग गर्नु औ दोस्रो युद्धभूमिमा फौजको अगाडि डटेर,

पिठ्यू न फर्काइकन जुधेर प्राण विसर्जन गर्नु " ॥३३॥

अध्याय-११

वृत्रासुरको भक्ति, ज्ञान, वैराग्यले युक्त भएको वीरोचित वाणी र भगवत्प्राप्ति ।

शुकदेवजी भन्नु हुन्छ—

हे महाराज ! दैत्यराज वृत्रासुरले भनेको यस प्रकारको धर्मानुकूल वचनमा, डरले थर्कायमान भै भागिराखेका असुर सैनिकहरूले केही ध्यानै दिएनन् ॥१॥ हे राजन् ! अनुकूल समय परेकोले देवताहरूले असुरसेनालाई रबदेडिराखेको र सो सेना अनाथ झैं छयान्न-व्यान्न हुन लागेको देख्ता इन्द्रशत्रु वृत्रासुरलाई सही सक्नु भएन र प्रचण्ड क्रोधले गर्दा ठूलो ताप समेत पऱ्यो । त्यसले बलपूर्वक देवसेनालाई रोकी उनीहरूलाई डांटेर ललकार्दै भन्न लाग्यो ॥२-३॥ 'हे देवता हो ! रणभूमिमा पिठ्यूँ फर्काएर भाग्ने काथर असुरमाथि पछाडिबाट प्रहार गर्नामा के लाभ छ ? यिनीहरू ता आमाको पेटबाट विष्ठा समान भएर निस्केका हुन् । आफूलाई शूरवीर सम्झने तिमीहरू जस्ताको निम्ति पनि ता काथरको वध गर्नु न कुनै प्रशंसाको कुरो हो, न यसबाट स्वर्ग प्राप्ति हुन सक्तछ ॥४॥ तसर्थ हे छुद्रहो ! यदि तिमीहरूको मनमा युद्ध गर्ने शौक र साहस छ एवं जीवित रहेर विषय-सुखको भोग गर्ने अभिलाषा छैन भने एक छिन मेरो अगाडि डटिराख ॥५॥

यस प्रकारसंग आफ्ना शत्रु देवताहरूलाई आफ्नो विशाल शरीरले भयभीत गराउँदै त्यो महाबली दैत्यले यस्तो भयङ्कर गर्जना गऱ्यो भने तीनै लोक त्यो सुन्दा अचेत हुन गयो ॥६॥ वृत्रासुरको त्यो भीषण सिंहनादले गर्दा समस्त देवताहरू आफुमाथि बिजुली परेझैं मूर्च्छित भएर पृथ्वीमा लडे ॥७॥ अब ता जसरी मदोन्मत्त गजराज नरकटको बनलाई खुंद्छ त्यसैगरी रणभूमिमा कसैले अचेट्न नसक्ने वृत्रासुर हातमा त्रिशूल धारण गरी, डरले आँखा थुनेर पडिराखेको देवसेनालाई खुट्टाले कुल्चन लाग्यो । उसको वेगले गर्दा पृथ्वी समेत कम्पायमान हुन लागिन् ॥८॥ उसको यो कारवाई वज्रधारी इन्द्रलाई सही न सक्नु भयो र आफ्नो शत्रु वृत्रासुरलाई आफूतिर आउन लागेको देख्ता अत्यन्त क्रुद्ध भएर त्यसमाथि एउटा प्रचण्ड गदाको प्रहार गरे । यो असह्य गदा आफूतिर आउन लागेको देख्ता वृत्रासुरले खेल जस्तै गरेर बाटैमा त्यसलाई देब्रे हातले समातिदियो ॥९॥ हे राजन् ! त्यो महापराक्रमी इन्द्रशत्रुले युद्धमा अत्यन्त झोक्किएर भयङ्कर गर्जना गर्दै त्यै गदाले इन्द्रको वाहन ऐरावतको मस्तकमा प्रहार गऱ्यो । उसको यस कामको सबैले ठूलो प्रशंसा गरे ॥१०॥ वृत्रासुरको गदाको प्रहारले गर्दा ऐरावत हात्ती, वज्रको चोट परेको पर्वत झैं, अत्यन्त कातर भै फन्फनी घुमेर इन्द्रसहित अठ्ठाइस हात पछि हट्यो । टाउको फुटेकोले त्यो अत्यन्त व्याकुल भयो औ मुखबाट रगत उकेल्न लाग्यो ॥११॥

आफ्नो बाहन मूर्च्छा परेकोले अत्यन्त हडबडाएका इन्द्रमाथि, युद्धधर्मको मर्म जान्ने वृत्रासुरले फेरि गदाको प्रहार गरेन। यै अबसरमा इन्द्रले आफ्नो अमृतमय हातले सुम्सुम्याएर घाइते भएको ऐरावतको पीडा शान्त गरिदिए र फेरि रणभूमिमा आएर मुस्तैद भए ॥१२॥ हे राजेन्द्र ! आफ्नो दाजु विश्वरूपको वध गर्ने दैत्य-शत्रु इन्द्रलाई युद्धको निम्ति हातमा वज्र लिएर फेरि सामुन्ने आएको देख्ता, उनको (इन्द्रको) त्यो निष्ठुर पापकर्मको स्मरण हुन गएकोले, वृत्रासुरको शोक र मोह फेरि जाग्रत् भै हाल्यो र हाँस्तै इन्द्रलाई भन्न लाग्यो ॥१३॥

वृत्रासुरले भन्यो—

ब्राह्मणको हत्या गर्ने, गुरुघातक एवं मेरो दाजुलाई मार्ने मेरो शत्रु आज आफ्नो सामुने उपस्थित हुनु बडो सौभाग्यको कुरो हो । ए दुष्ट ! अब चाँडै नै पत्थरसमानको तेरो हृदयलाई आफ्नो त्रिशूलले छ्यान्न व्यान्न पारेर मातृ-ऋणबाट मुक्त हुनेछु ।।१४॥ स्वर्गको इच्छा गर्ने निर्दयी मानिसले यज्ञमा पशुको टाउको काटे झैं तैंले विश्वासघात गरेर विप्रवंशमा उत्पन्न भएका, आफ्ना गुरु, आत्मवेत्ता, निर्दोष औ यज्ञकर्मको निम्ति दीक्षित भएका मेरा दाजुको तीनैवोटा टाउको उडाइ दिइस् ।।१५॥ तेरो मनमा न दया छ न लाज छ । लक्ष्मी औ कीर्तिले पनि तँलाई छाडिसकेकाछन् । तेरो यस कुकर्मको ता मानिसको मासु खाने राक्षसले समेत निन्दा गर्दछन् । अब मेरो त्रिशूलले तेरो शरीर टुक्रा टुक्रा हुनेछ, बडो कष्टसँग तेरो प्राण जाने छ । तँ जस्तो पापीलाई ता आगोले समेत छुनै छैन, गिद्धले पो तेरो शरीरको मासु खाने छन् ।१६॥ यी अज्ञानी देवताहरू तँ जस्ता नीच औ क्रूरको अनुयायी भएर मेराउपर नाना प्रकारका शस्त्र-अस्त्रको प्रहार गरिरहेका छन्, आफ्नो तीखो त्रिशूलले यी पशुहरूको टाउको काटेर तिनै टाउकोद्वारा भैरवादि गण-सहितका भगवान् भूतनाथको पूजन गर्नेछु ॥१७॥ अथवा हे वीर इन्द्र ! मेरो सेनालाई छिन्न भिन्न गरेर कदाचित् तँले यस युद्धस्थलमा आफ्नो वज्रले मेरो टाउको काटिस् भने पनि आफ्नो शरीरको बलि सम्पूर्ण पशु-पक्षिलाई समर्पण गरी कर्मबन्धनबाट मुक्त भएर महापुरुषको चरण-रजको शरण ग्रहण गर्ने छु— जुन लोकमा महा-पुरुषहरू पुग्दछन् त्यै लोकमा पुग्ने छु ॥१८॥ हे देवराज ! सामुन्ने उभिराखेको आफ्नो शत्रु ममाथि किन आफ्नो अमोघ वज्रको प्रहार गर्दै-नस् ? कृपण मानिससित गरेको याचना झैं गदा निष्फल भए झैं यो वज्रपनि त्यसै गरी निष्फल हुन्छ कि भन्ने सन्देह नगर ॥१९॥ हे इन्द्र ! तेरो यो वज्र श्रीहरिको तेज औ दधीचि ऋषिको तपस्याको प्रभावले शक्तिमान् भै राखेको छ। विष्णु भगवान्‌ले मलाई मार्नको निम्ति तँलाई आज्ञा पनि दिनु भएको छ । तसर्थ अब यै वज्रले आफ्नो शत्रुलाई मारिहाल, किन कि जता विष्णु भगवान् हुनुहुन्छ उतै विजय, लक्ष्मी औ सम्पूर्ण गुण निवास गर्दछन् ।।२०।। हे देवराज ! भगवान् शङ्कर्षणले मलाई जस्तो उपदेश दिनु भएको छ त्यै अनुसार आफ्नो मन लाई उहाँको चरण-कमलमा लीन गरिदिने छु । तेरो वज्रको वेगले आफ्नो विषयभोगरूपी पासो काटिनाले, म शरीर-लाई त्यागेर मुनिजनले पाउने गतिमा प्राप्त

हुने छु ॥२१॥ भगवान्मा अनन्य प्रेमगर्ने, उहाँका निजजन कहिएका पुरुषलाई भगवान्ले स्वर्ग, पृथ्वी अथवा पाताल कहींको पनि सम्पत्ति दिनु हुन्न किन कि ती सम्पत्तिबाट परमानन्दको प्राप्ति हुनुको सट्टामा द्वेष, उद्वेग, मानसिक पीडा, अभिमान, कलह दुःख र क्लेश नै भै रहन्छन् ॥२२॥ हे इन्द्र ! हाम्रा प्रभु आफ्ना भक्तको धर्म-अर्थ कामसम्बधी प्रयासलाई सर्वदा नाश गरिदिने गर्नु हुन्छ, वास्तवमा यतैबाट भगवान्को कृपाको अनुमान हुन्छ । केवल अकिञ्चन भक्तहरूलाई मात्र यस्तो भगवत्कृपाको प्राप्ति हुन सक्तछ, उनीहरूसिवाय अरूको निम्ति ता यो अत्यन्त दुर्लभ छ ॥२३॥

इन्द्रलाई यस प्रकारसँग भनिरहेको बेलामा स्वयं भगवान्लाई आफ्नो सामुन्ने उपस्थित भएको देख्ता वृत्रासुर उहाँसित प्रार्थना गर्न-लाग्यो :-

हे भगवन् ! यस्तो कृपा गर्नोस् कि मरेपछि अर्को जन्ममा मलाई तपाईंको चरणकमलका आश्रय लिने सेवकहरूको दास भएर रहने अवसर प्राप्त होओस्, मेरो मनले तपाईं प्राणनाथको गुणको चिन्तन गरिरहोस्,वाणीले तपाईंकै गुणको गान गरिरहोस् तथा शरीर तपाईंकै सेवामा लागिराखोस् ॥ २४ ॥ हे निखिल सौभाग्य निधे ! तपाईंलाई त्यागेर मलाई स्वर्ग ब्रह्मलोक, भूमण्डलको साम्राज्य, रसातलको आधिपत्य, योगका सिद्धिहरू अथवा मोक्षसम्म पनि कुनै पदार्थको इच्छा छैन ॥२५॥ हे कमलनयन प्रभो ! जसरी चराका पखेटा नउम्रेका बच्चाहरू भोकले पीडित भएर आमा कहिले आउलिन् भनेर पर्खिरहन्छन्, जसरी भोका बाच्छा आमाको दूध चुस्नाको निम्ति उत्सुक रहन्छन् औ जसरी कामदेवको वाणले पीडित भएकी स्त्री परदेश गएको आफ्ना प्रियतमलाई भेट्न उत्कण्ठित रहन्छे त्यसैगरी मेरो मन पनि तपाईंको दर्शन गर्नाको निम्ति छट्पटाइ रहोस् ॥२६॥ आफ्नो कर्मको फलस्वरूप मैले बारम्बार जन्ममृत्युको चक्करमा भ्रमण गर्नु परे तापनि मलाई परवाह छैन, तर जहाँ औ जुन योनिमा जन्मनु परे तापनि सर्वत्र पवित्रकीर्ति तपाईंका भक्तहरूमा नै मेरो प्रेम-मैत्री होओस् । तपाईंको विश्वमोहिनी मायाले मोहित भएर छोरा-स्वास्नी, शरीर, घर आदिमा आशक्त रहने संसारी मानिससित ता कदापि कुनै प्रकारको सम्बन्ध न होवोस् ॥२७॥

अध्याय—१२

युद्धमा इन्द्रद्वारा वृत्रासुरको वध।

शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! विजय प्राप्त गर्नुको अपेक्षा मृत्युलाई नै श्रेष्ठ सम्झने त्यस वृत्रासुरले, रणभूमिमा आफ्नो शरीर त्याग गर्ने कामनाले, जसरी प्रलयकालीन जलमा कैटभासुर भगवान् विष्णुमाथि प्रहार गर्न दगुरेथ्यो, त्यसैगरी आफ्नो त्रिशूल उचालेर इन्द्रमाथि आक्रमण गर्‍यो ॥१॥ वीर वृत्रासुरले प्रलयकालीन अग्निसमानको तीखो टुप्पा भएको आफ्नो त्रिशूललाई घुमाएर बडो वेगसँग इन्द्रमाथि फ्याँक्यो र अत्यन्त क्रोधले सिंहनाद गर्दै भन्यो— "अरे ! पापिष्ठ ! अब ता

तँ मरिस्'' ॥२॥ ग्रह औ उल्का झैं चक्कर लगाउँदै आकाशमा आइरहेको त्यस भयङ्कर त्रिशूललाई देख्ता इन्द्रले अलिकता पनि नहड्बडाइकन त्यसलाई औ त्यसको साथसाथै नागराज वासुकिको शरीरसमानको वृत्रासुरको विशाल हातलाई आफ्नो शतपर्वा (सयवोटा गाँठो भएको) नामक वज्रले काटिदिए ॥३॥ एउटा हात काटिएकोले अत्यन्त झोंक्किएर वृत्रासुरले वज्रधारी इन्द्रको औ गजराज ऐरावतको मस्तकमा परिघले यस्तो प्रहार गर्‍यो कि उनको हातबाट त्यो वज्र खसिहाल्यो ॥४॥

वृत्रासुरको यो महा अद्भुत काम देख्दा देवता, असुर, चारण, सिद्धगण सबै उसका प्रशंसा गर्नलागे तर इन्द्रमाथि सङ्कट बरेको देख्ता उनीहरू नै बारम्बार चर्को स्वर झिकेर हाहाकार गर्नलागे ॥५॥ यस प्रकारसँग आफ्नो हातबाट उछिटिएर शत्रुनिर खसेको त्यस वज्रलाई इन्द्रले लज्जित भएर फेरि उठाएनन् । अनि वृत्रासुरले इन्द्रलाई भन्यो—'' ए इन्द्र ! आफ्नो वज्र लिएर शत्रुको बध गरिहाल, यो विषाद गर्ने समय होइन ॥६॥ जगत्‌को उत्पत्ति, स्थिति औ संहार गर्नामा समर्थ भएका, सर्वज्ञ औ सनातन, एकमात्र आदिपुरुष सिवाय अरु कुनै देहाभिमानी एवं युद्धको निम्ति उत्सुक रहने आततायीको सर्वदा जय नै भै रहन्न, विनीहरू कहिले जित्तछन् औ कहिले हार्छन् :पनि ॥७॥ लोकपाल सहितका यी सबैलोक, जालमा फसेका चरा झैं विवश भएर जसको अधीनमा रही आफ्नो आफ्नो काममा लागेका छन्, त्यै काल नै यस जगत्मा जय-पराजयको मुख्य कारण हो ॥८॥ यै काल नै मनुष्यको सामर्थ्य, साहस बल, प्राण जीवन एवं मृत्युको हेतु हो, तर मानिसहरू यसलाई जय-पराजयको कारण न संझेर जड शरीरलाई नै कारण संझन्छन् ॥९॥ हे इन्द्र ! कठपुतली एवं यन्त्रमय हरिण, नचाउनेको अधीनमा भए झैं तिमीले समस्त प्राणीलाई कालरूप भगवान्‌को अधीनमा संझनु पर्दछ ॥१०॥ भगवान्‌को कृपा न भैकन पुरुष, प्रकृति, महतत्त्व, अहङ्कार, पञ्चभूत, इन्द्रिय औ अन्तःकरण चतुष्टय--यी कुनै पनि यस विश्वको सृष्टि जादि गर्नामा असमर्थ छन् ॥११॥ सबैको नियन्त्रण गर्ने भगवान् नै हुन् भन्ने कुराको जसलाई ज्ञान छैन त्यसले मात्र यस परतन्त्र जीवलाई ईश्वर (स्वतन्त्र कर्ताभोक्ता) मान्दछ। बास्तवमा भगवान्‌ले नै प्राणीहरूद्वारा प्राणीहरूको सृष्टि र उनैद्वारा उनीहरूको विनाश गराउनु हुन्छ ॥१२॥ हे इन्द्र ! जसरी इच्छा नहुंदा पनि समय विपरीत भएमा मनुष्यलाई, मृत्यु अपयसको प्राप्ति हुन्छ त्यसै गरी समय अनुकूल भएमा इच्छा नभए तापनि त्यसले आयु, लक्ष्मी, यश औ ऐश्वर्य्य भेट्टाइहाल्दछ ॥१३॥ यसै कारणले सबै ईश्वराधीन भएकोले यश-अपयश, जय-पराजय सुख-दुःख, जीवन-मरण यी कुनैमा पनि इच्छा अथवा अनिच्छा नराखेर सबै परिस्थितिमा समभावले रहनु पर्दछ अर्थात् हर्ष-शोक गर्नु मुनासिब छैन ॥१४॥ सत्व-रज-तम यी तीन गुण प्रकृतिका हुन् आत्माका होइनन् । अतः जुन व्यक्ति आत्मालाई यी तीन गुणको साक्षीमात्र संझन्छ त्यो, यिनका गुण-दोषमा अर्थात् हर्षादिमा लिप्त हुँदैन ॥१५॥

हे देवराज इन्द्र ! मलाई नै हेर न, अस्त्र औ हात काटेर एक किसिमले तिमीले मलाई युद्धमा परास्त गरिसकेका छौ तर तैपनि तिम्रो प्राण लिनाको निम्ति म यथाशक्ति यत्न गरिनै रहेको छु ॥१६॥ यो युद्ध एक किसिमको जुवाको खेल समान हो । यसमा प्राणको बाजि राखिन्छ, वाण पाशा हुन् औं वाहन थर्की हुन् ''॥१७॥

शुकदेवजी भन्नुहुन्छ--

वृत्रासुरको यो पूर्वोक्त कुरा सुन्दा इन्द्रले उसको निष्कपट भावको मनै मनमा प्रशंसा गरे औ कुनै प्रकारको आश्चर्य्य नमानी हातमा वज्र लिएर हाँसि हाँसिकन भन्न लागे ॥१८॥

देवराज इन्द्रले भने—

अहो दानव ! तिमी अवश्य पूर्व जन्मका कुनै सिद्ध रहेछौ, यसैले तिमीमा यस किसिमको वुद्धि देखिन्छ । तिमीले पूर्व-जन्ममा सम्पूर्ण प्राणीका सुहृद्, आत्मस्वरुप, जगदीश्वरको अनन्य-भावले आराधना गरेको हुनु पर्दछ ॥ १९ ॥ निश्चय तिमीले विष्णु भगवान्को विश्वमोहिनी मायालाई पार गरिसकेका छौं, यसैले ता आसुरीभावलाई त्यागेर महापुरुषमा देखिने भावमा प्राप्त भएका छौ ॥ २० ॥ रजो-गुणी प्रकृतिका भए तापनि अर्थात् रजोगुण-पूर्ण जातिमा उत्पन्न भएर पनि सत्वस्वरूप वासुदेव भगवान्मा तिम्रो बुद्धि यस्तो दृढसँग लाग्नु अवश्यमेव बडो आश्चर्य्यको कुरो हो ॥२१॥ परमकल्याण अर्थात् मोक्षका स्वामी भगवान् हरिमा जसको प्रेम छ त्यो ता अमृतसागरमा विहार गर्दछ, त्यस्ता महात्मालाई संसारको विषयभोगरूपी तुच्छ खाल्डोमा भरिएको जलको के आवश्यकता छ ? ॥२२॥

शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! धर्मको तत्व जान्ने अभिलाषाले यस प्रकारसँग परस्पर बार्त्तालाप गर्दा गर्दैमा युद्धस्थलका अधिनायक परमपराक्रमी इन्द्र औ वृत्रासुर आपसमा युद्ध गर्नलागे ॥२३॥ हे आर्य ! शत्रुसूदन वृत्रासुरले एउटा अतिशय भयानक फलामको परिघलाई देब्रे हातले उचालेर आकाशमा घुमाउँदै इन्द्रमाथि चलायो ॥२४॥ तर देवराज इन्द्रले बृत्रासुरको त्यो परिघ, तथा हात्तीको सूँड जस्तो लामो उसको हात-यी दुबैलाई एकै चोटि आफ्नो शतपर्वा वज्रले काटि-दिए ॥२५॥ यस प्रकारसंग जरैदेखि काटिएका दुवै हातको जोर्नीबाट रगत बगाइएकोले, त्यो दैत्य, इन्द्रको बज्रको प्रहारले पखेटा काटिएको कुनै पर्वत आकाशबाट झरेको हो कि जस्तो देखिन लाग्यो ॥२६॥ अब ता पादचारी पर्वतराज समानको विशाल शरीर भएको बृत्रासुरले, आफ्नो चिहुँडो पृथ्बीमा अड्याएर औ मांथितिरको ओठलाई स्वर्गतिर फैलाएर, आकाश समानको गहिरो मुख, सर्प समानको डरलाग्दो जिभ्रो एवं मृत्युसमानको कराल दाह्राले तीनै लोकलाई निल्न उद्यत भएको हो कि जस्तो गरेर आफ्नो खुट्टाको मच्कोले पृथ्वीलाई जर्जरीत पार्दै एवं प्रवल वेगले पर्वतहरूलाई उल्टाउँदै पल्टाउँदै इन्द्रको नजीक आयो र कुनै परमपराक्रमी, अत्यन्त बलियो अजिगरले हात्तीलाई निले झैं, बाहन ऐरावतको साथसाथै इन्द्रलाई निलिदियो ॥२७-२९॥ बृत्रा-सुरले इन्द्रलाई निलेको देख्ता प्रजापति औ महर्षिहरूको साथसाथै समस्त देवताहरू अत्यन्त

दुःखित भएर "बडो अनर्थ भयो" भन्दै विलाप गर्न लागे ॥३०॥

दैत्यराज वृत्रासुरले निले तापनि नारायण-कवचरूप श्रीहरि तथा योगबल औ मायाबलले सुरक्षित भएकोले उनी उसको पेटमा पुगेर पनि मरेनन् ॥३१॥ सामर्थ्यवान् इन्द्र, आफ्नो वज्रले उसको कोखा च्यातेर बाहिर निस्के औ बडो बेगले पर्वतको शिखरसमानको आफ्नो शत्रुको टाउको काटिदिए ॥३२॥ सूर्य आदि ग्रहहरूको उत्तरायण दक्षिणायनरूप गतिमा जति समय लाग्द छ त्यति दिनमा अर्थात् एक वर्षमा वृत्रासुरको वधको योग उपस्थित भएपछि त्यो बेगशाली वज्रले उसको मस्तकलाई घुमि घुमिकन सबैतिरबाट काटेर भूईंमा खसाली दियो ॥३३॥ यस समयमा आकाशमा दुन्दुभि वज्न लागे। महर्षिहरूको साथमा गन्धर्व, सिद्धादिहरूले वृत्रघाती इन्द्रको पराक्रम सूचित गर्ने मन्त्रहरूले उनको स्तुति गरेर बडो आनन्दसँग उनीमाथि फूलको वर्षा गर्न लागे ॥३४॥ हे शत्रुदमन परीक्षित्! त्यस समयमा वृत्रासुरको शरीरबाट बाहिर निस्केको आत्मज्योति, इन्द्रादि सबैको सामुन्नेमा सर्वलोकातीत भगवान्‌को स्वरूपमा लीन हुन गयो ॥३५॥

—०—

अध्याय–१३

ब्रह्महत्याको भयले इन्द्रको भागा– भाग औ अश्वमेध यज्ञले ब्रह्महत्याको निवारण।

शुकदेवजी भन्नुहुन्छ—

हे महादानी परीक्षित्! वृत्रासुर मारिनासाथ इन्द्र बाहेक तीनै लोक तथा लोकपालहरू चिन्ताशून्य भएर आनन्दमा मग्न परे ॥१॥ युद्ध समाप्त भएपछि देवता, ऋषि, पितृगण, भूत, दैत्य, देवताका अनुचर गन्धर्वहरू एवं ब्रह्मा, महेश्वरादि इन्द्रको असन्तोषको कारण सोध्दै नसोधेर आफ्ना आफ्ना लोकतिर लागे। इन्द्र पनि क्लेश अलि कम भएपछि आफ्नो लोकमा गए ॥२॥

राजा परीक्षित्‌ले सोधे—

हे भगवन्! इन्द्रको अप्रसन्नताको कारण जान्न चाहन्छु। वृत्रासुरको वधले सबै देवताहरूलाई आनन्द भएपछि इन्द्रलाई किन दुःख भयो त? ॥३॥

शुकदेवले भन्नुभयो—

हे परीक्षित्! वृत्रासुरको पराक्रमले अत्यन्त हडबडाएर समस्त देवता, ऋषि, महर्षिहरूले त्यसलाई मार्नाको निम्ति इन्द्रसित प्रार्थना गरेथे तर ब्रह्महत्याको डरले उनले मार्न चाहेका थिएनन् ॥४॥

इन्द्रले भने—

विश्वरूपलाई मार्दा लागेको हत्यालाई ता आइमाई, पृथ्वी, जल औ रूखहरूले कृपागरी आपसमा बाँडेर लिएथे। अब वृत्रासुरलाई मार्नाले

जुन ब्रह्महत्या लाग्ने छ त्यसबाट म कसरी मुक्त हुन सकूँला ॥५॥

शुकदेवजी भन्नुहुन्छ—

इन्द्रको यो कुरा सुन्दा ऋषिहरूले उनलाई भने—'हे देवराज ! तिम्रो कल्याण होस्, यसको निम्ति तिमीले अलिकता पनि डराउनु पर्दैन, किन कि तिमीद्वारा अश्वमेध-यज्ञ गराएर हामी तिमीलाई ब्रह्महत्याबाट मुक्त गरिदिने छौं ॥६॥ अश्वमेध यज्ञद्वारा सबैका अन्तर्यामी, सर्वशक्तिमान्, परमात्मा नारायणदेवको आराधना गर्नाले तिमी सम्पूर्ण जगत्को वध गर्ने पापबाट समेत मुक्त हुन सक्त छौ, एउटा वृत्रासुरको हत्याको ता कुनै कुरै छैन ॥७॥ ब्रह्मण-पिता-गाई-माता औ आचार्यलाई मार्ने पापी एवं कुक्कुरको मासु खाने चाण्डाल अथवा पुल्कश (कसाई) आदि नीच पुरुषहरू पनि हरिनामको कीर्तन गर्नाले शुद्ध हुन्छन् ॥८॥ हामीहरू अश्वमेध नामक यज्ञको अनुष्ठान गर्ने छौं, त्यसमा तिमीले श्रद्धापूर्व्वक भगवान् नारायणको आराधना गर्नु। यस आराधनाद्वारा ब्रह्मा लगायत समस्त चराचर जगत्को हत्याको पापले समेत तिमी लिप्त हुनेछैनौ। यस दुष्टलाई दण्ड दिएको पापबाट न छुट्ने ता कुरै छैन ॥९॥

शुकदेवजी भन्नुहुन्छ—

ब्राह्मणहरूले यसप्रकारसँग उत्साहित गरेकोले देवराज इन्द्रले वृत्रासुरको वध गरे। अब ता उ मारिनासाथ ब्रह्महत्याले इन्द्रमाथि आक्रमण गरिहाल्यो ॥१०॥ यसले गर्दा इन्द्रलाई ठूलो सन्ताप सहनु पर्‍यो, उनको चित्तमा एक छिनलाई पनि चैन भएन, किन कि सङ्कोच मान्ने सज्जनलाई कलङ्क लाग्यो भने ता धैर्य्य आदि गुणले समेत उनलाई सुखी गराउन सक्तैन ॥११॥

देवराज इन्द्रले ब्रह्महत्यालाई साक्षात् चाण्डालिनी झैं आफ्नो पछि पछि दगुर्दै आइराखेको देखे। बूढ्याईंले गर्दा उसको सारा शरीर थर् थर् कामिराखेको औ क्षयरोगले गर्दाअत्यन्त शिथिल भएको थियो औ उसको सारा लुगा रगतमा मुछिएको थियो ॥१२॥ त्यो आफ्नो सेतो रउँ फर्र फुकाएर "पर्खी पर्खी" भनेर चिच्च्याइराखेकी थिई, उसको मुखबाट निस्केको सासमा माछाको जस्तो दुर्गन्ध आइरहेको थियो, जसले गर्दा जता ऊ जान्थी उताको बाटो दूषित हुन थाल्यो ॥१३॥ हे राजन् ! देवराज इन्द्र त्यसको डरले आकाश तथा सम्पूर्ण दिशामा भागि भागि हिंडे तर कतै शरण न पाएकोले अन्तमा पूर्व औ उत्तरको कुनामा रहेको मानसरोवरभित्र पस्न पुगे ॥१४॥

त्यहाँ त्यस ब्रह्महत्याबाट छुट्ने उपाय विचार गर्दै एक हजार वर्षसम्म लुकेर एउटा कमलको डाँठमा बसिरहे। यतिका दिनसम्म उनले भोजनका निम्ति कुनै प्रकारको सामग्री पाउन सकेनन्, किन कि उनी ता अग्नि देवताको मुखबाट भोजन गर्ने हुन् ॥ १५ ॥

जबसम्म इन्द्र कमलको डाँठभित्र रहे तबसम्म तप, विद्या औ योगबलको प्रभावले सम्पन्न भएका राजा नहुषले स्वर्गको शासन गरे तर जब यिनले सम्पत्ति औ ऐश्वर्य्यको मदले अन्धो भएर इन्द्रपत्नी शचीको साथमा अनाचार गर्न खोजेथे, अनि ता इन्द्राणीद्वारा सर्प हुनु

पऱ्यो ꙮ ॥१६॥ यसपछि जब सत्यका परम-पोषक भगवान्को ध्यान गर्दा गर्दा इन्द्रको ब्रह्महत्या छुट्नगयो अनि ब्राह्मणहरूको वचनले (अग्निद्वारा) बोलाइएकोले उनी फेरि स्वर्गलोकमा गए। पहिले पनि ब्रह्महत्याले इन्द्रलाई स्पर्श गर्न सकेकी थिएन, किन कि पूर्वोत्तर दिशाका अधिपति रुद्रको प्रभावले पापको तेज नष्ट भै सकेको थियो औ मानसरोवरमा रहने लक्ष्मीले इन्द्रको रक्षा गरिरहेकी थिइन् ॥१७॥

हे परीक्षित् ! स्वर्गमा इन्द्र आएपछि ब्रह्मर्षिहरूले त्यहाँ गएर भगवान्को आराधनाको निम्ति इन्द्रलाई अश्वमेध यज्ञको दीक्षा दिएर उनीद्वारा यज्ञ गराए ॥ १८॥ हे राजन् ! वेदवादी ऋषिहरूद्वारा अनुष्ठान गरिएको अश्वमेध यज्ञद्वारा जब इन्द्रले सर्वदेवस्वरूप, पुरुषोत्तम भगवान्को आराधना गरेथे अनि ता भगवान्को आराधनाको प्रभावले वृत्रासुरको वधको त्यो अतिशय ठूलो पापको थुप्रो, सूर्योदयले कुहिरो फाटे झैं, भस्म भएर गयो ॥१९-२०। यस प्रकरसँग जब मरीचि आदि महर्षिहरूले उनीद्वारा विधिपूर्व्वक अश्वमेध यज्ञ गराए अनि ता त्यस यज्ञद्वारा सनातन पुरुष यज्ञपति भगवान्को आराधना गरेर इन्द्र सबै पापबाट मुक्त भैहाले र फेरि पहिले झैं पूजनीय भएर रहन लागे ॥ २१ ॥

हे परीक्षित् ! यस महान् आख्यानमा इन्द्रको विजय, उनले ब्रह्महत्याबाट मुक्ति पाएको औ भगवान्को प्यारो भक्त वृत्रासुरको वर्णन गरिएको छ। यसमा तीर्थलाई समेत तीर्थ बनाउने भगवान्का अनुग्रह आदि गुणको कीर्तन छ। यो सुन्नाले अथवा पढनाले सबै पाप पखालिन्छन् औ ईश्वरमा भक्ति पनि उत्पन्न हुन्छ ॥ २२ ॥ इन्द्र सम्बन्धी यस आख्यानलाई बुद्धिमान् पुरुषले सदा सर्वदा पढने सुन्ने गर्नु पर्दछ, पर्वपर्वमा अवश्य यसलाई सुन्नै पर्दछ। यसले धन औ यसलाई बढाउँछ, सारा पापबाट मुक्त गराउँछ, शत्रुहरूमाथि विजय प्राप्त गराउँछ, आयु औ परम मङ्गलको वृद्धि पनि गराउँछ ॥२३॥

....

ꙮनहुषले इन्द्रको पद भेट्टाएपछि "अब ता म इन्द्र भएँ तसर्थ पतिरूपले मलाई स्वीकार गर" भन्ने कुरा इन्द्राणी कहाँ भनि पठाए। यता इन्द्राणीले देवगुरु वृहस्पतिसँग सल्लाह गरेर "वाहनले बोकेको पालकीमा चढेर आउँछौ भने म तिमीलाई स्वीकार गर्नें छु" भन्ने जवाफ पठाइन्। ऐश्वर्य्यमदले अन्धो भै राखेको नहुष अगस्त्यादि ऋषिहरूले बोकेको पालकीमाँ चढेर इन्द्राणीकहाँ जान लागेको थियो। बाटोमा हतपत परेकोले सर-सर (छिटो गर, छिटो गर) भनु भन्दाखेरि मुखबाट सर्प-सर्प भन्ने निस्क्यो। अगस्त्यले झोक्किएर तँ सर्प नै भएस् भन्ने श्राप दिए ! यति हुनासाथ नहुष सर्प भएर स्वर्गबाट तल झरिहाले।

अध्याय-१४

वृत्रासुरको पूर्वजन्मको वृत्तान्तमा चित्रकेतुको उपाख्यान; अङ्गिराको अनुग्रहलेपाएको छोराको विनाश हुँदा चित्रकेतुको अत्यन्त शोक एवं कृतद्युतिको विलाप।

राजा परीक्षित्‌ले सोधे—

हे भगवन्! रजोगुणी-तमोगुणी स्वभाव भएको महापापी वृत्रासुरको भगवान् नारायणको चरणमा कसरी यस्तो सुदृढ भक्ति हुन गयो ॥१॥ प्रायः शुद्ध सत्वमय देवता औ पवित्र हृदय भएका ऋषिहरूले समेत मुकुन्द भगवान्‌को चरणको भक्ति पाउँदैनन्। वास्तवमा भगवान्‌को भक्तिता बडो दुर्लभ छ ॥ २ ॥ यस जगत्‌का प्राणी पृथ्वीको धूलोको कण समान असंख्य छन्। यिनीहरूमध्ये मनुष्यादि कुनै कुनै श्रेष्ठ जीव मात्र आफ्नो कल्याणको चेष्टा गर्दछन् ॥३॥ हे द्विज-श्रेष्ठ! यिनीहरूमा पनि संसारबाट मुक्त हुन इच्छा गर्ने बहुत थोरै हुन्छन्। मोक्ष प्राप्त गर्ने हजारौंमा बिरलै कसै कसैले मात्र मुक्ति या सिद्धिलाभ गर्न सक्तछन् ॥४॥ किन्तु हे महामुने! यस्ता करोडौं सिद्ध एवं जीवन्मुक्त पुरुषहरूमा समेत भगवत्परायण, शान्तचित्त महापुरुष भेट्टाउन बडो गाह्रो पर्दछ ॥५॥ यस्तो स्थितिमा, सबैलाई सताउने, महापापी वृत्रासुरलाई भयङ्कर युद्धको समयमा कसरी श्रीकृष्ण भगवान्‌मा दृढ भक्ति हुन गयो ॥६॥ हे प्रभो! यस विषयमा हामीलाई बडो सन्देह भै राखेको छ औ तपाईंको मुखबाट यो सब वृत्तान्त सुन्ने बडो उत्साह पनि छ। जसले आफ्नो बल-पुरुषार्थले रणभूमिमा इन्द्रलाई समेत सन्तुष्ट गरेथ्यो त्यस वृत्रासुरको पूर्वजन्मको वृत्तान्त कृपया वर्णन गर्नु होस् ॥७॥

सूतजी भन्दछन्—

हे शौनकादि ऋषि हो! श्रद्धालु राजा परीक्षित्‌को यो उत्तम प्रश्न सुन्दा भगवान् शुकदेवजी उनको प्रशंसा गर्दै यसप्रकारसँग भन्नलाग्नु भयो ॥८॥

शुकदेवजीले भन्नुभयो—

हे राजन्! पिता व्यासजी, देवर्षि नारद औ महर्षि देवलको मुखबाट मैले विधिपूर्वक सुनेको यो इतिहास सावधान भएर तिमी पनि सुन ॥ ९ ॥

हे राजन्! प्राचीन समयमा शूरसेन देशमा चित्रकेतु नामले विख्यात भएका एक जना चक्रवर्ती सम्राट् राज्य गर्दथे। यिनको राज्यमा पृथ्वी प्रजाहरूको इच्छानुसार अन्नादि दिने गर्दथिन् ॥ १० ॥ यिनका एक करोड रानी थिए औ आफू स्वयं सन्तान उत्पन्न गर्नामा समर्थ थिए तर उनीहरूमा कसैको गर्भबाट कुनै सन्तान भएन ॥ ११ । महाराज चित्रकेतु सुन्दरता, उदारता, युवावस्था, कुलीनता, विद्या, ऐश्वर्य्य औ सम्पत्ति आदि सबै गुणले सम्पन्न थिए तापनि बन्ध्या रानीहरूको पति हुनाले उनलाई बडो चिन्ता भै रहन्थ्यो ॥ १२ ॥ यसै कारण सम्पूर्ण पृथ्वीको एक-छत्र राज्य, अनेक राम्रा राम्रा रानी, एवं सब प्रकारको सम्पत्ति-यी कसैले पनि ती चक्रवर्ती सम्राट्‌लाई प्रसन्न गराउन सकेनन् ॥१३॥

एक दिन भगवान् अङ्गिरा ऋषि स्वच्छन्द-रूपले विभिन्न लोकमा भ्रमण गर्दा गर्दै चित्रकेतुको महलमा आइपुगे ॥१४॥ राजाले आफू बसेको ठाउँबाट उठेर अर्घ्यादिले विधिपूर्वक उनको पूजागरे। अतिथि सत्कार भै सकेपछि जब अङ्गिरा ऋषि सुखसंग आसनमा वसेथे अनि राजा चित्रकेतु पनि शान्तभावसँग उनको नजीक आएर बसे ॥१५॥ हे महाराज ! यस प्रकारले बडो विनयसँग आफ्नो नजीक भूईंमा बसेको राजा चित्रकेतुलाई सम्भाषणादि (वार्तालाप) द्वारा सत्कार गरेर महर्षि अङ्गिरा भन्नलागे ॥१६॥

अङ्गिरा ऋषिले भने—

हे राजन् ! जसरी जीव महत्तत्त्वादि सात प्रकृतिरूप आवरणले घेरिएर रक्षित रहन्छ त्यसै गरी राजा पनि गुरु, मन्त्री, राष्ट्र, दुर्ग, कोष, सेना औ मित्र यी सात प्रकृतिले घेरिएको हुन्छ। आफ्ना यी प्रकृतिहरूको साथ साथै तिमीलाई कुशल त छ ! ॥१७॥ हे नरेन्द्र ! जसरी राजा आफ्ना यी माथि कहिएका प्रकृतिको अनुकूल रहेमा मात्र राज्य-सुखको भोग गर्न सक्तछ त्यसै गरी यी प्रकृतिहरू पनि आफ्नो रक्षाको भार राजामा सुम्पेर सुख औ समृद्धि पाउन सक्छन् ॥१८॥ तसर्थ हे महाराज ! तिम्रा रानी प्रजा, मन्त्री,सेवक, व्यापारीहरू,अमात्य, पुरवासी देशवासी, मण्डलेश्वर-राजा औ छोरा—यी सबै तिम्रो अधीनमा त छन् ? ॥१९॥ हे राजन् ! जसको मन आफ्नो वशमा छ, त्यसको वसमा यी सबै हुन्छन् । यिनीहरूको ता के कुरा, लोकपालहरू सहितको सम्पूर्ण लोकले सावधान भएर उसलाई बलि समर्पण गर्दछन् ॥२०॥ तर हे राजन् । म ता स्वयं तिमीलाई नै प्रसन्न देख्तीन तिम्रो मुखमा कुनै आन्तरिक चिन्ताको चिह्न झल्कि राखेको छ । तिम्रो कुनै कामना पूर्ण नभएको जस्तो मालूम हुन्छ । यस असन्तोषको कारण स्वयं तिमी ह्वौ वा अरू कोही हो ?॥ २१॥

हे राजन् । आफ्नो चिन्ताको कारण जान्दा जान्दै पनि अङ्गिरा महर्षिले चिन्ताको सम्बन्धमा अनेक प्रश्न सोद्धा खेरि, पुत्रका कामना भएका राजा चित्रकेतुले बढो नम्रतासँग उनलाई निवेदन गरे ॥२२॥

चित्रकेतुले भने—

तपस्या, ज्ञान औ समाधिद्वारा जसका सबै पाप नष्ट भै सकेका छन् त्यस्ता योगीश्वरहरूलाई देहधारी प्राणीको बाहिर या भित्र रहने कुन चाँहि वस्तु थाहा हुँदैन ? ॥२३॥ तथापि, सबै कुरा जान्दा जान्दै पनि तपाईं मसित प्रश्न गरिरहनु भएको छ तसर्थ तपाईंको प्रेरणा औ आज्ञाले आफ्नो चित्तको चिन्ताको कारण निवेदन गर्दछु ॥२४॥ बडा बडा देवताहरू समेत जसको इच्छा गर्दछन् त्यो साम्राज्य, ऐश्वर्य्य औ सम्पत्ति ता मसित छ तर भोको प्यासो प्राणीलाई जसरी अन्न-जल सिवाय अरू कुनै भोगले प्रसन्न गराउन सक्तै न त्यसैगरी सन्तान नभएकोले यी सुखभोगले मेरो मनलाई अलिकता पनि सुख दिएका छैनन् ॥२५॥ हे महाभाग्यशाली महर्षे ! म ता दुःखी छदै छु, पिण्डदान न पाइने आशङ्काले मेरा पितृहरू समेत दुःखी भै राखेका छन् । अब सन्तान-दान गरेर परलोकमा प्राप्त हुने घोर नरकबाट मेरो उद्धार गर्नोस् औ मैले लोक-परलोकका सबै दुःखबाट छुटकारा पाउने-

व्यवस्था पनि गरिदिनोस् ॥२६॥

शुकदेवजी भन्नुहुन्छ--

हे राजन् ! चित्रकेतुले यस प्रकारसँग प्रार्थना गरेपछि, ब्रह्माका छोरा परम कृपालु भगवान् अङ्गिरा मुनिले त्वष्टा देवतालाई योग्य हुने चरु तय्यार पारे र त्यसैले त्वष्टा देवताको यज्ञ गरे ॥२७॥ हे महाराज परीक्षित् ! राजा चित्रकेतुकी ती रानीहरूमा सबभन्दा जेठी सद्गुणले युक्त भएकी कृतद्युति नामकी महारानी थिइन् । महर्षि अङ्गिराले यिनैलाई यज्ञमा बाँकिरहेको प्रसाद दिए ॥२८॥ र राजा चित्रकेतुलाई भने-- "हे राजन् ! यी महारानीको गर्भबाट तिम्रो एउटा छोरा जन्मने छ, त्यसबाट तिमीलाई हर्ष र शोक दुबै मिल्ने छ" । यति भनेर ब्रह्माका छोरा अङ्गिरा त्यहाँबाट हिंडिहाले ॥२९॥ यज्ञमा बाँकिरहेको त्यो प्रसाद खानाले नै महारानी कृतद्युतिले चित्रकेतुसितको सहवासले, कृत्तिकाले आफ्नो गर्भमा अग्निकुमारलाई धारण गरे झैं, गर्भ धारण गरिन् ॥३०॥ हे राजन् ! शूरसेन देशका राजा चित्रकेतुको तेजले कृतद्युतिको गर्भ शुक्लपक्षको चन्द्रमा झैं दिनदिनै क्रमैसँग बढ्न लाग्यो ॥३१॥

तदनन्तर समय पुगेपछि एउटा बालक उत्पन्न भयो । बालक जन्मेको समाचार पाउनासाथ शूरसेनदेशका सबै प्रजाहरू बडो आनन्दित भए ॥३२॥ राजा चित्रकेतु पनि छोरा जन्मेको खबर पाउँदा अतिशय खुसी भए । स्नान गरेर पवित्र भएपछि यिनले राम्रा राम्रा गहना, लुगा पहिरी ब्राह्मणहरूद्वारा स्वस्तिवाचन गराए तथा आशीर्वाद लिएर बालकको जातकर्म संस्कार गर्न लगाए ॥ ३३ ॥ फेरि यिनले ब्राह्मणहरूलाई सुन, चांदी, गहना, लुगा, गाउँ, घोडा, हात्ती र साठी करोड गाई दान गरेर दिए ॥३४॥ महाराज चित्रकेतुले छोराको धन, यश औ आयुको वृद्धिको निम्ति अरू अरू प्राणीलाई पनि, मेघले सबै जीवको मनोरथ पूर्ण गर्ने झैं, उनीहरूले इच्छा गरेको वस्तु दिए ॥ ३५ ॥ जसरी बडो कष्टसँग पाएको धनमा दरिद्र व्यक्तिको स्नेह हुन्छ त्यसै गरी बडो मुश्किलसँग पाएको त्यस छोरामा राजर्षि चित्रकेतुको स्नेह-बन्धन दिन दिनै बढ्न लाग्यो ॥ ३६ ॥ प्रतिदिन बालकको लालन-पालन गर्नाले चित्रकेतुको, छोराकी आमा कृतद्युतिमा जति प्रेम भयो, त्यति प्रेम ता अरू रानीहरूमा भएको देखिएन ॥३८॥

यस प्रकारसँग सन्तान नभएको दुःखले औ राजाले उपेक्षा गरेकोले अतिसन्तप्त भएर यिनीहरूले डाहले आफूलाई धिक्कार्न औं मनै मनमा जल्न लागे ॥३९॥ यिनीहरू आपसमा भन्न लागे— "ए बहिनी हो ! छोरा न हुने आइमाई बडो अभागिनी हुन्छन्, किन कि छोरा भएकी सौताले उनलाई कमारीलाई झैं हेला गर्दछन् स्वयं पतिदेव समेत उसलाई यो मेरी स्वास्नी हो भन्ने संझदैनन् । यस्तो छोरा नहुने पापिनी आइमाईलाई धिक्कार छ ॥४०। कमारीहरूलाई ता के दुःख छ र ? यिनीहरू ता आफ्नो मालिकको सेवा गरेकोले सदा मान पाइरहन्छन्, तर हामीहरूको दशा ता अहिले यी कमारीहरूको भन्दा खराब भै राखेकोछ। सन्तान न भएकोले कमारीका पनि कमारी झैं अपमानित हुन लागेका छौं ॥४१॥

यस प्रकारसँग यी रानीहरू आफ्नो सौताको पुत्र-सम्पत्ति देख्ता मनै मनमा जलिरहन्थे औ राजा पनि छोरा न भएको देख्ता यिनीहरूको जीवनमा केही वास्ता राख्तैनथे । यस कारणले रानीहरूको मनमा कृतद्युति प्रति बढो ठूलो द्वेष उत्पन्न भयो ।। ४२ ।। यै द्वेषले गर्दा निठुरी मन भएका यिनीहरूको बुद्धि नष्ट भएर गयो र राजाको पुत्रस्नेह सहन न सकेर त्यो राजकुमारलाई विष ख्वाइदिए ।।४३।।

सौताहरूको यो महानिठुरी कामको केही पत्तो न पाएकी हुनाले कृतद्युति बालक सुतिराखेको छ भन्ठानेर टाढैबाट उसलाई हेरेर आफ्नो महलमा यताउति डुलफिर गर्न लागिन् ।।४४।। फेरि ती बुद्धिमती रानीले बालक सुतेको धेरै वेर भयो भन्ने बिचार गरी धाईलाई भनिन्—"ए कल्याणी ! बालकलाई मनिर लिएर आऊ" ।। ४५ ।। सुतिराखेको बालकनिर गएर हेर्दा ता आँखाको नानी पल्टिसकेको र प्राण, इन्द्रिय एवं जीवत्माले शरीरबाट बिदा लिसकेको देखी । यो देख्नासाथ हाय ! म मरें भन्दै भूईंमा पछारिन पुगी ।४६।।

धाई आफ्ना दुवै हातले छाती पिटि-पिटिकन बडो आर्तश्वरले चिच्चयाउन लागी । उसको यो शब्द सुनेर रानी हत्तपत्त छोराको सुत्ने कोठाभित्र पस्ता ता आफ्नो प्यारो बालकलाई अकस्मात्सँग मरेको पो देखिन् ।। ४७ ।। यो देख्नासाथ अत्यन्त शोकले गर्दा उनी मूर्च्छा परेर भूईंमा लोटिहालिन् र यिनका माथका केश तथा शरीरका लुगा सबै छयालु व्यालु भए ।।४८।। यसपछि महारानीले रोएको शब्द सुन्दा राजाको अन्तःपुरका सबै लोग्ने मानिस, आइमाई आएर उनीले झैं शोक गरेर रुनलागे औ जसले यो अपराध गरेका थिए, ती रानीहरूसमेत त्यहाँ आएर बनावटी विलाप गर्दै रुन लागे ।।४९।।

विना कारणले आफ्नो छोराको मृत्यु भएको खबर सुन्नासाथ राजा चित्रकेतुको आँखा अगाडि अन्धकारले छोपिहाल्यो । छोरामाथिको अत्यन्त स्नेहले गर्दा शोकको आवेगमा बाटोमा लड्दैपड्दै, आफ्ना मन्त्री औ ब्राह्मणहरूलाई साथमा लीं बिस्तारै बिस्तारै मरेको बालकनिर पुगे र त्यहाँ पुग्नासाथ मूर्च्छा परी छोराको खुट्टानिर लडिहाले । उनका कपालका केश र लुगा जतातते छरिन गए । उनी लामो लामो सास फेर्न लागे, ज्यादै आँसू आएकोले घाँटी व्याप्प बस्न गयो र केही बोल्नै सकेनन् ।।५०-५१ । रानी कृतद्युति आफ्ना पतिलाई शोकले अत्यन्त आकुल व्याकुल भएको र आफ्नो एकमात्र छोरो मरेको देख्ता किसिम किसिमसँग विलाप गर्न लागिन् । उनको यो दुःख देख्ता त्यहाँ जम्मा भएका मन्त्री आदि सबैको मनमा ठूलो ताप पर्न गयो ।।५२।। महारानीको आँखाबाट कतिका आंसू झरे भने तिनले गर्दा आँखांको अञ्जन बगेर केशर औ चन्दनको लेप लगाएका दुवै स्तन कालो भएर भिज्न गए । यिनको माथको केश फुकेर छर्र छरिएका थिए औ त्यहाँ घुसारेको माला खसेकोले त्यसमा उनिएका फूल जतातते छरिएका थिए । यस प्रकारसँग चुल्ठो फुकाएर उनी कुररी पक्षीले झैं उच्चस्वरले आफ्नो छोराको निम्ति किसिम किसिमसँग विलाप गर्न लागिन् ।।५३।।

'अरे विधाता ! सांच्चिनै तँ बडो मूर्ख रहिछस्, कारण आफ्नो सृष्टिको विपरीत चेष्टा गर्दछस् । बूढा बूढाले बांचिरहनु र बालकले मर्नु यो ता बडो आश्चर्य्यको कुरो हो । सांच्चि सांच्चि तेरो स्वभावमा यस्तै विपरीतपना छ भने ता तं अवश्यै प्राणीमात्रको अमर-शत्रु रहिछस् ॥५४॥ यदि संसारमा प्राणीहरूको जीवन-मरणको कुनै निश्चित नियम भएन भने ता उनीहरू आफ्नो प्रारब्ध अनुसार जन्मने मर्ने गरिहाल्दछन् नि, तेरो ता केको आवश्यकता भयो र ? सृष्टि-लाई बढाउनाको निम्ति तैंले सम्बन्धिहरूमा जुन स्नेहबन्धनको रचना गरेको छस् त्यसैलाई बालक मारेर स्वयं चुँडाल्दछस् ॥५५॥ (आफ्नो मरेको छोरातिर हेरेर भन्न लागिन्) ए बाबु ! म अत्यन्त दीन औ अनाथ छु । यस्ती मलाई छाडेर जान तिमीलाई उचित पर्दैन । अलि आँखा खोलेर हेर त, पिताजी तिम्रो वियोगमा कत्तिको सन्तप्त भैराख्नु भएकोछ । निः सन्तान पुरुषले बडो गाऱ्होसंग पार गर्ने 'पुं' नामक घोरनरक-लाई तिम्रो सहाराले सजिलैसंग पार गरौंला भन्ने ठूलो आशा थियो । ए बाबु ! हामीलाई छाडेर यी निर्दयी दूतहरू संग धेरै टाढा त नजाऊ ॥५६। ए प्यारो नानी ! ओ राजकुमार ! उठेर बस; हेर, तिम्रा साथी बालकहरू खेल्नाको निम्ति तिमीलाई बोलाइ रहेका छन् । सुतिराखेको धेरै बेरभयो, अहिले ता निक्कै भोक लाग्यो होला, केही खाऊ, दूध पिएर आफ्ना स्वजन हाम्रो शोकलाई दूर गरिदेऊ ॥५७॥ ए मेरो प्यारो बाबु ! आज म अभागिनीले चिम्लिराखेको नयनले सुशोभित भएको तिम्रो मुखकमलमा मनोहर हंसाई हेर्न पाइन । अहिले मैले तिम्रो अतिशय मीठो तोतेबोली सुन्न पाएकी छैन, के सांच्चिनै निठुरी यमराजले तिमीलाई पर-लोकमा लिएर गए त, जहाँबाट कि कोही फेरि फर्केर आउन्नन् ? ॥५८॥

शुकदेवजी भन्नु हुन्छ—

हे राजन् ! रानीलाई आफ्नो मरेको छोराको निम्ति यस किसिमसंग नाना प्रकारले विलाप गरेको देख्ता राजा चित्रकेतु पनि अत्यन्त सन्तप्त भै डांको छाडेर रुन लागे ॥५९॥ राजा रानीले यसरी विलाप गर्दा उनका अनुगामी अरू पुरुष स्त्री समेत दुःख मानेर रुनलागे । यस प्रकारसंग सारा सहर नै शोकले मूर्च्छित परे जस्तो भयो ॥६०॥ राजालाई यस प्रकारसंग पुत्रशोकले अचेत परेको र त्यहां उनलाई संझा-उने समेत कोही नभएको देख्ता महर्षि अङ्गिरा, नारदजीलाई साथमा लिएर त्यहाँ आए ॥६१॥

अध्याय-१६

नारद औ अङ्गिराले संझाउँदा चित्रकेतुको शोक दूर हुन्छ ।

शुकदेवजी भन्नुहुन्छ—

महर्षि अङ्गिरा औ देवर्षि नारद, मरेका छोरानिर शोकले व्याकुल भै मुर्दासमान पडि-राखेका राजा चित्रकेतुलाई, थरि थरिका राम्रा राम्रा वचन भनेर संझाउँन बुझाउन लागे ॥१॥

हे राजन् ! जसको निम्ति तिमी यस्तो शोक गरिरहेका छौ, त्यो यो बालक यस जन्ममा तिम्रो को हो ? यो भन्दा अघिको जन्ममा तिमी यसको को थियौ ? अब पछि हुने जन्ममा योसित तिम्रो के सम्बन्ध होला ? ॥ २ ॥ जसरी जलको वेगले बालुवाका कणहरू एक ठाउँमा जम्मा हुन्छन् र फेरि अलग अलग हुन्छन् त्यसै गरी समयको प्रवाहमा प्राणीहरूको पनि मिलन औ बिछोड भैरहन्छ ॥ ३ ॥ जसरी केही बिउबाट अरू बिउ उत्पन्न हुन्छन् औ नष्ट पनि हुन्छन् त्यसैगरी भगवान्को मायाले प्रेरित भएर एउटा प्राणीबाट अर्को प्राणी उत्पन्न हुने औ नष्ट हुने भैरहन्छन् ॥ ४ ॥ हे राजन् ! हामी, तिमी र हामीहरूको साथमा यस समयमा जगत्मा जति चराचर प्राणी छन् ती सबै यो जन्मभन्दा अघि थिएनन् र मरेपछि पनि रहने छैनन्, तसर्थ यस वर्तमान समयमा पनि यिनको अस्तित्व छैन भन्ने सिद्ध हुन्छ अर्थात् आदि-अन्तमा असत् हुनाले स्वप्न समान मिथ्या छन ॥५॥ भगवान् नै समस्त प्राणीका अधिपति हुनुहुन्छ, उहाँमा जन्म-मृत्यु कुनै प्रकारको बिकार हुँदैन । कुनै प्रकारको आवश्यकता नभएतापनि उहाँले, साना साना बालकले माटो-बालुवाको घर,खेलाना बनाएर बिगारे झैं, खेलै खेलमा आफूले उत्पन्न गरेका पराधीन प्राणीद्वारा अरू प्राणीहरूको उत्पत्ति, पालन औ संहार गर्नु हुन्छ ॥६॥ जसरी एउटा-बीजबाट अर्को बीज उत्पन्न हुन्छ त्यसैगरी पिताको देहद्वारा माताको देहबाट पुत्रको देह उत्पन्न हुन्छ । बाबु, आमा, छोरा जीवको रूपमा देही हुन् औ वाह्य दृष्टिले केवल शरीर । यिनमा देही जीव घटादि कार्यमा पृथ्वी समान नित्य छ ॥७॥ जसरी एउटै मृत्तिकारूप वस्तुमा घटत्व आदि जाति तथा घट आदि व्यक्तिहरूको बिभाग केवल कल्पना मात्र हो त्यसैगरी यो देही औ देहको विभाग पनि अनादि एवं अज्ञान मूलक हो (अनित्य हुनाले शरीर असत्य छ औ शरीर असत्य हुनाले यसका भिन्न भिन्न अभिमानी पनि असत्यै छन्) । त्रिकालाबाधित सत्य ता एकमात्र परमात्मा नै छन्; तसर्थ असत्य वस्तुको निम्ति शोक गर्नु कतैबाट पनि उचित देखिदैन ॥८॥

शुकदेवजी भन्नुहुन्छ—

यस प्रकारसँग अङ्गिरा-नारद यी दुई ब्राह्मण-हरूको कुराबाट राजा चित्रकेतुलाई केही सान्त्वना भयो र मानसिक वेदनाले झ्याउरो परेको मुखको आँसुलाई हातले पुछेर राजाले उनीहरूलाई भने ॥९॥

राजा चित्रकेतुले भने—

तपाईं दुवै बडा ज्ञानी औ श्रेष्ठहरूमा पनि श्रेष्ठ देखिनु हुन्छ । अवधूत भेषले आफ्नो रूप लुकाएर यहाँ आउनु भएको छ, कृपा गरेर भन्नुहोस्— तपाईंहरू को हुनुहुन्छ ॥१०॥ अनेक भगवन्‌का प्यारा ब्रह्मवेत्ताहरू पागलको जस्तो चिह्न धारण गरी म जस्ता विषयासक्त प्राणी-हरूलाई उपदेश गर्नाको निम्ति पृथ्वीमा स्वच्छन्दरूपले विचरण गर्दछन् भन्ने कुरा मलाई थाहा छ ॥ ११ ॥ सनत्कुमार, नारद, ऋभु, अङ्गिरा, देवल, असित, हृदयको अन्धकार नष्ट भएका व्यासजी, मार्कण्डेय, गौतम, वसिष्ठ, भगवान परशुराम, कपिलदेव, शुकदेव, दुर्वासा, याज्ञवल्क्य, जातूकर्ण्य, आरुणि, रोमश, च्यवन,

दत्तात्रेय, आसुरि, पतञ्जलि, वेदशिरा, बोध्य-मुनि पञ्चशिरा, हिरण्यनाभ, कौशल्य, श्रुतदेव, र ऋतध्वज— यी सबै तथा अरू अरू सिद्धेश्वर ऋषि-मुनिहरू ज्ञान दान गर्नाको निम्ति पृथ्वीमा विचरण गरिरहन्छन् ॥१२-१५॥ अतः हे प्रभो ! विषयभोगमा फसेको मूढ-बुद्धि म ग्राम्य-पशु समान छु औ अज्ञानले गर्दा घोर अन्धकारमा डुबिराखेको छु। तपाईं दुवैले कृपा गरी मलाई ज्ञानको ज्योतिले प्रकाशको केन्द्रमा ल्याइ-दिनोस् ॥१६॥

अङ्गिराले भने—

हे राजन् ! जुन बेला तिमी छोराको निम्ति बडो इच्छुक थियौ त्यस बेला मैले नै आएर तिमीलाई पुत्र-दान दिएथें। म त्यै अङ्गिरा हूँ औ यिनी साक्षात् ब्रह्माका छोरा भगवान् नारद हुन् ॥१७॥ पुत्रशोकले गर्दा यस किसिमसँग घनघोरको अज्ञानरूपी अन्धकारमा डुबिराखेका छौ। भगवान्का भक्त हुनाले तिमीले यसरी शोक गर्न ता मुनासिब पर्दैन भन्ने विचारले तिमीमाथि अनुग्रह गर्नाको निम्ति हामी दुवै यहाँ आएका हौं। ब्राह्मणका औ भगवान्का भक्तले ता कुनै अवस्थामा पनि शोक गर्न हुन्न ॥१८-१९॥ जब म पहिले तिमीकहाँ आएथें त्यै बेलामा तिमीलाई परम-ज्ञानको उपदेश गर्ने थिएँ तर तिम्रो चित्तमा अर्कै अभिलाषा अर्थात् पुत्रको उत्कट लालसा भएको जानेर ज्ञान न दिएर मैले केवल पुत्र दिएँ ॥२०॥ हे शूरसेनदेशका राजा ! अब ता स्वयं तिमी नै छोरा भएकाहरू-लाई कस्तो दुःख हुँदो रहेछ सो कुराको अनुभव गरिरहेका छौ। यसैगरी स्वास्नी, घर, धन, नाना प्रकारका ऐश्वर्य्य-सम्पत्ति, शब्द-रूप-रस आदि विषय, राज्यवैभव, पृथ्वी, राज्य, सेना, खजाना, नोकर, मन्त्री, इष्टमित्र— यी सबै अनित्य छन्, अतएव शोक, मोह, भय औ दुःखका कारण हुन्। यी सबै पदार्थ मनका खेलाना हुन्, सर्वथा कल्पित औ मिथ्या हुन, किन कि वास्तविक रूप नभए तापनि देखिन्छन्, यसै कारणले एक क्षणमा देखिएर अर्को क्षणमा लुप्त हुन्छन्। यी सबै गन्धर्व नगर, सपना, जादू औ मन-कल्पित वस्तु झैं सर्वथा असत्य छन्। कम वासनाले प्रेरित भएर जो यी विषयहरूको चिन्तना गरिरहन्छन् तिनैको मनले अनेक प्रकारका कर्मको सृष्टि गर्दछ ॥२१-२४॥ जीवात्माको यो देह—पञ्चभूत, ज्ञानेन्द्रिय औ कर्मेन्द्रियको संघात हो। यै नै जीवलाई किसिम किसिमको क्लेश औ सन्ताप दिने कहिएको छ ॥२५॥ तसर्थ अव तिमी आफ्नो मनलाई विषयमा रंगमंगिन नदिएर शान्त गरिकन आफ्नो वास्तविक रूपको, विचार गर तथा द्वैत वस्तुमा "यो वस्तु सत् हो" भन्ने आफ्नो विश्वास त्यागगरी परम शान्तिस्वरूप परमात्मामा मनलाई एकाग्र गरी लगाइदेऊ ॥२६॥

नारदजीले भने— हे राजन् ! एकाग्र चित्तले मबाट यो मन्त्रोपनिषद् ग्रहण गर। यसलाई धारण गरेपछि सातै रातमा नै तिमीले भगवान् सङ्कर्षणका दर्शन पाउने छौ ॥२७॥ हे राजेन्द्र ! प्राचीन कालमा भगवान् शङ्कर आदि प्रधान प्रधान देवताहरूले श्रीसङ्कर्षणदेवको चरणकमलकै आश्रय लिएर द्वैतभावलाई त्यागी उहाँको साम्यातिशय-(जो भन्दा बढ्ता ता कोही छँदै छैन, बराबर सम्म पनि कोही छैन) हीन महिमामा प्राप्त भएथे। तिमी पनि निकै चाँडै भगवान्को त्यै परमपद प्राप्त गर्ने छौ ॥२८॥

अध्याय–१६

मरेको छोराको जीवले भनेको उक्ति, नारदले उपदेश गरेको मन्त्रको सातदिन जप गर्नाले चित्रकेतु विद्याधरहरूको आधिपत्य भेट्टाऊँछन् औ केही दिन पछि त्यै मन्त्रको प्रभावले सङ्कर्षण भगवान्को दर्शन पाऊँछन्।

शुकदेवजी भन्नुहुन्छ—

हे राजन्! यसपछि देवर्षि नारदले मरेका राजकुमारको जीवात्मालाई शोकले व्याकुल भैराखेका बन्धुहरूको सामुन्ने प्रत्यक्ष बोलाएर भने ॥१॥

नारदले भने—

हे जीवात्मा! तिम्रो कल्याण होस्! हेर, तिम्रा आमा-बाबु, इष्ट-मित्र, नाता-कुटुम्बी सबै तिमीसित बियोग भएकोले अत्यन्त शोकले आकुल व्याकुल भैराखेका छन् ॥२॥ अतः झट्ट आफ्नो शरीरमा प्रवेश गरी शेष आयु आफ्ना नाता कुटुम्बीको साथमा रहेर बिताऊ। आफ्ना पिताले दिएका भोगहरूको भोग गर र राज-सिहासनमा बस ॥३॥

जीवात्माले भन्यो—

म आफ्नो कर्म अनुसार देवता, मनुष्य, पशु-पक्षी आदि योनिमा कई एक जन्मदेखि भ्रमण गरिरहेको छु। यी जन्महरूमध्ये कुन कुन जन्ममा यिनीहरू मेरो आमा बाबु भएका हुन्? ॥४॥ जीवको भिन्न भिन्न जन्ममा क्रमशः सबै सबैका परस्पर भाइबन्धु, नाता-गोता, शत्रु-मित्र, मध्यस्थ, उदासीन औ द्वेषी भैरहन्छन् ॥५॥ जसरी सुन आदि खरीद बिक्री गर्ने वस्तु एउटा व्यापारीको हातबाट अर्कोको हातमा आउने जाने गर्दछन् त्यसैगरी यो जीव पनि भिन्न भिन्न योनिमा उत्पन्न भैरहन्छ ॥६॥ यस प्रकारसँग मानिसको अपेक्षा बढ्ता दिन अड्ने सुन आदि पदार्थहरूको मानिससितको सम्बन्ध स्थाई छैन, क्षणिक मात्र छ। जबसम्म जसको जुन वस्तुसित सम्बन्ध रहन्छ तबसम्म मात्र त्यस वस्तुमा ममता पनि रहन्छ ॥७॥ त्यसैगरी यो नित्य औ निरहँकारी जीव गर्भमा आएर जबसम्म शरीरमा रहन्छ तबसम्म त्यस शरीरलाई आफ्नो सम्झन्छ ॥ ८ ॥ यो जीव नित्य, अविनाशी औ सूक्ष्म (जन्मादि रहित) छ तथा स्वयंप्रकाश हुनाले सबैको आश्रय हो। यसमा जन्म-मृत्यु केही नभए तापनि ईश्वररूप हुनाले आफ्नो मायाको गुणद्वारा आफैंले आफूलाई विश्वको रूपमा प्रकट गर्दछ ॥९॥ जीवको निम्ति न कोही अतिप्रिय छ, न कोही अप्रिय छ। यसको आफ्नो भन्ने अथवा पराइ भन्ने कोही छैन किन कि यो ता हित अहित गर्ने मित्र या शत्रु आदि बनाउने बुद्धिको एकमात्र साक्षी पो हो। वास्तवमा यो अद्वितीय छ ॥ १० ॥ यो आत्मा कार्य-कारणको साक्षी औ स्वतन्त्र छ, तसर्थ शरीरको गुण-दोष (सुख दुःख) अथवा कर्मफललाई ग्रहण गर्दैन, सदा उदासीन भावले अवस्थित रहन्छ ॥११॥

शुकदेवजी भन्नुहुन्छ—

यति भनेर त्यो जीव त्यहाँबाट हिंड्दियो। उसको कुरा सुन्दा जाति-बन्धुहरू अत्यन्त आश्चर्य्यमा परे। अब ता उनीहरूको स्नेह-बन्धन काटिन गयो अतएव ऊ मरेकोमा शोक गर्न पनि छाडिदिए ॥१२। यसपछि सगोत्रहरूले मरेको बालकको शरीरलाई लगेर त्यस बेलामा गर्नु पर्ने संस्कार गरी त्यसपछि गर्नु पर्ने और्ध्वदेहिक क्रियाहरू पनि पूर्ण गरे र शोक, मोह, भय औ दीनता उत्पन्न गराउने दुस्त्यज स्नेहलाई त्यागि दिए ॥१३॥ हे परीक्षित्! बालकलाई विषख्वाउने रानीहरू बालहत्याले गर्दा श्रीहीन भएका थिए औ लाजले गर्दा मुण्टो उठाउन पनि सकेका थिएनन्। यिनीहरूले अङ्गिरा ऋषिको उपदेशलाई स्मरण गर्दै यमुनाको तीरमा ब्राह्मणहरूको वचन अनुसार बालहत्याको प्रायश्चित्त गरे ॥१४॥

अङ्गिरा औ नारदको उपदेशले यसप्रकारसँग आत्मज्ञान जाग्रत् भएकोले राजा चित्रकेतु तलाउको हिलोबाट हात्ती बाहिर निस्के झैं घरगृहस्थीको अँध्यारो इनारबाट बाहिर आए ॥१५॥ उनले यमुनाजीमा विधिपूर्व्वक स्नान गरी तपण इत्यादि आवश्यक जल-क्रिया गरे र अनि जितेन्द्रिय एवं मौन भएर ब्रह्माका छोराहरूलाई (अङ्गिरा औ नारदलाई) प्रणाम गरे ॥१६॥ यसपछि भगवान् नारदले पनि प्रसन्न भएर जितेन्द्रिय, भगवद्भक्त औ शरणागत चित्रकेतुलाई यो स्तुतिमयी विद्याको उपदेश गर्नु भयो ॥१७॥

देवर्षि नारदले यस्तो उपदेश दिनुभयो—

ॐकार स्वरूप भगवन्! तपाईंलाई नमस्कार गर्दछु। तपाईं वासुदेव, प्रद्युम्न, अनिरूद्ध औ सङ्कर्षणको रूपमा क्रमैले चित्त, बुद्धि, मन औ अहङ्कारका अधिष्ठाता हुनुहुन्छ। तपाईंको यो चतुर्व्यूहरूपलाई म बारम्बार नमस्कार गर्दछु ॥१८॥ तपाईं विशुद्ध विज्ञान स्वरूप हुनुहुन्छ, परम आनन्द नै तपाईंको मूर्त्ति हो, तपाईं आफ्नो स्वरूपभूत आनन्दमा नै मग्न औ परम शान्त हुनुहुन्छ, द्वैतदृष्टिले तपाईंलाई छुनसम्म पनि सक्तैन। तपाईंलाई म नमस्कार गर्दछु ॥१९॥ हे प्रभो! आफ्नो स्वरूपभूत आनन्दको अनुभवद्वारा मायाबाट उत्पन्न हुने राग-द्वेषादि दोषलाई तपाईंले शान्त गरिदिनु भएको छ। तपाईंलाई नमस्कार गर्दछु; सबैका समस्त इन्द्रियहरूका स्वामी, परम महान् तपाईंलाई नमस्कार गर्दछु। सम्पूर्ण विश्व नै तपाईंको मूर्त्ति हो ॥२०॥ अहो! मन औ वाणी तपाईंसम्म नपुगेर बीचैबाट फर्केर आउँछन्। यिनीहरूको पहुँच बाहिरको अद्वितीय, नामरूपरहित चिन्मात्र औ कार्य-कारणका पनि कारण जुन वस्तु छ त्यसले हाम्रो रक्षा-गरोस् ॥२१॥ यो कार्य-कारणरूप समस्त जगत् जसमा, जसद्वारा उत्पन्न, स्थित औ लय हुन्छ औ जो माटोको भाँडामा माटो झैं सर्वत्र व्याप्त छ, ती परब्रह्मस्वरूप तपाईंलाई नमस्कार गर्दछु ॥२२॥ आकाश झैं बाहिर भित्र सर्वत्र व्याप्त हुनुहुन्छ तापनि मन, बुद्धि औ ज्ञानेन्द्रियले आफ्नो ज्ञानशक्तिद्वारा तपाईंलाई जान्न सक्तैनन् एवं प्राण तथा कर्मेन्द्रियले आफ्नो क्रियारूप शक्तिद्वारा छुनसम्म पनि सक्तैनन्, यस्ता तपाईंलाई नमस्कार गर्दछु ॥२३॥ जसरी आगोमा तताएको फलामले मात्र पोल्न सक्तछ नतताएकोले ता सक्तैन त्यसै

गरी शरीर, इन्द्रिय, प्राण, मन र बुद्धि जाग्रत् तथा स्वप्नावस्थामा तपाईंको चैतन्यांशले युक्त भएर नै आफ्नो आफ्नो काम गर्न सक्तछन् तर सुषुप्ति र मूर्च्छाको अवस्थामा ता तपाईंको चैतन्यांशले युक्त नभएकोले आफ्नो आफ्नो काम गर्नामा असमर्थ हुन्छन् । जाग्रदादि अवस्थाको साक्षीरूप आत्माको नाम नै जीव हो ॥२४॥ ओङ्कारस्वरूप,महाप्रभावशाली, महाविभूतिपति, भगवान् महापुरुषलाई नमस्कार छ। प्रधान प्रधान भक्तगणहरूको करकमलरूपी कोपिला सदा तपाँईका दुवै चरणकमलको सेवामा लागिराख्तछन् । हे प्रभो ! तपाईं नै सर्वश्रेष्ठ हुनुहुन्छ । तपाईंलाई बारम्बार नमस्कार छ ॥२५॥

शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! देवर्षि नारद आफ्नो शरणागतभक्त चित्रकेतुलाई यस प्रकारले यो विद्याको उपदेश गरिसकेपछि महर्षि अङ्गिरासँग आफ्नो धाम ब्रह्मलोकतिर लाग्नु भयो ॥२६॥ राजा चित्रकेतुले पनि देवर्षि नारदद्वारा उपदेश पाएको विद्याको उहाँको आज्ञानुसार सात दिनसम्म केवल जल पिएर एकाग्र चित्तले अनुष्ठान गरे ॥२७॥ यस विद्याको अनुष्ठानको प्रभावले सात रातपछि राजा चित्रकेतुलाई विद्याधरहरूको अखण्ड आधिपत्य प्राप्त भयो ॥२८॥ यसको केही दिनपछि त्यस विद्याको प्रभावले आफ्नो मन झनवर्त्ता शुद्ध हुन गएकोले उनी देवदेव शेष भगवान्को चरणको समीप पुगे ॥२९॥

उनले शेष प्रभुको चारैतिर सिध्देश्वरहरूलाई बसिराखेको देखे। उहाँको शरीरको वर्ण कमलको डाँठ समान गोरो थियो, नीलो वस्त्र पहिरनु भएको थियो । किरीट, केयूर, कटिसूत्र, कङ्कण आदि आभूषण शरीरमा यथा यथा स्थानमा सुशोभित थिए। उहाँको मुख हँसिलो र नेत्रमा अलिकता रातोपना देखिन्थ्यो ॥३०॥ भगवान् शेषको दर्शन गर्नासाथ चित्रकेतुका सबै पाप नष्ट भैहाले, उहाँको अन्तःकरण शुद्ध औ निर्मल हुन गयो; हृदयमा भक्तिभावको बाढी उठेकोले प्रेमका आँसू आँखामा छचिल्किन लागे र सर्वाङ्गमा रोमाञ्च भएर आयो । यस्तो स्थितिमा उनले आदिपुरुष शेष भगवान्लाई नमस्कार गरे ॥३१॥ उनका नेत्रबाट बारम्बार प्रेमका आँसू टपटपी झरेकोले प्रवित्रकीर्ति शेष भगवान्को चरणराख्ने चौकी भिज्न गयो । प्रेमको उद्वेगले घाँटी ब्याप्प बस्न गएकोले मुखबाट अक्षरै निस्कन सकेन तसर्थ धेरै वेरसम्म ता भगवान्को अलिकता पनि स्तुति गर्न सकेनन् ॥३२॥ केहीं वेरपछि बोल्ने शक्ति आएपछि राजाले विवेकबुद्धिद्वारा मनलाई एकाग्रगरी इन्द्रियहरूको बहिर्मुखी वृत्तिलाई रोकिदिए र पाञ्चरात्र आदि भक्तिशास्त्रमा जसको शरीरको वर्णन गरिएको छ ती जगद्गुरुको यस प्रकारसँग स्तुति गर्न लागे ॥३३॥

चित्रकेतुले भने—

हे भगवन् ! देवताहरूका लागि समेत अजेय भए तापनि जितेन्द्रिय एवं समदर्शी साधुहरूले तपाईलाई जितेका छन् । भक्तहरूमाथि अत्यन्त दयालु हुनुभएकोले तपाईं उनीहरूको अधीनमा हुनुभएको छ । साथ साथै तपाईंका गुणले गर्दा उनीहरू पनि तपाईंको वशमा भएका छन् । किन कि निष्काम भावले आफ्नो भजन

गर्नेहरूलाई, अतिशय दयालु हुनुभएकोले आफ्नो स्वरूपसम्म पनि दिनुहुन्छ ।।३४।। हे भगवन्! जगत्को उत्पत्ति, स्थिति औ प्रलय यी सबै तपाईंके लीला हुन् । ब्रह्मादिहरू विश्वका निर्माता भए तापनि तपाईंको अंशको पनि अंश हुन् । व्यर्थमा यिनीहरू आफू आफूलाई जगत्कर्ता संझेर आपसमा स्पर्धा गर्दछन् ।।३५।। साना साना परमाणुदेखि लिएर अतिमहान् महत्तत्त्व पर्य्यन्तका सम्पूर्ण वस्तुको आदि, अन्त औ मध्यमा तपाईं नै विराजमान हुनुहुन्छ तर आफू स्वयं ता आदि अन्त-मध्य यी तीनै अवस्थादेखि रहित हुनुहुन्छ । वास्तवमा परमाणु, महत्तत्त्व आदि केही पनि होइनन, यी सब केवल तपाईं नै हुनुहुन्छ । कुनै पदार्थको आदि औ अन्तमा जुन वस्तु रहन्छ मध्यमा पनि त्यही रहन्छ, वास्तवमा सत्य भन्ने कुरा पनि त्यै हो । आदि, अन्त भएका वस्तु ता सर्वथा मिथ्या हुन, सत्य जस्तो देखिएका मात्र हुन् ।।३६।। पृथ्वी आदि सात पदार्थका आवरणमा एउटा पछिको अर्को दस दोब्बर ठूलो छ । यस्ता सात आवरणले घेरिएको यो ब्रह्माण्डकोश आफू जस्ता अरू अरू करोडौं करोडौं ब्रह्माण्डको साथमा तपाईंमा एउटा परमाणु जस्तो भएर घुमिरहन्छ, तसर्थ यस्तो स्वरूप हुनुभएको तपाईं अनन्त हुनुहुन्छ ।। ३७ ।। केवल विषय भोगको चाहना गर्ने मनुष्यरूपी पशुहरू तपाईंको भजन नगरेर तपाईंको विभूति-स्वरूप इन्द्रादि देवताहरूको उपासना गर्दछन् अतः जस्तै कुनै राजकुलको पतनको साथसाथै त्यसका अनुयायीहरूको जीविका पनि हरिन्छ त्यसैगरी यी क्षुद्र इन्द्रादि उपास्य देवहरूको लय भएपछि ता उनले दिएका उनका उपासकहरूको समेत सुख भोग टिक्न सक्तैन ।। ३८ ।। जसरी भुटेको बिउ बाट टुसा उम्र दैन त्यसैगरी हे परमात्मन्! तपाईं ज्ञान-स्वरूप औ निर्गुण हुनुभएकोले, तपाईं प्रति गरिएको सकाम भावना समेत अरू अरू कर्म झैं जन्ममृत्युरूप फल दिने हुन्नन्, किन कि जीवलाई जुन सुखदुःखादि द्वन्द्व प्राप्त हुन्छन् ती ता सत्वादि गुणबाट नै हुने हुन्, निर्गुणबाट ता होइनन् ।। ३९ ।। हे अजित! जुन बेला तपाइले आफ्नो विशुद्ध भागवत-धर्मको उपदेश गर्नु भयो त्यै बेला सबैलाई जित्नु भयो, किन कि निष्किञ्चन एवं कुनै पदार्थमा पनि "म-मेरो" भन्ने भाव नराख्ने आत्माराम सनकादि मुनिहरू समेत मोक्ष-प्राप्तिको निम्ति यै भागवत धर्मको उपासना गर्दछन् ।। ४० ।। यो भागवत धर्म कस्तो विशुद्ध छ भने यसको आचरण गर्ने मानिसमा अरू सकाम धर्मको आचरण गर्ने मानिसमा झैं "म-मेरो, तँ-तेरो" भन्ने भेद-बुद्धि हुँदै हुँदैन। भेद-ज्ञानको बिउ छर्ने धर्म ता अशुद्ध, नाशवान् औ हिंसादिले गर्दा अधर्म पो हो ।। ४१ ।। यस प्रकारसँग आफ्नो र अर्काको दुवै थरिको अपकार गर्ने सकाम धर्मबाट आफ्नो अथवा अर्काको कुनै भलो वा प्रयोजन सिद्ध होला त? कदापि हुन सक्तैन । बरू सकाम धर्मले आत्माको चित्त दुःखाउने हुनाले तपाइं (भगवान्) रिसाउनु हुन्छ, एवं अर्कालाई पीडा दिने भएकोले त्यो ता धर्म नै भएन अधर्म पो भयो ।। ४२ ।। तपाईंको दृष्टि कहिले पनि परमार्थदेखि विचलित हुँदैन। यै दृष्टिले तपाईंले भागवत (निष्काम) धर्मलाई प्रकट गर्नु भएको हो अतएव चर अचर समस्त

प्राणीमा समान दृष्टि राख्ने सन् पुरुषले मात्र यस धमको सेवा गर्दछन् ।।४३।। हे भगवन् ! तपाईंको दर्शनमात्रले नै मानिसको सबै पाप नष्ट भएर जानु कुनै असम्भव कुरो होइन किन कि तपाइको नाम केवल एक बाजि सुन्नाले पनि ता चाण्डाल समेत संसारबाट मुक्त हुन्छन् ।।४४।। हे भगवन् ! यस समयमा केवल तपाईंको दर्शनले नै मेरो अन्तःकरणको सबै मल पखालिएर गयो, किन कि तपाईंका अनन्य भक्त देवर्षि नारदले भनेको कुरा कसरी मिथ्या हुन सक्ता त ? ।।४५।। हे अनन्त ! तपाईं सम्पूर्ण जगत्को आत्मा हुनुहुन्छ तसर्थ संसारमा प्राणीले जे जे गर्दछन् सो सबै तपाईंलाई थाहा भैरहन्छ, तसर्थ सूर्यको अगाडि जसरी जुनकिरीले कुनै पदार्थलाई प्रकाशित गर्न सक्तैन त्यसैगरी परमगुरु तपाईंलाई मैले के बर्त्ता विदित गराउनु सकु ला ? ।।४६।। तपाईं सम्पूर्ण जगत्को उत्पत्ति, स्थिति औ प्रलय गर्नामा समर्थ हुनुहुन्छ। कुयोगीहरू भेद-दृष्टिले गर्दा तपाईंको वास्तविक स्वरूपलाई जान्न सक्तैनन् । वास्तवमा तपाईंको स्वरूप अत्यन्त शुद्ध छ । यस्ता तपाईंलाई म नमस्कार गर्दछु ।।४७।। तपाईंको चेष्टा-शक्ति पाएर नै ब्रह्मादि जगत्-कर्त्ताहरू चेष्टा गर्नामा समथ हुन्छन् । तपाईंको दृष्टिबाट जीवित भएर नै ज्ञानेन्द्रियहरू आफ्ना आफ्ना विषयलाई ग्रहण गर्न समर्थ हुन्छन् । तपाईंको मस्तकमा राखिएको यो भूमण्डल सरस्यूंको दाना जस्तो देखिन्छ । सहस्त्र मस्तक भएका तपाईं भगवान्लाई म बारम्बार नमस्कार गर्दछु ।।४८।।

शुकदेवजी भन्नुहुन्छ—

हे परीक्षित् ! विद्याधरहरूका अधिपति चित्रकेतुले यस प्रकारसँग स्तुति गरेपछि भगवान् अनन्त प्रसन्न भएर उनलाई भन्न लाग्नु भयो ।।४९।।

भगवान्ले भन्नुभयो—

हे राजन् ! देवर्षि नारद औ महर्षि अङ्गिराले मेरो सम्बन्धमा जुन विद्याको उपदेश दिएका छन्, त्यस बिद्याको प्रभावले तथा मेरो दर्शनले तिमी राम्रै सँग सिद्ध भैसकेका छौ ।।५०।। समस्त प्राणीको रूपमा म नै छु। सबै प्राणीको आत्मा तथा उनको पालन गर्ने पनि म नै हूँ । शब्द-ब्रह्म (वेद) र परब्रह्म यी दुवै मेरा अविनाशी मूर्ति हुन् ।।५१।। आत्मा जगत्मा व्याप्त छ र जगत् आत्मामा व्याप्त छ, तथा यी दुवैमा कारणरूपले म नै व्याप्त छु । ममा नै यी दुवैको रचना भएको छ ।।५२।। जसरी मानिस सुत्ताखेरि स्वप्नावस्थामा प्राप्त भएर सपना देख्त छ एवं सपनामा नै विश्वको दर्शन गर्दछ औ सपनामा नै व्यूं झेर आफूलाई विश्वको एउटा कुनामा रहेको संझछ, वास्तवमा त्यो पनि सपनै हो, त्यसैगरी जीवको जाग्रत् आदि अवस्था परमात्माको केवल माया मात्र हो भन्ने समझ लिएर सबैका साक्षी, मायादेखि परका परमात्माको नै स्मरण गर्नु पर्दछ ।।५३-५४।। जीव निद्राको अवस्थामा जसको सहायताले आफ्नो निद्रा औ अतीन्द्रिय सुखको अनुभव गर्दछ, म त्यै आत्मारूप निर्गुण ब्रह्म हुँ ।।५५।। निन्द्रा औ जागरण यी दुवै अवस्थाको अनुभव गर्ने पुरुष यी दुवै अवस्थामा साक्षीरूपले अनुगत भए ता पनि वास्तवमा यी

दुवैदेखि पृथक् छ।यी सबै अवस्थामा रहने अखण्ड, एकरस ज्ञान नै ब्रह्म हो। ॥ ५६ ॥ जब जीव "म ब्रह्म हूँ" भनेर बिर्सन्छ अनि आफूलाई आत्मादेखि फरक देख्न थाल्दछ, त्यसैले गर्दा उसले संसार-चक्रमा पर्नु पर्दछ र एउटा देह पछि अर्को देह धारण गर्नुपर्दछ एवं एक चोटि मरेपछि पनि फेरि मर्नु पर्दछ ॥ ५७ ॥ मनुष्यजन्म यस लोकमा ज्ञान औ विज्ञानको प्राप्तिको कारण हो। यस्तो जन्म पाएर पनि जुन व्यक्तिले सबैका आत्मारूप परमेश्वरलाई जान्न सक्तैन त्यसले कहीं, कुनै योनिमा पनि कल्याण पाउन सक्तैन ॥ ५८ ॥ साँसारिक सुखको निम्ति जति चेष्टा गरिन्छन् तिनमा क्लेश-श्रम हुन्छ औ जुन परम सुखको उद्देश्यले चेष्टा गरिएकाछन् त्यसको ठीक विपरीत परम दुःख पाइने संभावना पनि छ. तर निवृत्ति मार्गमा ता कुनै प्रकारको भय छैन-यस्तो विचार लिएर बुद्धिमान् पुरुषले फलको कामनादेखि निवृत्त हुनुपर्दछ ॥ ५९ ॥ हे राजन् ! सबै स्त्री-पुरुष सुखको प्राप्ति होस् र दुःखको पिण्ड छुटोस् भनि कर्म गर्दछन् तर ती कर्मबाट न सुखको प्राप्ति हुन्छ न उनको दुःख नै हट्त छ ॥६०॥

आफूलाई खूब ज्ञानी संझेर कर्मको फेरमा पर्ने मानिसलाई यस प्रकारसँग उल्टो फल मिल्द छ भन्ने विचार राखी तथा आत्माको स्वरूप अत्यन्त सूक्ष्म छ एवं जाग्रत्, स्वप्न, सुषुप्ति यी तीनै अवस्थादेखि फरक छ भन्ने कुरा मनमा लिएर पुरुषले विवेक-बुद्धिद्वारा लोकका देखिएका र परलोकका सुनिएका विषय भोगबाट मुक्त भै ज्ञान तथा विज्ञानमा सन्तुष्ट रहेर मेरो अनन्य भक्त हुनुपर्दछ ॥६१-६२॥ योगमार्गको तत्त्व बुझ्नामा निपुण भएकाहरूले आत्मा र परमात्माको एकताको अनुभव गर्नु नै जीवको सबभन्दा ठूलो स्वार्थ तथा परमार्थ हो भन्ने कुरा राम्रैसँग बुझ्नु पर्दछ ॥ ६३ ॥ हे राजन् ! मेरो यस उपदेशलाई सावधानीसाथ श्रद्धा-भावले धारण गऱ्यौ भने, तिमी ज्ञान-विज्ञानले सम्पन्न भै चाँडै नै सिद्ध हुने छौ ॥ ६४ ॥

शुकदेवजी भन्नुहुन्छ—

जगद्गुरु विश्वात्मा भगवान् हरि चित्रकेतुलाई यस प्रकारसंग आश्वासन दिएर उनको सामुन्नेमा त्यहाँबाट अन्तर्धान हुनुभयो ॥५६॥

अध्याय-१७

कैलाशमा पार्वतीको साथमा बसेका शिवको उपहास गर्नाले पार्वतीको श्रापले चित्रकेतुअसुरयोनिमा जन्मन्छन्।

शुकदेवजी भन्नुहुन्छ—

भगवान् अनन्त जुन दिशामा अन्तर्धान हुनुभएथ्यो त्यै दिशालाई प्रणाम गरी विद्याधर चित्रकेतु आकाशमार्गले इच्छानुसार भ्रमण गन लागे ॥१॥ महायोगी चित्रकेतुको शारीरिक बल एवं इन्द्रियहरूको शक्ति अकुण्ठित रहेकोले यिनले असँख्य वर्षसम्म, इच्छामात्रले सब किसिमको सिद्धि प्राप्त हुने सुमेरु पर्वतको कन्दराहरूमा विहार गरेर बसे। बडा बडा मुनि, सिद्ध एवं चारणहरू उनको स्तुति गर्दथे। विद्याधरका स्त्रीहरू सर्वशक्तिमान् भगवान्का गुण औ लीलाहरूको गान गर्दै उनको साथमा रहन्थे ॥२-३॥

एकदिन चित्रकेतु भगवान्ले दिएको तेजोमय विमानमा सवारभै कतै गइरहेका थिए। बाटोमा यिनले भगवान् शङ्करलाई ठूला ठूला मुनिहरूको सभामा सिद्धचारणहरूको बीचमा बसेको र भगवती पार्वतीलाई आफ्नो काखमा राखी उनलाई एउटा हातले अंगालो हालिराखेको देखे । यो देख्ता चित्रकेतु विमानमा चढेको चढै उहाँको नजीक गई देवी पार्वतीले सुन्नेगरी खित्का छाडेर हाँस्तै भन्न लागे ॥४-५॥

चित्रकेतुले भने—

अहो ! यिनी ता सकलदेहधारीहरूमध्येका श्रेष्ठ, सारा जगत्लाई धर्मको शिक्षा दिने एवं सम्पूर्ण लोकका गुरु हुन् । यस्तो भए ता पनि यिनी बीच सभामा आफ्नी स्त्रीलाई च्यापेर बसिराखेका छन् ॥६॥ हुन ता यिनी जटाधारी, बडा ठूला तपस्वी औ ब्रह्मवादीहरूको सभामा अग्रगण्य छन् तर अहिले ता साधारण पुरुष झैं निर्लज्ज भएर स्वास्नीलाई काखमा राखेर बसिराखेका छन् ॥७॥ विषयी पुरुष समेत ता प्रायः एकान्तमा नै स्वास्नीलाई काखमा राखेर बस्तछन् तर यिनी ता यत्रो ठूलो व्रतधारी भएर पनि सभाको बीचमा स्वास्नीलाई सँग लिएर बसेका छन् ॥८॥

शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! अगाध बुद्धिभएका भगवान् शङ्कर चित्रकेतुको यो कटाक्ष सुन्दा हाँसि दिनु भयो, केही पनि बोल्नु भएन। सभामा बसेका अरूहरू पनि शङ्करजीलाई मौन रहेको देख्ता केही बोलेनन् ॥९॥ शङ्कर भगवान्को प्रभाव थाहा न पाएका चित्रकेतुले यस प्रकारसँग उहाँलाई भन्न नहुने अनेक कुरा भने । म जितेन्द्रिय छु भन्ने अभिमानले ढीठ भएका उनलाई पार्वतीले झोक्किएर भन्नु भयो ॥१०॥

पार्वतीले भन्नुभयो—

अहो ! हामी जस्ता दुष्ट एवं निर्लज्जहरूको शासन गरेर सुधार गर्ने दण्डधर प्रभु, अचेल संसारमा के यिनै हुन् ॥११॥ कमलयोनि ब्रह्माजी, भृगु, नारदादि उहाँका छोराहरू, सनकादि परमर्षिहरू, कपिलदेव, मनु आदि बडा बडा महापुरुषले धर्मको रहस्य बुझेका रहेन छन्, यसैले ता धर्ममर्य्यादाको उल्लङ्घन गर्ने शङ्कर भगवान्लाई यस्तो काम गन रोक्तैनन् ॥१२॥ अहो ! यस अधम क्षत्रियले ता ब्रह्मा आदि समस्त महापुरुष जसको चरण कमलको ध्यान गर्दछन्, साक्षात् उनै मङ्गलमूर्ति जगद्गुरु शङ्कर भगवान्को तथा उहाँका अनुयायी महात्माहरूको तिरस्कार तथा शासन गर्ने चेष्टा गरेको छ, तसर्थ यो ढीठ सर्वथा दण्डनीय छ ॥१३॥ यसलाई आफ्नो बढत्वको घमण्ड छ तसर्थ यो बडा बडा सत्पुरुषले उपसाना गरिने, भगवान् विष्णुको चरणकमलको नजीक बस्ने योग्य छैन ॥१४॥ (चित्रकेतु तिर हेरेर) अतः ए कुबुद्धि ! तैंले पापमय असुरयोनिमा जन्म ग्रहण गरेस्, त्यसो भएपछि ए बाबू ! तैंले फेरि कहिले पनि महापुरुषको अपराध गर्ने छैनस् ॥१५॥

शुकदेवजीले भन्नुभयो—

हे परीक्षित् ! यस प्रकारसँग श्राप पाएपछि चित्रकेतु विमानबाट ओर्लिहाल्यो र अनि नम्रतासँग टाउको निहुराएर देवी पार्वतीलाई यस प्रकारसँग खुसी गराउन लाग्यो ॥१६।

चित्रकेतुले भन्यो—

हे माता पार्वती ! म प्रसन्नतासाथ हात जोरेर तपाईंको श्राप स्वीकार गर्दछु, किन कि देवताहरूले मानिसको निम्ति जो भन्दछन् त्यो ता उनीहरूले प्रारब्ध अनुसार पाउने फलको पूर्व सूचना मात्र हो।।१७। जीव अज्ञानले मोहित भए-कोले यस संसारचक्रमा भड्किरहन्छ, सदा सर्वदा जताततै सुख दुःख भोगिरहन्छ ॥१८॥ यो सुख दुःख दिने न त आफ्नो आत्मा हो, न अरू कोही हो । जो अज्ञानी छन् उनै मात्र आफूलाई अथवा अर्कालाई सुख-दुःखको कारण संझन्छन् ॥१९॥ यो जगत् सत्व-रज आदि गुणहरूको प्रवाह हो । यसमा श्राप वा अनुग्रह, स्वर्ग वा नरक सुख-दुःखके वस्तु हुन् ? केही पनि ह्वैनन्, केवल कल्पना हुन्।। २० ॥ एकमात्र भगवान् नै आफ्नो आत्मस्वरूपिणी मायाद्वारा समस्त प्राणीहरूको तथा उनको बन्धन मोक्ष र सुख-दुःखको रचना गर्नु हुन्छ, तर स्वयं उहाँको ता बन्धन, मोक्षादिसित कुनै सम्बन्ध रहँदैन ॥२१॥ उहाँको न कोही प्रिय छ, न कोही अप्रिय छ. न कोही जातिवाला छ, न कोही बन्धु छ, आफ्नो अर्काको भन्ने कोही छैन । उहाँ सर्वत्र समान औ माया आदि मलले रहित हुनु हुन्छ । जहाँ उहाँलाई सुखमा अनुराग भएन तहाँ क्रोध हुने कता-बाट ? ।।२२।। तथापि उहाँको मायारूप शक्ति-द्वारा उत्पन्न भएका पाप र पुण्य नै प्राणीहरूको सुख-दुःख, हित-अहित, बन्धन-मोक्ष, जन्म-मरण एवं संसारमा आवागमन गर्ने कारण बन्द-छन् ।।२३।। हे देवी ! श्रापबाट मुक्त हुनाको निम्ति तपाईंलाई म प्रसन्न गराउन चाहन्न, म ता केवल यति चाहन्छु कि यदि मेरो कुराला तपाईंले अनुचित ठहराउनु भएको छ भने त्यसको निम्ति मलाई क्षमा गर्नोस् ।।२४।

शुकदेवजी भन्नुहुन्छ—

हे शत्रुदमन परीक्षित् ! यस प्रकारसँग शिव-पार्वतिलाई प्रसन्न गराइसकेपछि उनीहरूले हेर्दा हेर्दैमा चित्रकेतु आफ्नो विमानमा चढी त्यहाँबाट हिंडे। यो देख्ता त्यहाँ भएका सबैलाई बडो विस्मय भयो ॥२५॥ यसपछि रुद्र भगवान्ले देवता, ऋषि, दैत्य, सिद्ध औ पार्षदहरूले सुन्ने गरी पार्वतीलाई यो कुरा भन्नुभयो ॥३६॥

भगवान् शङ्करले भन्नुभयो—

हे सुन्दरि ! अद्भुत कर्मगर्ने भगवान् हरिका निस्पृह औ महानुभाव दासानुदासहरूको माहात्म्य तिमीले आफ्नै आँखाले देखिहाल्यौ ॥२७॥ भग-वान्का शरणागत व्यक्तिहरूलाई कुनै कुराको डर हुँदैन किन कि यिनीहरूको स्वर्ग, मोक्ष, औ नरकादिमा समेत एक नासको दृष्टि हुन्छ॥२८॥ परमात्माको लीलाले नै देहधारीहरूलाई देहको प्राप्ति एवं त्यस देहको निम्ति सुख-दुःख, जन्म मरण र श्राप-अनुग्रह इत्यादि द्वन्द्व प्राप्त हुने हुन् ॥२९॥ जसरी सपनामा भेदभ्रमले गर्दा सुख-दुःखको अनुभव हुन्छ तथा जाग्रत् अवस्थामा भ्रमले गर्दा मालामा सर्पको भान पर्दछ, त्यसै गरी मानिस अज्ञानले नै आत्मामा देवता, मनुष्य आदिको भेद तथा गुणदोषको (सुख दुःखको) कल्पना गर्दछ ॥३०॥ज्ञान औ वैराग्यको बलले सम्पन्न भएका तथा वासुदेव भगवान्को चरणकमलमा भक्तिभाव भएका पुरुषहरू यस संसारमा आफ्नो बुद्धिलाई अडाउनु पर्ने अर्थात्

आसक्त हुनु पर्ने कुनै वस्तु नै देख्तैनन् ॥३१॥ म, ब्रह्मा, सनकादि, नारद मुनि, ब्रह्माजीका छोरा भृगु आदि मुनि औ प्रधान देवतासमेत कसैले पनि भगवान्को लीलाको रहस्य जान्न सक्तैनन् भने, उहाँको अंशको पनि अंश भए तापनि आफूलाई उहाँदेखि पृथक् बेग्ला बेग्लै ईश्वर मानेर अभिमान गर्नेहरूले कसरी उहाँको स्वरूप जान्न सक्लान् ? ॥३२॥ भगवान्को न कोही प्रिय छ न कोही अप्रिय, आफ्नो र अर्काको भन्ने पनि कोही छैन । भगवान् सबै प्राणीको अन्तरात्मा हुनु भएकोले सबैको प्रिय हुनु-हुन्छ ॥३३॥ यो महाभाग्यवान् चित्रकेतु उहींको प्यारो अनुचर एवं शान्त औ सर्वत्र समदर्शी छ, म पनि भगवान् अच्युतकै प्यारो हूँ ॥३४॥ तसर्थ तिमीले भगवान्का यी शान्त, समदर्शी औ महात्मा भक्तहरूको विषयमा कुनै किसिमको विस्मय गर्न हुन्न ॥३५॥

शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! भगवान् शङ्करको यो कुरा सुन्दा भगवती पार्वतीको चित्तवृत्ति शान्त भयो र उनको विस्मय पनि हटेर गयो ॥३६॥ भगवान्का परमप्रेमी भक्त चित्रकेतुले पनि भगवती पार्वतीलाई श्रापको बदलामा श्रापदिन समर्थ थिए तापनि उनले उनको श्रापलाई शिरोपर गरी धारण गरे—साधु पुरुषको लक्षण यै हो॥३७॥ यसपछि चित्रकेतु दानव योनिको आश्रय लिएर त्वष्टाको यज्ञमा दक्षिणाग्निबाट उत्पन्न भए र ज्ञान-विज्ञानले युक्त भैकन वृत्रासुरको नामले विख्यात भए ॥३८॥ वृत्रासुरको दैत्य योनिमा किन जन्म भएको र त्यसले कसरी भगवान्को यस्तो भक्ति प्राप्त गऱ्यो भन्ने जुन कुरा सोधेथ्यौ त्यसको पूरा पूरा विवरण मैले तिमीलाई सुनाई दिएँ ॥३९॥ महात्मा चित्रकेतुको यो पवित्र इतिहास केवल उनको मात्र हैन कि समस्त विष्णुभक्तहरूको माहात्म्य हो । यो पवित्र इतिहास सुन्नाले मानिस संसारको बन्धनबाट मुक्त हुन्छ ॥४०॥ प्रातःकालमा उठेर भगवान् हरिको स्मरण गरीं मौन भएर श्रद्धा पूर्वक जुन ब्यक्तिले यस इतिहासको पाठ गर्दछ त्यस लाई परम गतिको प्राप्ति हुन्छ ॥४१॥

....

अध्याय—१८

अदिति र दितिका सन्तानहरूको तथा मरुद्गणको उत्पत्तिको वर्णन्

शुकदेवजी भन्नुहुन्छ—

हे राजन् ! सविताकी पत्नी पृश्णिको गर्भबाट सवित्री, व्याहृति, त्रयी, अग्निहोत्र, पशु, सोम, चातुर्मास्य र पञ्चमहायज्ञ यी आठ सन्तान उत्पन्न भए ॥१॥ हे प्रिय ! भगकी पत्नी सिद्धिले महिमा, बिभु र प्रभु यी तीन छोरा तथा आशीः नाम गरेकी एउटी बडी सुन्दरी औ सदाचारिणी कन्या जन्माइन् ॥२॥ धाताको कुहू, सिनीवाली, राका र अनुमति नामका यी पत्नीहरूबाट क्रमैसंग सायं, दर्श, प्रातः औ पूर्णमास नामका यी चार छोरा भए ॥३॥ यी धाताका भाइ विधा-

ताले आफ्नी भार्या क्रियाबाट पुरीष्य नामका पाँच अग्निहरू उत्पन्न गरे । वरुणकी स्त्रीको नाम चर्षणी थियो; यिनको गर्भबाट भृगुजीले फेरि जन्म ग्रहण गरे । यो भन्दा पहिले यिनी ब्रह्माजीबाट उत्पन्न भएका थिए ॥ ४ ॥ महायोगी बाल्मीकि पनि बरुणकै छोरा थिए । बल्मीकबाट उत्पन्न भएकोले यिनको नाम वाल्मीकि हुन गएको हो । उर्वशीलाई देख्ता मित्र औ वरुणको वीर्य स्खलित हुनगयो, त्यस वीर्यलाई उनीहरूले एउटा घडामा राखिदिए, त्यतैबाट अगस्त्य औ वसिष्ट ऋषिको जन्म भयो । मित्रका आफ्नी भार्या रेवतीबाट उत्सर्ग-अरिष्ट-पिप्पल यी तीन छोरा भए ॥ ५-६ ॥ हे राजन् ! भगवान् इन्द्रले पौलोमी (इन्द्राणी) को गर्भबाट जयन्त-ऋषभ-मीढुस नाम गरेका तीन पुत्र उत्पन्न गरेथे भन्ने हामीले सुनेका छौं ।।७।। मायाले वामनको रूप धारण गरी अवतीर्ण हुने भगवान् उरुक्रमकी कीर्ति नामकी पत्नीबाट बृहच्छलोक नामका छोरा उत्पन्न भए । यिनका सौभग आदिगरिएका कई एक छोरा भए ।।८।। कश्यपका छोरा महात्मा भगवान् त्रिविक्रम (वामन) को कर्म, गुण औ पराक्रमको तथा किन उहाँले अदितिको गर्भबाट जन्म लिनु भयो— यी सबै कुराको वर्णन पछि (आठौं स्कन्धमा) गरुँला ।।९।।

अब म कश्यपकी अर्की पत्नी दितिको गर्भबाट उत्पन्न हुने वंश परम्पराको वर्णन गरेर सुनाउँछु । यै वंशमा भगवान्का प्यारा भक्त श्रीमान् प्रह्लाद औ राजा बलिले जन्म लिएका थिए ।।१०।। दितिका हिरण्यकशिपु र हिरण्याक्ष नामका केवल दुई छोरा थिए, यिनलाई सबै दैत्य दानवले मान्दथे । यिनीहरूको वर्णन अघि (तेस्रो स्कन्धमा भैसकेको छ ।।११।। जम्भासुरकी कन्या कयाधू नाम गरेकी दानवी हिरण्यकशिपुकी स्त्री थिईं । बाबुले कयाधूलाई हिरण्यकशिपुसित बिहे गरिदिएको हो । कयाधूले चार छोरा जन्माई ।।१२।। यिनीहरूको नाम क्रमशः संह्लाद, अनुह्लाद, ह्लाद र प्रह्लाद थियो । यिनीहरूकी सिंहिका नाम गरेकी एउटी बहिनी पनि थिईं । यसले विप्रचित्ति दानवसित बिहे गरी र यसको गर्भबाट राहु नाम गरेको छोरो जन्म्यो ।।१३।। यो उही राहु हो, जसको टाउको अमृतपानको समयमा मोहिनीरूपधारी भगवान्ले आफ्नी चक्रले काटिदिनु भएथ्यो । संह्लादकी स्त्री कृतिले पञ्चजन नाम गरेको छोरो उत्पन्न गरी ।।१४।। ह्लादकी स्त्री धमनीबाट वातापि र इल्वल यी दुई छोरा जन्मे । यै इल्वलले अगस्त्य ऋषि आफूकहाँ अतिथिरूपले आएको बेलामा छागरूपधारी वातापिलाई पकाएर उहाँलाई खान दिएथ्यो ।।१५।। अनुह्लादकी सूर्या नामकी स्त्रीको गर्भबाट बाष्कल र महिषासुरको जन्म भयो । प्रह्लादको विरोचन नाम गरेको छोरो थियो । यसकी (बिरोचनकी) पत्नी देवीको गर्भबाट दैत्यराज बलिको जन्म भयो ।।१६।। बलिकी स्त्रीको नाम अशना थियो, यसको गर्भबाट सय पुत्र जन्मे; यिनमा बाणासुर सबभन्दा जेठो थियो । बलिको प्रशंसनीय कीर्तिको वर्णन पछि (आठौं स्कन्धमा) गरिने छ ।।१७।। बलिको छोरो बाणासुर, शङ्कर भगवान्को आराधना गरेर उहाँका पार्षदहरूमा मुख्य हुनगयो । आज-

सम्म पनि भगवान् शङ्कर उसको शहरको रक्षा गर्नाको निम्ति उसको नजिकै रहनु हुन्छ ॥१८॥ उन्नचास मरुद्गण पनि यिनै दितिकै छोरा हुन् । यी सबै निःसन्तान थिए। यी सबैलाई इन्द्रले असुरबाट आफूसमानका देवता बनाइदिए ॥१९॥

राजा परीक्षित्‌ले सोधे—

हे गुरु! मरुद्गणले यस्तो कुन सत्कर्म गरेका थिए कि जसद्वारा आफ्नो स्वाभाविक असुरभाबलाई यिनीहरूले छाड्न सके र इन्द्रद्वारा देवत्वमा प्राप्त भए ॥२०॥ हे भगवन् ! मेरो साथ साथमा यहाँका यी सबै ऋषिहरू यो कुरा जान्नाको निम्ति अत्यन्त उत्सुक भैराखेका छन् । अतः कृपया विस्तारपूर्व्वक यो रहस्य हामीलाई सुनाइदिनोस् ॥२१॥

सूतजी भन्दछन्—

हे शौनकादि ऋषि हो ! राजा परीक्षित्‌ले बडो आदरसँग सोधेको यो प्रश्न थोरै शब्दमा भए तापनि बडो सार-गर्भित थियो, तसर्थ सर्वज्ञ व्यासपुत्र शुकदेव पनि बडो प्रसन्नतासाथ उनको प्रशंसा गरेर एकाग्रमनले यसरी भन्न लाग्नु भयो ॥२२॥

शुकदेवले भन्नुभयो—

इन्द्रको पक्षलिने विष्णु भगवान्‌को हातबाट आफ्ना दुवै छोरा हिरण्यकशिपु र हिरण्याक्षको बध भएको देख्ता दितिको हृदय शोकको आगोले जल्न लाग्यो । यै शोकले गर्दा उत्पन्न भएको रिसले सन्तप्त भएर ऊ बिचार गर्नलागी ॥२३॥ दुरात्मा इन्द्र केवल विषय सुखमा आसक्त छ, यसको हृदय बडो कठोर छ, त्यसमा दयाको नामसम्म पनि छैन । अहो ! आफ्नो भाइलाई मार्ने यो पापी, निर्दयी इन्द्रलाई मारेर मैले कहिले सुखसँग सुत्न पाउने हो ? ॥२४॥ राजा आदिगरिएको जुन शरीरलाई "प्रभो" भनेर बोलाउँछन् त्यो के हो र ? त्यो पनि ता मरेपछि गाडिएमा सडेर कीरा, पोलिएमा खरानी र पशुपक्षीले खाएमा बिष्ठा हुने हो । यस्तो तुच्छ शरीरको निम्ति पनि जो पुरुष अरू प्राणीसित द्रोह गर्दछ त्यसलाई आफ्नो वास्तबिक स्वार्थ औ परमार्थको बिल्कुलै पत्तो नभएको भन्नुपर्दछ। स्वार्थ-परमार्थको कुरा त कता छ कता, त्यसले अरू प्राणीसित द्रोह गरेकोले नरकमा पर्नु पर्ने छ ॥२५॥ आफ्नो शरीरलाई नित्य संझेकोले इन्द्रको चित्त उन्मत्त भैराखेकोछ । अब मैले इन्द्रको घमण्डलाई चूर चूर पार्ने छोरा आफूबाट उत्पन्न हुने उपाय अवश्य गर्नै पर्‍यो ॥२६॥

मनमा यस्तो बिचार गरेर दिति सेवा-टहल प्रेम-विनय औ इन्द्रियको संयमद्धारा आफ्ना पति कश्यपजीलाई प्रसन्न राख्न लागिन् ॥२७॥ हे राजन् ! पतिको मनको प्रत्येक भाव जान्ने दितिदेवी, परम भक्ति, मनलाई लठ्ठ पार्ने मीठो मीठो कुरा औ मन्द मुस्कान सहितको कटाक्षले कश्यपजीको मनलाई आफूतिर तान्न थालि हालिन् ॥२८॥ कश्यपजी विद्वान औ बिचारवान् भए तापनि चतुरी दितिको सेवाले मोहित भैहाले र उनको वशमा परेर तिम्रो इच्छा पूर्ण गर्दछु भनि स्वीकार पनि गरिहाले । स्त्रीमा आसक्त भएको पुरुषले यसो भन्नु ता कुनै आश्चर्य्यको कुरो होइन ॥२९॥ सृष्टिको प्रारम्भमा प्रजापति ब्रह्माले सबै जीवलाई सँगहीन भएको देख्ता आफ्नो आधा शरीरबाट स्त्रीजातिलाई

उत्पन्न गरे र स्त्रीहरूले पनि पुरुषहरूको बुद्धिलाई आफूतिर आकर्षित गरि हाले ॥३०॥ यस प्रकार-सँग आफ्नी पत्नी दितिले अत्यन्त सेवा गरेकोले भगवान् कश्यपले उनीमाथि अत्यन्त प्रसन्न भै उनको प्रशंसा गर्दै हाँसि-हाँसिकन भने ॥३१॥

कश्यपले भने —

ए सुन्दरी ! तिम्रो शरीर एवं चेष्टामा कुनै प्रकारको खोट छैन, तिमीदेखि म प्रसन्न छु, आफूलाई जुन कुराको इच्छा छ त्यो वर मसित ली हाल, पति प्रसन्न भएपछि यस लोक अथवा परलोकमा कुन यस्तो कुरा छ जो कि पत्नीलाई दुर्लभ होला ? ॥३१॥ पति नै स्त्रीका लागी परम पूजनीय देव हुन् भनि शास्त्रमा स्पष्टै सँग भनेको छ। सबै प्राणीको हृदयमा रहने लक्ष्मी-पति वासुदेव भगवान् नै नामरूपको विभिन्नताले भिन्न भिन्न देवताको रूप धारण गरी पुरुषहरूद्वारा एवं पतिको रूप धारण गरी स्त्रीहरूद्वारा पूजित हुनुहुन्छ ॥३३-३४॥ तसर्थ हे प्रिये ! आफ्नो कल्याणको चाहना गर्ने पतिव्रता स्त्रीहरू पति-लाई नै आत्मास्वरूप ईश्वर संझेर अनन्य प्रेम-भावले उनको सेवा गर्दछन् ।३५। हे कल्याणि ! तिमीले पनि आफ्नो पति मलाई यस्तै भावले अर्थात् ईश्वर मानेर पूजन गरेकी छौ, यसैले अब म पनि तिम्रो सबै अभिलाषा पूर्ण गरिदिन्छु। असतीहरूको जीवनमा यस्तो अबसर कहिले पनि आउन सक्तैन ।३६॥

दितिले भनिन् —

हे ब्रह्मन् ! प्रसन्न भएर वर दिन चाहनु हुन्छ भने मलाई एउटा अमर, इन्द्रको बध गर्ने छोरो बक्सियोस् । यस इन्द्रले मेरा दुई छोरा-लाई विष्णुको हातबाट मार्न लगाएर मलाई पुत्र-हीना गराइदिएको छ ॥२७॥

दितिका यी कुरा सुने पछि कश्यपजी खिन्न भएर पछुताउन लागे। उनले मनै मनमा विचार गरे— "आज मेरो अगाडि एउटा ठूलो अधर्म उपस्थित भैराखेको छ ॥ ३८ ॥ इन्द्रियहरूको बिषय-सुखमा आसक्त भएकोले आज स्त्री रूपीणी मायाले मेरो चित्तलाई आफ्नो बशमा गराइहाली आज दीन-हीन अवस्थामा पुगेको मैले अवश्यै नरकमा पर्नु पर्ने छ ॥ ३९ ॥ यस अवलाको ता के दोष छ र ? किन कि यसले ता आफ्नो स्त्री जातिकै स्वभावको अनुसरण गरेकी छ।इन्द्रियलाई आफ्नो वशमा राख्न नसक्ने तथा आफ्नो वास्त-विक स्वार्थ औ परमार्थ न संझने मेरो पो यो दोष हो। म मूढलाई धिक्कार छ ॥ ४० ॥ यी आईमाइ-हरूको मुख शरत्कालको फुलेको कमल जस्तो राम्रो औं बोली कानमा अमृतकी बर्षा गर्ने जस्ता हुन्छन् —तर यिनको हृदय छुराको धार जस्तो तीखो हुन्छ, साँच्चि हो, स्त्रीको चरित्रको कसैले पत्तो पाउन सक्तै न ॥४१॥ स्त्रीहरू आफ्नो स्वार्थ सिद्ध गर्ने अभिलाषाले आफूलाई आत्मीय जस्तो प्यारो देखाउँछन् तर वास्तवमा यिनीहरू कसैलाई पनि प्यारो गर्ने होइनन् आफ्नो मतलब पूरा गर्नु पर्ने अवसरमा यिनीहरू आफ्ना पति छोरा औ भाइसम्मलाई स्वयं मार्दछन् अरूद्वारा मार्न लगाउँछन् ॥४२॥ अतः अब यस विषयमा मैले यसो गर्न उचित छः "तिमीले मागेको वर दिन्छु" भनेर जो मैले प्रतिज्ञा गरेथें त्यो मेरा वचन मिथ्या हुन सक्तै न, उता इन्द्रको वध गर्नु पनि अनुचितै हो।

तसर्थ अब यस मौकामा यस्तो उपाम गर्दछु अर्थात् यसलाई वैष्णव ब्रतको उपदेश गर्दछु ॥ ४३ ॥ हे महाराज परीक्षित् ! मरिचिका छोरा कश्यपजीले यस प्रकारसँग मनै मनमा आफ्नो निन्दा गरेर दुवै कुरा ठिक्क हुने उपाय विचार गरे औ अलि रिसाएर तिनलाई भने ॥ ४४ ॥

कश्यपजीले भने—

हे कल्याणी ! मैले बताएको व्रतकौ तिमीले वर्षदिनसम्म विधिपूर्वक पालन गऱ्यौ भने तिम्रो गर्भबाट इन्द्रलाई मार्ने छोरो उत्पन्न हुने छ तर नियममा कुनै त्रुटि पर्न गयो भने ता त्यो देवताहरूको मित्र बन्ने छ ॥४५॥

दितिले भनिन् —तपाईंले भन्नु भएको व्रतको म पालन गर्ने छु, यस व्रतमा मैले केके गर्नु पर्दछ, केके गर्न हुन्न एवं कुन कुन काम गर्नाले व्रतभङ्ग हुदैन सो सबै कृपागरीं मलाई आज्ञा होस् ॥४६॥

कश्यपजीले भने—

यस व्रतको आचरण गर्नेले कुनै प्राणीलाई पनि मन, बाणी अथवा क्रियाद्वारा न सताओस् कसैलाई श्राप्र नदेओस्, भूठो नबोलोस् , नंगरौं नकाटोस् र कुनै अशुभबस्तुलाई न छोबोस् ।४७॥ जलमित्र पसेर स्नान न गरोस्, रिस नगरोस, दुर्जनसित कुरा नगरोस् न धोइकन बस्त्र न पहिरोस् अरूले लगाएको माला न लगाओस् ॥ ४८ ॥ जूठो, कमिलाहरूले दूषित गरेको र मासु मिसिएको अन्न न खाओस, शूद्रले ल्याएको र रजस्वला स्त्रीले हेरेको अन्न पनि ग्रहण नगरोस्, अंजुलिले जल पनि नपिओस् ॥४९॥ जूठो मुख लिएर, आचमन न गरिकन, संध्याको समयमा, केश फुकाएर, शृङ्गार न गरिकन बाणीको संयम नगरी पछ्यौरा न ओढेर बाहिर न निस्कोस् ॥ ५० ॥ खुट्टा न धोएर अपबित्र अवस्थामा, चीसो खुट्टा लिएर उत्तर या पश्चिमतिर सिन्हान गरेर, अरू संग नग्नावस्थामा अथवा ब्याहान बेलुकी सुत्न हुन्न।५१॥

यी निसिद्ध आचरणको त्याग गरी नित्यप्रति पवित्र भएर, पछारेको वस्त्र धारण गरी सबै सौभाग्य चिह्नले सिंगारिएर, ब्याहानको भोजन गर्ने अगाडि गाई, ब्राह्मण, लक्ष्मी औ भगवान् नारायणको पूजा गरोस् ॥ ५२ ॥ फेरि माला, गन्ध, नैवेद्य र आभूषणादिले सधुवा स्त्रीको पूजा र पतिको पूजा गरेर उनको सेवामा लागिराखोस् औ उहाँको तेज मेरो गर्भमा रहेको छ भन्ने भावना गरिरहोस् ॥५३॥ हे दिति ! तिमीले एक वर्षसम्म यो पुंसवन-व्रतको, बिना कुनै त्रुटिले पालन गर्न सक्यौ भने तिम्रो कोखबाट इन्द्रलाई मार्ने छोरा उत्पन्न हुनेछ ॥५४॥

हे राजन् ! दृढ निश्चय भएकी दितिले "यसै गर्ने छु" भनेर कश्यपजीको आज्ञा स्वीकार गरिन् र उहाँसितको सहवासले गर्भ धारण गरी, व्रतको दीक्षा लिएर सजिलैसँग नियमको पालना गर्न लागिन ॥५५॥

हे महाराज परीक्षित् ! आमाकी बहिनी दितिको अभिप्राय थाहा पाएपछि चतुरा देवराज इन्द्र वेष वदलेर दितिको आश्रममा आई उनको सेवा गर्न लागे ॥५६॥ उनी रोज रोजै ठीक ठीक वेलामा बनबाट फलफूल, कन्दमूल, समिधा, कुश, दुवो, पात, माटो औ जल ल्याएर दितिलाई दिन्थे ॥५७॥

हे राजन् ! जसरी व्याधाले मृगलाई मार्नाको निम्ति मृगको वेष धारण गर्दछ त्यसैगरी इन्द्र पनि कपट वेष धारण गरी व्रतको पालना गरेर रहेकी दितिको व्रत-भङ्ग पार्ने मौका पर्खेर उनको सेवा शुश्रूषा गर्नलागे ॥५८॥ हे पृथिवि-पते ! यसप्रकारसँग त्रुटि पार्ने मौका भेट्टाउनाको निम्ति सदा सर्वदा तत्पर भएर रहँदा पनि जब उनले मौका भेट्टाएनन् अनि ता कुन उपाय गरेर मेरो कल्याण होला भन्ने कुरामा उनलाई ठूलो चिन्ता पऱ्यो ॥५९॥

एक दिन विधाताको बिडम्बनाले मोहित भएर दिति, व्रतका नियमहरूको पालना गर्दा गर्दै ज्यादै दुब्ली भएकीले, सायंकालको समयमा उच्छिष्ठ अवस्थामा (जुठै मुखले) आचमन तथा खुट्टा न पखालिकन सुती दिइन् ॥६०॥ यो ता बेस मौका हात पऱ्यो भन्ने देखेर योगेश्वर इन्द्र, उत्निखेरै सुतिराखेकी दितिको गर्भमा आफ्नो योगबलले प्रवेश गरिहाले ।६१।। र त्यहाँ सुन जस्तो चहकिलो गर्भलाई आफ्नो वज्रले सात टुक्रा पारिदिए । जब त्यो गर्भ रुन लाग्यो अनि ता उनले "नरोऊ नरोऊ' भन्दै एक एक टुक्राको सात सात टुक्रा पारिदिए ॥६२॥ हे राजन् ! यस प्रकारसँग काटिएपछि ती सबैले हात जोरेर इन्द्रलाई भने— "हे इन्द्र ! हामीलाई किन मार्दछौ ? हामी मरुद्गण ता तिम्रै भाइ हौं" ॥६३॥ अनि इन्द्रले आफ्ना भावी, अनन्य-प्रेमी पार्षद मरुद्गणलाई भने— 'भै गो, तिमी-हरू मेरै भाइ हौ भने नडराऊ ॥६४। हे राजन् ! जसरी अश्वत्थामाको ब्रह्मास्त्रले तिम्रो केही अनिष्ट भएनथ्यो, त्यसैगरी श्री-निवास हरिको

कृपाले दितिको त्यो गर्भ वज्रद्वारा टुक्रा टुक्रा भए तापनि नाश भएन ॥६५॥ यसमा अलिकता पनि आश्चर्यको कुरो छैन, किन कि जो मानिस केवल एक चोटि आदि पुरुष भगवान् नारा-यणको आराधना गर्दछ त्यसले समेत ता उहाँको समानता अर्थात् सायुज्य मोक्ष भेट्तछ भने दितिले ता केही दिन कम एक वर्षसम्म भग-वान्को आराधना गरेकी थिइन् ॥६६॥

यी उन्नचास मरुद्गण पनि मातृदोष (आसुरी भाव) लाई त्यागेर इन्द्रसहित पचास हुन गए । भगवान् इन्द्रले पनि यिनीहरूलाई सोमपान गर्ने देवता बनाइदिए ।।६७।। निद्राबाट ब्युँझेर हेर्दा ता दितिले अग्निसमानका तेजस्वी आफ्ना उन्न-चास बालकलाई इन्द्रसँग बसिराखेको देखिन् । यो देख्ता उत्तम आचरण भएकी देवी दितिलाई बडो प्रसन्नता भयो ।।६८।। अनि इन्द्रलाई सम्बो-धन गरेर उनले भनिन्— 'ए नानी ! म ता अदितिका छोराहरूलाई भयभीत गराउने छोरा उत्पन्न होस् भन्ने इच्छाले यो कठिन व्रतको पालना गरिरहेकी थिएँ ।।६९।। मैले ता केवल एउटै छोरोको निम्ति सङ्कल्प गरेकी हूँ, फेरि यी उनञ्चास छोरा किन औ कसरी जन्मे ? ए छोरा ! यो रहस्य तिमीलाई थाहा छ भने साँचो कुरो भन, झूठो ता न बोल है" ।।७०।।

इन्द्रले भने—

हे माता ! कुन उद्देश्यले तपाईं व्रत गर्न लाग्नु भएको छ भन्ने कुरा थाहा पाएकोले म आफ्नो स्वार्थसिद्ध गर्ने मनसायले तपाईं कहाँ आएर रहन लागें, ममा अलिकता पनि धर्मको विचार थिएन त्यसै कारण मौका पाउनासाथ

तपाईंको गर्भलाई टुक्रा टुक्रा पारिदिएँ ॥ ७१ ॥ मैले पहिले सात टुक्रा गर्दा ती सात बालक बन गए, फेरि मैले तीमध्ये प्रत्येकलाई सात सात टुक्रा पारें, तैपनि तिनीहरू मरेनन्, बरू उनचास बालक हुन गए ॥ ७२ ॥ यो परम आश्चर्यको घटना देख्ता परम पुरुष भगवान्को आराधनाको यो कुनै स्वाभाविक सिद्धि हो भन्ने निश्चय गरें ॥ ७३ ॥ जो निष्काम भावले भगवान्को आराधना गर्दछन् र अरू त के कुरा मोक्षको समेत इच्छा गर्दैनन् तिनीहरूलाई नै आफ्नो स्वार्थ औ परमार्थमा निपुण भन्नु पर्दछ ॥७४॥ अतः आफ्नो आत्मा तथा आत्मस्वरूपको ज्ञान गराउने श्री जगदीश्वरको आराधना गरेर कुनै बुद्धिमान् पुरुषले उहाँसित विषयभोगको वरदान कसरी माग्न सक्ला ? यी विषय-भोग ता नरकमा समेत भेटिन सक्तछन् ॥७५॥ हे माताजी ! तपाईं सबै तरहबाट मैले मान्नु पर्ने हुनुहुन्छ । म मूर्खले तपाईंको साथमा बडो दुष्टताको काम गरें । मेरो यस अपराधलाई क्षमा गर्नोस् । तपाईंको गर्भ टुक्रा टुक्रा भै एक प्रकारले मरेर फेरि जीवित हुनु ठूलो सौभाग्यको कुरो हो ॥७६॥

शुकदेवजी भन्नुहुन्छ—

यसपछि इन्द्रको शुद्धभावले दिति सन्तुष्ट भइन्। उनको आज्ञा पाएपछि देवराज इन्द्रले उनलाई प्रणाम गरी मरुद्गणलाई साथमा लिएर देवलोकतिर प्रस्थान गरे ॥७७॥ हे राजन् ! यस प्रकारसँग तिम्रो प्रश्नको अनुसार मैले मरुद्गणको मंगलमय जन्मको सारा वृत्तान्त तिमीलाई सुनाइदिएँ। अबलाई अरू के वर्णन गरूँ ॥७८॥

अध्याय—१९

दितिले गरेको पुंसवन-व्रतको विस्तृत वर्णन ।

राजा परीक्षित्ले सोधे—

हे ब्रह्मन् ! जसद्वारा विष्णु भगवान् प्रसन्न हुनुहुन्छ त्यो तपाईंले भर्खर वर्णन गर्नु भएको पुंसवन-व्रतको विधि सुन्ने मेरो इच्छा छ॥१॥

शुकदेवले भन्नुभयो—

मार्ग महीनाको शुक्लपक्षको प्रतिपदाको दिनदेखि स्त्रीले आफ्नो स्वामीको आज्ञा लिएर सम्पूर्ण कामनालाई, सिद्ध गर्ने यो पुंसवनव्रत थाल्नु पर्दछ ॥ २ ॥ पहिले मरुद्गणको जन्मको कथा सुनोस् र त्यस पछि ब्राह्मणहरूको अनुमति लिएर प्रतिदिन ब्याहानै दतिउनले दाँत साफ गरिसकेपछि स्नान गरोस् अनि दोटा सेतो बस्त्र औ गहनाहरू पहिरोस् र ब्याहानको भोजन गर्ने अगाडि लक्ष्मी-नारायणको पूजा गरेर यस प्रकारसंग प्रार्थना गरोस् ॥३॥ " हे पूर्णकाम ! सदा सर्वदा तपाईंलाई सबै थोक प्राप्त छ अतएव कसैसित कुनै कुरा लिनु पर्ने आवश्यकता पर्दैन तपाईं निरपेक्ष हुनुहुन्छ । सारा विभूतिहरूका स्वामी, सकल सिद्धिस्वरुप तपाईंलाई नमस्कार छ ॥४॥ हे ईश ! तपाईंमा दया, धैर्य, तेज सामर्थ्य महिमा, वीर्य आदि सबै गुण यथोचितरूपले वर्तमान छन् । यसैकारणले तपाईंलाई भगवान् भन्दछन् " ॥ ५ ॥ यस प्रकारसँग नारायणको प्रार्थना गरिसकेपछि लक्ष्मीको वसरी स्तुति

गरोस् - "हे विष्णु-भगवान्‌की अर्द्धाङ्गिनी ! हे, महामायास्वरूपिणी माता लक्ष्मीजी ! तपाईंमा महापुरुष नारायणका सबै गुण रहेका छन् । हे महाभागे ! मेरा उपर प्रसन्न हुनुहोस् । हे जगदम्बे ! तपाईंलाई नमस्कार छ" ।।६।।

यस प्रकारसग स्तुति गरिसके पछि एकाग्र चित्तले ॐ नमो भगवते महापुरुषाय महानुभावाय महाविभूतिपतये सह महाविभूतिभि र्बलि उपहराणि (ॐकारस्वरुप, महानुभाव, समस्त महाविभूतिहरूका स्वामी भगवान् पुरुषोत्तमलाई र उहाँका समस्त महाँबिभूतिहरूलाई नमस्कार छ) यस मन्त्रद्वारा रोज रोजै आवाहन, पाद्य, आचमन, स्नान वस्त्र, यज्ञोपवीत, आभूषण, गन्ध, पुष्प धूप, दीप, नैवेद्य आदि षोडसोपचारद्वारा विष्णु भगवान्‌को पूजा गरोस् र बाँकि रहेको नैवेद्यले महान् ऐश्वर्यका स्वामी भगवान् पुरुषोत्तमलाई नमस्कार छ, उहीकै निमित्त म यो हविष्यको हवन गरिरहेको छु—यो मन्त्र भनेर बाह्र बाजि अग्निमा आहुति देओस् ।।७-८।।

सब प्रकारका सम्पत्तिहरूको इच्छा हुनेले प्रतिदिन भक्तिभावसँग सम्पूर्ण कामनालाई पूर्ण गर्ने एवं वरदायक लक्ष्मी र नारायणको पूजा गरोस् ।।९।। र अनि भक्तिभावले भरिएको ठूलो नम्रतासँग पृथ्वीमा लम्पसार परी दण्डवत् प्रणाम गरोस् र दस बाजि माथि कहिएको मन्त्रको जप गरी यस स्तोत्रको पाठ गरोस ।।१०।।

हे लक्ष्मी-नारायण ! तपाईं दुवै सर्व व्यापक औ सम्पूर्ण चराचर जगत्‌को कारण हुनुहुन्छ । यी लक्ष्मी तपाईंको मायाशक्तिरूप सूक्ष्म प्रकृति हुन् । यिनको पार पाउन अत्यन्त गाह्रो छ ।।११।। हे प्रभो ! तपाईं नै यी महामायाका अधीश्वर औ साक्षात् परम-पुरुष हुनुहुन्छ; तपाईं सम्पूर्ण यज्ञ र यी इज्या (यज्ञक्रिया) हुन् । तपाईं फलका भोक्ता र यिनी त्यसलाई उत्पन्न गर्ने क्रिया हुन् ।।१२।। यी देबी लक्ष्मी तीनै गुणकी प्रकाश औ तपाईं गुणका प्रकाशक एव उनका भोक्ता हुनुहुन्छ । तपाईं समस्त प्राँणीहरूको आत्मा तथा लक्ष्मी शरीर, इन्द्रिय औ अन्तःकरण हुन् । माता लक्ष्मी नाम तथा रूप हुन्; तपाईं नाम-रूप दुवैका प्रकाशक तथा आधार हुनुहुन्छ। हे पवित्र कीर्ते ! तपाईं दुबै, त्रिलोकीलाई वर दिने परमेश्वर हुनुहुन्छ । अतः मेरा सबै ठूला ठूला अभिलाषा तपाईंको कृपाले पूर्ण होउन्" ।।१४।।

यसप्रकारले वरदिने लक्ष्मीसहितका लक्ष्मीपतिको स्तुति गरेर त्यहाँबाट अर्पण गरेको नैवेद्य पन्छाइ देवोस् र आचमन गरेर भगबान्‌को पूजा गरोस् ।।१५।। तदनन्तर भक्तिभावले परिपूर्ण भएको हृदयले भगवान्‌को स्तुति गरोस् र यज्ञशेषलाई सूँघेर फेरि भगबान्‌को पूजा गरोस् ।।१६।। भगवान्‌को पूजा गरिसकेपछि आफ्नो पतिलाई साक्षात् भगवान् संझेर उनलाई निकोलाग्ने वस्तुहरू उनको सेवामा उपस्थित गरोस् । पत्नीलाई निकोलाग्ने पदार्थहरू ल्याएर उसलाई दिने र साना ठूला सब प्रकारका काम आन्तरिक प्रेमले ऊद्वारा गराउनु पतिको कर्तव्य हो ।।१७।। पति-पत्नीमध्ये जसले जे काम गर्दछ त्यसले दुवैलाई फल दिन्छ तसर्थ पत्नी यो व्रतलाई पूर्ण गर्न रजोधर्म आदि कारणले अयोग्य भै भने पतिले नै एकाग्रचित्तले यसको अनुष्ठान गर्नु

पर्दछ ॥१८॥ किन कि यो वैष्णव-व्रतको दीक्षा लिएपछि बीचमा कहिले पनि अधूरो छोड्नु हुँदैन । यो नियम ग्रहण गर्नेले विष्णु भगवान्को पूजा गरिसकेपछि रोज रोजै माला, चंदन, नैवेद्य ओ आभूषणले ब्राह्मण औ सधुवा स्त्रीको पूजन गरोस् ।१९॥ यसपछि भगवान्को परमधाम सवारी भएको भावनाले, विसर्जन गरोस् र अनि आत्मशुद्धि एवं समस्त अभिलाषाको पूर्तिको निम्ति पहिले भगवान्लाई समर्पण गरेको वस्तु-मध्ये केही केही प्रसाद ग्रहण गरोस् । ॥२०॥

साध्वी स्त्रीले यो विधिसँग बाह्र महीनासम्म यस व्रतको आचरण गरी कार्तिक महीनाको आखिरी दिनमा उद्यापन सम्बन्धी उपवास र पूजा गरोस्, त्यस दिन प्रातः कालमा नै स्नान गरी सधैं भैं विष्णुभगवानको पूजा गरोस् ॥२१॥ उसको पतिले पाक-विधि अनुसार घिउमा मुछेर दूधमा पकाएको खीरको बाह्र बाजि अग्निमा आहुति देवोस् ॥२२॥ यसपछि ब्राह्मणहरूले प्रसन्न भएर दिएको आशीर्वादलाई आदरपूर्वक टाउको निहुराएर स्वीकार गरोस् र भक्ति-भावसँग उनीहरूको पाउमा टाउको राखेर दण्डवत् गरोस, तदनन्तर उनीहरूको आज्ञा लिएर भोजन गरोस् ।।२३॥ यसपछि आचार्यलाई अगाडि लगाएर मौन धारण गरी बन्धु-बान्धवको साथमा पत्नीको नजीक गएर चरूको शेष भाग उसलाई खान देवोस् । यो प्रसाद स्त्रीलाई सत्पुत्र औ सौभाग्य दिने हुन्छ ॥२४॥

हे महाराज परीक्षित् ! विष्णु भगवान्को यो पुंसवन- व्रतको विधिपूर्वक आचरण गर्ने पुरुषले आफूले इच्छा गरेको सम्पूर्ण वस्तु पाउँदछ तथा स्त्रीलाई यसको अनुष्ठान गर्नाले सौभाग्य, सम्पति, सन्तान, अवैधव्य, यश औ घर आदिको प्राप्ति हुन्छ ॥२५॥ यस व्रतको अनुष्ठान गर्ने कन्याले सम्पूर्ण शुभलक्षणले युक्त-भएको पति पाउँद छे र विधवाले यस व्रतले निष्पाप भै सद्गति पाउँद छे । जसका छोरो जन्मेर मर्दै जान्छन् त्यस स्त्रीले यसको प्रभावले चिरायु छोरा जन्माउँ छे, धनवती तर अभागिनी स्त्रीलाई सौभाग्य एवं कुरूपा स्त्रीले सुन्दर रूप पाउँछे ॥२६॥ कुनै रोगी पुरुषले यसको आचरण गर्‍यो भने रोग-मुक्त भै खूब वेस इन्द्रियशक्तिले युक्तभएको बलियो शरीरवाला मानिस हुन्छ । यज्ञ श्राद्धादिको समयमा यसको पाठ गर्नाले देवता औ पितृहरूलाई अत्यन्त तृप्ति हुन्छ ॥२७॥ र यिनीहरू सन्तुष्ट भएर सम्पूर्ण अभिलाषा पूर्ण गरिदिन्छन्, यसैगरी होमको अन्तमा, हवन गरिएको सामग्रीलाई अग्निद्वारा ग्रहण गर्ने श्री लक्ष्मी नारायण पनि प्रसन्न भएर सबै मनोरथ पूर्ण गरिदिनु हुन्छ। हे राजन् ! मैले तिमीलाई मरुद्गणको पुण्यप्रद एवं आदरणीय जन्मकथा र यसको साथसाथै दितिको पुंसवन नामक महा-व्रतको विवरण पनि सुनाई दिएँ ॥२८॥

षष्ठस्कन्धः समाप्तः

नेपाली भाषामा

श्रीमद्भागवत-महापुराण

को

सप्तमस्कन्ध

अनुवादक

पं. वासुदेव भट्टराई

नेपाली भाषाप्रकाशिनी समितिद्वारा प्रकाशित

२०१७

श्रीमद्भागवत-भाषा

सप्तमस्कन्ध

अध्याय–१

नारद–युधिष्ठिरको सम्वाद; सनकादिहरूको श्रापले गर्दा जय–विजयले दैत्ययोनिमा जन्म पाएको कथा ।

राजा परीक्षित्‌ले सोधे—

हे ब्रह्मन्! भगवान् सर्वत्र समदर्शी औ समस्त प्राणीका प्यारो सुहृद हुनुहुन्छ, यस्तो हुँदा हुँदै पनि किन उहाँले भेद-बुद्धि भएको साधारण पुरुष झैं इन्द्रको पक्ष लिएर दैत्यहरूको वध गर्नुभयो ॥ १ ॥ आफू साक्षात् परमानन्दस्वरूप भएकोले उहाँलाई देवताहरूसित केही प्रयोजन थिएन तथा निर्गुण हुनाले दैत्यहरूसित कुनै प्रकारको बैर-विरोध छैन, डरभयो होला भन्ने कुरा त असम्भवछ ।।२।। भगवत्प्रेमको सौभाग्यले सम्पन्न हुनु भएको हे महात्मन्! हाम्रो चित्तमा भगवानको सत्वादि गुणको बारेमा बडो सन्देह भै राखेको छ, कृपया यस सन्देहलाई दूर गरिदिनोस् ।।३।।

शुकदेवजीले भन्नुभयो—

हे महाराज परीक्षित्! भगवानको अद्‌भुत चरित्रको सम्बन्धमा तिमीले यो बडो राम्रो प्रश्न गर्‍यौ, किन कि यस्ता प्रसङ्ग प्रह्लाद आदि भक्तहरूको महिमाले पूर्ण हुन्छ, जसलाई श्रवण गर्नाले भगवान्प्रतिको भक्ति बढेर आउँछ ।।४।। यो परम पवित्र प्रह्लादको चरित्रलाई नारदादि मुनिहरूसमेत बडो प्रेमसँग गाइरहन्छन्। अब म पनि आफ्ना पिता मुनिवर श्रीकृष्णद्वैपायनलाई नमस्कार गरेर भगवान्‌को यो लीला वर्णन गर्दछु ।।५।।

वास्तवमा भगवान् निर्गुण औ प्रकृतिदेखि विभिन्न हुनुहुन्छ अतएव उहाँमा रागद्वेष हुने कुनै कारण छैन; अजन्मा औ अव्यक्त अर्थात् शरीरादिरहित हुनुहुन्छ तापनि आफ्नो मायाको गुणलाई स्वीकार गरी बाध्य–बाधक–भाव अर्थात् मर्ने मार्ने दुवै परस्पर विरोधीरूपलाई ग्रहण गर्नुहुन्छ ॥६॥ सत्वगुण–रजोगुण–तमोगुण यी तीनै मायाका गुण हुन्, परमात्माका ता होइनन्, हे राजन्! यी तीनै गुण पनि एकैचोटि घटने–बढने हुन्नन् ॥७॥ यसै कारणले भगवान् मौका मौकामा समयानुसार गुणलाई स्वीकार गर्नुहुन्छ । सत्वगुणको प्रधानताको समयमा देवता औ ऋषिहरूको शरीरमा प्रवेश गरेर उनीहरूको

अभ्युदय गर्नुहुन्छ; त्यसैगरी रजोगुणको बृद्धिको समयमा असुरहरूको र तमोगुणको प्रधानता भएमा यक्ष औ राक्षसादिको शरीरमा प्रविष्ट भै उनीहरूको बृद्धि गर्नुहुन्छ ॥८॥ जस्तै व्यापक अग्नि काष्ठादि पदार्थमा अनेकरूपले प्रकाशित हुन्छ त्यसैगरी परमात्मा पनि अनेक शरीरमा अनेक रूपले प्रकाशित हुनुहुन्छ, शरीरदेखि विभिन्नता देखिनु हुन्न । जसरी काष्ठादि भिन्न भिन्न आश्रयलिएको अग्नि मन्थनद्वारा प्रकट हुन्छ त्यसैगरी बिचारशील पुरुष हृदय-मन्थन गरेर अर्थात् उहाँ बाहेक सबै वस्तुको बाध गर्दा गर्दा अन्ततः आफ्नै हृदयमा उहाँलाई अन्तर्यामीरूपले प्राप्त गर्दछ ॥९॥ जब परमेश्वरलाई नाना प्रकारका शरीरको रचना गर्ने इच्छा हुन्छ तब उहाँ आफ्नो मायाले रजोगुणको बेग्लै सृष्टि गर्नुहुन्छ, उहाँलाई जब विचित्र योनिमा रमण गर्ने इच्छा हुन्छ त्यसबेला सत्वगुणको सृष्टि गर्नुहुन्छ, एवं जब उहाँलाई शयन गर्ने अर्थात् यी शरीरहरूको संहार गर्ने इच्छा हुन्छ त्यसवेला तमोगुणलाई बढाइ दिनुहुन्छ ॥१०॥ हे राजन् ! प्रकृति र पुरुषलाई निमित्त बनाएर भगवान्ले जो गर्नुहुन्छ त्यो अमोघ छ । उहाँले नै जगत्को उत्पत्तिको निमित्त प्रकृति र पुरुषको सहायक तथा आश्रय, कालको सृष्टि गर्नुहुन्छ; तसर्थ उहाँ कालको अधीन होइन कि काल नै उहाँको अधीनमा छ । जब समयको फेरले अर्थात् समर्थ कालको प्रेरणाले सत्वगुणको बृद्धि हुन्छ त्यसबेला देवताहरूका प्यारा परमयशस्वी परमात्मा पनि सत्वगुण प्रधान देवताहरूको बलको वृद्धि र यिनका विरोधी रजोगुणी एवं तमोगुणी असुरहरूको संहार गर्न लागेको जस्तो देखिनु हुन्छ ॥११॥

हे राजन् ! उहिले अजातशत्रु युधिष्ठिरले राजसूय-यज्ञको समयमा यै सम्बन्धले एउटा प्रश्न गर्दा देवर्षि नारदले सन्तुष्ट भएर बडो प्रेमसँग एउटा इतिहास सुनाएथे ॥ १२ ॥ त्यस महान राजसूय यज्ञमा चेदिराज शिशुपालको वासुदेव भगवान्मा सायुज्य मुक्ति प्राप्त भएको अति अद्भुत घटना देख्ता राजा युधिष्ठिरले बडो आश्चर्य्य मानेर, त्यहाँ यज्ञशालामा बसेका देवर्षि नारदलाई समस्त मुनिहरूले सुन्नेगरी यस प्रकारसँग सोधेथे ॥१३-१४॥

युधिष्ठिरले सोधे—

परमतत्त्व भगवान वासुदेवमा लीन हुनु ता उहाँका ठूला ठूला अनन्य भक्तलाई समेत दुर्लभ छ भने, उहाँसित द्वेष गर्ने शिशुपालले यो गति कसरी पायो—अहो ! यो ता बडो आश्चर्यको कुरो हो ।।१५॥ हे मुनिवर ! पूवकालमा भगवान्को निन्दा गरेकोले ब्राह्मणहरूले वेन राजालाई नरकमा खसालिदिएथे, यो शिशुपालले भने मुक्ति पायो । हामी सबै यसको रहस्य जान्न चाहन्छौ ॥१६॥ यो दमघोषको छोरो महापापी शिशुपाल र दुर्बुद्धि दन्तवक्र यी दुवै ता तोते बोली बोल्न लागेको वेलादेखि अहिले सम्म भगवान्सित द्वेष नै गरि आएका हुन् ॥१७॥ यिनीहरूले अविनाशी परब्रह्म श्री कृष्णलाई निरन्तर कटुवाक्य भन्दा पनि न यिनीहरूको जिभ्रोमा कुष्ट भयो, न यिनीहरूले घोर अन्धकारमय नरकमा पर्नु पर्‍यो ॥१८॥ जुन भगवान्मा लीन हुनु अत्यन्त गाह्रो छ, तिनै भगवान्मा यस्ता भगवन् द्रोही भए तापनि यी दुवै सबैले हेर्दा

हेर्दैमा सजिलै सित लीन हुन गए—यसको के कारण हो ? ॥१९॥ हावाको झोक्काले बत्तीको ज्वाला चञ्चल भए झैं मेरो बुद्धि यस बिषयमा अस्थिर भै राखेको छ । हे भगवन् ! यो अद्भुत घटनाको रहस्य हामीलाई बुझाइ-दिनोस् ॥२०॥

शुकदेवजी भन्नुहुन्छ—

देवर्षि भगवान् नारद, युधिष्ठिरको यो कुरा सुन्दा बडो सन्तुष्ट भएर, उनलाई सम्बोधन गरी, सभामा सबैले सुन्ने गरी यो कथा भन्न-लागे ॥२१॥

नारदले भने—

हे महाराज युधिष्ठिर ! प्रकृति र पुरुषको ठीक ठीक विवेक नहुनाले नै निन्दा, स्तुति, सत्कार, तिरस्कार, यी सबैको अनुभव गर्नाको निम्तिमा नै यो शरीरको रचना भएको हो ॥२२॥ हे राजन् ! यस शरीरलाई नै आफ्नो आत्मा मान्नाले जीवमा " यो म हूँ, यो मेरो हो " भन्ने भाव हुन्छ । यै सारा भेद-भावको मूल कारण हो औ यसैले गर्दा ताडना को निन्दाको दुःखको अनु भव हुन्छ ॥२३॥ जुन शरीरमा "म हूँ" भन्ने अभिमान हुन्छ त्यस शरीरको वधले प्राणीलाई आफ्नो बध भए जस्तो मालूम हुन्छ । तर भगवान्मा ता जीवमा हुने यो जस्तो अभिमान छदैछैन, कारण उहाँ ता सर्वात्मा हुनुहुन्छ, उहाँ बाहेक अरू कोही छदै छैन । अरूलाई उहाँले दिएको दण्ड ता उनीहरूकै कल्याणको निम्ति हो रिस अथवा द्वेषले ता होइन तसर्थ भगवान्को सम्बन्धमा हिंसाको कल्पना कसरी हुन सक्छ ? ॥२४॥ अतएव अत्यन्त शत्रुताले, बैरहीन भक्तिभावले तथा भय, स्नेह अथवा कामनाले जुन सुकै, उपायले भए पनि भगवान्मा आफ्नो मन यस प्रकारसग लगाइदिनु पर्दछ कि उहाँ देखि पृथक् अरू केही नदेखियोस् ॥२५॥ मानिस वैरभावले भगवान्मा जत्तिको तन्मय हुन्छ त्यत्तिको ता भक्तियोगले पनि हुन्न भन्ने मेरो निश्चित विचार छ ॥२६॥ एक थरिको किरा हुन्छ जसलाई भ्रमराले ल्याएर भित्तामा आफ्नो प्वालभित्र थुनिदिन्छ औ यो किरा भय तथा द्वेषले भ्रमराको चिन्तन गर्दा गर्दा आखिरमा भ्रमरै हुन जान्छ ॥२७॥ यस्तै किसिमले शिशुपाल र दन्तवक्त्र, लीलाद्वारा मानिस जस्ता देखिने सर्वशक्तिमान् भगवान् कृष्णमा वैरभाव गरी निरन्तर उहींको चिन्तन गर्नाले, निष्पाप भएर उहाँमा लीन हुन गए ॥२८॥ भक्तले भक्तिले झैं, अनेक जना काम, द्वेष, भय, स्नेह आदि उपायले भगवान्मा चित्त लगाएकोले आफ्नो सारा कामादिकृत पाप पखालेर उहाँमा सायुज्य प्राप्त गरिसकेका छन् ॥२९॥ हे राजन् ! गोपिनीहरूले कामले अर्थात् प्रेमले, कंशले भयले, शिशुपाल दन्तवक्त्रादि राजाहरूले द्वेषले, यदुवंशीहरूले परिवारिक सम्बन्धले, तपाईंहरूले स्नेहले र हामी मुनिहरूले भक्तिले आफ्नो मन भगवान्मा लगाएका छौं ॥३०॥ तर वेनको ता माथि कहिएका पाँच प्रकारका भगवान्को चिन्तन गर्नेहरूमध्ये कसैमा पनि गणना हुन्न, किन कि उसले कुनै प्रकारले पनि भगवान्मा मन लगाएन, यसै कारण उसको यो दुर्गति भयो तसर्थ कुनै न कुनै उपायले कृष्ण भगवान्मा आफ्नो मन तन्मय गरिदिनु पर्दछ ॥३१॥ हे महाराज युधिष्ठिर !

तिम्री सानी आमाको छोरा शिशुपाल र दन्तवक्त्र, विष्णुभगवान्का मुख्य पार्षद थिए। ब्राह्मणको श्रापले गर्दा यी दुवैले आफ्नो पदबाट च्युत हुनुपरेको थियो ॥३२॥

राजा युधिष्ठिरले सोधे--

भगवान्का पार्षदहरू माथि समेत आक्रमण गर्ने यो श्राप कस्तो थियो औ कसले दिएको हो? । भगवान्का अनन्य प्रेमीहरूले फेरि जन्म मृत्युमय संसारमा पर्नु ता अलि विश्वासको अयोग्य कुरा जस्तो देखिन्छ ॥३३॥ बैकुण्ठमा बस्नेहरूको ता प्राकृत शरीर, इन्द्रिय औ प्राणसित सम्बन्ध हुँदैन। यस्ताको प्राकृत शरीरसित कसरी सम्बन्ध हुन गयो —यो कुरा हामीलाई सुनाउनोस् ॥३४॥

नारदले भने—

एक दिन ब्रह्माका छोरा सनन्दनादि ऋषिहरू तीनै लोकमा इच्छानुसार घुम्दा घुम्दै विष्णु-लोकमा पुगे ॥३५॥ यिनीहरू सबभन्दा पहिले उत्पन्न भएका मरीचि आदि ऋषिहरू भन्दा पनि जेठा थिए तर हेर्दा पाँच छ वर्षका बालक जस्ता देखिन्थे औ लुगा पनि कहिले लाउन्न थे। उनीहरूलाई साधारण बालक संझेर दुवै द्वार-पालले भित्र पस्न दिएनन् ॥३६॥ यसो हुँदा उनीहरूले रिसाए जस्तो भएर ती द्वारपालहरू-लाई यस्तो श्राप दिए— 'ए मूर्ख हो ! तिमीहरू दुवै रजोगुण औ तमोगुणले रहित भएको यी मधुसूदन भगबान्को चरणकमलको नजीक अर्थात् उहाँको धाममा बस्ने योग्य छैनौं अतः झट्टै यस स्थानबाट भ्रष्ट भएर पापमयी असुर योनिमा जन्मो हाल " ॥३७॥ यस प्रकारसँग श्राप दिना-साथ जब ती दुवै द्वारपाल आफ्नो स्थानबाट तल खस्न लागेथे त्यस वेला ती कृपालु ऋषिहरूले दया गरेर फेरि भने—" भै गो, तीन जन्ममा यो श्राप भोगिसकेपछि फेरि यै वैकुण्ठमा प्राप्त भए " ॥३८॥

उनै दुई दितिका छोरा भए—जेठोको नाम हिरण्यकशिपु र कान्छोको नाम हिरण्वाक्ष थियो दैत्य दानव बंशमा यी दुवै सर्व-श्रेष्ठ थिए ॥३९॥ विष्णु भगवान्ले नृसिंहको रूप धारण गरेर हिरण्यकशिपुलाई र पृथ्वीको उद्धार गर्ने समयमा बराह अबतार लिएर हिरण्याक्षलाई मार्नु भयो ॥४०॥ हिरण्यकशिपुले, आफ्नो छोरा प्रह्लाद भगवत्प्रेमी भएकोले, उनलाई मार्ने इच्छाले मृत्युको मुखमा पार्न अनेक यातना दियो ॥४१॥ तर प्रह्लाद ता भगवान्को ध्यान गर्नाले सम्पूर्ण प्राणीलाई आत्मस्वरुप देख्तथे अतएव शान्त औ समदर्शी भै सकेका थिए; भगवान्को तेजले उनको रक्षा गरिरहेको थियो तसर्थ अनेक चेष्टा गर्दा पनि हिरण्यकशिपुले उनलाई मार्न सकेन ॥४२॥

यसपछि ती दुवै विश्रबा मुनिद्वारा केशिनीको गर्भबाट राक्षसको रुपमा रावण औ कुम्भकर्ण भएर जन्मे। यिनीहरूको उत्पातले समस्त लोक पीडित भै राखेको थियो ॥४३॥ त्यस जन्ममा पनि उनीहरूलाई श्रापबाट मुक्त गर्नाको निम्ति भगवान्ले रामावतार लिएर उनीहरूलाई मार्नु भयो । हे राजन् ! मार्कण्डेय मुनिको मुखबाट तिमी रामचन्द्रको चरित्र सुन्ने छौं ॥४४॥ उनै जय-बिजय यस जन्ममा तिम्री सानी आमाका छोरा शिशुपाल र दन्तबक्त्रको रूपमा क्षत्रिय कुलमा उत्पन्न भएका थिए। अहिले भगवान

श्रीकृष्णको चक्रको स्पर्शले गर्दा उनका सारा पाप नष्ट हुनगएकोले सनकादिहरूको श्रापबाट मुक्त भए ।।४५।। ती दुवै विष्णुका पार्षदहरू वैरभावले गर्दा निरन्तर कृष्णभगवान्‌का चिन्तन गरिरहन्थे । यै सुदृढ ध्यानले गर्दा उनीहरू भगवान्‌मा लीन भएर फेरि उहाँको पार्षद भै उहाँकै समीप गएका छन् ।।४६।।

युधिष्ठिरले सोधे—

हे भगवन् ! हिरण्यकशिपुले आफ्नो प्यारो छोरो महात्मा प्रह्लादसित किन द्वेष गऱ्यो ? असुर-कुलमा जन्मेको भए तापनि कुन साधनले प्रह्लादको श्रीकृष्णमा एकाग्र भक्ति हुन गयो— यो सब कुरा हामीलाई भन्ने कृपा गर्नोस् ।।४७।।

— —

अध्याय—२

हिरण्यकशिपु आफ्ना दानवहरूलाई प्रजालाई पीडित गर्ने आज्ञा दिन्छ र हिरन्याक्षको वध भएपछि पुत्र-शोकले विह्वल भएकी आमा दिति तथा अरू कुटुम्बी-लाई सान्त्वना दिन्छ ।

नारदले भने—

हे महाराज युधिष्ठिर ! देवताहरूको कल्याणको निम्ति भगवानले वराह अवतार लिएर हिरण्याक्षलाई मरेपछि ता, भाइको मृत्युले गर्दा उसको दाजु हिरण्यकशिपु रिस र शोकले अत्यन्त व्याकुल भयो ।।१।। रिसले थर् थर् काम्दै दाँतले बारम्बार ओठ टोक्न लाग्यो । क्रोधाग्निले प्रज्वलित भएका दुवै नेत्रका धूँवाले गर्दा खैरो भएकी आकाशतिर हेरेर त्यसले भन्यो ।।२।। यस बेलाको भीषण दाह्रा, उग्रदृष्टि एवं बाँगिएको आँखीभूइँले गर्दा उसको मुख हेर्न नसकिने भएको थियो । यस्तो अवस्थामा उसले सभाको बीचमा त्रिशूल उचालेर दानवहरूलाई भन्यो ।।३।। “ए द्विमुर्द्धा, त्र्यक्ष, शम्बर, शतबाहू हयग्रीव, नमुचि, पाक, इल्वल, विप्रचित्ति, पुलोमा र शकुनि आदि गरिएका दैत्य-दानव हो ! पहिले मेरो कुरा सुन, अनि झट्टै सोहो अनुसार काम गरिहाल-यसमा ढीलो नगर ।।४ ५।। क्षुद्र शत्रुहरूले मेरो परम प्यारो औ हितैषी भाइलाई विष्णुको हातबाट मार्न लगाए । विष्णु समदर्शी भए तापनि उपासनाले देवताहरूले उनलाई आफ्नो पक्षमा गराएका छन् ।।६।। यी विष्णु पहिले ता शुद्ध एवं निष्पेक्ष थिए तर अहिले ता मायाले वराहरूप धारण गरेकोले आफ्नो स्वभावलाई छाडिदिएका छन्, बालकको झैं यिनको चित्त स्थिर छैन, जसले सेवा गऱ्यो उनैतिर लाग्दछन् ।।७।। अबलाई जब म आफ्ना त्रिशूलले यिनको धाटी काटेर तात्ताता रगतले रगत निको लाग्ने भाइको तर्पण गर्नेछु, अनि पो मेरो मनको पीर हट्ने छ ।।८।। यी देवताहरूको प्राण विष्णु नै हुन्, अतः त्यो कपटी शत्रु नष्ट हुनासाथ यी सबै, जरो काटिएको रुखको हाँगा झैं स्वयं नष्ट हुने छन् ।।९।। तसर्थ तिमीहरू

अहिले नै पृथ्वीमण्डलमा गइहाल । अचेल त्यहाँ ब्राह्मण औ क्षत्रियहरूको खूब बढती भै राखेको छ ! त्यहाँ जो जो तपस्या, यज्ञ, वेदाध्यबन, व्रत दान आदि सत्कर्म गर्न लागेका छन् ती सबैलाई मारिदेऊ ॥१०॥ यज्ञ र धर्म नै त्यो पुराण पुरुष विष्णुको स्वरूप हुनाले ब्राह्मणहरूद्वारा गरिएको धर्म-कर्म नै उसलाई मेट्ने जरो हो । देबता, ऋषि, पितृगण, समस्त प्राणी औ धर्मको उही बिष्णु परमआश्रय हो ॥११॥ जहां जहाँ ब्राह्मण, गाई, वेदवर्णाश्रम अनुसारको धर्म-कर्म हुन लागेका छन् त्यस त्यस देसमा गई तिनलाई डढाई देऊ एवं उजाड गरिदेऊ" ॥२१॥

स्वभावैले अर्कालाई सताउनामा सुख मान्ने दैत्यहरूले दैत्यराज हिरण्यकक्षिपुको आज्ञालाई टाउको निहुराएर बडो आदरसाथ स्वीकार गरे औ त्यै आज्ञानुशार प्रजाको संहार गर्नलागे ॥१३॥ यिनीहरूले सहर, गाऊ, ब्रज (गाइबस्ने ठाऊँ) बगैंचा, खेत, हाबाखाने ठाऊँ ऋषिहरूको आश्रम रत्नहरूको खानी किसानहरूको बस्ती, तराईका गाउँ, ग्वालाहरूको बस्ती, व्यापारको केन्द्र यी सबैलाई जलाई दिए ॥१४॥ एक थरि दैत्यले खन्ने कोदालीले ठूला ठूला पुल, परखाल, सहरका ढोका फोरफार पारे एवं अर्का थरिले बञ्चरोले फल–फूललागेका हरिया हरिया रुख काटिदिए र कुनै कुनै दैत्यले ता बल्दो दाउराले दुनियाँको घरमा आगो सल्काइदिए ॥१५॥ यस प्रकारसँग दैत्यराज हिरण्यकशिपुका अनुचरले बारम्बार दुनियाँलाई अतिशय पीडित गर्न लागे पछि ता देवताहरू यज्ञ भाग नपाउँनाले स्वर्ग छाडेर गुप्तरूपले पृथ्वीमा विचरण गर्नलागे ॥१६॥

यता बन्धु-वियोगले दुःखित भएको हिरण्य कशिपुले मरेको भाइको अन्त्येष्टि क्रियाबाट छुट्टी पाए पछि शकुनि, शम्बर, धृष्ट, भूतसन्तापन वृक, कालनाभ, महानाभ, हरिमश्रु र उत्कच यी आफ्ना भतीजाहरूलाई सान्त्वना दियो॥१७-१८॥ र त्यसपछि हे महाराज युधिष्ठिर ! यी भतीजाहरूकी आमा रुषाभानु र आफ्नी माता दितिलाई ठाउँ मौका जान्ने त्यो हिरण्यकशिपु मधुरो बोली गरेर यस प्रकारसँग सँझाउन लाग्या ॥१९॥

हिरण्यकशिपुले भन्यो—

हे माता, बुहारी, छोराहरू हो ! तिमीहरूले बीर हिरण्याक्षको निम्ति कुनै प्रकारको शोक गर्नु उचित छैन, किन कि बीर पुरुषको निम्ति ता शत्रुको अगाडि नै शरीर त्याग गर्नु प्रशंसनीय औ प्रार्थनीय हुन्छ ॥२०॥ हे देवी ! जसरी पौसालामा एक्कै छिनको निम्ति अनेक बटुवा जम्मा हुन्छन् त्यसैगरी प्राणीहरू यस संसारमा आफ्नो पूर्वजन्मको फलले कहिले एकत्रित हुन्छन् औ कहिले छुट्टिन्छन् ॥२१॥ बास्तवमा आत्मा ता अमर अर्थात् नित्य, अविनाशी, शुद्ध, सर्वगत, सर्वज्ञ औ देह-इन्द्रिय आदि असत् पदार्थ देखि फरक छ । आत्मा आफ्नो अविद्याले गर्दा सुख-दुःखादि गुणलाई स्वीकार गरी सूक्ष्म शरीर ग्रहण गर्दछ ॥२२॥ जसरी जल हल्लँदाखेरि त्यसमा प्रतिबिम्बित भएका किनाराका रुख हल्ले जस्तै देखिन्छन् तथा दृष्टि घुम्दा खेरिमा पृथ्वी पनि घुमेको जस्तो मालुम हुन्छ ॥२३॥ त्यसैगरी हे कल्याणी ! मायाको गुणद्वारा मन भ्रान्त भएकोले आत्मा वास्तवमा निर्विकार भए

तापनि मन झैं भ्रान्त जस्तो देखिन्छ र स्थूल तथा सूक्ष्म शरीरसित आफ्नो कुनै सम्बन्ध नभए तापनि सम्बन्ध, भए जस्तो देखिन्छ ।।२४।। सब तरहबाट शरीर रहीत आत्मामा शरीर-को भावना हुने बुद्धिलाई नै आत्मविपर्यय अर्गात उल्टो ज्ञान भन्दछन् । यै आत्मविपर्ययले गर्दा प्रिय वस्तुसितको वियोग र अप्रियसितका संयोग हुन जान्छएवं कर्मसित सम्बन्ध हुन जानाले संसारमा भड्कनु पर्दछ ।।२५।। जन्म, मृत्यु नाना प्रकारका शोक,अविवेक,चिन्ता एवं विवेक(आत्म ज्ञान)को बिस्मृति—यी सबैको कारण यै अज्ञान हो ।।२६।। यस सम्बन्धमा पण्डितहरूले उदाहरण रुपमा बउटा प्राचीन इतिहास भनेका छन् । यस इतिहासमा मरेको मानिसका सम्बन्धीहरू-सित यमराजको कुराकानी वर्णन गरिएको छ, तिमी पनि ध्यान दिएर यो सुन ।।२७।।

उशीनर देशमा सुयज्ञ नामका एक जना विख्यात राजा थिए । युद्ध क्षेत्रमा शत्रुहरूको हातबाट यिनी मारिए र यिनका दाजुभाइ लाश-लाई चारैतिरबाट घेरेर बसे ।।२८।। उनको रत्न जडिएको कवच छिन्न भिन्न भएको थियो । सारा गहना एवं माला जतातते खसि राखेका थिए; बाणको मारले मुटु फुट्न गएकोले सारा शरीर रगतमा मुछिएको थियो ।।२९।। केश फुकेका तथा आँखा भित्र पसेका थिए। जीबित छंदा रिसमा दाँतले च्यापेको ओठ च्यापेको च्यापै थियो,मुख कमल धूलोले ढाँकिएको र शस्त्र एवं हात काटिएर छ्याप्त्र व्याप्त्र भै राखेका थिए ।।३०।।

आफ्ना पतिदेव उशीनर नरेशलाई विधाताले यस्तो अवस्थामा पुऱ्याएको देख्ता उनका महा-रानीहरूलाई अत्यन्त दुःख भयो र "हा नाथ ! हामी ता त्यसै मऱ्यौं" भन्दै बारम्बार हातले छाती पिट्दै उनको खुट्टानिर लडे ।।३१।। यिनीहरू चिच्चयाएर बिलाप गर्दै यसरी रोएकि कुचुकु-ङ्कुमसित मिसिएर बगेका आफ्ना राता राता आँसुले व्दारा पतिदेवको चरणकमललाई पखालि दिए । उनका केश र गहना जतातते छरिएका थिए । अनि ती रानीहरू करुणापूर्ण स्वरले सुन्नेहरूको हृदयमा समेत शोक उत्पन्न हुनेगरी यस प्रकारसंग बिलाप गर्नलागे ।।३२।। अहो ! हे नाथ ! आज निर्दयी विधाताले हामीले आँखाले हेर्नै नसक्ने अवस्थामा तपाईंलाई पुऱ्याइ दियो । हे स्वामिन् ! तपाईं पहिले उशीनर देशका बासिन्दाहरूको बृत्तिदाता हुनुहुन्थ्यो तर आज निर्दयी विधाताले तपाईंलाई उनीहरूको शोक बढाउने बनाइदियो ।।३३।। हे पृथ्वीपते ! तपाईं हाम्रो अलिकता सेवालाई पनि ठूलो सम्झनु हुन्थ्यो र हामीसित बडो प्रेम गर्नुहुन्थ्यो हाय ! अब तपाईं बिना हामी कसरी रहन सकौंला ? अतः हे बीर ! जहाँ तपाईं जान लग्नु भएको छ त्यहाँ आउनाको निम्ति तपाईंका चरणका दासी हामीहरूलाई पनि आज्ञा दिनु-होस् ।।३४।।

यस प्रकारसंग आफ्ना मरेका पतिलाई समातेर बिलाप गर्दा ग्रर्दैमा सूर्यास्त भै हाल्यो र तैपनि तिनाहरूले मुर्दाको दाह संस्कार हुन दिएनन् ।।३५।। मरेका राजाका बन्धुहरूले यस किसिमसँग बिलाप गरेको सुन्दा यमराज बालक रूपले प्रकट भै उनीहरूनिर आएर भन्न-लागे ।।३६।।

यमराजले भने—

अहो ! यिनीहरू सबै उमेरमा मभन्दा बर्त्ता छन् औं रात दिन संसारमा प्राणीलाई मरे जन्मेको देखिरहेका छन् तैपनि यिनीहरूलाई यो कस्तो मोह भै राखेको होला ? यो मानिस जहाँबाट आएथ्यो उहीं गयो। यिनीहरूले पनि कुनै न कुनै दिन त्यहीं जानु पर्दछ, अतः व्यर्थमा यतिको शोक गर्नाको के आवश्यकता छ ।।३७।। अहो ! हामी नै परम धन्य छौं किन कि यस लोकमा आमाबाबुले छाडि दिएको भए तापनि कुनै प्रकारको चिन्ता गर्दैनौं, हाम्रो शरीरमा पूरा ताकत छैन तापनि ब्वाँसोहरूले हामीलाई खाँदैनन्। जसले गर्भमा रक्षा गऱ्यो त्यसैले यहाँ पनि गर्दछ भन्ने विचारले निश्चिन्त छौं ॥३८।। ए अबला हो ! जुन अबिनाशी परमेश्वर आफ्नो मोजमा यस जगत्को रचना गर्दछन् तथा स्वयं यसको पालन औ संहार समेत गर्दछन्, उनै प्रभुको यो चराचर जगत् खेलाना मात्र हो भन्ने पण्डितहरूको भनाई छ। अतः उनी यस जगन्लाई दण्ड या पुरस्कार दिनामा समर्थ छन् ।।३९।। ईश्वरद्वारा रक्षा भएको खण्डमा बाटोमा खसेको वस्तु पनि जस्ताको तस्तै रहेर पडि रहन्छ तर उहाँले उपेक्षा गरेमा ता घरमा राखिएको पदार्थ पनि नष्ट भएर जान्छ। परमात्माको दयादृष्टि भएका अनाथ औं वनमा रहने मानिस पनि धेरै कालसम्म जीवित रहन सक्तछ तर दैव विपरीत भएमा ता घरमा सुरक्षित रहने पनि मर्दछ ॥४०॥

समस्त प्राणीहरूको शरीर आफ्नो पूर्वजन्मको कर्मवासना अनुसार समय समयमा उत्पन्न औ नष्ट हुने गर्दछ । तर आत्मा ता शरीरमा रहे तापनि शरीरदेखिभिन्न हुनाले उसको (शरीरको) जन्म-मरणादि धर्मले उसलाई (आत्मालाई) छुन सक्तैन॥४१॥ मानिसले जसरी आफ्नो घरलाई आफू देखि पृथक् औं माटोले बनेको सम्झन्छ त्यसैगरी यो शरीर पनि आफू देखि बिभिन्न छ, मोहले गर्दा पुरुषले यो शरीरलाई आफ्नो सम्झि- राखेको छ । जसरी जलको विकार बुद्बुद, पृथ्वीको विकार घटादि, सुनको विकार गहना इत्यादि समय समयमा बन्दछन् औ फेरि नष्ट हुन्छन् त्यसैगरी जल, पृथ्वीऔ तेजको परमाणुले बनेको यो शरीर पनि अरू अरू पदार्थ झैं समय समयमा बनेर बिग्रदै जान्छ ।।४२।। जसरी अग्नि काठमा व्याप्त भए तापनि उदेखि फरक छ, वायु शरीर भित्र रहे तापनि देहसित उसको केही सम्बन्ध छैन, आकाश सर्वत्र ब्याप्त भए तापनि कसैको दोषगुणमा लिप्तहुदैन त्यसै गरी समस्त देह औ इन्द्रियमा रहने औ उनीहरूको आश्रय आत्मा पनि उनीहरूदेखि अलग्गै छ ॥४३॥

ए मूर्ख आइमाई हो ! जसको निम्ति तिमीहरू शोक गरिरहेका छौ त्यो सुयज्ञ नात गरेको शरीर ता तिम्रो अगाडि पडिराखेको छ, तिमीहरूले देख्ने गरेको पनि यै हो । यसमा जसले सुन्ने बोल्ने गरेको थियो त्यसलाई ता कसैले देखेको थिएन औ अहिले पनि देखिएको छैन तसर्थ त्यसको निम्ति शोक गर्नु व्यर्थ हो ॥४४॥ इन्द्रिय प्रधान प्राण (वायु) देख्ने, सुन्ने औ बोल्ने होइन किन कि सुषुप्तिको अबस्थामा प्राण ता रहन्छ तर त्यो बोल्ने सुन्ने केही गर्दैन । जसले गर्दा जम्मै इन्द्रियहरू आफ्नो आफ्नो

काम गर्दछन् त्यो आत्मा ता प्राण औ देहदेखि सर्वथा पृथक् छ ॥४५॥ उत्तम एवं अधम (पशु, पक्षी, देव, मनुष्य,) शरीर पञ्च-भूत, इन्द्रिय औ मनद्वारा निर्मित हुने हुन्। सर्वगत आत्मा शरीरदेखि भिन्न भए तापनि उक्त शरीरलाई अभिमानद्वारा ग्रहण गर्दछ र विवेकबलले त्यसबाट मुक्त पनि हुन्छ ॥४६॥ जबसम्म आत्मा पाँच प्राण, पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, बुद्धि र मन यी सत्र तत्वले बनेको लिङ्ग शरीरसित युक्त रहन्छ तबसम्म उसका सबै कर्म, बन्धनको कारण हुन्छन् र यै बन्धनले गर्दा उसलाई मोह र क्लेश वारम्बार उपस्थित भैरहन्छन् तर यी मोहादिको अस्तित्वको कारण केवल माया नै हो ॥४७॥ गुणहरूका कार्यस्वरूप सुखदुःखादिलाई सत्य भन्ठान्नु अथवा सत्य भन्नु केवल मिथ्या अभिनिबेश (असत्याग्रह) मात्र हो । मनोरथको समयमा कल्पना गरिएका औ सपनाको समयमा देखिएका वस्तु झैं इन्द्रियद्वारा ग्रहण गरिएका सबै विषय मिथ्या हुन् ॥४८॥ तसर्थ शरीर औ आत्माको तत्त्व बुझेको व्यक्तिले न ता यो अनित्य शरीरको निम्ति शोक गर्दछ न नित्य आत्माको निम्ति । तर ज्ञान दृढ नभएकोले कसै कसैको शोक गर्ने स्वभावै हुन्छ, त्यस्ताको निम्ति गर्ने के ? ॥४९॥

यस सम्बन्धमा म तिमीलाई एउटा दृष्टान्त सुनाउँछु। विधाताद्वारा पक्षिहरूको निम्ति काल जस्तै बनेको एउटा ब्याधा कुनै एक जंगलमा रहन्थ्यो । त्यो जतातते जाल फिजाई अन्नको गेडा छरेर चराहरूलाई लोभ्याएर फसाउने गर्दथ्यो॥५०॥ एक दिन त्यस शिकारीले कुलिङ्ग पक्षीको एक जोडालाई वनमा यताउति गर्न लागेको देख्यो। यिनमा पोथी चाँहिलाई ता त्यसले दानामा लोभ्याइहाल्यो ॥५१॥कालको गतिले गर्दा हे रानी हो ! त्यो कुलुङ्गी व्याधाको जालको पाशोमा फसिहाली। पोथीलाई यस्तो आपत्तिमा परेको देख्ता भालेको अन्तःकरण बहुतै दुःखित भयो । उसलाई छुटाउन असमर्थ भएकोले त्यो विचरो स्नेहले गर्बा त्यस बिचरीको निम्ति यसरी बिलाप गर्न लाग्यो ॥५२॥ "अहो ! सर्वसमर्थ भए तापनि वास्तवमा विधाता बडो निर्दयी छ । म अभागीको निम्ति शोक गरि रहेकी औ स्त्री हुनाले सबैको करुणापात्री भएकी मेरी यो दीना स्वास्नीलाई लिएर यसले के गर्ने होला? ॥५३॥ यो स्त्री ता मेरो आधा शरीर हो। यसको वियोगले मेरो यो आधा शरीर जीवित रहेर अत्यन्त दुःख पाउने छ। दुःखमयी जीवनले अत्यन्त व्यथित हुने यस आधा शरीरको मलाई केही प्रयोजन छैन । विधाताले मलाई समेत लगिदिए बेस हुने थियो ॥५४॥ मेरा बच्चाहरूको अहिले सम्म पखेटा पनि उम्रेको छैन। आमा नभएका त्यस्ता बच्चाहरूलाई म कसरी पालु ला । अहो । आज मेरा अभागी बच्चाहरूभोकले गर्दा गुंडमा आफ्नी आमालाई कहिले आउली भनेर पर्खिराखेका होलान् ॥५५॥ यस प्रकारसंग आफ्नी प्यारीको वियोगले आतुर भएको तथा आँसूले गर्दा घाँटी ब्याप्प बसेको भए तापनि बिलाप गरिरहेको त्यस कुलिङ्गलाई त्यो शिकारीले कालको प्रेरणाले गर्दा नजिकैको एउटा रूखको आडमा लुकेर घाण चलायो र त्यो त्यहीं समाप्त भैहाल्यो ॥५६॥ ए मूर्ख रानी हो ! तिमी-

हरूको पनि यस्तै दशा हुनेछ । आफ्नो अवश्य हुने मृत्युपट्टि ता हेर्दै हेर्दैनौ । यस पतिको निम्तिमा सय वर्षसम्म शोक गरिरहेतापनि तिमीहरूले यसलाई पाउन सक्तै नौ ॥५७॥

हिरण्यकशिपुले भन्यो—

ए आमा ! त्यो सानो बालकको यस्तो ज्ञान-पूर्ण कुरा सुन्दा ती सबै दङ्ग परे र उशीनर नरेशका दाजु-भाइ एवं आइमाईहरूले यो समस्त संसार तथा यसका सुख-दुःख अनित्य औ मिथ्या हुन् भन्ने कुरा बुझे ॥५८॥ यमराज यति कुरा भनेर त्यहीं अन्तर्धान भै हाले र भाइबन्धुले पनि सुयज्ञको अन्त्येष्टि क्रिया गरे ॥५९॥ तसर्थ तिमीहरू पनि आफ्नो अथवा अरूको निम्ति शोक नगर । यस संसारमा आफ्नो वा अर्काको भन्ने कुन वस्तु छ र ? "यो आफ्नो हो, यो अर्काको हो" यस्तो भ्रम हुनु नै अज्ञान हो । प्राणीहरूलाई यै अज्ञानले गर्दा "म, मेरो, अर्को, अर्काको" भन्ने दुराग्रह भै राखेको छ ॥६०॥

नारदले भने—

हे राजन् ! दैत्यराज हिरण्यकशिपुका यी कुरा सुनेपछि, आफ्नी बुहारीको साथमा रहेकी दितिले उम्किखेर पुत्रशोकलाई त्यागेर आफ्नो मन परमतत्त्वस्वरूप परमात्मामा लगाइदिइन् ॥६१॥

अध्याय—३

हिरण्यकशिपु तपस्या गरेर ब्रह्माबाट वर पाउँछ ।

नारदले भने—

हे राजन् ! यसपछि हिरण्यकशिपुले आफूलाई अजेय, अमर एवं शत्रुहीन बनाएर संसारको एकछत्र सम्राट् हुने सङ्कल्प गर्‍यो ॥१॥ यसको निम्ति उसले मन्दराचलको कन्दरामा माथितिर हात उचाली आकाशतिर दृष्टि लगाएर तथा भूईंमा केवल खुट्टाको बूढी औंलाको भरमा उभिएर बडो कठोर तपस्या गर्न लाग्यो ॥२॥ प्रलयकालका सूर्यको आफ्ना किरणजालले गर्दा जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले त्यस दैत्यको पनि, यताउति छरिएका एवं किरण समान टल्किराखेका जटाहरूले गर्दा भै राखेको थियो । यसप्रकारसँग त्यो तपस्यामा लागेपछि, सबै देवताहरू फेरि आफ्नो आफ्नो ठाउँमा आएर रहन थाले ॥३॥ तपस्या गर्न लागेको केही काल-पछि उसको टाउकोबाट धूँवासहितको तपस्याको आगो निस्कन लाग्यो । यो आगो चारैतिर फिंजिएर तल-माथि, अगल-बगलका सबै लोक-लाई डढाउन लाग्यो ॥४॥ यस आगोको ज्वालाले नदी-समुद्र उम्लन थाले, द्वीप एवं पर्वतसहितकी पृथ्वी डगमगाउन लागिन् । ग्रह, ताराहरू फुटेर तल झर्न शुरू गरे तथा दसै दिशामा आगो लागे जस्तो भयो ॥५॥

हिरण्यकशिपुको तपस्याको आगोले स्वर्गका देवताहरूसमेत संतप्त भएकोले स्वर्गलाई छाडेर ब्रह्मलोकमा पुगे र ब्रह्माजीसित प्रार्थना गर्नथाले-

"हेदेवदेव ! हे जगतका स्वामी ब्रह्माजी ! दैत्यराज हिरण्यकशिपुको तपस्याको तेजले संतप्त भएकोले अब हामी स्वर्गमा टिक्न सक्तैनौ, अतः हे सर्वाधिपते ! हे भूमन् ! उचित संझनु हुन्छ भने तपाईँलाई बलि समर्पण गर्ने लोकको नाश हुनुभन्दा अघिबाटै शान्तिको उपाय बिचार गर्नोस् ॥६-७॥ त्यसले कस्तो अभिप्राय लिएर यो कठोर तपस्या गर्नलागेको हो, सो तपाईंलाई थाहा नभएको कुरो ता होइन, तैपनि तपाईलाई आफ्नो तरफबाट निवेदन गर्दछौं—सुन्नुहोस् ॥८॥ उसको यस्तो विचार छ—जसरी ब्रह्माजी आफ्नो तप औ योगको प्रभावले यो चराचर लोकको सृष्टि गरी, सबै लोकभन्दा माथिको सत्यलोकमा रहेका छन् त्यसैगरी म पनि आफ्नो उग्र तपस्याको प्रभावले त्सैं पद औ अधिकार प्राप्त गर्दछु, किन कि कात्न अनन्त छ औ आत्मा पनि नित्य छ तसर्थ एक जन्ममा सफलता नभए तापनि अनेक जन्ममा ता मलाई अबश्य त्यो पद मिल्दैनैछ ॥९-१०॥ व्हैन भने तपस्याको शक्तिले पाप पुण्यादिको नियममा उलट पुलट गरेर संसारमा पहिले कहिले नभएको अदली वदली गरिदिने छु। यो ब्रह्मपदसिवाय अरू वैष्णबादि पदको मलाई केही प्रयोजन छैन किन कि यिनीहरू ता कल्पको अन्तमा कालको अहारा वन्ने हुन् ❁ ॥११॥ हामीले यस प्रकारसंग तपाईंको पद लिने त्यसको सङ्कल्प छ भन्ने सुनेका छौं। यसै कारणले त्यो यस्तो कठोर तपस्यामा लगेको छ। तपाईंता तीनै लोकको स्वामी हुनुहुन्छ, जे उचित देख्नु हुन्छ, सो गर्नोस् ॥१२॥ हे ब्रह्माजी ! तपाईंको यो सर्वश्रेष्ठपद ब्राह्मण एवं गाईहरूको वृद्धि, कल्याण, विभूति, कुशल औ विजयको कारण हो। यो पद कदाचित् हिरण्यकशिपुको हातमा पऱ्यो भने ता ठूसो अनर्थ हुने छ ॥१३॥

हेराजन् ! देवताहरूले यस प्रकार संग निवेदन गरेपछि ब्रह्माजी भृगु, दक्ष आदिप्रजापतिहरूलाई साथमा ली हिरण्यकशिपुको आश्रममा आउनु भयो ॥१४॥ पहिले ता उहांले उसलाई देख्नै सक्नु भएन, किन कि धमिराको ढिस्को, घांस र बांसको झांगले उसको शरीरलाई छोपिराखेको थियो तथा कमिलाहरूले उसको शरीरको बोसो, मासु, छाला औ रगत खाइरहेका थिए ॥१५॥ विशेषरूपले खोजेपछि आफ्नो तपको प्रभावले तीनै लोकलाई सन्तप्त पार्ने, बादलले ढाकिएका सूर्यसमान तेजस्वी त्यस दैत्यलाई देख्ता ब्रम्हाजी छक्क पर्नु भयो र हांसिहासिकन भन्न लाग्नु भयो ॥१६॥

ब्रम्हाले भन्नु भयो—

हे कश्यपनन्दन ! उठ, उठ, तिम्रो कल्याण होस् अब तिम्रो तपस्या सिद्ध भयो। तिमीलाई बर दिन भनि म आएको हूँ, आफूलाई जेइच्छा छ सो वर माग ॥१७॥ तिम्रो अतिशय अद्भुत हार्दिक-वल (धैर्य) मैले देखे। दंशादिले मासु खाइसकेको भएता पनि केवल हाडको आधारमा तिम्रो प्राण अडिराखेको छ ॥१८॥ यस्तो कठिन तपस्या न पहिले कुनै महर्षिले गरेथे न पछि

❁ वैष्णवपद (बैकुण्ठधाम) नित्य भएता पनि हिरण्यकशिपु आफ्नो आसुरी बुद्धिले गर्दा त्यस पदलाई कल्पको अन्तमा नष्ट हुने सम्झन्थ्यो। तामसी बुद्धिको नित्य पदार्थमा अनित्य भावना हुनु मुनासिबै हो।

कसैले गर्न सक्ने छन् । जल समेत न पिएर सय दिव्य वर्षसम्म कसैले प्राण धारण गर्न सक्ला त !॥१९॥ ए नानी हिरण्यकशिपु! तिम्रो यो काम ठूला ठूला धीर पुरुषले समेत गर्न सक्तैनन् । यस तपोनिष्ठाले तिमीले मलाई आफ्नो वशमा गराएका छौ ॥२०॥ तसर्थ हे असुरशिरोमुणे ! म तिम्रा सबै अभिलाषा पूर्ण गरीदिने छु। तिमी कुनै न कुनै दिन मर्नेवाला ह्वौ तसर्थ कहिले पनि नमर्ने हामी जस्ता देवाताको दर्शन निष्फल हुन सक्तैन ॥२१॥

नारदजी भन्नुहुन्छ--

हे महाराज युधिष्ठिर ! यति भनेर आदि-देव ब्रह्माजीले, कमिलाले खाएको त्यसको शरीर माथि आफ्नो कमण्डलुको दिव्य एवं अमोघ शक्ति भएको जल छर्कीदिनुभयो ॥२२॥ जसको स्पर्श हुनासाथ दैत्यपति हिरण्यकशिपु, दाउराको तंगीबाट आगो प्रकट भए झैं, धमिराको ढिस्को र बाँसको बीचबाट तरुनो बनेर झट्ट उठिहाल्यो। त्यस बेला उसको शरीर सम्पूर्ण अङ्गले परिपूर्ण औ बलियो हुन गयो । सामर्थ्य, बल औ तेजले युक्त भएको उसको शरीरको सारा अङ्ग बज्र-समान साह्रो औ खारेको सुन जस्तै चहकिलो देखिन लाग्यो ॥२३॥ उठ्नासाथ, आकाशमा हाँसमा चढेका ब्रह्माजीलाई देख्ता उसलाई बडो आनन्द भयो र टाउको पृथ्वीमा राखेर उहाँलाई प्रणाम गऱ्यो ॥२४॥ यस पछि दैत्यराज हात जोरेर उभियो र बडो नम्रभावसंग एकटक लगाएर उहाँलाई हेर्दै गद्गद्‌ वाणीले स्तुति गर्न लाग्या । यस बेला उसको आँखामा हर्षको आँसू भरिएको थियो औ सारा शरीरमा रोमाञ्च भएको थियो ॥२५॥

हिरण्यकशिपुले भन्यो—

कल्पको अन्तमा यो सारा सृष्टि कालद्वारा प्रेरित भएको घोर अन्धकाररूप तमोगुणले ढाकिएको थियो । त्यसवेला स्वयंप्रकाशरूप जुन परमेश्वरले आफ्नो तेजले यसलाई फेरि प्रकट गर्नु भयो औ जो त्रिगुणमयरूपले यस जगत्‌को रचना, पालन औ संहार गर्नु हुन्छ, उनै रजोगुण तमोगुण औ सत्वगुणका आश्रय स्वरूप पर-मात्मालाई म नमस्कार गर्दछु ॥२६-२७॥ उहाँ आदि पुरुष, जगत्‌को बीज अर्थात् कारण हुनुहुन्छ ज्ञान-विज्ञान उहाँको मूर्ति हो; प्राण,इन्द्रिय, मन औबुद्धि आदि समस्त विकारद्वारा कार्यस्वरूपले प्रकट हुने उहाँलाई नमस्कार छ ॥२८॥ हे प्रभो ! तपाईं मुख्य प्राणस्वरूपले यो स्थावर जङ्गम जगत्‌लाई आफ्नो निबन्त्रणमा राख्नु हुन्छ, तपाईं नै प्रजाका रक्षक हुनुहुन्छ; चित्त, चेतना, मन औ इन्द्रियहरूको स्वामी पनि तपाईं नै हुनुहुन्छ। पञ्चभूत, शब्दादि बिषय औ उनका संस्कारहरूका रचयिता पनि महत्तत्वको रूपमा तपाईंनै हुनुहुन्छ ॥२९॥ होता, अध्वर्यु, ब्रह्मा, उद्गाता यी चार ऋत्विजहरू द्वारा हुने यज्ञको प्रतिपादन गर्ने वेद तपाइंको शरीर हुन् । यँ वेद-त्रयीरूप आफ्नो शरीरले अग्निष्टोम आदि सात यज्ञको रचना गर्नु हुन्छ। तपाईंनै सम्पूर्ण प्राणीको एकमात्र आत्मा हुनुहुन्छ, किनकि तपाईं अनादि अनन्त, अपार, सवज्ञ औ सबैका अन्तर्यामी हुनुहुन्छ ॥३०॥ हे भगवन् ! कालस्वरूप पनि तपाईं नै हुनुहुन्छ। अनिमेषरूपले अर्थात् प्रतिक्षण सावधान रहेर आफ्ना क्षण—लव आदि गरिएका विभाग द्वारा सम्पूर्ण जीवको आयु क्षीण गरि

रहनु हुन्छ। यसो भएता पनि तपाईं निर्विकार हुनुहुन्छ किन कि तपाईं ज्ञानरूप, परमेश्वर जन्म-शून्य, महान् (व्यापक) औ सम्पूर्ण जीवको अन्तरात्मा हुनुहुन्छ ॥३१॥ प्रभो ! कार्य-कारण एवं स्थावरजङ्गम कुनै वस्तु पनि तपाईदेखि भिन्न छैन, समस्त विद्या औ कला तपाईकै अङ्ग हुन्, त्रिगुणमायादेखि परको साक्षात् परब्रह्म तपाई नै हुनुहुन्छ, यो स्वर्णमय ब्रह्माण्ड तपाईंकै गर्भमा रहेको छ ॥३२॥ यो व्यक्त ब्रह्माण्ढ तपाईंको स्थूल शरीरहो । हामी साधारण जीव झैं अज्ञानले आवृत भएर ह्वैन कि सदा परमात्मा स्वरूपमा रहेर यै शरीरद्वारा इन्द्रिय, प्राण औ मनका सबै विषयका भोग गर्नु हुन्छ। अतएव तपाई अव्यक्त, पुराण पुरुष औ निरुपाधि ब्रह्म हुनु हुन्छ ॥३३॥ तपाईंले आफ्नो अनन्त औ अव्यक्त स्वरुपले यो सम्पूर्ण जगत्लाई व्याप्त गरिराखेको छ। चेतन औ अचेतन (विद्या औ माया) शक्तिले युक्त हुनु भएको तपाईं परमेश्वरलाई नमस्कार छ ॥३४॥

हे वरदायकहरू मध्येका श्रेष्ठ ! मेरो इच्छानुसार वर दिन तय्यार हुनुहुन्छ भने हे प्रभो ! तपाईंको सृष्टिमा उत्पन्न भएका कुनै प्राणीबाट मेरो मृत्यु नहोस् ॥३५॥ भित्र-बाहिर, दिनमा रातमा तपाईंले बनाएका प्राणीहरू बाहेक अरू कुनै प्राणीबाट पनि कुनै किसिमको अस्त्र शस्त्रले पृथ्वी वा आकाशमा, मनुष्य वा मृगद्वारा एवं जिउँदो वा मरेको प्राणीबाट मेरो मृत्यु नहोस्। देव, असुर अथवा नागादिमा कसैले पनि मलाई मार्न नसकुन् । युद्धमा कसैले मेरो सामुन्ना गर्न नसकोस्। समस्त प्राणीको म एकछत्र सम्राट् होऊँ ॥३६-३७॥ इन्द्रादि समस्त लोकपालमा जस्तो तपाईंको महिमा छ त्यस्तै मेरो पनि होस्। तप औ योगको प्रभावले सम्पन्न भएका योगीजनले पाउने, कहिले पनि क्षीण नहुने, अणिमादि गरिएका जुन ऐश्वर्य्य छन् ती सबै पनि मलाई दिनुहोस् ॥३८॥

अध्याय-४

हिरण्यकशिपुको अत्याचार, प्रह्लादको जन्म औ उनका गुणको वर्णन।

नारदजी भन्नुहुन्छ—

हिरण्यकशिपुको तपस्यादेखि ब्रह्माजी अत्यन्त प्रसन्न हुनुभएको थियो अतः उसले यस प्रकारसँग मागेका यी सबै वर अत्यन्त दुर्लभ भए तापनि, उसलाई दिनुभयो ॥१॥

ब्रह्माजीले भन्नुभयो—ए बाबु ! तिमीले जुन जुन वर मसित मागेका छौ ती जीवहरूको निम्ति अत्यन्त दुर्लभ हुन् तर दुर्लभ भए तापनि तिमीलाई ती सब वर दिन्छु ॥२॥

यसपछि, जसको प्रसन्नता कहिले पनि निस्फल हुँदैन त्यस्ता ब्रह्माजी यति भनेर असुरहरूको पूजा ग्रहणगरी, प्रजापतिहरूको स्तुति सुन्दै, त्यहाँबाट हिंड्नु भयो ॥३॥ हिरण्यकशिपुको शरीर सुवर्ण समान कान्तिमान भएको थियो !

ब्रह्माजीबाट यस प्रकारसँग बर भेट्टाएपछि, आफ्नो भाइको बध स्मरण गरेर त्यो भगवान्‌सित द्वेष गर्न लाग्यो ॥४॥ त्यस महाँ दैत्यले सम्पूर्ण दिशा, तीनै लोक तथा देवता, असुर, राजाहरू गन्धर्व, गरुड, सर्प, सिद्ध, चारण, विद्याधर, ऋषि, पितृहरूका अधिपति, मनु, यक्ष, राक्षस, पिशाचराज, प्रेतपति, भूतपति, एवं सम्पूर्ण प्राणीका राजाहरूलाई जितेर आफ्नो वशमा गरायो । यस प्रकारसँग त्यस विश्वविजयी दैत्यले आफ्नो पराक्रमले समस्त लोकपालहरूको स्थान-लाई समेत खोसेर लियो ॥५-७॥ यसपछि त्यो दैत्यराज नन्दनवन आदि गरिएका दिव्य उद्यानको शोभालें सम्पन्न भएको स्वर्गमा रहन लाग्यो । स्वयं विश्वकर्माले बनाएको, तीनै लोकको सौन्दर्य्य मूर्तिमान् भएर निवास गर्ने,सबप्रकारको सम्पत्तिले सम्पन्न भएको इन्द्रको महल ता उसको निबासस्थानभयो ॥८॥ यस महलमा सिंढी मूंगाका भूई नीलम मणिका, भित्ता स्फटिक्का औ थामका पङ्क्ति वैदूर्यमणिका थिए ॥९॥ यहाँ रंगी-बिरंगी चदुंबा औ हिरै हिरा जडेका कुर्सी आदि आसन शोभायमान थिए। दूधको फींज समानकोस्वच्छ औ कमलो शय्या र त्यसमा मोतीको झल्लर लागेका थिए । टल्कने दाँत भए का अप्सराहरू आफ्ना पाइजेबबाट छम् छम् आवाज झिक्तै यताउति टहलिरहन्थे औ रत्नैरत्न जडिएको भूईंमा आफ्ना सुन्दर मुख हेर्दथे ॥११॥ इन्द्रकी यस्तो महलमा त्यो महाबलीऔ महामनस्वी हिरण्यकशिपु समस्त लोकलाई जिती, सबैको एकछत्र सम्राट् भएर विहार गर्न लाग्यो । त्यसको शासन कस्तो कठोर थियो भने देवताहरू ऊदेखि थर्कायमान भै उसको चरणको बन्दनागर्दथे ॥१२॥ हे राजन् ! त्यो दैत्यराज अतिशय चर्को गन्ध भएको मदिरा पिएर सदैव उन्मत्त रहन्थ्यो, त्यसका आंखा राता राता औ डरलाग्दा देखिन्थे । तपस्या औ योगले प्राप्त भएका शारीरिक औ मानसिक वलले परिपूर्ण भएकोले ब्रह्मा, विष्णु औ शिब वाहेक अरू सबै देवताहरू आफ्ना हात हातमा उपहार लिएर उसको सेवामा रहन लागे॥१३॥ जब त्यो आफ्नो पुरुषार्थले इन्द्रासनमा बसेथ्यो अनि ता हे युधिष्ठिर ! बिश्वावसु, तुम्बरु र हामी सबै उसको अगाडि गाउँदथ्यौं । गन्धर्व, सिद्ध, ऋषि, विद्याधर औ अप्सराहरू वारम्बार उसको स्तुति गर्दथे ॥१४॥

त्यो कत्तिको तेजस्वी थियो भने वर्णाश्रम धर्मको पालन गर्न पुरुषहरू धेरै धेरै दक्षिणा दिनु पर्ने जति यज्ञ गर्दथे ती सबै यज्ञको आहुति ऊ स्वयं आफैले ग्रहण गर्दथ्यो ॥१५॥ उसको कहाँसम्मको प्रभाव थियो भने, सात द्वीप भएकी पृथ्वी खनजोत नगरीकन नै धरतीबाट काम-धेनुले झैं अनेक प्रकारका अन्न उत्पन्न गर्दथिन्, अन्तरीक्षबाट आफूले इच्छा गरेको चीज भेट्टा-उँदथ्यो तथा आकाश थरिथरिको अचम्भ लाग्ने वस्तु दिएर उसको सेवा गर्दथ्यो ॥१६॥ यसै गरी नुनिलो पानी, मदिरा, घिउ उखूको रस, दही, दूध औ स्वादिलो पानी भएका सातै समुद्र तथा यिनका पत्नी नदिहरू आफ्ना तरङ्गद्वारा थुप्राका थुप्रा रत्नहरू उसकहाँ पुर्‍याउन लागे ॥१७॥ पर्वतहरू आफ्ना कन्दराहरूलाई उसको क्रीडालाई योग्य हुने ठाउँ बनाउन लागे तथा वृक्षहरू प्रत्येक ऋतुको फलफूल दिन लागे ।

आफू एक्लैले त्यसले सबै लोकपालहरूको गुण धारण गरेको थियो ॥१८॥ यस प्रकारसंग दिग्विजयी एवं एकक्षत्र सम्राट् बनेर त्यो आफूलाई मन पर्ने विषयको इच्छानुसार भोग गर्दथ्यो तापनि इन्द्रियहरूको दास भएकोले उसलाई तृप्ति हुँदैनथ्यो ॥१९॥

यस रूपमा पनि 'त्यो ता सनकादीहरूले श्राप दिएको भगवान्‌को उही पार्षद थियो । ऐश्वर्यको मदले धतबाला भैराखेको त्यो घमण्डमा चूर भएर शास्त्र-मर्य्यादाको उल्लङ्घन गर्न लाग्यो । यसो गर्दा गर्दैमा उसको अनेक समय वितेर गयो ॥२०॥ उसको उग्र शासनले हडबडाएका लोक र लोकपालहरू अन्यत्र कतै आश्रब नपाएकोले श्रीबिष्णु भगवान्‌को शरण लिन पुगे ॥२१॥ र भन्न लागे–" जहाँ सर्वेश्वर भगवान् रहनु हुन्छ एवं जहां पुगेका शान्त औ निर्मल सन्यासी महात्माहरूले फेरि फर्कनु पर्दैन, त्यस परमधामलाई हामी नमस्कार गर्दछौं ॥२२॥ यस प्रकारसंग निर्मल हृदय भएका लोकपालहरूले इन्द्रियहरूलाई आफ्नो बशमा गराई, खान, पिउन सुत्न छाडि दिए र भगवान्‌को आराधना गर्न लागे ॥२३॥ एकदिन उनीहरूले मेघसमानको गम्भीर तथा साधुहरूलाई अभय प्रदान गर्ने आकाश वाणी सुने । त्यसको ध्वनिले दिशाहरू गुञ्जायमान हुन गए ॥२४॥ यो आकाशवाणी यस प्रकारको थियो—" हे श्रेष्ठ देवता हो ! नडराओ, तिमी सबैको कल्याण होओस् । मेरो दर्शनले प्राणीहरूलाई सब प्रकारको कल्याण मिदल्छ ॥२५॥ यस अधम दैत्यको दुष्टता मलाई थाहा भैसकीछ, यसको शान्तिको उपाय म गरिदिन्छु, अहिलेलाई अलिदिन सम्म समयको प्रतीक्षा गर ॥२६॥ जब कुनै प्राणी देवता, गाई वेद, ब्राह्मण, साधु, धर्म र मसित द्वेष गर्न थाल्दछ अनिता त्यसको झट्टै विनाश भै हाल्दछ ॥२७॥ जब यो, कसैसित बैर–विरोध नगर्ने, शान्त औ महात्मा आफ्नो छोरासित वैर गर्न थाल्नेछ, उसको अनिष्ट गर्न खोज्ने छ, त्यस बेला ब्रह्माबाट वर पाएकोले शक्ति सम्पन्न भए तापनि अवश्य त्यसलाई मारि दिनेछु ॥२८॥

नारदजी भन्नु हुन्छ—

सबैको हृदयमा ज्ञानको सञ्चार गर्ने भगवान्‌ले यस प्रकारसंग भनेपछि देबताहरू उहाँलाई प्रणाम गरी फर्केर आए, उनीहरूको मनको उद्वेग हटेर गयो र अवलाई हिरण्यकशिपु मारियो भने पनि हुन्छ भनेर उनीहरू ढुक्क परे ॥२९॥

हिरण्यकशिपुका बडा विलक्षण चार छोरा थिए। प्रल्हाद सबैभन्दा कान्छो भए तापनि गुणमा भने सबैभन्दा वढ्ता थिए, किन कि उनी महा पुरुषहरूको सेवा गर्ने, ब्राह्मण भक्त, शुशील स्वभाव भएका, सत्य प्रतिज्ञ एवं जितेन्द्रिय थिए। सबै प्राणीको साथमा आफूसमान समताको व्यवहार गर्दथे । सबैका एकमात्र प्यारा औ सच्चा हितैषो थिए ॥३०--३१ आफू भन्दा ठूलाको चरणमा सेवक झैं विनीतभावले निहुरन्थे, गरीवमाथि वाबु झैं स्नेह गर्दथे, आफूसमान मा दाजु भाइमा जस्तो प्रेम राख्तथे तथा गुरुजनलाई ईश्वरसमान मान्दथे । विद्या, धन, सौन्दर्य्य औ कुलीनताले सम्पन्न भए तापनि यिनमा अभिमान, अहङ्कारको लेश पनि थिएन ॥३२॥ ठूला ठूला आपत्ति आइपर्दा अलिकता पनि हडबडाउन्नथे

आफूले देखेका यस लोकका औ सुनेका परलोकका सारा विषयलाई निस्सार औं असत्य संझने हुनाले उनको मनमा कुनै वस्तुको पनि लालसा थिएन। इन्द्रिय-प्राण-मन-शरीर यी सबै आफ्नो वशमा थिए, उनको चित्तमा कहिले पनि कुनै प्रकारको कामना उठ्तैनथ्यो। यस प्रकारसँग असुरकुलमा उत्पन्न भए तापनि उनको स्वभावता असुरहरूका जस्तो अलिकता पनि थिएन ॥३३॥ जस्तै भगवान्का गुण अनन्त छन् त्यस्तै प्रह्लादका श्रेष्ठ गुणको पनि सीमा थिएन हे राजन ! महात्माहरूले सर्वदा उनको गुणको वर्णन तथा अनुकरण गरि आएका छन्। उनका गुणहरू अहिले सम्म पनि संसारमा जस्ताको तस्तै छन् अर्थात् अप्रसिद्ध भएका छैनन् ॥३४॥ हे राजन ! देवताहरू उनको शत्रु भए तापनि भक्तहरूको चरित्र सुन्नाको निम्ति जब उनीहरूको सभा हुन्छ, त्यस बखतमा अरु अरु भक्तलाई प्रह्लाद जस्तो भनेर उनको सम्मान गर्दछन्, त्यस्ता प्रह्लादको तपाईंसमानका भगवद्भक्तले आदर गर्नु भएमा कुनै आश्चर्यको कुरो हुने छैन ॥३५॥ जसको वासुदेव भगवान्मा स्वाभाविक श्रद्धा-भक्ति थियो त्यस्ता प्रह्लादको असंख्य गुणको वर्णन गर्ने सामर्थ्य कसमा होला ? मैले ता यति भनेर केवल उनको महिमाको सूचनासम्म पो दिएको हूँ ॥३६॥

हे राजन् ! जब उनी बालकै थिए त्यस बेला पनि ता खेलकूद गर्न छाडेर भगवान्को ध्यानमा तन्मय हुन्थे। श्रीकृष्ण भगवान्ले अनुग्रह गरी उनको हृदयलाई आफूतिर कत्तिको आकर्षित गर्नुभएको थियो भने उनलाई संसार यस्तो छ भन्ने सम्मको पनि पत्तो रहँदैनथ्यो अर्थात् संसारका कुरामा उनको ध्यान अलिकता पनि जान्नथ्यो। भगवान्मा तन्मय भएकोले उनी कहाँसम्म जड देखिन्थे भने भूत प्रेत लागेर बेहोस भएका हुन् कि भन्ने सम्मको भान पर्न जान्थ्यो ॥३७॥ गोविन्द भगवान्मा लिप्त भएका प्रह्लादलाई बस्ता, डुल्दा, खाँदा, सुत्दा, पिउँदा, कुराकानी गर्दा भगवान्मा तन्मय रहने हुनाले म के गर्न लागेको छु भन्ने कुराको होससम्म पनि रहँदैनथ्यो ॥३८॥ कहिले कहिले भगवान्ले मलाई छाडेर जानुभयो भन्ने चिन्तामा उनको हृदय यसरी डुब्दथ्यो कि विरहले गर्दा डाँको छाडेर रुन लाग्दथे, कहिले भने मनैमनमा उहाँलाई आफ्नो सामुन्ने देखेर दंगपरिकन हाँस्न लाग्दथे, औ कहिले उहाँको ध्यानको आनन्दमा मग्न भएर सारसारै भगवान्को गुणको गान गर्न लाग्दथे ॥३९॥ कहिले उत्कण्ठित भएर चर्को स्वर झिकी गर्जन थाल्दथे, कहिले लोकलाजको केही बास्ता नराखेर नाच्न थाल्दथे। कहिले उहाँको लीलाको चिन्तनमा तल्लीन भएर आफ्नो होसै नराखेर ती लीलाहरूको अनुकरण गर्न थाल्दथे ॥४०॥ कहिले भगवान्को कोमलस्पर्शको अनुभव गरेर आनन्दमा मग्न भै चुप्प लागेर बस्तथे। यस बखतमा उनको शरीरमा रोमाञ्च हुन्थ्यो र प्रेमले गर्दा निस्केको आनन्दको आँसुको जलले टम्म भरिएकोले आँखा बन्द भए जस्तो हुन्थे ॥४१॥ हे राजन् ! श्रीकृष्ण भगवान्को चरणकमलको यो भक्ति महात्मा प्रह्लादले अकिञ्चन भगवद्भक्त साधुहरूसिनको सहवासले प्राप्त गरेका थिए। यस भक्तिले गर्दा उनी स्वयं ता

परमानन्दमा मग्न भैरहन्थे औ साथसाथै कुसङ्गतले गर्दा दुर्गतिमा प्राप्त भएका विचराहरूको मनमा समेत बारम्बार शान्ति दिन्थे ।।४२।। हे राजन् ! यस्ता महाभाग्यशाली महात्मा, महाभागवतभक्त छोरासित समेत हिरण्यकशिपु विरोध गर्न लाग्यो ॥४३॥

राजा युधिष्ठिरले सोधे—

हे देवर्षे ! हे सुव्रत ! अखण्डव्रत भएका बाबु भएर पनि हिरण्यकशिपुले यस्ता शुद्ध हृदय महात्मा छोरासित किन द्रोह गरेको हो, सो कुरा तपाईंबाट सुन्न चाहन्छु ॥४४॥ बाबु ता स्वभावैले आफ्ना छोरासित प्रेम गर्दछन् ; छोरा कदाचित् प्रतिकूल भयो भने पनि ता उसलाई शिक्षा दिनाको निम्ति तिरस्कार ता गर्दछन् तर शत्रु झैं ऊसित विरोध ता गर्दैनन् ॥४५॥ प्रह्लादजी जस्ता अनूकूल, शुद्धहृदय, गुरुजनलाई ईश्वरसमान संझने छोरासित ता बाबुले कसरी द्वेष गर्न सक्ला ? हे नारदजी ! बाबुले द्वेषले गर्दा छोरालाई मार्न खोज्यो भन्ने कुरामा ता हामीलाई बडो आश्चर्य भै राखेको छ, अतः हे ब्रह्मन् ! कृपा गरी हाम्रो यो बिस्मय दूर गरि दिनोस् ॥४६॥

....

अध्याय—५

हिरण्यकशिपु र प्रह्लादको सम्बाद, छोरालाई मार्नाको निम्ति हिरण्यकशिपुको प्रयत्न, प्रह्लादलाई फेरि गुरुको घरमा पठाउनु ।

नारदजी भन्नुहुन्छ—

असुरहरूले भगवान् शुक्राचार्यलाई आफ्नो पुरोहित बनाएको कुरा प्रसिद्ध छ, अतः शण्ड र अमर्क नाम गरेका दुई छोरा दैत्यराज हिरण्यकश्यपुको राजमहलनिर बस्तथे॥१॥ राजाले पठाएका नीतिनिपुण बालक प्रह्लाद तथा अरू असुरबालकहरूलाई समेत ती दुवै पाठ्य-विषय (दण्डनीति इत्यादि) पढाउँने गर्दथे ॥२॥ प्रह्लाद गुरुले पढाएको पाठ सुन्दथे र सुनिसके पछि जस्ताको तस्तैगरी सुनाइदिन्थे; तर ''यो आफ्नो हो, यो अर्काको हो " यस्तो असत् आग्रहले युक्त भएको त्यो पाठ उनको मनमा असल लाग्दैन थ्यो ॥३॥ हे महाराज युधिष्ठिर ! एक दिन दैत्यराज हिरण्यकशिपुले छोरा प्रह्लादलाई काखमा राखेर सोध्यो—"ए बाबु ! भन त तिमीले कुन कुरालाई उत्तम संझेका छौं ? " ॥४॥

प्रह्लादले भने—

हे असुरश्रेष्ठ पिताजी ! संसारका प्राणीहरूको बुद्धि " म हूँ, मेरो हो " भन्ने झूठो आग्रहमा परेर अत्यन्त उद्विग्न भै राखेको छ,

यस्ता प्राणीहरूको निम्ति ता आफ्नो अधःपतनको मूल-कारण, घाँसले ढाँकिएको अँध्यारो इनार जस्तो घरलाई छाडेर वनमा गई भगवान् हरिको आश्रय ग्रहण गर्नु नै उत्तम हो भन्नेसंझन्छु ॥५॥

नारदजी भन्नुहुन्छ—

आफ्नो छोरो प्रह्लादको मुखबाट शत्रुपक्षको प्रशंसाले युक्त भएको कुरा सुन्दा हिरण्यकशिपुले खित्का छोडेर हाँस्यो र भन्यो— "अरूले बहकाउँदा बालकहरूको बुद्धि यसैगरी भ्रष्ट हुन्छ ॥६॥ अतः यसलाई गुरुको घरमा लिएर जाओ र ती ब्राह्मणहरूले राम्रोसंग यसको देख-रेख गरुन् । गुरुको घरमा विष्णुका पक्षपाती ब्राह्मणहरू गुप्तवेषले बसेको जस्तो मालूम हुन्छ उनीहरूले यसको बुद्धि बिगार्न नपाउन्"॥७॥

दैत्यहरूले प्रह्लादलाई गुरुको पाठशालामा पुऱ्याएपछि पुरोहितहरूले उनलाई आफूनिर बोलाएर फकाइ फुलाइकन शान्तिपूर्व्वक बडो मधुरो स्वरले सोधे ॥८॥ "ए बाबु प्रह्लाद! तिम्रो कल्याण होस्, हामीले सोधेको कुरा न ढाटिकन साँचो साँचो भन त, अरू कुनै बालकको ता बुद्धि बिग्रेको छैन, खाली तिम्रो बुद्धि मात्र कसरी यस्तो उल्टो हुनगयो ? ॥९॥ हे कुलनन्दन तिमीलाई कसैले बहकाएको हो वा स्वयं तिम्रो बुद्धि यस्तो हुन गएको हो ? हेर, हामी तिम्रा गुरु हौं, हामीलाई यो कुरा सुन्ने इच्छा भै राखेको छ, तसर्थ साँचो साँचो कुरा भनिदेऊ ॥१०॥

प्रह्लादले भने—

जसको बुद्धि मोहले ग्रस्त भएको हुन्छ, तिनैको बुद्धिलाई भगवान्को मायाले गर्दा 'यो मेरो हो, यो अर्काको हो" भन्ने असत् ज्ञानले दूषित गर्दछ । ती मायापति भगवान्लाई नमस्कार गर्दछु ॥११॥ उनै परम पुरुष भगवान्को जब जीवमाथि अनुग्रह हुन्छ अनि ता त्यसको पाशविक बुद्धि नष्ट हुन्छ । यै पशुबुद्धिले गर्दा "यो व्यक्ति अर्को हो र म अर्को हूँ" भन्ने किसिमको झूठो भेद-भाव पैदा हुन्छ ॥१२॥ यो आत्मा नै परमात्मा हो । उसको स्वरूप न जानेकोले नै अज्ञानी व्यक्तिहरू "यो आफ्नो हो, यो अर्काको हो" यस प्रकारको भेद गरेर उसको वर्णन गर्दछन् । उनीहरूले यसो गर्नु पनि ठिकै हो, कारण ब्रह्मा आदि गरिएका ठूला ठूला वेदवादी समेत ता आत्मज्ञानमा मोहित हुन्छन् उनै आत्मस्वरूप परमात्माले तपाईंहरूको भनाई अनुसार मेरो बुद्धि बिगारी राखेको छ ॥१३॥ हे ब्रह्मन् ! जसरी फलाम स्वयं चुम्बकनिर तानिएर आउँछ त्यसै गरी चक्रपाणि भगवान्को स्वच्छन्द इच्छा शक्तिले मेरो चित्त पनि संसार-देखि विरक्तिएर उनीतिर बलपूर्व्वक तानिन लागेको छ ॥१४॥

नारदजी भन्नुहुन्छ—

परमज्ञानी प्रह्लादजी आफ्ना ब्राह्मण गुरुलाई यति भनेर चुपलागे । पुरोहित विचरा ता राजाका सेवक हुनाले पराधीन थिए अतः झोंक्किएर प्रह्लादलाई हप्काउँदै भन्नलागे ॥१५॥ "अरे ! त्यहाँ को छ हँ ? मेरो बेत ता लिएर आओ यसले हाम्रो यशमा कलङ्क लगाउन लागेको छ । यस्ता दुर्बुद्धि कुलाङ्गारको निम्ति शाम, दान भेद, दण्ड यी चार उपायमा चौथो याने दण्ड नै शास्त्रमा ठीक भनिएको छ ॥१६॥ दैत्यको

वश चन्दनको वन हो, यसमा यो बालक काँढे काँढा भएको रुख जस्तो भएर उम्रन आएको छ; विष्णु यस वनको जरो काट्ने बञ्चरो भएका छन् औं यो बालक त्यस बञ्चरोको बीड अर्थात् सहायक भै राखेको छ" ॥१७॥

यस प्रकारसंग डाँटडपट आदि अनेक उपायले प्रह्लादलाई तर्साईसकेपछि गुरुजी फेरि उनलाई धर्म-अर्थ-कामको प्राप्ति गराउँने विद्या पढाउँन लागे ॥१८॥ केही काल पछि प्रह्लादले साम-दान-भेद दण्ड सम्बन्धी चारै विषय जानिसके भन्ने कुरा बुझे पछि गुरुले उनलाई आमानिर लगे। आमाले पनि उनलाई राम्रोसँग नुहाएर, गहना लुगा पहिराएर सिंगारिन् अनि आचार्य्यले प्रह्लाद-लाई पिता हिरण्यकशिपुनिर लगे॥१९॥ प्रह्लादले आफ्ना पिताको चरणमा टाउको राखेर ढोग-दिए। हिरण्यकशिपुले उनलाई उठाएर आशीर्वाद दियो औं दुवै हातले घेर वेर सम्म अंगालो हालिराख्यो। यस बखतमा उसको हृदयमा खूब आनन्द भएको थियो ॥२०॥ हे युधिष्ठिर ! हिरण्यकशिपुले हँसिलो मुख लगाएका प्रह्लाद-लाई काखमा राखी उनको मस्तक सूँघ्यो र आँखाबाट झरेका आनन्दका आँसूले उनको शरीर भिजाउंदै यस प्रकारसँगभन्न लाग्यो॥२१॥

हिरण्यकशिपुले भन्या—

ए चिरञ्जीवी छोरा प्रह्लाद ! यतिका दिन्-सम्म तिमीले गुरुबाट जति कुरा सिक्यौ त्यस मध्येका कुनै असल कुरा मलाई भनन ॥२२॥

प्रह्लादले भने—

हे पिताजी ! विष्णु भगवान्को भक्तिको नौ भेद छ— भगवान्का गुण, लीला, नाम आदिको श्रवण, उनकै कीर्तन, उनको नाम रूपको स्मरण उनको चरणको सेवा, बन्दना, दास्यभाव, सखाभाव एवं आत्मसमर्पण॥२३॥भगवान्लाई सम-र्पण गरेर यी नौ प्रकारको भक्ति कसैले गऱ्यो भने, मेरो विचारमा ता त्यै नै सर्वोत्तम अध्ययन हो। तर गुरुजीले ता मलाई यो कुरा सिकाउनु भएन॥२४॥

छोराको यो कुरा सुन्नासाथ हिरण्यकशिपुको ओंठ रिसले थर् थर् काम्न थाल्यो र त्यसले गुरुपुत्रलाई भन्न लाग्यो ॥२५॥ ए दुर्मति नीच ब्राह्मण ! तैंले ता मेरो निरादर गरेर यस बालक-लाई कस्तो निस्सार शिक्षा दिछस्। तैंले ता अवश्य मेरो शत्रुको आश्रय लिएको रहेछ ॥२६॥ ठीक हो, संसारमा अनेक दुष्टहरू कपट वेष धारण गरी बाहिर मित्र जस्तो भएर रहन्छन् तर लुकिलुकिकन शत्रुको काम गर्दछन्, तर जसरी लुकिलुकिकन पापगर्नेहरूको पाप समय पुगेपछि रोगको रूप लिएर प्रकट हुन्छ ठीक त्यसैगरी कालान्तरमा उनीहरूको रूप पनि प्रकट नभै छाड्दैन ॥२७॥

गुरुपुत्रले भने—

हे इन्द्रका शत्रु ! तपाईंको छोरा जुन कुरा भनिरहेको छ त्यो मैले अथवा अरू कसैले बहकाएर भनेको होइन। हे राजन् ! यो ता यसको जन्मैदेखिको स्वाभाविक बुद्धि हो, तसथ क्रोध शान्त गर्नोस्, व्यर्थमा मलाई दोष नलगा-उनोस् ॥२८॥

नारद भन्नुहुन्छ—

गुरुले यस प्रकारसँग उत्तर दिएपछि हिरण्य-कसिपुले फेरि प्रह्लादलाई सोध्यो "यस्तो अहित गर्ने तेरो खोटो बुद्धि गुरुको उपदेशबाट

भएको होइन भने बता, यो आयो कता-बाट ? ॥२९॥

प्रह्लादले भने—

गृहस्थाश्रममा आसक्त भएका व्यक्तिहरूको बुद्धि स्वतः आफै, या कसैले सिकाउनाले अथवा आफू जस्तै सितको सङ्गतले भगवान् श्रीकृष्णमा लाग्न सक्दैन । इन्द्रियहरू वशमा न हुनाले यिनी हरू चपाएको कुरालाई फेरि चपाउने जस्तै गरेर भोगिसकेका विषयलाई फेरि फेरि भोग्नाको निम्ति संसाररूपी घोर नरकमा बारम्बार प्रवेश गर्दछन् ॥ ३० ॥ मूर्खताले गर्दा इन्द्रियले देखिने वाह्य विषयलाई नै जसले परम इष्ट संझेका छन् त्यस्ता बिषयाशक्त प्राणी, अन्धोको पछिलाग्ने अन्धो मानिस झैं, गुरुको उपदेशबाट पनि; हाम्रो स्वार्थ औ परमार्थ विष्णु भगवान् नै हुन् भनेर बुझ्न सक्दैनन ; किन कि यिनीहरू वेदबाणीरूप ईश्वरको मोटो डोरीले कर्म-जालमा जकडिएका हुन्छन् ॥३१॥ जबसम्म यिनीहरू अकिञ्चन भग-वत्प्रेमी महात्माहरूको चरणको धूलोमा स्नान गर्दैनन् तबसम्म यिनीहरूको बुद्धिले काम्य-कर्मको पूरा सेवनगरे तापनि भगवान्को चरणको स्पर्श गर्न सक्दैन । भगवान्को चरणस्पर्शले ता जन्ममृत्युरूप अनर्थको सर्वथा नाश भएर जान्छ ॥३२॥

प्रह्लादजी यति भनेर चुप लागे । हिरण्य-कशिपुले भने रिसले आगो भएर उनलाई आफ्नो काखबाट उचालेर तल भूइंमा पछारिदियो ॥३३॥ प्रह्लादको कुरा उसलाई सही नसक्नु भयो र रिसै रिसले आँखा रातो गराएर भन्यो— हे दैत्य हो ! यसलाई यहाँबाट बाहिर लगिहाल औ झट्टै मारी पनि हाल, किन कि यो मारिने योग्य छ ॥३४॥ यो पापी आफ्ना बन्धु-बान्धव-लाई छाडेर आफ्नो काकाको हत्या गर्ने विष्णुको चरणको, कमारोले झैं पूजा गर्दछ, अतः यस रूपमा यो मेरो भाइलाई मार्ने विष्णु नै आएको हो ॥३५॥ जसले पाँच वर्षकै अवस्थामा आफ्ना आमा बाबुमाथिको छाड्न गाह्रो पर्ने स्नेहलाई छाडिदियो, त्यस्तो कृतघ्नले दुरात्मा विष्णुको नै के उपकार गर्ला ? ॥३६॥ औषधि झैं, कुनै पराई भए तापनि आफ्नो हित गर्ने छ भने त्यसलाई एक किसिमले आफ्नो छोरो संझनु पर्दछ तर आफ्नै शरीरबाट जन्मेको छोरो दुःख दिने भएर निस्क्यो भने रोग झैं त्यसलाई आफ्नो शत्रु संझनु पर्दछ । अरूको ता के कुरा स्वयं आफ्नो शरीरको कुनै अङ्ग दुःख दिने भयो भने त्यससलाई काटेर फ्याँकि दिनु पर्दछ, किन कि त्यसलाई मिल्काएको खण्डमा शेष शरीर ता सुखसँग जीवित रहन सक्तछ ॥३७॥ भोजन गर्दा, सुत्ता, अथवा बस्ताखेरिको जुन समयमा भए पनि यसलाई कुनै न कुनै उपायले मारिदेओ किन कि जसरी भोगमा आसक्त भएको दुष्ट इन्द्रियले योगीजनको अनिष्ट गर्दछ त्यसैगरी स्वजनको रूप लिएर आएको यस शत्रुले मेरो कुभलो नै गर्ने छ ॥३८॥

हिरण्यकशिपुले यस प्रकारको आज्ञा दिना साथ तीखो दाह्रा, बिकराल मुख, तामाको रँगसमानका राता राता दाढी, जूगा औ कपालको रउँ भएका राक्षसहरू हातमा त्रिशूल लिएर " मार-काट " भन्दै बडो चर्को स्वरले चिच्च्या-

उन लागे र त्यहाँ बसिराखेका प्रह्लादजीको सम्पूर्ण मर्म-स्थानमा त्रिशूलले प्रहार गर्न-लागे ॥३९-४०॥ यस समयमा प्रह्लाजीको चित्त परमात्मामा लीन भै राखेको थियो, तसर्थ उनी-हरुका यी सबै प्रहार ईश्वरमा बिश्वास नभएको पापीले सत्कर्ममा गरेको उद्योग झैं व्यर्थ हुन गए,(किन कि ईश्वर ता विकारशून्य, मनबाणीका अगोचर, सर्वश्रेष्ठ एव सबैका आत्मा अर्थात् शस्त्रादिका पनि नियन्ता हुनुहुन्छ)। ४१।

हे युधिष्ठिर ! त्रिशूलको प्रहारले प्रह्लादको शरीरमा केही असर नगरेको देख्ता हिरण्य-कशिपुको मनमा बडो शङ्का हुन गयो। अवता प्रह्लादलाई मार्नको निम्ति ऊ वडो हठ गरेर किसिम किसिमको उपाय गर्न लाग्यो ॥४२॥ बडा बडा मतवाला हात्तीले कुल्चाउँदा, बिषालु साँपले टोकाउँदा, जादु-टुना गर्दा, पर्वतको-टाकुराबाट खसाल्दा,शम्बरासुरद्वारा नानाप्रकारका मायाको प्रयोग गराउँदा, अँध्यारो कोठामा थुन्दा, विष ख्वाउँदा, खान नदिंदा, हिऊँ नै हिऊँ भएको ठाउँमा—बल्दो आगोमा एवं समुद्रमा फ्याक्ता, आँधीमा पार्दा, पर्वत मनि थिच्दा इत्यादि कुनै उपायले पनि निर्दोष बालकको वध गर्न नसक्ता ता, आफ्ना सबै उद्यम व्यर्थ गएकोले हिरण्यकशिपुलाई ठूलो चिन्ता पऱ्यो र प्रह्लादलाई मार्नाको निम्ति उसको मगजले कुनै उपाय नै बिचार गर्न सकेन ॥४३-४४॥ ऊ मनमा बिचार गर्न लाग्यो—"अहो ! मैले यसलाई अनेक दुबचन भने, मार्नाको निम्ति नाना उपाय गरे. तर मेरो द्रोह औ सबै दुर्व्यवहारबाट यो विना कसैको सहायताले आफ्नै प्रभावद्वारा बाँच्तै गयो ॥४५॥ बालक भए तापनि यो निःशङ्क भावले मेरो नजीक बसिराखेको छ, अतः यसमा अवश्य केही सामर्थ्य हुनु पर्दछ । जसरी शुनः शेप आफ्नो बाबुको व्यवहारले गर्दा उसको बिरोधी हुन गएथ्यो त्यसैगरी यसले पनि मैले गरेको अपकारलाई विर्सने छैन ॥४६॥ न यो कोहीदेखि डराउँछ, न यसको मृत्यु नै हुन्छ, यसको प्रभाव ता जानी नसक्नु छ अतः योसित बिरोध गर्नाले अवश्य मेरो मृत्यु हुनै छ, सम्भव छ न पनि होस्, कारण मता अमर छु ॥४७॥

यस प्रकारको चिन्ताले गर्दा उसको मुखको कान्ति मलिन हुन गयो; उसलाई टाउको निहुरा-एर बसिराखेको देख्ता शुक्राचार्यका छोरा शण्ड औ अमर्कले एकान्तमा लगेर भने ॥४८॥ हे स्वामी ! तपाईं एक्लैले तीनै लोकमा विजय प्राप्त गर्नु भएको हो । तपाईंले आफ्नो आँखी भूई बंग्याउँदैमा सारा लोकपालहरू थर्कायमान हुन्छन् । तपाईंसमान प्रतापीको निम्ति ता म कुनै प्रकारको चिन्ताको कुरा देख्तीन । वास्त-वमा' यस्तो सानो बालकको व्यवहारमा भलो कुभलोको विचार गर्नु ता मुनासिव देख्तीन, किन कि बेला पुगेपछि यी सबै छुट्न सक्त-छन् ॥४९॥ जबसम्म पिता शुक्राचार्यजी आउनु हुन्न तवसम्म यसलाई वरुण-पाशमा बाँधि-राख्नोस, यस निम्ति कि यो डराएर कतै भाग्न न पाओस् । तबसम्ममा यसको उमेर पनि बढ्ने छ, अवस्थाको वृद्धिले तथा गुरुजनको सेवाले प्रायः अनेक मानिसको बुद्धि सुध्रेको देखिएको छ ॥५०॥

हिरण्यकशिपुले "ठीक भन्यौ" भनेर गुरु-पुत्रहरूको कुरा मञ्जूरगरी उनीहरूलाई भन्यो-"अब यसलाई गृहस्थ राजाहरूले जुन धर्मको पालन गर्दछन् त्यै धर्मको उपदेश गर्नु पर्दछ" ॥५१॥ हे महाराज युधिष्ठिर! यसपछि ती गुरुपुत्रहरूले अति विनीत औ नम्र स्वभाव भएका प्रह्लादलाई पाठशालामा लगेर क्रमशः धर्म-अर्थ-काम केवल यी तीन पुरुषार्थको शिक्षा दिन लागे ॥५२॥ गुरुले केवल अर्थ, धर्म र कामको मात्र शिक्षा दिने हुनाले प्रह्लादजीलाई यस किसिमको शिक्षा निको लागेन किन कि यस्तो शिक्षा ता रागद्वेषादि द्वन्द्व औ विषय-भोगमा रमाउँनेहरूका लागि मात्र उपयोगी बताइएको छ ॥५३॥

एक दिन गुरुजी आफ्नो घरको काम गर्न बाहिर गएका थिए, छुट्टी पाइएकोले समान उमेर भएका वालकहरूले प्रह्लादलाई आफूसँग खेल्नको निम्ति बोलाए ॥५४॥ प्रह्लादजी ता परम ज्ञानी थिए, उनले नजाने बुझेको कुनै कुरो थिएन तसर्थ उनलाई, यी बालकहरूले यै अवस्थामा बरमार्थको केही शिक्षा पाएनन् भने यिनले कहिले पनि जन्म-मरणको चक्रबाट छुटकारा पाउनेछैनन् भन्ने कुराको ज्ञान थियो। अतः बडो मधुरो स्वरले उनीहरूलाई आफूनिर बोलाएर उनीहरूमाथि कृपागरी हाँसि हाँसिकन उपदेश दिन लागे ॥५५॥ हे महाराज युधिष्ठिर! उनीहरू अहिले बालकै थिए तसर्थ उनको बुद्धि रागद्वेषादिमा रमाउने विषयी पुरुषहरूको उपदेश औ आचरणले दूषित हुन पाएको थिएन। राज कुमार हुनाले प्रह्लादजीलाई सबैले मान्दथे। यसैले उनले बोलाउने बित्तिकै सबै, आफ्नो खेलकूदको सामग्री छाडेर, उनीनिर गई उनको चारै तिर बसे र बडो प्रेमसँग एकटक लगाएर उनलाई हेर्नलागे। भगवान्का परम प्रेमी भक्त प्रह्लादको हृदय उनीहरूलाई देख्ता करुणा औ मैत्रीभावले पूर्ण हुन गयो र उनीहरूलाई भन्न लागे ॥५६-५७॥

....

अध्याय-६

प्रह्लादजी असुरबालकहरूलाई ब्रह्मज्ञानको उपदेश दिन्छन्।

प्रह्लादले भने—

ए साथी हो! यो मनुष्यजन्म बडो दुर्लभ छ, यसद्वारा अविनाशी परमात्माको प्राप्ति हुन सक्त छ तर अनित्त्य हुनाले जवानी अथवा वृद्धा-वस्थालाई न पर्खेर बुद्धिमान् पुरुषले वाल्या-बस्थादेखि नै भागवत धर्मको आचरण गर्नु पर्दछ ॥१॥ यस मनुष्य जन्ममा विष्णु भगवान्को चरणको शरण लिनु नै जीवको एकमात्र कर्तव्य हो किन कि उहाँ नै सम्पूर्ण प्राणीका स्वामी-सुहृद, प्यारो औ आत्मा हुनुहुन्छ ॥२॥ जसरी विना कुनै प्रयत्नले—निवारण गर्दा गर्दै पनि दुःख आइ पर्दछ त्यसैगरी हे भाइ हो! इन्द्रिय द्वारा उत्पन्न हुने सुखता देहसित सम्बन्ध हुनासथ प्राणीहरूले प्रारब्ध अनुसार जुन सुकै योनिमा पनि त्यसै भेटाइ हाल्दछन् ॥३॥ अतः सांसारिक

सुखको उद्देश्यले प्रयत्न गर्ने केही आवश्यकता छैन, किन कि स्वयं पाइने वस्तुको निम्ति परिश्रम गर्नुता आयु औ शक्तिलाई व्यर्थै गुमाउनु हो । भगवान्को चरणकमलको सेवाले जत्तिको कल्याण हुन्छ त्यत्तिको ता यी तुच्छ विषय-बाट कदापि हुन्न ।४। सम्पूर्ण अङ्गले पूर्ण भएको यो मानव शरीर रोग-शोकले ग्रस्त भएर मृत्युको आहारा बन्न न पाउँदैमा भव-भयमा परिराखेका विवेकी पुरुषले आफ्नो कल्याणको उपाय गरि-हाल्नु पर्दछ ।।५।। केवल सय वर्ष मानिसको पूर्ण आयु हो । त्यसमा पनि जसले आफ्नो इन्द्रियलाई वशमा गराउन सकेका छैनन् त्यस्ताको आँयुको आधा भाग ता व्यर्थैमा जान्छ किन कि यिनीहरू रातमा घोर तमोगुण अर्थात् अज्ञानले ग्रस्त भएर सुतिरहन्छन् ।।६।। यसमा पनि बालककालमा मोहग्रस्त रहनाले अर्थात् हितअहितको ज्ञान न रहनाले औ कुमार अवस्थामा खेलकूदमा लागिराख्नाले बीस वर्ष वितेको पत्तौं हुँदैन, वृद्धावस्थामा शरीर सामर्थ्यहीन भएकोले अन्तको बीस वर्ष व्यर्थैमा बित्तछ ।।७।। अलि-कता आयु जो बाँकी रहन्छ, त्यसमा पनि कहिले पूर्ण नहुने कामना औं प्रबल मोहले गर्दा घरद्वारमा आसक्त रहने हुनाले, प्रमत्त अवस्थामा अर्थात् कर्तव्य—अकर्तव्यको केही ज्ञान न भै कन बितेर जान्छ ।।८।।

इन्द्रियहरूलाई आफ्नो वशमा राख्न नसक्ने कुन चाँहि यस्तो पुरुष होला जो कि एक बाजि मायाममताको सुदृढ बन्धनमा बाँधिएको आफ्नो गृहासक्त चित्तलाई त्यताबाट छुटाउन सक्ला?।।९।। जसलाई चोर, सेवक तथा व्यापारीहरू प्राणको बाजी थापेर संग्रह गर्दछन् तसर्थ जो उनलाई प्राणभन्दा पनि बर्त्ता प्यारो हुन्छ त्यस्ती धनको तृष्णालाई कसले त्याग्न सक्तछ ? ।।१०।। जसको चित्त आफ्नो प्रियतमा पत्नीको एकान्त सह-वासमा, मन लठ्याउने उसको कुरा कानीमा, भाइ-बन्धु औ मित्रको स्नेहमा एवं बालकहरूको तोते वोलीमा फसिसकेकोछ, त्यसले कसरी उन-लाई छाड्न सक्तछ ? ।।११।। जो, ससुराको घरमा गएकी आफ्नी प्यारी छोरी, छोरा, भाइ, बहिनी, दीन अवस्थामा प्राप्तभएका माता-पिता, अनेक राम्रा राम्रा बहुमूल्य सामग्रीले सजिएको आफ्नो घर, वंशपरम्परादेखि चलि आएको आफ्नो जीविका चलाउने वृत्ति तथा पशु औ सेवकको निरन्तर स्मरणगर्नामा रमाएको छ, त्यसले कसरी उनलाई छोड्न सक्तछ ? ।।१२।। जसले मैथुन सुख औ जिभ्रोको सुखलाई बडो ठूलो सुख संझेका छन एवं भोगवासनाले कहिले पनि तृप्त नहुनाले सधैं लोभमा परी जो एउटा कर्मपछि अर्को कर्म गरिरहन्छन्, तसर्थ रेशमको किराले झैं आफूलाई झन् झन् कडा बन्धनमा जकड्याउँछन्,त्यस्ता मोहको सिमै नभएका व्यक्ति कसरी यस संसारबाट बिरक्त हुन अयत्रा यस-लाई त्याग्न सक्तछन् ? ।।१३।। आफ्नो कुटुम्बको पालन—पोषणमा अनुरक्त रहने व्यक्तिका मन कत्तिको मतवाला हुन्छ भने त्यसलाई यो कुटुम्बको पालन-पोषणमा आयु गुमाउनाले मेरो जीवनको वास्तविक उद्देश्य नष्ट भै रहेको छ भन्ने कुराको पत्तौ रहँदैन । खैर, यस कामद्वारा सुख पाइने भए पनि हुन्थ्यो, तर यसको निम्ति त्यो जहाँ जहाँ जान्छ त्यहाँ त्यहाँ दैहिक, दैविक औ

मानसिक तापले उसको हृदयलाई पोलिरहन्छन; मति हुँदा पनि उसलाई वैराग्य हुँदैन, केवल कुटुम्बमा नै आसक्त भै रहन्छ ॥१४॥ अजितेन्द्रिय औ कुटुम्बको ममतामा परेको मानिसको मन धनमा कत्तिको आसक्त भएको हुन्छ भने, अर्काको धन चोर्नाले परलोकमा नरक औ यसलोकमा राजदण्ड आदि गरिएका दोष जान्दा जान्दै पनि लोभलाई रोक्न नसकेर अर्काको धन चोरि हाल्द छ ॥१५॥ हे भाइ हो ! जो यस प्रकार सग कुटुम्बको पालन-पोषणमा लागेको हुन्छ त्यसलाई विद्वान् भए तापनि कुनै तरहबाट परमात्माको प्राप्ति हुँदैन, किन कि आफ्नो अर्काको भन्ने भेद-बुद्धिले गर्दा त्यसलाई पनि अज्ञानीहरू समानको तमःप्रधान गतिको प्राप्ति हुन्छ ॥१६॥

यस प्रकारसँग जो कामिनीहरूको मनोरञ्जनको सामग्री अर्थात उनको खेलाना बनेको छ औ जसले आफ्ना खुट्टामा सन्तानरूपी नेल पहिरी राखेको छ, त्यो बिचरो गरीब, जो सुकै होस्, जहाँ होवोस्, कुनै प्रकारले पनि आफ्नो उद्धार गर्न सक्तैन ॥१७॥ यस कारण तिमीहरू पनि विषयासक्त दैत्यहरूको संगत टाढैबाट छाडेर आदिदेव भगवान् नारायणको शरण लेओ, किन कि संसारको आसक्ति छाडेका महात्माहरूको निम्ति उहीं नै बाञ्छनीय मोक्षस्वरूप हुनुहुन्छ ॥१८॥

हे दैत्यकुमार हो ! भगवान्‌लाई प्रसन्न गराउनाको निम्तिमा कुनै विशेष परिश्रम वा प्रयत्न गर्नु पर्दैन किन कि उहाँ ता समस्त प्राणीको आत्मा औ संसारमा सर्वत्र सबैको सत्ताको स्वरूपमा स्वयंसिद्ध वस्तु हुनुहुन्छ अर्थात् सर्वव्यापी हुनुहुन्छ ॥१९॥ ब्रह्मादेखि लिएर स्थावरपर्यन्त सम्पूर्ण ठूला-साना प्राणीहरूमा, पञ्चमहाभूतबाट उत्पन्न भएका धटपटादि पदार्थमा, आकाशादि पञ्चतत्त्वमा, सत्वादि गुणमा, गुणहरूको साम्यावस्थारूप प्रकृतिमा, तथा गुणवैषम्यरूप महत्तत्त्वमा उनै अविनाशी भगवान् परमात्मा एक्लै विराजमान हुनु भएको छ ॥२०-२१॥ उहाँ स्वयं अनिर्देश्य (अनिर्वचनीय) औ अविकल्पित भए तापनि अन्तर्यामी द्रष्टाको रूपमा औ दृश्य जगत्‌को रूपमा हुनुहुन्छ । द्रष्टा, दृश्य, व्याप्य औ व्यापकको रूपमा उहाँको निर्वचन गरिन्छ ॥२२॥ केवल अनुभव स्वरूप आनन्द नै उहाँको स्वरूप हो, गुणहरूको सृष्टि गर्ने मायाद्वारा उहाँको ऐश्वर्य्य लुकिराखेको छ अतः उसको (मायाको) निवृत्ति हुनासाथ उहाँको दर्शन भै हाल्द छ ॥२३॥ यस कारण तिमीहरू आफ्नो आसुरी भाव त्यागेर सबै प्राणीहरूमाथि दया औ प्रेम गर, भगवान् अधोक्षजलाई प्रसन्न गराउने यै उपाय हो ॥२४॥ आदि नारायण अनन्त भगवान् प्रसन्न भएपछि नपाइएला भन्ने कुन वस्तु छ ? गुणको परिणामरूपले विना प्रयासले स्वयं पाइने धर्म, अर्थसित हामीलाई के प्रयोजन छ ? भगवान्‌को चरणामृतको सेवन गर्नामा औ उहाँको नाम गुणको कीर्तनमा लागेका हामीलाई मोक्षको समेत के आवश्यकता छ ? ॥२५॥ त्रिबर्गको नामले कहिएका धर्म-अर्थ काम एवं आत्मविद्या, कर्मकाण्ड, तर्कशास्त्र, दण्डनीति, औ जीविकाका अनेक साधन—यी सबै वेदमा वर्णन गरिएका विषय यदि आफ्ना परम हितैषी, परमपुरुष

भगवान्‌लाई आत्मसमर्पण गर्नामा सहायक छन् भने सार्थक हुन् नत्र ता सबै निरर्थक हुन् ॥२६॥ मैले तिमीहरूलाई बताएको यो निर्मल ज्ञान बडो दुर्लभ छ, उहिले नरनारायणले नारदलाई यसको उपदेश गर्नु भएथ्यो । यो ज्ञान उनीहरूलाई प्राप्त हुन सक्तछ जसले कि भगवानका अनन्य प्रेमी एवं अकिञ्चन भक्तहरूको चरण-कमलको धूलोले आफ्नो शरीरलाई स्नान गराएका छन् ॥२७॥ विज्ञान सहितको यो ज्ञान विशुद्ध भागवत धर्म हो । यै मैले भगवान्‌को दर्शन गराउने देवर्षि नारदजीको मुखबाट उहिले सुनेको हूँ ॥२८॥

प्रह्लादजीका सहपाठीहरूले सोधे—

हे प्रह्लाद ! हामीले औ तिमीले ता यी दुई गुरुपुत्र बाहेक अरू कसैलाई गुरु बनाएको जस्तो लाग्दैन । जब हामी र तिमी साना साना थियौं त्यै बेलादेखि यिनीहरू हाम्रा शासक भैराखेका छन् ॥२९॥ वाल्यावस्थामा पनि अन्तःपुरमा रहेको हुनाले तिमीसँग कुनै महापुरुषको समागम भयो होला भन्ने कुरा अलि असम्भव जस्तो मालूम हुन्छ । नारदसित तिम्रा भेट कसरी भयो त ? हे प्रियवर ! यस विषयमा विश्वास पान कुनै कुरा छ भने भनेर हाम्रो शङ्का दूर गरिदेऊ ॥३०॥

— — —

अध्याय-७

माताको गर्भमा छँदा आफूलाई नारदजीद्वारा प्राप्त भएको ज्ञानको प्रल्हादजी वर्णन गर्दछन् ।

नारदजी भन्नुहुन्छ—

दैत्यवालकहरूले यस प्रकारसँग सोधेपछि भगवान्‌का परम प्रेमीभक्त प्रह्लादलाई मेरो कुराको संझना भैहाल्यो र छक्कपरेका ती वालकहरूलाई भन्नलागे ॥१॥

प्रह्लादल भने—

जब हाम्रा पिताजी तपस्या गर्नाको निम्मि मन्दराचल पर्वतमा जानु भएथ्यो त्यस बेला देवताहरूले दानवहरूसित युद्ध गर्नामा बडो ठूलो उद्योग गरे ॥२॥ इन्द्रादि देवताहरू यस प्रकारसँग भन्नलागे—"जसरी कमिलाहरूले सर्पलाई खाइदिन्छन् त्यसैगरी सवै लोकलाई सताउने पापी हिरण्यकशिपुलाई उसका पापहरूले नष्ट गरिदिए" ॥३॥ देवताहरूको भारी तय्यारीको समाचार पाएपछि, सम्पूण दैत्यसेनापतिहरू देवताहरूको मार खाएर भयभीत भै; स्वास्नी, छोरा, मित्र, बन्धु, घर, पशु, औ गृहस्थीको साजसामानको केही वास्ता नराखेर आफ्नो प्राण बचाउनको निम्ति हतार हतारसँग यताउति भागेर गए ॥४-५॥ जीत चाहने देवताहरूले राजमहलमा लूट-पीट गर्नलागे र इन्द्रले ता मेरी आमा राजरानी कयाधुलाई कैदसम्म पनि गरे ॥६॥ डरले व्याकुल भै कुररी पक्षी झैं

रोइरहेकी मेरी आमालाई जब इन्द्र स्वर्गलोकतिर लइजानलागेका थिए, इच्छानुसार भ्रमण गर्ने नारदजीले, सौभाग्यले त्यहाँ बाटोमा आइपुगेकोले उनलाई देखे ॥७॥ नारदजीले भने— "हे देवराज ! यी निरपराध अबलालाई लइजान तिमीलाई उचित पर्दैन। हे महाभाग्यशाली इन्द्र! यी सती, साध्वी, अर्काकी स्वास्नीलाई छाडिदेऊ" ॥८॥

इन्द्रले भने—


यसको पेटमा देवद्रोही हिरण्यकशिपुको अत्यन्त प्रभावशाली वीर्य रहेको छ, अतःसुत्केरी न हुन्जेल यो मकहाँ रहोस्। बालक जन्मेपछि आफ्नो कार्य सिद्ध गरेर अर्थात् बालकलाई मारेर यसलाई छाडि दिनेछु ॥९॥

नारदजीले भने—

यसको गर्भमा रहेको बालक भगवान्को साक्षात् परम प्रेमीभक्त, आफ्नो गुणले गर्दा अत्यन्त पराक्रमी, अनन्तको सेवक औ निष्पाप महात्मा छ। यसलाई मार्ने शक्ति तिमीमा छैन ॥१०॥ देवर्षि नारदको यो कुरा सुनेपछि, इन्द्रले उहाँको कुरा मानेर मेरी आमालाई छाडिदिए र यसको गर्भमा भगवद्भक्त छ भन्ने भावले मेरी आमालाई प्रदक्षिणा गरी उनी देवलोकतिर लागे ॥११॥

यसपछि नारदजीले मेरी आमालाई आफ्नो आश्रममा लिएर गए र उहाँलाई संझाइ बुझाइकन भने—"ए नानी ! जबसम्म तिम्रा पति तपस्या गरेर फर्कंदैनन् तबसम्म यहीं बस ॥१२॥ मुनिले यस्तो भनेपछि उनी "जो आज्ञा" भनेर दैत्यराज तपस्यावाट फर्केर नआएसम्म, सब तरहले निर्भय भै उनैको आश्रममा बसिन् ॥१३॥ मेरी गर्भवती आमा गर्भमा रहेको म बालकको मङ्गल कामनाले तथा इच्छा गरेको समयमा अर्थात पिताजी फर्केपछि सन्तान उत्पन्न गर्ने उद्देश्यले बडो प्रेम तथा भक्तिसँग मुनिको सेवा टहल गर्न लागिन् ॥१४॥

यै अवसरमा परम दयालु एवं सर्वसमथ देवर्षि नारदले मेरो उद्देश्यले, आमालाई भागवत धर्मको रहस्य तथा विशुद्ध ज्ञान यी दुवैको उपदेश थिएथे ॥१५॥ धेरै समय बितेको हुनाले तथा स्त्रीजातिकी हुनाले मेरी आमालाई ता अहिले त्यस ज्ञानको संझना छैन तर देवर्षिको विशेष कृपा हुनाले मैले अहिले सम्म त्यो बिर्सेको छैन ॥१६॥ हे बालक हो ! तिमीहरूले पनि मेरो कुरामा श्रद्धा गर्‍यौ भने, त्यस श्रद्धाले मलाई झैं तिमीहरूलाई पनि ज्ञान हुन सक्तछ श्रद्धाको बलले मेरी झैं अरू बालक औ स्त्रीहरूको बुद्धि पनि शुद्ध हुन सक्तछ ॥१७॥ जसरी ईश्वर मूर्ति कालको प्रेरणाले रुखको फलमा जन्म-वृद्धि-परिणाम-क्षय-जीर्णता-नाश यी छ वटा भाव देखिन्छन् त्यसैगरी जन्म अस्तित्वको अनूभूति बृद्धि-परिणाम-क्षय-विनाश यी छ विकार शरीरमा पनि देखिन्छन् तर यी अवस्थासँग आत्माको कुनै सम्बन्ध रहदैन ॥१८। किन कि आत्मा ता नित्य, अव्यय (अविनाशी) शुद्ध एक, क्षेत्रज्ञ, सर्वाश्रय, विकारशून्य, स्वयंप्रकाश सबैको कारण, व्यापक, असङ्ग, एवं अनाबृत (पूर्ण) छ ॥१९॥ यी उत्कृष्ट बाह्लक्षणको सहायताले आत्मालाई चिन्हेर, शरीरमा मोहले गर्दा उत्पन्न भएको "म-मेरो" भन्ने असत्य



प्रह्लादकी मातालाई नारदजीको उपदेश

मुद्रक—गीताप्रेस, गोरखपुर

भावलाई विद्वान् पुरुषले त्यागिदिनु पर्दछ ॥२०॥ जसरी सुनको खानीमा, पत्थरमा मिसिएको सुनलाई सुन झिक्ने उपाय जान्ने सुवर्णकारले त्यसबाट युक्तिसग सुन झिक्तछ त्यसैगरी अध्यात्मतत्त्व बुझेको मानिसले यै शरीरमा आत्मयोगद्वारा ब्रह्मपदको साक्षात्कार गर्न सक्तछ ॥२१॥

आचार्यहरूले मूल प्रकृति, महत्तत्त्व, अहङ्कार र पञ्चतन्मात्रा यी आठ तत्त्वलाई प्रकृति भनेका छन् । यसका सत्व-रज-तम तीन गुण छन् । दस इन्द्रिय, एउटा मन र शब्दादि पाँच विषय यी सोह्र यसका विकार हुन् । आत्मा यिनीहरूदेखि भिन्न छ तापनि यी सबैको साक्षी उही एक छ ॥२२॥ माथि कहिएका मूलप्रकृतिका सबै रूपान्तरको समुदाय नै यो देह हो । यो दुई प्रकारको छः – स्थावर र जङ्गम । यै देहमा अन्तःकरण – इन्द्रिय आदि अनात्मवस्तुलाई "यो आत्मा होइन, यो आत्मा होइन" यस प्रकारले असत्‌लाई त्यागेर आत्मालाई राम्रोसंग खोज्नु पर्दछ ॥२३॥ जसरी मालाको दाना उनिएको धागो दानादेखि पृथक् छ त्यसैगरी आत्मा पनि देहादि सम्पूर्ण विकारमा अनुगत छ तापनि मालाको धागो झैं त्यो साक्षी आत्मा पनि सम्पूर्ण दृश्य-वर्गदेखि पृथक् छ, यस प्रकारको विचारले विशुद्ध भएको बुद्धिद्वारा, संसारको उत्पत्ति, स्थिति औ प्रलयको कारणलाई सावधानभावले आलोचना गर्दै गरेर विचारवान् पुरुषले आत्माको अनुसन्धान गर्नु पर्दछ ॥२४॥ जाग्रत्-स्वप्न-सुषुप्ति यी तीन बुद्धिका वृत्ति हुन् । जसद्वारा यी वृत्तिहरूको अनुभव हुन्छ तिनै सर्वसाक्षी परमात्मा हुन् ॥ २५ ॥ माथि कहिएका बुद्धिका तीन अवस्थाहरू आत्माका धर्म हुँदैनन् । जसरी गन्धद्वारा फूलसित सम्बन्ध राख्ने वायुको ज्ञान हुन्छ त्यसैगरी बुद्धिका यी तीन कर्मजन्य औ बदलिने अवस्थाहरूद्वारा बुद्धिसित सम्बन्ध राख्ने अर्थात बुद्धिको तीनै अवस्थाको साक्षी आत्माको स्वरुपको ज्ञान प्राप्त गर्नु पर्दछ ॥२६॥ गुण औ कर्मले गर्दा हुने यो जन्म-मृत्युरूप संसारबन्धन, आत्मालाई शरीर औ प्रकृतिदेखि पृथक् न सम्झनाले नै भएको हो । यो संसार अज्ञान-जनित औ मिथ्या भए तापनि जीवलाई सपनामा देखिएका वस्तु झैं, यसको प्रतीति हुन्छ ॥२७॥

अतः यस संसारसङ्कटबाट मुक्त हुनको निम्ति तिमीहरूले त्रिगुणात्मक कर्मका बीजहरूलाई (कामनाहरूलाई) भस्म गरिदेवो । यसबाट बुद्धिका जाग्रदादि वृत्तिहरूको प्रबाह पनि निवृत्त हुन्छ । यस साधनलाई योग अथवा परमात्मासितको मिलन भने पनि हुन्छ ॥२८॥ यी त्रिगुणात्मक कर्महरूको जरो उखेलेर फ्याक्नलाई अथवा बुद्धिका वृत्तिहरूको प्रवाह बन्दगर्नलाई हजारौं साधन छन् तापनि जुन उपायले सर्वशक्तिमान् भगवान्‌मा स्वाभाबिक निष्काम प्रेम उत्पन्न हुन्छ त्यै उपाय सर्वश्रेष्ठ हो भनेर भगवान्‌ले भन्नु भएको छ ॥२९॥ प्रेमपूर्वक गुरुको सेवा गर्नु, आफूले पाएका सबै वस्तुलाई प्रेमसँग भगवान्‌लाई अर्पण गर्नु, भगवत्प्रेमी महात्माहरूसितको सत्संग गर्नु, भगवान्‌को आराधना गर्नु भगवत्कथामा श्रद्धा राख्नु प्रभुका गुण औ लीलाहरूको कीर्तन गर्नु, उहाको चरणकमलको चिन्तन गर्नु, भगवान्‌को मूर्तिको दर्शन पूजन गर्नु

इत्यादि साधनले भगवान्मा स्वाभाविक प्रेम हुन जान्छ ॥३०-३१॥ शर्वशक्तिमान् भगवान् श्रीहरि सम्पूर्ण प्राणीमा विराजमान हुनुहुन्छ भन्ने भावनालिएर यथाशक्ति सबै प्राणीको इच्छा पूर्ण गरोस् औ सबैको भित्रदिलैदेखि सम्मान गरोस् ॥३२॥ काम-क्रोध-लोभ-मोह-मद-मत्सर यी छ शत्रुमाथि यिजय प्राप्त गरी जसले यस प्रकारकौ साधनको अर्थात् भगवान्को भक्तिको अनुष्टान गर्दछन् तिनलाई श्रीकृष्ण भगवान्का चरणमा अनन्य प्रेमको प्राप्ति हुन्छ ॥३३॥

भगवान्को लीलाशरीरद्वारा गरिएका अद्‌भुत-कर्म, उहाँका अनुपम गुण औ पराक्रम सुन्दा जब मानिस, अत्यन्त आनन्दको बाँढी उठेकोले रोमाञ्चित हुन्छ, आँसूले गर्दा गद्द गद्द स्वरले अलिकता पनि सङ्कोच नगरी साह्रै सान्है गाउन चिच्च्याउन र नाच्न थाल्दछ॥३४॥ जब ग्रह-गस्त पागल झैं कहिले हाँस्न,कहिले विलाप गर्न कहिले ध्यान गर्न कहिले भगवद्भावले सर्वसाधारणलाई वन्दना गर्न लाग्दछ र जब भगवान्मै तन्मय भएर अलिकता पनि सङ्कोच न मानेर बारम्बार लामो लामो साँस फेर्दै हे हरे ! हे जगत्पते ! हे नारायण । भन्न थाल्दछ ॥३५॥ तब पो भक्तियोगको महान् प्रवाहले उसको सारा बन्धन काढिएर जान्छ एवं भगवद्भावको भावना गर्दा गर्दैमा उसको हृदय पनि तदाकार—भगवन्मय हुन्छ । त्यस बेलामा आफ्नो जन्म-मृत्युको विउको खजाना अर्थात् अज्ञान औ वासना नष्ट भएकोले त्यो पुरुष अधोक्षज भगवान्लाई प्राप्त गर्दछ ॥३६॥

यस लोकमा अधोक्षज भगवान्को उपलब्धि अर्थात् मनद्वारा गरिएको चिन्तन नै अशुद्धचित्त भएका प्राणीहरूको निम्ति संसार-चक्रलाई उच्छिन्न गर्ने हुन्छ । यै भगवानको उपलब्धिलाई कोही ब्रह्म र कोही निर्वाण सुख भन्दछन् तसर्थ हृदयमा अन्तर्यामी भगवान्को भजन गर ॥३७॥ हे मित्र हो ! आफ्नो हृदयमा आकाशसमान नित्य विराजमान रहने हृदयेश्वर भगवान्को भजन् गर्नामा केही विशेष परिश्रम गर्नु पर्दछ र ? उहाँ ता सामान्य भावले समस्त प्राणीहरूको परम मित्र एवं आफ्नो आत्मा नै हुनुहुन्छ । उहाँलाई छाडेर साधारण विषयको उपार्जन गर्नामा के लाभ छ ? ॥३८॥ धन, स्त्री पशु, पुत्रादि, घर, पृथ्वी, हात्ती, खजाना, नाना प्रकारका सम्पत्ति तथा संसारको समस्त धन एवं भोगका सामग्रीहरू यी सवै स्वयं नाश हुने पदार्थ हुन, यिनले क्षण-भङ्गुर मानिसलाई के सुख दिन सक्लान् ? ॥३९॥ जसरी यस लोकको सम्मत्ति प्रत्यक्ष नाशवान् छ त्यसैगरी यज्ञादिद्वारा प्राप्त हुने स्वर्गादि लोक पनि नाश हुने औं एउटामा भन्दा अर्कोमा अलिकता विशेषता सम्म मात्र भएका हुन्, तसर्थ यिनी-हरूलाई पनि निर्दोष भन्न सकिन्न । निर्दोष ता केवल परमात्मा छन् उनमा न कसैले दोष देखेको छ, न सुनेको छ, अतः परमात्माको प्राप्तिको निम्ति अनन्य भक्तिले उनै परमेश्वरको भजन गर्नु पर्दछ ॥४०॥

यस बाहेक आफूलाई बडो विद्वान् संझने पुरुषले यस लोकमा जुन उद्द श्यले बारम्बार अनेक कर्म गर्दछ, त्यसले—उद्दे श्यको प्राप्ति हुने कुरा त टाढै छ-झन् उद्दे श्यको विपरीत फल पो पाउँछ—अवश्य पाउँछ ॥४१॥ सुख पाउनु र

दुःखबाट छुटकारा पाउनु यी दुई कर्ममा प्रवृत्त हुनाको उद्देश्य हो, तर कामनाले गर्दा त्यसले यहाँ सदा सर्वदा दुःखै भोग्नु पर्दछ; बरु सकाम गर्नु भन्दा अघि निष्कामताको सुख ता थियो, सकाम गर्न थाले पछि ता त्यसबाट पनि वञ्चित हुन्छ ॥४२॥ यस संसारमा पुरुष जुन शरीरको निम्ति काम्य कर्मद्वारा नाना प्रकारका भोगको इच्छा गर्दछ त्यै शरीर ता श्याल, कुक्कुरको भोजन एवं क्षणभङ्‌गुर छ—यो कहिले प्राप्त हुन्छ औं कहिले छुट्‌त छ ॥४३॥ जब यै शरीरको यो हालत छ भने यो देखि अलगै रहने ममताका आश्रयरूप छोरा, स्वास्नी, घर, धनादि, राज्य' खजाना, हात्ती, मन्त्री, नोकर, तथा अरू अरू आफ्ना कहिनेहरूको निम्ति ता के भन्ने ?॥४४। यी तुच्छ विषय ता शरीरको साथ साथै नष्ट हुने हुन्; अज्ञानले गर्दा अर्थवत् (पुरुषार्थ जस्ता) देखिए तापनि बास्तवमा अनर्थ (मिथ्या) नै हुन्। आत्मा स्वयं अनन्त आनन्दको समुद्र हो, त्यसलाई यी वस्तुसितको के प्रयोजन छ ? ॥४५॥

हे भाइ हो ! अलि विचार गरेर ता हेर गर्भाधानदेखि लिएर मृत्यु-पर्य्यन्त सबै अवस्थामा आफ्नो कर्मको अधीन भै दुःखै दुःख भोग्ने प्राणीले यस संसारमा कति सुख पाउँछ ? अर्थात् अलिकता पनि पाउन्न ॥४६॥ यो जीव सूक्ष्म शरीरलाई नै आत्मा संझेर त्यसद्वारा अनेक कर्म गर्दछ र यिनै कर्मले गर्दा त्यसले फेरि स्थूल शरीर ग्रहण गर्दछ, यस प्रकारसंग कर्मले शरीर र शरीरले कर्मको परम्परा चल्न थाल्द छ तर यी दुवै देह र कर्मको उत्पत्ति अविवेकले अर्थात् यिनलाई आफूदेखि पृथक् न संझनाले भएको हो ॥४७॥ तसर्थं निष्काम भावले निष्क्रिय आत्मस्वरूप भगवान् श्रीहरिको भजन गर्नु पर्दछ । धर्म, अर्थ काम यी सबै उहींकै अधीनमा छन्, उहाँको इच्छा बिना यी कुनै पनि भेटिने होइनन् ॥४८॥ भगवान् श्रीहरि समस्त प्राणीहरूको ईश्वर, आत्मा औं परम प्रियत्तम हुनु हुन्छ । आफैले बनाएका पञ्चभूत औं महत्तत्त्वादिले उत्पन्न भएको शरीरमा जीवको नामले कहिनु हुन्छ ॥४९॥ देवता, असुर, मनुष्य, यक्ष अथवा गन्धर्व जसले पनि भगवान्‌को चरणकमलको सेवन गर्नाले मैले जस्तै आनन्द पाउन सक्तछ ॥५०॥

ब्राह्मण देवता वा ऋषि भएर विविध ज्ञान औ सदाचारले सम्पन्न भएर, अथवा दान, तप, यज्ञ, शौच एवं व्रत इत्यादि कुनै उपायले पनि मुकुन्द भगवान्‌लाई प्रसन्न गराउन सकिन्न उहाँ ता केवल विशुद्ध (निष्काम) भक्तिले नै प्रसन्न हुनुहुन्छ, भक्ति बाहेक अरू सबै उपाय ता बिडम्बना मात्र हुन् ॥५१-५२॥ तसर्थं हे दैत्य वालक हो ! सम्पूर्ण प्राणीलाई आफू समान संझेर, सर्वत्र विराजमान रहने, सर्वात्मा, सर्वशक्तिमान् भगवानको भजन गर॥५३॥ भगवान्‌को भक्तिको प्रभावले दैत्य, यक्ष, राक्षस, स्त्री, शूद्र व्रजवासी (अहीर), पक्षी, मृग, तथा अनेक पापी जीव समेत भगवद्भावमा प्राप्त भएका छन् ॥५४॥ गोविन्द भगवान्‌मा अनन्य भक्ति प्राप्त गर्नु तथा सर्वत्र उहाँलाई देख्नु नै यस लोकमा पुरुषको सब भन्दा ठूलो स्वार्थ अर्थात् एकमात्र परमार्थ कहिएको छ ॥५५॥

अध्याय-८

थामबाट नृसिंह भगवान्को प्रादुर्भाव, उहाँको हातबाट हिरण्यकशिपुको वध, एवं ब्रह्मादि देवताहरुद्वारा भगवान्को स्तुति ।

नारदजी भन्नुहुन्छ—

दैत्य बालकहरूले, प्रह्लादजीको वचन सुने पछि, त्यै बेलादेखि उनको कुरालाई, निर्दोष सम्झेर ग्रहण गरे तथा गुरुजीको दूषित शिक्षा पट्टि ध्यानै दिन छाडिदिए ।१।। सबै विद्यार्थी-हरूको बुद्धि एकमात्र भगवान्मा स्थिर हुनलागेको देख्ता गुरुजी निक्कै नै डराए र तुरुन्तै हिरण्य-कशिपुकहाँ गई सबै बृत्तान्त सुनाइदिए ।।२।। छोरा प्रह्लादको यो अप्रिय औ असह्य अन्यायको कुरा सुन्दा हिरण्यकशिपुको शरीर थर् थर् काम्न थाल्यो र उसले मनमा छोरालाई आफ्नै हातले मान निश्चय गर्‍यो ॥३॥

मन औ इन्द्रियलाई वशमा राखेका प्रह्लादजी बडो नम्रतासँग हात जोरेर हिरण्यकशिपुको अगाडि, उभिराखेका थिए । उनको मूर्तिदेख्ता कुनै सत्पुरुषले पनि उनको तिरस्कार गर्न सक्तैन थ्यो तर हिरण्यकशिपु ता स्वभावैले क्रूर थियो । प्रह्लादको यो हाल सुन्दा लातको चोटखाएको सर्प झैं दैत्यराज, लामो लामो सास फेर्दै, अति कुटिल एवं बाङ्गो दृष्टिले उनीतिर हेर्दै, बडो कठोर बोली गरेर, उनको तिरस्कार गर्दै भन्न लाग्यौ ॥४५॥ " हे दुर्बिनीत ! हे मन्दबुद्धे ! हे कुलको नाशगर्ने अधम ! तँ ता बडो ढीठ भैछस् मेरो आज्ञाको समेत उलङ्घन गर्न थालिस् । आज म तँलाई यमराजको घरमा पठाइ-दिन्छु ॥६॥ अरे मूर्ख म ! झोक्किँदा तीनै लोक औ तिनका लोकपालहरू काम्दछन् । तैले कसको आड पाएर, निडर, जस्तै भएर, मेरो आज्ञाको विरुद्ध काम गरिस् ॥७॥

प्रह्लादजीले भने—

हे राजन् ! जसले ब्रह्मादेखि लिएर समस्त साना ठूला चर-अचर प्राणीलाई आफ्नो बशमा गराइराखेका छन्, उनै भगवान् मेरो औ तपाईंको मात्र होइन कि संसारका समस्त बलवान्हरूको बल हुन् ।।८। उनै सर्व शक्तिमान् प्रभु काल हुन् तथा सम्पूर्ण प्राणीको इन्द्रियबल, मनोबल देहबल,एवं इन्द्रियस्वरूप पनि उनै हुन् तिनैगुणका स्वामी उनै परमात्मा आफ्नो शक्तिद्वारा सम्पूर्ण जगत्को रचना, रक्षा औ संहार गर्दछन् ॥९॥ आफ्नो यो आसुरीभावलाई छाडिदिनोस् र मन-लाई समदर्शी बनाउनोस् । कसैको कोही शत्रु छैन, संसारमा सबभन्दा ठूलो शत्रु कोहीं छ भने, आफ्नो वशमा नरहने कुमार्गगामी मन नै त्यो शत्रु हो। सबै माथि समताको भाव राख्नु नै भगवान्को सबभन्दा ठूलो पूजा हो ॥१०॥ आफ्नो सर्वस्व हरणगर्ने यी इन्द्रियको रूप लिएका छ डाँकूहरूलाई पहिले न जितिकन नै कोही कोही मैले दसै दिशा जिते भन्दछन्— ती ता मूर्ख हुन्। तर समस्त प्राणीप्रति समताको

भाव राख्ने ज्ञानी एवं जितेन्द्रिय महात्माका ता अज्ञानबाट उत्पन्न हुने काम-क्रोधादि शत्रु रहनै पाउन्नन, फेरि अरू बाहिरीया शत्रु ता कसरी रहन सक्लान् ? ॥११॥

हिरण्यकशिपुले भन्यो—

अरे मन्दबुद्धि! अवश्य तँलाई मर्ने इच्छा छ, यसैले ता मेरो अगाडि खूब बढेर कुरागर्न लागेको छस्; किन कि जसको मर्ने बेला नजीक आएको हुन्छ उनीहरू यस्तै छेउ न टुप्पोको कुरा गर्दछन् ॥१२॥ अरे अभागी! म बाहेक अर्को जगदीश्वर छन् भनेर तैले भनिस्, हेरूँ त तेरो जगदीश्व कहाँ रहेछ। त्यो सर्वत्र छ भन्छस् भने, यो थाममा किन त्यो नदेखिएको त ? ॥१३॥ प्रह्लादले थामतिर हेरेर भने—"उहाँ ता देखिनु नै भएको छ! (थाममा केही पनि न देख्ता हिरण्यकशिपुले झोंकिएर भन्यो) "म अहिले नै तेरो टाउको शरीरबाट अलग गरिदिन्छु, हेरूँ त तेरो सर्वस्व हरि, जसमा तैले भरोसा गरेकोछस्, कसरी तेरो रक्षा गर्दो रहेछ ?" ॥१४॥

यस प्रकारसँग रिसले चूर भएर त्यो महाँदैत्य भगवान्का परम प्रेमी छोरो प्रह्लादलाई बारम्वार दुर्वचन भनेर हप्काउँदै सताउन लाग्यो। रिस रोक्न नसकेर त्यसले हातमा खड्ग लिएर सिंहासनबाट तल ओर्ल्यो बडो जोरसंग त्यस थाममा एक मुक्की लगायो ॥१५॥ यस मुक्कीको प्रहारले गर्दा त्यस थामबाट बडो भयङ्कर शब्द निस्क्यो। यो शब्द हुँदा ता ब्रह्माण्डै फुटेको होकि जस्तो भयो। ब्रह्मादि लोकपालहरूले त्यस ध्वनिलाई आफ्नो आफ्नो धाममा सुन्दा आज हाम्रो लोकको प्रलय हुन लाग्यो भन्ने संझे ॥१६॥ आफ्नो छोरोलाई मार्नाको निम्ति बडो उत्साहसँग तत्पर भएको हिरण्यकशिपुले पनि, दैत्यसेनापतिहरूलाई समेत डरले थर्कायमान गराउने त्यो अद्भुत औ अपूर्वको घोर शब्द सुन्यो। तर सभाभित्र यो शब्द गर्ने कुनै व्यक्ति देखेन ॥१७॥


यै बेलामा आफ्नो सेवक प्रह्लाद औ ब्रह्माको वचननलाई सत्य गर्न औ समस्त पदार्थमा आफ्नो व्यापकता देखाउनको निम्ति सभाभित्र त्यै खम्बामा बडो विचित्ररुप धारण गरी भगवान् प्रकट हुनुभयो। भगवान्को यो शरीर न पूरा सिंहको जस्तो थियो न पूरा मानिसको जस्तो अर्थात् आधा मानिस र आधा सिंहको जस्तो भएर प्रभुले नृसिह अवतार लिनु भयो ॥१८॥ हिरण्यकशिपुले पनि शब्द गर्ने को रहेछ भनेर यता उति हेर्दा हेर्दैमा त्यस थामबाट यस्तो अद्भुत प्राणीलाई निस्केको देख्यो। त्यो रूप देख्ता त्यो मनै मनमा भन्नलाग्यो—"अहो! यो ता न मनुष्य हो, न पशुनै हो, नृसिहको रूप धारण गर्ने यो कुन बिचित्र जीव रहेछ ?" ॥१९॥

हिरण्यकशिपुले यस प्रकारसंग त्यो भीषण नृसिहरूपको विषयमा बिचार गरिरहेको बेलामा सम्पुर्णरूपले प्रकट भएर नृसिहरूप भगवान् उसको सामुन्ने खड़ा हुनुभयो। उहांको त्यो रूप बड़ो डरलाग्दो थियो। उहांका नेत्र खारिनलागेको सुन जस्तै राता राता डरलाग्दा थिए हाइगर्दाखेरि धांटीका रउ यता उति छरिएर। हल्लिराखेका थिए ॥२०॥ उहांका दाह्रा बड़ा

विकराल तथा जिब्रो तलबार समान चञ्चल औ छुराको धार जत्तिकै तीखो थियो। बाङ्गो आंखी भूईंले गर्दा उहांको मुख झन् डरलाग्दो भैराखेको थियो। कान निस्चल औ माथितिर ऊठिराखेका थिए। फुरेका नाकका पोरा औ उघारिराखेको मुख पहाड़को गुफा जस्तै देखिन्थे। दुवैतिरको चिहुंड़ो फिजाएकोले मुख अतिशय डरलाग्दो देखिएको थियो॥२१। उहांको विशाल शरीरले स्वर्गको स्पर्श गरिराखेको थियो, गरदन होचो र मोटो थियो, छाती च्याप्टो र कम्मर पातलो थियो। चन्द्रमाको किरण जस्ता सेता रउं सारा शरीरमा टल्किराखेका थिए; चारैंतिर सयकड़ौं बाहुली शोभायमान थिए तथा बड़ा बडा नग नै यिनका शस्त्र थिए। २२। भगबान्को यो स्वरूपनिर। जाने कसैको साहस थिएन। उहांले चक्रादि आफ्ना अस्त्र एवं वज्रादि शस्त्रले सारा दैत्यहरूलाई भगाइदिनु भएको थियो। दैत्यराज हिरण्यकशिपु यो अद्भुत रूप देख्ता मनैमनमा भन्नलाग्यो "माहामायावी बिष्णुले मलाई मार्नाको निम्ति यो ढ़ंग झिकेको होला, तर उसको यस चालले मेरो के अनिष्ट हुन सक्तछ ? । २३।

मेरो यसले के विगार गर्न सक्तछ भनेर दैत्यराज हिरण्यकशिपु सिंहनाद गर्दै हातमा गदा लियर नृसिंह भगवान्माथि जाइलाग्यो किन्तु-जसरी आगोमा पर्नासाथ किरा अदृश्य हुन्छन् त्यसैगरी यो दैत्य पनि नृसिंह भगवान्को तेजमा पर्दा वेपत्ता भैहाल्यो ॥२४॥ समस्त शक्ति औ तेजको आश्रय हुनुभएको भगवान्को तेजमा परेर त्यो तमोमय असुर अदृश्य हुनु कुनै विचित्र कुरा होइन, किन कि उहाँले सृष्टिको प्रारम्भमा आफ्नो तेजले प्रलयकालीन तमोगुणरूपीं घोर अन्धकारलाई समेत पान गर्नु भएथ्यो। तदनन्तर रिसले चूर भै त्यो दैत्यले भगवानतिर जाइलागेर खूब जोरसँग आफ्नो गदाघुमाएर नृसिह भगवान्माथि प्रहार गऱ्यो ॥२५॥

हिरण्यकशिपुले यस प्रकारसँग आक्रमण गर्दा जसरी गरूडले साँपलाई समात्तछन् त्यसैगरी गदाधर भगवान्ले गदाको साथसाथै त्यस दैत्यलाई समातिहाल्नु भयो। जब उहाँ उसित खेल बाड गर्नलाग्नु भएथ्यो त्यस मौकामा क्रीडा गर्न लागेका गरुडको हातबाट सर्प फुत्के झैं त्यो असुर पनि उहाँको हातबाट उम्केर आयो ॥२६॥ यस समयमा हे महाराज युधिष्ठिर जसको स्वर्गको स्थान पहिले नै हिरण्यकशिपुले खोसेर ली सकेको थियो ती समस्त लोकपालहरू वादलमा लुकेर यो युद्ध हेरिरहेका थिए, भगवान्को हातबाट त्यसलाई उम्केको देख्ता उनीहरूलाई निको लागेन। हिरण्यकशिपुले प्रनि मेरो बल-वीर्यदेखि डराएर नै नृसिह्ले मलाई आफ्नो हातबाट फुत्कन दिएका हुन् भन्ने सम्झयो। यस्तो विचार लिएर युद्धक्षेत्रमा एक्कै छिन विश्राम गरेपछि, फेरि ढाल-तलवार लिएर त्यसले भगवानमाथि आक्रमण गऱ्यो ॥२७॥ यस मौकामा त्यो, आफूमाथि आक्रमण गर्न मौकै नदिने गरी वाज चराझैं बडो बेगसँग कहिले माथि कहिले तल उफ्रेर बडो गजव ढाँचासंग ढाल-तलवार चलाउन लाग्यो। अबता नृसिहरूप भगवानले चर्को स्वर झिकेर प्रचण्ड औ अयङ्कर अट्टहाँस गर्नुभयो। उहाँको यस सिंहनादले गर्दा हिरण्य-



भगवान् नृसिंह

मुद्रक—गीताप्रेस, गोरखपुर

कशिपुको आँखै बन्दभयो ।।२८।। अनि बडो वेग सँग झम्टेर साँपले मूसालाई समाते झैं भगवान्ले उसलाई समात्नु भयो । जसको छाला बज्रको चोटले समेत खोस्रिएको थिएन त्यै हिरण्यकशिपु अहिले उहाँको पञ्जाबाट फुत्कनको निम्ति छटपटाउन लाग्यो । भगवान्ले त्यसलाई सभाको ढोकामा आफ्नो तिघ्रामाथि राखेर खेलबाड जस्तै गरेर, गरुडले महाविषधर सर्पलाई चीरे झैं, आफ्ना नंगले चिरीदिनु भयो ॥२९॥ यस बेलाको उहाँको रीसले चूर भएको डरलाग्दो आँखातिर हेर्ने कसैको ताकत थिएन । आफ्नो ल्याप ल्याप गरि रहेको जिब्रोले, उघारिराखेको मुखको दुवै कुना चाट्न लाग्नु भयो । रगतको छिटाले उहाँको मुख औ घाँटीका रउँ रातो भएका थिए । हात्तीलाई मारेर घाँटीमा आन्द्राको माला लगाएको सिंहको जस्तो अहिलेको उहाँको शोभा देखिएको थियो।।३०।।उहाँले आफ्ना नङ्गका तीखा तीखा धारले मुटु चिरेर उसलाई भूईंमा पछारिदिनु भयो । त्यस बेलामा, हातमा शस्त्रलिएर उहाँमाथि प्रहार गर्नाको निम्ति हजारौं दैत्य-दानवहरू आए, तर भगवान्ले आफ्नो वाहुलीरूप सेनाले, लातले औ नखरुपी शस्त्रले, चारैतिर लखेटिकन उनीहरूलाई मारिदिनु भयो ॥३१॥

त्यस समयमा नृसिंह भगवान्ले गर्दनको रउं झट्कार्दा खेरि वादलहरू छयान्न व्यान्न हुन लागे । उहांको नेत्रको ज्वालाले सूर्य आदि ग्रहहरूको तेज मलिन हुन गयो । सांस फेर्दाखेरि निस्केको वायुको झोक्काले समुद्रमा तुफान उठ्नलाग्यो तथा सिंहनादले थर्कायमान भै दिग्गजहरू चिच्याउन लागे ॥३२॥ भगवान्को गरदनको केशसित ठक्कर खांदा, यताउति हुनलागेका देवताका विमानले व्याभ एको स्वर्ग समेत डगमगाउन थाल्यो तथा उहाँको चरणको मचकोले पृथ्वी तल धसिन पुगिन् । उहाँको प्रवल बेगले पर्वतहरू उखेलिएर धमाधमी लड्नलागे औ उहाँको तेजले तिरमिर भएर आकाश औ दिशाहरू न देखिने भए ।।३३॥ अहिले ता नृसिंह भगवान्को सामुन्ना गर्ने कोही थिएन तापनि उहाँको क्रोध भने झन् झन् बढदै गएको थियो । जब उहाँ राजसभामा अग्लोआसनमा विराजमान हुनु भयो, त्यस बखतको उहाँकोअत्यन्त तेजिलो र रिसले चूरभएको भयङ्कर मुख देख्ता कसैको उहाँको नजीक गएर सेवा गर्ने साहस भएन ॥३४॥

मस्तकको पीडा झैं तीनै लोकलाई कष्ट दिने आदिदैत्य हिरण्यकशिपु भगवान्को हातबाट युद्धमा मारिएको समाचार सुन्दा स्वर्गका देवीहरूको मुखकमल आनन्दको बेगले प्रफुल्लित हुन गयो र उनीहरू बारम्बार उहाँमाथि फूलको वर्षा गर्नलागे ।।३५।। यस अवसरमा भगवान्का दर्शनार्थी देबताहरूको बिमानले सम्पूर्ण आकाश भरिन गयो । देवताहरू ढोल-नगाडा आदि बाजा वजाउनलागे, मुख्य मुख्य गन्धर्वहरूले गाउन औ अप्सराहरूले नाच्न थाले ।।३६॥

हे युधिष्ठिर ! ये मौकामा ब्रह्मा, इन्द्र, महादेव आदि देबताहरू, ऋषि, पितृगण, सिद्ध, विद्याधर, सर्प, मनु, प्रजापति, गन्धर्व, अप्सरा, चारण, यक्ष, किम्पुरुष, वेताल, सिद्ध, किन्नर तथा सुनन्द कुमुद आदिगरिएका विष्णु भगवान का सबै पार्षदहरू उहाँनिर आए । उनीहरूमस्त रु-

माथि हात जोरेर, सिंहासनमा बस्नुभएको, तीव्र तेजले युक्त हुनु भएको नृसिंह भगवान्‌को नजिकै उभिएर, बेग्ला बेग्लै स्तुति गर्नलागे ॥३७-३९॥

ब्रह्माले भने—

हे प्रभो ! तपाईं अनन्त हुनुहुन्छ कसैले तपाईंको शक्तिको पार पाउन सक्तैन । तपाईंको पराक्रम विचित्र औ कर्म पवित्र छन् । गुणद्वार खेल गरे जस्तै गरेर जगत्‌को उत्पत्ति, स्थिति औं प्रलय गर्नु हुन्छ तापनि स्वयं निर्विकार रहनु हुन्छ, यस्ता तपाईंलाई म नमस्कार गर्दछु॥४०॥

रुद्रले भने—

हे भक्तवत्सल ! तपाईंको क्रोध गर्ने बेला ता कल्पको अन्तमा पो हुन्छ । अहिले ता तपाईले यो तुच्छ दैत्यलाई नै मार्नु भएको छ । यसको छोरो तपाईंको शरणमा आइराखेको छ, अब यस भक्तको रक्षा गर्नोस् ॥४१॥

इन्द्रले भने—

हे पुरुषोत्तम ! तपाईंको यज्ञभागलाई दैत्यहरू हरेर लैजान्थे । हाम्रो रक्षा गरेर तपाईंले त्यो यज्ञभाग फर्काउनु भयो, अन्तर्यामीरूपले समस्त यज्ञको भोक्ता हुनु भएकौले वास्तवमा ती यज्ञभा तपाईंकै हुन् । दैत्यहरूको आखङ्काले तपाईंको निवासस्थानरूप हाम्रो हृदयकमल सङ्कुचित भै राखेको थियो, दैत्यलाई मारेर तपाईंले त्यसलाई फेरि प्रफुल्लित गराइदिनु भयो । हे नाथ ! हामीले यी स्वर्गादि राज्य जो फेरि भेट्टाएका छौं ती सब कालका गाँस हुन् । तपाईंको सेवा गर्ने जसलाई चाह छ तिनको दृष्टिमा ता यी कालग्रस्त भोगहरूको केही मोल नै छैन । हे नृसिंहदेव ! उनीहरूता मुक्तिको समेत आदर गर्दैनन् भने अरू भोगको ता के कुरा भयो र ॥४२॥

ऋषिहरूले भने—

हे आदिपुरुष ! तपाईंले हाम्रो तपस्यालाई आफ्नो परम तेज भन्नु भएको छ । यै तपस्या द्वारा तपाईंले ब्रह्माकोरूपमा आफूमा लीनभएको जगत्‌को फेरि रचना गर्नु भयो । यस दैत्यले त्यस तपस्यालाई लुप्तप्रायः गराईदिएको थियो । अतः हे शरणागतवत्सल ! त्यै तपस्याको रक्षाको निम्ति तपाईंले यौं शरीर धारण गरी हामीलाई फेरि तपस्या गर्नको निम्ति उपदेश दिनु भएको हो, हामी तपाईंलाई प्रणाम गर्दछौं । ४३॥

पितृहरूले भने—

हाम्रा छोराहरूलेहाम्रो निम्ति गरेको पिण्डदानलाई यो दैत्य बल जफ्तीसँग खोसेर आफैभोग गर्दथ्यो एवं तीर्थ स्थानको समयमा उनीहरूले दिएको तिलाञ्जलिलाई पनि यो आफै पिइदिन्थ्यो आज तपाईंले आफ्नो नंगले उसको पेटको छाला च्यातेर जम्मा भै राखेको त्यो हाम्रो भाग हामीहरूलाई फर्काइ दिनुभयो । हे सम्पूर्ण धर्मका रक्षक नृसिंह भगवान् ! तपाईंलाई हाम्रो प्रणाम छ ॥४४॥

सिद्धहरूले भने—

हे नृसिंहदेव ! यस दुष्टले आफ्नो योग औ तपस्याको बलले हाम्रो अणिमादि योगसिद्धि हरेर लिएको थियो । तपाइले आफ्नो नङ्गले नाना प्रकारका दर्पले पूर्णभएको अर्थात् महाअहङ्कारी दुरात्माको पेट चिरेर हाम्रो उपर ठूलो अनुग्रह गर्नु भयो । यस्तो तपाईंलाई हामी विनीत भावले नमस्कार गर्दछौं ॥४५॥

विद्याधरहरूले भने –

यो मूर्ख हिरण्यकशिपुले आफ्नो बल औ वीरताको घमण्डमा चूर भएर हामीले विविध प्रकारका धारणाले प्राप्त गरेको विद्यालाई रोकिदिएको थियो । तपाईंले युद्धमा, यज्ञपशुलाई झैं त्यसलाई नष्ट गरिदिनु भयो । मायाद्वारा नृसिंह-रूप धारणगर्ने हे भगवन् ! तपाईंलाई हामी नित्य निरन्तर प्रणाम गर्दछौं ॥४६॥

नागहरूले भने –

जुन पापीले हाम्रा मणि औ राम्रा राम्रा स्त्रीहरू हरेथ्यो त्यसको आज छाती चिरेर तपाईंले हाम्रा पत्नीहरूलाई वडो आनन्द दिनु भएको छ । हे प्रभो ! तपाईंलाई नमस्कार गर्दछौं ॥४७॥

मनुहरूले भने—

हे देव ! हामी तपाईंको आज्ञा पालन गर्ने मनु ह्वौं । दितिका यस छोराले हामीले स्थापित गरेको सम्पूर्ण धर्ममर्य्यादालाई ध्वस्त पारिदिएको थियो । हे प्रभो आज तपाईंले यस दुष्टको अन्त गरिदिनु भयो । अब हामी तपाईंको के सेवा गरौं ? हामी ता तपाईंका सेवक ह्वौं आज्ञा गर्नु होस् ॥४८॥

प्रजापतिहरूले भने—

हामी ता तपाईंले बनाएका प्रजापति ह्वौं, तर यसले रोकेको हुनाले प्रजाको सृष्टि गर्न पाएका थिएनौं । आज त्यो तपाईंद्वारा छाती विदीर्ण भएर सदाका लागि भूईंमा पडिराखेको छ । सत्वमूर्ति धारण गर्ने हे प्रभो ! तपाईंको यो अवतार संसारको कल्याणको निम्ति भएको हो ॥४९॥

गन्धर्वहरूले भने—

हे प्रभो ! हामी तपाईंको सामुन्ने नाच्ने, अभिनय गर्ने औ सँगीत सुनाउने सेवक ह्वौं । यस दैत्यले आफ्नो बल, वीर्य औ पराक्रमले हामीलाई आफ्नो कमारो बनाइराखेको थियो त्यसलाई तपाईंले आज यस दशामा पुर्‍याइदिनु भयो । ठीक हो, कुमार्गमा हिंड्ने व्यक्तिको कहिले कल्याण हुन सक्तछ ? ॥५०॥

चारणहरूले भने—

हे प्रभो ! तपाईंका यी चरणकमल जन्म-मृत्युरूप संसारचक्रबाट मुक्त गराउने हुन्, हामीले यिनकै आश्रय लिएका छौं, किन कि तपाईंले सज्जनहरूको हृदयलाई पीडित गर्ने यस दुष्टलाई समाप्त गरिदिनु भएको छ ॥५१॥

यक्षहरूले भने—

हे भगवन् ! नाना प्रकारका मनोहर कर्म गर्ने हुनाले हामी यक्षगण कुनै दिन तपाईंका सेवकहरूमा प्रधान थियौं तर यो दितिको छोरोले हामीलाई पालकी बोक्ने डोले बनाइराखेको थियो । हे चौबीस तत्त्वका नियन्ता पच्चीसौं पुराणपुरुष नृसिंह ! यस दुरात्माद्वारा प्राणीहरूले कष्ट पाएको थाहा पाएर नै तपाईंले यसलाई मार्नु भएको हो ॥५२॥

किम्पुरुषहरूले भने—

हामी अत्यन्त तुच्छ किम्पुरुष ह्वौं, औ तपाईं सर्वशक्तिमान् महापुरुष हुनुहुन्छ । सत्पुरुषहरूले यसको तिरस्कार गरेकोले तपाईंले आज यो कु-पुरुष (नराधम) लाई नष्ट गरिदिनु भयो ॥५३॥

वैतालिकहरूले भने—

सभामा औ यज्ञस्थलमा तपाईंकौ निर्मल यश गाएर हामी ठूलो प्रतिष्ठा-पूजा पाउँथ्य। यस दुष्टले हाम्रो त्यो आजीविका नै नष्ट गरिदिएको थियो। महारोग समानको त्यो दुष्ट आज तपाईंको हातबाट मारितु बडो सौभाग्यको कुरो हो ॥५४॥

किन्नरहरूले भने—

हे नाथ! हामी किन्नरहरू तपाईंका सेवक ह्वौं। यस दैत्यले हामीबाट बेगारीमा काम लिन्थ्यो। हे नृसिंहदेव! आज तपाईंले कृपा गरेर यस दुष्टलाई मारिदितु भयो। हे प्रभो! यसैगरी अब पछि पनि हाम्रो कल्याण गर्नोस् ॥५५॥

भगवान्का पार्षदहरूले भने—

हे शरणागतवत्सल! सम्पूर्ण लोकलाई शान्ति प्रदान गर्ने तपाईंको यो अलौकिक नृसिंहरूपको आज हामीले दर्शन पायौं। हे ईश! वास्तवमा यो दैत्य ता तपाईंको आज्ञा पालन गर्ने सेवक थियो। सनकादि ब्राह्मणहरूको श्रापले मर्दा यसको यो गति भएको थियो। यसको उद्धार गर्नाको निम्तिमा नै तपाईंले कृपा गरी यसको वध गर्नु भएको हो भन्ने हामीले संझेका छौ ॥५६॥

....

अध्याय—९

प्रह्लादले गरेको नृसिंह भगवान्को स्तुति!

नारदजी भन्नुहुन्छ—

क्रोधको आवेशमा बस्नु भएको दुर्द्धर्ष (सजिलोसँग दर्शन न पाइने) नृसिंह भगवान्लाई शान्त गर्नै उपाय कसैले विचार गर्न सकेनन्। ब्रह्मा-शङ्कर लगायत समस्त देवता एवं ऋषिमुनिहरू समेत भयभीत भएकाले उहाँको नजीक जान सकेनन् ॥१॥ देवताहरूले उहाँलाई शान्त गर्नाको निम्ति साक्षात् लक्ष्मीलाई जान भने तर भगवान्को यस्तो अद्भुतरूप पहिले कहिले पनि नदेखेको, न सुनेको हुनाले लक्ष्मीले डराएर उहाँनिर जान साहस गर्नु भएन ॥२॥ तब ब्रह्माले आफूनिर उभिराखेका प्रह्लादलाई यस्तो भनेर पठाउनु भयौ— 'ए बाबु! तिम्रो पितामाथि झोक्किनु भएको भगवान्को नजीक जाऊ र उहाँलाई शान्तगर'' ॥३॥

हे राजन! भगवान्का परम प्रेमी बालक प्रह्लाद "जो आज्ञा" भनेर बिस्तारै भगवान्को नजीक गए र पृथ्वीमा लम्पसार परी हात जोरेर उहाँलाई साष्टाङ्ग प्रणाम गरे ॥४॥ बालक प्रह्लादलाई आफ्नो चरणनिर लम्पसार परेको देख्ता नृसिंह भगवान्को हृदय दयाले पूर्ण हुन गयो र उनलाई उठाएर, कालसर्पदेखि भयभीत भएका पुरुषको चित्तमा अभय दिने, आफ्ना करकमल उनको मस्तकमाथि राखिदिनुभयो ॥५॥

भगवान्‌को बाहुलीको स्पर्श हुनासाथ प्रह्लादका बाँकिरहेका सबै अशुभ संस्कार पखालिन गए र उत्निखेरै उनको हृदयमा परमात्माको वास्तविक स्वरूपको ज्ञान उदय भैहाल्यो । उनले बडो प्रेम औ आनन्दमा मग्न भएर हृदयमा भगवान्‌को चरणकमलको ध्यान गर्नलागे । यस बखतमा उनको सारा शरीरमा रोमाञ्च हुन गयो, हृदयमा प्रेमरसको धारा बग्न लाग्यो र नेत्रबाट आनन्दका आँसू झर्नलागे ॥६॥ प्रह्लादजी आँखा झिम्म समेत न पारेर भगवान्‌तिर हेरिरहेका थिए, उनको हृदय पनि भगवान्‌तिर आकर्षित भै राखेको थियो, एकाग्र मनले भगवान्‌का गुणको चिन्तन गर्दै, बडो सावधानी साथ. प्रेमले गर्दा गद्‌ गद्‌ भएको स्वरले उनी उहाँको स्तुति गर्न लागे ॥७॥

प्रह्लादले भने --

निरन्तर सत्वगुणमा स्थित रहने बुद्धिभएका ब्रह्मादि देवता तथा ऋषि, मुनि एवं सिद्ध पुरुषहरूले समेत आफ्नो धारा-प्रवाह स्तुति औ अनेक गुणले तपाईंलाई अहिले सम्म सन्तुष्ट गर्न सकेनन् भने, घोर असुर जातिमा उत्पन्न भएको म दैत्यको स्तुतिले के तपाईं हरि सन्तुष्ट हुनुहौला त ? ॥८॥ धन, असल कुलमा जन्म, रूप तप, बिद्या, इन्द्रियको निपुणता, तेज, प्रभाव, बल, पौरुष, बुद्धि औ अष्टाङ्गयोग इत्यादि समस्त गुणले परम पुरुष भगवान्‌लाई सन्तुष्ट गराउन सक्तैनन् भन्ने मेरो विचार छ, किन कि यी बाह्र गुणमध्ये एउटा पनि नभएको गजराजमाथि भगवान् केवल उसको भक्तिले प्रसन्न हुनु भएथ्यो ॥९॥ माथि रहिएका बाह्र गुणले युक्तभएको ब्राह्मण समेत कमलनाथ भगवान्‌को चरणकमलदेखि विमुख छ भने म ता ऊभन्दा चाण्डाललाई श्रेष्ठ सम्झन्छु, किन कि आफ्नो मन वचन, कर्म, धन औ प्राणलाई भगवान्‌को चरणकमलमा समर्पण गर्ने त्यस चाण्डालले ता आफ्नो कुललाईसमेत पवित्र पार्दछन् तर आफ्नो बढत्वको विशेष गर्व गर्ने त्यस ब्राह्मणले आफूसम्मलाई पनि पवित्र पार्न सक्तैन ॥१०॥ सर्वशक्तिमान् प्रभू ता आफ्नै स्वरूपकोसाक्षात्कारले परिपूर्णहुनुहुन्छ, क्षुद्र पुरुषले गरेको पूजा ग्रहण गर्ने उहाँको इच्छा छैन । उहाँता केवल करुणाले आफ्ना सुधा-सादाभक्तले गरेको पूजा स्वीकार गर्नु हुन्छ; तथापि मानिसले उहाँको जो मान, पूजा गर्दछ त्यसबाट ता उसैको कल्याण हुन्छ । जसरी मुखमा तिलक आदि शृङ्गार गर्दा त्यसले ऐनामा देखिने प्रतिविम्बलाई समेत सुशोभित गर्दछ त्यसैगरी भक्तले भगवान् प्रति जुन सम्मान प्रकट गर्दछ त्यो त्यै भक्तलाई नै प्राप्त हुन्छ, किन कि जीव ता भगवान्‌कै अंश ता हो नि ॥११॥ यसै कारणले सर्वथा अयोग्य औ अनधिकारी अर्थात् नीच भए तापनि म कुनै प्रकारको शङ्का नलिएर आफ्नो बुद्धि अनुसार सब प्रकारले भगवान्‌को महिमाको वर्णन गर्न लागेको हूँ, किन कि भगवान्‌को महिमाको वर्णन गर्नाले अविद्याले गर्दा संसारचक्रमा परेको जीव समेत तत्काल पवित्र हुन जान्छ ॥१२॥

हे भगवन् ! तपाईं सत्वगुणको आश्रय हुनुहुन्छ । यी ब्रह्मादिगरिएका समस्त देवताहरू तपाईंका आज्ञाकारी भक्त हुन, दैत्यहरू भैं तपाईंसित द्वेष गर्दैनन् । हे प्रभो ! तपाईं राम्रा राम्रा अबतार ग्रहण गरेर यस जगत्‌को कल्याण

एवं अभ्युदय तथा उसलाई आत्मानन्दको प्राप्ति गराउन भनि नाना प्रकारका लीलाहरू गर्नुहुन्छ ॥१३॥ जुन असुरलाई मार्नाको निम्ति तपाईंले क्रोध गर्नु भएथ्यो, त्यसको ता संहार भै हाल्यो, तसर्थ अब आफ्नो रिसलाई शान्त गर्नोस् । जसरी सर्प-बिच्छी आदि गरिएका दुःखदायी जीव मारिदा सज्जनहरू समेत आनन्द मान्दछन् त्यसैगरी यो असुर मारिनाले सबैले बडो सुख पाएका छन् औ अब कहिले तपाईंको शान्तमूर्तिको दर्शन पाइएला भनेर पर्खिराखेका छन् । हे नृसिंहदेव! भयबाट मुक्त हुनाको निम्ति भक्तहरूले तपाईंको यस मूर्तिको स्मरण गर्ने छन् ॥१४॥ तपाईंको यो अति डरलाग्दो जिब्रो भएको मुख, सूर्यसमानको चहकिलो आँखा चञ्चल आँखीभूईं, तिखो दाह्रा, रगतमा मुछिएको घाँटीको रऊँ वर्छीजस्ता ठाड ठाढा कान दिग्गजहरूलाई समेत थर्कायमान गराउने सिंहनाद शत्रुको मुटु चिर्ने नङ्ग—यी सबै थोक भएको तपाईंको भयङ्कर स्वरुप देख्ता ता मलाई अलिकता पनि डरलाग्दैन ॥१५॥ तर हे दीनवत्सल मता केवल यो असह्य औ उग्र संसारचक्रको दुःखदेखि थर्कायमान भै राखेको छु, आफ्नो कर्मपाशले बाँधिएर म यी भयङ्कर जन्तुहरू (असुरहरूको) को बीचमा जकडिएर पडिराखेको छु । हे श्रेष्ठतम! अब कहिले तपाईंले प्रसन्न भएर मलाई आफ्नो चरणकमलमा बोलाउने हो, जुन चरणकमल कि समस्त प्राणीको एकमात्र शरण औ मोक्षस्वरूप छ ॥१६॥ हे देव ! म जुन जुन योनिमा गए ती सबैमा प्रियको वियोग औ अप्रियको संयोगले उत्पन्न हुने शोकको आगोमा सन्तप्त हुँदै आएको छु । ती दुःखलाई हटाउने जुन औषधि (कर्म) छ त्यो पनि दुःखरूप नै हो । देहादि अनाप्त बस्तुलाई आत्मा सम्झेर धेरै कालदेखि म यो संसारचक्रमा निरन्तर भ्रमण गरि रहेको छु, हे भगवन्! अबलाई कृपागरेर तपाईको सेवा-प्राप्तिको जुन उपाय हो त्यसको उपदेश गर्नुहोस् ॥१७॥ हे नृसिंह भगवान्! तपाईं मेरो परम सुहृद एवं आराध्य देव हुनुहुन्छ । तपाईको दास-भाव प्राप्त गरेपछि, तपाईंको चरणयुगलको आश्रयमा रहने परमहंसहरूसितको सहवास गरेर रागादि गुणको बन्धनबाट मुक्त भै ब्रह्माजीद्वारा गाइएका तपाईंका लीलाका कथाहरू गाएर संसारका कष्टलाई पारगरि दिनेछु ॥१८॥ हे भगवन्! यस लोकमा दुःखीहरूको दुःख दूर गर्नाका निम्ति जति उपाय बताइएका छन् ती ता तपाईंले उपेक्षा गर्नु भएको प्राणीहरूको निम्ति एक क्षिनका लागि मात्र उपकारी हुन्छन् स्थायी ता हुन्नन् । बालकको निम्ति आमा बाबु, रोगीको निम्ति औषधि औ समुद्रमा डुब्न लागेकोलाई डुङ्गा पूर्णरूपले सहायक हुँदैनन, किन कि आमा बाबु छदा छदै पनि बालकले दुःख पाउँछन्, औषधिको सेवन गर्दा गर्दै पनि रोगीको मृत्यु हुन्छ एवं डुङ्गा भएर पनि कति डुङ्गा सहित डुबेका छन्। सबैको दुःख दूरगर्ने ता तपाईं नै हुनुहुन्छ ॥१९॥ सत्वादि गुणले गर्दा भिन्न भिन्न स्वभावका ब्रह्मादि पुरातन अथवा माता-पिता आदि अर्वाचीन जति कर्ता छन, ती सबलाई प्रेरित गर्ने तपाईं नै हुनुहुन्छ । यिनीहरू तपाईंको प्रेरणाले जुन आधारमा रहेर, जसद्वारा, जुन समयमा, जुन साधनले

जसका निम्ति, जशरी जेजे उत्पन्न गर्दछन् अथवा अर्को रूपमा बदलन्छन् त्यो सब तपाईंके रूप हो ॥२०॥

कालद्वारा मायाको गुणमा क्षोभ भएपछि त्यस मायाले तपाईंको अंश जुन पुरुष (आत्मा) हो, त्यसको दृष्टिमात्रले, मन जसको प्रधान अङ्ग हो त्यस लिङ्ग शरीरको रचना गर्दछे। यो मन दुर्जय कर्ममय छन्दोमय अर्थात् वेदोक्त कर्म प्रधान छ। जीवको अविद्याको कारण मन, दस इन्द्रिय औ पाँच तन्मात्रा यी सोह्र विकार युक्त आराले युक्तभएको संसारचक्र हो ! हे अजन्मा प्रभो! तपाईंदेखि अलग रहेर यो मनरूप संसार-चक्रलाई कसले पार गर्नसक्ला ? ॥२१॥ हे सर्वशक्तिमान् प्रभो ! मायाले मलाई यो सोह्र आरा भएको संसारचक्रमा पारेर उखु झैं पेलिरहेको छ। तपाईंले आफ्नो चित् शक्तिद्वारा बुद्धिका सम्पूर्ण गुणलाई जित्नु भएको छ औ कालरूपले सम्पूर्ण साध्य औ साधनलाई आफ्नो अधीनमा राख्नु हुन्छ। तपाईंको शरणमा आइ-राखेको छु, मलाई यो संसारचक्रबाट बचाएर आफ्नो नजीक तान्नु होस् ॥२२। हे भगवन ! जसको निम्ति संसारका मानिसहरू खूब चाह गर्दछन्, त्यो स्वर्गलोकमा पाइने सम्पूर्ण लोक-पालहरूको आयु, लक्ष्मी औ ऐश्वर्य्य मैले राम्रै गरी देखें। मेरा पिता अलिकता रिसाएर जब हँस्नु हुन्थ्यो र उहाँको आँखीभूई अलि वाँङ्गिन्थ्यो त्यस बखतमा स्वर्गका सम्पत्तिहरूको नाश हुन्थ्यो, तर अहिले तपाईंले मेरा त्यस्ता पितालाई पनि मार्नु भयो ॥२३॥ अतः देहधारी-हरूले इच्छा गर्ने भोगको परिणाम जान्ने भएको म सामान्य जीवदेखि लिएर ब्रह्मासम्मको आयु, लक्ष्मी, ऐश्वर्य, औ इन्द्रियसम्बन्धी भोगहरूको इच्छा गर्दीन, किन कि अत्यन्त शक्तिशाली कालको रूप धारण गरेर तपाईं यी सबैलाई नष्ट गरिदिनु हुन्छ, तसर्थ मलाई आफ्ना दास-हरूको नजीक स्थान दिनु होस् ॥२४॥ विषय-भोगका कुरा केवल सुन्दा खेरि राम्रो लाग्ने हुन् वास्तवमा ता यिनीहरू मृगतृष्णाको जल समान नितान्त असत्य हुन् औ यो शरीर पनि जसद्वारा यी भोगहरू भोगिन्छ, असंख्य रोगहरूको उत्पत्ति-स्थान हो, तर यी दुवैको असारता औ क्षणभंगुरता जान्दा जान्दै पनि मानिस यिनीहरूदेखि बिरक्त हुँदैन वरु बडो मुश्किलसँग प्राप्त हुने भोगका साना साना मधु-कणले आफ्नो कामनाको आगोलाई शान्त गर्ने चेष्टामा व्यग्र रहन्छ ॥२५॥ हे प्रभो ! यो तमो-गुणी असुरवंशमा रजोगुणले उत्पन्न भएको कहाँ म ! औ कहाँ तपाईंको कृपा ! आफ्नो परम प्रसन्नताको निदर्शन गर्ने औ समस्त सन्तापलाई हरण गर्ने जुन करकमल तपाईंले ब्रह्मा, शङ्कर, औ लक्ष्मीको मस्तकमा राख्नु भएको थिएन त्यै करकमल आज कृपा गरेर मेरो शिरमाथि राख्नु भयो, के यो सानो गौरवको कुरा हो त ? ॥२६॥ सम्पूर्ण जगत्‌को आत्मा औ सुहृद हुनु भएकोले संसारका सामान्य जीवको जस्तो तपाईंमा यी ठूलो हो यो सानो हो भन्ने भेद भाव छैन। तपाईंको कृपामा जो अन्तर देखिन्छ त्यसको कारण केही भने जसरी कल्पवृक्ष, सेवा गर्नाले समान भावले सबैको कामना पूर्ण गर्दछ त्यसैगरी तपाईंको कृपा-प्रसाद पनि सेवन

भजनले नै प्राप्त हुन्छ ।। सेवाको अनुसार नै जीबहरूमा तपाईंको कृपाको उदय हुन्छ, यसमा यो भक्त ठूलो जातिको हो, यो सानो जातिको हो भन्ने विचार राख्नु हुन्न ॥२७॥ यो संसार एउटा अध्यारो इनार जस्तो छ. यसमा कालरूपी सर्प डस्नलाई सदा तय्यार रहेको हुन्छ । विषय भोगको इच्छा गर्नेहरू त्यसैमा पर्दछन, म पनि यिनीहरूको संगतले त्यसमा खस्नै आँटेको थिएँ तर हे भगवन् ! यै मौकामा देवर्षि नारदले आफ्नो भन्ठानेर मेरो उपर कृपागरी मलाई बचाउनु भयो, उहींको कृपाले आज मलाई तपाईंको दर्शन पाउने सौभाग्य प्राप्त भएको हो; तसर्थ तपाईंका दासहरूको सेवा म कसरी छाडन सक्तछु ? ॥२८॥ हे अविनाशी प्रभो ! मेरो पिताले अन्याय गर्नाको निम्ति उद्यत भएर जब हातमा खड्ग लिएर "म सिबाय अरु कुनै ईश्वर छ भने आएर तेरो रक्षा गरोस् म अहिले नै तेरो टाउको उडाइ दिन्छु" यस्तो भनेथे त्यस बेला तपाईंले मेरो प्राणको रक्षा औमेरो पिताको बध गर्नु भयो । आफ्ना प्रेमी भक्त सनकादि ऋषिहरूको वचन सत्य गर्नाको निम्ति नै तपाईंले यी दुवै काम गर्नु भएको हो भन्ने मैले संझेको छु ।२९॥

यो सम्पूर्ण जगत् एकमात्र तपाईंकै स्वरूप हो, किन कि यसको आदिमा तपाईं नै कारण रूपले हुनुहुन्थ्यो, अन्तमा तपाईं नै अवधिको रूपमा रहनु हुनेछ औ बीचमा यसको प्रतीतिको रूपमा पनि केवल तपाईं नै हुनुहुन्छ । तपाईं आफ्ना मायाले उत्पन्न भएका गुणहरूको परिणाम स्वरूप यस जगतको सृष्टि गरेर पहिले देखिनै यसमा विद्यमान रहेकी भए तापनि,प्रवेश गरेको लीला गर्नु हुन्छ औ ती गुणहरूको सृष्टि-प्रलय आदि व्यापारले जगत्का स्रष्टा, रक्षक औ संहारक आदि रूपमा एकएवं अद्वितीय भए तापनि अनेक जस्तो देखिनु हुन्छ ।।३०।। हे ईश ! यो सत् (कार्य) असत् (कारण) रूप जगत् तपाईं नै हुनुहुन्छ, तपाइदेखि यो पृथक् छैन तर तपाईं ता यो देखि पृथक् हुनुहुन्छ,अतएव "यो आफ्नो हो, यो अर्काको हो" भन्ने भेद-बुद्धि व्यर्थको मिथ्या-मायामय भ्रम मात्र हो, किन कि जसबाट जसको जन्म, स्थिति, लय र प्रकाश हुन्छ त्यो त्यसैको रूप हुन्छ । जस्तै कार्यरूप वृक्ष र कारणरूप बीज भिन्न भिन्न देखिए तापनि गन्धतन्मात्राको दृष्टिले ता दुवै एउटै हुन, त्यसै गरी यो सबै पनि तपाईं नै हुनुहुन्छ ॥३१॥

हे प्रभो ! तपाईं यो सम्पूर्ण विश्वलाई आफूमा लीनगरी आफ्नो परमानन्दरूपको अनुभव गर्दै निष्क्रिय भएर प्रलय कालको समुद्रमा शयन गर्नुहुन्छ । त्यस बखतमा तपाईं आफ्नो स्वयं-सिद्ध योगमायाद्वारा वाह्य-दृष्टिलाई बन्द गरेर आफ्नो स्वरूपको प्रकाशमा निद्रालाई लीन गरी तीनै अवस्थादेखि परको तुरीय-ब्रह्मपदमा रहनु हुन्छ । त्यस बखतमा तपाईं न तमोगुणले युक्त हुनुहुन्छ न विषयको भोक्ता नै हुनुहुन्छ ॥३२॥ तपाईं आफ्नो कालशक्तिले मायाको धर्म तीनगुणलाई प्रेरित गर्नु हुन्छ, यसै कारणले यो ब्रह्माण्ड तपाईंकै शरीर हो ।पहिले यो तपाईंमै लीन थियो । प्रलयकालीन जलभित्र शेष शय्यामा

शयन गर्ने तपाईंले जब आफ्नो योगनिद्राको समाधिलाई त्यागिदिनु भयो, त्यस बेला बरको वीजबाट विशाल वृक्ष उत्पन्न भए झैं तपाईंको नाभिबाट एउटा ठूलो कमल प्रकट भयो र त्यस कमलबाट यो ब्रह्माण्ड उत्पन्न भयो ॥३३॥ त्यस कमलबाट उत्पन्न भएका सूक्ष्मदर्शी ब्रह्माले जब त्यस कमल बाहेक अरू केही देखेनन् तबता आफूमा वीजरूपले व्याप्त हुनु भएको तपाईंलाई आफूदेखि बाहिर सम्झेर जलभित्र पसी त्यस कमलको उत्पत्तिको कारणलाई सय वर्षसम्म खोजिरहे तर तिनले त्यहाँ केही पनि भेट्टाउन सकेनन् । कमलको उपादानकारणस्वरूप तपाईं यद्यपि उनकै शरीरमा व्याप्त हुनुहुन्थ्यो तापनि उनले तपाईंलाई जान्न सकेनन्, जानुन् पनि कसरी ?, किन कि टुसा उम्रेपछि त्यहाँ व्याप्त भएको वीजलाई कसले बाहिर अलग देख्न सक्तछ ? ॥३४॥ अनि ता आत्मयोनि ब्रह्मालाई बडो आश्चर्य्य भयो र हार मानेर त्यै कमलमा बसी धेरै कालसम्म तीव्र तपस्या गरिरहे । यस तपस्याद्वारा आफ्नो हृदय शुद्ध भएपछि, पृथ्वीमा व्याप्त भएको अतिसूक्ष्म तन्मात्रा गन्ध झैं भूत इन्द्रिय औ अन्तःकरणरूप आफ्नो शरीर भित्रै, उनलाई तपाईंको सूक्ष्मरूपको साक्षात्कार भयो ॥३५॥

ब्रह्मालाई विराट्पुरुषको दर्शन पाउँदा बडो आनन्द भयो । यी विराट्-पुरुष हजारौं मुख, चरण, शिर, हात, तिघ्रा; नाक, खाने मुख कान, आँखा, गहना एवं हजारौं हजारौं अस्त्रले सम्पन्न थिए । चौदह लोक उनका भिन्न भिन्न अङ्गको रूपमा शोभायमान थिए । भगवान्को यो एउटा मायामय मूर्ति थियो ॥३६॥ यसपछि तपाईंले हयग्रीवको अवतार लिएर वेद-द्रोही (वेद-चोरेर लैजाने), अतिशय बलिया मधु कैठभ नाम गरेका रजोगुण औ तमोगुणका मूर्ति, ती दुबैलाई मारेर सत्वगुण रूप समस्त वेद ब्रह्माजीलाई समर्पण गरिदिनुभयो । सत्वगुण तपाईंको अत्यन्त प्यारो शरीर हो मनेर महात्माहरू वर्णन गर्दछन् ॥३७॥ हे पुरुषोत्तम ! यसैगरी तपाईं मानिस, पशु, पक्षी, ऋषि, देवता औ मत्स्य आदि अवतार लिएर सम्पूर्ण लोकको पालन तथा जगद्रोहीहरूको संहार गर्नु हुन्छ । यी अवतारद्वारा तपाईं प्रत्येक युगमा युग-परम्परादेखि चलिआएको धर्मको रक्षा गर्नु हुन्छ । कलियुगमा तपाईं अवतार नलिएर गुप्तरूपले नै रहनु हुन्छ यसैले त्रियुगको नामले पनि तपाईं प्रसिद्ध हुनुहुन्छ ॥३८॥

भक्तहरूको रक्षामा निरन्तर तत्पर रहने हे प्रभो ! मेरो मनको बडो दुर्दशा छ, पाप-वासनाले कलुषित भएको यो मन बडो दुष्ट छ । प्रायः कामनाले गर्दा यो आतुर रहन्छ र हर्ष-शोक भय एवं त्रिविध तापद्वारा सदा ब्याकुल रहनाले यसलाई तपाईंको कथामा रसै लाग्दैन । यस्तो कलुषित चित्तभएको म दीनले कसरी तपाईंको स्वरूपको चिन्तन गरूँ ? ॥३९॥ हे अच्युत ! जसरी अनेक सौताहरू आफ्नो लोग्नेलाई आफ्नै कोठातिर लैजानलाई चारैतिरबाट तानातान गर्दछन्, मेरो पनि ठीक त्यस्तै दशा भैराखेको छ; कहिले पनि नअघाउँने जिभ्रोले स्वादिलो चीज तिर, जननेन्द्रियले राम्रा राम्रा आइमाई तिर,

छालाले कमलो स्पर्शतिर, पेटले भोजनतिर नाकले सुगंधतिर औ आँखाले सोन्दर्य्यतिर मलाई तानिरहन्छन् । यसै गरी कर्मेन्द्रियहरू पनि आफ्नो आफ्नो विषयतिर लैजान जोर गर्दछन् ॥४०॥

जीव यस प्रकारसँग आफ्ना कर्मबन्धनले गर्दा यो संसाररूप वैतरणी नदीमा खसिराखेको छ। जन्मबाट मृत्यु र मृत्युवाट जन्म र यी दुवैद्वारा खान-पान आदिगरिएका कर्म-योग गर्दा गर्दा यो अत्यन्त भयभीत भै राखेको छ। 'यो आफ्नो हो, यो अर्काको हो " यस प्रकारको भेद-भाव लिएर कसैसित मित्रता औ कसैसित शत्रुता गर्दछ। सदा भवनदीको पारी रहने हे प्रभो ! मूढ जीव-जातिको यस्तो दुर्दशा देख्ता अव तपाईंले करुणाले पग्लेर यसलाई समेत पार लगाउनु पऱ्यो ॥४१॥ समस्त प्राणीलाई' शिक्षा दिने हे गुरुदेब ! तपाईं सम्पूर्ण जगत्‌को उत्पत्ति, स्थिति औ संहार गर्ने हुनुहुन्छ, तसर्थ हे भगबन् ! यी जीवहरूलाई भव नदींको पार लगाउन तपाईंलाई कुनै प्रयास पनि त पर्ने होइन। केवल तपाईंको कृपा-सङ्कल्पले यिनीहरूको उद्धार भै हाल्नेछ। हे दीनदुःखीका परम हितैषी प्रभो ! महापुरुषको कृपा ता मूढहरूमाथि पो हुनुपर्दछ। तपाईंका प्यारा भक्तहरूको सेवा गर्ने हामीलाई ता संसार पारगर्ने कुरामा केही चिन्ता छैन, उनको सेवाले तरिहालूंला ॥४२॥ यो संसार रूप वैतरणी पार गर्न अवश्य अरूलाई गाह्रो छ तर मलाई ता यो देखि अलिकता पनि डर छैन, किन कि मेरो चित्तयस वैतरणीमा होइन कि तपाईंको चरित्र गान-रूप परम अमृतको सागरमा मग्न छ, मलाई ता तपाईंको गुणगानदेखि विमुख भएर इन्द्रिय भोग्य मायामय झूठो सुख पाउनाको निम्ति आफ्नो टाउकोमा सारा संसारको अर्थात् कुटुम्बको भरण-पोषणको भारी वोकिराखेका ती मूढ प्राणीहरूका लागि चिन्ता लागिराखेको छ ॥४३॥

हे देव ! ठूला ठूला ऋषि-मुनिहरू ता प्रायः आफ्नै मुक्तिको इच्छाले निर्जन वनमा गएर मौन-व्रत धारण गर्दछन्, अर्काका हितको निम्ति उनीहरू कुनै विशेष प्रयत्न गर्दैनन् । तर मलाई ता यी असहाय अज्ञहरूलाई छाडेर एक्लै मुक्त हुने इच्छा छैन । मता आफ्नो कर्मले गर्दा संसारमा अनेक योनिमा भ्रमण गरिरहेका यिनीहरूको उद्धार गर्नको निम्ति तपाईं सिवाय अरू कोही सहारा देख्तीन ॥४४॥

हे प्रभो ! मैथुनादि गृहस्थाश्रमका सुख ता दिनाइ-लुता जस्ता रोग हुन् । जसरी दिनाईमा दुवै हातले कन्याउँदा पहिले ता अलिकता आनन्द भए जस्तो हुन्छ, तर पछिबाट ता झन् बर्ता दुःख हुन्छ त्यसैगरी यी गृहस्थाश्रमका सुख पनि अति तुच्छ हुन् । तर अज्ञानीहरू अनेक दुःख भोगे तापनि यी बिषयदेखि कहिले पनि अघाउँदैनन् । तर धीर पुरुष, चिलाई सहे झैं दिनाई समानको कामादिको वेगलाई सहेर वस्तछन् । सहनाले नै कामादिको वेग नाशहुन्छ ॥४५॥ हे पुरुषोत्तम ! मौन, ब्रह्मचर्य्य, शास्त्र-श्रवण तपस्या, स्वाध्याय, स्वधर्मपालन, शास्त्रहरूको ब्याख्या, एकान्त सेवन, जप औ समाधि— यी मोक्षका दस साधन प्रसिद्ध छन् तर जसका

इन्द्रिय वशमा छैनन् तिनको निम्ति यी सबै साधन जीविका चलाउने उपाय अर्थात् एक किसिमको व्यापार जस्तो हुन जान्छन्। पोल नखुले सम्म ता पाखण्डीहरूको समेत यिनीहरूद्वारा जीविका चल्दछ ॥४६॥ वेदले वीज औ अङ्कुर झैं कार्य औ कारण यी दुई तपाईंका रूप बताएका छन् तर वास्तवमा तपाईंता रूप रहित हुनुहुन्छ। तर कार्य-कारण यी दुई रूप बाहेक तपाईंको ज्ञानको निम्ति अरू कुनै साधन छैन। जसरी मन्थनद्वारा काठबाट अग्नि प्रकट गरिन्छ त्यसैगरी योगीजन भक्तियोगको साधनद्वारा कार्य औं कारण दुवैमा तपाईंको साक्षात्कार गर्दछन्। किन कि वास्तवमा यी दुवै तपाईंदेखि पृथक् छैनन् तपाईंकै स्वरूप हुन् ॥४७॥ हे अनन्त प्रभो! वायु अग्नि, पृथ्वी, आकाश, जल, पञ्चतन्मात्रा प्राण, इन्द्रिय मन, चित्त, अहङ्कार, सम्पूर्ण जगत् एवं सगुण, निर्गुण—यी सबै केवल तपाईं नै हुनुहुन्छ। अरू त के मन औ वाणीद्वारा जति पदार्थको निरूपण हुन्छ, ती मध्ये कुनै पनि तपाईं देखि भिन्न छैन ॥४८॥ हे महाकीर्ते! यी सत्वादि गुण, यी गुणका परिणाम महत्तत्त्वादि, देवता, मनुष्य, एवं मन-यी कुनै पनि तपाईंको स्वरूप जान्नामा समर्थ छैनन्, किन कि यी सबै आदि-अन्त भएका हुन्, तपाईं, भने अनादि एवं अनन्त हुनुहुन्छ। यसै कारणले ता ज्ञानीहरू शास्त्रको अध्ययन गर्न छाडेर समाधि-योगद्वारा तपाईंको उपासना गर्दछन् ॥४९॥ हे परमपूज्य! नमस्कार, स्तुति, सबै कर्मको समर्पण, सेवापूजा, चरण-कमलको ध्यान—यी छ तपाईंको सेवाका अङ्ग हुन्। यस किसिमको सेवा बाहेक तपाईंको चरणकमलको भक्ति कसरी प्राप्त हुन सक्तछ? भक्ति विना तपाईंको साक्षात्कार पनि कसरी हुन सक्तछ? हे प्रभो! तपाईंलाई तपाईंका प्यारा परमहंस भक्तहरूले मात्र पाउन सक्तछन् ॥५०॥

नारदजी भन्नुहुन्छ—

यस प्रकारसँग भक्त प्रह्लादले भक्तिपूर्व्वक भगवान्का गुणहरूको वर्णन गरेपछि निर्गुण नृसिंह भगवान्को रिस साम्य भयो र उहाँले बडो प्रसन्न भएर, आफ्नो चरणमा टाउको राखिराखेका प्रह्लादलाई भन्नुभयो ॥५१॥

भगवानले भन्नुभयो—

हे सज्जन प्रह्लाद। तिम्रो कल्याण होस्। हे असुरसेष्ठ! तिमीदेखि म बडो प्रसन्न छु। आफूलाई इच्छालागेको वर मांग। म प्राणीहरूको सम्पूर्ण कामना पूर्ण गर्ने हूँ ॥५२॥ हे चिरञ्जीवि! जसले मलाई प्रसन्न गराउन सक्तैन त्यसलाई मेरो दर्शन दुर्लभ छ, तर मेरो दर्शन पाएपछि मेरो फलानो कामना पूर्ण भएन भनेर त्यसले पश्चाताप गर्नु पर्दैन ॥५३॥ हे महाभाग! म सकल मनोरथ पूर्ण गर्ने हुनाले, कल्याणको इच्छा गर्ने जितेन्द्रिय परम भाग्यमानी साधुजन अनन्यभावले मलाई नै सन्तुष्ट गन चेष्टामा तत्पर रहन्छन् ॥५४॥

नारदजी भन्नुहुन्छ—

प्रह्लाद ता भगवान्का अनन्य प्रेमी थिए, त्यसैकारणले सम्पूर्ण लोकलाई लोभ्याउने वरदानको लोभ देखाउँदा पनि उनले नृसिंह भगवान्सित कुनै प्रकारको वरको इच्छा प्रकट गरेनन् ॥५५॥

अध्याय—१०

प्रह्लाद र नृसिंह भगवान्‌को सम्बाद, प्रह्लादको वर-प्राप्ति; उनको राज्याभिषेक; भगवान्‌को अन्तर्धान तथा त्रिपुरदहनको कथा ।

नारदजी भन्नुहुन्छ—

यी सब वरदानलाई भक्ति-योगमा विघ्न पार्ने संझेर बालक प्रह्लादले मुसुक्क हाँस्तै हृषीकेश भगवान्‌लाई भने ॥१॥

प्रह्लादले भने—

म ता जन्मैदेखि विषय-भोगमा आसक्त भइआएको हूँ। यी सब वरद्वारा मलाई झन् बर्ता लोभमा न पार्नोस् । म ता यी भोगहरूको संगले डराएर, बिरक्त भै कन, मोक्ष-प्राप्तिको अभिलाषाले तपाईंको शरणमा आइराखेको छु ॥२॥ हे भगवन् ! तपाईंले अवश्य सेवकको मनको कुरा जान्नालाई अर्थात् परीक्षा गर्नलाई मलाई वरदान माग्नाको निम्तिको प्रेरणा गरेको हो । यो विषयभोग ता हृदयको गाँठोलाई झन् बलियो पार्ने तथा बारम्बार जन्ममृत्युको चक्करमा पार्ने हुन् ॥३॥ हे समस्त चराचरका गुरुदेव ! परीक्षा गर्ने सिवाय अरु कुनै कारणले पनि तपाईं दयालुले यसरी सोध्नु सर्वथा असम्भव देखिन्छ । आफ्नो सांसारिक सुख तपाईंद्वारा पूर्णगर्ने इच्छा भएको सेवक ता सेवक नै होइन—लेनदेन गर्ने पूरा ब्यापारी हो ॥४॥ मेरो बिचारमा ता स्वामीबाट आफ्नो कामना-पूर्तिको इच्छा राख्ने सेवक, सेवक नै होइन औ जो सेवकबाट काम गराउन अर्थात् उसको स्वामी बन्नाको निम्ति, उसको कामना पूर्ण गर्दछ, त्यो स्वामी पनि स्वामी होइन ॥५॥ म ता तपाईंको निष्काम भक्त हू औ तपाईं मेरो निरपेक्ष स्वामी हुनुहुन्छ अतएव राजा औ उसका सेवकमा प्रयोजनले गर्दा स्वामी-सेवकको सम्बन्ध भएझैं तपाईंको र मेरो बीचमा त्यस्त किसिमको सम्बन्ध छैन ॥६॥

वरदान दिनेहरूमध्येका हे श्रेष्ठ प्रभो ! मैले इच्छा गरेको वरदिने नै तपाईंको इच्छा छ भने मेरो हृदयमा कुनै किसिमको अभिलाषाको विउ उम्रन न पावोस्—तपाईंसित केवल यै वर माग्दछु ॥७॥ किन कि हृदयमा कामना उत्पन्न हुने बित्तिकै इन्द्रिय, मन, प्राण, देह, धर्म, धैर्य्य, बुद्धि, लज्जा, श्री, तेज, स्मृति औ सत्य—यी सबै नष्ट-भ्रष्ट हुन्छन् ॥८॥ हे कमलनयन प्रभो ! जुन बखतमा मानिसले आफ्नो मनमा रहने सबै कामनाहरूलाई त्यागिदिन्छ, त्यै बेलामा त्यसलाई भगवद्भावको प्राप्ति भै हाल्दछ ॥९॥ हे प्रभो ! सबैको हृदयमा विराजमान रहने, उदारशिरोमणि, अद्‌भुत नृसिंहरूप धारण गर्ने, परब्रह्म, परमात्मा तपाईं बिष्णु भगवान्‌लाई नमस्कार छ ॥१०॥

नृसिंह भगवान्‌ले भन्नुभयो—

हे प्रह्लाद ! तिमीसमानका मेरा अनन्य भक्तले कहिले पनि यस लोकको एवं परलोकको कुनै किसिमको भोगको कामना गर्दैनन् भन्ने कुरा साँचो हो, यसो भए तापनि मेरो आज्ञाले केवल यस मन्वन्तरको समाप्तिसम्म दैत्यराज-

हरूले भोग गर्ने योग्यका सम्पूर्ण भोगको भोग गरेर बस ॥११॥ मेरा लीला–कथाहरू, जो कि तिमीलाई अत्यन्त प्यारो लाग्दछन्, सधैं सुन्ने गर्नु । सबै प्राणीको हृदयमा ईश्वररूपले विराजमान रहने, यज्ञका अधिष्ठाता मलाई आफ्नो हृदयमा धारण गर्नु र सम्पूर्ण कर्म मलाई समर्पण गरी, कर्मफलको इच्छा नराखेर यज्ञादिद्वारा मेरो पूजन गर्नु ॥१२॥ यस प्रकारसँग सुखभोगद्वारा पुण्यकर्मको फल र पुण्यकर्मद्वारा पापको नाश गर्दै तिमी बेला पुगेपछि शरीर त्यागेर समस्त बन्धनबाट मुक्त भै कन म कहाँ आउने छौ। सुरलोकमा देवताहरूले समेत गान गर्ने तिम्रो विशुद्ध किर्ति जगत्मा जताततै फैलिने छ ॥१३॥ जो मानिस मलाई औ तिमीलाई स्मरण गरेर, तिमीले गरेको मेरो यस स्तुतिको किर्तन गर्ने छ त्यो पनि आफ्नो बेला पुगेपछि कर्मबन्धनबाट मुक्त हुने छ ।।१४।।

प्रह्लादले भने—

हे महेश्वर ! तपाईं वरदिनेहरूका स्वामी हुनुहुन्छ। तपाईंसित एउटा अर्को वर माग्दछु। मेरो पिताले तपाईंको ईश्वरीय तेज न बुझेकोले औ सर्वशक्तिमान्, चराचरका गुरु स्वयं तपाईंलाई न चिन्हेकोले तपाईंको बडो निन्दा गरे । यै विष्णुले मेरो भाइलाई मारेको हो भन्ने मिथ्यादृष्टिले गर्दा पिताजीले क्रोधको वेगलाई खण्न सक्नु भएन। यसै कारण तपाईंको भक्त भएकोले मसित समेत द्रोह गर्नु भयो । तपाईंको दृष्टि पर्नासाथ उहाँ पवित्र भै सक्नु भएको भए तापनि हे दीनबन्धो ! छिटो नाश न हुने त्यस दुस्तर दोषबाट मेरा पिताजी शुद्ध हुनुहोस् भन्ने प्रार्थना गर्दछु ॥१५–१७।

नृसिंह भगवान्‌ले भन्नुभयो—

पापको लेश पनि न भएका हे प्रह्लाद ! तिमी जस्ता, कुललाई पवित्र गर्ने छोराले, घरमा जन्म लिएकोले, तिम्रा पिता आफ्ना पहिलेका एक्काइस पुस्ताका पितृहरूको साथसाथै पवित्र भएका छन् ॥१८॥ जहाँ मेरा समदर्शी, शान्त सदाचारको पालन गन प्रेमी भक्त बस्त छन्, त्यस ठाउमा नीच जतिहरूसमेत पवित्र हुन्छन् ॥१९॥ हे दैत्यराज ! मेरो भक्तिभावले गर्दा जसमा कुनै प्रकारको कामना रहँदैन, त्यस्ता मेरा भक्तहरू सर्वत्र आत्मभाव भएकोले, साना ठूला कुनै प्राणीलाई पनि कुनै किसिमले कष्ट दिंदैनन् ॥२०॥ संसारमा जो तिम्रो अनुकरण गर्ने छन् ती समेत मेरा भक्त हुने छन्। ए बाबु ! तिमी मेरा भक्तहरूमध्येका श्रेष्ट औ आदर्श स्वरूप छौ ॥२१॥ हे प्रह्लाद नानी ! मेरो शरीरसितको स्पर्श हुनाले तिम्रा पिता पूर्णरूपले पवित्र भै सकेको भए तापनि लोकमर्य्यादाको रक्षाको निम्ति उनको अन्त्येष्टि-क्रिया गर। तिमी जस्तो सुपुत्र भएकोले उनले अवश्य उत्तम गति पाउने छन् ॥२२॥ ए बाबु ! अब तिमी आफ्नो बाबुकोस्थानमा बस र वेदबादी मुनीहरूको आज्ञानुसार ममा आफ्नो मन लगाएर, मेरै सेवाको निम्ति आफूले गर्नु पर्ने सबै काम गर ॥२३॥

नारदले भन्नुभयो—

भगवान्‌को आज्ञा अनुसार प्रह्लादले आफ्ना पिताको अन्त्येष्टि–क्रिया गरे र त्यसपछि पूज्य ब्राह्मणहरूले उनको राज्याभिषेक गरे ॥२४॥ यै बेलामा देवता, ऋषिहरूलाई आफ्नो चारैतिर राखेर ब्रह्माले, नृसिंह भगवान्‌लाई प्रसन्न औ

हँसिलो मुख लागाएको देखेर, पवित्र वचनद्वारा उहाँको स्तुति गरेर, यो कुरा भन्नु भयो ॥२५॥

ब्रह्माले भन्नुभयो—

हे देवताहरूका आराध्यदेव ! तपाई सर्वान्तर्यामी, प्राणीहरूको जीवन-दाता औ मेरो समेत पिता हुनुहुन्छ । सम्पूर्ण लोकलाई सताउने यस पापी दैत्यलाई तपाईंले जो मार्नुभयो, सो हाम्रो ठूलो भाग्यको कुरा भयो ॥२६॥ मेरो सृष्टिमा कुनै प्राणीले पनि तेरो वध गर्न सक्ने छैन भन्ने वर मैले यसलाई दिएको थिएँ । यै वरले गर्दा यो मतवाला भै राखेको थियो । आफ्नो तपस्या, योग औ बलले गर्दा उन्मत्त भएर समस्त वेद-विधिको उच्छेदन गर्नामा प्रवृत्त भएको थियो ॥२७॥ यस दैत्यको छोरो, परम भागवत, शुद्धहृदय बालक प्रह्लादलाई तपाईंले मृत्युको मुखबाट बचाउनु भयो-यो पनि सौभाग्यको कुरो हो। यो प्रह्लाद पनि अहिले तपाईंको शरणमा आइराखेकोछ यो पनि बडो आनन्द औ मङ्गलको कुरो भएको छ ।२८॥ हे भगवन् ! जसले एकाग्र चित्तले तपाईको नृसिंहरूपको ध्यान गर्ने छ, त्यसलाई तपाईंको यस मूर्तिले सब प्रकारको भयबाट बचाउनेछ, मार्ने इच्छाले आएको मृत्युले समेत उसको केही बिगार गर्न सक्ने छैन ॥२९॥

भगवान्ले भन्नुभयो—

हे ब्रह्माजी ! दैत्यहरू स्वाभाविक दुष्ट हुन्छन् । उनलाई वर दिनु ता सर्पलाई दूध पियाएर पाल्नु बराबर हो तसर्थ असुरहरूलाई अब उप्रान्त यस्तो अलभ्य वर नदिनु होला ॥३०॥

नारदजी भन्नुहुन्छ -

हे राजन् ! यति भनेर तथा ब्रह्माजीद्वारा गरिएको पूजा ग्रहण गरी नृसिंह भगवान्, सबैले हेर्दा हेर्दैमा त्यहीं अदृश्य हुनुभयो ॥३१॥ यस पछि प्रह्लादले भगवान्का अंशस्वरूप ब्रह्मा महादेव, तथा प्रजापति औ देवताहरूको पूजा गरेर, पृथ्वीमा टाउको टेकाएर, यी सबैलाई दण्डवत् प्रणाम गरे ॥३२॥ यसपछि शुक्राचार्य आदि मुनिहरूको साथमा ब्रह्माजीले प्रह्लादलाई सम्पूर्ण दैत्य-दानवहरूको अधिपति बनाइदिनु भयो ॥३३॥ तदनन्तर ब्रह्मा आदिगरिएका समस्त देवताहरूले प्रह्लादले गरेको सत्कार ग्रहण गरी उनको प्रशंसा गरे औ उनलाई शुभाशीर्वाद दिएर आफ्नो आफ्नो लोकतिर लागे । ३४॥

यस प्रकारसँग जय-बिजय, विष्णु भगवान्का यी दुई पार्षद सनकादिहरूको श्रापले गर्दा दितिका छोरा दैत्य भएर जन्मे औ भगवान्सित वैर-भाव राख्तथे आफ्नो हृदयमा रहने भगवान्ले उनको उद्धार गर्नको निम्ति उनलाई मार्नु भयो ॥३५॥ श्रापले गर्दा उनीहरूको मुक्ति ता भएन र फेरि रावण औ कुम्भकर्णको रूपमा राक्षस भएर जन्मे औ रामचन्द्रको पराक्रमले उनीहरूको अन्त भयो ॥३६॥ उनीहरूको हृदय रामचन्द्रको बाणले विदीर्ण हुन गयो र रणभूमिमा लडेको लडै पूर्वजन्ममा झैं भगवान्को स्मरण गर्दा गर्दैमा आफ्नो शरीर छाडे ॥३७॥ उनीहरू नै अहिले यस युगमा शिशुपाल र करूषको छोरो दन्तवक्त्र भएर जन्मेका थिए, जसलाई कि वैरभावले सदा भगवानको ध्यान गर्ने हुनाले, तिमीहरूको

सामुन्नेमा सायुज्य मुक्ति मिल्न गयो ॥३८॥ हे राजन् ! जसरी पेशस्कृत (एक किसिमको भ्रमरा) द्वारा पक्रिएको कीरा, डरले सदा उसको ध्यान गर्नाले त्यै भ्रमराको स्वरूप लिन्छ त्यसै गरी यी शिशुपालादि कृष्ण-द्रोही राजाहरूले पनि वैरभावले सदा भगवान्को चिन्तन गर्ने हुनाले, पहिले गरिएका आफ्ना पापबाट मुक्त भै अन्तमा सदाका लागि मुक्ति प्राप्त गरे ॥३९॥ जसरी भगवान्का प्यारा भक्तहरू आफ्नो भेद-भावरहित अनन्य भक्तिद्वारा उहाँमा लीन हुन्छन् त्यसैगरी शिशुपालादि राजाहरूले पनि वैरभाव-जनित उहाँको अनन्य चिन्तनले भगवान्को सारूप्य भेट्टाए ॥४०।

हे युधिष्ठिर ! भगवान्सित द्वेष गर्ने शिशु-पालादिहरूले कसरी सायुज्य मुक्ति पाए भन्ने जो तिमीले प्रश्न गरेका थियौ त्यसको उत्तरमा मैले तिमीहरूलाई यस सम्बन्धका सबै कुरा वर्णन गरेर सुनाइदिए ॥ ४१ ॥ ब्रह्मण्यदेव महात्मा श्री कृष्णको यो अवतार-कथा बडो पवित्र छ। यसमा हिरण्याक्ष औ हिरण्यकशिपु यी दुवै आदिदैत्यको वधको वर्णन छ ।।४२॥ यस आख्यानमा भगवान्का परमभक्त प्रह्लादको चरित्र, उनको भक्ति, ज्ञान, वैराग्य, संसारको उत्पत्ति, स्थिति एवं प्रलयका स्वामी भगवान् हरिको यथार्थ स्वरूप तथा उहाँका दिव्य गुण औ लीलाहरूको वर्णन छ । यसमा देवता औ दैत्यहरूको स्थानमा कालक्रमले गर्दा हुने महान् परिवर्तन एवं भगवान्को प्राप्ति गराउने भागवतधर्मको समेत वर्णन गरिएको छ; अध्या-त्मको सम्बन्धमा पनि जान्नु पर्ने योग्यका सबै कुराको राम्रोसँग निरूपण गरिएको छ ।। ४३-४५॥ भगवान्को पराक्रमले पूर्ण भएको यस पवित्र आख्यानको जसले श्रद्धासंग कीर्तन गर्दछ अथवा केवल सुन्दछ, त्यो कर्मबन्धनवाट मुक्त हुन्छ ।।४६।। जो मानिस आदिपुरुष पर-मात्माको यो नृसिंहलीला, सेनापतिह रूसहितको हिरण्यकशिपुको वध औ संतशिरोमणि प्रह्लाद-जीको प्रवित्र प्रभाव एकाग्रमनले पढने सुन्ने गर्दछ त्यो अन्त्य समयमा निर्भय भैकन वैकुण्ठ-धाममा जान्छ ॥४७।

हे राजन् ! यस मर्त्यलोकमा तपाईहरू पनि बडा भाग्यशाली हुनुहुन्छ किन कि, साक्षात् परब्रह्म परमात्मा मनुष्यको रूप धारण गरी गुप्तरूपले तपाईंको घरमा बस्नु भएको छ । यसै कारणले उहाँको दर्शन गर्नाको निम्ति सारा संसारलाई पवित्र गन ऋषि-मुनि चारैतिर वाट तपाईंकहाँ आइरहन्छन् ।।४८।। बडा बडा महापुरुष जसकी निरन्तर खोजगर्दछन् उनै उपाधिरहित, परम शान्त, परमानन्द-अनुभव-स्वरूप, परब्रह्म नै तपाईंका प्रिय सुहृद, मामाका छोरा, पूजनीय, आज्ञाकारी औ गुरु श्रीकृष्ण हुनु हुन्छ ।।४९।। शिव, ब्रह्मा आदि देवताहरूले समेत आफ्नो बुद्धिको बलले जसको रूपको ठीक ठीक वर्णन गर्न सक्तैनन् भने हामीले कसरी गर्न सक्त छौं ?। हामी मौन, भक्ति औ इन्द्रियको दमन गरेर पूजा गर्दछौं। कृपया हाम्रो यो पूजा स्वीकार गरी भक्तवत्सल भगवान् हाम्रा उपर प्रसन्न होउन् ॥ ५० ॥ हे राजन् ! उहिले महा मायावी मय असुरले रुद्रदेवको विशाल यशमा कलङ्क लगाउन खोजेको

थियो तर उनै कृष्ण भगवान्‌ले त्यस यशको रक्षागरी फेरि त्यसलाई विख्यात गरिदिनु भयो ।।५१।।

राजा युधिष्ठिरले सोधे—

हे नारदजी ! मयदानवले कुन काममा जगदीश्वर रुद्रदेवको यश नष्ट गर्न खोजेको हो ? औ कृष्ण भगवान्‌ले कसरी उहाँको यशको रक्षा गर्नु भयो ? कृपया हामीलाई यो कुरा भन्नु होस् ।।५२।।

नारदजीले भन्नुभयो—

एक चोटि यिनै श्रीकृष्णबाट शक्ति प्राप्त गरेर जब देवताहरूले युद्धमा असुरहरूलाई परास्त गरे, अनिता सबै असुरहरू मायाबीहरूका परम गुरु मयदानवको शरणमा गए ॥ ५३ ॥ यति भएपछि शक्तिशाली मय असुरले सुन-चाँदी औ फलाँमका तीन विमान बनाइदिए । यी तीन विमानता तीनवोटा सहर जस्तै थिए यी विमान आए गएको कसैले पत्तै पाउँदैनथ्यो औ यिनको भित्र अनुमानै गर्न नसकिने सामान भरिएकोथियो ।।५४।। हे राजन् । यी तीनै पुरीमा लुकेर असुर सेनापति पहिलको वैरभाव स्मरण गरी लोकपाल सहितको सबै लोकलाई नाशगर्न लागे ।।५३।। यसो हुँदा लोकपालहरूलाई साथमा लिएर सारा प्रजा शङ्करको शरणमा गई प्रार्थना गर्नलागे— "हे देब त्रिपुरमा बस्ने असुरहरूले हाम्रो विनाश पार्न लागेका छन् ! हे प्रभो ! हामी सबै तपाईंकै ह्वौं तसर्थ हाम्रो रक्षा गर्नोस्" ।।५६।।

यसपछि भगवान् रुद्रले देवताहरू माथि अनुग्रह गरी उनीहरूलाई "न डराओ" भन्नु भयो र आफ्नो धनुमा बाण चढाएर तीनै लोकलाई लक्ष्य गरी चलाउनुभयो ।।५७।। उहाँको त्यस बाणबाट, किरण सूर्य मण्डलबाट निस्के झैं, अग्निमय अनेक बाण उत्पन्न भए र यी बाणले गर्दा ती पुरहरू नै नदेखिने भए ।।५८।। यी बाणको स्पर्श हुनासाथ तीनै विमानमा रहनेहरू मर्दै तल खस्नलागे । महामायावी मय अनेक उपाय जान्दथ्यो । त्यसले ती दैत्यहरूलाई ल्याएर आफूले बनाएको अमृतको इनारमा हालिदियो ।।५९।। त्यो सिद्ध अमृत-रसको स्पर्श-हुनासाथ असुरहरूको शरीर अत्यन्त तेजस्वी औ वज्र समानको सुदृढ हुनगयो । यी सबै बादललाई छिया छिया पार्ने बिजुलोको आगो झैं फेरि प्रकट भैहाले ॥६०॥

महादेवलाई, आफ्नो सङ्कल्प पूरा गर्न न सकेकोले, मनमा खिन्न भएको देख्ता, भगवान् विष्णुले अमृतको इनारलाई नाश गर्ने एउटा युक्ति निकाल्नु भयो ।।६१।। त्यस वेलामा यिनै विष्णु भगवान् गाई औ ब्रह्मा बाच्छो बन्नु भयो र मध्याह्नको समयमा ती तीनै पुरीमा गई त्यहाँकाँ इनारको जम्मै अमृत पिइदिनु भयो ॥६२॥ त्यहाँ रखवालो गर्ने दैत्यहरूले, हेरिरहेको भए तापनि भगवान्‌को मायाले मोहित भएकोले, उहाँहरूलाई रोक्न सकेनन् । महायोगी मय असुरलाई यो कुरा थाहा भएपछि, भगवान्‌को यसलीलाको स्मरण गर्दा उसलाई कुनै प्रकारको शोक भएन र शोक गर्न लागेका अमृतको रखवाली गर्ने पालेहरूलाई त्यसले भन्यो— "ए भाई हो ! आफ्नो, अर्काको अथवा दुवैको निम्ति भगवान्‌ले जस्तो विधान गरेका

छन् त्यसलाई देवता, असुर, मानिस अथवा अरू कुनै प्राणीले पनि मेट्न सक्तैनन् तसर्थ शोक गर्नु व्यर्थ हो । यस पछि विष्णु भगवान्ले महादेवको निम्ति धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य्य, तप, विद्या औ क्रिया आदि शक्तिद्वारा रथ सारथी, ध्वजा, घोडा, धनुष, कवच, औ वाण आदि-गरिएका युद्धका सामग्री तथा अन्यान्य शक्तिले अन्यान्य बस्तु तय्यार पारिदिनु भयो ॥६३-६६॥ यी सामग्रीले सजिसजाउ भएर भगवान् शङ्कर हातमा धनुष-बाण ली रथमा सवार हुनुभयो अभिजित् मुहुर्तमा उहाँले धनुषमा वाण चढाएर तत्काले ती तीनैबोटा दुर्भेद्य विमानलाई भस्म पारिदिनु भयो । हे महाराज युधिष्ठिर ! त्यस वेला स्वर्गमा नगाडा बज्न लाग्यो तथा विमानमा बसेका सयकडौं देवता, ऋषि, पितृगण औ सिद्धेश्वरहरू आनन्दले जय जयकार गर्दै फूलको वर्षा गर्नलागे औ अप्सराहरूले नाच्न, गाउन थाले ॥६७-६९॥ हे महाराज । यस प्रकारसँग ती तीनै पुरलाई भस्म पारेर शङ्कर भगवान्ले "पुरारि" को पदवी पाउनु भयो औ ब्रह्मादि-हरूले गरेको स्तुति सुन्दै आफ्नो धाम तिर लाग्नु भयो ॥७०॥

हे युधिष्ठिर ! आत्मस्वरुप, जगद्गुरु भगबान् श्रीकृष्ण आफ्नो मायाद्वारा, मानव शरीरको अनुकरण गर्ने यस प्रकारका जति लीला गर्नु-हुन्छ, ऋषिहरू लोकलाई पवित्र पार्ने तिनै लीला-हरूको गान गर्दछन् ।"[अब मैले तिमीलाई के सुनाउने हो, भन ॥७१॥

अध्याय-११

मानव धर्म, चारै वर्णको धर्म तथा स्त्री धर्मको वर्णन ।

शुकदेवजी भन्नुहुन्छ—

महात्माहरूमा अग्रगण्य, भगवानका परम-भक्त, दैत्यराज प्रह्लादको, साधु समाजमा सम्मानित भएको यो पवित्र चरित्र सुन्दा युधिष्ठिरलाई बडो आनन्द भयो र उनको फेरि ब्रह्माका छोरा नारदलाई उनले सोधे ॥१॥

युधिष्ठिर महाराजले सोधे हे भगवन् ! अब म वर्ण औ आश्रमको सदाचारको साथसाथै मानिसहरूको सनातन धर्म सुन्न चाहन्छु किन कि यो सुन्नाले मानिसलाई ज्ञान र भक्तिको प्राप्ति हुन्छ॥२॥ हे ब्रह्मन् ! तपाईं स्वयं प्रजापति ब्रह्माका छोरा हुनुहुन्छ औ तपस्या, योग औ समा-धिले गर्दा अरू छोराका भन्दा उहाँले तपाईंको बर्त्ता सम्मान पनि गर्नुहुन्छ ॥३॥ तपाईंसमानका नारायण परायण, दयालु, सदाचारी औ शान्त ब्राह्मणले धर्मको गुप्त रहस्य जत्तिको यथार्थरूपले जान्दछन् त्यत्तिको ता अरूहरूले जान्दैनन् ॥४॥

नारदजीले भन्नुभयो—

अजन्मा भगवान् नै समस्त धमको मूल कारण हुनुहुन्छ । उहीं प्रभु चराचर जगत्को कल्याणको निम्ति धर्मको वीर्यद्वारा दक्षपुत्री मूर्तिको गर्भबाट आफ्नो अंशले अवतार लिएर वदरिकाश्रममा तपस्या गर्न लाग्नु भएको छ । उनै नारायणलाई प्रणाम गरेर उनैको मुखबाट सुनेको सनातन-धर्म वर्णन गर्दछु ॥ ५-६ ॥

हे राजन्। वेदनै भगवान्को रूप हो। वेद जान्ने महर्षिहरूले भनेको स्मृतिहरूमा र शास्त्रोक्त धर्ममा जहाँ परस्पर विरोध पर्दछ त्यस ठाउँमा जसबाट आफ्नो मन प्रसन्न हुन्छ, ती आचरण नै सनातन धर्मका मूल हुन अर्थात् श्रुति, स्मृति र अन्तःकरणको प्रेरणाले नै धर्मको निर्णय हुन्छ ॥७॥

हे पाण्डुपुत्र । सत्य, दया, तपस्या, शौच, तितिक्षा, उचित-अनुचितको विचार, मनको संयम इन्द्रियहरूको दमन, अहिंसा, ब्रह्मचर्य्य, त्याग स्वाध्याय, सरलता, सन्तोष, समदर्शी महात्माहरूको सेवा, विस्तारै बिस्तारै सांसारिक भोगको चेष्टाबाट निवृत्त हुनु, मानिसको अभिमान पूर्ण प्रयत्नको फल उल्टो हुन्छ भन्ने विचार, मौन व्यर्थको कुरा नगर्नु), आत्मचिन्तन गर्नु, प्राणी हरूलाई यथोचित रुपले अन्नादि बाँडेर खानु, सम्पूर्ण प्राणीमा विशेषगरी मानिसमा इष्टदेव परमात्माको भाव राख्नु, महात्माहरूका परम आश्रय श्रीकृष्ण भगवान्को श्रवण-स्मरण-कीर्तन उहाँको सेवा-पूजा-प्रणाम, आफूलाई भगवान्को दास संझनु, उहाँ प्रति सखा-भाव राख्नु औ उहाँलाई आत्म समर्पण गर्नु—यी तीस प्रकारका आचरणले युक्त भएको सनातन धर्म नै सब मानिसको निम्ति उत्तम धर्म कहिएको छ। यसको पालना गर्नाले सर्वात्मा हरि प्रसन्न हुनुहुन्छ ॥८-१२॥

हे धर्मराज! जसको वंशमा गर्भाधानादि संस्कार अखण्डरूपले भै आएका छन् औ जसलाई ब्रह्माले यी संस्कारको योग्य भन्नुभएको छ, तीनै द्विज हुन् । जसका कुल औ आचार शुद्ध छन् त्यस्ता द्विजहरूको निम्त यज्ञ, अध्ययन दान औ ब्रह्मचर्य्यादि आश्रमका लागि कहिएका सबै कर्म गर्नु भन्ने विधान छ वेद-विहित हो ॥१३॥ पढ्नु-पढाउनु, दान दिनु लिनु, यज्ञ गर्नु गराउनु, यी छ कर्म ब्राह्मणका हुन् तर अन्य अर्थात् क्षत्रियहरूले दानलिन हुन्न । प्रजाको पालन गर्ने राजाहरूको निम्ति ब्राह्मण बाहेक- अरू सबै प्रजासित यथायोग्य कर तथा दण्ड (जरिवाना) लिएर जीविका चलाउने विधान छ ॥१४॥ वैश्यहरूले सर्वदा ब्राह्मण-वंशको अनुयायी भएर गो-रक्षा कृषि एवं ब्यापारद्वारा आफ्नो जीविका चलाउनु पर्दछ । द्विजातिहरूको सेवा गर्नु शूद्रको धर्म हो, उसको जीविको निर्बाह उसको स्वामीले गर्दछ ॥१५॥

ब्राह्मणको जीवन-निर्वाहका लागि चार प्रकारका साधन छन्ः—वार्ता (यज्ञ, अध्ययनादि गराएर धन लिनु), शालीन (मांगीकन जे पाइन्छ त्यसैले निर्वाह गर्नु), यायावर (रोज रोजै धान्यादि मागेर ल्याउनु) तथा शिलोञ्छन (किसानले बाली काटेर अन्न घर लइजाँदा भूइँमा खसेका गेडालाई शील र बजारमा छरिएको अन्नलाई "भन्दछन् , शील र उञ्छ बटुलेर निर्वाह गर्नेलाई शिलोञ्छन् बृत्ति भन्दछन्)। यिनमा पछि पछिका वृत्ति पहिलेको भन्दा श्रेष्ठ हुन् ॥१६॥ क्षत्रिय बाहेक अरू तल्लो वर्णको मानिसले आपत्तिकाल न परिकन उत्तम वर्णका मानिसको वृत्तिको अवलम्बन गर्न हुन्न । क्षत्रियले दान लिने सिवाय ब्राह्मणको अरू शेष-बृत्ति स्वीकार गर्नु पर्दछ। आपत्तिकालमा ता ता जसले पनि जुन सुकै वृत्ति लिए पनि हुन्छ

तर क्षत्रियले ता आपत्तिकालमा समेत दान लिन हुन्न ।।१७।। ऋत, अमृत, मृत, प्रमृत सत्यानृत यिनमा जुनसुकै वृत्तिद्वारा ब्राह्मण-क्षत्रियले जीविका चलाउन हुन्छ तर श्वानबृत्तिको अवलम्बन गर्नु ता उचित छैन ।।१८।। शिलोञ्छन वृत्तिलाई ऋत, शालीनलाई अमृत, नित्य मागेर ल्याउने यायावर वृत्तिलाई मृत तथा कृषिद्वारा अर्थात् वार्त्ता बृत्तिद्वारा जीवन-निर्व्वाहलाई प्रमृत भन्दछन् ।।१९ । सत्यानृत भनेको वाणिज्य हो औ नीच वर्णको सेवा गर्नु श्वान-बृत्ति हो । ब्राह्मण, क्षत्रियले यो अन्तिम निन्दित वृत्तिको सर्वदा त्याग गर्नु पर्दछ किन कि ब्राह्मण सबै वेदका आधार औ क्षत्रिय सबै देवताका आधार हुन् ।।२०।।

शम-दम-तप-शौच-सन्तोष-क्षमा-सरलता-ज्ञान-दया-विष्णु भगवान्को भक्ति तथा सत्य यी ब्राह्मणका लक्षण हुन् ।।२१।। शूर वीर हुनु, उत्साह, धैर्य्य, तेजस्विता, त्याग, (दान), आत्मालाई जित्नु अर्थात् मनलाई दमन गर्नु, क्षमा, ब्राह्मणमा भक्ति राख्नु, अनुग्रह औ प्रजाको रक्षा गर्नु—यी क्षत्रियका लक्षण हुन् ।।२२।। देवता, गुरु औ भगवान्मा भक्ति राख्नु, धर्म-अर्थ-काम यी तीन पुरुषार्थको रक्षा गर्नु, आस्तिकभाव, सधैं उद्योग गर्नु औ व्यवहारमा निपुण हुन्—यी वैश्यका लक्षण हुन् ।।२३।। उच्च वर्णका मानिसको अगाडि नम्र भएर रहनु, पवित्रता स्वामीको निश्कपट सेवा विना वेद-मन्त्रले यज्ञ गर्नु, चोरी नगर्नु, साँचो बोल्नु तथा गाई ब्राह्मणको रक्षा गर्नु—यी शूद्रका लक्षण हुन् ।।२४।।

पतिको सेवा गर्नु, पतिको अनुकुल रहनु, पतिका सम्बन्धीहरूलाई प्रसन्न राख्नु, सदा पतिका नियमहरूको पालना गर्नु,—यी, पतिलाई नै ईश्वरमान्ने पतिव्रता स्त्रीका धर्म हुन् ।।२५।। साध्वी स्त्रीले झाड बहार लीपपोत तथा पूर-पार इत्यादि काम गरेर घरलाई तथा राम्रा लुगा-गहना लगाएर आफ्नो शरीरलाई सिंगार्नु पर्दछ ।।२६।। सधैं घरका सामग्रीलाई साफ सुग्घर पारेर ठीक ठीक ठाउँमा राख्नु पर्दछ । आफ्नो पतिदेवको सानो ठूलो सबै प्रकारको इच्छालाई ठीक ठीक बेलामा पूर्ण गर्नुपर्दछ । नम्र भएर, इन्द्रिय दमन गरी, साँचो मीठो बोली गरेर प्रेमसँग पतिको सेवा गर्नुपर्दछ ।।२७।। स्त्रीहरूले जे भेटिन्छ त्यसैमा सन्तुष्ट रहनु पर्दछ, कुनै चीजको निम्ति पनि लोभ गर्नु हुन्न, काममा अल्छी गर्न हुन्न, आफ्नो धर्म जान्ने हुनुपर्दछ, साँचो औ मीठो बोली गर्नु पर्दछ, आफ्नो काममा सावधान रहनु पर्दछ, पवित्र रहेर पति पतित छैन भने, प्रेमसँग ऊसितको सहबास गर्नु पर्दछ ।।२८।। जुन स्त्री लक्ष्मी झैं पतिपरायण भएर, आफ्नो पतिलाई साक्षात् भगवान्कोस्वरूप सम्झेर उसको सेवा गर्दछे, त्यो बैकुण्ठधाममा हरिस्वरूप पति-सँग रहेर, विष्णु भगवान्को साथमा लक्ष्मीले आनन्द पाए झैं, आनन्द पाउँछे ।।२९।।

चोरी अथवा अरू कुनै किसिमको पाप कर्म न गरेर, आफ्नो कुल परम्परादेखि चलि आएको बृत्तिले निर्वाह गर्नु अन्त्यज (धोबी-सार्कीआदि) र अन्तेवसायी (चण्डालादि) वर्णशङ्कर जातिका मानिसहरूको धर्म हो ।।३०।। वेददर्शी मुनिहरूले युग युगमा प्रायः मानिसहरूको स्वभाव अनुसार

धर्मको व्यवस्था गरेका छन्। त्यै धर्म उनलाई यस लोकमा औ परलोकमा कल्याण गर्ने हुन्छ ॥३१॥ जुन मानिस आफ्नो स्वभाविक वृत्तिले जीवन धारण गरी आफ्नो वर्णाश्रम अनुसारको धर्मको आचरण गर्दछ, त्यो बिस्तारै बिस्तारै स्वाभाविक कर्मलाई त्यागेर निगुण भावमा प्राप्त हुन्छ ॥३२॥ जसरी बारम्बार विउ रोपिएको खेत स्वयं निस्तेज हुन्छ अर्थात् त्यसको उवजा गर्ने शक्ति घटेर जान्छ औ त्यसमा छरिएको विउ समेत नष्ट हुन्छ त्यसैगरी वासना-हरूको आश्रयरूप यो चित्त पनि विषय-भोगको अत्यन्त सेवन गर्नाले आफैं संसारदेखि विरक्त हुन्छ तर स्वल्प भोगले ता यस्तो हुँदैन, जसरी एक एक थोपा घिउ हाल्नाले आगो निम्दैन वरु एक्कै चोटि धेरै घिउ खन्यायो भनेता निम्दछ ॥३३-३४॥ पुरुषको वर्णलाई प्रकट गर्ने जुन लक्षण कहिएको छ, यदि त्यो लक्षण अर्को वर्णको मानिसमा समेत देखियो भने त्यसलाई पनि त्यै वर्णको सम्झनु पर्दछ ॥३५॥

अध्याय—१२

ब्रह्मचर्य्य र वानप्रस्थ आश्रमका नियमहरूको वर्णन

नारदजी भन्नुहुन्छ--

गुरुकुलमा बस्नेब्रह्मचारीले इन्द्रियहरूलाई आफ्नो वशमा राखी, आफुलाई कमारो समान छोटो सम्झेर गुरुदेवको चरणमा सुदृढ स्नेह राखोस् औं उनको भलो हुने काममा लागोस् ॥१॥ साँझ व्याहान, गुरु-अग्नि सूर्य-देवताहरूको उपासना गरोस् र मौन भै कन एकाग्र मनले गायत्रीको जप गरेर दुवै बेलाको संध्या गरोस् ॥२॥ गुरु-जीले जब बोलाउनु हुन्छ; त्यस बेला मन औं देहलाई राम्रोसंग स्थिर राखेर अर्थात् सावधान भै कन वेदको अध्ययन गरोस् र पाठको प्रारम्भ एवं अन्तमा उहाँको चरणमा शिर राखेर ढोगदेवोस् ॥३॥ शास्त्रको आज्ञानुसार मेखला, मृगचर्म, वस्त्र, जटा, दण्ड, कमण्डलु, यज्ञोपवीत तथा हातमा कुश धारण गरोस् ॥४॥ व्याहान र बेलुकी भिक्षा माँगोस् र भिक्षामा पाइएका अन्न गुरुलाई अर्पण गरोस् गुरुले आज्ञा दिनु भयो भने भोजन गरोस्, कदाचित् आज्ञा दिनु भएनभने ता उपवासै पनि गरोस् ॥५॥ ब्रह्म-चारीले सुशील, थोरै खाने र आफ्नो काममा चतुरो हुनुपर्दछ। श्रद्धालु भएर इन्द्रियहरूलाई आफ्नो वशमा राख्नु पर्दछ। स्वानीमानिस एवं स्वास्नीको वशमा परेकाहरूसित प्रयोजन भए जति मात्र कुरा-कानी गर्नु पर्दछ ॥६॥ गृहस्थ नभएको र ब्रह्मचर्य्यको व्रत लिएकोले स्त्री सम्बन्धी कुराकानी गर्न हुन्न, किन कि वलवान् इन्द्रियले योगीहरूको मनलाई समेत चञ्चल गराइ दिन्छ ॥७॥ युवक शिष्यले तरुनी गुरु-पत्नीलाई केशको लट्टा फुकाउन लगाउने, आँग मिचाउने स्नान गराउने,तथा बुकुवा दल्न लगाउने इत्यादि काम गराउन हुन्न ॥८॥ किन कि स्त्री आगो समानका औं पुरुष घिउको घडा समानका हुन्छन् तसर्थ यिनीहरूले सँगसँगै बस्नु हानिकारक छ।

एकान्तमा ता आफ्नी छोरी सित समेत बस्न हुन्न। अरु बेलामा समेत ब्रह्मचारीले प्रयोजन अनुसार गुरुपत्नीको आज्ञाले गुरुको घरको काम गरि देवोस् ॥९॥ जबसम्म जीव, आत्मज्ञानद्वारा देह औं इन्द्रियलाई यी आभास मात्रका अतएव मिथ्या हुन् भन्ने निश्चय गरेर स्वतन्त्र हुन्न तबसम्म "म पुरुष हूँ, यो स्त्री हो" भन्ने उसको द्वैत-बुद्धि मेटिदैन। यस प्रकारको द्वैत-बुद्धि नभएका पूरुष समेत स्त्रीको संसर्गमा रहन गए भने उनमा समेत भोग्य-बुद्धि हुने छ ॥१०॥

यी शील-रक्षादि साधारण धर्म गृहस्थ औं सन्यासीहरूका लागी पनि हुन्. गृहस्थले ऋतु कालमा स्त्री-सङ्ग गर्नु पर्ने हुनाले, गुरुकुलबाट अलग हुनु परेकोले उसले गुरुकुलमा बसेर गुरुको सेवाशुश्रूषा गर्ने कुरा वैकल्पिक छ अर्थात् गरे पनि हुन्छ ;नगरे पनि हुन्छ ॥११॥ ब्रह्मचारीको निम्ति सुरमा या तेल लगाउनु, बुकुवा दल्नु, आइमाईको चित्र लेख्नु, मासु खानु,रक्सी पिउनु, माला-अत्तर चन्दन-गहना, इत्यादि लगाउनु वर्जित छ ॥१२॥

यस प्रकारसँग गुरुकुलमा बसेर द्विजातिले आफ्नो शक्ति औं आवश्यकता अनुसार शिक्षा-कल्प आदि अङ्ग तथा उपनिषद-हरूको साथ साथै तीनै वेदको अध्ययन गरी, अर्थको समेत् विचार गरोस् ॥१३॥ यसपछि सामर्थ्य छ भने गुरुको इच्छा अनुसार दक्षिणा देवोस्। अनि उहाँको आज्ञा लिएर गृहस्थ, बानप्रस्थ अथवा सन्यास आश्रममा प्रवेश गरोस् अथवा जन्मैभरि ब्रह्मचारी भएर उहीको घरमा रहोस् ॥१४॥ यद्यपि भगवान् वासुदेब सबै असत् पदार्थ अर्थात् सारा प्रपञ्चदेखि अलग हुनुहुन्छ तापनि. जुनसुकै आश्रममा रहनेले पनि उहाँलाई आफ्ना आश्रित जीवहरूको साथ साथै अग्निमा, गुरुमा, आफूमा औं सबै प्राणीमा विशेषरूपले विराजमान हुनुहुन्छ भन्ने देख्नु पर्दछ ॥१५॥ यस प्रकारको आचरण गर्ने ब्रह्मचारी. वानप्रस्थ, सन्यासी अथवा गृहस्थ, जान्नु पर्ने कुरा जो आत्मा हो त्यसको ज्ञान प्राप्त गरी परब्रह्म-तत्त्वको अनुभव गर्न थाल्दछ ॥१६॥

अब म ऋषिहरूको मत अनुसारको वानप्रस्थ आश्रमको नियम भन्दछु। यी नियमको आचरण गर्ने वानप्रस्थ मुनिहरू सजिलैसँग ऋषिहरूको लोक अर्थात् महर्लोकमा पुग्दछन् ॥१७॥ वानप्रस्थ आश्रममा बस्नेले जोत खन गरेको भूईबाट उत्पन्न हुने चामल, गहूँ इत्यादि अन्न खान हुन्न। खन-जोत नगरेको जमीनबाट उत्पन्न भएको अन्न पनि बेला नभई पाकेको छ भने त्यो समेत खान हुन्न। आगोमा पकाएको अथवा कांचो अन्न पनि खान्न हुन्। केवल सूर्यको तापले पाकेको कन्द-मूल मात्र खानु पर्दछ ॥१८॥ जंगलमा आफैं उम्रेका नीवारादि धान्यले नित्य नैमित्तिक चरू औ पुरोडासको हवन गरोस्। नयाँ नयाँ अन्न, फल पाइन लागेपछि पहिले जम्मा पारेको अन्नलाई त्यागिदेवोस् ॥१९॥ अग्निहोत्रको आगोको रक्षाको निम्ति मात्र पर्णकुटी अथवा पहाडका गुफाको आश्रय ग्रहण गरोस्. तर आफू ता सधैं खुलामा रहेर शीत, बायु, अग्नि वर्षा. औ घाममा सहोस् ॥२०॥ शिरमा जटा धारण गरी केश, रउं, नङ्ग, दाढी, जूँगा केही पनि न काटोस् तथा मैललाई समेत शरीरबाट न फ्याँकोस्। कमण्डलु, मृगचर्म दण्ड, बक्कल-वस्त्र, र श्रुक्-श्रुवा आदि गरिएका अग्नि-होत्रका सामग्रा आफूसँग

राखोस् ॥२१॥ विचारवान् पुरुषले, तपस्याको क्लेश्ले बुद्धि नबिग्रने गरी, बाह्र, आठ, चार, दुई अथवा एक वर्षसम्म वानप्रस्थ आश्रमका नियमहरूको पालन गरोस् ॥२२॥

रोग अथवा वृद्धावस्थाले गर्दा आफ्नो आफ्नो कर्म गर्न अथवा वेदान्त विचार गर्नेसम्मको सामर्थ्य रहेन भने वानप्रस्थी पुरुषले अनशनादि व्रत गर्नुपर्दछ ॥२३॥ अनशन गर्न थाल्नुभन्दा अगाडि त्यसले आहवनीय आदि अग्निलाई आफ्नो आत्मामा लीन गरी "म-मेरो" भन्ने अभिमानलाई छाडिदेवोस् र अनि जुन किसमसँग पञ्चतत्त्वबाट शरीरको उत्पत्ति भएको हो त्यै क्रमले शारीरिक तत्त्वलाई पञ्चतत्त्वमा राम्रोसँग लीन गरिदेवोस् ॥२४॥ जितेन्द्रिय पुरुषले आफ्नो शरीरका छिद्रहरूलाई आकाशमा, श्वासलाई वायुमा, गर्मीलाई तेजमा, रगत-कफ-पीप आदिलाई जलमा, तथा हाड आदिगरिएको शेष खंदिलो पदार्थलाई पृथ्वीमा लीन गरिदेवोस् ॥२५॥ यसैगरी वाणी र त्यसको कर्म भाषणलाई, वाणीको अधिष्ठाता देवता अग्निमा, हात र त्यसद्वारा हुने कला-कौशललाई इन्द्रमा, चरण र यसको गतिलाई कालस्वरूप विष्णुमा, रतिसहितको उपस्थलाई प्रजापतिमा तथा पायु र मलोत्सर्गलाई उनको आश्रयको अनुसार मृत्युमा लीन गरोस् । हे राजन् ! कान र त्यसद्वारा सुनिने शब्दलाई दिशाहरूमा, स्पर्शसहितको त्वचालाई वायुमा, नेत्रसहित रूपलाई ज्योतिमा, चित्त अधिक आकृष्ट हुने मधुर आदि रसको साथ साथै रसनेन्द्रिय (जिभ्रो) लाई जलमा, र घ्राणेन्द्रिय एवं त्यसद्वारा सुंघिने गन्धलाई पृथ्वीमा लीन गरिदेवोस् ॥२६-२८॥ मनोरथ सहितको मनलाई चन्द्रमामा, बोध्य पदार्थ सहितको बुद्धिलाई ब्रह्मामा तथा अहंता-ममतारूप क्रिया गर्ने अहङ्कारलाई उसका कर्मको साथ साथै रुद्रमा लीन गरिदेवोस् । यसैगरी चेतनासहितको चित्तलाई क्षेत्रज्ञ (जीव) मा र गुणले गर्दा रूपान्तरमा प्राप्त हुने जीवलाई परब्रह्ममा लीन गरोस् ॥२९॥ अन्तमा पृथ्वीलाई जलमा, जललाई अग्निमा, अग्निलाई वायुमा, वायुलाई आकाशमा, आकाशलाई अहङ्कारमा, अहङ्कारलाई महत्तत्त्वमा, महत्तत्त्वलाई प्रकृति अर्थात् मायामा र प्रकृतिलाई अविनाशी परमात्मामा लीन गरिदेवोस् ॥३०॥ यस प्रकारसँग उपाधिहरू लीन भएपछि ज्ञानस्वरूप जुन आत्मा शेष रहन्छ त्यसलाई यो अविनाशी आत्मा मैं हूँ भन्ने समझ लिएर अद्वितीय भावमा स्थित होवोस् । जसरी आफ्नो आश्रय काष्ठादि भस्म भएपछि आगो शान्त भएर आफ्नो स्वरूपमा स्थित हुन्छ त्यसैगरी त्यो पनि सबै कुराबाट निवृति भएर रहोस् ॥३१॥

अध्याय—१३

सन्यास धर्मको वर्णन तथा अवधूत र प्रह्लादको सम्वाद ।

नारदजी भन्नुहुन्छ—

यसप्रकारसँग लय-चिन्तन गरिसके पछि

यदि वानप्रस्थीमा ब्रह्म-विचारगर्ने समर्थ्य छ भने शरीर सिवाय अरू सबै कुरा छाडेर सन्यास ग्रहण गरोस् तथा कुनै वस्तु, स्थान, र समयको अपेक्षा नगरी एउटा गाउमा एक रातभन्दा बर्ता नबस्ने नियम लिएर स्वच्छन्द भावले पृथ्वीमा विचरण गरोस् ॥१॥ वस्त्र लगाउने इच्छा भए गुप्त अङ्ग ढाकिने सम्मको कौपीन धारण गरोस् र जबसम्म कुनै विशेष आपत्ति आइपर्दैन तब सम्म दण्ड र आफ्नो आश्रमको चिह्न बाहेक आफूले त्यागेका अरू कुनै बस्तु पनि ग्रहण न गरोस् ॥२॥ भिक्षा जीवी भएर एक्लै भ्रमण गरोस्, कसैको आश्रय नली स्वयं आफैमा रमाएर रहोस्, सबै प्राणीको हितैषी, शान्त औ भगवत्परायण होवोस ॥३॥ सत् (कार्य) र असत् (कारण) दुवैदेखि परमात्मामा यो सम्पूर्ण विश्व रहेको देखोस् तथा कार्य-कारण-रूप यस जगत्मा परब्रह्मस्वरूप आफ्नो आत्मा-लाई सर्वत्र वर्त्तमान रहेको देखोस् ॥४॥ सुषुप्ति औ जागरण यी दुबै अवस्थाको सन्धिस्थलमा आत्मदर्शी संन्यासीले आफ्नो स्वरूपको साक्षात्कार गरोस् र बन्धन तथा मोक्ष दुवै केवल मायामात्र हुन्, वास्तवमा केही पनि होइनन् भन्ने विचार लिएर सर्वत्र परब्रह्म स्वरूप आफ्नो आत्मा कै अनुभव गरोस् ॥५॥ शरीरलाई अवश्य प्राप्त हुने मृत्युको तथा त्यसको अनिश्चित जीवनको पनि अभिनन्दन न गरोस्। केवल समस्त प्राणीहरूको उत्पत्ति औं नाशको कारण कालको प्रतीक्षा गरेर रहोस ॥६॥ असत्य-अनात्मवस्तुको प्रतिपादन गर्ने शास्त्रमा आसक्त नहोवोस, आफ्नो जीवन-निर्वाहको निम्ति; ज्यौतिषादि विद्याको आश्रयले कुनै जीविकाको अवलम्बन न लेवोस; केवल वाद विवादको निम्ति कुनै तर्क नगरोस औं संसारमा कसैको पक्ष ग्रहण नगरोस् ॥७॥ प्रलोभन आदि उपायले शिष्यहरूको संग्रह, अनेक ग्रन्थको अध्ययन, शास्त्रको व्याख्या तथा मठस्थापनादि ठूला ठूला कामको आरम्भ—यी कुनै कुरा पनि नगरोस् ॥८॥ शान्त, समदर्शी, एवं महात्मा संन्यासीको निम्ति आश्रमको चिन्ह धारण गर्ने कुनै नियम छैन अतएव त्यसले आश्रमको चिन्ह धारण गरे पनि हुन्छ न गरे पनि हुन्छ ॥९॥ आश्रमको कुनै चिह्न नभएर केही गर्दैन तर त्यसले निरन्तर आत्माको अनुसन्धानमा मग्न रहनु पर्दछ, अत्यन्त विचारशील होवोस् तर हेर्दा पागल र बालक जस्तो देखियोस्; अत्यन्त प्रतिभाशाली भएर पनि साधारण मानिसको दृष्टिले हेर्दा आफूलाई लाटो जस्तो देखा-वोस् ॥१०॥

यस विषयमा पण्डितहरू एउटा पुरानो इतिहासको दृष्टान्त दिन्छन्। यसमा प्रह्लाद र अजगरको वृत्ति धारण गर्ने एकजना मुनिको सम्बाद छ ॥११॥ एकजना अजगर-व्रत धारण गर्ने परमहंस मुनि कावेरी नदीको नजीक सह्य पर्वतको शिखरमा भूईमै पडि राखेका थिए, जम्मै अङ्गमा धूलै धूलो लागेकोले उनको शरीरको निर्मल तेज लुकिराखेको थियो थियो ॥१२॥ ये बेलामा भगवान्का प्रिय भक्त प्रह्लादजी, केही मन्त्रीहरूको साथमा दुनियाँको मनको कुरा जान्ने इच्छाले तीनै लोकमा भ्रमण गर्दा गर्दै त्यही ठाउँमा पुगे र ती मुनिलाई देखे ॥१३॥ उनको

कर्म, आकार, बाणी, वर्ण तथा आश्रमको चिह्नले मानिसलाई यी आत्मज्ञानी मुनि हुन् अथवा पागल हुन् भनेर छुट्ट्याउन गाह्रो थियो ॥१४॥ भगवान्का परम प्रेमी भक्त असुर श्रेष्ठ प्रह्लादले उनको चरणमा टाउको राखेर प्रणाम गरे र विधिपूर्वक पूजा गरी जिज्ञासु भएर यो प्रश्न सोधे ॥१५॥ "हे भगबन्! तपाईंको शरीर उद्योगी र भोगी पुरुषको जस्तो हृष्ट पुष्ट छ संसारको कस्तो नियम छ भने उद्योग गर्नेलाई धन मिल्दछ धनीहरूले नै भोग गर्दछन् औ जो भोगी हुन्छन् उनैको शरीर हृष्ट-पुष्ट हुन्छ, अरु कुनै कारणले ता हुन सक्तैन ॥१६॥ तर, हे भगबन्! तपाईं ता कुनै उद्योग गर्नु हुन्न सदा यसैगरी पडिरहनु हुन्छ तसर्थ तपाईंसित कुनै प्रकारको धन छैन जसद्वारा कि तपाईंलाई भोग प्राप्त हुन सकोस्। हे ब्राह्मण देवता! विना भोगले कसरीं तपाईंको शरीर यस्तो हृष्ट भयो? यसमा के कारण छ? भन्न हुने हो भने, हामीलाई भन्नोस् ॥१७॥ तपाईं बिद्वान्, समर्थ औ चतुरो हुनुहुन्छ, अनेक प्रकारका मीठा मीठा कुरा गरेर मानिसलाई लट्ठ पार्ने शक्ति तपाईंमा छ। सबै जनालाई काम गर्न लागेको देख्ता देख्तै पनि तपाईं लेटि रहनु भएको छ, कुनै प्रकारको चेष्टा गर्नु हुन्न यसको के कारण हो, भन्नोस्" ॥१८॥

नानरजी भन्नुहुन्छ—

दैत्यपति प्रह्लादजीको यो प्रश्न सुनेर एवं उनको मधुरो बोलीले आकर्षित भएर ती महामुनि मुसुक्क हाँस्तै भन्नलागे ॥१९॥

ब्राह्मणले भने—

हे असुरश्रेष्ठ! तिमीले साधु समाजमा सम्मान पाइसकेका छौ तसर्थ आफ्नो ज्ञानदृष्टिद्वारा प्रवृत्ति औ निवृत्ति कर्मको मानिसले कस्तो कस्तो फल पाउँछन् सो तिमीलाई थाहै छ ॥२०॥ किनकि केवल तिम्रो भक्तिले गर्दा भगवान् नारायणदेव सदा सर्वदा तिम्रो हृदयमा विराजमान रहेर, सूर्यले अन्धकारलाई नष्ट गरे झैं तिम्रो अज्ञानलाई नष्ट गरिदिनुभएको छ ॥२१॥ तथापि हे राजन्! जस्तो सुनेको छु सोही अनुसार तिम्रो प्रश्नको उत्तर दिन्छु किन कि जसलाई आफ्नो अन्तःकरण शुद्ध गर्ने इच्छा छ, तिनले अवश्य तिम्रो सम्मान गर्नु पर्दछ ॥२२॥

हे राजन्! इच्छानुसारको भोग प्राप्त भए तापनि तृष्णालाई तृप्त गर्न गाह्रो पर्दछ र यसैले गर्दा बारम्बार जन्ममरणरूप संसारचक्रमा भ्रमण गरिरहनु पर्दछ। यै तृष्णाले मलाई नाना प्रकारका कर्ममा प्रवृत्त गराएर अनेक योनिमा पार्‍यो ॥२३॥ कर्मले गर्दा अनेक योनिमा भ्रमण गर्दा गर्दा मैले दैवबशात् यो मनुष्य-योनि पाइराखेको छु। यस योनिमा पुण्य गर्नाले स्वर्ग, पाप गर्नाले पशु-पक्षीको योनि, निवृत्तिले मोक्ष तथा पाप-पुण्य मिश्रित कर्मद्वारा फेरि मनुष्य योनिको प्राप्ति हुन सक्त छ ॥२४॥ तर यस मनुष्य-योनिमा समेत स्त्री-पुरुषले सुखको प्राप्ति र दुःखको निवृत्तिको निम्ति प्रयत्न गरे ता पनि उल्टो फल पाएको देख्ता मैले यो निवृत्ति मार्गलाइ ग्रहण गरेको हुँ ॥२५॥

सुख भनेको नै आत्माको स्वरूप हो, सबै कर्मको निवृत्ति भएपछि यो आत्माको रूप स्वयं

प्रकट भइहाल्दछ, यसै कारणले समस्त भोगलाई मनोरथ मात्र अर्थात् अनित्य सम्फेर आफ्नो प्रारब्धको भोग गर्दै यहाँ चेष्टारहित भएर पडिरहन्छु ॥२६॥ यस प्रकारसँग सच्चा स्वार्थ अर्थात् बास्तबिक सुख ता आफ्नै भित्र रहेको आफ्नै स्वरूप हो, तर मानिस यो कुरा बिर्सी, मिथ्या प्रपञ्चलाई सत्य मानेर जन्ममरणरूप बिचित्र औ भयङ्कर संसार-चक्रमा भ्रमण गरिरहन्छ ॥२७॥ जसरी अज्ञानी मानिस जलबाट उत्पन्न भएका घाँस भ्याउले ढाकिएको जललाई जल न सम्फेर त्यसको निम्ति मृगतृष्णातिर दगुर्दछ त्यसैगरी आफ्नो आत्मादेखि भिन्न वस्तुमा सुख सम्फने व्यक्ति आत्माको अनुसन्धान गर्न छाडेर विषयतिर दगुर्दछ ॥२८॥ तर प्रारब्धको अधीन रहेको यस शरिरद्वारा जुन व्यक्ति आफ्नो निम्ति सुखको प्राप्ति र दुःखको निवृत्ति गर्ने चेष्टा गर्दछ त्यस बुद्धिहीन व्यक्तिले बारम्बार गरेका सबै कर्म विफल भएर जान्छन् ॥२९॥ बडो कष्टसंग मानिसले केही धन अथवा भोगको सामग्री भेट्टायो भने पनि त्यसबाट के हुन सक्तछ ? किन कि त्यस व्यक्तिले ता मानसिक, शारीरिक आदि गरिएका त्रिविध दुःखबाट ता एक छिनलाई पनि छुटकारा पाउन्न औ यस बाहेक त्यसको मृत्यु पनि अवश्यै हुने छ, तसर्थ कष्टसँग कमाएको धन औं भोगबाट ता केही सुख भएको देखिएन ॥३०॥ धनका लोभी र इन्द्रियलाई वशमा राख्न नसक्ने धनीहरूले पाएको दुःख ता म देखि न रहेको छु; भयले गर्दा यिनीहरू राम्रोसँग सुत्न सक्तैनन, कसैमाथि पत्यार गर्न सक्तैनन् सबैमाथि यिनलाई शङ्का लागिराखेको हुन्छ॥३१॥ जीवन औ धनको लोभ गर्नेलाई राजा, चोर शत्रु, स्वजन, पशुपक्षी, पाचक, काल तथा (कसैलाई दिएको बिर्सन्छु कि, अथवा बर्त्ता खर्च गर्न लागेको छु भन्ने आशङ्काले) स्वयं आफूदेखि पनि डर भइरहन्छ ॥३२॥ तसर्थ जसले गर्दा मानिसलाई शोक, मोह, भय, क्रोध, राग, काथरपना औ श्रम आदिको शिकार बन्नु पर्दछ त्यस्तो धन औ जीवनको इच्छालाई बुद्धिमान् पुरुषले छाडिदिनु पर्दछ ॥३३॥

यस लोकमा माउरी र अजिङ्गर यी दुई मेरा सबभन्दा ठूला गुरु हुन् । यिनैबाट शिक्षा ग्रहण गरेर भैले वैराग्य औ सन्तोष पाएको हूँ ॥३४॥ माउरी जसरी मह जम्मा पार्दछन् त्यसैगरी मानिस बडो कष्टसँग धन बटुल्दछन् तर चोर आदि अरू प्राणीले धनको मालिकलाई मारेर उसको धन हरेर लैजान्छन् । यो देखेकोले भैले माउरीबाट सबै विषय-भोग देखि विरक्त रहनु असल हो भन्ने शिक्षा लिए ॥३५॥ अजिगरबाट शिक्षा लिएर म ऊ जस्तै गरी निश्चेष्ट भएर पडिरहन्छु औ संयोगले जे भेटिन्छ त्यसैमा सन्तुष्ट रहन्छ । केही भेटिएन भने पनि अजिङ्गरले झैं धैर्य लिएर अनेक दिन सम्म यसै पडिरहन्छु ॥३६॥ कहिले धेरै भोजन गर्दछु, कहिले थोरै, कहिले स्वादिलो अन्न खान्छु त कहिले रुख्खा सुख्खा स्वादै नभएको कहिले अनेक गुणको युक्त भएको अर्थात् प्रसस्त घिउ चिनी भएको अन्न खाए भने कहिले सर्वथा गुणहीन अन्न खान्छु ॥३७॥ कहिले बडो श्रद्धासँग ल्याएको औं कहिले अपमानसँग दिएको अन्न खान्छु, कहिले दिउसो कहिले राती जहिले

भेटियो त्यै वेलामा खाइदिन्छु । कहिले ता एक चोटि खाइसके तापनि फेरि दोस्रो बाजी पनि खाइदिन्छु ॥३८॥ प्रारब्धले जे भेटिन्छ त्यसैमा सन्तुष्ट रहने हुनाले रेशमी अथवा सूती मृगचर्म अथवा चीर, वल्कल वा अरू जस्तो लुगा भेटिन्छ त्यै लगाइदिन्छु ॥३९॥ कहिले ता भूईं, घाँस, पात ढुङ्गा अथवा खरानीको थुप्रोमा सुतिदिन्छु औ कहिले भने अर्काको इच्छाले महलमा पलङ्ग औ बाक्लो डसनामा समेत सुत्त छु ॥४०॥ हेदैत्यराज ! कहिले नुहाइ धोइकन शरीरमा चन्दन लगाएर, राम्रा राम्रा लुगा, फूलको माला औ गहनाले सिंगारिएर रथ, हात्ती र घोडामा चढी घुम्दछु र कहिले भने पिशाच झैं नाङ्गै भुतुङ्गै भै हिंड्दछु ॥४१॥ मानिस भिन्न भिन्न स्वभावका हुन्छन् तर म न कसैकोनिन्दा गर्दछु न कसैको स्तुति गर्दछु। म ता यिनीहरूको परमात्मा सायुज्य मुक्ति होवोसे भन्ने यिनको यै परमकल्याण चिताई रहन्छु ॥४२॥

सत्यको अनुसन्धान गर्ने पुरुषले नाना प्रकारका पदार्थ औं उनका भेद-विभेद देखाउने विकल्पलाई भेद-ज्ञान उत्पन्न गर्ने चित्तवृत्तिमा हवन गरिदेवोस् । चित्तवृत्तिलाई, यी पदार्थको सम्बन्धमा किसिम किसिमको भ्रम उत्पन्न गर्ने मनमा, मनलाई सात्विक अहङ्कारमा, र सात्विक अहंकारलाई महत्तत्वद्वारा हवन गरिदेवोस् ॥४३॥ यी सबै भेद-विभेदको कारण माया नै हो भन्ने संझेर त्यस मायालाई आत्मानुभवमा स्वाहा गरिदेवोस् अर्थात् आत्मासिवाय माया ता कुनै वस्तु नै होइन भन्ने निश्चयमा अडियोस् । यस प्रकारसँग आत्माको अनुभवद्वारा आत्मा स्वरुपमा रहेर शबै प्रकारको कर्मलाई त्यागेर निवृत्ति होओस् ॥४४॥ मेरो यो आत्म-कथा अत्यन्त गुप्त एवं मन्द दृष्टिले हेर्दा लोक औ शास्त्रको विरुद्ध देखिए तापनि तत्त्व दृष्टिले हेर्दा ता त्यस्तो छैन । तिमी भगवान्का अत्यन्त प्रेमी हुनाले तिमीलाई मैले यसको वर्णनगरेको हूँ ॥४५॥

नारदजी भन्नुहुन्छ—

यस प्रकारसँग असुरेश्वर प्रह्लादले दत्तात्रेय मुनिबाट परमहंसहरूको धर्म श्रवण गरी उनको पूजा गरे र यस पछि उनीसित बिदा लिएर प्रसन्नता साथ आफ्नो राजधानीतिर प्रस्थान गरे ॥४६॥

अध्याय—१४

गृहस्थ सम्बन्धी धर्मको वर्णन ।

राजा युधिष्ठिरले भने—

हे देवर्षि नारदजी ! म समानको, गृहादि कर्ममा आसक्त हुनाले मूढ बुद्धि भएको गृहस्थले विनाविशेष परिश्रम नगरीकन, यो मोक्षपदलाई कुन साधनले भेट्टाउन सक्तछ, सो कृपागरी भन्नु होस ॥१॥

नारदजी भन्नुहुन्छ—

गृहस्थाश्रममा रहेको मानिसले कृष्णार्पण गरेर गृहस्थ-धम अनुसारको सबै काम गरोस् तथा संसारदेखि विरक्तिएका साक्षात् मुनीश्वर-

हरूको सेवा गरोस् ॥२॥ श्रद्धापूर्वक भगवान्‌का अमृतमयी अवतारका कथाहरू सदा सुन्दै गरोस्, यस बाहेक मौका मौकामा शान्त पुरुषहरूसितको संगत पनि गर्दै गरोस् ॥३॥ जसरी मानिस सपनामा देखिएका संबन्धीहरूमा, सपनाबाट ब्यूझेपछि, आसक्त रहँदैन, त्यसैगरी सत्संगले जसो जसो बुद्धि शुद्ध हुँदै जान्छ, तेसो तेसो बिस्तारै बिस्तारै, एकदिन अवश्य विछोड हुने आफ्ना स्वास्नी, छोरा. धन इत्यादिको आसक्तिलाई स्वयं छोड्दै जावोस् ॥४॥ बुद्धिमान् पुरुषले आवश्यकता अनुसार मात्र घर औ शरीरको सेवा गरोस् । भित्र अन्तःकरणमा देहगेहमा विरक्त रही बाहिर अनुरक्त भए झैं, साधारण मानिस समान, मनुष्यलोकमा आफ्नो पुरुषार्थ सिद्ध गरोस् ॥५॥ नाता-कुटुम्वी, बाबु-आमा. बालबच्चा दाजु-भाइ, इष्ट-मित्र तथा अरू अरू सम्वन्धीले जे जे भन्दछन् अथवा इच्छा गर्दछन्, भित्र कुनै प्रकारको ममता नराखी तिनको अनुमोदन गरोस् ॥६॥

वृष्टिद्वारा उत्पन्न हुने अन्नरूप धन, पृथ्वीबाट उत्पन्न हुने सुन-चाँदी आदिगरिएका धन, अकस्मात भेट्टिएको द्रव्य तथा अरू अरू सब प्रकारका धनलाई भगवान्‌ले नै दिएको संझेर, बुद्धिमान् पुरुषले प्रारब्ध अनुसार उनको उपभोग गरोस् तर सञ्चय गर्नपट्टि न लागोस र त्यस धनलाई माथिकहिएको साधुसेवाको काममा लगावोस् ॥७॥ जति धनबाट उदरपूर्ति हुन्छ त्यतिमा मात्र प्राणीको अधिकार छ, बाँकी ता आफू मरेपछि यही रहने छ, उदरपूर्तिलाई चाहिने भन्दा बर्ता सम्पत्तिलाई जो आफ्नो संझन्छ त्यो चोर हो, त्यसले दण्ड पाउनु पर्दछ ॥८॥ हरिण ऊँट, गदहा, बाँदर, मूसा सर्प, पक्षी औं झींगा इत्यादि कुनै प्राणीले घरमा अथवा खेतमा पसेर अन्न खान लागे भने तिनलाई रोक्न हुन्न वरू उनलाई पुत्र समान देख्नु पर्दछ, किन कि यथार्थमा तिनमा र छोरा छोरीमा अन्तर नै कति छ र ! ॥९॥ गृहस्थ पुरुषलाई पनि धर्म अर्थ औ कामको निम्तिमा धेरै कष्ट गर्न उचित छैन, बरू देश काल, प्रारब्ध अनुसार जति भेटिन्छ त्यतिमै सन्तोष गर्नु पर्दछ ॥१०॥ आफ्नो समस्त भोग सामग्रीलाई कुक्कुर, पतित औ चाण्डाल पर्य्यन्तका सबै प्राणीमा यथायोग्य बाँडेर आफ्नी काममा लगाउनु पर्दछ, अरूको ता के कुरा आफ्नी स्वास्नीलाई समेत, जसमाथि कि मानिसाई यो मेरी हो भन्ने अभिमान रहन्छ, अतिथि आदि गरिएकाहरूको सेवामा नियुक्त गर्नु पर्दछ ॥११॥ जुन स्वास्नीको निम्तिमा मानिस आफ्नो प्राणसम्म पनि दिन्छन्, आफ्ना आमा, बाबु, गुरुलाई समेत मार्न बाँकी राख्तैनन् त्यस स्वास्नीमाथिको ममता जसले हटाउन सक्यो, त्यसले स्वयं नित्य विजयी भगवान्‌माथि पनि विजय प्राप्त गर्‍यो भन्नु पर्दछ ॥१२॥ अन्तमा कीरा, विष्टा अथवा खरानीको थुप्रो हुने यो तुच्छ शरीर र यसको निम्तिमा आसक्ति हुने त्यो स्त्री कहाँ र आफ्नो महिमाले आकाशलाई समेत ढाक्ने अनन्त आत्मा कहाँ ! अतः यो तुच्छ शरीरको तुच्छ सुखको वास्ता नराखेर आफ्नो चित्तलाई आत्मचिन्तनमा नै लगाउनु पर्दछ ॥१३॥

गृहस्थले आफ्नो प्रारब्धले भेटिएको औ पञ्च यज्ञादि गरेर बाँकी वचेको अन्नले आफ्नो

जीवन निर्बाह गरोस् । जुन बुद्धिमान् पुरुषले पञ्चयज्ञबाट बचेको अन्नमा सिवाय अरू सबै पदार्थमा स्वत्वाभिमान राख्तैन, त्यसलाई निबृत्तिमार्गको अवलम्बन गर्ने भन्नुपर्दछ औ त्यसैले महापुरुषहरूले पाउने पद भेट्टाउँछ ॥१४॥ गृहस्थले आफ्नो वर्ण औ आश्रमले गर्न हुने वृत्ति द्वारा उपार्जन गरेको धनले, देवता, ऋषि, मनुष्य, भूत औ पितृगण तथा आफ्नो आत्माको प्रतिदिन पूजन गर्नु पर्दछ । यसो गर्नाले भिन्न भिन्न रूपले एकमात्र परमेश्वरको आराधना हुन जान्छ ।।१५।। आफूलाई यज्ञ गर्ने अधिकार छ र यज्ञको निम्ति चाहिने सबै बस्तु जुटाउन सकिन्छ भने, गृहस्थ पुरुषले यज्ञविधिको प्रतिपादन गर्ने ग्रन्थमा लेखिए अनुसार, अग्निहोत्र आदि यज्ञहरूको अनुष्ठान गरेर भगवान्को आराधना गरोस्।१६।। हे राजन् ! ब्राह्मणको मुखमा अर्पण गरिएको हविस्यान्नले समस्त यज्ञका भोक्ता भगवान् जत्तिको तृप्त हुनुहुन्छ त्यत्तिको ता अग्निको मुखमा हवन गरिएको हविले तृप्त हुनुहुन्न॥१७।। यस निम्ति ब्राह्मण, देवता मनुष्य आदि समस्त प्राणीको, उनलाई उपयुक्त हुने सामग्रीद्वारा, कामना पूर्ण गरेर सबैको हृदयमा अन्तर्यामी रूपले विराजमान रहने भगवान्को पूजा गर्नु पर्दछ। यिनमा अरूलाई ब्राह्मणको पछि संझनु पर्दछ ।।१८।

द्विजातिमात्रले आफ्नो सामर्थ्य अनुसार आश्विन महीनाको कृष्णपक्षमा आफ्ना आमा बाबुको महालय नामक श्राद्ध गर्नु पर्दछ । धन-वान्लाई ता आफ्ना नाता-कुटुम्बीको समेत गर्नु उचित छ ।।१६।। यस बाहेक अयन (कर्कट एवं मकरको संक्रान्ति) विषुव (तुला औ मेषको संक्रान्ति) व्यतिपात, दिनक्षय, चन्द्रग्रहण बा सूर्यग्रहणको समयमा, द्वादशीको दिन, श्रवण-धनिष्ठा-अनुराधा यी तीन नक्षत्रमा, वैशाख शुक्लको तृतीया (अक्षय तृतीया) कार्तिक शुक्लको नवमी (अक्षय नवमी), मार्ग-पौष-माघ-फाल्गुण यी चार महीनाको कृष्णाष्टमी, माघशुक्लको सप्तमी, माघ महीनाको मघा नक्षत्रले युक्त भएको पूर्णिमा, चित्रा विशाखा ज्येष्ठा आदि नक्षत्रले युक्त भएको प्रत्येक महीनाको पूर्णिमा (चन्द्रमा पूर्ण भए पनि नभए पनि), अनु-राधा श्रवण-उत्तरा फाल्गुणी उत्तरा षाढा, उत्तरा भाद्र पदा संग योग भएको द्वादशी तिथि; तीनै उत्तरा नक्षत्रसित योग भएको एकादशी, जन्म नक्षत्र अथवा श्रवण नक्षत्रको योग भएको दिन यी सबै दिन पितृगणको श्राद्ध गर्नाको निम्ति उपयोगी छन् ।।२०-२३।। यी योगहरू केवल श्राद्धको निम्ति होइन कि सबै पुण्यकर्मको निम्ति उपयोगी छन् । अतः मनुष्यको कल्याणको वृद्धि गर्ने यी अवसरमा आफ्नो शक्ति अनुसार शुभ कर्म गर्नु पर्दछ । यसैमा जीवनको सफलता छ।।२४।। यी अवसरमा स्नान, जप, होम, ब्रत, तथा देवता औ ब्राह्मणलाई गरेको पूजा अथवा देवता, पितृ, मनुष्य एवं प्राणीलाई जे समर्पण गरिन्छ त्यसको फल अक्षय हुन्छ ।।२५।। हे राजन् ! यसैगरी स्त्रीको पुंसवन, सन्तानको जातकर्मादि तथा आफ्नो यज्ञ-दीक्षा आदि संस्कारको समयमा, मृतव्यक्तिको दाह आदि कृत्यको समयमा वार्षिकश्राद्धको दिनमा अथवा अरू अरू माङ्गलिक

कर्मको अवसरमा जे दान-पुण्य गरिन्छ त्यसको फल पनि अक्षय हुन्छ ।।२६।।

अब जुन जुन देशमा धर्मकर्म गर्नाले कल्याण हुन्छ, तिनको वर्णन गर्दछु। जहाँ सत्पात्र भेटिन्छन् त्यै देश सबभन्दा पवित्र हो ।।२७।। जसमा यो समस्त चराचर जगत् रहेको छ ती भगवान्‌को जहाँ प्रतिमा छ, जहाँ तप-विद्या एवं दया आदि गुणले युक्त भएका ब्राह्मणहरूको परिवार बस्तछन् तथा जहाँ जहाँ भगवान् को पूजा हुन्छ ती सबै देश परम कल्याणकारी हुन्, पुराणमा प्रसिद्ध भएका गङ्गा आदि नदीहरू, पुष्कर आदि सरोवर, सिद्ध पुरुषहरूको निवास-भूमि र कुरुक्षेत्र, गया, प्रयाग, पुलहाश्रम नैमिषारण्य, फाल्गुन क्षेत्र, सेतुबन्ध, प्रभास, द्वारका काशी, मथुरा, पम्पासर, विन्दु सरोवर, वदरिकाश्रम, अलकनन्दा, अयोध्या, चित्रकूटादि गरिएका भगवान् रामचन्द्रका आश्रम, महेन्द्र औ मलय आदिगरिएका सम्पूर्ण कुलपर्वत तथा जहाँ जहाँ भगवान्‌का प्रतिमा छन्—यी सबै देश हे राजन् ! अत्यन्त पवित्र हुन् जसलाई आफ्नो कल्याणको इच्छा छ तिनले निरन्तर यी सबै स्थानको सेवन गर्नु पर्दछ, किन कि यी सब स्थानमा पुण्यकर्म गर्नाले मानिसले अरू ठाउँमा गरेको भन्दा हज्जार दोब्बर फल पाउँछन् ।।२८-३३।

हे पृथिवीपते ! अब म पात्रको वर्णन गर्दछु। पात्र-निर्णयको प्रसङ्गमा पात्रको गुण जान्ने विबेकी पुरुषले एक मात्र भगवान्‌लाई सत्पात्र भनेको छन्—किन कि यो सम्पूर्ण चराचर जगत् उहीको रूप हो ।।३४।। अहिले तिम्रो यै यज्ञमा पनि ता देवता-ऋषि सिद्ध-ब्रह्माका छोरा सनकादिहरू छँदा छँदै पनि अग्रपूजाको निम्ति भगवान् श्रीकृष्ण नै मात्र संझिनु भएको छ ।।३५।। असंख्य जीवले भरिपूर्ण भएको यो ब्रह्माण्डरूप महावृक्षको एकमात्र मूल भगवान् श्रीकृष्ण नै हुनुहुन्छ, यसैले उहाँको पूजाले समस्त जीवको तथा आफ्नो आत्माको परम तृप्ति हुन्छ ।।३६।। उहाँले मनुष्य पशु, पक्षी, ऋषि औ देवतादिको शरीररूप पुरहरूको रचना गर्नु भएको छ र आफू ती पुरमा जीवरूपले शयन गर्नुहुन्छ, यसैले उहाँको एउटा नाम पुरुष पनि भएको हो ।।३७।। हे राजन् ! यी मनुष्यादि शरीरमा न्यूनाधिक भावले भगवान् नै विराजमान हुनु भएको छ अर्थात् पशु-पक्षीमा भन्दा देवता-मनुष्यमा अधिक अंशले रहनु भएको छ, यसैले पशु-पक्षि भन्दा मनुष्य श्रेष्ठ-पात्रहो । यिनमा पनि तपयोगादि गरिएको भगवान्‌का अंश जसमा जति बर्त्ता हुन्छ, उत्ती बर्त्ता त्यो श्रेष्ठ पनि हो ।।३८।।

हे राजन् ! त्रेता आदि युगमा मानिसहरूले परस्पर एउटाले अर्काको अपमान गरेको देख्ता विद्वान्‌हरूले उपासनाको निम्ति भगवान्‌को प्रतिमाको सृष्टि गरे ।। ३९ ।। त्यै बेलादेखि अनेकौं व्यक्ति बडो श्रद्धा औ सामग्रीले भगवान्‌को प्रतिमाको नै पूजा गर्न थालेका छन् तर जसले परस्पर द्वेष गर्न छाडेका छैनन् तिनलाई प्रतिमाको उपासना गर्दा पनि सिद्धि मिल्न सक्तैन ।।४०।। हे राजन् ! मनुष्यमा पनि ब्राह्मण विशेष सुपात्र हुन्, किन कि आफ्नो तपस्या, विद्या औ सन्तोष इत्यादि

गुणले गर्दा यिनीहरूले भगवान्‌को वेदरूप शरीर लाई नै धारण गरेको हुन्छ ॥४१॥ हे राजन्! आफ्नो चरणको धूलोले तीनै लोकलाई पवित्र पार्ने ब्राह्मणहरू ता सर्वात्मा कृष्ण भगवान्‌का समेत परम इष्टदेव हुन्. तिम्रो हाम्रो ता केही कुरै भएन ॥४२॥

अध्याय–१५

गृहस्थहरूको निम्तिको मोक्ष-धर्मको वर्णन र नारदको पूर्वजन्मको वृत्तान्त।

नारदजी भन्नुहुन्छ—

हे राजन! कुनै ब्राह्मणको निष्ठा कर्ममा र कसैको तपस्यामा हुन्छ। कोही वेदको अध्ययनमा तत्पर रहन्छन् र कोही शास्त्रको ब्याख्या गर्दछन् र कोही ज्ञान एवं कर्मयोग, भक्तियोग अथवा अष्टाङ्गयोगको अभ्यास गर्दछन् ॥१॥ आफ्नो दानको अनन्त फल पाउन इच्छा गर्ने गृहस्थले ज्ञाननिष्ठलाई हव्य (देबताको अन्न) औ कव्य (पितृहरूको अन्न) समर्पण गर्नु पर्दछ। यस्तो ब्राह्मण नभेट्टिएको खण्डमा अरू ब्राह्मणहरु लाईउनको योग्यता अनुसार दिए हुन्छ ॥२॥ देव कार्यमा दुई, पितृकार्यमा तीन अथवा दुवैमा एउटै एउटा ब्राह्मणलाई भोजन गराउनु पर्दछ। अत्यन्त धनी भए तापनि श्राद्धमा धेरै ब्राह्मणलाई भोजन गराउन हुन्न ॥३॥ आफ्ना नाता-कुटुम्बी स्वजन-हरुलाई बोलाएर वर्त्ता भडक गर्दा देश-कालको अनुरुप श्रद्धा, पदार्थ, पात्र औ पूजनादि राम्रो संग सम्पन्न हुन सक्तैन ॥४॥ उपयुक्त देश-काल प्राप्त भएमा ऋषि-मुनिहरुले भोजन गर्न हुने शुद्ध हविष्यान्नभगवान्‌लाई भोग लगाएर सत्पात्र लाई भोजन गराइयो भने त्यो पनि अक्षय एवं अभिलाषा अनुसारको फल दिने हुन्छ ॥५॥ देवता ऋषि, पितृगण, अरु अरु प्राणी तथा स्वयं आफूलाई औ आफ्ना नाता कुटुम्बीलाई अन्नको भाग लगाउने समयमा सबैलाई परमात्मस्वरुप नै देखोस् ॥६॥

धर्मको मर्म जान्ने पुरुषले श्राद्धमा मासुको व्यवहार नगरोस् औ आफूले पनि न खावोस् किन कि पितृहरुलाई, ऋषि-मुनिले खान हुने हविष्यान्नले जत्तिको प्रसन्नता हुन्छ त्यत्तिको पशुहिंसाले हुँदैन ॥७॥ श्रेष्ठ धर्मको पालन गर्न इच्छा गर्नेहरुलाई, कुनै प्राणीलाई पनि मन, वाणी अथवा शरीरले कुनै प्रकारको कष्ट दिन उचित छैन—उनीहरूको निम्तिमा यो भन्दा ठूलो धर्म अर्को छैन ॥८॥ यसै कारणले यज्ञको तत्त्व जान्ने कुनै कुनै ज्ञानीहरु,ज्ञानद्वारा प्रज्वलित भएको आत्मसंयमरुप अग्निमा, यी कर्ममय यज्ञ-हरुको हवन गरिदिन्छन् अर्थात् वाह्य कर्मबाट निबृत्त भै मनोनिग्रहपूर्व्वक आत्मचिन्तनमातत्पर रहन्छन् ॥९॥ किन कि पशु आदि सामग्रीले यज्ञ गर्न लागेको व्यक्तिलाई देख्ता सबै प्राणीहरु आफ्नो प्राणको पोषण गर्ने यो निर्दयी, आत्म-तत्त्व नबुझेको मुर्खले अवश्य हाम्रो वध गर्ने छ भन्ने कुरा मनमा बिचार गरेर, ऊदेखि डराउन थाल्दछन् ॥१०॥ तसर्थ धर्मज्ञ पुरुषको निम्ति प्रारब्ध अनुसार भेटिएको मुनिजनले

खान हुने हविष्यान्नले मनमा पन्तोष लिएर आफ्नो नित्य--नैमित्तिक कर्म गर्नु उचित छ ॥११॥

धर्मज्ञ पुरुषले विधर्म--परधर्म--धर्माभास-उपधर्म--छलधर्म, अधर्मका यी पाँच शाखालाई पनि अधर्मै समान त्याग्नु पर्दछ ॥१२॥ धर्मबुद्धिले गर्दा खेरि पनि जुन कामबाट आफ्नो धर्ममा बाधा पर्दछ, त्यो बिर्धम हो अरू अरूको निम्ति अरूले उपदेश गरेको धर्म परधर्म हो, पाखण्ड अथवा दम्भको नाम उपधर्म हो, शास्त्रको बचनको अर्कै किसिमको अर्थ गर्नु छल हो ॥१३॥ मानिसले आफ्नो आश्रमको विपरीत स्वेच्छाले ग्रहण गरेको धर्मलाई आभास भन्दछन् । आफ्नो आफ्नो वर्णाश्रम अनुसारको शास्त्रमा लेखिएको धर्मले कसलाई शान्ति देवैन ? तसर्थ अर्काको धर्ममा आकृष्ट नभएर आफ्नै धर्ममा अडिरहनु पर्दछ ॥१४॥

धर्मातमा पुरुष निर्धन भए तापनि धर्म गर्नाको निम्ति अथवा आफ्नो शरीर निर्वाहको निम्ति धन कमाउने प्रयत्न न गरोस्, किन कि जसरी विना कुनै चेष्टाले अंजिगरको जीविका चल्दछ त्यसैगरी निवृत्तिपरायण पुरुषको जीविकाको निर्वाह उसको निवृत्तिले नै गरिदिन्छ ॥१५॥ आफ्नै आत्मामा रमण गर्ने सन्तोषी, निवृत्ति परायण पुरुषले जुन सुख पाउँछ त्यो सुख धनको निम्ति हाइ हाइ गर्दै यता उति दौडधूप गर्ने व्यक्तिले कताबाट पाउन सक्तछ ? ॥१६॥ जसरी जुत्ता लगाएर हिंडने मानिसलाई काँढा कंकड बिभ्ने डर हुँदैन त्यसैगरी मनमा सन्तोष हुने व्यक्तिलाई जतातते सुखै सुख छ ॥१७॥ हे राजन्! केबल जलमात्रले सन्तुष्ट भएर मानिसले किन जीबनको निर्वाह नगरेको होला ? रसनेन्द्रिय औ जननेन्द्रिय सम्बन्धी विषयमा आसक्त भएको बिचरो मानिस ता घरको रखवाली गर्नेकुक्कुर जस्तो हुन्छ॥१८॥जो ब्राह्मण सन्तोषी छैन; इन्द्रियहरूको चपलताले गर्दा त्यसको तेज. विद्या, तपस्या औ यश क्षीण भएर जान्छन् तथा विवेक पनि नष्ट हुन्छ ।१९॥ भोक प्यास मरेपछि खान-पीन गन कामनाको अन्त हुन्छ, क्रोध पनि हिंसादि आफ्नो काम पूरा गरेर शान्त हुन्छ तर दसै दिशा जितेर त्यसको भोग गर्दा पनि मानिसको लोभको अन्त हुँदैन ॥२०॥ हे राजन् । अनेक विषय जानेका, अर्काको मनको शङ्कालाई दूर गर्न सक्ने विद्वत्सभाका सभापति बडाबडा बिद्वान्को समेत असन्तोषले गर्दा अधःपतन हुन्छ॥२१॥

अतएव सङ्कल्प त्यागेर कामनालाई जित्नु पर्दछ औ कामना त्यागेर क्रोध दूर गर्नुपर्दछ तथा अर्थमा (धनमा) अनर्थ देखेर लोभलाई हटाउनु पर्दछ एवं तत्वको अनुसन्धानले मृत्यु आदिको भयलाई त्याग्नु पर्दछ ॥२२॥ यसैगरी अध्यात्मविद्याले शोक र मोहलाई,महापुरुषहरुको सेवाले दम्भलाइ मौनाबलम्बनले योगका विघ्न-हरुलाई शरीर आदिलाई निश्चेष्ट गराएर हिंसालाई जित्न सकिन्छ ॥२३॥ आधिभौतिक दुःखलाई दयाद्वारा आधिदैविक वेदनालाई समाधिद्वारा औं आध्यात्मिक दुःखलाई योगबलद्वारा औ निद्रालाई सात्विक भोजनद्वारा जित्न सकिन्छ ।२४॥ सत्वगुणद्वारा रजोगुण एव तमो गुणलाई र सत्वगुणलाई उपरति (शान्ति) द्वारा जित्नुपर्दछ । गुरुदेवमा सुदृढ भक्ति गर्नाले

मानिसले यी सबै दोषलाई सजिलैसंग जित्न सक्तछ ॥२५॥ हृदयमा ज्ञानको बत्ती बाल्ने गुरुदेव ता साक्षात् भगवान्का स्वरुप हुन्। जो दुर्बुद्धि मानिस यस्ता गुरुप्रति मनुष्यको भाव राख्तछ त्यसले सबै शास्त्र पढेको सुनेको ता हात्तीले नुहाए जस्तै व्यर्थ हुन्छ ॥२६॥ बडा बडा योगेश्वर जसको चरणकमलको अनुसन्धान गरिरहन्छन्, प्रकृति औ पुरुषका अधीश्वर उनै स्वयं भववान् नै ता गुरुदेवको रुपमा प्रकट हुनुहुन्छ। यस्ता गुरुलाई मनुष्य भावले हेर्नु ता मानिसको भ्रम हो ॥२७॥

शास्त्रमा जति नियम सम्बन्धी आदेश छन् ती सबैको एक मात्र लक्ष्य, छ इन्द्रियहरुलाइ (मन र पाँच ज्ञानेन्द्रिय) आफ्नो वशमा गराउनु हो, यस्तो लक्ष्य हुँदा हुँदै पनि ती नियमद्वारा भगवान्को ध्यान चिन्तन इत्यादि हुन सकेन भने ता ती नियमहरुको पालन गर्नु ता व्यर्थको श्रममात्र हो ॥२८॥ जस्तै खेती व्यापार इत्यादि काम योगको फल जो मोक्ष हो, त्यसको साधक हुदैन बरु अनर्थरुप संसारको कारण हुन्छ त्यसै गरी बाह्य विषयमा प्रवृत्त भएको असत् व्यक्तिले गरेको श्रौत-स्मार्त कर्म पनि कल्याणकारी हुँदैन झन् संसाररुप बन्धनको कारण पो बन्दछ ॥२९॥

आफ्नो मनमाथि विजय प्राप्तगर्न उद्यत भएको पुरुषले आशक्ति र परिग्रहको त्याग गरेर सन्यास ग्रहण गर्नु पर्दछ र एकान्त देशमा एक्लै बसेर भिक्षा वृत्तिले भेटिएको अन्नको, केवल शरीर निर्वाहलाई पुग्ने स्वल्प परिमित आहार गर्नु पर्दछ ॥३०॥ सम्म परेको र पवित्र स्थानमा आफ्नो आसन लगाएर शरीरलाई सोझो औं कष्ट न हुने गरी स्थिर राखेर ओङ्कारको जप गर्नु पर्दछ ॥३१॥ जबसम्म मनले सङ्कल्प विकल्पलाई छाड्दैन अर्थात् मनबाट सबै कामना दूर हुदैन तबसम्म नाकको टुप्पोमा दृष्टि जमाएर पूरक, कुम्भकर रेचकद्वारा प्राण औ अपानको गतिलाई रोक्नु पर्दछ ॥३२। यस पछि कामनाको वशमा परेको जताततै- दगुर्ने मनलाई जहाँ जहाँ त्यो जान्छ त्यहाँ त्यहाँबाट फर्काएर बुद्धिमान् पुरुषले त्यसलाई बिस्तारै बिस्तारै हृदयमा स्थिर गराएर आफ्नो वशमा गर्नु पर्दछ ॥३३॥ यस प्रकारसँग निरन्तर अभ्यास गर्ने साधकको चित्त थोरै दिनमा इन्धन नभएको आगो निभे झैं शान्त भएर जान्छ ॥३४॥ यस प्रकारसँग जब काम-वासनाले आक्रमण गर्न छाड्दछ र समस्त वृत्तिहरू शान्त हुन्छन्, अनि पो त्यस योगीको चित्त ब्रह्मानन्दको अनुभबमा मग्न भै हाल्दछ र फेरि कहिले पनि चलायमान हुँदैन ॥३५॥

धर्म, अर्थ, काम यस त्रिवर्गको मूल कारण गृहस्थाश्रमबाट निस्केर अर्थात् सन्यास लिएर जो व्यक्ति फेरि त्यसमा प्रवेश गर्दछ त्यो निर्लज्ज भिक्षु ता आफूले उकेलेको खाने निर्लज्ज कुक्कुर समान हो ॥३६॥ जसले पहिले शरीरलाई अनात्मा, मरणशील एवं बिष्ठा-कृमि-खरानी संझेका थिए तिनै मूढ फेरि यसलाई आत्मा संझी प्रशंसा गर्न लाग्दछन — यस्तो पनि कतै कतै देखिन्छ ॥३७॥ हे राजन्! कर्मत्यागी गृहस्थ, ब्रतत्यागी ब्रह्मचारी, गाउँमा बस्ने तपस्वी (वान प्रस्थ) औ इन्द्रियको वशमा परेको

सन्यासी— यी चारै थरि आश्रमका कलङ्क हुन् औ व्यर्थमा आफ्नो आफ्नो आश्रमको ढोग देखाउने हुन् । भगवान्को मायाले मोहित भएका यी मूढहरूमाथि उपेक्षापूर्वक दया गर्नु पर्दछ ॥३८-३९॥ आत्मज्ञानले गर्दा जसका सबै बासना दूर भैसकेका छन् औं जसले आफ्नो आत्मालाई परब्रह्मरूप संझेको छ, त्यस्तो पुरुषले फेरि कुन इच्छा लिएर कति कारणले इन्द्रियको वशमा परी शरीरको पोषण गर्नपट्टि लाग्ला?॥४०॥

पण्डितहरूको यस्तो भनाईछ—यो शरीर रथ हो, इन्द्रियहरू घोडा हुन्, इद्रियहरूको स्वामी मन लगाम हो, शब्दादि विषय गन्तव्य स्थान हुन्, बुद्धि सारथि हो र चित्तनै ईश्वरले बनाएको बडेमानको बांध्ने डोरी हो ॥४१॥ पान, अपान, समान, व्यान, उदान एवं नाग, कूर्म, कृकर, देवदत्त, र धनञ्जय यी दस प्राण त्यस रथका धुरी हुन्, धर्म-अधर्म दोटा पांग्र हुन् र यिनको अभिमानी जीव रथी हो । ओङ्कार त्यस रथीको धनु हो, शुद्ध जीवात्मा वाण, र परमात्मा त्यसको लक्ष्य (निशाना) हो । जसरी धनुषमा चढाएर वाणलाई लक्ष्यमा घुसार्दछन् त्यसैगरी ओङ्कारको जपद्वारा आफ्नो आत्मालाई परमात्मामा लीन गर्नु पर्द छ ॥४२॥ रोग, द्वेष, लोभ, मोह, शोक, भय, मद, मान, अपमान, असूया (निन्दा गर्नु), छल, हिंसा, ईर्ष्या (अर्काकी उन्नति देख्ता मनमा जल्नु), तृष्णा, प्रमाद, भोक निद्रा यी सबै र यस्तै अरू अरू पनि जीवका अनेक शत्रु छन् । यी कतै रजोगुणी, तमोगुणी प्रकृति भएकामा र कहिले कहिले सत्वगुणी प्रकृति भएका पनि प्रकट हुन्छन्, समाधि युक्त यतिको निम्ति परोपकारादी प्रवृत्ति पनि शत्रु-स्वरूप हो ॥४३-४४॥ अतः जबसम्म यो मनुष्यशरीररूप रथ आफ्नो वशमा छ र यसका इन्द्रिय-मन आदिगरिएका सारा सामग्री ठीक ठीक अवस्थामा छन् तबसम्ममा गुरूजनको चरणसेवाले सांध चढाएको, ज्ञानको तीखो तलवार धारण गरी भगवान्को आश्रय लिएर, यी शत्रुहरूलाई नाश गरी आफ्नो स्वाराज्य सिंहासनमा विराजमान हुनुपर्दछ अर्थात् आत्मानन्दमा मग्न रहनु पर्दछ र फेरि बडो शान्तभावले यस शरीरको पनि परित्याग गर्नु पर्दछ ॥४५॥ नत्र ता असावधान भएको खण्डमा असत् [बहिर्मुख] इन्द्रियरूप घोडाहरू र यिनीहरूसंग दोस्ती भएको बुद्धिरूप सारथिले रथको स्वामी जीवलाई कुमार्गमा लगेर विषयरूपी लुटेराहरुको हातमा पारिदिने छन् । यी डांकूहरुले सारथि औ घोडाको साथ साथै जीवलाई मृत्युरुप महाभयले युक्त भएको घोर अन्धकारमय संसारकूपमा खसालिदिने छन् ॥४६॥

वैदिक कर्म दुई प्रकारका छन्—एउटाले ता वृत्तिहरुलाई उनको विषयतिर लइजान्छ—यो प्रवृत्तिपरक हो, अर्कोले वृत्तिहरुलाई उनको विषयबाट फर्काएर शान्त औ आत्मसाक्षात्कारको योग्य बनाइदिन्छ यो निवृत्ति परक हो । प्रवृत्तिपरक कर्ममार्गले बारम्बार जन्ममरणरुप संसार प्राप्त हुन्छ र निवृत्तिपरक भक्तिमाग वा ज्ञानमार्गद्वारा परमात्माको प्राप्ति हुन्छ ॥४७॥ शोम यागादि हिंसामय कर्म, अग्निहोत्र, दर्श, पूर्णमास, चातुर्मास्य, पशुयाग, सोमयाग, वैश्वदेव,

बलिहरण इत्यादि द्रव्यमय कर्मलाई ईष्ट भन्दछन्। देवालय, बगैंचा, इनार इत्यादि बनाउने र तलाउ निर्माण गर्नेलाई पूर्तकर्म भन्दछन्। यी सबै प्रवृत्तिपरक कर्म हुन् औ सकाम भावले गरिएका खण्डमा अत्यन्त अशान्तिकारक हुन्छन ॥४८-४९॥ प्रवृत्तिपरायण पुरुष मरेपछि चरु, पुरोडाशादि यज्ञसम्बन्धी द्रव्यको सूक्ष्म भागले बनेको शरीर धारण गरी धूमाभिमानी देवताहरु कहां जान्छन् र फेरि क्रमशः रात्रि, कृष्णपक्ष र दक्षिणायनका अभिमानी देवताहरु कहां गई चन्द्रलोकमा पुग्दछन्। त्यहाँबाट भोग समाप्त भएपछि अमावस्याको चन्द्रमा झैं क्षीण भएर वृष्टिद्वारा क्रमशः औषधि, लता, अन्न औ वीर्यको रुपमा परिणत भई फेरि पितृयान मार्गद्वारा संसारैमा जन्म लिन्छन् ॥५०-५१॥ जसको गर्भाधान देखि लिएर श्मशान सम्मको जम्मै संस्कार हुन्छ तिनलाई द्विज भन्दछन्। यिनीहरुमध्ये कोही प्रवृत्तिमार्गको अनुष्ठान गदछन् र कोही अब वर्णन गरिने निवृत्तिमार्ग पट्टि लाग्दछन्।

निवृत्तिमार्गतिर लागेको पुरुषले इष्ट, पूर्ति आदि गरिएका कर्मले हुने जम्मै यज्ञलाई, विषयहरूको ज्ञान गराउने इन्द्रियहरूमा हवन गरिदिन्छन् अर्थात विषयहरूलाई उनलाई प्रकट गर्ने इन्द्रियमा नै लीन गरिदिन्छन् ॥५२॥ यसपछि इन्द्रियहरूलाई शङ्कल्पस्वरूप मनमा, वैकारिक मनलाई वाक्यमा, वाक्यलाई वर्णसमूहमा वर्णसमूहलाई अ. उ. म् यी तीन स्वरको रूपमा रहने ओङ्कारमा, ओङ्कारलाई विन्दुमा, विन्दुलाई नादमा, नादलाई प्राण वायुमा र प्राण वायुलाई ब्रह्ममा लीन गरिदिन्छन् ॥५३॥ यस प्रकारसँग निवृत्तिमार्ग सम्बन्धी कर्ममा तत्पर रहने ज्ञानी पुरुष क्रमैले अग्नि, सूर्य, दिन, सायङ्काल शुक्लपक्ष, पूर्णिमा, र उत्तरायणका अभिमानी देवताहरूकहाँ गएर ब्रह्मलोकमा पुग्दछ। त्यहाँको भोग सकिएपछि ब्रह्मलोकमा पुगेको पुरुषको स्थूल उपाधि हुन्छ। यस पछि त्यस स्थूललाई सूक्ष्ममा लीन गरेपछि त्यसको सूक्ष्म तैजस् उपाधि हुन्छ। फेरि सूक्ष्म उपाधिलाई कारणमा लीन गर्नाले त्यो प्राज्ञ (कारणोपाधि) रूपले रहन्छ र अन्तमा कारणोपाधिको समेत लय भएपछि त्यो सर्वसाक्षी "तुरीय" अवस्थामा पुग्दछ। यै मोक्षपद हो ॥५४॥ यसलाई देवयान मार्ग भन्दछन्। यस मार्गबाट जाने आत्मोपासक संसारबाट निवृत्त भएर क्रमश, अग्नि आदिका अभिमानी देवताहरू कहाँ गएर ब्रह्मलोकमा पुगी आफ्नो स्वरूपमा स्थित हुन जान्छ। त्यसले पितृयान मार्गबाट जाने प्रवृत्तिपरायण पुरुषले झैं फेरि जन्म-मृत्युको चक्करमा पर्नु पर्दैन॥५५॥

माथि कहिएका पितृयान र देवयान दुवै मार्ग वेदोक्त मार्ग हुन्। जुन पुरुषले शास्त्रीय दृष्टिद्वारा यिनको तत्त्व बुझेको छ, त्यो यस जनसमुदायमा अर्थात् संसारमा रहेता पनि त्यसमा मोहित हुँदैन ॥५६॥ किन कि देहादिको आदिमा कारणरूपले र अन्तमा अवधिरूपले जुन सत् वस्तु वर्तमान रहन्छ, जो भोग्यरूपले बाहिर र भोक्तारूपले भित्र रहेको छ, ठूलो-सानो, ज्ञान (जान्नु)-ज्ञेय (जानिने विषय), वाणी र वाणीको विषय, अन्धकार र प्रकाश इत्यादि जति छन्, ती सब ता स्वयं तत्त्ववेत्ता नै हो। आत्मा सिवाय अरू

कुनै वस्तुको सत्ता न देखेकोले त्यस ज्ञानीलाई मोह पनि होस् कसरी ? ॥५७॥ जसरी ऐना आदिमा देखिने प्रतिबिम्ब बिचार औ युक्तिले बाधित भएता पनि अर्थात् सबै तरहबाट त्यसमा अस्तित्वन भएता पनि वस्तुको रूपमा देखि हालिन्छ त्यसैगरी इन्द्रियहरू द्वारा देखिने वस्तु-पनि प्रतिविम्बसमान दुर्घट हुनाले वास्तवमा न भए ता पनि सत्य जस्तै देखिन्छन् ।५८॥ पृथ्वी आदि पञ्चभूतबाट यस शरीरको निर्माण भएको होइन । वास्तविक दृष्टिले हेरेको खण्डमा यो शरीर न ती पञ्चभूतहरूको सँघात हो न विकार हो, किन कि यो आफ्ना अवयवहरूसित न पृथक् छ न तिनमा अनुगतै छ । यस कारण यो मिथ्या हो ॥५९। यसै गरी शरीरका कारणरूप पञ्चभूत पनि अवयवी हुनाले आफ्ना अवयवदेखि भिन्न छैनन्, अवयवरुप नै हुन् । अनेक खोज वीन गर्दा पनि अवयव सिवाय अवयवीको अस्त्वि भेटिंदैन । अवयवी असत् सिद्ध भएपछि अवयव पनि असत् हुन् भन्ने कुरा ता स्वयं सिद्ध भइ-हाल्यो ॥६०॥ जबसम्म अज्ञानले गर्दा एउटै परमतत्त्वमा अनेक वस्तुको भेद मालूम भइरहन्छ तबसम्म जुन वस्तु पहिले थिए ती अहिले पनि छन् भन्नेभ्रम भइरहन्छ । सपनामा जसरी जाग्रत्-स्वप्न आदि अवस्थाहरुको वेग्ला वेग्लै अनुभव हुन्छ त्यसै गरी मोह-निद्रा रहेसम्म विधिनिषेधका शास्त्र पनि रही रहन्छन् ॥६१॥

अतएव भावाद्वैत, क्रियाद्वैत, र द्रव्याद्वैतको आलोचना गर्ने योगी आत्माका अनुभवद्वारा आफ्नो जाग्रत, स्वप्न, र सुसुप्तिरुप तीनै सपना [अबस्था] हरुलाई त्यागिदिन्छ ॥६२॥

जसरी वस्त्र सूतरुप नै हुन्छ त्यसैगरी सर्वत्र कार्य-कारणरुप वस्तु एउटै हो—किन कि भेद ता वास्तवमा छंदै छैन। यस प्रकारको सबैको एकताको विचार भावाद्वैत हो ॥६३॥ हे युधि-ष्ठिर! मन, वाणी औ शरीरले गरिने सबै काम स्वयं परब्रम्ह परमात्मा नै भइरहेकाछन्-यस भावले सम्पूर्ण कर्मलाई साक्षात् परब्रह्ममा समर्पित गर्नु क्रियाद्वैत हो ॥६४॥ स्त्री-पुत्रादि एवं ससारका समस्त प्राणीहरुको तथा आफ्नो स्वार्थ औ भोगमा एकता गर्नु [अर्थात सबैको शरीर पञ्चभूतात्मक हो औ भोक्ता एकमात्र सर्वान्तर्यामी परमात्मा नै हुन्, यस भावनाले सबैको धन औ भोग एउटै हुन् भन्ने समझ लिएर आफ्नो र अर्काको धन औ भोगमा भेद छैन भन्ने विचार] द्रव्याद्वैत हो ॥६५॥

हे राजन्! जुन व्यक्तिलाई जुन द्रव्य जुन समयमा, जुन उपायले जसबाट ग्रहण गर्न शास्त्रमा निषिद्ध छैन, आपत्ति काल बाहेक सदा सर्वदा' मानिसले त्यै धनले आफ्नो सबै काम गर्नु पर्दछ । अरु किसिमसंग अन्यायले उपार्जन गरिएको द्रव्यले कर्म गर्ने चेष्टा गर्न हुन्न ॥६६॥ हे राजन्! यी कर्महरुमा तथा वेदमा बताइएका अरु अरु स्वकर्ममा तत्पर रहने पुरुष गृहस्थाश्रममा बसेर पनि भगवान्को भक्ति प्राप्तगरी उहांको गति पाउन अर्थात् उहांमा लीन हुन सक्तछ ॥६७॥ हे राजन्! आफ्ना प्रभु कृष्ण भगवान्को कृपा औ सहायताले जसरी तिमीले बडा ठूला ठूला आपत्तिहरुलाई पार गरेका छौ औ उहाँको चरण-कमलको सेबाको प्रभावले जसरी समस्त दिशा-

हरूलाई अर्थात् सम्पूर्ण भूमण्डलाई जीतेर राजसूयादि अनेक ठूला ठूला यज्ञ गरेका छौ त्यसै गरी जगत्को उद्धार गर्ने उहाँ प्रभुको कृपाले तिमी यो संसार-सागरबाट पनि पार हुने छौ ॥६८॥

हेराजन्! पूर्वजन्ममा योभन्दा अघिको कल्पमा म उपवर्हण नाम गरेको एउटा गन्धर्व थिएँ। गन्धर्वहरूमा मेरो ठूलो सम्मान थियो ॥६९॥ ममा अपूर्वको सुन्दरता, सुकुमारता; औ मधुरता थियो; मेरो शरीरबाट मीठो बास्ना निस्कन्थ्यो, मलाई देख्तैमा सबैप्रसन्न हुन्थे औ स्त्रीहरू मसीत बडो प्रेम गर्दथे, यसै कारण म पनि उनीहरूमा अत्यन्त आसक्त भएर मद पिएर मतवाला भै रहन्थे ॥७०॥

एक चोटि देवताहरूको यज्ञशालामा प्रजाप्रति-हरूले भगवान्को चरित्र गाउनाको निम्ति अनेक गन्धर्व औ अप्सराहरूलाई बोलाईपठाए ॥७१॥ यो बोलाहटको पत्तो पाएपछि म पनि स्त्रीहरूको साथमा उन्मत्तभावले गाना गर्दै वहाँ पुगें। प्रजापतिहरूले यसले ता हाम्रो अनादर पो गऱ्यो भन्ने संझेर आफ्नो तपोबलले मलाई यस्तो श्राप दिए—"हाम्रो अनादर गरेको हुनाले तुरुन्तै सम्पूर्ण सौन्दर्य्य नष्ट भएर तैंले शूद्रयोनिमा जन्म लिनु परोस् ॥७२॥ उहाँहरूको यस श्रापले गर्दा मैले दासीको गर्भबाट जन्म पाएँ तर त्यहाँ ब्रह्मज्ञानी मुनीहरूको सेवा, संगत गर्न पाएकोले अर्को जन्ममा म फेरी ब्रह्माको छोरो भएर जन्में ॥७३॥

मैले तिमीलाई गृहस्थहरूको जुन यो पाप-नाशक धर्म वर्णन गरेर सुनाएँ, त्यसको आचरण गर्नाले गृहस्थ पुरुषले पनि सजिलै संग सन्यासी-हरूले पाउने योग्यको परम पद पाउन सक्तछ ॥७४॥ हे युधिष्ठिर यस मर्त्यलोकमा निस्संदेह तिमीहरू बडा भाग्यमानी रहेछौ किन की तिम्रो घरमा साक्षात् परब्रह्म परमात्मा मनुष्यको रूप धारण गरी गुप्तरूपले बस्नु भएकोछ। यसै कारणले सारा संसारलाई पवित्र पार्ने ऋषि-मुनिहरु उहाँको दर्शन गर्नको निम्ति बारम्बार तिमी-कहाँ आइरहन्छन् ॥७५॥ बडा बडा महापुरुष समेत जसलाई नित्य निरन्तर खोजीरहन्छन्, उनै अद्वितीय; मायाको लेश पनि नभएका, परम शान्त, परमानन्द, अनुभवस्वरुप परब्रह्म श्रीकृष्ण चन्द्रनै तिम्रा प्रिय, हितैसी, मामाका छोरा आत्मीय, पूज्य, आज्ञाकारी एवं गुरु हुनुहुन्छ, तसर्थ तिमी समानको भाग्यशाला अरुको होला? ॥७६॥ अहो! साक्षात शिब औ ब्रह्मादि देवताहरु समेत अफ्नो बुद्धिद्वारा जसको स्वरुपको ठीक ठीकसंग वर्णन गर्न सक्तैनन् भने हामीहरुले ता केगर्न सकौंला। हामी ता मौन भक्ति औ मन संयमले नै उहाँको पूजा गर्द छौं। कृपया हाम्रो यो पूजास्वीकार गरी भक्तवत्सल भगवान् हामी देखि प्रसन्न हुनुहोस् ॥७७॥

शुकदेवजी भन्नुहुन्छ—

देवर्षि नारदको यो कुरा सुन्दा भरतश्रेष्ट महाराज युधिष्ठिर बडोप्रसन्न भए र प्रेमले विह्वल भै उनले नारद औ कृष्ण भगवान्को पूजा गरे ॥७८॥ यसपछि श्री कृष्ण औ युधिष्ठिरसित बिदा भएर उनीहरुको सत्कार ग्रहण गरी नार-

दजी त्यहाँबाट हिंडें श्री कृष्ण नै साक्षात् परब्रह्म हुन्न भन्ने सुन्दा युधिष्ठिरलाई बडो आश्चर्य्य लाग्यो ॥७९॥

हे महाराज परीक्षित्! मैले यस प्रकारसँग तिमालाई दक्ष कन्याहरुको वेग्ला वेग्लै वंशका वर्णन गरेर सुनाई दिएं। उनैको वंशमा देवता, असुर, मनुष्य आदिको र सम्पूर्ण चराचरको सृष्टि भएको छ।

॥ सप्तमस्कंधः समाप्तः ॥

शुद्धि-पत्र

सरासरी पढदा अलि अलमल पर्ने किसिमका छापाखेरिका अशुद्धिहरूको तालिका तल दिइएको छ । कतै कतै आकार, एकार, रेफ इत्यादिका चिह्नहरू (ा, े, ˚,) सफासँग नदेखिएका भए तापनि पढदा खेरि स्वतः थाहा हुने हुनाले यिनको अशुद्धिमा गणना गरिएको छैन ।

पृष्ठ	पङ्क्ति	श्लोक	अशुद्ध	शुद्ध
३	१०	२	ए छोरी	ए छोरा
६	२०	५२	मेरो	मेरा
१७	७	५९	उपसना	उपासना
२६	२	१७	दैव	हे दैव
२८	१७	६१	त्यस्सो	त्यस्तो
३१	४	५	नेभएको	हुने भएको
४१	१५	१	काँचको सत्ताले	काँच भ्रान्तिले
४२	१४	३	देवरूप	बेदरूप
४२	१५	३	शुकवेदरूप	शुकदेवरूप
४३	३०	२२	ससुद्र	समुद्र
४९	२२	३१	खैरोपन	खैरोपना
५२	२६	३०	यति	यति गर्दा
५४	८	१०	मुक्त	युक्त
५४	१४	१०	भगवच्चारणा	भगवच्चरणा
५४	१५	४०	आश्रममा	आश्रयमा
५६	४	२७	अनित्यले	अविद्याले
५७	२१	११	खेत	खेट
६३	६	४३	भएको	भएकोले
६३	३०	४८	भस्न	भस्म
६५	७	३।४	कसै	कसैले
६५	१	९	मिमित्त	निमित्त

पृष्ठ	पंक्ति	श्लोक	अशुद्ध	शुद्ध
६५	७	११	कुरा-बित्तिक	कुरा सुन्ने-बित्तिकै
७०	१३	२३	औ एवं	एवं
७१	२८	३६	भन्दै	भन्ने
८२	१०	३३	मल्ल	मरुत्त
८४	२	१६	रक्षा गन	रक्षा गर्ने
८४	फु. नो	१५	चढाएको	चढाइएको
८५	१६	२९	न्यायमुक्त	न्याययुक्त
८६	२३	४३	दृष्टले	दृष्टिले
९३	४	१९	गरिदिनु हुन्थ्यो	गरिदिन्थें
९४	११	३२	रपमधाम	परमधाम
९५	४	४१	भावमा	भावना
९६	२२	५१	स्वर्गगमम	स्वर्गगमन
१०५	९	१९	अनन्त भएकोले	अन्त नभएकोले
१०५	२४	२२	आश्रम पनि	आश्रम यानें
१०७	१८	४६	यज्ञ गन	यज्ञ गर्ने
११६	१५	१८	भगवद्रूको	भगवद्रूपको
११६	२९	२१	भक्तिरूप झट्ट	भक्तिरूप योगलाई झट्ट
१२१	१०	२२	सिद्धिहरूको	सिद्धहरूको
१२२	४	३५	विचार	विकार
१२२	११	३७	कामरूपी	कानरूपी
१३०	२५	८	वायु इन्द्रियबाट	पायु इन्द्रियबाट
१३०	२८	९	अध	अधर्म
१३१	२	१०	अत्यक्त	अव्यक्त
१३७	८	२८	विनले गिर्दा	थिनले गर्दा
१३९	१८	४७	विषमथा	विषमता
१४१	१८	९।१०	सर्वान्तरबामी	सर्वान्तर्यामी
१४	१४	२६:२७	मिम्ति	निम्ति
१५३	१८	४१	गरेर	गरे
१६१	७	१६	कसैको	कंसको

पृष्ठ	पंक्ति	श्लोक	अशुद्ध	शुद्ध
१६६	३	१७	आकुण्ठित	अकुण्ठित
१६७	१६	२५	विचरक	विचरण
१७१	१४	३५	ग्रहण	ग्रहण गरी
१७३	२३	६	लिएका	ली एक
१७४	१३	१७	कानमा	कानका
१७४	१५	१७	प्रवेश रे	प्रवेश गरे
१७४	१६	२६	स्वर्गलोक	स्वर्गलोक, पैतालाबाट पृथ्वीलोक
१७४	२६	२१	त प्रकट	हात प्रकट
१७८	११	२८	अवतारको	अवतारले
१८०	१३	१०	अानन्दमुक्त	आनन्दयुक्त
१८१	२६	२८	फूलको	फूलको केसरसमानको
१८२	१	२९	उत्तत	उत्तम
१८३	६	५	देवरूप	वेदरूप
१८५	२०	२३	मनले	मलको
१८७	२२	५	वालशक्तिको	कालशक्तिको
१८८	१५	२१	साधुश्रेष्ठ	हे साधुश्रेष्ठ
१८८	११	१५	ज्ञानेन्द्रियको	कर्मेन्द्रिय ज्ञानेन्द्रियको
१८८	२३	२१	हरू	रुरू
१९०	१४	९	अथा	अथवा
१९२	२३	३८	जीवनको	जीवको
१९४	१७	३४	जस्तै गरी	पहिले जस्तै गरी
१९५	११	३८	पति	पनि
१९९	६	३१।३२	हिलोमा	टिलोमा
२०२	२०	१९	दुर्जन	दुर्जय
२०२	२१	३०	गनछन्	गर्नछन
२०४	९	४३	रेको	गरेको
२०४	२९	४७	४३	४७
२०५	१५	१०	बढिराखेको	बढिराखेको छ
२०६				
२०८	२९	३६	दुर्दशको	दुर्दशाको

पृष्ट	पंक्ति	श्लोक	अशुद्ध	शुद्ध
३२४	१७	३८	नत्तानापादका	उत्तानपादका
३२५	३९	८	अन्तःकरणका	अन्तःकरणको
३३२	२८	१५	अति उत्तम	इन्द्रले अति उत्तम
३३४	२९	८	नभएको	नभएकोले
३३७	२	२०	चढाउँदैनन्	चलाउँदैनन्
३३८	२२	३६	गन भएकी	गर्ने भएकी
३५०	३	३२	पर्नु पदन	पर्नु पर्दैन
३५९	१	५२	जिलमा	जलमा
३६७	१४	४	खोजिराका	खोजिराखेका
३७१	७	४७	छोटा	दोटा
३७४	२८	८	छारीको	छोरीको
३७५	२२	२१	कलाकन्याले	कालकन्याले
३७६	१९	४	फाटकद्वार	फाटकद्वारा
३८१	२६	६	नारको	नगरको
३८२	३	८	बुई	दुई
३८२	७	१४	ग्राक	ग्रामक
३८३	२३	२१	पालोसँग	पालै पालोसँग
३८३	३०	२३	प्रणीलाई	प्राणीलाई
३८४	१८	३९	भक्तमण्लीमा	भक्तमण्डलीमा
३८८	२१	७८	गेहादिको	देहादिको
३८९	१३	८३	बन्थनबाट	बन्धनबाट
३८९	१५	८४	सम्बध	सम्बन्ध
३९४	१३	५	हे देवष	हे देवर्ष
४००	३०	१०	खवसँग वर्णन	खूबसँग वर्णन
			गन भयो	गर्नु भयो
४०१	२७	१९	भगवन्को	भगवान्को
४०५	२	२	माद	मादक
४०८	१	९	छन्	छ न

पृष्ठ	पंक्ति	श्लोक	अशुद्ध	शुद्ध
४१४	३०	२५	मेरो अकिञ्चन	मेरा अकिञ्चन
४१४	१२	२७	महमोहमय	महामोहमय
४१४	१५		महाप्रभावशाला	महाप्रभावशाली
४२१	३	८	लालान	लालन
४२६	२६	१८	दाह्रो	दाह्रा
४३१	२१	७	परमात्कृष्ट	परमोत्कृष्ट
४३२	२१	१०	नाश	नाम
४३२	२	१२	संसारमा	संसारबन्धनमा
४३२	११	१३	बर्णव	बर्णन
४३५	१६	१६	प्रास	प्राप्त
४३७	१४	१६	अदिगरिएका	आदिगरिएका
४३८	२५	२६	शुकदेवजी !	शुकदेवजी तपाइ परम विद्वान् हुनुहुन्छ
४३८	१८	१	समर्य	समर्थ
४४१	२२	२९	नति	गति
४४२	३	२९	वेदवाक्य	वेदवाह्य
४४३	६	४०	अनुष्ठान गन	अनुष्ठान गर्ने
४४३	१८	४२	रूपक्कको	रूपकको
४४४	७	१	पुरुरुले	पुरुषले
४४४	१२	२	परम	परमेष्ठी र
४४४	२०	८	कार्तिको	कीर्तिको
४४६	२५	११	सुपार्श्व	सुपार्श्व
४५१	११	२१	भन्दछनो	भन्दछन्
४५२	५	२	आराम न	आराम गर्ने
४७१	४	८	किसिम किसिम	किसिम किसिमका
४७४	१४	२	भगधान्	भगवान्
४७५	२७	६	न्वभाव	स्वभाव
४७५	९	८	हृदयग्रन्धी	हृदयग्रन्थी

	पंक्ति	श्लोक	अशुद्ध	शुद्ध
४७७	१८	७	संदेश	संदंश
४७७	२	८	पर्दद	पर्दछ
४७७	३	६	पुरुथ	पुरुष
४८०	२०	३२	यातमा	यातना
४८६		५०	अनुअव	अनुभव
४८६	१२	५७	वृद्धि	बृद्ध
४९०	१३	६४	रुन्थी	हुन्थी
४९३	३	३३	सक्तनथ्यो	सक्तै नथ्यो
४९५	२८	१३	सारा	साना
५००		२६	साधन भएर	साधन नभएर
५०२	१६	४७	निष्क्रिपरुपंमा	निष्क्रियरुपमा
५०२	१४	५४	दक्षज्ञो	दक्षको
५०४	४	१६	बहने वो	बहने यो
५०४	१९	२६	अन्न:करणको	अन्त:करणको
५०५	४	२९	डपदेश	उपदेश
५०५	२८	३४	निकत्तिमागमा	निबृत्तिमार्गमा
५०७	३०	१६	प्राण	प्राणी
५२०	२९	४१	सुध बिन्टु	सुधाविन्दु
५२८	११	११	जादि	आदि
५३०	७	१	वाहेक	इन्द्र बाहेक
५३१	१३	८	व्रह्मण	ब्राह्मण
५३९	६	२१।२४	कम वासना	कर्म वासना
५४३	१७	४१	गन मानिसमा	गर्ने मानिसमा भैं
५४४	६	४३	सन् पुरुषले	सन्म पुरुषले
५४६	२०	१४	उपसाना	उप.सना
५४७		२४	कुराला	कुरालाई
५५०	३	१९	मरुद्रण	मरुद्गण

पृष्ठ	पंक्ति	श्लोक	अशुद्ध	शुद्ध
५६०	३०	९	भगवन् द्राही	भगवत् द्रोही
५६३	५	४६	गर्वा	गर्दा
५६४	१	१०	इहाल	गइहाल
५६४	१५	२०	अगडि	अगाडि
५६५	५	२५	अर्गात्	अर्थात्
५६६	२१	४४	नात गरेको	नाम गरेको
५६९	१	१२	देख्दु हुन्छ	देख्नु हुन्छ
५७१	१३	१	ब्रह्माजा	ब्रह्माजी
५७३	६	२०	धतवाला	मतवाला
५७३	२३	२४	गम्भार	गम्भीर
५७७	१	१७	वश	वंश
५७९	२८	४५	दुवचन	दुर्वचन
५८०	८	५२	तान	तीन
५८०	२१	५५	यरमार्थ	परमार्थ
५८३	२३	३०	पान	पार्ने
५८३	१२	२	निम्मि	निम्ति
५८४	१८	१७	यनि	पनि
५८७	६	४३	क्षणभङ्गर	क्षणभङ्गुर
५८७	२३	५३	गरा	गर
५८९	१२	१३	जगदीश्व	जगदीश्वर
५९०	१६	२३	बज्रदि	व्रज्रादि
५९१	२	३३	व्याम्न	व्याप्त
५९१	१७	३५	स्वगका	स्वर्गका
५९२	२३	४२	आखङ्काले	आशङ्काले
६००	७	४४	मुबिहरु	मुनिहरु
६०२	६	५	स्वामा	स्वामी
६०८	४	७	सनतन	सनातन
६०८	१३	१४	जीविको	जीविकाको

पृष्ठ	पंक्ति	श्लोक	अशुद्ध	शुद्ध
६१४	८	१६	जस्ता	जस्तो
६१५	२८	३१	देखि न	देखि नै
६१५	८	३२	त्यस्तो	यस्तो
६१६	१६	१	मोक्षयदर	मोक्षपद
६१६	२३	२८-३३	पुण्यकम	पुण्यकर्म
६२१	१	११	पन्तोष	सन्तोष